महालेखापरीक्षकको
एकसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८१

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
एकसट्ठिऔं वार्षिक प्रतिवेदन
२०८१



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८०।८१
च.नं. : १४०

विषय : एकसट्ठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

२०८१ साल ज्येष्ठ १३ गते आइतबार ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१ पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया
(२०८१।२।१३)

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	लेखापरीक्षण गरिएका निकायको विवरण	१
परिच्छेद २:	लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति	५
परिच्छेद ३:	लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति	११
	खण्ड - १: सङ्घीय मन्त्रालय तथा निकाय	
	१. सङ्घीय संसद सचिवालय	५१
	२. सर्वोच्च अदालत	५४
	३. अख्तियार दुरूपयोग अनुसन्धान आयोग	५७
	४. महालेखापरीक्षकको कार्यालय	५९
	५. लोक सेवा आयोग	६०
	६. निर्वाचन आयोग	६२
	७. राष्ट्रिय मानव अधिकार आयोग	६६
	८. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	६८
	९. राष्ट्रिय महिला आयोग	७१
	१०. राष्ट्रिय दलित आयोग	७३
	११. राष्ट्रिय समावेशी आयोग	७४
	१२. आदिबासी जनजाति आयोग	७५
	१३. मधेशी आयोग	७६
	१४. थारु आयोग	७७
	१५. मुस्लिम आयोग	७८
	१६. महान्यायाधिवक्ताको कार्यालय	७९
	१७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८०
	१८. अर्थ मन्त्रालय	९५
	१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	२१७
	२०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२४५
	२१. कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	२७५
	२२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२७९
	२३. खानेपानी मन्त्रालय	३१३
	२४. गृह मन्त्रालय	३३१
	२५. परराष्ट्र मन्त्रालय	३५५
	२६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	३७७
	२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३९७
	२८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	४४२
	२९. युवा तथा खेलकुद मन्त्रालय	४५४
	३०. रक्षा मन्त्रालय	४६२
	३१. वन तथा वातावरण मन्त्रालय	४७५

परिच्छेद	शीर्षक	पृष्ठ
	३२. शहरी विकास मन्त्रालय	४८७
	३३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	५१५
	३४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५४६
	३५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	५५९
	३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५७४
	३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	६०५
	३८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	६३१
	३९. राष्ट्रिय योजना आयोग	६७८
	खण्ड - २: प्रदेश मन्त्रालय तथा निकाय	६८५
	खण्ड - ३: स्थानीय तह	६९५
परिच्छेद ४:	लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति	७१३
परिच्छेद ५:	भविष्यमा गर्नुपर्ने सुधार	७१९
परिच्छेद ६:	कार्यालय गतिविधि	७३५
अनुसूचीहरू		७४३

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको एकसट्टिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। त्यसै गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरिएको छ। सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ। महालेखापरीक्षकको रूपमा मेरो नियुक्ति भएपछिको यो पहिलो प्रतिवेदन हो। लेखापरीक्षणको गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै मुलुकमा वित्तीय सुशासनमा टेवा पुऱ्याउने उद्देश्य राखी भविष्यमा गर्नुपर्ने सुधारसमेत समावेश गरी प्रतिवेदन तयार गरिएको छ।

लेखापरीक्षण व्यवस्थापन

यो वर्ष नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौता समेतको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणमा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, निर्देशिका एवं असल अभ्यास समेतको अनुसरण गरिएको छ। वार्षिक लेखापरीक्षण योजनाका आधारमा मन्त्रालयगत तथा कार्यालयगत लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षण गरिएको छ। जोखिममा आधारित सूचकको आधारमा बढी जोखिमयुक्त कार्यालय वा निकायहरूको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोष प्रणालीबाट प्राप्त सूचनाका आधारमा दूर विधिबाट लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका प्रक्रियालाई विद्युतीय माध्यममा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत व्यवस्थित गरिएको छ। त्यसैगरी पूर्ण सङ्गठित संस्थाको लेखापरीक्षणमा व्यावसायिक लेखापरीक्षकलाई समेत सहभागी गराउनुका साथै अधिकांश स्वामित्वका सङ्गठित संस्थामा लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोट गरी कार्यमूलक तथा विशेष लेखापरीक्षणसमेत गरिएको छ।

लेखापरीक्षणका सन्दर्भमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका प्रमुख सचिव, लेखाउत्तरदायी अधिकृत, सङ्गठित संस्थाका पदाधिकारी, व्यवस्थापन पक्ष तथा विषय विज्ञसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाइएको छ। यो वर्षको लेखापरीक्षण कार्य प्रारम्भ गर्नुपूर्व लेखापरीक्षण समयसारिणीबारे नेपाल सरकारका मुख्य सचिवमार्फत सबै तहका सरकारी निकाय र अन्य सम्बद्ध पक्षहरूलाई समेत जानकारी गराई चरणबद्धरूपमा लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका

व्यहोराहरू सम्बन्धित निकायका जिम्मेवार व्यक्तिसँग छलफल गरी प्रतिवेदन जारी गरिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतका आधारमा फर्स्यौंट हुन नसकेका विषयहरू लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाईसमेत जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। कार्यमूलक लेखापरीक्षणलाई नतिजामूलक बनाउन नागरिक समाजका सङ्गठनलाई समेत सहभागी गराइएको छ। लेखापरीक्षकको आचारसंहिता पालना एवं सोको अनुगमनको व्यवस्था गर्नुका साथै लेखापरीक्षणका प्रत्येक चरणमा सुपरिवेक्षक तथा पुनरावलोकनकर्ताबाट अनुगमन एवं सुपरिवेक्षण गरिएको छ। लेखापरीक्षण फाइलको छनोट गरी स्वतन्त्र तवरले गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। यसै गरी अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ।

लेखापरीक्षण अङ्क र बेरुजु

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रू. ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भएको छ। सोबाट संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रू.९५ अर्ब ६० करोड बेरुजु कायम भएको छ। सोमध्ये ३ हजार २७७ सङ्घीय सरकारी निकायको रू.२४ खर्ब ६१ अर्ब ११ करोड लेखापरीक्षणबाट रू.४६ अर्ब ५३ करोड अर्थात् १.८९ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोडको लेखापरीक्षणबाट रू.६ अर्ब ५७ करोड अर्थात् २.०३ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४६ र बक्यौता २ समेत ७४८ को रू.११ खर्ब ३९ अर्ब १९ करोडको लेखापरीक्षणबाट रू.३१ अर्ब २ करोड अर्थात् २.७२ प्रतिशत बेरुजु देखिएको छ। समिति र अन्य संस्थातर्फ (सङ्गठित संस्था ९३ समेत) ३१० निकायको रू.३९ खर्ब ५७ अर्ब ९६ करोडको लेखापरीक्षण भएकोमा रू.११ अर्ब ४८ करोड बेरुजु कायम भएको छ। सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रू.१४ खर्ब ८८ अर्ब ५६ करोडको लेखापरीक्षण भएको छ।

गत वर्षसम्मको बाँकी बेरुजु रू.५ खर्ब ८७ अर्ब ३४ करोड रहेकोमा समायोजन तथा फर्स्यौंट गरिएको अङ्क घटाई यो वर्ष थप भएको समेत गरी रू.६ खर्ब ६९ अर्ब ८६ करोड बेरुजु बाँकी रहेको छ। लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रू.२२ अर्ब १७ करोड असुल भएको छ। सङ्घीय कार्यालयहरूको सम्परीक्षणबाट असुल भएको रकमको अङ्क प्राप्त भएको छैन। अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रू.३ खर्ब ७२ अर्ब ४५ करोड रहेकोमा यो वर्ष रू.१ खर्ब ४० अर्ब ९५ करोड थप भई रू.५ खर्ब १३ अर्ब ४० करोड कायम भएको छ। अद्यावधिक बेरुजुमा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम थप गर्दा रू.११ खर्ब ८३ अर्ब २६ करोड पुगेको छ। गतवर्ष यस्तो रकम रू.९ खर्ब ५९ अर्ब ७९ करोड रहेको थियो। गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने कुल रकम २३.२८ प्रतिशतले बढेको छ।

सङ्घीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजु रकमको तुलना गर्दा आर्थिक वर्ष २०७७।७८, २०७८।७९ र २०७९।८० मा लेखापरीक्षण अङ्कको तुलनामा क्रमशः १.७६ र २.३९ प्रतिशत बेरुजु रहेकोमा यो वर्ष १.८९ प्रतिशत कायम भएको छ। प्रदेश सरकारतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा २.०३ प्रतिशत बेरुजु देखिएको छ, जुन गत वर्ष २.३० प्रतिशत रहेको थियो। प्रदेशतर्फ गत वर्ष रू.१ अर्ब ९ करोड ९३ लाख सम्परीक्षण भएकोमा यो वर्ष रू.२ अर्ब ४७ करोड ५७ लाख सम्परीक्षण भएको छ। त्यस्तैगरी स्थानीय तहतर्फ यो वर्ष लेखापरीक्षण अङ्कको तुलनामा २.७२ प्रतिशत बेरुजु रहेको छ। गत वर्ष यस्तो बेरुजु लेखापरीक्षण अङ्कको तुलनामा ३.८८ प्रतिशत रहेको थियो। स्थानीय तहतर्फ गत वर्ष रू.६ अर्ब ५९ करोड ७९ लाख सम्परीक्षण भएकोमा यो वर्ष रू.१० अर्ब १६ करोड २२ लाख सम्परीक्षण भएको छ।

शासकीय प्रबन्ध

तीन तहका सरकारको शासकीय प्रबन्धको लागि अत्यावश्यक कानुन निर्माण, कानुनको समयसापेक्ष परिमार्जन र विद्यमान कानुनको परिपालनाको प्रत्याभूति हुनुपर्ने देखिन्छ। स्रोत बाँडफाँट तथा कार्यक्षेत्रको स्पष्टताका लागि साझा अधिकार सूचीका कानुन तर्जुमा गर्दा सम्बद्ध पक्षलाई सहभागी गराउनुपर्दछ। तीन तहका सरकारबिच समन्वय, सहकार्य एवं साझेदारी लगायतका विषय एवं राजनैतिक र प्रशासनिक श्रृङ्खलाबीच जवाफदेहिता र अन्तर सम्बन्धलाई थप स्पष्ट गर्न जरुरी देखिएको छ। संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने जिम्मेवारी प्राप्त गरेका समन्वय परिषद्हरुको भूमिकालाई थप प्रभावकारी बनाई विषयगत कार्यक्रम सञ्चालनमा देखिएको दोहोरोपनालाई हटाई सार्वजनिक खर्चलाई मूल्य सार्थकतासँग समेत आवद्धता गर्नुपर्दछ।

संवैधानिक निकायहरूलाई प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गरी थप प्रभावकारी बनाउनुपर्दछ। त्यस्ता निकायहरूले दिएका सुझावहरूको कार्यान्वयनमा विशेष जोड दिनुपर्दछ। नेपाल पक्ष भएका सन्धि सम्झौताको पालना तथा कुटनीतिक सम्बन्धलाई मजबुत बनाउनुपर्दछ। कार्यसम्पादनलाई प्रभावकारी तथा जवाफदेही बनाउनका लागि राजनीति र प्रशासनबिचको अन्तरसम्बन्ध र सीमालाई थप स्पष्ट गरी कार्यान्वयन गर्नुपर्दछ।

सरकारका काम कारबाहीलाई प्रभावकारी र अपेक्षित स्तरको बनाउन नेपाल राष्ट्र बैङ्क, नेपाल बीमा प्राधिकरण, धितोपत्र बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण, सहकारी विभाग, औषधि व्यवस्था विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, कम्पनी रजिष्ट्रारको कार्यालयलगायतका विषयगत नियमनकारी निकायहरूलाई साधन स्रोतयुक्त बनाई तिनीहरूको कार्य दक्षता अभिवृद्धि गर्नुपर्दछ।

अर्थतन्त्र

पन्ध्रौं योजनाको आर्थिक वृद्धि दरको लक्ष्य ९.६ प्रतिशत रहेकोमा यो वर्ष १.८६ प्रतिशत मात्र हासिल भएको छ। आर्थिक गतिविधि सञ्चालनमा सबै सरोकारवालालाई समेटेर औद्योगिक उत्पादन र आत्मनिर्भर अर्थतन्त्र विकासका लागि स्वरोजगारमुखी वातावरण बन्न सकेको छैन। लगानीमैत्री वातावरणबाट दिगो र धान्न सक्ने आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न कृषि, वन तथा खानीजन्य र पर्यटन उद्योग-व्यवसायलाई बढावा दिई प्राकृतिक स्रोत साधनको वैज्ञानिक उपयोग गर्न एवं निजी र सरोकारवालाको साझेदारीबाट अर्थतन्त्रलाई चलायमान बनाउँदै समृद्ध अर्थतन्त्र, क्षेत्रीय सन्तुलन र प्रविधिमैत्री विकासमा प्राथमिकता दिनु आवश्यक छ।

सरकारले विभिन्न वस्तु तथा सेवामा दिएको राजस्व छुटको प्रभाव मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जाखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी लगानी विस्तार गर्नुका साथै विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याई सोलाई उत्पादनशील कार्यमा उपयोग गर्ने गरी व्यवस्था गर्नुपर्दछ। अनौपचारिक क्षेत्रको आर्थिक क्रियाकलापलाई नियमित रूपमा नियमन गरी औपचारिक क्षेत्रमा ल्याई राष्ट्रिय लेखामा समावेश गर्नुपर्दछ।

बैङ्क तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जालाई उत्पादन तथा उत्पादकत्व वृद्धितर्फ केन्द्रित भए नभएको यकिन गरी प्रवाहित कर्जालाई उत्पादनसँग आबद्ध गराउन जरुरी छ। सहकारी संस्थालाई व्यवस्थित र प्रभावकारी अनुगमन गर्न नसक्दा समस्याग्रस्त सहकारी संस्थाको संख्या बढ्दै गएको छ। सहकारी संस्थाहरू संघ/प्रदेश र स्थानीय तहसमेतको क्षेत्राधिकारमा हुँदा अनुगमनमा समस्या देखिएकोले प्रभावकारी नियमन गर्न संयन्त्र तय गरिनुपर्दछ।

राज्यको पूर्ण र अधिकांश स्वामित्व रहेका सार्वजनिक संस्थानहरूको सञ्चित घाटामा निरन्तर वृद्धि भई राज्यको अनिवार्य दायित्वसमेत बढ्दै गएकोले राज्यको संलग्नता उपर पुनर्विचार गरी आवश्यक नीतिगत र संस्थागत व्यवस्थाहरू गर्नुपर्ने देखिन्छ। कतिपय सार्वजनिक संस्थानहरूको हिसाब यकिन नभएको, ऋणको व्याज एंव भाखा नाघेका ऋण नतिरेको, गाभिएका संस्थानहरूको सम्पत्ति यकिन नभएको तथा केही संस्थाले लेखापरीक्षण समेत नगराएको अवस्था छ। संस्थानको रणनीतिक तथा व्यावसायिक योजना तयार गरी सो अनुरूप सञ्चालन गर्नुपर्दछ। समयमा लेखापरीक्षण नगराउने संस्थानलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

नेपालको राजस्व सङ्कलन आयातमुखी रहँदा भन्सार विन्दुमा सङ्कलन हुने राजस्वको हिस्सा यो वर्ष ४४.४१ प्रतिशत रहेको छ। कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान १८.७८ प्रतिशत पुगे तापनि नवीन व्यवसाय तथा अनौपचारिक क्षेत्र कुल गार्हस्थ उत्पादनको गणनामा नसमेटिएकोले सो समावेश गर्दा राजस्वको हिस्सा अझ न्यून हुने देखिन्छ। बजेटमा लक्षित गरेको राजस्व समेत सङ्कलन नहुँदा ऋणमा वृद्धि भइरहेको छ।

अर्थतन्त्रका नवीन क्षेत्रहरूको अध्ययन गरी सोलाई करको दायरामा ल्याउने, राजस्व छुटलाई सीमित गर्ने, चुहावट नियन्त्रण र बक्यौता राजस्व असुलीलाई प्रभावकारी बनाउने, विद्युतीय व्यापारलाई करको दायरामा ल्याउने, गैरकर राजस्वको दर पुनरावलोकन गरी लागत प्रभावी बनाउनेलगायतका विषयहरूमा ध्यान दिनुपर्दछ। विद्यमान कर परीक्षण पद्धतिमा सुधार गर्ने, एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने व्यवस्था मिलाई बिलिङ प्रणाली एवं बजार अनुगमनलाई प्रभावकारी बनाइनुपर्दछ। त्यसै गरी भन्सार विन्दुमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई नेशनल कोडबाट यथार्थपरक बनाई कारोबार मूल्यमा आधारित बनाउनुपर्दछ। मूल्य हस्तान्तरण, आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई निरुत्साहित गर्न सूचना प्रणालीलाई सुदृढ बनाई अन्तर निकाय समन्वय र सहकार्य प्रभावकारी बनाउनुपर्दछ।

वैदेशिक सहायता परिचालन क्षमता न्यून रहेको तथा सहायतालाई चालु प्रकृतिका खर्चमा समेत व्यय गर्नुपर्ने विद्यमान अवस्था रहेकोले वैदेशिक सहायताको प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ। आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त ऋण रकम चालु प्रकृतिका खर्चमा समेत उपयोग गरेको, सङ्गठित संस्थालाई दिएको ऋणको भाखा नाघेको साँवा र ब्याज रकम समयमै असुल हुन नसकेको देखिएकोले सोमा सुधार हुनुपर्दछ। सार्वजनिक ऋणको प्राप्ति, उपयोग, प्रशोचन क्षमता तथा शर्तलगायतका विषयहरूको विश्लेषण गरेर मात्र सार्वजनिक ऋण लिनुपर्दछ। ऋणको अभिलेख, लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ।

खर्च गर्ने दक्षतामा सुधार नगरी ठूलो आकारमा बजेट तर्जुमा गर्ने र मध्यावधि मूल्याङ्कनबाट स्रोत सङ्कलन तथा बजेट खर्चको आकार कम हुने प्रक्षेपण गर्नाले बजेटको विश्वसनीयतामा कमी आउँछ। अतः समग्र बजेट अनुशासन, विनियोजन कुशलता, स्रोतको प्रभावकारी उपयोग, कार्य सञ्चालन दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट तर्जुमा गर्नु आवश्यक छ। विगत वर्षको तुलनामा राजस्व सङ्कलन घट्दै गएको, चालु खर्च बढ्दै गएको र पुँजीगत खर्च बढ्न नसकेको अवस्था छ। अनुत्पादक खर्च नियन्त्रण गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, सङ्गठनात्मक संरचना छरितो पार्ने, खर्चको उत्पादकत्व वृद्धि गर्नेलगायतका सुधार गर्नु आवश्यक देखिएको छ। सानातिना फुटकर खर्च कटौती गर्ने भन्दा विकल्प तय भैसकेका क्षेत्रका संस्था तथा निकायहरू विघटन गरी दीर्घकालीन दायित्व घटाउनुपर्दछ।

तीन वटै तहका सरकारले विभिन्न प्रकारका अनुदान वितरण गर्ने कार्यक्रमहरू सञ्चालन गरी ठूलो रकम खर्च गरेका छन्। अनुदान वितरण गर्दा लाभग्राही छनोटमा पारदर्शिता नभएको, एकै प्रकारका अनुदान तीनै

तहका सरकारबाट वितरण हुँदा दोहोरो परेको अवस्था छ। उपलब्ध गराएको अनुदानबाट उत्पादकत्वमा प्रभाव, रोजगारी वृद्धि, पुँजी निर्माण र राजस्व प्राप्ति जस्ता पक्षको विश्लेषण गरी अनुदान प्रवाह नीतिमा पुनरावलोकन गर्नु जरुरी छ। साथै एकद्वार प्रणालीमार्फत स्पष्ट एवं पारदर्शी अभिलेख राखी नतिजाको आधारमा अनुदान दिने, त्यसबाट नागरिकमा पुग्ने उपलब्धि तथा पुँजीगत प्रकृतिका निर्माणमा व्यावसायिक संस्थालाई अनुदान दिँदा सरकारको लगानीको सुनिश्चितताको साथै त्यस्तो अनुदानबाट सर्वसाधारणले प्राप्त गर्ने सुविधा जस्ता विषयको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सार्वजनिक निकायले सबै बजेटरी तथा गरैबजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ। नगदमा आधारित लेखाप्रणालीलाई क्रमशः प्रोदभावी आधारको लेखाप्रणालीमा रुपान्तरण गर्नेतर्फ आवश्यक कार्य गर्नुपर्दछ। लेखापरीक्षण प्रतिवेदनलाई कार्यान्वयन गर्न कानुनमा समसामयिक सुधार गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

सार्वजनिक सम्पत्तिको प्राप्ति गर्दा खरिद योजना तयार गरी प्राप्त गर्नुपर्दछ। खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी, कुशल र व्यवस्थित हुनुपर्दछ। सार्वजनिक स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता हासिल गरी सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्नुपर्ने देखिन्छ। प्रयोगको सुनिश्चितता बेगर जिन्सी सामग्री एवं यन्त्र उपकरण तथा औजार खरिद गर्ने प्रवृत्ति रहँदा त्यस्ता सामग्री बेकम्मा तथा बेवारिसे भई सार्वजनिक सम्पत्तिको सही उपयोग हुन सकेको छैन। यस्तो अवस्था पहिचान गरी सम्पत्तिको एकीकृत अभिलेख राखी लिलाम तथा मर्मत सम्भार गर्ने व्यवस्था मिलाउनुपर्दछ। वस्तुगत सहायताका रूपमा प्राप्त जिन्सी सामग्रीको समेत अनिवार्य रूपमा जिन्सी अभिलेख राख्ने व्यवस्था गर्नुपर्ने र आयोजना तथा कार्यक्रम समाप्तिपश्चात् हस्तान्तरण भएका जिन्सी सामग्रीहरू प्राप्त गर्ने निकायले अभिलेख राखी सोको समुचित उपयोग हुनुपर्दछ। सार्वजनिक भौतिक पूर्वाधारहरूको निर्माण कार्यको गुणस्तरको प्रत्याभूतिका लागि गुणस्तर आश्वस्तता योजनाबमोजिम अनिवार्य रूपमा निर्माण सामग्रीको प्रयोगशाला परीक्षण तथा निर्माण प्रक्रियाको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी, सार्वजनिक निकाय, धार्मिक तथा शैक्षिक संस्थाको स्वामित्वमा रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नुका साथै अधिग्रहण गरिएका जग्गाको उद्देश्यबमोजिम उपयोगमा ल्याउनुपर्दछ। सरकारी जग्गा तथा वन क्षेत्रको लिज, खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने गरी व्यवस्थापन एवं अनुगमन गर्नुपर्ने देखिन्छ। नेपालका कला, संस्कृति, प्रविधि तथा मौलिक उत्पादनलगायतको संरक्षण तथा व्यवस्थापन गर्न बौद्धिक सम्पत्तिको दर्ता तथा नियमनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

स्थानीय तहबाट हुने नदीजन्य तथा खानीजन्य पदार्थहरूको उत्खनन्, सङ्कलन तथा निकासीसम्बन्धी काम कारबाहीको अनुगमनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई नियन्त्रण गर्नुपर्दछ। उपयोग नहुने अवस्थामा रहेका सम्पत्ति, म्याद नाघेका विषादी, रसायन, धातु लगायतका जिन्सीको निःसर्ग वा नष्ट गर्दा वातावरणीय पक्षलाई समेत विचार गर्नुपर्दछ। सोको खरिद गर्दा प्रयोग पश्चात्को नष्ट गर्ने विधिबारे स्पष्टता गर्नुपर्दछ। महत्त्वपूर्ण सम्पत्तिहरूको सुरक्षा तथा अभिलेखको लागि तिनीहरूको डिजिटाइजेसन तथा माइक्रोफिल्म स्क्यानिङ गरी उचित संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ। राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसन गरी सुरक्षित गर्ने र

त्यस्ता दस्तावेजहरूको पाण्डुलिपिसमेत दीर्घकालसम्म सुरक्षितसमेत रहने गरी व्यवस्थापन गर्नुपर्दछ। सार्वजनिक निकायद्वारा निर्मित संरचना भवन, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई जी.पी.एस. अभिलेख देखिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

सार्वजनिक प्रशासन

संविधान कार्यान्वयनमा आएको लामो समय व्यतीत भइसक्दा पनि सङ्घीय निजामती सेवा ऐन जारी नभएको अवस्थामा प्रदेश सरकारहरूले आ-आफ्नै निजामती सेवा ऐन बनाई कार्यान्वयनमा ल्याएका कारण सेवा शर्तमा विविधता एवं पद दर्तालगायतका समस्या सिर्जना भएको, कर्मचारी समायोजनले पूर्णता पाउन नसकेको र स्थानीय तहमा प्रदेश लोकसेवा आयोगको परामर्श बेगर कर्मचारी नियुक्ति तथा बढुवा गरेको अवस्थासमेत देखिएको छ। निजामती सेवा कानुन समयमै जारी गर्ने, कानुनको पालना गरेर मात्र कर्मचारी भर्ना गर्ने, क्षमता अभिवृद्धिका लागि व्यावहारिक तालिम प्रदान गर्ने, दरबन्दीअनुसार पदपूर्ति गर्ने, उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने एवं नेतृत्व क्षमताको समेत मूल्याङ्कन गरी विभागीय प्रमुख तथा आयोजना प्रमुखको जिम्मेवारी दिने व्यवस्थाको कार्यान्वयन हुनुपर्ने देखिन्छ।

नियामक निकायहरू तोकिएको कार्यका अलावा व्यावसायिक प्रकृतिको कार्यमा संलग्न भएको देखिन्छ। त्यसै गरी पेशागत व्यावसायिकताको न्यूनताले गर्दा नियामकीय कार्य समेत प्रभावकारी देखिएको छैन। सहकारी संस्थाहरूको बचत संकलन तथा ऋण लगानीको कारोबार र गैर सरकारी संस्थाहरूको कार्यसम्पादन अवस्थाबारे नियमित अनुगमन गरी उद्देश्य अनुरूप कार्य गरेको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

विकास व्यवस्थापन

दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न आवधिक योजना, नीति कार्यक्रम एवं वार्षिक बजेटसँग तादात्म्यता कायम गरिनुपर्दछ। निर्धारित लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य कायम गर्दै प्रदेश र स्थानीय तहले आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा दिगो विकासका लक्ष्य र गन्तव्यलाई आन्तरिकीकरण गर्नुपर्ने देखिन्छ। आयोजना बैङ्कबाट मात्र आयोजना छनोट गरी बजेट विनियोजन गर्नुपर्ने, आयोजना कार्यान्वयन मितव्ययी एवं दक्षतापूर्ण तवरले गर्नुपर्ने, आयोजना सञ्चालन सहभागितामूलक बनाउनुपर्ने, सञ्चालित आयोजनामा क्षेत्रगत समन्वय मिलाउनुपर्ने तथा राष्ट्रिय गौरवका आयोजना एवं रूपान्तरणकारी आयोजनालगायतका आयोजनाको प्रभावकारी व्यवस्थापन गरेर लक्षित प्रतिफल समयमा प्राप्त हुने वातावरण मिलाउनुपर्दछ। आयोजनाको सञ्चालनमा परामर्शदातामाथिको निर्भरता घटाउँदै जानुपर्ने, अन्तरसम्बन्धित निकायहरूबीच समन्वय कायम गर्नुपर्ने, जग्गा प्राप्ति र मुआब्जा वितरण कार्यलाई व्यवस्थित गर्नुपर्ने र आयोजनाको प्रभावकारी अनुगमन एवं सम्पन्न भएपश्चात् प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। आयोजनामा खटिएका कर्मचारी निश्चित अवधिसम्म अन्यत्र सरुवा नगर्ने नीति अवलम्बन गरी आयोजना तालिकाअनुसार कार्यसम्पन्न गर्न जिम्मेवार बनाउनुपर्दछ। पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र विधिको उपयोग गरी लागत प्रभावी बनाउनुपर्दछ। आयोजना सम्पन्नपश्चात् मर्मत सम्भारको सुनिश्चितता सहितको दिगोपनामा पर्याप्त ध्यान पुर्याउनुपर्दछ।

सार्वजनिक खरिदसम्बन्धी ऐन, नियम, निर्देशिका, लागत अनुमान, नर्म्सलगायतका व्यवस्था विद्यमान रहे तापनि सार्वजनिक खरिद प्रक्रिया स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी हुन नसकेको, खरिद कार्य समयमा हुन नसकेको, लागत अनुमान यथार्थपरक नभएको, उचित र पर्याप्त कारण बेगर म्याद थप तथा भेरिएसन हुने गरेको, प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्यको शर्त एवं स्पेसिफिकेसन तयार गर्ने गरेको, उपभोक्ता समितिमार्फत जटिल कार्य गराएको लगायतका समस्या देखिएका छन्। सार्वजनिक खरिद कानुनलाई समयानुकूल परिमार्जन

गरी विकास एवं सेवामैत्री बनाई खरिद कानुन तथा खरिद सम्झौताको परिपालनामा कडाइ गर्नुपर्दछ। मध्यस्थता सम्बन्धी कार्यलाई थप व्यवस्थित गर्न ऐनमा समसामयिक सुधार गरिनुपर्दछ।

सूचना प्रविधि

सार्वजनिक निकायले सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान, डिजाइन, विकास, खरिद सञ्चालन तथा मर्मत सुधार सम्बन्धमा पर्याप्त अध्ययन र लागत-लाभ विश्लेषण गरी प्रणाली सञ्चालनको मापदण्डमार्फत सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। निकायहरूले एकै प्रकृतिका कार्य सम्पादनको लागिसमेत अलग-अलग सूचना प्रविधि प्रणाली अवलम्बन गरेको देखिएकोले सोमा पुनरावलोकन गरी अन्तरनिकाय समन्वय कायम गरी खरिद गर्ने तथा सञ्चालित प्रणालीमा पहुँच प्रदान गरी कार्यान्वयनलाई मितव्ययी बनाउनुपर्ने देखिन्छ।

बढ्दो विद्युतीय कारोबारलाई व्यवस्थित र विश्वसनीय बनाउन विद्यमान कानुनी व्यवस्थामा सुधार ल्याई सम्बद्ध निकायमा दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था हुनुपर्दछ। विद्युतीय प्रणालीमा रहेका डाटा तथा सूचनाहरूको सुरक्षाको लागि निकायहरूले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालनमा ल्याएको अवस्था छ। यस्तो कार्यमा सुधार गरी सरकारी एकीकृत डाटा सेन्टरबाट सेवा लिने व्यवस्था गर्नुपर्दछ। सूचना प्रविधिको विश्वसनीयता अभिवृद्धि गर्न सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरूपमा प्रणाली परीक्षण गर्नुपर्दछ। सूचना प्रविधिमा आएका नवीन अवधारणाहरू कृत्रिम बौद्धिकता (एआई), मेसिन लर्निङलगायतका प्रविधि र यसबाट लागतमा पर्ने चाप र सार्वजनिक निकायहरूको क्षमता अभिवृद्धिबारे अध्ययन गरी कार्यान्वयन गर्नुपर्दछ। सूचना प्रविधि प्रणालीको डाटाको दिगो व्यवस्थापनको लागि सूचनाको सुरक्षा र गोप्यता कायम राख्ने र प्रणालीको ब्याकअप प्रणाली र प्राकृतिक प्रकोपबाट हुने क्षतिको पुनर्स्थापना तथा आकस्मिक सञ्चालन योजना तयार गर्नुपर्दछ।

प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकासमार्फत सम्पूर्ण प्रणालीहरूलाई स्थानीयकरण गर्दा स्थायित्व हुने देखिन्छ। सार्वजनिक निकायहरूले विकास गरेका वेबसाइट र मोबाइल एप्लिकेसनमा एकरूपता कायम गरी विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण हुने सूचनाहरू नियमित रूपमा अद्यावधिक गर्न जरुरी देखिन्छ।

सुशासन

सबै सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा नभएको, आन्तरिक लेखापरीक्षण समयबद्ध र कार्यात्मकरूपमा स्वतन्त्र र पेशागत हुन नसकेको अवस्था छ। प्रत्येक वर्ष बेरुजुको अङ्क बढ्दै गए तापनि फर्स्यौटको अङ्क घट्दो क्रममा छ। यस वर्ष सङ्घीय सरकारतर्फ रू.४६ अर्ब ५३ करोड बेरुजु थपिएकोमा फर्स्यौट हुनसकेको छैन। कतिपय स्थानीय तहमा लेखा समिति गठन नभएको तथा गठित समितिको कार्यसम्पादन प्रभावकारी हुन नसकेको अवस्था छ। यसलाई सम्बद्ध पक्षले गम्भीरतापूर्वक लिई अनियमितता तथा बेरुजुउपर वित्तीय कारोबार गर्ने र निर्णय गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनु आवश्यक छ।

सेवा प्रवाहमा अनियमितता, ढिलासुस्ती एवं मध्यस्थताको प्रयोग जस्ता कमजोरीहरू न्यूनीकरण हुन सकेको छैन। टोकन प्रणाली, चक्रीय प्रणाली, हेल्प डेक्स, कम पेपर तथा फेसलेस प्रणालीको अवलम्बन गरी सेवाप्रवाहलाई जनअपेक्षाअनुरूप बनाउनुपर्दछ। साथै कार्यबोझका आधारमा स्रोत साधन र जनशक्तिको व्यवस्थापन हुन नसकेको तथा शिक्षा, स्वास्थ्य, यातायातलगायतका क्षेत्रमा सेवा प्रवाहको मापन र गुणस्तर एवं सेवाको मूल्य निर्धारण हुन नसकेको स्थिति छ।

सेवा प्रवाहको समय, दुरी र लागत घटाउने तथा यसलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन विद्युतीय माध्यमबाट सेवाप्रवाह गर्ने, एकद्वार सेवा प्रणाली अवलम्बन गर्ने, गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्र स्थापना र परिचालन गर्ने, कागजरहित र व्यक्तिगत सम्पर्करहित सेवा प्रवाह गर्ने, सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणालीको विकास तथा कार्यान्वयन गर्ने, सरोकारवाला तथा नागरिक समाजले पृष्ठपोषण गर्ने विधि तथा प्रक्रिया मार्फत् सार्वजनिक निकायको सेवाप्रवाह थप प्रभावकारी बनाउनुपर्दछ।

पदीय आचरण, नैतिकता, सदाचारिता, निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्ने, अन्तरनिकाय समन्वय गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने, जिम्मेवारी प्रदान गर्दा नेतृत्व क्षमता र वित्तीय अनुशासन पालना स्थितिको मूल्याङ्कन गर्नुपर्ने तथा निर्णय प्रक्रियामा पारदर्शिता, एकरूपता र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने देखिन्छ। पेशागत व्यावसायिकता, सकारात्मक सोच र उपलब्धिलाई कार्यजिम्मेवारीको अङ्ग बनाई सार्वजनिक निकायको सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

आफ्नै बारे

महालेखापरीक्षकको रूपमा मेरो नियुक्ति भएपछि उपलब्ध सीमित स्रोत, साधनबाट महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूको क्षमता विकास गर्ने, लेखापरीक्षणको विधि, पद्धति र प्रतिवेदन प्रणालीमा सुधार गर्दै लेखापरीक्षकको आचरण तथा व्यवहारलाई जवाफदेही बनाउने गरी कार्य थालनी गरेको छु। कार्यालयको चौथो रणनीतिक योजना (२०२१-२५) मा उल्लिखित लेखापरीक्षणको गुणस्तर अभिवृद्धि, स्वायत्तता तथा आन्तरिक सुशासन, संस्थागत र पेशागत क्षमता विकास एवं सरोकालवालाहरूसँगको सम्बन्ध सुधारलगायतका लक्ष्य तथा सोअन्तर्गतका क्रियाकलापहरू कार्यान्वयन गरिएको छ।

यसै गरी लेखापरीक्षण सेवाका कर्मचारीहरूको सीप तथा क्षमता विकास, उत्प्रेरणागत प्रोत्साहन प्रणाली, पेशागत आचरण र व्यवहारगत पक्ष, वृत्ति विकासका अवसरलगायतका विषयमा अध्ययन गरी थप व्यवस्थित गर्न आवश्यक छ। लेखापरीक्षणलाई थप गुणस्तरीय बनाउन नेपाल सरकारी लेखापरीक्षणमानको प्रभावकारी कार्यान्वयन, वित्तीय, परिपालना र कार्यमूलक तथा विशेष लेखापरीक्षणलगायतका मार्गदर्शन, मानदण्ड र निर्देशिकाहरूको अवलम्बन गरी लेखापरीक्षण गर्ने गरी कार्यप्रणालीमा सुधार गरिनेछ। मेरो कार्यकालमा महालेखापरीक्षकको कार्यालयको संस्थागत क्षमता विकास गर्न लेखापरीक्षण अनुसन्धान तथा अभिलेख केन्द्र, जनशक्ति विकासको लागि लेखापरीक्षण उत्कृष्टता केन्द्र स्थापना गर्ने गरी कार्यप्रारम्भ गर्नेछु। यी कार्यका लागि नेपाल सरकारबाट पर्याप्त सहयोग र समर्थनको अपेक्षा गरेको छु।

सङ्घीय संसद र प्रदेश सभाअन्तर्गतका सार्वजनिक लेखा समितिलगायत अन्य संसदीय समितिहरूसँग निकटतम सम्बन्ध कायम गर्दै निरन्तर छलफल, सम्पर्क एवं समन्वय गर्ने कार्य गर्नेछु। सरकार र यसका निकायहरूसँग कार्यात्मक सम्बन्ध कायम राख्दै लेखापरीक्षण कार्यलाई कुशल र प्रभावकारी बनाउने, कार्यालयका गतिविधिहरूबारे आम नागरिक र आम सञ्चार माध्यमलाई जानकारी गराउन उचित सञ्चारको व्यवस्था गर्ने र संवैधानिक निकायहरूबीच एक आपसमा समन्वय एवं सूचना आदान-प्रदान गरी लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्दै प्रतिवेदनका सुझाव कार्यान्वयनका लागि सम्बद्ध पक्षको आपसी सहयोग, समन्वय र समर्थनसहित सुधारको प्रतिबद्धता व्यक्त गर्दछु।

नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इण्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (एसोसाई)को सदस्य रहेको छ। ती सङ्गठनबाट लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि गर्न सञ्चालित विभिन्न कार्यक्रम तथा कार्यदलमा नेपाल सहभागी हुँदै आएको छ। लेखापरीक्षणलाई प्रभावकारी बनाउन र आपसी अनुभव आदान-प्रदान गर्न अन्य सर्वोच्च लेखापरीक्षण संस्था र अन्तर्राष्ट्रिय विकास

साझेदारहरूसँग सहकार्य गर्ने कार्य अनुरूप भारतका नियन्त्रक तथा महालेखापरीक्षकसँग यसै वर्ष समझदारी पत्रमा हस्ताक्षर गरिएको छ। भविष्यमा पनि अन्तर्राष्ट्रिय सङ्गठन र संस्थाहरूसँगको आबद्धता कायम गरिनेछ। यी संस्थाबाट उठान भएका मार्गदर्शक सिद्धान्तहरूबारे सम्बद्ध पक्षहरूसँग छलफल गरी कार्यान्वयनमा क्रमशः लगिने छ।

कार्यालयको अपेक्षा

सार्वजनिक पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धन गरी सुशासन अभिवृद्धि र आम नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन लेखापरीक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ। सोको लागि लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन हुन जरुरी हुन्छ। यद्यपि प्रतिवेदनमा उल्लिखित व्यहोरा तथा सुझावहरूको अपेक्षित कार्यान्वयन नहुँदा सोही प्रकृतिका व्यहोराहरूको पुनरावृत्ति भइरहेको छ। तसर्थ प्रतिवेदनहरू यथासमयमा सङ्घीय संसद, प्रदेश सभा र गाउँ/नगरसभामा पेस भई सोको कार्यान्वयनको प्रत्याभूति हुनेगरी व्यवस्था हुने अपेक्षा गरेको छु।

लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक पर्ने वित्तीय तथा सङ्गठनात्मक स्वायत्ततासमेत आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा लिएको छु। लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्थाबाट प्रतिपादित सिद्धान्त, मानदण्ड तथा मार्गदर्शन एंव सो आधारमा महालेखापरीक्षकको कार्यालयले तयार गरेका मानदण्ड तथा मार्गदर्शनमा समेत सम्परीक्षण लेखापरीक्षणकै एक अभिन्न अङ्ग हुने व्यवस्था रहेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा रहेको अस्पष्टता निराकरण गरी सम्परीक्षण कार्यलाई सुचारु गर्नुपर्दछ। लेखापरीक्षण सेवालाई विश्वसनीय र व्यवस्थित गर्नका लागि कर्मचारी सेवा सुविधामा समय सापेक्ष सुधार गर्नुपर्दछ। कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरी कार्यसम्पादनलाई सूचकमा आधारित गराउनुपर्दछ।

अन्तमा,

महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयन भई सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धन हुने विश्वास लिएको छु। कार्यसम्पादनको क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायतबाट प्राप्त मार्गदर्शन, सङ्घीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु। साथै सीमित स्रोत, साधन र कठिनाइका बाबजुद लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनुहुने यस कार्यालयसहित सोमा सहयोग पुऱ्याउनुहुने सबै कर्मचारीहरूको कार्यको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१(१) मा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २४१(५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानुनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ८ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने विषय र दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू उल्लेख छ।

२. **उद्देश्य -** संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानुनद्वारा तोकिएका कार्यालय वा निकायको वित्तीय विवरण, कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका बेहोरा औँल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गराउन सुझावसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको थियो।

वित्तीय लेखापरीक्षण

- तीनवटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण र प्रतिवेदन तयार भै कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- कानुनसम्मत तरिकाले राजस्वलगायत समस्त आम्दानी, राजस्व तथा धरौटीको निर्धारण, असुली र दाखिला गरेको र तीनै तहका सरकारबीच प्रचलित कानुनबमोजिम राजस्व बाँडफाँट भएको,
- विनियोजन ऐनबमोजिम तोकिएको सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको साँवा, ब्याज, लाभांशलगायतको लेखा राखेको,

परिपालनाको लेखापरीक्षण

- प्रचलित कानुनको परिपालना गरी स्रोत साधनको प्राप्ति, परिचालन एवं अभिलेख तयार गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने प्रमाण राखेको,

- खर्च गर्दा दुरूपयोग हुन नपाउने गरी पर्याप्त कानुनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था भएको र सोको अनुसरण गरेको,
- तीन वटै तहका सरकारको राजस्व, अनुदान तथा रोयल्टी प्रचलित कानुनबमोजिम बाँडफाँट भएको।

कार्यमूलक लेखापरीक्षण

- मितव्ययी तवरले खर्च गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको सङ्गठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य र नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- खर्च गर्दा लागत तथा उपलब्धिसमेतको विश्लेषण गरी कानुनबमोजिम खर्च गरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भएको।

विशेष लेखापरीक्षण (सूचना प्रविधि/वातावरणीय)

- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले विकास एवं प्रभावकारी उपयोग गरेको,
- वातावरण सम्बन्धी कानुन, कार्यविधि र मापदण्डको पालना भए नभएको र वातावरणीय असरलाई न्यून गर्ने प्रयास भएको।

३. **लेखापरीक्षणको क्षेत्र** - संवैधानिक निकाय, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण कार्यालय, तीनै तहका सरकारका पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालय, सङ्घीय कानुनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकिएको संस्था वा अन्य निकायको २०७९।८० को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजात समेतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। यसै गरी शासकीय प्रबन्ध, अर्थतन्त्रमा परेको प्रभाव, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास प्रशासन, सार्वजनिक प्रशासन र सुशासनसहित दिगो विकास लक्ष्य प्राप्तिसँग सम्बन्धित विभिन्न पक्षको परीक्षण तथा मूल्याङ्कनलाई समेत लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ।

४. **लेखापरीक्षण पद्धति** - वार्षिक लेखापरीक्षण योजना तयार गरी सोसँग सामञ्जस्य हुने गरी मन्त्रालयगत लेखापरीक्षण योजना तथा निकायगत लेखापरीक्षण योजनाका आधारमा विद्युतीय पद्धतिमा आधारित "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स)" प्रयोग गरी लेखापरीक्षण गरिनुको साथै सोको व्यवस्थापन गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, आन्तरिक लेखापरीक्षण तथा एकल कोष खाताबाट उपलब्ध सूचना समेतको आधारमा दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको एकाइगत योजनामा उल्लेख गरी नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा नागरिक समाजसमेतलाई संलग्न गराइएको छ। यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफललगायतका विधि अपनाइएको छ। लेखापरीक्षणमा विशेषतः समस्यामूलक र नतिजामूलक पद्धति अबलम्वन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्वको पुनरावलोकन र नमुना छनोटको आधारमा सम्पन्न लेखापरीक्षणको गुणस्तर आश्वस्तता पुनरावलोकनका कार्यहरूसमेत गरिँदै आइएको छ।

५. **वार्षिक प्रतिवेदन** - संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २९४(२) मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू सङ्घीय कानुनबमोजिम हुने व्यवस्थाअनुरूप लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम महालेखापरीक्षकबाट सम्माननीय राष्ट्रपतिसमक्ष यो ६१ औँ वार्षिक प्रतिवेदन पेस गरिएको छ। यस प्रतिवेदनमा ६ परिच्छेद तथा २३ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग ७ प्रतिवेदन तयार गरिएको छ। स्थानीय तह ७५३ मध्ये ७४६ र बक्यौता २ समेत ७४८ को अन्तिम प्रतिवेदन जारी गरिएको छ। यसै गरी कार्यमूलक तथा विशेष लेखापरीक्षण, सूचना प्रविधि लेखापरीक्षण र वातावरणीय लेखापरीक्षणका प्रमुख बेहोरालाई पनि यो प्रतिवेदनमा समावेश गरिएको छ। यस प्रतिवेदनमा केही सार्वजनिक संस्थान/निकायहरूको समेत लेखापरीक्षण गरी तत् तत् निकायमा लेखापरीक्षणको क्रममा देखिएका विषयहरू संक्षेपमा प्रस्तुत गरिएको छ। वार्षिक प्रतिवेदनका प्रमुख बेहोरा समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरिएको छ।

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

पत्र संख्या : २०८०।८१
च.नं. : १२९

मितिः २०८१।०२।१३

विषयः सङ्घीय सञ्चित कोषको एकीकृत वित्तीय विवरण उपर राय ।

श्री सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

१. **कैफियत सहितको राय**- हामीले नेपाल सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को नेपाल सरकारको प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय विवरण, बजेटको तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. **सञ्चितकोष मौज्दात** - आर्थिक वर्ष २०७९।८० मा सङ्घीय सञ्चितकोषको वार्षिक आर्थिक विवरण अनुसार राजस्व, अनुदान, आन्तरिक तथा बाह्य ऋण र सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत कुल प्राप्ति रू.१२ खर्ब ९३ अर्ब ९७ करोड १० लाखमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा कुल भुक्तानी रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख भई रू.१ खर्ब २७ अर्ब ३५ करोड ६० लाख ऋणात्मक मौज्दात रहेको छ। गत वर्षान्तमा ऋणात्मक मौज्दात रु.५३ अर्ब ९१ करोड १४ लाखमा यो वर्षको ऋणात्मक मौज्दात थप गर्दा २०८० आषाढ मसान्तमा रू.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख मौज्दात ऋणात्मक रहेको छ।

त्यस्तै प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसार धरौटी र अन्य विविध कोष खाता एवं वैदेशिक सहायता खाता, ऋण, अनुदानको विशेष खातामा रहेको बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात रू.४६ अर्ब ८९ करोड ४२ लाख ऋणात्मक रहेको छ । नगदमा आधारित लेखा प्रणालीमा यसरी नगद तथा बैङ्क मौज्दात ऋणात्मक हुनुको कारण यकिन गरेको छैन।

२.२. **ऋण** - यो वर्ष आन्तरिक ऋण प्राप्तितर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार रू.२ खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख रहे तापनि सङ्घीय सञ्चितकोषको वार्षिक आर्थिक विवरणमा

फोन नम्बरः ५९१९१६३ फ्याक्सः ४२६८३०९ इमेलः oagnep@ntc.net.np/info@oag.gov.np वेबः www.oag.gov.np

रू.२ खर्ब ४८ अर्ब ७३ करोड ८३ लाख देखिएकोले रू.७ अर्ब २५ करोड ९४ लाख फरक परेको छ। नेपाल राष्ट्र बैङ्कलाई भुक्तानी गरेको ब्याज तथा कमिसन बापत भुक्तानी गरेको रकम सञ्चित कोषमा लेखाङ्कन नभएको कारण फरक देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पेस भएको यस वर्ष नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन अनुसार रू.१ खर्व १९ अर्ब ८६ करोड वैदेशिक ऋण प्राप्ति भएकोमा महालेखा नियन्त्रक कार्यालयले रू.१ खर्व २३ अर्ब ४ करोड ७६ लाख उल्लेख गरेको हुँदा वैदेशिक ऋणमा दुई प्रतिवेदनबीच रू.३ अर्ब १८ करोड ७६ लाख फरक परेको छ। यसरी ऋण प्राप्तिमा फरक पर्नाको कारण खुलाएको छैन।

२.३. **लगानी** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरण अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि चाइना एक्जिम बैङ्कसँग गरेको सम्झौता अनुसार रू. १ अर्ब ३७ करोड ८७ लाख चिनियाँ मुद्रा ऋण प्राप्त गरेकोमा यस आर्थिक वर्षमा रु.२ करोड १० लाख साँवा फिर्ता गरी २०८० आषाढ मसान्तमा रु.१९ अर्ब ३० करोड ४३ लाख ऋण बाँकी रहेको छ। सो कार्यालयले लगानीको हिसावमा उक्त रकम समावेश गरे पनि एकीकृत वित्तीय विवरण अन्तर्गत कुल वैदेशिक ऋणमा समावेश गरेको छैन।

२.४. **अनुदान फिर्ता** - सङ्घीय सरकारबाट स्थानीय तहहरूलाई यो वर्ष समपूरक, सशर्त र विशेष अनुदान बापत रू.२ खर्ब १८ अर्ब ९७ करोड ८४ लाख निकासा भएकोमा वर्षान्तसम्म रू.१ खर्ब ९६ अर्ब ३३ करोड ४७ लाख खर्च भई रू.२२ अर्ब ६४ करोड ३७ लाख बाँकी रहेको छ। उक्त रकम २०८० आषाढ मसान्तभित्रै फिर्ता गर्नुपर्नेमा सो अवधिमा रू.१४ अर्ब २४ करोड ४१ लाख र वर्षान्त पश्चात् लेखापरीक्षण अवधिसम्म रू.८ अर्ब ५७ करोड ८८ लाख फिर्ता भएको छ। दुई स्थानीय तहहरूले रू.९ करोड ३३ लाख लेखापरीक्षण अवधिसम्म सङ्घीय सञ्चित कोषमा फिर्ता गरेका छैनन्।

२.५. **राजस्व बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्कको १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय सञ्चितकोषमा जम्मा हुने गरी मासिक रुपमा उपलब्ध गराउने व्यवस्था छ । विभाज्य कोषको वित्तीय विवरणमा बाँडफाँट हुने रकम शून्य देखाई २०८० आषाढ मसान्तमा हिसाब मिलान गरे तापनि २०८० आषाढ २० पश्चात् उठेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रू.३१ अर्ब ८३ करोड ५४ लाख ५७ हजार संघ, प्रदेश र स्थानीय तहहरुलाई २०८०।९।४ मा बाडँफाँट गरेको छ । आर्थिक वर्ष समाप्ति पश्चात् बाँडफाँट गरे तापनि सङ्घीय सञ्चित कोषमा सोलाई आषाढ मसान्तमा नै लेखाङ्कन गरेको छ । प्रदेश र स्थानीय तहको राजस्व समयमै ती सञ्चित कोषमा जम्मा नभएकोले वर्षान्तमा ती सञ्चित कोषमा रू.९ अर्ब ५५ करोड ६ लाख राजस्व न्यून भएको छ ।

२.६. **बेरुजु** - यस वर्षको लेखापरीक्षणबाट सङ्घीय मन्त्रालय र निकायतर्फ रू. ४६ अर्ब ५३ करोड ६२ लाख बेरुजु रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू. १५ अर्ब ५१ करोड ४५ लाख, नियमित गर्नुपर्ने रु. २८ अर्ब ९२ करोड ४५ लाख र पेश्की रू. २ अर्ब ९ करोड ७२ लाख बेरुजु देखिएको छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने नेपाल सरकारसँग हामी स्वतन्त्र छौं। त्यसका लागि संवैधानिक तथा कानुनी प्रावधान र स्वीकृत आचारसंहिता अनुसार

हामीले लेखापरीक्षण सम्पन्न गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - यो वर्षको वित्तीय कारोबार मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, समग्र अर्थतन्त्र, सार्वजनिक वित्तीय व्यवस्थापन, सार्वजनिक प्रशासन, विकास प्रशासन, सूचना प्रविधि व्यवस्थापन र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी नेपाल सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी महालेखानियन्त्रक कार्यालयमा रहेको छ। वित्तीय प्रतिवेदन तयारी गर्ने प्रक्रियाको अनुगमनका लागि अर्थ मन्त्रालय जिम्मेवार रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ। नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(तोयम राया)
महालेखापरीक्षक

परिच्छेद

९

लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

• समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय र विषय		सङ्ख्या	(रू. करोडमा)
(क) वित्तीय लेखापरीक्षण			
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)		३२७७	२४६१११
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)		१२७०	३२३३४
३. स्थानीय तह (बक्यौता २ समेत)		७४८	११३९१९
४. समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत)		२१७	२९६८५
५. सङ्गठित संस्था		९३	३६६१११
(ख) कार्यमूलक लेखापरीक्षण	९	-	-
(ग) वातावरणीय लेखापरीक्षण	२	-	-
(घ) सूचना प्रविधि लेखापरीक्षण	१	-	-
जम्मा		**५६०५**	**७८८१६०**

यो वर्ष सङ्घीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार २७७ कार्यालयको रू.२४ खर्ब ६१ अर्ब ११ करोड, प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोड, स्थानीय तह ७५३ मध्ये ७४६ र गत वर्षको बक्यौता २ समेत ७४८ को रू.११ खर्ब ३९ अर्ब १९ करोड, २१७ समिति र अन्ष संस्थाको रू.२ खर्ब ९६ अर्ब ८५ करोड र ९३ सङ्गठित संस्थाको रू.३६ खर्ब ६१ अर्ब ११ करोडसमेत रू.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची १, १क, १ख, २, ४, र २१ मा उल्लेख छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय -** यो वर्ष ३ हजार २७७ सङ्घीय मन्त्रालय तथा निकायको विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू.करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण सम्पन्न
१	विनियोजन खर्च	१३००२९
२	राजस्व	१००२८४
३	धरौटी	७१३६
४	अन्य कारोबार	८६६२
	जम्मा	२४६१११

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ। गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ६३ एकाइको रू.६ अर्ब ६८ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष २९ एकाइले रु.९३ करोडको लेखापरीक्षण गराएका छन्। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३, खण्ड १ मा समावेश छ।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष ७ प्रदेशअन्तर्गतका १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश मातहतका २३ एकाइको रू.१ अर्ब १२ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष २ कार्यालयले रू.१२ करोडको लेखापरीक्षण गराएका छन्। यस सम्बन्धी विवरण अनुसूची २ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३, खण्ड २ मा समावेश छ।

३. **स्थानीय तह -** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७३ र गाउँपालिका ४५६ समेत ७४६ (विगतको बक्यौता २ गरी ७४८ आर्थिक वर्ष) स्थानीय तहको रू.११ खर्ब ३९ अर्ब १९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। यससम्बन्धी विवरण अनुसूची २१ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३, खण्ड ३ मा समावेश छ।

४. **समिति र अन्य संस्था -** यो वर्ष २१७ समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत) को रू.२ खर्ब ९६ अर्ब ८५ करोडको लेखापरीक्षण गरिएको छ। समितिको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को सङ्घीय मन्त्रालय खण्डमा समावेश छ।

५. **सङ्गठित संस्था** - यो वर्ष सङ्गठित संस्था ९३ को रू.३६ खर्ब ६१ अर्ब ११ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको रू.१४ खर्ब ८८ अर्ब ५६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

६. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष ९ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

७. **वातावरणीय लेखापरीक्षण -** यो वर्ष २ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

८. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष १ विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

९. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.लाखमा)

शीर्षक/क्षेत्र	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	८४६२१७३	९५४३१६७	११८३२३५१	९९१५०६८	८३.८०
पुँजीगत खर्च	२२८८३६१	२१६२१३१	३८०३८४५	२३४६२४७	६१.६८
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	१२१६२२६	१३९४७१०	२३०२१७७	१९५१९५५	८४.७९
जम्मा	**११९६६७६०**	**१३१००००८**	**१७९३८३७३**	**१४२१३२७०**	**७९.२३**
सामान्य सार्वजनिक सेवा	६३४६१६१	५२१७६९३	५७३४४३८	५२५८८५१	९१.७१
रक्षा	५१९१३९	५३२९७०	५५४७३८	६००१३८	१०८.१८
सार्वजनिक शान्ति सुरक्षा	५७०४२९	७२३८४८	६५४००२	७९७६४४	१२१.९६
आर्थिक मामिला	२३६०२२९	३३१२४६३	४६६७७०८	४२११६७०	९०.२३
वातावरण संरक्षण	६५९५९	५४४७६	११०२२९	४४५१७	४०.३९
आवास तथा सामुदायिक सुविधा	४४९९५२	३५०५७२	८८६०८८	४२२९४७	४७.७३
स्वास्थ्य	४९६१३१	७४९३३६	१२३२५५१	५२०६७०	४२.२४
संस्कृति तथा धर्म	४०६०२	४६९१८	९६२९२	५८१०५	६०.३४
शिक्षा	३७१४५८	४२६१६६	१९६८९३१	५२८६९५	२६.८५
सामाजिक सुरक्षा	७४६७००	१६८५५६६	२०३३३९६	१७७००३३	८७.०५
जम्मा	**११९६६७६०**	**१३१००००८**	**१७९३८३७३**	**१४२१३२७०**	**७९.२३**

द्रष्टव्यः स्वास्थ्य र शिक्षा क्षेत्रको बजेट अनुमानमा समावेश भए तापनि प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण भई हुने खर्च तालिकामा समावेश गरिएको छैन।

१०. **खर्चको स्थिति -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्च विवरण निम्नानुसार छः

(रू.लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१६२११७९	१६.३५	१	भौतिक पूर्वाधार तथा यातायात	८७५०४६	३७.३०
२	गृह	९०८२९४	९.१६	२	सहरी विकास	३३६६५२	१४.३५
३	रक्षा	६५५००८	६.६१	३	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२९८६५२	१२.७३
४	कृषि तथा पशुपन्छी विकास	४२६६११	४.३०	४	रक्षा	२३८१२६	१०.१५
५	शिक्षा, विज्ञान तथा प्रविधि	३१२०००	३.१५	५	खानेपानी	१५६२७९	६.६६
६	स्वास्थ्य तथा जनसङ्ख्या	२४६६९३	२.४९	६	गृह	७९५५९	३.३९
७	भौतिक पूर्वाधार तथा यातायात	९२९२९	०.९४	७	शिक्षा, विज्ञान तथा प्रविधि	५०९८७	२.१७
८	निर्वाचन आयोग	७२०४७	०.७३	८	वन तथा वातावरण	३२६९४	१.३९
९	परराष्ट्र	५६४१८	०.५७	९	अर्थ	२२५०९	०.९६
१०	सर्वोच्च अदालत	५३८९२	०.५४	१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१९७५७	०.८४
११	अन्य मन्त्रालय तथा निकायहरू	५४६९९९७	५५.१६	११	अन्य मन्त्रालय तथा निकायहरू	२३५९८६	१०.०६
	जम्मा	९९१५०६८	१००.००		जम्मा	२३४६२४७	१००.००

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ९५ अर्ब २० करोड रहेको छ। प्रदेशहरू र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य मन्त्रालय र निकायहरूको चालु खर्चतर्फ समावेश रहेको छ।

११. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू.लाखमा)

स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९८४५९७३	११५१८१९०	१४९६११७९	१२८१७५७८	११.२८
वैदेशिक अनुदान	३६४८१३	२७४८१७	५५४५८३	२३३८२२	-१४.९२
वैदेशिक ऋण	१७५५९७४	१३०७००१	२४२२६११	११६१८७०	-११.१०
जम्मा	**११९६६७६०**	**१३१०००० ८**	**१७९३८३७३**	**१४२१३२७०**	**८.५०**

११.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.१२ खर्ब ८१ अर्ब ७६ करोडमध्ये राजस्वबाट रू.८ खर्ब ९९ अर्ब १७ करोड (७०.१५ प्रतिशत) बेहोरिएको छ।

११.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १६ निकायअन्तर्गत रू.५५ अर्ब ४६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.२३ अर्ब ३८ करोड (४२.१६ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १५ निकाय अन्तर्गत रु. २ खर्ब ४२ अर्ब २६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब १६ अर्ब १९ करोड (४७.९६ प्रतिशत) प्राप्त भएको छ।

१२. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले प्राप्त गरेको राजस्वको स्रोतअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ विवरण तथा २०७९।८० को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७७।७८ को यथार्थ	२०७८।७९ को यथार्थ	२०७९।८० को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**८६८६०२९**	**९८९६२१७**	**१२४०११७९**	**८९९१७६१**	**७२.५१**
१. कर राजस्व	७६१०५६६	८५६२६४०	११३२३४६७	७४८४२००	६६.०९
२. अन्य राजस्व, बेरुजु रकम र अन्य प्राप्ति	१०४३२२८	१३०५१९३	१०७७७१२	१३८९४२०	१२८.९२
३. साँवा फिर्ता	३२२३५	२८३८४	-	११८१४१	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.१४ प्रतिशतले घटेको देखिन्छ। आर्थिक वर्ष २०७९।८० को असुलीमा बेरुजु रकम र अन्य प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख समेत समावेश छ। राजस्व अनुमान नगरेको साँवा फिर्ताबाट रू.११ अर्ब ८१ करोड ४१ लाख प्राप्त भएको छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

परिच्छेद

२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रू.९५ अर्ब ६० करोड २१ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	सङ्घीय समिति/ अन्य संस्था	प्रदेश समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१५५१४५**	**८७३७**	**४१५८४**	**२७६४३**	**८९९**	**२३४००८**	**२४.४७**
२. नियमित गर्नुपर्ने	**२८९२४५**	**४२७११**	**२४०३४०**	**७०७९७**	**७२६४**	**६५०३५७**	**६८.०३**
२.१ अनियमित भएको	२७०९६	१५२५७	१०८६६८	२२२४६	३७००	१७६९६७	१८.५१
२.२ प्रमाण कागज पेस नभएको	२६१७८९	२७४२६	१३११६५	४८२५०	३४०८	४७२०३८	४९.३८
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	३६०	२८	५०८	३०१	१५६	१३५३	०.१४
३. पेस्की	**२०९७२**	**१४२४१**	**२८२२८**	**७९७८**	**२३७**	**७१६५६**	**७.५०**
जम्मा बेरुजु	**४६५३६२**	**६५६८९**	**३१०१५२**	**१०६४१८**	**८४००**	**९५६०२१**	**१००**

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

२. सङ्गठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

बेरुजु वर्गीकरणको विवरण अनुसूची-१५, १६ र २१ मा उल्लेख छ।

२. **लेखापरीक्षण र बेरुजु अङ्क -** यो वर्ष ५ हजार ६०५ सरकारी, सङ्गठित संस्था तथा अन्य संस्थाको रु.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. करोडमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	लेखापरीक्षण रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	३२७७	२४६१११	४६५४	१.८९
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	१२७०	३२३३४	६५७	२.०३
३. स्थानीय तह (बक्यौता २ समेत)	७४८	११३९१९	३१०१	२.७२
४. सङ्घीय संस्था, समिति र अन्य संस्था	१९२	३९२०४७	१०६४	०.२७
५. प्रदेश संस्था, समिति र अन्य संस्था	११८	३७४९	८४	२.२४
जम्मा	**५६०५**	**७८८१६०**	**९५६०**	**१.२१**

द्रष्टव्यः सङ्गठित संस्थाको बेरुजु लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु देहायअनुसार रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा १४.०५ प्रतिशतले बढेको छ।

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	२९६१३२९	०	०	२९६१३२९	४६५३६२	३४२६६९१
प्रदेश सरकारी कार्यालयहरू	२४३७८०	(२८)	२४७५७	२१८९९५	६५६८९	२८४६८४
स्थानीय तह	१७२६०५३	०	१०१६२२	१६२४४३१	३१०१५२	१९३४५८३
अन्य संस्था समिति (प्रदेश समेत)	९४२२३१	(११)	४३५७	९३७८६३	११४८१८	१०५२६८१
जम्मा	**५८७३३९३**	**(३९)**	**१३०७३६**	**५७४२६१८**	**९५६०२१**	**६६९८६३९**

अद्यावधिक बेरुजुको विवरण अनुसूची १७ र १८ मा उल्लेख छ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.५ खर्ब १३ अर्ब ४० करोड ४३ लाख रहेको छ।

(रू. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट र समायोजन	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	७८०३०	२०७२५	९८७५५
२	राजस्व बक्यौता	३२५७३२८	१०९६९५४	४३५४२८२
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१५०६०६	१०३३९	१६०९४५
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२१८०४९	(१६२११५)	५५९३४
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	४४३६२७	४६४१२७
	जम्मा	**३७२४५१३**	**१४०९५३०**	**५१३४०४३**

उक्त रकममा अद्यावधिक बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड ३९ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.११ खर्ब ८३ अर्ब २६ करोड ८२ लाख पुगेको छ। यस प्रकारको रकम वृद्धि हुनुमा राजस्व बक्यौता तथा बेरुजु रकम मुख्य कारण रहेको देखिन्छ।

५. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, अन्य समितिको बेरुजुको अवस्था निम्नानुसार छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण गर्दा रू.१ खर्ब २७ अर्ब ७४ करोड बेरुजु देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पश्चात् रू.३२ अर्ब १४ करोड (कुल बेरुजुको २५.१६ प्रतिशत) सम्परीक्षण भएकोले रू.९५ अर्ब ६० करोड बेरुजु फर्स्यौंट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौंट गर्न बाँकी कुल बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा समावेश छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फर्स्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौंट गर्नु गराउनुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ३७ मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ५० मा बेरुजु फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची-२० मा समावेश गरिएको छ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधिसम्बन्धी ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजु सम्बन्धमा जानकारी गराइएको छ।

५.३. सङ्घीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरु निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१७२२५७२८	३५५३२	२१९२१५	२	२५४७४९	५४.७४	१.४८
२	भौतिक पूर्वाधार तथा यातायात	१३२१४१६	६९०९९	३५३३३	१६५०६	१२०९३८	२५.९९	९.१५
३	सञ्चार तथा सूचना प्रविधि	१५७१३६	३०५७४	६६९	०	३१२४३	६.७१	१९.८८
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ	४४२३५५	२८४७	७१३६	१८४	१०१६७	२.१९	२.३०
५	सहरी विकास	४३४३३६	२४०४	५४०८	१३९८	९२१०	१.९८	२.१२
६	खानेपानी	१८५३३८	१२०८	५४५६	९८२	७६४६	१.६४	४.१३
७	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	३४१४२१	३७५७	२१८६	११६	६०५९	१.३०	१.७७
८	गृह	१२७१२०२	६६	५०३२	३०६	५४०४	१.१६	०.४३
९	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	७४२०६	३९२६	१५१	०	४०७७	०.८८	५.४९
१०	परराष्ट्र	१७६५२५	७५२	२८४७	२६८	३८६७	०.८३	२.१९
११	अन्य	२९८१४५३	४९८०	५८१२	१२१०	१२००२	२.५८	०.४०
	जम्मा	**२४६१११६**	**१५५१४५**	**२८९२४५**	**२०९७२**	**४६५३६२**	**१००**	**१.८९**

उल्लिखित १० मन्त्रालयमा सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७.४२ प्रतिशत रहेको छ। यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.०३ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको ३.६७ प्रतिशत र सबैभन्दा घटी सुदूरपश्चिम प्रदेशको ०.७९ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.७२ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट

५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६४४, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने १०३, र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने स्थानीय तह १ रहेका छन्।

५.४. यो वर्ष ३ हजार २७७ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार २७९ कार्यालय (३९.०३ प्रतिशत) र प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २७० निकायको लेखापरीक्षण गरिएकोमा ३७९ कार्यालय (२९.८४ प्रतिशत) मा लगती बेरुजु देखिएन।

५.५. यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) लेखापरीक्षणबाट १ लाख ९२ हजार ५८३ दफा बेरुजु देखिएकोमा ७४ हजार १२८ दफा सैद्धान्तिक र १ लाख ५ हजार ५ दफा लगती बेरुजु कायम भएको छ।

५.६. सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको सङ्घीय सरकारी कार्यालयतर्फका २९ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.३४ करोड १२ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १९ मन्त्रालय/ निकायअन्तर्गतका कार्यालयले रू.१६ करोड ९ लाख तथा अन्य निकायले रू.१९ अर्ब ८३ करोड ५४ लाख, प्रदेश सरकार मातहतका निकायले रू.१८ करोड ९४ लाख र स्थानीय तहले रू.१ अर्ब २८ करोड ९१ लाख असुल गरेका छन्। त्यसै गरी गत विगतको बेरुजु सम्परीक्षणको क्रममा रू. ३५ करोड ५३ लाख असुल भएकोले समग्रमा लेखापरीक्षणबाट रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ।

यो वर्षको सङ्घीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१५ अर्ब ५१ करोड ४५ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१५ अर्ब १८ करोड ५८ लाख (९७.८८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.३२ करोड ८७ लाख (२.१२ प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण अनुसूची ९ र १५ मा छ।

५.७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु नमानिने उल्लेख छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अद्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन। चालु वर्षको पेस्कीको विवरण अनुसूची ८ मा समावेश छ।

यो वर्षको लेखापरीक्षणबाट राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रदेश प्रमुखको कार्यालय कर्णाली र सुदूरपश्चिम, कानुन, न्याय तथा संसदीय मामिला र युवा तथा खेलकुद मन्त्रालय, संवैधानिक निकायहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगमा लगती बेरुजु देखिन आएन।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

शासकीय प्रबन्ध

- कानुन निर्माण, स्रोत बाँडफाँट र कार्यक्षेत्रको स्पष्टता हुनुपर्ने,
- समसामयिक कानुन निर्माण र विद्यमान कानुनमा संशोधन हुनुपर्ने,
- साझा अधिकार सूचीका कानुन तर्जुमामा सम्बद्ध पक्षको सहभागिता हुनुपर्ने,
- कानुनको कार्यान्वयन एवं परिपालनाको प्रत्याभूति हुनुपर्ने,
- राजनीति र प्रशासनबीच अन्तरसम्बन्ध र सीमा स्पष्ट हुनुपर्ने,
- कूटनीतिक सम्बन्धलाई प्रभावकारी बनाउनुपर्ने,
- प्रशासनिक र वित्तीय स्वायत्तता मार्फत संवैधानिक निकायलाई थप प्रभावकारी बनाउनुपर्ने,
- फैसला तथा निर्णय कार्यान्वयनमा सुनिश्चितता ल्याउनुपर्ने,
- सार्वजनिक संस्था र नियमनकारी निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने ।

अर्थतन्त्र

- लक्ष्य अनुरूप आर्थिक वृद्धिदर हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्ने,
- व्यापार सन्तुलनका लागि आन्तरिक उत्पादनमा जोड दिनुपर्ने,
- लगानीमैत्री वातावरण तयार गर्नुपर्ने,
- अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी लगानी विस्तार गर्नुपर्ने,
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याई उत्पादनशील कार्यमा उपयोग गर्नुपर्ने,
- अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय लेखामा समेट्नुपर्ने,
- प्राकृतिक स्रोतको उपयोग र दिगोपनामा जोड दिनुपर्ने,
- कर प्रशासनलाई थप चुस्त र करदातामैत्री बनाई राजश्व वृद्धिमा जोड दिनुपर्ने,
- वित्तीय संसाधनको पारदर्शी परिचालन गर्नुपर्ने,
- सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँग गहन साझेदारी विकास गर्नुपर्ने ।

सार्वजनिक वित्त व्यवस्थापन

- कुल गार्हस्थ उत्पादनको मापन र राजस्वको प्रक्षेपण वस्तुपरक बनाउनुपर्ने,
- तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाउने,
- राजस्व परिचालनका सबै आयामको अवलम्बन तथा चुहावट नियन्त्रण गर्नुपर्ने,
- राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्नुपर्ने,
- बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्ने,
- नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउनुपर्ने,
- रकमान्तर तथा स्रोतान्तरलाई न्यूनीकरण गर्नुपर्ने,
- सबै विकास सहायता परिचालन बजेट प्रणाली मार्फत हुनुपर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र उत्पादनमूलक बनाउनुपर्ने,
- सार्वजनिक संस्थान सञ्चालनमा व्यावसायिक कुशलता ल्याउनुपर्ने,
- लेखापालन, प्रतिवेदन तथा लेखापरीक्षणलाई समयानुकूल सुधार गर्नुपर्ने ।

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी, कुशल र व्यवस्थित हुनुपर्ने,
- स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता ल्याउनुपर्ने,
- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख, उपयोग र उचित मर्मत सम्भार गर्नुपर्ने,
- उपयोग नहुने अवस्थामा रहेका सम्पत्तिको निःसर्ग गरी व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक सम्पत्ति लिजमा दिँदा लिज कार्यनीतिको परिपालना गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा गुणस्तरको प्रत्याभूति हुनुपर्ने,
- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक सम्पदा एवं सम्पत्तिको संरक्षण र संवर्धन गर्नुपर्ने,
- सार्वजनिक संस्थानको सम्पत्तिको संरक्षण र उपयोग गर्दै अभिलेख व्यवस्थित गर्नुपर्ने ।
- सार्वजनिक सम्पत्तिको समानुपातिक उपयोग गर्नुपर्ने,
- निर्मित संरचनाको संचालन र भौतिक अवस्था जि. पी. एस. मा आवद्ध गर्ने ।

विकास व्यवस्थापन

- आवधिक, वार्षिक र त्रैमासिक लक्ष्य र सोको उपलब्धि मूल्याङ्कन गर्नुपर्ने,
- बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने,
- दिगो विकास लक्ष्य, आवधिक योजना, नीति कार्यक्रम र बजेटबिच तादत्म्यता गर्नुपर्ने,
- आयोजना बैङ्कबाट मात्र आयोजना छनोट गरी बजेट विनियोजन गर्नुपर्ने,
- उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चितता हुनुपर्ने,
- आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्ने,
- आयोजना सञ्चालनमा परामर्शदाता माथिको अधिक निर्भरता घटाउनुपर्ने,
- पूर्व तयारीका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक निकायबीच अन्तर समन्वय कायम गरी पूर्वाधार निर्माण गर्नुपर्ने,
- कार्यक्रम, खरिद योजना र यसको समयसीमालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने,
- पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र विधिको उपयोग गरी लागत प्रभावी बनाउनुपर्ने ।

सूचना प्रविधि

- सूचना प्रविधिको आवश्यकता तथा लाभ लागत विश्लेषण गरी खरिद, प्रयोग र उपयोगको प्रबन्ध गर्नुपर्ने,
- प्रणाली खरिदका लागि मापदण्ड तथा नर्म्स तयार गर्नुपर्ने,
- प्रणालीमा पहुँच, गोपनीयता र सुरक्षा सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने,
- व्यवस्थापन सूचना प्रणालीहरूलाई एकीकृत वा अन्तरआवद्ध गरी सञ्चालन गर्नुपर्ने,
- प्रणालीहरूको नियमित सञ्चालन, मर्मत सम्भार र अद्यावधिक गरी विश्वसनीय बनाउनुपर्ने,
- प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकास मार्फत स्थानीयकरण गर्नुपर्ने,
- सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने,
- कृत्रिम बौद्धिकता (एआई) को प्रयोग र सोको लाभ सम्बन्धमा अध्ययन गर्नुपर्ने,
- सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गर्नुपर्ने,
- सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्गलाई वातावरणमैत्री बनाइनुपर्ने ।

सार्वजनिक प्रशासन

- सेवा प्रवाहको प्रभावकारिताको लागि समयानुकूल कानुन तर्जुमा एवं संशोधन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्ने,
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना र पृष्ठपोषणको विधि तय गर्नुपर्ने,
- सार्वजनिक प्रशासनलाई व्यावसायिक तथा नतिजामुखी बनाउनुपर्ने,
- कर्मचारी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आवद्ध गर्नुपर्ने,
- गुणस्तरीय मानव संसाधनको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने,
- छरितो संरचना, बहुसीपयुक्त जनशक्ति र प्रविधिमैत्री संरचना बनाउनुपर्ने,
- सार्वजनिक निर्माण र सेवाको सार्वजनिक परीक्षणको व्यवस्था गर्नुपर्ने,
- सेवा प्रवाहको गुणस्तर, शुल्क, प्रक्रियालगायतलाई व्यवस्थित गर्नुपर्ने,
- लक्षित वर्ग अनुदान वितरणलाई लाभग्राहीमैत्री बनाउनुपर्ने,
- नैतिक पूर्वाधार विकासमा जोड दिनु पर्ने ।

सुशासन

- पदीय आचरण, निष्ठा र सदाचारिता, अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना हुनुपर्ने,
- जिम्मेवारी र जवाफदेहितालाई स्पष्ट पारी कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्ने,
- अन्तर्निकाय समन्वय गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने,
- सबै निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारसँग आबद्ध गर्नुपर्ने,
- जिम्मेवारी प्रदान गर्दा नेतृत्व क्षमता र वित्तीय अनुशासन पालना स्थितिको मूल्याङ्कन गर्नुपर्ने,
- निर्णय प्रकृयामा पारदर्शिता, एकरूपता र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने,
- पेशागत व्यावसायिकता र सकारात्मक सोचलाई कार्यजिम्मेवारीको अंग बनाउनुपर्ने ।
- सेवा प्रवाह गर्ने पदाधिकारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्ने ।

परिच्छेद

३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति

सङ्घीय मन्त्रालय तथा निकाय

१. **सङ्घीय सञ्चित कोष -** सङ्घीय सञ्चित कोषको आर्थिक विवरणअनुसार २०७९।८० मा समग्र राजस्व, अनुदान र ऋण(आन्तरिक र बाह्य) समेत रू.१२ खर्ब ९३ अर्ब ९७ करोड १० लाख प्राप्तिमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च गरी रू.१ खर्ब २७ अर्ब ३५ करोड ६० लाख ऋणात्मक मौज्दात रहेको देखिन्छ। यो वर्षको उक्त ऋणात्मक मौज्दातमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रू.५३ अर्ब ९१ करोड १४ लाख समायोजन गर्दा रू.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख ऋणात्मक मौज्दात रहेको छ।

२. **समग्र आर्थिक अवस्था -** मुलुकको प्रमुख आर्थिक परिसूचकहरू देहायबमोजिम रहेको देखिन्छः

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना)		प्रगति		
	२०८०।८१	२०७९।८०	२०७७।७८	२०७८।७९	२०७९।८०
आर्थिक वृद्धिदर (औषत)	१०.३	९.६	४.२५	५.८४	१.८६
उपभोक्ता मुद्रास्फीति दर	६.०	६.०	३.६	६.३२	७.७४
कुल राजस्व/गार्हस्थ उत्पादन	३०.०	२९.०	२१.९	२३.०	१८.७८
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	४३.३	४३.१	२८.०	२६.७	२६.४२
चालु खर्च/गार्हस्थ उत्पादन	१७.९	१९.१	१९.८	१९.८	१८.७
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	१८.६	१७.६	५.४	४.५	४.३४
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	३.०	-	०.६३	०.४	०.४
वैदेशिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	५.७	-	३.०६	२.५	१.९०
आन्तरिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	४.३	-	५.२४	४.८	४.७६
व्यापार घाटा/गार्हस्थ उत्पादन	३५.३	३६.९	३२.७	३५.५	२७.०
निर्यात /गार्हस्थ उत्पादन	१५.७	१४.१	३.३	४.१	२.९
आयात /गार्हस्थ उत्पादन	५१.०	५१.०	३६.०	३९.६	३०.०
बजेट घाटा/गार्हस्थ उत्पादन	१०.०	१०.१	७.०५	५.४	९.६

स्रोतः नेपाल राष्ट्र बैङ्क र अर्थमन्त्रालय २०७९।८०

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार देशको आर्थिक वृद्धिदर पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७९।८० मा ९.६ प्रतिशत हुने लक्ष्य रहेकोमा १.८६ प्रतिशतमात्र रहेको छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति दर ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ७.७४ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ८.४७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.६ प्रतिशत गर्ने लक्ष्य रहेकोमा यो वर्ष ४.३४ प्रतिशत मात्र पुगेको देखिन्छ। वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ उत्पादनको ३ प्रतिशत रहने पन्ध्रौं योजनाको लक्ष्य रहेको तथा यो वर्ष लक्ष्य नै उल्लेख नगरेकोमा चौथो वर्ष सम्ममा ०.४ प्रतिशत मात्र रहेको देखिन्छ। निर्यातलाई पन्ध्रौं योजनासम्म गार्हस्थ उत्पादनको तुलनामा १५.७ तथा यो वर्ष कुल गार्हस्थ उत्पादनको १४.१ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा २.९० प्रतिशत रहेको देखिन्छ।

सरकारी, निजी र सहकारी क्षेत्रको समन्वयात्मक प्रयासमार्फत आर्थिक परिसूचकहरू लक्ष्यअनुसार हासिल गर्नुपर्दछ।

३. **राजस्व अनुमान र असुली** - अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रू. लाखमा)

विवरण	२०७७।७८			२०७८।७९			२०७९।८०		
	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	२३८०३८७	२३००७७३	९६.६६	२८९४९९६	२६००८५४	८९.८०	३४९०५७२	२५३८१२४	७२.७१
मूल्य अभिवृद्धि कर	३०२१६८७	२८२०१९१	९३.३३	३१६३६१०	३१४२७९१	९९.३०	३९८४६७९	२८६६३१७	७१.९३
अन्तः शुल्क	१५५५०४१	१३३७८०५	८६.०३	१८२१६७८	१६६७७७७	९१.६०	२१७२८२७	१४३०६८०	६५.८४
भन्सार महसुल	१९३५५४७	२०१३८९६	१०४.०५	२७८९२४०	२४१७८११	८६.७०	३३०५६८०	१८२११६३	५५.०९
अन्य कर	१२१४९२२	१३१४८७६	१०७.३४	११३६४७९	१३३४९४४	११७.४६	१०७७७१२	१४५०२२८	१३४.५७
जम्मा	**१०११७५८४**	**९७८७५४१**	**९६.७४**	**११८०६००३**	**१११६४१७७**	**९४.६०**	**१४०३१४७०**	**१०१०६५१२**	**७२.०३**

स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

उपर्युक्त विवरणअनुसार २०७९।८० मा रू.१० खर्ब १० अर्ब ६५ करोड १२ लाख (गत वर्षको तुलनामा ९.४७ प्रतिशतले घटी) राजस्व असुल भएको देखिन्छ। यो वर्षको लक्ष्य रू.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाखको तुलनामा ७२.०३ प्रतिशत राजस्व सङ्कलन भएको छ। लक्ष्यअनुसार राजस्व सङ्कलन गर्नेगरी कार्यसम्पादन गर्नुपर्दछ।

४. **राजस्व संरचना** - महालेखा नियन्त्रक कार्यालयले उपलव्ध गराएको राजस्वको वार्षिक विवरण २०७९।८० मा बाँडफाँट हुने राजस्व बाहेक कर राजस्व रू.४ खर्ब ७४ अर्ब ९३ करोड ३९ लाख, अन्य राजस्व रू.८५ अर्ब ६३ करोड ९५ लाख, बेरुजु, अनुदान फिर्तालगायत विविध प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख, बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८६ अर्ब ५९ करोड ८३ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ४ अर्ब ९ करोड ६२ लाख, बाँडफाँट हुने रोयल्टी रू.६ अर्ब ८ करोड ८ लाख र वैदेशिक अनुदान रू.२३ अर्ब ८९ लाख रहेको छ।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणमा बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८४ अर्ब १० करोड ४७ लाख र अन्तःशुल्क रू.१ खर्ब ७ अर्ब ४२ करोड ५२ लाख उल्लेख भएकोले मूल्य अभिवृद्धि करतर्फ रू.२ अर्ब ४९ करोड ३६ लाख र अन्तःशुल्कतर्फ रू.३ अर्ब ३२ करोड ९० लाख फरक परेको छ। मन्त्रालय र मातहत कार्यालयबाट प्राप्त तथ्याङ्क फरक परेको विषयमा गत विगतदेखि औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

५. **राजस्व छुट** - आर्थिक ऐन, २०७९ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक ऐन,२०७९ को अनुसूची १ को दफा १४ तथा दफा १५ मा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने र सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट आर्थिक ऐन, २०७९ को विभिन्न दफामा संशोधन गरी छुट तथा सहुलियत

दरमा समेत वृद्धि गरेको छ। भन्सार विभागको आसिकुडाको तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रू.९९ अर्ब ४२ करोड ३३ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट, आन्तरिक राजस्वतर्फ समेत छुट भएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्। आर्थिक ऐन २०७९ अनुसार विगत ५ वर्षको राजस्व छुटको तथ्याङ्क विश्लेषण गर्दा भन्सार र आन्तरिक राजस्वतर्फ रू.३ खर्ब ४१ अर्ब ७४ करोड ४३ लाख छुट दिएको देखिन्छ। राजस्व छुटको दर घटबढ गर्दा लिएको आधार र विश्लेषणको अभिलेख नराखेको, राजस्व छुटको विवरण बजेट वक्तव्य साथ संसदमा पेस नगरेको, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र आम नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण हुन नसकेको अवस्था देखियो। राजस्व छुटको दायरा बढ्दै गएकोले सो को प्रभाव विश्लेषण गर्नुका साथै राजस्व छुटको एकीकृत तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

६. **राजस्व तथा साँवा ब्याज बक्यौता** - अर्थ मन्त्रालय र मातहातका निकायले रू.४ खर्ब १५ अर्ब ३ करोड २ लाख राजस्व तथा भाखा नाघेको ऋणको साँवा ब्याज असुल गर्न बाँकी रहेको छ। सो मध्ये राजस्व बक्यौता रू.२ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख र सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको साँवा ब्याज रू.१ खर्ब ५६ अर्ब १७ करोड ५४ लाख रहेको छ। असुल गर्न बाँकी राजस्व बक्यौतामध्ये रू.१ खर्ब ४५ अर्ब ७७ करोड ८९ लाख (५६.३२ प्रतिशत) को सम्बन्धमा करदाताहरू न्यायिक पुनरावेदनमा गएको देखिँदा बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। सरकारले बक्यौता लगायतका सङ्कलन गर्नुपर्ने राजस्व कानुनी प्रक्रियाबमोजिम असुल गर्नुपर्दछ।

७. **रोयल्टी बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा रोयल्टी बापत प्राप्त हुने रकम बिभाज्य कोषमा जम्मा गरी ५० प्रतिशत सङ्घीय सञ्चित कोषमा, २५ प्रतिशत प्रदेश सञ्चित कोष र २५ प्रतिशत स्थानीय सञ्चित कोषमा जम्मा हुने व्यवस्था छ। यो वर्ष सङ्घीय विभाज्य कोषमा रू.६ अर्ब ८ करोड ८ लाख बाँडफाँट गर्न बाँकी रहेको छ। समयमै निर्णय गरी बाँडफाँट गर्नुपर्दछ।

८. **रोयल्टी बक्यौता** - विद्युत ऐन, २०४९ को दफा ११ मा जलविद्युत आयोजनाले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विद्युत विकास विभागको अभिलेखअनुसार विभिन्न जलविद्युत आयोजनाबाट २०७९।८० सम्म रू.२८ करोड ६९ लाख ९५ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले तिर्नुपर्ने रोयल्टी समयमा प्राप्त नभएकोमा ब्याज तथा जरिबाना लिने गरेको देखिँदैन। रोयल्टी बक्यौताको ब्याज तथा हर्जाना सम्बन्धमा कानुनी व्यवस्था गरी रोयल्टी रकम असुल गर्नुपर्दछ।

९. **क्यासिनो रोयल्टी/नवीकरण** - क्यासिनो व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि क्यासिनो नियमावली, २०७० को नियम ३६ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालयले निर्देशिका बनाई लागु गर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म निर्देशिका तयार भएको छैन। क्यासिनो नियमावली, २०७० (चौथो संशोधन २०७६) को नियम १०,१२ र १३ अनुसार प्राप्त हुनुपर्ने नवीकरण दस्तुर/रोयल्टी तथा थप शुल्क ६ क्यासिनोले यस वर्ष रू.३१ करोड ६५ लाख ४९ हजार बुझाउन बाँकी रहेको छ। बक्यौता रकम र सोमा लाग्ने थप शुल्कसहित असुल गर्नुपर्दछ।

१०. **शुल्क निर्धारण** - विद्युत नियमन आयोग ऐन, २०७४ अनुसार आयोगले जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७८।७९ र २०७९।०८० को लागि ०.३ प्रतिशत

विद्युत नियमन आयोगको कोषमा दाखिला गर्ने व्यवस्था छ। विद्युत बिक्रीको अनुमति पाएको नेपाल विद्युत प्राधिकरणले २०७८।७९ मा रू.२६ करोड १४ लाख ६४ हजार र २०७९।८० मा रू.३० करोड १० लाख ३७ हजारसमेत रू.५६ करोड २५ लाख १ हजार शुल्क विद्युत नियमन आयोगको कोषमा दाखिला गरेको छैन। प्राधिकरणबाट उक्त शुल्क रकम असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

११. **दूरसञ्चार राजस्व -** यो वर्ष १४ दूरसञ्चार सेवा प्रदायक संस्थाले पेस गरेको आय वर्ष २०७८।७९ को आय विवरणअनुसारको आयमा रोयल्टी जरिबानासमेत रू.७ करोड ७० लाख १८ हजार र ग्राहकसँग असुल गरेको मर्मत तथा सपोर्ट चार्ज र अन्य चार्ज आम्दानीको रोयल्टी रू.३२ करोड १६ लाख ५४ हजार, ३ सेवा प्रदायकले मन्त्रिपरिषद्को किस्ता सुविधाको निर्णयअनुसार बुझाउनुपर्ने चौथो किस्ताको फ्रिक्वेन्सी दस्तुर रू.९९ करोड ३१ लाख १९ हजार, ६ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर रू.१ अर्ब २९ करोड ६७ लाख ४९ हजार, दुई प्रसारण संस्थाले २०७८।७९ को वित्तीय प्रतिवेदनअनुसारको प्रसारण आम्दानीमा प्रसारण शुल्क जरिबानासमेत रू.१ करोड ९ लाख ९४ हजार, १३ दूरसञ्चार सेवा प्रदायकको २०७८।७९ को वार्षिक आयमा ग्रामीण दूरसञ्चार दस्तुर जरिबानासमेत रू.३ करोड ८५ लाख ८ हजार गरी रू.२ अर्ब ७३ करोड ८० लाख ४२ हजार असुल भएको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१२. **छुट दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा शुल्क, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकमबाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउने उल्लेख छ। यो वर्ष १२ सेवा प्रदायक संस्थाले मर्मत र सपोर्ट चार्जलगायत बाहेकको आय रकममा मात्र दस्तुर बुझाएको देखियो। उल्लिखित आयमा गणना गर्न छुट भएको रू.६ अर्ब ६८ करोड ९१ लाख १३ हजारको २ प्रतिशतले हुने दस्तुर रू.१३ करोड ३७ लाख ८२ हजार र जरिबाना रू.२ करोड २५ लाख ६९ हजारसमेत रू.१५ करोड ६३ लाख ५१ हजार असुल गरी ग्रामीण दूरसञ्चार कोषमा दाखिला गर्नुपर्दछ।

१३. **युनिफाइड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ मा आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरसम्बन्धी व्यवस्था गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरेपछि दश वर्षको लागि सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले २०७९।८० सम्म दाखिला गर्नुपर्ने अनुमति दस्तुरको किस्ता रू.८ अर्ब ४० करोड दाखिला गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

१४. **सार्वजनिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० को अन्त्यसम्म नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रू.२२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रहेको छ। सोमध्ये बाह्य ऋण रू.११ खर्ब ७० अर्ब २४ करोड ८७ लाख र आन्तरिक ऋण रू.११ खर्ब २९ अर्ब १० करोड ३७ लाख रहेको देखिन्छ। यो वर्ष आन्तरिक ऋणको ब्याज रू.६४ अर्ब ५१ करोड ७३ लाख र वैदेशिक ऋणको ब्याज रू.८ अर्ब २६ करोड २९ लाखसमेत रू.७२ अर्ब ७८ करोड २ लाख भुक्तानी भएको छ। कुल ऋणमध्ये बाह्य ऋण ५०.८९ प्रतिशत र आन्तरिक ऋण

४९.११ प्रतिशत रहेको छ। उक्त ऋण कुल गार्हस्थ उत्पादनसँगको अनुपात ४२.७३ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७७।७८ मा यस्तो अनुपात ४०.७३ र २०७८।७९ मा ४१.५० प्रतिशत रहेको थियो। आन्तरिक र बाह्य ऋणको भारका सन्दर्भमा उपयुक्त नीति तर्जुमा गरी ऋण परिचालन गर्नुपर्दछ।

१५. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) मा वैदेशिक सहायतासम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। बजेट बक्तव्यसाथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १४ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १४५ आयोजना/कार्यक्रमको लागि यस वर्ष रू.२२ अर्ब ४४ करोड ५ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १७० कार्यक्रम/आयोजनाको लागि रू.१९ अर्ब १५ करोड ९ लाखसमेत रू.४१ अर्ब ५९ करोड १४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकम वित्तीय विवरणमा समावेश गरेको नदेखिएकोले सबै प्रकारका वैदेशिक सहायता वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१६. **वैदेशिक सहायता** – विकास सहायताको तथ्याङ्कअनुसार २०७९।८० मा नेपाल सरकारको कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाखमध्ये रू.१ खर्ब ३९ अर्ब ५६ करोड ९२ लाख (९.८२ प्रतिशत) वैदेशिक सहायतासे ओगटेको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरणअनुसार २०७९।८० मा वैदेशिक अनुदान रू.५५ अर्ब ४५ करोड ८३ लाख र वैदेशिक ऋण रू.२ खर्ब ४२ अर्ब २६ करोड ११ लाखसमेत रू.२ खर्ब ९७ अर्ब ७१ करोड ९४ लाख प्राप्त हुने अनुमान रहेकोमा प्राविधिक सहायताबाहेक अनुदान रू.२३ अर्ब ८९ लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाखसमेत रू.१ खर्ब ४६ अर्ब ५ करोड ६५ लाख प्राप्त भएको छ। बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदान ४१.४९ प्रतिशत र वैदेशिक ऋण ५०.७९ प्रतिशत प्राप्त भई समग्रमा ४९.०६ प्रतिशत वैदेशिक सहायता प्राप्त भएको देखिन्छ। यो वर्ष सञ्चित कोष दाखिला भएको मध्ये अनुदान रू.२३ अर्ब ८९ लाख र ऋणमध्ये रू.१ खर्ब १६ अर्ब १८ करोड ७१ लाख खर्च भएको छ।

१७. **लगानीमा प्रतिफल -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले यस वर्षसम्म विभिन्न ११८ संस्थान र अन्तर्राष्ट्रिय संस्थामा रू.३ खर्ब ८६ अर्ब ७ करोड २८ लाख शेयर लगानी गरी यो वर्ष ११ संस्थाबाट रू.२७ अर्ब ३८ करोड ७ लाख नगद लाभांश प्राप्त भएको देखिन्छ। उक्त नगद लाभांश प्राप्तिमा नेपाल राष्ट्रबैङ्कलाई समावेश नगर्दा रू.१६ अर्ब २५ करोड ४५ लाख हुने देखिन्छ। जुन गत वर्षको भन्दा ३.८४ गुणा बढी हो। नेपाल दूरसञ्चार प्राधिकरणले सम्पूर्ण लगानी फिर्ता गरेकोले सो रकम यस वर्ष बढ्न गएको छ। ती बाहेक १०३ संस्थामा गरेको रू.२ खर्ब ४९ अर्ब ५३ करोड ७७ लाख शेयर लगानीबाट यो वर्ष कुनै पनि प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

१८. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त ऋण लगानीको विवरणअनुसार ७३ संस्थामा नेपाल सरकारको स्रोतबाट गत वर्षसम्म रू.१ खर्ब ५० अर्ब ६० करोड ८८ लाख र वैदेशिक स्रोतबाट ४२ संस्थामा रू.२ खर्ब २३ अर्ब ३१ करोड ३२ लाखसमेत रू.३ खर्ब ७३ अर्ब ९२ करोड २० लाख ऋण लगानी भएको देखिन्छ। यो वर्ष रू.३२ अर्ब १९ करोड २८ लाख थप लगानी र रू.११ अर्ब २० करोड ६ लाख साँवा फिर्ता र अन्य समायोजन थपबापत रू.२ अर्ब ८९ करोड ६

लाख समायोजन गर्दा वर्षान्तको ऋण लगानी हिसाब रू.३ खर्ब ९७ अर्ब ८० करोड ४८ लाख रहेको देखिन्छ। यो वर्ष सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक स्रोततर्फ १ संस्थाको रू.३ अर्ब २ करोड २ लाख लगानी थप र वैदेशिक स्रोततर्फ ३ संस्थाको खुद रू.१२ करोड ९६ लाख ऋण घटाई समग्रमा रू.२ अर्ब ८९ करोड ६ लाख ऋण लगानीमा थप गरेकोमा सोको विस्तृत विवरण सहितको अभिलेख राखेको छैन। मन्त्रालयले नेपाल सरकारको ऋण लगानीको यथार्थ हिसाब भिडान गरी अद्यावधिक तथ्याङ्क राख्नुपर्दछ।

१९. **बक्यौता ब्याज -** शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार २०७८।७९ सम्म रू.१ खर्ब ८ अर्ब ८० करोड ३५ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.८ अर्ब ७० करोड ३३ लाख प्राप्त भई हालसम्म रू.१ खर्ब १० करोड २ लाख प्राप्त हुँन बाँकी रहेको छ। सोमध्ये भाखा नाघेको ब्याज रू.९३ अर्ब ४७ करोड ४५ लाख रहेको छ। अतः लगानीको शर्तबमोजिम प्राप्त गर्नुपर्ने ब्याजको एकीकृत अभिलेख तयार गरी असुल गर्नुपर्दछ।

२०. **शोधभर्ना हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक अनुदान र ऋणको शोधभर्ना हुन बाँकी हिसाबमध्ये ऋण रू.५ अर्ब ५९ करोड ३४ लाख र अनुदानतर्फ रू.१६ अर्ब ९ करोड ४५ लाख गरी रू.२१ अर्ब ६८ करोड ७८ लाख बाँकी देखाएको छ। तर सोही कार्यालयको बजेट तथा शोधभर्ना शाखाले तयार गरेको वैदेशिक सहायता शोधभर्ना हुने ऋण र अनुदानको वार्षिक विवरणमा शोधभर्ना हुन बाँकी अनुदान रू.७ अर्ब ४८ करोड ७८ लाख र ऋण रू.११ अर्ब ३१ करोड ९ लाख गरि रू.१८ अर्ब ७९ करोड ८७ लाख देखाएकोले रू.२ अर्ब ८८ करोड ९२ लाख फरक परेको छ। सोको कारण यकिन हुनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आर्थिक विवरणमा शोधभर्ना हुनुपर्ने ऋणतर्फ रकम रू.११ अर्ब ३१ करोड ९ लाख रहेको छ। तर शोधभर्ना प्राप्त हुनेतर्फको ऋणात्मक मौज्दात घटाउँदा रू.३८ अर्ब ३४ करोड ४१ लाख रहेकोले फरक रू.२७ अर्ब ३ करोड ३२ लाखको हिसाब मिलान गर्नुपर्दछ।

२१. **वित्तीय हस्तान्तरण -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आर्थिक वर्ष २०७९।८० मा सङ्घीय बजेटमा व्यवस्था भएको अनुदान र वास्तविक हस्तान्तरणको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

अनुदान शीर्षक	२०७९।८० (बजेट)			२०७९।८० (वास्तविक)		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
वित्तीय समानीकरण	६१.४	१२३.१	१८४.५	५३.७५	९२.७०	१४६.५
सशर्त	५७.२	१८३.७	२४०.९	३७.७६	१९२.८८	२३०.६
समपूरक	६.३	७.३	१३.६	४.८४	५.२९	१०.१
विशेष	४.६	९.१	१३.७	३.३१	६.८३	१०.१
जम्मा अनुदान	**१२९.५**	**३२३.२**	**४५२.७**	**९९.६६**	**२९७.७**	**३९७.३**
कुल बजेटमा हिस्सा प्रतिशत	७.२	१८.३	२५.४	७.०१	२०.९५	२७.९६
राजस्व बाडफाँट	८१.५	८१.५	१२९.८	६४.०३	६४.०३	१२८.०६
जम्मा हस्तान्तरण	२११	४०४.७	५८२.५	१६३.६९	३६१.७३	५२५.४६
कुल बजेटमा हस्तान्तरण प्रतिशत	११.८	२२.७	३२.६७	११.५२	२५.४६	३६.९८
कुल गार्हस्थ उत्पादनमा प्रतिशत				३.०४	६.७२	९.७६

स्रोतः बजेट २०७९।८०, एकीकृत वित्तीय विवरण २०७९।८०

उल्लिखित तालिकाअनुसार २०७९।८० मा प्रदेश र स्थानीय तहलाई सङ्घीय बजेटको औसत २५.४ प्रतिशत अनुदान र राजस्व बाँडफाँट तथा अनुदान समेत गर्दा सङ्घीय बजेटको ३२.६७ प्रतिशत वित्त हस्तान्तरण गर्ने अनुमान रहेकोमा एकीकृत वित्तीय विवरणबमोजिम क्रमश २७.९६ र ३६.९८ प्रतिशत हस्तान्तरण भएको देखिन्छ, यो कुल गार्हस्थ उत्पादनमा ९.७६ प्रतिशत देखिन्छ। नेपाल सरकारले उपलब्ध गराएको अनुदान रकम खर्च नभएमा सङ्घीय सञ्चित कोषमा फिर्ता पठाउनुपर्नेमा महालेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सशर्त, समपूरक र विशेषतर्फ प्रदेश तथा स्थानीय तहमा २०७९।८० सम्म रू.९ करोड ३३ सङ्घीय सञ्चित कोषमा फिर्ता नभई सम्बन्धित सरकारको कोषमा मौज्दात रहेको अवस्था छ भने १०२ पालिकाले रू.२७ करोड २५ लाख बढी फिर्ता गरेका छन्।

२२. **बजेटको आकार र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा खर्चको सीमा निर्धारण गर्नुपर्ने, दफा ९ मा बजेट प्रस्ताव गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू र नियमावली २०७७ को नियम १६ मा मध्यमकालीन खर्च संरचना, आवधिक योजना, नेपाल सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई दृष्टिगत गरी स्रोत अनुमान समितिबाट प्राप्त सीमाभित्र रही बजेट बनाउनुपर्ने व्यवस्था छ। प्रत्येक वर्षका बजेट वक्तव्यमा महत्त्वपूर्ण नीति तथा कार्यक्रम समावेश गरे पनि कार्यान्वयनमा जाँदा सो अनुसार हुन नसकेको उल्लेख गरी मध्यावधि समीक्षाबाट संसदीय स्वीकृति प्राप्त बजेटको आकार घटाउने गरेको देखिएको छ।

(रू.करोडमा)

शीर्षक	२०७७।७८ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७८।७९ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७९।८० को बजेट	बजेटको मध्यावधि समीक्षा (२०७९ माघ)	२०८०।८१ को बजेटमा २०७९।८० को समीक्षा पश्चात् कायम	खर्च
कुल बजेट	१९५४९९	१७९३१०	१७९३८३	१५५०००	१५०५००	१४२१३३
चालुतर्फ	१०६२०२	११४११९	११८३२३	१०२१९३	१०४३३९	९९१५१
पुँजीगत तर्फ	६७२२८	४१९६८	३८०३८	३१३८५	२५८३५	२३४६२
वित्तीयतर्फ	२२०६९	२३२२३	२३०२२	२१४२२	२०३२६	१९५२०
स्रोततर्फ						
राजस्व बाँडफाँड हुने बाहेक)	१२५६९६	११८३४०	१२४०११	१०८५००	१०४०००	८९९१७
अनुदान	६८२५	५५२०	५५४६	३८४६	३८४६	२३०१
वैदेशिक ऋण	३३५००	२९०००	२४२२६	१७०५४	१७०५४	१२३०५
आन्तरिक ऋण	२९४७८	२६४५०	२५६००	२५६००	२५६००	२४८७४
नोटः यस आर्थिक वर्षको राजस्व प्राप्तिमा साँवा ब्याज फिर्ता समेत समावेश गरिएको छ।						

यस वर्ष कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३३ करोड भएकोमा राजस्व र अनुदान समेत जम्मा रू.९ खर्ब २२ अर्ब १८ करोड प्राप्त भई बाँकी रू.४ खर्ब ९९ अर्ब १५ करोडमध्ये आन्तरिक र वैदेशिक ऋण समेत रू.३ खर्ब ७१ अर्ब ७९ करोड प्राप्त हुँदा रू.१ खर्ब २७ अर्ब ३६ करोड बजेट न्यून देखिएकोमा सोको स्रोत आन्तरिक राजस्वमा देखाएको छ। यसरी स्रोतको वास्तविक प्राप्ति नभई खर्च गर्दा तथा प्रत्येक वर्ष सञ्चित कोषको ऋणात्मक अवस्था वृद्धि हुने भएकोले यथार्थपरक र वास्तविक स्रोतमा आधारित भएर बजेट तर्जुमा गर्नुपर्दछ।

सरकारले सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्च वृद्धि गर्ने नीति लिए तापनि पुँजीगत खर्च २०७८।७९ मा १६.५० प्रतिशत र २०७९।८० मा १६.५१ प्रतिशतमात्र रहेको छ। अनिवार्य दायित्वमा खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकबाट गरिनु र ऋणको ब्याज भुक्तानी बढ्दै जानु लगायतका कारणहरूबाट पुँजीगत खर्चमा असर परेको देखिन्छ। विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ।

२३. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमतासमेतको आधारमा गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७९।८० मा शुरू बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख विनियोजन भएकोमा रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख (बजेटको ७९.२३ प्रतिशत) खर्च भएको छ। नेपाल सरकारको कुल बजेटमध्ये २०७७।७८ मा ८१.१५ प्रतिशत र २०७८।७९ मा ७९.५१ प्रतिशत खर्च भएको थियो। बजेट विनियोजन अनुरूप खर्च हुने क्रम घट्दो दरमा रहेको देखियो। विनियोजन अनुरूप खर्च नहुनुमा बजेट तर्जुमाको लागि पर्याप्त गृहकार्य नहुने, प्राविधिक अध्ययन र तयारी बेगर आयोजना छनोट गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने तथा आर्थिक वर्षको सुरु देखिनै ठेक्का बन्दोबस्त हनु नसक्ने लागायतका कारण रहेका छन्। कार्ययोजना बनाई विनियोजित बजेट खर्च गर्नुपर्दछ।

२४. **पन्ध्रौं योजनाको चौथो वर्षको उपलब्धि -** पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा चौथो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७९।८० को लक्ष्य	२०७९।८० को उपलब्धि
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत)	६.८	९.६	१.८६
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	२.७
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१३.२	०.५६
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.०	२.३३
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	७.७४
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१४५६	१४१०
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	१८.७	११.२	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६१८	०.६०१
९.	अपेक्षित आयु (जन्म हुँदाको वर्ष)	६९.७	७२.०	७०.५
१०.	खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत)	८९	९८.०	९७.०
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९८.०	८९.०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	४१३३	३०८४.१
१३.	विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९५.०
१४.	इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६५.९	७७	८५

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि, उद्योग र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६, ५.८, १३.२ र १० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः १.८६, २.७, ०.५६ र २.३३ प्रतिशत रहेको छ। विद्युत उत्पादन जडित क्षमता ४ हजार १३३ मेगावाट पुर्‍याउने लक्ष्य

रहेकोमा ३ हजार ८४ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार सङ्ख्या १०० प्रतिशत पुर्‍याउने लक्ष्य रहेकोमा ९५ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसङ्ख्या ११.२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २०.२७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको कार्यक्रम विषयगत मन्त्रालयहरूबाट सम्पादन हुनेहुँदा योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै योजना आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२५. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, साँस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न राष्ट्रिय गौरवका आयोजना घोषणा गरेकोमा यो वर्षसम्म यस्ता आयोजनाको संख्या २४ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरूको २०७९।८० सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छः

(रू. करोडमा)

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	२०८४।८५	८४३३	५९२	६४७६	७२.७०
२	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६६।६७	उल्लेख नगरिएको	१२८०००	२६०	३०४४	नखुलेको
३	कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सीमिकोट-सलिसल्ला)	२०६९।७०	२०८४।८५	६६६	३०	१३६	२४.००
४	कोशी कोरिडोर (खाँदवारीदेखि किमाथांका)	२०६५।६६	२०८४।८५	११९३	६८	५०६	४२.००
५	कालीगण्डकी कोरिडोर (गैडाकोट कोरला सडक खण्ड)	२०६६।६७	२०८३।८४	३५७९	३३७	१३५७	३८.००
६	हुलाकी लोकमार्ग आयोजना	२०६६।६७	२०८३।८४	६५२०	६८२	५९६५	९१.००
७	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	२७७०	१८६	१८०६	६६.९७
८	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	५२६४	८५	१९८५	३९.७६
९	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	१८९६	१४९	१२६५	७०.०३
१०	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	३५००	२६	६५९	१८.८४
११	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०८४।८५	३६८०	१०७	१६५३	६३.३०
१२	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	१३२	४१३५	नखुलेको
१३	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८४।८५	४९४२	५३८	८९२	२१.४०
१४	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	२०६७।६८	सम्पन्न	४९२९	०	५२९८	१००
१५	पश्चिम सेती जलविद्युत आयोजना	२०६७।६८	नखुलेको	२७३८५	०	०	०
१६	पशुपति क्षेत्र विकास कोष	२०७०।७१	नखुलेको	२६४	२१	१७९	६७.००
१७	लुम्बिनी विकास कोष	२०६९।७०	२०८३।८४	१३२६	१२४	८००	८७.००
१८	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७४।७५	२०७९।८०	२२००	०	२५३४	९८.००
१९	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	२०८५।८६	१६५००	३	१०२	नखुलेको
२०	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७१।७२	सम्पन्न	३०९१	०	३५६६	१००
२१	मेलम्ची खानेपानी आयोजना	२०५५।५६	नखुलेको	३५५४	६८	३१३४	९९.००
२२	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०६४।६५	२०८३।८४	२११९३	१४९४	४९२४	२५.५४
२३	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७१।७२	२०९३।९४	२४९७२	१९८	१४०६	६.०७
२४	विद्युत प्रसारण आयोजना	२०६७।६८	२०८४।८५	६१२६	४८	३५५	नखुल्ने

योजना आयोगले राष्ट्रिय गौरवका विभिन्न २४ आयोजनाको २०७९।८० को संशोधित मध्यमकालीन बजेट अनुमान र लगानीको अद्यावधिक विवरण तयार गरेको छैन। कार्यान्वयनमा ल्याइएका २४ आयोजनामध्ये सम्पन्न भएका २ आयोजना , समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ४ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ५ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ तथा भौतिक प्रगति नखुलेका ४ आयोजना रहेका छन्। आयोजना समयमा सम्पन्न नहुँदा सुरु लागतमा समेत वृद्धि भएको देखिन्छ। तोकिएको समयमा आयोजना सम्पन्न गर्न प्रभावकारी संयन्त्रको व्यवस्था गरी राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाउँदै प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्दछ।

२६. **रूपान्तरणकारी आयोजना -** पन्ध्रौं योजनाले लिएका राष्ट्रिय तथा विषय/क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल हुने गरी पहिचान र छनोट गरिएका रूपान्तरणकारी आयोजनाहरूमध्ये आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्रका १ समेत १७ आयोजना रहेका छन्। तीआयोजनामध्ये समष्टिगत भौतिक प्रगति शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको ८० प्रतिशत र गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेंशी-रसुवागढी सडक आयोजनाको ७४ प्रतिशत रहेको छ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रम अन्तर्गतको पश्चिम सेती ४०० के.भी. प्रसारण लाइन आयोजना खण्ड र प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको २०७९।८० सम्मको समष्टिगत भौतिक प्रगति शून्य रहेको छ। अन्य आयोजनाहरूको प्रगति ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरूको हालसम्मको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगतिसमेत खुल्ने गरी मध्यावधि समीक्षा भएको छैन। यस्ता आयोजना समयमा नै सम्पन्न गरेर नतिजा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२७. **रकमान्तर -** यो वर्ष कुल बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमा रू.९५ अर्ब २९ करोड ७४ लाख (बजेटको ५.३१ प्रतिशत) रकमान्तर भएको छ। सो मध्ये २०८० आषाढ महिनामा रू.२३ अर्ब १० करोड ६५ लाख र आषाढ अन्तिम हप्तामा रू.१३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थपघट गरेको छ।

शुरु बजेटमा व्यवस्था नभएका विभिन्न १६ कार्यक्रममा रकमान्तर गरी रू. रू.१५ अर्ब ४९ करोड ९० लाख बजेट कायम गरेकोमा रू.८ अर्ब २७ करोड ६० लाख (५३.४० प्रतिशत) खर्च गरेको छ। त्यसैगरी यस वर्षको बजेट वक्तव्यको बुँदा नं ३६९ मा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य राष्ट्रिय गौरवका आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा उक्त प्रावधान विपरीत ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट रू.५ अर्ब ७८ करोड ७५ लाख राष्ट्रिय गौरव बाहेकका अन्य ५१ आयोजनाहरूमा रकमान्तर गरेको छ। कानुनको सीमाभित्र रहेरमात्र रकमान्तर गर्नुपर्दछ।

२८. **वर्षान्तको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो

वर्ष रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च भएकोमा २०८० आषाढ महिनामा रू.२ खर्ब ४५ अर्ब ६६ करोड ९१ लाख (१७.२८ प्रतिशत) खर्च भएको छ। उक्त खर्चमध्ये आषाढ महिनाको अन्तिम हप्तामा रू.८८ अर्ब ६६ करोड ७७ लाख (अर्थात् कुल खर्चको ६.२४ प्रतिशत) खर्च भएको छ। नियमावलीको व्यवस्था पालना गरी स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिकाबमोजिम खर्च गरी भुक्तानी गर्नुपर्ने तथा आषाढको तेस्रो हप्ताभन्दा पछाडि खर्च एवं भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२९. **नगद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले सहजीकरण तथा नियमन गर्नुपर्ने निकायहरू, विद्युत विकास विभाग लगायतले उठाएको राजस्व सिधै सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने गरेकोमा नेपाल दूरसञ्चार प्राधिकरण, बीमा प्राधिकरण, धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायतले सेवा शुल्कलगायतका विषयमा लिने गरेको रकम सम्बन्धित निकायहरूको आम्दानी हुने व्यवस्था गरेको छ। सरकारले बनाएको संरचनाको प्रयोग एवं परिचालनबाट प्राप्त हुने राजस्वको निश्चित रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था हुन नसकेकोले महालेखा नियन्त्रक कार्यालयले वित्तीय विवरणमा समावेश गरेका ८८ गैर बजेटरी निकायमा रू.२१ अर्ब ५९ करोड ५ लाख बैङ्कमा मौज्दात रहेको छ। सो बाहेक नेपाल वित्तीय प्रतिवेदन मान लागु हुने सार्वजनिक निकायहरूको खातामा समेत यस्तो मौज्दात रहेको छ। त्यस्ता संस्थासँग रहेको मौज्दात रकम न्यून ब्याज प्राप्त गर्नेगरी मुद्दती, बचत र चालु बैङ्क खातामा रहेको देखिन्छ।

वित्तीय हस्तान्तरण भएको रकममध्ये यो वर्ष खर्च हुन नसकी प्रदेशमा रू.८२ अर्ब ८ करोड ८९ लाख र स्थानीय तहमा रू.९४ अर्ब ९४ करोड ७३ लाखसमेत रू.१ खर्ब ७७ अर्ब ३ करोड ६२ लाख सञ्चित कोषमा मौज्दात रहेको छ। सङ्घीय सरकारले स्रोतको कारण ऋण लिई प्रदान गरेको रकममध्ये खर्च नभएको यस्तो रकममा २०७९।८० मा आन्तरिक ऋणको औसत ब्याजदर ९ प्रतिशतका दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहको सञ्चित कोषमा रहेको उक्त रकमको ब्याज रू.१५ अर्ब ९३ करोड ३३ लाख भुक्तानी गर्नुपरेको छ। सरकारी खर्चको लागि आवश्यक पर्ने नगदको आकलन गरी नगदप्रवाह योजना तर्जुमा गर्नुपर्दछ।

३०. **बैङ्क तथा वित्तीय संस्थाको नियमन -** नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैंङ्क नियामक निकायको रूपमा रहेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन, २०७९।८० अनुसार बाणिज्य बैङ्कहरूको निक्षेपमा औसत ब्याजदर र कर्जाको ब्याजदर २०७८ आषाढमा क्रमशः ४.६५ र ८.४६ प्रतिशत, २०७९ आषाढमा ७.४१ र ११.६२ प्रतिशत रहेकोमा २०८० आषाढमा क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशन विपरीत ब्याज प्रिमियममा पुनःथप प्रिमियम लिएको अवस्थामा सो रकम फिर्ता गर्न निर्देशन दिएकोमा सो कार्यान्वयनको तथ्याङ्कीय विवरण अद्यावधिक रहेको देखिएन। नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित २०७९।८० को तथ्याङ्कअनुसार वाणिज्य बैङ्कहरूले प्रवाह गरेको कुल कर्जामध्ये उत्पादनशील क्षेत्रमा १५.४३ प्रतिशत, कृषि क्षेत्रमा ८.५ प्रतिशत, घरजग्गा खरिद बिक्री, हायर पर्चेज (स्थिर सम्पत्ति, अन्य तथा उपभोग्यलगायतका क्षेत्र) जस्ता अनुत्पादक क्षेत्रमा ३३.३३ प्रतिशत लगानी भएको देखिन्छ। वित्तीय स्थायित्व कायम हुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

३१. **विदेशी मुद्रा सञ्चिति -** विदेशी मुद्रा सञ्चिति २०७९ असाढमा रू.१२ खर्ब १५ अर्ब ८० करोड रहेकोमा २०८० असारमा रू.१५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको छ। चालु खाता २०८० असारमा रू.७२ अर्ब १६ करोड ऋणात्मक रहेको छ। त्यसै गरी शोधानान्तर स्थिति २०७९।८० मा २ खर्ब ९० अर्ब ५२ करोड बचतमा छ। व्यापार सन्तुलन, विदेशी मुद्रा सञ्चिति र शोधानान्तर स्थितिलाई सुधार गरी अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउन उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

३२. **स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटी (एस.एल.एफ.) -** बैङ्क तथा वित्तीय संस्थामा तरलता जोखिम व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका जारी गरेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई २०७६।७७ मा ८३ पटकमा रू.१ खर्ब ३ अर्ब, २०७७।७८ मा १६७ पटकमा रू.३ खर्ब ६१ अर्ब र २०७८।७९ मा ४ हजार ९०८ पटकमा रू.९१ खर्ब ७० अर्ब र २०७९।८० जेठ मसान्तसम्म १ हजार ६५७ पटकमा रू.२७ खर्ब २७ अर्ब एस.एल.एफ. सुविधा प्रदान गरेको छ। बैङ्क तथा वित्तीय संस्थाले तरलता व्यवस्थापन सम्बन्धी केन्द्रीय बैङ्कको निर्देशन पालना गर्ने क्रममा तरलता अभाव भएमा उक्त सुविधा प्रदान गर्नुपर्नेमा सोको यकिन गरेको छैन।

३३. **सहुलियतपूर्ण कर्जा -** नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण अनुसार वाणिज्य बैङ्कहरूले २०७८।७९ सम्म रू.२ खर्ब ५९ अर्ब ५५ करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतसम्मका दरले ब्याज अनुदानबापत रू.१६ अर्ब ९६ करोड ५० लाख भुक्तानी र यस वर्षसम्म रू.२२ अर्ब ३९ करोड सञ्चित ब्याज अनुदान प्रदान गरेको छ। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८० असार मसान्तमा रू.१ खर्ब ९८ अर्ब २७ करोड पुगेको देखिन्छ। बैङ्कहरूले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

३४. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चयकोषबिच २०७०।३।४ मा २ थान न्यारोबडी एयरबस खरिद गर्नका लागि नेपाल सरकारको रू.१० अर्बको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा १ थान वाइडबडी एयरबस खरिद गर्नको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको देखिन्छ। निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चय कोषले पुँजीकरण गर्ने सञ्चालक समितिको निर्णयअनुसार साँवा रकम बढेर रू.२८ अर्ब ५७ करोड ३५ लाख पुगेको छ। कोषले बढेको रकमसमेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गरेको छैन। कोषले प्राप्त जमानत भन्दा बढी कर्जालाई शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने निर्णय गरे तापनि यो वर्षसम्म रू.१ अर्ब ७९ करोड ५७ लाख मात्र कर्जा नोक्सानी व्यवस्था गरेको छ। यसरी बढेको रकम खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले पहल गर्नुपर्दछ।

३५. **परियोजना कर्जा प्रवाह** – कर्मचारी सञ्चयकोषले प्रवाह गरेको कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा विभिन्न ५ कम्पनीसँग रू.१ अर्ब ९५ करोड ३३ लाख, ४ उद्योगसँग रू.५३ करोड ८४ लाख र २ होटल तथा रिसोर्टसँग रू.४५ करोड ७२ लाखसमेत रू.२ अर्ब ९४ करोड ८९ लाख उठ्न बाँकी रहेको छ।कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १५(४) मा प्रत्येक आर्थिक साल तमामको दिन कोषको पुँजी र दायित्व बजार भाउले मूल्याङ्कन गर्दा वार्षिक ३ प्रतिशत ब्याज दिन नपुग्ने भएमा त्यस्तो ब्याज दिन नपुग रकम जति नेपाल सरकारको सञ्चित कोष प्रति व्ययभार हुने व्यवस्था

रहेकोले कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३६. **करको दायरा** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७६।७७ सम्म	२०७७।७८ सम्म	२०७८।७९ सम्म	२०७९।८० मा थप/घट	२०७९।८० सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१४२९६०४	१५७७३८३	१७६२४१३	१४२६९९	१९०५११२
व्यक्तिगत स्थायी लेखा नम्बर	१९७८६८०	२४७१७२६	३०५०३०४	६१३४८३	३६६३७८७
अग्रीम कर स्थायी लेखा नम्बर	५१०६	९९९८	१८०९४	१००२८	२८१२२
जम्मा	**३४१३३९०**	**४०५९१०७**	**४८३०८११**	**७६६२१०**	**५५९७०२१**
मूल्य अभिवृद्धि करमा दर्ता	२६८४३६	२८५०९८	२९१३६१	२४१८९	३१५५५०
अन्तः शुल्क इजाजतपत्र	९४२९२	१०३४२३	१३११२७	-१४४५२	११६६७५

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

उपर्युक्त विवरणअनुसार २०७८।७९ को तुलनामा यो वर्ष व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा ८.१० प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ ८.३० प्रतिशत वृद्धि भएको र अन्तःशुल्क इजाजतपत्र नवीकरण नगर्ने करदाता गत वर्षको तुलनामा ११.०२ प्रतिशत न्यून रहेको देखिन्छ।

३७. **मूल्य अभिवृद्धि कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	*२०७५।७६*	२०७६।७७	२०७७।७८	*२०७८।७९*	*२०७९।८०*
डेबिट विवरण प्रतिशत	२५.६०	२२.१७	११.०७	२२.८७	११.३१
क्रेडिट विवरण प्रतिशत	४५.९०	४८.३८	५५.१५	४५.७१	५८.७७
शून्य विवरण प्रतिशत	२८.५०	२९.४५	३३.७८	३१.४२	२९.९२
आषाढमा डेबिट (रू.अर्बमा)	१२.६९	११.२३	१०.४८	१५.६५	१४.१८
आषाढमा क्रेडिट (रू.अर्बमा)	३९.७४	४२.४०	४७.४४	७१.२७	६९.८५
क्रेडिट/ डेबिट अनुपात (गुणा)	३.१३	३.७७	४.५३	४.५५	४.९२

आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष बर्षान्तमा मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१४ अर्ब १८ करोड डेबिट विवरण तथा रू.६९ अर्ब ८५ करोड क्रेडिट विवरण पेस गरेको छ। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय विजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इन्ड्रोर्समेन्ट, बजार अनुगमन जस्ता विधिको अवलम्वन गर्नुपर्दछ।

३८. **राष्ट्रिय एकद्वार प्रणाली** - नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका, २०७८ तयार गरी सञ्चालनमा ल्याएको छ। निकासी पैठारीसँग सम्बन्धित विभिन्न ४८ निकायलाई भन्सारको एउटै विद्युतीय प्रणालीमा आबद्ध गर्नुपर्नेमा

हालसम्म १८ निकाय मात्र उक्त प्रणालीमा आबद्ध भएका छन्। प्रणालीको विकास, सञ्चालन, गुणस्तर आश्वस्तता, अनुगमन र नियमित मर्मत सम्भारमा हालसम्म रू.४० करोड ४३ लाख ७ हजार खर्च भइसके तापनि विभिन्न ३० निकायमा प्रणाली जडान कार्य बाँकी रहेको तथा प्रणाली जडान भएका केही निकायले समेत सो प्रणाली सञ्चालनमा ल्याएका छैनन्।

३९. **जग्गाको उपयोग र संरक्षण-** त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेकोमा विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरको ११३ रोपनी १ विद्यालयले, बागमती नदी किनाराको २६ रोपनी जग्गा विभिन्न ३ संस्थाले प्रयोग गरेकोमा विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन। त्यस्तै पोखरा विश्वविद्यालयको ६२५ रोपनीभन्दा बढी जग्गा सुकुम्बासीबाट अतिक्रमण भएको छ। विश्वविद्यालयले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

४०. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौँको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा स्वामित्व हस्तान्तरण गरेको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न नसकेको बेहोरा गत वर्ष औँल्याइएकोमा स्थिति यथावत् छ।

४१. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार ३९.१२ हेक्टर जग्गा अतिक्रमण भएको देखिन्छ। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

४२. **जग्गा अतिक्रमण -** सर्वोच्च अदालतले स्वर्गद्वारी आश्रमको नाममा दर्ता रहेको जग्गा आवश्यक संरक्षण प्रदान गर्नु गराउनु भनी विपक्षीहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालय र गुठी संस्थानको नाममा २०६२।१२।१४ मा परमादेश जारी गरेको देखिन्छ। आश्रमको नाममा दाङ जिल्लाको विभिन्न स्थानमा रहेको १ हजार ३४ बिघा जग्गामध्ये २०९ बिघा ११ कट्ठा जग्गा विभिन्न व्यक्ति तथा संस्थाबाट अतिक्रमण भएको छ। भूमिसुधार तथा मालपोत कार्यालय, दाङले अतिक्रमण हटाउने कार्यको

लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेकोमा हालसम्म पनि उक्त जग्गा अतिक्रमित अवस्थामा नै रहेको देखिन्छ।

नेपाल सरकार मन्त्रिपरिषद्को २०४७।१।५ को निर्णयबमोजिम काठमाडौं जिल्ला गोठाटार स्थित ५३५ रोपनी ३ आना जग्गा पशुपति कोषको नाममा प्राप्त भएको छ। बालुवा खानीका कारण पटक-पटक विवादमा आएको उक्त जग्गा कोषले संरक्षण नगर्दा ११ पक्की घर, ४० टहरा र एक विद्यालयले भवन बनाई अतिक्रमण गरेको छ।त्यसै गरी २०७८।६।७ को एक अध्ययन प्रतिवेदनअनुसार लुम्बिनी विकास कोषको स्वामित्वमा रहेको सगरहवा क्षेत्रको ५८.११ विघा जग्गामध्ये केही जग्गामा ५६ परिवारद्वारा घरटहरा निर्माण गरी बसोबास गरेको र ३१ परिवारद्वारा कृषियोग्य जमिन जोतभोग गरिरहेको उल्लेख छ। पुरातात्त्विक सम्पदा तथा जग्गाको संरक्षण र संवर्धन गर्नुपर्दछ।

बागमती सभ्यता र नदी तथा किनारासमेतको उचित संरक्षण र विकासका लागि नदीको दायाँ बायाँ ढल र करिडोर सडक तथा किनारामा सौन्दर्यीकरणका लागि पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, तटबन्ध निर्माण र सरसफाइलगायतका कार्य रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको मुख्य कार्य क्षेत्र बागमती नदी रहेको छ। आयोजनाबाट अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउने सम्बन्धमा दीर्घकालीन समाधानको विकल्प खोजी उक्त कार्यका लागि गठित समितिले २०७९।५।२२ मा पेस गरेको प्रतिवेदनअनुसार उपत्यकाभित्रका नदी किनारमा ३ हजार ४९६ घरधुरी अव्यवस्थित बसोबास गरिरहेको उल्लेख छ। बाग्मती नदीको सिनामंगल, थापाथली एवं अन्य सहायक नदीको आसपासलगायतका स्थानमा जग्गा अतिक्रमण हुँदा करिडोर तथा तटबन्ध निर्माण कार्य अगाडि बढ्न सकेको देखिएन।

४३. **मतदानमा सहभागिता** - स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउनु निर्वाचन आयोगको प्रमुख संवैधानिक जिम्मेवारी रहेको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७९ मा १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकोमा १ करोड ११ लाख २६ हजार २२६ जना (६१.८५ प्रतिशत) मतदाताहरूले मताधिकार प्रयोग गरेका छन् भने प्रत्यक्ष निर्वाचनतर्फ ६.०६ प्रतिशत र समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ मा ६८.६७ प्रतिशत मतदान भएकोमा २०७९ को चुनावमा ६१.८५ प्रतिशत मात्र मतदान भएकोले मतदानमा सहभागिता दर घटेको देखिन्छ। मतदानमा सहभागितादर वृद्धि गर्न एवं बदर मत प्रतिशतलाई न्यूनीकरण गर्न मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्दछ।

४४. **ट्रयाकिङ्ग प्रणाली** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९ हजार ९४१ प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष राजस्व अनुसन्धान विभागले ट्रयाकिङ्ग प्रणालीको प्रयोग नगर्ने उपर अनुगमन गरी ४२७ फर्मबाट रू.२ करोड ५४ लाख ७७ हजार जरिबाना असुल गरेको छ। एउटै ढुवानी साधनमा भएको मालवस्तुहरू ढुवानी गर्दा गोदाम/यार्ड, प्रज्ञापनपत्र तथा ट्रयाकिङ्ग प्रणालीमा अलग अलग घोषणा गर्नुपर्ने अवस्थाले सेवाग्राहीको समय र लागत बढी लाग्ने गरेको छ। यसलाई कम गर्न भन्सार प्रज्ञापनपत्रमा घोषणा गरिएको विवरण स्वचालित रूपमा नै ट्रयाकिङ्ग प्रणालीमा समेत उपयोग गर्न सकिने प्रणालीको विकास गर्नुपर्ने एवं

आशिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबीच अन्तर आबद्धता कायम गरी विभागले प्रणालीलाई थप प्रभावकारी बनाई राजस्व चुहावटलाई नियन्त्रण गर्नुपर्दछ।

४५. **प्रतिवेदन कार्यान्वयन -** सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले ९ सेप्टेम्बर, २०२३ मा नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन जारी गरेको छ। वित्तीय कारबाही कार्यदलले पारस्परिक मूल्याङ्कन गर्दा ४० वटा सिफारिसको प्राविधिक अनुपालनाको आधारमा प्रभावकारिता निर्धारण गरेकोमा नेपालले लक्षित आर्थिक प्रतिवन्ध कार्यान्वयन, गैरनाफामूलक संस्थाको सम्भावित जोखिम र नयाँ प्रविधिसँग सम्बन्धित जोखिमको पहिचान र मूल्याङ्कनसम्बन्धी सुझावको परिपालना नगरेको प्रतिवेदनमा उल्लेख छ। उक्त समूहले यससँग सम्बन्धित संस्थागत ढाँचाको ११ क्षेत्रमा वर्गीकरण गरी प्रभावकारिता मापन गर्दा ४ वटा क्षेत्रमा मध्यम र ७ वटा क्षेत्रमा न्यून स्तरमा निर्धारण गरेको पाइयो। न्यून स्तरमा निर्धारण भएका क्षेत्रमा लगानी नियमन, रोकथामका उपाय, वित्तीय कारोबारको स्वीकृति र सुपरिवेक्षणलगायत रहेका छन्।

प्रतिवेदनमा उल्लेख भएका विषयहरू सुधारको लागि २०२४ अक्टोबरसम्मको समय सीमा तोकेको देखिँदा नेपालको मूल्याङ्कनस्तरमा सकारात्मक नतिजा ल्याउन प्रतिवेदनले औंल्याएका क्षेत्रमा सुधार गर्नुपर्दछ।

४६. **सङ्घीय निजामती सेवा ऐन -** नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको गठन सम्बन्धमा उल्लेख छ। देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन तथा सञ्चालन र सेवाका शर्त सङ्घीय ऐनबमोजिम हुने उल्लेख छ। संविधान जारी भएको ८ वर्ष व्यतीत भइसक्दासमेत सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन। सङ्घीय निजामती सेवा विधेयक २०८०।११।२१ मा सङ्घीय संसदमा पेस भएको छ।

कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती तथा स्थानीय सेवासम्बन्धी कानुन बनाउँदा सङ्घीय निजामती सेवासम्बन्धी कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिई प्रदेश वा स्थानीय तहको सेवाको गठनसम्बन्धी कानुन बनाउने गरी मापदण्ड तोकेको छ। विद्यमान निजामती सेवा ऐन, २०४९ का कतिपय प्रावधानसँग नमिल्ने गरी सात प्रदेशले प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी लागु गरेका छन्। ऐन जारी नहुँदा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवालगायत वृत्तिविकासका अवसरहरूमा अस्पष्टता रहेको देखिन्छ।

४७. **कर्मचारी सरुवा व्यवस्थापन -** निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सरुवा गर्ने अधिकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको छ। निजामती सेवा नियमावली, २०५० को नियम ३६ ले सरुवाको समयतालिका र सरुवाका आधारहरू निर्धारण गरेको छ। सोअनुसार मन्त्रालयले प्रत्येक वर्षको भदौ महिनामा सरुवा गर्नुपर्नेमा वर्षभरि सरुवा गर्ने, काजमा खटाउने कार्य गरेको छ। मन्त्रालयले २०७९।८० मा राजपत्राङ्कित १ हजार ९५४ जना र राजपत्र अनङ्कित तथा श्रेणीविहीन १ हजार ३४७ को सरुवा गरेकोमा १३ प्रतिशत मात्र भाद्र महिनामा र बाँकी ८७ प्रतिशत अन्य महिनामा सरुवा गरेको देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) मा कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न खटाउने व्यवस्था छ। मन्त्रालयले २०७९।८० मा प्रमुख प्रशासकीय अधिकृतको रूपमा १ हजार ३१५ कर्मचारीलाई स्थानीय तहमा खटाएको, एउटै कर्मचारीलाई एकै वर्षमा २ भन्दा बढी स्थानीय तहमा खटाएको र १९० स्थानीय तहमा निमित्तको रूपमा कामकाज गर्न खटाएको छ। राष्ट्रिय विकास समस्या समाधान समितिको २०७९।१२।३ को बैठकबाट स्थानीय तहमा सङ्घबाट खटाएका कर्मचारीलाई कम्तीमा १ वर्ष खटाएको स्थानीय तहमै रहनुपर्ने व्यवस्था मिलाउने निर्णय भएकोमा सोको पालना भएको देखिएन।

४८. **अस्पतालहरूको सेवा प्रवाह -** बिरामीको चाप उच्च रहेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) सेवा सुविधा सम्पन्न रेफरल अस्पतालको रूपमा रहेको भए तापनि बिरामीले शल्यक्रियाको लागि १ हप्तादेखि रोगको प्रकृतिबमोजिम १ वर्षसम्म उपचारको लागि कुर्नुपर्ने, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिरामी परीक्षण गर्न ३ देखि ६ घण्टा तथा शल्यक्रियाको लागि रोगको प्रकृतिअनुसार ४ देखि १२ हप्ता, हेमोडाइलासिस सेवाको लागि ४-५ महिना, इण्डोस्कोपीको लागि १ हप्तासम्म प्रतीक्षा गर्नुपर्ने, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा डायलासिसका लागि करिब ७०० बिरामी प्रतीक्षारत रहेको र बिरामीले सेवा लिन ६ महिनादेखि एक वर्षसम्म पालो पर्खिनुपर्ने, बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवनमा रेडियोथेरापी गर्न ४५ दिनसम्म प्रतीक्षा गर्नुपर्ने, क्यान्सर रोगको लागि अति आवश्यक पेट सिटी स्क्यान, बोनम्यारो ट्रान्सप्लान्ट र मेमोग्राफी मेसिन नहुँदा सेवाग्राहीले जटिल प्रकृतिको रोगको उपचार पाउन नसकेको, कान्ति बाल अस्पतालमा सामान्य शल्यक्रिया गर्न ३ महिनादेखि १ वर्ष, जटिल तथा हाइड्रोशिलको शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्षसम्म पालो पर्खनुपर्ने अवस्था छ। अस्पतालहरूले बिरामीलाई सर्वसुलभ तथा छिटो छरितो सेवा प्रदान गर्नुपर्दछ।

४९. **उपकरणको प्रयोग** - स्वास्थ्य सेवा विभागले कोशी अस्पतालमा उपलब्ध गराएको रू.२१ लाख १० हजारको १० थान बाइपाप मेसिन र २ थान भेन्टिलेटर मेसिन, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा ८६ डायलासिस मेसिन रहेकोमा ६१ मात्र चालु अवस्थामा, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा हस्तान्तरण भएको ४५ थान भेन्टिलेटर सहितका उपकरण तथा खरिद गरेको अर्थोस्कोपी मेसिन र ओ.टी. टेबुललगायतका उपकरण प्रयोगमा ल्याइएका छैनन्। स्वास्थ्य सेवा विभागले मागबेगर नै उपकरण खरिद गरी अस्पतालहरूलाई हस्तान्तरण गर्ने, मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजातहरू हस्तान्तरण नगर्नेलगायतका समस्याहरू देखिएका छन्। मन्त्रालयले अस्पतालमा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विगतमा खरिद भएको एम.आर.आई. मेसिन-३ तथा स्वास्थ्य सेवा विभागले उपलब्ध गराएको ७ थान हेमोडाइलासिस मेसिन चालु अवस्थामा रहेको छैन भने अर्को मेसिन खरिद गर्न मन्त्रालयले विगत वर्ष रू.३१ करोड निकासा गरे पनि खरिद नगर्दा एम.आर.आई.गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनु परेको, अंकोलोजी भवन निर्माण गर्न २०७४।७५ मा नेपाल सरकारले रू.२१ करोड ६७ लाख निकासा दिए पनि भवन निर्माण नभएको, विगतमा तयार गरेको अक्सिजन प्लाण्ट सञ्चालन हुन नसकेको, प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको लगायतका कारण सेवा प्रवाहमा समस्या रहेको छ।

५०. **बजेट स्वीकृति -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ७ मा सह-कुलपतिको अध्यक्षतामा सञ्चालक परिषद् गठन हुने र परिषद्ले प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्नेलगायतका कार्य गर्ने उल्लेख भए तापनि २०७७।४।३० पछि बैठक बसेको छैन। कार्यकारिणी समितिले प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने अधिकार बेगर यो वर्ष प्रशासनिक खर्च रू.२ अर्ब ७५ करोड ४६ लाख र पुँजीगत खर्च रू.१७ करोड ७ लाखसमेत रू.२ अर्ब ९२ करोड ५३ लाख कार्यक्रम स्वीकृत गरी खर्च गरेको नियमसम्मत देखिएन। कानुनी व्यवस्थाबमोजिम सञ्चालक परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृत गराई खर्च लेख्नुपर्दछ।

५१. **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

प्रदेश	शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	१७.२	३६.५	३४.१	११३.९
मधेस	५५.२	११५.४	७८.७	१३८.९
बागमती	१५.८	३४.६	२८.४	९०.७
गण्डकी	११	२६.८	२२.३	६४.३
लुम्बिनी	२९.४	६३.६	५०.९	१२७.१
कर्णाली	२८.७	६८.५	६६.०	९३.८
सुदूरपश्चिम	२७.३	६०	५४.५	६०
औसतमा कुल	२६.३७	५७.९१	४७.८४	९८.३८

प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात औसतमा आधारभूत तहको कक्षा १-५ मा २६.३७, कक्षा ६-८ मा ५७.९१, माध्यमिक तहको कक्षा ९-१० मा ४७.८४ र कक्षा ११-१२ मा ९८.३८ रहेको छ। हिमाल, पहाड, तराई खुल्नेगरी शिक्षक विद्यार्थी अनुपातको विवरण अद्यावधिक नगरी प्रदेशगत रूपमा गरेकोले शिक्षक विद्यार्थीको अनुपात एकिन गर्न सकिएन।

५२. **विद्यार्थी भर्ना** - नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारले विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायतका कार्यक्रममा वर्षेनी खर्च बढाउँदै लगेको छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्क अनुसार विगत ५ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(सङ्ख्या हजारमा)

वर्ष	कक्षा १-५ को विद्यार्थीको सङ्ख्या		कक्षा ६-८ को विद्यार्थीको सङ्ख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी सङ्ख्या			सामुदायिक विद्यालयका विद्यार्थी प्रतिशत	संस्थागत विद्यार्थी प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७५	२७९३	९३७	१३९४	४३१	४१८७	१३६९	५५५५	७५.४०	२४.६०
२०७६	२४७९	१०५५	१३१५	४५७	३७९५	१५१२	५३०७	७१.५०	२८.५०
२०७७	२६८८	८३४	१३८१	४३५	४०६९	१२६९	५३३९	७६.२३	२३.७७

वर्ष	कक्षा १-५ को विद्यार्थीको सङ्ख्या		कक्षा ६-८ को विद्यार्थीको सङ्ख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी सङ्ख्या			सामुदायिक विद्यालयका विद्यार्थी प्रतिशत	संस्थागत विद्यार्थी प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७८	२५६३	९८५	१३१६	४६१	३८७९	१४४६	५३२५	७२.८४	२७.१६
२०७९	२३६९	११४९	१३२३	५२९	३६९२	१६७८	५३७०	६८.७५	३१.२५

उल्लिखित तथ्याङ्कअनुसार सामुदायिक विद्यालयको आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) विद्यार्थी भर्ना सङ्ख्या वर्षेनी घट्दै गएको र २०७९ मा भर्ना भएका विद्यार्थीमध्ये ३१.२ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्। शैक्षिक वर्ष २०७५ को तुलनामा २०७९ मा कुल विद्यार्थी सङ्ख्या ३.३३ प्रतिशतले घटेको देखिन्छ। जसमध्ये सामुदायिक विद्यालयमा ११.८२ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा २२.५७ प्रतिशतले बढेको देखिन्छ। शिक्षा क्षेत्रमा सरकारी लगानी वृद्धि भइरहे तापनि सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको देखिन्छ। सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

५३. **किसान सूचीकरण तथा परिचयपत्र** - खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म १४ लाख किसान परिवार सूचीकरण भए तापनि परिचयपत्र जारी हुन सकेको छैन। किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसान पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्ने लगायतका कार्यसमेत प्रभावित भएको छ। अतः किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

५४. **अनुदान र उपयोग** - मन्त्रालयमा अनुदानको लागि यो वर्ष रू.४१ अर्ब १५ करोड ६ लाख बजेट व्यवस्था भएकोमा रासायनिक मल खरिदमा रू.३१ अर्ब २० करोड ३३ लाख, बाली तथा पशुधन बीमा प्रिमियममा रू.७५ करोड ९९ लाख, उखु कृषकका लागि रू.७३ करोड ६१ लाख र अन्य बीउ, बिरुवा, मेसिनरी, कृषि औजारलगायतमा रू.३ अर्ब ३४ करोड ४१ लाखसमेत रू.३६ अर्ब ४ करोड ३४ लाख अनुदान वितरण गरेको छ। सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि तीनै तहबीच समन्वयको अभावमा अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुनुको साथै, अनुदान उपयोगको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन। किसान परिचयपत्र जारी तथा अनुदान वितरणको राष्ट्रिय नीति एवं व्यवस्थापन सूचना प्रणाली तयार गरी अनुदान वितरणलाई थप व्यवस्थित गर्नुपर्दछ।

५५. **न्यूनतम समर्थन मूल्य** - न्यूनतम मूल्य निर्धारणको लागि उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी मन्त्रालयको सिफारिसमा नेपाल सरकारले घान, गहुँ, उखु र कच्चा दूधको मात्र न्यूनतम समर्थन मूल्य निर्धारण हुँदै आएता पनि सोसम्बन्धी कार्यविधि तयार नभएको एवं उल्लिखित वस्तुहरूको न्यूनतम समर्थन मूल्यमा बिक्री नभएको अवस्थामा सरकारबाट खरिद हुने व्यवस्थाको अभाव देखिनुका

साथै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गर्ने गरेको छैन। न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी कार्यविधि तयार गरी कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउन समयमै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गरी कृषकबाट उक्त मूल्यमा खरिद हुने व्यवस्थाको सुनिश्चितता हुनुपर्दछ।

५६. **वनस्रोत उपयोग** - वन नीति, २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्धन गर्ने उद्देश्य लिएको छ। वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। आवश्यकतानुसार आन्तरिक उत्पादनबाट काठ उपलब्ध हुन नसकेका कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड, २०७८।७९ मा रू.७ अर्ब ९९ करोड र २०७९।८० मा रू.६ अर्ब ४० करोडको काठ र काठजन्य सामग्री आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अरबौं रुपैयाँको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुखड खडा रुखहरूको व्यवस्थापन गरी काठलगायतका वन पैदावारको उचित व्यवस्थापन तथा उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५७. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ। यो वर्ष वन तथा वातावरण मन्त्रालयले ३७ प्रतिवेदन स्वीकृत गरेकोमा सोको लागि १ हजार २४५ दिनसम्म लागेको देखिन्छ। दर्ता पश्चात् पत्राचार तथा प्रमाण सङ्कलन गर्न २३८ दिनसम्म लागेको एवं पेस भएपश्चात् सिफारिस गर्न ३०५ दिनसम्म र सिफारिस पश्चात् स्वीकृत गर्न २७८ दिनसम्म लागेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगरी ठेक्का व्यवस्थापन गर्ने एवं विविध कारणले स्वीकृतिमासमेत ढिलाइ हुँदा परामर्शसेवा र निर्माण कार्यको समय र लागत बढ्ने गरेको छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिमा देखिएका विद्यमान समस्या निराकरण गरी सुधार गर्नुपर्दछ।

५८. **भू-सूचना प्रणाली** - मालपोत नियमावली, २०३६ (छैठौं संशोधन) को नियम २३(क) बमोजिम जग्गा प्रशासनसम्बन्धी सेवालाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै भुमि व्यवस्थापन तथा अभिलेख विभागले भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम ४ मालपोत कार्यालयअन्तर्गत ६ साधारण प्रयोगकर्ता, ९८ मालपोत कार्यालयमा २ हजार ९८६ भू-सेवा केन्द्र, ५६ स्थानीय प्रयोगकर्ता, २१ बैङ्क तथा वित्तीय संस्था, ९ सहकारी र कर्मचारी सञ्चय कोष प्रयोगकर्तामार्फत सूचना प्रविधिमा आधारित भू-सूचना प्रणाली प्रयोगमा ल्याएको छ। यस प्रणालीमा जग्गाधनीले आफ्नो स्वामित्वमा भएको घरजग्गा (अचल सम्पत्ति) को हक हस्तान्तरण गर्न आवश्यक पर्ने लिखत तथा निवेदन आफ्नो घर वा आफूलाई पायक पर्ने भू-सेवा केन्द्रमार्फत अनलाइन भरी भराई सम्बन्धित भूमिसूधार तथा मालपोत कार्यालयमा पेस गर्न तथा प्रणालीबाटै लिखत तथा निवेदन प्रिन्ट गर्न सकिने व्यवस्था रहेको छ। अनलाइन सेवा लिन सक्ने सुविधा भए तापनि सर्वसाधारणमा जग्गा प्रशासनसम्बन्धी आधारभूत ज्ञानको कमी भएको कारण भू-सेवा केन्द्रको सेवा प्रभावकारी हुन सकेको पाइएन। विभागले भू-सेवा प्रणाली प्रयोग गर्दा लाग्ने शुल्कको मापदण्ड तथा केन्द्रको सञ्चालन, उपयोग एवं प्रभावकारिता सम्बन्धमा अनुगमन गरी सोको उपयोग अभिवृद्धि गर्नुपर्दछ।

५९. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति र लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता रकम उपलब्ध गराउने उल्लेख छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष ३८ लाख नागरिकलाई रू.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। सो रकम गत वर्षको तुलनामा १२.८२ प्रतिशत बढी रहेको छ। नेपालमा विगत १० वर्षमा राजस्वको वृद्धि दर १९.२ प्रतिशत, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वार्षिक वृद्धिदर १०.४२ प्रतिशत र सामाजिक सुरक्षा भत्ताको वार्षिक वृद्धिदर ३०.५३ प्रतिशत रहेको देखिन्छ।

६०. **बालगृह अनुगमन -** बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ अनुसार गठित राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकार संरक्षण र संवर्धन गर्ने तथा संरक्षण सहायताका लागि समन्वय सहयोग एवं अनुगमन गर्ने जिम्मेवारी तोकिएको छ। परिषद्ले १२४ बालगृहको भौतिक उपस्थितिमा ३ हजार ६२ बालबालिकाको अवस्था अनुगमन गरेकोमा गैरसरकारी संस्थाहरूद्धारा सञ्चालित बालसुधार गृहबाट विगत ५ वर्षमा परिषदले मापदण्ड नपुगेका २४ बालगृहबाट ३९० जना बालबालिका र मापदण्ड विपरीत सञ्चालनमा रहेका २ बालगृहबाट ४१ जना बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ। परिषद्ले संस्थामा संरक्षित बालबालिकाको उचित व्यवस्थापन एवं संरक्षणका लागि यथाशीघ्र उद्धार गर्नुपर्ने सुझाव पटक पटक दिएकोमा उक्त सुझावहरू कार्यान्वयन भएको छैन। बालगृह सुधारका लागि उक्त सुझावहरू कार्यान्वयन हुनुपर्दछ।

६१. **हुलाक सेवाको पुनर्संरचना -** पन्ध्रौं योजनामा हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा ४ निकाय, ४ हुलाक निर्देशनालय, ७० जिल्ला हुलाक कार्यालय, हरेक स्थानीय तहमा एक हुलाक कार्यालय सञ्चालित छन्। विभागले विदेशबाट प्राप्त हुने चिठीपत्र, पुलिन्दा तथा अन्तर्राष्ट्रिय द्रुत डाँक डकुमेन्ट तथा व्यापारिक पुलिन्दा वितरण कार्यलाई व्यवस्थित बनाउन सकेको छैन। अनिवार्य सेवाको रुपमा रहेको हुलाक सेवाको कार्यबोझ घट्नुका साथै समयानुकुल सेवा प्रवाह हुन नसेकेकोले हुलाकबाट प्रवाहित सेवा विविधीकरण गरी हुलाक सेवाको पुनर्संरचना गर्नुका साथै हुलाक सेवा प्रकृतिको काम गर्ने कुरियर तथा अनलाइन डेलिभरी कम्पनी नियमन गर्ने निकायको नियमन सम्बन्धमा व्यवस्था हुनुपर्दछ।

६२. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल डिभाइस सुरक्षित गर्न, अवैध मोबाइल आयातमा नियन्त्रण गर्न प्राइमरी साइट कन्टेनर र सोभित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेण्ट सर्वर स्विच ऱ्याकलगायतका मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेतको कार्य गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग २०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को सम्झौता गरेकोमा हालसम्म अमेरिकी डलर १६ लाख ६८ हजार ६५ भुक्तानी भएको छ। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक गरी २०८०।१२।४ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि

सम्झौता अनुसारको हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न भएको छैन। प्रचलित कानुन र सम्झौता बमोजिम कारबाही प्रक्रिया अघि बढाई समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

६३. **सुरक्षण मुद्रण छापाखाना -** सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृतिअनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी व्यवस्थापन तथा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सुरक्षण मुद्रण केन्द्रले सुरक्षण मुद्रण छापाखानाको लागि बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चितताको लागि भवन निर्माण र मेसिन/उपकरण खरिदमा २०७७।७८ देखि २०७९।८० सम्मको लागि केन्द्रले रू.३३ अर्ब २ करोड लागत अनुमानसहितको खरिद योजना पेस गरेकोमा २०७७।३।२२ मा थप छलफल गर्नुपर्ने गरी मन्त्रीस्तरीय निर्णय भएको छ। बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चित नगरी २०७९।८० सम्म मेसिनरी तथा औजार खरिदमा रू.२ अर्ब ८२ करोड ६ लाख ३१ हजार र भवन निर्माण,सेक्युरिटी डिजिटल प्रिन्टर प्रोडक्सन सिस्टम तथा उपकरणमा यस वर्षसम्म रू.२ अर्ब २४ करोड १० लाख ४१ हजार खर्च भएको छ। भवनलगायतका निर्माण कार्य सम्पन्न नहुँदै मेसिन, उपकरण, सवारी साधन खरिद गरेको छ। खरिद भएको मेसिन/उपकरणको उपयोग नहुँदा खर्चको प्रभावकारिता देखिएको छैन।केन्द्रले छापाखाना सञ्चालनको लागि आवश्यक जनशक्तिको दरबन्दी स्वीकृत गरी मेसिन, उपकरण, औजार उपयोगको सुनिश्चितता गरी खरिद कार्य गर्नुपर्दछ।

६४. **अप्टिकल फाइबर -** नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तरदक्षिण जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउन र राष्ट्रिय सूचना महामार्ग निर्माणसम्बन्धी कार्यलाई ३ खण्डमा विभाजन गरेको छ। कोशी, मधेश र बागमती प्रदेशको एक खण्ड, गण्डकी र लुम्बिनी प्रदेशको एक खण्ड र कर्णाली एवं सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि २ सेवा प्रदायक संस्थासँग रू.८ अर्ब ९ करोड ५६ लाख ५९ हजारको सम्झौता भएको छ। मध्यपहाडी राजमार्गमा २ हजार १७९ किलोमिटर राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण सम्पन्न गर्नुपर्नेमा हालसम्म १ हजार ३८३ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको र ६४३ किलोमिटर खण्डमा क्षेत्र परिवर्तन गर्नुपर्ने जनाएको तथा माइक्रोवेभको स्थान टुङ्गो लागेको छैन। गोरखा जिल्लाको आरुघाटदेखि गण्डकी प्रदेश र लुम्बिनी प्रदेश खण्डमा २ हजार १६० किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण सम्झौता भएकोमा शुन्य प्रगति रहेको छ। कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म १ हजार ९९२ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यको सम्झौता भएकोमा ए.डी.एस.एस. ३०९ किलोमिटर, डी.डब्लू.डी.एम. प्रणाली २६ मध्ये २३ सम्पन्न भएतापनि सोसँग सम्बन्धित अन्य कार्य गर्न बाँकी छ। खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भएको छैन। सम्झौताअनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

६५. **नगद प्रोत्साहन** - स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार उद्योग विभागले कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गर्दै आएको छ। विभागले यो वर्ष २१० उद्योगलाई रू.१ अर्बसमेत यस बर्षसम्म रू.६ अर्ब ३४ करोड ९२ लाख नगद प्रोत्साहन अनुदान दिएको छ। सुरु वर्ष रू.२४ करोड ८१ लाख अनुदान वितरण हुँदा निर्यात रू.७७

अर्ब ३५ करोड रहेको आधारमा निर्यात १६५ प्रतिशतले वृद्धि हुँदा निर्यात प्रोत्साहन अनुदान ४७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। उत्पादित वस्तुमा खपत हुने सबै अवयवहरू समेतलाई आधार लिई यथार्थ लागतको आधारमा मूल्य अभिवृद्धि प्रतिशत गणना, मूल्य अभिवृद्धि नर्म्स तयारी तथा अनुदानबाट निर्यातमा परेको प्रभाव सम्बन्धमा अध्ययन गरी अनुदान वितरणसम्बन्धी नीतिमा आवश्यक पुनरावलोकन गर्नुपर्दछ।

६६. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ ले विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानुनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय ई-कमर्शका साइटहरूमार्फत वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएका कारणले ती व्यावसायिक कारोबारको नियमन हुन सकेको छैन। जसले गर्दा वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय, प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन कानुनी व्यवस्था गरिनुपर्दछ।

६७. **औद्योगिक ग्राम** - रूपान्तरणकारी आयोजनाको रूपमा २०७६।७७ देखि एक स्थानीय तह, एक औद्यौगिक ग्राम स्थापनाको कार्यक्रम सञ्चालनमा आएको छ। सो कार्यक्रममा स्थानीय तहलाई बढीमा रू.३ करोडसम्म अनुदान दिने नीतिबमोजिम मन्त्रालयले यो वर्षसम्म १२० स्थानीय तहलाई रू.१ अर्ब ४३ करोड ३ लाख अनुदान प्रदान गरेको छ। अनुदान प्राप्त गर्ने स्थानीय तहमध्ये १२० लाई पहिलो र २४ लाई पहिलो र दोस्रो तथा ५ लाई तेस्रो किस्तासमेत निकासा भएको छ। उक्त रकमबाट स्थानीय तहले गरेको कार्य प्रगतिको अभिलेख मन्त्रालयमा रहेको छैन। जग्गाको उपलब्धता, उपलब्ध जग्गामा औद्योगिक ग्राम विकासको सम्भावना, स्थानीय तहको प्राथमिकता र क्षमताको विश्लेषण नगरी सुरु भएको कार्यक्रमको कार्यान्वयन पक्षमा सुधार गरी तोकिएको लक्ष्य प्राप्त गर्नुपर्दछ।

६८. **वैदेशिक रोजगार** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। यस वर्षसम्म संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देश वैदेशिक रोजगारको लागि खुला गरेको छ। वैदेशिक रोजगार विभागले यो वर्ष ७ लाख ७१ हजार ३२७ जनालाई वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति प्रदान गरेको देखिन्छ। आन्तरिक रोजगारी प्रभावकारी हुन नसकेको अवस्थामा वैदेशिक रोजगारीसँग जोडिएका श्रम स्वीकृति, उजुरी फरफारक तथा मुद्दाको फर्स्यौटमा देखिएको ढिलासुस्ती लगायतका सेवा प्रवाहमा देखिएका समस्या सम्बोधन गर्न आवश्यक नीतिगत एवं प्रक्रियागत सरलीकरण गर्नुपर्ने देखिन्छ।

६९. **सुझाव कार्यान्वयन** - सहकारी संस्थाको सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले २०६१ सालदेखि ६ समिति, आयोग तथा कार्यदल गठन गरेको छ। उक्त समिति, आयोग र कार्यदलहरूले सहकारी मूल्य र सिद्धान्त विरुद्धको कसुरको व्यवस्था हुनुपर्ने, सहकारी विभागको अनुगमन सशक्त हुनुपर्ने, संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था स्थापना गर्ने, बचत तथा ऋण सहकारी संस्थाले पर्ल रेटिङ्ग प्रणाली र अन्य सहकारी संस्थाहरूको हकमा वित्तीय अनुपातहरू लागु गर्नुपर्ने, बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम

सीमा तोक्नुपर्ने, सहकारी संस्थाहरू सर्वप्रथम पूर्व सहकारी संस्थाको रूपमा दर्ता गरी निश्चित समयपछि ती संस्थाले सहकारी सिद्धान्त, वित्तीय अनुशासन र वित्तीय सबलता हुने कार्य गरेमा स्थायी दर्ता गर्ने, सहकारी संस्थाका सञ्चालकहरूको लागि आचारसंहिता व्यवस्था गर्नुपर्ने, समयमा ऋण नतिर्ने ऋणीहरूलाई कालोसूचीमा समावेश गर्न सक्ने, निश्चित रकमभन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्न नेपाल राष्ट्र बैङ्कले समन्वय गर्ने लगायतका सुझाव दिएकोमा सुझावहरू कार्यान्वयन भएको देखिएन। अतः प्रतिवेदनका सुझाव अध्ययन गरी सोको कार्यान्वयनमार्फत देखिएका समस्या समाधान गर्नुपर्दछ।

७०. **भाखा नाघेको कर्जा तथा ब्याज अनुदान -** कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को बुँदा नं. १७(२) मा संस्थामार्फत लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरुपयोग गर्ने कर्जाग्राहीलाई सहकारी ऐन, २०७४ एवं बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही गरी कर्जा असुलउपर गर्ने व्यवस्था छ। युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमअन्तर्गत २०८० आषाढ मसान्तसम्म लगानी भएको रकममध्ये ४४४ सहकारी संस्थाको नाममा भाखा नाघेको साँवा, ब्याज एवं हर्जाना समेत रू.७१ करोड ७८ लाख ९१ हजार असुल भएको छैन। प्रचलित कानुनको कार्यान्वयन गरी भाखा नाघेको कर्जा असुल गर्नेतर्फ तदारुकता गरिनुपर्दछ।

ब्याज अनुदान निर्देशिका, २०७४ बमोजिम ऋण लिएका ऋणीमध्ये असुली तालिका अनुसार समयमै साँवा ब्याज बुझाउनेलाई ब्याज अनुदान दिन सकिने व्यवस्था छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालयमा स्वरोजगार सङ्ख्या ७२ हजार ७२० रहेकोमा कोषले स्थापनाकालदेखि हालसम्म ब्याज अनुदानको लागी रू.२१ करोड ९ लाख १६ हजार बजेट प्राप्त भएकोमा १५ हजार ८६ स्वरोजगार ऋणीलाई रू.१५ करोड ७९ लाख ९० हजार (७४.९१ प्रतिशत) वितरण गरेको छ। अधिकांश ऋणीले नियमित रूपमा किस्ता नबुझाएकोले ब्याज अनुदान प्राप्त गर्नेको सङ्ख्या कम रहेको देखिन्छ।

७१. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** देशभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उच्चतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। सूचीकृत बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त विवरण अनुसार विगत ४ वर्षदेखि हालसम्म रू.१८ अर्ब ७३ करोड ४ लाख खर्च भएकोमा ७ लाख १२ हजार ६५८ जना कार्यक्रममा सहभागी भई औसतमा ४८ दिनको रोजगारी प्राप्त गरेका छन्।

७२. **कारागार व्यवस्थापन -** कारागार सुधारको अवधारणापत्र-२०७९ मा बढीमा ५ वर्षभित्र कारागारलाई वास्तविक रूपमा सुधारगृहको रूपमा रूपान्तरण गरी कैदीबन्दीहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने र सजाय भुक्तान पश्चात् जिम्मेवार नागरिकका रूपमा समाजमा पुनस्थापन र पुनः एकीकरण गर्ने लक्ष्य रहेको छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार संचालनमा रहेको ७४ वन्दीगृह को क्षमता करिब १६ हजार ६०७ रहेकोमा कैदीवन्दी सङ्ख्या २८ हजार १२५ रहेको छ। क्षमताभन्दा बढी कैदी बन्दी रहँदा स्थान अभाव भएको अवस्था छ। कैदीवन्दीको संख्यामा भएको वृद्धिअनुसार कारागारको क्षमता थप गरी उचित व्यवस्थापन हुनुपर्दछ।

७३. **संस्थागत समन्वय** - काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ४ मा प्राधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय स्थानीय तह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नुपर्ने उल्लेख छ। स्थानीय तह, विभिन्न संस्थान तथा आयोग, सडक विभाग, खानेपानी, विद्युत, टेलिकम आदिको क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारमा दोहोरोपनाको कारणले कार्यान्वयन तहमा समस्या रहेको छ। एक निकायले निर्माण कार्य सम्पन्न गर्नासाथ अर्को निकायले सोही स्थानमा अर्को निर्माण कार्य गर्ने साथै विभिन्न निकायले एक अर्का निकायबीच समन्वय नगरी निर्माणजन्य कार्य गर्दा काममा दिगोपन नहुने, खर्चको उपादेयता नहुने र सर्वसाधारणलाई अवागमनमा कठिनाइ हुने अवस्था छ। प्राधिकरणले उक्त निकायहरूसँग समन्वय गरी संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ।

७४. **बजेट व्यवस्था र दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। सडक विभाग तथा मातहतका निकायहरूमा अदालत तथा मध्यस्थताबाट निर्णय भएको दायित्व रू.१७ करोड ७२ लाख, ठेक्का व्यवस्थापनबाट सिर्जित दायित्व रू.३ खर्ब ३ अर्ब रहेको र २०८० असार मसान्तसम्मको भुक्तानी बाँकी रू.३ अर्ब ७२ करोडमध्ये रू.१ अर्ब ७१ करोडको स्रोत व्यवस्थापन भए तापनि यो वर्षसम्म पनि भुक्तानी भएको छैन। विगत वर्षमा खरिद व्यवस्थापनबाट सिर्जित दायित्वअनुसार बजेट विनियोजन नभएको अवस्थामा थप स्रोत सुनिश्चितताबाट दायित्व रकम बढ्दै गई बजेट अभावमा योजना कार्यान्वयनमा असर परेको छ। मन्त्रालयले सिर्जित दायित्व भुक्तानीका लागि बजेट छुट्याएपछि मात्र अन्य कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्छ।

७५. **संयुक्त र बहुतले आवास** - संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, नियमावली, २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी शहरी विकास तथा भवन निर्माण विभागमा रहेको छ। विभागले २०८० आषाढ मसान्तसम्म ७७ अपार्टमेन्टको ७ हजार १०२ आवास एकाइ निर्माणका लागि स्वीकृति प्रदान गरेकोमा यो वर्षसम्मको ३ हजार ८६६ सम्पन्न भएको विवरण पेस गरेको छ। संवत् २०६२ देखि २०६९ सालसम्मको अवधिमा निर्माण स्वीकृतिको लागि अनुमति लिएका ३८ अपार्टमेन्टका ३ हजार ८१ आवास एकाइले निर्माण सम्पन्न प्रमाणपत्र लिएको देखिँदैन।

७६. **सभाहल निर्माण** - सघन शहरी तथा भवन निर्माण आयोजनाबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४४ सभाहल निर्माण गर्ने योजना रहेकोमा १७ सभाहल निर्माण कार्य सम्पन्न भएको, १४ निर्माणाधीन रहेको र १३ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४४ सभाहलमध्ये ३१ सभाहलको निर्माणको लागि रू.२६ अर्ब ३४ करोड २४ लाखको लागत अनुमान रहेकोमा रू.२० अर्ब ६४ करोड ४७ लाखको सम्झौता भई यो वर्षसम्म रू.१५ अर्ब ५ करोड १९ लाख खर्च भएको देखिन्छ। निर्माणाधीन सभाहलहरू सम्पन्न गर्न रू.५ अर्ब २० करोड ६६ लाख दायित्व सिर्जना भएको अवस्थामा बजेट व्यवस्था नगरी थप १३ नयाँ

सभाहलको विस्तृत परियोजना प्रतिवेदन तयार गरी खरिद प्रक्रियामा रहेका छन्। आवश्यक बजेट व्यवस्था गरेर मात्र नयाँ सभाहल निर्माण कार्यको प्रक्रिया अघि बढाउनुपर्दछ।

७७. **बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट -** काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरको दिगो व्यवस्थापनको लागि बन्चरेडाँडामा मिश्रित फोहर २० वर्ष र वर्गीकृत फोहर ४० वर्षसम्म धान्ने गरी २० हजार घन मिटर क्षमताको लिचेट पोखरी र सेडिमेन्टेसन पोखरीसमेतको स्यानिटरी ल्याण्ड फिल्ड साइट रू.९६ करोड ३५ लाख ३९ हजार लागतमा निर्माण कार्य सम्पन्न भई पहुँच मार्ग स्तरोन्नति कार्य भइरहेको छ। ल्याण्डफिल्ड साइटमा फोहरमैलाको उचित व्यवस्थापनको लागि शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्य सञ्चालन कार्यविधि अनुसार विसर्जनको लागि ल्याइएको फोहरको तौल लिई अभिलेख राख्ने, फोहरसँग जोखिमयुक्त रेडियोधर्मी फोहरहरू रहे नरहेको जाँच गर्ने, फोहरलाई तोकिएको निश्चित क्षेत्रमा मात्र खन्याउने, फोहरको मोटाइ ५० सेन्टिमिटर हुने गरी फिजाउँन लगाई कम्प्याक्सन गराउनुपर्ने, दुर्गन्ध फैलिन नदिन दैनिक १५ सेन्टिमिटर माटोले छोप्नुपर्ने, फोहर थुपार्दै जाँदा ग्याँस निष्कासनको लागि भेन्ट पाइप थप गर्दै जानुपर्ने प्रावधान उल्लेख भएकोमा मापदण्डको पालना नगरेको जनाई विभागले काठमाडौं महानगरपालिकालाई ध्यानाकर्षण गरेको तथा मर्मत सम्भार तथा व्यवस्थापन कार्यको दायित्व लिन पत्राचार गरेको देखिन्छ। फोहरको स्रोतमा वर्गीकरण नहुँदा, फोहर कम्प्याक्सन नगर्दा र लिचेटलाई सर्कुलेसन नगरेको कारणले ल्याण्डफिल साइट भरिन लागेको अवस्था छ। प्रभावित स्थानीय तह तथा तालुक निकाय एवं सरोकारवाला पक्षसँग समन्वय गरी ल्याण्डफिल्ड साइट अपरेटिङ्ग म्यान्युअलमा भएका व्यवस्थाको पालना सम्बन्धमा नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्ने तथा मर्मत सम्भारलाई सुनिश्चित गरी वैज्ञानिक ढङ्गले फोहरमैलाको व्यवस्थापन गर्नुपर्दछ।

७८. **स्मार्ट सिटीको कार्यान्वयन -** नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भई नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा ४ स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रू.१६ करोड २६ लाख ५३ हजार खर्च भएकोमा कुनै पनि योजना कार्यान्वयनमा आएको छैन। वर्षौंसम्म योजना कार्यान्वयन नहुँदा समय तथा लागत बढ्ने हुनाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउनुपर्दछ।

७९. **बाहिरी चक्रपथ निर्माण -** व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गरी जनजीवनलाई सहजीकरण गर्ने उद्देश्यले २०५८ मा अवधारणा ल्याएकोमा २२ वर्ष व्यतीत भइसक्दा सम्भाव्यता अध्ययनको कार्य मात्र भएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गतको बाहिरी चक्रपथ विकास आयोजनाबाट रू. १४ करोड ८४ लाख ५७ हजार खर्च भएको छ।

८०. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा रहने गरी २१ राजमार्ग तथा २०९ सहायक मार्ग कायम भएको छ। सङ्घीयता कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रिपरिषद्)

को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका कार्यक्रम स्वीकृत गरी रू.२३ अर्ब ५ करोड ५४ लाख खर्च गरेको छ। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

८१. **अधुरा ठेक्का** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था रहेको छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी सडक विभाग अन्तर्गतका २७ डिभिजन तथा योजना कार्यालयले रू.१२ अर्ब २५ करोड २ लाखका २०४ खरिद सम्झौतामध्ये ११५ ठेक्कामा रू.२ अर्ब ५३ करोड ६४ लाख भुक्तानी भई सम्झौताको २०.७१ प्रतिशत मात्र प्रगति भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बीचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या र समयावधि बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

८२. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी लागत अनुमान टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। साथै बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान खरिद र निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था छ। ऐनको प्रावधान विपरित ऊर्जा, जलस्रोत तथा सिँचाई, शहरी विकास, र स्वास्थ्य मन्त्रालयअन्तर्गतका २५ निकायले मालसामान खरिद तथा संरचना निर्माण कार्यलाई टुक्रा पारी रू.३६ करोड ९१ लाख २५ हजारको खरिद गरेको देखिन्छ। ऐनको पालना गरी प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ।

८३. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार जलस्रोत तथा सिँचाइ, शहरी विकास, स्वास्थ्य, रक्षा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका निकायले रू.६६ करोड ६५ लाख पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

८४. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास, खानेपानी, शिक्षा, विज्ञान तथा प्रविधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसंख्या र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका निकायहरूले सूचकाङ्क, फ्याक्टर तथा सुत्र फरक पारी मूल्य

समायोजन गणना गरी रू.६३ करोड २० लाख बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

८५. **परामर्श खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। खानेपानी, शहरी विकास, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका विभिन्न कार्यालय तथा आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि कार्यालयले मौजुदा सूचीबाट प्रस्ताव माग गरी रू.१२ करोड ७९ लाख ९ हजारको परामर्श सेवा खरिद गरेका छन्। विभागीय जनशक्तिको उपयुक्त व्यवस्थापन नगरी परामर्शदाता माथिको निर्भरता बढाउनु उचित देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

८६. **सवारीचालक अनुमतिपत्र -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ४ मा सवारीचालक अनुमतिपत्रसम्बन्धी भएको व्यवस्थाबमोजिम यातायात व्यवस्था विभागबाट अनुमतिपत्रहरूको छपाइ, वितरण तथा तथ्याङ्क भण्डारणसम्बन्धी कार्यहरू भइरहेका छन्। विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेको छ। सम्झौता अवधिभित्र कार्ड आपूर्ति हुन नसकी दुई पटक गरी १७२ दिन म्याद थप भएको छ। चालक अनुमतिपत्र मागको आधारमा यो वर्षसम्म १४ लाख ६० हजार कार्ड छपाइ हुनुपर्नेमा सम्झौताअनुसार १२ लाख कार्ड मात्र आपूर्ति हुने भएकोले २ लाख ६० हजार कार्ड अपुग हुने अवस्था छ। विभागले हाल विदेश जाने व्यक्तिसहित अत्यावश्यकलाई मात्र कार्ड वितरण गरिरहेकोले २०२२ जुलाईदेखिका नयाँ तथा नवीकरण गरेका सवारीचालकहरूको अनुमतिपत्र छपाइ भएको छैन। आवश्यक सङ्ख्यामा कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ।

८७. **सङ्घीय कार्यालयको बेरुजु सम्परीक्षण -** लेखापरीक्षण ऐन, २०७५ को दफा २घ मा लेखापरीक्षण शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउने उल्लेख छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) मा लेखा उत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु ७ दिन तथा दफा ४१ (३) मा सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रतिनिधि सभाबाट अनुमोदन भई फर्स्यौट भएका बेरुजुहरू ३० दिन भित्र लगतबाट हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था गरेको छ। सार्वजनिक लेखा समितिको २०७९।३।१७ को निर्देशन अनुसार बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगन भएकोमा सार्वजनिक लेखा समितिसँग छलफल गरी विषयवस्तुको टुङ्गो लगाउन एंव माथि उल्लिखित दुई कानुनमा सामाञ्जस्यता ल्याउनुपर्ने देखिएको छ।

प्रदेश मन्त्रालय तथा निकाय

८८. **प्रदेश सञ्चित कोष -** संविधानको धारा २०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको

विवरणअनुसार २०७९।८० मा गत वर्षको जिम्मेवारी रू.८४ अर्ब ८७ करोड ५७ लाख २१ हजार सहित रू.२ खर्ब ६० अर्ब १० करोड ४५ लाख ८८ हजार आम्दानी रहेकोमा रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार (७८.६९ प्रतिशत) खर्च गरी रू.५५ अर्ब ४३ करोड ४९ लाख ६२ हजार बाँकी रहेको छ। उक्त खर्चमध्ये कोशी प्रदेशमा रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार, मधेश प्रदेशमा रू.२६ अर्ब ८६ करोड ९८ लाख ७० हजार, बागमती प्रदेशमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार, गण्डकी प्रदेशमा रू.२३ अर्ब ६१ करोड ४८ लाख ८३ हजार, लुम्बिनी प्रदेशमा रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार, कर्णाली प्रदेशमा रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार र सुदूरपश्चिम प्रदेशमा रू.२४ अर्ब ६ करोड ३० लाख ९५ हजार समेत रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार खर्च भएको छ।

८९. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रू.१० करोड ९४ लाख ९४ हजार र बागमती प्रदेशको रू.४५ करोड १० लाख ९१ हजार समेत रू.५६ करोड ५ लाख ८५ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम बाँकी रकम बाँडफाँट हुनुपर्दछ।

९०. **लेखापरीक्षण -** यो वर्ष सातै प्रदेश मातहतका १ हजार २६९ कार्यालयको रू.३ खर्ब २२ अर्ब ८५ करोड १२ लाख ८० हजार र २ कार्यालयको बक्यौता रू. १२ करोड १८ लाख ८० समेत रू. ३ खर्ब २२ अर्ब ९७ करोड ३१ लाख ६० हजार लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेश सरकार मातहतका ११८ अन्य संस्था तथा समितिको बक्यौतासमेत रू.३६ अर्ब ९ करोड ७७ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। कोशी प्रदेश अन्तर्गत ९ निकाय र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

९१. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रू. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	७८७९३९४	६८३८८२५	६७५०७३४	७९२७९००	७४७३९८७	७५९२६९६	७८८१५६३	५२३४५०९९
सशर्त	५४९२२०९	७०३९५१५	५३८९१९३	३४५५३०६	५३५३४६३	३४०२२३७	४८९५३४८	३५०२७२७१
समपूरक	५५६०७७	५८५००१	४१८१६९	४७८७५२	३८०८३३	३२५९६५	७६५०००	३५०९७९७
विशेष	३३२६९०	३६७५९४	४०८५८९	६३५८४९	२३९०३८	४०३०९३	७९७८००	३१८४६५३
जम्मा	**१४२६०३७०**	**१४८३०९३५**	**१२९६६६८५**	**१२४९७८०७**	**१३४४७३२१**	**११७२३९९१**	**१४३३९७११**	**९४०६६८२०**
राजस्व बाँडफाँट	९१५०३९६	८५६०५७८	१०२४२७७९	६९९३८१७	९०८५५३९	६५१८७७९	७७०३९००	५४२५५७८८
कुल जम्मा	**२३४१०७६६**	**२३३९१५१३**	**२३२०९४६४**	**१९४९१६२४**	**२२५३२८६०**	**१८२४२७७०**	**२२०४३६११**	**१४८३२२६०८**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई प्रदान गरिएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानमा

रू.९९ अर्ब ६६ करोड निकासा भएकोमा ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको एकीकृत वित्तीय विवरणअनुसार रू.९४ अर्ब ६ करोड मात्र रकम प्राप्त भएको देखिएकोले फरक रकम रू.५ अर्ब ६० करोडको हिसाब यकिन गरिनुपर्दछ।

९२. **राजस्व अनुमान र प्राप्ति** - सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०७९।८० मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रू.१ खर्ब २८ अर्ब ५२ करोड ९८ लाख २९ हजार प्रक्षेपण गरेकोमा रू.९४ अर्ब ४३ करोड ४६ लाख ८३ हजार (७३.४७ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली देहायबमोजिम रहेको देखिन्छ:

(रू. हजारमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१६८६६९४०	१२९६६७३६	७६.८८
मधेश	१६१४४५५९	१३६७०१७६	८४.६७
बागमती	३४२५०५४१	२७३९७५००	७९.९९
गण्डकी	१४६५५८००	९८७७४३५	६७.४०
लुम्बिनी	२०१५९३००	१४०५०७०८	६९.७०
कर्णाली	९६६२४३४	७०९०३९०	७३.३८
सुदूरपश्चिम	१६७९०२५५	९३८१७३८	५५.८८
जम्मा	**१२८५२९८२९**	**९४४३४६८३**	***७३.४७***

प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएको राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ।

९३. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७९।८० को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छ:

(रू. हजारमा)

प्रदेश	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३९९२७५४४	१२६४५२३३	१८११२५४९	०	३०७५७७८२	७७.०३
मधेश	४७०२५०५२	१०६७०३३९	१६१९९५३१	०	२६८६९८७०	५७.१४
बागमती	७०९३९२९१	१७९८२४०२	२८२७९५६८	६०००००	४६८६१९६८	६६.०६
गण्डकी	३५९०९०००	८३५३५२२	१५२६१३६१	०	२३६१४८८३	६५.७६
लुम्बिनी	४२७८९४४२	१२५०७५८७	१७७३६५६९	०	३०२४४१५५	७०.६८
कर्णाली	३२६१६१६४	९४८१३२५	१२७७६५४८	०	२२२५७८७३	६८.२४
सुदूरपश्चिम	३६८३३८६४	८२४८५७९	१५८१४५१६	०	२४०६३०९५	६५.३३
जम्मा	**३०६०४०३५७**	**७९८८८९८७**	**१२४१८०६४२**	**६००००**	**२०४६६९६२६**	**६६.८८**

प्रदेशको औसत खर्च ६६.८८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७७.०३ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५७.१४ प्रतिशत रहेको छ। कार्यान्वयनयोग्य

कार्यक्रम र खर्च सिर्जना गर्ने आधार स्पष्ट नहुँदा खर्च न्यून देखिएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ।

९४. **रकमान्तर** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रू.३ खर्ब ६ अर्ब ४ करोड ३ लाख ५७ हजार रहेकोमा रू.६४ अर्ब ७२ करोड ६२ लाख ४३ हजार रकमान्तर गरेको पाइयो। सोमध्ये २०८० आषाढ महिनामा मात्र कोशी प्रदेशले रू.२ अर्ब ६१ करोड ५१ लाख ८१ हजार, मधेश प्रदेशले रू.५३ करोड ६१ लाख ६२ हजार, बागमती प्रदेशले रू.३ अर्ब १६ करोड ९६ लाख ६७ हजार, गण्डकी प्रदेशले रू.२ अर्ब ४ करोड २२ लाख ८५ हजार, लुम्बिनी प्रदेशले रू.२ अर्ब ३६ करोड ९३ लाख, कर्णाली प्रदेशले रू.३२ करोड ९१ लाख ११ हजार र सुदूरपश्चिमले रू.२ अर्ब ५२ करोड १७ लाख २८ हजार रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९५. **प्रदेश आन्तरिक स्रोत परिचालन** - प्रदेश सरकारहरूको २०७९।८० को कुल खर्च रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू.१ खर्ब १२ अर्ब ६० करोड ३३ लाख १ हजार खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रू.लाखमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	३०७५७७८२	१६४७९४१२	५३.५८
मधेश	२६८६९८७०	१६०२२५५७	५९.६३
बागमती	४६८६१९६८	३००६८६९९	६४.१६
गण्डकी	२३६१४८८३	१३३२०१७५	५६.४१
लुम्बिनी	३०२४४१५५	१६७९६८३३	५५.५४
कर्णाली	२२२५७८७३	१०५३३८८७	४७.३३
सुदूरपश्चिम	२४०६३०९५	९३८१७३८	३८.९९
जम्मा	**२०४६६९६२६**	**११२६०३३०१**	**५३.६६**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ५३.६६ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ३८.९९ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ६४.१६ प्रतिशत खर्च रहेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

९६. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७९।८० को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	१९८	५२७८७१	१३१७६	१२४१२	२.५०	२.३५
मधेश	१४९	४७९४४७	१८५४२	१४०५७	३.८७	२.९३
बागमती	२२०	८४२२८२	९६४९	७७९६	१.१५	०.९३
गण्डकी	२१५	४११७५५	८०१७	६७७६	१.९५	१.६५
लुम्बिनी	२८९	५७९१५९	११२६३	९४४२	१.९५	१.६३
कर्णाली	१५५	३७३३६९	९६७८	७०१५	२.५९	१.८८
सुदुर पश्चिम	१६१	३९४३९९	३७६४	२३१४	०.९५	०.५९
जम्मा	**१३८७**	**३६०८२८२**	**७४०८९**	**५९८१२**	**२.०५**	**१.६६**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.८७ प्रतिशत र सबैभन्दा कम बेरुजु सुदूरपश्चिम प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

९७. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.२७ अर्ब ९५ लाख १८ हजार रहेकोमा सम्परीक्षणबाट रू.२ अर्ब ९६ करोड ७० लाख १ हजार फर्स्यौंट तथा समायोजनबाट रू.५ करोड ८० लाख ६७ हजार थप भई रू.२४ अर्ब १० करोड ५ लाख ८४ हजार बाँकी रहेको र यो वर्ष रू.७ अर्ब ४० करोड ८९ लाख ३६ हजार थप भई अद्यावधिक बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेको छ। सो रकममा रू.८ अर्ब ३९ करोड ६१ लाख ७७ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. हजारमा)

प्रद	*गत सम्मको बाँकी*	*समायोजन*	*सम्परीक्षण*	*बाँकी*	*यो वर्षको थप*	*छैटौं प्रतिवेदन सम्मको बाँकी*	*बेरुजु बाँकी मध्ये पेस्की*
कोशी	४९६३३९४	-	७००५९७	४२६२७९७	१३१७६१०	५५८०४०७	८३३७९६
मधेश	६७६१८८९	३३८	३०५६११	६४५६६१६	१८५४२४२	८३१०८५८	२६९१६५०
बागमती	३३५०२५०	-	३४६०३	३३१५६४७	९६४९१४	४२८०५६१	९९४७५२
गण्डकी	२१४४४७०	३७३७०	२९७९८०	१८८३८६०	८०१६८२	२६८५५४२	७३३७२९
लुम्बिनी	३०५८१७५	१८८	१६३७३९	२८९४६२४	११२६३४५	४०२०९६९	१७७७३८५
कर्णाली	४३३९३८०	२०१७१	१३७९०४९	२९८०५०२	९६७७५२	३९४८२५४	७९१८२०
सुदूरपश्चिम	२३९१९६०	-	८५४२२	२३०६५३८	३७६३९१	२६८२९२९	५७३०४५
जम्मा	**२७००९५१८**	**५८०६७**	**२९६७००१**	**२४१००५८४**	**७४०८९३६**	**३१५०९५२०**	**८३९६१७७**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

स्थानीय तह

९८. **समग्र आय व्यय**- महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष ७५३ स्थानीय तहले सङ्घ र प्रदेशबाट हस्तान्तरित अनुदान रू.३ खर्ब १९ अर्ब २३ करोड २८ लाख, सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रू.८३ अर्ब ५ करोड १५ लाख, आन्तरिक

आय रू.२७ अर्ब ८५ करोड २० लाख र गत वर्षको मौज्दात रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाखसमेत रू.५ खर्ब ३२ अर्ब ४६ करोड २१ लाख आय प्राप्त गरेको देखिन्छ। प्राप्त आयमध्ये रू.४ खर्ब ५३ अर्ब ८१ करोड ७७ लाख खर्च भई रू.७८ अर्ब ६४ करोड ४४ लाख बचत रहेको देखिन्छ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

९८.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरणमा सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ खर्ब २१ अर्ब ३६ करोड ७ लाख तथा सुदूरपश्चिम प्रदेशबाहेकका प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ अर्ब १६ करोड ३५ लाख र स्थानीय तहको कोष तथा अन्य खाताहरू समग्र आय-व्यय विवरणमा समावेश गरेका छैनन्। सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

९८.२ यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको कुल रू.६ खर्ब ७१ अर्ब ९४ करोड १२ लाख आम्दानीमध्ये रू.५ खर्ब ७७ अर्ब ८० करोड ४ लाख (८५.९९ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ९९ अर्ब ५० करोड ६३ लाख (५१.८३ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ७० अर्ब ७३ करोड १० लाख (२९.५५ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.१ खर्ब ७ अर्ब ५६ करोड २९ लाख (१८.६२ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको कुल आन्तरिक आय रू.३३ अर्ब ६७ करोड २७ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.७९ अर्ब १३ करोड ३ लाख, गत वर्षको मौज्दात रू.१ खर्ब १२ अर्ब ६९ करोड ९६ लाखसमेत आन्तरिक स्रोततर्फ रू.२ खर्ब २५ अर्ब ५० करोड २६ लाख प्राप्त भएको छ।

९९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याई उल्लेख गर्नुपर्दछ। यो वर्ष १८४ स्थानीय तहले रू.२ अर्ब १५ करोड ५३ लाख ५२ हजार घटी जिम्मेवारी सारेकोमा यकिन गरिनुपर्दछ।

१००. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी महालेखापरीक्षकबाट स्वीकृत फारम नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यो वर्ष ९० स्थानीय तहले यस्तो विवरण तयार गरेका छैनन्। उक्त स्थानीय तहहरूमा स्रेस्ताले देखाएकोभन्दा बैङ्कमा रू.३ अर्ब ९० करोड ३ लाख ७४ हजार घटी मौज्दात रहेको देखिएकोले यकिन गरिनुपर्दछ।

१०१. **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २९१ स्थानीय तहले रू.७ अर्ब ४४ करोड २३ लाख ९८ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुनेलगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१०२. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ७९ स्थानीय तहले उक्त व्यवस्था प्रतिकूल हुने गरी रू.३ अर्ब ३० करोड २४ लाख ८२ हजार रकमान्तर गरेका छन्।

१०३. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
प्रदेश सरकारबाट प्राप्त					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८। ७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढदै गएको छ।

यो वर्ष सङ्घ सरकारबाट प्राप्त अनुदानमध्ये १०२ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१ अर्ब २५ करोड ४४ लाख ५४ हजार तथा शर्त विपरित खर्च गरेको ९० स्थानीय तहको रू.४० करोड ८५ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ५७ स्थानीय तहको रू.१५ करोड ७४ लाख ८४ हजारसमेत रू.१ अर्ब ८२ करोड ४ लाख ६४ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

यो वर्ष प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये ४३ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१४ करोड ५ लाख ५३ हजार तथा शर्त विपरित खर्च गरेको ४९ स्थानीय तहको रू.९ करोड ८४ लाख ३२ हजार र साझेदारी अंश नपुग भएको ५० स्थानीय तहको रू.१२ करोड २९ लाख ९९ हजारसमेत रू.३६ करोड १९ लाख ८४ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

१०४. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष ८३ स्थानीय तहबाट रू.७२ करोड ३ लाख ७३ हजार असुल गर्न बाँकी रहेकोमा सो रकम यकिन गरी असुल गरिनुपर्दछ।

१०५. **प्रदेशसँगको अन्तरसम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यका लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम

प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

१०६. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष ३०७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। यसलाई व्यवस्थित गरिनुपर्दछ।

१०७. **सार्वजनिक सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २५० स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म १३९ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरी जिन्सी व्यवस्थापन गरेका छैनन्।

१०८. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिएबमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष ७ स्थानीय तहले कानुनमा व्यवस्था नभएको चाडपर्व खर्च रू.१२ लाख ६६ हजार, १७ स्थानीय तहले पोशाक सुविधामा रू.११ लाख ५ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी ९९ स्थानीय तहले रू.३ करोड ४२ लाख २९ हजार यातायात खर्च, ९६ स्थानीय तहले बैठक भत्ताबापत रू.२ करोड ४९ लाख ५८ हजार, १२७ स्थानीय तहले भ्रमण तथा अनुगमन खर्चबापत रू.५ करोड ९८ लाख ७२ हजार, ११६ स्थानीय तहले इन्धन, मोबाइल, सवारीसाधन, अतिथि सत्कारलगायतमा रू.६ करोड ३८ लाख ९६ हजारसमेत रू.१८ करोड ५३ लाख २६ हजार बढी भुक्तानी दिएका छन्।

१०९. **स्वकीय सचिव र सल्लाहकार खर्च** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्रअनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सोअनुसार मापदण्ड बनाएको देखिएन। यो वर्ष १७१ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी रू.९ करोड १५ लाख २ हजार पारिश्रमिक खर्च लेखेका छन्।

११०. **मूल्य समायोजन भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्ने व्यवस्था छ। यो वर्ष ६६ स्थानीय तहले खरिद सम्झौता विपरित हुने गरी रू.१४ करोड ६३ लाख ९४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्।

१११. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४

अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६२५ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधि खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गरी रू.७ अर्ब २२ करोड ५६ लाख ४२ हजार खर्च लेखेका छन्।

११२. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिने व्यवस्था छ। यो वर्ष ३१२ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रू.१ अर्ब ६ करोड १५ लाख १९ हजार खर्च गरेका छन्। प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका अधिकांश अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएको देखिएन।

११३. **सवारीसाधन खरिद तथा मर्मत** - यो वर्ष ७५ स्थानीय तहले रू.३ अर्ब ६६ करोड ७१ लाख २० हजारको चारपाङग्रे सवारीसाधन र १३० स्थानीय तहले रू.२० करोड ७२ लाख ३८ हजारको दुइपाङग्रे सवारीसाधनसमेत रू.३ अर्ब ८७ करोड ४३ लाख ५८ हजारको सवारीसाधन खरिद गरेका छन्। साथै २६४ स्थानीय तहले सवारीसाधन मर्मतमा रू.७३ करोड ६७ लाख ९ हजार र ३२७ स्थानीय तहले इन्धनमा रू.१ अर्ब ५६ करोड ६९ लाख ८ हजार समेत रू.२ अर्ब ३० करोड ३६ लाख १७ हजार खर्च गरेका छन्।

११४. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यो वर्ष ५२३ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रू.१ अर्ब १५ करोड ८८ लाख २४ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये २९४ स्थानीय तहले सहायता वितरण कार्यविधिसमेत तयार नगरी रू.६३ करोड ४१ लाख ६२ हजार आर्थिक सहायता वितरण गरेका छन्।

११५. **लेखापरीक्षण र बेरुजू** - यो वर्ष **७४६** स्थानीय तहको रू.११ खर्ब **३७** अर्ब **४** करोड १९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रू.३५ अर्ब ६६ करोड ६३ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.**४** अर्ब **८३** करोड **९** लाख फर्स्यौंट गरेकोले रू.३० अर्ब ८३ करोड ५३ लाख फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रू.४ अर्ब ९ करोड १८ लाख, नियमित गर्नुपर्ने रू.२३ अर्ब ९२ करोड ८८ लाख र म्याद नाघेको पेस्की रू.२ अर्ब ८१ करोड **४८** लाख बाँकी छ। त्यसैगरी **२** स्थानीय तहको २०७७।७८ र २०७८।७९ को रू.२ अर्ब १४ करोड ९५ लाखको लेखापरीक्षणबाट रू.१७ करोड ९८ लाख बेरूजु देखिएको छ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

यो वर्ष ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, १ सूचना प्रविधि लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका बेहोरा देहायबमोजिम रहेका छन्:

• कार्यमूलक लेखापरीक्षण

११६. **राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यान्वयनको अवस्था -** स्वीकृत अवधारणापत्र, विस्तृत अध्ययन प्रतिवेदन तयार एवं स्वीकृत नगरी परियोजना कार्यान्वयन भएको, तोकिएको लक्ष्य अनुरुप प्रगति हुन नसकेको, परियोजनाको स्पष्ट कार्यदिशा, कार्यान्वयन संयन्त्र तथा छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालयका तहगत संरचना, प्रदेश र स्थानीय तहमार्फत बजेट खर्च हुने गरेको, एकीकृत अभिलेख नरहेको, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकेको लगायतका बेहोरा राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको कार्यमूलक लेखापरीक्षणमा देखिएका छन्।

११७. **सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था -** आयोजनाको कुल क्षेत्रमा सिँचाई सुविधा उपलब्ध गराउनको लागि शाखा तथा प्रशाखा नहरहरू पर्याप्त नभएको, ड्रेजर मेसिनको मर्मत खर्च बढ्दै गएको, पुरानो मेसिनको कार्यशक्ति घट्ने भएकोले प्रतिस्थापनको विकल्प खोज्नुपर्ने, इन्टेकको डिष्चार्ज क्षमता ६० क्युमेक्स भएता पनि मंसिर देखि जेठसम्ममा कुल क्षमताको औसत ४६.५८ प्रतिशत मात्र पानी डिस्चार्ज हुने गरेको र सिंचाई सेवा शुल्क बक्यौता रहेको लगायतका बेहोरा देखिएका छन्।

११८. **उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्था -** विस्तृत आयोजना प्रतिवेदन खण्डगत रूपमा तयार गरिएको, निर्माण पूर्वका तयारी पूरा नगरी कार्यान्वयनमा लगिएको, माग गरेबमोजिम बजेट विनियोजन नहुने, विनियोजित बजेट पूर्णरुपमा खर्च हुन नसकेको, पटक पटक निर्माण अवधि थप हुँदा निर्माण कार्यमा ढिलाई हुने गरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, कर्मचारी सरुवा, निकायगत समन्वय प्रभावकारी हुन नसकेको, न्यून प्रगति रहेको लगायतका बेहोरा देखिएका छन्।

११९. **स्वास्थ्य बीमा कार्यक्रमको कार्यन्वयन स्थिति -** स्वास्थ्य बीमाको दायरा विस्तार हुन नसकेको, बीमा सचेतना बढाई नवीकरण गर्ने परिवारको दर बढाउनुपर्ने, बीमा दाबी शोधभर्नाको ठूलो हिस्सा अनुदानमा निर्भर रहेको, सीमित जनशक्ति र कार्यचापको कारण समयमै दाबी भुक्तानी हुन नसकेको, सेवा प्रदायकबाट प्राप्त दाबीहरू प्रमाण नपुगेको कारण उल्लेख्य संख्यामा रद्द हुने गरेको, सुविधा थैलीमा सूचीकृत सेवा अद्यावधिक नभएको, सबै स्थानीय तहमा प्रथम सेवा बिन्दु विस्तार हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

१२०. **वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति -** सीमित मुलुकसँग मात्र श्रम सम्झौता भएको, दक्ष कामदारको संख्या न्यून रहेको, श्रम गन्तव्य रहेका सबै मुलुकमा नियोग स्थापना र श्रम सहचारीको व्यवस्था हुन नसकेको, नियोगहरूमा भौतिक पूर्वाधारको कमी रहेको, कार्यबोझको आधारमा कर्मचारी दरबन्दी संख्या, बजेट र सवारीसाधन कम रहेको, श्रम गन्तव्य मुलुकमा सुरक्षित गृहको स्थापना र सञ्चालन नभएको, उजुरी तथा गुनासो समयमा फर्स्यौट नभएको, बन्दी श्रमिकलाई नेपालमा स्थानान्तरण गर्न नसकिएको, वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमको प्रभावकारिता न्यून रहेको, आर्थिक सहायताको रकममा पुनरावलोकन नभएको, मृतकको क्षतिपूर्ति समयमा हकवालालाई भुक्तानी नभएको, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ सङ्गठनसँग समन्वय गरी आवश्यक सहयोग लिन नसकिएको लगायतका बेहोरा देखिएका छन्।

१२१. **तराई-मधेश समृद्धि कार्यक्रम -** कार्यक्रम सञ्चालन गर्नुपूर्व आवश्यकता पहिचान, विस्तृत अध्ययन नभएको, आय आर्जनलाई बढावा दिने कार्यक्रम न्यून संख्यामा सञ्चालन भएको, कार्यक्रम सञ्चालन गर्दा मानव

विकास सूचकाङ्क, गरिबीको समग्र दर र गहनतालाई पूर्ण रूपमा ध्यान नदिएको, कार्य सम्पादन सूचक पहिचान नभएको, आवास निर्माण गर्दा तोकिएको कार्यविधिको पूर्ण पालना नभएको, आयोजना माग तथा स्वीकृतिको आधार नभएको, बजेट व्यवस्थापन नभई बहुवर्षीय आयोजना सञ्चालन भएको, कार्यक्रममा दोहोरोपनाको जोखिम रहेको र लागत सहभागिता तोकिएबमोजिम नभएको लगायतका बेहोरा देखिएका छन्।

१२२. **कारागार पूर्वाधार व्यवस्थापन-** कारागारलाई सङ्घीय र प्रदेश सरकारबाट सञ्चालन गर्ने संविधानको व्यवस्था कार्यान्वयन हुन नसकेको, ऐनको व्यवस्थाबमोजिम विशेष कारागार स्थापना र कैदीबन्दी व्यवस्थापन सम्बन्धमा खुला कारागार, सामुदायिक सेवा, पेरोलमा पठाउने जस्ता अवधारणा कार्यान्वयन नभएको, बन्दी गृहको निर्माणको लागि अन्तर निकाय समन्वय र आवश्यक मापदण्ड तथा कार्यविधि तयार नभएको, भौतिक संरचनाको अभाव रहेको तथा निर्माण भएका कतिपय संरचनाहरूसमेत प्रयोगमा आउन नसकेकको, कैदीबन्दीलाई प्रदान गर्नुपर्ने शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, व्यायाम, पारिवारिक भेटघाट कक्ष, प्रजनन अधिकार, आयआर्जन तथा सीप जस्ता सुविधामा असर परेको लगायतका बेहोरा देखिएका छन्।

१२३. **विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था-** आयोजना छनोट तथा प्राथमिकीकरण वस्तुनिष्ठ नभएको, वातावरणीय अध्ययन प्रतिवेदन समयमै स्वीकृत नभएको, निर्माण स्थलको तयारी, डिजाइनहरूमा परिवर्तन, स्थानीयसँगको विवाद, निर्माण सामग्रीको अभावलगायतका कारण पटक पटक म्याद थप भएको, निर्माण व्यवसायीद्वारा प्रयाप्त मात्रामा जनशक्ति र स्रोतसाधन परिचालन हुन नसकेको, सुरु लागतमा समावेश हुनुपर्ने आधारभूत क्रियाकलापमा समेत भेरिएसन गर्नुपरेको, भवनको हस्तान्तरणमा तोकिएको प्रक्रियाहरू पूरा नभएको, ठेक्का सम्झौतामा भन्सार छुटको विषय स्पष्ट नहुँदा विवाद उत्पन्न भई मध्यस्थता हुँदै अदालतमा पुगेको लगायतका बेहोरा समाबेश भएका छन्।

१२४. **नेपालको खाद्य सुरक्षा स्थिति -** प्रमुख खाद्यान्न बालीहरूमा उत्पादन र उत्पादकत्व बढे तापनि खाद्य तथा पोषणको दृष्टिकोणबाट विश्लेषण नभएको, कृषिमा आश्रितको अनुपातमा राज्यको लगानी न्यून रहेको, उन्नत तथा जलवायु अनुकूलनमैत्री अनुसन्धान तथा प्रविधि विकास नभएको, मन्त्रालयको प्रतिवेदन अनुसार उत्पादित खाद्यान्न बचत देखिए तापनि आयात हुने गरेको, आपतकालीन तथा विपदको अवस्थाको लागि खाद्य सञ्चिति नरहेको, प्रमुख बाली उत्पादन हुने क्षेत्रफल, लगानी र खाद्य सुरक्षाको अन्तरसम्बन्ध प्रष्ट्याउने तथ्याङ्कको अभाव रहेको, आयातित खाद्यान्न खाना, दाना वा अन्य प्रयोजनको लागि उपयोग भएकोबारे स्पष्ट अभिलेख नभएको लगायतका बेहोरा रहेका छन्।

• वातावरणीय लेखापरीक्षण

१२५. **विपद् व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था -** नेपालमा विभिन्न विपदबाट हुने मृत्यू मध्ये सडक दुर्घट्नाबाट हुने मृत्यू सबै भन्दा धेरै रहेको देखिए तापनि सडक पूर्वाधारबारे रणनीतिक कार्य योजनामा कुनै लक्ष्य निर्धारण नगरेको, विपदका कारण शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात लगायतका आधारभूत सेवामा भएको अवरोधको अवस्था र सो न्यून गर्ने स्पष्ट लक्ष्यहरू रणनीतिक कार्ययोजनामा उल्लेख नभएको, वार्षिक प्रतिवेदन तथा राष्ट्रिय स्वैच्छिक मध्यावधि समीक्षामा प्रत्येक प्राथमिकताअन्तर्गतका रणनीतिक कार्ययोजना र क्रियाकलापका सम्बन्धमा भएको प्रगति स्पष्ट

रुपमा खुलाई कार्यान्वयन अवस्था देखिने गरी प्रगति विवरण तयार नगरेको लगायतका बेहोरा देखिएका छन्।

१२६. **स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन** - फोहरको व्यवस्थित अभिलेख नराखेको, फोहर व्यवस्थापन समिति गठन नगरेको, फोहर व्यवस्थापन योजना तर्जुमा नगरेको, फोहर व्यवस्थापन प्रणालीको अनुगमन तथा मूल्याङ्कन नभएको, तालिम एवं क्षमता अभिवृद्धि कार्यक्रम न्यून संख्यामा सञ्चालन भएको, पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड पूर्ण रूपमा लागु नभएको, फोहरको वर्गीकरण तथा व्यवस्थापन उचित रूपमा हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

• सूचना प्रविधि लेखापरीक्षण

१२७. **नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था** - सूचनाको गोपनीयता, साइवर सुरक्षा, इन्टर-अपेराबिलिटी र डाटा एक्सचेनज गर्ने विधिबारे स्पष्ट नगरिएको, व्यवसाय सहजता इण्डेक्समा केही सुधार देखिए तापनि उल्लेख्य सुधार नभएको, जनशक्ति विकास योजना र समय समयमा जोखिम विश्लेषण गर्ने कार्य हुन बाँकी रहेको, प्रणाली सञ्चालन, अनुगमन र मूल्याङ्कनका लागि शासकीय (गभर्नेन्स) संरचना स्पष्ट नरहेको वा निष्क्रिय रहेको, प्रणालीमा आईपर्ने साधारण देखि जटिल समस्या समाधानको लागि प्रणाली विकासकर्तामा पूर्णरूपमा निर्भर रहनुपर्ने अवस्था रहेको लगायतका बेहोरा देखिएका छन्।

खण्ड

१

सङ्घीय मन्त्रालय तथा निकाय

सङ्घीय संसद सचिवालय

नेपालको संविधानको धारा ८३ मा दुई सदन सहितको एक सङ्घीय व्यवस्थापिका रहने व्यवस्था छ। राज्य सञ्चालनका क्रममा आवश्यकताअनुसार पेस भएका विधेयकहरू उपर सदनमा छलफल गरी कानुन निर्माण गर्नु सङ्घीय संसदको मुख्य कार्य हो। संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ। प्रतिनिधि सभा नियमावली, २०७९ र राष्ट्रिय सभा नियमावली, २०७५ अनुसार प्रतिनिधि सभामा १०, राष्ट्रिय सभामा ४ र दुवै सदनको संयुक्त २ समेत १६ विषयगत समिति रहेका छन्।

१. **सङ्घीय संसद सचिवालय -** सचिवालयको निम्नानुसार रू.१ अर्ब १७ करोड ४७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११६३४	१३	५२	४८	११७४७

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालयमा विनियोजन भई सचिवालयवाट खर्च भएको रू.१८ लाखसमेत समावेश छ।

२. **विधेयक दर्ता तथा पारित** - नेपालको संविधानको धारा ८५ मा प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुने उल्लेख छ। प्रथम प्रतिनिधि सभा, २०७४ को कार्यकाल २०७९ आश्विन १ मा समाप्त भई दोस्रो प्रतिनिधि सभाको निर्वाचन,२०७९ मंसिर ४ मा सम्पन्न भएको छ। प्रतिनिधि सभा, २०७९ को प्रथम तथा राष्ट्रिय सभाको तेह्रौ अधिवेशन २०७९ पौष २५ देखि २०८० वैशाख १५ सम्म र प्रतिनिधि सभाको दोस्रो तथा राष्ट्रिय सभाको चौधौं अधिवेशन २०८० वैशाख २४ देखि २०८० कार्तिक १६ सम्म सञ्चालन भएको देखिन्छ। सो अवधिमा प्रतिनिधि सभामा ७ र राष्ट्रिय सभामा ८ समेत १५ विधेयक दर्ता भएका छन्। उक्त अवधिमा दर्ता भएका विधेयकमध्ये सम्माननीय राष्ट्रपतिबाट विनियोजन विधेयक, आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक लगायत ४ विधेयक दुवै सदनबाट पारित भई प्रमाणीकरण भएको देखिन्छ।

३. **बैठक सञ्चालन -** सङ्घीय संसद सचिवालयबाट प्राप्त विवरणअनुसार प्रतिनिधि सभा, २०७९ को प्रथम अधिवेशन ११० दिन चालु रहेकोमा २९ दिनमा २८ पटक र दोस्रो अधिवेशन १८० दिन चालु रहेकोमा ६९ दिनमा ६५ पटक तथा राष्ट्रिय सभातर्फ तेह्रौं अधिवेशन ११० दिन चालु रहेकोमा १८ दिनमा १९ पटक र चौधौं अधिवेशन १८० दिन चालु रहेकोमा ३९ दिनमा ४८ पटक बैठक बसेको देखिन्छ। उल्लिखित अवधिमा प्रतिनिधि सभाको २९६ घण्टा ३० मिनेट र राष्ट्रिय सभाको १०० घण्टा ६ मिनेट बैठक सञ्चालन भएको छ। प्रतिनिधि सभाको प्रथम र दोस्रो अधिवेशन तथा राष्ट्रिय सभाको तेह्रौं र चौधौं अधिवेशनमा बैठक भत्ताबापत रू.७ करोड ५६ लाख खर्च भएको छ। नेपालको संविधानको धारा ११० मा संविधानको अधीनमा रही सङ्घीय संसदको कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिने उल्लेख छ। प्रतिनिधि सभा, २०७९ को दोस्रो अधिवेशनमा दर्ता भएका संवैधानिक परिषद्को काम,

कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी विधेयक, सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, केही नेपाल ऐन संशोधन गर्नेसमेत ४ विधेयक र राष्ट्रिय सभामा दर्ता भएका अनुगमन तथा मूल्याङ्कन विधेयक, अभिलेख संरक्षण विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग विधेयक, भ्रष्टाचार निवारणसमेत ७ विधेयक विचाराधीन रहेकै अवस्थामा दुवै सदनका बैठक अन्त्य भएको देखिन्छ।

४. **बेरुजु सम्परीक्षण -** लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनुपर्ने र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउने उल्लेख गरिएको छ। त्यसैगरी सोही ऐनको दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेलगायतका कार्य गर्नसक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा सम्बन्धित मन्त्रालयले बेरुजुको लगत राखी फर्स्यौंट गरेर लगत कट्टाको लागि महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने र दफा ४१ अनुसार सार्वजनिक लेखा समितिले गरेको निर्णयको आधारमा सम्बन्धित लेखा उत्तरदायी अधिकारीले फर्स्यौंट गरेको आधारमा लगत कट्टा गर्नेसमेत दुई विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएकोले २०७९।३।१७ पश्चात् सङ्घीय सरकारतर्फका निकायहरूको महालेखापरीक्षकको कार्यालयबाट बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य भएको छैन।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का उल्लिखित प्रावधान र लेखापरीक्षण ऐन, २०७५ मा भएको व्यवस्था सम्बन्धमा स्पष्टता हुनुपर्ने देखिन्छ।

५. **निर्णय कार्यान्वयन -** प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८९ मा विषयगत समितिको बैठकमा पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्ने व्यवस्था छ। विभिन्न ७ समितिको २७० पटक बैठक बसी पुँजीबजार, अव्यवस्थित बसोबास एवं सुकुम्बासी बस्ती व्यवस्थापन, हवाई सुरक्षा, सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, उखु किसानको अनुदान व्यवस्थापन, पेट्रोलियम पदार्थको आपूर्ति प्रणाली व्यवस्थापन, तरकारी आयातमा न्यूनीकरणलगायतका विषयमा निर्णय गरेको देखिन्छ। उक्त निर्णयहरू समावेश गरी सभामा वार्षिक प्रतिवेदनसमेत पेस गरेको भए तापनि सोको कार्यान्वयन अवस्थाको अनुगमन एवं मूल्याङ्कन गरेको अभिलेख राखेको देखिएन। अतः सङ्घीय संसद र समितिहरूबाट भएका निर्णयको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

६. **योग्यता र पदपूर्ति प्रक्रिया -** सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा ५ मा आफ्नो कार्यकालको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भएबमोजिम कर्मचारी सुविधा पाउने व्यवस्था छ। अनुसूचीमा विभिन्न पदाधिकारी तथा सदस्यलाई दिइने कर्मचारीको दर्जा र सङ्ख्या उल्लेख भए तापनि कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रक्रियाबारे उल्लेख छैन। यो वर्ष विभिन्न श्रेणीका अधिकृतस्तरका ३११ र

सहायकस्तरका ११० समेत ४२१ सचिवालयका कर्मचारीको पारिश्रमिकमा रू.१४ करोड ४९ लाख ४६ हजार खर्च भएको छ। शैक्षिक योग्यता र पदपूर्ति प्रक्रिया तोकी नियुक्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **कर्मचारी करार** - सङ्घीय संसद सचिवालयसम्बन्धी ऐन,२०६४ को दफा १७(४) मा यो दफा प्रारम्भ हुँदाको बखत रिक्त रहेका र यो दफा प्रारम्भ भएपछि रिक्त हुने श्रेणीविहीन राजपत्र अनङ्कित पाँचौं श्रेणीका पदहरू प्रचलित निजामती सेवा ऐन वा सो ऐनअन्तर्गत तोकिए अनुरूप हुने, तोकिएको श्रेणीविहीन राजपत्र अनङ्कित पाँचौं श्रेणीका पदहरू स्वतः खारेज हुने, खारेज भएको जानकारी निजामती किताबखानामा पठाउनुपर्ने र त्यस्ता पदहरूबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासँग करार गरी सेवा करारबाट सम्पादन गराउनुपर्ने व्यवस्था छ। तर सचिवालयले दरबन्दी नरहेको पदमा सञ्चार विज्ञ ३ र स्वास्थ्य सहायक १ समेत ४ जना करारमा राखी यो वर्ष रू.२० लाख ३६ हजार पारिश्रमिक खर्च लेखेको छ। कानुनमा भएको व्यवस्थाअनुसार सेवा करार लिनुपर्ने देखिन्छ।

८. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखभन्दा बढीको सामान सोझै खरिद गर्न नहुने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद कार्यलाई टुक्रा टुक्रा पार्न नमिल्ने, सोही ऐनको प्रस्तावनामा खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था छ। सचिवालयले यो वर्ष कम्प्युटर, विभिन्न प्रकारका फर्निचर, ल्यापटप, मोबाइल, फोन सेट, सर्भर, पोशाक आदि सोझै खरिद गरेको देखिन्छ। यो वर्ष संसदीय निर्वाचनबाट संसदीय दलका कार्यालयहरू बढेका कारणले सोझै खरिद गर्नुपरेको उल्लेख गरेको छ। सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ।

- **बेरुजु स्थिति** - सङ्घीय संसद सचिवालयको यो वर्ष रू.१४ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४ लाख ४९ हजार फस्यौंट गरेकोले रू.९ लाख ८२ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११, धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ। नेपालको संविधानमा तीन तहको अदालत हुने व्यवस्थाअनुरूप सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत समेत १०६ निकायमा ४६८ न्यायाधीशसहित विभिन्न सेवा, समूह र श्रेणीमा ६ हजार ९५३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** सर्वोच्च अदालत र मातहतका समेत १०५ निकायको निम्नानुसार रू. २२ अर्ब ९३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
७२११४	२०४५५	१२६२५५	१२६९	२२००९३

उल्लिखित लेखापरीक्षण रकममा धादिङ जिल्ला अदालतको २०७८।७९ को बक्यौता लेखापरीक्षण गरिएको रू.१० करोड ५५ लाख समावेश छ।

२. **सङ्गठित संस्था -** यो वर्ष राष्ट्रिय न्यायिक प्रतिष्ठानको रू.१५ करोड २५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **मुद्दा तथा फैसला -** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना, २०७६।७७- २०८०।८१ मा छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्धन, अदालत व्यवस्थापन सुदृढीकरण र न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धिका लागि ५ लक्ष्य तथा २३ रणनीतिक उद्देश्य तय गरिएको छ। रणनीतिक योजनामा उच्च र जिल्ला अदालतहरूले जिम्मेवारी सरेका सबै मुद्दा, निवेदन तथा पुनरावेदनहरू चालु आर्थिक वर्षमा फर्स्यौट गर्ने, सामान्य मार्गमा रहने मुद्दा, निवेदन तथा पुनरावेदन दर्ता भएको १२ महिनाभित्र र विशेष मार्गमा रहने मुद्दा दर्ता भएको मितिले १८ महिनाभित्र फर्स्यौट गर्ने उल्लेख छ। त्यसै गरी सर्वोच्च अदालततर्फ योजना कार्यान्यवनको चौथो वर्ष २०७९।८० मा एक वर्ष नाघेका सबै रिट निवेदन र १८ महिना नाघेका सबै सुरु मुद्दा तथा पुनरावेदन फर्स्यौट गर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार अदालत तथा न्यायाधिकरणमा गत वर्षबाट जिम्मेवारी सरेका मुद्दा तथा निवेदन १ लाख ६६ हजार ८००, यो वर्ष (२०७९।८०) दर्ता भएका ३ लाख ८ हजार ५३९ समेत ४ लाख ७५ हजार ३३९ मुद्दा मध्ये ३ लाख ४ हजार ६०३ (६४.०८ प्रतिशत) फर्स्यौट भई १ लाख ७० हजार ७३६ फर्स्यौट गर्न बाँकी रहेको देखिन्छ। मुद्दा फर्स्यौटको स्थिति हेर्दा वार्षिक औसतमा सर्वोच्च अदालतले ३१.५९ प्रतिशत, उच्च अदालतहरूले ६७.८२ प्रतिशत र जिल्ला अदालतहरूले ६७.२० प्रतिशत मुद्दा फर्स्यौट गरेको देखिएको छ।

फर्स्यौंट गर्न बाँकी मुद्दामध्ये १ वर्षभित्रका १ लाख ११ हजार ८८२, एक वर्षदेखि १८ महिनाभित्रका २० हजार ६१२, १८ महिनादेखि २ वर्षभित्रका १३ हजार २५५ र २ वर्ष नाघेका २४ हजार ९८७ रहेको छ। सर्वोच्च अदालतबाट फर्स्यौंट हुन बाँकी २८ हजार ७४१ मुद्दामध्ये १ वर्षभित्रका ८ हजार १७८, १ देखि २ वर्षभित्रका ५ हजार १६५, २ देखि ५ वर्षभित्रका ११ हजार २३८ र ५ वर्षभन्दा बढी अवधिका ४ हजार १६० रहेका छन्। अदालतले बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना बनाई पुराना मुद्दा फर्स्यौंटलाई प्राथमिकता दिने लक्ष्य राखे तापनि लामो समयसम्म फर्स्यौंट हुन नसकेको अवस्था छ।

४. **फैसला कार्यान्वयन -** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यअनुरुप फौजदारी मुद्दामा अन्तिम कायम भएको कैद, जरिबाना र सरकारी बिगोमध्ये प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत बराबर असुल गर्ने उल्लेख छ। सर्वोच्च अदालतबाट प्राप्त विवरणअनुसार सबै जिल्ला अदालतमा दण्ड जरिबाना तर्फ रू.२१ अर्ब ७३ करोड ४० लाख २० हजार लगत रहेकोमा २०७९।८० मा रू.२ अर्ब ३३ करोड ५५ लाख ५७ हजार १०.७५ प्रतिशत मात्र असुल फर्स्यौंट भई रू.१९ अर्ब ३९ करोड ८४ लाख ६३ हजार लगत बाँकी रहेको छ। कैदतर्फ १ लाख ९ हजार २५ वर्ष ३ दिन लगत बाँकी रहेको देखिन्छ।

त्यसैगरी रणनीतिक योजनाले देवानी मुद्दाका फैसला कार्यान्वयनसम्बन्धी निवेदन लगत पक्षहरू अदालतमा हाजिर भएको मितिले ६ महिनाभित्र र फौजदारी मुद्दामा अन्तिम कायम भएको निजी बिगो र क्षतिपूर्ति निवेदन परेको मितिले ६ महिनाभित्र फर्स्यौंट गर्ने उल्लेख गरेकोमा फैसला कार्यान्वयनसम्बन्धी ५३ हजार ८६ निवेदनमध्ये २३ हजार ८९३ (४५ प्रतिशत) मात्र फर्स्यौंट भई २९ हजार १९३ को लगत रहेको देखियो। मुद्दाको लगत बढ्दै जाँदा फैसला कार्यान्वयनमा समेत त्यसको प्रभाव पर्ने भएकोले कार्ययोजनाअनुसार फैसला कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

५. **मेलमिलाप -** सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७८ मा अदालत समक्ष दायर भएको मुद्दाका पक्षहरूले सो मुद्दा मेलमिलाप प्रक्रियाबाट समाधान गर्न चाहेमा रजिष्ट्रारसमक्ष निवेदन दिन सक्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार मेलमिलाप हुनसक्ने मुद्दाको संख्या सर्वोच्च अदालतमा १३ हजार ५४३, उच्च अदालतहरूमा २२ हजार ६५ र जिल्ला अदालतहरूमा १ लाख १६ हजार ३८२ समेत १ लाख ५१ हजार ९९० रहेको उल्लेख छ। मेलमिलापतर्फ गत वर्षबाट जिम्मेवारी सरेको १२ हजार ९४४ र यो वर्ष दर्ता भएका १९ हजार २९० समेत ३२ हजार २३४ मुद्दाको लगत रहेको मध्ये २८ हजार ५७३ मुद्दा मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाएकोमा मेलमिलाप हुन नसकी २४ हजार ४४ मुद्दा फिर्ता भएको र ४ हजार ५२९ मुद्दाको मात्र मेलमिलाप सफल भएको उल्लेख छ। उल्लिखित अवस्थाले यो वर्षको मेलमिलाप सफलता प्रतिशत १५.८५ मात्र रहेको देखियो।

६. **दरबन्दी र पदपूर्ति -** न्याय परिषद् ऐन, २०७३ मा न्यायाधीशको नियुक्ति तथा निजामती सेवा ऐन, २०४९ मा कर्मचारीको पदपूर्तिसम्बन्धी व्यवस्था छ। सर्वोच्च अदालतमा २१ न्यायाधीशको दरबन्दीमध्ये २०७९।८० को अन्तमा १५ को पदपूर्ति भई ६ न्यायाधीश रिक्त रहेको उल्लेख छ। सर्वोच्च अदालत र मातहत अदालतमा कुल ४६८ न्यायाधीशको दरबन्दीमध्ये ३७४ को पदपूर्ति भई ९४ रिक्त रहेको अवस्था छ। प्रशासकीय कर्मचारीको कुल दरबन्दी ६ हजार ४८५ रहेकोमा ५४९

रिक्त रहेको देखिन्छ। जनशक्ति एवं आवश्यक प्रशासकीय व्यवस्था मिलाई रणनीतिक तथा वार्षिक योजनाअनुसार न्याय सम्पादनको कार्य थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

७. **भवन निर्माण -** सर्वोच्च अदालतको भवन निर्माणको लागि मूल्य अभिवृद्धि करसमेत रू.५ अर्ब ८७ करोड ६ लाख कबोल गर्ने एक संयुक्त उपक्रमसँग २०८०।१२।१८ भित्र कार्य सम्पन्न गर्ने गरी २०७७।१२।१९ मा सम्झौता भएको छ। यो वर्ष १० औं बिलसम्म रू.२ अर्ब ३८ करोड ४१ लाख ४९ हजार भुक्तानी भएकोले सम्झौता अङ्कको तुलनामा ४०.८२ प्रतिशतमात्र वित्तीय प्रगति भएको देखिन्छ। उपलव्ध विवरणअनुसार २०८०।३।३१ सम्म ७६.११ प्रतिशत समय व्यतीत हुँदा ४४ प्रतिशत र २०८० पौष मसान्तसम्म ९२.७७ प्रतिशत समय व्यतीत हुँदा ४८.८५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। उल्लिखित अवस्थाले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने अवस्था देखिँदैन। समयमा निर्माण कार्य सम्पन्न नहुँदा परामर्शलगायतका खर्चमा वृद्धि भई लागत बढ्ने देखिँदा कार्यतालिकाअनुसार निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्न पहल गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** सर्वोच्च अदालत र मातहतसमेतका ६६ निकायमा यो वर्ष रू.६ करोड ९४ लाख ३२ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४७ लाख ९८ हजार फर्स्यौंट गरेकोले रू.६ करोड ४६ लाख ३४ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य चार आयुक्तको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसैगरी धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान, तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने कार्य आयोगबाट हुँदै आएको छ। आयोग र मातहतसमेत ९ कार्यालयमा ९९० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत ९ निकायको निम्नानुसार रू.१ अर्ब ३२ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२२९८	२५९	७२५	१	१३२८३

२. **उजुरी व्यवस्थापन** - आयोगमा गतवर्षको जिम्मेवारी ७ हजार १६२ र यो वर्ष दर्ता भएका २० हजार ९०५ समेत २८ हजार ६७ उजुरी दर्ता भएकोमा विस्तृत अनुसन्धान गरिएका १ हजार १३३, सोझै तामेली ७ हजार ८६९, सुझावसहितको तामेली १५२ र अन्य कारबाहीमा रहेका ९ हजार ६४५ समेत १८ हजार ७९९ उजुरी फर्स्यौंट भई ९ हजार २६८ बाँकी रहेको देखिन्छ। यो वर्ष विस्तृत अनुसन्धान भएका फाइलमध्ये १६२ मुद्दामा ७६६ जनाबाट रू.१ अर्ब ७४ करोड ५२ लाख १६ हजार ६३४ मागदाबी गरी विशेष अदालतमा मुद्दा दायर भएको छ। कुल उजुरीमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तहसमेत) अन्तर्गतका उजुरी १० हजार ९० अर्थात् ३५.९५ प्रतिशत रहेका छन्। आयोगले २०७९।८० मा दायर गरेका मुद्दामध्ये ६४ गैरकानुनी लाभ वा हानि, ३२ घुस (रिसवत), २७ सार्वजनिक सम्पत्ति हानि नोक्सानी, १३ गैरकानुनी सम्पत्ति आर्जन, ८ झुट्टा शैक्षिक प्रमाणपत्र, ७ राजस्व चुहावट र ११ विविध प्रकारका रहेका छन्। विशेष अदालतबाट फैसला भएका २३७ मुद्दामा आयोगले २०७९।८० मा सर्वोच्च अदालतमा पुनरावेदन गरेको देखिन्छ।

३. **कार्यसम्पादन** - आयोगले संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) बमोजिम उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत क्षमता विकाससहित चार रणनीति अवलम्बन गरी कार्यसम्पादन गर्दैआएको छ। आयोगको ३३ औं वार्षिक प्रतिवेदनअनुसार भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्न नीतिगत तथा कानुनी क्षेत्रमा सुधारका लागि सार्वजनिक सेवा प्रवाह, शासकीय संरचना सुधार, योजना तर्जुमा, बजेट विनियोजन तथा आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सूचना प्रविधिको उपयोग, मानव पुँजी व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोगलगायत १२ विधा तथा विषयगत निकायअन्तर्गत सङ्घीय, प्रदेश र स्थानीय तहसमेत २४ क्षेत्रमा भ्रष्टाचारलाई अस्वीकार गर्ने संस्कृतिको विकास गर्ने र भ्रष्टाचार हुन नदिने पद्धति स्थापना गर्ने दिशातर्फ आयोग केन्द्रित रहेको उल्लेख छ। मुलुकमा विद्यमान भ्रष्टाचार नियन्त्रण गरी सदाचार पद्धति स्थापित गर्न आयोगले अपनाएको

प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूको प्रयोगमा थप क्रियाशीलता तथा प्रभावकारिता ल्याउनुपर्दछ।

४. **सुझाव कार्यान्वयन -** नेपालको संविधानको धारा २९४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत् त्यस्तो प्रतिवेदन सङ्घीय संसदमा पेस गर्ने व्यवस्था छ। आयोगले ३३ औं प्रतिवेदनमार्फत् सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि कार्यान्वयन, शासकीय संरचनामा सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन, योजना तर्जुमा र बजेट विनियोजन, सार्वजनिक खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, सदाचार र नैतिक आचरण प्रवर्धन, सूचना प्रविधिको उपयोग, निर्वाचन प्रणाली सुधार, अनुदान वितरण, मानव पुँजी व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोगलगायतका विषयहरूमा सुझाव दिएको छ। सुझाव कार्यान्वयन अवस्थाको अनुगमन गर्नुपर्दछ।

महालेखापरीक्षकको कार्यालय

नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको व्यवस्था छ। महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई सबै संघीय, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने अधिकार दिएको छ। कार्यालयले संवैधानिक र कानुनी व्यवस्थाअनुसार लेखापरीक्षण ऐन तथा प्रचलित अन्य ऐन कानुन, लेखापरीक्षणसम्बन्धी मानदण्ड र निर्देशिकाहरू जारी गरी लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्दै आएको छ। कार्यालयमा ६४३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालयको यो वर्ष निम्नानुसार रू. ६३ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
६२२२	२४	१२९	-	६३७५

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालयमा विनियोजन भई यस कार्यालयबाट खर्च भएको रू.६ करोड ८६ लाखसमेत समावेश छ।

२. **रणनैतिक योजना कार्यान्वयन -** कार्यालयको ५ वर्षीय (सन् २०२१-२५) रणनैतिक योजनाले लेखापरीक्षण गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन तथा स्वतन्त्रता, संस्थागत तथा व्यावसायिक सक्षमता, आर्थिक अनुशासन तथा जवाफदेहिता, सरोकारवालाहरूसँगको सम्बन्धलगायत ५ रणनैतिक लक्ष्य हासिल गर्न २०१ क्रियाकलाप तोकेको छ। योजना सुरु भएको आधा समय व्यतीत भएकोमा कार्यालयले यो वर्ष गरेको मध्यावधि समीक्षाअनुसार ३१ क्रियाकलाप पूर्णरूपमा सम्पादन भएको, ८६ आंशिक सम्पादन भएको, ८४ क्रियाकलाप सम्पादन गर्न बाँकी रहेको उल्लेख छ। सोमध्ये १४ क्रियाकलाप सम्पादन गर्ने समय अवधि बाँकी रहे पनि सम्पन्न हुन बाँकी क्रियाकलापहरूलाई बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ। आयोगका अध्यक्ष र अन्य चार सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसैगरी धारा २४३ मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख छ। लोक सेवा आयोग ऐन, २०७९ मा आयोगले सङ्घीय निजामती सेवा, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवाको पदमा उम्मेदवार छनोट गर्ने व्यवस्था छ। आयोग र मातहत १६ निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत १६ निकायको निम्नानुसार रू.१ अर्ब २१ करोड ८८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
९११०	२४२४	३०	६२४	१२१८८

२. **कार्य सम्पादन** - आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयबाट यो वर्ष सङ्घीय निजामती सेवातर्फ १ हजार ८०, समावेशी १ हजार ६, बढुवा ९९० र आन्तरिक २८१ समेत ३ हजार ३५७ पदका लागि १ हजार ६१६ विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन भएको देखियो। विज्ञापनमा माग भएका पदहरूमा आन्तरिक प्रतियोगितातर्फ ११ हजार ८५ (२.३० प्रतिशत), खुला प्रतियोगितातर्फ २ लाख ६६ हजार १५५ (५५.०८ प्रतिशत) तथा समावेशी प्रतियोगितातर्फ २ लाख ५ हजार ९६३ (४२.६२ प्रतिशत) समेत ४ लाख ८३ हजार २०३ दरखास्त परेकोमा सबैभन्दा बढी दरखास्त दिने पद खरिदार वा सो सरह रहेको उल्लेख छ।

आयोगले यो वर्ष सञ्चालन गरेका लिखित परीक्षामा ४५ हजार ७१५ महिला र ८४ हजार ७०६ पुरुषसमेत १ लाख ३० हजार ४२१ उम्मेदवार सहभागी भएकोले दरखास्त दिनेमध्ये २६.९५ प्रतिशतले मात्र लिखित परीक्षामा भाग लिएको देखिन्छ। उक्त तथ्याङ्कलाई आधार मान्दा एक पद बराबर दरखास्त दिनेको संख्या १४४ र लिखित परीक्षामा उपस्थित हुनेको संख्या ३९ हुन आउँछ। त्यसैगरी आयोगले २०७९।८० को अवधिमा रिक्त पदमा १ हजार ९९ महिला र २ हजार ५७६ पुरुषसमेत ३ हजार ६७५ उम्मेदवार स्थायी नियुक्तिको लागि सिफारिस गरेको देखिन्छ।

आयोगले यो वर्ष सुरक्षा निकायसहित ९९ संस्थाको पदपूर्ति प्रक्रियाको प्रतिनिधित्व गरेकोमा ४ सुरक्षा निकाय र ४० सङ्गठित संस्थाका १८ हजार ६५६ पदपूर्ति गर्न सहमति प्रदान गरेको छ। आयोगले त्यस्ता संस्थामा पदपूर्तिका लागि ७७४ विज्ञापन प्रकाशन गरेकोमा सोको लिखित परीक्षाबाट १४ हजार ३७५ उम्मेदवार अन्तर्वार्ताको लागि छनोट गरेको छ। सङ्गठित संस्थाको पदपूर्तिका लागि यो वर्ष रू.४५ करोड ४७ लाख ८० हजार खर्च भएको उल्लेख छ।

३. **परीक्षा स्थगन** - आयोगको वार्षिक कार्यतालिकामा समावेश भएका खुला कन्सल्टेन्ट स्पाइनल सर्जन, उप सचिव (शिक्षा-शिक्षा प्रशासन), खुला/समावेशी इन्जिनियर, खुला/समावेशी विद्यालय निरीक्षक, पाठ्यक्रम

अधिकृत नेपाली, खुला/महिला मेकानिकल इन्जिनियर, खुला क्लिनिकल साइकोलोजिष्ट पदको परीक्षा योग्यता, समायोजन, शैक्षिक योग्यता र पाठ्यक्रमसम्बन्धी विवादलगायतका कारण अदालतबाट स्थगित भएको उल्लेख छ। त्यसैगरी मानव अधिकार अधिकृत, प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ड (एघारौं), कन्सल्टेन्ट नेफ्रोलोजिष्ट, न्युरोलोजिष्ट, कार्डियोलोजिष्ट, ग्याष्ट्रोइन्टरोलोजिष्ट माइनिङ्ग इन्जिनियर, खाद्य अनुसन्धान अधिकृतलगायत ४६ पदमा दरखास्त नपरेको कारण परीक्षा सञ्चालन हुन सकेको छैन।

४. **पाठ्यक्रम निर्माण** - निजामती सेवा ऐन, २०४९ को दफा ७ मा राजपत्राङ्कित प्रथम श्रेणी र द्वितीय श्रेणीमा पदपूर्ति गर्दा १० प्रतिशत खुला, ३५ प्रतिशत कार्यक्षमता मूल्याङ्कन, २० प्रतिशत आन्तरिक र ३५ प्रतिशत ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा गर्ने व्यवस्था रहेको छ। आयोगबाट खुला र आन्तरिक प्रतियोगिताको लागि एकै किसिमको पाठ्यक्रम सञ्चालनमा रहेको छ। आयोगबाट विज्ञापन भएका कतिपय पदमा माग संख्याबमोजिम परीक्षार्थी उत्तीर्ण नहुँदा नियुक्तिका लागि सिफारिस हुन नसकेको अवस्थासमेत छ। खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिताको परीक्षा नै फरक प्रकृतिका हुने भएकोले आन्तरिक प्रतियोगितातर्फ सेवा समूहसँग सम्बन्धित पदको कार्यसम्पादनसँग प्रत्यक्ष सम्बन्धित विषयको व्यावहारिक ज्ञान र सीपसमेत परीक्षण हुने गरी पाठ्यक्रम परिमार्जन गर्नुपर्ने देखिन्छ।

५. **सुझाव कार्यान्वयन** - नेपालको संविधानको धारा २९४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत् त्यस्तो प्रतिवेदन सङ्घीय संसदमा पेस गर्ने व्यवस्था छ। आयोगले ६४ औं वार्षिक प्रतिवेदनमार्फत् संघको रिक्त पदमध्ये निश्चित प्रतिशत ज्येष्ठताका आधारमा सरुवा भई आउन पाउने गरी कानूनी व्यवस्था मिलाउने र सङ्घीय तहको माथिल्लो पदमा बढुवा हुनसमेत बाधा नपुग्ने गरी व्यवस्था गर्ने, कार्यबोझका आधारमा कर्मचारी दरबन्दी पुनरावलोकन गर्ने, लक्षित वर्गहरूको प्रतिस्पर्धात्मक क्षमता सुधार गर्न राज्यको तर्फबाट लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गर्ने, विश्वविद्यालय छाता ऐनको व्यवस्था गरी समग्र विश्वविद्यालयको पदपूर्ति व्यवस्थित गर्नुपर्ने, एकीकृत अभिलेखीकरणको लागि छुट्टै निकाय वा मन्त्रालयको व्यवस्था गर्नुपर्ने लगायतका सुझाव दिएको छ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उप-राष्ट्रपति, संघीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ। आयोग र मातहतका समेत ७८ कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ। आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को लागि ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय, ९३ निर्वाचन अधिकृतको कार्यालयसमेत १७० कार्यालयको व्यवस्था गरी निर्वाचन कार्य सम्पन्न गरेको छ।

१. **सरकारी कार्यालय -** निर्वाचन आयोग र मातहतसमेत २४८ निकायको निम्नानुसार रू.७ अर्ब ७१ करोड १८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७२९९५	१३८५	२७३३	५	७७११८

२. **निर्वाचन सञ्चालन खर्च -** यो वर्ष आयोगले राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, राष्ट्रिय सभाको निर्वाचन र प्रतिनिधि सभाको ३ क्षेत्रको उपनिर्वाचन सम्पन्न गरेको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लागि नेपाल सरकारबाट रू.८ अर्ब ५० करोड विनियोजन भएकोमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि रू.६ अर्ब ६७ करोड ३७ लाख, राष्ट्रिय सभा सदस्य उपनिर्वाचनमा रू.७१ लाख ५४ हजार, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा रू.८२ लाख, प्रतिनिधि सभा उपनिर्वाचनमा रू.८ करोड २७ लाखसमेत रू.६ अर्ब ७७ करोड १७ लाख खर्च भएको छ। विगतको निर्वाचनको तुलनामा कम खर्च भएता पनि आयोगमा विगत निर्वाचनमा खरिद भई मौज्दातमा रहेका पुनः प्रयोग गर्न सकिने निर्वाचन सामग्री तथा मेसिनरी उपकरणको उपयोग भएको पाइएन।

३. **मतदानमा सहभागिता** - स्वच्छ र निष्पक्ष निर्वाचन सम्पन्न गराउनु निर्वाचन आयोगको प्रमुख संवैधानिक जिम्मेवारी रहेको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन, २०७९ मा प्रतिनिधिसभाका प्रत्यक्ष १६५, समानुपातिकतर्फका ११० र प्रदेशसभाका ३३० जना सदस्यको पदका लागि महिला ८८ लाख ४७ हजार ५७९, पुरुष ९१ लाख ४० हजार ८०६ र अन्य १८५ समेत १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेकोमा १ करोड ११ लाख २६ हजार २२६ जना (६१.८५ प्रतिशत) मतदाताहरूले मताधिकार प्रयोग गरेका छन्। प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ मा ६८.६७ प्रतिशत मतदान भएकोमा २०७९ को चुनावमा ६१.८५ प्रतिशत मात्र मतदान भएकोले मतदानमा सहभागिता दर घटेको देखिन्छ। यो वर्षको प्रत्यक्ष निर्वाचनतर्फ ६.०६ प्रतिशत र समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको छ। मतदानमा सहभागितादर वृद्धि गर्न एवं बदर मत प्रतिशतलाई न्यूनीकरण गर्न मतदाता शिक्षालाई प्रभावकारी बनाउनुपर्दछ।

४. **रणनीतिक योजना कार्यान्वयन -** निर्वाचन आयोगको जारी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।७७- २०८०।८१) मा योजना कार्यान्वयनको समीक्षा चौमासिक र वार्षिक रूपमा गरिने उल्लेख छ। आयोगले २०७८।७९ मा मध्यावधि समीक्षा गरे तापनि यस वर्ष रणनीतिक योजनाले निर्दिष्ट गरेबमोजिम चौमासिक र वार्षिक रूपमा उक्त योजना कार्यान्वयनको समीक्षा गरेको छैन। योजनाको ४ वर्ष व्यतीत भइसके तापनि निर्वाचन सामग्रीको मापदण्ड तयार गरी सामग्री व्यवस्थापन कार्यलाई विकेन्द्रित गर्दै लगिने, विद्युतीय मतदान यन्त्रको क्रमशः प्रयोग गर्दै जाने, प्रविधिमा आधारित प्रणालीको विकास गरी राजनीतिक दलको कोष व्यवस्थापन र निर्वाचन खर्चको अभिलेख व्यवस्थापन गर्न सफ्टवेयरको विकास गर्ने, राजनीतिक दलको स्वमूल्याङ्कन प्रणालीको विकास गर्ने, निर्वाचनसम्बन्धी पुराना अभिलेख तथा विवरणको अर्काइभ तयार गरी संरक्षण गर्नेलगायतका क्रियाकलाप सम्पादन भएका छैनन्। रणनीतिक योजनाका लक्ष्य, कार्यनीति र क्रियाकलापबीच तादात्म्यता कायम गरी निर्धारित क्रियाकलाप कार्यान्वयन गर्नुपर्दछ।

५. **कागज खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकताभन्दा बढी हुने सम्पत्ति तथा मालसामान खरिद गर्न गराउन नहुने व्यवस्था छ। आयोगमा गत वर्षसम्म ३२७.५२ मेट्रिकटन कागज मौज्दात रहेकोमा यो वर्ष खरिद ८४८.७५६ मेट्रिकटनसमेत १ हजार १७६.२७६ मेट्रिकटन कागजमध्ये ५२९.०५४ मेट्रिकटन खपत भई ६४७.२२२ मेट्रिकटन मौज्दात रहेको देखिन्छ। मौज्दात रहेको कागजको मूल्य यो वर्षको खरिद दर प्रति मेट्रिकटन रू.१ लाख ६९ हजार ९९३ का दरले मूल्य अभिवृद्धि करसमेत रू.१२ करोड ४३ लाख २६ हजार हुने देखिन्छ। यसरी प्रयोग गर्न योग्य कागजमध्ये ४५ प्रतिशत कागज मतपत्र छपाइमा प्रयोग भई ५५ प्रतिशत कागज मौज्दात रहेको देखिँदा आवश्यकता विश्लेषण गरेर मात्र खरिद गर्नुपर्ने देखिएको छ।

६. **प्रयोग नभएको मसी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयको आवश्यकताभन्दा बढी हुने सम्पत्ति तथा मालसामान खरिद गर्नु गराउनु नहुने व्यवस्था छ। आयोगको २०७९।५।१७ को निर्णयअनुसार सुनौलो रङ्गको ३ हजार किलोग्राम र सुन्तला रङ्गको १ हजार ८०० किलोग्राम मसी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट खरिद गरी रू.१ करोड ३३ लाख ३३ हजार भुक्तानी गरेको देखिन्छ। नमूना मतपत्र छपाइ गर्दा सुनौलो र सुन्तला रङ्गमा छापिएको निर्वाचन चिन्ह र अन्य विवरण प्रष्ट नदेखिएको कारण उल्लेख गरी आयोगको निर्णयबाट रातो र कालो रङ्गको मतपत्र प्रयोग गर्ने गरी निर्णय गरेको छ। प्रयोगमा नआएको सुनौलो र सुन्तला रङ्गको मसी जनक शिक्षा सामग्री केन्द्रमा नै रहेको उल्लेख छ। नमूनाको रूपमा आवश्यक परिमाण मात्र छपाइ गरी उपयुक्तताको आधारमा मात्र थप परिमाण खरिद गर्नुपर्नेमा खरिद पूर्व प्राविधिक अनुमान तथा विश्लेषण बेगर खरिद गरिँदा खरिद भएका मसी प्रयोगविहीन भएको देखिन्छ। उक्त मसीको वैकल्पिक प्रयोगको व्यवस्था मिलाउनुपर्दछ।

७. **निर्वाचन सामग्री छपाइ खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। निर्वाचन आयोगद्वारा जारी

रणनीतिक योजनाको कार्ययोजना १.४.४ मा आयोगका छपाइ मेसिन तथा औजारहरूको संरक्षण मर्मत सम्भार गरी अधिकतम उपयोगको व्यवस्था मिलाउने उल्लेख छ। आयोगले २०७४।८।२२ मा खरिद गरेको रू.१० करोड ५५ लाख ४० हजार मूल्यको हाई स्पीड कलर प्रिन्टर १ थान र रू.११ करोड २८ लाख मूल्यका छाङ्ग स्प्रिङ्ग डिजिटल मोनोक्रम २ थान प्रयोग नभएको बेहोरा विगत वर्षदेखि औँल्याएकोमा यस वर्ष पनि उक्त प्रिन्टरहरू प्रयोग गरेको छैन। आयोगमा ९ वटा श्यामश्वेत तथा ६ वटा रंगीन मेसिनमध्ये ४ वटा मेसिन चालु अवस्थामा रहेको देखिएकोले उपलव्ध स्रोतको अधिकतम परिचालन गरी छपाइ सम्बन्धी कार्य गर्नुपर्नेमा सोअनुसार नगरी निर्वाचन सामग्री छपाइबापत रू.९ करोड ३८ लाख ५७ हजार खर्च लेखेको छ। रणनीतिक योजनामा उल्लेख भएअनुसार उपकरण प्रयोग गरी छपाइ कार्य गर्नुपर्दछ।

८. **खरिद व्यवस्थापन –** निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, प्रदेश सभा सदस्य निर्वाचन, प्रतिनिधि सभा सदस्य निर्वाचन, राष्ट्रिय सभा सदस्य निर्वाचन, राष्ट्रपति तथा उप-राष्ट्रपति निर्वाचनका लागि विभिन्न प्रकारका निर्वाचन सामग्रीहरू खरिद गर्दै आएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

८.१. आयोगले साबिक निर्वाचनमा ७२ प्रकारका सामग्री प्रयोग गर्ने गरेकोमा पछिल्ला निर्वाचनहरूमा यसको सङ्ख्यामा कटौती गरी ५८ प्रकारमा झारे तापनि बढी परिमाणमा खरिद भएका तथा मतदान केन्द्रमा प्रयोगमा नआएका सामग्रीहरू फिर्ता नभएको अवस्था छ। आयोगले निर्वाचन सामग्रीको हालको मापदण्डको सम्बन्धमा अध्ययन गरी स्वदेश मै उत्पादन भएका सामग्रीहरू प्रयोग गर्ने एवं बहुउपयोग हुने सामग्री खरिद गरी निर्वाचन खर्चमा मितव्ययिता ल्याउनुपर्दछ।

८.२. निर्वाचनका लागि खरिद भएका र पुनः प्रयोगमा आउन सक्ने निर्वाचन सामग्रीहरू आयोगले पूर्ण रूपमा प्रयोग नगरेको अवस्था छ। मतपेटिका बाहेक विगतका निर्वाचनमा खरिद भएर पछिल्ला निर्वाचनमा समेत प्रयोगमा नआएका निर्वाचन सामग्रीहरूको पहिचान गरी प्रयोग गर्न मिल्ने सामग्री सरकारी निकायहरूमा हस्तान्तरण गर्ने र प्रयोगमा ल्याउन नसकिने भएमा नियमानुसार लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८.३. आयोगले निर्वाचनको समयमा मात्र निर्वाचन शिक्षा र मतदाता शिक्षा कार्य गर्दा एकै पटक बढी रकम खर्च हुने र त्यसको प्रभावकारितासमेत मापन गर्न नसकिने अवस्था देखिन्छ। निर्वाचन शिक्षा पर्याप्त र अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसक्दा प्रत्यक्ष निर्वाचनतर्फ ६.०६ प्रतिशत र समानुपातिकतर्फ ५.०९ प्रतिशत मत बदर भएको अवस्था छ। निर्वाचन व्यवस्थापनका विभिन्न चरणहरूसँगै प्रवाह गर्नुपर्ने निर्वाचन शिक्षा र मतदाता शिक्षासम्बन्धी सूचना, सन्देश, भिडियोलगायतका सामग्रीहरूलाई नेपाल सरकारबाट सञ्चार माध्यमलाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनको माध्यमको रूपमा परिचालन गरी नियमनकारी निकायबाट अनुगमन हुनुपर्दछ। साथै स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचन शिक्षा तथा मतदाता शिक्षा स्थानीय भाषामा नै तयार गरी स्थानीय तहमार्फत् नै प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

८.४. निर्वाचन व्यवस्थापनको क्रममा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधिलगायतका सामग्री मतदान केन्द्रसम्म खटिने जिम्मेवार पदाधिकारीलाई उपलब्ध गराउँदा सूचना प्रविधिको प्रयोग र पहुँच सहज विश्लेषण गरी एकीकृत रूपमा मोबाइल एप्समा डिजिटल रूपमा उपलब्ध गराउने र यस एप्सलाई

निर्वाचनको समयमा सूचना र सन्देश प्रवाहको बहुउपयोग हुने गरी विकास गर्दै सञ्चार प्रणालीलाई व्यवस्थित तथा छपाइ र सोको वितरण प्रणालीलाई थप मितव्ययी बनाउनुपर्दछ।

निर्वाचन व्यवस्थापनलाई बढी मितव्ययी बनाउन सकिने सम्भावनाका क्षेत्रहरूको पहिचान गरी आयोगले संस्थागत सुधारको कार्य गर्नुपर्दछ।

९. **जरिबाना** - निर्वाचन आयोग नियमावली, २०७३ को नियम १४ मा ऐनको दफा २५ को उपदफा १ बमोजिम निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने दायित्व भएको राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले तीस दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्नुपर्ने र निर्वाचन (कसुर तथा सजाय), ऐन २०७३ को दफा ३१ को उपदफा (४) मा खर्चको विवरण सार्वजनिक नगर्ने दल वा उम्मेदवारलाई आयोगले पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था छ। तोकिएको समयावधिभित्र खर्च विवरण सार्वजनिक नगर्ने प्रतिनिधि सभातर्फ १ हजार ३७ र प्रदेश सभातर्फ १ हजार ३९८ समेत २ हजार ४३५ उम्मेदवारलाई आयोगले जनही रू.१५ हजारका दरले हुने रू.३ करोड ६५ लाख २५ हजार जरिबाना गरेको छ। सम्बन्धितबाट उक्त रकम असुल नभएकोले जरिबाना रकम असुल हुनुपर्दछ।

१०. **मतदाता नामावली** - मतदातासम्बन्धी नियमावली, २०६८ को नियम १९ मा नाम हटाउन वा सार्न सूचना दिन सक्ने व्यवस्था छ। नयाँ मतदाता नामावली सङ्कलनको कार्य निरन्तर रहे तापनि मृत्यु भएका, बसाँइ सराइ गर्ने मतदाताको नामावली अद्यावधिक नभई मतदाताको सङ्ख्या वास्तविक नहुने तथा सो अनुरूप मतदान सामग्री खरिद गर्दा आवश्यकताभन्दा बढी सामग्री खरिद हुने अवस्था रहन्छ। नेपाल सरकारले प्रयोग गरिरहेका व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्रको लागि प्रयोग भएका प्रणालीलगायतसँग अन्तर आबद्धता गरी मतदाता नामावलीको लगत कट्टा स्वचालित बनाउनुपर्दछ।

- **बेरुजु स्थिति** - निर्वाचन आयोग र मातहतसमेत १४९ निकायमा यो वर्ष रू.३ करोड ५६ लाख ३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९ लाख ६१ हजार फर्स्यौट भई रू.३ करोड ४६ लाख ४२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष सहित अन्य चार जना सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संविधानको धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ। आयोगले प्राप्त उजुरी एवं सूचनाको सङ्कलन, अध्ययन, अनुसन्धान, जाँचबुझ तथा निरीक्षण गरी प्रतिवेदन दिने लगायतका कार्यसम्पादन गर्दै आएको छ। आयोग र मातहतका क्षेत्रीय एवं उपक्षेत्रीय समेत १० कार्यालयमा ३०९ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेतका १० निकायको निम्नानुसार रू.२१ करोड ८३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
२१५५	७	३	१८	२१८३

२. **उजुरी -** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ मा मानव अधिकार उल्लङ्घन वा दुरुत्साहन सम्बन्धमा प्राप्त उजुरी वा जानकारी वा आफैं स्वविवेकमा कारबाही सुरु गरेको सम्बन्धमा ६ महिनाभित्र मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन भए नभएको आयोगले निर्णय गर्नुपर्ने व्यवस्था छ। आयोगमा गत वर्षको जिम्मेवारी १ हजार ९९४ र यस वर्ष थप भएका १०० समेत २ हजार ९४ उजुरीमध्ये ४०४ फर्स्यौंट भई १ हजार ६९० बाँकी रहेको छ। बाँकी उजुरी सम्बन्धमा निर्धारित समयभित्रै निर्णय हुनुपर्दछ ।

३. **मानव अधिकारको अवस्था -** मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिको नेपाल पक्ष राष्ट्र रहेकोले नेपाल सरकारको प्रतिबद्धताअनुसार मानव अधिकारको सम्मान तथा प्रवर्धन राज्यको दायित्वअन्तर्गत रहेको छ। शिक्षा, स्वास्थ्य, बाँच्न पाउने हक, कैदीबन्दी, महिला, बालबालिका, उपभोक्ता, आप्रबासीलगायतका विभिन्न अधिकार तथा संक्रमणकालीन न्यायका सम्बन्धमा आयोगले यो वर्ष २२० पटक अनुगमन गरी ४०४ निर्णय तथा सिफारिस गरेको देखिन्छ। आयोगको वार्षिक प्रतिवेदनअनुसार द्वन्द्वकालीन घटनाहरू टुङ्गोमा नपुगेको, द्वन्द्वसँग सम्बन्धित आयोगका सिफारिस कार्यान्वयन नभएको, आयोगमा भवनलगायत भौतिक पूर्वाधारको कमी रहेको, मानव अधिकार संरक्षण तथा संवर्धनका क्षेत्रमा कार्य गर्न बजेट तथा जनशक्ति अपर्याप्त रहेको, परिवर्तित सन्दर्भ अनुकूल मानव अधिकार आयोग ऐन परिमार्जन नभएको, मानव अधिकारसँग सम्बन्धित राज्यका निकायबीच समन्वय हुन नसकेको, सामाजिक सचेतना बढ्न नसकेको लगायतका विषय उल्लेख छ। उक्त समस्या समाधान गर्न नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्दछ।

४. **सिफारिस कार्यान्वयन -** मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ मा आयोगले गरेको सिफारिस, निर्णय वा आदेशको कार्यान्वयनका लागि सम्बन्धित समक्ष लेखी पठाउनुपर्ने व्यवस्था छ। आयोगले यो वर्ष १०६ समेत १ हजार ४०७ कारबाहीको लागि सिफारिस गरेकोमा ३५८

उल्लङ्घनकर्ता किटान गरेको छ। आयोगका सिफारिसमध्ये १५.३ प्रतिशत पूर्ण र ३९.२ प्रतिशत आंशिक कार्यान्वयन भएको तथा ४५.५ प्रतिशत कार्यान्वयन नभएको उल्लेख छ। आयोगले दिएका सिफारिस कार्यान्वयन हुनुपर्दछ।

- **बेरुजु स्थिति -** आयोगको यो वर्ष रू.१५ लाख ५६ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संविधानबमोजिम आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण र सशर्त अनुदान, आन्तरिक ऋणको सीमा सिफारिस तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने गर्दछ। आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.६ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	कार्यसञ्चालन कोष	जम्मा
६१६	१	१	१	६१९

२. **वित्तीय समानीकरण अनुदान -** नेपालको संविधानको धारा ६०(३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने उल्लेख छ। नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान प्रदान गर्न न्यूनतम, सूत्रमा आधारित र कार्य सम्पादनमा आधारित विधि तयार गरेको र सो अनुरूप गणना गरी २०७९।८० मा आयोगले सात प्रदेशलाई रू.६१ अर्ब ४३ करोड २१ लाख र ७५३ स्थानीय तहलाई रू.१ खर्ब २३ करोड १३ लाखसमेत रू.१ खर्ब ६१ अर्ब ६६ करोड ३४ लाख सिफारिस गरेको देखिन्छ। स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम रू.६ करोड ७५ लाख (कार्य सम्पादन अनुदान बाहेक) मा नघट्ने गरी सिफारिस गरेको छ। यसै सन्दर्भमा २८ स्थानीय तहले प्राप्त गरेको न्यूनतम अनुदान रकम रू.२ करोड ७५ लाख भएकोमा सूत्रमा आधारित अनुदान अन्तर्गत नपुग रकम एकमुष्ट ४ करोड सिफारिस गरेको देखिन्छ।

वित्तीय अन्तर मापन कार्य नगरी सूत्रको आधारमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा लिइएका ५ सूचकमध्ये खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार दिई अनुदान सिफारिस गरेको देखिन्छ। वित्तीय समानीकरण अनुदान वितरण गर्ने प्रयोजनका लागि नेपाल सरकारसँग समन्वय गरी प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको आधार पहिचानको मापदण्डलाई थप वैज्ञानिक र वस्तुगत बनाउनुपर्दछ ।

३. **समानीकरण र सशर्त अनुदानको हिस्सा -** नेपालको संविधानको धारा ६०(३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने उल्लेख छ। नेपाल सरकारले २०७९।८० मा २६८.२ अर्ब र २०८०।८१ को लागि रू.२५३.८८ अर्ब प्रदेश तथा स्थानीय तहमा सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरणको लागि विनियोजन भएको छ। प्रदेश-प्रदेशबीच तथा स्थानीय तहहरूबीचको क्षितिजीय वित्तीय अन्तर सम्बोधनका लागि सशर्त अनुदान अनुपातमा अनुदान वितरण गर्दा प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदानको अनुपातको हिस्सा फरक फरक देखिन्छ। प्राप्त तथ्याङ्कअनुसार स्थानीय तहलाई प्रदान गरिएको कुल

वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात २०७७।७८ मा १:१.७९ रहेकोमा २०७८।७९ र २०७९।८० मा सो अनुपात वृद्धि भई १:१.८३ पुगेको छ। नेपाल सरकारबाट प्रदेश र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बढाउँदै लानुपर्नेमा घट्दो प्रवृत्तिमा रहेको देखिन्छ। वित्तीय समानीकरण अनुदान बाहेक सशर्त, समपूरक र विशेष अनुदानको परिमाण तय गर्ने सम्बन्धमा ऐनले आयोगलाई क्षेत्राधिकार तोकेको छैन। आयोगले सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने सशर्त अनुदान सम्बन्धमा यो वर्ष विभिन्न ७ आधारहरू उल्लेख गरेको छ। नेपाल सरकारले बजेट विनियोजन गर्दा आयोगले तोकेको सशर्त अनुदान वितरणको आधार पालनाको सुनिश्चितता हुनुपर्ने साथै सशर्त, समपूरक र विशेष अनुदानको परिमाण तय गर्ने सम्बन्धमा विद्यमान कानुन र कार्यप्रणालीमा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

४. **राजस्व बाँडफाँट** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १५(३) मा नेपाल सरकारले राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा पुनरावलोकन गर्न अनुरोध गर्न सक्ने व्यवस्था छ। आयोगले २०७६।११।२९ मा नेपाल सरकारलाई राजस्व बाँडफाँटको ढाँचा सिफारिस गरेको देखिन्छ। सोही ऐनको दफा १५(२) अनुसार आयोगले निर्धारण गरेको विस्तृत आधार र ढाँचा उपदफा ३ बमोजिम पुनरावलोकन भएको अवस्थामा बाहेक पाँच वर्षसम्मको लागि मान्य हुने र नेपाल सरकारको अनुरोधमा एक पटक पुनरावलोकन हुनसक्ने व्यवस्था भए तापनि पुनरावलोकन भएको छैन।

५. **आन्तरिक ऋणको सीमा** - नेपालको संविधानको धारा २५१(१)(च) अनुसार समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने अधिकार आयोगमा रहेको छ। आयोगले २०७९।८० का लागि नेपाल सरकारले प्रक्षेपित कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत, प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशत तथा स्थानीय सरकारले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने सिफारिस गरेको छ। आयोगले ऋणको सीमाको कार्यान्वयनको लागि आन्तरिक ऋणको उद्देश्य, पुँजी निर्माण र दीर्घकालीन लाभ, ऋण व्यवस्थापन नीति, रणनीति एवं लागत-लाभ विश्लेषण गरेर मात्र आन्तरिक ऋण उपयोग गर्न सुझाव दिएकोमा सोको कार्यान्वयन भएको देखिएन। आन्तरिक ऋणको प्रयोग पुँजी निर्माण र दीर्घकालीन लाभ हुने प्रकृतिका क्षेत्रमा उपयोग गरे/नगरेको सम्बन्धमा आयोगबाट दिइएका सुझाव कार्यान्वयनको अनुगमन हुनुपर्दछ।

६. **प्राकृतिक स्रोतको बाँडफाँट** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ मा आयोगले प्राकृतिक स्रोतको परिचालनमा सङ्घ, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तय गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने र दफा १५ मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने व्यवस्था छ। उक्त प्रावधानअनुरूप आयोगले २०७९।८० का लागि विद्युत, खानी, पर्वतारोहण र वन क्षेत्रको रोयल्टीको प्रदेश र स्थानीय तहबीच बाँडफाँटको आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको देखिन्छ। राजस्व बाँडफाँटको हिस्सा निर्धारण गर्दा प्राकृतिक स्रोतको परिचालनमा सङ्घ, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तय गरेर मात्र सिफारिस गर्नुपर्दछ।

७. **सुझाव कार्यान्वयनको अनुगमन -** नेपालको संविधान तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ ले आयोगलाई विभिन्न विषयमा सिफारिस गर्ने एवं सुझाव दिने अधिकार तोकेको छ। आयोगले प्रदेश तथा स्थानीय तहको एकल जिम्मेवारीभित्रका विषयमा नेपाल सरकारले स-साना आयोजनालाई रकम उपलब्ध नगराउने, नेपाल सरकारले सशर्त अनुदान उपलब्ध गराउँदा क्षेत्रगत आयोजना वा कार्यक्रम र लक्ष्य तथा अपेक्षित उपलब्धिजस्ता विषय तोकेर एकमुष्ट अनुदान हस्तान्तरण गर्नुपर्ने, कार्यक्रम वा आयोजनामा दोहोरोपना नपर्ने गरी एकीकृतरूपमा सशर्त अनुदान प्रदान गर्नुपर्ने, बजेट तर्जुमा गर्दा मन्त्रालयगतरूपमा बजेट अबण्डा राखी आर्थिक वर्षको बीच-बीचमा रकम बाँड्ने प्रवृत्तिको अन्त्य गरी सशर्त अनुदानको सबै रकम बजेट तर्जुमाकै बखत विनियोजन गर्नुपर्ने सुझाव दिएको देखिन्छ। आयोगले सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण, प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने वित्तीय समानीकरण अनुदान, नेपाल सरकारबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधार, आन्तरिक ऋणको सीमा, राजस्वको बाँडफाँट, प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटलगायतका विषयमा गरिएका सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

राष्ट्रिय महिला आयोग

नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संवैधानिक व्यवस्था बमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरूमा महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्ने र सो को कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्नुका साथै महिलाको समानुपातिक सहभागिता, सशक्तीकरण लगायतका विषय सुनिश्चित गर्न सिफारिस गर्ने उल्लेख छ। आयोगमा ३८ कर्मचारीको दरबन्दी रहेकोमा ३४ पदपूर्ति भएको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.७ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७२६	१	५	-	७३२

२. **रणनैतिक योजना** - आयोगको तेस्रो रणनैतिक योजना (२०७८।७९- २०८२।८३) मा महिला हक हितसम्बन्धी ९ रणनीति, ७ कार्य योजना र ११० कार्यनीति तथा क्रियाकलाप समावेश छन्। उक्त योजनामा उल्लिखित नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, मौजुदा नीति तथा कानुनमा रहेका विभेदकारी प्रावधान सम्बन्धमा अध्ययन गरी सुधार गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको प्रभावकारी सञ्चालनका लागि समन्वय गर्ने, लैङ्गिकमैत्री कार्य वातावरण निर्माण तथा यौनजन्य दुर्व्यवहार तथा हिंसाविरुद्ध उजुरी सुन्न प्रभावकारी संयन्त्रको स्थापना गर्ने, सशक्तीकरणसम्बन्धी कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दा मापनयोग्य सूचकहरूको विकास गर्ने, लैंगिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्न समन्वय गर्ने, निर्वाचनमा महिलाको सहभागिता र प्रतिनिधित्व सम्बन्धमा अनुगमन गरी सुझाव तयार गर्ने लगायतका क्रियाकलाप सम्पादन भएका छैनन्। योजनाको समीक्षा तथा विश्लेषण गर्नुका साथै बजेट र कार्यक्रममा तादात्म्यता कायम गरी कार्यान्वयन गरिनुपर्दछ।

३. **उजुरी तथा कारबाही -** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ बमोजिम महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सुरक्षा निकाय वा स्थानीय प्रशासनमा सिफारिस गर्ने उल्लेख छ। आयोगले प्रयोगमा ल्याएको उजुरी व्यवस्थापन प्रणालीमा २०७९।८० सम्म कुल ६ हजार ६४७ उजुरी दर्ता भएकोमा २ हजार १२१(३१.९१ प्रतिशत) मात्र फर्स्यौंट भई ४ हजार ५२६ (६८.०९ प्रतिशत) फर्स्यौंट हुन बाँकी रहेका छन्। यस वर्ष ९०२ उजुरी दर्ता भएकोमा घरेलु हिंसाका ८१८ वटा (९०.६८ प्रतिशत) र महिला हिंसासम्बन्धी ८४ (९.३२ प्रतिशत) वटा रहेका छन्। दर्ता भएका उजुरीमध्ये ८ (०.८८ प्रतिशत) मात्र फर्स्यौंट भई ८९४ (९९.१२ प्रतिशत) फर्स्यौंट हुन बाँकी रहेको छ। दर्ता उजुरीमध्ये

केही अदालतमा मुद्दा चलिरहेको, सेवाग्राही आश्रय स्थलमा बसिरहेको, पीडितहरू छलफल तथा परामर्शमा आइरहेको लगायतका कारणले मुद्दा फर्स्यौंट न्यून रहेको अवस्था देखिन्छ। आयोगले उजुरी फर्स्यौंट गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **सुझाव कार्यान्वयनको अनुगमन -** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा आयोगले महिला सशक्तीकरण, कानुन कार्यान्वयन, महिला विरुद्धको विभेद अन्त्य सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने व्यवस्था छ। आयोगले लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रभावकारी तथा नतिजामुखी रुपमा अभ्यास गर्नुपर्ने, राजनीतिक, घरेलु हिंसाका घटनाहरू स्थानीय न्यायिक समितिबाट न्याय प्रदान गर्न सक्ने गरी कानुनी व्यवस्था गर्दै समितिको क्षमता विकास गर्न स्थानीयतहले ध्यान दिनुपर्ने, कानुनमा परिमार्जन गर्दै वैदेशिक रोजगारीमा हुने ठगी, शोषण र अवैध बाटोको प्रयोग रोक्न नियमनका लागि बलियो संयन्त्रको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने, प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्नुपर्ने, तालिमको पाठ्यक्रममा लैङ्गिक समानता र लैङ्गिक हिंसा न्यूनीकरणका विषय समावेश गर्ने, लैङ्गिक सम्पर्क विन्दुको व्यवस्था गर्नुपर्ने लगायतको सुझावहरू विभिन्न निकायहरूलाई दिएको छ। ती सुझावहरू कार्यान्वयन भएको सुनिश्चित गर्न अनुगमन गर्नुपर्दछ।

राष्ट्रिय दलित आयोग

नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने उल्लेख छ। दलित समुदायको अधिकारको सम्मान तथा हक हितको संरक्षण र संवर्धन तथा सो समुदायको सशक्तीकरण गर्ने तथा जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्ने लगायतका जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३२७	-	-	-	३२७

२. **उजुरी -** राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ८ मा कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव वा छुवाछुत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगवाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने उल्लेख छ। यो वर्ष दलित अधिकार हनन्का ४, जातीय छुवाछुत तथा भेदभाव गालीगलौज र कुटपिटका ३६, अन्तरजातीय प्रेम विवाहका ४, हत्याका ३ र विविध प्रकृतिका ८ समेत ५५ उजुरी दर्ता भएकोमा प्राप्त उजुरी कारबाहीको लागि सम्बन्धित निकायमा पत्राचार गरेको देखिन्छ। उक्त उजुरी सम्बन्धमा सम्बन्धित निकायबाट भएको कारबाहीको अनुगमन गर्नुपर्दछ। जातीय छुवाछुत तथा भेदभावसम्बन्धी घटनाहरूको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग थप क्रियाशील हुनुपर्दछ।

३. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २५६ मा ६ तथा राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगका ११ कार्य क्षेत्र तोकिएको छ। आयोगको वार्षिक प्रतिवेदनमा आफ्नै भवन नहुनु, कर्मचारीको दरबन्दी कटौती गरिनु, लक्षित वर्गको पहिचान गरी उनीहरूलाई प्राथमिकताको आधारमा अवसरमा पहुँच पुऱ्याउन नसक्नु, लक्षित वर्गको खण्डीकृत तथ्याङ्कको सङ्कलन नगरिनु, आयोगहरूको जिम्मेवारी तथा लक्षित समूहमा दोहोरोपना रहनु आदि चुनौती रहेको उल्लेख छ। उल्लिखित विषयलाई सम्बोधन हुने व्यवस्था गर्नुपर्दछ।

राष्ट्रिय समावेशी आयोग

नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र आर्थिक रूपले विपन्न कर्णाली तथा पिछडिएको क्षेत्र वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३०९	-	-	-	३०९

२. **कार्य सम्पादन** - नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि आयोगलाई ११ कार्यक्षेत्र तोकेको छ। आयोगले पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अबलम्बन गर्नुपर्ने नीति र कार्यक्रम, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायसम्बन्धी कानुनमा समयानुकूल परिमार्जन, तोकिएका समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन, नेपाल सरकारको आधिकारीक तथ्याङ्कको प्रयोग गरी लक्षित समुदायको वास्तविक अवस्थाको पहिचान गर्नेलगायतका कार्य सम्पादन भएको देखिएन। संविधान र ऐनले निर्दिष्ट गरेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समन्वय गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्न साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाव कार्यान्वयनको अनुगमन -** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३(ख) मा आयोगले गरेका सिफारिस वा सुझाउ कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी तोकिएको छ। आयोगले सरकारी सेवामा आरक्षणको प्रभाव, कृषक, अपाङ्गता भएका व्यक्ति र श्रमिकको हक अधिकारको बारेमा गरेका सिफारिसहरूको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरिनुपर्दछ।

आदिवासी जनजाति आयोग

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१९	१	२	-	३२२

२. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २६१(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन, हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने, समुदायभित्र अत्यन्तै उन्नत र लोपोन्मुख जातिहरु रहेकोमा अल्पसंख्यक र लोपोन्मुख जातिको लागि विद्यमान अवस्थाको अध्ययन गरी नीतिगत सिफारिस गर्नेलगायत कार्य सम्पादन भएको पाइएन ।

ऐनले तोकेका जिम्मेवारीहरू प्रभावकारीरूपमा सम्पादन गर्न अन्य विषयगत आयोगहरूसँग समन्वय गरी आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाव कार्यान्वयनको अनुगमन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी आयोगलाई तोकिएको छ। समुदायको हक हितको संरक्षण, संवर्धन तथा सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्थाको कार्यान्वयनका लागि नेपाल सरकारलाई दिएका सुझावको कार्यान्वयन र समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्धन गरी व्यावसायिक रूपमा प्रयोगमा ल्याउन सीप, प्रविधि र ज्ञानलाई निरन्तरता दिन स्थानीय सरकारमार्फत् काम गर्न आयोगले गरेको सिफारिस कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरिनुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष आयोगको रू.१ लाख ३५ हजार बेरुजु देखिएकोमा फर्स्यौट नभएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

मधेशी आयोग

नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४७	१	-	-	३४८

२. **कार्य सम्पादन** - नेपालको संविधानको धारा २६२(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। मधेशी आयोग ऐन, २०७४ ले यस आयोगलाई मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १६ कार्य क्षेत्र तोकेको छ। आयोगले उजुरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने, अनुगमन गर्ने, लोक सेवा आयोग तयारी कक्षा, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन, हक हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्थाको कार्यान्वयन पक्ष, समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान एवं सोसँग सम्बन्धित कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतको कार्य प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनद्वारा निर्दिष्ट जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पादन गर्न अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी आयोगले पर्याप्त साधन, स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्दछ।

३. **सुझाव कार्यान्वयनको अनुगमन -** मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगले वार्षिक प्रतिवेदनमार्फत् समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य, थर सूचीकरणको सिफारिसलगायतका विषयमा दिएका सुझावहरू कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरिनुपर्दछ।

थारु आयोग

नेपालको संविधानको धारा २६३ मा थारु आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ७२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३७२	-	-	-	३७२

२. **कार्य सम्पादन –** नेपालको संविधानको धारा २६३(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। थारु आयोग ऐन, २०७४ ले यस आयोगलाई थारु समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। जनशक्ति तथा पूर्वाधारको अपर्याप्तता, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले तोकिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्न आयोगले साधन स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्ने, सम्पादित कामकाजको डिजिटाइजेसन गर्नुपर्ने, थारु समुदायको परम्परागत सीप विकास सम्बन्धी नीतिगत सिफारिस गर्नुपर्ने, रणनीतिक योजना तर्जुमा गर्नुपर्ने, अध्ययन अनुसन्धान कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

३. **अनुगमन –** थारु आयोग ऐन, २०७४ को दफा ७ (थ) अनुसार थारु समुदायको हकहितको संरक्षण, र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि नेपाल सरकार र अन्य सङ्घसंस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने उल्लेख छ। नेपाल सरकारले सञ्चालन गरेको यससम्बन्धी कार्यक्रम र थारु हक अधिकारको क्षेत्रमा कार्यरत सयौंको संख्यामा क्रियाशील संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी आवश्यक निर्देशिका तर्जुमा गरी निरन्तर समीक्षा, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्दछ। साथै आयोगले वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकार लगायतका निकायलाई गरेका सिफारिस वा दिइएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

मुस्लिम आयोग

नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्ने संवैधानिक जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.२ करोड ९९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२७६	.४	१६	६.५५	२९९

२. **कार्य सम्पादन** – नेपालको संविधानको धारा २६४(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख छ। मुस्लिम आयोग ऐन, २०७४ ले यस आयोगलाई मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १८ कार्य क्षेत्र तोकेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया, गोष्ठी, छलफललगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरे तापनि आयोगमा जनशक्ति तथा पूर्वाधारको अपर्याप्तता, अन्तर निकाय समन्वयको अभाव एवं संस्थागत क्षमता कमजोर रहेकोले सुम्पिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन हुन सकेको पाइएन। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय गरी प्रभावकारी रूपमा सम्पादन गर्न साधन, स्रोत तथा जनशक्तिको व्यवस्थापन गरी संस्थागत क्षमता सुदृढ गर्नुपर्ने, आयोगले विगतदेखिको अनुगमन प्रतिवेदन तथा सिफारिसहरूको डिजिटाइजेसन गर्नुपर्ने, रणनीतिक योजना तयार गरी लागु गर्नुपर्ने, मदरसा शिक्षाको मूलप्रवाहीकरणको लागि एकीकृत रणनीतिक दस्तावेज तयार गरिनुपर्ने, मुस्लिम समुदायको विकासका लागि अध्ययन अनुसन्धान कार्यलाई प्राथमिकता दिनुपर्ने लगायतका कार्य गर्नुपर्ने देखिन्छ।

साथै मुस्लिम आयोग ऐन, २०७४ को दफा ७(च) अनुसार आयोगले गरेका सिफारिस वा दिइएका सुझाव कार्यान्वयन अवस्थाको अनुगमन गर्ने गराउने जिम्मेवारी रहेकोले सोको अनुगमन गरी आयोगको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

३. **मदरसा शिक्षा** – मुस्लिम आयोगद्वारा २०७८ मा गरिएको नेपालमा मदरसा शिक्षा र यसको भावी रुपान्तरण विषयक एक अध्ययन प्रतिवेदनअनुसार १ हजार १९७ मदरसा दर्ता रहेका र दर्ता बेगरसमेत धेरै संख्यामा मदरसाहरू सञ्चालनमा रहेको र मदरसा शिक्षालाई परम्परागत शिक्षाका अलावा आधुनिक शिक्षा प्रणालीमा समेत जोडी राज्यको मूल शिक्षा प्रणालीमा प्रवाहीकरण गर्नुपर्ने उल्लेख गरेको छ। मदरसा शिक्षामा देखिएका समस्याहरू पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूल प्रवाहीकरणमा ल्याउन एकीकृत रणनीतिक दस्तावेज तयार गर्नुका साथै आयोगलाई मदरसा शिक्षाको बौद्धिक विकास केन्द्रको रूपमा विकास गर्नुपर्दछ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने व्यवस्था छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ९७ कार्यालयमा १ हजार ५८८ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ९७ निकायको निम्नानुसार रू.१ अर्ब २६ करोड ७१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१२०७६	५	४१७	१७३	१२६७१

२. **रिट र मुद्दा** - महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयले यो वर्ष सरकारवादी भई एवं प्रतिरक्षाका लागि दायर भई जिम्मेवारी सरेका ६२ हजार ७२८ र यस वर्ष दर्ता ६३ हजार १०२ मुद्दा तथा रिट निवेदन र अन्य निवदेन समेत १ लाख २५ हजार ८३० रहेकोमा यो वर्ष ६२ हजार ४१ (४९.३ प्रतिशत) फर्स्यौंट भई ६३ हजार ७८९ (५०.७ प्रतिशत) मुद्दा फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ।

३. **मुद्दा फर्स्यौंट** - यो वर्ष देहायका निकायबाट फर्स्यौंट भएका मुद्दा, कसुर कायम सङ्ख्या र प्रतिशत निम्नानुसार छः

विवरण	लगत (सङ्ख्या)	मुद्दा फर्स्यौंट (सङ्ख्या)	कसुर कायम (सङ्ख्या)	कसुर कायम (प्रतिशत)
राजस्व न्यायाधिकरण	९३१	५५५	३२३	५८.२
वाणिज्य इजलास	८१५४	७२१६	३७०२	५१.३
विशेष अदालत	६३६	२४७	९३	३७.७

समग्रमा यस वर्ष मुद्दा फर्स्यौंटमध्ये ६९.१९ प्रतिशत कसुर ठहर रहेकोमा राजस्व न्यायाधिकरणतर्फ ५८.२ प्रतिशत, वाणिज्य इजलासतर्फ ५१.३ प्रतिशत र विशेष अदालततर्फ ३७.७ प्रतिशतमात्र कसुर ठहर भएको देखिन्छ। कार्यसम्पादनका क्रममा पहिचान भएका भिन्न-भिन्न विषय र प्रकृतिका समस्याहरूको समाधानका लागि समस्याको विषय र प्रकृति मिल्दो उपयुक्त अनुसन्धान विधि प्रयोग गर्नुपर्ने तथा प्राप्त अनुसन्धान निष्कर्षका आधारमा अभियोजन प्रतिरक्षा र बहस पैरवीको कार्य तथा जिम्मेवारी तोकी कार्य विशिष्टीकरणमार्फत् कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

- **बेरुजु स्थिति -** महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ४८ निकायको यो वर्ष रू.३० लाख २८ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले उक्त बेरुजू बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा संलग्न छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्यक्षेत्रमा मन्त्रालयहरूको गठन, विघटन तथा संगठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, सङ्घीय व्यवस्थापिकाको अधिवेशन आव्हान र अन्त्य, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहत कार्यालय तथा अन्य संस्था समेत १०० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतसमेत ९८ निकायको निम्नानुसार रू.१० अर्ब ६७ करोड ७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९८४८	७५१	३७६६५	३८४४३	१०६७०७

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा विनियोजन भई यस कार्यालयबाट खर्च भएको रू.४ करोड १६ लाख समावेश छ।

२. **अन्य संस्था -** यो वर्ष यस कार्यालय मातहत २ अन्य संस्थाको रू.४८ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको।

३. **कार्यक्रम कार्यान्वयन तथा अनुगमन** - नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा क्रियाकलापसँग सम्बन्धित नतिजामा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् नतिजा सूचकको खाका समेत निर्धारण गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एकीकृत अनुगमन प्रणालीबाट २०७९।८० मा सञ्चालित नीति तथा कार्यक्रमको मूल्याङ्कन भएको छ। क्षेत्रगत मन्त्रालयका क्रियाकलाप र माइलस्टोनलाई आधार लिई मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयको प्रमुख क्रियाकलापको प्रगति स्थिति निम्नानुसार छः

क्षेत्र	क्रियाकलाप सङ्ख्या				माइलस्टोन सङ्ख्या			
	सम्पन्न गर्नुपर्ने	सम्पन्न	चालु	सुरु नभएका	सम्पन्न गर्नुपर्ने	सम्पन्न	चालु	सुरु नभएका
आर्थिक	४२१	१५७	२५३	११	८७७	३८९	४१८	७०
पूर्वाधार	३५६	७२	२६१	२३	८२८	२४६	४७४	१०८
शासकीय सुधार	२६२	८५	१६२	१५	५८४	२८३	२४८	५३
सामाजिक	२३१	८९	१२२	२०	५०६	२५०	१७४	८२
जम्मा	**१२७०**	**४०३**	**७९८**	**६९**	**२७९५**	**११६८**	**१३१४**	**३१३**
प्रतिशत	**१००**	**३१.७३**	**६२.८३**	**५.४३**	**१००**	**४१.७९**	**४७.०१**	**११.२**

उल्लिखित तालिकाबमोजिम कुल १ हजार २७० क्रियाकलापमध्ये ४०३ (३१.७३ प्रतिशत) र २ हजार ७९५ माइलस्टोनमध्ये १ हजार १६८ (४१.७९ प्रतिशत) मात्र सम्पन्न भएको छ। पछिल्लो तीन आर्थिक वर्षमा २०७७।७८ मा ५२ प्रतिशत, २०७८।७९ मा ३७.५ प्रतिशत र २०७९।८० मा ३१.७३ प्रतिशत मात्र क्रियाकलाप सम्पन्न भएको छ। एकीकृत अनुगमन प्रणालीअनुसार ३१३ माइलस्टोन सुरु नै भएको देखिँदैन। माइलस्टोन सुरु नहुनुमा पूर्व तयारी नपुगेको, स्रोतको सुनिश्चितता नहुनु, कार्यविधिको तयारी नहुनु, जग्गा प्राप्तिमा ढिलाइ, अन्तर समन्वयको अभाव, नेतृत्व परिवर्तन, जनशक्ति अभाव, कानुनी जटिलतालगायतका कारण तोकिएका माइलस्टोन प्रारम्भ हुन नसकेको उल्लेख छ। माइलस्टोन सुरु नहुँदा त्यसपछि सञ्चालन हुने क्रियाकलाप स्वतः प्रभावित भएका छन्।

विनियोजित बजेट खर्च नभई लक्षित कार्य सम्पन्न नहुँदा योजनाको लागत बढ्नुको साथै अन्य आयोजनामा समेत प्रतिकूल असर पर्ने, लक्षित वर्गको सेवा प्रवाहमा असर पर्ने, विकास र समृद्धिको चाहना पूरा हुन नसक्ने तथा दिगो विकासका समग्र उद्देश्य प्राप्त गर्न कठिनाइ हुने देखिन्छ। मुलुकको विकासको संवाहक आयोजना समयमै सम्पन्न गर्न सम्बन्धित मन्त्रालय/निकायहरूलाई थप जिम्मेवार र जवाफदेही बनाउनुको अतिरिक्त अनुगमनमा समेत थप प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ।

४. **नतिजा सूचक -** बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्त्व राख्ने र विषयगत नतिजा सूचक हासिल गर्न योगदान पुऱ्याउने विभिन्न आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले २०७९।८० मा नियमित अनुगमनको लागि कार्यालयले पूर्वाधार क्षेत्रका २०, आर्थिक, सामाजिक तथा शासकीय सुधार क्षेत्रका १० समेत ३० आयोजना छनोट गरेको देखिन्छ। ती आयोजनामध्ये २३ आयोजनाले नियमित प्रगति विवरण पेस गरे तापनि ७ आयोजनाले आंशिक प्रगति विवरण पेस गरेको उल्लेख छ। नियमित प्रगति विवरण बुझाउने २३ मध्ये ७ को ८० प्रतिशत, ९ को ५० देखि ७९ प्रतिशत र ७ आयोजनाको ५० प्रतिशतभन्दा न्यून वित्तीय प्रगति रहेको छ। प्राप्त विवरणअनुसार सबैभन्दा बढी वित्तीय तथा भौतिक प्रगति गर्ने मेलम्ची खानेपानी आयोजनाको क्रमशः ९७.५८ र ९९ प्रतिशत र सबैभन्दा घटी वित्तीय तथा भौतिक प्रगति गर्ने अपर अरुण जलविद्युत आयोजनाको क्रमश २.२४ र २.५ प्रतिशत रहेको छ। अनुगमनका लागि छनोट भएका आयोजनाहरूको समग्र प्रगति स्थिति सन्तोषजनक देखिँदैन। कार्ययोजनाअनुसार समग्र क्रियाकलाप सम्पन्न गर्न सम्बन्धित आयोजना नै सक्रिय हुनुपर्ने र अनुगमन गर्ने निकायले पुरस्कार र दण्डसहितको अनुगमन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

५. **नीति तर्जुमा** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने अधिकार यस कार्यालयलाई तोकेको छ। त्यसैगरी सङ्घीय शासन प्रणाली र अन्तर प्रदेशसम्बन्धी कार्यसमेत यसै कार्यालयले गर्ने गरी तोकेको छ। कार्यालयको वेबसाइटमा नेपाल सरकारबाट विभिन्न समयमा जारी भएको ११३ वटा नीति तथा ५ वटा नीति परीक्षण प्रतिवेदन रहेका छन्।

वर्तमान संविधानले अङ्गीकार गरेका नागरिकका मौलिक हकहरू सुनिश्चित गर्न एवं शासकीय प्रणालीलाई मार्गदर्शन गरी नागरिकको परिवर्तित अपेक्षा पूरा गर्ने गरी हाल कार्यान्वयनमा रहेका राष्ट्रिय नीतिहरूको समीक्षा तथा पुनरावलोकनसमेत गर्नुपर्ने देखिन्छ।

६. **निर्णय कार्यान्वयन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(४) मा नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

६.१. कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० मा मन्त्रिपरिषद्को ६० वटा बैठकबाट १ हजार ३०४ वटा निर्णय र मन्त्रिपरिषद्का विभिन्न समितिका ३५ वटा बैठकबाट ७४ समेत १ हजार ३७८ निर्णय भएको छ। उक्त निर्णयमध्ये अनुगमन शाखाबाट ५३२ वटा अनुगमन गरेका मध्ये ३६४ कार्यान्वयन भइसकेको, १६२ कार्यान्वयन भइरहेको, ५ कार्यान्वयन हुन बाँकी रहेको र १ निर्णयको कार्यान्वयन प्रक्रिया सुरु नभएको उल्लेख छ। मन्त्रिपरिषद्बाट भएका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

६.२. राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठकबाट हाल अस्तित्वमा नरहेका जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालय जस्ता निकायहरूका साथै सङ्घीयता कार्यान्वयनपछि प्रदेश र स्थानीय तहका नाममा कायम भएको असुलउपर हुनुपर्ने तर हालसम्म असुल हुन नसकेका बेरुजुको हकमा बेरुजु फर्स्यौंट अनुगमन समितिले केन्द्रीय तहसिल कार्यालयमा लगत कायम गर्न लेखी पठाउने र नियमित गर्ने लगायत अन्य बेरुजुको हकमा समितिले फर्स्यौंटसम्बन्धी प्रक्रिया पूरा गरी सम्परीक्षणका लागि एक वर्षभित्र सिफारिस गर्ने उल्लेख भएकोमा सो कार्य भएको छैन। कार्यालयले सार्वजनिक लेखा समिति र नेपाल सरकारका सरोकारवाला निकायसँग समन्वय गरी बेरुजु फर्स्यौंटको कारबाही टुङ्गो लगाई आर्थिक अनुशासनको पालनामा निर्देशन दिने एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **हेल्लो सरकार -** सरकारी निकायबाट भएको काम कारबाहीका सम्बन्धमा प्रत्यक्ष रूपमा र सरल तरिकाले गुनासो गर्न सक्ने, प्राप्त गुनासोलाई शीघ्र सम्बोधन गर्न तथा सम्बन्धित निकायबाट हुने सेवा प्रवाहसम्बन्धी सूचनाका सम्बन्धमा नागरिकका जिज्ञासा समाधान गर्न कार्यालयले हेल्लो सरकार नामक प्रणालीको व्यवस्था गरेको छ। सो प्रणालीमा २०७९।८० मा ११ हजार ९३२ गुनासो प्राप्त भएकोमा ५ हजार ८१२ (४८.७० प्रतिशत) फर्स्यौंटको लागि सम्बन्धित निकायहरूमा पठाएको र ६ हजार १२० फर्स्यौंट हुन बाँकी रहेको छ। धेरै गुनासो प्राप्त हुने ५ सार्वजनिक निकायमा प्रहरी प्रधान कार्यालय, नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय सूचना प्रविधि केन्द्र, त्रिभुवन विश्वविद्यालय र सडक विभाग रहेका छन्। यो वर्ष प्राप्त गुनासोमध्ये अधिकांश सेवा प्रवाहसँग सम्बन्धित रहेको देखिन्छ। समयमै गुनासो फर्स्यौंट गरी सेवा प्रवाहमा सुधार गर्न सम्बन्धित सार्वजनिक निकायहरू थप जिम्मेवार हुनुपर्ने र सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

८. **कोष व्यवस्थापन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापन कोष र दफा २३ मा अन्य कोषसम्बन्धी व्यवस्था छ। प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ तथा प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ अन्तर्गत स्थापना भएका कोषमा गत वर्षको मौज्दातसमेत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू.३ अर्ब २१ करोड ६० लाख २७ हजार मौज्दात रहेकोमा यो वर्ष रू.४ करोड १५ लाख ४१ हजार आम्दानी भएकोमा कुनै खर्च नभई वर्षान्तमा रू.३ अर्ब २५ करोड ७५ लाख ६८ हजार मौज्दात रहेको छ।

राष्ट्रिय सतर्कता केन्द्र

९. **उजुरी दर्ता र फर्स्यौंट -** केन्द्रले कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने कार्यमा अनियमितता भएको लिखित तथा मौखिक रूपमा प्राप्त उजुरी, सञ्चार माध्यममा प्रकाशित समाचार, लेख, केन्द्रले गरेको निरीक्षण, सुराकी तथा विशेष निगरानीमार्फत् सङ्कलित उजुरी छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण, सतर्क र सुझाव तथा निर्देशन दिने कार्य गर्दै आएको छ। केन्द्रमा गत वर्षबाट जिम्मेवारी सरेका २३७ तथा यस वर्ष दर्ता भएका ७०० समेत ९३७ मध्ये ६६७ उजुरी फर्स्यौंट भएको देखिन्छ। बाँकी रहेका २७० उजुरी फर्स्यौंट गर्नुपर्दछ।

१०. **प्राविधिक परीक्षण -** राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद ६ मा प्राविधिक परीक्षण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष स्वीकृत वार्षिक कार्यक्रमबमोजिम ४ राष्ट्रिय गौरव र ६५ विभिन्न क्षेत्रका समेत ६९ आयोजना र हालसम्म १ हजार ३० आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरेको छ। केन्द्रले २०७५।७६ भन्दा अगाडिको ७९५ प्राविधिक परीक्षणको मूल्याङ्कन प्रतिवेदनको अभिलेख राखेको देखिएन। आर्थिक वर्ष २०७५।७६ देखि हालसम्म २३५ प्राविधिक परीक्षण गरेकोमा १६२ वटा आयोजनाको कैफियतसहितको प्रतिवेदन जारी गरेको मध्ये ९५ (५८.६४ प्रतिशत) को मात्र फर्स्यौंट गरेको, २७ (१६.६७ प्रतिशत) ले रीतपूर्वक प्रतिक्रिया नपठाएको र ४० (२४.६९ प्रतिशत) ले प्रतिक्रिया दिएका छैनन्। यसमा सुधार हुनुपर्दछ। आयोजनाहरूको प्राविधिक परीक्षणमा देखिएका कैफियतहरूको अभिलेख राखी केन्द्रबाट अनुगमन भएको देखिएन। यससम्बन्धी अन्य बेहोरा निम्नानुसार छन्:

१०.१. आयोजनाहरूको प्राविधिक परीक्षण गर्न जियो टेक्निकल, स्ट्रक्चरल, आर्किटेक्चरल, वातावरणीय लगायतका विज्ञ जनशक्तिको आवश्यकता पर्दछ। केन्द्रले इन्जिनियरिङ (सिभिल) विषयमा स्नातक गरेका केन्द्रमा सूचीकृत इन्जिनियरहरूबाट परामर्श सेवा लिएको छ। यस प्रकारका परामर्शदाताबाट आयोजनाका सबै पक्षको उपयुक्त परीक्षण हुन नसक्ने भएकोले आवश्यक पर्ने सबै प्रकारको जनशक्ति भएको इन्जिनियरिङ फर्मबाट प्राविधिक परीक्षण गराउनुपर्दछ।

१०.२. केन्द्रले निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्न प्रयोगशाला सञ्चालन गरेको छ। केन्द्रले देशभरका कुनै पनि स्थानमा भइरहेका निर्माण कार्यमा प्रयोग भएका सामग्रीको गुणस्तरका बारेमा उजुरी परेको खण्डमा परीक्षण गर्ने, निर्माण कार्यको गुणस्तर सम्बन्धमा छड्के जाँच परीक्षण गर्ने, निर्माण सामग्रीको तोकिएको गुणस्तर मापन गर्नसक्ने व्यवस्था छ। केन्द्रले उजुरी तथा गुनासो आएको अवस्थामा मात्र परीक्षण गर्ने गरेको देखिन्छ। उजुरीको आधारमा मात्र नभई विकास निर्माणमा प्रयोग हुने सामग्रीहरू गिट्टी, बालुवा आदिको उत्खनन्कै क्रममा गुणस्तर परीक्षण गरी सोको प्रतिवेदन प्रकाशित गर्नेलगायतको क्रियाकलाप गरी सार्वजनिक निर्माणको गुणस्तरमा सुनिश्चितता गर्नुपर्दछ। केन्द्रको प्रयोगशाला परीक्षणलाई मान्यता प्राप्त संस्थाबाट प्रत्यायन (एक्रिडिटेसन) लिई कार्य सम्पादन गर्नुपर्दछ।

११. **कार्ययोजना कार्यान्वयन -** भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ अनुसार राष्ट्रिय सतर्कता केन्द्रले २०७२ असार पश्चात् अद्यावधिक प्रगति पेस गरेको छैन। उक्त कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूमध्ये सार्वजनिक निर्माण आचारसंहिता जारी गरी लागु गर्ने, स्वीकृत ठेक्कापट्टाको १० प्रतिशतसम्म फाइल विस्तृत छानबिन गरी तथ्य सार्वजनिक गर्ने

र प्रत्येक सार्वजनिक संस्थानबाट वर्षभरिमा खरिद वा निर्माण वा बिक्रीसम्बन्धी निर्णयमध्ये नमूना छनोटका आधारमा कम्तीमा १० प्रतिशत निर्णयको औचित्य तथा नियमितताको परीक्षण कार्य सुरु गर्ने लगायतको कार्य निरन्तर गर्ने उल्लेख गरेकोमा कार्यान्वयन भएको देखिएन। उक्त कार्ययोजनाको समीक्षा गरी सम्पादन हुन नसकेका विषय सम्बोधन गरी कार्ययोजना बनाई लागु गर्नुपर्दछ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

१२. **कार्य सम्पादन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र सार्वजनिक खरिद नियमावली, २०६४ नियम १४४ मा यस कार्यालयको काम, कर्तव्य र अधिकार तोकिएको छ। कार्यालयबाट हालसम्म ऐनको दफा ८ मा उल्लेख भएका खरिद विधि एवं नियमावली २०६४ को अनुसूची ३ देखि ५ सम्म उल्लेख भएका खरिद सम्झौताको लागि मार्गदर्शन वा निर्देशिका एवं नमूना बोलपत्रसम्बन्धी कागजात तयार हुन बाँकी रहेको, खरिद कार्यमा संलग्न हुने कर्मचारी, बोलपत्रदाताका लागि तालिम सञ्चालन नगरेको, कार्यालयलाई खरिद विज्ञ प्रमाणीकरण गर्ने जिम्मेवारी तोकेकोमा सो कार्य नभएको, खरिद सम्झौताको केन्द्रीय डाटा बैङ्कको स्थापनासम्बन्धी कार्य पूर्णरूपमा कार्यान्वयन नभएको अवस्था छ। खरिद व्यवस्थापन प्रणालीलाई सुधार गर्न कार्यालयलाई तोकिएको जिम्मेवारीहरू पूरा गर्नुपर्दछ।

१३. **नियमावली संशोधन -** नेपाल सरकारले २०७६।१।३० देखि २०८०।११।२१ सम्म करिब ५ वर्षको अवधिमा सार्वजनिक खरिद नियमावली, २०६४ मा ८ पटक संशोधन गर्नुका साथै २०८०।३।२१ मा बाधा अडकाउ फुकाउने आदेशसमेत जारी गरेको छ। यस सम्बन्धमा निम्न बेहोरा देखिएका छन्:

१३.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप गर्ने कार्य खरिद सम्झौता अनुसार हुने तथा खरिद सम्झौतामा भेरिएसन आदेश र क्षतिपूर्तिजन्य घटनाको आधारमा मात्र म्याद थप गर्न सकिने व्यवस्था छ। खरिद सम्झौतामा सम्झौताबमोजिमको काम गर्न कार्यतालिका पेस गरी अद्यावधिक गर्नुपर्ने, तोकिएको समयमा म्याद थपको निवेदन दिनुपर्ने, म्याद थप हुने घटनाको पूर्व जानकारी दिनुपर्ने, कुनै घटनाले पारेको प्रभाव अवधिको आधारमा म्याद थप गर्नुपर्ने र निर्माण व्यवसायीको कारणले काममा ढिलाइ भएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाउन र अन्य कारबाही गर्न सकिने व्यवस्थाहरू म्याद थपका आधार रहेका छन्।

माथि उल्लिखित संशोधनहरू म्याद थप गर्ने आधारहरूको विश्लेषण नगरी खरिद सम्झौताहरूको एकमुष्ट म्याद थप गर्ने विषयमा केन्द्रित भएको देखिन्छ। कोभिडको कारण छैठौं संशोधनले एकमुष्ट म्याद थपको व्यवस्था गरे तापनि तत्पश्चातका अन्य संशोधनहरूबाट समेत एकमुष्ट रूपले म्याद थप गरेको देखिन्छ। ती संशोधनहरूमा थपिएको म्यादमा कार्यसम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, सम्झौता अन्त्य गर्ने, कालो सूचीमा राख्ने, कार्य सम्पादन जमानत जफत गर्ने, धरौटी जफत गर्ने लगायतका व्यवस्था राखे तापनि ती व्यवस्थाहरूको कार्यान्वयन नगरी अर्को संशोधन गरेको देखिन्छ। सार्वजनिक खरिद कानुन र ठेक्का सम्झौताअनुसार ठेक्काको म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको निवेदन दिनुपर्ने स्पष्ट व्यवस्था भएकोमा सातौं संशोधनमा २०७६।२।२३ सम्म निवेदन दिने सीमा तोके तापनि दशौं संशोधनले सो सीमा हटाएको छ। तेह्रौं संशोधनमा डिजाइन परिमार्जन, नपुग

बजेट, भुक्तानी बाँकी, निर्माण सामग्रीहरूको अभावसमेतलाई पनि म्याद थपको आधार तोकी म्याद थपका आधारलाई फराकिलो बनाएको देखियो।

एउटै ठेक्काको विभिन्न कारणबाट पटक पटक म्याद थप हुन गई ठेक्काको काम लम्बिँदै गएको देखिन्छ। रुग्ण तथा अधुरा ठेक्काहरू छिटो सम्पन्न गर्ने/गराउने उद्देश्यले नियमावलीमा पटक-पटक संशोधन हुने गरेको भए तापनि निर्माण व्यवसायीलाई कारबाही गर्ने व्यवस्था कार्यान्वयन भएका छैनन्। यसबाट ठेक्काको लागतसमेत बढ्नुका साथै कामको गुणस्तरमा समेत प्रभाव परेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्ने कार्यमा ढिलाइ भई अधुरा आयोजनाको कारण जनताको आवागमन, वातावरण प्रदूषण, जनस्वास्थ्यका साथै अन्य पक्षमा समेत असर परेको छ। नियमावलीको म्याद थपसम्बन्धी व्यवस्थामा स्थिरता कायम गरी खरिद सम्झौताको आधारमा म्याद थप गर्ने र काममा ढिलाइ गर्नेलाई खरिद सम्झौताअनुसार नै कारबाही गरी तोकिएको अवधिभित्र कार्यसम्पन्न गर्नुपर्दछ।

१३.२. नियमावलीको एघारौँ संशोधनले राष्ट्रियस्तरको खुल्ला बोलपत्रबाट साबिकको एक अर्ब रूपैयाँसम्मको लागत अनुमानको निर्माण कार्य स्वदेशी बोलपत्रदाताहरूबीच मात्र प्रतिस्पर्धा गराउने सम्बन्धी सीमामा वृद्धि गरी रू.३ अर्ब र बाह्रौँ संशोधनबाट रू.५ अर्ब कायम गरेको देखिन्छ। यद्यपि त्यसको लागि आवश्यक पर्ने औसत वार्षिक कारोबारको सीमा घटाएको छ। छोटो अवधिमा निर्माण व्यवसायीको क्षमता वृद्धि भए नभएको विश्लेषण नगरी बोलपत्रको सीमा बढाउने र कारोबारको सीमा घटाउने कार्यको उपयुक्तता सम्बन्धमा विश्लेषण आवश्यक देखिन्छ।

१३.३. नियमावलीको नियम ९७ अनुसार साबिकमा उपभोक्ता समितिबाट रू.१ करोडसम्मको काम गराउने व्यवस्था रहेकोमा एघारौँ संशोधनबाट रू.५ करोड पुऱ्याएको छ। उपभोक्ता समितिको कामको अनुभव, उपकरण, पुँजी, व्यावसायिक दक्षता र जनशक्तिको अवस्था विश्लेषण नगरी कामको सीमा वृद्धि गर्ने विषयमा आवश्यक विश्लेषण गरिनुपर्ने देखिन्छ।

१४. **विद्युतीय खरिद प्रणाली -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६९ तथा नियमावलीको नियम १४६ मा कार्यालयले विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने उल्लेख छ। सोबमोजिम कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० कार्यान्वयनमा ल्याएको छ। यस वर्ष विद्युतीय खरिद प्रणालीमा दर्ता भएका सार्वजनिक निकाय बोलपत्रदाता तथा बोलपत्र सूचनाहरूको विवरण देहायअनुसार रहेको छः

क्र.सं.	विवरण	२०७८।७९ सम्मको सङ्ख्या	२०७९।८० मा थप	२०७९।८० सम्मको सङ्ख्या
१	बोलपत्रदाता	३०६४८	६२७४	३६९२२
२	सार्वजनिक निकाय	४०६७	४२१	४४८८
३	जम्मा बोलपत्र सङ्ख्या	८४६९८	३३४२९	११८१२७
३.१	निर्माण कार्य	६२७३५	२४४४५	८७१८०
३.२	मालसामान खरिद	२०५०५	८५५३	२९०५८
३.४	परामर्श सेवा खरिद	१४५८	४३१	१८८९
४	रद्द भएका सूचना	३४३७	९६४	४४०१

उल्लिखित विवरणअनुसार २०७९।८० मा जम्मा बोलपत्र सङ्ख्या ३३ हजार ४२९ मध्ये ९६४ (२.८८ प्रतिशत) र हालसम्म १ लाख १८ हजार १२७ मध्ये ४ हजार ४०१ (३.७३ प्रतिशत) बोलपत्र रद्द भएको देखिन्छ। विद्युतीय खरिद प्रणाली सञ्चालनमा प्राविधिक समस्या आई प्रणाली प्रयोगकर्ताहरूलाई कठिनाइसमेत हुन गई बोलपत्र सूचनाको म्यादसमेत थप गर्ने गरेको छ। विद्युतीय खरिद प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा तालिम उपलब्ध गराई प्रयोगकर्ताहरूको सहज पहुँच हुने गरी प्रणालीमा सुधार गर्नुपर्दछ।

१५. **कालोसूची** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आचरण विपरीत काम गरेमा, स्वीकृतिको लागि छनोट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेमा वा सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेमा वा खरिद सम्झौताबमोजिमको कार्य गुणस्तरीय नभएको कुरा प्रमाणित भएमा, खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, योग्यता ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था छ। कार्यालयले यो वर्ष विभिन्न खरिद कार्यमा संलग्न १६२ फर्म तथा संस्थालाई कालोसूचीमा राख्ने निर्णय गरी सार्वजनिक सूचना प्रकाशन गरेकोमा उक्त निर्णयमा चित्त नबुझी ६ फर्म/कम्पनीले अदालतमा रिट निवेदन गरेकोमा अदालतबाट अन्तरिम आदेश जारी भई ५ फर्म/कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय यथास्थितिमा राखेको छ। कार्यालयले कालोसूचीमा राख्ने र फुकुवा गर्ने मापदण्ड तयार गरी सोअनुसार कार्यान्वयन गर्नुपर्दछ।

१६. **अनुगमन** - सार्वजनिक निकायबाट हुने खरिद कार्यको नियमन तथा अनुगमन गरी सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्ने गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो। सार्वजनिक खरिद ऐन, नियम र मार्गदर्शनअनुसार सार्वजनिक निकायबाट खरिद कार्य भए नभएको सम्बन्धमा यस आर्थिक वर्षमा १७ जिल्लाका सङ्घ, प्रदेश र स्थानीय तहका २१ सार्वजनिक निकायमा कार्यालयले अनुगमन गर्दा खरिद एकाइ गठन नभएको, खरिद एकाइमा कार्यरत अधिकांश कर्मचारीहरूले खरिदसम्बन्धी तालिम नलिएको, खरिद गुरुयोजना तयार नगरेको, खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद कार्य गरेको, खरिद गर्नु पूर्व तयारीका कार्यहरूमा पर्याप्त ध्यान नदिएको, जग्गा प्राप्ति नगरी बोलपत्र आह्वान गर्ने गरेको, निर्धारित समयमा योजना सम्पन्न हुने नगरेको, समयमै म्याद थपसम्बन्धी कार्य नभएको जस्ता समस्याहरू पहिचान गरी सुझाव दिएको देखियो। खरिद व्यवस्थापनमा रहेका यस्ता प्रकारका कमी कमजोरी हटाउन व्यवस्थापकीय प्रवन्ध गरिनुपर्दछ।

राजस्व अनुसन्धान विभाग

१७. **उजुरी तथा फर्स्यौट** - राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा कसैले राजस्व चुहावट गरेको छ वा गर्न लागेको छ भन्ने लिखित वा मौखिक रूपमा सूचना प्राप्त भएमा वा कुनै स्रोतबाट जानकारी प्राप्त भएमा विभागले अनुसन्धान तथा तहकीकात गर्न सक्ने व्यवस्था छ। विभागमा विगतको

जिम्मेवारीसमेत राजस्व चुहावटसम्बन्धी १ हजार ६७९ र विदेशी विनिमय अपचलनका ३७७ समेत २ हजार ५६ उजुरी प्राप्त भएकोमा राजस्व चुहावटतर्फ ६११ र विदेशी विनिमय अपचलनतर्फ ४३ समेत ६५४ (३१.८० प्रतिशत) फस्यौंट भएकोले विभागको अनुसन्धान तथा तहकीकात क्षमता सुदृढ गर्नुपर्दछ। अनौपचारिक अर्थतन्त्रमार्फत् राजस्व चुहावट भएको सम्बन्धमा विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएकोले राजस्व चुहावटका सम्भावित अन्य क्षेत्रसमेत पहिचान गरी सोको नियन्त्रण गर्न उपयुक्त रणनीति तयार गरी कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

विभागले यस वर्ष राजस्व चुहावटतर्फ रू.१ अर्ब ४५ करोड ६१ लाख बिगो दाबी गरी ५९ जनालाई प्रतिवादी बनाई ३४ तथा विदेशी विनिमय अपचलनतर्फ रू. ७ करोड ४१ लाख ४० हजार बिगो दाबी गरी ६९ जनालाई प्रतिवादी बनाई ४३ मुद्दा दायर गरेको छ। यसैगरी १९३ फर्मलाई कारबाही गर्न विभिन्न आन्तरिक राजस्व कार्यालय र ९१ फर्मलाई कारबाही गर्न भन्सार विभागलाई लेखी पठाएकोमा सो सम्बन्धमा भएको कारबाहीको अनुगमन हुनुपर्दछ।

१८. **ट्रयाकिङ्ग प्रणाली** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुन बमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ९ हजार ९४१ प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष विभागले ट्रयाकिङ्ग प्रणालीको प्रयोग नगर्ने उपर अनुगमन गरी ४२७ फर्मबाट रू.२ करोड ५४ लाख ७७ हजार जरिबाना असुल गरेको छ। एउटै ढुवानी साधनमा भएको मालवस्तुहरू ढुवानी गर्दा गोदाम/यार्ड, प्रज्ञापनपत्र तथा ट्रयाकिङ्ग प्रणालीमा अलग अलग घोषणा गर्नुपर्ने अवस्थाले सेवाग्राहीको समय र लागत बढी लाग्ने गरेको छ। यसलाई कम गर्न भन्सार प्रज्ञापनपत्रमा घोषणा गरिएको विवरण स्वचालित रूपमा नै ट्रयाकिङ्ग प्रणालीमा समेत उपयोग गर्न सकिने प्रणालीको विकास गर्नुपर्ने एवं आशिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबीच अन्तर आबद्धता कायम गरी विभागले प्रणालीलाई थप प्रभावकारी बनाई राजस्व चुहावटलाई नियन्त्रण गर्नुपर्दछ।

१९. **नवीन क्षेत्रहरूको पहिचान, चुहावट र नियन्त्रण** - अर्थतन्त्रको संरचनात्मक परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा भएको विकास र यस क्षेत्रमा भएका कारोबारका गतिविधिमा संलग्न व्यक्ति तथा समूहको चुहावटको शैली एवं तौरतरिकामा परिवर्तन आएको देखिन्छ। हुण्डी तथा इलेक्ट्रोनिक, डिजिटल, भर्च्युअल करेन्सी जस्ता अभौतिक मुद्राको माध्यमबाट विदेशी मुद्राको अपचलन तथा अन्य आपराधिक क्रियाकलाप हुनसक्ने, कतिपय ई-कमर्श, अनलाइन प्लेटफर्म, सामाजिक सञ्जाललगायत विद्युतीय माध्यमबाट व्यापार व्यवसाय गर्न सञ्चालित व्यवसाय करको दायरामा नआएको अवस्था छ। विभागले उक्त क्षेत्रहरूको पहिचान गर्न कर्मचारीहरूको क्षमता विकास, अन्तरनिकाय सञ्जालीकरणलगायतको कार्यसम्पादन गरी चुहावट नियन्त्रणका रणनीतिहरू तय गरी सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

२०. **कार्यसम्पादन स्थिति** - सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्ने जिम्मेवारी यस विभागको रहेको छ। विभाग स्थापना भएदेखि २०७९।८० सम्म ३ हजार २९४ उजुरी दर्ता

भएकोमा ८९ मुद्दा दायर, १ हजार २१२ तामेली, १ हजार ९९६ प्रारम्भिक जाँचबुझ अधिकृत तोकेको तथा २८२ उजुरीमा अनुसन्धान भइरहेकोले न्यून सङ्ख्यामा अनुसन्धान सम्पन्न भएको छ। प्राप्त उजुरी कारबाही गरी टुङ्गो लगाउने, जोखिम प्रोफाइल तयार गर्ने, जोखिममा आधारित अनुसन्धान विधि अवलम्बन गर्नुपर्ने, कर्मचारीको दक्षता विकास तालिम सञ्चालन गर्नुपर्ने, नियमनकारी निकाय, वित्तीय जानकारी एकाइ, कानुन कार्यान्वयन गर्ने निकायसँग विशेष प्रकृतिका संयन्त्रहरू तर्जुमा गर्नुपर्ने र जोखिमका नयाँ क्षेत्रहरू पहिचान गरी विभागले पूर्व सक्रियतामार्फत् अनुसन्धान तथा अभियोजन दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

२१. **प्रतिवेदन कार्यान्वयन** – सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले ९ सेप्टेम्बर, २०२३ मा नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन जारी गरेको छ। वित्तीय कारबाही कार्यदलले पारस्परिक मूल्याङ्कन गर्दा ४० वटा सिफारिसको प्राविधिक अनुपालनाको आधारमा प्रभावकारिता निर्धारण गरेको छ। सोमध्ये नेपालले लक्षित आर्थिक प्रतिवन्ध कार्यान्वयन, गैरनाफामूलक संस्थाको सम्भावित जोखिम र नयाँ प्रविधिसँग सम्बन्धित जोखिमको पहिचान र मूल्याङ्कनसम्बन्धी सुझावको परिपालना नगरेको प्रतिवेदनमा उल्लेख छ। उक्त समूहले यससँग सम्बन्धित संस्थागत ढाँचाको ११ क्षेत्रमा वर्गीकरण गरी प्रभावकारिता मापन गर्दा ४ क्षेत्रमा मध्यम र ७ क्षेत्रमा न्यून स्तर निर्धारण गरेको पाइयो। न्यून स्तर निर्धारण भएका क्षेत्रमा लगानी नियमन, रोकथामका उपाय, वित्तीय कारोबारको स्वीकृति र सुपरिवेक्षणलगायत रहेका छन्।

प्रतिवेदनमा उल्लेख भएका विषयहरू सुधारको लागि २०२४ अक्टोबरसम्मको समय सीमा तोकेको देखिँदा नेपालको मूल्याङ्कनस्तरमा सकारात्मक नतिजा ल्याउन प्रतिवेदनले औँल्याएका क्षेत्रमा सुधार गर्नुपर्दछ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्टको कार्यालय स्थापना भएको हो। ट्रष्टले यो वर्ष रू.६ करोड ५१ लाख ९० हजार खर्च गरेको छ।

२२. **सम्पत्ति खोजबिन तथा उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम ट्रष्टमा रहनुपर्ने सम्पत्तिको नेपालभित्र वा बाहिर खोजतलास गर्ने र त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरणसहितको अभिलेख राख्नुपर्ने व्यवस्था छ। नेपाल ट्रष्टको स्थापनाकालदेखि २०७९।८० सम्म ४० जिल्लामा सम्पत्तिको खोजबिन भएकोमा १२ जिल्लामा २१ हजार ६३३ रोपनी १५ आना जग्गा ट्रष्टको स्वामित्वमा आएको छ। यो वर्ष ट्रष्टको नाममा जग्गा थप भएको देखिएन। ट्रष्टको नाममा विभिन्न वाणिज्य बैङ्कमा स्टर्लिङ पाउण्ड ५१ हजार ८१५ र अमेरिकी डलर १ लाख ५७ हजार ५९८ रहेको छ। यसै गरी नबिल बैङ्क लिमिटेडको १२ लाख ६२ हजार, होटल डेला अन्नपूर्णको ३० हजार ७ सय २० र राष्ट्रिय वाणिज्य बैङ्कको ६ हजार ७ सय ५० कित्ता शेयर रहेको देखिन्छ। ट्रष्टको स्वामित्वमा आउनुपर्ने विदेशस्थित

चल, अचल सम्पत्तिसमेतको खोजबिन कार्यमा थप प्रभावकारिता ल्याई सम्पत्ति संरक्षण र उपयोग गर्नुपर्दछ।

२३. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा स्वामित्व हस्तान्तरण गरेको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएकोले नेपाल ट्रष्टले प्रयोग गर्न नसकेको बेहोरा गत वर्ष औँल्याइएकोमा स्थिति यथावत छ।

२४. **सम्पत्तिको प्रयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ तथा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा ट्रष्टको सम्पत्ति विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न, राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यवसायिक कार्य सञ्चालन गर्न र अस्पताल वा स्वास्थ्य चौकी जस्ता सार्वजनिक प्रयोजनका राष्ट्रहितका कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ट्रष्टको ब्रिटिस पाउण्डको ब्याजबाट रू.१२ लाख ४७ हजार र अमेरिकी डलरको ब्याजबाट रू.११ लाख ३५ हजार समेत रू.१ अर्ब ४७ करोड २४ लाख ५३ हजार आयमध्ये मुद्दतीमा रू.१ अर्ब ३० करोड ३ लाख ५० हजार लगानी गरी बाँकी रकम विभिन्न बैङ्क खातामा राखी रू.१० करोड ८४ लाख २५ हजार व्याज आर्जन गरेको छ। ऐन तथा नियममा भएको व्यवस्थाअनुसार तोकिएको क्षेत्रमा राष्ट्रिय हितअनुकूल तथा ट्रष्टलाई लाभ हुने गरी सम्पत्तिको प्रयोग गर्नुपर्दछ।

२५. **भवन र जग्गा लिज -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५(३क) मा ट्रष्टले कार्य सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्ने व्यवस्था छ। ट्रष्टले यस वर्ष लिज भाडाबापत ८ संस्थाबाट रू.८ करोड ९९ लाख ६० हजार आय आर्जन गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

२५.१. काठमाडौं महानगरपालिका, वडा नं.२८, कमलादीस्थित कित्ता नं. ३२८२ को २ रोपनी ४ आना २ पैसा जग्गामा व्यापारिक कम्प्लेक्स भवन निर्माण गरी ३० वर्षका लागि लिजमा दिन २०७७।११।११ देखि पटक-पटक सार्वजनिक सूचना प्रकाशन गर्दा कुनै प्रस्ताव पेस नभएको उल्लेख गरी २०८०।४।३१ मा बसेको सञ्चालक समितिको बैठकबाट लिज/भाडामा नलाग्दासम्म कर बाहेक मासिक रू.९० हजार ७२० मा काठमाडौं महानगरपालिकालाई उपलब्ध गराउने निर्णय भएको देखिन्छ। उक्त व्यापारिक कम्प्लेक्सबाट अधिकतम लाभ प्राप्त हुने गरी उपयोगको व्यवस्था गर्नुपर्दछ।

२५.२. काठमाडौं दरबारमार्गस्थित २ रोपनी २ पैसा २ दाम जग्गा वार्षिक रू.४ करोड ५० लाख भाडा लिने गरी विक्रम संवत् २१०४ सम्म लिजमा दिन एक निजी कम्पनीसँग २०७४।२।१४ मा सम्झौता

भएको छ। सम्झौतामा ३ तलासम्मको निर्माण कार्य गर्ने गरी भाडा दर कायम भएकोमा सम्झौताका शर्तविपरीत थप एक स्थायी र एक अस्थायी तला निर्माण गरेको देखियो। सम्झौतामा ट्रष्टलाई जानकारी गराई निर्माण कार्यको सामान्य फेरबदल गर्न सक्ने उल्लेख भएकोमा निर्माण कार्यको डिजाइन तथा तला सङ्ख्यामा सारभूत फरक पर्ने गरी संरचना निर्माण भएको छ। सञ्चालक समितिको २०७७।७।१३ को निर्णयले सम्झौतामा उल्लेख भएभन्दा थप भाडा असुल गर्न निर्देशन दिएकोमा यो वर्ष पनि सुरु सम्झौताअनुसारको रू.४ करोड ५० लाख मात्र असुल भएको छ। कार्यालयले सञ्चालक समितिको ७२ औं बैठकको निर्णयानुसार थप भएको तलाको वार्षिक रू.१ करोड ३८ हजार ५४१ भाडा कायम गरी उक्त कम्पनीलाई २०८०।१।३ मा पत्राचार गरेकोमा कम्पनीले चित्त नबुझाई निवेदन पेस गरेको र सो विषय हाल मध्यस्थतामा रहेको छ।

२५.३. ट्रष्टको स्वामित्वमा काठमाडौं महानगरपालिका, सोल्टिमोड ताहाचलमा रहेको जग्गा ३० वर्षको लागि लिजमा दिन ट्रष्टले सूचना प्रकाशन गरेकोमा एक फर्मको रू.२७ करोड ७४ लाख ७६ हजारको प्रस्ताव २०७४।७।१३ मा स्वीकृत गरी सम्झौता गरेको छ। सम्झौतामा २०७७ असारसम्म भवन निर्माण गर्ने, जग्गा भाडाबापत ३० वर्षमा वार्षिक रू.५ करोड १३ लाख २७ हजारका दरले ट्रष्टलाई उपलब्ध गराउने र उक्त भवन ३० वर्षपछि ट्रष्टलाई नै हस्तान्तरण हुने उल्लेख छ। सम्झौतामा ६ तले भवन निर्माण गर्ने उल्लेख भएकोमा १२ तले भवनको नक्सा स्वीकृतिका लागि काठमाडौं महानगरपालिकामा पेस गरेकोमा हालसम्म नक्सा पास भएको छैन। सम्झौतामा महानगरपालिकाबाट नक्सा पास भएपछि मात्र निर्माण अवधि गणना हुने व्यवस्था भएकोले वार्षिक रूपमा प्राप्त हुनुपर्ने भाडा प्राप्त हुन सकेको छैन। वार्षिक रूपमा प्राप्त हुनुपर्ने लिज भाडा प्राप्त नभएको बेहोरा गत वर्ष औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत छ। लिज सम्झौताको कार्यान्वयन गर्नुपर्दछ।

२५.४. काठमाडौं महानगरपालिका-२ लाजिम्पाटस्थित कि.नं. ४०३,४०४ र ४९५ को ६ रोपनी १३ आना जग्गा प्रयोग गर्ने एक बैङ्कको लिज अवधि २०७८।२।१८ मा समाप्त भएको र भवन तथा जग्गा खाली गर्न २०७८।११।१८ मा जानकारी गराएको छ। सञ्चालक समितिको निर्णयबमोजिम मासिक भाडा रू.२५ लाख ३१ हजार ३६८ मा १० वर्षका लागि खुला प्रतिस्पर्धा गराउन २०७७।११।१८ मा सूचना प्रकाशन भएकोमा पेस भएको एक मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही नभएकोमा पुनः सूचना आह्वान गर्दासमेत बोलपत्र पेस नभएको उल्लेख छ। उक्त जग्गा हाल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई मासिक रू.१ लाख ५४ हजारमा भाडामा दिएको छ।

२५.५. सुर्खेत जिल्लास्थित लाटीकोइली ४ च कित्ता नं. १ को ३४ बिघा ८ कठ्ठा जग्गा सरकारी दररेटको आधारमा प्रति कठ्ठा रू.७ हजार ५५२ का दरले वार्षिक भाडा रू.५१ लाख ९० हजार २३५ कायम गर्न समितिमा निर्णयार्थ पेस भएको र मध्यपश्चिमाञ्चल विश्वविद्यालयबाट मेडिकल कलेज सञ्चालन गर्न माग भएको सम्बन्धमा २०७८।३।२४ मा एक कार्यदल गठन गरी निर्णय गर्ने उल्लेख भएकोमा हालसम्म कार्यदल नै गठन भएको छैन।

२५.६. पोखरा महानगरपालिका वडा नं. ७ स्थित रत्नचोकको कित्ता नं. ३० को १ रोपनी १२ आना १ पैसा जग्गा २०७३।४।१ देखि २०७८।३।३१ सम्म पाँच वर्षको लागि वार्षिक रू.५ लाख १६ हजार भाडा लिने गरी एक फर्मसँग २०७३।४।७ मा सम्झौता भएको र सोअनुसार एक वर्षसम्म कार्य

नगरेमा सम्झौता भङ्ग गर्न सकिने व्यवस्था रहे तापनि कार्य प्रारम्भ नगरेकोमा सम्झौता भङ्ग गर्नेसम्बन्धी कारबाही अगाडि बढाएको छैन। उक्त होटलले सुरुको अवधिको सम्झौताअनुसारको रू.४ लाख ९२ हजार दाखिला गरेको र तत्पश्चातको भाडा नबुझाएको कारण बाँकी भाडा तथा जरिबाना रू.३० लाख ९४ हजार असुलीको लागि कार्यालयको तर्फबाट २०७७।४।२९ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएकोमा २०८०।३।१० मा आंशिक दाबी पुग्ने गरी फैसला भएको छ। सम्झौता एवं अदालतको निर्णयबमोजिम भाडा असुल गर्नुपर्दछ।

२६. **लिज अवधि थप** - नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ को उपदफा ३(ख)मा अवधि तोकी लिजमा दिएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पुँजी लगानीसहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु अगावै आवश्यकताअनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिज अवधि थप गर्न सक्ने व्यवस्था गरेको छ।

तत्कालीन राजदरबारको डिपार्टमेन्ट अफ क्राउन प्रोपर्टी र एक निजी कम्पनीबीच २०५२।४।३१ मा काठमाडौंस्थित गोकर्ण राज निकुञ्जको ३ हजार ९७० रोपनी १ आना ३ पैसा ३ दाम जग्गामध्ये २ हजार ७९२ रोपनी ३ पैसा १ दाम जग्गा फरेष्ट रिसोर्ट निर्माण तथा सञ्चालन गर्न ३० वर्षका लागि अमेरिकी डलर पचास लाख लिने गरी लिज सम्झौता भएको देखिन्छ। सञ्चालक समितिको २०७६।७।२६ को निर्णयबाट मौजुदा लिज अवधि समाप्त हुने अवधि १५ अगस्त २०२५ (२०८२।४।३१) देखि परिमार्जित लिज भाडा दर लागु हुने गरी नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ५ को उपदफा (३)ख अनुसार २५ वर्ष लिज अवधि थप गर्न नेपाल सरकार (मन्त्रिपरिषद्मा) सिफारिस गरेअनुसार मन्त्रिपरिषद्बाट २०७६।८।२३ मा प्रस्ताव पारित भई सञ्चालक समितिको २०७६।९।२९ को निर्णयअनुसार साबिकमा लिजमा लिएकै कम्पनीसँग लिजसम्बन्धी सम्झौता गरेको देखिन्छ। वर्तमान लिज अवधि समाप्त हुनुभन्दा ५ वर्ष पहिले नै साबिकको लिज अवधि थप भएको, फेयर मार्केट भ्यालु मूल्याङ्कन गर्न स्वतन्त्र मूल्याङ्कनकर्ता छनोट गर्ने सूचना पत्रिकामा प्रकाशन नगरी साबिककै सम्झौताकर्तासँग म्याद थप गरेको देखिन्छ। ट्रष्टको सम्पत्ति लिजमा दिँदा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

लगानी बोर्ड

२७. **रणनीतिक योजना कार्यान्वयन** - बोर्डले २०७८।७९ देखि २०८२।८३ सम्म आयोजना विकास र व्यवस्थापन, लगानी प्रवर्धन, संस्थागत विकास तथा समन्वय, सहकार्य र साझेदारी गरी ४ खम्बे रणनीतिक स्तम्भ हासिल गर्न रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ। सो रणनीतिक योजना कार्यान्वयन गर्न रू.२ अर्ब ३८ करोड २३ लाख लागत अनुमान रहेकोमा यो वर्षका लागि रू.१४ करोड ९८ लाख ३६ हजार विनियोजन भई रू.३ करोड ६४ लाख ५९ हजार र लगानी बोर्ड कोष खाताबाट रू.३१ करोड ५ लाखमात्र खर्च भएको छ। बोर्डको बजेट कार्यान्वयन दक्षतामा सुधार गर्दै रणनीतिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

२८. **कार्यक्रम कार्यान्वयन** - आवधिक योजनाले तय गरेका लक्ष्यहरू हासिल गर्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा स्वदेशी तथा विदेशी, निजी तथा साझेदारीमा हुने लगानी वृद्धि गर्ने कार्यमा बोर्डको भूमिका

महत्त्वपूर्ण रहन्छ। पन्धौं योजना अवधिको कुल लगानी लक्ष्य रू.९२ खर्ब २९ अर्ब २९ करोड रहेकोमा ३९ प्रतिशत सार्वजनिक क्षेत्रबाट, ५.४ प्रतिशत सहकारी क्षेत्रबाट र ५५.६ प्रतिशत निजी क्षेत्रबाट योगदान हुने अनुमान रहेको छ। योजना अवधिको मध्यावधि समीक्षा (२०७६।७७-२०७८।७९) अनुसार कुल लगानी रू.३३ खर्ब ६६ अर्ब ६१ करोड रहेको र २१.३४ प्रतिशत सार्वजनिक क्षेत्रबाट, ९.८३ प्रतिशत सहकारी क्षेत्रबाट र ६८.८३ प्रतिशत निजी क्षेत्रबाट योगदान रहेको उल्लेख छ। देशमा सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीसम्बन्धी परियोजनाको नीति तर्जुमा गर्ने, परियोजनाका लागि लगानी स्वीकृत गर्ने, विदेशी लगानीको स्वीकृति र प्रवर्धन गर्ने, परियोजनाको सूची तयार गर्नुका साथै प्राथमिकता प्राप्त परियोजना छनोट गर्ने कार्यसमेत बोर्डको क्षेत्राधिकारभित्र पर्दछ। हालसम्म बोर्डले ३८ परियोजनाको रू.१२ खर्ब ८ अर्ब १९ करोडको लगानी स्वीकृत भएको छ। परियोजना छनोट गर्न कार्यान्वयनमा ल्याएको आयोजना बैङ्क मार्गदर्शनअनुसार रणनीतिक रूपमा आवश्यक देखिएका पूर्वाधार तथा अन्य क्षेत्रका परियोजनाहरू पहिचान, छनोट तथा प्राथमिकीकरण गर्न समयमै अध्ययन कार्य सम्पन्न गरी परियोजना कार्यान्वयनमा ल्याउनुपर्दछ।

२९. **कार्य प्रभावकारिता -** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा ६ अर्ब रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी तथा निजी क्षेत्रबाट निर्माण सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको रू.६ अर्बभन्दा माथिको निजी लगानीका परियोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति बोर्डबाट हुने व्यवस्था छ। यसैगरी सार्वजनिक-निजी साझेदारीमा रू.६ अर्बभन्दा बढी लागत अनुमान भएका ऊर्जा परियोजना बाहेकको अन्य परियोजना वा २०० मेगावाट क्षमताभन्दा बढीको जलविद्युत लगायतका ऊर्जा परियोजना बोर्डबाट कार्यान्वयन हुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

२९.१. बोर्डले हालसम्म रू.८ खर्ब ९३ अर्ब ११ करोड लगानी हुने २४ ऊर्जा परियोजना तथा रू.३ खर्ब १५ अर्ब ८ करोड लगानी हुने १४ गैरऊर्जा परियोजनासमेत रू.१२ खर्ब ८ अर्ब १९ करोड लगानी हुने ३८ परियोजना स्वीकृत गरेको छ। बोर्डबाट कार्यान्वयन हुने परियोजनामध्ये सार्वजनिक निजी साझेदारीका कुनै पनि परियोजना सम्पन्न भएका छैनन्। प्राप्त विवरणअनुसार ऊर्जातर्फ ३ र गैरऊर्जातर्फ ८ सुरु चरणमा रहेका, ऊर्जातर्फ ४ र गैरऊर्जा क्षेत्रका ३ कार्यान्वयन चरणमा रहेका छन्। यसैगरी गैरऊर्जा क्षेत्रका ४ अध्ययन चरणमा रहेका छन्। गैरऊर्जा क्षेत्रतर्फ वार्ता र सम्झौताको चरणमा २ परियोजना रहेका छन्।

२९.२. बोर्ड स्थापना पश्चात् निजी लगानीको होङ्शी सिमेन्ट र ह्वासिन सिमेन्ट उद्योगले निर्माणकार्य सम्पन्न गरी व्यावसायिक उत्पादन सुरु गरेको तथा सार्वजनिक-निजी साझेदारीअन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजनाको निर्माणकार्य ६५ प्रतिशत सम्पन्न भए तापनि बोर्डबाट स्वीकृत भएका अन्य परियोजनाहरूको निर्माण कार्य हालसम्म सम्पन्न भएको देखिँदैन। बोर्ड स्थापनाको उद्देश्यअनुसार उपलब्धि हासिल गर्न दक्ष जनशक्ति एवं साधन/स्रोतको व्यवस्था गरी परियोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२९.३. बोर्डले ६ ऊर्जा परियोजना तथा १४ गैरऊर्जा परियोजनाको पहिचान गरेकोमा थप अध्ययन गरी विकास चरणको सुरुवात गरेको छैन भने ७ गैरऊर्जा परियोजनाको पूर्व सम्भाव्यता अध्ययनको लागि सहजीकरण गरेको र ५ वटाको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको जनाएको छ। बोर्डले लगानी स्वीकृति

गरेका तर स्थानीय तह, प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालय वा निकायबाट कार्यान्वयन हुने सार्वजनिक-निजी साझेदारीका परियोजनाको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन। हालसम्म ५४ पटक बोर्ड बैठक बसी विभिन्न निर्णय भएकोमा त्यस्ता निर्णयको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

३०. **कार्य प्रगति** - बोर्डबाट २०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रममा लगानी सम्मेलन, २०१९ मा समावेश गरिएका ४९ आयोजनामध्ये १५ आयोजनामा लगानीकर्ता छनोटमा अयोग्य भएका, २० आयोजनामा लगानीकर्ताले इच्छा नदेखाएको र १४ आयोजनामा लगानीकर्ता छनोटमा योग्य भएको देखिन्छ। सोमध्ये १४ आयोजना कार्यान्वयनको चरणमा रहेका छन्। कार्यान्वयनको चरणमा रहेकामध्ये काठमाडौं बाह्य चक्रपथको कार्य काठमाडौं उपत्यका विकास प्राधिकरणबाट रेखाङ्कनको कार्य सम्पन्न नभएको र निजगढ विमानस्थलको कार्य अदालतको आदेशबाट यथास्थितिमा रहेको छ भने अन्य आयोजनाहरू सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजना विकास सम्झौता गर्ने, विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने चरणमा रहेको बेहोरा गत वर्ष उल्लेख भएकोमा स्थिति यथावत छ। सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अनुसार बोर्डको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नुपर्नेमा ३ पटक मात्र बैठक बसेको र अनुगमन तथा सहजीकरण समितिको बैठक नै नबसेको स्थिति छ। बोर्डको उद्देश्यअनुसार निजी क्षेत्रको लगानी परिचालन गर्न थप प्रयास हुनुपर्दछ।

३१. **माथिल्लो कर्णाली जलविद्युत आयोजना** - नेपालमा उत्पादित विद्युत ऊर्जा निर्यात गर्ने र विद्युतको अन्तर्राष्ट्रिय व्यापारको प्रयोजनार्थ नेपाल सरकारको निर्णयअनुसार माथिल्लो कर्णाली जलविद्युत परियोजना बूटको अवधारणाअनुसार विकास गर्न १८ डिसेम्बर, २००६ मा अन्तर्राष्ट्रिय बोलपत्रमार्फत् आशयपत्र माग भएकोमा दुई विदेशी कम्पनीको संयुक्त सहभागिताको प्रबन्धक छनोट भएको देखिन्छ। सम्झौतामा परियोजनाबाट नेपाललाई १२ प्रतिशत निःशुल्क ऊर्जा र २७ प्रतिशत निःशुल्क स्वपुँजी प्राप्त हुने तथा जलविद्युत संरचना र उत्पादित बिजुली आपूर्तिको लागि वित्तीय लगानी जुटाई प्रसारण लाइन विकास र अन्य संरचना निर्माण गर्नुपर्ने व्यवस्था छ। परियोजना विकास सम्झौता गर्दा ऊर्जा बिक्री सम्झौतामा वित्तीय व्यवस्थापन पूर्व गर्नुपर्ने प्रावधान नराखेका कारण उक्त कम्पनीले हालसम्म कार्य प्रारम्भ गरेको छैन। सम्झौता कार्यान्वयन गरी आयोजना सञ्चालन गर्नुपर्दछ।

३२. **परियोजना स्वीकृति** - यो वर्ष जुम खोला जलविद्युत परियोजना, अरुण तेस्रो जलविद्युत परियोजना, डाबर नेपाल, सूर्यतारा सिमेन्ट उद्योग, तामाकोशी पाँचौं जलविद्युत परियोजना र राहुघाट जलविद्युत परियोजना समेत ६ परियोजनाको लागि रू.१ खर्ब २२ अर्ब ६९ करोड लगानी स्वीकृत भएको छ। विगत वर्षमा मुक्तिनाथ केबलकार परियोजना, प्राइभेट फ्रेट टर्मिनल एण्ड बल्क हेन्डलिङ र मल्टिमोडल लजिष्टिक पार्कसमेत ३ परियोजनाको रू.६५ अर्ब ४५ करोड लागतको विस्तृत परियोजना प्रतिवेदनमध्ये मुक्तिनाथ केबलकारको २०७७।१२।३ मा र अन्य २ को २०७७।८।३० मा पेस भए तापनि बोर्डबाट स्वीकृत भएको छैन। नेपाल सरकारले व्यापार लजिष्टिक नीति, २०७९ लागु गरेको र उक्त नीतिको रणनीति १.३ मा आन्तरिक एवं बाह्य लगानी प्रवर्धन गरी व्यापार पूर्वाधार विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था भएकोले सोबमोजिम परियोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औंल्याएका त्रुटिहरूको अनुगमन नभएको, सम्झौताको कार्यान्वयन नभएको, नेपाल ट्रष्टको सम्पत्ति उपयोग नभएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - यो वर्ष कार्यालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३८ निकायमा यो वर्ष रू.१ करोड २३ लाख ६४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६६ लाख ३६ हजार फर्स्यौंट गरेकोले रू.५७ लाख २८ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.१५ लाख १३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समिति २ तर्फ यो वर्ष रू.१ करोड ८ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३१ लाख ३८ हजार फर्स्यौंट गरेकोले रू.७७ लाख ३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरूको व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्थासमेत २२३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २१६ सरकारी कार्यालयको निम्नानुसार रू.१७ खर्ब २२ अर्ब ५७ करोड २९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
७५६९२४६	९५१७०९१	८५५४३	५३८४९	१७२२५७२९

उल्लिखित लेखापरीक्षण रकममा उद्योग, वाणिज्य तथा आपूर्ति, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कृषि तथा पशुपन्छी, सङ्घीय मामिला तथा सामान्य प्रशासन र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रू.१७ अर्ब ९६ करोड ५९ लाख समावेश छ। यस मन्त्रालयमा विनियोजन भई सङ्घीय-संसद सचिवालय, महालेखापरीक्षकको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शहरी विकास, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट भएको खर्च रू.१६ करोड १५ लाख ५३ हजार समावेश छैन।

२. **संगठित संस्था र अन्य संस्था –** यो वर्ष ५ संगठित संस्था र १ अन्य संस्थाको को रू.२१ खर्ब ५९ अर्ब १५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। संगठित संस्थातर्फ नेपाल धितोपत्र बोर्डको २०७९।८० को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष नेपाल राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन अवस्था विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

- ***समष्टिगत आर्थिक स्थिति***

४. **समग्र आर्थिक अवस्था -** मुलुकको प्रमुख आर्थिक परिसूचकहरू देहायबमोजिम रहेको देखिन्छः

(प्रतिशतमा)

विषय	लक्ष्य (पन्ध्रौं योजना)		प्रगति		
	२०८०।८१	२०७९।८०	२०७७।७८	२०७८।७९	२०७९।८०
आर्थिक वृद्धिदर	१०.३	९.६	४.२५	५.८४	१.८६
उपभोक्ता मुद्रास्फीति दर (औसत)	६.०	६.०	३.६	६.३२	७.७४

विषय	लक्ष्य (पन्ध्रौं योजना)		प्रगति		
	२०८०।८१	२०७९।८०	२०७७।७८	२०७८।७९	२०७९।८०
कुल राजस्व/गार्हस्थ उत्पादन	३०.०	२९.०	२१.९	२३.०	१८.७८
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	४३.३	४३.१	२८.०	२६.७	२६.४२
चालु खर्च/गार्हस्थ उत्पादन	१७.९	१९.१	१९.८	१९.८	१८.७
पुँजीगत खर्च/गार्हस्थ उत्पादन	१८.६	१७.६	५.४०	४.५०	४.३४
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	३.०	-	०.६३	०.४	०.४
वैदेशिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	५.७	-	३.०६	२.५०	१.९०
आन्तरिक ऋण प्राप्ति/गार्हस्थ उत्पादन	४.३	-	५.२४	४.८	४.७६
निर्यात/गार्हस्थ उत्पादन	१५.७	१४.१	३.३	४.१	२.९
आयात/गार्हस्थ उत्पादन	५१.०	५१.०	३६.०	३९.६	३०.०
बजेट घाटा/गार्हस्थ उत्पादन	१०.०	१०.१	७.०५	५.४	९.६

स्रोतः पन्ध्रौं योजना, नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालय २०७९।८०

४.१ उल्लिखित तथ्याङ्कअनुसार पन्ध्रौं योजनामा औसत १०.३ प्रतिशत तथा २०७९।८० मा आर्थिक वृद्धिदर ९.६ प्रतिशत हुने लक्ष्य रहेको छ। आर्थिक सर्वेक्षण २०७९।८० को कार्यकारी सारांशमा आर्थिक वृद्धि आधारभूत मूल्यमा २.१६ प्रतिशत हुने अनुमान रहेकोमा अर्थ मन्त्रालयको वार्षिक प्रतिवेदन २०७९।८० अनुसार १.८६ प्रतिशतमात्र आर्थिक वृद्धि भएको उल्लेख छ। पन्ध्रौं योजना र यो वर्ष उपभोक्ता मुद्रास्फीति ६ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत रहेको देखिन्छ। यद्यपि नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार थोक मुद्रास्फीति दर ८.४७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजना तथा यो वर्ष पुँजीगत खर्च कुल गार्हस्थ उत्पादनको क्रमशः १८.६ प्रतिशत र १७.६ प्रतिशत गर्ने लक्ष्य रहेकोमा ४.३४ प्रतिशत मात्र रहेको छ। त्यस्तै वैदेशिक अनुदानको उपयोग कुल गार्हस्थ उत्पादनको ३.० प्रतिशत रहने लक्ष्य रहेकोमा यो वर्ष ०.४ प्रतिशत मात्र उपयोग भएको देखिन्छ। यो वर्ष कुल गार्हस्थ उत्पादनको तुलनामा निर्यातलाई १४.१ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएकोमा २.९ प्रतिशत रहेको छ। त्यस्तै आन्तरिक ऋणलाई पन्ध्रौं योजनाले कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशत भित्र कायम गर्ने लक्ष्य लिएकोमा २०७९।८० मा ४.७६ प्रतिशत रहेको छ। पन्ध्रौं योजना अवधिको चौथो वर्षसम्मको प्रगति लक्ष्यभन्दा न्यून रहेको देखिन्छ।

४.२ पन्ध्रौं योजनाअनुसार २०७९।८० मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ५.८ प्रतिशत, १३.२ प्रतिशत र १० प्रतिशत रहने लक्ष्य रहेकोमा आर्थिक सर्वेक्षण २०७९।८० मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.७३ प्रतिशत, ०.५९ प्रतिशत र २.३३ प्रतिशतमात्र रहेको उल्लेख छ। त्यसै गरी २०७९।८० को कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २४.१२ प्रतिशत, १३.४५ प्रतिशत र ६२.४३ प्रतिशत रहेको छ।

४.३ सङ्घीय सरकारको बजेट घाटा २०७८।७९ मा रू.२ खर्ब ४४ अर्ब ६१ करोड रहेकोमा बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदनमा २०७९।८० मा रू.४ खर्ब ८६ अर्ब ८९ करोड रहेको देखाए तापनि वास्तविक बजेट घाटा रू.५ खर्ब ११ अर्ब रहेको देखिन्छ। यो वर्ष चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थासँग कुल गार्हस्थ उत्पादनको अनुपात क्रमशः १८.७ प्रतिशत, ४.३४ प्रतिशत र ३.५३ प्रतिशत रहेकोले लक्ष्यभन्दा न्यून रहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनमा सङ्घीय सरकारले सङ्कलन गरेको राजस्व कुल गार्हस्थ उत्पादनको १८.७८ प्रतिशत रहेकोमा सङ्घीय सरकारले उपयोग गर्ने

राजस्वको अनुपात १६.४९ प्रतिशत रहेको छ। सरकारी, निजी र सहकारी क्षेत्रको समन्वयात्मक प्रयासमार्फत आर्थिक परिसूचकहरू लक्ष्यअनुसार हासिल गर्नुपर्दछ।

५. **कृषिजन्य वस्तुको आयात र अनुदान** - कुल गार्हस्थ उत्पादनको एक चौथाइ अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत रासायनिक मलमा रू.३१ अर्ब २० करोड ३३ लाखसमेत रू.३६ अर्ब ४ करोड ३४ लाख अनुदान उपलब्ध गराएको छ। यस्तो अनुदान गत वर्ष रू.२१ अर्ब ८३ करोड रहेकोले कृषि मल लगायतमा दिइने अनुदानमा ६५.११ प्रतिशतले वृद्धि भएको छ। प्रदेश सरकार र स्थानीय तहले पनि कृषिमा क्षेत्रगत अनुदान प्रदान गरेका छन्। तथापि भन्सार विभागको तथ्याङ्क विश्लेषण गर्दा कृषि सुधार शुल्क लाग्ने (भन्सार दरबन्दीको भाग १ देखि १४ सम्मको) कृषिजन्य उत्पादन मात्रै गत वर्ष रू.१ खर्ब २८ अर्ब ४ करोड ८५ लाखको पैठारी भएकोमा यो वर्ष रू.१ खर्ब ५१ अर्ब ६ करोड ६५ लाखको पैठारी भएकोले कृषिजन्य सामग्रीको पैठारी गत वर्षको तुलनामा १७.९८ प्रतिशतले बढेको देखिन्छ। कृषिजन्य सामग्रीको आन्तरिक उत्पादन वृद्धि गर्न तीनै तहका सरकारले विभिन्न अनुदान तथा कार्यक्रम सञ्चालन गरी ठूलो रकम कृषिजन्य क्षेत्रमा लगानी गरेको, कृषि क्षेत्रमा दिइने अनुदानमा विगत वर्षको तुलनामा उल्लेखनीय वृद्धि भए तापनि कृषिजन्य सामग्रीको आयातमार्फत देश बाहिर हुने भुक्तानी रकम वृद्धि हुँदै गएको अवस्था छ। आन्तरिक उत्पादन वृद्धि गरी कृषि क्षेत्रलाई दिगो, भरपर्दो एवं आत्मनिर्भर बनाउन मौजुदा अनुदान वितरण लगायतका कृषि नीति तथा कार्यक्रममा पुनरावलोकन हुनुपर्दछ।

६. **राष्ट्रिय अर्थतन्त्रका अन्य परिसूचक** - वस्तु तथा सेवा निकासी पैठारी, व्यापार सन्तुलन, शोधनान्तर स्थिति, विप्रेषण आप्रवाह लगायतका अर्थतन्त्रका परिसूचकहरूको कुल गार्हस्थ उत्पादन रू.५३ खर्ब ८१ अर्ब ३४ करोडसँगको अनुपात स्थिति देहायअनुसार छः

(प्रतिशतमा)

परिसूचक	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
वस्तु निकासी	२.५२	२.५१	३.३०	४.१२	२.९
वस्तु पैठारी	३६.७६	३०.७८	३६	३९.५८	३०.००
व्यापार सन्तुलन	(३४.२४)	(२८.२६)	(३२.७०)	(३५.४६)	(२७.००)
खुद सेवा आय	(०.३७)	(०.०२)	(१.७०)	(२.२३)	(१.५६)
वस्तु तथा सेवा निकासी	३३.४८	२७.३१	३३.३९	३६.४८	२७.५६
शोधनान्तर स्थिति	(१.७५)	७.२६	०.०३	(५.२६)	५.४०
चालु खाता सञ्चालन	(६.९२)	(०.८७)	(७.८०)	(१२.८५)	(१.३४)
विप्रेषण आप्रवाह	२२.७९	२२.५०	२२.४७	२०.७६	२२.७०
विदेशी विनिमय सञ्चिति	२६.९२	३६.०५	३२.७१	२५.०६	२८.६
खुद वैदेशिक लगानी	०.३४	०.५०	०.४६	०.३८	०.११

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय/केन्द्रीय तथ्याङ्क कार्यालय/नेपाल राष्ट्र बैङ्क, २०८०

६.१ वस्तु पैठारी गत वर्षको तुलनामा केही कमी भए तापनि वस्तु निकासी बढाउन नसक्दा व्यापार असन्तुलन कुल गार्हस्थ उत्पादनको २७ प्रतिशत रहेको छ। वस्तु तथा सेवा निकासीमा वृद्धि हुन नसकेको, चालु खाता ऋणात्मक रहेको, विप्रेषण आप्रवाह कुल ग्रार्हस्थ उत्पादनको तुलनामा २२.७० प्रतिशत रहेको, खुद वैदेशिक लगानी घट्दै गएको देखिन्छ। उत्पादन, रोजगारी र व्यापार सन्तुलनलाई ध्यान दिई अर्थतन्त्रमा सुधार ल्याउनुपर्दछ।

६.२ नेपाली मुद्राको अवमूल्यनबाट हुन सक्ने विदेशी विनिमय सञ्चितिको जोखिम व्यवस्थापन गर्न विभिन्न देशसँग व्यापार सम्झौता गरी वस्तु तथा सेवाको आयातको लागत कम गर्ने, नेपालभित्र सञ्चालन हुने कार्यको लागि वैदेशिक मुद्रामा भुक्तानी नगर्ने लगायतका विकल्पको अवलम्बन गरेर निजी क्षेत्रको क्षमता र स्रोतको अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गर्न जरुरी छ।

• *दिगो विकास लक्ष्य कार्यान्वयन*

७. **लक्ष्य र प्रगति -** दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (सन् २०१६-२०३०) को कार्यान्वयन र उपलब्धि मापन गर्न तयार गरिएको संरचना बमोजिम कुल सूचकमध्ये अर्थ मन्त्रालयलाई ४६ सूचकमा जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। सो मध्ये २७ सूचकका लागि मापन आधार खुलाइएपनि १९ सूचकका लागि मापनको आधार तोकिएको छैन। मन्त्रालयले २०७९।८० सम्मको प्रगतिको अवस्था मूल्याङ्कन गरेको छैन। राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य २०१९ देखि २०२२ सम्म (दोस्रो माइलस्टोन अवधि) को मूल्याङ्कनको नतिजा सार्वजनिक गरेको छैन। जसबाट दिगो विकास लक्ष्य प्राप्ति सम्बन्धमा मन्त्रालयको प्रगति अवस्था यकिन गर्न सकिएन। दिगो विकास लक्ष्यको कार्यान्वयनका सम्बन्धमा मन्त्रालय समेतले नियमित रूपमा अनुगमन गर्नुपर्दछ।

दिगो विकास लक्ष्य हासिल गर्न वार्षिक रू.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्नेमा सुरुको अध्ययन अनुसार वार्षिक औसत रू.५ खर्ब ८५ अर्ब अपुग हुने आकलन गरिएकोमा मूल्यस्फितिको कारण यस्तो आकडा अझै बढ्ने देखिन्छ। आन्तरिक र बाह्य स्रोतको परिचालनमा दक्षता ल्याई निजी क्षेत्र समेतको सहकार्यबाट विकासको लक्ष्य हासिल गर्न प्रयास गर्नुपर्दछ।

८. **विकासशील राष्ट्रमा स्तरोन्नति -** प्रति व्यक्ति आय, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा जोखिम सूचकाङ्क र वातावरणीय सूचकाङ्क समेत तीन मापदण्डमध्ये पछिल्ला दुई मापदण्ड नेपालले पुरा गरेकोले संयुक्त राष्ट्र सङ्घले सन् २०२१ मा पाँच वर्षको तयारी अवधि दिई नोभेम्बर २४, २०२६ देखि अतिकम विकसित मुलुकको सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने निर्णय गरेको छ। यसरी विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा प्राप्त हुने अवसरबाट लाभ लिन र सम्भावित जोखिम न्यूनीकरण गर्न आवश्यक रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

• *राजस्व परिचालन नीति तथा मार्गदर्शन*

९. **राजस्व परिचालन नीति -** यस वर्षको बजेटले आयातमा निर्भर रहेको राजस्व संरचनालाई परिवर्तन गरी क्रमशः आन्तरिक राजस्वको हिस्सा बढाउने र राजस्वको दायरा विस्तार गर्ने नीति लिएको छ। त्यसै गरी बजेटले दिगो र प्रभावकारी राजस्व परिचालन, स्वदेशी उद्योगलाई प्रोत्साहन, करको दायरा विस्तार, राजस्व प्रशासनमा सुधार, राजस्व चुहावट नियन्त्रण, राजस्व प्रणालीलाई सुदृढीकरण, कर परिपालना र कर सहभागिता अभिवृद्धि र राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउने उद्देश्य लिएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

९.१ उच्चतम आर्थिक स्रोत परिचालन गर्ने, सक्षम र सेवामूलक राजस्व प्रशासन निर्माण गर्ने, स्वेच्छिक कर परिपालनाको वातावरण निर्माण गर्ने र सङ्घ, प्रदेश र स्थानीय तहले क्रमशः आन्तरिक आय वृद्धि गराउने गरी राजस्व प्रणालीको निर्माण गर्ने दीर्घकालीन राजस्व नीति तर्जुमा भएको छैन।

९.२ राजस्व प्रक्षेपण गर्दा मन्त्रालयले कुल गार्हस्थ उत्पादन लगायतका परिसूचकहरूलाई आधार लिने गरेको छ। पन्ध्रौं योजनाको अन्त्यसम्म कुल राजस्व र कुल गार्हस्थ उत्पादनको अनुपात ३० प्रतिशत हुने लक्ष्य रहेकोमा २०७९।८० मा राजस्व सङ्कलन कुल गार्हस्थ उत्पादनको १८.७८ प्रतिशतमात्र रहेको छ। कुल गार्हस्थ उत्पादनको अनुमान गर्न समेट्नुपर्ने सबै प्रकारका व्यवसाय र अनौपचारिक क्षेत्र लगायतलाई गार्हस्थ उत्पादनको दायरामा ल्याई तथ्याङ्क यथार्थपरक बनाउन आवश्यक देखिएको छ। अर्थतन्त्रका सबै क्षेत्रहरूलाई कुल गार्हस्थ उत्पादन मापनको आधार लिने गरी पुनरावलोकन एवं राजस्व सङ्कलनमा सुधार गर्न करको दायरा विस्तार, राजस्व छुटसम्बन्धी व्यवस्थामा पुनरावलोकन एवं कर परिपालना तथा कर सहभागितामा अभिवृद्धि गर्नुपर्दछ।

९.३ बजेटले आयातमा निर्भर रहेको राजस्व संरचनालाई परिवर्तन गरी क्रमशः आन्तरिक राजस्वको हिस्सा बढाउने नीति लिएको छ। यस वर्षको कर राजस्व असुली रू.९ खर्ब ६५ अर्ब ६२ करोड मध्ये पैठारीमा आधारित भन्सार महसुल रू.१ खर्ब ८२ अर्ब १२ करोडलाई आधार लिँदा पैठारीमा आधारित राजस्वको अंश २१.०४ प्रतिशत र पैठारीमा आधारित भन्सार महसुल, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेतलाई आधार लिँदा यो वर्ष कुल राजस्व असुलीको ४४.२९ (रू.३ खर्ब ८३ अर्ब ३८ करोड) प्रतिशत पैठारीमा आधारित रहेकोले आयातमा आधारित राजस्वको अंश उल्लेख्य देखिन्छ। अतः पैठारीमा आधारित राजस्व संरचनालाई परिवर्तन गर्न लगानी अभिवृद्धि, रोजगारी विस्तार र आन्तरिक उत्पादनमा बढोत्तरी गर्दै आन्तरिक राजस्व सङ्कलनको दिगो आधार तय गर्नुपर्दछ।

९.४ सङ्घीय सरकारमार्फत २०७९।८० मा प्रदेश तथा स्थानीय तहलाई सशर्त, वित्तीय समानीकरण, समपूरक र विशेषसमेत रू.४ खर्ब १२ अर्ब ९० करोड अनुदान उपलब्ध गराइएको छ। प्रदेश र स्थानीय तहको यो वर्षको आन्तरिक आम्दानी रू.२ खर्ब ५ अर्ब २९ करोड रहेको छ। सङ्घीय अनुदानमा मात्र निर्भर रही कार्यक्रम सञ्चालन गर्दा प्रदेश र स्थानीय तहको वित्तीय सङ्घीयताको सन्तुलन र दिगोपनामा असर पर्ने देखिन्छ। प्रदेश तथा स्थानीय तहले आफ्नो आन्तरिक स्रोत परिचालन क्षमतामा वृद्धि गरी वित्तीय सङ्घीयतालाई मजबुत बनाउन सोहीअनुरूप नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९.५ गैरकरतर्फ औपचारिक माध्यमबाट विप्रेषण पठाउने, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई राहदानी नवीकरण, कन्सुलर सेवा तथा श्रम स्वीकृति नवीकरणबापत लाग्ने शुल्क वा दस्तुरमा ५० प्रतिशत छुट दिने, एउटै व्यक्तिले एकभन्दा बढी घर वा अपार्टमेन्ट खरिद गरेमा प्रत्येक थप घरको रजिष्ट्रेशन पास गर्दा शतप्रतिशत रजिष्ट्रेशन दस्तुर लाग्ने गरी आवश्यक व्यवस्था गर्ने तथा गैर करको दरलाई लागत प्रभावी हुने गरी समयानुकूल परिमार्जन गर्ने विषय २०७९।८० को बजेटमा उल्लेख भएकोमा उक्त कार्यहरू भएका छैनन्। गैर कर सम्बन्धी विद्यमान नीतिगत एवं कानुनी व्यवस्थालाई परिमार्जन तथा संरचनागत व्यवस्थालाई एकीकृत गरिनुपर्दछ।

९.६ करको दायरा विस्तार गर्न सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने, नागरिकता तथा राष्ट्रिय परिचयपत्र प्रदान गर्दा व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने एवं चार पाङ्ग्रे सवारीसाधन खरिद गर्दा अनिवार्य रूपमा स्थायी लेखा नम्बर पेस गर्नुपर्ने लगायतका कार्यक्रम बजेटमा घोषणा भएकोमा सोको कार्यान्वयन अवस्था कमजोर देखिएको छ।

१०. **राजस्व छुट -** आर्थिक ऐन, २०७९ को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने व्यवस्था छ। राजस्व छुट दिन सक्ने व्यवस्थामा क्रमशः सुधार हुँदै गए तापनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिने छुट र द्रष्टव्य, अनुसूची तथा पटके निर्णयका आधारमा दिने छुटको दायरा बढेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन्:

१०.१ आर्थिक ऐन,२०७९ को अनुसूची १ को दफा १४ मा भन्सार महसुल पूर्ण छुट हुने, एक प्रतिशत मात्र लाग्ने र आंशिक छुट हुने, अनुसूचीको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने मालवस्तुबारे उल्लेख छ। त्यसै गरी सोही ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिमका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट आर्थिक ऐन, २०७९ को विभिन्न दफामा संशोधन गरी छुट तथा सहुलियतका दरहरूमा समेत वृद्धि गरेको छ। भन्सार विभागको आसिकुडाको तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रू.९९ अर्ब ४२ करोड ३३ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट भएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्। आर्थिक ऐन २०७९ अनुसार विगत ५ वर्षको राजस्व छुटको तथ्याङ्क विश्लेषण गर्दा भन्सार र आन्तरिक राजस्वतर्फ देहायअनुसार रू.३ खर्ब ४१ अर्ब ७४ करोड ४३ लाख छुट दिएको देखिन्छ।

(रकम रू.लाखमा)

विवरण/वर्ष	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	कुल जम्मा
जम्मा राजस्व छुट	४१२४००	४४२१००	३५०६००	१२१८११०	९९४२३३	३४१७४४३

* उक्त तथ्याङ्कमा प्रदेश तथा स्थानीय तहहरूले दिएको छुटको रकम समावेश छैन।

*२०७९।८० को तथ्याङ्कमा आन्तरिक राजस्व विभागको छुटको तथ्याङ्क समावेश छैन।

स्रोतः सम्बन्धित वर्षको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र भन्सार विभाग

राजस्व छुट बर्सेनी बढ्दो क्रममा रहेकोले सोमा पुनरावलोकन हुनुपर्दछ।

१०.२ आर्थिक ऐन, २०७९ को दफा २(१) सँग सम्बन्धित अनुसूची १ को दफा ६ र ७ मा सार्क मुलुकबाट उत्पादित सामानहरू प्रतीतपत्र खोली दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता (साफ्टा) अन्तर्गत प्रमाणपत्र संलग्न गरेर पैठारी भएमा २०६२।९।१७ मा कायम रहेको भन्सार महसुल दरमा निश्चित प्रतिशतले भन्सार महसुल छुट दिने व्यवस्था भएकोमा यस्तो व्यवस्था लागु भएको १८ वर्ष व्यतीत भइसकेको छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार साफ्टाको सुविधा उपयोग गरी २०७९।८० मा विभिन्न व्यवसायीले प्लाष्टिक ग्रेनुअल, स्टिल पाता, ग्लासवेयर, प्राइमरी रेजिन, ग्लास बोतल, फलाम वा अमिश्रित स्पातका एङ्गल, सोयाबिन मिल, प्रिफेब्रिकेटेड हाउस लगायतका सामान पैठारी गर्दा भन्सार महसुल रू.९ अर्ब २१ करोड ७३ लाख र मूल्य अभिवृद्धि कर रू.१ अर्ब १९ करोड ८२ लाख समेत रू.१० अर्ब ४१ करोड ५५ लाख राजस्व छुट भएको छ। सरकारले साफ्टा छुटमा कच्चा पदार्थ तथा पार्टपुर्जालगायतका वस्तुहरू पैठारी गरी सोबाट स्वदेशमा उत्पादन वृद्धि गरेर तयारी मालवस्तु निकासी गरी तुलनात्मक रूपमा फाइदा लिन सकेको छैन। साफ्टा छुटबाट फाइदा लिन स्वदेशी उत्पादन वृद्धि गरी निकासी प्रवर्धनमा जोड दिनुपर्दछ।

१०.३ आर्थिक ऐन २०७९ को दफा १८(३) ले वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भएबमोजिम पैठारी हुने निर्माण सामग्री तथा उपकरणमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर तथा शुल्क छुट दिने व्यवस्था गरेको छ। मन्त्रालयले २०७९ फाल्गुण मसान्तसम्म मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानहरू र निर्माण व्यवसायीहरूलाई आर्थिक ऐन, २०७९ को दफा २ बमोजिम पैठारी मूल्य रू.२७ अर्ब ८४ करोड १८ लाखमा रू.५ अर्ब ४३ करोड ४९ लाख र दफा ३ बमोजिम पैठारी मूल्य रू.२४ अर्ब ५ करोड ६८ लाखमा रू.४ अर्ब ४२ करोड ८३ लाख छुट दिएको विवरण मन्त्रालयगत प्रगति प्रतिवेदनमा उल्लेख छ। तत् पश्चात्को तथ्याङ्क अद्यावधिक गरेको देखिएन।

आयोजनाहरूले लागत अनुमान तयार गर्दा राजस्व छुटको व्यवस्था समावेश नगरेको, प्रतिस्पर्धामा ठेक्का कबोल गरिसकेपछि राजस्व छुट सुविधा उपलब्ध गराउँदा यसको प्रत्यक्ष फाइदा निर्माण व्यवसायीलाई हुने गरेको अवस्था छ। सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानी र उत्पादित वस्तुको लागतमा समायोजन गर्ने तथा आयातित सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको सम्बन्धमा अर्थ मन्त्रालय एवं सम्बन्धित आयोजनाहरूले सुनिश्चित गरेका छैनन्। लागत अनुमान तयार गर्दाका बखत नै छुट हुने आइटमहरू भएमा यकिन गरी छुट हुने बराबरको रकम समायोजन गर्ने वा भुक्तानीका बखत कट्टा गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउनुपर्दछ। साथै आर्थिक ऐनमा छुटका दरहरू प्रस्ताव गर्दा राजस्व छुट दिने मालवस्तु स्पष्ट र पूर्णरूपमा उल्लेख गर्ने र सिफारिश गर्ने एवं छुट दिने निकायबीच समन्वय र सहकार्य हुनुपर्दछ।

राजस्व छुटको दर घटबढ गर्दा लिएको आधार र विश्लेषणको अभिलेख नराखेको, राजस्व छुटको विवरण बजेट वक्तव्य साथ संसदमा पेस नगरेको, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र आम नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण हुन नसकेको अवस्था देखियो। प्रत्येक वर्ष आयकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुटको दायरा बढ्दै गएकोले राजस्व असुलीको लक्ष्यमा समेत प्रभाव परेको छ। राजस्व छुटको प्रभाव विश्लेषण गर्ने तथा छुटको तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

११. **राजस्व अनुमान र असुली -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७७।७८			२०७८।७९			२०७९।८०		
	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत	लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	२३८०३८७	२३००७७३	९६.६६	२८९४९९६	२६००८५४	८९.८०	३४९०५७२	२५३८१२४	७२.७१
मूल्य अभिवृद्धि कर	३०२१६८७	२८२०१९१	९३.३३	३१६३६१०	३१४२७९१	९९.३०	३९८४६७९	२८६६३१७	७१.९३
अन्तः शुल्क	१५५५०४१	१३३७८०५	८६.०३	१८२१६७८	१६६७७७७	९१.६०	२१७२८२७	१४३०६८०	६५.८४
भन्सार महसुल	१९३५५४७	२०१३८९६	१०४.०५	२७८९२४०	२४१७८११	८६.७०	३३०५६८०	१८२११६३	५५.०९
अन्य कर	१२१४९२२	१३१४८७६	१०७.३४	११३६४७९	१३३४९४४	११७.४६	१०७७७१२	१४५०२२८	*१३४.५७*
जम्माः	**१०११७५८४**	**९७८७५४१**	**९६.७४**	**११८०६००३**	**१११६४१७७**	**९४.६०**	**१४०३१४७०**	**१०१०६५१२**	**७२.०३**

स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

उपर्युक्त विवरणअनुसार २०७९।८० मा रू.१० खर्ब १० अर्ब ६५ करोड १२ लाख (गत वर्षको तुलनामा ९.४७ प्रतिशतले घटी) राजस्व असुल भएको देखिन्छ। यो वर्षको लक्ष्य रू.१४ खर्ब ३ अर्ब १४ करोड ७० लाखको तुलनामा ७२.०३ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ। लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्नेगरी कार्यसम्पादन गर्नुपर्दछ।

१२. **राजस्व संरचना -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त राजस्वको वार्षिक विवरणअनुसार यो वर्ष बाँडफाँट हुने राजस्व बाहेकको कर राजस्व रू.४ खर्ब ७४ अर्ब ९३ करोड ३९ लाख, अन्य राजस्व रू.८५ अर्ब ६३ करोड ९५ लाख, बेरुजु, अनुदान फिर्तालगायतका विविध प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख, बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८६ अर्ब ५९ करोड ८३ लाख, बाँडफाँट हुने अन्तःशुल्क रू.१ खर्ब ४ अर्ब ९ करोड ६२ लाख, बाँडफाँट हुने रोयल्टी रू.६ अर्ब ८ करोड ८ लाख र वैदेशिक अनुदान रू.२३ अर्ब ८९ लाख रहेको छ।

मन्त्रालयबाट प्राप्त विवरणमा बाँडफाँट हुने मूल्य अभिवृद्धि कर रू.२ खर्ब ८४ अर्ब १० करोड ४७ लाख र अन्तःशुल्क रू.१ खर्ब ७ अर्ब ४२ करोड ५२ लाख उल्लेख भएकोले मूल्य अभिवृद्धि करतर्फ रू.२ अर्ब ४९ करोड ३६ लाख र अन्तःशुल्क रू.३ अर्ब ३२ करोड ९० लाख फरक परेको छ। मन्त्रालय र मातहत कार्यालयबाट प्राप्त तथ्याङ्क फरक परेको विषयमा गत विगतदेखि औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१३. **राजस्व असुली तथा चालु खर्च -** विगत ५ वर्षको राजस्व असुली र चालु खर्चको अवस्था निम्नानुसार छः

(रू.लाखमा)

विषय	२०७७।७८	२०७८।७९	२०७९।८०
राजस्व असुली	९७८७५४१	१११६४१७७	१०१०६५१२
वैदेशिक अनुदान तथा निकासा फिर्ता लगायत अन्य	६७२२४६	६४०२००	५३३०२५
खुद राजस्व परिचालन	९११५२९५	१०५२३९७७	९५७३४८७
चालु खर्च	८४६२१७३	९५४३१६९	९९१५०६७
फरक	६५३१२२	९८०८०८	-३४१५८०

स्रोतः महालेखानियन्त्रकको कार्यालयका वार्षिक प्रतिवेदन र अर्थ मन्त्रालय २०७९।८०

राजस्व असुलीको अधिकांश हिस्सा चालु खर्चमा नै प्रयोग भएकोले वित्तीय दायित्व र पुँजीगत खर्चको लागि स्रोत न्यून हुँन गई वैदेशिक सहायता र आन्तरिक ऋण उठाउनुपर्ने अवस्था छ। सरकारले सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्ने, चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्च वृद्धि गर्ने नीति लिए तापनि सोअनुसार हुन सकेको छैन। योगदानमा आधारित निवृत्तभरण शिक्षण सेवातर्फ लागु नभएको, नागरिकको औसत आयु बढ्दै गएकोमा सामाजिक सुरक्षा भत्ता दिने उमेर घटाउँदै लगेको, वितरणमुखी कार्यक्रममा खर्च हुने गरेको, प्रशासनिक खर्चमा मितव्ययिता कायम हुन नसकेको, संगठनात्मक संरचना छरितो र दोहोरो नहुने गरी पुनरावलोकन हुन नसकेको, विभिन्न समिति/बोर्डलगायतको संख्या नघटेको लगायतका कारण सार्वजनिक खर्च घट्न सकेको छैन। राजस्वको निश्चित प्रतिशत रकम पुँजी निर्माण र पूर्वाधार सेवामा खर्च गर्ने गरी नीतिगत रूपमा नै व्यवस्थापन गर्नुपर्दछ।

१४. **राजस्व तथा साँवा ब्याज बक्यौता -** मन्त्रालय र मातहातका निकायले रू.४ खर्ब १५ अर्ब ३ करोड २ लाख राजस्व तथा भाखा नाघेको ऋणको साँवा ब्याज असुल गर्न बाँकी रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१ आन्तरिक राजस्व विभागले तयार गरेको वार्षिक प्रगति प्रतिवेदनअनुसार २०७९।८० सम्म आयकर रू.१ खर्ब ८७ अर्ब १० करोड ३० लाख, मूल्य अभिवृद्धि कर रू.६५ अर्ब ७६ करोड ७१ लाख, अन्तःशुल्क रू.४ अर्ब ७५ करोड ३२ लाख र अन्य रू.१ अर्ब २३ करोड १५ लाख समेत रू.२ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख राजस्व बक्यौता रहेको छ। उक्त बक्यौतामध्ये रू.१ खर्ब ४५ अर्ब ७७ करोड ८९ लाख (५६.३२ प्रतिशत) को सम्बन्धमा करदाताहरू पुनरावेदनमा गएको देखिँदा बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको देखिन्छ। विवादरहित बक्यौता असुलीमा समेत मन्त्रालयले मातहतका निकायलाई प्रभावकारी रूपमा परिचालन गर्न सकेको छैन। सरकारले सङ्कलन गर्नुपर्ने राजस्वलाई कानुनी प्रक्रियाबमोजिम बक्यौता असुली गर्नुपर्दछ।

१४.२ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रू.६२ अर्ब ७० करोड ९ लाख र ब्याज रू.९३ अर्ब ४७ करोड ४५ लाखसमेत रू.१ खर्ब ५६ अर्ब १७ करोड ५४ लाख बक्यौता रहेको छ। बक्यौता साँवा ब्याँज चुक्ता नगर्ने ८० निकायमध्ये ६ निकाय क्रमशः नेपाल विद्युत प्राधिकरणको रू.१ खर्ब ६ अर्ब ५७ करोड ५० लाख, नेपाल खानेपानी संस्थानको रू.८ अर्ब ३० करोड ५७ लाख, काठमाडौं उपत्यका खानेपानी बोर्डको रू.७ अर्ब ५५ करोड ५७ लाख, जनकपुर चुरोट कारखानाको रू.४ अर्ब १४ करोड ९९ लाख, उदयपुर सिमेन्ट उद्योगको रू.३ अर्ब १५ करोड ४९ लाख र विराटनगर जुट मिल्सको रू.२ अर्ब १४ करोड ६ लाखसमेत रू.१ खर्ब ३१ अर्ब ८८ करोड १८ लाख (८४.४४ प्रतिशत) रहेको छ। बक्यौता रकमको साँवा ब्याजको विवरण अद्यावधिक नगरेकोले वास्तविक बक्यौता र साँवा ब्याज यकिन गर्न सकिने अवस्था छैन। समयमा नै साँवा ब्याज असुल गर्नुपर्दछ।

१४.३ काठमाडौं, भरतपुर र पोखरा महानगरपालिका, हेटौंडा उपमहानगरपालिका लगायतका १३ स्थानीय तहमा रू.२ अर्ब ८७ करोड ८२ लाख भाखा नाघेको साँवा ब्याज बाँकी रहेकोमा आन्तरिक स्रोतको ऋणतर्फ ३ निकायको भाखा नाघेको ऋणको साँवा रू.३ करोड ३८ लाख तथा ब्याज रू.५ करोड २९ लाख समेत रू.८ करोड ६७ लाख तथा बाह्य स्रोतको ऋणतर्फ ११ निकायको भाखा नाघेको साँवा रू.१ अर्ब १६ करोड ५३ लाख तथा ब्याज रू.१ अर्ब ६२ करोड ६२ लाखसमेत रू.२ अर्ब ७९ करोड १५ लाख रहेको छ। सो रकम असुल गर्न मन्त्रालयले आवश्यक पहल गर्नुपर्दछ।

मन्त्रालयले अनुगमन र निरीक्षण बढाई राजस्व तथा साँवा ब्याज बक्यौता असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ।

• *बजेट तर्जुमा तथा कार्यान्वयन*

१५. **नगद योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

१५.१ सरकारले यो वर्ष रू.२ खर्ब ५६ अर्ब आन्तरिक ऋण तथा विगतको ट्रेजरी बिल्सको रोलओभर रू.३ खर्ब ४ अर्ब २१ करोड समेत रू.५ खर्ब ६० अर्ब २१ करोड आन्तरिक ऋण लिएको र सोको औसत ब्याजदर ९ प्रतिशत रहेको छ। यसरी प्राप्त ऋण समेतबाट प्रदेश सरकार र स्थानीय तहलाई वित्तीय हस्तान्तरण हुने गरेको छ। यो वर्ष वित्तीय हस्तान्तरण भएको मध्ये प्रदेश सरकारतर्फ रू.८२ अर्ब ८ करोड ८९ लाख र स्थानीय तहतर्फ रू.९४ अर्ब ९४ करोड ७३ लाख समेत रू.१ खर्ब ७७ अर्ब ३ करोड ६२ लाख खर्च नभई विभिन्न खातामा मौज्दात रहेको छ। सङ्घीय सरकारले स्रोत अभावको कारण ऋण लिई प्रदान गरेको रकममध्ये खर्च नभएको रकममा औसत ब्याजदरको आधारमा रू.१५ अर्ब ९३ करोड ३३ लाख अतिरिक्त ब्याज भुक्तानी गर्नुपरेको अवस्था छ। सरकारी खर्चको लागि आवश्यक पर्ने नगदको आकलन गरी सरकारले ब्याज भुक्तानी गर्नु नपर्ने गरी नगद प्रवाह योजना तर्जुमा गर्नुपर्दछ।

१५.२ राजस्व नीति तथा राजस्व व्यवस्थापनमा उल्लिखित विषयको सम्बोधन नभएकोले मुलुकले विकास आयोजनाको स्रोत व्यवस्थापन गर्न नसक्दा आन्तरिक ऋणमा भार बढेको र ब्याजको कारणले आयोजना लागत बढिरहेको अवस्था छ। तसर्थ नीतिगत रूपमा नै सम्बोधन गरेर सरकारले उपलब्ध गराएको स्रोतको उद्देश्य अनुरूप खर्च नभई मौज्दात रहेको रकम एवं सम्झौताको व्यवस्था अनुसार साँवा ब्याजको रकम असुल गराई वित्तीय अनुशासन र आन्तरिक ऋणको उच्चतम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ। साथै मितव्ययी हुने कानुनी एवं संरचनागत सुधार गरिनुपर्दछ।

१५.३ नेपाल सरकारले सहजीकरण तथा नियमन गर्नुपर्ने निकायहरूले उठाएको राजस्व परिचालनमा विविधता देखिएको छ। विद्युत विकास विभागले विद्युत् उत्पादन अनुमतिलगायतका विषयमा लिने गरेको राजस्व सिधै सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाएको छ भने नेपाल दूरसञ्चार प्राधिकरण, बीमा प्राधिकरण, धितोपत्र बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरणलगायतले लाइसेन्स वितरण, नवीकरण, सेवा शुल्कलगायतका विषयमा लिने गरेको रकम सम्बन्धित निकायहरूको आम्दानी हुने व्यवस्था गरेको छ। सरकारले बनाएको संरचनाको प्रयोग एवं परिचालनबाट प्राप्त हुने राजस्वको निश्चित रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था हुन नसकेकोले महालेखा नियन्त्रक कार्यालयले वित्तीय विवरणमा समावेश गरेका ८८ गैर बजेटरी निकायमा रू.२१ अर्ब ५९ करोड ५ लाख बैङ्कमा मौज्दात रहेको छ। सो बाहेक नेपाल वित्तीय प्रतिवेदन मान लागु हुने सार्वजनिक निकायहरूको खातामा समेत यस्तो मौज्दात रहेको छ। त्यस्ता संस्थासँग रहेको मौज्दात रकम न्यून ब्याज प्राप्त गर्नेगरी मुद्दती, बचत र चालु खातामा रहेको देखिन्छ।

सार्वजनिक संस्थाहरूले न्यून ब्याज दर वा निष्क्रिय रूपमा बैङ्क तथा वित्तीय संस्थामा राखेको मौज्दात र सरकारले वित्तीय संस्थाबाट लिने आन्तरिक ऋणको ब्याज दरमा सामान्जस्यता कायम गर्ने व्यवस्था एवं नगद व्यवस्थापन योजना तर्जुमा गरी सार्वजनिक नियमनकारी संस्था तथा निकायहरूको कोषमा रहेको रकम परिचालन गर्ने गरी नीतिगत रूपमा पुनरावलोकन हुनुपर्दछ।

१६. **मूल्य अभिवृद्धि कर बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम मूल्य अभिवृद्धि कर सङ्घ, प्रदेश र स्थानीय तहलाई क्रमशः ७० प्रतिशत र १५/१५ प्रतिशतका दरले बाँडफाँट हुने व्यवस्था छ। यस वर्ष पैठारीमा सङ्कलित मूल्य अभिवृद्धि कर रू.१ खर्ब ६९ अर्ब ७ करोड ७६ लाख सङ्घ, प्रदेश र स्थानीयतहलाई बाँडफाँट गरेको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम वस्तु वा सेवाको पैठारी वा प्राप्त गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्री गर्दा सङ्कलन गरेको करबाट कट्टी

गरी लगातार ४ महिना (निकासीमा ६० दिन) सम्म मिलान नभएमा दफा २४ बमोजिम फिर्ता लिन सक्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले व्यापारिक वस्तुहरू पैठारी गर्दाका बखत दाखिला गरेको मूल्य अभिवृद्धि कर रकमलाई आधार मानी तीन तहका सरकारलाई बाँडफाँट गर्ने गरेको छ। तर मूल्य अभिवृद्धि कर मिलान वा फिर्ताको दायित्व सङ्घीय सरकारले मात्र बेहोर्नुपर्ने स्थिति रहेको छ। तसर्थ पैठारीमा सङ्कलन भएको मूल्य अभिवृद्धि कर बाँडफाँटसम्बन्धी नीतिलाई व्यवस्थित गरिनुपर्दछ।

१७. **बजेटको आकार र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा खर्चको सीमा निर्धारण गर्नुपर्ने, दफा ९ मा बजेट प्रस्ताव गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू र नियमावली, २०७७ को नियम १६ मा मध्यमकालीन खर्च संरचना, आवधिक योजना, नेपाल सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई दृष्टिगत गरी स्रोत अनुमान समितिबाट प्राप्त सीमाभित्र रही बजेट बनाउनुपर्ने व्यवस्था छ। प्रत्येक वर्षका बजेट वक्तव्यमा महत्वपूर्ण नीति तथा कार्यक्रम समावेश गरे पनि कार्यान्वयनमा जाँदा सो अनुसार हुन नसकेको उल्लेख गरी मध्यावधि समीक्षाबाट संसदीय स्वीकृति प्राप्त बजेटको आकार घटाउने गरेको देखिएको छ।

(रू.करोडमा)

शीर्षक	२०७७।७८ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७८।७९ को मध्यमकालीन खर्च संरचनाको प्रस्तावित रकम	२०७९।८० को बजेट	बजेटको मध्यावधि समीक्षा (२०७९ माघ)	२०८०।८१ को बजेटमा २०७९।८० को समीक्षा पश्चात् कायम	खर्च
कुल बजेट	१९५४९९	१७९३१०	१७९३८३	१५५०००	१५०५००	१४२१३३
चालुतर्फ	१०६२०२	११४११९	११८३२३	१०२१९३	१०४३३९	९९१५१
पुँजीगततर्फ	६७२२८	४१९६८	३८०३८	३१३८५	२५८३५	२३४६२
वित्तीयतर्फ	२२०६९	२३२२३	२३०२२	२१४२२	२०३२६	१९५२०
स्रोततर्फ						
राजस्व (बाँडफाँट हुने बाहेक)	१२५६९६	११८३४०	१२४०११	१०८५००	१०४०००	८९९१७
अनुदान	६८२५	५५२०	५५४६	३८४६	३८४६	२३०१
वैदेशिक ऋण	३३५००	२९०००	२४२२६	१७०५४	१७०५४	१२३०५
आन्तरिक ऋण	२९४७८	२६४५०	२५६००	२५६००	२५६००	२४८७४
नोटः यस आर्थिक वर्षको राजस्व प्राप्तिमा साँवा ब्याज फिर्ता समेत समावेश गरिएको छ।						

राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०७९।८० को मध्यमकालीन खर्च संरचना २०७७।७८ र २०७८।७९ ले कुल बजेट क्रमश रू.१९ खर्ब ५४ अर्ब ९९ करोड र रू.१७ खर्ब ९३ अर्ब १० करोड र सञ्चित कोष दाखिला हुने राजस्व क्रमश रू.१२ खर्ब ५६ अर्ब ९६ करोड र रू.११ खर्ब ८३ अर्ब ४० करोड प्रक्षेपण गरेकोमा बजेटमा अनुमानित खर्च रू.१७ खर्ब ९३ अर्ब ८३ करोडमध्ये राजस्वबाट रू.१२ खर्ब ४० अर्ब ११ करोड, अनुदानबाट रू.५५ अर्ब ४६ करोड र समग्रमा ऋणबाट रू.४ खर्ब २६ अर्ब ५४ करोड प्राप्त गर्ने लक्ष्य रहेको छ। सो बजेटलाई अर्धवार्षिक समीक्षाबाट रू.१५ खर्ब ५० अर्ब खर्च हुने अनुमान गरेकोमा पुनः पछिल्लो वर्षको बजेटले सो रू.१५ खर्ब ५ अर्ब खर्च कायम गरी राजस्वबाट रू.१० खर्ब ४० अर्ब र आन्तरिक र वैदेशिक ऋणबाट रू.४ खर्ब २६ अर्ब ५४ करोड प्राप्त हुने संशोधित अनुमान रहेको छ। यद्यपि यस वर्ष कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३३ करोड भएकोमा राजस्व र अनुदान समेत जम्मा रू.९ खर्ब २२ अर्ब १८ करोड प्राप्त भई रू.४

खर्ब ९९ अर्ब १५ करोड बजेट न्यून भएकोमा सोमध्ये आन्तरिक र वैदेशिक ऋणसमेत रू.३ खर्ब ७१ अर्ब ७९ करोड प्राप्त हुँदा रू.१ खर्ब २७ अर्ब ३६ करोड बजेट न्यून देखिएको छ। स्रोतको यथार्थ आकलन गरी बजेट तयार गर्नुपर्दछ।

१८. **बजेट विनियोजन र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१८.१ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको बजेट विनियोजन र खर्चको स्थिति देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७७।७८	१४,७४,६४,५४	११,९६,६७,६०	८१.१५
२०७८।७९	१६,४७,५७,६७	१३,१०,००,०८	७९.५१
२०७९।८०	१७,९३,८३,७३	१४,२१,३२,७०	७९.२३
			(स्रोतः अर्थ मन्त्रालय, २०७९/८०)

माथिको तालिकाअनुसार बजेट विनियोजन अनुरूप खर्च प्रतिशत घट्दो दरमा रहेको देखियो। यो वर्ष ७९.२३ प्रतिशत खर्च भएकोमा मन्त्रालयगत प्रगति विवरण २०७९।८० अनुसार यो वर्ष अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसमेत ३ मन्त्रालयको ४० प्रतिशत भन्दा न्यून, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ५० प्रतिशत भन्दा न्यून, शहरी विकास मन्त्रालय लगायत ३ मन्त्रालयको ६० प्रतिशत भन्दा न्यून, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय लगायत ९ मन्त्रालयको ८० प्रतिशत भन्दा न्यून, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय लगायत ४ मन्त्रालयको ८० देखि ९० प्रतिशतसम्म खर्च भएको देखिन्छ। गृह मन्त्रालय र रक्षा मन्त्रालयले मात्र ९० प्रतिशत भन्दा बढी खर्च गरेका छन्। विनियोजनअनुरूप खर्च नहुनुमा बजेट तर्जुमा चरणमा पर्याप्त गृहकार्य नहुने, प्राविधिक अध्ययन र तयारी बेगर आयोजना छनौट गरी बजेट तथा कार्यक्रममा समावेश गर्ने तथा आर्थिक वर्षको सुरुदेखि नै ठेक्का बन्दोबस्त नगर्ने जस्ता कारण रहेका छन्। कार्ययोजना बनाई विनियोजित बजेट खर्च गर्नुपर्दछ।

१८.२ मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको चालु र पुँजीगत खर्चको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

विवरण	२०७७।७८	प्रतिशत	२०७८।७९	प्रतिशत	२०७९।८०	प्रतिशत
चालु खर्च	८४६२१७३	७०.७२	९५४३१६७	७२.८५	९९१५०६८	६९.७६
पुँजीगत खर्च	२२८८३६२	१९.१२	२१६२१३१	१६.५०	२३४६२४७	१६.५१
वित्तीय व्यवस्था	१२१६२२५	१०.१६	१३९४७१०	१०.७५	१९५१९५५	१४.७३
जम्मा	**११९६६७६०**	**१००**	**१३१०००० ८**	**१००**	**१४२१३२७०**	**१००**
						स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

सरकारले चालु खर्चमा नियन्त्रण र पुँजीगत खर्चमा वृद्धि गर्ने नीति लिएको भए तापनि पुँजीगत खर्च २०७८।७९ मा १६.५० प्रतिशत रहेकोमा २०७९।८० मा १६.५१ प्रतिशतमात्र रहेको छ। अनिवार्य दायित्वमा खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकबाट गरिनु र ऋणको ब्याज भुक्तानी बढ्दै जानु लगायतका कारणहरूबाट पुँजीगत खर्चमा

असर परेको देखिन्छ। विकास निर्माण एवं सेवा प्रवाहमा ध्यान दिई पुँजीगत खर्चको परिचालनमा वृद्धि गर्नुपर्दछ।

१८.३ मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७९।८० को खर्चको स्रोतगत स्थिति देहायअनुसार रहेको छः

(रू.लाखमा)

विवरण	आन्तरिक राजस्व	आन्तरिक ऋण	शोधभर्ना/ नगद/ सोझै भुक्तानी अनुदान	शोधभर्ना/ नगद/ सोझै भुक्तानी ऋण	वस्तुगत अनुदान	कुल खर्च
चालु खर्च	८६२३४१४	८८०४९३	१३४२२७	२५९१८७	१७७४६	९९१५०६७
पुँजीगत खर्च	४५८२५२	१२०३६२१	६७८६०	६१६५१५	०	२३४६२४८
वित्तीय व्यवस्था	१६४९१३९	२६५८	१३९८९	२८६१६८	०	१९५१९५४
जम्मा	**१०७३०८०५**	**२०८६७७२**	**२१६०७६**	**११६१८७०**	**१७७४६**	**१४२१३२७०**
प्रतिशत	**७५.५०**	**१४.६८**	**१.५२**	**८.१७**	**०.१३**	**१००**

स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

माथिको तालिकाअनुसार कुल खर्चको ७५.५० प्रतिशत आन्तरिक राजस्वबाट र बाँकी आन्तरिक ऋण र बाह्य सहयोगबाट प्राप्त रकमबाट भएको छ। यसै गरी कुल चालु खर्च र वित्तीय व्यवस्थाको क्रमशः ८६.९७ र ८४.४८ प्रतिशत तथा कुल पुँजीगत खर्चको १९.५३ प्रतिशत आन्तरिक राजस्वबाट र बाँकी आन्तरिक ऋण र बाह्य सहयोगबाट प्राप्त रकमबाट भएको छ। कुल चालु खर्चमा वाह्य ऋणको अंश २.६१ प्रतिशत र कुल पुँजीगत खर्चमा वाह्य ऋणको अंश २६.२८ प्रतिशतमात्र रहेको देखिन्छ। सार्वजनिक ऋणबाट उठाएको रकम पुँजी निर्माण गर्ने विशेषतः पुँजीगत शीर्षकमा खर्च गर्नुपर्नेमा चालु शीर्षकमा खर्च गरेको देखियो। यस्तै वाह्य ऋणबाट चालु खर्च शीर्षक अन्तर्गतका कर्मचारी सम्बन्धी खर्च, सेवा तथा परामर्श खर्च, कार्यालय सामान र सेवाहरू, सञ्चालन तथा सम्भार खर्च र पारिश्रमिक सुविधा लगायतका शीर्षकमा समेत खर्च गरेको देखिन्छ। वाह्य ऋणबाट हुने चालु प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१९. **खर्च बेहोर्ने स्रोत -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरण बमोजिम कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख रहेकोमा सङ्घीय सरकारले उपयोग गरेको राजस्व रू.८ खर्ब ८७ अर्ब ३६ करोड २१ लाख, अनुदान रू.२३ अर्ब ८९ लाख, आन्तरिक ऋण खुद प्राप्ति रू.२ खर्ब ४८ अर्ब ७३ करोड ८३ लाख र वैदेशिक ऋण प्राप्ति रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख रहेको छ। तर स्रोतगत खर्चको विवरण बमोजिम आन्तरिक राजस्वबाट रू.१० खर्ब ७३ अर्ब ८ करोड ५ लाख, आन्तरिक ऋणबाट रू.२ खर्ब ८ अर्ब ६७ करोड ७२ लाख, वैदेशिक ऋणबाट रू.१ खर्ब १६ अर्ब १८ करोड ७१ लाख र सबै किसिमको अनुदानबाट रू.२३ अर्ब ३८ करोड २२ लाख बेहोरेको विवरण पेस गरेको छ। यसरी राजस्वतर्फ सङ्घीय सरकारले उपयोग गरेको भन्दा रू.१ खर्ब ८५ अर्ब ७१ करोड ८४ लाख बढी, आन्तरिक ऋणतर्फ रू.४० अर्ब ६ करोड ११ लाख र वैदेशिक ऋणतर्फ रू.६ अर्ब ८६ करोड ६ लाख घटी तथा अनुदानतर्फ रू.३७ करोड ३३ लाख बढी गरी समग्रमा रू.१ खर्ब ३९ अर्ब १७ करोडमा साँवा ब्याज फिर्ता बापतको रू.११ अर्ब ८१ करोड ४२ लाख समायोजन गर्दा रू.१ खर्ब २७ अर्ब ३५ करोड ५८ लाखको स्रोत प्राप्त नभएकोले सञ्चित कोष ऋणात्मक भई सोको स्रोत आन्तरिक राजस्वमा देखाएको छ। यसरी स्रोतको वास्तविक प्राप्ति नभई खर्च गर्दा प्रत्येक वर्ष सञ्चित कोषको ऋणात्मक अवस्था वृद्धि हुने भएकोले यथार्थपरक र वास्तविक स्रोतमा आधारित भएर बजेट तर्जुमा गर्नुपर्दछ।।

२०. **वर्षान्तको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणबमोजिम यो वर्ष रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाख खर्च भएकोमा आषाढ महिनामा रू.२ खर्ब ४५ अर्ब ६६ करोड ९१ लाख (१७.२८ प्रतिशत) खर्च भएको छ। खर्चमध्ये २०८० आषाढ महिनाको अन्तिम हप्तामा रू.८८ अर्ब ६६ करोड ७७ लाख (कुल खर्चको ६.२४ प्रतिशत) खर्च भएको छ। नियमावलीको व्यवस्था पालना गरी स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिका बमोजिम निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी खर्च लेख्नुपर्ने तथा आषाढको तेस्रो हप्ताभन्दा पछाडि खर्च एवं भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१. **बजेट वक्तव्य कार्यान्वयन -** यस वर्षको बजेट वक्तव्यमा उल्लेख भएको अर्थ मन्त्रालयसँग सम्बन्धित विषयहरूको कार्यान्वयन अवस्था निम्नानुसार छः

२१.१ बजेट वक्तव्य २०७९।८० मा कृषि कर्जा उपलब्ध गराउन रू.५ खर्ब बराबरको कर्जा प्रवाह गर्ने लघु वित्त बीमा कोष स्थापना गर्ने, ग्रामीण विकास लघु वित्त वित्तीय संस्थाको पुनःसंरचना गरी पुँजी संरचना र संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूले आर्जन गरेको ज्ञान, अनुभव र सीपको उपयोग गरी व्यवसाय सञ्चालन गर्नको लागि च्यालेन्ज फण्ड स्थापना गरी सहुलियत पूर्ण कर्जा उपलब्ध गराउने, युवा उद्यमशीलता विकास गर्न र नव प्रवर्तनलाई प्रवर्धन गर्न स्टार्ट-अप व्यवसायमा सुरुवाती पुँजी उपलब्ध गराउने कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने, परियोजनामा आधारित रहेर ऋण उपलब्ध गराउने लगायतका कार्यक्रम घोषणा भएकोमा सोको कार्यान्वयन भएको छैन।

२१.२ बजेट वक्तव्यको बुँदा नं २४४ मा प्रदेश तथा स्थानीय तहले निर्माण गर्ने जलविद्युत आयोजनाहरूमा कुल लागतको २५ प्रतिशत रकम सङ्घीय सरकारले ऋण लगानी गर्ने उल्लेख भएअनुसार मन्त्रिपरिषद्को २०७९।५।६ को निर्णयबमोजिम स्यार्पु पावर कम्पनीको २२ हजार कित्ता शेयर खरिद गर्न रू.२२ लाख लगानी गरेकोमा पुनः २०७९।६।९ मा मन्त्रीस्तरीय निर्णयबाट रू.१० करोड ऋण लगानी गरेकोले तोकिएको सीमाभन्दा रू.१ करोड २५ लाख बढी हुने गरी ऋण लगानी गरेको छ। साथै शेयर लगानीको सम्बन्धमा बजेटमा स्पष्ट भएको देखिएन। शेयर लगानीको प्रमाणपत्र समेत प्राप्त गरेको छैन।

२१.३ सीमान्तकृत तथा दलित उत्थान कोष स्थापना गरी बैङ्कहरूको संस्थागत सामाजिक उत्तरदायित्वको ५० प्रतिशत रकम सो कोषमा जम्मा गर्नुपर्ने र नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षणभन्दा बाहिर रहेका वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्था र गैरसरकारी संस्थाको सुपरिवेक्षणको लागि दोस्रो तहको नियामक निकायको स्थापना गरिने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन।

२१.४ दोस्रो वित्तीय क्षेत्र बजार रणनीति कार्यान्वयनमा ल्याउने, खुला बजार कारोबार स्थिरीकरण कोषको स्थापना गर्ने र विदेशी विनिमयको उतारचढावबाट विदेशी लगानीमा पर्ने असर कम गर्न हेजिङ्ग कोषको स्थापना गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भएका छैनन्।

२१.५ राष्ट्रिय बीमा नीति र विपद जोखिम बीमा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने, एक बीमा एक परिवारको नीति साकार पार्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयनको लागि आवश्यक प्रक्रिया सुरु भएको पाइएन। त्यस्तै लघु बीमा कम्पनी, बीमा सूचना केन्द्रको स्थापना गर्ने,

सरकारी धितोपत्र र ऋणपत्रको कारोबार गर्न ऋणपत्र बजार, उद्यमशीलतालाई प्रवर्धन गर्न प्राइभेट तथा भेञ्चर क्यापिटल सञ्चालन गर्न अनुमित प्रदान गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको देखिएन।

२२. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्;

२२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा सो भन्दा बढी अनुदान सङ्केत अन्तर्गतका बजेट उपशीर्षकमा बचत हुने रकममध्येबाट सोही ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल बजेट रू.१७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमध्ये रू.९५ अर्ब २९ करोड ७४ लाख (५.३१ प्रतिशत) रकमान्तर भएको छ। सोमध्ये २०८० आषाढमा रू.२३ अर्ब १० करोड ६५ लाख र आषाढ अन्तिम हप्तामा रू.१३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक/उपशीर्षकमा थपघट गरेको छ।

२२.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था छ। उक्त व्यवस्था विपरीत यो वर्ष पहिलो त्रैमासिक अवधिमा रू.३३ अर्ब १५ करोड १९ लाख (कुल रकमान्तरको ३४.७९ प्रतिशत) रकमान्तर भएको छ। यस्तो कार्य गर्दा कानुनको परिपालना गरिनुपर्दछ।

२२.३ विनियोजन ऐन, २०७९ को दफा ३(३) मा रकमान्तर गर्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान संख्यामा रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। सो कानुनी व्यवस्थाको प्रतिकूल हुने गरी रकमान्तर भएका केही उदाहरण निम्नानुसार छन्:

(रू.लाखमा)

क्र.सं.	अनुदान सङ्केत नं.	मन्त्रालय/निकायको नाम	सुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप-घट	रकमान्तर प्रतिशत
१.	२१२	निर्वाचन आयोग	५७८४	८९८४८	८४०६४	१४५३.३८
२.	३४७	शहरी विकास मन्त्रालय	३८७३९४	५९९७७०	२१२३७६	५४.८२
३.	३४३	युवा तथा खेलकूद मन्त्रालय	२४५५०	३०५८२	६०३२	२४.५७
४.	२१०	लोक सेवा आयोग	८४८०	९८२१	१३४१	१५.८२
५.	३२६	परराष्ट्र मन्त्रालय	५८३३५	६७१०८	८७७३	१५.०४
६.	३१४	गृह मन्त्रालय	१८५०३४५	२११४४६४	२६४११९	१४.२७
७.	३१२	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४८१६०३	५४९९८७	६८३८४	१४.२०
८.	३४५	रक्षा मन्त्रालय	५५०३९५	६१८३३८	६७९४३	१२.३४
९.	२३०	मधेशी आयोग	३३०	३६८	३८	११.४५
१०.	३१३	खानेपानी मन्त्रालय	२०१०८३	२२२५३३	२१४५०	१०.६७
११.	३४०	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	१४६९३	१३०८८	-१६०५	-१०.९३
१२.	३२५	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	८०७५०	६९२६८	-११४८२	-१४.२२

क्र.सं.	अनुदान सङ्केत नं.	मन्त्रालय/निकायको नाम	सुरु बजेट	खुद बजेट	रकमान्तरबाट खुद थप-घट	रकमान्तर प्रतिशत
१३.	३११	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	८८६७	५६०७	-३२६०	-३६.७७
१४.	३६५	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२५०३४४	९१६०६	-१५८७३८	-६३.४१
						(स्रोतः अर्थ मन्त्रालय, २०७९/८०)

यो वर्ष तालिकामा उल्लेख भएअनुसार १ हजार ४५३ प्रतिशतसम्म रकमान्तर गरी बजेट थप-घट गरेको देखिन्छ। सो रकम निर्वाचन आयोगलाई निर्वाचन प्रयोजनको लागि रकमान्तर भए तापनि सो बाहेक पनि ६३.४१ प्रतिशतसम्म रकमान्तर गरेको छ। सार्वजनिक लेखा समितिले २०७६।१।९ मा कानुनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशन दिएको देखिन्छ। कानुनको सीमाभित्र रहेर मात्र रकमान्तर गर्नुपर्दछ।

२२.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा देहायअनुसारका कार्यक्रममा बजेट विनियोजन नभए तापनि रू.१५ अर्ब ४९ करोड ९० लाख रकमान्तरबाट बजेट थप गरी रू.८ अर्ब २७ करोड ६० लाख (५३.४० प्रतिशत) खर्च गरेको देखिन्छ।

(रू.लाखमा)

क्र.स.	ब.उ.शी.नं.	कार्यालय/कार्यक्रम	सुरु बजेट	खुद बजेट	निकासा/खर्च	बजेट बाँकी
१	३४७०२०११४	स्थानीय पूर्वाधार विभाग	०	६६४०	४५७९	२०६१
२	३४७०२१०२४	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	०	३३१५०	१५५५२	१७५९८
३	३४७०२१०३४	झोलुंगे पुल क्षेत्रगत कार्यक्रम	०	३६२३६	२९९७२	६२६४
४	३४७०२१०५४	स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना	०	९३६८	६४१५	२९५३
५	३४७०२१०७४	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	०	१५७०६	१३३८६	२३२०
६	३४७०२१०९४	स्थानीय पूर्वाधार सहयोग कार्यक्रम	०	७६५०	०	७६५०
७	३४७०२१११४	कर्णाली समृद्धि कार्यक्रम	०	१००८४	६५७४	३५१०
८	अन्य	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायत ९ निकायहरू	०	३६१५६	६२८२	२९८७४
		जम्मा	**०**	**१५४९९०**	**८२७६०**	**७२२३०**

स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

सुरु बजेट विनियोजन नभएको कार्यक्रममा रकमान्तरबाट थप गरी खर्च गरेको बजेट सिद्धान्त र नियमावलीको व्यवस्था अनुरूप देखिँदैन।

२३. **राष्ट्रिय गौरवका आयोजनाबाट रकमान्तर -** यस वर्षको बजेट वक्तव्यको बुदाँ नं ३६९ मा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख छ। यो वर्ष ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटमध्ये रू.५ अर्ब ७८ करोड ७५ लाख राष्ट्रिय गौरवका बाहेक अन्य ५१ आयोजनामा रकमान्तर गरेको छ। खर्च क्षमता र आवश्यकतामा आधारित भई आयोजना र कार्यक्रमको लागि बजेट विनियोजन गर्ने र सोबमोजिम खर्च गर्ने परिपाटीको विकास गर्नुपर्दछ।

२४. **कार्यक्रम कार्यान्वयन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा कार्यक्रम संशोधनसम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष काठमाडौं बाहिरी चक्रपथ, शहरी विकास

आयोजना, साना विकास परियोजना, डिजिटल नेपाल आयोजना, उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा थपघट गरी रू.५ अर्ब ९७ करोड ५५ लाख खुद बजेट कायम गरेकोमा उक्त कार्यक्रममा खर्च भएको देखिएन। अतः यथार्थपरक बजेट तथा कार्यक्रम तर्जुमा गरी विनियोजन भएको बजेट रकम लक्षित कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्दछ।

• *विकास सहायता परिचालन*

२५. **वैदेशिक सहायताको प्राप्ति -** यो वर्षको कुल खर्च रू.१४ खर्ब २१ अर्ब ३२ करोड ७० लाखमध्ये वैदेशिक सहायताबाट रू.१ खर्ब ३९ अर्ब ५६ करोड ९२ लाख (९.८२ प्रतिशत) खर्च भएको छ। यससम्बन्धी केही बेहोरा निम्नानुसार छन्;

२५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताको रकमलाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष अमेरिकी डलर ५३३ मिलियन ऋण, १०८ मिलियन अनुदान, १५५ मिलियन प्राविधिक सहायतासमेत अमेरिकी डलर ७९६ मिलियन सहायता प्राप्त भएको देखिन्छ। गत वर्ष अमेरिकी डलर ९४९.६७ मिलियन ऋण, २२२.४० मिलियन अनुदान, २०१.७७ मिलियन प्राविधिक सहायता र ३.१५ मिलियन वस्तुगत सहायतासमेत अमेरिकी डलर १ हजार ३७७ मिलियन प्राप्त भएकोले यो वर्षको प्राप्ति गत वर्ष भन्दा ४२.१९ प्रतिशत न्यून रहेको छ। आर्थिक वर्ष २०७९।८० मा सबै प्रकारका सहायताबाट अमेरिकी डलर २ हजार १५२ मिलियन प्राप्त हुने प्रतिबद्धता रहेकोमा अमेरिकी डलर ७९६ मिलियन (३६.९८ प्रतिशत) प्राप्त भएको देखिन्छ। प्राप्त रकममध्ये १८६ मिलियन अमेरिकी डलर बजेट प्रणालीभन्दा बाहिर रहेको छ। यसका अतिरिक्त अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट खर्च भएको अमेरिकी डलर ५८.०६ मिलियनसमेत बजेट प्रणालीभन्दा बाहिर रहेको अवस्था छ। समग्रमा प्राप्त विकास सहायता रकमको ७१.४२ प्रतिशत मात्र सङ्घीय सञ्चित कोषमार्फत परिचालन भएको छ भने २८.५८ प्रतिशत सहायता सरकारी कोष बाहिरबाट परिचालन भएको छ। त्यसै गरी गैरसरकारी संस्थाबाट खर्च भएको ५८.०६ मिलियन अमेरिकी डलर अर्थात् कुल वैदेशिक सहायता प्राप्तिको ७.२९ प्रतिशत बजेटरी प्रणालीभन्दा बाहिर रहेको देखिन्छ। बजेटमा समावेश भई प्राप्त भएको र बजेटमा समावेश नभएको दातागत रकम (विकास साझेदारहरूको मात्र) देहायअनुसार छः



(अमेरिकी डलर हजारमा)

क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेटबाहिर	जम्मा	क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेट बाहिर	जम्मा
१.	एसियाली विकास बैङ्क	१५८,०५६	६,०४०	१६४,०९६	८.	कोरिया	६,१७२	०	६,१७
२.	अष्ट्रेलिया	०	१,१४३	१,१४३	९.	नर्वे	८५४	१०,७५१	११,६१

क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेटबाहिर	जम्मा	क्र.स.	दातृ निकाय	बजेटमा समावेश	बजेट बाहिर	जम्मा
३.	युरोपियन युनियन	०	८९६	८९६	१०.	स्वीटरजरल्याण्ड	२३,४३२	३,१७१	२६,६०
४.	फिनल्याण्ड	०	३,०१८	३,०१८	११.	बेलायत	०	६,४४१	६,४४
५.	युएस एड	०	१०९,६८५	१०९,६८५	१२.	संयुक्त राष्ट्र	२,९६८	२०,८२५	२३,७९
६.	जर्मनी	४,६६१	११,१४८	१५,८०८	१३.	विश्व बैङ्क	३८७,०५१	३५२	३८७,४०
७.	जापान	२६,६०७	१२,७२९	३९,३३६					
						जम्मा	६०९,८०१	१८६१९९	७९६,०००

स्रोतः अर्थ मन्त्रालय, २०७९।८०

वैदेशिक सहायताको रकमलाई बजेटमा समावेश गरी खर्च गर्नुपर्ने बेहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ। वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी खर्च गर्ने व्यवस्था गर्नुपर्दछ।

२५.२ विकास साझेदारगत रूपमा विश्लेषण गर्दा विकास साझेदार २७ बाट अनुदान र १८ बाट ऋण समेत रू.२ खर्ब ९७ अर्ब ७१ करोड ९४ लाख प्राप्त हुने अनुमान गरेकोमा विकास साझेदारगत रूपमा न्यून र बढी ऋण तथा अनुदान प्राप्त भएका केही उदाहरण देहायबमोजिम छन्:

(रकम रू.लाखमा)

दातृनिकाय	ऋणतर्फ			दातृनिकाय	अनुदानतर्फ		
	बजेट	प्राप्ति	प्राप्ति प्रतिशत		सुरु बजेट	प्राप्ति	प्राप्ति प्रतिशत
सबैभन्दा न्यून							
साउदी कोष	२०१५०	१८२७	९.०७	जि ए ऐफ एस पी	८००	२१	२.६३
ए.आई.आई.बी.	३००००	८६२८	२८.७६	ए.आइ.आइ.बि	१००	३	३.००
आइफाइड	१२१६८	४१५३	३४.१३	जेफम्याट	४३६४	२११	४.८४
चीन एक्जिम बैङ्क	४३०००	१५५३३	३६.१२	गाभी	१६५५८	१२६६	७.६५
युरोपियन इन्भेष्टमेन्ट बैङ्क	५२७१६	२१४२३	४०.६४	मिलेनियम च्यालेञ्ज कर्पोरेसन	८९१४१	६९२५	७.७७
सबैभन्दा बढी							
आई.एम.एफ.	६६०००	६८९२८	१०४.४४	युरोपियन युनियन (दुईपक्षीय)	४९३९	६०६१	१२२.७२
जापान जाइका	२३७२०	२४३६६	१०२.७२	एस इ एस पि	४७३०७	४१५०४	८७.७३
एस.ई.एस.पी.	९६११५	८४७६६	८८.१९	आइफाइड	९१२५	७००६	७६.७८
दाताको संयुक्त कोष	४८०००	३६०१६	७५.०३	दातको संयुक्त कोष	३९६१६	२८९३६	७३.०४
कुवेत कोष	४८४६	३३३७	६८.८६				

दातृनिकायसँग समन्वय गरी प्रतिबद्धता र सम्झौता बमोजिमको अनुदान तथा ऋण प्राप्तिको लागि थप प्रयास गर्नुपर्दछ।

२६. **वैदेशिक सहायता उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। ऋण प्राप्ति र उपयोग २०७६।७७ मा रू.१ खर्ब ६२ अर्ब ६० करोड प्राप्त भएकोमा रू.१ खर्ब १६ अर्ब ४८ करोड, २०७७।७८ मा रू.१ खर्ब ४६ अर्ब ४३ करोड प्राप्त भएकोमा रू.१ खर्ब ७२ अर्ब ९४ करोड (गत वर्षको जिम्मेवारीसमेत), २०७८।७९ मा रू.१ खर्ब ३५ अर्ब ९४ करोड प्राप्ति भएकोमा रू.१ खर्ब ३० अर्ब ७० करोड उपयोग भएको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० मा कुल ऋण प्राप्ति रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख भएकोमा रू.१ खर्ब १६ अर्ब १८ करोड उपयोग भएको देखिन्छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले पेस गरेको ऋण तथा दायित्वको वार्षिक विवरणबमोजिम यो वर्ष वैदेशिक ऋण प्राप्ति रू.१ खर्ब १९ अर्ब ८६ करोड रहेकोमा प्राप्तिभन्दा रू.३ अर्ब १९ करोड बढी सञ्चित कोष दाखिला भएको देखिन्छ।

२७. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार सबै प्रकारका वैदेशिक सहायतालाई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। बजेट वक्तव्य साथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १४ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १४५ आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रू.२२ अर्ब ४४ करोड ५ लाख तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत १७० कार्यक्रम/आयोजनाको लागि रू.१९ अर्ब १५ करोड ९ लाख समेत रू.४१ अर्ब ५९ करोड १४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकमबाट भएको खर्च वित्तीय विवरणमा समावेश गरेको नदेखिएकोले सबै प्रकारका वैदेशिक सहायतालाई वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

• *सार्वजनिक वित्त तथा वित्तीय क्षेत्र*

२८. **वित्तीय पहुँच एवं विस्तार -** वित्तीय क्षेत्र विकास रणनीति, २०७३ ले बैङ्क, बीमा, पुँजीबजार, गैरबैंकिङ्ग वित्तीय क्षेत्र र सहकारी क्षेत्रलाई मुख्य आधारशीला मानेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन बमोजिम २०७९।८० अनुसार वित्तीय प्रणालीमा कुल सम्पत्ति तथा दायित्वको बैंकिङ्ग क्षेत्रले ८६.५ प्रतिशत, गैरबैंकिङ्ग वित्तीय क्षेत्रले ७.२ प्रतिशत र बीमाले ६.३ प्रतिशत हिस्सा ओगटेको छ। बैंकिङ्ग प्रणालीको पँहुचको दायरा बढ्दै गए तापनि केही दुर्गम तथा पिछडिएका क्षेत्रहरूमा बैङ्क तथा वित्तीय संस्थाहरूको सेवा पुग्न सकेको छैन। वित्तीय पँहुचको विस्तार एवं वित्तीय साक्षरताका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी वित्तीय सेवा प्रभावकारी बनाउनुपर्दछ।

२९. **बैंकिङ्ग क्षेत्र -** बैङ्कहरूले कर्जा प्रवाहको माध्यमबाट आर्थिक गतिविधिमा लगानी गर्ने कार्य गर्दै आएका छन्। बैंकिङ्ग तथ्याङ्कलाई आधार लिँदा २०८० असार मसान्तमा बैंकिङ्ग प्रणालीमा रहेको निक्षेप कुल गार्हस्थ उत्पादनको १०६.१० प्रतिशत र कर्जा प्रवाह ९०.६७ प्रतिशत रहेको छ। नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित २०७९।८० को तथ्याङ्कअनुसार वाणिज्य बैङ्कहरूले प्रवाह गरेको कुल कर्जामध्ये उत्पादनशील क्षेत्रमा १५.४३ प्रतिशत, कृषि क्षेत्रमा ८.५ प्रतिशत, घरजग्गा खरिद बिक्री, हायर पर्चेज (स्थिर सम्पत्ति, अन्य तथा उपभोग्यलगायतका क्षेत्र) जस्ता अनुत्पादक क्षेत्रमा ३३.३३ प्रतिशत लगानी भएको देखिन्छ। उत्पादनमूलक कर्जा प्रवाह नहुँदा गरिबी निवारणमा योगदान पुऱ्याउन तथा धनी गरिबबीचको खाडल कम गर्न कठिनाइ पर्ने देखिन्छ।

बैङ्क तथा वित्तीय संस्थाहरूको सेवा विस्तार गर्ने, वित्तीय संस्थाहरूलाई आधुनिक सूचना प्रणालीयुक्त बनाउने, कर्मचारीमा पेशागत विशेषज्ञता हासिल गराई केन्द्रीय बैङ्कको सुपरिवेक्षण र अनुगमनलाई सुदृढ गर्ने, बचत वृद्धि एवं अनुत्पादनशील कर्जालाई नियन्त्रण गर्ने तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्दै अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन मन्त्रालयले आवश्यक भूमिका निर्वाह गर्नुपर्दछ।

३०. **बीमा -** नेपालमा रहेका ३४ बीमा कम्पनीमध्ये १४ जीवन बीमा, १४ निर्जीवन बीमा, २ पुनर्बीमा र ४ लघुबीमा कम्पनी रहेका छन्। बीमा व्यवसायको ठूलो सम्भावना रहे तापनि राष्ट्रिय बीमा प्राधिकरणले प्रकाशित गरेको तथ्याङ्कबमोजिम २०८० असार मसान्तमा बीमाको पहुँच ४४.३८ प्रतिशत जनसख्यामा मात्र पुगेको छ। बीमाले वित्तीय क्षेत्रको सम्पत्तिमा ६.३ प्रतिशत हिस्सा ओगटेको छ। सोमध्ये जीवन बीमाको हिस्सा करिब ६७ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा बैङ्क तथा वित्तीय क्षेत्रको लगानी अपेक्षाकृत हुन नसकिरहेको अवस्थामा कृषि बीमाको क्षेत्र पनि साँघुरो रहेको छ। बीमाको पहुँच बढाउन बीमा गर्ने प्रचलनको प्रवर्धन, नियमनकारी संरचनालाई दरिलो र जोखिममा आधारित अनुगमन र सुपरिवेक्षण पद्धतिको अवलम्बन गरी बीमा व्यवसायको दायरा विस्तार र अर्थतन्त्रमा यसको प्रभाव बढाउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानु जरुरी छ।

३१. **पुँजी बजार -** पुँजी बजारका पूर्वाधारहरूको क्षमता वृद्धि र विकास भएमा लगानीको निम्ति पुँजी आपूर्ति वृद्धि भई मुलुकको आर्थिक विकासले गति लिन्छ। पुँजी बजारको कारोबार गर्न र राफसाफ गर्न सिडिएस एण्ड क्लियरिङ लिमिटेड स्थापना भई २०७२ देखि सबै सूचीकृत कम्पनीहरूको शेयर कारोबार अभौतिक रूपमा हुँदै आइरहेको छ। सूचीकृत ३२५ कम्पनीको २०८० असारमा बजार पुँजीकरण रू.३० खर्ब ८२ अर्ब ५ करोड रहेको छ। कर्पोरेट पेपर र ऋणपत्र बजारको उपस्थिति शुन्य प्रायः रहेको छ। भेन्चर क्यापिटल र प्राइभेट इन्भेष्टमेन्ट जस्ता व्यवसायलाई धितोपत्र बजारमा ल्याउन सकेको छैन।

धितोपत्रमा लगानीसम्बन्धी शिक्षा दिने प्रक्रियाको थालनी भएको, सूचीकृत कम्पनीको संख्या न्यून रहेको, उत्पादनमूलक लगायत बहुसंख्यक कम्पनीहरूले धितोपत्र निष्काशन नगरेको, केही म्युचुअल फण्डबाहेक संस्थागत लगानीकर्ताको उपस्थिति न्यून रहेको, धितोपत्र दलालहरूको उपस्थितिले लागत घटाउन नसकिएको र निजी क्षेत्रलाई प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल सञ्चालन गर्न उत्प्रेरित गर्ने वातावरण नियमनकारी निकायहरूले बनाउन सकेको देखिँदैन। बजारको क्षेत्रगत विविधता बढाउने, धितोपत्र व्यवसायीको सेवा विस्तार, विदेशी लगानीकर्तालाई लगानीमा सहजता, वस्तु बजारको लागि नियमनकारी व्यवस्थाको सुदृढीकरण गर्न सरकारी स्वामित्वमा रहेका नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) पुनःसंरचना गरी पुँजी बजारको दायरा र आकार वृद्धि गराउन जरुरी देखिएको छ।

३२. **सहकारी क्षेत्र -** सहकारी ऐन, २०७४ अन्तर्गत सहकारी संस्थाहरूले बचत तथा ऋण सहकारी संस्थाको रूपमा सेवा पुऱ्याउँदै आएका छन्। सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन कार्य सङ्घ, प्रदेश र स्थानीय तहहरूले गर्दै आएका छन्। केही सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैङ्कबाटसमेत इजाजत लिई बैंकिङ्ग कारोबार गर्दै आइरहेका छन्। तथापि सहकारी संस्थाको सञ्चालन नतिजा, बचत सङ्कलन तथा लगानीको अवस्थाको निगरानी राख्ने व्यवस्थाको विकास भएको छैन। यसबाट खराब कर्जा असुली नगर्ने, कर्जा नोक्सानी व्यवस्था लागु नगर्ने, संस्थाको यथार्थपरक वित्तीय अवस्थाको तथ्याङ्क एकीकृत

नभएको, सबै संस्थाको अनुगमन हुन नसकी बचतकर्ताको बचत जोखिममा पर्ने तथा सहकारी सञ्चालकहरूबाट ठगीको घटना बढ्दै गएको अवस्था रहेको छ। सहकारी संस्थाले वित्तीय अनुशासन पालना गरे नगरेको अनुगमन गरी निक्षेपकर्ताको बचतलाई सुरक्षित बनाउँदै उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण तयार गर्नुपर्दछ।

३३. **व्यापार घाटा** - बजेट वक्तव्यमा वैदेशिक व्यापारमा हाल देखिएका अवरोधहरू कम गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सूचारु गरी विश्व बजारमा सम्भाव्य, प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तुहरूको उत्पादन बढाई निकासी प्रवर्धन गरिने उल्लेख छ। वैदेशिक व्यापारको तथ्याङ्कको विश्लेषण गर्दा हरेक वर्ष आयात वृद्धि हुँदै गएको र व्यापार घाटा बढ्दै गएको अवस्था देखिन्छ। विगत ५ वर्षको वस्तु आयत, निर्यात र व्यापार घाटाको अवस्था देहायबमोजिम रहेको छः

(रकम रू.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	आयातको तुलनामा व्यापार घाटा
२०७९।८०	१५७	१६१२	१४५५	९०.२६
२०७८।७९	२००	१९२०	१७२०	८९.५८
२०७७।७८	१४१	१५३९	१३९८	९०.८३
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	९१.८४
२०७५।७६	९७.११	१४१८.५६	१३२१.४५	९३.१५

स्रोतः व्यापार तथा निकासी प्रवर्धन केन्द्र/भन्सार विभाग

यो वर्षको कुल आयतमा सबैभन्दा बढी डिजेल, पेट्रोल र ग्याँस १७.३० प्रतिशत, सुन २.७३ प्रतिशत, कच्चा फलाम, भटमासको तेल, कोइला र मोबाइल टेलिभिजनको हिस्सा क्रमशः २.७१, २.२१, १.६८ र १.६५ प्रतिशत रहेको छ। कुल निर्यातमा प्रशोधित पाम तेल १३.०५ प्रतिशत, सिन्थेटिक यार्न ७.७६ र ऊनी गलैँचा कार्पेट ७.३२ प्रतिशत रहेको छ। आयातमूखी अर्थव्यवस्थालाई क्रमशः उत्पादन र निर्यातमुखी बनाई व्यापार घाटा न्यूनीकरण गर्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ।

• *मौद्रिक नीतिको कार्यान्वयन*

३४. **बैङ्क तथा वित्तीय संस्थाको नियमन** - नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैङ्क नियामक निकायको रूपमा रहेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन, २०७९।८० अनुसार वाणिज्य बैङ्कहरूको निक्षेपमा औसत ब्याजदर र कर्जाको ब्याज दर २०७८ आषाढमा क्रमशः ४.६५ र ८.४६ प्रतिशत, २०७९ आषाढमा ७.४१ र ११.६२ प्रतिशत रहेकोमा २०८० आषाढमा क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशन विपरीत ब्याज प्रिमियममा पुनः थप प्रिमियम लिएको अवस्थामा सो रकम फिर्ता गर्न निर्देशन दिएकोमा सोको कार्यान्वयनको तथ्याङ्कीय विवरण प्राप्त भएन। अघिल्लो वर्षको तुलनामा तरलता प्रवाहमा सङ्कुचन आएको भए तापनि निक्षेपको ब्याजदरमा खासै सुधार भएको देखिँदैन। वैदेशिक मुद्रातर्फ अमेरिकी डलर ४ अर्ब ५६ करोड बिक्री गरी भारतीय मुद्रा ५ खर्ब ९५ अर्ब २३ करोड खरिद गरेको

छ। बैंङ्कहरूको आधार दर २०७९ असार मसान्तमा ९.५४ प्रतिशत रहेकोमा यो वर्ष १०.०३ प्रतिशत पुगेको छ। वित्तीय स्थायित्व कायम हुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

३५. **विदेशी मुद्रा सञ्चिति** - विदेशी मुद्रा सञ्चिति २०७८ असारमा रू.१३ खर्ब ९९ अर्ब ३ करोड र २०७९ असारमा रू.१२ खर्ब १५ अर्ब ८० करोड रहेकोमा २०८० असारमा रू.१५ खर्ब ३९ अर्ब ३६ करोड पुगेको छ। चालु खाता २०८० असारमा रू.७२ अर्ब १६ करोड ऋणात्मक रहेको छ। त्यसै गरी शोधानान्तर स्थिति २०७९।८० मा २ खर्ब ९० अर्ब ५२ करोड बचतमा छ। व्यापार सन्तुलन, विदेशी मुद्रा सञ्चिति र शोधानान्तर स्थितिलाई सुधार गरी अर्थतन्त्रलाई दिगो र प्रभावकारी बनाउन उपयुक्त रणनीति अवलम्बन गर्नुपर्दछ।

- ***सार्वजनिक ऋण व्यवस्थापन***

३६. **सार्वजनिक ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारको विगत ३ वर्षको कुल ऋण दायित्व देहायअनुसार रहेको छः

शीर्षक			(रू.करोडमा)
	२०७७।७८	२०७८।७९	२०७९।८०
वैदेशिक ऋण	८०२९४.१६	१०२५८४.७१	११७०२४.८७
आन्तरिक ऋण	९३४६९.५२	९८७४४.९३	११२९१०.३७
कुल ऋण	१७३७६३.६८	२०१३२९.६४	२२९९३५.२४
कुल गार्हस्थ उत्पादनको प्रतिशत	४०.७३	४१.५०	४२.७३

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७९।८०

३६.१ नेपाल सरकारको कुल तिर्न बाँकी ऋण २०७९।८० सम्म रू.२२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख रहेकोमध्ये बाह्य ऋण रू.११ खर्ब ७० अर्ब २४ करोड ८७ लाख (५०.८९ प्रतिशत) र आन्तरिक ऋण रू.११ खर्ब २९ अर्ब १० करोड ३७ लाख (४९.११ प्रतिशत) रहेको छ। आन्तरिक र बाह्य ऋणको भार निरन्तर वृद्धि हुँदै गइरहेको सम्बन्धमा उपयुक्त नीति तर्जुमा गरी ऋण परिचालन गर्नुपर्दछ।

३६.२ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सङ्घीय सञ्चित कोषको आर्थिक विवरणअनुसार २०७९।८० मा आन्तरिक ऋणबाट रू.२ खर्ब ५६ अर्ब प्राप्त गर्ने लक्ष्य रहेकोमा रू.२ खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख प्राप्त भएको देखिन्छ। उक्त रकममध्ये नेपाल राष्ट्र बैङ्कले रू.७ अर्ब २ करोड २९ लाख बट्टा रकम कट्टा गरी रू.२ खर्ब ४८ अर्ब ९७ करोड ४८ लाख सञ्चितकोष दाखिला भएको छ। दाखिला भएको आन्तरिक ऋणमध्ये चालुतर्फ सशर्त, विशेष र समपूरक अनुदानसहितका शीर्षकमा रू.८८ अर्ब ४ करोड ९२ लाख र पुँजीगततर्फ सार्वजनिक निर्माण, सवारीसाधन खरिदलगायतका शीर्षकमा रू.१ खर्ब २० अर्ब ३६ करोड २१ लाख खर्च भएको देखिन्छ।

३६.३ बजेट वक्तव्यमा सार्वजनिक ऋणलाई वाञ्छित सीमाभित्र राखिने तथा आन्तरिक ऋण विकास खर्चमा मात्र परिचालन गर्ने नीतिलाई निरन्तरता दिइएको उल्लेख छ। पछिल्ला वर्षहरूमा आन्तरिक ऋणको अंशमा वृद्धि हुँदै गएको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त नेपाल सरकारको ऋण दायित्वको

वार्षिक प्रतिवेदन २०७९।८० अनुसार यो वर्ष नेपाल सरकारले भुक्तानी गरेको साँवा तथा ब्याजको समष्टिगत स्थिति देहायअनुसार छः

(रू.लाखमा)

ऋणको किसिम	२०७७।७८ साँवा ब्याज भुक्तानी	२०७८।७९ साँवा ब्याज भुक्तानी	२०७९।८०			गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			साँवा भुक्तानी	ब्याज भुक्तानी	जम्मा भुक्तानी	
आन्तरिक	६५३६१७	८४९२४६	११५०९४७	६४५१७३	१७९६१२०	१११.५०
वैदेशिक	२९४४२१	३६८५७८	३४६१७९	८२६२९	४२८८०८	१६.३४
जम्मा	**९४८०३८**	**१२१७८२४**	**१४९७१२६**	**७२७८०२**	**२२२४९२८**	**८२.७०**

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७९।८०

सार्वजनिक ऋणको परिचालनलाई ध्यान दिई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूले लिने आन्तरिक ऋणको एकीकृत व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गर्नुपर्दछ।

३७. **वैदेशिक ऋणको उपयोग -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको वैदेशिक ऋणको लक्ष्य र प्राप्तिको स्थिति देहायअनुसार छः

(रू.लाखमा)

शीर्षक	२०७७।७८	२०७८।७९	२०७९।८०
लक्ष्य	२९९५०००	१६५१०००	२४२२६११
ऋण प्राप्ति	१३०८६७२	१३३०८३४	११९८६००
लक्ष्य/प्राप्ति प्रतिशत	४३.७०	८०.६१	४९.४८

स्रोतः नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०७९।८०

यस वर्षको वैदेशिक ऋण रू.१ खर्ब १९ अर्ब ८६ करोड मध्ये रू.३४ अर्ब ६१ करोड ८० लाख साँवा भुक्तानी र आन्तरिक ऋणतर्फ रू.२ अर्ब ५५ खर्ब ९९ करोड ७७ लाखमध्ये नेपाल राष्ट्रबैङ्कले बट्टा कट्टी गरेको रू.७ अर्ब २ करोड २९ लाख बाहेक रू.२ खर्ब ४८ अर्ब ९७ करोड ४८ लाखबाट साँवा भुक्तानी रू.१ खर्ब १५ अर्ब ९ करोड ४८ लाख भएकोले रू.१ खर्ब ४६ करोड ६ लाखमात्र सङ्घीय सञ्चित कोषमा खुद स्रोत परिचालन भएको छ। त्यसै गरी आन्तरिक ऋणको ब्याज रू.६४ अर्ब ५१ करोड ७३ लाख र वैदेशिक ऋणको ब्याज रू.८ अर्ब २६ करोड २९ लाख समेत यो वर्ष कुल रू.२ खर्ब २२ अर्ब ४९ करोड २८ लाख साँवा ब्याजमा खर्च गर्नु परेको छ।

यसै गरी वैदेशिक ऋणको विनिमय दर वृद्धि भएका कारण यो वर्ष रू.५९ अर्ब १५ करोड ९६ लाख ऋण दायित्व वृद्धि भई थप दायित्व सिर्जना भएको छ। ऋणको साँवा र ब्याज भुक्तानी गर्न समेत नयाँ ऋण लिनु परेको कारण ऋणको व्ययभार प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। यो वर्ष आन्तरिक तथा बाह्यसमेत कुल ऋण रू.३ खर्ब ७५ खर्ब ५८ करोड ७७ लाखमा रू.२ खर्ब २२ अर्ब ४९ करोड २८ लाख साँवा ब्याज भुक्तानी गर्दा जम्मा ४०.८३ प्रतिशत मात्र विकास आवश्यकता पूरा गर्न खर्च हुने देखियो। वैदेशिक ऋणको लक्ष्य र प्राप्तिबीचमा ठूलो अन्तर रहेकाले वस्तुपरक रूपमा ऋणको लक्ष्य निर्धारण गरी परिचालन गर्नुपर्दछ।

३८. **ऋण लगानी -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्षसम्मको ऋण लगानीको विवरण देहायअनुसार रहेको छः

(रकम रू.लाखमा)

ऋण लगानीको स्रोत	गत वर्ष सम्मको लगानी		यस वर्ष लगानी		यस वर्ष समायोजन		जम्मा लगानी
	निकाय संख्या	रकम	निकाय संख्या	रकम	समायोजन थप/घट	सावाँ फिर्ता	
आन्तरिक	७३	१५०६०८८	६	३१७५५	३०२०२	४६४८१	१५२१५६४
वैदेशिक	४२	२२३३१३२	६	२९०१७३	(१२९६)	६५५२५	२४५६४८४
जम्मा	**११५**	**३७३९२२०**	**१२**	**३२१९२८**	**२८९०६**	**११२००६**	**३९७८०४८**

स्रोतः नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०७९।८०

समग्रमा २०७९।८० सम्म कुल रू.३ खर्ब ९७ अर्ब ८० करोड ४८ लाख ऋण लगानी भएको देखिन्छ। यो वर्ष सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक स्रोततर्फ १ संस्थाको रू.३ अर्ब २ करोड २ लाख लगानीमा थप गरेको र वैदेशिक स्रोततर्फ ३ संस्थाको खुद रू.१२ करोड ९६ लाख घटाई समग्रमा रू.२ अर्ब ८९ करोड ६ लाख ऋण लगानीमा थप गरेकोमा सोको विस्तृत विवरण संलग्न नगरी सम्बन्धित संस्थाबाट विवरण प्राप्त भएकोले सोको समायोजन मात्र उल्लेख गरेको छ। मन्त्रालयले नेपाल सरकारको ऋण लगानीको यथार्थ हिसाब भिडान गरी अद्यावधिक तथ्याङ्क राख्नुपर्दछ।

३९. **लगानी नीति -** शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७९।८० सम्म नेपाल सरकारले १४८ संस्थामा रू.७ खर्ब ८३ अर्ब ८७ करोड ७६ लाख लगानी गरेको देखिन्छ। जसमध्ये शेयरमा रू.३ खर्ब ८६ अर्ब ७ करोड २८ लाख (४९.२५ प्रतिशत) र ऋणमा रू.३ खर्ब ९७ अर्ब ८० करोड ४८ लाख (५०.७५ प्रतिशत) लगानी भएको छ। नेपाल सरकारको बढी लगानी रहेका सार्वजनिक १० संस्थान यस प्रकार छन्:

(रू.लाखमा)

क्र.स.	संस्थानहरू	शेयर लगानी
१.	नेपाल विद्युत प्राधिकरण	१७४७७३५
२.	नेपाल नागरिक उड्डयन प्राधिकरण	६२७४१८
३.	नेपाल टेलिकम	१६४६९३
४.	राष्ट्रिय वाणिज्य बैङ्क	१५६३३५
५.	कृषि विकास बैङ्क	१३२९६२
६.	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	१२४७४०
७.	निक्षेप बीमा तथा कर्जा संरक्षण निगम	९००००
८.	अन्तर्राष्ट्रिय मुद्रा कोष	६५८७६
९.	नेपाल बैङ्क लिमिटेड	५७५४२
१०.	नलगाड हाइड्रो पावर कम्पनी लिमिटेड	४९४७१

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको शेयर तथा ऋण लगानीको प्रतिवेदन, २०७९।८०

शेयर तथा ऋण लगानीसम्बन्धी एकीकृत नीति तर्जुमा नभएको, लाभांश नीतिको प्रभावकारी कार्यान्वयन हुन नसकेको, लगानीको अभिलेखाङ्कनमा एकरूपता नभएको लगायतका विषयलाई सम्बोधन गर्ने गरी एकीकृत लगानी नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४०. **सार्वजनिक संस्थानको बक्यौता ब्याज -** सार्वजनिक संस्थानमा भएको लगानीमा प्राप्त गर्नुपर्ने ब्याज समयमा नै प्राप्त गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन अनुसार २०७८।७९ सम्म रू.१ खर्ब ८ अर्ब ८० करोड ३५ लाख ब्याज प्राप्त हुनुपर्नेमा यो वर्ष रू.८ अर्ब ७० करोड ३३ लाख प्राप्त भई रू.१ खर्ब १० करोड २ लाख बाँकी रहेको देखिन्छ। सोमध्ये भाखा नाघेको ब्याज रू.९३ अर्ब ४७ करोड ४५ लाख रहेको छ। अतः लगानीको शर्त बमोजिम प्राप्त गर्नुपर्ने ब्याजको एकीकृत अभिलेख तयार गरी असुल गर्नुपर्दछ।

४१. **अस्तित्वमा नरहेका संस्थामा ऋण लगानी -** शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनअनुसार २०७९।८० सम्म नेपाल सरकारको कुल ऋण तथा शेयर लगानी रू.७ खर्ब ८३ अर्ब ८७ करोड ७६ लाखमध्ये अस्तित्वमा नरहेका देहायका ३९ संस्थामा रू.७६ करोड ९५ लाख शेयर तथा १८ संस्थामा रू.१ अर्ब ४ करोड ३० लाख ऋणसमेत जम्मा रू २९ संस्थामा रू.१ अर्ब ८१ करोड २५ लाख लगानी रहेको छ।

(रकम रू.लाखमा)

क्र.सं.	संस्थानको नाम	शेयर लगानी	ऋण लगानी		जम्मा लगानी
			आन्तरिक स्रोत	बाह्य स्रोत	
१	राष्ट्रिय बीउ बिजन कम्पनी	११०१			११०१
२	नेपाल ट्रेड कम्पनी, नारायणी	१३.०२	०	०	१३.०२
३	मेची धानचालमल निर्यात कम्पनी	१३.०५	२०९१.७४	०	२१०४.७९
४	सगरमाथा धानचामल निर्यात कम्पनी	११.५७	१४८७.३८	०	१४९८.९५
५	लुम्बिनी धानचामल निर्यात कम्पनी	२.५५	१५७.५५	०	१६०.१
६	जनकपुर धानचामल निर्यात कम्पनी	१०.८७	१००८.१२	०	१०१८.९९
७	सेती महाकाली निर्यात कम्पनी	१४	२८७४.०१	०	२८८८.०१
८	सुदूर पश्चिमाञ्चल धानचामल निर्यात कम्पनी	८.७९	११९४.१६	०	१२०२.९५
९	नेशनल कन्ट्रक्सन नेपाल कम्पनी लिमिटेड	६२०.७२	१८५.४६	०	८०६.१८
१०	ग्रामीण आवास तथा बस्ती विकास कम्पनी लिमिटेड	५२०	०	०	५२०
११	नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी	३७.९५	०	०	३७.९५
१२	नेशनल कम्प्युटर सेन्टर	२५	२१४.७९	०	२३९.७९
१३	हाइड्रो ल्याब प्रा.लि.	१७५.८२	०	०	१७५.८२
१४	नेपाल फोहरमैला तथा स्रोत परिचालन केन्द्र	१००	०	०	१००
१५	नेपाल औद्योगिक विकास निगम	४१२७			४१२७
१६	रुलर माइक्रो फाइनान्स डेभलपमेन्ट लिमिटेड		०	८८६	८८६
१७	नेपाल आवास विकास वित्त कम्पनी	२१०			२१०
१८	आकस्मिक बीमा कोष	५००			५००
१९	कपास विकास समिति	१२४			१२४
२०	घरेलु तथा साना उद्योग विकास समिति		१२७		१२७
२१	अन्य १९ कम्पनी	७९	१४४	५९	२८२.६८
	जम्मा	**७६९४.६६**	**९४८४.५७**	**९४५**	**१८१२४.२**

ती संस्थाहरूको नाममा रहेको ऋण अपलेखन गर्ने वा अचल सम्पत्ति सरकारीकरण गर्ने लगायतका विकल्पहरूबारे अध्ययन विश्लेषण गर्नुपर्दछ।

- ***सार्वजनिक संस्थान व्यवस्थापन***

४२. **सार्वजनिक संस्थानको सञ्चालन अवस्था -** सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० अनुसार नेपालमा सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्षमा विनिवेश भएका संस्था ३० तथा अस्तित्वमा रहेका ३९ र पछिल्लो समयमा स्थापना भै थप भएका समेत हाल अस्तित्वमा रहेका ४४ संस्थामध्ये ४२ संस्था सञ्चालनमा रहेका छन्। यस सम्बन्धी बेहोरा निम्नानुसार छनः

४२.१ सार्वजनिक संस्थानमध्ये २०८० चैत्रसम्म नेपाल सरकारको पूर्ण स्वामित्व भएका गुठी संस्थान, नेपाल पर्यटन बोर्ड लगायत ९ सङ्गठित संस्थाले १५ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। त्यस्तै अधिकांश स्वामित्व भएका सङ्गठित संस्था तथा समितिहरूमध्ये साझा प्रकाशनले २०६९।७० देखि १० वर्ष, नेपाल ओरियन्ट एण्ड म्याग्नेसाइटले २०६५।६६ देखि १४ वर्ष, काठमाडौं उपत्यका खानेपानी लिमिटेडले २०७५।७६ देखि ३ वर्ष, राष्ट्रिय बीमा संस्थानले २०७२।७३ देखि ७ वर्ष, राष्ट्रिय बीमा कम्पनीले २०७३।७४ देखि ६ वर्ष, विशाल बजार कम्पनी लिमिटेडले २०७५।७६ देखि ४ वर्ष, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र तथा औद्योगिक व्यवस्थापन बोर्डले २०७८।७९ को लेखापरीक्षण गराएका छैनन्। समयमा लेखापरीक्षण नगराउने संस्थाका पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ।

४२.२ निजीकरण ऐन, २०५० तर्जुमा भएपछि निजीकरणले गति लिएको भएपनि पछिल्ला वर्षहरूमा यो कार्य प्रभावकारी नभएको, निजीकृत संस्था सञ्चालन गर्ने घोषणा गरे पनि पुनः बन्द भएका जस्ता स्थितिले नीतिगत निरन्तरता नहुने अवस्था सिर्जना भएको छ। सञ्चालनमा नरहेका संस्थाको लिक्विडेसन कार्य समयमा सम्पन्न गरी त्यस्ता संस्थामा रहेका उपकरण तथा अन्य मूल्यवान सम्पत्तिको यथोचित व्यवस्थापन नगरेका कारण उपकरणहरू प्रयोगविहीन भैसकेका, जग्गा तथा अन्य सम्पत्तिको अतिक्रमण भएको, स्रोत साधनको सदुपयोग नभएका जस्ता अवस्था रहेको छ। सञ्चालनमा नरहेका वा विनिवेश गरिएका १५ सार्वजनिक संस्थानमा २०७९ असार मसान्तसम्म तलब भत्तालगायतका प्रशासनिक खर्चको लागि रू.५ अर्ब ५१ करोड ३७ लाख ऋण लगानी भएको छ। निजीकरण भएका तथा हुन बाँकी रहेका सार्वजनिक संस्थाको पुनः वर्गीकरण गरी सञ्चालन हुने नहुने, कार्यदक्षता भएका र नभएका छुट्याई एकआपसमा गाभ्ने, खारेजी वा सञ्चालन गर्ने सम्बन्धमा विगतका प्रतिवेदनहरूमा औंल्याइएकोमा यसतर्फ थप सुधार भएको छैन।

४२.३ सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० अनुसार नेपालमा हालसम्म विनिवेश भएका ३० संस्थानमध्ये १२ संस्थान खारेजी गरेकोमा कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिष्ट्रारको कार्यालयबाट कानुनी रूपमा खारेजी प्रक्रिया सम्पन्न भएको छ। खारेज भएका संस्थानको कानुनी रूपमै खारेजी प्रक्रिया सम्पन्न गर्नुपर्ने बेहोरा विगतमा समेत औंल्याउँदै आइएकोमा सो सम्बन्धमा यो वर्ष पनि सुधार भएको छैन।

४२.४ पन्ध्रौं योजनामा आवश्यकता र उपादेयताका आधारमा सङ्घीय संरचनाबमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्थान पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने उल्लेख छ। बजेट वक्तव्यको बुँदा नं ३३९ मा सार्वजनिक संस्थानको विश्लेषण गरी वर्तमान ढाँचामा सञ्चालन गर्ने, विनिवेश गर्ने, पुनर्संरचना गर्ने तथा बन्द गर्ने संस्थानहरूको पहिचान गरी सोबमोजिम कार्यान्वयन गर्ने, घाटामा रहेका सार्वजनिक संस्थानको संस्थागत क्षमता सुदृढीकरण गरी वित्तीय क्षमता सबलीकरण

गर्न र रणनीतिक साझेदार भित्र्याउन कम्पनी मोडेलमा सञ्चालन गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन। त्यस्तै बुँदा नं ३४१ मा संस्थानको स्वामित्वमा रहेका जग्गा, भौतिक संरचना, मेसिनरी उपकरण र अन्य सम्पत्तिको एकीकृत अभिलेख राख्ने व्यवस्था गरिने, कृषि औजार कारखाना, बुटवल धागो कारखाना, गोरखकाली टायर कारखाना, वीरगन्ज चिनी कारखाना, हेटौँडा कपडा उद्योगलगायत उपयुक्त ढाँचामा सञ्चालन गरिने साथै सार्वजनिक पद धारण गर्ने व्यक्तिले हेटौँडा कपडा उद्योगबाट उत्पादित कपडाको पोशाक प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन भएको छैन।

४३. **लगानी प्रतिफल** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले ११८ स्वदेशी तथा अन्तर्राष्ट्रिय संस्था समेतमा यो वर्षसम्म रू.३ खर्ब ८६ अर्ब ७ करोड २८ लाख शेयर लगानी गरेको देखिन्छ। शेयर लगानीमध्ये यो वर्ष सेवा क्षेत्रका ९ मध्ये नेपाल दूरसञ्चार प्राधिकरणबाट रू.५ अर्ब ५१ करोड ८७ लाख, नेपाल नागरिक उड्ययन प्राधिकरणबाट रू.५८ करोड ४४ लाख, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडबाट रू.१ करोड ८९ लाखसमेत ४ संस्थाबाट रू.६ अर्ब १२ करोड २० लाख, जनउपयोगी क्षेत्रका ५ मध्ये नेपाल टेलिकमबाट रू.६ अर्ब ५८ करोड ७७ लाख र बुटवल पावर कम्पनीबाट रू.१ करोड ८१ लाख समेत रू.६ अर्ब ६० करोड ५८ लाख नगद लाभांश प्राप्त भएको छ। यसै गरी वित्तीय क्षेत्रका ९ मध्ये कृषि विकास वैङ्कबाट रू.१ अर्ब ६ करोड ५८ लाख, राष्ट्रिय वाणिज्य बैङ्कबाट रू.१ अर्ब ४ करोड ५२ लाख, नेपाल बैङ्क लिमिटेडबाट रू.७३ करोड २७ लाख, नेपाल स्टक एक्सचेञ्जबाट रू.५८ करोड ६६ लाख, नेपाल इन्फ्रास्टक्चर बैङ्कबाट रू.८ करोड ६४ लाखसमेत ८ संस्थाबाट रू.३ अर्ब ५८ करोड २९ लाख र नेपाल राष्ट्र बैङ्कबाट रू.११ अर्ब ७ करोड गरी जम्मा रू.२७ अर्ब ३८ करोड ७ लाख नगद लाभांश प्राप्त भएको छ। यी बाहेक १०३ संस्थामा लगानी गरेको रू.२ खर्ब ४९ अर्ब ५३ करोड ७७ लाख शेयरबाट यो वर्ष कुनै प्रतिफल प्राप्त गरेको नदेखिँदा संस्था सञ्चालन व्यवस्थापनमा दक्षता ल्याउनुपर्ने देखिन्छ।

४४. **शेयर स्वामित्व** - नेपाल सरकार, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र जापान सरकारबीचको त्रिपक्षीय सम्झौता बमोजिम निर्माण भएको भवन र सरकारको स्वामित्वमा रहेको जग्गाको मूल्याङ्कन अनुसार २०७५।३।३१ सम्म कायम रहेको नुन भण्डारण गोदामको खुद परल मूल्य रू.५८ करोड १७ लाख रहेकोमा उक्त मूल्य बराबरको नेपाल सरकारको नाममा शेयर कायम भएको छैन। विराटनगर जुट मिलमा नेपाल सरकारको शेयर लगानी रू.७२ लाख ४८ हजार र ऋण लगानी रू.१ अर्ब १७ करोड ४६ लाख रहेको देखिन्छ। सो शेयर संरचनालाई सञ्चालक समितिले शेयर स्वामित्व परिवर्तन गरी निजी क्षेत्रको लगानी थप गरी नेपाल सरकारको स्वामित्वमा सङ्कुचन कायम गरेको विषयमा उच्चस्तरीय जाँचबुझ आयोगले विराटनगर जुट मिलमा नेपाल सरकारको लगानी पुँजीकरण गरी शेयर संरचना बदल्न सुझाव दिएकोमा यो वर्षपनि कार्यान्वयन भएको छैन। सोको कार्यान्वयन हुनुपर्दछ।

४५. **संस्थानको सञ्चित घाटा** - सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० अनुसार सञ्चालनमा रहेका ४२ संस्थानमध्ये निरन्तर नाफामा रहेका जनउपयोगी क्षेत्रका ५ र वित्तीय क्षेत्रका ९ संस्थान बाहेक २८ संस्थानको विगत ३ वर्षको सञ्चालन घाटा निम्नानुसार रहेको छः

क्र.स.	सार्वजनिक संस्थानको क्षेत्र	कुल संख्या	घाटामा रहेको संख्या	संस्थानको सञ्चित घाटा* (रू.लाखमा)		
				२०७६।७७	२०७७।७८	२०७८।७९
१	औद्योगिक	१०	८	१७७९९३	१८३४८६	१९२६१०
२	व्यापारिक	४	१	१०४१२	१००३५	७८७३
३	सेवा	९	३	९८७७२	१२७५४८	१६००२९
४	सामाजिक	५	३	३५६२३	३७०६९	३७२२२
	जम्मा	**२८**	**१५**	**३२२८००**	**३५८१३८**	**३९७७३४**

*निरन्तर ३ वर्षदेखि घाटामा गएका संस्थान मात्र समावेश गरिएको।

मन्त्रालयले निरन्तर घाटामा रहेका सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन सम्बन्धमा अध्ययन गरी आवश्यक सुधारका कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।

४६. **कोषको व्यवस्था नगरिएको दायित्व** - सार्वजनिक संस्थानहरूले दीर्घकालमा तिर्नुपर्ने दायित्वको लेखाङ्कन गरे तापनि सोको लागि कोषको व्यवस्था नगरेका कारण यस्तो दायित्व वृद्धि हुँदै गएको छ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० अनुसार कोषको व्यवस्था नगरेको दायित्व २०७४।७५ मा रू.३८ अर्ब ८३ करोड रहेकोमा २०७८।७९ मा रू.४७ अर्ब ३६ करोड पुगी २१.९६ प्रतिशतले वृद्धि भएको छ। दीर्घकालमा तिर्नुपर्ने दायित्वको लागि कोषको अनिवार्य व्यवस्था गर्नुपर्दछ।

४७. **अधिकृत पुँजीभन्दा बढी लगानी** - नेपाल सरकारले शेयर लगानी गर्दा संस्थानहरूको प्रबन्धपत्र तथा नियमावली अनुसार नेपाल सरकारको हिस्सा निर्धारण गरी अधिकृत पुँजीको सीमाभित्र रही शेयर लगानी गर्नुपर्दछ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० बमोजिम देहायबमोजिमका ५ संस्थानमा अधिकृत पुँजीभन्दा बढी हुने गरी रू.५८ अर्ब ३४ करोड २९ लाख लगानी गरेको छ।

(रकम रू.लाखमा)

क्र.स.	संस्थानको नाम	अधिकृत पुँजी (वार्षिक स्थिति समीक्षा बमोजिम)	यस वर्षको लगानी/समायोजन	कुल शेयर लगानी	बढी लगानी
१	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	५००	०.००	१३९७	८९७
२	नेपाल वायुसेवा निगम	३०००	२७२४६	३१०३८	२८०३८
३	नेपाल नागरिक उड्ययन प्राधिकरण	५९४६५८	३८०३	६२७४१८	३२७६०
४	नेपाल टेलिभिजन	१५०००	१४८७	३८९९९	२३९९९
५	नेपाल विद्युत प्राधिकरण	१२५००००	१२६९०८	१७४७७३५	४९७७३५
	जम्मा	**१८६३१५८**	**१५९४४४**	**२४४६५८७**	**५८३४२९**

संस्थानको प्रबन्धपत्र र नियमावलीमा उल्लिखित अधिकृत पुँजी समेतलाई ध्यानमा राखी लगानी गर्नुपर्दछ।

४८. **फरक हिसाब** - नेपाल सरकारले औद्योगिक, व्यापारिक, सेवा लगायत विभिन्न क्षेत्रमा रहेका ४२ सार्वजनिक संस्थामा लगानी गरेको ऋण र शेयर लगानीमा सम्बन्धित संस्थानको तथ्याङ्क र सार्वजनिक

ऋण व्यवस्थापन कार्यालयले देखाएको तथ्याङ्कबीच क्रमशः रू.२८ अर्ब ३७ करोड ३८ लाख र रू.२० अर्ब १५ करोड ९९ लाख फरक देखिन्छ। फरक सम्बन्धमा यकिन गरी हिसाब अद्यावधिक गनुपर्दछ।

४९. **निजीकरण भएका संस्थानको स्थिति -** निजीकरण भएका ३० मध्ये १२ खारेजी भएको, ६ बन्द अवस्थामा रहेको तथा सञ्चालित १२ संस्थानमध्ये ८ नाफामा र १ घाटामा एवं ३ संस्थानको नाफा घाटाको अवस्था खुलेको छैन। सञ्चालित १२ संस्थान सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

४९.१ रघुपति जुट मिल्स, विराटनगर जुट मिल्स, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड, भक्तपुर इँटा टायल कारखाना र लुम्बिनी चिनी कारखानाले नेपाल सरकारलाई बुझाउनुपर्ने भाखा नाघेको साँवा र ब्याज बापतको एकमुष्ट रकम क्रमशः रू.२५ करोड ७४ लाख, रू.२ अर्ब १४ करोड ६ लाख, रू.९१ लाख, रू.४८ करोड ९० लाख र रू.८८ लाख गरी जम्मा रू.२ अर्ब ९० करोड ४९ लाख रहेको देखिएकोले सम्झौतामा भएको व्यवस्थाअनुसार उक्त रकम असुल गर्नुपर्दछ।

४९.२ रघुपति जुट मिल्स र नेपाल चिया विकास निगमको जग्गामा स्थानीयद्वारा अतिक्रमण बढ्दै गएको, नेपाल सरकारबाट सम्झौताबमोजिम जग्गा हस्तान्तरण नभएकोले जग्गासम्बन्धी विवाद रहेकोमा अर्थ मन्त्रालय, निजीकरण एकाइ, स्थानीय सरकार र स्थानीय समुदायबीच समन्वय गरी सो समस्याको समाधान गर्नुपर्दछ। नेपाल सरकारसँग भएको सम्झौताबमोजिम नेपाल ढलौट उद्योग लिमिटेड, भक्तपुर इँटा टायल कारखाना लिमिटेडले अधिकतम ४५ प्रतिशतसम्म सेयर सर्बसाधारणलाई उपलब्ध नगराएको, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड (हाल दिव्य रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड) को वन क्षेत्र तथा कच्चा पदार्थ हस्तान्तरण सम्बन्धी, चिया विकास निगमको चिया बगान तथा अतिक्रमित जग्गासम्बन्धी र नेपाल ल्युब आयलको सम्झौताबमोजिम जग्गा हस्तान्तरण नभएको लगायतका विवादित विषयहरूको टुङ्गो लगाउनुपर्दछ। सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८० अनुसार विराटनगर जुट मिल मात्र घाटामा रहेको, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड रघुपति जुट मिल, नेपाल चिया विकास निगम र लुम्बिनी चिनी कारखाना सञ्चालनमा रहेको उल्लेख भए तापनि नाफा वा घाटामा सञ्चालनमा रहेको उल्लेख गरेको छैन। अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र संस्थान व्यवस्थापनको समन्वयमा सार्वजनिक संस्थानहरूलाई उद्देश्यअनुरूप सञ्चालन गर्नुपर्दछ।

५०. **खारेजी भएका संस्थानमा ऋण लगानी -** निजीकरण ऐन, २०५० बमोजिम निजीकरण भई हाल बन्द अवस्थामा रहेका १२ संस्थानमध्ये देहायबमोजिमका ८ संस्थानमा २०७९।८० सम्म निम्नानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने भाखा नाघेको साँवा र ब्याज बक्यौता रहेको देखिन्छः

(रू.लाखमा)

क्र.स.	संस्थानको विवरण	२०७९।८० सम्मको साँवा	२०७९।८० सम्मको ब्याज	कुल
१	हिमाल सिमेन्ट कम्पनी	३७२१	३५४५	७२६६
२	सुर्ती विकास कम्पनी	२२	८५	१०७
३	कृषि औजार कारखाना	८२४	६६६	१४९०
४	नेपाल जुट विकास तथा व्यापार सस्थान	१११४	०	१११४
५	घरेलु सिल्पकला बिक्री भण्डार	४७३	१२०५	१६७८
६	हेटौंडा कपडा उद्योग	४२७४	४९५१	९२२५
७	वीरगन्ज चिनी कारखाना	२८४६	३५६२	६४०८

क्र.स.	संस्थानको विवरण	२०७९।८० सम्मको साँवा	२०७९।८० सम्मको ब्याज	कुल
८	नेपाल यातायात संस्थान	८८१	१८०४	२६८५
	जम्मा	**१४१५५**	**१५८१८**	**२९९७३**

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको शेयर तथा ऋण लगानीको प्रतिवेदन, २०७९।८०

उल्लिखित विवरणमा नेपाल जुट विकास तथा व्यापार संस्थानलाई २०७८।७९ सम्म प्रदान गरेको सम्पूर्ण ऋण र वीरगन्ज चिनी कारखानालाई लगानी गरेको कुल बाँकी ऋणमध्ये वैदेशिक स्रोततर्फको ऋण लगानी रू.३ करोड ४५ लाखको २०७९।८० मा ब्याज गणना गरेको देखिएन। साथै, कृषि औजार कारखानाले तिर्नुपर्ने ऋण र ब्याजको सम्बन्धमा टुङ्गो नलगाई उक्त कम्पनीको सम्पत्ति राष्ट्रिय आविष्कार केन्द्रलाई प्रयोग गर्न दिने गरी २०७९।६।११ मा सम्झौता भएको छ। मन्त्रीस्तरीय २०८०।३।१७ को निर्णयले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत उक्त संस्थाको सम्पत्ति जमानी राखी सो संस्थालाई रू.१ करोड थप ऋण लगानी गरेको छ। सरकारको लगानी फिर्ता हुने सुनिश्चित गरी थप लगानी गर्नुपर्दछ।

५१. **बक्यौता असुली** - निजीकरण समितिले हालसम्म निजीकरण भएका १४ संस्थाको र अन्य संस्थाबाट प्राप्त गर्नुपर्ने रकमको छुट्टाछुट्टै अभिलेख खडा गरी प्राप्त गर्न बाँकी किस्ता ब्याज तथा हर्जानाको अभिलेख राखी आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले अभिलेख अद्यावधिक गरी ती १४ संस्थाबाट रू.५४ करोड १२ लाख बक्यौता असुल गर्नुपर्दछ।

५१.१ नेपाल रोजिन एण्ड टर्पेन्टाइन उद्योगसँगको निजीकरण गर्ने सम्बन्धमा नेपाल सरकार र एक उद्योगबीच भएको सम्झौताबमोजिम उक्त उद्योगले हालसम्म १७ किस्ता बापत रू.५ करोड १२ लाख दाखिला गर्नुपर्नेमा रू.६५ लाख मात्र दाखिला गरेकोले बाँकी रू.४ करोड ४७ लाखमा सम्झौताबमोजिम ब्याज र हर्जना समेत गणना गरी असुल हुनुपर्दछ।

५१.२ लुम्बिनी चिनी उद्योग निजीकरण गर्ने सम्बन्धमा नेपाल सरकार र एक उद्योगबीच भएको सम्झौताबमोजिम उक्त उद्योगले नेपाल सरकारलाई बुझाउनुपर्ने भाडाबापतको वार्षिक रू.४२ लाख १२ हजार २०७७ पौष मसान्त पछि प्राप्त भएको छैन। सो अवधिपछि २०७८।७९ र २०७९।८० को भाडा रू.८४ लाख २४ हजारमा सम्झौताबमोजिम ब्याज र हर्जनासमेत गणना गरी असुल हुनुपर्दछ।

५१.३ नेपाल सरकारले नेपाल चिया विकास निगमको निजीकरण गर्दा ६५ प्रतिशत शेयर एक व्यापारिक समूहलाई बिक्री गर्ने गरी भएको सम्झौतामा कम्पनीले ५० वर्षको अवधिमा रू.२ करोड ८० लाखका दरले बुझाउनुपर्नेमा हालसम्म पनि नबुझाएको र २०६४ फाल्गुणसम्मको एकमुष्ट भाडा रू.१० करोड ७३ लाख ४२ हजारलाई वित्तीय विवरणमा दायित्वमा लेखाङ्कन गर्दै आएको छ। सम्झौताको शर्तबमोजिम ब्याज गणना गरेको समेत नदेखिएकोले हालसम्मको भाडा र ब्याज यकिन गरी असुल गर्नुपर्दछ।

• *अनुदान उपयोग*

५२. **कृषि कर्जामा ब्याज अनुदान** - सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा कृषि कर्जामा ५ प्रतिशत, महिला उद्यमशीलताका लागि ६ प्रतिशत तथा पाँच करोड रुपैयाँ भन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउने

उल्लेख छ। अर्थ मन्त्रालयले २०७१।७२ देखि २०७९।८० सम्मको ब्याज अनुदान भुक्तानी गर्न नेपाल राष्ट्र बैङ्कलाई रू.२४ अर्ब निकासा दिएकोमा रू.२२ अर्ब ३९ करोड ८ लाख वितरण भई रू.१ अर्ब ६० करोड ९१ लाख ८४ हजार मौज्दात रहेको छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार ब्याज अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्या २०७९।८० सम्म १ लाख ४५ हजार ७७८ पुगेको छ।

एकपटक सहुलियतपूर्ण कर्जा उपभोग गरिसकेको ऋणीले पुनः अर्को बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा लिन नपाउने, स्वाप भएको कर्जामा ब्याज अनुदान नपाउने, सहुलियतपूर्ण कर्जा उपभोग गरिरहेका ऋणीलाई कर्जा सीमा थप गर्दा सीमा थप भएको समय पश्चात् कार्यविधि बमोजिमका कुनै पनि अनुदान सुविधा उपलब्ध नहुने व्यवस्था रहेकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने, अनुगमनबाट देखिएका विषयको कार्यान्वयनको लागि सम्बन्धित वित्तीय संस्था तथा ऋणीलाई निर्देशन दिने कार्य नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालयबाट भएको छैन। वितरित कर्जाको उपयोग सम्बन्धमा अनुगमन गर्ने, लक्षित उद्देश्यअनुरूप कर्जा प्रवाहको सोही क्षेत्रमा लगानी भएको सुनिश्चित गरेरमात्र ब्याज अनुदानको रकम शोधभर्ना गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५३. **शीतघर तथा खाद्यान्न भण्डार ब्याज अनुदान -** शीतघर तथा खाद्यान्न भण्डारण गृह स्थापनाका लागि नेपाल राष्ट्र बैङ्क मार्फत विगत तीन वर्षमा मुनाफाको उद्देश्यले स्थापित निजी प्रकृतिका ४२ संस्थालाई रू.२९ करोड १४ लाख अनुदान र यो वर्ष १३ शीतघर तथा खाद्यान्न भण्डारलाई रू.१० करोड १० लाखसमेत रू.३९ करोड २४ लाख ब्याज अनुदान प्रवाह भएको छ। उक्त शीतघर तथा खाद्य भण्डारहरू सञ्चालनको अवस्था र सेवाग्राहीले प्राप्त गर्ने सुविधा कुनै कारणले निस्कृय भएमा शीत भण्डारको व्यवस्थापन र स्वामित्व सम्बन्धमा स्पष्ट रहेको नपाइएकोले सो सम्बन्धमा निक्यौंल गरी ऋण तथा ब्याज अनुदान उपलब्ध गराइनुपर्दछ।

५४. **लघुबीमा सहयोग कार्यक्रम -** मन्त्रालयले यो वर्ष पशु र बाली स्वास्थ्य सम्बन्धी लघु बीमा कार्यक्रमको लागि प्रिमियमको ५० प्रतिशत अनुदानको रूपमा कृषि विकास बैङ्कलाई रू.४ करोड ४५ लाख, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई रू.९ करोड ५० लाख र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई रू.२० करोड समेत रू.३३ करोड ९५ लाख अनुदान प्रदान गरेको छ।

कृषि विकास बैङ्कले तयार गरेको कार्यविधि अनुसार मौज्दात रहेको प्रिमियम रकमबाटै व्यवस्थापन लगायतका खर्च तथा कृषकलाई प्रिमियम रकम फिर्ता गर्ने, साना किसान विकास वित्तीय संस्था लिमिटेडले ब्याज आम्दानीबाट मात्र व्यवस्थापन खर्च गरी साँवा प्रिमियम रकम खर्च गर्न नपाइने कार्यविधि तय गरेको तथा निक्षेप तथा कर्जा सुरक्षण कोषले कृषकलाई बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने पशु ऋणको सुरक्षण गर्न सो अनुदान रकम प्रयोग गर्ने गरी कार्यविधि तय गरेको देखिन्छ। यसरी एउटै कार्यक्रम फरक फरक संस्थाले फरक कार्यविधि अवलम्बन गरी कार्यान्वयन गर्ने गरी तय गरेको देखिन्छ। सो सम्बन्धमा मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गरेको छैन। त्यस्ता संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन कार्यविधिमा एकरूपता कायम गर्ने तथा बाँकी रहेको मौज्दात रकमसमेतको अनुगमन गरी सदुपयोग भएको सम्बन्धमा सुनिश्चित हुनुपर्दछ। साथै बैंकिङ कारोबार गर्ने उद्देश्यले स्थापित संस्थाहरूबाट बीमा सम्बन्धी कार्य गराइरहेको सम्बन्धमा समेत नीतिगत स्पष्टता हुनुपर्ने देखिन्छ।

५५. **पशुपालन तथा तरकारी खेती कर्जा -** किसानको लागि सहुलियत दरमा ऋण उपलब्ध गराउन साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड मार्फत २०६७।६८ देखि सहुलियतपूर्ण कर्जाको लागि यो वर्षको रू.२ अर्ब ३० करोडसमेत हालसम्म रू.१७ अर्ब ६० करोड ६० लाख कर्जा लगानी भएको छ। उक्त लगानीमध्ये रू.१२ अर्ब ८८ करोड ६० लाख बाँकी रहेको छ। सरकारले लगानी गरेको रकममध्ये वित्तीय संस्थाले २०८० आषाढ मसान्तसम्म रू.९ अर्ब २४ करोड ४ लाख कृषकलाई लगानी गरेकोमा सम्पूर्ण रकममा ब्याज अनुदान प्रदान गरेको छ। यसरी कृषकलाई लगानी नगरी बाँकी रहेको रकममा समेत ब्याज अनुदान प्रदान गर्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

पशुपालन तथा तरकारी व्यवसायमा तीनै तहका सरकार, नेपाल राष्ट्र बैंङ्कलगायतका संस्थाबाट अनुदान तथा ब्याज अनुदान छुट दिएको अवस्था छ। यस्तो सुविधामा दोहोरोपना आउन नदिन एकद्वार प्रणालीबाट सुविधा वितरण गरी अनुदान तथा सहायता लक्षित वर्ग समक्ष पुगेनपुगेको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५६. **सहुलियतपूर्ण ऋणको अन्य उपयोग-** बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ५६ मा बैङ्क तथा वित्तीय संस्थाले जुन प्रयोजनका लागि कर्जा दिएको हो, सोही प्रयोजनमा ऋणीले कर्जा रकम सदुपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, धनगढीअन्तर्गतका एक करदाताले आय वर्ष २०७६।७७ मा कृषि मन्त्रालयको स्वीकृतिमा रू.४ करोड ९५ लाख सहुलियतपूर्ण ऋण प्राप्त गरेको छ। करदाताको सो वर्षको वित्तीय विवरणअनुसार उक्त ऋण मौज्दात रू.३ करोड ३० लाख रहेको छ। करदाताले ब्याज सहुलियतमा प्राप्त ऋणको सो वर्षभरि उपयोग गरी रू.४२ हजार मात्र प्रतिफल लेखाङ्कन गरेको छ। सरकारी कोषबाट सहुलियत ब्याज बेहोरिने ऋण रकम सोही प्रयोजनमा प्रयोग नगरी अन्य प्रयोजनमा उपयोग गरी सोबापत भएको कुल ब्याज खर्च रू.१ करोड ८६ लाख ४१ हजार सरकारबाट प्राप्त गरेकोले सो ऋण रकमको ब्याज बापत सो करदाताले प्राप्त गरेको आम्दानीमा अनुगमन गरी नेपाल सरकारबाट प्राप्त सहुलियत ब्याज रू.१ करोड ८६ लाख ४१ हजार र सोमा कानुनबमोजिम थप जरिबाना असुल गर्नुपर्दछ।

५७. **कोरोना बीमा** - कोरोना बीमा मापदण्ड, २०७७ को अनुसूची ७ मा बीमाको दायित्व भुक्तानी गर्ने जिम्मेवारी रू.१ अर्बसम्मको सम्बन्धित बीमा कम्पनी, रू.१ देखि २ अर्बसम्मको पुनर्बीमा कम्पनी, रू.२.५ अर्बसम्मको महाविपत्ति पुल, रू.३ अर्बसम्म बीमा समिति र सोभन्दा माथि नेपाल सरकारको हुने उल्लेख भएको छ। उक्त मापदण्डअनुसार यो वर्ष सरकारको तर्फबाट दायित्व वहन गर्ने गरी बीमा समितिलाई रू.१ अर्बसमेत भुक्तानी दिएको र बीमा समितिले प्रिमियम बुझाई बीमा दाबी भुक्तानी नहुनेको अवस्था छानबिन गरी बीमा कम्पनीबाट रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५८. **दरबन्दी तथा पदपूर्ति** - मन्त्रालयगत प्रगति प्रतिवेदन, २०७९ मा उल्लेख भएअनुसार यस मन्त्रालय अन्तर्गत ३ हजार २२४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा २ हजार ६८३ पदपूर्ति भएको छ। भन्सार विभाग र अन्तर्गतका निकायमा २०६ तथा आन्तरिक राजस्व विभाग र अन्तर्गतका निकायमा ३२४ तथा अन्य २ निकायमा ११ समेत ५४१ दरबन्दी रिक्त रहेको देखिन्छ। मन्त्रालयमा ११, भन्सार विभाग र अन्तर्गतका निकायमा ५५ एवं अन्य २ निकायमा ३ समेत ६९ जनशक्ति फाजिलमा रहेको देखिन्छ। कार्यबोझका आधारमा दरबन्दी यकिन गर्नुपर्दछ।

महालेखा नियन्त्रक कार्यालय

नेपाल सरकारको सञ्चित कोष सञ्चालन गर्ने यस कार्यालयले बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आय व्ययको लेखा राख्ने र सोको एकीकृत वार्षिक वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने, निवृत्तभरण व्यवस्थापन, सरकारी बाँकी असुल र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन गर्दै आएको छ। यस कार्यालयअन्तर्गत ८१ कार्यालय सञ्चालनमा रहेका छन्।

५९. **सङ्घीय सञ्चित कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको २०७९।८० को सङ्घीय सञ्चित कोषको एकीकृत वित्तीय विवरण देहायअनुसार छः

(रकम रू.लाखमा)

विवरण	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	२	३	४=२+३	५	६	७=५+६
१. राजस्व, अनुदान र अन्य प्राप्ति	९०३५६१९	६८०९१	९१०३७१०	१००२२९८५	८६३३९	१०१०९३२४
१.१. राजस्व	८३४०५९६	०	८३४०५९६	९३८२७८५	०	९३८२७८५
क. कर	७४८४२००	०	७४८४२००	८५९१२५४	०	८५९१२५४
ख. अन्य राजस्व	८५६३९५	०	८५६३९५	७९१५३१	०	७९१५३१
१.२. अनुदान	१६१९९८	६८०९१	२३००८९	१५५१५१	८६३३९	२४१४९०
क. द्विपक्षीय वैदेशिक अनुदान	१५७७६	१९५४६	३५३२२	८८४७	२६९६४	३५८११
ख. बहुपक्षीय वैदेशिक अनुदान	१४६२२२	४८५४५	१९४७६७	१४६३०४	५९३७५	२०५६७९
१.३. बेरूजु तथा अन्य प्राप्ति	५३३०२५	०	५३३०२५	४८५०४९	०	४८५०४९
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	३४८२८१९	३५३१८१	३८३६०००	३१९४८४३	३९०१६६	३५८५००९
२.१. ऋण लगानी फिर्ता	११८१४१	०	११८१४१	२९३८५	०	२९३८५
क. आन्तरिक ऋण लगानी फिर्ता	११८१४१	०	११८१४१	२९३८५	०	२९३८५
२.३. वैदेशिक ऋण प्राप्ति	८७७२९५	३५३१८१	१२३०४७६	९६९२५४	३९०१६६	१३५९४२०
२.४ आन्तरिक ऋण	२४८७३८३	०	२४८७३८३	२१९६२०४	०	२१९६२०४
क. नागरिक बचतपत्र	२३६१३	०	२३६१३	२८२९८	०	२८२९८
ख. विकास ऋणपत्र	१००००००	०	१००००००	१२४५०००	०	१२४५०००
ग. वैदेशिक रोजगार बचतपत्र	२६४	०	२६४	५६७	०	५६७
घ. ब्याजमा आधारित ट्रेजरी बिल	१४६३५०६	०	१४६३५०६	१३३२४	०	१३३२४
ङ. बट्टामा आधारित ट्रेजरी बिल	०	०	०	९०९०१५	०	९०९०१५
३. यस वर्षको खुद प्राप्ति (१+२)	१२५१८४३८	४२१२७२	१२९३९७१०	१३२१७८२८	४७६५०५	१३६९४३३३
४. भुक्तानी	१३७९१९९८	४२१२७२	१४२१३२७०	१२६२३५०३	४७६५०५	१३१००००
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	२२३०६२७	०	२२३०६२७	१२२२४५७	०	१२२२४५७
क. चालु खर्च	७३३५००	०	७३३५००	४५४९२१	०	४५४९२१
ख. वित्तीय खर्च	१४९७१२७	०	१४९७१२७	७६७५३७	०	७६७५३७
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	११५६१३७१	४२१२७२	११९८२६४३	११४०१०४६	४७६५०५	११८७७५५१
क. चालु खर्च	९१३९७५५	४१८१३	९१८१५६८	८९२१९१९	१६६३२८	९०८८२४७
ख. पुँजीगत खर्च	२२४२९०४	१०३३४४	२३४६२४८	२०६२६८६	९९४४५	२१६२१३१
ग. वित्तीय खर्च	१७८७१२	२७६११५	४५४८२७	४१६४४०	२१०७३३	६२७१७३
५. विनिमय दर वा अन्य समायोजन	०	०	०	१३८०७	०	१३८०७
६. यस वर्षको जम्मा भुक्तानी (४+५)	१३७९१९९८	४२१२७२	१४२१३२७०	१२६३७३१०	४७६५०५	१३११३८१५
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-१२७३५५९	०	-१२७३५५९	५८०५१८	०	५८०५१८
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	-५३९११४	०	-५३९११४	-१११९६३३	०	-१११९६३३
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	-१८१२६७४	०	-१८१२६७४	-५३९११४	०	-५३९११४

सङ्घीय सञ्चित कोषको एकीकृत वित्तीय विवरण सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

५९.१ महालेखा नियन्त्रक कार्यालयले २०८०।९।१५ मा महालेखापरीक्षकसमक्ष पेस गरेको सङ्घीय सञ्चित कोष (बजेटरी निकाय) को संशोधित एकीकृत वित्तीय विवरणअनुसार सङ्घीय सञ्चित कोषमा यो वर्ष राजस्व तर्फ रू.८ खर्ब ८७ अर्ब ३६ करोड २१ लाख, अनुदान तथा सहायतातर्फ रू.२३ अर्ब ८९ लाख, आन्तरिक ऋण प्राप्ति रू.२ खर्ब ४८ अर्ब ७३ करोड ८३ लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख, आन्तरिक ऋण लगानी फिर्तातर्फ रू.११ अर्ब ८१ करोड ४१ लाख गरी कुल रू.१२ खर्ब ९३ अर्ब ९७ करोड १० लाख प्राप्त भएकोमा चालुतर्फ रू.९ खर्ब ९१ अर्ब ५० करोड ६७ लाख, पुँजीगततर्फ रू.२ खर्ब ३४ अर्ब ६२ करोड ४८ लाख, वित्तीय व्यवस्था तर्फ रू.१ खर्ब ९५ अर्ब १९ करोड ५५ लाखसमेत रू.१४ खर्ब २१ खर्ब ३२ करोड ७० लाख खर्च भएको छ। यसरी यो वर्ष रू.१ खर्ब २७ अर्ब ३५ करोड ६० लाख ऋणात्मक मौज्दात रहेको छ। यसमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रू.५३ अर्ब ९१ करोड १४ लाख थप गर्दा २०७९।८० सम्म सङ्घीय सञ्चित कोषको मौज्दात रू.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख ऋणात्मक रहेको छ। नेपाल सरकारले नगदमा आधारित लेखा प्रणाली अपनाएको अवस्थामा कोषको मौज्दात ऋणात्मक नहुनुपर्नेमा गत विगतदेखि नै ऋणात्मक देखिएको छ।

५९.२ सञ्चित कोषको वार्षिक वित्तीय विवरणमा वैदेशिक ऋणतर्फ नगद प्राप्ति रू.८७ अर्ब ७२ करोड ९५ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) तर्फ रू.३५ अर्ब ३१ करोड ८१ लाखसमेत रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख आम्दानी देखाएको छ। नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको सङ्घीय सञ्चित कोषको हिसाबमा सोझै भुक्तानी लेखाङ्कन नगरी वैदेशिक ऋण प्राप्ति रू.८७ अर्ब ७२ करोड ९५ लाख देखाएकोले सञ्चित कोषको वित्तीय विवरण र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्तितर्फ रू.३५ अर्ब ३१ करोड ८१ लाख फरक रहेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले वैदेशिक ऋण रू.१ खर्ब १९ अर्ब ८६ करोड प्राप्त भएको विवरण पेस गरेकोमा महालेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको वित्तीय विवरणमा रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख प्राप्ति देखाएकोले सञ्चित कोषमा रू.३ अर्ब १८ करोड ७६ लाख बढी प्राप्ति देखिएको छ। दुई निकायबीच ऋण प्राप्तिमा फरक पर्नाको कारण यकिन गरी समायोजन विवरण तयार गर्नुपर्दछ।

५९.३ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक ऋणतर्फ रू.२ खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख प्राप्त भएको देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सङ्घीय सञ्चित कोषको एकीकृत वित्तीय विवरणमा रू.२ खर्ब ४८ अर्ब ७३ करोड ८३ लाख मात्र देखाएको छ। बट्टा तथा अन्य खर्च समेत रू.७ अर्ब २५ करोड ९४ लाख सञ्चित कोषबाट खर्च नगरी खुद प्राप्तिमात्र देखाएकोले उक्त रकमको भिन्नता परेको देखिन्छ। अतः यथार्थ खर्च लेखाङ्कन गर्नुपर्दछ।

५९.४ महालेखा नियन्त्रक कार्यालयले सञ्चालन गरेको एकल कोष खाता प्रणालीअनुसार सङ्घीय सरकारबाट २०७९।८० मा सात प्रदेशलाई रू.९९ अर्ब ६६ करोड ४३ लाख हस्तान्तरण गरेकोमा प्रदेशहरूले वित्तीय व्यवस्थापन सूचना प्रणालीमा रू.९३ अर्ब ५९ करोड २९ लाख मात्र आम्दानी देखाएका छन्। सङ्घीय सञ्चित कोषमा खर्च लेखेको रकमभन्दा प्रदेशहरूले रू.६ अर्ब ७ करोड १४ लाख घटी आम्दानी जनाएको सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेका छैनन्।

५९.५ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले विनिमय दरको कारणबाट यो वर्ष रू.५९ अर्ब १५ करोड ९६ लाख नोक्सान भएको विवरण पेस गरेको छ। आयोजनाहरूले विनिमय दरको कारण नाफा नोक्सान हिसाब आयोजना लेखासँग पेस गर्ने गरेका छन्। महालेखा नियन्त्रक कार्यालयले यो वर्ष विनिमय दर जोखिमको कारण भएको नाफा नोक्सानको विवरण एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन। सञ्चित कोषलाई असर गर्ने यस्ता कारोबारसमेत समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

५९.६ सङ्घीय सरकारबाट स्थानीय तहहरूलाई यो वर्ष समपूरक, सशर्त र विशेष अनुदान गरी रू.२ खर्ब १८ अर्ब ९७ करोड ८४ लाख निकासा भएकोमा वर्षको अन्तसम्म रू.१ खर्ब ९६ अर्ब ३३ करोड ४७ लाख खर्च भएको देखिन्छ। खर्च नभई बाँकी रहेको रू.२२ अर्ब ६४ करोड ३७ लाख २०८० आषाढ मसान्तभित्र नै फिर्ता गर्नुपर्नेमा सो अवधिमा रू.१४ अर्ब २४ करोड ४१ लाख र लेखापरीक्षण अवधिसम्म रू.८ अर्ब ५७ करोड ८८ लाख फिर्ता गरेको र १०२ पालिकाले बढी फिर्ता गरेको रकम रू.२७ करोड २५ लाख समायोजन गर्दा २ स्थानीय तहले रू.९ करोड ३३ लाख सङ्घीय सञ्चित कोषमा फिर्ता गरेका छैनन्।

फिर्ताको विवरणअनुसार सङ्घीय सञ्चित कोषमा १०२ पालिकाले फिर्ता गर्नुपर्ने रकमभन्दा बढी रू.२७ करोड २५ लाख र प्रदेशहरूलाई २५ पालिकाले फिर्ता गर्नुपर्ने रकमभन्दा बढी रू.३ करोड ७९ लाख फिर्ता गरेकोले स्थानीय तहको लेखापालन प्रभावकारी समेत देखिएन। त्यसै गरी स्थानीय तहले समपूरक, विशेष र सशर्त अनुदानको रू.५ करोड ७८ लाख लेखापरीक्षण अवधिसम्म पनि सम्बन्धित प्रदेशहरूलाई फिर्ता गरेको देखिएन। भुक्तानी दिन बाँकीको विवरणअनुसार स्थानीय तहहरूले रू.१२ करोड २ लाख भुक्तानी गर्न बाँकी राखेका छन्।

६०. **बजेटको तुलनात्मक विवरण -** कार्यालयले सङ्घीय बजेटतर्फको तुलनात्मक विवरण तयार गर्दा सुरु र अन्तिम बजेटबीच परिवर्तन भएमा कारणसहित खुलासा गर्नुपर्नेमा नगरेको, बजेट वक्तव्यमा कर राजस्व रू.१२ खर्ब ९५ अर्ब ३७ करोड ५८ लाख र अन्य राजस्व रू.१ खर्ब ७ अर्ब ७७ करोड १२ लाख प्राप्त हुने अनुमान गरेकोमा बजेटको तुलनात्मक विवरणमा कर राजस्वको सुरू अनुमान रू.४ अर्ब ३४ करोड ४२ लाख बढी देखाई सोही रकम बराबर अन्य राजस्वमा घटी देखाएको र रू.१३ खर्ब १ अर्ब ७३ करोड ७७ लाख बजेट खर्च हुने संशोधित अनुमान रहेकोमा वित्तीय विवरणमा अन्तिम बजेट रू.१५ खर्ब ४४ अर्ब ३४ करोड २१ लाख देखाएकोले रू.२ खर्ब ४२ अर्ब ६० करोड ४४ लाख बढीको स्रोत खुलाएको छैन। वित्तीय विवरणमा खुलासा गर्ने र यथार्थ स्रोतको अनुमान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६१. **तीन तहको सरकारको एकीकृत वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ बमोजिम पेस भएको सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको एकीकृत वित्तीय विवरण परीक्षण गर्दा देखिएका बेहोरा देहायबमोजिम छन्:

सङ्घीय/प्रदेश/स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण
आर्थिक वर्षः २०७९।८०

(रकम रू लाखमा)

विवरण	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	३	४	५=३+४	६	७	८=६+७
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**१५२३१७४२**	**६८८९९**	**१५३००६४१**	**१६५१४९४२**	**९०४४५**	**१६६०५३८७**
१.१. राजस्व	१०३४९४१२	०	१०३४९४१२	११७२१७४०	०	११७२१७४०
क. कर	९१९५४८०	०	९१९५४८०	१०८०५१५१	०	१०८०५१५१
ख. अन्य राजस्व	११५३९३२	०	११५३९३२	९१६५८९	०	९१६५८९
१.२. अनुदान	४३०५२४१	६८८९९	४३७४१४०	४२६८६०४	९०४४५	४३५९०४९
क. द्विपक्षीय वैदेशिक अनुदान	१५७८५	२०१४३	३५९२८	८८४७	३०७१६	३९५६३
ख. बहुपक्षीय वैदेशिक अनुदान	१४६४७९	४८७५६	१९५२३५	१४६३९६	५९६७२	२०६०६८
ग. अन्तरसरकारी वितीय हस्तान्तरण	४१४२९७७	०	४१४२९७७	४११३३६१	५६	४११३४१७
१.३. बेरूजु तथा अन्य प्राप्ति	५७७०८९	०	५७७०८९	५२४५९८	०	५२४५९८
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	**३४८६३३८**	**३५३१८१**	**३८३९५१९**	**३१९५२८२**	**३९०१६६**	**३५८५४४८**
२.१. ऋण लगानी फिर्ता	११९२९४	०	११९२९४	२९८२३	०	२९८२३
क. आन्तरिक ऋण लगानी फिर्ता	११९२९४	०	११९२९४	२९८२३	०	२९८२३
२.३. वैदेशिक ऋण प्राप्ति	८७७२९५	३५३१८१	१२३०४७६	९६९२५४	३९०१६६	१३५९४२०
२.४ आन्तरिक ऋण	२४८९७४८	०	२४८९७४८	२१९६२०४	०	२१९६२०४
ख. नागरिक बचतपत्र	२३६१३	०	२३६१३	२८२९८	०	२८२९८
ग. विकास ऋणपत्र	१००००००	०	१००००००	१२४५०००	०	१२४५०००
घ. वैदेशिक रोजगार बचतपत्र	२६४	०	२६४	५६७	०	५६७
ङ. विशेष ऋणपत्र	०	०	०	०	०	०
च. ब्याजमा आधारित ट्रेजरी बिल	१४६३५०६	०	१४६३५०६	१३२२४	०	१३२२४
छ. बट्टामा आधारित ट्रेजरी बिल	०	०	०	९०९०१५	०	९०९०१५
ज. अन्य	२३६६	०	२३६६	०	०	०
३. यस वर्षको खुद प्राप्ति (१+२)	**१८७१८०८०**	**४२२०८०**	**१९१४०१६०**	**१९७१०२२४**	**४८०६११**	**२०१९०८३५**
४. भुक्तानी	**२०३७६१५४**	**४२२०७९**	**२०७९८२३३**	**१८७३५९००**	**४८०५९९**	**१९२१६४९९**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	**२२३१२८०**	**०**	**२२३१२८०**	**१२२३१५४**	**०**	**१२२३१५४**
क. चालु खर्च	७३४१५३	०	७३४१५३	४५५६१७	०	४५५६१७
ख. वित्तीय खर्च	१४९७१२७	०	१४९७१२७	७६७५३७	०	७६७५३७
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	**१८१४४८७४**	**४२२०७९**	**१८५६६९५३**	**१७५१२७४६**	**४८०५९९**	**१७९९३३४५**
क. चालु खर्च	१२७८४८८०	४२४७६	१२८२७३५६	१२२७९३९६	१६७१८०	१२४४६५७६
ख. पुँजीगत खर्च	५१७०९८३	१०३४८८	५२७४४७१	४७९९१०१	१०२६८७	४९०१७८८
ग. वित्तीय खर्च	१८९०१२	२७६११५	४६५१२७	४३४२४९	२१०७३३	६४४९८२
५. विनिमय दर वा अन्य समायोजन	**०**	**०**	**०**	**१९०९१**	**०**	**१९०९१**
६. यस वर्षको जम्मा भुक्तानी (४+५)	**२०३७६१५४**	**४२२०७९**	**२०७९८२३३**	**१८७५४९९१**	**४८०५९९**	**१९२३५५९०**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	**-१६५८०७४**	**१**	**-१६५८०७३**	**९५५२३३**	**११**	**९५५२४४**
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	**१२७६०२०**	**११**	**१२७६०३१**	**३२०७८७**	**०**	**३२०७८७**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**-३८२०५५**	**१२**	**-३८२०४२**	**१२७६०२०**	**११**	**१२७६०३१**

६१.१ यो वर्ष सङ्घ, प्रदेश र स्थानीय तहहरूको कुल प्राप्ति रू.१९ खर्ब १४ अर्ब १ करोड ६० लाख रहेकोमा कुल खर्च रू.२० खर्ब ७९ अर्ब ८२ करोड ३३ भई सञ्चित कोषको मौज्दात रू.१ खर्ब ६५ अर्ब ८० करोड ७४ लाखले ऋणात्मक रहेको देखिन्छ।

गतवर्षसम्म सङ्घीय सञ्चित कोषको मौज्दात रू.५३ अर्ब ९१ करोड १४ लाखले ऋणात्मक रहेको, प्रदेश सञ्चित कोषहरू रू.७६ अर्ब ३४ करोड ९० लाख र स्थानीय सञ्चित कोषहरूमा रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाख मौज्दात रहेकोले गत वर्ष सम्मको एकीकृत सञ्चित कोषको मौज्दात रू.१ खर्ब २४ अर्ब ७६ करोड ३४ लाख रहेकोमा यो वर्ष एकीकृत सञ्चित कोषको विवरणमा रू.१ खर्ब २७ अर्ब ६० करोड ३१ लाख देखाएकोले बढी जिम्मेवारी सारेको रू.२ अर्ब ८३ करोड ९७ लाखको हिसाब समायोजन गर्नुपर्दछ।

६१.२ गत वर्षसम्म स्थानीय सञ्चित कोष र प्रदेश सञ्चित कोषहरूमा रू.१ खर्ब ७८ अर्ब ६७ करोड ४८ लाख मौज्दात रहेको र धरौटी तथा अन्य सबै कोष पूर्ण रूपमा स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा लेखाङ्कन नभएकोले गर्दा सोभन्दा बढी आउनेमा गत वर्षसम्मको मौज्दात रू.१ खर्ब ५० अर्ब ९३ करोड ८९ लाखमात्र जिम्मेवारी सारेर हिसाब तयार गरेकोले बैङ्क तथा नगद मौज्दात फरक परेको देखियो। जिम्मेवारी हसाब यकिन गरी यथार्थपरक वित्तीय विवरण तयार गर्नुपर्दछ।

६१.३ नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण प्रस्तुत गर्नु अगाडि गैर बजेटरी निकायको पहिचानसम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्दछ। कार्यालयले त्यस्ता निकायको पहिचान नगरी यो वर्ष ८८ गैर बजेटरी निकायको आम्दानी, खर्च, सम्पत्ति तथा दायित्वको विवरणमात्र समावेश गरेर एकीकृत वित्तीय विवरण तयार गरेको देखियो।

६२. **प्रदेश सञ्चित कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार प्रदेशहरूले स्थानीय तहहरूलाई यो वर्ष समपूरक, विशेष, सशर्त र समानीकरण अनुदानतर्फ रू.२६ अर्ब ३९ करोड ४४ लाख वित्तीय हस्तान्तरण गरेको विवरण पेस भएकोमा प्रदेशहरूबाट स्थानीय तहहरूले रू.२५ अर्ब ६८ करोड ६२ लाख प्राप्त गरेको वित्तीय व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कबाट देखिएको छ। यसरी प्रदेश सरकारले निकासा गरेको भन्दा स्थानीय तहहरूले रू.७० करोड ८२ लाख घटी आय लेखाङ्कन गर्नुको कारण पेस भएको छैन। सो हिसाब समायोजन गर्नुपर्दछ। साथै वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार प्रदेशहरूले स्थानीय तहहरूलाई वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानमा रू.२५ अर्ब ४२ लाख निकासा गरेकोमा वित्तीय विवरणको टिप्पणी नं ३.६ मा रू.२६ अर्ब ३९ करोड ४५ लाख निकासा देखाएकोले फरक रू.१ अर्ब ३९ करोड ३ लाखको समायोजन विवरण पेस गर्नुपर्दछ।

६३. **स्थानीय सञ्चित कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार सङ्घीय सरकारले यो वर्ष स्थानीय तहहरूलाई वित्तीय समानीकरण समेत सबै प्रकारका अनुदान स्वरूप रू.२ खर्ब ९७ अर्ब ६९ करोड ६१ लाख हस्तान्तरण गरेकोमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) अनुसारको स्थानीय तहको आर्थिक विवरणमा वित्तीय समानीकरण रू.९२ अर्ब ६५ करोड २९ लाख र अन्य सबै प्रकारका अनुदान रू.२ खर्ब १८ अर्ब ९७ करोड ८४ लाखसमेत रू.३ खर्ब ११ अर्ब ६३ करोड १४ लाख देखिएकोले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा भन्दा वित्तीय विवरणमा रू.१३ अर्ब ९३ करोड ५३ लाख फरक देखिएको छ। तसर्थ सङ्घीय सञ्चित कोषको आर्थिक विवरण र प्रणालीअनुसारको स्थानीय तहको निकासाबीच फरक परेको रकम हिसाब समायोजन गरी यकिन गर्नुपर्दछ।

६३.१ महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको कोष व्यवस्थापन गर्नका लागि २०७९।८० सम्म खर्च लेखाङ्कनको लागि स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र) को प्रयोग भए तापनि धरौटी तथा विभिन्न कोषहरू उक्त प्रणालीमा पूर्ण रूपमा समावेश भएको छैन। स्थानीय तहले स्थापना गरेका सबै प्रकृतिका कोष र धरौटीसमेत स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र) मा आबद्ध गरी कारोबार गर्नुपर्दछ।

६३.२ स्थानीय तहहरूले २०७८।७९ सम्म सञ्चित कोषलगायत विभिन्न कोषमा बाँकी रहेको रकमको जिम्मेवारी सार्दा वास्तविक रकमको जिम्मेवारी सार्नुपर्नेमा फरक परेको उल्लेख गरी महालेखा नियन्त्रक कार्यालयले यो वर्ष २८७ पालिकाको सञ्चित कोषमा रू.७ अर्ब ६८ करोड ९३ लाख आम्दानी छुटाएको तथा बढी आम्दानी जनाएको उल्लेख गरी ३५३ पालिकाको रू.३ अर्ब ९४ करोड १६ लाख घटाएको छ।

त्यसै गरी कार्यालयले धरौटीतर्फ २४७ पालिकाको रू.६७ करोड ९२ लाख ६६ हजार घटाएको र ५७ पालिकाको रू.९ करोड ११ लाख ९९ हजार थप गरेको छ। कार्यसञ्चालन कोषतर्फ ४४९ पालिकाको रू.५ अर्ब ३२ करोड ४१ लाख १३ हजार घटाएको र २२८ पालिकाको रू.१ अर्ब २५ करोड ६१ लाख ३३ हजार थप गरेको छ। विभाज्य कोषतर्फ १ पालिकाको रू.१ लाख ४१ हजार घटाई ९५ पालिकाको रू.७४ करोड ३७ लाख ४१ हजार थप गरेको छ। सञ्चित कोषको हिसाब राख्ने प्रणाली विकास र सुधार गर्ने निकायले सम्बन्धित तहको स्वीकृतिबेगर लेखापरीक्षण भएको आर्थिक विवरणमा संशोधन नगरी वित्तीय विवरण परिवर्तन गर्दा स्थानीय तहहरूको नगद मौज्दात परिवर्तन भएको छ।

६३.३ महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहहरूको आय-व्यय व्यवस्थित गर्न स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) लागु गरेको छ। सो प्रणालीमा स्थानीय तहलाई वैदेशिक स्रोतबाट निकासा हुने रकम प्रतिवेदन हुने व्यवस्था नरहेकोले एकीकृत वित्तीय विवरणको टिप्पणी नं १.३ मा द्विपक्षीय वैदेशिक अनुदान र बहुपक्षीय वैदेशिक अनुदान बापत स्थानीय तहलाई रू.६ करोड ५ लाख निकासा गरेको देखाएकोमा प्रणालीमा सो रकम देखिएन। सूत्रमा शोधभर्ना प्राप्ति, खर्च र शोधभर्ना बाँकीको हिसाबसमेत समावेश गरेको छैन। स्थानीय तहको गैरबजेटरी निकायको विवरण सूत्रमा समावेश नभएको र वित्तीय विवरणमा समेत समावेश भएको छैन।

कोष, अन्य खाता र विविध

६४. **कार्यसञ्चालन तथा अन्य कोष** - कार्यसञ्चालन तथा अन्य कोषतर्फ गत वर्ष रू.२७ अर्ब ४५ करोड २ लाख ५५ हजार मौज्दात देखिएकोमा एकीकृत वित्तीय विवरणमा यो वर्ष रू.१७ लाख ९६ हजार घटी हुने गरी रू.२७ अर्ब ४४ करोड ८४ लाख ५९ हजार जिम्मेवारी सारेकोले हिसाब यकिन गर्नुपर्दछ।

६५. **हिसाब मिलान** - महालेखा नियन्त्रक कार्यालयले कानुनबमोजिम विभिन्न प्रयोजनका लागि स्थापना र सञ्चालन गरेका सङ्घीय धरौटी र कोषहरूको प्राप्ति र भुक्तानी अवस्था ११ प्रकारका खाताको विवरण पेस गरेकोमा बजेटरी निकायतर्फ अन्य खाता, संस्थान, समिति, परिषद्, बोर्डतर्फ रू.३ अर्ब ८२ करोड ७२ लाख र क-२-७ कार्यसञ्चालन कोष तथा अन्य खाता सरकारी निकायतर्फ रू.२ अर्ब २० करोड ४३ लाख गरी रू.६ अर्ब ३ करोड १५ लाखको कोषहरूको विवरण नखुलाई मौज्दात, प्राप्ति, भुक्तानी

र बाँकी देखाएको छ। सङ्घीय एकाइहरूको नगद र बैङ्क मौज्दातको टिप्पणी नं ६.१ (बजेट निकाय) तर्फ २० खाताहरूमा सङ्घीय सञ्चित कोष बाहेक रू.१ खर्ब ३४ अर्ब ३७ करोड ३२ लाख नगद तथा बैङ्क मौज्दात देखाएकोमा हिसाब मिलान विवरण पेस गरेको छैन।

६६. **मौज्दात -** कार्यालयले प्रधानमन्त्री राहत कोष खाता, प्राकृतिक प्रकोप उद्धार तथा राहत कोष खाताको गत वर्षको मौज्दात विवरण प्रस्तुत गरेको छैन। त्यसै गरी प्रदेश प्रकोप व्यवस्थापन कोष खाताको गत वर्षसम्मको मौज्दात, यस वर्ष प्राप्ति, भुक्तानी, खर्च र बाँकीको विवरण प्रस्तुत गरेको छैन। बैङ्क हिसाब मिलान विवरण तयार गरी हिसाब पेस गर्नुपर्दछ। वित्तीय विवरणले देखाएको मौज्दात र बैङ्क अनुसारको मौज्दात स्वतः भिडान हुने प्रणालीको विकास हुनुपर्दछ।

६७. **प्रदेश सरकारका कोषहरूको लेखा -** प्रदेशहरूले धरौटी, विविध, कार्य सञ्चालन कोष तथा अन्य खाता सरकारी निकाय, आकस्मिक कोष खाता, प्रदेश विभाज्य कोष खाता, स्थानीय तह विभाज्य कोष खाता, कोरोना भाइरस नियन्त्रण कोष खाता, मुख्यमन्त्री विपद व्यवस्थापन कोष खाता र स्वरोजगार विकास कोष खाता जस्ता ९ वटा खाता सञ्चालन गरेकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीमा धरौटी खाता, विविध खाता, कार्य सञ्चालन कोष खाता तथा अन्य खाता सरकारी निकाय गरी ३ खातामात्र प्रविष्ट भएको छ। ती खाता बाहेक अन्य खातामा मौज्दात रहेको रू.१ अर्ब १४ करोड ४३ लाख मौज्दातको विवरण उक्त प्रणालीमा समावेश गरेको छैन। तसर्थ प्रणाली अध्यावधिक गरी सबै सरकारी खाताको रकम समावेश गर्नुपर्दछ।

६८. **पेस्की बाँकी** - एकीकृत वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षको सङ्घ, प्रदेश र स्थानीय तहको पेस्कीको विवरणमा कुल पेस्की रू.७३ अर्ब ३१ करोड ६५ लाख मध्ये सङ्घतर्फ रू.५० अर्ब ५ करोड ८५ लाख, प्रदेशतर्फ रू.८ अर्ब ४९ करोड २४ लाख, र स्थानीय तह तर्फ रू.१४ अर्ब ७६ करोड ५६ लाख बाँकी रहेको छ। गैर बजेटरी निकायतर्फ म्याद नाघेको रू.१ अर्ब ७० करोड ८२ लाख र बजेटरी निकायतर्फ म्याद नाघेको रू.३३ अर्ब ४ करोड २४ लाख रहेको छ। समयमा पेस्की फर्स्यौंट गर्नुपर्ने कानुनी व्यवस्थाको पूर्णतया पालना भएको छैन।

वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार सङ्घीय सरकारको म्याद ननाघेको पेस्की रू.१२ अर्ब ८४ करोड ७६ लाख रहेकोमा वित्तीय विवरणको टिप्पणी नं १२ मा म्याद ननाघेको पेस्की रू.२५ अर्ब ३२ करोड ५७ लाख देखिएकोले वित्तीय व्यवस्थापन सूचना प्रणालीभन्दा वित्तीय विवरणमा रू.१२ अर्ब ४७ करोड ८१ लाख फरक परेकोले सोको कारणसहित समायोजन विवरण तयार गर्नुपर्दछ।

प्रदेशहरूतर्फ एकीकृत वित्तीय विवरणअनुसार म्याद ननाघेको पेस्की रू.४ अर्ब ५८ करोड ६१ लाख रहेकोमा वित्त व्यवस्थापन सूचना प्रणाली अनुसार रू.३ अर्ब ३२ करोड ९५ लाख रहेकोले रू.१ अर्ब २५ करोड ६६ लाख फरक परेको छ। म्याद नाघेको पेस्कीतर्फ वित्तीय विवरण अनुसार रू.३ अर्ब ९० करोड ६२ लाख रहेकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार रू.३ अर्ब ५२ करोड ९८ लाख रहेकोले रू.३७ करोड ६४ लाख फरक परेको छ। दुवै विवरणबीच फरक परेको सम्बन्धमा हिसाब समायोजन विवरण तयार गर्नुपर्दछ।

६९. **रोयल्टी बाँडफाँट** - महालेखा नियन्त्रक कार्यालयले २०८०।९।१५ मा पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार सङ्घीय विभाज्य कोषमा रू.६ अर्ब ८ करोड ८ लाख, प्रदेश सञ्चित कोषमा रू.१० करोड ९५ लाख र स्थानीय सञ्चित कोषमा रू.७० करोड ६७ लाख गरी रू.६ अर्ब ८९ करोड ७० लाख

बाँडफाँट गर्न बांकी रहेको छ। समयमा नै निर्णय गरी बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा पठाउनुपर्दछ।

७०. **लगानीको विवरण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनमा यो वर्ष ऋण लगानी रू.३२ अर्ब १९ करोड २८ लाख उल्लेख गरेकोमा महालेखा नियन्त्रक कार्यालयले रू.३२ अर्ब ६ करोड ६५ लाख देखाएको छ। त्यस्तै सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक शेयर लगानीतर्फ रू.१३ अर्ब ५५ करोड ५० लाख देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले रू.१३ अर्ब २० करोड ३२ लाख देखाएको छ। यसप्रकार ऋण लगानीतर्फ रू.१२ करोड ६२ लाख र शेयर लगानीतर्फ रू.३५ करोड १८ लाख फरक परेको सम्बन्धमा समायोजन विवरण पेस गरेका छैनन्। त्यस्तै स्थानीय तहहरूले नगर विकास कोषमार्फत लिएको ऋणको एकीकृत प्रतिवेदन पेस भएको छैन।

७१. **आन्तरिक ऋणको उपयोग** - वित्तीय व्यस्थापन सूचना प्रणालीको प्रतिवेदनअनुसार यो वर्ष आन्तरिक ऋणबाट चालुतर्फ रू.८८ अर्ब ४ करोड ९२ लाख र पुँजीगततर्फ रू.१ खर्ब २० अर्ब ३६ करोड २१ लाखसमेत रू.२ खर्ब ८ अर्ब ६७ करोड ७२ लाख आन्तरिक ऋण स्रोत कायम गरी खर्च गरेको छ। कुल आन्तरिक ऋण रू.२ खर्ब ४८ अर्ब ७३ करोड ८३ लाख आम्दानी जनाएकोले बाँकी रू.४० अर्ब ६ करोड ११ लाखको उपयोगको अवस्था यकिन हुन सकेको छैन।

७२. **वैदेशिक ऋणको उपयोग** - वित्तीय व्यवस्थापन सूचना प्रणाली अनुसार विभिन्न दातृनिकायबाट यो वर्ष रू.१ खर्ब २३ अर्ब ४ करोड ७६ लाख ऋण प्राप्त भएकोमा वित्तीय हस्तान्तरण बाहेक २८ बजेट उपशीर्षकमा रू.२५ अर्ब ९१ करोड ८७ लाख, पुँजीगत खर्चमा रू.६१ अर्ब ६५ करोड १४ लाख र वित्तीय व्यवस्था तर्फ रू.२८ अर्ब ६१ करोड ६८ लाखसमेत रू.१ खर्ब १६ अर्ब १८ करोड ७० लाख उपयोग भएकोमा रू.६ अर्ब ८६ करोड ६ लाखको स्रोत उपयोग भएको छैन। ऋणको हिसाब यकिन गरी स्रोतको उपयोग हुने गरी प्रणालीमा सुधार गर्नुपर्दछ।

७३. **बक्यौता रकमको लेखा** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदन अनुसार सङ्घीय इकाईअन्तर्गतका कार्यालय र बजेटरी निकायले भाका नाघेको लगानी फिर्ता, साँवा, ब्याज, राजस्व बक्यौता तथा भाडा लगायतमा उठ्न बाँकी गैर बजेट निकायको रू.३ अर्ब ५८ करोड ५३ लाख देखाएको छ। बजेट निकाय अन्तर्गत यो वर्षसम्म रू.२ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख बक्यौता रहेको आन्तरिक राजस्व विभागले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। महालेखा नियन्त्रक कार्यालयले अदालत तथा अन्य सरकारी निकायसँग समन्वय गरी बजेट निकायको प्राप्त हुनुपर्ने रकमको सम्पूर्ण विवरण खुलाई प्रतिवेदन पेस गर्ने र बक्यौता असुलीको लागि समन्वय गर्नुपर्दछ।

७४. **शोधभर्ना हिसाब** - महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक अनुदान र ऋणको शोधभर्ना हुन बाँकी हिसाबमध्ये ऋण रू.५ अर्ब ५९ करोड ३४ लाख र अनुदानतर्फ रू.१६ अर्ब ९ करोड ४५ लाख गरी रू.२१ अर्ब ६८ करोड ७८ लाख बाँकी देखाएको छ। तर सोही कार्यालयको बजेट तथा शोधभर्ना शाखाले तयार गरेको वैदेशिक सहायता शोधभर्ना हुने ऋण र अनुदानको वार्षिक विवरणमा शोधभर्ना प्राप्त हुन बाँकी अनुदान रू.७ अर्ब ४८ करोड ७८ लाख र ऋण रू.११ अर्ब ३१ करोड ९ लाख गरि रू.१८ अर्ब ७९ करोड ८७ लाख देखाएकोले रू.२ अर्ब ८८ करोड ९२ लाख फरक परेको छ। सोको कारण यकिन हुनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयको शोधभर्ना शाखाले तयार गरेको विवरणमा शोधभर्ना हुनुपर्ने ऋणतर्फ रकम रू.११ अर्ब ३१ करोड ९ लाख रहेको छ। तर शोधभर्ना प्राप्त हुनेतर्फको ऋणात्मक मौज्दात घटाउँदा रू.३८ अर्ब ३४ करोड ४१ लाख रहेकोले फरक रू.२७ अर्ब ३ करोड ३२ लाखको हिसाब मिलान गर्नुपर्दछ।

७५. **प्राविधिक तथा अन्य सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार वैदेशिक सहायता सम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। बजेट वक्तव्य साथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १४ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १४५ आयोजना/कार्यक्रमको लागि यस वर्ष रू.२२ अर्ब ४४ करोड ४ लाख ५२ हजार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १७० कार्यक्रम/आयोजनाको लागि रू.१९ अर्ब १५ करोड ९ लाख २५ हजारसमेत रू.४१ अर्ब ५९ करोड १३ लाख ७७ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकममध्येबाट खर्च भएको रकम आर्थिक विवरणमा समावेश गरेका छैनन्। प्राविधिक तथा अन्य सहायता रकमको लेखापरीक्षणसमेत नगराएकोले सरकारको समग्र आय-व्ययको यथार्थ चित्रण गर्न प्राविधिक तथा अन्य सहायतालाई केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

७६. **आयोजना हिसाब** - एकीकृत वित्तीय प्रतिवेदनमा वैदेशिक ऋण प्राप्तितर्फ रेट्रोफाइनान्सिङ समेत दाताअनुसार कुल प्राप्ति देखाए तापनि ऋणको क्रमसङ्ख्याअनुसार प्राप्त रकम खुलाएका छैनन्। उदाहरणको लागि यो वर्ष एसियाली विकास बैङ्कतर्फ रू.६ अर्ब ३३ करोड ९६ लाख र विश्व बैंङ्कतर्फ रू.१ अर्ब ४ करोड ५८ लाखको विवरण प्रस्तुत गरेको छैन। रेट्रोफाइनान्सिङले परेको असरसमेत खुलाई वित्तीय विवरण प्रस्तुत गर्नुपर्दछ।

७७. **सार्वजनिक सम्पत्तिको व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २६(४र ५) अनुसार मन्त्रालय र निकायअन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्नका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गरेको छ। उक्त प्रणालीमा गैरवित्तीय सम्पत्तिको विवरण समावेश हुने र खप्ने मालसामान र अन्य सम्पत्तिको विवरण समावेश गरेको छ। यस सम्बन्धी विवरणमा देखिएका बेहोरा देहायबमोजिम रहेका छन्:

७७.१ सङ्घीय सरकारअन्तर्गत २०७९।८० मा ४ हजार ५२ कार्यालय रहेकोमा ३ हजार ५८४ कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा विवरण प्रविष्ट गरेका छन्। आर्थिक वर्ष २०७७।७८ देखि नै सबै तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु भए तापनि हालसम्म पनि सबै कार्यालयको विवरण प्रविष्टि नभएकोले उक्त प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा आएको छैन । तसर्थ सबै प्रकारका सामानको आम्दानी, खर्च र मौज्दात प्रविष्ट हुनुपर्दछ।

७७.२ सङ्घीय सरकारअन्तर्गत ३ हजार ५८४ कार्यालयको कुल रू.१ खर्ब ३४ अर्ब ७६ करोड, प्रदेशअन्तर्गतका सरकारी कार्यालयहरूमध्ये १ हजार ३०७ कार्यालयमा कुल रू.२९ अर्ब ७८ करोड र स्थानीय तहतर्फको ७११ को रू.३६ अर्ब ७२ करोड समेत रू.२ खर्ब १ अर्ब २६ करोडको सम्पत्तिको अभिलेख राखेको देखियो। सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन प्रणालीको विवरणअनुसार सङ्घीय

सरकारी कार्यालयहरूमा २४ हजार ६६० वटा मोटरसाइकल र ११ हजार ९ कार जिप, प्रदेशस्तरका कार्यालयहरूमा ९ हजार ५७१ मोटरसाइकल र १ हजार ९७६ कार जीप, भ्यान तथा स्थानीय तहमा १८ हजार ७११ मोटरसाइकल र १ हजार ३९० वटा कार जीप भ्यानसमेत ६७ हजार ३१७ सवारीसाधन परिचालन भएको देखियो। यस्ता सवारी साधान परिचालनको मापदण्ड बनाई व्यवस्थित गर्नुपर्दछ।

७८. **आन्तरिक लेखापरीक्षण** - महालेखा नियन्त्रक कार्यालयले यो वर्ष सङ्घीय सरकार मातहतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गरी रू.३० अर्ब ४ करोड ४ लाख बेरूजु कायम गरेको छ। तर वित्तीय व्यवस्थापन सूचना प्रणालीमा रू.२९ अर्ब ५६ करोड ७७ लाख बेरूजु रहेको उल्लेख छ।

त्यसै गरी प्रदेशहरूतर्फ वित्तीय विवरणमा रू.४ अर्ब ११ करोड ६० लाख आन्तरिक लेखापरीक्षणबाट बेरूजु देखाएकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार रू.४ अर्ब ३० करोड ७३ लाख देखाएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीसँग आबद्ध गरी प्रतिवेदन दिने काम गरेको छैन।

आन्तरिक लेखापरिक्षण गर्न २०७७।७८ देखि चार वर्षका लागि कर्मचारीलाई खटाउने गरी २३० दरबन्दी स्वीकृत गरेकोमा १३३ जनालाई आन्तरिक लेखापरीक्षकको रूपमा खटाएको छ। दरबन्दी बमोजिम कर्मचारी खटाई आन्तरिक लेखापरीक्षणलाई थप सुधार गर्न आवश्यक छ। आन्तरिक लेखापरीक्षण योजना तयार गरी समयमा नै लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणबाट औँल्याएइका बेहोराहरूको सुधार गर्न पहल गर्नुपर्दछ।

आन्तरिक राजस्व विभाग

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई करदातालाई आवश्यक सेवा प्रदान गर्ने, कर सङ्कलन लागत घटाउने, करको दायरा विस्तार गर्ने, करदाताको स्वेच्छिक सहभागिता अभिवृद्धि एवं कर कानुनको पालना गर्ने, सोको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर कानुनहरूको कार्यान्वयन गर्ने गराउने उद्देश्यले विभागको गठन भएको हो। विभाग मातहत १ ठूला करदाता कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय, ४३ आन्तरिक राजस्व कार्यालय र ३९ करदाता सेवा कार्यालयमार्फत कर प्रशासन सञ्चालन एवं व्यवस्थापन हुँदै आएको छ।

७९. **राजस्व लक्ष्य र असुली** - विभागले २०७९।८० मा रू.६ खर्ब २६ अर्ब ६१ करोड राजस्व असुली गर्ने लक्ष्य लिएकोमा रू.४ खर्ब ७९ अर्ब ८० करोड (७६.५७ प्रतिशत) असुली गरेको छ। गत वर्ष रू.४ खर्ब ८३ अर्ब ४८ करोड असुल भएकोमा गत वर्षको तुलनामा यो वर्ष रू.३ अर्ब ६८ करोड घटी राजस्व असुल भएको छ। विभाग मातहतका कार्यालयहरूको राजस्वको लक्ष्य र असुली स्थिति निम्नानुसार रहेको छः

(रकम रू.करोडमा)

कार्यालयको नाम	२०७८।७९ को असुली	२०७९।८० को लक्ष्य	२०७९।८० को असुली	चालु वर्षको असुली प्रतिशत
ठूला करदाता कार्यालय, हरिहरभवन	१८३०४	२६१३०	१८५९७	७१.१७
मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल	२९८०	३५०३	२०४१	५८.२६
आन्तरिक राजस्व कार्यालय, कावासोती	२४११	३२१३	२६११	८१.२६
आन्तरिक राजस्व कार्यालय, भरतपुर	२२०२	२६२७	२०४७	७७.९२
आन्तरिक राजस्व कार्यालय, सिमरा	१२९२	१७३२	१४५७	८४.१२
आन्तरिक राजस्व कार्यालय, पुतलीसडक	१२७५	१५०७	१३६४	९०.५१
आन्तरिक राजस्व कार्यालय, भैरहवा	११६३	१४६३	१२२३	८३.६०
आन्तरिक राजस्व कार्यालय, दमौली	९२५	११७१	१०८१	९२.३१
आन्तरिक राजस्व कार्यालय, बुटवल	१०८९	१३३९	१०१०	७५.४३
आन्तरिक राजस्व कार्यालय, ललितपुर १	१००८	१२३०	१००५	८१.७१
आन्तरिक राजस्व कार्यालय, विराटनगर	८३४	१००४	७७१	७६.७९
आन्तरिक राजस्व कार्यालय, वीरगन्ज	८७२	१०६३	७१४	७१.१७
अन्य कार्यालय	१३९९३	१६६७९	१४०५९	८४.२९
जम्मा	**४८३४८**	**६२६६१**	**४७९८०**	**७६.५७**

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०७९।८०

उल्लिखित तालिकाअनुसार सबैभन्दा बढी राजस्व लक्ष्य भएका १२ कार्यालयको योगदान कुल लक्ष्यमा ७३.३८ प्रतिशत र कुल असुलीमा ७०.६९ प्रतिशत रहेको छ। विभागअन्तर्गतका ४५ कार्यालयमध्ये जुम्ला र डडेलधुरा बाहेकका ४३ कार्यालयले लक्ष्यअनुरूप राजस्व असुल गर्न सकेको देखिएन। त्यस्तै ३९ करदाता सेवा कार्यालयमध्ये २४ ले लक्ष्यभन्दा कम राजस्व सङ्कलन गरेका छन्। राजस्वको लक्ष्य निर्धारण गर्दा मुलुकको आर्थिक अवस्थाको विश्लेषण गर्नुपर्दछ।

८०. **राजस्व बक्यौता र लगत कट्टा -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(ज) मा कर बक्यौता असुल गर्ने व्यवस्था छ। विभागको वार्षिक प्रतिवेदनअनुसार कुल राजस्व बक्यौता रू.२ खर्ब ५८ अर्ब ८५ करोड ४८ लाख रहेकोमा एकीकृत वित्तीय विवरणमा रू.२ खर्ब २८ अर्ब १८ करोड ६९ लाख उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरणमा रू.३० अर्ब ६६ करोड ७९ लाख बक्यौता फरक परेको देखिन्छ। कार्यालयले वार्षिक प्रतिवेदन तयार गर्दा बक्यौता रकममा २०८०।३।३२ सम्मको ब्याजसमेत गणना गरेको तर एकीकृत वित्तीय विवरणमा ब्याज बाहेकको बक्यौता राखेकोले फरक परेको जनाएको छ। विभागले पेस गरेको राजस्व बक्यौताको लगत र मिनाहा सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८०.१ विभागको वार्षिक प्रतिवेदनमा उल्लिखित बक्यौतामध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका ५ हजार ४४३ करदाताको रू.१ खर्ब ४५ अर्ब ७७ करोड ९० लाख (५६.३२ प्रतिशत) रहेको छ। सोमध्ये आयकरतर्फ रू.१ खर्ब २७ अर्ब ६९ करोड ४५ लाख, मूल्य अभिवृद्धि कर तर्फ रू.१४ अर्ब ६४ करोड ११ लाख, अन्तःशुल्कतर्फ रू.३ अर्ब १३ करोड ७६ लाख र अन्य रू.३० करोड ५८ लाख रहेको छ।

८०.२ प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा नगएका २ लाख ७० हजार ३८३ करदाताको रू.१ खर्ब १३ अर्ब ७ करोड ५९ लाख (४३.६८ प्रतिशत) बक्यौता रहेको छ। सो मध्ये आयकरतर्फ रू.५९ अर्ब ४० करोड ८५ लाख, मूल्य अभिवृद्धि करतर्फ रू.५१ अर्ब १२ करोड ६० लाख, अन्तःशुल्कतर्फ रू.१ अर्ब ६१ करोड ५७ लाख र अन्य रू.९२ करोड ५७ लाख रहेको छ।

८०.३ विभागको एकीकृत वित्तीय विवरणअनुसार विभागअन्तर्गतका कार्यालयहरूको जिम्मेवारी सरेको सुरु लगत रू.१ खर्ब ८७ अर्ब ३९ करोड रहेकोमा यो वर्ष रू.४ अर्ब ६६ करोड ४७ लाख (२.४८ प्रतिशत) मात्र असुल भएको देखिन्छ।

८०.४ विभागको लगतमध्ये आयकर तथा मूल्य अभिवृद्धि करतर्फ नन्फाइलर रहेका करदाताको समेत बक्यौता रहेको देखिन्छ। विभागले कारोबार गरिरहेका करदाताको विवादरहित बक्यौताको विवरण अद्यावधिक रूपमा तयार गरेको छैन। विवादरहित कर बक्यौता असुलीका लागि चल अचल सम्पत्ति रोक्का गरी लिलामीको प्रक्रियामा जाने, बैङ्क तथा वित्तीय संस्थामा रहेको करदाताको खाताको रकम दाबी गर्ने, व्यवसायीको राहदानी रोक्का गर्ने, अन्य सरकारी निकायबाट प्रदान गरिने सेवामा सूचनाको आदानप्रदान लगायतका कार्यमा अपेक्षाअनुसार कर प्रशासनले कार्य गर्न सकेको छैन। बक्यौता असुली कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

८१. **करको दायरा -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेशा, व्यवसाय वा कारोबार गर्दा तोकिएबमोजिम दर्ता हुनुपर्ने तथा इजाजत लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८१.१ करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई तीव्रता दिने, भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरूलाई स्थायी लेखा नम्बर प्रदान गर्ने, सबै किसिमका व्यवसायलाई करको दायरामा ल्याउने कार्यक्रममार्फत करदाताको संख्यामा वृद्धि भए पनि लक्ष्यअनुरूप राजस्व सङ्कलन हुन सकेको छैन। करमा दर्ता भएका एवं इजाजत लिने करदाताको संख्या निम्नानुसार छः

विवरण	२०७६।७७ सम्म	२०७७।७८ सम्म	२०७८।७९ सम्म	२०७९।८० मा थप/घट	२०७९।८० सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१४२९६०४	१५७७३८३	१७६२४१३	१४२६९९	१९०५११२
व्यक्तिगत स्थायी लेखा नम्बर	१९७८६८०	२४७१७२६	३०५०३०४	६१३४८३	३६६३७८७
अग्रिम कर स्थायी लेखा नम्बर	५१०६	९९९८	१८०९४	१००२८	२८१२२
जम्मा	३४१३३९०	४०५९१०७	४८३०८११	७६६२१०	५५९७०२१
मूल्य अभिवृद्धि करमा दर्ता	२६८४३६	२८५०९८	२९१३६१	२४१८९	३१५५५०
अन्तः शुल्क इजाजतपत्र	९४२९२	१०३४२३	१३११२७	-१४४५२	११६६७५

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०७९।८०

उपर्युक्त विवरणअनुसार २०७८।७९ को तुलनामा यो वर्ष स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा आयकरतर्फ ८.१० प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ ८.३० प्रतिशत वृद्धि भएको र अन्तःशुल्क इजाजतपत्र नवीकरण नगरेको कारण ११.०२ प्रतिशत न्यून भएको देखिन्छ।

८१.२ व्यावसायिक स्थायी लेखा नम्बर लिनेको संख्या वृद्धि भई १९ लाख ५ हजार ११२, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ३६ लाख ६३ हजार ७८७ र अग्रिम कर स्थायी लेखा नम्बर २८ हजार १२२

गरी ५५ लाख ९७ हजार २१ पुगे तापनि मुलुकको विद्यमान जनसंख्या, आर्थिक क्रियाकलापमा संलग्न व्यवसायी तथा पेशागत व्यक्ति करको दायरामा समेटिएको सुनिश्चितहुनुपर्दछ।

८१.३ चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, लेखापरीक्षक, कलाकार, खेलाडी, शिक्षक प्राध्यापक लगायतका पेशाविद्हरु मध्ये कतिपयले अझै पनि स्थायी लेखा नम्बर लिन बाँकी रहेको छ। पेशाविद्हरुले आफ्नो पेशालाई निरन्तरता दिन प्रत्येक वर्ष पेशागत प्रमाणपत्रलाई नियमनकारी निकायमा नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेस गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गर्नुपर्ने बेहोरा गत विगतका प्रतिवेदनहरूमा समेत औँल्याइएकोमा उल्लेखनीय सुधार भएको देखिएन। विभागले सम्बद्ध निकायबीच अन्तरआबद्धतासहित समन्वय कायम गर्नुपर्दछ।

८१.४ करदाताको संख्यामा प्रत्येक वर्ष बढोत्तरी देखिए पनि व्यक्तिगत स्थायी लेखा नम्बर लिएका करदाताबाट राजस्वमा उल्लेख्य योगदान पुगेको देखिएन। संख्यात्मक करदाता भन्दा व्यावसायिक कारोबार गरेर बढी कर दाखिला गर्ने करदाताहरूको कारोबारलाई करको दायरामा ल्याउन राजस्व प्रशासनले सूचना प्रविधि लगायतको प्रयोगबाट निगरानी बढाउनुपर्दछ।

८२. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृतसमक्ष कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि कर कार्यान्वयनको स्थिति निम्नानुसार छः

विवरण	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
डेबिट विवरण प्रतिशत	२५.६०	२२.१७	११.०७	२२.८७	११.३१
क्रेडिट विवरण प्रतिशत	४५.९०	४८.३८	५५.१५	४५.७१	५८.७७
शून्य विवरण प्रतिशत	२८.५०	२९.४५	३३.७८	३१.४२	२९.९२
आषाढमा डेबिट (रू.अर्बमा)	१२.६९	११.२३	१०.४८	१५.६५	१४.१८
आषाढमा क्रेडिट (रू.अर्बमा)	३९.७४	४२.४०	४७.४४	७१.२७	६९.८५
क्रेडिट/डेबिट अनुपात (गुणा)	३.१३	३.७७	४.५३	४.५५	४.९२

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०७९।८०

८२.१ विभागको वार्षिक प्रतिवेदनअनुसार यो वर्षको कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ रू.१४ अर्ब १८ करोड डेबिट विवरण तथा रू.६९ अर्ब ८५ करोड क्रेडिट विवरण पेस भएको छ। यसरी क्रेडिट रहेको रकम करदाताले आगामी अवधिमा कर मिलान गर्न पाउने हुँदा उक्त रकमलाई विभागले सरकारी दायित्वको रूपमा खुलासा गर्नुपर्नेमा गरेको छैन। सोही प्रकृतिको क्रेडिट कट्टी पाउने रकम अन्तःशुल्क र आयकरतर्फ समेत रहे तापनि विभागको वित्तीय विवरणमा सो सम्बन्धमा खुलासा गरेको छैन। करदाताले सरकारसँग फिर्ता पाउने भनेर देखाएको रकम प्रत्येक वर्ष बढ्दै गएको छ। यद्यपि विभागले यस्तो दायित्वको लेखाङ्कन नगरेकोले यसबाट आगामी वर्ष प्राप्त हुने राजस्वमा समेत प्रभाव पर्ने देखिन्छ। अतः यस्तो दायित्व यकिन गरी वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

८२.२ गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण (कर तिर्ने) संख्यामा कमी भएको र क्रेडिट विवरण(कर फिर्ता दाबी गर्ने) विवरण बुझाउनेको संख्यामा वृद्धि भएको छ। यी दुवै अवस्थाले मूल्य अभिवृद्धि कर कार्यान्वयन अपेक्षा अनुरूप प्रभावकारी देखिँदैन। त्यसै गरी २०७७।७८ मा कुल आन्तरिक राजस्वमा

मूल्य अभिवृद्धि करको योगदान २७.१२ प्रतिशत रहेकोमा २०७९।८० मा २४.४९ प्रतिशत रहेको देखियो। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न विद्युतीय बिजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इनफोर्समेन्ट, बजार अनुगमन जस्ता विधिको प्रयोग गर्नुपर्दछ।

८३. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२, को दफा ३१क. र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा कर तथा शुल्क निर्धारण उपर विवादित रकमको एक चौथाइ रकम बुझाई प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार प्रशासकीय पुनरावलोकनका लागि गत वर्षसम्म १ हजार २९५ निवेदन उपर कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ७०९ थप भई २ हजार ४ पुगेको र सो मध्ये यो वर्ष ६८४ को कारबाही टुङ्गो लगाई १ हजार ३२० निवेदन बाँकी रहेका छन्। कारबाही टुंगो लागेका र कारबाही टुङ्गो लाग्न बाँकी करदाता प्रशासकीय पुनरावलोकनमा जाँदा बुझाएको विवादित करको करदातागत अभिलेख राखेको छैन। अतः प्रशासकीय पुनरावलोकनमा जाँदा करदाताले बुझाएको विवादित रकमको करदातागत अभिलेख राखी टुङ्गो लाग्न बाँकी निवेदनउपर समयमा विवादको निरूपण गर्नुपर्ने बेहोरा गत विगतदेखि औंल्याउँदै आइएकोमा यसमा सुधार भएको छैन। ऐनले तोकेको अवधि ६० दिन भित्र विवाद टुङ्गो लगाउनुपर्दछ।

८४. **कर परीक्षण -** आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०७९।८० मा पूर्ण करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका फाइल सङ्ख्या ६ हजार ३२३ र यो वर्ष ६ हजार ५३९ छनोट भएका समेत १२ हजार ८६२ फाइलको कर परीक्षण गर्नुपर्नेमा ५ हजार २९२ फाइल मात्र करपरीक्षण गरेको देखियो। यो वर्ष छनोट भएका फाइललाई आधार लिँदा लक्ष्यको तुलनामा ८०.९३ प्रतिशत र परीक्षण गर्नुपर्ने कुल फाइलको तुलनामा ४१.१४ प्रतिशत मात्र परीक्षण सम्पन्न भई बाँकी ७ हजार ५७० फाइल (५८.८६ प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सारेको छ। व्यावसायिक स्थायी लेखा नम्बर लिएका कुल करदाता १९ लाख ५ हजार ११२ मध्ये यो वर्ष ०.२८ प्रतिशत करदाताको मात्र करपरीक्षण भएको छ। विभागले जोखिममा आधारित छनोट प्रणाली अवलम्बन गरेको भएता पनि जोखिम सूचक समय समयमा पुनरावलोकन नगर्दा एउटै करदाता प्रत्येक वर्ष छनोटमा पर्ने र केही करदाता छनोटमा नै नपर्ने अवस्था देखिएको छ। सबै कर परीक्षण गर्नुपर्ने ठूला तथा मध्यस्तरीय कर कार्यालयहरूले कर परीक्षण गरेका करदाता १ हजार १३७ मध्ये यो वर्ष ४ वर्षको सीमान्त अवधि अर्थात आय वर्ष २०७५।७६ सम्मका ४८० (४२.२२ प्रतिशत) करदाताको परीक्षण गरेको देखियो। यसरी कर परीक्षणमा ढिलाइ हुँदा करदातालाई ब्याज लगायतको भार बढेको अवस्थासमेत देखिएको छ। तसर्थ कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गरिनुपर्दछ।

८५. **कर परीक्षणबाट योगदान -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार देखिन्छः

(रकम रू.अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	पूर्ण कर परीक्षणबाट योगदान	
		रकम	प्रतिशत
२०७५।७६	३५८.३५	५०.७९	१४.१७
२०७६।७७	३८४.५३	७.७०	२.००
२०७७।७८	४२९.२७	७१.८२	१६.७३
२०७८।७९	४८३.४८	२०.१५	४.१७
२०७९।८०	४७९.८०	१९.८९	४.१४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनहरू

कर परीक्षणबाट २०७७।७८ मा रू.७१ अर्ब ८२ करोड अर्थात् कुल कर राजस्वको तुलनामा १६.७३ प्रतिशत रहेकोमा २०७८।७९ मा ४.१७ प्रतिशत रहेको छ भने २०७९।८० यस्तो योगदान ४.१४ प्रतिशतमा झरेको छ। गत वर्ष ५ हजार ९२१ आय वर्षको फाइल परीक्षण गरी रू.२० अर्ब १५ करोड कर निर्धारण भएकोमा यस वर्ष ५ हजार २९२ आय वर्षको फाइल परीक्षणबाट रू.१९अर्ब ८९ करोड थप कर निर्धारण भएको छ। राजस्वको लक्ष्य पुरा नभएको अवस्थामा आन्तरिक राजस्व प्रशासनको सक्रियता बढ्दै जानुपर्नेमा सोअनुसार भएको देखिएन। संशोधित कर निर्धारणबाट निर्धारित करको असुलीसमेत तदनुरूप हुन नसकी कर विवाद तथा बक्यौता बढ्दै गएको छ। जोखिमयुक्त कारोबार र करदाताको छनोट गरी कर परीक्षण र अनुसन्धानको गुणस्तर वृद्धि गर्दै समग्र कर प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

८६. **विद्युतीय सेवामा कर -** आर्थिक ऐन, २०७९ ले गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा २ प्रतिशतका दरले विद्युतीय सेवा कर लगाउने व्यवस्था गरेको छ। सोही व्यवस्था बमोजिम २०७९।८० मा गूगल, मेटा, लिंक्डइन, माइक्रोसफ्ट, अमेजन लगायतका १० कम्पनीहरू दर्ता भएकोमा ५ करदाताले मात्र रू.१ करोड १३ लाख १० हजार कर दाखिला गरेको देखियो। दर्ता भएका सबै कम्पनीबाट कर सङ्कलन नभएको र यस्तो कारोबार गर्ने सबै गैह्र बासिन्दा व्यक्ति कर दायरामा नआएकोले यस सम्बन्धमा विभागले छानबिन गरी सबै करदातालाई करको दायरा ल्याई करको योगदानमा वृद्धि गर्नुपर्दछ।

८७. **मूल्य हस्तान्तरण -** आयकर ऐन, २०५८ को दफा ३३ (१) अनुसार सम्बद्ध व्यक्तिहरूबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहारअनुसार सञ्चालन गरिएको भए तिनीहरूका लागि कायम हुनसक्ने करयोग्य आय वा बुझाउनपर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरूबीच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरू विभागले लिखित सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँट गर्न सक्ने व्यवस्था छ। नेपालमा बहुराष्ट्रिय कम्पनी वा अन्य करदाताहरूले सम्बद्ध कम्पनी, नियन्त्रित निकायहरूलाई कुनै सेवा लिई वा नलिई अमूर्त रूपमा रोयल्टी, व्यवस्थापन शुल्क, परामर्श शुल्क, व्यवस्थापन सहयोगलगायतका शीर्षकमा ठूलो रकम खर्च लेखाङ्कन गर्ने गरेका छन्। यसरी कम्पनीमा शेयर लगानी वा अन्य तरिकाले नियन्त्रण राख्ने निकायलाई गरिएको भुक्तानीमा अग्रिम करकट्टी गरेको उल्लेख गरी दाबी गरेको खर्चलाई कर प्रशासनले छुट दिने गरेको छ। यस्तो रकम कुन हदसम्म छुट दिनेलगायतका मापदण्ड समेटेर विभागले मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ) सम्बन्धी निर्देशिका तयार गरेको छैन। करदातालाई लाग्ने आय करभन्दा अग्रिम करको दर कम

भएकोले यस्ता खर्चहरूबाट कर दायित्वमा परेको असर सम्बन्धमा अध्ययन/विश्लेषण गरेको पाइँदैन। यस्ता कारोबारमा आय कर र अग्रिम करको दर समान बनाउने र कर नियोजनलाई नियन्त्रण गर्ने गरी मूल्य हस्तान्तरण निर्देशिका बनाई लागु गर्नुपर्दछ। ठूला करदाता कार्यालयअन्तर्गतका विभिन्न १७ करदाताहरूले रोयल्टी, व्यवस्थापन शुल्क, टेक्निकल सपोर्ट शुल्क आदि उल्लेख गरी सम्बद्ध पक्षहरूलाई रू.१० अर्ब ९ करोड ७५ लाख भुक्तानी गरेकोमा स्थायी संस्थापन निर्देशिका, २०७७ को दफा ११.८ अनुसार रोयल्टीलगायत यस्ता खर्च कट्टी नपाउने सम्बन्धमा थप छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ।

८८. **कर छुट** - नेपाल सरकारले शिक्षा, स्वास्थ्य तथा सामाजिक कल्याणका क्षेत्रमा सेवा प्रदान गर्ने विभिन्न संस्थालाई कर छुटको सुविधा प्रदान गर्दै आएको छ। सोही प्रकृतिका सेवा निजी क्षेत्रका सङ्घ संस्थासमेतले प्रदान गर्दै आएका छन्। समान प्रकृतिको व्यवसायमा कर तिर्ने र कर छुट पाउने पक्षबाट सेवा प्रवाह भइरहेको छ। यसरी समान प्रकृतिको सेवा प्रदान गर्न कर छुट प्राप्त गर्ने संस्था र कर छुट नपाउने संस्थाबीचको सेवाको स्तर, सेवा शुल्क तथा सञ्चालन खर्चको मूल्याङ्कन एवं विश्लेषण गरी कर छुटको आवश्यकता एवं औचित्य सम्बन्धमा अध्ययन एवं पुनरावलोकन भएको देखिँदैन।

राष्ट्रिय बजेट प्रणालीमार्फत प्राप्त नभई गैरबजेटरी प्रणाली र सरकारी कोष बाहिरबाट सञ्चालन हुने वैदेशिक सहायतामा सञ्चालित कार्यक्रमलाई कर छुट दिने व्यवस्थामा पुनरावलोकन हुनुपर्ने बेहोरा गत विगत वर्षहरूको प्रतिवेदनमा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन।

८९. **बजार मूल्य निर्धारण** - आयकर ऐन, २०५८ को दफा २(ष) मा बजार मूल्य भन्नाले कुनै सम्पत्ति वा सेवाका सम्बन्धमा असम्बन्धित व्यक्तिहरूबीच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य सम्झनु पर्ने उल्लेख छ। सोही ऐनको दफा १५, ४०, ४१, ४२, ४४, ४५, ५७ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२, १३ लगायतका दफामा प्रचलित बजार मूल्यलाई आधार लिई कर प्रशासन गर्नुपर्ने व्यवस्था छ। कर कानुनमा उक्त व्यवस्था भए तापनि बजार मूल्य निर्धारण गर्ने कार्यका लागि विभागले छुट्टै मापदण्ड तयार गरेको छैन। तसर्थ कानुनी व्यवस्थाहरूको परिपालना गरी राजस्व प्रशासनलाई वस्तुनिष्ठ, व्यवस्थित, मर्यादित र जवाफदेही बनाउन बजार मूल्य निर्धारण गर्ने मापदण्डको व्यवस्था मिलाउनुपर्ने बेहोरा गत विगत वर्षहरूको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ।

९०. **कर अन्तर** – विगत केही वर्षदेखि विभागलाई तोकिएको राजस्वको लक्ष्य पुरा हुन सकेको छैन। विभागले कर अन्तर अध्ययन, राजस्व जोखिम अध्ययन, नीति तथा परिपालना जस्ता विषयमा अध्ययन कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिँदै आएको भए तापनि सो अनुसार अध्ययन अनुसन्धान भए गरेको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार देशको अर्थतन्त्रमा ४९.९० प्रतिशत अनौपचारिक रूपमा रहेको देखिएकाले त्यस्तो अर्थतन्त्रलाई क्रमशः औपचारिक क्षेत्रतर्फ प्रवाहित गर्दै जाने, कर अन्तर रहेका क्षेत्रहरूको पहिचान गरी घटाउँदै लैजाने तथा राजस्व प्रशासनका समग्र सूचकहरूलाई सकारात्मक र अपेक्षित बनाउन विभागको प्रशासनिक दक्षतामा अभिवृद्धि र अध्ययन अनुसन्धान कार्यमा तीव्रता दिँदै अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण र अन्तर निकाय समन्वय समेतबाट कर अन्तरलाई न्यून गर्नुपर्दछ।

९१. **एकीकृत कर प्रणाली -** विभागको एकीकृत कर प्रणालीमा करदाताको आय विवरण, वासलात, नगद प्रवाह विवरण, पुँजीमा भएको परिवर्तनको विवरण, थप खुलासा र अन्य अनुसूचीहरूको उपलब्धतासले स्वयम् कर निर्धारण गरी करदाताले पेस गरेका आय विवरणहरू कार्यालयमा भौतिकरूपमा उपस्थित नभई लेखापरीक्षण गर्ने अवस्था सिर्जना भएको छ। तर पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन र त्यस क्रममा माग गरिएका विवरण एवं कागजातहरू एकीकृत कर प्रणालीमा प्रविष्ट नहुँदा लेखापरीक्षणका लागि स्थलगत रूपमा कार्यालयमा नै जानुपर्ने अवस्था छ। सूचना प्रविधिमा आधारित रही लेखापरीक्षण कार्य सम्पन्न गर्ने प्रयोजनका लागि पूर्ण कर परीक्षण भएका करदाताको कर परीक्षण प्रतिवेदन, सो क्रममा माग गरिएका प्रमुख प्रमाण एवं कागजातहरू एकीकृत कर प्रणालीमा अभिलेख राख्ने व्यवस्था गर्न गत विगत वर्षहरूमा समेत सुझाउ दिइएकोमा स्थिति यथावत छ।

९२. **लेखाङ्कन तरिका परिवर्तनको आय -** आयकर ऐन, २०५८ को दफा २२(३) मा कम्पनीले कर प्रयोजनका लागि एक्रुयल आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको तथा दफा २४(३) मा बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ तथा बैंकिङ्गसम्बन्धी प्रचलित कानुनको अधीनमा रही नेपाल राष्ट्र बैङ्कले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्ने व्यवस्था रहेको छ।

नेपाल वित्तीय प्रतिवेदनमान लागु भए पश्चात् बैंकिङ्ग व्यवसाय गर्ने निकायले नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचामा बैङ्क तथा वित्तीय संस्थाले आम्दानी तथा खर्चको हिसाबलाई प्रोदभावी आधारमा लेखाङ्कन गर्नुपर्ने र अगाडिका आर्थिक वर्षका प्रतिवेदनलाई सोहीअनुरूप पुनर्लेखन गर्नुपर्ने व्यवस्था लागु भएको छ। नेपाल राष्ट्र बैङ्कको इ.प्रा.नं. ४।०७५ बाट 'क' वर्गका वाणिज्य बैङ्कहरूले २०७४।७५ देखि तथा ख वर्गका विकास बैङ्क र ग वर्गका वित्त कम्पनीहरूले २०७५।७६ देखि ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गर्नुपर्ने गरी निर्देशन जारी गरेकोले सोहीअनुरूप ब्याज आम्दानीको लेखाङ्कन तरिका परिवर्तन भएको छ।

लेखाङ्कन तरिका परिवर्तन तथा सोबाट हुने आय सम्बन्धमा आयकर ऐन, २०५८ को दफा २२(६) मा लेखाङ्कन तरिका परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरूमा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै आयकर निर्देशिका, २०६६ (संशोधन सहित) को परिच्छेद ८ मा नगद आधारबाट एक्रुअल आधारमा परिवर्तन गर्दा गत विगतमा सेवा प्रदान गरिसकेको तर आयमा समावेश नगरेको रकमलाई सोही आय वर्षमा समावेश गर्नुपर्ने व्याख्या गरिएको छ।

नगदमा आधारित लेखा प्रणालीअनुरूप ब्याज आम्दानीको लेखाङ्कन गर्दा बैङ्क तथा वित्तीय संस्थाले पाकेको तर असुल हुन बाँकी ब्याजलाई नेपाल राष्ट्र बैङ्कले तोकेको ढाँचाबमोजिम वासलातको अन्य सम्पत्ति महल अन्तर्गत रही वित्तीय विवरणको अनुसूची ४.१६ मा उल्लेख गरी ब्याज मुल्तबी खातामा लेखाङ्कन गर्ने गरेको देखियो। यस्तो खातामा रहेको रकम प्रोदभावी आधारमा लेखा राख्दा आयकर ऐनको दफा २२(६) को व्यवस्थाबमोजिम आयमा समावेश गर्नुपर्नेमा बैंकिङ्ग तथा वित्तीय कारोबार गर्ने केही निकायहरूले ब्याज मुल्तबी खातामा रहेको रकमलाई आयमा समावेश नगरेको तथा कम रकम समावेश गरेको पाइयो। गत वर्षको प्रतिवेदनमा यस विषयलाई औँल्याइएकोमा यस वर्ष कर परीक्षण गर्दा समेत सम्बोधन गरेको पाइएन। ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालय,

आन्तरिक राजस्व कार्यालय पोखरा, बागलुङ, दमौली, भरतपुरअन्तर्गतका ३७ लघुवित्त वित्तीय संस्थाले लेखाङ्कनको तरिका परिवर्तन भएपछि ब्याज मुल्तबी खातामा रहेको रकमभन्दा रू.३ अर्ब ८३ करोड ८८ लाख आय विवरणमा न्यून देखाएकोले उक्त रकम आयमा समावेश गरी सोको ३० प्रतिशतले हुने कर रू.१ अर्ब १५ करोड १६ लाख र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९३. **बहुमूल्य धातुको कारोबार** - आयकर ऐन, २०५८ को दफा २१ (१घ२) मा स्थायी लेखा नम्बर उल्लेख नभएका दुई हजार रुपैयाँभन्दा बढीको बीजकबापतको खर्च कट्टी गर्न नपाइने तथा दफा २१(२) मा रू.५० हजारभन्दा बढीको नगद भुक्तानीलाई खर्च कट्टी अमान्य गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, नयाँसडकअन्तर्गतका ४८ करदाताले रू.१३ अर्ब ६० करोड ९७ लाख ६६ हजारको सुन चाँदीलगायत मूल्यवान् धातुहरूको खरिद विश्लेषण गर्दा १३ प्रतिशत मात्र बैङ्कबाट खरिद भएको, व्यवसायीहरूबीचको आपसी खरिद बिक्री २० प्रतिशत रहेको तथा बाँकी ६७ प्रतिशत व्यक्ति-व्यक्तिबाट खरिद गरी खर्च कट्टी दाबी गरेको छ। व्यवसायीहरूले खरिद गरेका मूल्यवान् धातुहरूमध्ये वैधानिक रूपमा बैङ्क तथा वित्तीय संस्थाबाट खरिद नगरी अन्य व्यक्तिहरूबाट खरिद गरी लागत खर्च कट्टी दाबी गरेकोमा खर्च कट्टी अमान्य गरेको छैन भने यस्तो खरिदको भुक्तानी बैङ्कमार्फत गरेको प्रमाण समेत छैन। अतः यस किसिमको खरिदको वैधानिक स्रोत सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

आन्तरिक राजस्व कार्यालय, नेपालगन्ज अन्तर्गतका विभिन्न ३ सुन व्यवसायीबीच एक आपसमा भएको खरिद बिक्री कारोबार विश्लेषण गर्दा कुल खरिदको ६१ देखि ८३ प्रतिशत एकै परिवार बीच भएको र आपसमा खरिद गरी बिक्री गरेको २०७५।७६ को आयविवरणको अनुसूची- १३ बाट देखिन्छ। तर यी व्यवसायीहरूले खरिद गरेको उत्पत्तिको स्थान र सुरु आपूर्तक को हो भन्ने खुल्ने अवस्था छैन। एक आपसमा खरिद बिक्री कारोबार चित्रण गरेको तर सुरुवाती खरिदकर्ता र बिक्रेता नखुलेको करदाताको वित्तीय विवरणले सही र यथार्थ चित्रण गरेको छ भनी विश्वस्त हुन सकिएन। यस विषयमा लेखा टिप्पणी र कर परीक्षण प्रतिवेदनमा केही खुलाएको छैन। तसर्थ सुरुवाती खरिदको आपूर्तक नखुलेको ३ करदाताको लागत खर्च कट्टी रू.१५ करोड ९५ लाख ७५ हजार अमान्य गरी कर रू.५ करोड ७४ लाख ४६ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९४. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५(क)(२ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्ति र बासिन्दा निकायको हकमा १५ प्रतिशत तथा अन्यको हकमा लाभ रकमको २५ प्रतिशतको दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत एक करदातालाई कोरियाको एक डेभलपमेण्ट कर्पोरेसनले त्रिशूली ए-१ आयोजना निर्माणमा ५५.१ मिलियन अमेरिकी डलर लगानी गरेको उक्त कर्पोरेसनको वेबसाइटबाट देखिएको छ। २३ जनवरी २०२२ मा हस्तान्तरण भएको शेयर १ अमेरिकी डलरको रू.११९।३० का हिसाबले रू.६ अर्ब ५७ करोड ३४ लाख ३० हजार हुन आउनेमा रू.२ अर्ब २८ करोड २७ लाख ९१ हजार मात्र हिसाब गरेकोले फरक रू.४ अर्ब २९ करोड ६ लाख ३९ हजारमा बिक्रेताबाट आयकर ऐन,२०५८ अनुसार २५ प्रतिशत कर रू.१ अर्ब ७ करोड २६ लाख ५९ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९५. **आयको परिमाणीकरण तथा चारित्रीकरण -** व्यवसायबाट भएको आयको गणनामा आयकर ऐन, २०५८ को दफा ७(२)(ज) अनुसार सो ऐनको परिच्छेद ७ बमोजिम समावेश गरिनुपर्ने रकमहरू समेत पर्दछन्। परिच्छेद ७ अन्तर्गत दफा २७(१)(घ) मा कुनै आय वर्षमा ऋण बापत तिरेको ब्याज प्रचलित ब्याज दर अनुसार तिर्नुपर्ने ब्याज रकम भन्दा कम भएमा सो कम भएजति रकम ऋण लिनेको आयमा समावेश गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायानुसार छन्:

९५.१ आयकर ऐन, २०५८ को २७(१)(घ) मा भएको व्यवस्था अतिरिक्त दफा ९६ अनुसार कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा रू ४० लाखभन्दा बढी आय भएको अवस्थामा डे -४ आय विवरण भर्नुपर्ने व्यवस्था छ। ठूला करदाता कार्यालयअन्तर्गतका ३० करदाताले रू.१८ करोड ८० लाख ३८ हजार, आन्तरिक राजस्व कार्यालय, नयाँसडकअन्तर्गतका ४८ करदाताले रू.३ करोड ५२ लाख ३५ हजार, आन्तरिक राजस्व कार्यालय, ललितपुर २ का २२ करदाताको रू.२ करोड ७१ लाख ३४ हजार सञ्चालक तथा अंशियारहरूबाट बिनाब्याज प्राप्त गरेको सापटी तथा ऋणको स्रोत स्पष्ट नभएको, बैंकिङ्ग प्रणालीबाट नआएको, डे ४ आय विवरण नबुझाएकोले ऐनको अनुसूची १(४) अनुसार गैरव्यावसायिक करयोग्य सम्पत्ति घोषणा गरी सो अनुसार न्युनतम १० प्रतिशत कर नतिरेकोले आय वर्षको अन्तमा नेपाल राष्ट्र बैङ्कले कायम गरेको क्रेडिटको औसत ब्याजदरले हुने रकमलाई ब्यबसायको आयमा समावेश गरी नियमानुसार लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९५.२ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतको एक करदाताले पेस गरेको वित्तीय विवरणअनुसार करदाताले आफ्नो सम्बद्ध पक्षबाट २०७८।७९ मा रू.२६ करोड ८८ लाख ६५ हजार निर्ब्याजी ऋण लिएको छ। सम्बद्ध पक्षले बैङ्कबाट ऋण लिई सोबापत रू.३ करोड ३४ लाख २ हजार ब्याज खर्च दाबी गरेको छ। सम्बद्ध पक्षको यस आय वर्षको मुनाफा रू.३ करोड २९ लाख १९ हजार र यस करदाताको रू.२७ करोड ३९ लाख ९८ हजार सञ्चित नोक्सानीमा रहेको छ। सम्बद्ध पक्षले उक्त ऋण व्यावसायिक प्रयोजनमा प्रयोग नगरी यस करदातालाई हस्तान्तरण गर्दा निर्ब्याजी भुक्तानी गरेकोले औसत ब्याजदर १०.७७ प्रतिशतले हुने रकम रू.२ करोड ८९ लाख ५७ हजारलाई चारित्रीकरण गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

९६. **गैरबासिन्दाको भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा गैर बासिन्दालाई हुने ठेक्का वा करारको भुक्तानीमा ५ प्रतिशत कर कट्टा गर्ने व्यवस्था छ। आयकर निर्देशिका (तेस्रो संशोधन सहित) २०६६ मा कस्ता कारोबार ठेक्का वा करारअन्तर्गत पर्दछन् भन्ने सवालमा स्पष्ट व्याख्या नभएको अवस्था छ। बीमान सेवा प्रदायकबाट हवाईजहाज खरिद, नेपाल आयल निगमद्वारा इन्धन खरिद, अन्य संस्थाबाट मल, नून, विद्युतीय उपकरण, सवारीसाधन, भारी उपकरणलगायत खरिद गर्दा कुनै न कुनै प्रकारको ठेक्का वा करार हुने गर्दछ। सो ठेक्का वा करारको आधारमा भुक्तानीमा कर कट्टी गर्ने वा नगर्ने सम्बन्धमा कर प्रशासन भित्रै फरक-फरक अभ्यास देखिन्छ। यस दफाको प्रयोजनका लागि दिइएको ठेक्का वा करारको परिभाषाले वस्तुको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता अन्तर्गत समग्र अन्तर्राष्ट्रिय व्यापार मार्फत हुने पैठारी कारोबार लगायतलाई समेट्छ वा समेट्दैन भन्ने सम्बन्धमा कानुनी रूपमै स्पष्ट गर्नुपर्ने बेहोरा गत विगतमा समेत औंल्याउँदै आइएकोमा यसमा सुधार भएको छैन। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरलगायत १६ कार्यालय अन्तर्गतका ३५ करदाताले गैरबासिन्दा व्यक्तिलाई ठेक्का वा करारअन्तर्गत भुक्तानी गरेको रू.१९ अर्ब

३३ करोड ८६ लाखमा लाग्ने ५ प्रतिशत करमा नपुग रू.९६ करोड ९१ लाख ७७ हजार असुल हुनुपर्दछ। यससम्बन्धी प्रमुख बेहोराहरू निम्नानुसार छन्:

९६.१ आयकर ऐन, २०५८ को दफा ८९ को स्पष्टीकरण खण्ड अन्तर्गत भएको ठेक्का वा करारको परिभाषा, आन्तरिक राजस्व विभागबाट २०७३।५।१९ लगायत विभिन्न मितिमा जारी भएका परिपत्र/पूर्वदिशमा उल्लिखित विषयहरू तथा करदता र गैरबासिन्दा व्यक्तिहरूबीच रासायनिक मल तथा खाद्य सामग्री आपूर्ति गर्नको लागि भएको करदाताबाट प्राप्त खरिद, बिक्री करार र सम्झौतासमेतका आधारमा गैर बासिन्दा व्यक्तिहरूलाई सम्झौताबमोजिमको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा ३(क) बमोजिम ५ प्रतिशतले कर कट्टी गर्नुपर्ने देखिन्छ। ठूला करदाता कार्यालय अन्तर्गतका एक करदाताबाट आय वर्ष २०७६।७६, २०७७।७८ र २०७८।७९ मा भुक्तानी भएको रकममा ५ प्रतिशतले हुने कर रू.४३ करोड ४१ लाख १९ हजार र आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरअन्तर्गतका एक करदाताबाट रू.३८ करोड ९ लाख १४ हजारसमेत कुल रू.८१ करोड ५० लाख ३३ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९६.२ ठूला करदाता कार्यालय अन्तर्गतको एक दूर सञ्चार कम्पनीले आय वर्ष २०७७।७८ र २०७८।७९ मा इन्टरनेसनल इन्टरकनेक्सन खर्च तथा इन्टान्जिबल एसेट्स अन्तर्गत आइटी सफ्टवेयर खरिदबापत आय वर्ष २०७७।७८ र २०७८।७९ समेत दुई आय वर्षमा रू.३ अर्ब २१ करोड ८ लाख ७ हजार भुक्तानी गरेकोमा ५ प्रतिशतले रू.१६ करोड ५ लाख ४० हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९६.३ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक करदाताले आय वर्ष २०७५।७६मा मौज्दातको लागत खर्चमा अन्तराष्ट्रिय नेटवर्क लागत बापत एक विदेशी साझेदारलाई गत वर्ष रू.२७ करोड ८८ लाख र यस वर्ष रू.३० करोड ४० लाख गरी कुल जम्मा रू.५८ करोड २८ लाख गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गरेको विवरण पेस गरेकोमा सोमा कुनै कर कट्टी गरेको छैन। गैरबासिन्दा व्यक्तिलाई ठेक्का वा करारअन्तर्गत भुक्तानी गरेको उक्त रकमको ५ प्रतिशतले हुने रू.२ करोड ९१ लाख र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९७. **उत्पादन प्रतिलब्धि** - उत्पादनमूलक उद्योग/प्रतिष्ठानहरूमा कच्चा पदार्थ खपतबाट तोकिएको नर्म्सबमोजिम उत्पादन प्रतिलब्धि हासिल हुनुपर्दछ। प्रतिलब्धि सम्बन्धमा देखिएका केही बेहोरा निम्नानुसार छन्:

९७.१ बिस्कुट उत्पादन गर्ने उद्योगलाई उद्योग विभागले १०९ के.जी. विभिन्न प्रकारका कच्चा पदार्थ खपत गरी १०० के.जी. तयारी बिस्कुट उत्पादन अर्थात् ९१.७० प्रतिशत प्रतिलब्धि दर निर्धारण गरेको छ। मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत बिस्कुट, कन्फेक्सनरी र कुकिज उत्पादन गर्ने एक करदाताले आय वर्ष २०७६।७७ मा ५७ लाख ५८ हजार १७०.२८ के.जी. कच्चा पदार्थ खपत गरी २९ लाख ८२ हजार ५०२.७८ के.जी. तयारी वस्तुहरू अर्थात् ५१.८० प्रतिशत प्रतिलब्धि देखाई २७ लाख ७५ हजार ६६७.५० के.जी. अर्थात् ४८.२० प्रतिशत उत्पादन नोक्सानी देखाएको छ। स्वीकृत नर्म्स अनुसार ८.३ प्रतिशत नोक्सानीलाई आधार लिँदा ३९.९० प्रतिशत अर्थात् २२ लाख ९७ हजार ५०९.९४ के.जी. बढी नोक्सानी (जर्ती) देखाएकोले उक्त नोक्सानीको प्रति के.जी. औसत बिक्री

रू.१४६.२० ले हुने रू.३३ करोड ५८ लाखलाई आयमा समावेश गरी आयकर तथा मूल्य अभिवृद्धि कर समेत रू.११ करोड ८ लाखको सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

९७.२ आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गत बिस्कुट उत्पादन गर्ने एक करदाताले आय वर्ष २०७७।७८ मा ११ लाख १२ हजार ६७०.६० के.जी. कच्चा पदार्थ खपत गरी ८ लाख ५७ हजार ३५२.८२ के.जी. तयारी बिस्कुट उत्पादन गर्दा २ लाख ५५ हजार ३२७.६० के.जी. अर्थात् २२.९० प्रतिशत उत्पादन नोक्सानी देखाएको छ। स्वीकृत नर्म्सभन्दा १४.६० प्रतिशत बढी नोक्सानी देखाएको सम्बन्धमा छानबिन गरी बिस्कुटको प्रति प्याकेट बिक्री मूल्य रू.६.९६५ ले हुन आउने रू.२ करोड २६ लाखलाई आयमा समावेश गरी आयकर तथा मूल्य अभिवृद्धि कर समेत रू.७४ लाखको सम्बन्धमा छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

९७.३ उद्योग विभागको २०६१।४।२२ को पत्रमा फेस भिनियरमा ८ प्रतिशत जर्ती हुने गरी नर्म्स तयार गरेको छ। आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गतको एक भिनियर उद्योगले आय वर्ष २०७७।७८ मा १७ लाख ५५ हजार वर्ग मिटर फेस भिनियर खपत गरी ७ लाख २० हजार वर्ग मिटर प्लाइउड उत्पादन गरेको देखिन्छ। नर्म्स अनुसार ९२ प्रतिशत प्रतिलब्धि हुँदा न्यूनतम ८ लाख ७ हजार वर्गमिटर प्लाइउड उत्पादन हुनेमा ८८ हजार वर्गमिटर घटी उत्पादन देखाएकोले न्यूनतम बिक्री मूल्य रू.२७० को दरले हुने रू.२ करोड ३६ लाख ५३ हजारलाई आयमा समावेश गरी कानुन बमोजिम छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९७.४ उद्योग विभागले मैदा उद्योग सङ्गमा आबद्ध उद्योगहरूलाई २०७६।८।३ मा १०२ के.जी. गहुँ खपत बाट १०० के.जी. तयारी वस्तु उत्पादन हुने र उत्पादनमध्ये २६ देखि २९ प्रतिशतसम्म ब्रान (चोकर) उत्पादन हुने उल्लेख गरेको छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक फ्लोर मिल्सले आय वर्ष २०७६।७७ मा ३ करोड १२ लाख १७ हजार ५४० के.जी. गहुँ खपत गरी नर्म्सभन्दा २.६९ प्रतिशत बढी चोकर उत्पादन भएको देखाएको छ। नर्म्स भन्दा बढी चोकर उत्पादन देखाउँदा सोही बरावरको घटी मैदा उत्पादन हुने भएको र मैदामा मूल्य अभिवृद्धि कर लाग्ने हुँदा उक्त फरकलाई मैदाको बिक्री मानी प्रति के.जी मैदाको मूल्य रू.३७.६१ ले हुने रू.३ करोड १५ लाख लाई आयमा समावेश गरी आयकर र मूल्य अभिवृद्धि कर समेत रू.४८ लाख १६ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९८. **हवाई सेवामा कर -** आयकर ऐन, २०५८ को दफा ७० मा नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त विवरण अनुसार आन्तरिक राजस्व कार्यालय, पुतलीसडकमा दर्ता रहेका ४ हवाई कम्पनीले विभिन्न गन्तव्यमा नेपालबाट उडान भर्दा निम्नानुसार कर दाखिला गरेको नपाइएकोले रू २५ करोड ६५ लाख ८१ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज असुल गर्न छानबिन गर्नुपर्दछ।

(रू.हजारमा)

हवाई कम्पनी र उडान भर्ने स्थान	उडान भरेको यात्रु संख्या	औसत भाडा (रू.)	५ प्रतिशतले हुने कर (रू.)
चीन उडान गर्ने एक एयरलाइन्स कम्पनी	९२१५	५७३२०.०	२६४१०
चीन उडान गर्ने एक एयरलाइन्स कम्पनी	९५८२	५७३२०.०	२७४६२
अंकारा उडान गर्ने एक एयरलाइन्स कम्पनी	४५५५०	६९३११.०	१५७८५५
कुवेत उडान गर्ने एक एयरलाइन्स कम्पनी	२३०७८	३८८७२.०	४४८५४
जम्मा			**२५६५८१**

माथि उल्लिखित तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ। तसर्थ यथार्थ कर निर्धारण गरिनुपर्दछ।

९९. **फरक करको दर -** आयकर ऐन, २०५८ को अनुसूची १ मा करका दरसम्बन्धी व्यवस्था रहेको छ। साथै सोही अनुसूचीको दफा २ मा निकायको हकमा व्यवसायगत रूपमा लाग्ने करको दर सम्बन्धमा उल्लेख भएको छ। ऐनको दफा ११ मा व्यावसायिक छुट तथा सुविधासम्बन्धी व्यवस्था रहेको छ। आयकर ऐनको उल्लिखित दफाहरूले व्यवसायगत करका दर तथा छुट सुविधा सम्बन्धी व्यवस्था गरेकोमा एउटै करदाताले विभिन्न करका दर तथा छुट सुविधाहरू आकर्षित हुने विभिन्न व्यवसायहरू सञ्चालन गरेको अवस्थामा फरक करको दर बमोजिम कर दायित्व यकिन नगरी न्यून दरमा करको भुक्तानी गरेको पाइयो। त्यस्तै आयकर ऐन, २०५८ अनुसूची-१ को दफा २(१) मा साधारण व्यवसायको आयकरको दर २५ प्रतिशत तथा सोही अनुसूचीको दफा २(२) मा बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय, मुद्रा हस्तान्तरण, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैकिङ्ग, नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकाय लगायतका व्यवसाय गर्ने निकायको कर योग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था रहेकोमा सामान्य व्यवसाय सरह नै कर भुक्तानी गरेको पाइयो। यस सम्बन्धमा देखिएका प्रमुख बेहोराहरू निम्नानुसार छन्:

९९.१ नेपाल पेट्रोलियम ऐन, २०४० मा "पेट्रोलियम कार्य" भन्नाले पेट्रोलियमको अन्वेषण, विकास वा उत्पादन सम्झनु पर्दछ र सो शब्दले त्यसरी उत्पादित पेट्रोलियमको शुद्धीकरण, ढुवानी, सञ्चय वा बिक्री वितरण समेतलाई जनाउने उल्लेख छ। नेपाल आयल निगम लिमिटेडले नेपालमा पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र बिक्री वितरणको कार्य गर्दै आइरहेको छ। जसबाट करदाताले पेट्रोलियम कार्य गरेको देखिएकोले कर योग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने देखिन्छ। पेट्रोलियम पदार्थको कारोबारबाट उक्त निगमले करयोग्य आयमा २५ प्रतिशतले मात्र कर दाखिला गरेकोले थप ५ प्रतिशत कर निर्धारण हुने गरी नीतिगत व्यवस्था गर्नुपर्दछ।

९९.२ आन्तरिक राजस्व कार्यालय, कालीमाटी, महाराजगन्ज, जोरपाटीअन्तर्गतका १८ करदाताले पेस गरेको अनुसूची १० अनुसार नेपाल धितोपत्र विनिमय बजारमा धितोपत्र किनबेचको कारोबार गरेको देखिन्छ। सो कारोबारको प्रकृतिअनुसार करयोग्य आयको ३० प्रतिशतका दरले आयकर दाखिला गर्नुपर्नेमा २५ प्रतिशतका दरले मात्र आयकर कर दायित्व निर्धारण गरेको देखिएकोले रू.३१ करोड ६२ लाख ३० हजार आयमा थप ५ प्रतिशतले हुने नपुग आयकर रू.१ करोड ५८ लाख ११ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९९.३ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतका एक करदाताले आय वर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ मा नेपाल आयल निगमसँग ग्याँस खरिद गरी बिक्री गर्ने गरेकोमा उत्पादनमूलक उद्योगको रूपमा २० प्रतिशत मात्र कर तिरेको छ। करदाता विशेष उद्योगअन्तर्गत नपर्ने तथा यस्तै प्रकृतिको व्यवसाय गर्ने अन्य उद्योगले उक्त छुट नलिएको अवस्थामा यस करदाताले कर छुट प्राप्त गर्ने देखिँदैन। उत्पादनमूलक उद्योगको कर छुट लिई रू.१८ लाख ९ हजार कर दायित्व न्यून गरेको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

९९.४ आन्तरिक राजस्व कार्यालय, दमक अन्तर्गतको एक बचत तथा ऋण सहकारी संस्थाले आय वर्ष २०७८।७९ मा ऋण तथा बचतको काम बाहेक अन्य आम्दानी अन्तर्गत जग्गा बिक्रीबाट प्राप्त आय रू.१ करोड ९ लाख ९८ हजार आय देखाएकोले सहकारी उद्देश्य विपरीतको आय रहेको पाइयो। उल्लिखित आयमा कर छुट लिएकोले उक्त आयलाई साधारण व्यवसाय तर्फको आयमा लेखाङ्कन गरी छुट हुन गएको २० प्रतिशतले हुने आयकर रू.२२ लाख र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९९.५ आन्तरिक राजस्व कार्यालय, भक्तपुर अन्तर्गतको एक सहकारी संस्थाले आय वर्ष २०७५।७६ मा बचत तथा ऋण र सेवा गरी २ प्रकारका कारोबार गरेको छ। आयकर ऐन,२०५८ को दफा ११ मा तोकिएको कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थाको आयमा कर नलाग्ने व्यवस्था गरेको छ। करदाताले बचत तथा ऋण र सेवाको २ वटा छुट्टाछुट्टै आय विवरण पेस गर्नुपर्नेमा सो गरेको पाइएन। सहकारीको वित्तीय विवरण अनुसार गैर सञ्चालन आम्दानी अन्तर्गत स्वास्थ्य सेवाबाट रू.८६ लाख ७७ हजार आय गरेकोमा उक्त आयमा ५ प्रतिशत कर मात्र दाखिला गरेकोले थप २० प्रतिशत कर रू.१७ लाख ३५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्नुपर्दछ।

१००. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निःसर्ग गरेको मानिने, त्यस्तो निःसर्गलाई दफा ४१ अनुसार थमौती सहितको निःसर्ग मानिने, दफा ५७(२) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टी गर्न नपाउने, निकायको स्वामित्वमा कुनै आय वर्षमा दफा ५७(१) मा उल्लिखित किसिमले स्वामित्व परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तन अघि र पछिको भागहरूलाई छुटाछुट्टै आय वर्षहरूको रूपमा मानिने र निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ। यो वर्ष मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय भद्रपुर, कोटेश्वरलगायत ६ कार्यालयअन्तर्गतका ७ करदाताको नियन्त्रणमा परिवर्तन भएकोमा छुट हुन गएको कर रू.२३ करोड ७० लाख ५२ हजार असुल हुनुपर्दछ। यससम्बन्धी केही प्रमुख बेहोरा निम्नानुसार छन्:

१००.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक आयुर्वेद कम्पनीले ९० प्रतिशतले हुने १८ लाख कित्ता शेयर २०७७।७।२ मा भारतको एक कम्पनीलाई बिक्री गर्दा शेयर संरचनामा ५० प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तन भएको छ। करदाताले अदृश्य सम्पत्ति (ख्याति)लाई बजार मूल्यअनुसार शेयरको मूल्य कायम गर्नुपर्नेमा ख्यातिलाई समावेश नगरी प्रति शेयर रू.१५७ मा शेयर बिक्री गरेको देखिन्छ।

शेयर खरिदकर्ता कम्पनीले आफ्नो दुई आय वर्षको एकीकृत वित्तीय विवरणमा यस करदातामा गरेको ९० प्रतिशत लगानीमा अदृश्य सम्पत्ति (ख्याति) भारतीय रुपैयाँ ३५ करोड ५१ लाख उल्लेख गरेकोले सो लाई शत प्रतिशतमा परिणत गर्दा करदाताको ख्याति भारतीय रुपैयाँ ३९ करोड ४५ लाखको नेपाली रुपैयाँ ६३ करोड १३ लाख हुने हुँदा उक्त रकम दफा ५७ बमोजिम खुद लाभ भएकोले सो को २५ प्रतिशत आयकर रू.१५ करोड ७८ लाख र सोमा लाग्ने ब्याज र शुल्क छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१००.२ आन्तरिक राजस्व कार्यालय, भद्रपुर अन्तर्गतको एक आँखा अस्पतालको २०७७।१०।२ मा ७२.६ प्रतिशत स्वामित्व परिवर्तन भएको देखिन्छ। करदाताको वित्तीय विवरणअनुसार गत वर्ष रू.९ करोड ३ लाख ३३ हजार मूल्यको जग्गा रहेको देखिन्छ। स्वामित्व परिवर्तन प्रयोजनार्थ करदाताले पेस गरेको जग्गाको मूल्याङ्कन प्रतिवेदनमा लाभ नभएको उल्लेख गरेको छ। जग्गाको मूल्याङ्कन प्रतिवेदन अनुसार रेल्वे ट्रयाकमा परेको जग्गाको मूल्य रू.१० करोड ३७ लाख ४० हजारलाई मूल्याङ्कनबाट हटाएको छ। करदाताले जग्गाको मूल्याङ्कन गर्दा रेल्वे ट्रयाकमा परेको जग्गालाई हटाई गणना गरे तापनि जग्गा प्राप्ति ऐन, २०३४ को दफा २२ र २३ तथा नेपाल रेल्वे ऐन, २०७९ को दफा ८५ बमोजिम जग्गाको स्वामित्व रेल्वे बोर्ड वा सम्बन्धित आयोजनाको नाममा कायम भएको छैन भने उक्त जग्गा करदाताको स्वामित्वमा नै रहेको छ। रेल आयोजना तथा अन्य यस्तै आयोजनामा बजार मूल्यका आधारमा मुआब्जा समेत प्राप्त हुने हुँदा ट्रयाकमा परेको जग्गाको मूल्य मुआब्जाबमोजिम शोधभर्ना हुने अवस्थासमेत रहेको छ।

करदाताले स्वामित्व नछाडेको तथा स्वामित्व छाड्दाको बखत बजार मूल्य अनुसार क्षतिपूर्ति समेत प्राप्त हुने जग्गालाई मूल्याङ्कन प्रयोजनको लागि मात्र हटाई जग्गाको मूल्याङ्कनबाट भएको लाभलाई न्यून गर्ने प्रबन्ध गरेको देखिएकोले करदाताले मूल्याङ्कन गरेको जग्गाको मूल्य रू.७ करोड १२ लाख १० हजारमा मूल्याङ्कनबाट हटाएको जग्गाको मूल्य रू.१० करोड ३७ लाख ४० हजार जोड्दा हुने जम्मा रू.१७ करोड ४९ लाख ५० हजार बजार मूल्य कायम गरी हुने लाभ रू.८ करोड ४६ लाख १८ हजार लाई आयकर ऐनको दफा ७ बमोजिम आयमा समावेश गरी २५ प्रतिशतले हुने आयकर रू.२ करोड ११ लाख ५४ हजार तथा सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१००.३ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतका एक करदाताको २०७४।९।१७ मा ५० प्रतिशत स्वामित्व परिवर्तन भएको छ। करदाताले स्वामित्व परिवर्तनपश्चात् स्वामित्व परिवर्तन अघिको रू.३८ लाख ७२ हजार नोक्सानी जिम्मेवारी सारेकोले उक्त नोक्सानी कट्टी अमान्य गर्नुपर्दछ।

१०१. **पुँजीगत खर्च कट्टी** - आयकर ऐन, २०५८ को दफा २१(३)घ२ अनुसार बाह्र महिनाभन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पत्ति प्राप्त गर्दा लागेको खर्च कट्टी गर्न नपाइने व्यवस्था छ। यससम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

१०१.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक सुपर स्टोरले आय वर्ष २०७८।७९ मा रू.४ अर्ब ७३ करोड ६५ लाख ३० हजार ऋण लिई रू.७० करोड २६ लाख ४१ हजार ब्याज खर्च दाबी गरेको छ। करदाताले ऋण लिई भवन निर्माणलगायतको पुँजीगत खरिद गरेकोमा उक्त ब्याज रकमलाई पुँजीकृत

नगरी खर्च कट्टी दाबी गरेको मिलेको नदेखिएकोले छानबिन गरी २५ प्रतिशतले हुने कर रू.१७ करोड ५६ लाख ६० हजार तथा सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०१.२ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर अन्तर्गतको एक कम्पनीले व्यवसाय सञ्चालनपूर्वको खर्च जनाई रू.३ करोड १२ लाख ४३ हजार खर्चकट्टी लिएको छ। करदाताले व्यवसाय सञ्चालन पूर्वको खर्चकट्टी दाबी नगरी सम्पत्तिमा पुँजीकृत गर्नुपर्नेमा खर्चकट्टी दाबी गरेको उक्त रकम अमान्य गरी २५ प्रतिशतका दरले हुने कर रू.७८ लाख १० हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०१.३ आन्तरिक राजस्व कार्यालय, लाहानअन्तर्गत निर्माणसम्बन्धी कार्य गर्ने एक करदाताले आय वर्ष २०७८।७९ मा रू.३ करोड ३ लाख ४१ हजारको निर्माण उपकरण खरिद गरेकोमा उक्त उपकरणलाई पुँजीकृत नगरी खर्चकट्टी लिएको देखिन्छ। उक्त खर्चलाई अमान्य गरी सोको २५ प्रतिशतले हुन आउने कर रू.७५ लाख ८५ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०२. **घटी आय लेखाङ्कन** - आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०२.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक एग्रो कम्पनीले आय वर्ष २०७७।७८ मा रू.३ अर्ब ३६ करोड २२ लाख ६८ हजारको शेयर खरिद र रू.२ अर्ब ७२ करोड ८५ लाख ६९ हजारको शेयर बिक्री गरी रू.६० करोड ५ लाख ५३ हजारको शेयर बाँकी रहेको छ। उक्त कारोबारबाट भएको लाभलाई यस वर्षको नोक्सानी रू.३ करोड ३१ लाख ४६ हजार र गत वर्षसम्मको नोक्सानी रू.७ करोड ५६ लाख १६ हजारमा समायोजन गरेको छ। करदाताको अनुसूची-१० मा राजस्व शीर्षक ११११३ मा नेपाल धितोपत्र विनिमय बजार लिमिटेडले नाफाको ५ प्रतिशतले दाखिला गरेको अग्रिम कर रू.७९ लाख ९४ हजार ८९८ को आधारमा रू.१५ करोड ९८ लाख ९८ हजार लाभ भएको देखिन्छ। उक्त लाभलाई लगानीको आयको रूपमा देखाउनुपर्नेमा देखाएको छैन। अतः न्यून कर भुक्तान गरेको सम्बन्धमा छानबिन गरी धितोपत्रको कारोबारमा ३० प्रतिशतका दरले लाग्ने कर रू.४ करोड ७९ लाख ६९ हजार तथा शुल्क र ब्याजसमेत असुल गर्न कर निर्धारण गर्नुपर्दछ।

१०२.२ आन्तरिक राजस्व कार्यालय, भद्रपुरअन्तर्गतको एक लेमिनेट्स कम्पनीले आय वर्ष २०७८।७९ मा अन्य आम्दानी बापत रू.१ करोड २६ लाख ५५ हजार आय देखाएकोमा उक्त रकम उद्योगमा बाढी पसी १७ हजार ३१३.४६ वर्ग मिटर तयारी सामानको व्यापारिक मौज्दातको हानि नोक्सानी भई क्षतिपूर्ति स्वरूप बीमाबाट प्राप्त रकम रहेको र क्षतिपूर्तिको प्रति वर्गमिटर मूल्याङ्कनको दर रू.७३०.९० देखिन्छ। तर करदाताले नियमित बिक्रीतर्फ १४ लाख ५१ हजार ६६४ वर्गमिटरको औसत बिक्री मूल्य रू.५३६.६१ कायम गरी बिक्री गरेको देखियो। उल्लिखित बेहोराको आधारमा उत्पादित व्यापारिक मौज्दातको न्यूनतम बिक्री मूल्य रू.७३०.९० हुनुपर्नेमा रू.५३६.६१ को दरले बिक्री गरेकोले प्रति वर्गमिटर रू.१९४.२९ को कम दरमा बिक्री गरेकोले जम्मा १४ लाख ५१ हजार ६६४ वर्गमिटरको रू.२८ करोड २० लाख ४४ हजारले न्यून बिक्री देखाएको पाइयो। उक्त रकमलाई

ऐनको दफा ७(२)(ख) बमोजिम आयमा समावेश गरी रू.७ करोड ४३ लाख ९७ हजार नोक्सानी समायोजन गरी बाँकी रू.२० करोड ७६ लाख ४७ हजारको २० प्रतिशतले हुने कर रू.४ करोड १५ लाख २९ हजारमा शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१०२.३ आन्तरिक राजस्व कार्यालय, धरान अन्तर्गतको एक कन्स्ट्रक्सन कम्पनीले बैङ्कबाट ऋण लिई आपूर्तक तथा अन्यलाई आय वर्ष २०७८।७९ मा रू.१ अर्ब ९ करोड १४ लाख ९१ हजार र २०७७।७८ मा रू.५८ करोड ८६ लाख ४३ हजार अग्रिम भुक्तानी दिएको छ। उक्त रकममा करदाताले भुक्तानी गरेको औसत ब्याजदरबाट हुने आय क्रमशः रू.९ करोड ३१ लाख ४ हजार र रू.५ करोड २ लाख ११ हजार समेत रू.१४ करोड ३३ लाख १५ हजारलाई आयमा समावेश गरी २५ प्रतिशतले हुने आयकर रू.३ करोड ५८ लाख २८ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०२.४ पोखरा महानगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०७६ ले सामूहिक आवासको जग्गाको क्षेत्रफल कायम गर्दा घरको स्वामित्व बराबरको क्षेत्रफल मानिने र सोको दुई गुणा बराबरको जग्गाको क्षेत्रफल कायम गरी प्रति वर्ग फिट रू.१ हजारका दरले भवनको मूल्याङ्कन गणना गर्ने व्यवस्था गरेको छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत घर जग्गाको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७६।७७ मा ११ वटा घर बिक्री गर्दा करदाताले प्रति एकाई लागत गणना नगरेकोले सोही महानगरपालिकाले जारी गरेको भवन मूल्याङ्कन दर भन्दा घर बिक्री रू.२ करोड ३९ लाख ५४ हजार घटी आम्दानी देखाएकोले उक्त रकम आयमा समावेश गरी २५ प्रतिशत आयकर रू.५९ लाख ८८ हजार र सोमा लाग्ने ब्याज र शुल्क छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०२.५ आन्तरिक राजस्व कार्यालय, कालीमाटीअन्तर्गतका एक करदाताले आय वर्ष २०७७।७८ मा रू.२५ करोड १० लाख र २०७८।७९ मा रू.३९ करोड १० लाख समेत रू.६४ करोड २१ लाख शेयर खरिद गर्न पेस्की दिएको छ। उक्त रकममा ब्याज आय जनाएको छैन। तसर्थ मुद्दती निक्षेपमा आय जनाएको औसत लगानी दर ७.८९ प्रतिशतले हुने रू.५ करोड ६ लाखलाई आयमा समावेश गरी २५ प्रतिशतले हुने आयकर रू.१ करोड २६ लाख र सोमा लाग्ने ब्याज तथा शुल्क छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०२.६ आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गत मोबाइल फोनको कारोबार गर्ने एक करदाताले पेस गरेको आय वर्ष २०७८।७९ को वित्तीय विवरणमा आफ्नो सिस्टर कन्सर्नलाई यस वर्ष रू.५१ लाख ३५ हजार बिक्री गरेकोमा खरिदकर्ताले रू.२ करोड १० लाख ८५ हजार खरिद देखाएको पाइयो। जस अनुसार रू.१ करोड ५९ लाख ४९ हजार घटी आय देखाएको सम्बन्धमा छानबिन गरी सो को ३६ प्रतिशतले हुने कर रू.५७ लाख ४२ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०३. **बिल अफ क्वान्टिटी भिडान** - मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १७(३) बमोजिम कुनै महिनामा कारोबार भएको वस्तु वा सेवाको पूर्ण अंश कर लाग्ने कारोबारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा पहिले तिरेको कर कट्टी सो वस्तु वा सेवाको कर लाग्ने कारोबारमा प्रयोग भएको अंशमा मात्र तोकिए बमोजिम प्रदान गरिने व्यवस्था छ। निर्माण व्यावसायीहरूले अलग अलग ठेक्काअनुसारको छुट्टाछुट्टै खपत विवरण तयार गरी सोहीअनुसार प्रयोगमा आएको कच्चा पदार्थ खपतको विवरण तयार गर्नुपर्नेमा सो

नगरी खरिदमा तिरेको एकमुष्ट कर क्रेडिट दाबी गरेको देखिन्छ। ठूला करदाता कार्यालय अन्तर्गतका १६ करदाताले ३२ आय वर्षमा सम्झौता बमोजिम आफैंले गर्नुपर्ने कार्यको लागि निर्माण सामग्री खरिद, ज्याला, इन्धन तथा उपकरण भाडा दाबी गरिसकेपछि पुनः उपकरारको बीजक पेस गरी मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रू.१ अर्ब ५ करोड ५६ लाख ३३ हजार र सोमा लाग्न ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ भने दोहोरो परेको यस्तो खर्च अमान्य गरी आयकरसमेत निर्धारण गर्न छानबिन गर्नुपर्दछ।

१०४. **निर्माण व्यवसायको खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायको आय आर्जनसँग सम्बन्धित खर्चहरू आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० ले सब-कन्ट्रयाक्टबाट काम गराउन सकिने अधिकतम सीमा २५ प्रतिशत तोकेको छ। पूर्वाधार निर्माण गर्ने विभिन्न करदाताको आय विवरण परीक्षण गर्दा प्रत्यक्ष लागत अन्तर्गत पर्ने ज्याला, इन्धन, मेसिन/उपकरणको भाडा तथा मर्मत सम्भार लगायतका शीर्षकमा अघिल्लो आय वर्षको कारोबारको आकार तथा सोही प्रकृतिको कारोबार गर्ने अन्य करदाताको तुलनामा अस्वाभाविक खर्च दाबी गर्ने गरेको तथा सीमाभन्दा बढीको काम सब-कन्ट्रयाक्ट (उप-करार) बाट गराउने गरेको पाइयो। यससम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

१०४.१ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गत निर्माण व्यवसाय गर्ने एक करदाताले नेपाल नागरिक उड्यन प्राधिकरणको काम उप-करारमार्फत गरेको छ। करदाताले आय वर्ष २०७६।७७ मा १४ औं देखि २२ औं रनिङ बिलसम्म मौज्दात उपयोग विवरणअनुसार सिमेन्ट १ लाख ३५ हजार ३९७ बोरा उपयोग भएको विवरण पेस गरेको छ। करदाताले उक्त वर्ष ९ हजार ८६५.२३ घनमिटर कंक्रिट सम्बद्ध कामको लागि ७२ हजार १६१ बोरा सिमेन्ट मात्र प्रयोग भएको नापी किताव र ठेक्का बिलबाट देखिन्छ। करदाताले प्रयोगभन्दा ६३ हजार २३५ बोरा बढी सिमेन्टको खर्च दाबी गरेको देखिन्छ। सिमेन्टको प्रति बोरा मूल्य रू.६१० का दरले रू.३ करोड ८५ लाख ७३ हजार बढी खर्च दाबी गरेकोले उक्त खर्च अमान्य गरी २५ प्रतिशतका दरले कर रू.९६ लाख ४३ हजार तथा मूल्य अभिवृद्धि कर रू.५० लाख १४ हजार र सोमा लाग्ने ब्याज तथा जरिबानासमेत असुल गर्नुपर्दछ।

१०४.२ ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. १६ मा व्यावसायिक रूपमा बिक्री गर्ने अवस्थामा वातावरणीय अध्ययन गराई सम्बन्धित स्थानीय तहमा लाग्ने शुल्क वा दस्तुर बुझाई अनुमति लिएर मात्र उत्खनन्, बिक्री तथा व्यवस्थापन गर्न पाइने व्यवस्था छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल गर्नुपर्ने उल्लेख छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको निर्माण व्यवसाय गर्ने ५ करदाताले विभिन्न आय वर्षमा ढुङ्गा, गिट्टी तथा बालुवा बापत रू.३१ करोड ९३ लाख ३२ हजारको खरिद गर्दा कर छुट खरिद देखाएको छ। साथै स्थानीय तहले सङ्कलन गर्ने रोयल्टीसमेत प्राप्त गरेको छैन। उल्लिखित व्यवस्थाअनुसार मूल्य अभिवृद्धि कर रू.४ करोड १५ लाख १३ हजार छुट भएकोले सोको ब्याज र जरिबानासमेत असुल गर्नुपर्दछ।

१०४.३ आन्तरिक राजस्व कार्यालय, टङ्गाल अन्तर्गतको एक संयुक्त उपक्रमले पेस गरेको आय वर्ष २०७८।७९ को विवरणमा ज्यालाबापत रू.१८ करोड ९ लाख ५९ हजार खर्च दाबी गरेकोमा ५४ कामदारको दोहोरो ज्याला रू.१ करोड ७९ लाख १५ हजार रहेको छ। साथै सम्बद्ध पक्षले समेत भुक्तानी गरेका

१२ कामदारलाई यस संयुक्त उपक्रमले समेत दोहोरो पर्ने गरी रू.३५ लाख २३ हजार ज्याला खर्च लेखाङ्कन गरेकोले कुल रू.२ करोड १४ लाख ३८ हजार ज्याला खर्च अमान्य गरी २५ प्रतिशत आयकर रू.५३ लाख ६० हजार र सोमा लाग्ने ब्याज तथा शुल्क छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०४.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख मा दर्ता भएको संयुक्त उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, कोटेश्वर अन्तर्गत ट्रेड रुट इम्प्रुभमेन्ट आयोजनासँग ठेक्का सम्झौता गरी निर्माण कार्य गर्न एक करदाताले उक्त योजना बाहेक अन्य कार्य गरेको देखिएन। सरकारी ठेक्का लिने निर्माण व्यवसायीले तोकिएको योजनामा मात्र कार्य गर्ने हुदाँ फर्मको प्रमोशन खर्च आवश्यक नपर्ने देखिन्छ। तर करदाताले ४ आय वर्षमा रू.२ करोड ९३ लाख ४३ हजार प्रमोसनल खर्च दाबी गरेको र उक्त खर्च आयकर ऐन, २०५८ को दफा १३ अनुसार व्यवसायको आय आर्जनसँग सम्बन्धित खर्च नभएकोले उक्त खर्च अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ।

१०५. **बढी खर्च दाबी -** आयकर ऐन, २०५८ को दफा १३ मा कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ। त्यस्तै आयकर ऐन, २०५८ को दफा २१(१)घ२) मा स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँभन्दा बढीको बीजकबापतको खर्च कट्टी गर्न नपाईने तथा दफा २१(२) मा रू.५० हजारभन्दा बढीको नगद भुक्तानीलाईसमेत खर्च कट्टी अमान्य गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०५.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक दूर सञ्चार कम्पनीले बजारीकरणसँग सम्बन्धित खर्चहरू चार शीर्षकमा लेखाङ्कन गरेको छ। एकै प्रकृतिको खर्च भिन्न-भिन्न शीर्षकमा दोहोरो हुने गरी दाबी गरेको देखिएकोले आय वर्ष २०७७।७८ र २०७८।७९ मा बजारीकरण खर्चमा दोहोरो दाबी गरेको रू.३ अर्ब १९ करोड ६६ लाख ४० हजार अमान्य गरी २५ प्रतिशतले हुने कर रू.७९ करोड ९१ लाख ६० हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५.२ जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५(१) मा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न नपाइने उल्लेख छ। साथै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को परिभाषा खण्डले विज्ञापन भन्नाले छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होर्डिङ बोर्ड आदि जुनसुकै माध्यमबाट गरिने प्रचार-प्रसारलाई जनाउने उल्लेख भएको तथा दफा ५ मा प्रचलित कानुनले निषेध गरेका विषयमा विज्ञापन गर्न नहुने उल्लेख भएकोले दुवै ऐन अनुसार जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु तथा सेवाको विज्ञापनमा रोक लगाएको देखिन्छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत विदेशी मदिराको बिक्री वितरण गर्ने एक करदाताले मार्केटिङ खर्च, व्यापार प्रवर्द्धन खर्च तथा बिक्री खर्चमा आय वर्ष २०७७।७८ र २०७८।७९ मा रू.२१ करोड ३८ लाख १७ हजार खर्च दाबी गरेको छ। प्रचलित कानुनी व्यवस्था अनुसार मदिराको विज्ञापन गर्न नमिल्ने हुँदा यस्तो खर्च कट्टी लिन मिल्ने देखिँदैन। आयकर ऐन, २०५८ को दफा २१(१)(च) मा यस परिच्छेद वा परिच्छेद ६, ७, १०, ११, १२ वा १३ बमोजिम प्रदान गरिएका बाहेक यस दफामा उल्लेखित खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा खर्च कट्टी गर्न नपाउने भनी नभनिएको भए तापनि यस्ता अन्य कुनै रकमहरू खर्चको लागि अमान्य

गरेको छ। अर्थात् आयकर ऐनले समेत कानुन विपरीतको खर्च गर्न नहुने आशयका साथ यस्तो प्रबन्ध गरेको देखिन्छ। अतः यस्तो खर्च कर प्रयोजनको लागि अमान्य गरी सो को ३० प्रतिशत आयकर तथा १३ प्रतिशत क्रेडिट लिएको मूल्य अभिवृद्धि कर रू.९ करोड १९ लाख ४१ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत असुल गर्न छानबिन गर्नुपर्दछ।

१०५.३ आन्तरिक राजस्व कार्यालय, ललितपुर १ अन्तर्गत रियल स्टेटको कारोबार गर्ने एक करदाताले आय वर्ष २०७८।७९ मा एक्स्पेन्सेज अप टु लास्ट इयर भनी गत वर्ष सम्मको खर्च रू.२४ करोड ४ लाख ५१ हजार दोहोरो दाबी गरेकोले सोमा लाग्ने २५ प्रतिशत कर रू.६ करोड १ लाख १३ हजार न्यून निर्धारण देखियो। यस सम्बन्धमा कर परीक्षण प्रतिवेदनमा विश्लेषणसहित स्पष्ट गरेको नदेखिएकोले थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५.४ आयकर ऐन, २०५८ को दफा २(कङ)(१)(ग) मा अविच्छिन्न ३६५ दिनमा १८३ दिन वा सो भन्दा बढी सामान्य बसोबासको स्थान नेपालमा रहेको व्यक्ति बासिन्दा व्यक्ति हुने व्यवस्था छ। सोही ऐनको दफा १३ मा कारोबारसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ। श्रम ऐन, २०७४ को दफा २३ मा विदेशी नागरिकले नेपालमा काम गर्न श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। ठूला करदाता कार्यालय अन्तर्गतको एक दूर-सञ्चार कम्पनीले एक चेयरमेन, बोर्ड अफ डाईरेक्टर्स र कार्यकारी समितिका सदस्यहरूलाई की म्यानेजमेन्ट पर्सनेलको रूपमा आय वर्ष २०७८।७९ मा रू.२१ करोड १९ लाख ७३ हजार कम्पेन्सेसन खर्च कट्टी दाबी गरेको छ। यस्तो खर्च आय वर्ष २०७७।७८ मा रू.१२ करोड २७ लाख ५३ हजार र आय वर्ष २०७६।७७ मा रू.१ करोड ३७ लाख ५८ हजार लेखाङ्कन गरेको छ। यस किसिमको खर्च प्रत्येक वर्ष वृद्धि गर्दै लगेको देखिन्छ। करदाताको नियन्त्रित निकायले प्रमुख कार्यकारी तथा व्यवस्थापकीय पदाधिकारीहरू खटाएको अवस्थामा नेपालमा श्रम स्वीकृति लिएको प्रमाणको खुलासा समेत गरेको छैन। तसर्थ श्रम स्वीकृति प्राप्त गरी नेपालमा १८३ दिन वा सो भन्दा बढी बसोबास गरेको प्रमाण पेस नभएको खर्च ऐनको दफा १३ बमोजिम आय आर्जनसँग सम्बन्धित नदेखिएकोले आय वर्ष २०७८।७९ मा रू.२१ करोड १९ लाख ७३ हजार अमान्य गरी २५ प्रतिशतले रू.५ करोड २९ लाख ९३ हजार कर तथा सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५.५ ठूला करदाता कार्यालयअन्तर्गतको एक सुपर स्टोरले आय वर्ष २०७८।७९ मा व्यापार प्रवर्धनमा रू.२१ करोड ३ लाख ८७ हजार खर्च कट्टी दाबी गरेको छ। उत्पादक तथा थोक बिक्रेतालेनै बहन गर्ने व्यापार प्रवर्धन खर्च खुद्रा बिक्रेताले दाबी गर्न मिल्ने नदेखिएकोले उक्त खर्च अमान्य गरी २५ प्रतिशतले हुने कर रू.५ करोड २५ लाख ९७ हजार तथा सोमा लाग्ने ब्याज शुल्कसमेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ।

१०५.६ ठूला करदाता कार्यालयअन्तर्गतको एक सुर्ती उत्पादक कम्पनीले आय वर्ष २०७८।७९ मा ननफाईलर रहेको एक ट्रेडिङ कम्पनीबाट रू.४ करोडको खरिद देखाएको छ। निज करदाता आयकरतर्फ ननफाइलर रहेको र मूल्य अभिवृद्धि करतर्फ कर छुटको खरिद देखाएको छ। आयकरमा ननफाइलर रहेको करदाताले मूल्य अभिवृद्धिकरमा करछुटको बिक्री देखाएको अवस्थामा यस करदाताको करयोग्य खरिद हुने देखिँदैन। सो सम्बन्धमा छानबिन गरी सो रकम करदाताको लागत खर्च अमान्य गरी रू.१

करोड २० लाख र मूल्य अभिवृद्धि कर रू.५२ लाखसमेत रू.१ करोड ७२ लाख तथा सोमा शुल्क र ब्याजसमेत निर्धारण गर्नुपर्दछ।

१०५.७ ठूला करदाता कार्यालयअन्तर्गतको एक सुर्ती उत्पादक कम्पनीले आय वर्ष २०७८।७९ मा एक ट्रेडिङ कम्पनीबाट रू.१० करोड ३० लाखको खरिद देखाएको छ। तर उक्त ट्रेडिङ कम्पनीले करदातालाई रू.४ करोडको मात्र बिक्री गरेको निजको मूल्य अभिवृद्धि करको विवरणमा देखिन्छ। यस प्रबन्धले करदाताले दाबी गरेको खर्च सही र यथार्थ रहेको भन्ने अवस्था नभएकोले उक्त रकम बराबर लागत खर्च कट्टी अमान्य गरी ३० प्रतिशतले हुने कर रू.३ करोड ९ लाख र सोमा क्रेडिट लिएको मूल्य अभिवृद्धि कर रू.१ करोड ३३ लाख ९० हजारसमेत रू.४ करोड ४२ लाख ९० हजार तथा सोमा लाग्ने शुल्क र ब्याजसमेत निर्धारण गर्नुपर्दछ।

१०५.८ ठूला करदाता कार्यालयअन्तर्गतको एक सुर्ती उत्पादक कम्पनीले आय वर्ष २०७८।७९ मा एक सुपारी खरिद बिक्री केन्द्रबाट रू.२ करोड ३० लाखको खरिद देखाएको छ। निज आपूर्तक आयकरतर्फ नन् फाइलर रहेको र मूल्य अभिवृद्धि करतर्फ सो करदाताले कर छुटको खरिद देखाएको रकम रू.२ करोड १० लाख ७० हजारबाट बिक्रीमा सङ्कलन गरेको कर दाखिलासमेत गरेको देखिएन। अतः यो खरिद बिक्री कारोबार वास्तविक भए नभएको छानबिन गरी उक्त खर्चलाई अमान्य गरी सोमा ३० प्रतिशतले रू.६९ लाख आयकर तथा १३ प्रतिशतले रू.२९ लाख ९० हजार मूल्य अभिवृद्धि करसमेत रू.९८ लाख ९० हजारमा शुल्क र ब्याजसमेत असुल गर्न कर निर्धारण हुनुपर्दछ।

१०५.९ आन्तरिक राजस्व कार्यालय, विराटनगरअन्तर्गतको एक हार्डवेयर सामग्री बिक्रेताले आय वर्ष २०७८।७९ मा आय विवरण साथ पेस गरेको वित्तीय विवरणमा कुल खरिद रू.२८ करोड ८७ लाख १३ हजार देखाएकोमा उक्त खरिदमध्ये रू.२ करोड २९ लाख ५४ हजार गत आय वर्षको खरिदलाई मिलान गरेको छ। यसरी चालु आय वर्षमा अघिल्लो आय वर्षको खरिद दाबी गरिएको रकमलाई खर्च कट्टी अमान्य गरी ३६ प्रतिशतले हुने कर रू.८२ लाख ६३ हजार तथा सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०६. **ब्याज खर्च कट्टी** - आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। करदाताले आफ्नो उठ्नुपर्ने रकम नउठाउने तर व्यावसायिक प्रयोजन बेगरको कार्यमा प्रयोग भएको ऋणको ब्याजसमेत खर्च दाबी गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०६.१ ठूला करदाता कार्यालय अन्तर्गतको एक दूर सञ्चार कम्पनीले आय वर्ष २०७८।७९ मा लिएको ऋण रकम व्यवसायको आय आर्जनको लागि प्रयोग भएको नभई विदेशी नियन्त्रित निकायले तिर्नुपर्ने पुँजीगत लाभकर लगायत नियमित किसिमका दायित्वहरू भुक्तानीमा प्रयोग भएको देखिएकोले दुई वर्षको रू.५ अर्ब ३४ करोड ४८ लाख ८१ हजार खर्च कट्टी अमान्य गरी २५ प्रतिशतले हुने कर रू.१ अर्ब ३३ करोड ६२ लाख २० हजार र सोमा लाग्ने ब्याज र शुल्क समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०६.२ ठूला करदाता कार्यालय अन्तर्गतको इलेक्ट्रोनिक उपकरणहरूको खरिद बिक्रीको कारोबार गर्ने एक करदाताले प्रिफर्ड च्यानल पार्टनर, प्रिफर्ड कर्पोरेट र सिस्टर कन्सर्नबाट प्राप्त गर्नु पर्ने रकम लिएको ऋण भन्दा बढी भएको अवस्थामा सो प्राप्त नगरी ऋण लिई २०७५।७६ देखि २०७८।७९ सम्म

चार आय वर्षमा दाबी गरेको रू.३३ करोड ८ लाख ३६ हजार ब्याज खर्च अमान्य गरी २५ प्रतिशतले हुने कर रू.८ करोड २७ लाख ९ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत असुल गर्न छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०६.३ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक इन्टरप्राइजेजको आय वर्ष २०७५।७६ को वित्तीय विवरण अनुसार रू.४१ करोड ७५ लाख ८३ हजार ऋण लिई सोमा रू.५ करोड १३ लाख ७१ हजार ब्याज खर्च कट्टी लिएको देखिन्छ। उक्त ऋणमध्ये सञ्चालकलाई पेस्कीको रूपमा रू.२२ करोड ६७ लाख ६९ हजार बाह्य प्रवाह गरेकोमा ब्याज आम्दानी लेखाङ्कन नगरेकोले बैङ्कलाई तिरेको औसत ब्याजदर १२.३० प्रतिशतले हुने ब्याज रू.२ करोड ७८ लाख ९३ हजारलाई खर्च कट्टी अमान्य गरी सोको ३६ प्रतिशतले हुने आयकर रू.१ करोड ४१ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०६.४ आन्तरिक राजस्व कार्यालय, कलंकीअन्तर्गतको एक संस्थागत विद्यालयले आय वर्ष २०७८।७९ मा बैङ्कबाट रू.४४ करोड ६८ लाख ११ हजार ऋण लिई सञ्चालकलाई रू.३ करोड ८५ लाख ८९ हजार तथा आफ्नै भगिनी संस्थालाई रू.८ करोड ६४ लाख ९३ हजार दिएको देखिएकोले उक्त ऋण व्यावसायिक प्रयोजनमा रहेको देखिँदैन। अतः करदाताले बैङ्कलाई भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रू.१ करोड १५ लाख ३३ हजार खर्चकट्टी अमान्य गरी नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ।

१०७. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, टङ्गाललगायत ३४ कार्यालय अन्तर्गतका २७२ करदाताले विभिन्न शीर्षकमा भुक्तानी गरेको रू.१७ अर्ब ५४ करोड २४ लाखमा स्रोतमा करकट्टी नगरेको तथा कम गरेकोले नपुग कर रू.१ अर्ब २१ करोड १४ लाख असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०७.१ आयकर ऐन, २०५८ को दफा ८८(७) मा बासिन्दा व्यक्तिले भू–उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइबर, दूरसञ्चारसम्बन्धी उपकरण वा विद्युत प्रसारण लाइन प्रयोग गरे बापतको भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, टङ्गालअन्तर्गतका १ करदाताले नेटवर्क सञ्चालन खर्च अन्तर्गत व्यान्डविथ खरिद तथा फाइबर लिजबापत २०७६।७७, २०७७।७८ र २०७८।७९ समेत ३ आय वर्षमा रू.५९ करोड ७१ लाख ८ हजारको सेवा खरिद गरेकोमा उक्त भुक्तानीमा १.५ प्रतिशतको दरले मात्र कर कट्टी गरेकोले घटी कट्टा गरेको ८.५ प्रतिशतले हुने कर रू.५ करोड ७ लाख ५४ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.२ आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्कमा १५ प्रतिशतले हुने अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ। ठूला करदाता कार्यालय अन्तर्गतको एक सिमेन्ट उद्योगले पेस गरेको वित्तीय विवरणमा आय वर्ष २०७४।७५ र २०७५।७६ मा कानुनी सेवा बापत रू.१४ करोड ६० लाख २७ हजार खर्च दाबी गरेको छ। उक्त खर्चमा निमयानुसार १५ प्रतिशतले हुने अग्रिम कर रू.२ करोड

१९ लाख ४ हजार कट्टा गरी दाखिला गरेको नपाइएकोले सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.३ आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्कमा १५ प्रतिशतले हुने अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक फर्मास्युटिकल्स कम्पनीको २०७६।७७, २०७७।७८ र २०७८।७९ समेत ३ आय वर्षको वित्तीय विवरणमा बिक्री वितरण खर्च अन्तर्गत बिक्री प्रवर्द्धन, लक्षित प्रोत्साहन र नगद छुट आदिमा खर्च कट्टी रू.२७ करोड ५२ लाख मध्ये आय वर्ष २०७८।७९ मा रू.३ करोड ३ लाख ४२ हजारको खर्चमा १५ प्रतिशतको दरले कर कट्टी गरेको तर बाँकी रू.२४ करोड ४८ लाख ५८ हजारमा अग्रिम कर कट्टी गरेको नदेखिएकोले १५ प्रतिशतले हुने रू.३ करोड ६७ लाख २९ हजार र सोमा लाग्ने ब्याज र शुल्क समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.४ आयकर ऐन, २०५८ को ९५क(२ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको १० प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। ठूला करदाता कार्यालय अन्तर्गतको एक फर्मास्यूटिकल्स कम्पनीको एक सञ्चालकले आय वर्ष २०७८।७९ मा ६ लाख १० हजार २०० कित्ता शेयर बिक्री गरेको छ। करदाताको प्रति शेयर नेटवर्थ रू.२३१ रहेकोले प्रतिशेयर रू.१३१ को दरले कुल लाभ रू.७ करोड ९९ लाख ३६ हजारमा १० प्रतिशत प्रतिशत कर रू.७९ लाख ९४ हजार तथा सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.५ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गतको एक करदाताले पेस गरेको आय वर्ष २०७६।७७, २०७७।७८ र २०७८।७९ मा वित्तीय विवरण अनुसार करदाताको मुख्य कार्यालयसँगको कारोबारमा रू.५ करोड ४३ लाख १४ हजार बढी भुक्तानी गरेको छ। करदाताले मुख्य कार्यालयलाई खर्च शोधभर्ना भन्दा बढी भुक्तानी गरेको उक्त रकमलाई दफा ६८(४) बमोजिम करदाताको लाभांश वितरण मानी ऐनको दफा ४(५) बमोजिम लाभांशमा ५ प्रतिशतको दरले अग्रिम कर रू.२७ लाख १५ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०८. **सम्बद्ध पक्ष कारोबार** - आयकर ऐन, २०५८ को दफा ३३(२)(ख) मा कुनै एक सम्बद्ध व्यक्तिले गरेको खर्चबाट अर्को व्यक्तिलाई फाइदा पुग्न गएमा त्यस्तो खर्च व्यवसायको तुलनात्मक आधारमा व्यक्तिहरूबीच बाँडफाँट गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी ऐनको दफा ३४ मा कुनै व्यक्तिले आफ्नो आय अर्को कुनै व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट कर दायित्वमा कमी हुन गएमा कट्टी हुने रकमहरू समायोजन गर्न सक्ने व्यवस्था छ। यो वर्ष ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीलगायत ५ कार्यालयअन्तर्गतका २३ करदाताले सम्बद्ध पक्ष कारोबार गरी आय तथा खर्चको हस्तान्तरणमार्फत कर दायित्व न्यून गरेको रू.१५ करोड ९४ लाख ५२ हजार असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०८.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक पोलिमर्स इन्डष्ट्रिजले आय वर्ष २०७८।७९ मा पोलिथिन ग्रानुयल्सको खपतबाट पोलिथिन शीट तयार गर्ने गरेको, जसमा पोलिथिन ग्रानुयल्स प्रति के.जी. रू.२६९।९२ को दरले बिक्री गरेको तर सोही ग्रानुयल्सको खपतबाट उत्पादन भएको पोलिथिन शीट प्रति के.जी. रू.२३१।७७ को दरले मात्र बिक्री गरी कच्चापदार्थको बिक्रीभन्दा तयारी वस्तुको बिक्री

मूल्य न्यून राखी सम्बद्ध पक्षलाई बिक्री गरेको छ। जसबाट कम्तीमा रू.७ करोड ७० लाख ५४ हजारले आयमा कमी आएकोले सोको ५ प्रतिशत अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा आयकरसमेत रू.२ करोड ९२ लाख ८१ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

१०८.२ ठूला करदाता कार्यालयअन्तर्गत सवारीसाधन खरिद/बिक्रीको कारोबार गर्ने एक करदाताले पेस गरेको आय वर्ष २०७८।७९ को वित्तीय विवरणमा यस वर्ष रू.५ अर्ब ७० करोड ६६ लाख २ हजार बिक्री देखाएकोमा सबै बिक्री ३ वटा सम्बद्ध पक्षलाई गरेको देखिन्छ। करदाताले प्रशासनिक तथा बिक्री वितरणमा रू.२६ करोड ९८ लाख ४२ हजार खर्च दाबी गरेको अवस्थामा पुनः सोही प्रकृतिका खर्चहरू सम्बद्ध पक्षले समेत गरेकोले एउटै प्रकृतिका खर्च दुवै फर्ममा देखाई करयोग्य आय घटाएको देखिएको छ। अतः यस सम्बन्धमा छानबिन गरी सम्बद्ध पक्षले देखाएको खर्च रू.१० करोड ७० लाख ९३ हजार अमान्य गरी २५ प्रतिशतले हुने कर रू.२ करोड ६७ लाख ७४ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज समेत छानबिन कर निर्धारण गर्नुपर्दछ।

१०८.३ आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीअन्तर्गतको एक करदाताले पेस गरेको २०७७।७८ को वित्तीय विवरणमा तीनवटा आफ्नै सम्बद्ध फर्मले एकले अर्कासँग मात्र कारोबार गरेको देखिन्छ। अलैंचीको कारोबार गरेको देखाएको यस करदाताले आफ्नै तीन वटा फर्मले गत विगत वर्षदेखि नै एक अर्का फर्मलाई न्यून मार्जिन राखेर कारोबार देखाई ठूलो रकम लिने दिने दायित्वसमेत सिर्जना गरेको देखिन्छ। कुनै पनि फर्मले बाहिरबाट अलैंची खरिद गरेको समेत देखिएन भने आफ्नै तीन निकाय बाहेक अन्यत्र बिक्रीसमेत गरेको देखिँदैन। साथै एउटै सामान तीनवटै फर्ममा मौज्दात देखाई ठूलो मात्रामा ऋण लिई ब्याज खर्च लिएको देखिन्छ। अतः यस्तो कारोबारबाट करदाताले देखाएको बिक्री रू.१९ करोड ४४ लाख ५२ हजारको २५ प्रतिशतका दरले हुने आयकर रू.४ करोड ८६ लाख १३ हजारमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०८.४ आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतलीअन्तर्गतका तीनवटा सम्बद्ध फर्महरूले आय वर्ष २०७८।७९ मा रू.४५ करोड ६८ लाख ७८ हजार ऋण लिएर रू.४ करोड ८३ लाख २९ हजार ब्याज खर्च कट्टी गरेको छ। साथै उक्त तीनवटा फर्महरूले एक अर्कासँग रू.८४ करोड १५ लाख १ हजार लिन/दिन बाँकी देखाएका छन्। अतः तीन करदाताले एकआपसमा अस्वाभाविक कारोबार देखाएर ब्याज खर्च दाबी गरेको रू.४ करोड ८३ लाख २९ हजार अमान्य गरी २५ प्रतिशतका दरले आयकर रू.१ करोड २० लाख ८२ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०८.५ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक करदाताको आसामी रू.६२ करोड ५३ लाख रहेकोमा आय वर्ष २०७८।७९ मा तीन सम्बद्ध पक्षबाट गत वर्षदेखि बिक्री रकमभन्दा रू.३९ करोड ९२ लाख बढी लिनु पर्ने देखाई लगानी गरेको देखिन्छ। लगानीबाट कुनै प्रतिफल आय विवरण देखाएको छैन। तसर्थ सम्बद्ध पक्षमा लगानी गरेको रकममा करदाताले दाबी गरेको औसत ब्याजदर ७.७८ प्रतिशतले हुने रू.३ करोड १० लाख ब्याज खर्च अमान्य गरी १८ प्रतिशतले हुने आयकर रू.५५ लाख र सोमा लाग्ने शुल्क एवं ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०९. **मूल्य अभिवृद्धि कर क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम करदाताले बिक्रीमा सङ्कलन गरेको करभन्दा खरिदमा तिरेको कर बढी भएमा करदाताले क्रेडिट सुविधा पाउने व्यवस्था छ।

आन्तरिक राजस्व कार्यालय, भद्रपुर अन्तर्गतको एक फूड्स कम्पनीको आय वर्ष २०७८।७९ को आय विवरण अनुसार आगलागीका कारणले नोक्सान भएको स्थिर सम्पत्ति, तयारी वस्तु तथा कच्चापदार्थ रू.३२ करोड ९६ लाख ९५ हजार वित्तीय विवरणबाट घटाएको देखिन्छ। आगलागीबाट रू.३८ करोड ४६ लाख ९५ हजार नोक्सान भएकोमा बीमा कम्पनीबाट रू.५ करोड ५० लाख मात्र क्षतिपूर्ति प्राप्त भएको उल्लेख छ। करदाताको सबै सामग्रीको बीमा गरेकोमा क्षतिपूर्ति प्राप्तिभन्दा बढी देखाएको नोक्सानी सम्बन्धमा ऐनको दफा १६ अनुसारको प्रक्रिया पुऱ्याएको नदेखिएकोले मौज्दातबाट घटाएको मालवस्तुको मूल्य अभिवृद्धि कर क्रेडिट रू.४ करोड २८ लाख ६० हजार अमान्य गर्न छानबिन गर्नुपर्दछ।

११०. **बेदर्तावाला मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐनअन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था छ। ठूला करदाता कार्यालयअन्तर्गतको एक दूरसञ्चार कम्पनीले इन्टरनेसनल इन्टरकनेक्सन खर्च तथा इन्टान्जिबल एसेट्सअन्तर्गत आईटी सफ्टवेयर खरिदबापत दुई आय वर्षमा रू.३ अर्ब २१ करोड ८ लाख ७ हजार भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणालीमा रहेको राजस्व लेखा प्रणाली परीक्षण गर्दा रिभर्स मूल्य अभिवृद्धि कर दाखिला नदेखिएकोले १३ प्रतिशतले रू.४१ करोड ७४ लाख ५ हजार र सोमा लाग्ने ब्याज र जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१११. **थ्रेसहोल्ड भन्दा बढीको कारोबार -** आयकर ऐन, २०५८ को दफा ९६ मा आय वर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८, १०० को अधीनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐनको दफा ४ मा २०७८।७९ मा मुनाफा रू.३ लाख रुपैयाँ र व्यवसायको कारोबार रू.३० लाख रुपैयाँभन्दा कम भएको करदाताले डे १ कर विवरण बुझाउन पाउने व्यवस्था छ। त्यस्तै मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ मा रू.५० लाखभन्दा बढी वस्तुको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गराउनुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, इटहरी, भैरहवा, कालीमाटीलगायत ३३ कार्यालयका ६४९ करदाताले आय वर्ष २०७८।७९ मा रू.५ अर्ब ९१ करोड ६९ लाख थ्रेसहोल्डभन्दा बढीको कारोबार गरेको देखिएकोले सोमा लाग्ने कर रू.५८ करोड ३० लाख ६४ हजार र सोमा लाग्ने ब्याज र शुल्क समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११२. **बीमा क्षतिपूर्ति आय -** आयकर ऐन, २०५८ को दफा ३१ मा बीमालगायतका क्षतिपूर्ति बापतको रकम आयमा समावेश गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली तथा करदाताहरूको वित्तीय विवरणअनुसार विभिन्न बीमा कम्पनीबाट क्षतिपूर्ति रकम प्राप्त गरेका करदाताहरूले उक्त रकम सम्बन्धित आय वर्षको आयमा समावेश नगरेको वा न्यून रकममात्र समावेश गरेको देखियो। आन्तरिक राजस्व कार्यालय भैरहवा, बुटवललगायत ६ कार्यालयका १५ करदाताले बीमा क्षतिपूर्तिबापत प्राप्त रकम आय लेखाङ्कन नगरेकोले छुट हुन गएको कर रू.३ करोड ३० लाख ७२ हजार र शुल्क एवं ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

११३. **अन्तःशुल्क -** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची अनुसार अन्तःशुल्क लाग्ने वस्तु वा सेवा उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा तोकिएबमोजिम अन्तःशुल्क लाग्ने

व्यवस्था छ। यो वर्ष मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय इटहरी, पोखरा लगायत ७ कार्यालयअन्तर्गतका ११ करदाताबाट रू.१७ करोड ४ लाख ४५ हजार अन्तःशुल्क न्यून असुल भएको देखिएकोले सोमा मूल्य अभिवृद्धि करसमेत गणना गरी असुल हुनुपर्दछ। अन्तःशुल्क असुली सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

११३.१ अन्तःशुल्क ऐन, २०५८ अनुसूची-३ मा शीर्षक ३९.२६ अन्तर्गतको उपशीर्षक ३९२६.९०.९१ मा त्रिपाल र पालहरूमा ५ प्रतिशतका दरले अन्तःशुल्क सङ्कलन गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा थप स्पष्टताको लागि आन्तरिक राजस्व कार्यालय, इटहरीले विभागलाई पत्राचार गरेकोमा विभागले त्रिपाल उपशीर्षक ३९२६.९०.९१ मा नै पर्ने निर्णय गरेको छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको त्रिपाल उत्पादन गर्ने एक कम्पनीले प्लाष्टिकका दाना र क्यालिसियम कार्बोनेट खपत गरी त्रिपाल लगायतका विभिन्न वस्तुको उत्पादन गरेकोमा २०७६।७७, २०७७।७८ र २०७८।७९ समेत ३ आय वर्षमा रू.४१ करोड ९७ लाख ७ हजारको त्रिपाल बिक्री गरेकोमा अन्तःशुल्क सङ्कलन गरेको देखिएन। अतः उक्त रकममा मूल्य अभिवृद्धि करसमेत रू.२ करोड ३७ लाख १३ हजार तथा सोमा लाग्ने ब्याज तथा शुल्कसमेत असुल गर्नुपर्दछ।

११३.२ उद्योग विभागबाट जारी मेटेरियल कन्जम्प्सन नर्म्स, २०७८ मा १०२ के.जी. प्लाष्टिक दाना र क्यालिसियम कार्बोनेटको खपतबाट १०० के.जी. (९८.०४ प्रतिशत) तयारी वस्तु उत्पादन हुने उल्लेख छ। मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक उद्योगले अर्ध प्रशोधित फेब्रिक्स उत्पादन गरी ४.३० प्रतिशत नोक्सानी देखाएको छ भने पुनः सो फेब्रिक्सको खपतबाट फेब्रिक्स ब्याग उत्पादन गर्दा २.९१ प्रतिशत नोक्सानी दाबी गरेको छ। जसअनुसार दुवैतर्फ नोक्सानी दाबी गर्दा ९९ हजार १६९ के.जी. कम उत्पादन भएको देखिन्छ। तयारी वस्तुको स्थानीय बिक्री दर प्रति के.जी. रू.२३०.१२ का दरले रू.२ करोड २५ लाख १० हजारले न्यून बिक्री देखिएकोले आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कसमेत रू.८८ लाख २० हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत असुल गर्नुपर्दछ।

११३.३ अन्तःशुल्क ऐन, २०५८ को अनुसूची ३ को खण्ड ८७.०८ बमोजिम ८७.०१ देखि ८७.०५ सम्मको गाडीका बम्परहरू र तिनका पार्टपुर्जाहरू, गाडीको मुख्य भाग (बडी) का अन्य पार्टपुर्जाहरू र सहायक सामग्रीहरू (क्याबसमेत) मा ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय पोखराअन्तर्गतका ३ करदाताहरूले २०७८।७९ मा अन्तःशुल्क लाग्ने कारोबार (ट्रक तथा गाडीको बडी निर्माणसम्बन्धी) कारोबार गरेको तर अन्तःशुल्कमा दर्ता भएको देखिएन। साथै उक्त करदाताहरूले यस वर्ष गरेको कारोबार रकम रू.१५ करोड १८ लाख ४२ हजारको अन्तःशुल्कसमेत दाखिला नगरेकोले कारोबार रकमको ५ प्रतिशतका दरले हुने अन्तःशुल्क रू.७५ लाख ९२ हजार र मूल्यअभिवृद्धि कर रू.९ लाख ८७ हजारसमेत रू.८५ लाख ७९ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११४. **सहकारीको बचत अन्य प्रयोजनमा प्रयोग -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। त्यस्तै सहकारी ऐन, २०७४ को दफा ५०(६) मा सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा सहकारी बैङ्क वा साना किसान लघुवित्त संस्थाको शेयर खरिद गर्न बाहेक अन्य

अचल सम्पत्त खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म कम्पनी वा अन्य कुनै बैङ्कको शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्न नहुने उल्लेख छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायअनुसार छन्:

११४.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटीभले आय वर्ष २०७५।७६ मा उद्देश्य विपरीत रू.२० करोड ३ लाख २९ हजारको जग्गा खरिद र रू.७ करोड ५७ लाख ९० हजारको अस्पताल भवन निर्माण गरेको देखिन्छ। उक्त सहकारीले हालसम्म जगेडा तथा कोषबाट भवन निर्माणमा रू.७ करोड ५७ लाख ९० हजार र स्थिर सम्पत्ति पुनर्मूल्याङ्कन कोषबाट रू.३० करोड ७१ लाख ७४ हजार जग्गामा लगानी गरेको छ। मुनाफा रकमबाट कोषमा रकम सार्नुपर्नेमा बचत रकमबाट उक्त कोषहरूमा रकम स्थानान्तरण गरेकोले उक्त कार्य सहकारी ऐनको दफा ६७ देखि ७१ तथा नियमावलीको नियम २७ विपरीत रहेको देखिन्छ। अतः सहकारी संस्थाको उद्देश्य विपरीतको कार्यमा बचतकर्ताको बचत स्थानान्तरण गरेकोले न्यूनतम ब्याजदर १४.१६ प्रतिशतका दरले हुने ब्याज रू.२ करोड ८३ लाख ६६ हजारलाई आयमा समावेश गरी सोको १० प्रतिशत आयकर रू.२८ लाख ३६ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११४.२ आन्तरिक राजस्व कार्यालय, दमकअन्तर्गतको एक बचत तथा ऋण सहकारी संस्थाले आय वर्ष २०७८।७९ मा उद्देश्य विपरीतको जग्गा खरिदमा रू.२१ करोड ५९ लाख ८२ हजार लगानी गरेको देखिन्छ। उक्त लगानीबाट यस आय वर्षमा कुनै प्रतिफल प्राप्त भएको देखिँदैन। अतः यस वर्षको औसत ब्याजदर १६ प्रतिशतले हुने ब्याज रू.३ करोड ४५ लाख ५७ हजारको न्यून आय लेखाङ्कन गरेको रकम आयमा समावेश गरी ५ प्रतिशतले हुने आयकर रू.१७ लाख २८ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११४.३ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक बहुउद्देश्यीय सहकारी संस्थाले आय वर्ष २०७५।७६ मा सहकारी ऐनको व्यवस्था विपरीत रू.७ करोड ४२ लाखको जग्गा खरिद गरी सहकारीको बचतलाई अन्य क्षेत्रमा स्थानान्तरण गरेको देखिन्छ। यस वर्ष भवन लगायतका संरचना निर्माण गरेको समेत देखिएन। उक्त जग्गा व्यावसायिक प्रयोजनका लागि प्रयोग भएको नदेखिएकोले औसत ब्याज दर १८.२९ प्रतिशतले हुने रू.१ करोड ३५ लाख ७१ हजार ब्याज आयमा समावेश गरी सो को १० प्रतिशत आयकर रू.१३ लाख ५७ हजार र सोमा लाग्ने शुल्क र ब्याज समेत छानबिन कर निर्धारण गर्नुपर्दछ।

११४.४ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक सहकारीले आय वर्ष २०७५।७६ मा एक ऊर्जा कम्पनी र इन्भेष्मेन्ट कम्पनीलाई रू.७ करोड पेस्की दिएको दिएको देखियो। करदाताले बचतकर्ताबाट बचत सङ्कलन गरी सोमा ब्याजसमेत भुक्तानी गरेको रकम बिना प्रतिफल पेस्की दिई ब्याज खर्च कट्टी लिन मिल्ने देखिँदैन। करदाताले सहकारी उद्देश्य बाहेक अन्य प्रयोजनमा उपयोग गरेको कर्जाको न्यूनतम ब्याजदर १४ प्रतिशतले हुने ब्याज रू.१ करोड ६ लाख २१ हजारलाई आयमा समावेश गरी सोको १० प्रतिशत कर रू.१० लाख ६२ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

११५. **संरक्षित कोषको लाभ कर –** सहकारी ऐन, २०७४ को दफा ६९ तथा सहकारी नियमावली, २०७५ को नियम २५ अनुसार संरक्षित पुँजी फिर्ता कोषबाट २५ प्रतिशत नगद वितरण गरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा १३ अनुसारको खर्च कट्टी नपाउने र आयकर ऐन,२०५८ को दफा ५३ (१) (क) तथा उपदफा (६) अनुसार लाभांश वितरण मानिने भएकोले त्यस्तो रकममा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने गरी आन्तरिक राजस्व विभागले २०७९।१२।२० मा परिपत्र गरेको छ। आन्तरिक राजस्व कार्यालय, भक्तपुरलगायतका ६ कार्यालयअन्तर्गतका १५ करदाताहरूको विभिन्न आय वर्षमा रू.५ करोड ६९ लाख ६७ हजार उक्त कोषबाट भुक्तानी गरेको रकममा लाभांश कर कट्टी गरेको नदेखिएकोले ५ प्रतिशत लाभांश कर रू.२८ लाख ४८ हजार र सोमा ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११६. **ह्रास खर्च कट्टी –** आयकर ऐन, २०५८ को दफा १९ मा व्यावसायिक आय आर्जनमा प्रयोग भएको सम्पत्तिको तोकिएबमोजिम ह्रास खर्च कट्टी पाउने व्यवस्था रहेको छ। कतिपय करदाताले तोकिएभन्दा बढी ह्रासखर्च कट्टी लिएको देखिएको छ। यससम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

११६.१ ठूला करदाता कार्यालयअन्तर्गतको एक एयरलाइन्स कम्पनीले आय वर्ष २०७८।७९ को वित्तीय विवरणमा स्थिर सम्पत्तिको मूल्यमा दाबी गरेको सुरु ह्रास आधार र गत वर्षको अन्तिम ह्रास आधार बीच रू.९ करोड ६० लाख ९० हजार फरक परेकोले बढी ह्रास आधार कायम गरेको रकमलाई ऐनको ४०(१) बमोजिम निकायको सम्पत्तिको निःसर्ग मानी दफा ७(२ग) बमोजिम आयमा समावेश गरी नोक्सानी समायोजन गर्नुपर्दछ। साथै समूह 'घ' को ह्रास आधारअनुसारको उक्त रकमको १५ प्रतिशतले हुने ह्रास खर्च रू.१ करोड ४५ लाख ४९ हजार अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

११६.२ आन्तरिक राजस्व कार्यालय, दमकअन्तर्गतको एक पोल्ट्री व्यवसायीले रू.८ करोड ५८ लाख ९९ हजारको स्थिर सम्पत्ति थप गरेकोमा उक्त सम्पत्ति व्यावसायिक प्रयोजनमा आएको देखिँदैन। करदाताले ब्याज खर्च पुँजीकरण गरेको तर रू.१ करोड ४१ हजार ह्रास खर्च दाबी गरेको छ। ऐनमा उल्लिखित व्यवस्थाअनुसार उक्त सम्पत्ति आयआर्जनमा नआएकोले दाबी गरेको ह्रास खर्च कट्टी अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

११७. **सामाजिक सुरक्षा कोषमा कम योगदान-** आयकर ऐन, २०५८ को दफा २१(१)(घ१) मा पटके प्रकृतिको ३ हजार रुपैयाँसम्मको ज्याला भुक्तानी बाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च कट्टी गर्न नपाउने व्यवस्था छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ४ बमोजिम योगदानयोग्य आय भुक्तान गर्नुपर्ने महिना समाप्त भएको १५ दिनभित्र योगदान कोषमा दाखिला हुने गरी जम्मा गर्नुपर्ने उल्लेख छ। करदाताले सामाजिक सुरक्षाकोषमा आबद्ध भएकोमा पारिश्रमिक खर्च दाबी गर्दा सामाजिक सुरक्षा कोषमा कट्टी भनी खर्च दाबी गरेकोमा खर्च कट्टी गरेको योगदान रकम सामाजिक सुरक्षा कोषमा दाखिला गरेको देखिएन। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार रहेका छन्:

११७.१ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गतको एक करदाता २०७६।४।१६ मा सामाजिक सुरक्षा कोषमा सुचीकृत भएको र आय वर्ष २०७६।७७ मा १ हजार ३२१ सुरक्षा गार्ड र कर्मचारीको पारिश्रमिकबापत रू.२४ करोड ६० लाख ६० हजार खर्च लेखाङ्कन गरेको पाइयो। तलबी विवरण अनुसार वार्षिक सञ्चय कोषबापत रू.१ करोड १४ लाख ३१ हजार (१० प्रतिशत), उपदानबापत

रू.९५ लाख २२ हजार (८.३३ प्रतिशत) र मेडिकल बीमाबापत रू.१४ लाख २८ हजार (१.६७ प्रतिशत) गरी जम्मा रू.२ करोड २३ लाख ८२ हजार रहेको देखिन्छ। सामाजिक सुरक्षा कोषबाट प्राप्त विवरणअनुसार उक्त करदाताले २०७६।७७ को सो रकम कोषमा जम्मा गरेको पाइएन भने करदाताले २०७८ जेष्ठ महिनादेखि मात्र योगदानको रकम कोषमा जम्मा गरेको र लेखापरीक्षण अवधिसम्म १७२ कर्मचारीको रू.६६ लाख ७ हजारमात्र जम्मा गरेको देखियो। करदाताले कोषमा दाखिला हुनुपर्ने रकम रू.३ करोड ३८ लाख १३ हजार (संस्थाले थप गर्नुपर्ने १० प्रतिशतसमेत) लाई आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी अमान्य गरी २५ प्रतिशत आयकर रू.८४ लाख ५३ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११७.२ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत कामदार आपूर्ति गर्ने एक करदाता सामाजिक सुरक्षा कोषमा २०७५।११।६ मा सूचीकृत भई २०७७।८।३ देखि योगदान रकम दाखिला गरेको देखिन्छ। करदाताले आय वर्ष २०७८।७९ मा रू.६१ करोड २० लाख ७५ हजार तलव खर्च लेखेकोमा कोषमा रू.८ करोड ३४ लाख २६ हजार दाखिला गरेको छ जुन कुल तलब खर्चको १३.७१ प्रतिशत हो। जसअनुसार आय वर्ष २०७७।७८ को तलब खर्च रू.५९ करोड ४४ लाख ४५ हजारको १३.७१ प्रतिशतले हुने रू.८ करोड १० लाख २२ हजार दाखिला हुनुपर्नेमा रू.५ करोड ७९ लाख ५८ हजार मात्र दाखिला गरेको छ। यसरी घटी रकम रू.२ करोड ३० लाख ६४ हजार वित्तीय विवरणमा उल्लेख भएको सामाजिक सुरक्षामा तिर्न बाँकी दायित्व रू.६३ लाख ८८ हजार घटाई हुने रू.१ करोड ६६ लाख ७६ बढी खर्च दाबी गरेकोले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च अमान्य गरी २५ प्रतिशत कर रू.४१ लाख ६९ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११७.३ आन्तरिक राजस्व कार्यालय, सिमराअन्तर्गत कामदार आपूर्ति गर्ने ४ करदाताले आय वर्ष २०७८।७९ मा अन्य कम्पनीहरूमा आपूर्ति गरेका कामदारको तलब खर्च कट्टी दाबी गरेको पाइयो। सामाजिक सुरक्षा कोषबाट प्राप्त विवरणअनुसार उक्त करदाताहरू कोषमा २०७६।७७ मा सूचीकृत भएकोमा हालसम्म कोषमा तोकिएको योगदान रकम दाखिला गरेको पाइएन। कोषमा दर्तापश्चात् रकम दाखिला गरेको नदेखिएकोले दाखिला हुनपर्ने रकममध्ये करदाताले थप गर्नुपर्ने २० प्रतिशत रकम बराबरको खर्च कट्टी अमान्य गरी २५ प्रतिशतले हुने कर रू.१ करोड २४ लाख ७ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११८. **आय विवरण -** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा रू.४० लाखभन्दा बढी आय भएको अवस्थामा डे-४ आय विवरण भर्नुपर्ने व्यवस्था आन्तरिक राजस्व विभागको वेबसाइटमा उल्लेख छ। यस्तो आय विवरणमा रोजगारीबाट प्राप्त सबै रकम, आकस्मिक लाभको रकम, कृषि आम्दानी रकम र सबै लाभांश रकम समावेश गर्नुपर्ने उल्लेख छ। साथै ऐनको दफा ९३ मा कुनै भुक्तानीको रकम गणना गर्ने प्रयोजनका लागि सो भुक्तानीबाट कुनै कर कट्टी गरिएको भए त्यस्तो कर कट्टी रकमलाई सो भुक्तानीको अंशको रूपमा लिई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी बाहेकको कुनै भुक्तानीमा कर कट्टी भएको रहेछ भने कर कट्टी हुने व्यक्तिले दफा ८७ बमोजिम भुक्तानीमा कट्टी गरिएको कर दाखिला गरे सरह मानिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

११८.१ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक अस्पतालले व्यक्तिगत स्थायी लेखा नं. लिएका ७ चिकित्सकहरूलाई कन्सल्टेन्सी फीबापत रू.६ करोड ३ लाख ८५ हजार भुक्तानी गरेकोमा १५ प्रतिशत मात्र कर कट्टा गरेको छ। उक्त चिकित्सकहरूले डे-४ आय विवरण पेस गरेको समेत देखिएन। अतः आयकर ऐनअनुसार आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको कर योग्य आयमा अनुसूचीमा उल्लेख भए बमोजिमको आयकर रू.१ करोड ७ लाख ४८ हजार र सोमा लाग्ने ब्याज र शुल्क असुल गर्नुपर्दछ।

११८.२ आन्तरिक राजस्व कार्यालय, पोखराअन्तर्गत अस्पताल सञ्चालन गर्ने एक करदाताले पेस गरेको आय वर्ष २०७७।७८ को वित्तीय विवरणमा चिकित्सकको कन्सल्टेन्सी फीबापत सोही अस्पतालमा शेयर होल्डरसमेत रहेका २२ जना चिकित्सकलाई रू.७ करोड ५८ लाख ९५ हजार भुक्तानी गरेकोमा उक्त भुक्तानीमा १५ प्रतिशतका दरले मात्र अग्रिम कर कट्टी गरेको देखियो। करदाताबाट पेस भएको चिकित्सकको विवरणमा २०७७।७८ को आय विवरण पेस गरेको देखिएन। आय विवरण पेस नगर्ने चिकित्सकको यस वर्षको कुल आय रू.१ करोड ८७ लाख ८३ हजारको सम्बन्धमा छानबिन गरी नियमानुसार रू.२० लाखभन्दा बढी करयोग्य आयको हकमा ३६ प्रतिशतका दरले आयकर लाग्ने व्यवस्था रहेकोले सोअनुसार छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११८.३ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक करदाताले आय वर्ष २०७८।७९ मा व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ३८ चिकित्सकलाई कन्सल्टेन्सी फीबापत रू.६ करोड ९६ लाख ९ हजार खर्च लेखेकोमा १५ प्रतिशत मात्र कर कट्टी गरेको छ। आयकर ऐनअनुसार आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको वार्षिक करयोग्य आयमा थ्रेसहोल्डअनुसार कर रू.४९ लाख १२ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११९. **मूल्य अभिवृद्धि कर असुली -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१) मा नेपालभित्र आपूर्ति भएका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र दफा ७(१) बमोजिम करको दर १३ प्रतिशतले हुने व्यवस्था रहेको छ। यो वर्ष ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, ठमेल, भद्रपुरलगायत २९ कार्यालयअन्तर्गतका १५२ करदाताको कुल कारोबार रकम रू.५ अर्ब ५८ करोड ९६ लाखमा मूल्य अभिवृद्धि कर रू.७२ करोड ६६ लाख असुल गर्नुपर्ने देखिएको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायबमोजिम छन्:

११९.१ आन्तरिक राजस्व कार्यालय ललितपुर, १ अन्तर्गतको ढुवानी तथा क्लियरिङ्ग फर्वार्डिङ्गसम्बन्धी सेवा प्रदान गर्ने एक करदाताले विगतमा आफ्नो कारोबारमा मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा आय वर्ष २०७८।७९ मा सम्पूर्ण बिक्री कर छुटमा समावेश गरेको छ। सो ऐनको अनुसूची १ मा त्यस्ता करदाताले प्रदान गर्ने सेवालाई कर छुटको सेवामा राखेको छैन। पछिल्लो आय वर्ष २०७९।८० पनि यस करदाताले मूल्य अभिवृद्धि कर सङ्कलन गरेकोले यस वर्ष मात्र मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको सम्बन्धमा कार्यालयले आर्थिक ऐनले छुट दिएको जनाएको छ। बीचको एक वर्ष मूल्य अभिवृद्धिकर छुट दिने नीतिगत निर्णयका कारण नेपाल सरकारलाई रू.३९ करोड १५ लाख ९३ हजारको बिक्रीमा १३ प्रतिशतले हुने रू.५ करोड ९ लाख ७ हजार मूल्य अभिवृद्धि कर नोक्सानी भएको छ।

११९.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा गहुँको आँटा (११.०३.११.००) लाई आर्थिक ऐन, २०७८ ले कर छुटबाट हटाई कर लाग्ने व्यवस्था गरेको छ। ठूला करदाता कार्यालयअन्तर्गतको आँटा चक्की, आँटा चोकर, मैदा र सुजीको उत्पादन र बिक्री गर्ने एक करदाताले आय वर्ष २०७८।७९

मा रू.४५ करोड ८६ लाख २५ हजार कर छुटको बिक्री देखाएको छ। कर छुट बिक्री देखाएको मध्ये आँटा ४७ लाख १५ हजार ६१० के.जी. रू.३५।९७ को दरले रू.१६ करोड ९६ लाख २० हजार तथा चक्की आँटा १२ लाख ९ हजार ६११ के.जी. रू.४२।७४ ले हुने रू.५ करोड १६ लाख ९९ हजारमा बिक्री गरेको देखिन्छ। आँटा र चक्की आँटामा कर छुट नहुने देखिएकोले रू.२२ करोड १३ लाख १९ हजारको १३ प्रतिशतले रू.२ करोड ८७ लाख ७१ हजार मूल्य अभिवृद्धि कर तथा सोमा लाग्ने शुल्क तथा ब्याजसमेत कर निर्धारण गर्नुपर्दछ।

११९.३ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २२क(ख)बमोजिम कुनै व्यक्ति वा निकायले करको दायित्व कम गर्ने बदनियतले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा कर निर्धारण गरी कर असुल उपर गर्न सकिने व्यवस्था छ। आन्तरिक राजस्व कार्यलय, भद्रपुरअन्तर्गत हार्डवेयरको कारोबार गर्ने एक करदाताले एक कम्पनीसँग रू.८० करोड १२ लाख ९७ हजारको खरिद गरी रू.८० करोड ३८ लाख १० हजारमा बिक्री गर्दा ग्रस मुनाफा ०.३ प्रतिशत देखिएको तर व्यवसाय सञ्चालन खर्च रू.१ करोड ६० लाख ९० हजार रहेको छ। उपर्युक्त घाटा पूर्ति गर्न खरिदकर्ता फर्मबाट रू.४ करोड ११ लाख ८ हजार कर छुटको इन्सेन्टिभ प्राप्त गरेको छ। खरिदमा बढी मूल्य राख्ने तर सोको भरपाई कर छुटको इन्सेन्टिभबाट प्राप्त गर्दा मूल्य अभिवृद्धि करको नियोजन गरेको देखिन्छ। अतः सोको मूल्य अभिवृद्धि कर रू.५३ लाख ४४ हजार र सोमा लाग्ने ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११९.४ आन्तरिक राजस्व कार्यालय, ठमेलअन्तर्गतको एक करदाताको आय वर्ष २०७८।७९ को वित्तीय विवरणमा खरिदतर्फ रू.२० करोड ३३ लाख खर्च कट्टी लेखाङ्कन गरेको छ भने कुल बिक्री आय रू.१६ करोड २० लाख ३० हजार मात्र लेखाङ्कन गरेको छ। साथै अन्तिम मौज्दात देखाएको छैन। करदाताले व्यापारिक मौज्दातको लागतभन्दा रू.४ करोड १२ लाख ७० हजार कम मूल्यमा बिक्री गरेको देखिएकोमा सोको खुलासा तथा पुष्ट्याइँ नगरेकोले यस सम्बन्धमा छानबिन गरी कम मूल्यमा बिक्री जनाएको रकमलाई आयमा समावेश गरी आयकर तथा मूल्य अभिवृद्धि कर समेत रू.५३ लाख ६५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याज छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१२०. **विदेशी स्थायी संस्थापन** - आयकर ऐन, २०५८ को दफा ६८(१) मा दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनका अन्य व्यवस्थाहरूको अधीनमा रही गैरबासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा कर दाखिला गर्ने जिम्मेवारी सोही संस्थापनको हुने व्यवस्था छ। त्यस्तै सोही दफाको उपदफा ३ मा गैरबासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ऐनको दफा ३ को खण्ड(ख) मा उल्लेख भएबमोजिम स्थायी संस्थापन उपर कर लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१२०.१ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक बहु–राष्ट्रिय कम्पनीले पेस गरेको आय वर्ष २०७८।७९ को वित्तीय विवरणमा विदेशी साझेदारलाई गत वर्ष रू.४० करोड २ लाख तिर्न बाँकी रहेकोमा यो वर्ष रू.१६ करोड ३६ लाख दायित्व चुक्ता गरी रू.२३ करोड ६६ लाख बाँकी रहेको देखिन्छ। गत वर्ष खुद नाफा रू.२ करोड १६ लाख र यस वर्षको खुद नाफा रू.२ करोड ७६ लाखलाई नाफा नोक्सान विवरणमा नेट प्रोफिट ट्रान्सफर टु हेड अफिस एकाउण्ट उल्लेख गरेको छ। करदाताले उक्त नाफालाई समेत रिजर्भ एण्ड सरप्लसमा नदेखाई साझेदारलाई तिर्नुपर्ने दायित्वमा लेखाङ्कन गरी क्रमशः विदेशस्थित मुख्य कार्यालयमा पठाएको देखिन्छ। करदाताले पुँजीमा नदेखाई दायित्वमा देखाएर आर्जन गरेको मुनाफामा लाग्ने कर

दायित्वबाट उन्मुक्ति पाउने प्रबन्ध गरेको देखिन्छ। तसर्थ यस वर्ष साझेदारलाई विदेश पठाएको रू.१६ करोड ३६ लाख विदेशी स्थायी संस्थापनलाई भुक्तानी गरेको आय मानी गैरबासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५ प्रतिशतका दरले अग्रिम कर रू.८१ लाख र सोमा लाग्ने शुल्क र ब्याज छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१२०.२ आन्तरिक राजस्व कार्यालय, हेटौंडाअन्तर्गत जलविद्युत गृह व्यवस्थापनको कार्य गर्ने एक करदाताले मूल कम्पनी (हाइड्रो कर्पोरेसन) लाई आय वर्ष २०७६।७७ मा रू.५३ करोड ५५ लाख तिर्न बाँकी रहेकोमा यस वर्ष रू.१० करोड ३२ लाख चुक्ता गरी रू.४३ करोड २३ लाख बाँकी रहेको देखिन्छ। उक्त हाइड्रो कम्पनीसँग कुन कारोबारमा दायित्व सिर्जना भएको हो, खुलाएको छैन। पुँजी नदेखाई दायित्वमा देखाएर क्रमशः दायित्व भुक्तान गर्दै कम्पनीलाई लगातार नोक्सानीमा देखाउने र कर दायित्वबाट उन्मुक्ति पाउने प्रबन्ध गरेको देखिन्छ। हाइड्रो कर्पोरेसनलाई यस वर्ष प्रदान गरेको रू.१० करोड ३२ लाख विदेशी स्थायी संस्थापनलाई भुक्तानी गरेको आय मानी गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ५ प्रतिशतको दरले हुने अग्रिम कर रू.५१ लाख र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

भन्सार विभाग

विभागले विदेशबाट पैठारी हुने मालवस्तुमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि करलगायत भन्सार बिन्दुमा असुल गर्ने राजस्व सङ्कलन, व्यापार प्रवर्धन, आपूर्ति सहजता, लागि अन्तराष्ट्रिय व्यापार प्रणालीसँग आबद्ध भई व्यापार सहजीकरणका भएको छ। भन्सार विभाग र मातहतका कार्यालयको लागि यो वर्ष रू.२ अर्ब ८६ करोड ७ लाख ४ हजार बजेट व्यवस्था भएकोमा रू.२ अर्ब १७ करोड ५७ लाख ४५ हजार खर्च गरेको छ। भन्सार विभागअन्तर्गत ३९ मुख्य भन्सार कार्यालय, १ भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ छोटी भन्सार कार्यालय रहेका छन्।

१२१. **राजस्वको लक्ष्य प्रगति -** भन्सार विभागको राजस्वको लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति देहायअनुसार रहेको छः

(रू.करोडमा)

राजस्वको विवरण	२०७८।७९ को असुली	२०७९।८० को लक्ष्य	२०७९।८० को असुली	लक्ष्यको तुलनामा असुली प्रतिशत	गत वर्षको तुलनामा घटी प्रतिशत
भन्सार राजस्व	२२४१५	३०६०१	१७३५०	५६.७	(२२.६)
मूल्य अभिवृद्धि कर	२०७५४	२५८२६	१७३०६	६७.०१	(१६.६१)
अन्तःशुल्क	५७३५	८९८७	३२३३	४०.४८	(४३.६२)
जम्मा	**४८९०४**	**६५४१४**	**३७८८९**	**५७.९२**	(२२.५२)

स्रोतः भन्सार विभागको वार्षिक प्रगति विवरण, २०७९।८०

आर्थिक वर्ष २०७९।८० मा सडक मर्मत/सम्भार र निर्माण दस्तुर बाहेक भन्सार विभाग अन्तर्गत रू.६ खर्ब ५४ अर्ब १४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा वर्षान्तसम्म रू.३ खर्ब ७८ अर्ब ८९ करोड अर्थात् ५७.९२ प्रतिशत मात्र असुली भएको देखिन्छ। सोमध्ये भन्सार महसुल ४५.७९ प्रतिशत, मूल्य अभिवृद्धि कर ४५.६७ प्रतिशत र अन्तःशुल्क ८.५३ प्रतिशत रहेको छ। लक्ष्यअनुसार राजस्व असुली हुन नसकेको सम्बन्धमा नीतिगत तथा कार्यान्वयनगत पक्षको विश्लेषण गरी असुलीमा प्रभावकारिता ल्याउनु पर्दछ।

१२२. **राष्ट्रिय एकद्वार प्रणाली -** नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालनमा ल्याएको छ। राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका, २०७८ अनुसार निकासी पैठारीसँग सम्बन्धित विभिन्न ४८ निकायलाई भन्सारको एउटै विद्युतीय प्रणालीमा आबद्ध गरी निकासी पैठारी प्रक्रियामा प्रयोग हुने आवेदन तथा प्रमाणपत्रलाई विद्युतीय माध्यमबाट सम्प्रेषण, प्रशोधन र जारी गर्नुपर्नेमा हालसम्म १८ निकाय मात्र उक्त प्रणालीमा आबद्ध भएका छन्। प्रणालीको विकास, सञ्चालन, गुणस्तर आश्वस्तता, अनुगमन र नियमित मर्मत सम्भारमा हालसम्म रू.४० करोड ४३ लाख ७ हजार खर्च भइसके तापनि विभिन्न ३० निकायमा प्रणाली जडान कार्य बाँकी रहेको छ। प्रणाली जडान भएका केही निकायले समेत सो प्रणाली सञ्चालनमा नल्याएको एवं भन्सार कार्यालयको प्रज्ञापनपत्र यस प्रणालीसँग आबद्ध नभएका कारण यस प्रणाली सञ्चालनबाट पूर्ण रूपमा कार्यसम्पादन हुन सकेको छैन।

भन्सार कार्यालयहरू

१२३. **कार्यालयगत राजस्वको लक्ष्य प्रगति -** भन्सार विभागअन्तर्गतका ३९ भन्सार कार्यालयमध्ये सबैभन्दा बढी राजस्व सङ्कलन गर्ने १० कार्यालयको राजस्वको लक्ष्य र असुलीको तुलनात्मक स्थिति देहायअनुसार रहेको छः

(रू.करोडमा)

कार्यालय	२०७९।८० को लक्ष्य	२०७९।८० को असुली	लक्ष्यको तुलनामा असुली (प्रतिशत)	कुल भन्सार राजस्वमा कार्यालयको हिस्सा (प्रतिशत)
वीरगन्ज भन्सार कार्यालय	२६०९७	१५७१५	६०.२२	४०.२२
भैरहवा भन्सार कार्यालय	१५५५६	७६८९	४९.४१	१९.६८
सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सा	६७४३	४२५०	६३.०२	१०.८८
विराटनगर भन्सार कार्यालय	६००३	३३१३	५५.२०	८.४८
त्रिभुवन बीमानस्थल भन्सार कार्यालय	३०७२	१८२९	५९.५४	४.६८
नेपालगन्ज भन्सार कार्यालय	२९३२	१८१९	६२.०४	४.६६
मेची भन्सार कार्यालय	२०२४	१४०५	६९.४२	३.६०
कैलाली भन्सार कार्यालय	१२३०	८२९	६७.४२	२.१२
रसुवा भन्सार कार्यालय	९३८	८२४	८७.९१	२.११
कृष्णनगर भन्सार कार्यालय	७६९	४०६	५२.७९	१.०४
जम्मा	**६५३६४**	**३८०७९**	**५८.२६**	

भन्सार विभागको कुल राजस्व लक्ष्य रू.६ खर्ब ६८ अर्ब ७६ करोडमध्ये उल्लिखित १० कार्यालयहरूको लक्ष्य रू.६ खर्ब ५३ अर्ब ६४ करोड (९७.७४ प्रतिशत) रहेको र कुल असुली रू.३ खर्ब ९० अर्ब ७० करोडमध्ये १० कार्यालयबाट रू.३ खर्ब ८० अर्ब ७९ करोड (९७.४६ प्रतिशत) असुली भएको देखिन्छ। कार्यालयगत रूपमा लक्ष्य र असुली विश्लेषण गर्दा रसुवा भन्सार कार्यालयको असुली ८७.९१ प्रतिशत रहेकोमा अन्य भन्सार कार्यालयहरूको असुली ७० प्रतिशत भन्दा न्यून रहेको छ। वीरगन्ज भन्सार कार्यालयले लक्ष्यको ६०.२२ प्रतिशत, भैरहवा भन्सार कार्यालयलले ४९.४१, विराटनगर भन्सार कार्यालयले ५५.२० प्रतिशतमात्र असुल गरेको र अन्य भन्सार कार्यालयले समेत लक्ष्यभन्दा करिब ४७ प्रतिशतसम्म घटी राजस्व असुल गरेका छन्। सबै कार्यालयहरूले लक्ष्यको

तुलनामा घटी राजस्व सङ्कलन गरेको सम्बन्धमा तालुक निकायले यथार्थता पहिचान गरी भन्सार प्रशासनमा सुधार गर्नुपर्दछ।

१२४. **महसुल छुट -** आर्थिक ऐन, २०७९ को अनुसूची-१ को दफा १४(१), १४(२) र १४(३) मा भन्सार महसुल पूर्ण एवं आंशिक छुट हुने व्यवस्था छ। सोही ऐनको दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा पैठारी हुने मालवस्तुको पूर्ण वा आंशिक भन्सार महसुल छुट हुने उल्लेख छ। त्यसै गरी आर्थिक ऐनले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ बमोजिमका सामानमा मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरेको छ। आसिकुडाबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा यो वर्ष विभिन्न भन्सार बिन्दुबाट रू.९९ अर्ब ४२ करोड ३३ लाख राजस्व छुट दिएको देखिन्छ। प्रत्येक वर्ष निकासी पैठारी, आयकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुट बढ्दै गएकोले राजस्व असुली समेत प्रभावित भएको छ। राजस्व छुटसम्बन्धी प्रमुख व्येहोरा निम्नानुसार छन्:

१२४.१ आर्थिक ऐन, २०७९ को अनुसूची १ को दफा १४(२)ट अनुसार भाग ८४ को ५ प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेसिनरी एवं सोको मुख्य अवयवहरू र उद्योग विभागको स्वीकृत स्किमबमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पैठारी गर्दा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरेको छ। भन्सार कार्यालयहरूबाट एक पटकको कारोबारमा छुट पाउने पैठारीकर्ताले सामानहरू पैठारी गर्दा मिल मेसिनरीमा ८० प्रतिशत भन्सार महसुल छुट सुविधामा जाँचपास गराएको देखिन्छ। सम्बन्धित भन्सार कार्यालयहरूबाट जाँचपास भएका ११ हजार ६६१ प्रज्ञापनपत्रबाट यो वर्ष रू.२५ अर्ब ३६ करोड २३ लाख २९ हजार कारोबार मूल्यको ४ प्रतिशतले हुने रू.१ अर्ब १ करोड ४४ लाख ९३ हजार राजस्व छुट दिइएको छ। उद्योग विभागको स्वीकृत स्किमबमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पैठारी भएको हो भनी पुष्टि गर्ने प्रमाण पेस नभएको र पैठारी भएका वस्तु जगेडा वा प्रतिस्थापनका लागि भए नभएको यकिन नगरी सबै पैठारीमा सुविधा प्रदान गरेकोमा पैठारी पश्चात् अनुगमन गरेको देखिएन। उद्योगले प्रथम पटकको लागि जडान गरेको सुनिश्चितता हुने निश्चित गरेर मात्र छुटको सुविधा दिनुपर्दछ।

१२४.२ आर्थिक ऐन, २०७९ को अनुसूची १ को दफा १५(२)त मा सम्बन्धित निकायको सिफारिसमा जलविद्युत आयोजनाहरूले पैठारी गर्ने निर्माण उपकरण, मेसिनरी औजार र सोको पार्टपुर्जामा १ प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ। विराटनगर र वीरगन्ज भन्सार कार्यालय अन्तर्गतका विभिन्न पैठारीकर्ताले सो सुविधा उपभोग गर्ने गरी सोही ऐनको अनुसूची १ को दफा १३(२) बमोजिम क्रमशः रू.१० करोड ३ लाख ५८ हजार र रू.५ करोड ४४ लाख ५२ हजारसमेत रू.१५ करोड ४८ लाख १० हजार बैङ्क ग्यारेण्टी राखी त्यस्ता मेसिन/उपकरण पैठारी गरेका छन्। यसरी बैङ्क ग्यारेण्टी राख्ने आयोजनाहरूको क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तनको सैद्धान्तिक सहमति प्राप्त गरेको तर स्वीकृत नभएका आयोजनाको लागि भविष्यमा स्वीकृत भएमा १ प्रतिशत महसुल लिने र नभएमा सम्पूर्ण महसुल लिने गरी हाललाई बैङ्क ग्यारेण्टीमा जाँचपास गर्न दिने भन्ने बेहोराको २०७६।३।१ को अर्थ मन्त्रालयको पत्रलाई आधार लिएको देखिन्छ। कर तथा छुट सुविधाहरू हरेक वर्ष आर्थिक ऐनले निर्धारण गर्ने र सोअनुसार लगतमा पैठारी गर्दा दफा १८ (३) को निर्णय आवश्यक पर्नेमा यो वर्षको आर्थिक ऐनमा व्यवस्था नभएको विषयलाई पुरानो परिपत्रको आधारमा लगतमा जाँचपास गर्दा छुट भएको उल्लिखित महसुल असुल गर्नुपर्दछ।

१२५. **भाडा तथा बीमा छुट -** भन्सार ऐन, २०६४ को दफा १५ अनुसार मालवस्तुको पैठारी गर्दा भाडा बीमा वा अन्य खर्चको विवरण पेस गर्न नसकेमा अनुमानित खर्चको विवरण पेस गर्नुपर्ने र सोको आधारमा मालवस्तु जाँचपास गरी ९० दिनभित्र वास्तविक बिल पेस गरी सोको कारणले छुट भएको महसुल रकम मिलान गर्नसक्ने व्यवस्था छ।

भन्सार विभागले २०७८।६।४ मा भाडा, बीमाको बिल पेस नगरीएको अवस्थामा भाडा बापत मूल्यको १० प्रतिशत र बीमाबापत २ प्रतिशत थप गरी भन्सार प्रयोजनको मूल्य कायम गर्ने गरी परिपत्र गरेको छ। एल.पी. ग्याँस पैठारीमा बीमा र ढुवानीबापत ७ प्रतिशत रकम कारोबार मूल्यमा समावेश हुने गरेकोमा भन्सार बिन्दुभन्दा अगाडिको भाडा भारतीय नम्बर प्लेटका बुलेटधनीहरूलाई सम्बन्धित उद्योगले नै भुक्तानी गरेको अवस्थामा भन्सार बिन्दुमा यथार्थ भाडा, बीमा रकम घोषणा भएको अवस्था देखिँदैन। उद्योगले पैठारी गर्ने ग्याँस तथा पेट्रोलियम पदार्थको भाडा, बीमाको सन्दर्भमा विभागले २०७८।६।४ को निर्णयभन्दा घटी हुने गरी २०७९।१२।३० मा भाडाबापतको ५ प्रतिशत र बीमाबापतको २ प्रतिशत मूल्य थप गर्ने गरी परिपत्र गरेकोले राजस्व असुलीमा असर परेको छ। वास्तविक भाडा बीमाको बीजक पेस नगरी मूल्यमा निश्चित प्रतिशत थपेर महसुल लिने गरी गरिएको परिपत्र औचित्यपूर्ण देखिएन।

अतः भाडा बीमाको वास्तविक रकम नेपाल आयल निगमको अभिलेखअनुसार डिजेल, हवाई इन्धन, मट्टीतेल र पेट्रोलको भाडा यकिन हुनुपर्दछ। भन्सार बिन्दुभन्दा टाढाको दूरीबाट बुलेटमा ढुवानी भएको ग्याँसको भाडा सम्बन्धित उद्योगले भुक्तानी गर्ने हुँदा वीरगन्ज, विराटनगर, भैरहवालगायत ८ भन्सार कार्यालयबाट पैठारी हुँदा छुट भएको ५ प्रतिशतले हुने भाडा बीमाबापतको रकममा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रू.९९ करोड ४४ लाख ५० हजारको सम्बन्धमा छानबिन हुनुपर्दछ।

१२६. **नपाउने साफ्टा छुट -** आर्थिक ऐन, २०७९ र २०८० को अनुसूची १ को दफा ६(४) मा साफ्टा छुटअन्तर्गत नेपाल सरकारको संवेदनशील सूचीमा नपरेका शीर्षकका मालवस्तु सम्बन्धमा साफ्टा छुटको लागि साफ्टा उत्पत्तिको प्रमाणपत्र उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएको बीजक लगायतका कागजातमा उल्लेख भएको हुनुपर्ने उल्लेख छ। वीरगन्ज, विराटनगर, कृष्णनगर र नेपालगन्ज भन्सार कार्यालयबाट भन्सार उपशीर्षक ०९०४.२१ बाट सुकेको रातो खुर्सानी, भन्सार उपशीर्षक ०८०१.११ बाट कोकनट कोप्रा र भन्सार उपशीर्षक ०८०६.२० बाट किसमिस साफ्टा छुटमा जाँचपास गर्दा कृष्णनगर भन्सार कार्यालयको रू.१ करोड २६ लाख १९ हजार, वीरगन्ज भन्सार कार्यालयको रू.३ करोड १६ लाख ५६ हजार, नेपालगन्ज भन्सार कार्यालयको रू.१२ लाख ३० हजार र विराटनगर भन्सार कार्यालयको रू.५० लाख ५१ हजारसमेत रू.५ करोड ५ लाख ५६ हजार राजस्व छुट भएकोले उक्त रकम असुल हुनुपर्दछ।

त्यसै गरी आर्थिक ऐन, २०७९ अनुसूची १ को दफा १९ मा साफ्टा छुटअन्तर्गत नेपाल सरकारले संवेदनशील सूचीमा समावेश गरेका मालवस्तुमा साफ्टा छुट नहुने उल्लेख छ। वीरगन्ज भन्सार कार्यालयका २ पैठारीकर्ताले संरचना र सोका अङ्गहरूलाई भन्सार उपशीर्षक ७३०८ बाट २० प्रतिशत भन्सार महसुल, रू.२५०० प्रति मेट्रिक टन अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा साफ्टा छुटमा जाँचपास गरेकोले रू.१९ लाख ३१ हजार र विराटनगर भन्सार कार्यालयको

एक पैठारीकर्ताले भन्सार उपशीर्षक २७१३.२० बाट साफ्टा छुटमा बिटुमिन पैठारी गर्दा छुट भएको रू.३७ लाख ७६ हजारसमेत रू.५७ लाख ७ हजार छुट राजस्व असुल हुनुपर्दछ।

१२७. **सडक निर्माण दस्तुर** - आर्थिक ऐन, २०७९ को अनुसूची ३ मा सवारी तथा ढुवानीका साधन पैठारी हुँदाका बखत भन्सार बिन्दुमा तोकिएको दरमा सडक निर्माण दस्तुर लिई जाँचपास गर्नुपर्ने व्यवस्था छ। वीरगन्ज भन्सार कार्यालयले विभिन्न सवारीसाधन पैठारीमा भन्सार शीर्षक ८७०२ र ८७०३ बाट १० प्रतिशत सडक निर्माण दस्तुर लिनुपर्नेमा नलिई जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ३८ लाख ७६ हजार, भन्सार शीर्षक ८७०४ बाट ऐनमा भएको व्यवस्था बमोजिम ७ र ८ प्रतिशत सडक निर्माण दस्तुर नलिई जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ७ लाख ९२ हजार र चेसिस पैठारीमा भन्सार शीर्षक ८७०६ बाट ९ प्रतिशत सडक निर्माण दस्तुर नलिई जाँचपास गर्दा छुट भएको रू.२६ लाख २ हजारसमेत रू.२ करोड ७२ लाख ७० हजार, सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साले भन्सार शीर्षक ८७०३ र ८७०४ बाट ८ र ४ प्रतिशत सडक निर्माण दस्तुर नलिई जाँचपास गर्दा छुट भएको रू.९ लाख ३८ हजार र विराटनगर भन्सार कार्यालयले ८७०३ को ई-रिक्सामा रू.८ लाख १० हजार गरी जम्मा रू.२ करोड ९० लाख १८ हजार छुट भएको राजस्व असुल हुनुपर्दछ।

१२८. **विद्युतीय सवारीसाधन** - भन्सार विभागद्वारा प्रकाशित एकीकृत भन्सार महसुल दरबन्दी, २०७९ तथा एकीकृत भन्सार दरबन्दी २०८० अनुसार धक्का दिने विद्युतीय मोटरमात्र भएका ११ सिटभन्दा कम अर्थात् १० सिटसम्म सिट क्षमता भएका विद्युतीय जिप, कार र भ्यानहरूलाई ८७०२.४०.४९ बाट पैठारी गराई १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐनको अनुसूची १ को दफा १२ को उपदफा ५ को प्रतिबन्धात्मक वाक्यांशअनुसार सिट सङ्ख्या गणना गर्दा नियमित सिट र ड्राइभर सिट गणना गरीने तर कण्डक्टर सिट एवं फोल्डिङ्ग सिटलाई गणना नगरीने व्यवस्था छ। रसुवा भन्सार कार्यालयबाट २६ मे २०२३ मा एक पैठारीकर्ताले यात्रु भ्यानहरू भन्सार जाँचपासका क्रममा भौतिक रूपमा जाँचपास गर्दा नियमित सिट र ड्राईभर सिट गरी ९ सिट रहेकोमा अतिरिक्त २ सिट फोल्डिङ्ग सिट रहेको उल्लेख गरी २०८०।२।१४ मा आंशिक धरौटीमा जाँचपास गरेको देखिन्छ।

विद्युतीय भ्यानहरू ११ सिट क्षमताका भएकोले फरक भन्सार दरबन्दीबाट घटी भन्सार महसुल असुल गरेको र ८७०२.४०.४९ बाट नै पैठारी गरे तापनि १ प्रतिशतमात्र भन्सार महसुल असुल गरेकोमा भन्सार कार्यालयले नै भौतिक रूपमा जाँच गर्दा ९ सिट क्षमताको मात्र रहेको जनाई पैठारी भएका उक्त इलेक्ट्रिक भ्यानहरूमा घटी महसुल निर्धारण भएकोले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रू.४ करोड ४८ लाख ३४ हजार र तातोपानी भन्सार कार्यालयबाट २६ मार्च २०२३ मा एक पैठारीकर्ताले इलेक्ट्रिक माइक्रोबस सिङ्गल सिटर अटोमेटिक पैठारी गर्दा छुट भएको राजस्व रू.१ करोड ३ लाख र सडक सुधार शुल्क रू.२६ लाख ७६ हजार गरी रू.१ करोड २९ लाख ७६ हजारसमेत रू.५ करोड ७८ लाख १० हजार असुल हुनुपर्दछ।

१२९. **स्वास्थ्य जोखिम कर** - आर्थिक ऐन, २०७९ को दफा ७ मा विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित खाने सुर्तीमा प्रति किलोग्राम ६० रुपैयाँका दरले पैठारीका बखत भन्सार बिन्दुमा असुल गरिने उल्लेख छ। वीरगन्ज, नेपालगन्ज, कृष्णनगर, र कैलाली भन्सार कार्यालयका विभिन्न पैठारीकर्ताले कट टोबाकोलाई

भन्सार उपशीर्षक २४०३.९९.३० बाट पैठारी गर्दा भन्सार बिन्दुमानै कर लगाई जाँचपास गर्नुपर्नेमा नलगाई जाँचपास गर्दा छुट भएको रू.१ करोड ८३ लाख ७१ हजार असुल हुनुपर्दछ।

१३०. **सिफारिसमा पैठारी** - आर्थिक ऐन, २०७९ को दफा १५(२)ञ मा प्लान्ट क्यारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको परिमाण र अवधिसमेत खुलेको पत्रको आधारमा पैठारीकर्ताले उक्त मालवस्तु पैठारी गरेमा १ प्रतिशत भन्सार महसुल लाग्ने र मूल्य अभिवृद्धि कर छुट हुने उल्लेख छ। विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले बालीनालीमा प्रयोग हुने विषादी तथा कीटनाशक र ढुसीनाशक वस्तु पैठारी गरेकोमा कार्यालयले कोड रुल ३२३ लगाई सो सुविधामा जाँचपास गरेकोमा २ हजार १०३ कारोबारमा केन्द्रको सिफारिस नभएको साथै केहीमा अवधि समाप्त भइसकेको सिफारिस पत्र संलग्न भएकोले सोको आधारमा पैठारी गर्दा छुट भएको राजस्व रू.४ करोड ७९ लाख ६८ हजार र मेची भन्सार कार्यालयको रू.२७ लाख ९३ हजारसमेत रू.५ करोड ७ लाख ६१ हजार असुल हुनुपर्दछ।

आर्थिक ऐन, २०७९ को अनुसूची १ को दफा १५.२(त) अनुसार लगानी बोर्डबाट स्वीकृत हुने जलविद्युत आयोजनाको हकमा सो बोर्डको र अन्य जलविद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित जलविद्युत आयोजना वा सोको ठेकेदारले पैठारी गर्ने जलविद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार र सोको सम्बन्धित पार्टपुर्जामात्र छुट सुविधामा पैठारी गर्न मिल्ने देखिएकोमा वीरगन्ज भन्सार कार्यालयका विभिन्न ६ पैठारीकर्ताले घरमा प्रयोग गर्ने एयर कन्डिसनरसमेत छुट सुविधामा पैठारी गरेकोले सो छुट सुविधा दिन मिल्ने देखिँदैन। वीरगन्ज भन्सार कार्यालयले प्रयोजनभन्दा फरक मालवस्तुमा दिएको छुट राजस्व रू.६३ लाख ६९ हजार र विराटनगर भन्सार कार्यालयको रू.१२ लाख ९३ हजारसमेत रू.७६ लाख ६२ हजार यकिन गरी असुल हुनुपर्दछ।

१३१. **फरक दरबन्दी** - आर्थिक ऐन, २०७९ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महसुल र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। फरक दरबन्दी लगाई जाँचपास गरेकोले छुट भएको भन्सार महसुल, अन्त:शुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यससम्बन्धी बेहोराहरू निम्नानुसार रहेका छनः

१३१.१ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले प्लाष्टिक कोटेड फ्रेबिक पैठारी गर्दा भन्सार विभागको २०७४।२।२१ को निर्णय (भाग ५९ को द्रष्टव्य २) बाट प्लाष्टिकले लेमिनेटेड गरीएको, ढाकिएको वा इम्प्रेष्ट गरीएको कपडालाई भन्सार उपशीर्षक ३९२१.१९.१० बाट ३० प्रतिशत भन्सार महसुल ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा वस्तु वर्गीकरणसम्बन्धी विभागको २०७४।२।२१ को निर्णय समेतको आधारमा भन्सार उपशीर्षक ५९०३१० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३ करोड ६४ लाख ५२ हजार र विराटनगर भन्सार कार्यालयको रू.१ करोड ३० लाख ७२ हजारसमेत रू.४ करोड ९५ लाख २४ हजार असुल हुनुपर्दछ।

१३१.२ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरूले प्याराफिन लिक्विड पैठारी गर्दा भन्सार उपशीर्षक २७१०.१९.९६ (लिक्विड प्याराफिन आयल) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक २९०१.१०.११ (रेफ्रिजेरेन्टमा प्रयोग हुने ९५ प्रतिशत वा सो भन्दा बढी शुद्धता भएको ब्युटेन र आइसो) बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३ करोड

३७ लाख ३० हजार र विराटनगर भन्सार कार्यालयको रू.१८ लाख ८० हजारसमेत रू.३ करोड ५६ लाख १० हजार असुल हुनुपर्दछ।

१३१.३ वीरगन्ज, विराटनगर नेपालगन्ज, कृष्णनगर र सत्ती भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरूले डाइड कटन फ्रेबिक्स पैठारी गर्दा भन्सार उपशीर्षक ५२१०.०० (२०० ग्राम भन्दा बढी तौल नभएको मुख्यतः वा पूर्णतया मानव निर्मित रेशा मिसिएको, तौलमा ८५ प्रतिशतभन्दा कम कपास मिलाइएको, कपासका बुनिएका कपडा) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ५२०८.३२ बाट साफ्टा सुविधा अन्तर्गत जाँचपास गरेको छ। प्रज्ञापनपत्र साथ संलग्न कागजातमा प्रयोगशाला परीक्षण प्रतिवेदनसमेत संलग्न छैन। यसरी जाँचपास गर्दा छुट भएको राजस्व रू.३ करोड २९ लाख १ हजार असुल हुनुपर्दछ।

१३१.४ वीरगन्ज, विराटनगर, सुख्खा बन्दरगाह, भैरहवा, मेची र नेपालगन्ज, भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताहरूले आल्मुनियम प्रोफाइल पैठारी गर्दा भन्सार उपशीर्षक ७६०४.२१ (मिश्रित आल्मुनियमको खोक्रो प्रोफाइल) बाट १५ प्रतिशत भन्सार महसुल १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ७६०४.१०.१० (अमिश्रित आल्मुनियमको प्रोफाइल) लगायत विभिन्न भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३ करोड ३८ लाख ४३ हजार असुल हुनुपर्दछ।

१३१.५ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले वर्क ट्रक पैठारीमा भन्सार उपशीर्षक ८४२७.९० (अन्य ट्रकहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४२८.९० (अन्य यन्त्रावली) बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.२ करोड ७८ लाख ९६ हजार र सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रू.६ लाख ७० हजार समेत रू.२ करोड ८५ लाख ६६ हजार असुल हुनुपर्दछ।

१३१.६ सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साबाट विभिन्न पैठारीकर्ताले चिरेको काठ (सन् टिम्बर) पैठारी गर्दा भन्सार उपशीर्षक ४४०९.२९.०० (किनारा वा मोहोडामा एकनासको आकार दिइएको अन्य प्रजातिको काठ) बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाइ जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ४४०७.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.४७ लाख ९१ हजार, वीरगन्ज भन्सार कार्यालयको रू.४१ लाख १८ हजार, विराटनगर भन्सार कार्यालयको रू.१ करोड ५६ लाख ३१ हजारसमेत रू.२ करोड ४५ लाख ४० हजार असुल हुनुपर्दछ।

१३१.७ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले (एक्रेलिक इमुल्सन, पिडिक्रिल, एक्रोसोल, भिसिक्रिल, बोन्डेक्स र अन्य) पैठारी गर्दा भन्सार उपशीर्षक ३२०९ बाट ४० प्रतिशत भन्सार महसुल ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरकफरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ७१ लाख ३३ हजार र विराटनगर भन्सार कार्यालयको रू.५४ लाख ३६ हजारसमेत रू.२ करोड २५ लाख ६९ हजार असुल हुनुपर्दछ।

१३१.८ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले तार खिच्ने यन्त्रावली (तयारी गरेको तारको काम गर्ने यन्त्र) पैठारी गर्दा भन्सार उपशीर्षक ८४६३.३० (तार वा वायरको काम गर्ने यन्त्रहरू)बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७९.८१.०० (धातुको उपचारका लागि, तारको कुण्डली बेर्ने वैद्युतिक यन्त्र इलेक्ट्रिक वायर क्वाइल

वाइण्डर्स) र ८४७९.४०.०० (रस्सा वा डोरी बनाउने रोप वा क्वाइल मेकिङ्ग यन्त्र) बाट नपाउने कोड रूल प्रयोग गरी जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ५१ लाख २४ हजार र विराटनगर भन्सार कार्यालयको रू.५२ लाख ११ हजारसमेत रू.२ करोड ३ लाख ३५ हजार असुल हुनुपर्दछ।

१३१.९ वीरगन्ज, वीराटनगर, मेची, नेपालगन्ज र कैलाली भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चिलर पैठारी गर्दा उपशीर्षक ८४१८.६९.१०(चिलर) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड १३ लाख २६ हजार असुल हुनुपर्दछ।

१३१.१० वीरगन्ज भन्सार कार्यालयका पैठारीकर्ताले खाना बनाउने यन्त्रावली पैठारी गर्दा भन्सार शीर्षक ८५१६५० (माइक्रोवेभ ओभन) र ८५०९ (खानेकुरा पिंध्ने र मिसाउने फूड ग्राइन्डर र मिक्स्चर्स जस्ता स्वचालित विद्युतीय यान्त्रिक उपकरणहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४३८.१०.०० (बेकरी मेसिनरी पाउरोटी जस्ता खाद्य परिकार सम्बन्धी यन्त्रावली) बाट कोड रुल २४३ प्रयोग गरी जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ४८ लाख ५७ हजार, सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रू.१९ लाख ४५ हजार र विराटनगर भन्सार कार्यालयको रू.१० लाख १२ हजारसमेत रू.१ करोड ७८ लाख १४ हजार असुल हुनुपर्दछ।

१३१.११ वीरगन्ज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले ट्याङ्क पैठारी गर्दा भन्सार उपशीर्षक ७३०९.०० (३०० लिटरभन्दा बढी क्षमताको फलाम वा स्पातबाट बनेका रिजर्भवायर, ट्याङ्की, पिपा र यस्तै आधानपात्रहरू) बाट १५ प्रतिशत भन्सार महसुल रू.२ हजार ५०० प्रति मेट्रिकटन अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड २३ लाख ६९ हजार र विराटनगर भन्सार कार्यालयको रू.१५ लाख ३ हजार, कैलाली भन्सार कार्यालयको रू.५ लाख ९१ हजारसमेत रू.१ करोड ४४ लाख ६३ असुल हुनुपर्दछ।

१३१.१२ विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले प्लाष्टिक फिटिङ्ग मालवस्तु पैठारीमा भन्सार उपशीर्षक ३९१७.३९.०० (प्लाष्टिकका फिटिङ्गहरू) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४८१.१०.००(प्रेसर रेडयुसिङ्ग भल्भहरू) लगायत विभिन्न फरक उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३१ लाख २ हजार र मेची भन्सार कार्यालयको रू.८० लाख ३० हजारसमेत रू.१ करोड ११ लाख ३२ हजार असुल हुनुपर्दछ।

१३१.१३ विराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले प्रेस्टिज बस २८१५ (उत्पादकको क्याटलग परीक्षण गर्दा उक्त बस ड्राइभरसमेत २५ सिट क्षमताको हुने उल्लेख गरेको) पैठारीमा भन्सार उपशीर्षक ८७०२.२०.२० (मिनिबसहरू १५ देखि २५ सम्म सिट भएका) बाट ३० प्रतिशत भन्सार महसुल, ३५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ८७०२.२०.१० (२५ सिटभन्दा बढी क्षमताका बसहरू) बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ६८ लाख ६३ हजार र भैरहवा भन्सार कार्यालयको रू.२८ लाख ३८ हजारसमेत रू.१ करोड ९७ लाख १ हजार असुल हुनुपर्दछ।

१३१.१४ वीरगन्ज, विराटनगर, सुख्खा बन्दरगाह मेची र नेपालगन्ज, भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले काठसम्बन्धी कार्यको लागि प्रयोग हुने औजार तथा मेसिनहरू पैठारी गर्दा भन्सार उपशीर्षक ८४६५.९१.०० (आरा चिर्ने वा करौतीले काट्ने यन्त्रावली) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाएर जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४६५.९२.०० (रण्डा गर्ने वा समतल गर्ने यन्त्रावली) बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.९१ लाख ४९ हजार असुल हुनुपर्दछ।

१३१.१५ भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले सडक चिन्ह लगाउने रेजिन पाउडर पैठारी गर्दा उक्त मालवस्तु भन्सार उपशीर्षक ३२१०.००.१० (सडक चिन्ह लगाउने थर्मोप्लाष्टिक) बाट ४० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३९११.१०.०० (प्रेट्रोलियम रेजिन) बाट साफ्टा सुविधा दिई ६ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेकोले छुट भएको राजस्व रू.४८ लाख ७२ हजार र विराटनगर भन्सार कार्यालयको रू.२८ लाख ७२ हजारसमेत रू.७७ लाख ४४ हजार असुल हुनुपर्दछ।

१३१.१६ विराटनगर भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले जुत्ता बनाउने प्लाष्टिकको साँचो पैठारी गर्दा भन्सार उपशीर्षक ३९२६.९०.२० (जुत्ता बनाउने प्लाष्टिकको साँचो) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४८०.७१.०० (प्लाष्टिकका मालवस्तु बनाउने साँचो, इन्जेक्सन टाइप) लगायत विभिन्न शीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.६१ लाख ९ हजार र मेची भन्सार कार्यालयको रू.५ लाख ४४ हजारसमेत रू.६६ लाख ५३ हजार असुल हुनुपर्दछ।

१३१.१७ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले एस.यू. ८४६ पैठारी गर्दा भन्सार उपशीर्षक ३४०२९० बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३४०३९९० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.४७ लाख ११ हजार र भैरहवा भन्सार कार्यालयको रू.३ लाख १५ हजारसमेत रू.५० लाख २६ हजार असुल हुनुपर्दछ।

१३१.१८ भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चोको फ्लेक्स पैठारी गर्दा भन्सार दरबन्दी उपशीर्षक १८०६.९०.१६ (पूर्णता निस्नहित डिप्याक्टेड आधारमा गणना गरिँदा तौलमा कोकको मात्रा ६ प्रतिशतभन्दा बढी भएको वा ६ प्रतिशत नभएपनि पूर्ण रूपमा चकलेटले बाहिर पट्टि लेपित (कोटेड) गरीएको) मालवस्तुमा ४० प्रतिशत भन्सार महसुल, १५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृदि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न फरक उपशीर्षकबाट साफ्टा सुविधा अन्तर्गत जाँचपास गर्दा छुट भएको राजस्व रू.१७ लाख ३३ हजार र वीरगन्ज भन्सार कार्यालयको रू.६ लाख ६६ हजारसमेत रू.२३ लाख ९९ हजार असुल हुनुपर्दछ।

१३२. **सुर्ती पैठारी** - आर्थिक ऐन, २०७९ को दफा २ मा विदेशबाट पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाउनुपर्ने, दफा ५ मा नेपालभित्र पैठारी भएका मालवस्तुमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क असुल गर्नुपर्ने र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। नेपालभित्र पैठारी हुने मालवस्तुको उपयुक्त वर्गीकरण गरी सोही अनुसारको दर लगाई भन्सार जाँचपास गर्नुपर्ने उल्लेख छ। भन्सार विभागले कार्यालयहरूलाई पटक पटक परिपत्र गरी मालवस्तु जाँचपास गर्दा स्पेसिफिकेसन, गुणस्तर र उपयोग

खुलाई जाँचपास गर्न निर्देशन दिएकोमा भन्सार कार्यालयले जाँचपास गर्दा उक्त निर्देशनको पूर्ण पालना गरेका छैनन्। मालवस्तु पैठारी गर्दा बिलमा अनम्यानुफ्याक्चर्ड सुर्ती उल्लेख गरीएको छ भने वीरगन्ज भन्सार कार्यालयले जाँचपास गर्दा प्रणालीमा केही कारोबारको परिमाणसमेत खुलाएको छैन।

आर्थिक वर्ष २०७९।८० मा अनम्यानुफ्याक्चर्ड सुर्तीलाई विराटनगर, वीरगन्ज लगायतका भन्सार कार्यालयले अधिकांश प्रज्ञापनपत्रमा कट टोबाको भनी भन्सार उपशीर्षक २४०३.९९.३० बाट ८० प्रतिशत भन्सार महसुल, रू.४६० प्रतिकेजी अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेका छन्। यस सन्दर्भमा उक्त सुर्ती प्रोसेस गरिएको वा कट टोबाको समेत रहेको हुनसक्ने देखिएकोले भन्सार उपशीर्षक २४०१.२०.०० बाट जाँचपास गर्दा वीरगन्ज भन्सार कार्यालयका ३ पैठारीकर्ताको ८८२ प्रज्ञापनपत्रको कारोबार मूल्य रू.२ अर्ब ६३ करोड ७८ लाख २० हजार र सुख्खा बन्दरगाहा भन्सार कार्यालय, पर्साको एक पैठारीकर्ताको ६३ प्रज्ञापनपत्रको कारोबार मूल्य रू.२१ करोड ९७ लाख ८४ हजारसमेत रू.२ अर्ब ८५ करोड ७६ लाख ४ हजार कारोबार मूल्यमा लाग्ने राजस्व सम्बन्धमा छानबिन हुनुपर्दछ।

त्यसै गरी वीरगन्ज भन्सार कार्यालयका ३ प्याकेजिङ उद्योगले पैठारी गरेको अनम्यानुफ्याक्चर्ड सुर्ती प्रोसेस गरेको वा कट टोबाको समेत भएकोले प्रति केजी रू.२११ देखि रू.२३५ सम्मको अनम्यानुफ्याक्चर्ड सुर्तीलाई केही प्रज्ञापनपत्रहरूमा भन्सार दरबन्दी २४०३.९९.३० (कट टोबाको)बाट ८० प्रतिशत भन्सार महसुल, रू.४६० प्रति के.जी. अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र प्रति के.जी. रू.६० स्वास्थ्य जोखिम कर लगाई जाँचपास भएको छ भने प्रति के.जी. रू.२३० देखि रू.२३८ सम्मको अनम्यानुफ्याक्चर्ड सुर्तीलाई नै भन्सार उपशीर्षक २४०१.२०.०० (अनम्यानुफ्याक्चर्ड सुर्ती) बाट २० प्रतिशत भन्सार महसुल, रू.१३० प्रति के.जी. अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्दा छुट भएको राजस्व रू.६ करोड ४६ लाख ९६ हजार सम्बन्धमा यकिन गरी छुट भएको राजस्व रकम असुल हुनुपर्दछ।

वीरगन्ज भन्सार कार्यालय

१३३. **केबलकारको पाटपुर्जा** - आर्थिक ऐन, २०७९ र २०८० बमोजिम केबलकारका पार्टपुर्जा भन्सार उपशीर्षक ८४३१.३९.०० बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्ताले आ.व. २०७९।८० को विभिन्न मितिमा रू.२७ करोड ९४ लाख ४८ हजार ८५९ को केबलकारजन्य सामग्री पैठारीको बिल बीजकमा समेत उल्लेख भएका सहायक सामग्री पैठारी गरेकोमा ५ प्रतिशत भन्सार महसुल मात्र लगाई केबलकार मेसिन उपशीर्षकबाट नै जाँचपास गरेकोले छुट भएको मूल्य अभिवृद्धि कर रू.३ करोड २४ लाख ४७ हजार असुल हुनुपर्दछ।

१३४. **टुइङ्ग ट्रयाक्टर** - एयरपोर्टमा प्रयोग हुने टीएलडी एयरक्राफ्ट टुइङ्ग ट्रयाक्टर पैठारी गर्दा भन्सार उपशीर्षक ८७०९१९ बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न २ पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ८७०१९५ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.२ करोड ४४ लाख ९७ हजार असुल हुनुपर्दछ।

१३५. **मेसिनरी पार्टस्** - एयरपोर्टमा प्रयोग हुने मेसिनरी पार्टस् पैठारीमा भन्सार उपशीर्षक ८४७४.९० (पार्टपुर्जाहरू) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न

पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ८४७४.२० र ८४७४.८० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ५० लाख ९३ हजार असुल हुनुपर्दछ।

१३६. **सेल्फ प्रोपेल्ड बेल्ट लोडर**- विभिन्न पैठारीकर्ताले घोषणा गरेको मालवस्तु एयरपोर्टमा प्रयोग गरीने ग्राउन्ड सपोर्ट उपकरण रहेकोले सेल्फ प्रोपेल्ड बेल्ट लोडर भन्सार उपशीर्षक ८४२८.३३.०० (अन्य पट्टा किसिमका) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ८४२७.९०.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ५१ लाख ११ हजार असुल हुनुपर्दछ।

१३७. **एन्ड्रोइड टेलिभिजन बक्स**- एन्ड्रोइड टेलिभिजन बक्स पैठारी गर्दा भन्सार विभागको २०६६।७।१५ को निर्णयानुसार एसेम्बल्ड अवस्थाको टि.भी. बक्सलाई भन्सार उपशीर्षक ८५२८.७२.९० बाट वर्गीकरण गरीएकोमा सो उपशीर्षक हाल कायम नरहेकोले भन्सार उपशीर्षक ८५२८.७२.९९ (अन्य) बाट ३० प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा उपशीर्षक ८५२८.७१.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ३५ लाख ४० हजार असुल हुनुपर्दछ।

१३८. **टच स्क्रिन** -विभिन्न पैठारीकर्ताले टच स्क्रिन/स्मार्ट बोर्ड पैठारीमा भन्सार उपशीर्षक ८५२८.५९.०० बाट र इन्टरएक्टिभ बोर्ड पैठारीमा भन्सार उपशीर्षक ८५२८.४९.०० बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर, मनिटर पैठारीमा भन्सार उपशीर्षक ८५२८.५२.९० (डायगनलको लम्बाई २३ इन्च भन्दा बढी भएको) बाट २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड २९ लाख ४५ हजार असुल हुनुपर्दछ।

१३९. **क्रेन लरी** -ट्रक क्रेन र रोड वासर ट्रक पैठारी गर्दा भन्सार उपशीर्षक ८७०५.१०.०० (क्रेन लरी) को दरबन्दी लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले पैठारी गरेको क्रेन लरीलाई भन्सार उपशीर्षक ८४२६.९०.०० बाट नयाँ मेसिन सरह घोषणा गरी १ प्रतिशत भन्सार महसुल लगाई जाँचपास गरेको छ। फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.८२ लाख ९९ हजार असुल हुनुपर्दछ।

१४०. **स्टियरिक एसिड** - स्टियरिक एसिड पैठारीमा भन्सार उपशीर्षक २९१५.७०.०० बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले पैठारी गरेको उक्त मालवस्तु उपशीर्षक ३८२३.११.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.७२ लाख २४ हजार असुल हुनुपर्दछ।

१४१. **ट्रान्सफर्मर** - अन्य ट्रान्सफर्मर मेसिनरी औजार पैठारीमा भन्सार उपशीर्षक ८५०४.४०.९० बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले पैठारी गरेको उक्त मालवस्तुलाई उपशीर्षक ८५०४.९०.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.६३ लाख १ हजार असुल हुनुपर्दछ।

१४२. **अक्सिजन ट्याङ्क** - विभिन्न २ पैठारीकर्ताले अक्सिजन ट्याङ्क पैठारीमा भन्सार उपशीर्षक ७३११.००.१० (अक्सिजन राख्ने सिलिण्डर) बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास

गर्नुपर्नेमा फरक उपशीर्षक ८४२१.३९.१० र २८०४.४०.१० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.५४ लाख २५ हजार असुल हुनुपर्दछ।

१४३. **पास बक्स** - पास बक्स पैठारी गर्दा भन्सार उपशीर्षक ९४०३.२०.९० (अन्य फर्निचर र तिनका पार्टपुर्जाहरू) बाट ३० प्रतिशत भन्सार महसुल १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले पैठारी गरेको उक्त मालवस्तु फरक भन्सार दरबन्दीको भाग ८४ अन्तर्गतका विभिन्न उपशीर्षकहरूबाट जाँचपास भएकोले छुट भएको राजस्व रू.४७ लाख ७ हजार असुल हुनुपर्दछ।

भैरहवा भन्सार कार्यालय

१४४. **मस्टर्ड सिड्स** - मस्टर्ड सिड्स पैठारी गर्दा भन्सार उपशीर्षक १२०५.१० (रायो वा तोरीका दानाहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्ताले खाने तेल उत्पादक उद्योगले पाउने सुविधा अन्तर्गत कोड रुल २८९ प्रयोग गरी महसुल पूर्ण छुट लिएकोमा सो उद्योग खाद्यान्न उत्पादन गर्ने उद्योग रहेको भएता पनि तेल उत्पादन गर्ने कारोबार थप गरेको नदेखिएकोले छुट भएको राजस्व रू.५५ लाख ६१ हजार असुल हुनुपर्दछ।

सुख्खा बन्दरगाह भन्सार कार्यालय

१४५. **प्रि-फेब्रिकटेड बिल्डिङ** - आर्थिक ऐन, २०७९ को अनुसूची १ दफा १४(३)(द) मा पूर्व निर्मित भवन (प्रि-फेब्रिकटेड बिल्डिङ) निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगहरूले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्नका लागि पैठारी गर्ने मालवस्तुमा भन्सार उपशीर्षक ७२१० र ७२१२ बाट जाँचपास गरी ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लाग्नेमा २० प्रतिशत महसुल लाग्ने उल्लेख छ। उपशीर्षक ७२१२ मा जिङ्क वा अन्य लेपित (कोटेड) स्टिल उत्पादनहरू पर्ने र २ पैठारीकर्ताले घोषणा गरेको सामान विभिन्न साइजका मेटल स्ट्रिप्स क्वाइल भएकोले सो मालवस्तु प्रि-फेब्रिकटेड बिल्डिङ निर्माणको कच्चापदार्थ नभई मेटल क्वाइल निर्माणको कच्चापदार्थ भएकोले सो सुविधामा जाँचपासगर्दा छुट भएको राजस्व रू.३९ लाख ७३ हजार असुल हुनुपर्दछ।

१४६. **स्वटेन्ड कन्डेन्स्ड** - विभिन्न पैठारीकर्ताले पैठारी गरी ल्याएको स्वटेन्ड कन्डेन्स्ड क्रिमरलाई भन्सार उपशीर्षक ०४०२.१०.९० (गाढा पारिएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको दूध र तर) बाट जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक १९०१.९०.९० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१८ लाख ६ हजार असुल हुनुपर्दछ।

१४७. **इन्सटेन्ट चिया** - इन्सटेन्ट चियाको पेय पदार्थ पैठारी गर्दा भन्सार उपशीर्षक २१०१.२०.०० (चिया वा मेटका सार, रस वा सान्द्र (कन्सन्ट्रेट) र तिनका सार, रस वा सान्द्रको आधार लिई वा चिया र मेटलाई आधार लिई बनाइएको तयारी पदार्थ) बाट ३० प्रतिशत भन्सार महसुल १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारी कर्ताले फरक भन्सार उपशीर्षक २१०६९०९० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१८ लाख १९ हजार असुल हुनुपर्दछ।

१४८. **फ्लेक्स प्रिन्टर्स** - फ्लेक्स प्रिन्टर्स पैठारी गर्दा भन्सार उपशीर्षक ८४४३.३१.०० बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले भन्सार उपशीर्षक ८४४३.१६.०० बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.१६ लाख ४१ हजार असुल हुनुपर्दछ।

१४९. **हिट पम्प** -हिट पम्प पैठारीमा भन्सार उपशीर्षक ८४१५ (वातानुकुलन यन्त्रहरू) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ८४१८.६१.०० बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर मात्र लगाई जाँचपास गर्दा छुट भएको रू.१४ लाख ९० हजार असुल हुनुपर्दछ।

विराटनगर भन्सार कार्यालय

१५०. **सिमलेस पाइप** - एस.एस ३०४,१०६ जी.आर.बी. सिमलेस पाइपलाई भन्सार विभागले उपशीर्षक ७३०६.१९ मा वर्गीकरण गरेकोमा विभिन्न पैठारीकर्ताले सो मालवस्तु पैठारी गर्दा सोही उपशीर्षकबाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ७३०४ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.२ करोड ४४ लाख ३० हजार असुल हुनुपर्दछ।

१५१. **बीउ बिजन पैठारी** - आर्थिक ऐन, २०७९ को दफा १५(२)थ तथा दफा १६(१) मा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको परिमाण र अवधिसमेत खुलेको पत्रको आधारमा पैठारीकर्ताले उक्त मालवस्तु पैठारी गरेमा भन्सार महसुल र कृषि सुधार शुल्क छुट भई १ प्रतिशत मात्र लाग्ने उल्लेख छ। विभिन्न पैठारीकर्ताले पैठारी गरेको तरकारी तथा घाँसको बीउमा कार्यालयले कोड रुल ३८५ र ३५३ लगाई सो सुविधा दिएकोमा उक्त पैठारी भएका प्रज्ञापनसाथ सो केन्द्रको सिफारिस संलग्न नभएको तथा केन्द्रको सिफारिस नभई प्लान्ट क्यारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको सिफारिस रहेकोले जाँचपास गर्दा छुट भएको राजस्व रू.१ करोड ५२ लाख २३ हजार असुल हुनुपर्दछ।

१५२. **लुगा सिलाउने मेसिन** - घरायसी प्रयोजनको लुगा सिलाउने मेसिन पैठारी गर्दा भन्सार उपशीर्षक ८४५२.१० (घरायसी प्रयोजनको सिलाउने यन्त्रवाली) बाट १ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ८४५२.२१ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.६२ लाख ९१ हजार असुल हुनुपर्दछ।

१५३. **रगत सङ्कलन गर्ने ट्युब** - रगत सङ्कलन गर्ने ट्युब पैठारी गर्दा भन्सार उपशीर्षक ३९२६.९०.३९ (प्लाष्टिकका अन्य ल्यावका सामाग्रीहरू) बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ९०१८.३९ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३५ लाख ३६ हजार असुल हुनुपर्दछ।

१५४. **ग्राउन्ड पावर युनिट** - भन्सार विभागले ग्राउन्ड पावर युनिटलाई भन्सार उपशीर्षक ८५११.४० (स्टार्टरस मोटर्स र दोहोरो काम हुने स्टार्टर जेनेरेटर) मा वर्गीकरण गरेको छ। सो अनुसार उक्त मालवस्तुमा १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्ताले पैठारी गरेको सो मालवस्तु फरक भन्सार उपशीर्षक ८५०२.११ बाट जाँचपास गरेकोले छुट भएको राजस्व रू.३० लाख ५८ हजार असुल हुनुपर्दछ।

१५५. **रिबन्ड फम सिट -** रिबन्ड फम सिट पैठारी गर्दा भन्सार उपशीर्षक ३९२११३१० (मुद्रण गरीएको प्लास्टिकका अन्य प्लेटहरू, सिटहरू) (निर्यातकर्ताले बिजक मूल्यमा समेत सोही भन्सार उपशीर्षक खुलाएको) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ९४०४.२९ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.३७ लाख ३६ हजार असुल हुनुपर्दछ।

त्रिभुवन बीमानस्थल भन्सार कार्यालय

१५६. **ई-सिगरेट** - अमेरिकन लङ्गस एसोसियसनले ई-सिगरेट, भेप पेनस, ई-जुसजस्ता मालवस्तुको सेवनबाट यी वस्तुमा रहेको निकोटिन, प्रापोलिन, ग्लिसिरेल, आर्कोलिन, डाइथालिन, डाइएसिटिल, निकोटिन लिड, हानिकारक केमिकल र उच्च मेटलयुक्त क्याडियम, बेन्जामिनजस्ता तत्त्व सिधै फोक्सोमा पुगी मानव स्वास्थ्य र प्रजनन् स्वास्थ्यमा समेत असर गर्ने उल्लेख गरेको छ। यस्ता मालवस्तुको पैठारीमा भारतलगायतका देशहरूले पैठारीमा प्रतिबन्ध लगाएका छन्। तसर्थ यस्तो प्रकृतिको मालवस्तुको आयात अनुमति सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ।

१५७. **इन्टर कनेक्सन फेब्रिक** - एक पैठारीकर्ताले रू.५ करोड ९ लाख ९४ हजारको फेब्रिक इन्टर कनेक्सन पैठारी गरेकोमा मालवस्तुको उत्पादक कम्पनीको वेबसाईटबाट ब्राण्ड, मोडल, स्पेसिफिकेसन र युजर मेन्युअलसमेत परीक्षण गर्दा उक्त मालवस्तु एकीकृत कम्प्युटर प्रणालीमा अन्तर आबद्धता कायम गर्ने यन्त्रको रूपमा रही इन्टरफेस गर्ने नेटवर्किङ प्रणाली/कनेक्टिभिटी व्यवस्थापन प्रणाली भएकोले भन्सार उपशीर्षक ८५१७.६२.९० वा ८५१७.६९.९० बाट ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा कार्यालयले फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर समेत रू.२८ लाख ८१ हजार असुल गर्नुपर्दछ।

१५८. **सुन पैठारी** - कार्यालयबाट यो वर्ष कुल ४ लाख ४९ हजार ७८७ भन्सार कारोबारमध्ये व्यक्तिमार्फत कन्साइग्नी नम्बर उल्लेख नगरी आएका ८७ हजार ९१६ मा व्यक्तिले तोकिएको परिमाणभन्दा बढी परिमाण ल्याएको समेत ३९१ जनाबाट ३१.४९७ किलोग्राम गहना र गहना बनाउने कच्चा सुन १३ हजार ६९८ जनाबाट कुल ५८५.९५६ किलो ग्राम सुन पैठारी भएको देखिन्छ। कच्चा सुन आयात भइरहँदा यसबाट पर्ने प्रभाव सम्बन्धमा विश्लेषण गरी सोअनुसार नीतिगत, रणनीतिगत एवं व्यापार सहजीकरणका दृष्टिले चाल्नुपर्ने कदम चालेको देखिएन। सुन जाँच गर्ने गोल्ड टेक्निसियन नभएको भन्सार गोदामको व्यवस्थापन प्रभावकारी नभएको, एक्सरे मेसिनको सञ्चालन गैरप्राविधिक मार्फत हुने गरेको लगायतबाट भन्सार बिन्दुमा हुने जाँचपास प्रभावकारी छैन। यसले गर्दा सुनको अवैध पैठारी बढेको र राजस्व घटी असुल हुने एवं वैदेशिक मुद्राको अपचलनको जोखिम बढेको छ।

१५९. **भन्सार मूल्याङ्कन** - भन्सार ऐन, २०६४ को दफा १३ मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्वव्यापार सङ्गठनको सम्झौताबमोजिम मूल्याङ्कनसम्बन्धी नियमहरू, अनुसूची र व्याख्या अवलम्बन गरी कारोबार मूल्य, घोषणा मूल्य, भाडा बीमा तथा अन्य सम्बद्ध खर्चसमेत समावेश गरी कारोबार मूल्य कायम गर्नुपर्ने व्यवस्था छ। घोषणा गरेको मूल्य शंकास्पद भएमा भन्सार अधिकृतले त्यस्तो वास्तविक मूल्य प्रमाणित गर्ने थप कागजात माग गर्ने व्यवस्था छ। कारोबार मूल्यका आधारमा मूल्याङ्कन गर्न नसकेमा समरूप को कारोबार मूल्यलाई आधार मानी मूल्याङ्कन गर्नुपर्ने, सोबाट समेत निर्धारण गर्न

नसकेमा मिल्दोजुल्दो मालवस्तुको कारोबार मूल्यको आधारमा तथा सो बमोजिम समेत नसकिएमा मालवस्तुको अधिकतम एकाइको बिक्री मूल्यमा नेपालमा लागेको कर,महसुल अन्य सम्बद्ध खर्च र मुनाफा कटाई हुने मूल्यमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। यसबाट समेत मूल्य निर्धारण हुन नसकेमा कम्प्युटेड भ्यालु मेथडअनुसार मूल्याङ्कन गर्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा व्यावसायिक बीमाकर्ताले जारी गरेको कतिपय बिल बीजकको प्रतिलिपि पेस हुने र कतिपय प्रतिलिपि बीजक अस्पष्ट हुँदासमेत पैठारीकर्ताबाट प्रमाणित गराई जाँचपास गरेको देखिएन। कतिपय पैठारीकर्ताले गरेको पैठारीमा मूल्य थप गर्दा आधार खुलाएको छैन।

मालवस्तु पैठारी गर्दा सक्कल बीजक, बिल अफ एक्सपोर्ट, सम्झौता, बीमा, फ्रेट, प्रतीतपत्र प्रोफर्मा इन्भ्वाइसजस्ता मालवस्तुको मूल्य खुल्ने कागजातसमेत संलग्न गर्नुपर्ने व्यवस्था छ। सक्कल बीजक बेगर एक पैठारीकर्ताले पैठारी गरेको एटीआर जहाजको पैठारीकर्ताले २७ लाख डलर मूल्य घोषणा गरेकोमा कार्यालयले विगतको मूल्यसमेतलाई आधार मानी विगतमा कायम सोही प्रकृतिको जहाजको मूल्य ८२ लाख १८ हजार १२३ डलरमा ५४ हजार बीमा र ४० हजार फेरी फ्लाइटको मूल्य कायम गरी कुल ८३ लाख १२ हजार १२३ डलर मूल्य कायम गरेको छ। यसरी मूल्य बढाएको आधार खुलेको छैन।

१६०. **भन्सार दर निर्धारण** - भन्सार दर निर्धारण गर्दा राजस्वको दायरामा हुने विस्तार, दर परिवर्तन गर्दा हुने प्रभाव मूल्याङ्कन गर्दा तथ्याङ्कको प्रयोग, सिर्जना हुन सक्ने जोखिम, कार्यान्यवनमा आउन सक्ने जटिलता, आम नागरीक वा सीमित एवं उच्च वर्गलाईमात्र प्रभाव पार्ने मालवस्तुको मूल्याङ्कन गरी समन्यायिक भन्सारका दर निर्धारण हुनुपर्नेमा विगत केही वर्ष अगाडि १० प्रतिशतका दरले भन्सार महसुल लिएको डायमण्डलाई यो वर्ष १ प्रतिशतमात्र भन्सार महसुल लिएको देखिन्छ। यो वर्ष १ हजार ४२६ कारोबारबाट रू.२ अर्ब ३२ करोड २२ लाखको हिरा (डायमण्ड) आयात भएको विवरण प्राप्त भएको छ। एकातर्फ डायमण्ड पत्ता लगाउने प्रविधि त्रिभुवन बीमानस्थल भन्सार बिन्दुमा राखेको छैन। अर्कोतर्फ सुनको तुलनामा भन्सार दर न्यून हुँदा यसले समन्यायिकता स्थापित हुन सकेको देखिएन। पैठारीकर्ताले सानो रूप र परिमाणको हिरा ल्याउने, बिक्री वा प्रयोग हुँदा कसैले जानकारी नपाउने एवं बजार अनुगमनसमेत नहुँदा यसको मूल्य र कारोबार समेत स्पष्ट छैन। वैदेशिक मुद्राको सटही सुविधा लिई टी.टी. मार्फत भुक्तानी गर्दा अन्य मालवस्तु पैठारीमा समेत उक्त रकम प्रयोग हुन जाने एवं राजस्व छली हुने जोखिम देखिएकोले कराधार वृद्धि र करको दिगोपना समेतलाई ध्यान दिई भन्सार महसुल दर निर्धारण गर्नुपर्ने देखिन्छ।

१६१. **बहुमूल्य सामग्रीको संरक्षण** - यात्रु कक्षबाट जाँचपास गर्दा यात्रुले खाने लगाउने र व्यक्तिगत प्रयोग गर्ने प्रकृतिका सामानको अतिरिक्त अन्य वस्तु रहे नरहेको र कानुनसम्मत रूपमा पैठारी भए नभएको जाँच गर्न ५ वटा एक्सरे मेसिन रहेकोमा सोको आवधिक मर्मत गरी सञ्चालन गर्नुपर्दछ। बहुमूल्य मालवस्तुको उचित संरक्षण गरी चोरी नोक्सानी हुन नदिने व्यवस्था गर्नुपर्नेमा सो अनुसार हुन सकेको छैन। भन्सार कार्यालयको यात्रु शाखाको सी.सी. क्यामराको व्यवस्थापन र एक्सरे मेसिनको मर्मत सम्भारलगायतको व्यवस्था मेसिन आपूर्तकले गर्ने, त्यस्ता आपूर्तक र व्यवस्थापकले सिस्टम लक गर्न सक्ने र प्रणालीमा पहुँच गरी नियन्त्रणसमेत हुन सक्ने अवस्था भएकोले व्यवस्थापन र नियन्त्रण पक्षमा सुधार गर्नुपर्ने देखिन्छ।

१६२. **हवाईजहाजको पाटपूर्जा**- महसुल छुट दिँदा स्वदेशी कम्पनीको संरक्षण र नागरीक समेतलाई ध्यान दिई छुट दिनुपर्नेमा यो वर्ष कुनै विषयवस्तु नखुलाई नेपाली हवाई सेवा प्रदायक संस्था वा नागरीक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेका कम्पनीले आयात गरेका ल्यान्डिङ गियर, प्रोपेलर, रोटर, ब्लेडजस्ता मालवस्तु पैठारी गर्दा १० प्रतिशत भन्सार महसुल लाग्नेमा १ प्रतिशतमात्र लाग्ने व्यवस्था गरेको देखिन्छ। हवाईजहाज तथा हेलिकोप्टर वा मानवरहित हवाईजहाजका अन्य अङ्गहरू उल्लेख गरी पार्टपुर्जाको स्पष्ट पहिचान नखुलाई मानवरहित ड्रोनलाईसमेत उक्त छुट दिई यो वर्ष ७ हजार ४६२ कारोबारबाट रू.२ अर्ब ६० करोड ४८ लाखको आयात गरेकोमा १ प्रतिशतमात्र भन्सार लगाउँदा ९ प्रतिशत छुट भई मूल्य अभिवृद्धि कर समेत रू.२६ करोड ४९ लाख भन्सार महसुल छुट हुन गएको छ। मालवस्तुको स्पष्ट पहिचान बेगर भन्सार छुट दिने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

मेची भन्सार कार्यालय

१६३. **टिस्यु पेपर**- विभिन्न पैठारीकर्ताले नेपकिन (टिस्यु) पेपर पैठारीमा भन्सार उपशीर्षक ४८१८ बाट २० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक ४८०३ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.२८ लाख ५२ हजार असुल हुनुपर्दछ।

१६४. **आलु क्रेक्कर प्यालेट** - भन्सार विभागले प्रान आलु क्रेक्कर प्यालेटलाई उपशीर्षक १९०२.१९.०० अन्तर्गत समावेश गरेकोमा सो मालवस्तुको पैठारीमा सोही उपशीर्षकबाट जाँचपास गरी ४० प्रतिशत भन्सार महसुल, प्रतिकिलो रू.१७ अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा विभिन्न पैठारीकर्ताको पैठारीमा फरक भन्सार उपशीर्षकबाट १९०५.९०.८१ बाट जाँचपास गर्दा छुट भएको राजस्व रू.४४ लाख २९ हजार असुल हुनुपर्दछ।

१६५. **फ्ल्याट बेड ट्रक**- फ्लायट बेड ट्रक पैठारीमा भन्सार उपशीर्षक ८७०४.२३.९० (ढुवानीका अन्य मोटरगाडीहरू) बाट ३० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर भन्सार विभागको २०७९।९।१७ को पत्रबमोजिमको महसुल ग्यारेन्टीमा लिई जाँचपास गर्नुपर्नेमा एक पैठारीकर्ताले फरक भन्सार उपशीर्षक ८७१६.०० बाट जाँचपास गर्दा सोभन्दा न्यून महसुल ग्यारेन्टी लिएकोले छुट भएको राजस्व रू.५६ लाख ६४ हजार असुल हुनुपर्दछ।

अन्य भन्सार कार्यालय

१६६. **वेट स्प्रेइङ्ग मेसिन** - वेट स्प्रेइङ्ग मेसिन पैठारीमा भन्सार उपउपशीर्षक ८५०५.९०.९० (अन्य पार्टपुर्जाहरू) बाट १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विभिन्न पैठारीकर्ताले रसुवा भन्सार कार्यालयले फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको राजस्व रू.२१ लाख असुल हुनुपर्दछ।

१६७. **मूल्य अभिवृद्धि कर** - आर्थिक ऐन, २०७९ को अनुसूची १ को दफा १४ को उपदफा २ (छ)(आ२) मा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको सिफारिसमा ब्याट्री बक्स, सेपरेटर र ट्युबुलर ब्यागको पैठारीमा भन्सार महसुल छुट हुने व्यवस्था छ। कृष्णनगर भन्सार कार्यालयका एक पैठारीकर्ताले सो केन्द्रको

सिफारिसको आधारमा मूल्य अभिवृद्धि करसमेत छुट भएकोले जाँचपासमा छुट भएको मूल्य अभिवृद्धि कर रू.२४ लाख २२ हजार असुल हुनुपर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

सार्वजनिक ऋण व्यवस्थापनको कार्यलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन यस कार्यालयको स्थापना भएको हो।

१६८. **ऋण जमानत -** साविकको ऋण तथा जमानत ऐन, २०२५ को दफा ४ बमोजिम नेपाल सरकारले नेपाल वायुसेवा निगमलाई जहाज खरिद गर्न कर्मचारी सञ्चय कोषलाई रू.२२ अर्ब र नागरीक लगानी कोषलाई रू.१२ अर्ब समेत रू.३४ अर्बको ऋण जमानत दिएको छ। दुवै संस्थालाई निगमले भुक्तानी गर्नुपर्ने दायित्व २०७९।८० को अन्त्यमा रू.४६ अर्ब ४१ करोड २७ लाख पुगेको छ। निगमले समयमै सावाँ ब्याज तिर्न नसकेको कारण जमानत दिएको रकमभन्दा भुक्तानी गर्नुपर्ने दायित्व रू.१२ अर्ब ४१ करोड २७ लाखले बढेको छ। निगमले ऋणबाट खरिद गरेका हवाई जहाजको सञ्चालन योजना अनुसार गर्न नसकेकोले तोकिएको किस्ता र ब्याज भुक्तान गर्न नसकेको सम्बन्धमा छानबिन गरी आवश्यक सुधार गर्नुपर्दछ।

१६९. **आन्तरिक ऋण असुली -** राष्ट्र ऋण उठाउने ऐन, २०७९ तथा २०७९।८० को बजेट वक्तव्यमा रू.२ खर्ब ५६ अर्ब आन्तरिक ऋण असुलीको लक्ष्य रहेकोमा नेपाल राष्ट्र बैङ्कले आन्तरिक ऋणको क्यालेन्डरमा ट्रेजरी बिलको लक्ष्य रू.१ खर्ब ५० अर्ब निर्धारण गरेको छ। नेपाल राष्ट्र बैङ्कले तयार गरेको आन्तरिक ऋणको संक्षिप्त विवरणअनुसार निम्न आर्थिक वर्षको अन्त्यसम्म देहायअनुसारका ट्रेजरी बिलको रकम तिर्न बाँकी देखाएको छः

ट्रेजरी बिलको ऋण बाँकी		आन्तरिक ऋणको लक्ष्य र असुली	
आर्थिक वर्ष	रकम (रू.लाखमा)	आन्तरिकको ऋण लक्ष्य (रू. लाखमा)	असुली (रू. लाखमा)
२०७२/७३	११६०५९१	८८००००	८७५८८१
२०७३/७४	११०४०९३	१११००००	८७५२९३
२०७४/७५	१४४८४७९	१४४००००	१४२०३६८
२०७५/७६	१४६७९२९	१७२००००	९६३८२०
२०७६/७७	२१५२१८१	१९५००००	१९४९०२८
२०७७/७८	२७९५९१५	२२५००००	२२४००९१
२०७८/७९	३०४२०५६	२३९००००	२३१८४५५
२०७९/८०	४५७८१४६	२५६००००	२५५९९७७ (आइ.एम.एफ. बण्ड बाहेक)

स्रोतः नेपाल राष्ट्र बैङ्क

उपर्युक्त तथ्याङ्कअनुसार रोल ओभरको रकमलाई सम्बन्धित वर्षको निष्काशन सरह व्यवहार नगरी लक्ष्य न्यून राखेको छ। नगदमा प्राप्त भएको रकमलाई मात्र गणना गरी ऋण न्यून कायम गर्दा आन्तरिक तरलता प्रवाहमा असर परेको स्थिति छ। यो वर्ष रू.२ खर्ब ५६ अर्ब आन्तरिक ऋणको लक्ष्य तोकेकोमा रोल ओभरको रकम समेत समावेश गर्दा आइ.एम.एफ. बण्ड बाहेक पनि रू.५ खर्ब ६० अर्ब २० करोड ३३ लाख हुन आउँछ। गत वर्षसम्म बाँकी रहेको रोल ओभरको रू.३ खर्ब ४ अर्ब २० करोड ५६ लाख आन्तरिक ऋणमा समावेश नगर्दा तोकिएको सीमाभन्दा बढी हुनेगरी ऋण असुली भएको देखिन्छ। तसर्थ आन्तरिक ऋणको वास्तविक असुली यकिन गर्न र तरलता संकट समाधान गर्न ट्रेजरी बिलको रोलओभर हुने रकमलाई ऋण तिर्ने तथा ऋण लिने दुबैतर्फ देखाई ऋणपत्रको कारोबारलाई पूर्ण पारदर्शी र यथार्थपरक बनाउनुपर्दछ।

१७०. **ऋण तथा शेयर लगानी नीति -** नेपाल सरकारले ऋण एवं शेयर लगानी गर्दा विनियोजनमा आधारित भई लगानी गर्ने गरेको छ। सरकारले लगानी गर्ने कुरा रणनीति र विकास नीतिले निर्दिष्ट गर्नुपर्नेमा विनियोजन ऐनमा उल्लेख भएको रकमको आधारमा लगानी सम्बन्धी निर्णय गरेका कारण ऋण लिनुपर्ने आवश्यकता, ऋण तथा शेयर लगानी गर्ने परियोजना एवं संस्था छनौट, प्रतिफल दर तोक्ने आधार, आधारभूत सेवा प्रवाह गर्ने वा वस्तु उत्पादन गर्ने जस्ता आधार सम्बन्धमा कानुनी व्यवस्था नगरी ऋण तथा शेयर लगानी प्रवाह भएको छ। साथै ब्याजदर तोक्दा समेत कुनै संस्था तथा परियोजनालाई ५ प्रतिशत, सोही किसिमको अर्को परियोजनालाई ७ प्रतिशत, कुनै संस्थालाई १० प्रतिशत वा सो भन्दा बढी दरमा समेत ब्याज दर हुने गरी ऋण सम्झौता भएकोले ब्याजदर तोक्ने सम्बन्धमा स्पष्ट कानुनी आधार नभई तजबिजी रूपमा अधिकारको प्रयोग भएको छ। निर्णय गर्ने अधिकारीले ब्याजदर निर्धारण गर्दा आधार र कारण खुलाउने गरेको देखिँदैन। राज्यको ऋण तथा शेयर लगानी नीति, कानुन, कार्यविधि र प्रणालीमा सुधार हुनुपर्ने देखिन्छ।

१७१. **नेपाल विद्युत प्राधिकरणमा लगानी -** यस वर्षसम्म नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणमा शेयर रू.१ खर्ब ७४ अर्ब ७७ करोड ३५ लाख तथा ऋण रू.२ खर्ब ४१ अर्ब ६७ करोड ५७ लाख समेत रू.४ खर्ब १६ अर्ब ४४ करोड ९२ लाख लगानी गरेकोमा भाका नाघेको सावाँ रू.३८ अर्ब ६२ करोड ९ लाख तथा ब्याज रू.६७ अर्ब ९५ करोड ४१ लाख समेत रू.१ खर्ब ६ अर्ब ५७ करोड ५० लाख रहेको छ। प्राधिकरणले नेपाल सरकारलाई भुक्तानी गर्न बाँकी रकमको यथार्थ हिसाब नदेखाई यस वर्ष रू.१२ अर्ब ७ करोड ६७ लाख ६१ हजार नाफा देखाई रू.२६ करोड ११ लाख बोनससमेत व्यवस्था गरेको छ। सरकारलाई तिर्नुपर्ने सावाँ ब्याज भुक्तानी नगरी बोनस वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१७२. **ब्याज कम असुली -** नेपाल सरकारले के.एफ.डब्लु. बाट ऋण लिई वैकल्पिक उर्जा प्रवर्धन केन्द्रलाई २०५७ सालमा ३ प्रतिशत ब्याज लिने गरी रू.१७ करोड २९ लाख ऋण उपलव्ध गराएकोमा २०६५ सालमा १ प्रतिशत ब्याजदर कायम गरेको देखिन्छ। केन्द्रले हालसम्म पुरै साँवा फिर्ता गरे तापनि सोको ब्याज भुक्तानी गरेको छैन। केन्द्रले २०८० असार मसान्तसम्म रू.११ करोड ६७ लाख ब्याज भुक्तानी गर्नुपर्नेमा रू.९२ लाख मात्र दाखिला गरेकोले बाँकी रू.१० करोड ७५ लाख असुल हुनुपर्दछ।

१७३. **पोखरा विमानस्थल निर्माण ऋण -** पोखरा अन्तर्राष्ट्रिय बीमानस्थल निर्माण गर्न नेपाल सरकारले एक्सपोर्ट इम्पोर्ट बैङ्क चीनबाट आर.एम.बी. १ अर्ब ३७ करोड ८७ लाख ऋण प्राप्त गरी ५ प्रतिशत ब्याज तिर्ने गरी नेपाल नागरीक उड्डयन प्राधिकरणलाई उपलब्ध गराएको छ। उक्त ऋण मध्ये रू.२ करोड १० लाख सावाँ फिर्ता भई रू.१९ अर्ब ३० करोड ४३ लाख बाँकी रहेको छ। उक्त बाँकी ऋण नेपाल सरकारको सार्वजनिक ऋणमा अभिलेखाङ्कन गरेको देखिएन। यसरी सार्वजनिक ऋणको कुल दायित्व तथा सावाँ ब्याज भुक्तानीको विवरण विगत वर्षहरूमा नदेखाएकोमा यस वर्ष नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदनको अनुसूचीमा विवरण समावेश गरे तापनि कुल तिर्न बाँकी ऋणमा भने समावेश गरेको छैन। यसले गर्दा सरकारले गणना गर्ने विभिन्न आर्थिक सूचकहरूमा समेत असर गर्ने देखिन्छ। नेपाल सरकारले भुक्तानी गर्नुपर्ने सम्पूर्ण दायित्व समावेश गरी यथार्थपरक जानकारी प्रदान हुनेगरी ऋण दायित्वको वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ।

सूचना प्रविधि लेखापरीक्षण

नेपाल राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन अवस्था

आयात निर्यात व्यापार सहजीकरण गर्ने गराउने र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरू सरल सहज रूपमा एकै स्थानबाट विद्युतीय माध्यमबाट सञ्चालन गर्ने उद्देश्यका साथ नेपाल राष्ट्रिय एकद्वार प्रणालीको स्थापना गरिएको हो। नेपाल सरकारले वैदेशिक व्यापारको कारोबार लागत र समय घटाई व्यापार सहजीकरण गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा राष्ट्रिय एकद्वार प्रणाली विकास गरी सोबाट प्रदान गरिने सेवा सुविधालाई सूचना प्रविधिको माध्यमबाट प्रदान गर्न केन्द्रीकृत तथा वेबमा आधारित प्रणाली सञ्चालनमा ल्याएको छ। वैदेशिक व्यापारमा संलग्न सरोकारवाला निकाय र सेवाग्राहीलाई अनलाईन सेवा प्रदान गर्ने उद्देश्य रहेको यो प्रणाली कार्य प्रकृतिअनुरूप ४८ निकायमा लागु हुनुपर्नेमा सबै निकायमा कार्यान्वयनमा आउन बाँकी छ।

१७४. **मोड्युल कार्यान्वयनको अवस्था -** नेपाल राष्ट्रिय एकद्वार प्रणालीअन्तर्गतका १३ मोड्युलको कार्यान्वयन तथा उपयोगको अवस्था देहायअनुसार छः

क्र.सं.	मोड्युलको नाम	प्रयोग गर्नुपर्ने निकायको संख्या	प्रयोग गरेको निकाय संख्या
१	आयात अनुमति	११	८
२	निर्यात अनुमति	९	५
३	छुट	१४	४
४	उत्पत्तिको प्रमाणपत्र	४	३
५	बण्डेड वेयरहाउस	१	१
६	निरीक्षण कार्य	३	३
७	अन्तरआवद्धता (इन्टरफेस)	४	४
८	विदेशी विनिमय सम्वन्धी	१	-
९	एक्जिम	१	१
१०	घोषणा कार्य	१	-
११	प्रणाली एकीकरण	१४	१२
१२	विद्युतीय भुक्तानी	१४	१४
१३	प्रतिवेदन	७	७

उल्लिखित मोड्युलमध्ये आयात अनुमति, निर्यात अनुमति, छुट र उत्पत्तिको प्रमाणपत्र सम्बन्धी मोड्युल प्रयोगलाई प्रभावकारी बनाउन उच्चस्तरीय समन्वय तथा कार्यान्वयन समितिको गठन गरी सञ्चालनमा ल्याउनुपर्ने, विदेशी विनिमयसम्बन्धी मोड्युलको निर्माण कार्य भइरहेको, घोषणाकर्ता मोड्युल निर्माणको कार्य बाँकी रहेको तथा प्रणाली एकीकृत मोड्युल सञ्चालन गर्न प्रणालीबीच अन्तर आबद्धताका लागि औषधि व्यवस्था विभाग र कन्सुलर सेवा विभागसँग समन्वय गर्नुपर्ने अवस्था देखिएको छ। निर्माण गर्न बाँकी मोड्युलहरू समयमा नै निर्माण गरी अन्तरनिकाय समन्वय तथा आवश्यक मानवीय तथा अन्य लजिस्टिक व्यवस्था गरी प्रणालीअन्तर्गत विकास गरिएका सबै मोड्युल प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्दछ ।

१७५. **व्यवसाय सहजता** - यो प्रणालीको आवश्यकता महसुस गरी पूर्व अवधारणा तयार गरिएको वर्ष सन् २०१३ मा व्यवसाय सहजता इन्डेक्स १०८ रहेकोमा सन् २०२० मा ९४ पुगे तापनि यसमा उल्लेख्य

सुधार भएको देखिदैन। बेसलाइन सर्भेबमोजिम आयात निर्यात र ट्रान्जिट क्रियाकलापमा लाग्ने नियामकीय समय १४ दिनबाट यो परियोजना लागु भएको छैठौं वर्षमा ७ दिनमा झार्ने, रक्सौल-वीरगन्ज बोर्डर पोष्टमा क्रसिङ्ग समय २.३ दिन रहेकोमा सोलाई छैठौं वर्षमा १.५ दिनमा झार्ने, कोलकाता बन्दरगाहदेखि वीरगन्जसम्म मालसामान रेलमार्ग र सडकमार्गबाट पुऱ्याउने र वीरगन्जबाट काठमाडौं पुग्ने समय सडकमार्गबाट १० दिन रहेकोमा सोलाई छैठौं वर्षमा ८ दिनमा झार्ने लक्ष्य रहेकोमा सोको प्रगतिबारे अध्ययन गरी विश्लेषण गरेको छैन। प्रगति विश्लेषण गरी देखिएका समस्या निराकरण गर्दै व्यवसाय सञ्चालनमा सहजीकरण गर्नुपर्दछ।

१७६. **सूचना प्रविधि व्यवस्थापन -** यस प्रणालीलाई सुरक्षित र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि विभाग र सरोकारवाला निकायहरूमा सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरूको पहिचान गर्न स्पष्ट विधि र प्रक्रिया तयार गर्ने, सूचना प्रविधि रणनीतिक योजना तयार गर्ने, प्रविधिको माध्यमबाट सम्पादन गरिने कार्यहरू परिभाषित गर्ने, सूचना प्रविधि नीति तथा कार्यविधिहरू लागु गर्ने तथा वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति विकास योजना र समय समयमा जोखिम विश्लेषण गर्ने कार्य हुन सकेको छैन। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम रहेका छन्:

१७६.१ यस प्रणालीसँग सम्बन्धित कानुनी व्यवस्थाको रूपमा भन्सार ऐन, २०६४ र नियमावली, २०६४ रहेका छन। त्यस्तै राष्ट्रिय एकद्वार प्रणालीको लागि राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका, २०७८ को व्यवस्था छ। उक्त निर्देशिकामा एकद्वार प्रणालीको स्थापना, व्यवस्थापन र सञ्चालन, व्यवसाय निरन्तर योजना, स्टैण्डर्ड र अन्तर-आबद्धता, परिवर्तन व्यवस्थापन, पूर्वाधार, साइबर सुरक्षा र प्रणालीले सरोकारवालाहरूलाई प्रदान गर्ने सेवाहरूलगायत महत्त्वपूर्ण विषयहरू समावेश भएको देखिँदैन।

१७६.२ प्रणालीलाई सुधार गर्न सूचना प्रविधिसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन रणनीतिक योजना तयार गर्नुका साथै सूचना प्रविधि पूर्वाधारमा लगानी गर्न वा आवश्यक पर्ने उपकरण, सफ्टवेयर, डाटाबेस, नेटवर्क, सूचना प्रविधि जनशक्ति आदिको आवश्यकता पहिचान गरी सुधारसँग सम्बन्धित सबै विषय प्राथमिकीकरण गर्न भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८-८३) रहेको भए तापनि उक्त प्रणालीलाई व्यवस्थित गर्न शासकीय संरचना, लगानी, डिजिटल पूर्वाधार, स्टैन्डर्ड अन्तरआवद्धता र सेक्टरल इन्टरप्राइजेज आर्किटेक्चर, डिजिटल सेवाहरू तथा जनचेतना, क्षमता अभिवृद्धि, साक्षरता, मानवस्रोतलगायतका विषयहरू समावेश हुने गरी अलग्गै सूचना प्रविधि रणनीतिक योजना तथा जनशक्ति व्यवस्थापन योजना तयार गरेको छैन।

१७६.३ विभागको २०७८।९।३० को निर्णयानुसार स्वीकृत राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन निर्देशिका, २०७८ अनुसार अन्तर्राष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित सेवाहरू एउटै विद्युतीय प्रणालीबाट उपलब्ध गराउने र भन्सार जाँचपाससम्बन्धी सेवा प्रदान गर्ने सरोकारवालाले एकद्वार प्रणाली मार्फत कार्य गर्नुपर्ने व्यवस्था गरिए पनि विभागद्वारा प्रणालीको मेन सिस्टम एडमिनिसट्रेटर, लोकल सिस्टम एडमिनिसट्रेटर, एसिस्टेन्ट सिस्टम एडमिनिस्ट्रेटरलगायतका प्रयोगकर्ता सम्बन्धमा निर्देशिकामा उल्लेख गरेको छैन। यसै गरी संगठनको कार्य प्रकृति, सांगठनिक संरचना र पदको प्रकृतिअनुसार कार्य विभाजन गरी कार्य विवरण तयार गर्ने कार्यसमेत भएको पाइएन। सूचना प्रविधि कर्मचारी नियुक्ति गर्दा नै कार्य विभाजन अनुसार विषय विज्ञताको व्यवस्था गर्नुपर्नेमा सोबमोजिम स्पष्ट रूपमा कामको बाँडफाँटसमेत गरेको छैन।

प्रणाली सञ्चालनसँग सम्बन्धित उल्लिखित विषयहरू निर्देशिकामा समावेश गरी प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१७७. **जनशक्ति -** सूचना प्रविधिमा दक्षता हासिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी जनशक्ति कार्ययोजना तयार गर्ने, कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात कम गर्ने र कार्यालयमा जनशक्ति टिकाइराख्ने सम्बन्धमा विशेष व्यवस्था भएको पाइएन। विभागमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई सामान्य अभिमुखीकरण गरिए तापनि प्रणाली सञ्चालनसम्बन्धी विशेषज्ञ तालिम प्रदान गरेको पाइएन। प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन जिम्मेवारी पूर्णरूपमा तेस्रो पक्षसँग रहेको देखियो। विभागमा नियुक्त विज्ञ जनशक्तिबाट सीप हस्तान्तरण गराई आफ्नै दक्ष जनशक्तिबाट प्रणाली सञ्चालन तथा सूचना प्रविधि सम्बन्धी जोखिमहरूको व्यवस्थापन गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१७८. **जोखिम विश्लेषण र न्यूनीकरण -** सूचना प्रविधिसम्बन्धी कानुन, नीति, नियमको अनुपालना भए/नभएको सम्बन्धमा परामर्शदाताले गुणस्तर परीक्षण गरेको भए पनि सोको सुझावहरू कार्यान्वयन गरेको देखिएन। त्यसै गरी विभागले प्रणालीको भी.ए.पी.टी. तथा जी.ई.ए. परीक्षण सूचना प्रविधि विभागबाट गराई सोसम्बन्धी प्रतिवेदनले औँल्याएको जोखिम विश्लेषण तथा न्यूनीकरणसम्बन्धी विषयहरू प्रणालीमा सुधारका लागि प्रणाली विकासकर्तालाई पठाए तापनि सोअनुसार प्रणाली सुधार भएको पाइएन। परीक्षणबाट देखिएका विषय समाधान गरी प्रणालीलाई जोखिमरहित बनाउनुपर्दछ।

१७९. **अभिलेख व्यवस्थापन -** प्रणाली विकास पूर्वका महत्त्वपूर्ण प्रतिवेदनहरू लिखित तथा प्रमाणित रूपमा तयार नगरेको, प्रणाली विकास गरी सुरु गरिएको अवस्थादेखि हालसम्म प्रणालीको विकास क्रममा आइपुग्दा भएको प्रणालीको विकासक्रमअनुसार सोर्स कोडको व्यवस्थापन प्रणाली विकासकर्ताबाट प्राप्त नगरेको, प्रणालीको सरोकारवाला निकायको प्रणालीबीच कायम हुने आबद्धता सम्बन्धमा अध्ययन नगरेको अवस्था छ। प्रणालीको निरन्तरता र विकासको लागि गरिएको सुधार तथा परिवर्तनसम्बन्धी कार्यहरूको अभिलेख अद्यावधिक राख्नुपर्दछ।

१८०. **प्रणालीको सञ्चालन -** आयात हुने कृषिजन्य वस्तुमा कृषि मन्त्रालय मार्फत वस्तुहरूको एच.एस.कोड स्वीकृत गर्ने निकायको नामसहितको विवरण नपठाएकोले कार्यक्षेत्रबारे विवाद हुने गरेको, भन्सार एजेण्टलाई पर्याप्त तालिम नभएकाले प्रणाली सञ्चालन प्रभावकारी हुन नसकेको, स-साना परिमाणमा सामान लिएर आउनेहरूको विवरण सिष्टममा प्रविष्ट गर्न पाउने व्यवस्था नभएकोले राजस्व सङ्कलन हुन नसकेको तथा बायो सेक्युरिटी चुनौती बढेको, भन्सार कार्यालयमा सम्बन्धित अन्य कार्यालयहरूको डेस्क नभएको, कृषि मन्त्रालय मातहतका प्रणाली सञ्चालन गर्ने निकायहरूको क्षेत्राधिकार सम्बन्धमा आवश्यक कार्यविधि तयार नभएको, अनलाइन प्रणाली आबद्धतामा समस्या भई सरोकारवाला निकायहरूको भुक्तानी प्रणालीमा बाँकी देखिने गरेको लगायतका समस्याहरू प्रणाली सञ्चालनमा देखिएको छ। अन्तर निकाय समन्वय गरी प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

सङ्गठित संस्था, अन्य संस्था र समिति

नेपाल राष्ट्र बैङ्क

नेपालको केन्द्रीय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भएको हो। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का

निष्कासन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्दति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौँमा र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ शाखा कार्यालयमा १ हजार १५७ कर्मचारी कार्यरत रहेका छन्।

१८१. **रणनीतिक योजना -** बैङ्कको चौथो पञ्चवर्षीय रणनीतिक योजना (सन् २०२२-२०२६) ले १८४ कार्य निर्धारण गरेकोमध्ये सन् २०२२ मा १२२ कार्य प्रारम्भ गर्नुपर्ने र १५ कार्य सम्पन्न गर्नुपर्नेमा ८ कार्य (५३.३३ प्रतिशत) सम्पन्न भएको, ५ कार्य कार्यान्वयन चरणमा रहेका र २ कार्य सुरु हुन नसकेकोले २०८०।८१ को वार्षिक कार्यक्रममा समावेश गरेको पाइयो। कार्यान्वयनको चरणमा रहेको कार्यमा सूचना तथा प्रविधि विभागअन्तर्गतको बैङ्क तथा वित्तीय संस्थाहरूको सूचना प्रविधिको निरीक्षणसम्बन्धी म्यानुअल तयार गर्ने र साइबर सुरक्षा फ्रेमवर्क तयार गरी लागु गर्ने, बैङ्क तथा वित्तीय संस्था नियमन विभागतर्फको लघुवित्त वित्तीय संस्थाहरूको लागि जोखिम व्यवस्थापन निर्देशिका तयार गर्ने, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागअन्तर्गतको संस्थागत योजना निर्माण, निगरानी तथा मूल्याङ्कन निर्देशिका परिमार्जन गर्ने र मुद्रा व्यवस्थापन विभागअन्तर्गतको नगद प्रमाणीकरण तथा प्रशोधन प्रणाली जडान गर्ने कार्य रहेका छन्। त्यसै गरी सम्पत्ति तथा सेवा व्यवस्थापन विभागअन्तर्गतको बालुवाटार र थापाथलीस्थित बैङ्कको कार्यालय भवनहरूको फर्निसिङ कार्य गर्न खरिद प्रक्रिया सुरु भएको देखिएन। रणनीतिक योजनाको लक्ष्य हासिल गर्न कार्यान्वयन योजना र जोखिम विश्लेषण गरी समयमा नै कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८२. **मौद्रिक नीति -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम बैङ्कको मुख्य उद्देश्य आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकास हासिल गर्न मूल्य र शोधनान्तर स्थिरता कायम गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनियम नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने रहेको छ। यो वर्ष मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने, भारित औसत अन्तर बैङ्क ब्याजदरलाई ५.५ देखि ८.५ प्रतिशतभित्र राख्ने लक्ष्य रहेकोमा २०८० जेठसम्मको औसत मुद्रास्फीति ७.७७ प्रतिशत, वार्षिक औसत अन्तर बैङ्क ब्याजदर ७.१३ प्रतिशत कायम भएको छ। यो वर्ष विस्तृत मुद्रा प्रदायको वृद्धिदर १२ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर १२.६ प्रतिशतसम्म रहने प्रक्षेपण रहेकोमा वार्षिक बिन्दुगत आधारमा २०८० जेठ मसान्तमा विस्तृत मुद्रा प्रदाय १०.९ प्रतिशतले विस्तार भएको र कर्जा मागमा कमी हुन गई निजी क्षेत्रतर्फ प्रवाह गरेको कर्जा वृद्धिदर ३ प्रतिशतमा सीमित रहेको छ।

१८३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको पुँजी रू.५ अर्ब, जगेडा तथा सञ्चित मुनाफा रू.४ खर्ब ६४ अर्ब ९५ करोड तथा अन्य दायित्व रू.११ खर्ब १८ अर्ब १८ करोडसमेत जम्मा पुँजी तथा दायित्व रू.१५ खर्ब ८८ अर्ब १३ करोड रहेको छ। त्यस्तै बैङ्कको कुल सम्पत्ति रू.१५ खर्ब ८८ अर्ब १३ करोडमध्ये नगद तथा नगद समानको सम्पत्ति रू.६ खर्ब २५ अर्ब १६ करोड तथा विदेशी धितोपत्रमा रू.६ खर्ब ६० अर्ब ३५ करोड, स्वदेशी धितोपत्रमा लगानी रू.७७ अर्ब २९ करोड र अन्य सम्पत्ति रू.२ खर्ब २५ अर्ब ३३ करोड रहेको छ। गत वर्ष रू.६३ अर्ब १३ करोड ६२ लाख वितरणयोग्य आम्दानी रहेको थियो। यो वर्ष रू.८७ अर्ब ५६ करोड १९ लाख नाफाबाट रू.२७ अर्ब ७ करोड ९५ लाख समायोजन भई रू.६० अर्ब ४८ करोड २४ लाख वितरणयोग्य आम्दानी रहेको छ।

१८४. **जोखिम व्यवस्थापन -** नेपाल राष्ट्र बैङ्कको जोखिम व्यवस्थापन निर्देशिका, २०७३ मा जोखिम व्यवस्थापन एकाइको १४ मुख्य जिम्मेवारी तय गरेको भए तापनि बैङ्कले जोखिम पहिचान, अनुगमन, घटनाको परिणाम र सम्भाव्यताको आधारमा जोखिम मूल्याङ्कन र न्यूनीकरणका कार्यहरू सम्पादन गरी प्रगति

विवरण तयार गरेको छैन। बैङ्कले प्रमुख कर्मचारीको प्रतिस्थापन योजना, प्राविधिक विशेषज्ञता आवश्यक पर्ने कार्य विवरण हस्तान्तरण, सुनको व्यापार घाटालगायतका कारण उत्पन्न हुन सक्ने जोखिमलाई सम्बोधन गर्न सकेको छैन। जोखिम सूचकका आधारमा कार्य सम्पादन गर्नुपर्दछ।

१८५. **खर्च व्यवस्थापन** - बैङ्कको कार्यसम्पादनको लागि खर्च व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। बैङ्कको चालु खर्चतर्फ प्रशासकीय र कर्मचारीसम्बन्धी खर्च गत वर्षको तुलनामा १२.६४ प्रतिशतले वृद्धि भई रू.५ अर्ब ३९ करोड ९८ लाख रहेको छ। पुँजीगततर्फ रू.७ अर्ब ९२ करोड ३१ लाख बजेट स्वीकृत भएकोमा रू.६ अर्ब ४ करोड ७२ लाख (७७.३२ प्रतिशत) खर्च भएको छ। पुँजीगततर्फ कार्यसञ्चालन योजनाका आधारमा बजेट विनियोजन गरी खर्च गर्ने र चालु खर्चलाई मितव्ययी बनाउने व्यवस्था मिलाउनुपर्दछ।

१८६. **बैङ्क सुपरिवेक्षण** - नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम १७(२) मा सुपरिवेक्षण कार्यको लागि बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकहरूको संख्या निर्धारण गर्नुपर्ने व्यवस्था रहे तापनि नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण गर्दा निरीक्षकहरूको संख्या निर्धारण गरेको आधार खुलाउने कागजात तयार गरी नराखेको र आवश्यक जनशक्तिको परिचालन सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको हुँदा निरीक्षण तथा सुपरिवेक्षण कार्य उद्देश्यअनुरूप भएको यकिन हुने अवस्था देखिएन। बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकहरूको संख्या निर्धारण गर्नुपर्दछ।

१८६.१ नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम २८(३) मा नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण कामकारबाही सम्बन्धमा बैङ्क तथा वित्तीय संस्थाहरूबाट प्राप्त आवश्यक कागजातहरू सुरक्षित रूपमा राख्नुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण पश्चात् प्रारम्भिक सुपरिवेक्षण प्रतिवेदन जारी गरी ती संस्थाहरूबाट प्रतिक्रिया प्राप्त गर्ने र सोको आधारमा अन्तिम प्रतिवेदन जारी गर्ने गरेकोमा प्रारम्भिक प्रतिवेदनमा देखिएका कैफियतहरू पुष्ट्याइँ बेगर अन्तिम प्रतिवेदनबाट हटाएको अवस्था देखियो। उक्त विनियमअनुसार बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण काम कारबाही सम्बन्धमा प्राप्त आवश्यक कागजात तथा पुष्ट्याइँहरू सुरक्षित रूपमा राख्नुपर्दछ।

१८६.२ वाणिज्य बैङ्कहरूले ग्राहकहरूलाई प्रदान गरेको कर्जामा ब्याजको प्रिमियम दर पटक पटक परिवर्तन गर्ने गरेको देखिएको छ। बैङ्कको सुपरिवेक्षण विभागले २०७९।६।११ मा "क" वर्गका २५ वाणिज्य बैङ्कलाई अधिक दरमा लिएको ब्याजबापतको रू.४ अर्ब ६६ करोड सम्बन्धितलाई फिर्ता गर्न दिएको निर्देशनअनुसार बैङ्कहरूले आंशिकरूपमा सो ब्याज फिर्ता गरेका छन्। बैङ्क तथा वित्तीय संस्थाहरूले कर्जामा लिने गरेको अधिक प्रिमियम दरको कारण सर्वसाधारणले उपभोग गर्ने वस्तु तथा सेवाको मूल्य, बैङ्क तथा वित्तीय संस्थाहरूको नाफा र आयकर राजस्वमासमेत असर पर्ने देखिन्छ। बैङ्क तथा वित्तीय संस्थाहरूको अनुगमनमा कर्जामा लिएका प्रिमियम दरसम्बन्धी विषयलाई समावेश गरी सम्पूर्ण बैङ्क तथा वित्तीय संस्थाहरूको अनुगमन प्रतिवेदनमा उल्लेख गरी कानुनबमोजिम कारबाही गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१८७. **लगानी** - नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७(२) मा बैङ्कले आफ्नो कामकारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्थालाई सो संस्थाको कुल पुँजीको १० प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्ने वा त्यस्तो संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्न सक्ने व्यवस्था छ। २०८० असार मसान्तमा बैङ्कको राष्ट्रिय बीमा संस्थानमा रू.३४ करोड ८९ लाख शेयर लगानी रहेको र थप शेयर

लगानी गर्ने उद्देश्यले राष्ट्रिय बीमा संस्थानले जारी गरेको अग्राधिकार शेयरमा सहभागिता जनाउन रू.१ अर्ब ८४ करोड ३९ लाख अग्रिम रकम दाखिला गरेको छ। राष्ट्रिय बीमा संस्थानमा भएको लगानी नेपाल राष्ट्र बैङ्क ऐनको उल्लिखित व्यवस्थाको प्रतिकूल देखिएकोले सो कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८८. **एजेन्सी बैङ्कको नियुक्ति -** नगद विदेशी मुद्रा स्थानान्तरणसम्बन्धी कार्यविधि, २०७७ को बुँदा ३(१) मा बैङ्कमा जम्मा नगद विदेशी मुद्रालाई एजेन्सी बैङ्कमा खाताहरूमा जम्मा गर्ने प्रयोजनका लागि प्रतिस्पर्धाद्वारा एजेन्ट बैङ्क छनोट गरिने र प्रतिस्पर्धाद्वारा एजेन्ट बैङ्क छनोट नभएसम्मको लागि साबिक एजेन्ट बैङ्कसँग भएको सम्झौताको अवधिसम्म सेवा लिन सकिने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्क र कमर्स इन्टरनेसनल मर्चेन्ट बैङ्क, बेरहाड, सिङ्गापुरबीच बैङ्क नोट खरिद गर्नको लागि २८ जनवरी २०१९ मा सम्झौता भएकोमा उक्त सेवा प्रदायकले बैङ्क नोट खरिद कमिशनको दरमा पटक पटक संशोधन गरेको र सोही दर नेपाल राष्ट्र बैङ्कले स्वीकार गर्दै आएको देखिन्छ। तर, सम्झौतामा कमर्स इन्टरनेशनल मर्चेन्ट बैङ्क र नेपाल राष्ट्र बैङ्कबीच सो संशोधित दरको विषयमा अन्य व्यवस्था भएको छैन। नेपाल राष्ट्र बैङ्क र कमर्स इन्टरनेसनल मर्चेन्ट बैङ्कबिच सम्झौता भएको पाँच वर्षको अवधि पूरा भइसक्दा पनि प्रतिस्पर्धात्मक प्रक्रियाबाट नयाँ एजेन्सी बैङ्कको चयन नभएकोले विदेशी मुद्रा बिक्री गर्नको लागि एजेन्सी बैङ्कको नियुक्ति उक्त कार्यविधिबमोजिम प्रतिस्पर्धात्मक प्रक्रियाबाट हुनुपर्दछ।

१८९. **स्ट्यान्डिङ्ग लिक्विडिटी फेसिलिटी (एस.एल.एफ.) -** बैङ्क तथा वित्तीय संस्थामा तरलता जोखिम व्यवस्थापन गर्न नेपाल राष्ट्र बैङ्कले २०७८।७।२९ मा जारी गरेको जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिकामा जोखिम व्यवस्थापन कार्यक्रम, जोखिम वर्गीकरण, तरलता जोखिम व्यवस्थापन, बजार जोखिम व्यवस्थापन गर्ने लगायतका व्यवस्था सबै बैङ्क तथा वित्तीय संस्थाले कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९१(१) मा राष्ट्र बैङ्कले जारी गरेको निर्देशन वा आदेशको उल्लङ्घन गर्ने बैङ्क वा वित्तीय संस्थालाई उल्लङ्घनको प्रकृति र गाम्भीर्यता हेरी सचेत गराउने, सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियत गराउने, निर्देशन वा आदेशको उल्लङ्घन नगर्न वा सुधारात्मक कदम चाल्न लिखित आदेश जारी गर्ने व्यवस्था छ। आदेशको पालना नगरेमा उल्लङ्घनको प्रकृति हेरी रू.१० लाखसम्म जरिवाना गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१८९.१ नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थालाई २०७६।७७ मा ८३ पटकमा रू.१ खर्ब ३ अर्ब, २०७७।७८ मा १६७ पटकमा रू.३ खर्ब ६१ अर्ब र २०७८।७९ मा ४ हजार ९०८ पटकमा रू.९१ खर्ब ७० अर्ब र २०७९।८० जेष्ठ मसान्तसम्म १ हजार ६५७ पटकमा रू.२७ खर्ब २७ अर्ब एस.एल.एफ. सुविधा प्रदान गरेको छ। बैङ्क तथा वित्तीय संस्थाहरूले तरलता व्यवस्थापन सम्बन्धी केन्द्रीय बैङ्कको निर्देशन पालना गर्ने क्रममा तरलता अभाव भएमा उक्त सुविधा प्रदान गर्नुपर्नेमा सोको यकिन गरेको छैन। अतः निर्देशनबमोजिम कार्य गर्दा तरलता अभाव भएको सुनिश्चितता हुने गरी पुष्ट्याइँ समावेश गरी यस्तो सुविधा प्रदान गर्नुपर्दछ।

१८९.२ वाणिज्य बैङ्कहरूको औसत आधार दर २०७७ आषाढमा ६.६६ प्रतिशत र २०७८ आषाढमा ९.१७ प्रतिशत रहेकोमा २०७८।७९ मा ५ प्रतिशत र ७ प्रतिशत एवं २०७९।८० मा ८.५ र ७.५ प्रतिशत ब्याज दरमा एस.एल.एफ. सुविधा उपलब्ध गराएको देखियो। बैङ्क तथा वित्तीय संस्थाले उक्त सुविधा एक वर्षमा १०५ पटक १४५ दिनसम्म प्रयोग गरेको देखियो। बैङ्क तथा वित्तीय संस्थाले तत्कालको तरलता समस्या समाधान गर्न सुविधा लिएको उल्लेख गरे तापनि उक्त अवधिमा ऋण तथा लगानी वृद्धि भएको, बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गरेको देखिएकोले एस.एल.एफ. सुविधा तरलता समस्या समाधानमा मात्र प्रयोग भएको भन्न सकिने अवस्था छैन। यस्तो अवस्थालाई नियन्त्रण

गर्न मौद्रिक नीति आवधिक रूपमा मूल्याङ्कन गरी पद्धतिमा सुधार गर्ने व्यवस्था भए पनि सोको पुनरावलोकन भएको देखिएन।

१८९.३ बैङ्कले २०७९।८० मा एस.एल.एफ. सुविधामा आंशिक नियन्त्रण गरी बैङ्क तथा वित्तीय संस्थालाई ओभरनाइट लिक्विडिटी फेसिलिटीमार्फत ६ प्रतिशत ब्याजदरमा रू.२२ खर्ब ८७ अर्ब कर्जा उपलब्ध गराएका देखियो। बैङ्क तथा वित्तीय संस्थाको आधार दर १४ प्रतिशतको हाराहारीमा पुगेको अवस्थामा उक्त फेसिलिटीको बैङ्क दर ६ प्रतिशत रहेकोले यसको फाइदा निश्चित वाणिज्य बैङ्कहरूले लिएका कारण नेपाल राष्ट्र बैङ्कको ब्याज आम्दानी घट्न गएको देखिन्छ।

१८९.४ नेपाल राष्ट्र बैङ्कले २०७८।७९ र २०७९।८० को ३ महिनाको अवस्था विश्लेषण गर्दा २०७८ फाल्गुण सम्म ५ प्रतिशत, तत्पश्चात ७ प्रतिशत र २०७९।८० मा ७.५ देखि ८.५ प्रतिशतले एक वर्षमा १५२ दिनसम्मको क्रेडिट फेसिलिटीबापत बैङ्कहरूलाई ऋण दिएको छ। सोही ऋणबाट वाणिज्य बैङ्कहरूले ट्रेजरी बिल खरिद गर्दा १३.९९ प्रतिशतसम्मको ब्याजदरमा खरिद गर्न स्वीकृति दिएको छ। ट्रेजरी बिलको ब्याजदर बैङ्क दरभन्दा बढी कबोल भएको अवस्थामा केन्द्रीय बैङ्कले नै बैङ्क दरमा ट्रेजरी बिल खरिद गर्न सक्ने विकल्पको विश्लेषण गरेको देखिएन।

१८९.५ खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८ मा स्ट्याण्डिङ्ग लिक्विडिटी फ्यासिलिटी सुविधा अनिवार्य नगद मौज्दात, तरलता कर्जा तथा लगानीको तत्काल व्यवस्थापनमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ। सोभन्दा बाहेकको ट्रेजरी बिल खरिदलगायतका कारोबारमा उक्त सुविधाको प्रयोग एवं परिचालन सम्बन्धमा अनुगमन गरेको देखिएन। नीतिगत पुनरावलोकन र अनुगमनबेगर दिएको स्ट्यान्डिङ्ग लिक्विडिटी फ्यासिलिटीका कारण ट्रेजरी बिलको खरिदमा नेपाल सरकारलाई रू.२ अर्ब १३ करोड ५ लाख (अधिकतम दरमा लिएको ट्रेजरी बिलको रकम बाहेक) थप व्ययभार पर्न गएको छ।

१८९.६ नेपाल राष्ट्र बैङ्कमार्फत ट्रेजरी बिलबाट सङ्कलन हुने आन्तरिक ऋणको ब्याजदर केन्द्रीय बैङ्कको ब्याजदरको तुलनामा कतिपय मुलुकमा कम र केही मुलुकमा बराबर हुने गरेको छ । ट्रेजरी बिलको दर बैङ्क दरभन्दा बढी हुँदा नेपाल राष्ट्र बैङ्कले बैङ्क दरमा ट्रेजरी बिल खरिद गर्ने गरेकोमा नेपाल राष्ट्र बैङ्कले खुला बजार सञ्चालनपछि भारित औसत ब्याजदर प्रयोग गरी ट्रेजरी बिल खरिद गर्दा रू.९७ करोड १४ लाख ब्याज व्ययभार पर्न गएको छ ।

१९०. **पुनर्कर्जा वितरण -** कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असरलाई सम्बोधन गर्न नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० बमोजिम नेपाल राष्ट्र बैङ्क पुनर्कर्जा कार्यविधि, २०७७ तर्जुमा भएको छ। बैङ्कले उक्त कार्यविधिअनुसार विभिन्न व्यवसायीलाई बैङ्क तथा वित्तीय संस्थामार्फत कर्जा दिएको छ। नेपाल राष्ट्र बैङ्कले पुर्नकर्जा प्रदान गर्दा लघु, घरेलु तथा साना उद्यम पुर्नकर्जा, विशेष पुर्नकर्जा र साधारण पुर्नकर्जामा २ देखि ५ प्रतिशत ब्याज लिने व्यवस्था गरेको छ। पुनर्कर्जाको तथ्याङ्क विश्लेषण गर्दा २०७८।७९ को जेठ मसान्तसम्ममा रू.१ खर्ब १५ अर्ब ६८ करोड र २०७९।८० मा रू.१ अर्ब ४५ करोड ८२ लाख वितरण गरेको छ। पुनर्कर्जाको लागि माग भएको रकम र वितरित पुनर्कर्जाको विस्तृत विवरण तयार गरेको छैन। कुल पुनर्कर्जा बक्यौता रकम २०८० असार मसान्तमा रू.१ अर्ब १९ करोड ५५ लाख रहेको छ। कर्जा माग गर्ने व्यवसायी र यस्तो सुविधाको प्राथमिकता क्रम निर्धारण नगरी सीमित व्यवसायीलाई मात्र रू.२० करोडसम्म यस्तो कर्जा उपलब्ध गराएको छ। नागरिकलाई प्रत्यक्ष राहत हुने क्षेत्रमा मापदण्ड बनाई यस्तो सहुलियत दिने व्यवस्था मिलाउनुपर्दछ। साथै, यसरी प्रवाह गरिएको पुनर्कर्जाको रकम तोकिएकै कार्यमा प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१९१. **सहुलियतपूर्ण कर्जा -** नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार वाणिज्य बैङ्कहरूले २०७८।७९ सम्म रू.२ खर्ब ५९ अर्ब ५५ करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतसम्मका दरले ब्याज अनुदानबापत यो वर्ष रू.१६ अर्ब ९६ करोड ५० लाख र २०७९।८० सम्म रू.२२ अर्ब ३९ करोड सञ्चित ब्याज अनुदान प्रदान गरेका छन्। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८० असार मसान्तमा रू.१ खर्ब ९८ अर्ब २७ करोड पुगेको देखिन्छ। बैङ्कले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

कर्मचारी सञ्चय कोष

सेवा निवृत्त सेनाको सञ्चय कोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले संवत् १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोष सञ्चालनमा छ। कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीलाई आफ्नो दायरामा ल्याई २०८० असार मसान्तसम्म करिब ५ लाख ८२ हजार सञ्चयकर्ताबाट सञ्चित रकम व्यवस्थापन गर्दै आएको छ। उक्त ऐनको दफा ४ ले कोषको सञ्चालन एवं सुव्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त अध्यक्षको अध्यक्षतामा नेपाल सरकारले नेपाल सरकारको विभिन्न सेवाबाट मनोनीत गरेका ३ जना सञ्चालक, बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट २ जना सञ्चालक र कोषका प्रशासक गरी ७ सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ।

१९२. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कोषको २०८० आषाढ मसान्तको सञ्चित कोष रू.४ खर्ब ६५ अर्ब २ करोड २ लाख, निवृत्तभरण कोष रू.६ अर्ब ३५ करोड ८३ लाख, जगेडा तथा बचत रू.३६ अर्ब ८२ करोड ११ लाख र दायित्व रू.६ अर्ब ९ करोड ८३ लाख रहेको छ। स्थिर सम्पत्ति रू.३ अर्ब १५ करोड ९७ लाख, चालु सम्पत्ति रू.५ खर्ब ९ अर्ब ७३ करोड ६ लाख र अन्य सम्पत्ति रू.१ अर्ब ४० करोड ७७ लाखसमेत कुल सम्पत्ति रू.५ खर्ब १४ अर्ब २९ करोड ८० लाख रहेको देखिन्छ। कोषले गत वर्ष रू.३३ अर्ब ९९ करोड ६७ लाख आम्दानीबाट रू.५ अर्ब ५८ करोड १७ लाख नाफा गरेकोमा यो वर्ष रू.४४ अर्ब १७ करोड ५७ लाख आम्दानीबाट रू.६ अर्ब ५ करोड ६२ लाख नाफा गरेको छ।

१९३. **नगद प्रवाह -** कोषको सञ्चालन गतिविधिबाट भएको नगद प्रवाह गत वर्ष रू.५ अर्ब ६८ करोड ७० लाख ऋणात्मक रहेकोमा यो वर्ष रू.२ अर्ब ९७ करोड ८ लाख ऋणात्मक रहेको छ। नगद प्रवाह नै ऋणात्मक हुने गरी कार्य गरेको अवस्थाले कोषले व्यावसायिक योजनाअनुसार कारोबार सञ्चालन गरेको देखिएन।

१९४. **वित्तीय प्रतिवेदनमान कार्यान्वयन** - नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था गरेकोमा कोषले सो प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गरेको छैन। कोषले कार्यालय सञ्चालनको लागि भाडा/पट्टामा लिएका भवनहरूको नेपाल वित्तीय प्रतिवेदनमान-१६ (लिज) अनुसार लेखाङ्कन गरेको छैन। यसै गरी नेपाल वित्तीय प्रतिवेदनमान-१५ अनुसार कर्जा तथा लगानीबाट आर्जन हुने ब्याज आम्दानीलाई प्रोदभावी आधारमा मापन र नगदमा आर्जन नभएको ब्याज आम्दानीलाई सञ्चित मुनाफाबाट खर्च लेखी छुट्टै नेपाल वित्तीय प्रतिवेदनमान समायोजन कोष सिर्जना गरी लेखाङ्कन गर्नुपर्नेमा उक्त कोष सिर्जना नगरी सम्पूर्ण मुनाफा रकमलाई

वितरणयोग्य नाफामा समावेश गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार कर्जाको सुरक्षण पर्याप्त भए पनि निश्चित अवधिभन्दा बढी भाखा नाघेको कर्जामा ब्याज लेखाङ्कन बन्द गर्नुपर्नेमा गरेको छैन।

१९५. **प्राप्त हुन बाँकी ब्याज** - कोषले ऋण लगानी गरेका निर्माणाधीन जलविद्युत परियोजनाहरूमा निर्माण अवधिको ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँध्ने नीति लिएअनुरूप समयमा निर्माण सम्पन्न हुन नसकी व्यावसायिक उत्पादन मिति पटक पटक परिमार्जन भएका परियोजनाबाट प्राप्त हुन बाँकी ब्याज रकमलाई पुँजीकरण गरी आम्दानीमा समावेश गरेको छ। यस्ता परियोजनाबाट उठ्न बाँकी रकममा एक प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरी बाँकी रकम वितरणयोग्य नाफामा समावेश गरेकोले वितरणयोग्य खुद नाफा बढेको देखिन्छ। यस वर्ष नगदमा प्राप्त नभएको आम्दानीमध्ये भोटेकोशी जलविद्युतको रू.१ अर्ब ७१ लाख, रसुवागढी जलविद्युतको रू.१ अर्ब १९ करोड ८४ लाख र सान्जेन जलविद्युतको रू.७६ करोड ६ लाख वितरणयोग्य नाफामा समावेश भएको छ। साथै, सञ्चयकर्ता कर्जाको भाखा नाघेको र नगदमा प्राप्त नभएको ब्याज आम्दानीलाई पनि वितरणयोग्य मुनाफामा समावेश गरेको छ। कोषले प्रवाह गरेको सञ्चयकर्ता कर्जाको भाखा नाघेको विवरण कोषको प्रणालीबाट उपलब्ध नहुँदा लेखाङ्कन गरिएको अधिक ब्याज आम्दानीको रकम यकिन गर्न सकिएन। वितरण योग्य नाफा वास्तविक नभएकोले वितरणको लागि प्रस्तावित बोनस तथा लाभांश व्यवस्थामा असर पर्ने देखिन्छ।

१९६. **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चयकोषबिच २०७०।३।४ मा ए-३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रू.१० अर्बको जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए-३३० वाइडबडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रू.१२ अर्बको जमानीमा रू.११ अर्ब ९९ करोड ६१ लाखको ऋण सम्झौता भएको देखिन्छ। निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चय कोषले पुँजीकरण गर्ने सञ्चालक समितिको निर्णयअनुसार साँवा रकम बढेर रू.२८ अर्ब ५७ करोड ३५ लाख पुगेको छ। कोषले बढेको रकमसमेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गरेको छैन। कोषले प्राप्त जमानतभन्दा बढी कर्जालाई शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने निर्णय गरे तापनि यो वर्षसम्म रू.१ अर्ब ७९ करोड ५७ लाख मात्र कर्जा नोक्सानीको व्यवस्था गरेको छ। यसरी बढेको रकम खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले पहल गर्नुपर्दछ।

१९७. **परियोजना कर्जा प्रवाह** - कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३(ख) बमोजिम रू.१ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने अख्तियारी प्रशासकको संयोजकत्वमा बनेको कर्जा तथा लगानी समितिमा रहेको र रू.१ अर्बभन्दा माथिको कर्जा सञ्चालक समितिबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। निजी क्षेत्रसमेतबाट प्रवर्धन भएका ठूला र दीर्घकालीन परियोजनाहरूमा जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजनालगायतका विषयहरूमा विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात् मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सोअनुसार नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

१९७.१ कोषबाट लगानी भएको परियोजना कर्जामा न्यूनतम कर्जा/स्वःपुँजी अनुपातसमेत कायम नहुने गरी कर्जा प्रवाह भएको पाइयो। कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वःपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८० असार मसान्तसम्म कर्जा/स्वःपुँजी अनुपात ८९:११ देखिन्छ। उक्त कम्पनीले वहन गरेको नोक्सानीलाई पनि गणना गर्दा इक्विटी क्षयीकरण भई कर्जा/स्वःपुँजी अनुपात ९६:०४ मा सीमित भएको छ। उक्त कम्पनीलाई रू.१७ अर्ब ५५ करोड अधिक कर्जा प्रवाह भएको देखिएको छ।

१९७.२ कर्जा लिने व्यवसायीको धितो तथा आर्थिक अवस्था, कर्जा तिर्ने क्षमतालगायतका पक्षको पर्याप्त विश्लेषण नगरी कर्जा प्रवाह गरेका कारण केही कर्जा नउठ्ने अवस्थामा पुगेको देखियो। कोषले निजी क्षेत्रका २२ परियोजनामा लगानी गरेको कर्जा रू.६ अर्ब २८ करोडमध्ये १३ परियोजनामा लगानी भई भाखा नाघेको किस्ता रू.१ अर्ब २९ करोड रहेकोले खराब कर्जा २०.५४ प्रतिशत पुगेको छ।

उक्त खराब कर्जाको ब्याजसमेत हिसाब गर्दा एक हाउजिङ्ग कम्पनीसँग रू.१ अर्ब १० करोड ५५ लाख, एक उद्योगसँग रू.८ करोड १४ लाख, एक खाद्य प्रशोधन कम्पनीसँग रू.५ करोड ९६ लाख, एक रिसोर्टसँग रू.२२ करोड ४३ लाख, दुई चिनी मिलसँग रू.१३ करोड ९८ लाख, एक रियल इस्टेट्स कम्पनीसँग रू.२४ करोड ८७ लाख, एक होटलसँग रू.२३ करोड २९ लाख, एक टेक्सटायलसँग रू.३१ करोड ७२ लाख, एक केमिकल एण्ड फर्टिलाइजर कम्पनीसँग रू.१० करोड २ लाख, एक हस्पिटालिटी कम्पनीसँग रू.४३ करोड ९३ लाखसमेत रू.२ अर्ब ९४ करोड ८९ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ।

१९८. **कर्जाको सीमा र अवस्था** - कोषको कर्जा लगानी नीतिमा पुनर्संरचना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५० प्रतिशतका दरले कर्जा नोक्सानी गर्नुपर्ने व्यवस्था छ। साँवा र ब्याज चुक्ता नगरेका निम्न जलविद्युत कम्पनीहरूको ब्याज पुँजीकरण गर्दा कर्जाको सीमा नाघिसकेकोमा पनि असल कर्जाकै रूपमा बैङ्क तथा वित्तीय संस्था सरह १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था गरेको छ।

(रू.लाखमा)

कर्जा प्राप्त गर्ने कम्पनी	कर्जा सीमा	बाँकी कर्जा
सान्जेन जलविद्युत कम्पनी	५,६७,१६	७,९२,२६
मध्य भोटेकोशी जलविद्युत कम्पनी	८,८८,८६	११,००,५६
रसुवागढी हाईड्रोपावर लिमिटेड	१०,१६,७९	१२,५२,४२

१९९. **लगानी नीति** - बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले क्रमशः १५ प्रतिशत र ४० प्रतिशत सेयरमा लगानी गर्ने कोषको सञ्चालक समितिले निर्णय गरेको छ। कर्मचारी सञ्चय कोष ऐनमा लगानी गर्ने अधिकार भए तापनि कोषले आफैं संस्था प्रवर्धन गर्ने सम्बन्धमा स्पष्ट प्रावधान देखिँदैन। ऐनमा जलविद्युत उत्पादन गर्नको लागि कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने स्पष्ट उल्लेख नभएको अवस्थामा कोषले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेड संस्था प्रवर्धन र सञ्चालन गर्ने निर्णय गरेको पाइयो। कोषले निजी क्षेत्रका कम्पनी वा संस्थासमेतमा रू.८४ अर्ब ३२ करोड ऋण लगानी गरेको छ। बैङ्क तथा वित्तीय संस्थाले यस्ता व्यावसायिक संस्थामा गरेको लगानीको ब्याजदर र लगानी नीतिका अवस्थासमेत विश्लेषण गरी व्यावसायिक योजना, जोखिम अवस्था र साँवा तथा ब्याजको किस्ता भुक्तानी जस्ता विषयमा ध्यान दिई ऋण लगानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२००. **अस्थायी सञ्चयकर्ता खाता** - नयाँ सञ्चयकर्ताको पूर्ण विवरण नआएमा अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी प्रविष्ट गर्ने गरेको देखियो। कोषले यो वर्षसम्म २८ हजार ७७२ अस्थायी सञ्चयकर्ता खातामा रू.९९ करोड ४ लाख प्रविष्ट गरेको छ। उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२०१. **निष्क्रिय खाता** - कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरू मितिले ६ वर्ष सम्ममा पनि यस्तो रकम फिर्ता पाउने हक

पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र सो रकममा ब्याज नदिइने व्यवस्था रहेकोमा २०७९।८० को अन्त्यसम्म यस्तो खातामा रू.३ अर्ब २३ करोड ७० लाख रहेको छ। नन्अपरेटिभ खातामा भएको मौज्दातको पहिचान गरी त्यस्तो खाताको रकम न्यून गर्नुपर्दछ।

२०२. **भाडा असुली** - सञ्चय कोष भाडा व्यवस्थापन कार्यविधिको बुँदा ३.१ को ९(घ) बमोजिम सम्झौताअनुरूप जग्गा तथा भवनको नियमित रूपमा भाडा असुलउपर गर्नपर्ने व्यवस्था छ। कोषको असुल हुन बाँकी बहाल तथा महसुल रू.७१ करोड १९ लाख रहेको छ। कोषको सुन्धारा र लगनखेलस्थित भवनको २ व्यक्ति र एक कम्पनीबाट उठ्न बाँकी भाडा रू.४४ करोड ५२ लाखका सम्बन्धमा अदालतमा मुद्दा विचाराधीन अवस्थामा छ। कोषले भाडा उठाउने प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

२०३. **बैङ्क हिसाब भिडान** - गत वर्षसम्म बैङ्क मौज्दात भिडानमा फरक परेको रू.४ अर्ब २७ करोड २४ लाख रहेकोमा यस वर्ष स्रेस्ता र बैङ्क विवरणअनुसार रू.३ अर्ब २ करोड ९१ लाख फरक परेको छ। कोषले यस वर्ष नेपाल राष्ट्र बैङ्कसमेत ५ वाणिज्य बैङ्कको रू.१ अर्ब ३७ करोड ५४ लाख ऋणात्मक मौज्दात देखाएको छ। बैङ्क हिसाब भिडान नभएको रकम हिसाब मिलान गरी अद्यावधिक गर्नुपर्दछ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बीच २०७४ भाद्र २९ मा भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) कार्यान्वयन गर्ने निकायको रूपमा विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकारबमोजिम मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४ अनुसार समितिको स्थापना भएको हो। सम्झौताबमोजिम अमेरिकी सरकारले अमेरिकी डलर ५०० मिलियन र नेपाल सरकारको तर्फबाट अमेरिकी डलर १३० मिलियन बराबरको रकम विनियोजन गर्नुपर्ने व्यवस्था रहेकोमा इम्प्लिमेन्टेसन लेटरमार्फत नेपाल सरकारले बेहोर्ने रकम अमेरिकी डलर १९७ मिलियन भएको छ। उक्त रकम ३०० किलोमिटर विद्युत प्रसारण लाइन तथा सबस्टेसन निर्माण, ७७ किलोमिटर सडकको मर्मत तथा स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने लक्ष्य रहेको छ। नेपाल सरकारबाट राष्ट्रिय गौरवको आयोजना घोषणा भएको यो आयोजना २०८० भाद्र १३ बाट कार्यान्वयन चरणमा प्रवेश गरेको छ।

२०४. **परामर्शदाताबाट खाता सञ्चालन** - मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति गठन आदेश, २०७४ को दफा १० मा समितिको आफ्नो एउटा छुट्टै कोष हुने र सो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, एमसीसीमार्फत सम्झौता अवधिभर प्राप्त हुने रकम, नेपाल सरकार र एमसीसीले सहमति जनाएका अन्य रकम जम्मा गरी कोषका कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने उल्लेख छ। नेपाल सरकार र एमसीसीबीच भएको कार्यक्रम कार्यान्वयन सम्झौताको धारा ३.१ मा खाता सञ्चालनको लागि वित्त प्रतिनिधि (फिस्कल एजेन्ट) को हस्ताक्षर आवश्यक पर्ने उल्लेख छ। समितिले गर्ने खर्चको भुक्तानीका लागि छुट्टै परामर्शदाताबाट सेवा लिई अन्तिम भुक्तानीका लागि चेक तयार गरी हस्ताक्षर गर्ने कार्यसमेत परामर्शदाताबाटै भएको छ। गठन आदेश र सम्झौतामा भएको व्यवस्था बाझिएको देखिएको छ।

२०५. **वित्तीय व्यवस्था र खर्च** - मिलेनियम कम्प्याक्ट च्यालेञ्ज (सम्झौता) को धारा २ बमोजिम सम्झौता र इम्प्लिमेन्टेसन लेटर लागु भएपछि एमसीसीले वित्तीय व्यवस्था (ईआईएफ) को लागि अमेरिकी डलर ४६० मिलियन र कार्यान्वयन पूर्वको कम्प्याक्ट विकास (सीडीएफ) खर्चका लागि अमेरिकी डलर ४०.५ मिलियन अनुदान प्रदान गर्ने र नेपाल सरकारले अमेरिकी डलर १९७ मिलियन आयोजना कार्यान्वयनका लागि विनियोजन गर्नुपर्ने व्यवस्था छ। सम्झौताबमोजिम सीडीएफ (कार्यान्वयन पूर्वको

खर्च) को लागि व्यवस्था भएको मिलिनियम च्यालेञ्ज कर्पोरेसनतर्फको अमेरिकी डलर ४०.५ मिलियन र नेपाल सरकारतर्फको अमेरिकी डलर ४० मिलियन निम्नानुसारको कार्यमा खर्च हुने उल्लेख भएकोमा आयोजनाको लागि देहायअनुसार अमेरिकी डलर ४ करोड ६० लाख ३ हजार खर्च भएको विवरण पेस भएको छ।

(रकम अमेरिकी डलर हजारमा)

खर्चशीर्षक	कम्प्याक्ट विकास (सीडीएफ)		कार्यक्रम विकास (इआईएफ)		कुल रकम		हालसम्मको कम्प्याक्ट विकास (सीडीएफ) खर्च			खर्च प्रतिशत
	नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	नेपाल सरकार	एमसीसी	जम्मा खर्च	
विद्युत प्रसारण लाइन परियोजना	३५,२३२	२१,३५०	१४७,९००	३७७,९३८	१८३,१३२	३९९,२८८	१७,१२०	९,८३६	२६,९५५	४.६३
सडक मर्मत तथा सम्भार परियोजना	५७१	६,१५२	२,१००	४६,१३३	२,६७१	५२,२८५	५७१	१,७७४	२,३४५	४.२७
अनुमगन तथा मूल्याङ्कन	०	१९८	-	७,५२४	-	७,७२२	-	-	-	-
कार्यक्रम व्यवस्थापन र प्रशासन	४,१९७	१२,८००	७,०००	२७,९०४	११,१९७	४०,७०४	६,०१४	१०,६८८	१६,७०२	३२.१८
जम्मा	**४०,०००**	**४०,५००**	**१५७,०००**	**४५९,५००**	**१९७,०००**	**५००,०००**	**२३,७०५**	**२२,२९८**	**४६,००३**	**६.६०**

सीडीफ (कम्प्याक्ट विकास) तर्फ हालसम्म मिलिनियम च्यालेञ्ज स्रोततर्फ अमेरिकी डलर २२.२९८ मिलियन डलर अर्थात् सम्झौता रकमको ५५.०५ प्रतिशत र नेपाल सरकारतर्फ अमेरिकी डलर २३.७० मिलियन अर्थात् ५९.२६ प्रतिशत खर्च भएको देखिन्छ। मिलेनियम च्यालेञ्ज सम्झौता कार्यान्वयनका लागि भएको कार्यक्रम कार्यान्वयन सम्झौताको धारा २.१३ सँग सम्बन्धित अनुसूची ३ मा नेपाल सरकारले बेहोर्ने सीडीएफ खर्च ४० मिलियन अमेरिकी डलर विद्युत लाइन विस्तार आयोजनामा मात्र खर्च गर्ने उल्लेख भएकोमा इम्लिमेन्टेसन लेटरको आधारमा विद्युत प्रसारण लाइनमा अमेरिकी डलर ३५.२ मिलियन, सडक मर्मत तथा सम्भारमा अमेरिकी डलर ०.५७ मिलियन र कार्यक्रम व्यवस्थापन र प्रशासनतर्फ अमेरिकी डलर ४.२ मिलियन खर्च गर्ने गरी पूरक सम्झौता भएको छ। पूरक सम्झौता अनुसारसमेत एमसीसी स्रोतबाट अमेरिकी डलर १२.८ मिलियन खर्च गर्नुपर्नेमा अमेरिकी डलर १०.६८८ मात्र खर्च गरी अमेरिकी डलर २.११२ मिलियन घटी र नेपाल सरकारतर्फ अमेरिकी डलर १.८१७ बढी खर्च गरेको छ। मिलेनियम च्यालेञ्ज कर्पोरेसन स्रोतबाट खर्च गर्नुपर्ने रकम नेपाल सरकारको स्रोतबाट खर्च भएकोले उक्त रकम शोधभर्ना प्राप्त गर्नुपर्दछ।

२०६. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ निकायको परामर्शसम्बन्धी सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा सार्वजनिक निकायले कुनै कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ। समितिको वित्त शाखामा प्रमुख वित्तीय व्यवस्थापन विज्ञ १, वित्तीय व्यवस्थापन अधिकृत २ र आन्तरिक नियन्त्रण पालना विज्ञ १ र खरिद शाखातर्फ खरिद व्यवस्थापक १ र खरिद विज्ञ ३ को दरबन्दी रहेको देखिन्छ। दरबन्दीअनुसार कार्यालयमा रहेका कर्मचारीबाट आर्थिक कारोबारको लेखा राख्न र भुक्तानीको सिफारिस गर्न तथा भुक्तानी दिन र खरिद कार्य गर्न सकिने भए तापनि वित्तीय कारोबारको लागि भनी वित्त प्रतिनिधि (फिस्कल एजेण्ट) र खरिद कार्यको लागि खरिद प्रतिनिधि (प्रोक्युरमेन्ट एजेण्ट) को रूपमा एकै विदेशी परामर्शदाता नियुक्त गरी वित्त प्रतिनिधितर्फ अमेरिकी डलर ५.०५ मिलियन र खरिद प्रतिनिधितर्फ अमेरिकी डलर ५.८२ मिलियनको सम्झौता गरी यो वर्ष अमेरिकी डलर १५ लाख २३ हजार ३१३ समेत हालसम्म अमेरिकी डलर ७८ लाख ७७ हजार खर्च भएको देखिन्छ। संस्थाका कर्मचारीबाटै

सम्पादन हुनसक्ने कार्यका लागि समेत बाह्य परामर्शदाता राख्ने कार्यलाई नियन्त्रण गरी खर्चमा मितव्ययिता ल्याउनुपर्दछ।

२०७. **कार्यान्वयन पत्र (इम्प्लिमेन्टेसन लेटर) -** कम्प्याक्ट (सम्झौता) को धारा ३.५ मा समय-समयमा एमसीसीले कम्प्याक्टको कोष वा आयोजना कार्यान्वयनको कुनै पनि विषयमा सरकारलाई इम्प्लिमेन्टेसन लेटरमार्फत सुझाव दिनसक्ने र नेपाल सरकारले त्यस्ता सुझाव कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। एमसीसीले विभिन्न कारण देखाई लागत बढेको भनी इम्प्लिमेन्टेसन लेटर जारी गरी नेपाल सरकारले बेहोर्नुपर्ने अमेरिकी डलर १३० मिलियनमा अमेरिकी डलर ६७ मिलियन वृद्धि गरी १९७ मिलियन हुनुपर्ने सुझाव दिए अनुसार नेपाल सरकारले सो सुझाव स्वीकार गरेको देखिन्छ। सीडीएफ चरणमा प्रसारण लाइन परियोजना बाहेकका सडक मर्मत तथा सम्भार परियोजनामा नेपाल सरकारले ब्यहोर्न नपर्ने खर्चमा इम्प्लिमेन्टेसन लेटरकै आधारमा सीडीएफ चरणमै सडक मर्मत तथा सम्भार परियोजनातर्फ अमेरिकी डलर ५ लाख ७० हजार ८४८ र कार्यक्रम व्यवस्थापन र प्रशासनिक कार्यमा अमेरिकी डलर ४१ लाख ९७ हजार २५० खर्च भई सकेपश्चात् पूरक सम्झौता भएको छ। इम्प्लिमेन्टेसन लेटरबाट सफ्टवेयर खरिद गर्दा स्याप सप्टवेयर खरिद गर्नुपर्ने र तोकिएकै कर्पोरेसनबाट नै खरिद गर्नुपर्ने गरी सुझाव दिई सोहीबमोजिम हुने गरी अमेरिकी डलर १२ लाख २१ हजारको स्याप सफ्टवेयर एक कर्पोरेसनबाट सोझै विधिबाट खरिद गरेको देखियो। उक्त खरिदकार्य मिलेनियम च्यालेञ्ज कर्पोरेसनको खरिद निर्देशिका अनुकूल देखिएन। अतः निर्देशिकाको पालना गरी खरिद कार्य गर्नुपर्दछ।

२०८. **आयोजना कार्यान्वयन -** मिलेनियम च्यालेञ्ज कम्प्याक्टको अनुसूची-४ मा सीडीएफको भुक्तानी गर्ने शर्तहरू तथा अनुसूची ५ मा सम्झौताका शर्तहरूका अतिरिक्त पूर्वशर्तहरूसमेत उल्लेख छ। सम्झौतामा उल्लेख भएका पूर्वशर्तहरूमध्ये जग्गा अधिकरण एवं रुख कटान र आयोजना निर्माणस्थलमा पहुँचलगायत सीडीएफ चरणमा सम्पन्न गर्नुपर्ने पूर्वशर्त पूरा नगरी २०८० भाद्र १३ बाट कार्यान्वयन चरणमा प्रवेश गरेकोले आयोजनामा अपेक्षित प्रगति हुन सकेको छैन। कार्यान्वयन चरणको ६ महिना पूरा हुँदा परियोजना प्रसारणलाइन, सबस्टेसन र सडक निर्माण कार्यको लागि निर्माण व्यवसायी छनोट हुन सकेको देखिँदैन। अतः नयाँ कार्यतालिका निर्माण गरी आयोजनाअन्तर्गतका प्रमुख संरचनाहरूको खरिद प्रक्रिया यथाशीघ्र प्रारम्भ गर्नुपर्दछ। साथै आयोजना कार्यान्वयनमा देखिएका कानुनी, प्राविधिकलगायतका समस्या सम्बोधन गर्दै पाँच वर्षे अवधिमा आयोजना सम्पन्न गर्न ध्यान दिनुपर्ने देखिन्छ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड

सर्वसाधारणलाई बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले २०२२ सालमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालन हुँदै आएको छ। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत शेयर स्वामित्व रहेको छ। बैङ्कले ७७ जिल्लामा सेवा विस्तार गरी केन्द्रीय र २८३ शाखा कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ।

२०९. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०८० आषाढ मसान्तको वित्तीय विवरणअनुसार खुद कर्जा रू.२ खर्ब ४२ अर्ब ९४ करोड २० लाख, स्थिर सम्पत्ति रू.३० अर्ब ३६ करोड २० लाख, लगानी रू.७६ अर्ब ९ करोड ६ लाख र अदृष्य सम्पत्ति रू.५ करोड ४ लाख, र अन्य सम्पत्ति रू.४४ अर्ब ५७ करोड ६७ लाखसमेत रू.३ खर्ब ९४ अर्ब २ करोड १७ लाख सम्पत्ति रहेको छ। निक्षेपतर्फ रू.३ खर्ब २१ अर्ब ६५ करोड ४९ लाखसमेत रू.३ खर्ब ४३ अर्ब २८ करोड ३४ लाख कुल दायित्व रहेको छ। बैङ्कको २०८० आषाढ मसान्तमा शेयर पुँजी रू.१५ अर्ब ६३ करोड ७३ लाख, जगेडा

कोष रू.३४ अर्ब १८ करोड २५ लाख तथा सञ्चित नाफा रू.९१ करोड ८४ लाख रहेको छ। गत वर्ष रू.४ अर्ब २९ करोड २८ लाख खुद मुनाफा रहेकोमा यो वर्ष रू.३२ अर्ब २६ करोड ६७ लाख आम्दानी र रू.२८ अर्ब ६७ करोड १६ लाख खर्च गरी रू.३ अर्ब ५९ करोड ५१ लाख खुद मुनाफा गरेको छ।

२१०. **अनुपात विश्लेषण -** बैङ्कको ४ वर्षको वित्तीय कार्यसम्पादन अवस्था निम्नानुसार छः

क्र.सं.	विवरण	सूचकाङ्क	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
१	आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	२३.१७	१८.६१	१८.५३	११.१४
२	प्रति शेयर आम्दानी	रुपैयाँ	४८.६१	३७.२७	३४.८५	२४.२२
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	३.३०	२.९७	४.२२	५.७१
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	९.६३	६.९९	७.९३	१०.२७
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२४.५३	२२.४५	१८.९२	१४.५९
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.६४	१.१०	१.३०	०.९१
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	४.०८	३.२३	२.०९	३.७७

उल्लिखित तथ्याङ्कअनुसार बैङ्कको आम्दानीको तुलनामा खुद नाफा, प्रतिशेयर आम्दानी, कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा घटेको, निष्क्रिय कर्जा र ब्याज खर्च बढेको देखिएकोले सञ्चालन नतिजा गत वर्षको तुलनामा घटेको देखिन्छ। अतः संस्थागत सुधार गरी बैङ्कको वित्तीय नतिजाका सूचकमा सुधार गर्नुपर्दछ।

२११. **लक्ष्य र प्रगति -** बैङ्कबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० मा देहायका कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा लक्ष्यअनुसार प्रगति भएको छैनः

क्र.सं.	विवरण	२०८० आषाढ मसान्त			२०७९ आषाढ मसान्त
		लक्ष्य	उपलब्धि	प्रतिशत	
१	शाखा कार्यालय (संख्या)	३००	२८१	९३.६७	२५८
२	ए.टी.एम. (संख्या)	३००	२६९	८९.६७	२४७

तोकिएको लक्ष्य प्राप्तिको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२१२. **कर्जा अपलेखन -** बैङ्कले नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशिका २०७९।८० को बुँदा नम्बर २३(७)(२) र नेपाल राष्ट्र बैङ्कको कर्जा अपलेखन नीतिको पालना गरेको देखिएन। यो वर्ष रू.१५ करोड ६ लाख २४ हजार ऋणबापतको धितो सकार गरी गैरबैंकिङ्ग सम्पत्तिमा लेखाङ्कन गर्नुपर्नेमा सोअनुसार गरेको छैन। सम्पत्ति सकार गरी स्वामित्वमा नल्याइएको कारण गैर बैंकिङ्ग सम्पत्तिको प्रभावकारी परिचालन हुने स्थिति देखिएन।

बैङ्कले कुनै पनि कम्पनीमा सो कम्पनीको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतसम्म लगानी गर्न सक्ने प्रावधान रहेपनि बुटवल धागो कारखानामा २० प्रतिशत, एक खाद्य उद्योगमा ५७ प्रतिशत, एक डिजिटल भुक्तानी कम्पनीमा ३७.७८ प्रतिशत र एक सिमेन्ट उद्योगमा ८०.९० प्रतिशत लगानी गरेको छ। बैङ्कको एक खाद्य कम्पनी सहायक कम्पनी भए तापनि उक्त कम्पनी लामो समयदेखि सञ्चालनमा नरहेको र लगानीसमेत पूरै क्षयीकरण भएकोले एकीकृत वित्तीय विवरणमा उक्त कम्पनीको वित्तीय विवरणलाई समावेश गरेको छैन। लगानीको लागि जोखिमयुक्त ग्राहकको पहिचान तथा वर्गीकरण

र अनुगमन गर्नुपर्नेमा बैङ्कले उक्त निर्देशिकाको पालना नगरेकोले प्रतिफलयुक्त एवम् जोखिम न्यून भएका क्षेत्रमा लगानी गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

२१३. **सुशासन तथा जोखिम व्यवस्थापन** - बैङ्कले जोखिम व्यवस्थापन गरी कार्यसञ्चालन गर्न एक समिति गठन गरेको छ। ऋण, बजार, सञ्चालन जोखिमको समीक्षा र व्यवस्थापन गर्न विभिन्न नीति, कार्यविधि, प्रणाली र तालिम सञ्चालनमा ल्याए पनि तनाब व्यवस्थापन र तरलताजस्ता प्रतिवेदनको मानक र नियमित प्रकृतिको कार्यमा मात्र गठित समितिले काम गरेको छ। गठित समिति मातहतको जोखिम व्यवस्थापन विभागले रू.७ करोडभन्दा बढीको कर्जा ग्राहकहरूको जोखिम व्यवस्थापन गर्दै आएकोमा उक्त सीमाभन्दा कम कर्जा सुविधा लिने ग्राहकहरूको समेत मूल्याङ्कन हुनुपर्दछ। जोखिम व्यवस्थापन समितिले जोखिम व्यवस्थापन कार्य र रणनीतिमा लेखापरीक्षण प्रतिवेदन (आन्तरिक, बाह्य वा नियामक निरीक्षण) लाई ध्यानमा राखी जोखिम समीक्षा नगरेको, बैङ्कको सञ्चालक समितिको वार्षिक बैठकमा जोखिम व्यवस्थापन र व्यावसायिक रणनीतिलाई आवश्यकताअनुसार महत्त्व नदिएको र बैङ्कको बैकिङ्ग कार्यसम्पादनसँग सम्बन्धित सबै कार्यक्षेत्र समेट्ने गरी एकीकृत सञ्चालन कार्यविधि तय गरी कार्य सञ्चालन नगरेकोले उक्त विषयहरू समेटी जोखिम व्यवस्थापन नीति र कार्यविधि अद्यावधिक गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२१४. **स्थिर सम्पत्ति** - बैङ्कको स्थिर सम्पत्तिको हालको मूल्य रू.४ अर्ब २३ करोड ७६ लाख रहेकोमा प्रधान कार्यालय रहेको जग्गा र लहानस्थित जग्गाको लालपुर्जा बैङ्कको नाममा रहेको छैन। पोखरामा अवस्थित जग्गामध्ये साबिक एन.आई.डी.सी. विकास बैङ्कको नाममा रहेको १ कित्ता जग्गा नगर विकास कोषको अनुरोधमा रोक्का गरिएको हुँदा बैङ्कले सो रोक्का फुकुवाको लागि प्रभावकारी पहल गर्नुपर्ने देखिन्छ। बैङ्कले २०७९।८० मा स्थिर सम्पत्तिमध्ये जग्गाको लेखा नीति परिवर्तन गरी ऐतिहासिक मूल्यको सट्टा पुनर्मूल्याङ्कन विधिबमोजिम प्रचलित उचित मूल्यमा लेखाङ्कन गर्न सुरु गरेको छ। यसरी लेखाङ्कन गर्दा रू.१८ करोड ८८ लाख लागत मूल्य रहेको जग्गाहरूको पुनर्मूल्याङ्कित मूल्य रू.२६ अर्ब ८९ करोड ५६ लाख कायम भएको छ। यसबाट बैङ्कलाई कुल रू.२६ अर्ब ७० करोड ७१ लाख पुनर्मूल्याङ्कन नाफा भएकोमा सोको स्थगन कर समायोजन गर्दा रू.१८ अर्ब ६९ करोड ५० लाख पुनर्मूल्याङ्कन जगेडा सिर्जना भई सोहीबमोजिम शेयरधनी कोषमा वृद्धि भएको छ। बैङ्कको भरतपुर, धनगढी, सुर्खेत, पोखरालगायतका स्थानमा रहेका जग्गाको उपयोगको लागि व्यावसायिक योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२१५. **अन्तरशाखा हिसाब** - बैङ्कले आफ्ना शाखाहरूको अन्तरशाखा हिसाब समयमा मिलान गरी अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ। गत वर्ष शाखा हिसाब मिलान हुन नसकेको खुद रू.५१ करोड ४४ लाख रहेकोमा यो वर्ष खुद रू.४६ करोड ७२ लाख रहेको छ। सो रकमको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरेको छैन।

बैङ्कले ग्राहकहरूलाई प्रदान गर्दै आएको डेबिट तथा क्रेडिट कार्ड सुविधाको साथै ए.टी.एम. कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, आसामी र साहू पहिचान नभएको रकम, एजेन्सी हिसाबअन्तर्गत हिसाब मिलान नभएको र मार्गस्थ नगद, दाबी नगरिएको दायित्व, अन्य दायित्व अधिग्रहणलगायतका खाताको रकम बर्सेनि जिम्मेवारी सार्दै ल्याइरहेको, प्रकृति पहिचान नभएका

उठाउनुपर्ने रकम यो वर्षसम्म खुद रू.३९ करोड ८५ लाख हिसाब मिलान हुन बाँकी रहेको छ। समयमा हिसाब मिलान गरी वित्तीय विवरण यथार्थपरक बनाउनुपर्दछ।

२१६. **गैरबैङ्किङ सम्पत्ति -** गैर बैङ्किङ सम्पत्तिको असुलीमा कानुनी प्रक्रिया र अन्य जटिलता हुने भएकाले असुलीमा कठिनाइ हुनुका साथै त्यस्तो सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको फलस्वरूप बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नुपर्ने जोखिम रहन्छ। लामो समयदेखि सकार गरिएका गैरबैङ्किङ सम्पत्तिहरू समयमै बिक्री गर्न आवश्यक रहेको, केही सम्पत्ति विवादमा परेको र बैङ्कको नियन्त्रण नभएको, अघिल्लो जग्गाधनी वा अन्य तेस्रो पक्षले प्रयोग र कब्जा गरेको देखिन्छ। गैरबैङ्किङ सम्पत्ति रू.१९ करोड ६९ लाख रहेकोले समयमा कारबाही किनारा लगाई हिसाब मिलान गर्नुपर्दछ।

२१७. **ड्राफ्ट तथा निक्षेप -** बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रू.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि विद्युतीय माध्यम (पुमोरी सफ्टवेयर) बाट लेखा राख्न सुरु गर्दा देखि नै जिम्मेवारी सारेको रकम फर्स्यौंट नभई यथावत रहेको छ। अतः यस्तो रकम यकिन तथा फर्स्यौंट गरी हिसाब मिलान गर्नुपर्दछ।

२१८. **दाबी नगरिएको हिसाब -** बैङ्कको दाबी नगरिएको हिसाब रू.२५ करोड ८ लाखमध्ये केन्द्रीय कार्यालयको मौज्दात रू.४ करोड ३१ लाख समावेश छ। विभिन्न ग्राहकबाट २०५२ देखि दाबी पेस नगरिएको हिसाब (दायित्व) बैङ्कको वित्तीय विभाग, दरबारमार्ग शाखामा रू.१७ करोड १२ लाख र जुम्ला शाखाको रू.१ करोड ७ लाख रहेको छ। यस सम्बन्धमा छानबिन गरी वास्तविक दाबी यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२१९. **कर्जा लगानी -** बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई रू.१५ अर्ब ६३ करोड ३० लाख र सर्वसाधारण ग्राहकहरूलाई रू.२ खर्ब २७ अर्ब ३० करोड ८९ लाख खुद कर्जा लगानी गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२१९.१ बैङ्कले कर्जा नोक्सानीबापत रू.७ अर्ब ७३ करोड ८३ लाख तथा कर्मचारीहरूलाई प्रदान गरेको कर्जा रू.३ अर्ब ५६ करोड ५ लाखसमेत समायोजन गरी खुद कर्जा गणना गरेको छ। बैङ्कको निष्क्रिय कर्जामा उल्लेखनीय वृद्धि भई रू.९ अर्ब ३५ करोड ३१ लाख (कुल कर्जाको ३.७७ प्रतिशत) पुगेकोले सोको व्यवस्थापन गर्न ठोस रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

२१९.२ बैङ्कले कर्जा प्रवाह गर्दा राष्ट्र बैङ्कबाट जारी कर्जा प्रवाहसम्बन्धी निर्देशिकाको पूर्णरूपमा पालना गर्नुपर्दछ। व्यवसाय सञ्चालनमा नरहेको, ऋण इक्विटी अनुपात नभएको र तीन वर्षदेखि लगातार घाटा बेहोरेको व्यवसायलाई ऋण प्रवाह गरेको, धेरै पटक स्थगन गरिएको चालु पुँजी कर्जा, व्यवसायमा कर्जा उपयोग गरिएको सुनिश्चित नगरिएको, नगद झिक्ने अधिकार (ड्रइङ राइट) तथा खुद व्यापारिक सम्पत्तिको सुपरिवेक्षण नगरिएको जस्ता नेपाल राष्ट्र बैङ्कको कर्जा प्रवाह निर्देशिकाको पालना गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको निर्देशिकाको पालना गर्नुपर्दछ।

२१९.३ बैङ्कले २०७९।८० को अन्त्यमा रहेको रू.४ करोड ४७ लाखको म्याद समाप्त भएको कर्मचारी कर्जामा ब्याज गणना गरेको देखिएन।

२१९.४ बैङ्कले कर्जा प्रवाह गरेका केही लघुवित्त वित्तीय संस्थामा ५ प्रतिशतको थ्रेसहोल्डभन्दा बढीको निष्क्रिय कर्जा देखिएकोले निष्क्रिय कर्जाको स्थिति न्यूनीकरण गरी कर्जा असुलउपर गर्न विस्तृत नीति तथा कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२२०. **ब्याज प्रिमियम -** नेपाल राष्ट्र बैङ्कको निर्देशन विपरीत बैङ्कले ऋणीहरूलाई ऋण सम्झौतामा उल्लेख गरेभन्दा बढी प्रिमियम दर लगाएको रू.९ करोड ९४ लाखलाई नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार आम्दानीमा घटाई तिर्नुपर्ने दायित्वमा देखाएको छ। उक्त रकम यकिन गरी ग्राहक खातामा फिर्ता गर्नुपर्ने देखिन्छ।

२२१. **लगानी हिसाब -** बैङ्कको नेपाल धितोपत्र बजारमा सूचीकृत र सूचीकृत नभएका शेयरहरूमा रू.३ अर्ब १२ करोड ५३ लाख, सरकारी ऋणपत्र/ट्रेजरी बिल/संस्थागत ऋणपत्रहरूमा रू.७२ अर्ब ९६ करोड ५४ लाख गरी रू.७६ अर्ब ९ करोड ७ लाखको लगानी रहेको साथै सहायक कम्पनीमा रू.४० करोड र सम्बद्ध कम्पनीमा रू.८० करोड ९४ लाख लगानी रहेको छ। एभरेस्ट फूड लिमिटेड सहायक कम्पनी भए तापनि उक्त कम्पनी लामो समयदेखि सञ्चालनमा नरहेको र लगानीसमेत पूरै क्षयीकरण भएकोले एकीकृत वित्तीय विवरणमा उक्त कम्पनीको वित्तीय विवरणलाई समावेश गरेको छैन। सम्बद्ध कम्पनीअन्तर्गत समावेश भएको हिमाल सिमेन्ट कम्पनी लिमिटेड, बुटवल सुती धागो उद्योग लिमिटेड र गोरखकाली रबर उद्योग लिमिटेड लामो समयदेखि सञ्चालनमा नरहेकोले उक्त कम्पनीहरूमा गरेको लगानीसमेत पूरै क्षयीकरण भएको छ। नेपाल सरकारद्वारा २०७१।८।४ मा हिमाल सिमेन्ट कम्पनी लिमिटेडको नाममा रहेको जग्गा आफ्नो स्वामित्वमा लिई उक्त कम्पनीको एन.आई.डी.सी. मा रहेको ऋणको साँवा र ब्याजको निम्ति रू.२५ करोड भुक्तानी गर्ने र हिमाल सिमेन्ट कम्पनी लिमिटेडलाई लिक्विडेट गर्ने निर्णय गरेको देखिन्छ। नेपाल सरकारद्वारा सो जग्गा अधिग्रहण गरिसकेको भए तापनि हालसम्म हिमाल सिमेन्ट कम्पनी लिमिटेडको लिक्विडेसनको लागि लिक्विडेटर नियुक्ति गरेको छैन। बैङ्कले हिमाल सिमेन्ट कम्पनीमा गरेको शेयर लगानीलाई शत प्रतिशत क्षय भएको जनाई शून्य मूल्य देखाएको छ। उक्त कम्पनीमा बैङ्कको शेयर पुँजी रकम र उक्त कम्पनीमा बैङ्कको स्वामित्वको प्रतिशतसमेत पुष्टि हुन सकेको छैन।

२२२. **बीमाङ्किक मूल्याङ्कन -** बैङ्कको घोषित अवकाश सुविधा योजनाअन्तर्गत पेन्सन तथा उपदान कोषमा २०७९।८० मा थप गरेको रू.१ अर्ब ८० करोडसमेत २०८० असार मसान्तमा रू.१७ अर्ब ३ करोड दायित्व लेखाङ्कन गरी उक्त कोषको सम्पत्ति रू.१५ अर्ब २३ करोड रहेको छ। बैङ्कको विगत १० वर्षको औसत तलब तथा पेन्सन वृद्धिदर ७.०७ प्रतिशत रहेको देखिएको छ। पेन्सन तथा उपदानको दायित्व निर्धारण गर्नको लागि बीमाङ्किक मूल्याङ्कन (एक्च्युरियल भ्यालुएसन) गराउँदा अनुमान गरेको तलब वृद्धिदर, पेन्सन वृद्धिदर, डिस्काउन्ट दर, ब्याज दर तथा जागिर छोड्ने दर विगत वर्षहरूको ऐतिहासिक प्रवृत्तिसँग मेल खाएको छैन। पेन्सन तथा उपदान दायित्व निर्धारण गर्न बीमाङ्किक मूल्याङ्कन गर्न लिएको ब्याज दर, डिस्काउन्ट दर, तलब वृद्धि दर, पेन्सन वृद्धिदरलगायतका अनुमान बैङ्कको विगतको तथ्याङ्क तथा बजारमा प्रचलित दरसमेतको आधारमा विश्लेषण तथा पुनरावलोकन गरी यथार्थपरक अनुमान लिई बीमाङ्किक मूल्याङ्कन गराई वास्तविक दायित्व निर्धारण गरी सोको असर यकिन गर्नुपर्दछ।

२२३. **सेवा प्रवाह -** बैङ्कको केन्द्रीय र शाखा कार्यालयसमेतमा २ हजार ७४९ कर्मचारी कार्यरत रहेका छन्। बैङ्कले सूचना तथा गुनासो सुनुवाइ डेस्क, गुनासो सुनुवाइका लागि हटलाइन, अनलाइन पोर्टलको व्यवस्था

गरेको छ। बैङ्कको कतिपय कार्यहरूमा अझै पनि म्यानुअल प्रणाली नै कायम रहेकोले बैङ्कले आफ्नो सेवा सुविधाहरूको गुणस्तर अभिवृद्धि गर्न डिजिटाइजेसनमा थप ध्यान दिनुपर्ने देखिन्छ। बैङ्कको कर्जा स्वीकृति गर्न, डेबिट कार्ड जारी गर्न, एटीएम तथा मोबाइल बैङ्किङ विवाद तथा गुनासोहरू सुनुवाइ गर्न धेरै समय लाग्ने गरेको, आपूर्तिकर्ता तथा सेवाप्रदायकहरूलाई भुक्तानी गर्न समय लाग्ने, ग्राहक सेवा कक्षमा दक्ष कर्मचारीहरूको व्यवस्था नहुने र कार्यालय परिसरहरूको सरसफाइमा पर्याप्त ध्यान नदिएको लगायतका अवस्था देखिएकोले सेवाको गुणस्तर तथा प्रतिस्पर्धी क्षमतामा सुधार गर्नुपर्दछ।

कृषि विकास बैङ्क

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले संस्थागत ऋण उपलब्ध गराउन २०२४ सालमा स्थापित यस बैङ्कले २०३० सालदेखि सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कको शाखासमेत ३०१ कार्यालय रहेका छन्।

२२४. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** बैङ्कको २०८० आषाढ मसान्तमा शेयर पुँजी रू.१८ अर्ब ८८ करोड ४३ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.१४ अर्ब ९० करोड ९३ लाख र निक्षेप तथा दायित्व रू.२ खर्ब ३१ अर्ब ८७ करोड ७४ लाख रहेको छ। स्थिर सम्पत्ति रू.२ अर्ब २९ करोड १० लाख, शेयर लगानी रू.५७ अर्ब ४१ करोड, १० लाख, कर्जा लगानी रू.१ खर्ब ८० अर्ब ४३ करोड ८१ लाख र अन्य सम्पत्ति रू.२५ अर्ब ५३ करोड ९ लाखसमेत रू.२ खर्ब ६५ अर्ब ६७ करोड १० लाख सम्पत्ति रहेको छ। खुद मुनाफा गत वर्ष रू.२ अर्ब २२ करोड ५७ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब ३२ करोड ३४ लाख मात्र रहेको छ।

२२५. **आय तथा खर्च -** बैङ्कले २०७९।८० मा रू.२४ अर्ब ७३ करोड ब्याज आम्दानी र रू.१५ अर्ब २९ करोड ब्याज खर्च प्रक्षेपण गरेकोमा रू.२३ अर्ब ९५ करोड ब्याज आम्दानी तथा रू.१५ अर्ब ७५ करोड ब्याज खर्च गरेको छ। प्रक्षेपणको तुलनामा आम्दानी ३.१५ प्रतिशत घटी र खर्च ३ प्रतिशत बढी भएको छ।

२२६. **अनुपात विश्लेषण -** बैङ्कको प्रमुख वित्तीय अनुपात देहायबमोजिम छः

क्र.सं.	विवरण	सूचक	२०७७।७८	२०७८।७९	२०७९।८०
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१९.३७	१०.५३	५.१६
२	प्रति शेयर आम्दानी	रूपैयाँ	२९.१३	१४.४१	७.४२
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	४.७६	५.९७	७.२४
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	९.९८	१०.९८	१३.१०
५	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.५९	०.९०	०.५०
६	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	१.८८	२.०९	२.७८

माथिका सूचकहरूले बैङ्कको खुद मुनाफा र प्रति शेयर आम्दानी घटेको, निष्क्रिय कर्जा बढेको, सम्पत्तिको अनुपातमा खुद मुनाफा घट्दो क्रममा रहेको देखियो। त्यस्तै, निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च गत वर्ष ५.९७ प्रतिशत रहेकोमा यो वर्ष ७.२४ प्रतिशत पुगेको छ। लगानी, बचत तथा अन्य बैङ्किङ कारोबारमा सुधार गरी उच्च व्यावसायिक दक्षताका साथ बैङ्क सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२२७. **योजना, कार्यक्रम र लक्ष्य प्रगति स्थिति -** बैङ्कको २०७९।८० मा प्राथमिकतामा रहेका योजना/कार्यक्रमको लक्ष्य तथा प्रगति देहायअनुसार छः

विवरण	लक्ष्य (रू. करोडमा)	प्रगति (रू. करोडमा)	प्रगति प्रतिशत
ग्राहकको निक्षेप दायित्व	१८,६४८	१९,९४९	१०७
कर्जा तथा सापटी	२०,१००	१८,७२३	९३
ब्याज आम्दानी	२,४७३	२,३९५	९७
शुल्क तथा कमिसन आम्दानी	२०४	१३७	६७
ब्याज खर्च	१,५२९	१,५७५	१०३
अन्य सञ्चालन खर्च	१९८	१००	५०
आयकर व्यवस्था अघिको मुनाफा	६७७	३११	४६

उल्लिखित तथ्याङ्कअनुसार आयकर व्यवस्था अघिको मुनाफा सूचकको प्रगति ४६ प्रतिशत मात्र रहेको छ। अन्य सूचकहरूमा समेत लक्ष्यअनुसार प्रगति हासिल भएको छैन। स्वीकृत कार्यक्रम तथा व्यावसायिक योजनाअनुसारको लक्ष्य हासिल हुने गरी बैङ्कको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२२८. **सेवा प्रवाह -** बैङ्कले कर्जा लगानी तथा निक्षेप सङ्कलनका साथै अन्य बैङ्किङ सेवाहरू छरितो बनाई जनतालाई सहज सेवा दिन ए.टी.एम., विद्युतीय बैङ्किङ, मोबाइल बैङ्किङलगायतका सेवा दिँदै आएको छ। बैङ्कले १८ लाख ७१ हजार ५८० निक्षेपकर्ता र १ लाख ४९ हजार ४७५ कर्जाग्राहीलाई सेवा प्रदान गरेको देखिन्छ।

समग्र बैङ्किङ व्यवसायमा चालु प्रकृतिका कर्जाको अनुपात २५ देखि ३० प्रतिशत रहेकोमा यो बैङ्कको त्यस्तो कर्जाको अनुपात ५७.९२ प्रतिशत रहेको छ। चालु प्रकृतिका कर्जामा लगानी गरेको कारण बैङ्कको कर्जामा प्रशासनिक खर्च उच्च रहेको छ। साथै साना कर्जाहरू उल्लेख्य भएकाले अनुगमन कार्यको प्रभावकारिता न्यून रहेको देखिन्छ।

२२९. **वित्तीय प्रतिवेदनमान -** सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था भएअनुसार यस बैङ्कले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान २०१८ बमोजिम तयार गरेको छ। बैङ्कले वित्तीय विवरणको लेखानीतिमा उल्लेख भएबमोजिम नयाँ प्रतिवेदनमान नेपाल वित्तीय प्रतिवेदनमान ९ र १७ लागु गरेको छैन ।

२३०. **एसोसिएट्समा लगानी -** बैङ्कले गत वर्षसम्म साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा गरेको लगानी एसोसिएट्समा गरेको लगानीको रूपमा प्रस्तुत गरेको छ। आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड २०८०।३।२४ मा गाभिएपछि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा कृषि विकास बैङ्कको शेयर होल्डिङ्ग गत वर्ष २२ प्रतिशत रहेकोमा यस वर्ष १३.०२ प्रतिशत कायम भएको छ। साथै, उल्लिखित दुई संस्था एकआपसमा गाभिएपछि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको बोर्डमा कृषि विकास बैङ्कको प्रतिनिधित्वसमेत घटेका कारण बैङ्कले उक्त लघुवित्त वित्तीय संस्था लिमिटेडमा उल्लेखनीय नियन्त्रण नरहेको उल्लेख गरेको छ।

२३१. **हिसाब मिलान -** बैङ्कले तोकिएको समयमा अन्तर शाखालगायतका अन्य हिसाब मिलान गरेर वित्तीय विवरण तयार गर्नुपर्दछ। बैङ्कले २०७८।७९ सम्म अग्रिम कर शीर्षकमा दाबी गरेको रू.७४ करोड ७५ लाख ४५ हजारमध्ये रू.७३ करोड ४६ लाख ४१ हजार अघिल्लो अवधिसम्मको कर खर्च यो वर्ष समायोजन गरेको छ। यो वर्षको अन्त्यमा अन्तर शाखा हिसाब रू.१४ करोड ४५ लाख १५ हजार र अन्य हिसाब रू.१० करोड ५६ लाख ३३ हजार मिलान गर्न बाँकी रहेकोले हिसाब मिलान गर्नुपर्दछ।

२३२. **लाभांश रकम -** बैङ्कले यो वर्षका लागि कुनै लाभांश प्रस्ताव गरेको छैन। बैङ्कले २०७१।७२ र २०७२।७३ को नगद लाभांश रू.४ करोड ५४ लाख ९४ हजार नेपाल सरकारलाई भुक्तानी गर्न बाँकी रहेको छ। उक्त रकम नेपाल सरकारको सञ्चितकोषमा दाखिला हुनुपर्दछ।

२३३. **कर्जा असुली -** बैङ्कले कर्जा असुली कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम कर्जा भुक्तानी गर्ने सम्बन्धी स्मरण पत्रहरू पठाउने, कर्जा भुक्तानी गर्न ताकेता पत्र पठाउने, कर्जा भुक्तानी तथा लिलामीको सूचना प्रकाशित गर्ने, कालोसूचीमा नाम समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा उजुरी दर्तालगायतका कार्य प्रभावकारी रूपमा कार्यान्वयन गरेको छैन। बैङ्कबाट प्राप्त विवरणअनुसार गत वर्षको अन्त्यमा निष्क्रिय कर्जा रू.३ अर्ब ७२ करोड ८० लाख रहेकोमा यो वर्ष वृद्धि भई रू.५ अर्ब ८ करोड २० लाख पुगेको छ। कार्ययोजना बनाई निष्क्रिय कर्जा असुल गर्नुपर्दछ।

२३४. **कर्जा अपलेखन -** अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनुपर्नेमा यो वर्षसम्म अपलेखन गरेको ५८३ ऋणीको रू.३७ करोड २३ लाख ३५ हजार ऋण र रू.१ अर्ब ७० करोड ८ लाख ब्याज असुल भएको छैन। सोको कार्ययोजना बनाई असुल गर्नुपर्दछ।

२३५. **सहुलियतपूर्ण कर्जा -** बैङ्कले उपलब्ध गराएको सहुलियतपूर्ण कर्जाहरू तोकिएको क्षेत्रमा प्रयोग हुनुपर्दछ। यो वर्ष व्यावसायिक कृषि, विपन्न व्यवसायी, महिला उद्यमीलगायतका क्षेत्रमा रू.२० अर्ब ७४ करोड २८ लाख ऋण प्रवाह गरेको छ। छनोटमा परेका रू.५० लाखभन्दा बढी ऋण लिने ४४२ ऋणीको ऋण रू.४ अर्ब २१ करोड ३९ लाखमा बैङ्कले रू.४५ करोड २८ लाख ब्याज अनुदान दिएको छ। ऋण रकमको प्रभावकारी अनुगमन गरी निर्धारित क्षेत्रमा तोकिएका उद्देश्य हासिल गर्न खर्च भएको सुनिश्चित गर्नुपर्दछ।

२३६. **सफ्ट्वेयर** - बैङ्कले हाल सञ्चालनमा ल्याएको बैङ्किङ सफ्ट्वेयर टी-२४ बैङ्कका सबै शाखाले सञ्चालन गरेको अवस्थामा सबै शाखा कार्यालयको कारोबारलाई समेटी वित्तीय विवरण तयार गरेको छैन। बैङ्कले २०७६ मा जडान गरेको सी.बी.एस. सफ्ट्वेयरको खरिद मूल्य अमेरिकी डलर १८ लाख १८ हजार र सोको वार्षिक मर्मत खर्च अमेरिकी डलर ५ लाख ११ हजार यो वर्ष भुक्तानी गरेको छ। बैङ्कले सफ्ट्वेयरबाट एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

२३७. **गैर व्यावसायिक सम्पत्ति -** बैङ्कबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म गैर बैङ्किङ सम्पत्तिको मूल्य रू.२४ करोड ८६ लाख रहेको छ। सोको ब्याज रू.१ करोड ८८ लाख ४९ हजार सठ्न बाँकी रहेकोले गैरव्यावसायिक सम्पत्तिको समयमानै व्यवस्थापन गरी आय आर्जन हुने कार्यमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

नेपाल बैङ्क लिमिटेड

नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा १९९४ सालमा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत सञ्चालनमा रहेको छ। बैङ्कको कुल चुक्ता पुँजी रू.१४ अर्ब ६९ करोड ४० लाख मध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ।

२३८. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०८० असार मसान्तमा शेयर पुँजी रू.१४ अर्ब ६९ करोड ४० लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.२१ अर्ब ८२ करोड ८६ लाख र निक्षेप तथा दायित्व रू.२ खर्ब ६० अर्ब २१ करोड ३० लाख रहेको छ। स्थिर सम्पत्ति रू.१३ अर्ब ५९ करोड

३६ लाख, धितोपत्रलगायत अन्य लगानी रू.५९ अर्ब ६८ करोड ३१ लाख, कर्जा लगानी रू.१ खर्ब ८४ अर्ब ६ करोड र चालु तथा अन्य सम्पत्ति रू.३९ अर्ब ३९ करोड ८९ लाखसमेत सम्पत्ति रू.२ खर्ब ९६ अर्ब ७३ करोड ५६ लाख रहेको छ। बैङ्कले यो वर्ष रू.२६ अर्ब ६४ करोड २६ लाख आम्दानी तथा रू.२२ अर्ब २३ करोड ९ लाख खर्च गरेको छ। गत वर्षको खुद मुनाफा रू.२ अर्ब ९२ करोड ३३ लाख रहेकोमा यो वर्ष रू.३ अर्ब ४३ करोड ७६ लाख रहेको छ।

२३९. **अनुपात विश्लेषण -** बैङ्कको प्रमुख वित्तीय अनुपात अवस्था देहायअनुसार छः

क्र.स.	विवरण	सूचकाङ्क	२०७७।७८	२०७८।७९	२०७९।८०
१	जम्मा आम्दानीको अनुपातमा खुद नाफा	प्रतिशत	२१.२३	१६.१५	२०.२१
२	प्रति शेयर आम्दानी	रूपैयाँ	२३.४३	२०.२९	२३.२९
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	३.२९	४.७०	६.४३
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	८.७८	९.५९	१४.०९
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२५.१	१७.२२	१७.४८
६	कुल सम्पत्तिको अनुपातमा खुद नाफा	प्रतिशत	१.३३	१.१२	१.८१
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.०५	१.८३	२.८५

बैङ्कको जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा गत वर्ष १६.१५ प्रतिशत रहेकोमा यो वर्ष २०.२१ प्रतिशत रहेको, प्रतिशेयर आम्दानी गत वर्ष रू.२०.२९ रहेकोमा यस वर्ष रू.२३.२९ देखिएको, निक्षेप तथा ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च ४.७० प्रतिशतबाट बढेर ६.४३ प्रतिशत पुगेको, कुल सम्पत्तिको तुलनामा खुद नाफा गत वर्ष १.१२ प्रतिशत रहेकोमा यो वर्ष १.८१ प्रतिशत रहेको छ। अन्य वित्तीय अनुपात सकारात्मक रहे तापनि निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च, सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च र ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा बढेको देखिएकोले व्यावसायिक योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

२४०. **योजना, कार्यक्रम र लक्ष्य प्रगति** - बैङ्कको २०७९।८० मा प्राथमिकतामा रहेका योजना तथा कार्यक्रमको लक्ष्य तथा प्रगति देहायानुसार छः

विवरण	लक्ष्य (रू. करोडमा)	प्रगति (रू. करोडमा)	प्रगति प्रतिशत
ग्राहकको निक्षेप दायित्व	२,५४,२०	२,४४,५५	९६
कर्जा तथा सापटी	२,२३,८०	१,८४,३९	८२
खुद ब्याज आम्दानी	२४,३०	२५,१९	१०४
शुल्क तथा कमिसन आम्दानी	१,२१	१,०२	८४
अन्य सञ्चालन खर्च	१,३५	९१	६८
कर्मचारी खर्च	४,२६	३,८७	९१
पुँजीगत खर्च	२,९२	६८	३२

२४१. **शाखा हिसाब मिलान** - बैङ्कको एक शाखाले अर्को शाखाबाट सोधभर्ना गर्ने गरी गरेको भुक्तानीको विवरण सम्बन्धित शाखामा नपठाएकोले अन्तर कार्यालय हिसाब फरक परेको छ। गत वर्षसम्म मिलान गर्न बाँकी हिसाब रू.१ अर्ब ४६ करोड ७८ लाख रहेकोमा यो वर्ष रू.१३ अर्ब ४६ करोड ८८ लाख दिनुपर्ने र रू.१२ अर्ब ३७ करोड २० लाख लिनुपर्ने भई खुद रू.१ अर्ब ९ करोड ६७ लाख मिलान हुन बाँकी रहेको छ। फरक परेको हिसाब भिडान गरी समयमै यकिन नगरेको सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

२४२. **उज्राती खाता -** बैङ्कको लेखा तथा वित्तीय विवरणअनुसार ७ उज्राती खाता रहेको देखिन्छ। ती खातामा २०८० असार मसान्तमा डेविट मौज्दात रू.४६ लाख ३५ हजार तथा क्रेडिट मौज्दात रू.१२ लाख ४२ हजार रहेको छ। त्यस्तै विभिन्न खाताहरुमा लिनुपर्ने रू.४८ करोड ९० लाख र तिर्नुपर्ने रू.७ करोड ४० लाख देखाएकोमा हिसाब मिलान गरेको छैन। फरक रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२४३. **गैर बैङ्किङ सम्पत्ति -** बैङ्कको हिसाबमा विगत वर्षदेखि ३१ गैर बैङ्किङ सम्पत्ति रू.१९ करोड ८३ लाख रहेको छ। बैङ्कले २०७९।८० मा जम्मा ७ गैर बैङ्किङ सम्पत्ति सकार र २ गैर बैङ्किङ सम्पत्ति बिक्री/फिर्ता गरेको छ। बैङ्कले नियमानुसार बिक्री वा साविक सुरक्षणधनीलाई गैर बैङ्किङ सम्पत्ति फिर्ता गरी यस्तो सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

२४४. **कर्जा अपलेखन** - अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनुपर्नेमा यो वर्षसम्म अपलेखन गरेको रू.२ अर्ब ९ करोड ३१ लाख ऋण र रू.८ अर्ब ६४ करोड ब्याज असुल भएको छैन । सोको कार्ययोजना बनाई असुल गर्नुपर्दछ ।

२४५. **निष्क्रिय कर्जा** - बैङ्कले कर्जा प्रवाह गर्दा बैङ्कको कर्जा निर्देशिका, क्रेडिट पोलिसी र भेलुयशन गाईडलाइन्सलगायत नेपाल राष्ट्र बैङ्कको नीति, निर्देशनको परिपालना गर्नुपर्दछ । गत वर्ष बैङ्कको निष्क्रिय कर्जा रू. ३ अर्ब २५ करोड ८ लाख रहेकोमा वृद्धि भई यो वर्षमा रू.५ अर्ब २४ करोड ५६ लाख पुगेकोले सोको व्यवस्थापन गर्न ठोस रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२४६. **शेयर प्रिमियममा कर -** आयकर ऐन, २०५८ को दफा ५६(३) मा कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रूपमा मुनाफाबाहेकको लाभांश वितरण गरेमा यस्तो लाभांश रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम बैङ्कले २०७५।७६ मा फर्दर पब्लिक अफर जारी गर्दा उठाएको रू.३ अर्ब २५ करोड ७५ लाख बराबरको शेयर प्रिमियम रकम खर्च गरी २०७८।७९ मा रू.४३ करोड १८ लाख ८३ हजार, २०७७।७८ मा रू.१ अर्ब ३५ करोड ३९ लाख ३८ हजार तथा २०७६।७७ मा रू.१ अर्ब ४७ करोड १६ लाख ७२ हजार बोनस शेयर जारी गरेको रकमलाई आय मानी ३० प्रतिशतका दरले हुने रू.९७ करोड ७२ लाख ४८ हजार कर असुल नगरेको बेहोरा औँल्याइएकोमा उक्त रकम २०८०।८।२९ मा दाखिला गरेको जानकारी दिएको छ।

२४७. **सरकारी कारोबार** - सरकारी कारोबारबापत बैङ्कले २०८० असार मसान्तमा रू.४० करोड ६ लाख तथा त्रिभुवन विश्वविद्यालयको पेन्सनबापत रू.८६ लाख ३८ हजार प्राप्त भएको छैन। प्राप्त हुन बाँकी रकम यकिन गरी फरफारक गर्नुपर्दछ।

२४८. **आन्तरिक नियन्त्रण -** बैङ्कले शाखा तहमा ग्राहकहरूको कर्जा उपयोगको अवस्था अनुगमन को व्यवस्था गरे तापनि केन्द्रीय तथा प्रदेशस्तरमा सोको निरन्तर अनुगमन हुने व्यवस्था गरेको छैन। आन्तरिक लेखापरीक्षण विभागले संस्थागत सुशासनसम्बन्धी प्रतिवेदन तयार गरी लेखापरीक्षण समितिमा पेस गरेको छैन। उक्त प्रतिवेदन तयार गरी समितिमा पेस गर्ने र प्रदेश एवम् केन्द्रीयस्तरमा अनुगमन संयन्त्र बनाई कार्यान्वयन गर्नुपर्दछ।

२४९. **सुझाव कार्यान्वयन -** लेखापरीक्षणबाट बैङ्कले कर्जा सदुपयोगको नियमित रूपमा निरीक्षण गर्नुपर्ने, कर्जा प्रवाह गर्दा नेपाल राष्ट्र बैङ्कको निर्देशनको पालना गर्नुपर्ने, आवधिक कर्जामा लगानी बढाउनुपर्ने, अन्तर शाखा हिसाब खाताहरू मिलान गर्नुपर्ने, केन्द्रीय बैङ्कद्वारा जारी निर्देशनअनुसार ब्याज प्रिमियम हरेक त्रैमासिकमा प्रकाशित ब्याजदरसँग मिलान गरेर निरन्तरता दिनुपर्ने, स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक

गर्नुपर्ने, शाखा कार्यालयहरूमा रहेका सञ्चालन जोखिम नियन्त्रण गर्न राखिएका खाताहरू अद्यावधिक गर्नुपर्नेलगायतका विषयहरू औंल्याउँदै आइएकोमा यसमा सुधार भएको छैन।

नागरिक लगानी कोष (२०७८।७९)

निजामती कर्मचारी, शिक्षक, प्रहरी र अन्य संस्थाका कर्मचारीको लागि अवकाश कोष, उपदान कोष, कर्मचारी बचत वृद्धि कोष, लगानीकर्ता हिसाब योजनालगायतका कार्यक्रमहरू सञ्चालन गर्न नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत कोषको स्थापना भएको हो। कोषमा नेपाल सरकारको १० प्रतिशत, नेपाल राष्ट्र बैङ्कको १३.३४ प्रतिशत, नेपाल स्टक एक्सचेन्जको १० प्रतिशत, राष्ट्रिय बीमा संस्थानको ३१.५५ प्रतिशत, विभिन्न बैङ्क तथा वित्तीय संस्थाको १५.११ प्रतिशत तथा सर्वसाधारणको २० प्रतिशत शेयर स्वामित्व रहेको छ।

२५०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषको २०७९ असार मसान्तमा शेयर पुँजी रू.३ अर्ब २७ करोड, शेयर प्रिमियम रू.१ अर्ब २६ करोड ४९ लाख, जगेडा तथा सञ्चित मुनाफा रू.२ अर्ब ७८ करोड ३३ लाख र दायित्व रू.१४ अर्ब ९० करोड ७३ लाख रहेको छ। स्थिर सम्पत्ति रू.२ अर्ब २७ करोड १२ लाख, लगानी रू.८ अर्ब ६५ करोड ५५ लाख, अन्य सम्पत्ति रू.१० अर्ब ७७ करोड ७६ लाखसमेत सम्पत्ति रू.२२ अर्ब २२ करोड ५५ लाख रहेको छ। कोषको खुद नाफा गत वर्ष रू.७७ करोड ६८ लाख रहेकोमा यो वर्ष रू.६६ करोड ४० लाख रहेको छ। उल्लिखित रकममा कोषले सञ्चालन गरेका विभिन्न ७ योजनाको सञ्चालन आम्दानी रू.१४ अर्ब ९५ करोड ९६ लाख र सोको सञ्चालन खर्च रू.१२ अर्ब ९२ करोड ४ लाख समावेश भएको छैन।

२५१. **प्रतिफल वितरण -** नागरिक लगानी कोष ऐन, २०४७ को दफा १९(४) मा कोषअन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरूलाई अधिकतम लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्च घटाई हुन आउने खुद वितरणयोग्य (खुद बचत) रकमबाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रूपमा वितरण गर्नुपर्ने व्यवस्था छ। कोषअन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेको ब्याज (योजनाहरूमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ। योगदानकर्तालाई ब्याज मात्र प्रदान गर्दा सम्बन्धित बीमा कोष वा योजनाको योगदानकर्ताले उचित प्रतिफल पाएका छैनन्। योजनाहरूको जोखिम व्यवस्थापन तथा प्रतिफल समीकरणका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँट गर्नुपर्दछ।

२५२. **लेखा सफ्ट्वेयर** - कोषले अवलम्बन गरेको पुरानो लेखाप्रणाली सफ्ट्वेयर फक्स प्रो पी.सी.एस. लाई प्रतिस्थापन गरी नयाँ लेखा सफ्ट्वेयर सञ्चालनमा ल्याएको छ। सोको मर्मतबापत वार्षिक रू.२७ लाख ७७ हजार खर्च भएको छ। उक्त प्रणालीबाट सिर्जित प्रतिवेदनले कोषको यथार्थ वित्तीय अवस्था चित्रण गर्नेमा कोष व्यवस्थापन विश्वस्त हुन नसकी म्यानुअल प्रविष्टि गरी वित्तीय विवरण तयार गर्दै आएकोमा आर्थिक वर्ष समाप्त भएको ६ महिनासम्म पनि वित्तीय विवरण तयार हुन सकेको छैन। कोषले लेखा सफ्ट्वेयरमा रहेका कमी कमजोरी सुधार गरी समयमा नै वित्तीय विवरण तयार गर्नुपर्दछ।

२५३. **बैङ्क मौज्दात -** केन्द्रीय कोषतर्फ २०७९ आषाढ मसान्तमा स्रेस्ताअनुसार ११ बैङ्क खातामध्ये ७ बैङ्क खातामा रू.२४ करोड ४९ लाख ४३ हजार धनात्मक मौज्दात तथा ४ बैङ्क खातामा रहेको रू.२४ करोड ४५ लाख ६ हजार ऋणात्मक मौज्दातसमेत रू.४ लाख ३७ हजार मौज्दात देखिए तापनि बैङ्क विवरणअनुसार रू.४ करोड ६२ लाख ५४ हजार बैङ्क मौज्दात रहेकोले बैङ्क मौज्दातको हिसाब भिडान भएको छैन। हिसाब भिडान गरी यकिन हिसाब राखिनुपर्दछ।

२५४. **हिसाब मिलान -** कोषअन्तर्गतका योजनाहरूले राष्ट्रिय बीमा संस्थानमा सहभागी हुने योगदानकर्ताहरूको वार्षिक सङ्कलन गरेको उमेरअनुसारको प्रिमियम रकम राष्ट्रिय बीमा संस्थानमा बुझाउनुपर्दछ। यसरी सङ्कलन गरिएको रकम र कोषले संस्थानलाई बुझाएको रकमबीच रू.२१ करोड ९८ लाख ५९ हजारको भिन्नता रहेको छ। कोषले बीमा कोषमा संलग्न नहुनेहरूको हकमा कोषमै राखिएको रकमबिचको हिसाब मिलान गरेको छैन। राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमाबापत सङ्कलन भएको रू.३ अर्ब ४४ करोड ७५ लाख १६ हजार रहेकोमा कोषले राष्ट्रिय बीमा संस्थानलाई रू.३ अर्ब ६ करोड ८६ लाख ७३ हजार मात्र दायित्व देखाएकोले फरक रू.३७ करोड ८८ लाख ४३ हजारको हिसाब मिलान गरेको छैन। कोषको लेखाप्रणालीअनुसार नेपाल राष्ट्र बैङ्कमा रू.४ करोड ९० लाख ५७ हजार मौज्दात रहेकोमा राष्ट्र बैङ्कको समर्थन पत्रअनुसार रू.८१ करोड २२ लाख ९८ हजार रहेको उल्लेख छ। कोषले फरक रू.७६ करोड ३२ लाख ४१ हजारको समायोजन हिसाब तयार गरेको छैन। उक्त खाताहरू अद्यावधिक गरी यथार्थ हिसाब तयार गरिनुपर्दछ।

२५५. **सहायक कम्पनीमा लगानी -** सञ्चालक समितिको २०७६।१०।२० को निर्णय नं. २५८६ मा कोषको एक सहायक लिमिटेड कम्पनीमा रू.२ अर्ब ५५ करोड (५१ प्रतिशत) लगानी गर्ने निर्णय गरेको छ। उक्त कम्पनीमा लगानी गर्नका लागि कर्मचारी बचत वृद्धि अवकाश कोष योजनाबाट अल्पकालीन समयको लागि रू.२ अर्ब २ करोड सापटी लिएको छ। सापटी लिएको रकममध्ये रू.१ अर्ब २२ करोड यो वर्षसम्म फिर्ता गरेको छैन। कोषको उक्त लगानी अल्पकालीन लगानी नभई दीर्घकालीन (शेयर) लगानी भएको र सोबापत २०७८।७९ मा ६.८५ प्रतिशत शेयर लाभांश प्राप्त भएकोले उक्त लगानी रकमलाई कोष योजनाबाट ऋण देखाउनु उपयुक्त देखिँदैन।

२५६. **लगानी -** कोषको लगानीसम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

२५६.१ नेपाल वायुसेवा निगमसँग २०७४।२।२९ मा भएको ऋण सम्झौताअनुसार वाइड बडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत वृद्धि अवकाश योजनामार्फत रू.१२ अर्ब दीर्घकालीन ऋण प्रवाह गरेको छ। निगमसँग २०७९ असार मसान्तसम्म पुँजीकृत गरिएको ब्याजसमेत रू.१६ अर्ब ५८ करोड १२ लाख ७१ हजार ऋण लगानी देखिएको छ। सम्झौतामा विमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोअनुसार रकम जम्मा नभएको साथै सम्झौताबमोजिम कोषले नेपाल वायुसेवा निगमबाट ऋण लगानीको प्रतिफल प्राप्त गरेको छैन।

२५६.२ नारायणी विकास बैङ्क, क्यापिटल मर्चेन्ट फाइनान्स, क्रिष्टल फाइनान्स, हिमालयन फाइनान्स र नेपाल शेयर मार्केट फाइनान्सलगायत समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेप रू.६२ करोड ५९ लाख ६२ हजारमा साधारण ब्याजदर ४ प्रतिशत कायम गरिएको छ। जुन कोषअन्तर्गत योजनाको कोष लागत (बीमाकोषको हकमा ६.५ प्रतिशत) भन्दा पनि घटी रहेको छ। समस्याग्रस्त जनाए तापनि कतिपय वित्तीय संस्था हाल अन्य बैङ्कमा मर्ज भइसकेका तथा पुनः सञ्चालनमा आइसकेको अवस्थामा समेत समस्याग्रस्त उल्लेख गरी न्यून ब्याजदरमा लगानी गरेकोले कोषअन्तर्गतका योजनाहरूको मौज्दात रकमबाट उचित प्रतिफल प्राप्त भएको छैन। समस्याग्रस्त मुद्दती निक्षेपअन्तर्गत देखाएको रू.६२ करोड ५९ लाख ६२ हजारको सम्बन्धित संस्थाबाट समर्थनपत्रसमेत लिएको छैन। यस्तो अवस्थामा सुधार हुनुपर्छ।

२५७. **संस्थागत सुशासन -** संस्थागत सुशासन कायम गर्न सञ्चालकहरूले पालना गर्नुपर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न कम्पनीमा नियुक्त गरी पठाउने सञ्चालकहरूको सीमा तथा काम कर्तव्य तोक्ने

लगायतका विषय समावेश गरी विनियमावली तयार गरी अर्थ मन्त्रालयको स्वीकृति प्राप्त गरेपछि लागु गर्ने तथा अर्थ मन्त्रालयबाट निर्देशित नीति, नियमहरू कडाइकासाथ पालना गर्ने, नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(२) को प्रावधानअनुसार महिला सञ्चालक नियुक्त गर्नुपर्नेलगायतका कार्यहरू हुन नसकेकाले संस्थागत सुशासन प्रभावकारी देखिएन।

२५८. **आन्तरिक नियन्त्रण प्रणाली -** बैङ्क तथा अन्तर योजनाहरूको हिसाब भिडान, पेस्की तथा प्राप्त आम्दानीको सम्बन्धित खातामा हिसाब मिलान, लगानी र लेखा शाखाको विवरण मिलान गर्ने जस्ता हिसाब भिडान कार्यहरू भएको छैन। कोषको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६८ को विनियम २१ बमोजिम तयार गर्नुपर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरू बैङ्कले तयार गरेको देखिएन। साथै समयमै वित्तीय विवरणहरू तयार नगरेको तथा गत विगतको लेखापरीक्षणमा उठाइएका कतिपय कैफियतहरूको समाधान गर्ने कार्यसमेत नभएकोले संस्थाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको छ। यसमा सुधार हुनुपर्दछ।

नेपाल बीमा प्राधिकरण

विकसित स्वास्थ्य र पेशागत बीमा बजारको विकास गर्ने मूल उद्देश्य लिई बीमा व्यवसायलाई व्यवस्थित, विकसित, नियमित र नियन्त्रण गर्नका लागि एक स्वायत्त संस्थाको रूपमा यो प्राधिकरणको स्थापना भएको हो। बीमा ऐन, २०७९ अनुसार बीमा ऐन, २०४९ खारेज भई २०७९।७।२२ मा साविकको बीमा समिति नेपाल बीमा प्राधिकरणमा परिणत भएको हो।

२५९. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - यस वर्षको सञ्चित कोष रू.८ अर्ब ६२ करोड ८९ लाख र कुल दायित्व रू.१३ करोड ९२ लाखसमेत कुल सञ्चित कोष तथा दायित्व रू.८ अर्ब ७६ करोड ८१ लाख रहेको छ। कुल सम्पत्ति रू.८ अर्ब ७६ करोड ८१ लाखमध्ये सम्पत्ति तथा उपकरण रू.१ अर्ब १६ करोड १९ लाख, लगानी रू.४ अर्ब ९३ करोड ८८ लाख, नगद तथा बैङ्क मौज्दात रू.१९ करोड ४७ लाख र अन्य सम्पत्ति रू.२ अर्ब ४७ करोड २७ लाख रहेको छ। आयकरपछिको सञ्चालन मुनाफा गत वर्ष रू.१ अर्ब ५६ करोड ६४ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब २५ करोड ५४ लाख रहेको छ।

२६०. **कोष व्यवस्थापन -** बीमा ऐन, २०७९ को दफा २० मा प्राधिकरणको एउटा छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, बीमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजत प्रदान गरेबापतको रकम, बीमा मध्यस्तकर्ताको इजाजतपत्र प्रदान वा नवीकरण गरेको बापतको रकम, बीमा व्यवसायको नियम शुल्कबापत रकम विदेशी सरकार अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ । सोही दफाको उपदफा (६) मा कोषमा जम्मा भएको रकममध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बीमा विकासका लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त ५० प्रतिशतले हुन आउने रकमबाहेक अन्य रकम वार्षिक रूपमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणको सञ्चित कोषमा रू.८ अर्ब ६२ करोड ८९ लाख रहेको एवं प्राधिकरणले यो वर्ष रू.४ अर्ब ९३ करोड ८८ लाख मुद्दती निक्षेपमा लगानी गरेको छ । अतः प्राधिकरणले ऐनको व्यवस्थानुसार छुट्याई बाँकी रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

२६१. **व्यापारिक तथा अन्य प्राप्य रकम -** प्राधिकरणले प्राप्त गर्नुपर्ने रकम गत वर्षको अन्त्यमा रू.१ अर्ब ९५ करोड ५० लाख रहेकोमा यो वर्ष १७ प्रतिशतले न्यून भई रू.१ अर्ब ६२ करोड १२ लाख रहेको छ। उक्त रकममा प्राप्त हुन बाँकी सेवा शुल्क रू.१ अर्ब ५७ करोड ७० लाख र प्राप्त हुन बाँकी

ब्याज आम्दानी रू.४ करोड ४२ लाखसमेत समावेश छ। प्राधिकरणले बीमा कम्पनीहरूको समयमै लेखापरीक्षण गराउन र सेवा शुल्कको रकम यकिन गरी दाखिला गर्न निर्देशन दिनुपर्दछ।

२६२. **पुँजी पर्याप्तता -** बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को निर्देशन नं. ४(क) बमोजिम जीवन बीमा कम्पनीको रू.५ अर्ब र ४(ख) बमोजिम निर्जीवन बीमा व्यवसायको हकमा रू.२ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। जीबन बीमा कम्पनी ८ र निर्जीवन बीमा कम्पनी ७ समेत १५ कम्पनीले निर्देशिकाले तोकेबमोजिम न्यूनतम चुक्ता पुँजी कायम गरेका छैनन्। निर्देशिकाको व्यवस्था पालना गर्नुपर्दछ।

२६३. **बीमालेख समर्पण** - यो वर्ष १४ जीवन बीमा कम्पनीले जारी गरेका कुल १ करोड ४१ लाख ३७ हजार बीमालेखमध्ये १ लाख १ हजार ९१८ बीमालेख समर्पण भएका छन्। बीमालेखको समर्पण रकम रू.१३ अर्ब ५४ करोड ३३ लाख रहेको छ। समर्पण दर बीमालेख संख्याको आधारमा ०.७२ प्रतिशत र रकमगत आधारमा ९.५० प्रतिशत छ। समर्पण दर वृद्धि हुनुको कारण पहिचान गरी समाधान गर्नेतर्फ प्राधिकरणले ध्यान दिनुपर्दछ।

२६४. **कोभिड-१९ बीमा** - अर्थ मन्त्रालय (सचिवस्तरको) २०७७।४।१६ को निर्णयबाट कोभिड-१९ बीमा मापदण्ड, २०७७ स्वीकृत भएको देखिन्छ। मापदण्डअनुसार रू.३ अर्ब ५० करोडभन्दा बढीको दाबी रकम बेहोर्ने निकाय नेपाल सरकार हुने उल्लेख छ। उक्त बीमाबापत नेपाल सरकारबाट २०७९ आषाढ मसान्तसम्म रू.६ अर्ब १० करोड १५ लाख भुक्तानी भई रू.११ अर्ब ३४ करोड २५ लाख भुक्तानी बाँकी रहेको छ। उक्त दायित्वको अधिकतम सीमा कायम गरिएको छैन। प्रिमियमको रकम कम्पनीले प्राप्त गरेको अवस्थामा असिमित दायित्व नेपाल सरकारले बेहोर्ने गरी सचिवस्तरबाट मापदण्ड स्वीकृत गरेको उपयुक्त देखिएन।

२६५. **लघु बीमा इजाजत -** नेपाल सरकारको २०७९।८० को बजेट बक्तव्यमा विपन्न तथा कृषि क्षेत्रलाई समेट्ने गरी लघु बीमा कम्पनी स्थापना गर्ने उल्लेख भएकोमा २०७९।४।३१ मा लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी निर्देशिका जारी गरेको छ। निर्देशिकाबमोजिम इच्छुक लगानीकर्ताबाट प्रस्ताव माग गरी सञ्चालक समितिको २०७९।८।७ को निर्णयबाट मापदण्ड पूरा गरेका ३ जीवन र ४ निर्जीवनसहित ७ कम्पनीलाई पूर्व सहमति दिई उक्त कम्पनीले बीमा ऐन, २०७९ को दफा २७ बमोजिमको शर्त पूरा गरेकोले दफा २९ बमोजिम दर्ता गरी इजाजत प्रदान गरेको छ। बीमा कम्पनीहरू धेरै हुँदा समग्र रूपमा बीमा व्यवसायको विस्तार हुने र आम जनतामा बीमाको पहुँच पुग्ने भए तापनि दिगोपना, बजारको जोखिम र अन्तर्राष्ट्रिय अभ्यासलगायतका विषयमा विस्तृत विश्लेषण गरेर मात्र लघु बीमाको इजाजत दिनुपर्दछ।

राष्ट्रिय बीमा संस्थान (२०७३।७४)

प्राइभेट कम्पनीको रूपमा २०२४ मा स्थापना यो संस्थान राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ अनुसार संस्थानमा परिणत भएको हो। संस्थानले संस्थागत जीवन र निर्जीवन बीमा व्यवसाय गर्दै आएकोमा २०७१ बाट जीवन बीमा व्यवसाय सञ्चालन गर्दै आएको छ। बीमा ऐन, २०७९ बमोजिम जीवन बीमा व्यवसाय सञ्चालन गर्नको लागि २०८० मा यो संस्थान राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडमा परिणत भएको छ। संस्थानमा नेपाल सरकारको २७.७८ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ५५.५५ प्रतिशत र नेपाल बैङ्क लिमिटेडको १६.६७ प्रतिशत शेयर स्वामित्व रहेको छ। संस्थानको सञ्चालक समितिमा नेपाल सरकारबाट नियुक्त अध्यक्ष, अर्थ

मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, नेपाल बैङ्क लिमिटेड, नेपाल सरकारबाट नियुक्त र सर्वसाधारण शेयरधनीबाट नियुक्त सदस्य रहने व्यवस्था छ।

२६६. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - संस्थानको २०७४ आषाढ मसान्तमा शेयर पुँजी रू.१२ करोड ९३ लाख, जगेडा कोष रू.२० करोड ६४ लाख, जीवन बीमा कोष रू.१३ अर्ब ३ करोड ८१ लाख, महा-विपत्ति जगेडा रू. ९४ लाख समेत रू. १३ अर्ब ३८ करोड ३२ लाख कुल स्रोत रहेको छ। संस्थानको चालु दायित्व रू.३ अर्ब ९० करोड ६४ लाख, भुक्तानी हुन बाँकी बीमा दाबी रू. ७४ करोड ४१ लाख र लाभांश, बोनस, पेन्सन उपदानलगायतको व्यवस्थाबापत रू.२९ करोड ७६ लाख समेत कुल चालु दायित्व तथा व्यवस्थाबापत रू.४ अर्ब ९४ करोड ८१ लाख रहेको छ। संस्थानको स्थिर सम्पत्ति रू.१ करोड ८४ लाख, दीर्घकालीन कर्जा तथा लगानी रू.४ अर्ब ६० करोड १३ लाख, बीमालेख धितो कर्जा रू.१ अर्ब ५७ करोड ७२ लाख र चालु सम्पत्ति कर्जा तथा पेस्की रू.१२ अर्ब १३ करोड ४४ लाख रहेको छ। संस्थानको कुल आम्दानी गत वर्ष रू.३ अर्ब २२ करोड ३ लाख र खुद नाफा रू.५६ लाख रहेकोमा यो वर्ष आम्दानी रू.४ अर्ब ७७ करोड ३ लाख र खुद नाफा रू. ७५ लाख रहेको छ।

२६७. **लेखापरीक्षकको राय -** संस्थानले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजालाई चित्रण गर्ने वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात उपर लेखापरीक्षण राय स्थापित गर्न आवश्यक पर्याप्त तथा उपयुक्त प्रमाणहरू पेस नभएको उल्लेख गरी लेखापरीक्षकले कुनै राय व्यक्त गरेको देखिएन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२६८. **वित्तीय प्रतिवेदनमान** - सरकारी संस्थानले २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार तयार गरेको छैन।

२६९. **बैङ्क हिसाब मिलान** - संस्थानको नाममा सञ्चालित बैङ्क खाताको अद्यावधिक विवरण तयार गरेको छैन। गत वर्ष १६६ बैङ्क खाताको हिसाब वित्तीय विवरणमा समावेश गरेकोमा यो वर्ष सञ्चालनमा रहेका १६३ बैङ्क खातामध्ये १४४ बैङ्क खाताको हिसाब समावेश गरेको छ। गत वर्ष १४७ बैङ्क खाताको हिसाब मिलान विवरण तयार गरी पहिचान गर्न नसकिएको ऋणात्मक बक्यौता रू.१८ अर्ब ८१ करोड ८४ लाख रहेकोमा यो वर्ष १०६ बैङ्क खाताको रू.१ अर्ब ३६ करोड ६२ लाख रहेको छ। वासलातमा गत वर्ष ऋणात्मक नगद मौज्दात रू.६५ करोड ५७ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब १२ करोड ४५ लाख पुगेको छ। बैङ्क खाताको मौज्दात पुष्टि गर्ने समर्थनपत्र उपलब्ध भएको छैन। समयमै खाताको मौज्दात पुष्टि गर्ने समर्थनपत्र लिई सम्पूर्ण बैङ्क खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

२७०. **बोनस दर** - संस्थानले २०४९।४।१ देखि बोनस दर ६.५ प्रतिशत कायम गरेको छ। व्यावसायिक उतार-चढाव एवं जीवन बीमा कोषको मूल्याङ्कनको आधारमा बोनस दर निर्धारण गरिएको छैन।

२७१. **बीमाङ्किकय मूल्याङ्कन** - बीमा ऐन, २०४९ को दफा २६ मा जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक तीन वर्षमा एक पटक आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन बीमाङ्की (अक्च्युरी) द्वारा गराउनुपर्ने व्यवस्था छ। यस संस्थानले २०६४।६५ पश्चात् बीमाङ्किय मूल्याङ्कन नगरेको कारण जीवन बीमा कोषलगायतका दायित्वको मूल्याङ्कन पर्याप्त भएको सुनिश्चित गर्न सकिने अवस्था छैन। बीमाङ्किकद्वारा तोकिएबमोजिम आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्याङ्कन गराउनुपर्दछ।

२७२. **प्रमाण कागजात** - संस्थानको साधारण शेयरमा लगानी गरेको रू.२४ करोड ६ लाखको स्वामित्व पुष्ट्याइ हुन नसकेको, बीमालेख धितोमा प्रवाह भएको कर्जा रू.१ अर्ब ५७ करोड ७२ लाख, अभिकर्ता

कर्जा रू.९१ लाख र कर्मचारी कर्जा रू.२४ करोड ९७ लाखको प्रवाह भएको मिति, असुली स्थिति र आयुगत बक्यौता खुल्ने विवरण नभएको, धरौटी रू.२७ करोड ३३ लाखको व्यक्तिगत र आयुगत विवरण नभएको, पुनर्बीमकसँग लिन बाँकी रू.१२ करोड ४५ लाख र भुक्तानी गर्न बाँकी रू.३ करोड ९२ लाख, राष्ट्रिय बीमा कम्पनीसँग लिन बाँकी रू.२६ करोड २९ लाख, विविध आसामी रू.७२ लाख र भुक्तानी गर्न बाँकी अभिकर्तालाई रू.७६ लाख समर्थनपत्र लिई भिडान गरेको छैन। बीमा कारोबार सम्बन्धी आम्दानी, खर्च, लगानी, कर्जा, अन्य आय र भुक्तानी हुन बाँकी दाबी रू.७४ करोड ४१ लाखको विवरण तयार गरेको छैन। संस्थानअन्तर्गत जोखिम शाखाको विवरणअनुसार अण्डरराइटिङ्ग गरिएका बीमालेखको बीमा शुल्क आम्दानी रू.२ अर्ब ५९ करोड ९१ लाख रहेकोमा वित्तीय विवरणमा रू.३ अर्ब १३ करोड ८३ लाख देखाएकोले रू.५३ करोड ९२ लाख फरक परेको छ।

संस्थानको वासलातमा अग्रिम आयकर दायित्व रू.३ अर्ब ६८ करोड ९९ लाख देखिन्छ। संस्थानले २०६९।७० देखिको कर निर्धारण गर्न बाँकी रहेकोले थप कर दायित्वसमेत यकिन गरेको छैन। दाबी भुक्तानी रजिष्टरअनुसार दाबी रू.२ अर्ब ८७ करोड ७६ लाख रहेकोमा वित्तीय विवरणमा रू.३ अर्ब ३९ करोड ८६ लाख देखिएकोले रू.५२ करोड १० लाख हिसाब फरक परेको छ। कर दायित्व रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२७३. **कानुनको परिपालना** - बीमा ऐन, २०४९ को दफा ११ मा बीमकले प्रत्येक वर्ष चैत्र मसान्तसम्म तोकिएको दस्तुर तिरी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्नेमा संस्थानले २०६४।६५ देखि नवीकरण नगराएको, ऐनको दफा ३६ र ४० बमोजिम बीमा शुल्कको १ प्रतिशतले हुने सेवा शुल्क रू.३ करोड १० लाखसमेत रू.९ करोड ५१ लाख बीमा समितिलाई भुक्तानी नगरेको र उक्त ऐनको दफा १२ बमोजिम रू.२ अर्ब ५० करोड चुक्ता पुँजी कायम गरेको छैन। आयकर ऐन, २०५८ को दफा २७ बमोजिम सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण गरी कर्मचारीको आय गणना गर्दा समावेश गरी करकट्टी नगरेको र नेपाल लेखामान अनुरूप ह्रास कट्टी, सम्पत्तिको हानि नोक्सानीको परीक्षण, शेयरमा गरेको लगानीको मूल्य परिवर्तनको लेखाङ्कन र स्थगन करको गणना गरेको छैन। कानुनमा भएको व्यवस्थाको पूर्णरूपमा पालना गरी संस्थागत सुशासन कायम गर्नुपर्दछ।

२७४. **आन्तरिक नियन्त्रण** - संस्थानले लेखासँग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित तरिकाले नराख्नु, समयमा कागजातहरू उपलब्ध गराउन नसक्नु, कारोबार भएकै समयमा हिसाब किताबको लेखा नराख्नु, आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था नहुनु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा तिर्नुपर्ने रकमको तेस्रो पक्षबाट समर्थन नलिनु, बैङ्क खाताको हिसाब मिलान तथा आवश्यक समायोजन नगर्नु, स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु, लेखापरीक्षण समयमा नगर्नुलगायतका कमजोरी देखिएकोले आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेड (२०७३।७४)

राष्ट्रिय बीमा संस्थानले गर्दै आएको निर्जीवन बीमा व्यवसाय छुट्टै संस्थाबाट सञ्चालन गर्नको लागि २०७१ मा राष्ट्रिय बीमा कम्पनी लिमिटेड स्थापना भई निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्दै आएको छ।

२७५. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०७४ आषाढ मसान्तमा शेयर पुँजी रू.१२ करोड ४४ लाख, जगेडा कोष रू.८० करोड ३४ लाख, बीमा कोष रू.६७ करोड ३९ लाख, महा-विपत्ति जगेडा रू.५ करोड २० लाखसमेत रू.१ अर्ब ६५ करोड ३७ लाख कुल स्रोत रहेको छ। चालु दायित्व रू.५४ करोड ३३ लाख, हवाई, मोटरलगायतको निर्जीवन बीमाको समाप्त नभएको जोखिम जगेडा

रू.१६ करोड १ लाख, भुक्तानी हुन बाँकी बीमा दाबी रू.३७ करोड ९४ लाख र लाभांश, आयकर, कर्जा नोक्सानीलगायतको व्यवस्थाबापत रू.२ अर्ब ११ करोड ९१ लाखसमेत कुल चालु दायित्व तथा व्यवस्थाबापत रू.३ अर्ब २० करोड १९ लाख रहेको छ। कम्पनीको स्थिर सम्पत्ति रू.३ करोड ६९ लाख, दीर्घकालीन कर्जा तथा लगानी रू.१ अर्ब ११ करोड ६८ लाख र चालु सम्पत्ति कर्जा तथा पेस्की रू.३ अर्ब ७० करोड १९ लाख रहेको छ। कम्पनीको कुल आम्दानी गत वर्ष रू.६७ करोड ९६ लाख र खुद नाफा रू.८ करोड ६५ लाख रहेकोमा यो वर्ष रू.७७ करोड ३६ लाख र खुद नाफा रू.२ करोड ६३ लाख रहेको छ।

२७६. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजालाई चित्रण गर्ने वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात उपर लेखापरीक्षण राय स्थापित गर्न आवश्यक पर्याप्त तथा उपयुक्त प्रमाणहरू पेस नभएको उल्लेख गरी लेखापरीक्षकले कुनै राय व्यक्त गरेको छैन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२७७. **वित्तीय प्रतिवेदनमान** - सार्वजनिक संस्थानले २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। यो कम्पनीले वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरेको छैन।

२७८. **शेयर संरचना** - कम्पनीको प्रबन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक शेयर र ३० प्रतिशत सर्वसाधारण शेयर रहने व्यवस्था रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशत समेत संस्थापकको ८०.४६ प्रतिशत र सर्वसाधारणको १९.५४ प्रतिशत शेयर रहेको छ। प्रबन्धपत्रअनुसार शेयर संरचना कायम गर्नुपर्दछ।

२७९. **सस्पेन्स हिसाब** - कम्पनीले सस्पेन्स हिसाब शीर्षकमा गत वर्षसम्मको रू.७२ करोड ६६ लाख यो वर्ष जिम्मेवारी सारेको छ। सस्पेन्सअन्तर्गत पुनर्बीमालगायतका विभिन्न शीर्षकमा नमिलेको हिसाब २०७०।७१ बाट क्रमशः व्यवस्था गर्दै जाने निर्णयबमोजिम यो वर्षको रू.२९ करोड ५४ लाखसमेत रू.१ अर्ब २ करोड २० लाख सम्भावित खर्च व्यवस्था गरेको छ। सस्पेन्स हिसाब अद्यावधिक गर्दा कम्पनीको वित्तीय विवरणमा पर्न सक्ने प्रभाव यकिन गर्न सक्ने अवस्था देखिएन। उल्लिखित व्यवस्था गरिएको रकमको प्रयोजन यकिन गरी सम्बन्धित शीर्षकमा लेखाङ्कन गर्नुपर्दछ।

२८०. **हिसाब मिलान** - राष्ट्रिय बीमा संस्थानसँग लाइफ इन्सुरेन्स डिभिजन शीर्षकमा रू.४ करोड ११ लाखको हिसाब मिलान गरेकोमा सोको पुष्ट्याँइ हुन नसकेको, अन्तर शाखा हिसाबमा रू.८९ लाख ४८ हजार फरक रहेको, बैङ्क हिसाब मिलान विवरणमा समायोजन नगरेको रू.१० करोड ४८ लाख रहेको छ। यसै गरी ४ बैङ्क खाताको रू. ३ करोड ५९ लाखको हिसाब मिलान गरेको छैन। कम्पनीले अग्रिम आयकर व्यवस्था रू.३२ करोड २४ लाखमा सशोधित कर निर्धारणबाट थप भएको कर दायित्व रू.२१ करोड १९ लाख समायोजन गरेको छैन। मूल्य अभिवृद्धि कर विवरणअनुसार मूल्य अभिवृद्धि कर रू.१ करोड ५ लाख तिर्नुपर्ने देखिएकोमा वित्तीय विवरणअनुसार रू.२ करोड २४ लाख फिर्ता पाउनुपर्ने देखिएकोले हिसाब यकिन गर्नुपर्दछ।

२८१. **दाबी भुक्तानी** - कम्पनीले २०७०।७१ देखि २०७२।७३ सम्मको वित्तीय विवरणमा देखाएको भुक्तानी हुन बाँकी उल्लेख गरेको भन्दा रू.१२ करोड २३ लाखको अधिक भुक्तानी गरेको छ। कम्पनीमा परेको दाबी, भुक्तानी भएको, भुक्तानी हुन बाँकी, पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने तथा प्राप्त दाबीबापतको रकम, सर्भे शुल्कलगायतको कागजात तथा अद्यावधिक विवरण लेखापरीक्षणमा पेस हुन आएन। तसर्थ बीमा दाबी र भुक्तानी रकमको हिसाब अद्यावधिक गरी यथार्थता यकिन गर्नुपर्दछ।

२८२. **आन्तरिक नियन्त्रण** - कम्पनीले लेखासँग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित तरिकाले नराख्नु, समयमा कागजातहरू उपलब्ध गराउन नसक्नु, कारोबार भएकै समयमा हिसाब किताबको लेखा नराख्नु, आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था नहुनु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा तिर्नुपर्ने रकमको तेस्रो पक्षबाट समर्थन पत्र नलिनु, बैङ्क खाताको समयमा हिसाब मिलान तथा आवश्यक समायोजन नगर्नु, स्थिर सम्पत्तिको सुरक्षाको लागि यथोचित व्यवस्था नगर्नु, लेखापरीक्षण समयमा नगराउनुलगायतका कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा तत्कालीन कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था २०५० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट सञ्चालन भइरहेको छ। यो कम्पनीले नेपालमा सङ्गठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ। नेप्से धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो। संस्थाको कुल चुक्ता पुँजी रू.१ अर्बमध्ये नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ९.५१ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ११.२३ प्रतिशत तथा अन्यको १०.६० प्रतिशत स्वामित्व रहेको छ। नेप्सेमा २०७९।८० सम्म २५५ पब्लिक कम्पनी सूचीकृत रहेका छन्। स्टक एक्सचेन्जको सदस्यता प्राप्त ५८ धितोपत्र दलाल कम्पनीमार्फत धितोपत्रको कारोबार हुँदै आइरहेको छ।

२८३. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको २०८० आषाढ मसान्तको शेयर पुँजी रू.१ अर्ब, जगेडा कोष, सञ्चित नाफा र अन्य कोषसमेत रू.५ अर्ब २८ करोड २३ लाख, गैर चालु दायित्व रू.८९ करोड ३ लाख र चालु दायित्व रू.३९ करोड ९६ लाख रहेको छ। गैर चालु सम्पत्ति रू.४ अर्ब ६५ करोड ५१ लाख र चालु सम्पत्ति रू.२ अर्ब ९१ करोड ७१ लाख समेत कुल सम्पत्ति रू.७ अर्ब ५७ करोड २२ लाख रहेको छ। गत वर्ष रू.१ अर्ब ६९ करोड ८८ लाख खुद मुनाफा रहेको कम्पनी यो वर्ष रू.८१ करोड ८६ लाख नाफामा रहेको छ।

२८४. **कारोबार र बजार पुँजीकरण** - गत वर्ष नेप्सेमा २ अर्ब ४९ करोड कित्ता शेयर खरिद बिक्रीबाट रू.१२ खर्ब २० अर्बको धितोपत्र कारोबार भएकोमा यो वर्ष १ अर्ब २७ करोड कित्ता शेयर खरिद बिक्रीबाट रू.४ खर्ब ६७ अर्बको मात्र कारोबार भई गत वर्षको तुलनामा ६१.१४ प्रतिशतले कारोबार न्यून रहेको छ। त्यस्तै गत वर्ष रू.२८ खर्ब ६९ अर्ब बजार पुँजीकरण रहेकोमा यो वर्ष ७.४३ प्रतिशतले वृद्धि भई रू.३० खर्ब ८२ अर्ब कायम भएको छ।

२८५. **अस्वेच्छिक निःसर्गमा करकट्टी** - आयकर ऐन, २०५८ को दफा ४६ अनुसार विभागबाट स्वीकृति लिएमा सो सम्पत्तिको खुद खर्च अस्वेच्छिक निःसर्गबापत भएको मानिने र त्यस्तो अवस्थामा कम्पनीको हिताधिकारीलाई कुनै लाभ नहुने तर विभागबाट स्वीकृति नलिएमा, शेयरको अस्वेच्छिक निसर्गबाट प्राप्त लाभको गणना गरी कर भुक्तानी गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी आयकर ऐन, २०५८ को दफा ९५(क)(२) अनुसार नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले तोकिएबमोजिम अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ। नेप्सेले मर्जर वा प्राप्तिमार्फत निसर्ग भएका निकायका शेयरधनीहरूको लागि पहिलेको निकायमा रहेको हित अस्वेच्छिक निसर्ग मानिने व्यवस्था छ। मर्जर तथा प्राप्ति भएका निकायको हिताधिकारी

(शेयरधनीहरू) ले आफ्नो हितको निःसर्गबाट प्राप्त गरेको लाभमा दफा ९५(क) बमोजिम अग्रिम कर असुल हुने गरी शेयर कारोबारमा कर असुली गर्ने व्यवस्था हुनुपर्दछ।

२८६. **शेयर हस्तान्तरण -** कम्पनीले भारत सरकारबाट नेपाललाई अनुदानमा प्राप्त रू.१४ करोड ७२ लाखको स्वचालित कारोबार सफ्टवेयर सीडीएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई हस्तान्तरण गरेको छ। सो अनुदान रकम कम्पनीले पुँजीगत जगेडा कोषमा जम्मा गरेको छ। उक्त रकमको १४ लाख ७२ हजार कित्ता शेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्दछ।

२८७. **नेप्से कमिसन -** ओभर द काउण्टर बजार सञ्चालन विनियमावली, २०६५ को विनियम ७ अनुसार, प्रत्येक क्रेता/बिक्रेताले अनुसूची ४ मा तोकिएबमोजिम रू.२५ हजारसम्मको कारोबार रकममा ०.२० प्रतिशत, रू.२५ हजारदेखि ५० हजारसम्मको कारोबार रकममा ०.१८ प्रतिशत र ५० हजारदेखि माथिको कारोबार रकममा ०.१५ प्रतिशतका दरले कारोबार शुल्क नेप्सेलाई तिर्नुपर्ने उल्लेख छ। नेप्से कमिशन गणना गर्दा विनियमद्वारा निर्देशित दर पालना गर्नुको सट्टा ०.१५ प्रतिशतको फ्ल्याट दर प्रयोग गर्दा नेप्सेको आयमा गिरावट आएको छ। विनियमावलीमा उल्लिखित व्यवस्थाको पालना हुनुपर्दछ।

सीडीएस एण्ड क्लियरिङ लिमिटेड

कम्पनी ऐन, २०६३ अन्तर्गत नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा २०६७।९।७ मा यो कम्पनी दर्ता भई सञ्चालनमा रहेको छ। धितोपत्रलाई अभौतिक (डिजिटल) गराई निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवासम्बन्धी प्रभावकारी विद्युतीय सेवा सञ्चालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको सञ्जालमार्फत कार्यसञ्चालन गर्ने कम्पनीको उद्देश्य रहेको छ। कम्पनीको नियमावलीको नियम २७(३) बमोजिम ४ सदस्यीय सञ्चालक समितिमा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको तर्फबाट ३ र स्वतन्त्र सञ्चालक १ रहने व्यवस्था रहेको छ।

२८८. **सञ्चालन नतिजा -** कम्पनीले यो वर्ष रू.७६ करोड २२ लाख ९६ हजार आम्दानी र रू.१५ करोड १९ लाख ५३ हजार खर्च गरेकोमा २०७८।७९ मा क्रमशः रू.१ अर्ब ४ करोड ७९ लाख ४१ हजार आम्दानी र रू.१२ करोड ८५ लाख २ हजार खर्च भएको थियो। यो वर्ष गत वर्षको तुलनामा आम्दानी २७ प्रतिशतले घटेको र खर्च १८ प्रतिशतले वृद्धि भएको छ। कम्पनीको खुद नाफा रू.५८ करोड २७ लाख ८६ हजारबाट घटेर रू.४० करोड ८८ लाख ९४ हजार भएकोले कार्य सञ्चालनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२८९. **वित्तीय स्थिति -** कम्पनीको शेयर पुँजी रू.३० करोड, जगेडा कोष रू.१ अर्ब २४ करोड ८४ लाख, गैर चालु दायित्व रू.२ करोड ५० लाख र चालु दायित्व रू.२४ करोड २६ लाख गरी कुल पुँजी तथा दायित्व रू.१ अर्ब ८१ करोड ६० लाख रहेकोमा स्थिर सम्पत्ति रू.१४ करोड १७ लाख, पुँजीकृत अमूर्त सम्पत्ति रू.८ करोड १८ लाख, नगद तथा बैङ्क मौज्दात रू.४ करोड ५१ लाख, अल्पकालीन लगानी रू.१ अर्ब २७ करोड २० लाख र अन्य सम्पत्ति रू.२७ करोड ५४ लाख रहेको छ ।

२९०. **कार्य सम्पादन -** कम्पनीले यो वर्ष ३७ कम्पनीसँग धितोपत्र अभौतीकरणको लागि सम्झौता गरेको, ५ कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरेको, ४ लाख ७५ हजार हितग्राही खाता खोल्ने कार्य गर्नुका साथै २ अर्ब ७ करोड कित्ता धितोपत्र अभौतीकरण गरेको छ। त्यसैगरी मेरो शेयर एप्स प्रयोगकर्ताको सङ्ख्या ४ लाख ३१ हजारले थप भई ४८ लाख २६ हजार पुगेको देखिन्छ।

२९१. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७(क)(१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरूले गाभिएको २ वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गर्दा भएको लाभमा दफा ४७ क(४) बमोजिम पुँजीगत लाभकर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार कायमै रहेको संस्थाको शेयर बिक्रीमा पुँजीगत लाभकर दाखिला गर्नुपर्दछ। नेपाल धितोपत्र बजार लिमिटेडअन्तर्गत कारोबार गर्ने ४१ बैङ्क तथा वित्तीय संस्थाको कुल शेयर सङ्ख्या १ अर्ब ३३ करोड ९८ लाख ९३ हजारमध्ये मर्जरमा गई अस्तित्व समाप्त भएको र बाँकी रहेको सङ्ख्या यकिन गरी मर्जरबाट कायम संस्थाको शेयरमा पुँजीगत लाभकर गणना गरेको देखिएन। प्राप्त विवरणअनुसार मर्जर पश्चात् कायम शेयर परिमाण २ करोड ८० लाख ७६ हजार रहेकोमा व्यक्तिगततर्फ रू.१२ करोड २१ लाख ९४ हजार र संस्थागततर्फ रू.३ करोड ७९ लाख ९१ हजार समेत रू.१६ करोड १ लाख ८५ हजार पुँजीगत लाभकर असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगत वर्षको प्रतिवेदनमा प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, राजस्व बक्यौता बढ्दै गएको, सञ्चित कोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ दरबन्दी फरक पारी घटी असुली गरेको बेहोराबाट राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानूनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, कर क्रेडिट बढेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रूपमा बढ्न नसकेको लगायतका व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजू -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १३७ निकायमा यो वर्ष रू.२७ अर्ब २९ करोड १५ लाख ४९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४० निकायले रू.१ अर्ब ८१ करोड ६६ लाख ६३ हजार फर्स्यौट गरेकोले रू.२५ अर्ब ४७ करोड ४८ लाख ८६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ लाख ८४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा औद्योगिक नीति, कानुन, मापदण्ड र नियमन, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, व्यावसायिक फर्म व्यवस्थापन, खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुनी मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय व्यापार पारवहन तथा सोसम्बन्धी सन्धि सम्झौता कार्यान्वयन र नियमन, व्यापारसम्बन्धी नीति, कानुन सहजीकरण र नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४१ निकायबाट सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ३० सरकारी कार्यालयको निम्नानुसार रू.६ अर्ब ८२ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
४१३८४	२२३७३	३२३१	१२५५	६८२४३

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ, कृषि तथा पशुपन्छी विकास, भौतिक पूर्वाधार तथा यातायात र रक्षा मन्त्रालयअन्तर्गतका निकायबाट भएको खर्च रू.७६ करोड ५६ लाख समावेश छैन। यो वर्ष १ कार्यालयको लेखापरीक्षण बक्यौता रू.७८ लाख समावेश छ।

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष ९ संस्थाको रू.१६ अर्ब ५१ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। चार संस्थाको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति** - यस वर्षको लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

(रू.लाखमा)

कार्यक्रम	बजेट	खर्च	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
औद्योगिक लगानी प्रवर्धन कार्यक्रम	२६२	६७	२५.५७	६०.४२
व्यापार सूचना तथा निर्यात सहयोग	२४०	५८	२४.१६	७०
ग्रामीण उद्यम तथा विप्रेषण आयोजना	७९६०	५९१९	७४.३६	८३
औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)	२१५८९	३८००	१७.६०	५१
रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना	९०२०	३११	३.४५	१८.१३
नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना	१३४०	६६९	४९.९३	८४

उल्लिखित विवरणअनुसार औद्योगिक पूर्वाधार विकास कार्यक्रम, औद्योगिक लगानी प्रवर्धन कार्यक्रम, रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना र नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपनामा ५० प्रतिशतभन्दा कम वित्तीय प्रगति देखिन्छ। औद्योगिक लगानी प्रवर्धन कार्यक्रम लगायत ५ कार्यक्रम/आयोजनामा भौतिक र वित्तीय प्रगतिबीच तालमेलसमेत देखिँदैन। वार्षिक कार्यक्रम अनुसार लक्ष्य प्राप्त हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन** - राष्ट्रिय अर्थतन्त्रमा उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई प्रबलीकरण गरी क्षेत्रगत योगदान बढाउने, उपभोक्ता हित तथा आपूर्ति प्रणालीमा नागरिकको सहज पहुँच

बनाउने मुख्य लक्ष्यसहित पन्ध्रौं योजनाले २०७९।८० का लागि निर्दिष्ट गरेका क्रियाकलापमध्ये हालसम्म ठूला उद्योग १२० स्थापना हुनुपर्नेमा ६६, दर्ता गरिएको पेटेन्ट २५ हुनुपर्नेमा ५, लघु उद्यमीको स्तरोन्नति गर्ने लक्ष्य ४७ हजार रहेकोमा ५ हजार, औद्योगिक क्षेत्रको सङ्ख्या १४ पुऱ्याउने लक्ष्य रहेकोमा १७ पुगेको देखिन्छ। त्यसै गरी, मन्त्रालयबाट प्राप्त विवरणअनुसार औद्योगिक ग्राम २८१ स्थापना गर्ने लक्ष्य अनुरूप १२० पालिकासँग सहमति भएकोमा १२० लाई प्रथम किस्ता, २४ लाई दोस्रो किस्ता र ५ लाई तेस्रो किस्ता निकासा भएकोमा अछामको मेल्लेख एवं गुल्मीको मदानेमा आधारभूत पूर्वाधार तयार भई केही उद्योग सञ्चालनमा रहेको र अधिकांश औद्योगिक ग्रामहरू निर्माणको चरणमा रहेका छन्। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - पन्ध्रौं योजनाको "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोचलाई साकार गराउन योजनाले दिगो विकास लक्ष्य निर्धारण गरेको छ। सन् २०३० सम्म कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा ५.६ बाट ६.५ प्रतिशत, औद्योगिक क्षेत्रको रोजगारीमा ठूला उद्योगको हिस्सा ३ बाट ६ प्रतिशत र लघु, घरेलु तथा साना उद्योगबाट थप रोजगारी सिर्जना १ लाख ९४ हजार बाट ३ लाख पुऱ्याउने लगायतका परिमाणात्मक लक्ष्य रहेका छन्। निर्धारित लक्ष्य प्राप्तिको स्थिति खुल्ने प्रतिवेदन तयार नगरेको कारण सोको कार्यान्वयन स्थिति यकिन हुन सकेन। दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

६. **वैदेशिक सहायता -** दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ३ आयोजनामा रू.६ अर्ब ४५ करोड ४२ लाखको सम्झौता भएकोमा यो वर्षसम्म रू.२ अर्ब ६६ करोड ४२ लाख खर्च भएको छ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्ला	आयोजना सुरु भएको वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	हालसम्मको खर्च	खर्च प्रतिशत
१.	ग्रामीण उद्यम तथा विप्रेषण परियोजना	आई.एफ.ए.डी. (अनुदान)	१६ जिल्ला	२०१५	२०२४	२७४२८	२५२४८	९२.०५
२.	नेपाल चिया निर्यात अभिवृद्धि दिगोपना	विश्व व्यापार सङ्गठन (अनुदान)	इलाम	२०२०	२०२३	१७८१	९२८	५२.११
३.	रणनीतिक सडक सञ्जाल तथा व्यापार प्रवर्धन आयोजना	विश्व बैङ्क (ऋण र अनुदान)	काठमाडौं	२०२०	२०२७	३५३३३	४६६	१.३२
					जम्मा	**६४५४२**	**२६६४२**	

६.१. ग्रामीण उद्यम तथा विप्रेषण परियोजना ७ वर्षमा सम्पन्न गर्नुपर्नेमा अपेक्षित खर्च हुन नसकेको कारण निर्धारित क्रियाकलापहरू र ऋण सहायता रकम कटौती भई सम्झौता रकम रू.६ अर्ब ८१ करोड ५० लाखबाट रू.२ अर्ब ७४ करोड २८ लाख कायम भएको छ। यस वर्षसम्म रू.२ अर्ब ५२ करोड ४८ लाख २७ हजार खर्च भई ९२.०५ प्रतिशत वित्तीय प्रगति भएको छ। रणनीतिक सडक सञ्जाल व्यापार प्रवर्धन आयोजनाको वित्तीय प्रगति १.३२ प्रतिशत र नेपाल चिया निर्यात अभिवृद्धि दिगोपनाको वित्तीय प्रगति ५२.११ प्रतिशत मात्र रहेको छ। दुबै आयोजना सुरु भएको ३ वर्ष व्यतीत भए तापनि खर्च न्यून रहेकाले निर्धारित समयावधिभित्र आयोजना सम्पन्न हुन नसकी आयोजनाको समय र लागत बढ्ने

अवस्था देखिन्छ। तसर्थ, लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गर्न आयोजनाको समय, कार्यक्रम तथा बजेट र खर्चबीच तादाम्यता मिलाउनुपर्ने देखिन्छ।

६.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा केन्द्रीय निकायले आफ्नो बजेट तथा कार्यक्रमसँग सम्बन्धित वैदेशिक सहायताको सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ। विश्व व्यापार सङ्गठनबाट मन्त्रालयमार्फत इन्हेन्सड इन्टिग्रेटेड फ्रेमवर्क कार्यक्रमको लागि रू.३२ लाख खर्च गरे तापनि वार्षिक बजेटमा समावेश गरेको छैन। कानुनी व्यवस्थाअनुसार सहायता रकम बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ।

६.३. उत्तरी क्षेत्र विकास कार्यक्रमअन्तर्गत २६ हिमाली जिल्लाको पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रमका लागि चीन सरकारसँग २०७५।७६ मा रू.३ अर्ब ४५ करोड (२०० मिलियन आर.एम.बी.) सहयोग प्राप्त गर्नेगरी सम्झौता भएकोमा सो कार्यक्रमको सुरुवात नभएको कारणले हिमाली जिल्लामा १२६ परियोजना कार्यान्वयन हुन सकेको छैन। सहयोग सम्झौताअनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय गरी लक्षितवर्गमा प्रतिफल पुऱ्याउनुपर्दछ।

६.४. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को बुँदा ३.२.८ मा सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने उल्लेख छ। दैलेखमा पेट्रोल अन्वेषणका लागि सन् २०२१ सम्म १३६ मिलियन चाइनिज युआन खर्च गर्नेगरी २३ मार्च २०१६ मा सम्झौता भएकोमा मन्त्रालयले सो लगानी बजेटमा समावेश गरेको छैन। अन्वेषण कार्य अन्तर्गत ४ किलोमिटर गहिराइको अन्वेषणात्मक ड्रिलिङ्ग स्थान पहिचान भएको र दोस्रो चरणको काम भइरहेको उल्लेख गरे पनि सहायता खर्च परिचालन अवस्था यकिन भएन। सहायता परिचालनको अभिलेख राखी मूल्याङ्कन गर्नुपर्दछ।

७. **राष्ट्रिय गुणस्तर प्रत्यायन** - उत्पादित वस्तुहरूको गुणस्तर पहिचान गरी प्रमाणित गर्न गुणस्तर तथा नापतौल विभागको स्थापना भई गुणस्तर प्रमाण चिन्ह प्रदान गर्दै आए तापनि गुणस्तर प्रमाणित भएका वस्तुको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तर्राष्ट्रिय मान्यता दिने संस्था नेपालमा स्थापना भएको छैन। विभागलगायत नेपालमा सञ्चालित स्वास्थ्य प्रयोगशाला, उद्योग तथा कम्पनीले स्थापना गरेका प्रयोगशाला, निजीक्षेत्रका अन्य प्रयोगशालासमेतले प्रत्यायन कार्यका लागि पारस्परिक मान्यता सम्झौता (म्युचुअल रिकग्निसन एग्रिमेन्ट) भएका विदेशी संस्थाहरूलाई शुल्क भुक्तानी गर्दै आएको छ। नेपालले राष्ट्रिय स्तरको एक्रिडिटेसन बोर्ड स्थापना गरी क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरको प्रत्यायन मञ्चसँगको सम्बन्धन लिएको छैन। गुणस्तर प्रमाणित भएको वस्तुहरूको प्रत्यायनको माध्यमबाट समरूपता मूल्याङ्कन गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने व्यवस्था गर्नुपर्दछ।

८. **अन्तर्राष्ट्रिय व्यापार** - भन्सार विभागबाट प्राप्त तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको अवस्था देहायबमोजिम छः

(रू.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	अनुपात
२०७९।८०	१५७.१४	१६११.७३	१४५४.५९	१:१०.३
२०७८।७९	२००	१९२०	१७२०	१:९.६
२०७७।७८	१४१	१५३९	१३९८	१:१०.९
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	१:१२.२
२०७५।७६	९७.११	१४१८.५६	१३२१.४५	१:१४.६

निर्यात गत वर्षको तुलनामा २१.४३ प्रतिशतले घट्न गई यस वर्ष रू.१ खर्ब ५७ अर्ब रहेको छ। निर्यात गरिएका प्रमुख वस्तुमा भटमास तेल, पामतेल, कटन धागो, ऊनी गलैँचा, जुटका सामान, अलैँची, तयारी पोशाक, जुस आदि रहेका छन्। गत वर्षको तुलनामा पामतेलको निर्यातमा ५० प्रतिशतले कमी भई रू.२० अर्ब ५० करोड र भटमासको तेलको निर्यातमा ८२.४ प्रतिशतले कमी भई रू.८ अर्ब ४७ करोड निर्यात भएको छ। अलैँचीको निर्यातमा ७१.९५ प्रतिशतले वृद्धि भई रू.८ अर्ब २७ करोड, चियाको निर्यातमा १४.६४ प्रतिशतले वृद्धि भई रू.३ अर्ब ९३ करोड पुगेको छ। मूल्य अभिवृद्धि हुने प्रकारका वस्तुको निर्यातमा अपेक्षित वृद्धि नदेखिँदा भुक्तानी सन्तुलनमा उल्लेख्य योगदान पुग्न सकेको छैन। निर्यातको तुलनामा आयात उच्च रहेकोले २०७९।८० मा व्यापार घाटा रू.१४ खर्ब ५४ अर्ब पुगेको छ। जसले वैदेशिक मुद्राको सञ्चितिमा समेत प्रतिकूल प्रभाव परेको छ।

९. **औद्योगिक ग्राम** - रूपान्तरणकारी आयोजनाको रूपमा २०७६।७७ देखि एक स्थानीय तह, एक औद्यौगिक ग्राम स्थापनाको कार्यक्रम सञ्चालनमा आएको छ। सो कार्यक्रममा स्थानीय तहलाई बढीमा रू.३ करोडसम्म अनुदान दिने नीतिबमोजिम मन्त्रालयले यो वर्षसम्म १२० स्थानीय तहलाई रू.१ अर्ब ४३ करोड ३ लाख अनुदान प्रदान गरेको छ। अनुदान प्राप्त गर्ने स्थानीय तहमध्ये १२० लाई पहिलो र २४ लाई पहिलो र दोस्रो तथा ५ लाई तेस्रो किस्तासमेत निकासा भएको छ। उक्त रकमबाट स्थानीय तहले गरेको कार्य प्रगतिको अभिलेख मन्त्रालयमा रहेको छैन। जग्गाको उपलब्धता, उपलब्ध जग्गामा औद्योगिक ग्राम विकासको सम्भावना, स्थानीय तहको प्राथमिकता र क्षमताको विश्लेषण नगरी सुरु भएको कार्यक्रमको कार्यान्वयन पक्षमा सुधार गरी तोकिएको लक्ष्य प्राप्त गर्नुपर्दछ।

१०. **उद्योगको अवस्था** - औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने लक्ष्य लिएको छ। विभागले उपलब्ध गराएको विवरणमा यस वर्षसम्म देशभरमा ९ हजार ८५ उद्योग दर्ता भएका र यी उद्योगमा रू.२८ खर्ब ३७ अर्ब लगानी रही अनुमानित ६ लाख ८० हजार ३३७ ले रोजगारी प्राप्त गरेको उल्लेख छ। यसरी दर्ता भएका उद्योगमध्ये क्षेत्रगत सङ्ख्याको आधारमा उत्पादनमूलक उद्योग ३७.३४ प्रतिशत, सेवामूलक उद्योग २६.१५ प्रतिशत, पर्यटन उद्योग २१.८९ प्रतिशत, ऊर्जामूलक उद्योग ६ प्रतिशत र अन्य उद्योग ८.६२ प्रतिशत रहेका छन्।

एकल विन्दु सेवा पूर्ण रूपमा लागु नहुनु, निर्यातयोग्य वस्तुको उत्पादन तथा विविधीकरण नहुनु, स्वदेशी कच्चा पदार्थ प्रयोग हुने उद्योगको कमी लगायतका कारण यस क्षेत्रले देशको आर्थिक विकासमा अपेक्षित योगदान पुऱ्याउन सकेको देखिँदैन। यस क्षेत्रको विकासको लागि गरिएका नीतिगत तथा कार्यगत व्यवस्थाका बाबजुद लगानीयोग्य वातावरण, डुइङ बिजिनेसमा नेपालको स्तर सुधार नहुनुलगायतका पक्षहरू मध्यनजर गर्दै राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

११. **अवैतनिक वाणिज्य दूत -** व्यापार प्रवर्धन गर्ने उद्देश्यले विभिन्न देशमा महावाणिज्यदूत र अवैतनिक वाणिज्य दूत नियुक्ति हुने व्यवस्था छ। यो वर्षसम्म ३५ देशका ५३ शहरमा नेपाली अवैतनिक वाणिज्य दूत नियुक्त भएका छन्। यसरी नियुक्त भएका पदाधिकारीले निर्यात वृद्धिमा पुऱ्याएको योगदान, आयातकर्तालाई परेका समस्या समाधानमा गरेको सहयोग, नेपालमा वैदेशिक लगानी भित्र्याउन गरेका कार्यलगायतका विषयमा आवधिक रूपमा प्रतिवेदन प्राप्त गरी कामको मूल्याङ्कन हुने गरेको छैन। आवधिक रूपमा प्रतिवेदन लिई कामको मूल्याङ्कन गर्नुपर्दछ।

१२. **खाद्यान्न आपूर्ति तथा उपभोक्ता हित -** कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ। मन्त्रालयले दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानी, राष्ट्रिय खाद्य सुरक्षा भण्डारण र सार्क खाद्य बैङ्कमा खाद्यान्न मौज्दात, चार्डपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालन, कर्णाली प्रदेशका कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा जिल्लामा जन्म र मृत्युमा निःशुल्क खाद्यान्न वितरण, प्रत्येक स्थानीय तहमा सहकारीमार्फत सहुलियत मूल्यमा खाद्य वस्तुको बिक्री वितरणका लागि यो वर्ष रू.५० करोड ३१ लाख ६३ हजार अनुदान प्रदान गरेको देखिन्छ। अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवं सहज रूपमा उपलब्ध हुन नसक्नु, खाद्यान्नमा हुने मिसावट, कार्टेलिङ र सिण्डिकेटलगायतका विकृतिका कारण कृत्रिम अभाव सिर्जना हुनु, अवाञ्छित मूल्य वृद्धि हुनु, बजार अनुगमन प्रभावकारी हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। आपूर्ति र उपभोक्ता हित संरक्षण सम्बन्धमा देखिएका समस्या समाधान हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१३. **नुन ढुवानी अनुदान** - बजेट वक्तव्यमा कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार १७ जिल्लाका ६१ स्थानमा ७७ हजार ३९.५ क्विन्टल नुन ढुवानी गर्न मन्त्रालयले नेपाल साल्ट ट्रेडिङ लिमिटेडलाई रू.१२ करोड ६५ लाख ७८ हजार अनुदान दिएको छ। प्राप्त विवरणअनुसार ६१ मध्ये ८ स्थानमा नुन ढुवानी भएको छैन। अनुदान उपलब्ध भएबमोजिमको स्थानमा ढुवानीको व्यवस्था गर्नुपर्दछ।

नेपाल सरकारले २०५९ मा भौगोलिक अवस्था र यातायातको पहुँच नपुगेका २२ जिल्लामा नुन ढुवानी अनुदान दिने निर्णय गरेको छ। हाल सोलुखुम्बु, अछाम, रुकुम, दार्चुला, जाजरकोटलगायतका जिल्लामा यातायातको पहुँच भइसकेकोले यी क्षेत्रमा दिएको अनुदान समय सापेक्ष पुनरावलोकन गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत छ।

१४. **खाद्यान्न ढुवानी अनुदान** - बजेट वक्तव्यमा कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार २३ जिल्लामा खाद्यान्न ढुवानीलगायतका ६ कार्यक्रमको लागि खाद्य तथा व्यापार कम्पनीलाई रू.५८ करोड ६१ लाख अनुदान प्रदान गरेको छ। उक्त खर्चमध्ये ३० हजार मेट्रिकटन चामल ढुवानीमा रू.४७ करोड ५३ लाख खर्च भएको छ। मन्त्रालयले २३ जिल्लामा खाद्यान्न ढुवानी अनुदान प्रदान गर्दै आएकोमा सडक सञ्जालसँग जोडिएका जिल्लाहरूमा निजी क्षेत्रले समेत खाद्यान्न ढुवानी गर्न थालेको सन्दर्भमा ढुवानी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्दछ।

उद्योग विभाग

मझौला एवं ठूला उद्योगहरूको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, वैदेशिक लगानीका उद्योगहरूलाई अनुमति प्रदान गर्ने लगायतका कार्यका लागि विभागको स्थापना भएको हो।

१५. **उद्योग दर्ता, नवीकरण र नियमन** - औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४ मा दर्ता प्रमाणपत्र लिएका उद्योगहरूले नियम ८ बमोजिम व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षण प्रतिवेदनलगायतका आवश्यक कागजातहरू उद्योग विभागमा बुझाउनुपर्ने व्यवस्था छ। यो वर्ष दर्ता भएका ३२१ समेत ९ हजार ८५ उद्योग (स्वदेशी लगानीमा ३ हजार २२६ र विदेशी लगानीमा ५ हजार ८५९) रहेकोमा मन्त्रालय तथा विभागले अनुगमन गरी उद्योगहरूको सञ्चालन स्थिति यकिन गरेको छैन। नियमावलीअनुसार नवीकरण गराई अनुगमन गर्नुपर्दछ।

१६. **उद्योग स्थापना र सञ्चालन** - सरकारको नीति तथा कार्यक्रममा खाद्य, कृषि तथा वनजन्य वस्तुहरूको प्रशोधन, जनजीवनलाई सुचारु गर्न नभई नहुने वस्तु तथा औषधि र स्वास्थ्य सामग्री एवं स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादनमूलक उद्योगहरूको स्थापना र विस्तारको लागि प्रोत्साहन गरिने उल्लेख छ। सरकारले स्थापना गरेको कपास विकास समितिलाई क्षमताअनुसार सञ्चालन नगर्दा कृषकले कपास खेती गर्न छाडेको, स्थानीय कच्चा पदार्थको उत्पादनमा कमी र आयातलगायतका कारणले बुटवल धागो कारखाना लिमिटेड र हेटौंडा कपडा उद्योग जस्ता उद्योग बन्द भएको, जनकपुर चुरोट कारखाना बन्द हुँदा तराईमा सुर्ती खेती प्रतिस्थापन भएको, म्याग्नेसाइट खानीमा आधारित ओरिएण्ट तथा म्याग्नेसाइट उद्योग प्रा.लि. लामो समयदेखि बन्द रही ६० भन्दा धेरै उत्पादन दिनसक्ने स्वदेशी खानी उपयोगविहीन रहेको, जडीबुटी एवं दुग्धजस्ता सम्भाव्य क्षेत्रमा उद्योगहरू स्थापना हुन सकेका छैनन्। साथै विभागले स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरी उत्पादनमूलक उद्योग स्थापना गर्ने नीतिगत प्राथमिकताको विषय कार्यान्वयनमा ल्याएको छैन। स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग सञ्चालन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१७. **वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण** - उद्योगमा लगानी वृद्धि गरी अर्थतन्त्रमा योगदान पुऱ्याउन प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण कार्यलाई प्रोत्साहन गर्ने राज्यको नीतिअनुरूप यो वर्ष ५ हजार ८५९ लगानीकर्ताबाट रू.९ अर्ब २० करोडसमेत यो वर्षसम्म रू.२८ खर्ब ३७ अर्बको वैदेशिक लगानी स्वीकृत भई सोबाट प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरणका साथै ६ लाख ८० हजार रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा विभागले सोको अवस्था यकिन हुने अद्यावधिक अभिलेख राखेको छैन। नीतिगत अस्थिरता, कर प्रशासनमा समस्या, जग्गा विवाद, औद्योगिक सुरक्षाको सवाल, कच्चा पदार्थको उपलब्धता लगायतका कारण अपेक्षित रूपले वैदेशिक लगानी प्राप्त हुन नसकेको तथा प्राप्त हुने वैदेशिक लगानी समेत उपयोगमा आउन नसकेको विभागले उल्लेख गरेको छ। विद्यमान समस्याहरू समाधान गरी प्रत्यक्ष वैदेशिक लगानी र प्रविधि हस्तान्तरण बढाउनुपर्दछ।

१८. **एकल विन्दु सेवा** - औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३५ मा यस ऐन तथा प्रचलित अन्य कानुनबमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारसम्बन्धी सेवा समयमै सरल र सहज रूपमा एकै स्थानबाट उपलब्ध गराउने व्यवस्थाबमोजिम २०७६।२।१ मा एकल विन्दु सेवा केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ। यद्यपि

संगठन संरचनाअनुसार क्षेत्रगत रूपमा सबै निकायहरूबाट एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व हुन नसकेको, पूर्ण अटोमेसनमा लैजान आवश्यक सफ्टवेयर विकास र डकुमेन्ट डिजिटाइजेसन कार्य सम्पन्न हुन नसकेको लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन। लक्ष्यअनुसार सेवा प्रवाह प्रभावकारी हुने गरी सुधार गर्नुपर्दछ।

१९. **नगद प्रोत्साहन** - स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार विभागले कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गर्दै आएको छ। अनुदान रकम निकासाको लागि विभागबाट निकासीकर्ताको स्वघोषणालाई सिफारिस गरी निर्यात कारोबार गर्ने बैङ्कमार्फत राष्ट्र बैङ्कमा अनुरोध भए अनुसार अनुदान रकम उपलब्ध गराएको छ। विभागले गत वर्षसम्म रू.५ अर्ब ३४ करोड ९२ लाख र यो वर्ष २१० उद्योगलाई रू.१ अर्बसमेत हालसम्म रू.६ अर्ब ३४ करोड ९२ लाख नगद प्रोत्साहन अनुदान दिएको छ। सुरु वर्ष रू.२४ करोड ८१ लाख अनुदान वितरण हुँदा निर्यात रू.७७ अर्ब ३५ करोड रहेको देखिन्छ। सो आधारमा निर्यात १६५ प्रतिशतले वृद्धि हुँदा निर्यात प्रोत्साहन अनुदान ४७६ प्रतिशतले वृद्धि भएको देखिन्छ। उत्पादित वस्तुमा खपत हुने सबै अवयवहरू समेतलाई आधार लिई यथार्थ लागतको आधारमा मूल्य अभिवृद्धि प्रतिशत गणना गर्ने, मूल्य अभिवृद्धि नर्म्स तयार गर्ने, अनुदानबाट निर्यातमा परेको प्रभाव सम्बन्धमा अध्ययन गरी नगद प्रोत्साहन वितरणसम्बन्धी नीतिमा आवश्यक पुनरावलोकन गर्नुपर्दछ।

२०. **सहुलियत -** नेपाल सरकारको औद्योगिक तथा वाणिज्य नीतिअनुसार तेस्रो मुलुकमा वस्तु निर्यात गर्ने गरी स्थापना भएका उद्योगलाई भन्सार, मूल्य अभिवृद्धि कर तथा आयकरमा समेत विशेष सहुलियत प्रदान हुँदै आएको छ। उत्पादनमा सहुलियत दिने र सोही उत्पादन निर्यात गरेमा पुनः नगद अनुदान दिनुले एकै उद्योगले दोहोरो सुविधा उपयोग गर्न पाउने अवस्था छ। उत्पादित वस्तु तेस्रो मुलुकमा निर्यात गर्ने उद्देश्यले स्थापना भएका उद्योगलाई दिइँदै आएको कर, शुल्क सुविधाका अतिरिक्त नगद अनुदान व्यवस्था र यसको अपेक्षित प्रभावका सन्दर्भमा विश्लेषण गरी मुलुकको अर्थतन्त्रमा थप टेवा हुने गरी सेवा सहुलियत दिनुपर्ने देखिन्छ।

खानी तथा भू-गर्भ विभाग

नेपालमा भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, इन्जिनियरिङ, पर्यावरण, जोखिम आकलन, सिस्मो टेक्टोनिक अध्ययन, भूकम्प अनुगमन, भौगर्भिक अध्ययन, अनुसन्धान तथा खनिज सम्पदाको प्रवर्धन एवं विकासको लागि विभागको स्थापना भएको हो।

२१. **नीति कार्यान्वयन** - खनिज स्रोतको संरक्षण, संवर्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रू.१०० अर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ। नीति कार्यान्वयनका लागि कार्य योजनासहितका विभिन्न ८१ रणनीति उल्लेख गरिएको छ। सोअन्तर्गत सबै खनिज स्रोतहरूको १ वर्षभित्र डाटाबेस तयार गरी रणनीतिक तथा सामरिक महत्वका खनिजहरूको गुण तथा परिमाण यकिन गर्ने, खानी स्थलको अनुगमन गरी खनिज उत्खनन् व्यवस्थित गर्ने र २ वर्षभित्र रणनीतिक महत्वका खनिजको विशेष क्षेत्र घोषणा गर्ने तथा ३ वर्षभित्र नवीनतम विधिको प्रयोग गरी नेपालको भौगर्भिक

नक्साङ्कन तयार गर्ने उल्लेख छ। यो वर्षसम्म २६ चुनढुङ्गामा आधारित ठुला सिमेन्ट उद्योगहरू स्थापना भएका र विभागले निजी तथा सरकारी उद्योगसमेत १५९ उत्खनन् अनुमति प्रदान गरेको छ। नेपालमा रहेका खनिजहरूको अन्वेषण, उत्खनन्, विकास गरी खानीजन्य उद्योगको स्थापनाका लागि प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुका साथै उत्खनन् अनुमति दिएका उद्योगको अनुगमन प्रभावकारी बनाउनु पर्दछ।

२२. **खनिज अन्वेषण** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को अनुसूची-१ मा सुन, सामरिक महत्त्वका खास खनिज, रेडियोधर्मी खनिज, युरेनियम, प्लाटिनयमलगायतका खनिजलाई अति महत्त्वपूर्ण खनिजमा वर्गीकरण गरेको छ। आणविक सामग्रीको भौतिक संरक्षणसम्बन्धी महासन्धि, १९१८ अनुसार यस्ता सामग्रीको उत्पादन तथा प्रयोग गर्न पारवहन व्यवस्था, मानव स्वास्थ्य तथा अन्य सुरक्षा व्यवस्थामा सामजस्यता हुने गरी राष्ट्रिय कानुन तर्जुमा गरेपछि मात्र यस्ता खनिजको उत्खनन् गर्नुपर्ने व्यवस्था छ। विभागले टोपो सर्भे, गामा स्पेक्ट्रोमेट्री सर्भेलगायत सर्भेबाट मनाङ, गोरखा, बझाङ, बैतडी, मुस्ताङको लोमन्थाङ, मकवानपुरको कालापानी, चाँदे, तीनभंगाले, माझदमारलगायतका स्थानमा युरेनियम भएको उल्लेख गरेको छ। यसको उपयोगबारे स्पष्ट नीतिगत व्यवस्था गरिनुपर्दछ।

२३. **स्रोत परिचालन र कार्ययोजना** - नेपालको संविधानको धारा ५१(६) मा प्राकृतिक स्रोतको संरक्षण, संवर्धन र वातावरणअनुकूल दिगो उपयोग गर्ने व्यवस्था छ। विभागले चुनढुङ्गा, कोइला, खरी, टुर्मालिन, कार्बनाइट, डोलोमाइटलगायतका खास खनिज-२७ समेत यो वर्षसम्म १५९ खानी उत्खनन् अनुमति दिएको र विभागबाट अन्वेषण जारी रहेको खास खनिज ३० समेत चुनढुङ्गा २०२, क्वार्जाइट ४१, सिलिका १०, सुन ३ समेत ४२२ खानीको खोजतलास अनुमति दिएको छ। विभागले अन्य सम्भावित खनिज पदार्थको उत्खनन् एवं उपयोग सम्बन्धी दीर्घकालीन कार्ययोजना तयार गरेको छैन। खनिजको उपादेयताका आधारमा खनिज उद्योगको राष्ट्रिय प्राथमिकता सहित खनिज सम्पदाको दीर्घकालीन उपयोग गर्नुपर्दछ। अनुमतिपश्चात् अनुगमनको व्यवस्था प्रभावकारी रहनुपर्दछ।

२४. **खोजतलास अनुमति नामसारी** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५३(क) को उपनियम ५ मा अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका शर्त, ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नामको अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था छ। विभागले यो वर्ष ८ अन्वेषण र ४ उत्खनन् कार्यको अनुमति अन्य व्यक्ति तथा कम्पनीको नाममा नामसारी गरेको छ। प्राप्त अनुमतिबमोजिम काम सुरु नगरी नामसारी गर्ने व्यवस्थाले उद्देश्यअनुसारको काममा ढिलाइ हुने भएकोले उक्त व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

२५. **प्रयोगशाला सञ्चालन** - प्रयोगशालाको लागि विभिन्न दर्जाका ११ प्राविधिक कर्मचारीको दरबन्दी रहेकोमा ३ मात्रै कार्यरत रहेको रन्यून एवं दक्ष जनशक्तिको कमीको कारण युरेनियम परीक्षणको लागि अन्तर्राष्ट्रिय अणु ऊर्जा एजेन्सीले अनुदानमा दिएको एस टु रेन्जर मेसिन बिग्रेकोले काम नगर्ने अवस्था रहेको छ। यसै गरी विभागले १ वर्षको वारेन्टी अवधि रहने गरी २०७५ मा रू.१ करोड ६२ लाख ७१ हजारमा खरिद गरेको एजिलेन्ट प्रविधिको ७८००-आई सीपी-एमएस उपकरण उपयोगविहीन अवस्थामा छ। प्रयोगशालामा जडित उपकरण तथा खरिद भएका रिएजेन्टको उच्चतम उपयोग गर्ने प्रबन्ध मिलाउनुपर्दछ।

२६. **भूकम्प मापन केन्द्र** - नेपाल सरकारको २०७३ को नीति तथा कार्यक्रममा भूकम्प मापन केन्द्रलाई सुविधा सम्पन्न बनाउने उल्लेख छ। नेपालभर रहेका ४२ भूकम्प मापन स्टेसन भएकोमा सो मध्ये २४ स्टेसनमा थ्री कम्पोनेन्ट र बाँकीमा सिङ्गल कम्पोनेन्ट भएको भूकम्प मापन उपकरण रहेका छन्। भूकम्प मापन केन्द्रमा प्रविधि र सक्षमताको दृष्टिले व्यवस्थित गरिनुपर्दछ।

२७. **खानी सञ्चालन** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ बमोजिम खनिज पदार्थ उत्खनन्को लागि यो वर्ष विभागले १५९ खानीको अनुमतिपत्र दिएकोमा ८६ सञ्चालनमा आएको पाइएन। उपलब्ध खनिज तथा खानी क्षेत्रको सञ्चालनको व्यवस्था मिलाउनुपर्दछ।

२८. **खानी सञ्चालनमा तौलपुल -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ मा उत्खनन् कार्यको अनुमतिपत्र पाउने व्यक्तिले उत्खनन् कार्य गर्दा पालना गर्नुपर्ने शर्तमा खनिज पदार्थ भण्डार गर्ने तथा जम्मा गर्ने स्थलमा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राख्नुपर्ने उल्लेख छ। खानी सञ्चालकले उत्खनित खानीको परिमाण मापन गर्ने तौलपुल राख्ने व्यवस्था गरेको पाइएन। तौलपुल राख्ने व्यवस्था गर्दा उत्खनन् गरिएको खनिज पदार्थको परिमाण यकिन गर्न सकिने, खनिजको अधिक उत्खन्न तथा नियन्त्रण हुने, खनिज उत्खनन्बाट प्राप्त हुने रोयल्टी, शुल्क आदिको गणना गर्न सहज हुने भएकोले नियमावलीबमोजिम तौलपुलको व्यवस्था गर्नुपर्दछ।

नेपाल गुणस्तर तथा नापतौल विभाग

विभिन्न उत्पादनको गुणस्तर निर्धारण, गुणस्तर प्रमाण चिन्ह प्रदान, खेप प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, क्यालिब्रेसन, इको लेबलिङ्ग जस्ता सेवा उपलब्ध गराउने उद्देश्यले विभागको स्थापना भएको हो।

२९. **ऐन/नियम परिमार्जन** - प्रचलित कानुनहरूमा समयसापेक्ष परिमार्जन गर्नुपर्नेमा स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ तथा नियमावली, २०४० मा सबै प्रकारका व्यापार व्यवसायलाई अनिवार्य प्रमाणीकरण गराउने, ट्याक्सी, टेम्पोलगायतका मिटर नामसारीलाई सवारी खरिद बिक्रीसँग जोड्ने, प्रमाणपत्र रद्द बाहेक थप क्षतिपूर्तिसहितको कारबाही गर्ने लगायतका विषय समेटेको देखिएन। समय सापेक्ष विषयहरू समेटी कानुन परिमार्जन गर्नुपर्दछ।

३०. **गुणस्तर परीक्षण** - नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ को दफा १२ मा गुणस्तर प्रमाणपत्र प्राप्त गर्नेले त्यसको पालना गरे, नगरेको सम्बन्धमा विभागले जुनसुकै अवस्थामा निरीक्षण गर्नसक्ने व्यवस्था छ। विभागले यस वर्ष ५३ समेत २०७९।८० सम्म विभिन्न ३५७ वस्तु तथा कम्पनीलाई गुणस्तर प्रमाण चिन्ह उपलब्ध गराएकोमा यो वर्ष २६२ उद्योगको निरीक्षण गर्दा कैफियत देखिएका ७१ उद्योगलाई स्पष्टीकरण पेस गर्न लगाएको छ। परीक्षण गर्नुपर्ने वस्तुको सङ्ख्याको आधारमा नमूना सङ्कलन तथा परीक्षणको दायरा बढाई गुणस्तर नियन्त्रण गर्नुपर्दछ।

३१. **नापतौलको राजस्व सङ्कलन** - तौल यन्त्र प्रयोग गर्न स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा अनुमतिपत्र/इजाजतपत्र लिँदा र जाँच गराउँदा गुणस्तर परीक्षणका लागि निर्धारण भएको दरमा अनुपतिपत्र/इजाजतपत्र जाँच शुल्क र जरिबानाको व्यवस्था छ। विभाग तथा मातहतका ११ कार्यालयले गतवर्ष रू.७ करोड १६ लाख ११ हजार र यो वर्ष रू.७ करोड ४५ लाख २४ हजार राजस्व सङ्कलन गरेको छ। उक्त आम्दानी गत वर्षको तुलनामा ४ प्रतिशतले वृद्धि भए पनि पोखरा, बुटवल, सुर्खेत, जनकपुर, विराटनगर शाखा कार्यालयको राजस्व वृद्धि भएको पाइएन। नयाँ व्यवसायीलाई

अनुपतिपत्र/इजाजतपत्र र पुरानालाई नवीकरणको दायरामा ल्याई राजस्व असुली तथा अनुगमनसमेतलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

३२. **नाप तौलको नियमन** - स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २५ मा अनुमति लिएका नाप, तौल यन्त्रको निरीक्षकले नियमित जाँच गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभागले मातहत कार्यालयहरूबाट ११ हजार ७१६ नाप तौल वा नाप्ने तौलने यन्त्रका लागि इजाजत दिएको तथा नवीकरण गरेको, ९५३ ट्याङ्कर तथा ८ हजार ५४२ ट्याक्सी जाँच गरेको, नाप तौल तथा उपभोक्ता हित संरक्षणका लागि एकल अनुगमन १ हजार ७०६ र संयुक्त अनुगमन १ हजार ११३ पटक सम्पन्न गरेको उल्लेख छ। विभागले निरीक्षणबाट २१ हजार ४६४ नाप तौल यन्त्र प्रयोग गर्ने २४ हजार ३४ व्यवसायीलाई कारबाही गरेको छ। ती व्यवसायीमध्ये २१ लाई अभियोगपत्र दायर गरी अन्यलाई सामान्य जरिबाना गरेको अवस्था छ। नाप, तौल नियन्त्रण कार्यलाई नियमित तथा प्रभावकारी बनाई उपभोक्ता हित संरक्षण गर्नुपर्दछ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको स्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी कार्य सरल, पारदर्शी बनाउने र कम्पनी ऐनको कार्यान्वयन तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले कार्यालयको स्थापना भएको हो।

३३. **सेवा प्रवाह** - कार्यालयमा ३ लाख १६ हजार २२२ कम्पनी दर्ता भएका र मातहत २ कार्यालय समेतबाट ती कम्पनीहरूको दर्ता कार्य भइरहेको छ। सूचना प्रविधिको उच्चतम उपयोग, ओपन र क्लोज डाटाको उपयोग, कर्मचारी तथा सेवाग्राहीको क्षमता अभिवृद्धि, डाटा सुरक्षाको उचित प्रबन्ध गरी कम्पनीहरूको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ।

३४. **कम्पनी विवरण** - कम्पनी ऐन, २०६३ को दफा ८० मा लगातार तीन आर्थिक वर्षसम्म विवरण पेस नगरेमा तथा कम्पनीले आफ्नो कारोबार सञ्चालन नगरेमा कार्यालयले कम्पनीको दर्ता खारेज गर्न सक्ने व्यवस्था छ। कार्यालयमा दर्ता भएका ३ लाख १६ हजार २२२ कम्पनीमध्ये राष्ट्रिय बीमा कम्पनी लिमिटेड, नेपाल रेल्वे कम्पनी लिमिटेडलगायत १ लाख ७३ हजार ७५ कम्पनीले वार्षिक सधारण सभा, मुनाफा बाँडफाँटलगायतका तोकिएका विवरण पेस गरेका छैनन्। ऐनको व्यवस्थाअनुसार कम्पनीको नतिजामुखी नियमन गर्नुपर्दछ।

३५. **अनुगमन तथा निरीक्षण** - कम्पनी ऐन, २०६३ बमोजिम कम्पनीहरूको दर्ता, अभिलेख अद्यावधिक, संस्थागत सुशासनको लागि अनुगमन तथा निरीक्षण गर्ने मुख्य जिम्मेवारी यस कार्यालयको रहेको छ। कार्यालयले ३ लाख १६ हजार २२२ कम्पनीको प्रशासन तथा व्यवस्थापन गरिरहेकोमा २०४९ सालमा कार्यालय स्थापना हुँदाको तुलनामा कम्पनीको सङ्ख्या करिब ५ गुणा वृद्धि भएको छ। अनुगमन तथा निरीक्षण कार्य प्रभावकारी हुन सकेको छैन। दर्ता भएका मध्ये अधिकांश कम्पनीले विवरण अद्यावधिक नगरेको अवस्था छ। संस्थागत सुशासनलाई अभिवृद्धि गर्न अनुगमन तथा निरीक्षण कार्य प्रभावकारी बनाउनुपर्दछ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

गुणस्तरीय वस्तु तथा सेवामा पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने, वाणिज्य नीति, आपूर्ति व्यवस्था र उपभोक्ताको अधिकार संरक्षण सम्बन्धी नीति निर्धारणमा पृष्ठपोषण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

३६. **उपभोक्ता संरक्षण** - गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनको लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण ऐन, २०७५ लागु भएको छ। ऐनको दफा ३२ बमोजिम छुट्टै निरीक्षण अधिकृत नियुक्ति हुन नसकेको, ऐनको दफा ४१ बमोजिम उपभोक्ता अदालत गठन हुन बाँकी रहेको, ऐन र निर्देशिकामा तोकिएबमोजिम संयुक्त बजार अनुगमन हुन नसकेको, बजार अनुगमन तीनै तहको सरकारको जिम्मेवारी हुने कानुनी व्यवस्था भए तापनि क्षेत्र निर्धारण नभएको, वस्तुको मूल्य र तह निर्धारणसम्बन्धी कार्यविधि नभएकोले मूल्य निर्धारणमा पारदर्शिता र एकरूपता कायम हुन नसकेको, सचेतनामूलक कार्यक्रम पर्याप्त रूपमा सञ्चालन नभएको लगायतका स्थिति देखिएको छ। सम्पादन हुन बाँकी कार्यहरू पूरा गरी ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३७. **बजार अनुगमन** - उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यावसायिक फर्महरूको दर्ता, नवीकरण एवं कार्यसम्पादनको अनुगमन गर्ने विभागको प्रमुख कार्यहरू हुने व्यवस्था छ। विभागले गतवर्ष २ हजार ४४८ फर्मको अनुगमन गरेकोमा यो वर्ष दर्ता एवं नवीकरण भएका कुल १४ हजार २६६ व्यावसायिक फर्ममध्ये ८१८ फर्मको बजार अनुगमन गरी ७५३ (९२.०५ प्रतिशत) फर्मलाई रू.१ करोड ७३ लाख ८६ हजार जरिबाना गरेको उल्लेख छ। जरिबाना गरेकोमध्ये ६२ फर्मबाट रू.२१ लाख १ हजार असुल हुन बाँकी रहेको छ। ऐनबमोजिम छुट्टै निरीक्षण अधिकृत नियुक्त नभएको अवस्थामा विभागले ७७ सहायक प्रमुख जिल्ला अधिकारी, ७२ इलाका प्रशासन कार्यालय प्रमुख र ७५३ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई बजार निरीक्षकको रूपमा तोके तापनि ती बजार निरीक्षकबाट भएको अनुगमनसम्बन्धी विवरण प्राप्त गरी अभिलेख राखेको छैन। विभागले तीनैतहका निकायबीच समन्वय कायम गरी बजार अनुगमनलाई प्रभावकारी बनाउनुका साथै प्राप्त हुन बाँकी जरिबाना रकम असुल गर्नुपर्दछ।

३८. **विद्युतीय व्यापारको नियमन** - नेपालको विद्युतीय व्यापारको विकास र उपयोग सम्बन्धी राष्ट्रिय रणनीति, २०७६ मा विद्युतीय व्यापारको नियमन, व्यवस्थापन, सहजीकरण तथा उपभोक्ता हित संरक्षणका लागि कानुनी व्यवस्था गर्ने उल्लेख छ। नेपालमा विभिन्न स्वदेशी, विदेशी, अन्तर्राष्ट्रिय ई-कमर्शका साइटहरूमार्फत वस्तु तथा सेवा प्राप्त गर्न स्वदेशबाट हुने कारोबारको लागि छुट्टै व्यावसायिक कोड नभएकोले अनुगमन गर्न कठिनाइ भएको र विदेशी साइटहरू प्रयोग गरी कारोबार गर्दा ती संस्थाहरू नेपालमा दर्ता नभएका कारणले ती व्यावसायिक कारोबारको नियमन हुन सकेको छैन। जसले गर्दा वस्तु तथा सेवाको मूल्य र गुणस्तरको निगरानी प्रभावकारी हुन सकेको छैन। विद्युतीय व्यापारलाई स्वच्छ, गुणस्तरीय, प्रतिस्पर्धी र उपभोक्ता मैत्री बनाउन कानुनी व्यवस्था गरिनुपर्दछ।

३९. **अनलाइन सेवा** - विभागले हाल फर्म व्यवस्थापन, बजार व्यवस्थापन, उपभोक्ता अधिकार व्यवस्थापन र नेपाल राष्ट्रिय एकद्वार प्रणालीसमेत ४ प्रकारका अनलाइन सेवा प्रयोगमा ल्याएको छ। प्रयोगमा ल्याइएका

अनलाइन प्रणालीबाट सेवाग्राहीले खोजेका आवश्यक सूचना लिन असजिलो रहेको, सरकारी निकायका प्रणालीको अन्तर आबद्धता गर्न नसकिएको, अनलाइन भुक्तानीलाई प्रणालीसँग पूर्ण आबद्ध गर्न सकिएको छैन। यसमा सुधार गरी अनलाइन सेवालाई उपभोक्तामैत्री एवं प्रभावकारी बनाउनुपर्दछ।

४०. **प्रत्यक्ष बिक्रीको अनुगमन -** वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ मा वस्तुको प्रत्यक्ष बिक्री/वितरणसम्बन्धी व्यवसायलाई नियमन गरी भरपर्दो, पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाई सर्वसाधारण उपभोक्ताको हित संरक्षण गर्ने उद्देश्य रहेको छ। विभागबाट प्राप्त विवरणअनुसार सो ऐनबमोजिम १७ व्यवसाय विभागमा दर्ता भएको उल्लेख छ। प्रत्यक्ष बिक्रीसँग सम्बन्धित व्यवसाय दर्ता नभई सञ्चालन भए नभएको सम्बन्धमा पर्याप्त अनुगमन गर्नुपर्नेमा सोसम्बन्धी विवरण प्राप्त भएको छैन। त्यसै गरी सोही ऐनको दफा ११ मा पिरामिडमा आधारित व्यवसाय सञ्चालन गर्न नहुने व्यवस्था रहेकोले विभागले त्यस्ता व्यवसायको सम्बन्धमा सर्वसाधारणलाई विभिन्न माध्यमबाट जानकारी गराउँदै पर्याप्त रूपमा अनुगमन गर्नुपर्दछ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र

लघु उद्यम घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्धन सम्बन्धी कार्यहरू गर्न केन्द्रीयस्तरमा सङ्घीय सरकारको स्थायी संस्थागत संरचनाको रूपमा केन्द्रको स्थापना भएको हो।

४१. **बजार, प्रविधि तथा सम्भाव्यताको पहिचान -** लघु घरेलु तथा साना उद्योग प्रवर्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. ५ मा तालिम कार्यक्रमको आवश्यकता पहिचान गर्नुपर्ने उल्लेख छ। लघु उद्यमका लागि स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ, प्रविधि, सीप र सम्भावित औद्योगिक वस्तु र त्यस्तो वस्तु उपभोग गर्ने उपभोक्ताको विषयमा केन्द्रित रहेर केन्द्रले सर्वेक्षण तथा स्थलगत अध्ययन गरी प्राप्त प्रतिवेदनको आधारमा तालिमका विषय वस्तु छनोट गर्नुपर्नेमा सो नगरी उद्यमशीलता तालिम सञ्चालन गरेको छ। कुल १३ प्रकारका २७ समूहमा तालिम सम्पन्न गरेकोमा ब्युटिसियन, सिलाइ कटाइ, फेसन डिजाइन तथा बेकरी आदिमा सहभागी सङ्ख्या उच्च रहेको देखिएको छ। रोजगार सिर्जना हुने तालिम पहिचान गरी सञ्चालन गर्नुपर्दछ।

४२. **प्रशिक्षार्थी छनौट तथा अभिलेख -** लघु, घरेलु तथा साना उद्योग प्रवर्धन तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा नं १० मा तालिमका आवश्यकता पहिचान समेतका आधारमा आवश्यक प्रशिक्षार्थी छनोट गर्नुपर्ने उल्लेख छ। बजार, प्रविधि तथा सम्भाव्यताको पहिचानबाट प्राप्त प्रतिवेदनका आधारमा सम्भाव्य लघु उद्यमीको पहिचान र छनोट गर्नुपर्ने, उद्यमी पहिचान गर्दा (महिला, दलित, जनजाति, मुस्लिम, थारु, मधेसी, सिमान्तीकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक) गरिबीका रेखामुनि रहेका परिवारका लक्षित समूहको अनुपातमा छनोट गरी उद्यमशीलता तालिम प्रदान गर्नुपर्दछ। केन्द्रले यो वर्ष ५१८ लाई उद्यमशीलता र ५७२ लाई सीप विकास तालिम प्रदान गरेकोमा तालिम प्राप्त व्यक्तिले उद्यम सुरु गरे/नगरेको एकीकृत अभिलेख राखेको छैन। सहभागी नदोहोरिने गरी लक्षित वर्गसम्म तालिमको लाभ पुऱ्याउन तालिम प्राप्त गर्ने व्यक्ति तथा उद्यमीको एकीकृत अभिलेख तयार गर्नुपर्दछ।

ग्रामीण उद्यम तथा विप्रेषण परियोजना

अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहयोगमा तराई एवं पहाडका १६ जिल्लाका गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवार तथा विदेशबाट फर्केका व्यक्तिहरूलाई कृषि तथा गैरकृषि क्षेत्रमा नयाँ व्यवसाय स्थापना गर्न वा व्यावसायिक तालिमको माध्यमबाट रोजगारी सिर्जना गरी दिगो आय आर्जन गर्ने उद्देश्यले सन् २०१५ देखि यो परियोजना सञ्चालनमा रहेको छ।

४३. **बहिर्गमन रणनीति -** नेपाल सरकार र आई.एफ.ए.डी.बीचमा २७ डिसेम्बर २०१५ मा भएको ऋण तथा अनुदान सहायता सम्बन्धी ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को समापन डिसेम्बर २०२३ मा हुने व्यवस्था रहेको छ। १५ जुलाई २०२४ सम्म आयोजनाका क्रियाकलाप सम्पन्न गर्ने गरी ३१ डिसेम्बर २०२४ सम्म म्याद थप भएको छ। आयोजनाले आयोजनाको बहिर्गमन रणनीति तयार गरेको छैन। प्राप्त उपलब्धिहरूबाट लाभ लिन तथा आयोजनाको समापन पछि दिगोपनका लागि बहिर्गमन रणनीति तय गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

४४. **सहकारी सफ्टवेयर -** आयोजनाले गत विगतमा १५० सहकारी संस्थाहरूमा प्रविधि पहुँच पुऱ्याउने कार्यक्रमअन्तर्गत सहकारीहरूको लागि एक फर्मसँग रू.१ करोड ४६ लाख ९० हजारको सफ्टवेयर खरिद गरी ६५ सहकारीलाई दिएकोमा हालसम्म जम्मा २६ सहकारीले मात्र उक्त सफ्टवेयर प्रयोगमा ल्याएको जानकारी प्राप्त भएको छ। सफ्टवेयरको जडान शुल्क र लाइसेन्ससहितको सम्पूर्ण रकम भुक्तानी भए तापनि सफ्टवेयर जडान तथा लाइसेन्स एक्टिभेसन हुन बाँकी भएका सफ्टवेयर समेतको भुक्तानी भएको छ। उपलब्ध गराइएका सफ्टवेयर उद्देश्यअनुसार प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

विशेष आर्थिक क्षेत्र प्राधिकरण

निर्यातयोग्य उद्योगहरूको विकास एवं प्रवर्धनका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा औद्योगीकरणको प्रक्रिया अघि बढाउने उद्देश्यले २०५६।५७ को बजेट वक्तव्य मार्फत विशेष आर्थिक क्षेत्रको अवधारणा कार्यान्वयनमा आएको छ।

४५. **उद्योग स्थापना** - प्रस्तावदातासँग भएको सम्झौताबमोजिम उद्योग स्थापना गर्नुपर्दछ। केन्द्रबाट प्राप्त विवरणअनुसार भैरहवा र सिमरा ब्लक "ए" विशेष आर्थिक क्षेत्रभित्र रहेका १३६ प्लटमा २०७३ देखि २०८० सम्म उद्योग स्थापना तथा सञ्चालनको लागि प्रस्ताव आह्वान भएकोमा भैरहवाको प्लटको लागि ७२ प्रस्ताव पेस भएको देखिन्छ। प्राधिकरणले ४२ प्लटको लागि १७ उद्योगसँग सम्झौता भएकोमध्ये २२ प्लटमा ७ उद्योग सञ्चालनमा रहेको र १ उद्योग खारेजीको प्रक्रियामा रहेको छ। विशेष आर्थिक क्षेत्रमा थप नयाँ उद्योग स्थापनार्थ आकर्षण बढाउन पहल गर्नुपर्दछ।

४६. **निर्यातको सीमा र आयात प्रतिस्थापन** - विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १३ मा विशेष आर्थिक क्षेत्रमा स्थापित अनुमति प्राप्त उद्योगले उत्पादन भएको वस्तु तथा सेवा एक वर्षसम्म आन्तरिक बजारमा बिक्री गर्न सक्ने र सो पश्चात् कम्तीमा ६० प्रतिशत निर्यात गरी सो परिमाणमा मात्र कर छुट तथा सुविधा प्राप्त गर्ने व्यवस्था छ। सोही ऐनको दफा ७ अनुसार राजपत्रमा प्रकाशित खास प्रकारका

उद्योगबाहेक साविकमा सञ्चालित उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन गर्न नसक्ने र प्रयोगमा ल्याएको मेसिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न नसकिने उल्लेख छ। निर्यातको अनिवार्य प्रावधान, आयात प्रतिस्थापन, खास प्रकारका उद्योगको व्याख्या, साविकका उद्योग सम्बन्धमा नीतिगत व्यवस्था गरिनुपर्दछ।

सिमरा ब्लक "ए" विशेष आर्थिक क्षेत्रको तयारी पश्चात ६१ उद्योगले ६८ प्लटका लागि अनुमति लिएकोमा १२ उद्योगसँग भाडा सम्झौता भएको छ। भैरहवामा उत्पादनको चौथो वर्षमा सञ्चालनमा रहेका उद्योगमध्ये २ उद्योगले निर्यात गर्न नसकेको र ५ उद्योगबाट उत्पादित वस्तुको क्रमश ३९.९३, ७६.३८, ६६.७२, २.०२ र ६३.४० प्रतिशत मात्र निर्यात भएको छ। विशेष आर्थिक क्षेत्रको उद्देश्य अनुरूप दीर्घकालीन निर्यात व्यापारमा केन्द्रित भई निर्यात सम्भाव्य वस्तुको आयात नियन्त्रण गर्ने गरी सुरक्षित औद्योगिक लगानी तथा आयात प्रतिस्थापन सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्नुपर्दछ।

नेपाल इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार यस समितिको स्थापना भई सञ्चालनमा रहेको छ।

४७. **चोभार सुख्खा बन्दरगाह -** विश्व बैङ्कको ऋण सहयोगमा काठमाडौंको चोभारमा रू.१ अर्ब ५५ करोड ६३ लाख १० हजारमा निर्माण सम्पन्न भई ३० जून २०२१ मा हस्तान्तरण भएकोमा समितिले टर्मिनल मेनेजमेन्ट कम्पनी छनोट गरी पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। यस बन्दरगाहमा १ दिनमा २५० ट्रकको कन्टेनर व्यवस्थापन गर्न सकिनेमा यो वर्ष ३३८ ट्रक मात्र प्रवेश गरी रू.२० लाख ६० हजार राजस्व प्राप्त भएको छ। वीरगंज, विराटनगर, काँकडभिट्टा, भैरहवा लगायत सुख्खा बन्दरगाह एवम् एकीकृत जाँच चौकीको बोझ कम गरी राजधानी आउने सामानका कन्टेनर ट्रकहरू सोझै यस बन्दरगाहमा ल्याउने र विदेशमा निर्यात पनि यसैबाट गर्न सकिनेमा पूर्णरूपमा सञ्चालन हुन नसकेको कारण निर्माण भएका बन्दरगाह उद्देश्यअनुरूप प्रयोग हुन सकेको छैन। बन्दरगाह निर्माणको उद्देश्यअनुरूप प्रयोगमा ल्याउने गरी आवश्यक समन्वय र व्यवस्था हुनुपर्दछ।

४८. **लगानी अवस्था** - समितिको खरिद तथा आर्थिक कार्यविधि नियमावली, २०६६ मा समितिले बचत रकम बैंकको मुद्दती खातामा राखी व्याज आर्जन गर्न सक्ने व्यवस्था छ। गत वर्ष कृषि विकास बैङ्कको मुद्दती खातामा रू.३० करोड लगानी गरी रू.१ करोड ५७ लाख ६२ हजार व्याज आम्दानी गरेको छ। यो वर्ष रू.३० करोड मात्र मुद्दती खातामा लगानी गरेको छ। कृषि विकास बैङ्कको कल खातामा रू.१५ करोड ९८ लाख ३८ हजार र नेपाल राष्ट्रबैङ्क नन् अपरेटिङ्ग खातामा रू.९३ करोड ७२ लाख २३ हजार मौज्दात रहेको छ। समितिको सञ्चित रकम वित्तीय जोखिम न्यून हुने व्यवस्था गरी उचित प्रतिफल प्राप्त हुने गरी लगानी गर्नुपर्दछ।

४९. **ब्याज** - टर्मिनल पट्टाबहालमा दिने सम्बन्धी नियमावली, २०७० को नियम ३७(ङ) मा कम्पनीले समितिलाई आवधिक रूपमा बुझाउनु पर्ने रकम, सो को किस्ता रकम र समयमा किस्ता रकम नबुझाएमा लाग्ने हर्जाना सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। समिति र एक

प्राइभेट लिमिटेड बीच ८ जुलाई २०२० मा भएको सम्झौताको बुँदा नं. ४.७ मा बुझाउन बाँकी रकममा वार्षिक ८.७७ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था गरेको छ। वीरगन्ज सुख्खा बन्दरगाह सञ्चालन गर्ने एक कम्पनीले सम्झौताबमोजिम यो वर्षका लागि निर्धारित किस्तामध्ये ११औं किस्तासम्म ढिला भुक्तानी गरेको देखिएकोले रू.५८ लाख ४६ हजार ब्याज असुल गर्नुपर्दछ।

व्यापार तथा निकासी प्रवर्धन केन्द्र

नेपालको निर्यात व्यापारलाई विस्तार गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने उद्देश्यले व्यापार तथा निकासी प्रवर्धन विकास समिति गठन आदेश, २०६३ बमोजिम केन्द्रको स्थापना भएको हो।

५०. **व्यापार प्रवर्धन** - केन्द्रको कार्यक्षेत्रमा निकासी प्रवर्धन गर्नको लागि उच्च मूल्य अभिवृद्धि हुने तथा कम आयतन भएका वस्तुहरू निर्यात गर्न उत्पादन सम्भाव्यता अध्ययन, स्वदेश तथा विदेशमा व्यापार मेला सञ्चालन, निकासी क्षमता अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई तालिम प्रदान गर्ने र सम्भाव्य अन्तर्राष्ट्रिय बजारको विश्लेषण गरी सुझाव प्रदान गर्ने जस्ता कार्यहरू रहेका छन्। यो वर्ष बहुमूल्य पत्थरबाट तयार हुने वस्तुहरूको प्राविधिक तथा बजारीकरण आदी सम्बन्धी अध्ययन गर्ने, सत्रौं नेपाल-चीन (तिब्बत) आर्थिक तथा व्यापार मेला सञ्चालन गर्ने पालो नेपालको रहेकोमा काठमाडौंमा सोको आयोजना गर्ने, केराको थामबाट कपडा बनाउने धागो उत्पादन लगायत महत्वपूर्ण ११ कार्यक्रम सञ्चालन गरेको देखिएन। व्यापार प्रवर्धन कार्यक्रमलाई समय सापेक्ष सुधार गरी व्यापार घाटा न्यूनीकरण गर्नुपर्दछ।

५१. **उत्पत्तिको प्रमाण पत्र दस्तुर** - उत्पत्तिको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं १० मा अनुमति प्राप्त संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा निर्यातकर्ताले पेस गरेको बीजक मूल्यको आधारमा प्रति रू.१०० को ९ पैसाका दरले शुल्क लिन पाउने र उक्त शुल्कको पाँच प्रतिशतका दरले हुन आउने रकम चौमासिक रूपमा व्यापार तथा निकासी प्रवर्धन केन्द्रलाई बुझाउनुपर्ने व्यवस्था छ। कार्यविधिको बुँदा नं.१५ मा संस्थाहरूबीच बाँडफाँट गर्न बाँकी रकम यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्षभित्र बाँडफाँट गरी फरफारक गर्नुपर्ने उल्लेख छ। केन्द्रले उत्पत्तिको प्रमाणपत्र पाएका निकायको अभिलेख राखेको छैन। उत्पत्ति प्रमाणपत्रको शुल्क सम्बन्धमा मन्त्रालयबाट गठित छानबिन समितिले पेस गरेको प्रतिवेदनअनुसार २०६७।६८ देखि २०७५ वैशाखसम्म सङ्कलन भएको रू.५३ करोड ९० लाख ७ हजारमा केन्द्रमा प्राप्त हुनुपर्ने रू.२ करोड ७६ लाख २४ हजार प्राप्त गरेको छैन।केन्द्रले २०७६।७७ सम्म रु.१३ लाख ५९ हजार प्राप्त गरेकोमा २०७७।७८ मा संकलित शुल्क पठाएको छैन। २०७८।७९ को फागुन पछिको शुल्क २०७९ असोजमा पठाए तापनि यो वर्षको रकम पठाएको छैन। एक आर्थिक वर्षको शुल्क सोही वर्ष आम्दानी प्राप्त गर्न ताकेता तथा उठ्न बाँकी गत विगतको शुल्क असुल गर्न गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेकोमा सो स्थितिमा सुधार भएको छैन।

५२. **नेपाल व्यापार सूचना पोर्टल** - नेपालको व्यापार प्रवर्धन गर्न, सूचना प्रणालीमार्फत विश्व बजारमा नेपाली वस्तुहरूको चिनारी गराउन तथा नेपालको व्यापारसम्बन्धी सम्पूर्ण सूचनाहरू राख्ने र त्यसमा सबैको पहुँच पुग्ने गरी रू.२ करोड ९५ लाख १६ हजारमा विश्व बैङ्कको सहयोगमा एक विदेशी कम्पनीले तयार गरेको नेपाल व्यापार सूचना पोर्टलको वारेन्टी अवधि समाप्त भए पनि त्यसको वार्षिक मर्मत

सम्झौता भएको छैन। मर्मत सम्झौता र लाइसेन्स नवीकरण नहुँदा उक्त पोर्टलको सामयिक रूपमा अद्यावधिक गर्न, तथ्याङ्कको उचित सुरक्षा गर्ने लगायत तथ्याङ्क अपलोड र व्यवस्थापनमा नै समस्या आएको बेहोरा पोर्टल सम्बन्धी कन्सेप्ट नोटबाट प्राप्त भएको छ। केन्द्रले उक्त पोर्टलको तथ्याङ्क सुरक्षा तथा सञ्चालनको लागि दिगो व्यवस्थापन गर्नुपर्दछ।

५३. **कोष सञ्चालन -** व्यापार तथा निकासी प्रवर्धन विकास समिति गठन आदेश, २०६३ को दफा १० मा समितिको कार्य सञ्चालनको लागि आफ्नो एउटा छुट्टै कोष रहने र उक्त कोषमा तोकिए बमोजिमको रकम जम्मा हुने र समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च सो कोषबाट व्यहोरिने उल्लेख छ। केन्द्रलाई सम्पूर्ण रकम नेपाल सरकारबाट प्राप्त हुने र कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष खाताबाट रकम भुक्तानी हुने गरेको छ। यो वर्षसम्म केन्द्रको ८ बैङ्क खातामा रू.६ करोड ४२ लाख निष्क्रिय खातामा रहेको छ।

हेटौंडा सिमेन्ट उद्योग (२०७८।७९)

उच्च गुणस्तरको सिमेन्ट उत्पादन, सिमेन्टको आयात प्रतिस्थापन एवं निर्यातमा योगदान, देशको औद्योगिक तथा आर्थिक विकास र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले २०३३ सालमा उद्योग स्थापना भई २०४२ सालदेखि सिमेन्टको व्यापारिक उत्पादन सुरु गरेको हो। हाल उद्योगमा ३५७ कर्मचारी कार्यरत छन्।

५४. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** उद्योगको २०७७।७८ मा नेटवर्थ रू.११ करोड १९ लाख रहेकोमा यो वर्ष घटेर रू.५० लाख रहेको छ। यो वर्ष रू.१ अर्ब ४ करोड ६५ लाख आम्दानी भएकोमा रू.१ अर्ब १९ करोड ३५ लाख खर्च भएको छ। यो वर्षको रू.१० करोड ६९ लाखसमेत यस वर्षसम्म सञ्चित नोक्सानी रू.८९ करोड ५६ लाख पुगेको छ।

५५. **पुँजी संरचना -** उद्योगको अधिकृत पुँजी रू.३ अर्ब रहेकोमा २०७८।७९ सम्मको चुक्ता पुँजी रू.९० करोड ६ लाख ८५ हजार रहेको छ। चुक्ता पुँजीमध्ये नेपाल सरकार, अर्थ मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र खानी तथा भूगर्भ विभाग प्रत्येकको रू.१८ करोड १ लाख ३७ हजार शेयर रहेको छ।

५६. **सिमेन्ट उत्पादन क्षमता -** उद्योगको वार्षिक करिब रू.२ लाख ६० हजार मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता रहेकोमा विगत १० वर्षमा अधिकतम ५४ प्रतिशतसम्म मात्र क्षमताको उपयोग भएको छ । २०७३।७४ मा सो क्षमतामा उत्पादन भएकोमा त्यसपछिका वर्षहरूमा ५० प्रतिशतभन्दा कम क्षमतामा मात्र सिमेन्ट उत्पादन भएको छ। २०७७।७८ मा उत्पादन क्षमताको करिब ३४ प्रतिशत सिमेन्ट उत्पादन भएकोमा २०७८।७९ मा करिब ३१ प्रतिशतमात्र उत्पादन भएको छ। यसबाट उद्योगको बिक्री र आयसमेत न्यून भएकोले उत्पादन क्षमताको पूर्ण उपयोग गरी बिक्री तथा मुनाफा वृद्धि गर्नुपर्दछ।

५७. **सिमेन्टको बिक्री मूल्य -** उत्पादनको लागत, समविच्छेद विन्दु आदिलाई मध्यनजर गर्दै बिक्री मूल्य तय गर्नुपर्दछ। उद्योगको वित्तीय विवरणअनुसार सिमेन्टको उत्पादन लागत प्रति ५० किलोग्राम रू.६४७।९५ रहेकोमा यो वर्ष रू.६५०।- र रू.६१०।- मा डिलरलाई बिक्री गरेकोले लागतभन्दा

घटीमा पनि बिक्री गरेको छ। सिमेन्टको लागत खर्च र बजार मूल्य उपर विश्लेषण गरी बिक्री मूल्य कायम गर्नुपर्दछ।

५८. **ऋणात्मक बैङ्क मौज्दात -** उद्योगको २०७९ आषाढ मसान्तको ११ बैङ्कको खाताको बैङ्क मौज्दात विवरणअनुसार रू.४९ लाख ऋणात्मक देखिन्छ। बैङ्क समायोजन विवरण तयार गरी यथार्थ मौज्दात यकिन गर्नुपर्दछ।

५९. **कर्मचारी दायित्व -** नेपाल लेखामान-१९ अनुसार कर्मचारी सुविधाहरू, औषधि उपचार तथा बिदाबापतको व्यवस्था यथार्थ मूल्याङ्कनको आधारमा गर्नुपर्दछ। उद्योगको कर्मचारीहरूलाई प्रदान गरिने उपदान, औषधि उपचार तथा बिदा व्यवस्थाबापत २०७९ आषाढ मसान्तसम्म रू.७० करोड ४५ लाख खुद दायित्व रहेको देखिन्छ। कर्मचारी दायित्वसम्बन्धी व्यवस्थामा रू.१ करोड २२ लाख मात्र रहेकोले उक्त रकमले कर्मचारीको दायित्व बहन गर्न सक्ने अवस्था छैन। उद्योगले कर्मचारीको दायित्व यथार्थ मूल्याङ्कनको आधारमा लेखाङ्कन गर्नुपर्दछ।

६०. **लेखाङ्कन नगरिएको दायित्व -** नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड फिडरबापत माग गरेको थप महसुल रकम रू.४ करोड ६७ लाख ५७ हजारको सम्बन्धमा उद्योग र प्राधिकरणबिच मासिक रू.१५ लाख बक्यौता भुक्तानी गर्ने सम्बन्धी सहमति भएअनुसार यो वर्ष रू.१ करोड ५० लाख भुक्तानी भएको मा बाँकी रू.३ करोड १७ लाख ५७ हजार दायित्वलाई लेखाङ्कन गरेको छैन। यथार्थपरक वित्तीय विवरण तयार गर्नुपर्दछ।

६१. **लिनुपर्ने हिसाब -** उद्योगले पुराना लिनुपर्ने रकम असुल गर्नुपर्नेमा उद्योगले यो वर्षसम्म खुद लिनुपर्ने रू.११ करोड ५७ लाख असुल गरेको छैन। उक्त रकममा लाग्ने ब्याज रकमसमेत हिसाब गरी असुल गर्नुपर्दछ।

नेपाल आयल निगम

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले संवत् २०२७ मा निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत शेयर स्वामित्व रहेको छ। निगमअन्तर्गत ७ प्रादेशिक, ३ शाखा, ३ इन्धन डिपो, २ पेट्रोल पम्प, १० हवाई इन्धन डिपो र ३ हवाई इन्धन रिफ्युलिङ स्टेसनलगायतका कार्यालय रहेका छन्। निगमको कुल भण्डारण क्षमता ७९ हजार १९२ किलोलिटर रहेको छ। निगममा ५४१ स्थायी र २२६ करारसमेत ७६७ कर्मचारी कार्यरत रहेका छन्।

६२. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - निगमको २०८० आषाढ मसान्तको शेयर पुँजी रू.११ अर्ब, जगेडा कोष रू.४ अर्ब ८६ करोड ऋणात्मक, दीर्घकालीन दायित्व रू.९ अर्ब ९३ करोड र चालु दायित्व रू.२८ अर्ब ७६ करोड रहेको छ। गैर चालु सम्पत्ति रू.१६ अर्ब ६४ करोड र चालु सम्पति रू.२८ अर्ब २० करोडसमेत कुल सम्पत्ति रू.४४ अर्ब ८४ करोड पुगेको छ। निगमको यो वर्षको कुल बिक्री रू.३ खर्ब ८२ अर्ब ४९ करोड र अन्य आम्दानी रू.९४ करोड रहेको छ। बिक्री लागत रू.३ खर्ब ५६ अर्ब ७३ करोड र प्रशासनिक तथा अन्य खर्च रू.१४ अर्ब ९८ करोड रहेको छ। यो वर्ष निगम रू.११ अर्ब ७२ करोड नाफामा रहेको छ।

६३. **अनुपात विश्लेषण** - निगमबाट प्राप्त विवरणअनुसार निगमको वित्तीय अनुपात अवस्था निम्नानुसार छः

विवरण	सूचकाङ्क	२०७९।८०	२०७८।७९
बिक्री	रू.लाखमा	३,८२४,९२४	३,४२६,२१५
कुल मुनाफा	रू.लाखमा	२५७,६६८	(४०६,७९२)
खुद मुनाफा	रू.लाखमा	११७,२३०	(३८१,७७७)
कुल मुनाफा अनुपात	प्रतिशत	६.७४	(११.८७)
खुद मुनाफा अनुपात	प्रतिशत	३.०६	(११.१४)
चालु सम्पति	रू.लाखमा	२८१,९८०	४२४,७४६
चालु दायित्व	रू.लाखमा	२८७,५९६	५६०,७५१
चालु सम्पति/चालु दायित्व	अनुपात	०.९८०५	०.७५७४
कुल सम्पति	रू.लाखमा	४४८,३५५	६२२,५६४
कुल सम्पतिमा मुनाफा	प्रतिशत	२६.१५	(६१.३२)

निगमको कुल सम्पत्ति र मुनाफा अनुपात गत वर्ष ६१.३२ प्रतिशत ऋणात्मक रहेकोमा यो वर्ष २६.१५ प्रतिशत धनात्मक रहेको छ। चालु सम्पत्ति र चालु दायित्व अनुपात गत वर्ष ०.७६ रहेकोमा यो वर्ष ०.९८ रहेको छ। कुल मुनाफा अनुपात गत वर्ष ११.८७ प्रतिशत ऋणात्मक रहेकोमा यो वर्ष ६.७४ प्रतिशत धनात्मक रहेको छ। त्यस्तै खुद मुनाफा अनुपात गत वर्ष ११.१४ प्रतिशत ऋणात्मक रहेकोमा यो वर्ष ३.०६ प्रतिशत धनात्मक रहेको छ। यस वर्षको प्रशासनिक खर्च गत वर्षको तुलनामा ८.१० प्रतिशतले वृद्धि भएको देखिएकोले यस्तो खर्चलाई वाञ्छित सीमाभित्र राख्नुपर्दछ।

६४. **आयको अवस्था** - गत वर्ष इन्धनको बिक्री रू.३ खर्ब ४२ अर्ब ६२ करोड रहेकोमा यो वर्ष वृद्धि भई रू.३ खर्ब ८२ अर्ब ४९ करोड रहेको छ। अन्य आम्दानीतर्फ निक्षेप तथा कर्मचारी सापटीमा ब्याज रू.११ करोड ५२ लाख, व्यावसायिक आम्दानी रू.३ करोड १६ लाख ५४ हजार, नेपाल सरकारबाट भौतिक पूर्वाधार विकास करको शोधभर्ना रू.५९ करोड ८६ लाख ८० हजार, घरभाडा रू.५० लाख ७२ हजार, विविध आम्दानी रू.७४ लाख ५१ हजार, लाभांश रू.३ लाख ५८ हजार र लेखा समायोजन रू.१ करोड ३८ लाख २१ हजार रहेको छ।

६५. **इन्धन खरिद तथा बिक्री** - निगमको यो वर्षको पेट्रोलियम पदार्थको खरिद तथा बिक्री स्थिति देहायबमोजिम रहेको छः

क्र.सं.	पेट्रोलियम पदार्थ	एकाइ	खरिद परिमाण (हजारमा)	बिक्री परिमाण (हजारमा)	बिक्री मूल्य (रू. हजारमा)
१	पेट्रोल	लिटर	६७७,१०८	६७७,१११	१०१,९३५,९६३
२	डिजेल	लिटर	१,३७३,७४६	१,३८५,४४१	२००,५५१,९७५
३	मट्टीतेल	लिटर	१३,००४	१३,५४७	२,१५५,३३४
४	ए.टी.एफ.	लिटर	१७३,३२०	१७६,६८३	३१,९२०,४१८
५	एल.पी.जी.	मेट्रिकटन	५१२,३७२	५१७,९५२	४५,९२८,७५०

निगमको भण्डारण क्षमता गत वर्ष ७१ हजार ५५८ किलो लिटर रहेकोमा यो वर्ष पोखरामा १० हजार किलोलिटर क्षमताको भण्डारण संरचना निर्माण कार्य भइरहेको छ। यो वर्ष ७ हजार ६३४ किलोलिटरले बढेर हाल निगमको भण्डारण क्षमता ७९ हजार १९२ किलो लिटर रहेको छ।

६६. **पाइपलाइन** - भारतको बिहारस्थित मोतिहारी र नेपालको अमलेखगन्ज जोड्ने पाइपलाइनको कार्य सम्पन्न भई सञ्चालनमा आएकोले पेट्रोलियम पदार्थको ढुवानी सहज, सुरक्षित र छिटो भएको छ। उक्त परियोजनामा नेपाल सरकारको रू.१ अर्ब २० करोड र भारत सरकारको रू.३ अर्ब २० करोडसमेत रू.४ अर्ब ४० करोड लगानी रहेको छ। पाइपलाइनको प्रयोग तथा संरक्षण निगमले गर्दै आए तापनि नेपाल सरकारबाट निगममा स्वामित्व हस्तान्तरण भएको छैन। परियोजनाको निर्माण कार्य गर्ने इण्डियन आयल कर्पोरेसनबाट परियोजना सम्पन्न प्रतिवेदन प्राप्त भइनसकेकोले परियोजनाको कुल लागत यकिन हुन नसकेको तथा नेपाल सरकारबाट हस्तान्तरण भई नसकेकोले स्थिर सम्पत्तिमा लेखाङ्कन हुन सकेको छैन। गत वर्ष निगमले डिजेलका अतिरिक्त सोही संरचनाबाट पेट्रोलसमेत आपूर्तिका लागि इण्डियन आयल कर्पोरेसनलाई रू.१ अर्ब २३ करोड १८ लाख पेस्की दिएकोमा यो वर्षसम्म हिसाब मिलान गरेको छैन।

६७. **कर्मचारी कल्याणकारी कोष** - बोनस ऐन, २०३० को दफा १३ (१क) मा बोनस बाँडफाँटपछि बाँकी रहेको रकमको ८० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। निगमले विगत वर्षदेखि राष्ट्रियस्तरको कल्याणकारी कोषमा रू.११ करोड ५१ लाख जम्मा गर्नुपर्नेमा व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ। उक्त रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ। निगमले साविकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्म कर्मचारी आवास कोषमा रू.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने बेहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुझाव कार्यान्वयन भएको छैन।

६८. **अन्य सापटी** - निगमले पुरानो एल.सी. हिसाब रू.१५ करोड ३८ लाख, क्लियरिङ्ग हिसाबअन्तर्गत रहेको ट्रान्सपोर्टेसनमा रू.१ करोड ३२ लाख तथा बीमामा रू.१ करोड ५३ लाखको हिसाब मिलान गरेको छैन।

६९. **सम्भावित क्रेडिट** - निगमले आफ्नो वित्तीय विवरणको लेखा टिप्पणीमा आसामीहरूको क्षयीकरण (सम्भावित क्रेडिट नोक्सानी) विधिबाट गणना गरिने उल्लेख गरे तापनि आधारबेगर रू.३ करोड ८५ लाखको क्षयीकरण गत वर्षको व्यवस्थामा थपघट नगरी सोही रकम यो वर्ष जिम्मेवारी सारेको छ। त्यसैगरी विगतको प्राप्त हुनुपर्ने रू.१३ करोड ३१ लाख प्राप्त हुन नसकेकोमा सोको लागि पर्याप्त क्षयीकरण व्यवस्था गरेको छैन। लेखासम्बन्धी टिप्पणीमा उल्लेख भएबमोजिम क्षयीकरण व्यवस्थापन गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा यो वर्ष पनि कार्यान्वयन भएको पाइएन।

७०. **अन्तर कार्यालय हिसाब** - निगमको अन्तर कार्यालय हिसाब खातामा मिलान गरी समायोजन हुन बाँकी रकम गत वर्ष रू.१ करोड १९ लाख रहेकोमा यो वर्ष रू.९३ लाख ९१ हजार रहेको छ। उक्त हिसाब मिलान गर्न बाँकी रहेकोले वित्तीय विवरणमा पर्न सक्ने अन्य असरबारे यकिन गर्न सकिएन।

७१. **वृक्षारोपण** - नेपाल आयल निगम र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबीच २०७५।१०।१७ मा भएको सम्झौताबमोजिम पाइपलाइन आयोजना निर्माणबापत निगमले निकुञ्जलाई ५ वर्षसम्म वार्षिक रू.२ करोड भुक्तानी गर्नुपर्ने प्रावधानअनुरूप भुक्तानी गर्दै आएको छ। आयोजनाका पाइपलाइनको लागि विभिन्न प्रजातिका ८८ हजार १६३ रूख कटान गरेकोमा सोको १:२५ को अनुपातमा २२ लाख ४ हजार ७५ बिरुवा पर्सा वन्यजन्तु आरक्षण क्षेत्रभित्र वृक्षारोपण गर्नुपर्ने र सो बिरुवाहरूको ५ वर्षसम्म संरक्षणसमेत गर्नुपर्ने वा वृक्षारोपणको लागि लाग्ने दायित्वको मूल्याङ्कन गरी सो बराबरको रकम पर्सा वन्यजन्तु आरक्षण क्षेत्रलाई ५ वर्षभित्र तिर्नुपर्ने देखिन्छ। निगमले वित्तीय विवरण तयार गर्दा सोको दायित्व यकिन गरी व्यवस्था गरेको पाइएन। निगमले सो रकम मूल्याङ्कन गरी दायित्व लेखाङ्कन गर्नुपर्ने एवं सम्झौताबमोजिम वृक्षारोपणको दायित्व पूरा गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

७२. **जग्गा उपयोग** - निगमले २०७३।७४ मा रुपन्देही, चितवन, सर्लाही र झापामा खरिद गरेका रू.२ अर्ब ५ करोड ६६ लाख ४८ हजार लागतको ६८ बिघा जग्गा हालसम्म उपयोगमा ल्याएको छैन।

धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोगमा ल्याए तापनि बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुरस्थित जग्गाको अधिकांश भू-भाग नेपाली सेनाको प्रयोगमा रहेको, थानकोटस्थित जग्गामा समेत पूर्णरूपमा तारबार नगरेको, पोखरामा रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा स्थानीय बासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेको र लालबन्दी-१ सर्लाहीस्थित जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरेका छन्। आफ्नो स्वामित्वको जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

७३. **मूल्य स्थिरीकरण कोष** - पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली (दोस्रो संशोधन), २०७१ को नियम ३(२)(ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीको नियम ४ मा कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्यभन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्याँस पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्याँसमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्याँसको मूल्य वृद्धिको कारणबाट उपभोक्तामा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न प्रयोग गरिने व्यवस्था छ। निगमको उक्त कोषमा यो वर्षसम्म रू.२२ अर्ब १५ करोड १० लाख मौज्दात रहेको छ। कोषमा रहेको उक्त रकममध्ये रू.९३ करोड ८८ लाख विभिन्न बैङ्कमा मुद्दती निक्षेपमा लगानी गरेको, रू.१० अर्ब २५ करोड सापटीको रूपमा र रू.१० अर्ब ९६ करोड २३ लाख अन्य प्रयोजनको लागि निगमले प्रयोग गरेको छ। उक्त कोषमा रहेको रकम बैङ्कमा राख्ने, झिक्ने तथा मुद्दती खातामा लगानी गर्ने कार्य निगम स्वयंले गर्दै आएको छ। नेपाल आयल निगमलाई कोषले उपलब्ध गराएको ऋण एवं सापटीको ब्याज लेखाङ्कन गरी कोष परिचालन गर्नुपर्दछ।

७४. **समायोजन** - निगमले २०७८।७९ को रू.१ अर्ब ५१ करोड ३९ लाख यो वर्षको आम्दानीमा समायोजन गरेको छ। त्यसै गरी गत वर्षको बीमा शुल्क रू.५ करोड ६ लाख र इण्डियन आयल कर्पोरेसनलाई भुक्तानी गरेको ब्याज रू.२६ करोड ४२ लाखसमेत रू.३१ करोड ४८ लाख यो वर्ष

खर्च लेखेको छ। निगमले हिसाब किताब तथा लेखा दुरुस्त एवं अद्यावधिक नभएको तथा आर्थिक वर्षको आम्दानी तथा खर्च अर्को वर्षमा लेखाङ्कन गर्दा सम्बन्धित आय वर्षको वित्तीय विवरणमा असर पर्ने हुँदा हिसाब मिलान गर्नुपर्दछ।

७५. **ह्रासकट्टी** - नेपाल लेखामान-१६ सम्पत्ति, प्लान्ट र उपकरणलगायतको सम्पत्तिको ह्रासकट्टी प्रयोगको लागि उपलब्ध भएपछि सुरु हुने उल्लेख छ। यो वर्ष रू.१ अर्ब ११ करोड ८९ लाख बराबरको परियोजना सम्पन्न भएकोमा पुँजीकरण नगरी निर्माणाधीन सम्पत्तिमा देखाएको कारण ती परियोजनाको रू.३ करोड ३१ लाख बराबरको ह्रासकट्टी तथा अन्य विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै आएको विभिन्न परियोजनाबापतको रू.३ करोड ३४ लाखसमेत रू.६ करोड ६५ लाख खर्चको लेखाङ्कन गरेको छैन। लेखामानबमोजिम खर्च लेखाङ्कन गर्नुपर्दछ।

७६. **सफ्ट्वेयर** - निगमले गत वर्षदेखि लेखा तथा कार्य सञ्चालनका लागि नयाँ ई.आर.पी. सफ्ट्वेयर खरिद गरी लागु गरेको छ। वित्तीय विवरणको तयारी निगमको सूचना प्रविधि प्रणालीद्वारा प्राप्त हुने प्रतिवेदनमा निर्भर रहेको देखिन्छ। यद्यपि सफ्ट्वेयर प्रणालीबाट सिर्जित सन्तुलन परीक्षणले देखाएको विभिन्न किसिमका आकडा/रकम तथा सोही सफ्ट्वेयर प्रणालीको रिपोर्टिङ्ग पोर्टफोलियोले देखाएको आकडा/रकममा फरक देखिन्छ। उक्त फरकहरूमा सन्तुलन परीक्षणअनुसारको बिक्री तथा बिक्री प्रतिवेदन बीचमा भिन्नता, बिक्री सारांश प्रतिवेदन र मूल्य अभिवृद्धि कर प्रतिवेदनमा फरक, इन्भेन्टरी अडिट रिपोर्टअनुसारको इन्भेन्टरी रकम र सन्तुलन परीक्षणअनुसारको रकममा भिन्नतालगायतको स्थिति रहेको छ। यसको अतिरिक्त मौज्दातको मूल्य तथा बिक्री लागतमा असर पर्ने गरी विभिन्न समायोजन प्रविष्टि म्यानुअली गरेको छ। विभिन्न किसिमका रिपोर्टमा भएका फरक फरक आँकडा र स्टक हस्तान्तरण दरमा रहेको भिन्नताका कारण वित्तीय विवरणमा पर्ने असर यकिन गर्न सकिएन।

७७. **बीमा** - पेट्रोलियम पदार्थको खुद्रा मूल्य निर्धारण गर्दा बिक्रेताले पाउने कमिशन, ढुवानी भाडा, सङ्कुचन हानिको अलावा ०.०६ प्रतिशतका दरले बीमालगायतका खर्च जोडी खुद्रा बिक्री मूल्य निर्धारण हुने गरेको छ। यसरी निर्धारण गरेको मूल्यमार्फत बिक्रेताहरुलाई रू.१८ करोड १७ लाख बीमा खर्च दिएको छ। सोहीबमोजिम डिपोदेखि पम्पसम्मको ढुवानीको बीमा गर्ने दायित्व बिक्रेतामा निहित रहेकोमा सो बमोजिम बीमा गरेको सम्बन्धमा निगमले अनुगमन गरेको छैन। बीमा सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७८. **मूल्य निर्धारण प्रणाली** - निगमले पेट्रोलियम पदार्थ तथा ग्याँसको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८० अनुसार निगमको पेट्रोलियम पदार्थको मूल्य निर्धारण समितिबाट बनाएको प्रतिवेदन नायब कार्यकारी निर्देशकमार्फत निगमको कार्यकारी निर्देशकलाई पेस गर्ने र कार्यकारी निर्देशकमार्फत सञ्चालक समितिमा पेस भई सञ्चालक समितिको स्वीकृतिको आधारमा पेट्रोलियम पदार्थको मूल्य निर्धारण हुने गरेको छ।

निगमले स्वचालित मूल्य प्रणालीअनुसार पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्ने जनाए तापनि उक्त प्रणाली २०८० आषाढ मसान्तदेखि मात्र पूर्णरूपमा लागु गरेको छ। खुद्रा मूल्य निर्धारण गर्दा बिक्रेताले पाउने कमिशन ढुवानी भाडा, सङ्कुचन हानीको अलावा ०.०६ प्रतिशतका दरले बीमा नाफासहित जोडी खुद्रा बिक्री मूल्य निर्धारण गरेको छ। पेट्रोलियम पदार्थको यो वर्ष ९ पटक मूल्य समायोजन भएको छ। कार्यविधिमा मूल्य निर्धारण समितिको सिफारिसपश्चात् मूल्य निर्धारणको निर्णय

गर्नुपर्ने समयावधि र मूल्य निधार्रण लागु हुने समयावधि सम्बन्धमा स्पष्ट व्यवस्था भएको पाइएन। वर्षको सुरु र अन्त्यको दर तुलना गर्दा पेट्रोलमा प्रतिलिटर रू.१७ तथा डिजल र मट्टीतेलमा रू.३२ घटेको छ। अन्तर्राष्ट्रिय मूल्यमा भएको परिवर्तन र त्यसले नेपालको आधार मूल्यमा आउने परिर्वतनको आधार खुलाएको छैन। स्वचालित मूल्य प्रणालीलाई पूर्णरूपमा स्वचालित बनाउन कार्यविधिलाई परिमार्जन गरी मूल्य परिवर्तनसम्बन्धी स्पष्ट विधि तर्जुमा गर्नुपर्दछ।

७९. **भवन निर्माण -** निगमको काठमाडौंस्थित कर्पोरेट भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।७।१० मा रू.८० करोड ९९ लाखको सम्झौता भएकोमा डिजाइनमा परिर्वतनका कारण रू.१ करोड १३ लाख भेरिएसनबाट मूल्य थप भई संशोधित सम्झौता रू.८२ करोड १२ कायम भएको छ। सम्झौताअनुसार निर्माण कार्य २०८१ आषाढ मसान्तसम्म सम्पन्न हुनुपर्नेमा यस वर्षसम्मको भौतिक प्रगति ४०.१२ प्रतिशत तथा वित्तीय प्रगति ३३.८६ प्रतिशत मात्र रहेको छ। २०८० असार मसान्तसम्म ठेक्काबापत रू.२७ करोड ८१ लाख तथा मूल्य समायोजन रू.४ करोड ९६ लाखसमेत रू.३२ करोड ७७ लाख भुक्तानी भएको छ। सम्झौता अवधिमा कार्यसम्पन्न हुने गरी निर्माण कार्य हुनुपर्दछ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरूको पारवहनसम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८।५।३० मा यस कम्पनीको स्थापना भएको हो। यस कम्पनीको सञ्चालकमा नेपाल सरकारबाट नियुक्त अध्यक्ष रहने र अर्थ, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल समुद्रपार निकासी पैठारी संघ र नेपाल सरकारबाट नियुक्त विज्ञको प्रतिनिधि रहने एवं कम्पनीको महाप्रबन्धक सदस्य-सचिव रहने व्यवस्था छ। हाल नेपालमा वीरगन्ज, काँकडभिट्टा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल एवं भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको शाखा विस्तार भएको छ। यस कम्पनीको प्रमुख कार्यमा क्लियरिङ्ग, फरवार्डिङ, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापन सेवा रहेका छन्।

८०. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कम्पनीबाट प्राप्त विवरणअनुसार सम्पत्ति रू.३ करोड ४७ लाख, लगानी रू.८ करोड ८३ लाख र चालु सम्पत्ति रू.६० करोड ६९ लाख छ। कम्पनीको शेयर पुँजी रू.१ करोड २२ लाख र जगेडा कोष एवं सञ्चित नाफा रू.५४ करोड ७६ लाख, गैर चालु दायित्व रू.१२ करोड २८ लाख र चालु दायित्व रू.४ करोड ७३ लाखसमेत रू.७२ करोड ९९ लाख रहेको छ। कम्पनीले गत वर्ष रू.३६ करोड ३५ लाख १७ हजारको बिक्रीबाट रू.८ करोड ५३ लाख २० हजार नाफा गरेकोमा यस वर्ष रू.२५ करोड १२ लाख ४९ हजार बिक्रीबाट रू.४ करोड ११ लाख ४७ हजार नाफा आर्जन गरेको छ।

८१. **लिज भाडा -** नेपाल सरकार र भारत सरकारबीच भएको जग्गा सम्बन्धी ३० वर्षे लिज सम्झौता १ नोभेम्बर, १९८४ बाट शुरू भई ३१ डिसेम्बर, २०१४ मा समाप्त भएको छ। उक्त सम्झौताबमोजिम नेपाल सरकारको एजेन्सीको रूपमा कम्पनीले हल्दियास्थित डक क्षेत्रको ६ हजार ९८५ वर्ग मिटर र आवासीय क्षेत्रको २ हजार वर्ग मिटर प्रयोग गर्न पाउने देखिन्छ। साबिक लिज सम्झौताअनुसार सम्झौता अवधि समाप्त भएपश्चात् पुनः ३० वर्षका लागि सम्झौता नवीकरण गर्ने उल्लेख छ। सो अनुसार ३०

अक्टोवर २०२३ मा लिज सम्झौता गरी कोलकाता डक कम्प्लेक्समा ४ हजार ८८६ वर्गमिटर र हल्दिया पोर्ट रेसिडेन्टल जोनमा २ हजार वर्गमिटर जमिन उपलब्ध गराएको छ। यो वर्ष लिज भाडाबापत मासिक रूपमा कोलकाता डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ५९ हजार, हल्दिया डक कम्प्लेक्सको लागि भारतीय रुपैयाँ १ लाख ९३ हजार र हल्दिया रेसिडेन्टल जोनको लागि भारतीय रुपैयाँ ३२ लाख २२ हजार भुक्तानी गरेको छ। हल्दिया डक कम्प्लेक्समा जमिन उपलब्ध भएको ४२ वर्ष र कोलकाता डक कम्प्लेक्समा जमिन उपलब्ध भएको ५० वर्ष व्यतीत भइसक्दा पनि कन्टेनर फ्रेट स्टेसनको लागि पूर्वाधारहरू निर्माण गरेको छैन। नेपाल भित्रिने कन्टेनरहरूले निजी कम्पनीको गोदाम प्रयोग गरिरहेको अवस्था देखिएकोले सरकारी कम्पनीले भाडामा लिएको जग्गाको उपयोग गरी सेवा सञ्चालन गर्न व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने बेहोरा गत वर्षसम्म औंल्याइएकोमा स्थिति यथावत छ।

८२. **ट्रक व्यवस्थापन -** एक नेपाली आयातकर्ताले मे, २०१० मा पैठारी गरेका २० थान हुन्डाई ट्रक प्रदूषण मापदण्डअनुसार पैठारी गर्न नसकेकोले कम्पनीले हल्दियामा खुल्ला रूपमा बेवारिसे अवस्थामा राखेको देखिन्छ। गत वर्षसमेत उक्त बेहोरा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन।

८३. **शुल्क तथा जरिबाना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१) मा नेपालभित्र सेवा प्रदान गर्दा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। कम्पनीले गोदाम सेवा प्रदान गर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिमको रीतपूर्वकको बीजक जारी नगरेका कारण यो वर्ष रू.४२ लाख ९ हजार मूल्य अभिवृद्धि कर असुल भएको छैन। त्यसै गरी मूल्य अभिवृद्धि करको विवरण ढिला बुझाएबापत यो वर्ष रू.१७ लाख ७६ हजार जरिबाना भुक्तानी गरेको छ। मूल्य अभिवृद्धि कर असुल नगर्ने एवं असुल गरेको कर ढिला बुझाई जरिबाना तिर्नुपर्ने अवस्था सिर्जना गर्नेलाई जिम्मेवार बनाई तोकिएको समयमा कर निर्धारण तथा असुल गर्नुपर्दछ।

नेपाल औषधि लिमिटेड

गुणस्तरीय औषधिहरू उत्पादन गरी आम जनतालाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले कम्पनी ऐन, २०२१ बमोजिम २०२९।६।१ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत तथा जारी पुँजी रू.१५ करोड एवं चुक्ता पुँजी रू.७ करोड ५५ लाख रहेको छ।

८४. **वित्तीय स्थिति -** कम्पनीको शेयर पुँजी रू.७ करोड ५५ लाख, सञ्चित कोष रू.३ करोड ९ लाख, सञ्चित नोक्सानी रू.२ अर्ब १३ करोड ५९ लाख, दीर्घकालीन तथा मध्यमकालीन ऋण रू.१ अर्ब २४ करोड २० लाख र चालु दायित्व तथा व्यवस्था रू.९६ करोड ६१ लाखसमेत कुल पुँजी तथा दायित्व रू.१७ करोड ८६ लाख रहेको छ। स्थिर सम्पत्ति रू.७ करोड ६० लाख, लगानी रू.१३ लाख एवं चालु सम्पत्ति रू.१० करोड १३ लाखसमेत कुल सम्पत्ति रू.१७ करोड ८६ लाख रहेको छ। कम्पनीको चुक्ता पुँजीमध्ये वन तथा वातावरण मन्त्रालयको रू.३ करोड ८८ लाख, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको रू.३ करोड २५ लाख, वनस्पति विभागको रू.२५ लाख, अर्थ मन्त्रालयको रू.१० लाख र राष्ट्रिय वाणिज्य बैङ्कको रू.७ लाख रहेको छ।

८५. **सञ्चालन नतिजा** - कम्पनीको खुद बिक्री रू.३ करोड ५७ लाख, ब्याज आय रू.२ लाख र अन्य आय रू.२ करोड ६८ लाखसमेत कुल आय रू.६ करोड २७ लाख रहेकोमा व्यापारिक मौज्दात बिक्रीको

लागत रू.२ करोड ९९ लाख, बिक्री वितरण खर्च रू.७ लाख, प्रशासनिक खर्च रू.९ करोड ९ लाख, ब्याज खर्च रू.६ करोड १० लाख, स्थिर सम्पत्तीको ह्रास खर्च रू.१ करोड २४ लाख र कर्मचारी अवकाश व्यवस्था खर्च रू.२ करोड ३३ लाखसमेत कुल खर्च रू.२१ करोड ८२ लाख भई यस वर्षको कुल नोक्सानी रू.१५ करोड ५५ लाख रहेको छ। गत वर्षसम्म कम्पनी रू.१ अर्ब ९८ करोड ४ लाख नोक्सानीमा रहेकोमा यस वर्षको थपसमेत सञ्चित नोक्सानी रू.२ अर्ब १३ करोड ५९ लाख पुगेको छ। यसरी कम्पनीको सञ्चित नोक्सानी वर्षेनी वृद्धि हुँदै गएकोले दीर्घकालीन व्यावसायिक योजना बनाई कार्य सञ्चालन गर्नुपर्दछ।

८६. **नेपाल वित्तीय प्रतिवेदनमान** - सरकारी संस्थानहरूले २०७३।७४ देखि वित्तीय प्रतिवेदनहरू नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गर्नुपर्नेमा २०७९।८० को वित्तीय विवरण कम्पनीले सोअनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

८७. **अवकाश दायित्व** - नेपाल लेखामान - ३७ (व्यवस्था, सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तीय विवरण यथार्थपरक हुन सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा कर्मचारी अवकाश दायित्वबापत रू.३० करोड २८ लाख ५१ हजार वासलातमा समावेश गरे तापनि सो प्रयोजनका लागि कोष खडा गरी रकम जम्मा गरेको छैन। यसबाट कर्मचारी अवकाश भएका बखत चालु खर्चबाट रकम भुक्तानी गर्नुपर्ने अवस्था छ। कम्पनीले अवकाश कोष खडा गरी सो कोषमा दायित्व बराबरको रकम जम्मा गर्नुपर्दछ।

८८. **जग्गा सम्बन्धमा** - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको २०६४।१२।२१ को जग्गा बिक्री गर्नेसम्बन्धी पत्रानुसार कम्पनीको काठमाडौं महानगरपालिका वडा नं. ११, बबरमहलस्थित कित्ता नं. १९० अन्तर्गतको ३-४-३-१ रोपनी जग्गा नेपाल आयल निगमलाई रू.११ करोड ३७ लाख १२ हजारमा बिक्री गरेकोमा सर्वोच्च अदालतको २०७९।५।९ को आदेशबाट उक्त जग्गा बिक्री गर्ने २०६४।१२।२ को मन्त्रिस्तरीय निर्णय खारेज भएकोले सो जग्गालाई कम्पनीले आफ्नो सांयोगिक सम्पत्ति र आयल निगमबाट प्राप्त रकमलाई सांयोगिक दायित्वतर्फ लेखाङ्कन गर्नुपर्नेमा सो गरेको छैन। सर्वोच्च अदालतको निर्णयअनुसार जग्गाको स्वामित्व बिक्री पूर्वको अवस्थामा आएकोले सोहीबमोजिम लेखाङ्कन एवं उपयोग गर्नुपर्दछ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

देशभित्र स्थापना गरिएका औद्योगिक क्षेत्रहरूको समग्र व्यवस्थापन र उद्योगहरूको सुपरिवेक्षण गर्ने, नयाँ औद्योगिक क्षेत्रहरूको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्य क्षेत्रहरूमा उद्योग स्थापना एवं प्रवर्धनलगायतका कार्य गर्नका लागि कम्पनी ऐन, २०२१ अन्तर्गत गठन भई २०४५।४।१ गतेदेखि कम्पनी सञ्चालनमा आएको हो। कम्पनीको सञ्चालक समिति नेपाल सरकारले नियुक्त गरेको अध्यक्ष, सदस्यहरूमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका १/१ जना प्रतिनिधि, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघको अध्यक्ष वा प्रतिनिधि १ र नेपाल सरकारले नियुक्त गरेको महाप्रबन्धकसमेत ६ सदस्यीय समिति रहेका छ। हाल कम्पनीले बालाजु, पाटनलगायत १५ स्थानमा औद्योगिक क्षेत्रहरूको सञ्चालन तथा व्यवस्थापन गरिरहेको छ।

८९. **सञ्चालन स्थिति** - कम्पनीको २०७९।८० मा आम्दानी रू.१ अर्ब ५० करोड ७५ लाख ६७ हजार र सञ्चालन खर्च रू.१ अर्ब ४१ करोड १८ लाख १६ हजार रहेकोमा २०७८।७९ मा क्रमशः रू.१ अर्ब ४३ करोड ७७ लाख ८३ हजार र रू.१ अर्ब ३२ करोड ७१ लाख ७४ हजार थियो। कम्पनीको खुद नाफा गत वर्ष रू.११ करोड ६ लाख ८ हजार रहेकोमा यो वर्ष रू.१ करोड ४८ लाख ५८ हजार न्यून भई रू.९ करोड ५७ लाख ५० हजार रहेको छ।

९०. **पुँजी संरचना** - कम्पनीको चुक्ता पुँजी रू.३ अर्ब ३ करोड ९३ लाखमध्ये नेपाल सरकार, उद्योग मन्त्रालयको रू.१ अर्ब १७ करोड ९१ लाख, महालेखा नियन्त्रक कार्यालयको रू.५ करोड, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको रू.९३ लाख र अर्थ मन्त्रालयको रू.१ अर्ब ८० करोड ९ लाख रहेको छ।

९१. **उद्योग सञ्चालन** - औद्योगिक क्षेत्रमा स्थापित उद्योगहरूलाई पूर्णरूपमा सञ्चालन गर्न एवं सञ्चालित उद्योगमा देखिएका समस्या समाधान गरी सहजीकरण गर्नुपर्ने व्यवस्था छ। बुटवल औद्योगिक क्षेत्रमा पिउने पानी उत्पादन गर्न एक प्लाष्टिक उद्योग र नेपालगन्ज औद्योगिक क्षेत्रमा एक धातुका सामान उत्पादन उद्योगले ४० वर्षको लागि सम्झौता गरी जग्गा लिएकोमा उद्योग सञ्चालनमा आएको छैन। नेपालगन्ज औद्योगिक क्षेत्रमा एक उद्योगले २०७५।११।८ मा पिउने पानी उत्पादनको लागि ४१४ रोपनी जग्गा भाडामा लिएकोमा हालसम्म पनि निर्माण कार्य सुरु हुन नसकेको, वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा एक उद्योगले २०७७।११।१ मा १.६६ रोपनी जग्गा र ३ नं. भवन (१५६४ वर्गफिट) ४० वर्षको लागि खाद्य पदार्थ उत्पादन तथा प्रशोधनको लागि भाडामा लिएकोमा यो वर्षसम्म मेसिनसमेत जडान हुन नसकेको र अर्को एक उद्योगले कोल्डस्टोर निर्माण गर्न २०७४।१०।१५ मा १०.६८ रोपनी जग्गा भाडामा लिएकोमा यो वर्षसम्म निर्माण कार्यसम्पन्न भएको छैन। अतः सहजीकरणका कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

९२. **जग्गा बहाल** - पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय र एक उद्योगबीच भएको जग्गा बहाल सम्झौताको अवधि २०७९।८।२४ मा समाप्त भएको देखिन्छ। तथापि सो उद्योगसँग सम्झौता नवीकरण नगरी २०८० असारसम्म सञ्चालनमा रहेको छ। त्यस्तै, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय र एक पाइप उद्योगबीचको जग्गा बहाल सम्झौताको अवधि २०७८।१२।१५ मा समाप्त भएकोमा २०७९।११।२१ मा मात्र सम्झौता नवीकरण गरेको छ। बहाल सम्झौताको अवधि समाप्त भएको लामो अवधिसम्म सम्झौता नवीकरण बिना उपयोग गर्ने परिपाटीको अन्त्य गरी पुरानो सम्झौताको अवधि समाप्त हुनु अगावै सम्झौता नवीकरण गर्नुपर्दछ।

९३. **बक्यौता असुली** - गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा खारेजी, बन्द तथा सञ्चालनमा नरहेका उद्योगहरूबाट उठ्न बाँकी बक्यौता रू.४६ लाख १७ हजार असुल गर्नुपर्दछ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०७७।७८)

नेपाल सरकारको खाद्य नीतिबमोजिम खाद्यान्नको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन खाद्यान्न खरिद, बिक्री वितरण, ढुवानी तथा सञ्चय गर्ने मुख्य उद्देश्य राखी कम्पनी ऐन, २०६३ अन्तर्गत २०७६।४।२८ मा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यस कम्पनीको खाद्यान्नलगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार

निर्माताको भूमिका खेल्न सक्ने एक सक्षम व्यावसायिक कम्पनीको रूपमा स्थापित हुने दीर्घकालीन सोच रहेको छ।

९४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - कम्पनीको स्थिर सम्पत्ति रू.३५ करोड ८१ लाख, लगानी रू.१ अर्ब ६६ करोड ८२ लाख र चालु सम्पत्ति रू.२ अर्ब ९२ करोड ९० लाखसमेत रू.४ अर्ब ९५ करोड ५३ लाखको सम्पत्ति रहेकोमा शेयर पुँजी रू.१ अर्ब १५ करोड ९८ लाख, जगेडा कोष रू.२ अर्ब ५ करोड २५ लाख, सञ्चित नोक्सानी रू.९३ करोड ६२ लाख, मध्यम तथा दीर्घकालीन ऋण रू.३५ करोड ९२ लाख र चालु दायित्व रू.२ अर्ब ३२ करोड रहेको छ। कम्पनीले गत वर्ष रू.१ अर्ब ३८ करोड १९ लाखको बिक्रीबाट रू.१२ करोड ५५ लाख खुद नाफा गरेकोमा यस वर्ष रू.१ अर्ब ३३ करोड ९० लाख बिक्रीबाट रू.१ करोड ३८ लाख खुद नाफा गरेको छ।

९५. **शेयर र ऋणको लेखाङ्कन** - नेपाल सरकारको ऋण लगानी रू.४२ लाख ४३ हजार र शेयर लगानी रू.१ अर्ब १५ करोड ९८ लाख ३० हजार रहेकोमा कम्पनीले ऋण लगानीबापतको रू.४२ लाख ४३ हजारको लेखाङ्कन गरेको छैन। त्यस्तै शेयर लगानीमा रू.८७ लाख ६६ हजार घटी लेखाङ्कन गरेकोमा सो रकमसमेत वासलातमा समावेश गरेको छैन। उक्त कारोबार वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

९६. **दायित्व** - कम्पनीले विभिन्न दातृ संस्था तथा विदेशी सहयोगअन्तर्गत २०३४।३५ देखि भुक्तानी गर्नुपर्ने देखाएको रू.१४ करोड ३ लाख ५० हजार एवं भारतीय खाद्यान्न काउण्टर पार्ट फण्डलाई भुक्तानी गर्नुपर्ने देखाएको रू.११ करोड ५७ लाख १८ हजार यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९७. **ऋण र ब्याज भुक्तानी** - कम्पनीले नेपाल सरकारबाट पाँच प्रतिशत ब्याजमा प्राप्त ऋण रू.३५ करोड ९२ लाख ६४ हजार प्रत्येक वर्ष भुक्तानी गर्नुपर्नेमा यो वर्ष भुक्तानी गरेको छैन। सो ऋणबापत गत वर्षसम्म तिर्नुपर्ने ब्याज रू.१ करोड ६६ लाख ३४ हजार र यो वर्षको ब्याज रू.१ करोड ७९ लाख ६३ हजार समेतको व्यवस्था गरेको छैन। समयमा ऋण भुक्तानी तथा ब्याज खर्चको व्यवस्थापन गर्नुपर्दछ।

९८. **लगानी व्यवस्थापन** - कम्पनीले सूचीकृत कम्पनीमा गरेको लगानी रू.२९ लाखमध्ये साविकको नेपाल खाद्य संस्थानको रू.१५ लाख र साविकको नेसनल ट्रेडिङ लिमिटेडको रू.१४ लाख रहेको छ। सूचीकृत नभएको कम्पनीमा गरेको लगानी रू.१ करोड ८२ लाख ७१ हजारमध्ये साविकको नेपाल खाद्य संस्थानको रू.८२ लाख ४० हजार र साविकको नेसनल ट्रेडिङ लिमिटेडको रू.१ करोड ३१ हजार रहेको देखिन्छ। कम्पनीले लगानी गरेका केही कम्पनीहरू विघटन भइसकेका र सो लगानीबापत कम्पनीले व्यवस्था गरिसकेकोले विघटन भएको आधिकारिक प्रमाण संलग्न गरी लगानी तथा सो सम्बन्धी व्यवस्थालाई समायोजन गर्नुपर्दछ।

९९. **मुद्दती रकम परिचालन** - कम्पनीले जग्गा बिक्रीबाट प्राप्त आय रू.१ अर्ब ६४ करोड ७१ लाख मुद्दती खातामा राखेको छ। कम्पनीले मुद्दती खातामा रहेको रकम बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्न ध्यान दिनुपर्दछ।

१००. **गोदाम भाडा** - खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नख्खुस्थित गोदाम नं. ८ को भाडा सम्बन्धमा एक टेलिकम र कम्पनीबीच भएको सम्झौता पत्रको बुँदा नं. ३ मा मासिक भाडादर रू.१ लाख १४ हजार प्रत्येक मसान्तमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त टेलिकमले २०७४ माघ महिनादेखिको भाडा रकम कम्पनीलाई बुझाएको छैन। मासिक भाडा असुल नगरी २०७६ असार

मसान्तसम्मको लागि सम्झौताको अवधि थप गरेको छ। कम्पनीलाई उक्त टेलिकमबाट हालसम्म रू.४६ लाख ८१ हजार भाडा प्राप्त हुनुपर्नेमा प्राप्त नभएकोले सम्झौताअनुसारको रकम असुल गर्नुपर्दछ।

१०१. **बहाल तथा संरचना निर्माण -** साविकको नेपाल खाद्य संस्थानले एक इन्टरटेन्टमेण्ट प्राइभेट लिमिटेडसँग २०७४।३।७ मा ७ रोपनी जग्गा मासिक रू.१० लाख ५१ हजारको दरले बहालमा दिन सम्झौता गरेकोमा उक्त सम्झौतामा प्रत्येक महिनाको ३० गतेभित्र बहाल रकम बुझाउनुपर्ने, म्यादभित्र नबुझाई ढिलो गरेमा वार्षिक १० प्रतिशतले हुने रकम हर्जानासहित बुझाउनुपर्ने र प्रत्येक २ वर्षमा १० प्रतिशत भाडा वृद्धि हुने उल्लेख छ। तर सो प्राइभेट लिमिटेडले समयमा बहाल रकम र जरिबाना तिरेको देखिएन। भाडा वृद्धिको विषय पनि कार्यान्वयन भएको पाइएन। सम्झौतामा सो जग्गामा स्थायी किसिमको भौतिक संरचना (भवन गोदाम) आदि बनाउन नपाइने तर बालबालिकाको मनोरञ्जनको लागि संरचना निर्माणमा बाधा नपर्ने उल्लेख भएकोमा उक्त स्थानमा ठूला भौतिक संरचना निर्माण भएकोले सम्झौताअनुसार भए/नभएको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

१०२. **दायित्वको लेखाङ्कन -** कम्पनीलाई आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरबाट २०७७।१०।२६ मा आयकर र जरिबाना रू.४२ करोड ३ लाख ६१ हजार निर्धारण भएकोमा कम्पनीले लेखाङ्कन गरेको पाइएन। उक्त रकमको व्यवस्था गर्नुपर्दछ।

१०३. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा दर्ता भएको करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयम निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। कम्पनीले २०७७।७८ को वित्तीय विवरणमा मूल्य अभिवृद्धि कर शीर्षकअन्तर्गत रू.१ करोड ३ लाख ७७ हजार उल्लेख गरेकोमा आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरबाट २०७७।१०।२६ मा मूल्य अभिवृद्धि करबापत रू.१ करोड ७७ लाख ६७ हजार माग गरेको पाइयो। कम्पनीले उक्त बक्यौता रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१०४. **कम्पनी विघटन र खारेजी -** साविकमा सञ्चालनमा रहेका नेपाल खाद्य संस्थान र नेसनल ट्रेडिङ लिमिटेड कम्पनी यस कम्पनीमा गाभिएकोमा क्रमशः नेपाल खाद्य संस्थान ऐन, २०२१ को दफा १४ बमोजिम विघटन तथा कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम खारेजी हुनुपर्नेमा प्रक्रियामा रहेको पाइयो। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) बमोजिम करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृतसमक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा विद्युतीय माध्यमबाट कर लाग्ने कारोबार गरेको वा नगरेको जो सुकै भए तापनि कर विवरण पेस गर्नुपर्ने साथै आयकर कर ऐन, २०५८ को दफा ९८ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र दफा ९७, ९८ र १०० को अधिनमा रही सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ। उक्त कम्पनीहरूको विघटन र खारेजी प्रक्रिया सम्पन्न नहुँदा सोको कर, ब्याज, जरिबाना भुक्तानी गर्ने कार्य बाँकी नै रहेको छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, विप्रेषणको प्रयोग उत्पादनशील र दीर्घकालीन उपयोगमा ल्याउने नीतिगत व्यवस्था गर्ने विभिन्न उद्योगीलाई

भन्सार सहजीकरण, विदेशी मुद्राको सिफारिस, विद्युत महसुल छुट, ब्याज मिनाहालगायत सुविधाहरू उपलब्ध गराएकोमा सोको अभिलेख व्यवस्थित नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले त्यस्ता बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ २४ निकायमा रू.१३ करोड ६० लाख १ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.९ करोड ११ लाख ८२ हजार फर्स्यौंट गरेकोले रू.४ करोड ४८ लाख १९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.४ लाख ६२ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य सस्थातर्फ ३ निकायमा रू.१६ करोड ९२ लाख ७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६ करोड ८४ लाख ६९ हजार फर्स्यौंट गरेकोले रू.१० करोड ७ लाख ३८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानुन तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा संगठित संस्थासमेत ९९ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेतका ८६ सरकारी कार्यालयको निम्नानुसार रू.४४ अर्ब २३ करोड ५५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३३१९०६	४६४५०	६२२२०	१७७९	४४२३५५

उल्लिखित लेखापरीक्षण रकममा शहरी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रू.११ करोड ९६ लाख ४१ हजार समावेश छ भने यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रू.५ लाख ७ हजार समावेश छैन। यो वर्ष एक कार्यालयको रू.४२ लाख २१ हजारको लेखापरीक्षण बक्यौता रहेको छ।

२. **संगठित र अन्य संस्था** - यो वर्ष १२ संस्थाको रू.६ खर्ब २४ अर्ब १० करोड ५१ लाखको लेखापरीक्षण गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाअन्तर्गत यो वर्षसम्म कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य भूमिमध्ये १६ लाख ७५ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा १५ लाख ५५ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको, कृषि योग्य जमिनमध्ये वर्षभरि सिँचाइ हुने क्षेत्र ४४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३७ प्रतिशत पुगेको, विद्युत उत्पादन जडित क्षमता ४ हजार १३३ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा २ हजार ७६७ पुगेको, वैकल्पिक ऊर्जा उत्पादन १२८ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ८४ मेगावाट पुगेको, घरायसी बायोग्याँस जडान सङ्ख्या ५ लाख ८६ हजार पुऱ्याउने लक्ष्य रहेकोमा ४ लाख ७१ हजार जडान भएको छ। त्यस्तै प्रति व्यक्ति विद्युत खपत ६५० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य रहेकोमा ३८० किलोवाट घण्टा पुगेको देखिन्छ। ऊर्जा र सिँचाइ क्षेत्रमा आवधिक योजनाको लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयले पेस गरेको विवरणअनुसार यो वर्ष स्वीकृत वार्षिक विकास कार्यक्रमको अद्यावधिक प्रगति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	सिँचाइ सुविधा विस्तार	हेक्टर(हजारमा)	२२.४	२४.४३९	१०९.१०
२.	तटबन्ध निर्माण	किलोमिटर	६१.९६	७६.२५	१२३.०६
३.	स्वचालित मौसम मापन केन्द्र स्थापना	सङ्ख्या	३०१	२७५	९१.३६
४.	विद्युत चुहावट	प्रतिशत	१४.४८	१३.४६	१०७.५८
५.	प्रसारण लाइन निर्माण (६६ के.भी. भन्दा बढी)	सर्किट किलोमिटर	५५३३	५४८४	९९
६.	प्रसारण लाइन विस्तार(३३ के.भी.)	सर्किट किलोमिटर	७३२०	७२३७	९८.८६
७.	राष्ट्रिय विद्युत प्रणालीबाट विद्युत प्राप्त	प्रतिशत	९८	९५	९६.९
८.	प्रतिव्यक्ति विद्युत खपत	किलोवाट घण्टा	४००	३८०	९५
९.	कुल विद्युत जडित क्षमता	मेगावाट	३००५	२७६७	९२
१०.	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत	मेगावाट	४०	३८.८४	९७
११.	घरायसी बायोग्याँस प्रविधिबाट ऊर्जा उत्पादन	हजार	५४६	४७१.०५	८६
१२.	सुधारिएको फलामे चुल्हो	सङ्ख्या हजार	१६७.६३	१४४.९८	८६.४८

स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

मन्त्रालयले आवधिक योजना र दिगो विकास लक्ष्यले तोकेका कार्यक्रम वार्षिक कार्यक्रममा आबद्ध गराई प्रगति प्रतिवेदन तयार गरेको छैन। उल्लिखित विवरण विश्लेषण गर्दा सिँचाइ सुविधा विस्तार, तटबन्ध निर्माण, विद्युत चुहावटमा लक्ष्य हासिल गरे पनि प्रतिव्यक्ति विद्युत खपत, कुल विद्युत जडित क्षमता, सुधारिएको फलामे चुल्हो लगायत कार्यक्रममा लक्ष्यभन्दा घटी प्रगति देखिन्छ। आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याई कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा तथा सिँचाइ क्षेत्रका दिगो विकास लक्ष्य र तिनको उपलब्धि स्थिति निम्नानुसार छः

क्र.सं.	सूचकहरू	आधार वर्ष सन् २०१५ को स्थिति	सन् २०२२ सम्मको लक्ष्य	२०२३ सम्मको प्रगति
१.	विद्युतमा पहुँच भएको जनसङ्ख्याको अनुपात (प्रतिशत)	७४	९६	९७.६७
२.	विद्युत खपत (प्रतिव्यक्ति किलोवाट घण्टा)	८०	५४२	३८०
३.	कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश (प्रतिशत)	११.९	२९.७	७.५
४.	जडित जलविद्युत क्षमता (मेगावाट)	७८२	५४१७	२७६७
५.	कुल गार्हस्थ्य उत्पादनमा व्यावसायिक ऊर्जाको उपयोग (प्रति एकाइ)	३.२	३.१७	४.२
६.	कृषि योग्य जमिनमध्ये वर्षभरि सिँचाइ हुने क्षेत्र (प्रतिशत)	२५.२	५०.५	३७

स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

उल्लिखित विवरणअनुसार कृषि योग्य जमिनमध्ये वर्षभरि सिँचाइ हुने क्षेत्र प्रतिशत, प्रतिव्यक्ति विद्युत खपत, कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश प्रतिशत सन् २०२२ को लागि निर्धारित लक्ष्य हालसम्म पनि प्राप्त हुन सकेको देखिएन। दिगो विकास लक्ष्यबमोजिम प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा निर्माणाधीन १११ मेगावाटको रसुवागढी, ४२.५ मेगावाटको साञ्जेन, १४.८ मेगावाटको माथिल्लो साञ्जेन, तथा निजी लगानीकर्ताबाट प्रवर्धित ८६ मेगावाटको सोलु दूधकोशी, ८२ मेगावाटको तल्लो सोलु, ५४ मेगावाटको सुपर दोर्दी 'ख', ४४ मेगावाटको सुपर मादीलगायतका आयोजनाहरूको निर्माण सम्पन्न गरी ७१५ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने लक्ष्य रहेकोमा ५६७ मेगावाट मात्र थप भएकोले लक्ष्य पूरा भएको देखिएन।

राष्ट्रिय गौरवका सिँचाइ आयोजना र ठूला नहरहरूबाट किसानहरूले आफ्नो जग्गासम्म सिँचाइ सुविधा विस्तारका लागि शाखा नहर निर्माण गर्न चाहेमा लागत शोधभर्ना विधिमा रकम उपलब्ध गराउने विषय कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

८. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार नवीकरणीय ऊर्जा तथा कृषि सिँचाइलगायत ७ कार्यक्रमको लागि दातृ निकायबाट अमेरिकी डलर ६८ लाख ४५ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ।

९. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा तोकिएको अनुदान नपुग भएमा बचत अनुदानमध्येबाट विनियोजन ऐनको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सिँचाइ र ऊर्जा क्षेत्रमा सुरु बजेट रू.४० अर्ब ८४ करोड ४६ लाख रहेकोमा रकमान्तरबाट विभिन्न शीर्षकमा रू.१३ अर्ब ९० करोड २७ लाख १७ हजार अर्थात् सुरु बजेटको तुलनामा ३४.०४ प्रतिशत थप भएको र रू.१२ अर्ब ७८ करोड १६ लाख ९० हजार अर्थात् ३१.२९ प्रतिशत घटी भई अन्तिम बजेट रू.४१ अर्ब ९६ करोड ५६ लाख २७ हजार कायम भएको देखिन्छ। यथार्थपरक बजेट तर्जुमा गरी विनियोजन ऐनको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

१०. **राष्ट्रिय गौरवका आयोजना -** यस मन्त्रालय मातहत रहेका ७ राष्ट्रिय गौरवका आयोजनाको प्रगति स्थिति निम्नानुसार छः

(रू.करोडमा)

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने अवधि	लागत		हाल सम्मको खर्च	भौतिक प्रगति
				सुरु	संशोधित		
१.	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	२८७.३९	१८९६.३०	१२६४.६१	७०.०३
२.	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	१११६.८३	३५००	६५९.५८	१८.८४
३.	रानीजमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	१२३७	२७७०.२४	१८०५.६२	६६.९७
४.	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०८४।८५	१६४३	३६८०	१६५२.८१	६३.३
५.	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	१२८०	५२६४	१९८५	३९.७६
६.	सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८४।८५	४६१९.३९	४९४२.३१	८९१.८२	२१.४०
७.	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	-	४१३५	नखुलेको

उल्लिखित आयोजनाहरूमा नहर लाइनिङमा जग्गा विवाद, ठेक्का प्याकेजहरूमा न्यून प्रगति, आयोजना तथा सम्बद्ध जनशक्तिको फेरबदललगायतका कारण अपेक्षित प्रगति हासिल हुन नसकी समय र लागत वृद्धि भएको छ। आयोजना कार्यान्वयनमा देखिएका उल्लिखित समस्या समाधान गर्ने, अनुगमन र सहजीकरणलाई प्रभावकारी बनाई कार्य सम्पादन सम्झौताको कार्यान्वयन स्थिति मूल्याङ्कन गरी कार्यमा गतिशीलता ल्याउने र सोको विश्लेषण गर्ने व्यवस्था मिलाई निर्धारित समय र लागतमा आयोजनाहरू सम्पन्न गर्नुपर्दछ।

११. **कृषियोग्य भूमि र सिँचाइ सुविधा** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार २६ लाख ४१ हजार हेक्टर भूमिमध्ये यो वर्षसम्म १५ लाख ५५ हजार हेक्टर (५८.८८ प्रतिशत)मा सिँचाइ सुविधा पुगेको देखिन्छ। मन्त्रालयबाट प्रदेशगत कृषियोग्य भूमि र सिँचित क्षेत्रको विवरण प्राप्त हुन आएन। आर्थिक सर्वेक्षण २०७९।८० अनुसार धान चामल, मकै, गहुँ र अन्य खाद्यान्नको आयात २०७६।७७ मा रू.५६ अर्ब ८८ करोड, २०७७।७८ मा रू.७९ अर्ब ५९ करोड र २०७८।७९ मा रू.७४ अर्ब २८ करोड रहेको देखिन्छ। त्यस्तै भन्सार विभागको तथ्याङ्कअनुसार २०७९।८० मा रू.९५ अर्ब ४५ करोडको खाद्य सामग्री रहेको देखिन्छ। सिँचाइ सुविधा पुगेको क्षेत्र बढ्दै गए पनि ठूलो मात्रामा खाद्यान्न आयात हुने अवस्थामा कमी आउन सकेको देखिँदैन। सिँचाइमा गरिने लगानीको नतिजा देखिने गरी आयोजना सञ्चालन हुनुपर्दछ।

१२. **मापदण्ड कार्यान्वयन** - नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन तथा सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी निक्षेपण र प्रत्यायोजन हुनुपर्दछ।

मन्त्रालय मातहत नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रममा रू.५ लाखसम्मका १७ र रू. ५० लाख सम्मका १७ गरी ३४ साना कार्यक्रम सङ्घबाट सञ्चालन भएको छ। ऊर्जातर्फ ३ मेगावाटसम्मका जलविद्युत आयोजना स्थानीय तहबाट, ३ मेगावाटभन्दा माथि २० मेगावाटसम्मका आयोजना प्रदेश तहबाट सञ्चालन गर्ने व्यवस्था छ। स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने ३ मेगावाटसम्मका आयोजनासमेत सङ्घबाट कार्यान्वयन गरेको पाइयो। कानुनी व्यवस्था र सङ्घीयताको मर्मअनुरूप मन्त्रालयले राष्ट्रिय महत्त्वका ठूला आयोजना/कार्यक्रम मात्र सञ्चालन गरी अन्य आयोजना/कार्यक्रम प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गर्नुपर्दछ।

१३. **अनुगमन तथा नियमन** - विद्युत उत्पादनको लागि अनुमति लिने सङ्घ, संस्थाले अनुमतिपत्रमा उल्लेख भएको अवधिभित्र विद्युत उत्पादन गर्नुपर्दछ। विद्युत विकास विभागबाट प्राप्त विवरणअनुसार २०७९।८० सम्म ८ हजार ५४१ मेगावाट क्षमताको लागि जारी भएका १ मेगावाटभन्दा बढी क्षमताका २२९ आयोजनाको अनुमतिमध्ये २ हजार ५५२ मेगावाटका १४० आयोजना सञ्चालनमा रहेका छन्। अनुमतिपत्र जारी भएका ५ हजार ९८९ मेगावाट क्षमताका ८९ आयोजनाले विद्युत उत्पादन गरी सञ्चालनमा आउन सकेको देखिँदैन। अनुमति लिएका संस्थाले विद्युत उत्पादन कार्य गरे, नगरेको अनुगमन गरी आवश्यक कारबाही हुनुपर्दछ।

यसै गरी पूर्वाधार निर्माण तथा सञ्चालनको अवधि समाप्त भएपछि प्रचलित कानुन एवं सम्झौता अनुसार सरकारको स्वामित्वमा ल्याई सञ्चालन गर्नुपर्ने निकायहरूको अभिलेख राखी सम्झौता कार्यान्वयन स्थितिको अनुगमन गर्नुपर्दछ।

१४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। यो वर्ष मन्त्रालय मातहतका ९ निकायले विभिन्न निर्माण कार्यलाई ७९ टुक्रा बनाई रू.६ करोड ७९ लाख ५७ हजारको खरिद कार्य गरेका छन्। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

१५. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृत गराउनुपर्ने व्यवस्था छ। बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी

निर्देशिका, २०७३ मा बहुवर्षीय ठेक्का स्वीकृति अघि वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्ने व्यवस्था रहे तापनि मन्त्रालयले सोसम्बन्धी सिफारिसको अद्यावधिक विवरण राखेको छैन। विद्युत विकास विभागबाट प्राप्त विवरणअनुसार विद्युत आयोजनाहरूतर्फ प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि ७८ प्रतिवेदन स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पठाइएकोमा ५० प्रतिवेदन स्वीकृत भएको र २८ प्रतिवेदन स्वीकृत हुन बाँकी देखियो। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति समयमा नहुँदा आयोजना निर्माणमा ढिलाइ भई लागत र समय वृद्धि हुने गरेको छ। सम्बन्धित निकायहरूबीच समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नुपर्दछ।

१६. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्यसम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने उल्लेख छ। महाकाली नदी नियन्त्रण आयोजना, दार्चुला र जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय महोत्तरीले रू.५ करोड ७८ लाखमा सम्झौता भएको १५ निर्माण कार्यको सम्झौता अवधि समाप्त हुँदा रू.३ करोड १२ लाखको मात्र कार्य गरी रू.२ करोड ६६ लाखको निर्माण कार्य अधुरो रहेको देखिन्छ। तोकिएको अवधिमा कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताअनुसार कारबाही गरी कार्य सम्पन्न गर्नुपर्दछ।

१७. **सिँचाइ सेवा शुल्क -** जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी केन्द्रीय मर्मत सम्भार कोषमा बुझाई सो को निस्सा सम्बन्धित सिँचाइ कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। रानी जमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गत ३ नहर प्रणालीहरूबाट ११ हजार हेक्टरमा कमाण्ड क्षेत्र सिँचाइ सुविधा उपलब्ध गराएबापत उपभोक्ताबाट रू.८१ लाख ३६ हजार सेवा शुल्क उठ्नु पर्नेमा रू.१९ लाख ६६ हजार प्राप्त भई रू.६१ लाख ६९ हजार उठ्न बाँकी रहेको देखिन्छ। सोहीअनुसार मर्मत सम्भार कोषमा ५ प्रतिशत र केन्द्रीय सञ्चित कोष राजस्व खातामा ५ प्रतिशतका दरले हुने रू.८ लाख १३ हजार जम्मा गर्नुपर्नेमा रू.९८ हजार मात्र दाखिला भएकोले नपुग रू.७ लाख १४ हजार र सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गत २० नहर प्रणालीहरूबाट आंशिक सिँचाइ सेवा शुल्क उठाएकोमा यो आर्थिक वर्षको असुल गर्न बाँकी रू.३० लाख ५६ हजारसमेत असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

जलस्रोत तथा सिँचाइ विभाग

१८. **निर्माण कार्यको नर्म्स** - सिँचाइ विभाग तथा मातहतका निकायबाट निर्माण कार्यको लागि सन् २००२ मा स्वीकृत नर्म्स प्रयोग भइरहेको छ। निर्माणसम्बन्धी प्रविधि र उपकरणमा २२ वर्षमा उल्लेख्य परिवर्तन भइसकेको छ। स्वीकृत नर्म्समा सिमेन्ट, गिट्टी र बालुवा प्रयोग गरी विभिन्न क्षमताको आरसीसी ढलानलगायतका कार्य गर्न ज्यामीको परिमाण उल्लेख छ। हाल बजारमा ठूला निर्माण कार्यको लागि कंक्रिट मिक्चर्स, ब्याचिङ्ग प्लान्ट र रेडी मिक्चरलगायतका मेसिन/उपकरणको प्रयोग हुने गरेको छ। मन्त्रालयले ठूला आयोजनाहरूमा प्रयोग हुने रेडिमिक्स तथा हेभी इक्विप्मेन्ट, तटबन्धमा प्रयोग हुने जियो ब्याग, जियो सेल, क्रिजमर तथा बाँध बनाउँदा प्रयोग हुने हेभी रोलर, सुरुङ निर्माणसम्बन्धी कार्य तथा तटबन्धमा प्रयोग हुने ठूलो आकारका ढुङ्गालगायतका कार्यको नर्म्स तर्जुमा भएको छैन। साबिक नर्म्सलाई समयानुकूल बनाई अद्यावधिक गर्नुपर्ने बेहोरा गत वर्षसमेत औंल्याइएकोमा स्थिति यथावत् छ।

त्यस्तै विभागले मन्त्रालयबाट २०७२ मा स्वीकृत सिँचाइ आयोजनाहरूको लागि सम्भाव्यता अध्ययन सम्बन्धी नर्म्स र सालबसाली रूपमा परामर्श सेवाको नर्म्स महानिर्देशकबाट स्वीकृत गराई सोको आधारमा परामर्श सेवा खरिदका लागि लागत अनुमान बनाउने गरेको छ। परामर्श सेवासम्बन्धी आवश्यक नर्म्स नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराएर मात्र कार्यान्वयनमा ल्याउनुपर्दछ।

१९. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने गरी रोजगारीको अवस्था सिर्जना गर्न लाभग्राही समुदायबाट कार्य गराउन सकिने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१९.१ कमला नदी नियन्त्रण आयोजना, धनुषाले गणेशमान चारनाथ नगरपालिकाको कुमरखतमा तटबन्ध निर्माण कार्यको लागि रू.३ करोड ४० लाख ९८ हजारको लागत अनुमानलाई ५ टुक्रा बनाई उपभोक्ता समितिबाट कार्य गराई रू.२ करोड ५४ लाख ५१ हजार भुक्तानी गरेको छ। यसरी एउटै कार्यलाई विभिन्न टुक्रा बनाई उपभोक्ता समितिबाट कार्य गराएको उचित देखिएन।

१९.२ कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन डिभिजन, राजविराज सप्तरीले निर्माण तथा मर्मत सम्भारका ६ योजनाको लागि रू.२ करोड ६८ लाख २४ हजारको लागत अनुमान तयार गरेकोमा एकै उपभोक्ता समितिलाई पटक पटक गरी ६ योजनाको कार्य जिम्मेवारी दिएको छ। एक सम्झौताको कार्य सम्पन्न नहुँदै अन्य योजनाको कार्य जिम्मेवारीसमेत सोही उपभोक्ता समितिलाई दिनु उचित देखिएन। नियममा भएको व्यवस्थाअनुसार मात्र उपभोक्ता समितिमार्फत कार्य गराउनुपर्दछ।

२०. **मूल्य समायोजन -** नारायणी नदी व्यवस्थापन आयोजना चितवनले एक निर्माण व्यवसायीलाई मूल्य समायोजन रकम भुक्तानी गर्दा सम्झौतामा उल्लेख भएको भन्दा फरक आधार सूचक प्रयोग गरेको कारण आधार सूचकमा कमी आई मूल्य समायोजन फ्याक्टर बढी गणना भएको छ। जसको कारणबाट यो वर्ष दुईवटा रनिङ बिलको भुक्तानी गर्दा रू.३४ लाख ३३ हजार बढी मूल्य समायोजन भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२१. **बिग बोल्डर कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी कार्यको नर्म्स भए त्यस्तो नर्म्सबमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। बाढी नियन्त्रणको लागि नदी किनारामा बिग बोल्डर राख्ने कार्य गराउँदा उक्त व्यवस्थाबमोजिम नर्म्स स्वीकृत नगराई बिग बोल्डर कलेक्सन, लोड अनलोड र ढुवानी तथा निश्चित प्रतिशतमा परिमाणको शून्यीकरण गर्ने कार्यसमेतको आधारमा लागत अनुमान तयार गरी जलस्रोत तथा सिँचाइ विभाग ललितपुर, रानी जमरा कुलरिया सिँचाइ आयोजना कैलालीसमेत ४ निकायले १८ ठेक्कामा रू.४४ करोड ५७ लाख ११ हजार भुक्तानी गरेको छ। नर्म्स स्वीकृत गराएर मात्र कार्य गर्नुपर्दछ।

जल तथा मौसम विज्ञान विभाग

२२. **नीति तथा मापदण्ड तर्जुमा -** नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुसार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वा मातहत जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड, तथ्याङ्क योजना, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी विभागको रहेकोमा विभागले वातावरण संरक्षण नियमावली २०७७, राष्ट्रिय जलस्रोत नीति २०७७, विपद् न्यूनीकरण एवं व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लगायतका नीति कार्यान्वयन गर्ने प्रयोजनको लागि जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरेको नदेखिएकोले नीति मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२३. **शुल्क निर्धारण -** विभागले कर, दस्तुर, दण्ड, जरिबाना तथा सेवा शुल्क उठाउँदा कानुनमा उल्लेख भएको दरमा उठाउनुपर्दछ। विभागले जल तथा मौसमसम्बन्धी तथ्याङ्कहरू बिक्री गरी यो वर्ष रू. ८६ लाख ९८ हजार आम्दानी गरेकोमा स्वीकृत कानुनबमोजिम नभई पटके मन्त्रीस्तरीय निर्णयका आधारमा उठाउने गरेको छ। मेट्रोलोजीतर्फको शुल्क विगत १५ वर्षदेखि पुनरावलोकन भएको नदेखिएकोले पुनरावलोकन हुनुपर्दछ। विभागले उठाउने शुल्क समयानुकूल र वैज्ञानिक बनाउन कानुन तयार गरी आम्दानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२४. **राडार सञ्चालन योजना तथा रणनीति** - विभागले उदयपुरको चित्रधाम र पाल्पाको रिब्दीकोटमा राडार स्थापना गर्न एक विदेशी कम्पनीसँग सम्झौता गरी अमेरिकी डलर २५ लाख ५० हजार र रू.९ करोड ९७ लाख ९० हजार भुक्तानी दिएको छ। राडारले रेडियो तरङहरूको दूरी, कोण र साइटसँग सम्बन्धित वस्तुहरूको रेडियल वेग निर्धारण गर्न, मौसम संरचनाहरू र भूभाग पत्ता लगाउन र ट्रयाक गर्न, हावा र स्थलीय ट्राफिक नियन्त्रण गर्न, हवाई उडान सुरक्षाका लागि मौसमी प्रणालीको अनुगमन, मौसम विज्ञान वर्षा निगरानी, वास्तविक जल बाढी पूर्वानुमान, गम्भीर मौसम अनुगमन र चेतावनीसहित विभिन्न जलविज्ञान र मौसमको लागि वर्षाको अनुमान गर्न र छोटो अवधि वर्षा पूर्वानुमान र उडान नियन्त्रण प्रणालीमा प्रयोग हुनसक्ने भएकोमा राडार सञ्चालन योजना तथा रणनीतिको अभावमा यसको पूर्ण प्रयोग हुन नसकी वर्षाको अनुमानमा मात्र सीमित प्रयोग भएको देखिन्छ। उक्त प्रणाली पूर्ण क्षमतामा उपयोग गर्न रणनीति तथा सञ्चालन योजना तयार गर्नुपर्दछ।

२५. **कार्यमा ढिलाइ -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्तबमोजिम सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। अमेरिकी डलर ५८ लाख ५७ हजारको स्वीकृत लागत अनुमान भएको बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणालीको डिजाइन, आपूर्ति र स्थापनाको लागि एक विदेशी आपूर्तिकर्तासँग २ मे, २०२२ मा सुरुको ३ वर्ष प्रणालीको डिजाइन, आपूर्ति र स्थापना गर्ने तथा बाँकी ३ वर्षमा प्रणालीको सञ्चालन तथा मर्मत/सम्भार गर्न अमेरिकी डलर ४६ लाख ५९ हजार र रू.६ करोड ९६ लाखको सम्झौता भएको थियो। सम्झौता अवधिको ५० प्रतिशतभन्दा बढी अवधि समाप्त हुँदा अमेरिकी डलर ३ लाख २५ हजार पेस्की भुक्तानीबाहेक अन्य कार्यमा प्रगति भएको देखिएन। सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न पहल गरिनुपर्दछ, अन्यथा कानुनबमोजिम कारबाही गरिनुपर्दछ।

विद्युत विकास विभाग

२६. **आयोजना बैङ्क** - विद्युत आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ मा नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट वा विदेशी सहयोगमा सम्भाव्यता अध्ययन भएका आयोजनाहरू, जुनसुकै कारणले सर्वेक्षण अनुमतिपत्र रद्द भएका र उत्पादन अनुमतिपत्रका लागि दिएका दरखास्तहरू रद्द भएका आयोजनाहरू र नेपाल सरकारबाट अध्ययन भइरहेका वा नेपाल सरकारको लागि अन्य संस्थाबाट अध्ययन भइरहेका आयोजनाहरू आयोजना बैङ्कमा रहने व्यवस्था छ। प्राप्त विवरणअनुसार निजी क्षेत्रबाट अनुमतिपत्र खारेज भई आयोजना बैङ्कमा रहेका आयोजना १६७, विभागबाट अध्ययनरत आयोजना २२ र विभागबाट अध्ययन सम्पन्न भएका आयोजना २५ समेत २१४ आयोजनाहरूको आयोजना बैङ्क तयारी गरिएकोमा लागत, क्षमता र प्रकृतिको आधारमा स्तरीकरण तथा वर्गीकरण गर्नुका साथै लगानी ढाँचासमेत तोकिनुपर्दछ।

२७. **रोयल्टी बक्यौता** - विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रू.१०० र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र उक्त अवधिपछि प्रति जडित किलोवाट वार्षिक रू.१ हजार र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार विभिन्न जलविद्युत आयोजनाबाट २०७८।७९ मा रोयल्टीबापत उठ्नुपर्ने रू.२९ करोड ३९ लाख ४९ हजार र यो वर्ष १४१ जलविद्युत कम्पनीबाट रू.३ अर्ब १४ करोड ८२ लाख ३४ हजारसमेत रू.३ अर्ब ४४ करोड २१ लाख ८३ हजारमध्ये रू.३ अर्ब १५ करोड ५१ लाख ८८ हजार असुल गरी रू.२८ करोड ६९ लाख ९५ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले तिर्नुपर्ने रोयल्टी समयमा प्राप्त नभएकोमा ब्याज तथा जरिबाना लिने गरेको देखिँदैन। सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी बक्यौता रू.२८ करोड ६९ लाख ९५ हजारको ब्याज तथा हर्जना सम्बन्धमा कानुनी व्यवस्था गरी असुल गर्नुपर्दछ।

२८. **राजस्व छुट तथा सटही सुविधा** - विद्युत ऐन, २०४९ को दफा १२ र जलविद्युत विकास नीति, २०५८ मा स्वीकृति लिई सञ्चालित आयोजनालाई आयात गरेको औद्योगिक संयन्त्र उपकरण जगेडा पार्टपुर्जामा मूल्य अभिवृद्धि कर छुट र सटही सुविधा उपलब्ध गराउने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम विभागले भारतीय रुपैयाँ ३ करोड ५९ लाख ५६ हजार, अमेरिकी डलर ४ करोड ४६ लाख ४ हजार, युरो ६१ हजार, बेलायती पाउण्ड ४५ हजार, नर्वेजियन क्रोनर ८३ हजार, चिनियाँ युआन २ लाख ४८ हजारको २०८० असार मसान्तको विनिमय दरअनुसार हुने रू.५ अर्ब ९३ करोड ७ लाख ७६ हजार सटही सुविधा दिएको छ।

त्यस्तै मूल्य अभिवृद्धि कर रू.२७ अर्ब ७७ करोड ७६ लाख ९४ हजार छुटको सिफारिस दिएको छ। कुल जडित विद्युत क्षमतामा यो वर्ष ५६७ मेगावाट थप भई २ हजार ६६७ मेगावाट पुगेको छ। प्रतिमेगावाट कर छुट र सटही सुविधा रू.५ करोड ७४ लाख २५ हजार पुगेको देखिन्छ। सुविधामा आयात गरिएका उपकरण र सामग्री सम्बन्धित आयोजनामा प्रयोग भए, नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२९. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिलको भुक्तानी दिँदा खरिद सम्झौताको आधारमा भुक्तानी दिनुपर्दछ। कार्यालयले

एक परामर्शदाता फर्मलाई मुगु कर्णाली जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कन कार्यमा फिल्ड सहायक २ जना र गेज रिडर २ जनाको सम्झौता अवधि २९ महिना भएकोमा ५८ महिनाको सेवा सुविधा भुक्तानी गरेकोले सम्झौताभन्दा बढी अवधि २९ महिनाको सेवा सुविधा रू.१९ लाख ६६ हजार असुल गर्नुपर्दछ।

विद्युत नियमन आयोग

३०. **शुल्क निर्धारण** - विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३ मा आयोगको कोषमा विद्युत वितरण अनुमति प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशत, विद्युत व्यापार गर्न अनुमति प्राप्त गर्ने व्यक्तिको आयबाट एक प्रतिशत र निकासी गर्न अनुमति प्राप्त गर्ने व्यक्तिको आयबाट प्राप्त गरेको ह्विलिङ्ग दस्तुरको एक प्रतिशतमा नबढ्ने गरी आयोगले तोकेको रकम दाखिला हुने व्यवस्था छ। आयोगले उक्त कोषमा दाखिला गर्ने रकमको दर जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७८।७९ र २०७९।०८० को लागि ०.३ प्रतिशत निर्धारण गरेको छ। कानुनले तोकेको अधिकतम दरभित्र सेवा शुल्क तोक्ने अधिकार आयोगलाई रहेकोमा कानुनमा किटानी साथ सेवा शुल्कको दर निर्धारण गर्ने व्यवस्था हुनुपर्दछ।

विद्युत बिक्रीको अनुमति पाएको नेपाल विद्युत प्राधिकरणले २०७८।७९ मा रू. ८७ अर्ब १५ करोड ४८ लाख २१ हजार आय प्राप्त गर्दा सोको ०.३ प्रतिशत हुने रू. २६ करोड १४ लाख ६४ हजार र २०७९।०८० मा रू.१ खर्ब ३४ करोड ५५ लाख ९५ हजार आय प्राप्त गर्दा सोको ०.३ प्रतिशतले हुने रू.३० करोड १० लाख ३७ हजारसमेत रू.५६ करोड २५ लाख १ हजार शुल्क आयोगको कोषमा दाखिला गरेको छैन। नेपाल विद्युत प्राधिकरणबाट उक्त शुल्क रकम असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

३१. **सीमाभन्दा बढी मौज्दात** - विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३(१) मा आयोगको कोषमा पछिल्लो तीन वर्षको औसत सञ्चालन खर्चको १५० प्रतिशतभन्दा बढी जम्मा भएको रकम नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आयोगको विवरणअनुसार पछिल्लो ३ वर्षको औसत सञ्चालन खर्च रू.३ करोड १५ लाख ४ हजार रहेको र १५० प्रतिशतले हुने रू.४ करोड ७२ लाख ५५ हजार कोषमा मौज्दात राखी बाँकी रू.५ करोड ७९ लाख ३९ हजार सङ्घीय सञ्चितकोष दाखिला हुनुपर्दछ।

जल तथा ऊर्जा आयोगको सचिवालय

३२. **आयोगको बैठक** - जल तथा शक्ति आयोग गठन काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था, २०५५ को बुँदा नं. ४ मा आयोगको बैठक कम्तीमा वर्षको २ पटक बस्ने र अन्य बैठक आवश्यकताअनुसार अध्यक्षले जुनसुकै बखत बोलाउन सक्ने व्यवस्था छ। सचिवालयको ५८ औं बैठक २०७३।५।२० पश्चात् ५९ औं बैठक २०७८।७।१० मा अर्थात् ५ वर्ष १ महिना २० दिनपछि मात्र बसेकोमा तत्पश्चात् बैठक बसेको देखिएन। नियमित बैठक नबस्दा आयोग गठनको उद्देश्य पूरा हुन सकेको छैन। आयोग गठनको उद्देश्यअनुरूप क्रियाकलाप सञ्चालन गरिनुपर्दछ।

३३. **अनुदानको उपयोग** - सचिवालयले नदी बेसिन योजना तथा जलविद्युत गुरुयोजना तयारीको लागि एक नेपाली परामर्शदातासमेत संयुक्त उपक्रममा रहेको विदेशी परामर्शदातासँग ३६ महिनामा कार्य सम्पन्न गर्ने गरी २६ जून २०१८ मा रू.६४ करोड २१ लाख ५५ हजारको सम्झौता गरेको छ। समयमा काम सम्पन्न हुन नसकी चौथोपटक २९ फ्रेबुअरी २०२४ सम्म म्याद थप गरेको देखिन्छ। उक्त कार्यको लागि सुरुमा विश्व बैङ्कबाट अमेरिकी डलर ५.९८ मिलियन अर्थात् सम्झौताका बखतको विनिमयदरको आधारमा नेपाली मुद्रामा रू.६५ करोड २६ हजार अनुदान सहायता प्राप्त हुने गरी कार्य अगाडि बढेको र उक्त बैङ्कबाट रू.२४ करोड ८७ लाख ५५ हजार प्राप्ति पश्चात् समयमा काम सम्पन्न हुन नसकेको कारण बैङ्कले अनुदान सहायता प्रदान गर्न बन्द गरेको छ। परामर्शदाताले समयमै कार्य सम्पन्न गर्न नसक्दा हालसम्मको भुक्तानीमा मात्र नेपाल सरकारको सञ्चित कोषमा रू.३१ करोड ५७ लाख ८० हजार व्ययभार परेको छ।

बुढीगण्डकी जलविद्युत आयोजना

३४. **समग्र प्रगति** - विस्तृत आयोजना प्रतिवेदन, २०१६ अनुसार आयोजनाको अनुमानित लागत रू.२ खर्ब ६० अर्ब रहेको र आयोजनाबाट १ हजार २०० मेगावाट विद्युत उत्पादन हुने उल्लेख छ। आयोजनाबाट गोरखातर्फ १ हजार ६७२ घरधुरी र धादिङतर्फ १ हजार ८८८ घरधुरी गरी ३ हजार ५६० पूर्ण विस्थापित हुने, गोरखातर्फ २ हजार १४९ र धादिङतर्फ २ हजार ४०८ समेत ४ हजार ५५७ आंशिकसमेत ८ हजार ११७ घरधुरीलाई असर पुग्ने उल्लेख छ। आयोजनाको वार्षिक प्रतिवेदनअनुसार हालसम्म १७ हजार ४८ घरधनीलाई मुआब्जा वितरण गरेको छ। आयोजनाबाट ४८ हजार १६७ रोपनी जग्गाको रू.३४ अर्ब २९ करोड ८४ लाख २२ हजार मुआब्जा, ६९८ घरगोठलगायत भौतिक संरचनाको रू. ५ अर्ब ९३ करोड ४ लाख र ७ लाख ३० हजार ९२३ रुखबिरुवा तथा फलफूलहरूको रू.१ अर्ब १२ करोड ८० लाख क्षतिपूर्तिसमेत गरी हालसम्म रू.४१ अर्ब ३५ करोड ६८ लाख २२ हजार खर्च भएको छ।

आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको लागि ५८ हजार १८३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा यो वर्ष १२३.१४ रोपनीसमेत यो वर्षसम्म ४८ हजार १६७ रोपनी जग्गा अधिग्रहण भई १० हजार १६ रोपनी अधिग्रहण गर्न बाँकी रहेको छ। यसैगरी घर/गोठ तथा अन्य संरचनातर्फ कुल २५ हजार ८०० संरचनाको क्षतिपूर्ति दिनुपर्नेमा गत वर्ष १८ हजार २५३ र यो वर्ष ४ हजार ४४५ संरचनाको क्षतिपूर्ति वितरण भई ३ हजार १०२ संरचनाको क्षतिपूर्ति दिन बाँकी रहेको देखिन्छ। त्यस्तै, फलफूलका बोटबिरुवातर्फ ३६ हजार ३५ गोटा र रुखबिरुवा ६ हजार ६५८ गोटाको क्षतिपूर्ति दिन बाँकी रहेको छ। भुक्तानी दिन बाँकी जग्गाको मुआब्जा, भवन संरचना र बिरुवाको क्षतिपूर्ति वितरण गरी विद्युत उत्पादनका लागि आवश्यक संरचना निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ।

३५. **सम्पत्ति सरंक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५(१) बमोजिम प्राप्त हुन आएको सम्पूर्ण सम्पत्तिको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ। आयोजनाले हालसम्म घरगोठ संरचनासमेत रहेको ४८ हजार १६७ रोपनी जग्गा, रुखबिरुवा र फलफूलका बोटबिरुवासमेत ७ लाख ३० हजार ९२३ को रू.४१ अर्ब ३५ करोड ६८ लाख मुआब्जा वितरण गरेको छ। अधिग्रहण भएको जग्गा साबिककै जग्गाधनीहरूले उपयोग गरिरहेको देखिएकोले

आयोजना निर्माणको कार्य अगाडि बढाउनुपर्ने बेहोरा गत विगत प्रतिवेदनमासमेत औँल्याइएकोमा कार्यान्वयन भएको छैन।

रानी जमरा कुलरिया सिँचाइ आयोजना

३६. **आयोजना कार्यान्वयन** - आयोजनाले सिँचाइ प्रणालीको आधुनिकीकरण गरी २० हजार ३०० हेक्टर जमिनमा वातावरणमैत्री सिँचाइ सुविधा विकास तथा विस्तार गर्ने साथै टीकापुर क्षेत्रको १४ हजार ३०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउन मूल नहरको निर्माण साथै फिडर नहरमा पर्ने ४.७१ मेगावाटको जलविद्युतको निर्माण र विद्युत प्रसारण लाइनको निर्माण गर्ने र पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ जाने लम्की विस्तार सिँचाइ प्रणाली शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा सिँचाइ सुविधा विस्तारित गर्ने लक्ष्य लिइएको छ। समग्र सिँचित क्षेत्र ३८ हजार ३०० हेक्टर रहने भए पनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजनाअनुसार २० हजार ३०० हेक्टर क्षेत्रफलको निर्माण कार्य २०८१।८२ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल सरकार र विश्व बैङ्कको स्रोतबाट सञ्चालित यस आयोजनाबाट मूल नहर ५.८८ किलोमिटर, फिडर नहर २.९ किलोमिटर, हेडवर्क्स/इन्टेक संरचना, फिडर नहर संरचना, तीन कन्ट्रोल रेगुलेटर, पहुँच मार्ग निर्माणसमेतको काम सम्पन्न भएको छ। दोस्रो चरणमा रानी, जमरा र कुलरिया क्षेत्रको कमाण्ड क्षेत्र विकास र पथरैया नदी नियन्त्रण गरी कमान्ड क्षेत्र बचाउ कार्यक्रमको सहायता सम्झौता भई कार्यान्वयनमा रहेको छ। तेस्रो चरणमा पथरैयादेखि कान्द्रासम्म थप १८ हजार हेक्टरमा सिँचाइ पुऱ्याउने उद्देश्यले विस्तृत अध्ययन सम्पन्न भए तापनि सोअनुसार गुरुयोजना अद्यावधिक भएको छैन।

३७. **बजेट कार्यान्वयन** - आयोजना कार्यान्वयनको लागि २०६७।६८ देखि २०७९।८० सम्म रू.२५ अर्ब ८० करोड ४० लाख ७३ हजार बजेट विनियोजन भएको छ। उक्त बजेटमध्ये २०७८।७९ सम्म रू.१६ अर्ब १९ करोड २८ लाख ९९ हजार र यो वर्ष रू.१ अर्ब ८६ करोड ३३ लाख ५६ हजारसमेत रू.१८ अर्ब ५ करोड ६२ लाख ५५ हजार अर्थात् ६९.९७ प्रतिशत खर्च भएको छ। उक्त खर्चमध्ये नेपाल सरकारको रू.१० अर्ब ७४ करोड ६४ लाख ७५ हजार, आईडीएको ऋण रू.५ अर्ब १७ करोड ४६ लाख ९७ हजार र आईडीए डीपीसी अनुदान रू.२ अर्ब १३ करोड ५० लाख ४६ हजार रहेको छ। यो वर्षसम्मको भौतिक प्रगति ६६.९७ प्रतिशत रहेको छ। तोकिएको समयमा कार्यसम्पन्न गर्न आयोजनाको कार्यदक्षता बढाई लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

३८. **विद्युत उत्पादन र सञ्चालन** - आयोजनाअन्तर्गत रहेको जलविद्युत निर्माण कार्य सम्पन्न भएपछि योजना सञ्चालन तथा उत्पादन हुने विद्युत बिक्री वितरण सम्बन्धमा आवश्यक कार्यविधि तयार गर्नुपर्दछ। विद्युत संरचना निर्माणको लागि एक निर्माण व्यवसायीसँग २०७४।३।३० सम्ममा सम्पन्न गर्नेगरी २०७१।३।३० मा रू.१ अर्ब ७३ करोड ३४ लाख ४० हजारमा खरिद सम्झौता भएकोमा समयमा कार्य सम्पन्न नभई २०८०।२।२९ सम्म म्याद थप भएको छ। सिँचाइ र विद्युत संरचना निर्माणको लागि मूल्य समायोजनसमेत रू.१ अर्ब ६८ करोड ३९ लाख १२ हजार खर्च भएको छ। आयोजनाबाट प्राप्त विवरणअनुसार विद्युत उत्पादन लागत कुल रू.५४ करोड ९३ लाख २२ हजार र प्रति मेगावाट लागत रू.११ करोड ६६ लाख २९ हजार रहेको छ। आयोजनाले २०८०।२।२९ सम्ममा निर्माण

कार्य सम्पन्न गरी विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ९५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। विद्युतगृह सञ्चालनसम्बन्धी मोडालिटी तयार नगरेको तथा नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्बन्धी सम्झौता नभएकोले उत्पादित विद्युतबाट आम्दानी नहुने अवस्था देखिन्छ। समयमै उत्पादित विद्युत बिक्री गर्न आवश्यक कानुन र संयन्त्र विकास गर्नुपर्दछ।

३९. **मूल नहर तथा संरचना निर्माण कार्य -** आयोजनाले मूल नहर तथा संरचना निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७३।७।३० मा सम्पन्न गर्नेगरी २०६९।८।१ मा रू.३ अर्ब १८ करोड ५१ लाख ६० हजारको सम्झौता भएकोमा यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौ संशोधन)को नियम १२०(क) बमोजिम दुईवटा माइलस्टोन निर्धारण गरी २०७९।११।३० सम्म नदी तटबन्ध सम्बन्धी सम्पूर्ण कार्य र २०७९।१२।२६ सम्म ज्वाइन्ट सिलिङलगायत अन्य बाँकी कार्य सम्पन्न गर्नेगरी २ वटा माइलस्टोन तोकी नवौं पटक म्याद थप गरेको छ। सम्झौतानुसार भेरिएसन आदेश र काबुबाहिरको परिस्थितिको कारणबाट मात्र म्याद थप गर्न सकिनेमा अत्यधिक मूल्यवृद्धि, निर्माण सामग्रीको अभाव जस्ता कारण जनाई म्याद थप गरेको, निर्माण व्यवसायीद्वारा कार्यतालिका अद्यावधिक नगरेको, म्याद थप गर्नुपर्ने घटनाको पूर्व सूचना नदिएको र कामको दैनिक डायरी नराखी म्याद थप गरेको जस्ता बेहोरा देखिएको छ। सम्झौताअनुसार मात्र म्याद थप गरिनुपर्दछ।

३९.२ खरिद सम्झौताको कार्यतालिका बमोजिम कार्य गर्न आयोजनाले एक निर्माण व्यवसायीलाई नदी नियन्त्रणको कामका लागि पत्राचार गरे पनि उक्त कार्य नगरेको कारण सेटलिङ बेसिन र मूल नहरलाई क्षति पुग्ने अवस्था भएकोले रू.३७ लाख १७ हजारको निर्माण कार्य आयोजनाबाटै गराई भुक्तानी भएको छ। ठेक्का सम्झौता विपरीत निर्माण व्यवसायीको दायित्व आयोजनाबाट भुक्तानी गरेकोले उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

३९.३ सार्वजनिक खरिद नियमावली, २०६४(बाह्रौ संशोधन) को नियम १२०क मा म्याद समाप्त भएका अधुरा निर्माण कार्यको अवधि थपका लागि नियमावलीले तोकेको अवधिभित्र निवेदन दिएमा संशोधित कार्यतालिका पेस भए पश्चात् बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तीमा दुईवटा माइलस्टोन तोकी थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा २०८० असार मसान्तसम्म म्याद थप गर्न सक्ने र सम्बन्धित निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ। आयोजनाबाट म्याद थप गर्दा त्यस्तो माइलस्टोनमा हर्जनाको दर उल्लेख नगरी म्याद थप गरेको देखियो। आर्थिक वर्षको अन्त्यसम्म पनि काम सम्पन्न नभएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रू.१३ करोड ७५ लाख १५ हजार असुल गरी बाँकी काम सम्पन्न हुनुपर्दछ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

४०. **समग्र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावलीमा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। आयोजनाबाट प्राप्त प्रगति विवरणअनुसार टनेल निर्माण कार्य सम्पन्न भएको, आवश्यकताअनुसार कफर ड्याम निर्माण गरी सिभिल संरचना निर्माण कार्य सुरु भएको, हेडवर्क्स, पावरहाउस निर्माण स्थलमा जग खन्ने कार्य

भइरहेको, सामाजिक विकास तथा वातावरणीय सुधार कार्यक्रम तथा भेरी करिडोर सिँचाइ विकास आयोजना अन्तर्गतका कार्यक्रमसमेत समग्रमा आयोजनाको २०८० असारसम्मको वित्तीय प्रगति ४४.४५ र भौतिक प्रगति ६३.३ प्रतिशत रहेको छ। संशोधित गुरुयोजनाअनुसार २०८४।८५ सम्म आयोजना सम्पन्न हुने उल्लेख छ। लेखापरीक्षण अवधि २०८० मङ्सिरसम्म टनेल निर्माण र सोको परामर्श सेवामा शतप्रतिशत, हेडवर्क्स सर्ज साफ्ट, पावरहाउस निर्माण कार्यमा ३८ प्रतिशत, हाइड्रोमेकानिकल निर्माण तथा जडान कार्यमा ११.१८ प्रतिशत, इलेक्ट्रोमेकानिकल निर्माण तथा जडान कार्यमा १.७४ प्रतिशत प्रगति भएको देखिन्छ। सम्झौताको अवधिभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४१. **हेडवर्क्स तथा विद्युत गृह निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। आयोजनाले भेरी नदीमा २ ढोकासहितको करिब १२० मिटर लामो हेडवर्क्स, पेनस्टक पाइप र विद्युतगृह निर्माणका लागि आयोजना र एक निर्माण व्यवसायीबीच रू.६ अर्ब १६ करोड ५२ लाख १५ हजारमा ४८ महिनाभित्र सम्पन्न गर्नेगरी जुलाई २९, २०१९ मा सम्झौता भएको छ। सम्झौताअनुसार २०८०।४।२९ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा यो वर्षसम्म भौतिक र वित्तीय प्रगति क्रमशः ४२ र ३०.९५ प्रतिशत रहेको छ। ठेक्काको अवधि समाप्त हुँदासम्म न्यून प्रगति भएकोले सम्झौताका शर्तबमोजिम आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

४२. **संशोधित गुरुयोजना कार्यान्वयन** - सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने उल्लेख छ। सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको २०७६।७७ मा सुरु लागत अनुमान रू.४६ अर्ब १९ करोड ३९ लाख रहेकोमा रू.४९ अर्ब ४२ करोड ३१ लाखको संशोधित लागत २०८०।५।३० मा स्वीकृत भएको छ। सुरुमा २०८०।८१ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित गुरुयोजनाअनुसार २०८५।८६ सम्म आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ। लक्ष्यबमोजिम कार्य सम्पन्न गर्नेतर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

४३. **आयोजनाको प्रगति स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावलीमा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक आयोजनाले प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। आयोजनाअन्तर्गत तयारी चरणदेखि २०७९।८० सम्म रू.९ अर्ब ७७ करोड १५ लाख ७० हजार बजेट विनियोजन भई रू.८ अर्ब ९१ करोड ८२ लाख ३६ हजार खर्च भएको देखिन्छ। आयोजनाबाट पेस भएको प्रगति प्रतिवेदनअनुसार टनेल निर्माण कार्य भइरहेको, हेडवर्क्स निर्माण कार्यअन्तर्गत प्रारम्भिक निर्माण कार्य भइरहेको, वातावरणीय व्यवस्थापन योजनाअन्तर्गत डुबान प्रभावित क्षेत्रमा लिफ्ट सिँचाइ प्रणालीहरूको निर्माण कार्य भइरहेको तथा सीप विकास तालिम कार्यक्रमसमेत समग्रमा आयोजनाको भौतिक प्रगति २१.४ प्रतिशत रहेको छ। कार्ययोजना बनाई निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

४४. **निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। हाइड्रोमेकानिकल, हेडवर्क्स, सर्ज शाफ्ट, पेनस्टक र पावरहाउस निर्माण गर्न एक संयुक्त उपक्रमसँग २०८४।४।११ सम्म सम्पन्न गर्ने गरी २०७९।९।१७ मा रू.१२ अर्ब

५१ करोड ४० लाख ७९ हजार (मूल्य अभिवृद्धि कर बाहेक) को सम्झौता भएको देखिन्छ। यो वर्षसम्म रू.१८ करोड २५ लाख भुक्तानी दिएको छ। सम्झौता अवधिको २३ प्रतिशत समय व्यतीत हुँदा ५.१ प्रतिशत मात्र भौतिक प्रगति देखिएको छ। निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम काम नगरेकोले छैटौँ संशोधित कार्यतालिका पेस गर्न आयोजना कार्यालयबाट पत्राचार भएको छ। निर्माण व्यवसायीको कारणले भएको ढिलाइमा सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौताबमोजिम आवश्यक कारबाही गरी सम्झौता अवधिभित्रै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

महाकाली सिँचाइ आयोजना (तेस्रो)

४५. **लागतमा वृद्धि** - यस आयोजनाको सन् २००१ को अध्ययन प्रतिवेदनअनुसार कञ्चनपुर र कैलाली जिल्लाका केही भागमा सिँचाइ सुविधा पुऱ्याउन सिँचाइ प्रणाली निर्माणको लागि सुरु लागत अनुमान रू.११ अर्ब १६ करोड ८३ लाख रहेकोमा सन् २०१८ मा संशोधित लागत अनुमान रू.३५ अर्ब कायम भएको देखिन्छ। गुरुयोजनाअनुसार समयमा कार्य नहुँदा अनुमानित लागत २१३.३९ प्रतिशतले वृद्धि भएको छ। यो वर्षसम्म जग्गा अधिग्रहणमा रू.१ अर्ब २१ करोड १० लाख, सिँचाइ प्रणाली निर्माण कार्यमा रू.४ अर्ब ६१ करोड १० लाख, परामर्श सेवामा रू.११ करोड ३१ लाख र अन्य कार्यमा रू.६६ करोड ७ लाखसमेत रू.६ अर्ब ५९ करोड ५८ लाख खर्च भएको छ।

४६. **कार्य प्रगति** - आयोजनाको मूलनहर १५२ किलोमिटरमध्ये १५ वर्षमा २८ किलोमिटर, ड्रेन साइफन १२२ मध्ये २१, नहर साइफन ५१ मध्ये १४, सडक पुल १७४ मध्ये २, ग्रामीण सडक ४३५ मध्ये ३५, राजमार्ग पुल ६ मध्ये ३, एक्विडक्ट ६ मध्ये ३, स्केप पानी निकास संरचना ७२ मध्ये ३ वटा मात्र निर्माण भएको तथा जग्गा अधिग्रहण कार्य १ हजार २०० हेक्टरमध्ये १९० हेक्टर मात्र भएको छ। शाखा नहर १७२ किलोमिटर, उपशाखा नहर १ हजार २४ किलोमिटर, मूलनहर र हेडवर्क्स निर्माण भई २१ वितरण प्रणालीमध्ये २ वटा २० औँ र २१ औँ शाखा नहर ७.३ किलोमिटर निर्माण भएको देखिन्छ। बाँकी १९ शाखाको ठेक्का व्यवस्थापन भए तापनि प्रगति विवरण पेस भएन। वितरण प्रणाली विकास नगरेकोले कमाण्ड क्षेत्रमा सिँचाइ हुने अवस्था छैन। साथै आयोजनाको निर्माण र महाकाली सन्धि बमोजिम प्राप्त हुने पानी नेपालको सीमानासम्म पुऱ्याउन लिङ्क नहर निर्माण भए तापनि उक्त नहरबाट पानी सञ्चालन हुन सकेको छैन। यससम्बन्धी थप बेहोरा देहायअनुसार छन्:

४६.१ महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको ३३ हजार ५२० हेक्टर (दोधारा चाँदनी ३ हजार ५१० हेक्टर समेत) सिँचित क्षेत्र हुने गरी फेज १ र फेज २ मा विभाजन गरिएको र हाल फेज १ अन्तर्गतको निर्माण कार्य भइरहेको छ। नेपाल सरकारले २०६४।६५ देखि संरचना निर्माणको कार्य गर्न सुरु गरेकोमा यो वर्षसम्म शारदा ब्यारेजबाट अधिकतम १६ क्युमेक पानी मात्र प्राप्त गरिरहेको छ।

४६.२ शारदा ब्यारेज निर्माणसम्बन्धी सन्धिअनुसार नेपालले प्राप्त गर्नुपर्ने पानी २८.३५ क्युमेकमध्ये हाल अधिकतम १६ क्युमेक पानी प्राप्त गरिरहेको देखिन्छ। थप १२.३५ क्युमेक पानी यस ब्यारेजबाट प्राप्त गर्नुपर्ने र तत्कालीन नहरको स्तरोन्नति तेस्रो चरणअन्तर्गतको फेज २ मा निर्माण गर्ने गरी गुरुयोजना स्वीकृत भए पनि कार्यान्वयन गर्न बाँकी रहेकोले सम्झौताअनुसार पानी उपयोग हुन सकेको छैन।

४६.३ सन्धिअनुसार शारदा नहरबाट दोधारा चाँदनीका लागि १० क्युमेक पानी प्राप्त गर्न भारततर्फको शारदा नहरबाट इन्टेक र करिब १ हजार १०० मिटर लिङ्क क्यानल निर्माण हुनुपर्नेमा हालसम्म विस्तृत

परियोजना प्रतिवेदन प्राप्त नभएकोले इन्टेक र लिङ्क क्यानल निर्माण हुने स्थान र समय स्पष्ट भएको छैन। यसले गर्दा आयोजनाको तेस्रो चरणअन्तर्गतको फेज १ अन्तर्गत निर्माण गर्नुपर्ने दोधारा चाँदनी तर्फको १६ किलोमिटर मूलनहर संरचना निर्माण गर्ने कार्यमा द्विविधा देखिएको छ। दुई पक्षीय सन्धिअनुसार निर्माण गर्नुपर्ने संरचनाका लागि पर्याप्त पहल र समन्वय गरेर मात्र निर्माण कार्य अगाडि बढाउनुपर्दछ।

४६.४ सन्धिमा शारदा ब्यारेजबाट नेपालले प्राप्त गर्नुपर्ने २८.३५ क्युमेक पानी प्राप्त गर्न नसक्ने अवस्था भएमा उक्त पानी टनकपुर ब्यारेजबाट प्राप्त गर्न सक्ने प्रावधान रहेको छ। टनकपुर ब्यारेजअन्तर्गत भारत सरकारबाट निर्मित लिङ्क क्यानलको क्षमता २८.३५ क्युमेक मात्र रहेको छ। सन्धिको प्रावधानअनुसार नेपाललाई उपलब्ध हुनुपर्ने पानी प्राप्त गर्नेतर्फ आयोजनाले ध्यान पुऱ्याउनुपर्दछ।

४६.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। टनकपुरतर्फ शाखा नहर निर्माणका लागि ठेक्का आव्हान भए पनि मुआब्जा वितरणका लागि पर्याप्त बजेट विनियोजन हुन नसक्दा निर्माण कार्यमा समस्या भएको आयोजनाले जनाएको छ।

४६.६ सन्धिअनुसार नेपाल सरकारले पाउनुपर्ने ६६.७० क्युमेक पानीमध्ये २८.३५ क्युमेक पानीका लागि टनकपुर ब्यारेजतर्फ भारत सरकारले भारततर्फ इन्टेक र १ हजार २०० मिटर लिङ्क क्यानल निर्माण कार्य सम्पन्न गरी परीक्षण गरेकोमा नियमित रूपमा पानी सञ्चालनमा आएको देखिएन। टनकपुर ब्यारेजबाट २८.३५ क्युमेक पानीका लागि नेपाल भारत सीमाबाट चेनेज ०+००० देखि १२+६९० सम्म २०७३।०७४ अघि नै मूलनहर निर्माण भइसकेको र चेनेज १२+६९० देखि २८+८०० सम्म २०७४।७५ मा ठेक्का व्यवस्थापन भई चेनेज १२+६९० देखि १८+५०० सम्मको एक ठेक्का प्याकेज सम्पन्न भई बाँकी दुई प्याकेज सम्पन्न हुने चरणमा रहेको छ। मूलनहर तथा २१ शाखा नहरका लागि यो वर्ष ठेक्का व्यवस्थापन भएकोमा प्रगति न्यून रहेको छ। जसले गर्दा मूल नहरबाट पानी आएमा समेत पूर्ण उपयोग हुने अवस्था छैन।

४७. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। आयोजनाको ३ ठेक्कामा मूल्य समायोजन सम्बन्धमा खरिद सम्झौताको विशेष शर्तमा उपकरण प्रयोगको स्रोत उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार नगरी नेपाल आयल निगमको इन्धनको दर उल्लेख गरी मूल्य समायोजन भुक्तानी भएको छ। मूल्य समायोजनको फरक स्रोत उल्लेख गरी भुक्तानी दिँदा रू.३ करोड ४१ लाख ३२ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

४८. **अधुरो कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचमै छोडेमा वा सम्झौताबमोजिम प्रगति नगरेमा त्यस्तो सम्झौता अन्त्य गर्न सक्ने र त्यसरी सम्झौता अन्त्य भएमा पेस्की र कार्य सम्पादन जमानत प्राप्त गर्ने, १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउनेलगायतका व्यवस्था छन्। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यका लागि कार्यालय र एक परामर्शदाताबीच ३ सेप्टेम्बर २०१७ सम्ममा काम सम्पन्न गर्नेगरी ४ सेप्टेम्बर २०१५ मा रू.२ करोड ७२ लाख ८ हजारको सम्झौता भएकोमा यस वर्षसम्म

पनि विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य सम्पन्न भएको छैन। पटक पटक म्याद थप गर्दा पनि परामर्शदाताकै कारण काम अधुरो रहन गएको अवस्थामा आयोजनाले सम्झौताबमोजिम कारवाही गरी काम पूरा गराउनुपर्दछ।

सिक्टा सिँचाइ आयोजना

४९. **गुरुयोजना -** आयोजनाअन्तर्गत पश्चिमी नहरबाट बाँकै जिल्लास्थित राप्ती नदीको पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर जमिन र पूर्वी मूलनहरबाट राप्ती नदीको पूर्वी भेगको करिब ९ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रू.१२ अर्ब ८० करोड लागत अनुमानको सिक्टा सिँचाइ आयोजनाको गुरुयोजना २०६४ सालमा स्वीकृत भएको देखिन्छ। पूर्वी मूल नहर ५३ किलोमिटर, शाखा, उपशाखा र प्रशाखाको थप कार्यसमेत २०७९ भदौको संशोधित लागतअनुसार रू.५२ अर्ब ६४ करोड पुगेको छ। आयोजनाको निर्माण कार्य २०८९।९० भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रू.१९ अर्ब ८५ करोड खर्च गरी भौतिक प्रगति ३९.७६ प्रतिशत भएको छ। गुरुयोजना बमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ।

५०. **लक्ष्य र प्रगति स्थिति -** आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको मुख्य कार्यक्रम तथा क्रियाकलापहरूमध्ये मुख्य नहर १५.६२५ किलोमिटर, पूर्वी खण्डलगायत शाखा उपशाखा तथा प्रशाखाको निर्माण कार्य बाँकी रहेको छ। आयोजनाको क्रियाकलापगत प्रगति स्थिति निम्नानुसार छः

क्र सं	कार्यक्रम/क्रियाकलाप	एकाई	समग्र		२०७९।८० को	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१.	जग्गा अधिग्रहण	हेक्टर	४४०	१५८	१२.५	१५.५
२.	सिँचित क्षेत्र बाढीबाट संरक्षण तटबन्ध	किलोमिटर	-	-	७.८१	६.५
३.	मूल नहर निर्माण कार्य (पूर्व तर्फ)	किलोमिटर	५३	३७.३८	८.२	२.७
४.	मूल नहर निर्माण कार्य (पश्चिम तर्फ)	किलोमिटर	४५.५	४५.५	.	.
५.	शाखा उपशाखा नहर निर्माण (पश्चिम तर्फ)	किलोमिटर	८०.९०	२७.१०	१	०.९
६.	शाखा उपशाखा नहर निर्माण (पूर्व तर्फ)	किलोमिटर	१४.६५	-	-	-

उल्लिखित अवस्थाले लक्षित समयमा आयोजना सम्पन्न हुने अवस्था देखिँदैन। लक्ष्यबमोजिम प्रगति हासिल हुने गरी कार्य हुनुपर्दछ।

५१. **जग्गा प्राप्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। यस आयोजना अन्तर्गत ४४० हेक्टर जग्गा प्राप्त गर्ने निर्णय भएअनुसार यस वर्षसम्म १५८ हेक्टर मात्र अधिग्रहण भएको छ। यो वर्ष ३४६ जनालाई १५.५ हेक्टर जग्गाको रू.१५ करोड ६२ लाख २५ हजार मुआब्जा वितरण भएको छ। नहर निर्माण कार्यको गुरूयोजनाअनुसार २०८९।९० भित्र योजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरी जग्गा प्राप्ति कार्य सम्पन्न गर्नुपर्दछ।

५२. **मूल्य समायोजन –** खरिद सम्झौताको शर्तको बुँदा नं. १२.३ मा कुनै आइटमको बी.ओ.क्यू.मा रहेको परिमाणमा २५ प्रतिशतभन्दा बढी परिवर्तन र स्वीकृत सम्झौता रकमको ०.२५ प्रतिशतभन्दा बढी तथा आइटमको प्रति एकाइ परिमाणमा १ प्रतिशतभन्दा बढी लागत परिवर्तन हुने भएमा थप परिमाणको लागि वार्ताबाट नयाँ दर कायम हुने उल्लेख छ। आयोजनाले रनिङ्ग बिल नं. १४ देखि २७ सम्म रू.१

अर्ब १५ करोड ५७ लाख ६४ हजार भुक्तानी गर्दा ३ आइटममा सो व्यवस्थाअनुसार नयाँ दर कायम गरेको छ। नयाँ दर कायम भएका आइटमहरूमा समेत सुरु सम्झौता अवधिकै बेस इन्डेक्सबाट मूल्य समायोजन गणना गरी सोबापत रू.२ करोड ९४ लाख १ हजार भुक्तानी दिएको छ। सम्झौताअनुसार नयाँ दर कायम भएको कार्य परिमाणमा मूल्य समायोजन भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

बबई सिँचाइ आयोजना

५३. **गुरुयोजना -** बबई नदी पूर्वतर्फ २१ हजार हेक्टर र पश्चिमतर्फ १५ हजार हेक्टरसमेत कुल ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रू.२ अर्ब ८७ करोड ४० लाख लागत अनुमानको गुरुयोजना २०६८ सालमा स्वीकृत भएकोमा संशोधित लागत रू.१८ अर्ब ९६ करोड ३० लाख पुगेको छ। आयोजनाको निर्माण कार्य २०८२।८३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस वर्षसम्म रू.१२ अर्ब ६४ करोड ६१ लाख खर्च भई ७०.०३ प्रतिशत भौतिक प्रगति भएको छ। कार्ययोजना परिमार्जन गरी गुरुयोजना बमोजिमको कार्य सम्पन्न गर्नुपर्दछ।

५४. **समष्टिगत लक्ष्य र प्रगति -** आयोजनाबाट प्राप्त विवरणअनुसार २०८० असारसम्मको समग्र भौतिक प्रगति ७०.०३ प्रतिशत रहेको छ। आयोजनाको मुख्य कार्यक्रम तथा क्रियाकलापहरूमध्ये मुख्य नहर ९.९२ किलोमिटर, र शाखा उपशाखा तथा प्रशाखा नहर २०.६७ किलोमिटरको निर्माण कार्य बाँकी रहेको छ। त्यस्तै, सिँचित क्षेत्र विस्तार ११ हजार हेक्टर तथा जग्गा अधिग्रहण १५३.०९ हेक्टर बाँकी रहेको देखिन्छ। आयोजनाको क्रियाकलापगत प्रगति अवस्था निम्नानुसार छः

क्र.सं.	कार्यक्रम/ क्रियाकलाप	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	जग्गा अधिग्रहण	हेक्टर	५७६.५६	४२३.४७	७३.४५
२.	सिँचित क्षेत्र वाढीबाट संरक्षण तटबन्ध	किलोमिटर	३२.१८	२५.९१	८०.५२
३.	सिँचित क्षेत्र विकास तथा विस्तार	हेक्टर	३६०००	२५०००	६९.४४
४.	मूल नहर निर्माण कार्य	किलोमिटर	९१	८१.०८	८९.१०
५.	शाखा उपशाखा नहर निर्माण	किलोमिटर	३१३	२९२.३३	९३.४०
६.	नदी तथा सिँचाइ प्रणालीको विस्तृत सर्वेक्षण	सङ्ख्या	१००	३१.८	३१.८

उल्लिखित अवस्थाले लक्षित समयमा आयोजना सम्पन्न हुने अवस्था देखिँदैन। लक्ष्यबमोजिम प्रगति हुनेगरी कार्य हुनुपर्दछ।

५५. **जग्गा प्राप्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ मा मुआब्जा निर्धारण समितिको निर्णयबमोजिम मुआब्जा वितरण गर्नुपर्दछ। योजना कार्यालयलाई बबई सिँचाइ योजना शीर्षकअन्तर्गत नहरको चेनेज २८+००० देखि ३२+०७० सम्म ४.०७ किलोमिटर, सोनापुर शाखा ३.५ किलोमिटर, नारायण टोल शाखा नहर ६५० मिटर, सुहेलवा शाखा नहर ४.१ किलोमिटर र हसनपुर शाखा नहर २.५ किलोमिटरसमेत बर्दिया जिल्लाको पश्चिम नहर प्रणालीमा पर्ने ४५० जनाको मुआब्जा वितरण गर्न २०७९।११।१४ मा निर्णय भएपनि यो वर्षसम्म मुआब्जा वितरण भएको छैन। सो कार्यको लागि यो वर्ष १७ करोड बजेट विनियोजन भएकोमा विगत वर्षको रू.१० लाख १ हजार मात्र खर्च भई बाँकी बजेट रकमान्तर भएको छ। नहर निर्माण कार्यको गुरू योजनाअनुसार २०८२।८३ भित्र योजना सम्पन्न गर्न आवश्यक व्यवस्था गरी समयमा जग्गा प्राप्ति कार्य सम्पन्न गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था

सुनसरी र मोरङ जिल्लाको करिब ६८ हजार हेक्टर कृषि योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले सुनसरी मोरङ सिँचाइ आयोजना सञ्चालनमा रहेको छ। भारत सरकारको सहयोगमा २०२७ सालमा निर्माण कार्य सम्पन्न भएको यो आयोजना ५ वर्षको परीक्षण सञ्चालन पश्चात् २०३२ मा भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। आयोजनाको कमाण्ड क्षेत्र ६८ हजार हेक्टरमध्ये सुनसरी जिल्लामा ४० हजार र मोरङ जिल्लामा २८ हजार हेक्टर रहेको छ। आयोजनाको मूल नहरको लम्बाइ ५३ किलोमिटर रहेको छ। आयोजनाको कार्यान्वयन अवस्थाबारे कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्:

५६. **नहर सञ्चालन तथा व्यवस्थापन -** सुनसरी जिल्लाको चतरामा कोशी नदीबाट ६० क्युमेक्स पानी मूल नहरमा प्रवाह हुने गरी नहरको स्थापना गरिएको भए तापनि आयोजनाबाट प्राप्त विवरणअनुसार मूल नहरमा वर्षायाममा २८.८७ देखि ५६.०२ क्युमेक्स र हिउँद तथा सुख्खायाममा २६.२४ देखि ३८.४५ क्युमेक्स पानी डिस्चार्ज भएको देखिन्छ। जसअनुसार मङ्सिर, पौष, माघ, फाल्गुण, चैत्र, वैशाख र ज्येष्ठमा कुल क्षमताको औसत ४६.५८ प्रतिशत मात्र पानी डिस्चार्ज भएको देखिन्छ। जसले गर्दा हिउँद तथा सुख्खायाममा आयोजनाका सबै कमाण्ड क्षेत्रमा सिँचाइ नपुग्ने अवस्था छ। लक्ष्यअनुरूप सिँचाइ सुविधा विस्तार गर्न नसक्दा कृषि बाली उत्पादन र उत्पादकत्व वृद्धिको लक्ष्य हासिल हुन सकेको छैन। अतः आयोजनाको लक्ष्यअनुरूप सिँचाइ सुविधा पुऱ्याउन जीर्ण अवस्थामा रहेका संरचनाको नियमित मर्मत सम्भारको साथै आवश्यकतानुसार शाखा प्रशाखा नहर, कूलो निर्माण गरी वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनुपर्दछ। त्यसै गरी नहरको पानी डिस्चार्ज क्षमतासमेत अभिवृद्धि गर्नुपर्दछ।

वर्षायाममा पर्याप्त पानी उपलब्ध हुने भएकोले कमाण्ड क्षेत्रमा धान खेतीलाई आवश्यक पानी वितरण हुने गरेको तर अन्य समयमा कमाण्ड क्षेत्रको बालीलाई चाहिने पानी आलो पालो प्रणालीबाट वितरण भइरहेको बेहोरा आयोजनाले जनाएको छ। वर्षायाममा नदीमा आवश्यकताभन्दा बढी पानी प्रवाह हुँदा नहर तथा बालीनाली क्षति भएको र हिउँद महिनामा सबै शाखा, प्रशाखा नहरमा पुछारतिर पानी नपुगेको अवस्था रहेको छ। यसले गर्दा पानीको विषयमा उपभोक्ताहरूबीच विवाद हुने गरेको उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता कृषकलेसमेत जनाएका छन्। नहरको निरीक्षण गर्दासमेत पुछारतिरका प्रशाखामा पानी प्रवाह कम भएको, नहरको नियमित सरसफाइ तथा सम्भार नभई नहर बालुवाले पुरिएको तथा झारपातले छोपिएर पानी नपुगेको अवस्था देखियो। समयमा नहरको सरसफाइ, चुहावट नियन्त्रण, पानी वितरणको आधार र उचित रूपमा आलोपालो प्रणाली व्यवस्थित बनाई विवाद नआउने गरी नहर सञ्चालन गर्नुपर्ने देखिन्छ।

५७. **निर्मित संरचनाको अवस्था -** निर्मित संरचनाको दिगो उपयोग गरी अपेक्षित लाभ लिन निर्मित संरचनाको नियमित मर्मत सम्भार हुनुपर्दछ। आयोजनाको कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउन मूल नहर पर्याप्त भए पनि शाखा तथा प्रशाखा नहरहरू पर्याप्त नभएको कारणले कमाण्ड क्षेत्रमा पूर्ण रूपमा सिँचाइ सुविधा पुग्न नसकेको उपभोक्ताले उल्लेख गरेका छन्। उपभोक्ताको आवश्यकताअनुसार पानी सञ्चालन, वितरण तथा नियन्त्रण गर्न संरचना हेड रेगुलेटर तथा क्रस रेगुलेटरहरू पुरानो भई मर्मत वा पुनर्निर्माण गर्नुपर्ने अवस्थामा रहेको देखियो। करिब ५५ वर्ष पहिले निर्मित मूल नहर र केही शाखा

नहर समेतको आयु समाप्त भइसकेको र स्थलगत अवलोकन गर्दा केही साइफन एक्युडक्ट ब्रिजहरू भत्किसकेको तथा केही जीर्ण अवस्थामा रहेका, ठाउँ ठाउँमा मुख्य नहरको बेड तथा स्लोप फुटेको, सर्भिस रोड भत्किएको लगायतका अवस्था देखिन्छ। आयोजनाले नहरको कार्यक्षमता बढाउन वार्षिकरूपमा मर्मत सम्भारको आवश्यकता पहिचान गरी वार्षिक मर्मत सम्भार कार्ययोजना तयार गरी नियमित रूपमा मर्मत गर्नुपर्ने देखिन्छ।

५८. **मेसिनको उपयोग -** आयोजनाको नहर प्रणालीमा कोशी नदीबाट अत्यधिक बालुवा मिश्रित पानी आउने र कृषियोग्य भूमिको सम्भावित मरुभूमिकरणलाई रोकी पानीसँग मिसिएर आउने बालुवा पुनः नहर बाहिर फाल्नको लागि मूल नहरको ८.५ आर.डी.को अपस्ट्रिममा ९५० मिटर लम्बाईको सेटलिङ्ग बेसिनको निर्माण भएको छ। बेसिनमा जम्मा भएको बालुवा हटाउने कार्यका लागि २०५१।५२ मा २ ड्रेजर मेसिन खरिद भएकोमा हाल एउटा मात्र सञ्चालनमा रहेको छ। आयोजनाका दुई वटै ड्रेजर पुरानो मोडेलको भएका कारण मेसिनमा जडित पार्टपुर्जा नेपाली तथा भारतीय बजारमा समेत उपलब्ध हुन कठिन रहेको र बिग्रने सम्भावनासमेत बढी रहेको, सञ्चालन एवं मर्मत लागत बढी लागेको एवं जम्मा भएको बालुवा समयमा बाहिर फाल्न नसकिएको आयोजनाले उल्लेख गरेको छ। ड्रेजर मेसिनको मर्मत सम्भारमा २०७९।८० मा रू.६४ लाख २१ हजार खर्च भएको छ। लाभ लागतका आधारमा मेसिन मर्मत, प्रतिस्थापन वा डिसिल्टेसनको अन्य विकल्पसमेत पहिचान गरी बालुवारहित पानी प्रवाहको व्यवस्था मिलाउनुपर्दछ।

५९. **मर्मत सेवा शुल्क -** जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) ले उपभोक्ताबाट उठाएको रकम उपभोक्ता समितिको खाता, केन्द्रीय मर्मत सम्भार कोष र राजस्व खातामा तोकिएअनुसार जम्मा गर्नुपर्ने व्यवस्था छ। आयोजनाको २०५९।९।२३ को निर्णयमा २०५९।६० देखि प्रतिहेक्टर रु.३००।- का दरले शुल्क उठाई उपभोक्ता समितिको खातामा ६० प्रतिशत, सिँचाइ विभागमा रहेको केन्द्रीय मर्मत कोषमा २० प्रतिशत र राजस्व खातामा २० प्रतिशत रकम जम्मा गर्ने उल्लेख छ। उपभोक्ताबाट २०५९।६० देखि हालसम्म २० प्रतिशतले हुने रु.११ करोड ६८ लाख ६४ हजार राजस्व केन्द्रीय मर्मत सम्भार कोषमा दाखिला गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले मूल नहर तथा शाखा नहरको मर्मत गर्न कुल पुँजीगत खर्चको ७० प्रतिशतसम्म रकम खर्च गरेको छ। नियमानुसार उक्त रकम केन्द्रीय मर्मत सम्भार कोषमा जम्मा गरी नहरको मर्मत सम्भार गर्नुपर्दछ।

६०. **जग्गा अतिक्रमण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३२ मा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा नेपाल सरकारको स्वीकृतिबेगर घर, टहरा, पर्खाल आदि बनाउन वा जग्गा आबाद गर्न नहुने र कसैले कानुन उल्लङ्घन गरी घर, टहरा, पर्खाल लगाए वा बाली लगाएमा कुनै क्षतिपूर्ति नदिई नेपाल सरकारले जफत गर्न सक्ने व्यवस्था छ। सुनसरी मोरङ सिँचाइ योजनाको चतरामा रहेको मूल नहरको हेडवर्क्सदेखि शाखा संरचनासम्म नहरक्षेत्र भित्र पर्ने जग्गा सुनसरी जिल्लाको कोलोनी र झुम्कामा रहेका क्याम्पसम्म, मूल नहरको भित्री स्लोपलगायत डिल तथा सर्भिस रोडका दुवै किनारा तथा शाखा, उपशाखा नहरहरूको दायाँ बायाँसमेत घर टहरा निर्माण गरी सयौं हेक्टर जमिन अतिक्रमण भएको स्थलगत निरीक्षणको क्रममा देखियो। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

६०.१ आयोजनाको विराटनगरस्थित मुख्य कार्यालयको हाताभित्र रहेको १३ बिघा क्षेत्रफल मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविधि र विभिन्न प्रदेश कार्यालयका कर्मचारीको आवासमा प्रयोगमा

रहेको, अवकाश प्राप्त कर्मचारीलगायतका परिवारले सरकारी भवनको प्रयोग गरिरहेको र घर टहरासमेत बनाई अनधिकृत रूपमा प्रयोग गरेको देखियो। साविकमा मुआव्जा वितरण भएको सम्पूर्ण जग्गाको जग्गाधनी पुर्जा प्राप्त गरी सोको अभिलेख अद्यावधिक गरेको नदेखिएकोले अभिलेख दुरुस्त गर्नुपर्ने र अतिक्रमित बसोबास हटाई सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्दछ। सिँचित कृषि भूमि र आवासीय जग्गाको वर्गीकरण अनुरूप लगानी नगर्दा कृषि लक्षित जग्गाहरू आवासीय जग्गामा परिणत भई ठूला संरचना निर्माण भएका र सिँचाइका लागि निर्माण भएका सर्भिस लाइनहरू सडकको रूपमा स्थापित भई सिँचाइ गर्ने क्षेत्र बस्तीको रूपमा बदलिएका छन्। सिँचाइ हुने क्षेत्रको संरक्षण गरी उत्पादन वृद्धि गर्न सम्बद्ध सबै निकायसँग समन्वय गरी कार्यसम्पादन गर्नुपर्दछ।

६०.२ सिँचाइ नीति, २०७० मा आयोजनाको अनुगमन गर्न स्थानीय उपभोक्ता संस्थाको प्रतिनिधि तथा स्थानीय तहलाई सहभागी गराई अनुगमन समिति गठन गर्ने उल्लेख भएकोमा सोबमोजिम अनुगमन समिति गठन भएको पाइएन। आयोजनाको नहर तथा कमाण्ड क्षेत्रमा अतिक्रमण भइरहेकोमा त्यसको रोकथाम समयमै गरेको पाइएन। अनुगमनबाट नहरमा चौपाया छाड्ने कार्यमा रोक लगाएको, कमाण्ड क्षेत्रमा शहरीकरण तथा औद्योगीकरणबाट जोगाउन स्थानीय तहका प्रतिनिधिसँग छलफल गरी संरक्षण कार्य सुरु गरिएको सिँचाइ आयोजनाले जनाए तापनि कमाण्ड क्षेत्रको जग्गा गैरकृषि कार्यमा प्रयोग भएकोमा नियन्त्रण गर्न सकेको छैन। नहरमा मृत चौपाया, केराको थम्बा, विभिन्न प्लाष्टिकजन्य फोहरहरू थुप्रेको अवस्था देखिएकोमा आयोजनाले स्थानीय तहसँग समन्वय गरी अतिक्रमणको प्रभावकारी अनुगमन र उचित मर्मत, सम्भार गरी नहरको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ।

संगठित संस्था तथा समिति

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

वैकल्पिक तथा स्वच्छ ऊर्जा शक्ति, बायोग्याँसलगायतको व्यवस्थापन गर्ने उद्देश्यले २०५३।७।१३ मा यो केन्द्रको स्थापना भएको हो।

६१. **आयोजना सञ्चालन मापदण्ड -** मिनिग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६ को परिच्छेद-२ मा केन्द्रले राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनिग्रिड आयोजनाबाट विद्युत उपलव्ध नभएको स्थानमा परिच्छेद-३ मा उल्लेख भएको मापदण्ड पुरा भएपछि आयोजना छनोट समितिले आयोजना छनोट गर्न सक्ने व्यवस्था छ। यसवर्ष उज्यालो नेपाल कार्यक्रम अन्तर्गत रू.४३ करोड ३४ लाख ६९ हजार विनियोजन भई रू.४१ करोड ५२ लाख २४ हजार खर्च भएको छ। यसवर्ष सम्पन्न तथा कार्यान्वयन भएका योजनाहरूको विश्लेषण गर्दा जलविद्युत वा अन्य स्रोतबाट विद्युतीकरण नभएको तथा निकट भविष्यमा पुग्ने सम्भावना रहे, नरहेको बेहोरा सम्बन्धित निकायबाट आश्वस्तता नलिएको, स्थानीय तहबाट लगानी बेहोर्ने सम्झौता गरे पनि साझेदारी गर्ने रकम प्राप्त नगरी सम्झौता गरेको, आयोजनाको लागि आवश्यक पर्ने जग्गाको प्रतिबद्धता लिए पनि योजना स्थल सुनिश्चित नगरेकोले उल्लिखित बेहोराहरू सुनिश्चितता गरेर मात्र आयोजना सञ्चालन गर्नुपर्दछ।

६२. **साझेदारी -** मिनिग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६ को नियम ४ मा केन्द्रले उपलव्ध गराउने वाहेकको रकम सम्बन्धित स्थानीय तह वा स्थानीय तह र प्रदेश सरकारले संयुक्त साझेदारीमा

उपलव्ध गराउने र यस्तो रकम कम्तीमा १० प्रतिशत स्थानीय तह र बाँकी केन्द्रले बेहोर्नुपर्ने गरी सम्झौता भएकोमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले सम्झौता गरेका मध्ये ५ मिनिग्रिड योजनामा स्थानीयतहबाट प्राप्त हुनुपर्ने रू.९१ लाख ६७ हजार साझेदारी रकम प्राप्त नभई निर्माण व्यवसायीहरूलाई भुक्तानी दिन बाँकी रहेको देखिएकोले सम्झौताअनुसारको साझेदारी रकम प्राप्त गर्नुपर्दछ।

६३. **योजना छनोट** – नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ बमोजिम व्यक्तिगत/निजी तवरबाट सञ्चालित प्रणालीको लागि यो वर्ष १६० सौर्य पम्प प्रणाली कार्यान्वयन गर्ने कार्यक्रम कार्यान्वयन गर्न सूचना प्रकाशन गर्दा कृषक समूहको जग्गाको लालपुर्जा, निवेदन, पूर्वसम्भाव्यता अध्ययन, स्थानीय तहको सिफारिस, स्थानीय समुदायको स्वलगानीको आधारमा कुल लागतको बढीमा ६० प्रतिशत अनुदान दिने गरी सूचना आव्हान गरेकोमा ५१३ निवेदन प्राप्त भई विस्तृत सम्भाव्यता अध्ययनको आधारमा ३१४ योजना छनोट गरेको र सोमध्ये १८७ योजना कार्यान्वयन गरेको छ। योजना छनोटको आधार र योजना प्राथमिकीकरण गरेर मात्र कार्यान्वयन गर्नुपर्दछ।

६४. **अनुदान -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ बमोजिम स्वीकृत आयोजनाको खरिद र भुक्तानी प्रक्रिया खरिद ऐन तथा नियमावली वा विकास साझेदारको खरिद निर्देशिकाबमोजिम हुने व्यवस्था छ। केन्द्रले कृषिका लागि सामुदायिक सौर्य पम्प जडान कार्यक्रम अन्तर्गत योजनाहरू सञ्चालन गर्दा अनुदान प्राप्त गर्ने समूहसँग सम्झौता नगरी ३२ सप्लायर्सलाई सूचीकृत गरी केन्द्रले प्रकाशन गरेको सन्दर्भ मूल्यसूचीको आधारमा उपभोक्ता समितिले विना प्रतिस्पर्धा सूचीकृत संस्थाहरू मार्फत सामान खरिद गरेको छ। केन्द्रले अनुदान प्राप्त गर्ने समूहलाई अनुदान रकम उपलव्ध नगराई सप्लायर्सले पेस गरेको जडान, परीक्षण र हस्तान्तरण प्रतिवेदनको आधारमा कुल लागतको ६० प्रतिशत अनुदान रकमलाई शतप्रतिशत मानी १० प्रतिशत रिटेन्सन कट्टा गरी विभिन्न सप्लायर्सलाई रू.१४ करोड १७ लाख ७० हजार भुक्तानी दिएको छ। प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने तथा अनुदान रकम लाभग्राहीको खातामा जाने व्यवस्था गर्न कार्यविधिमा सुधार गर्नुपर्दछ।

६५. **ब्याज आम्दानी तथा खर्च -** नेपाल सरकार तथा विभिन्न दातृ निकायबीच भएको सम्झौता र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, बैङ्क तथा डेभलपरबीच भएको सम्झौताको मुख्य उद्देश्य उप-परियोजनालाई सञ्चालन गर्न डेभलपरलाई सहयोग हुने गरी अनुदान तथा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउनुपर्ने देखिन्छ। नेपाल सरकारले भुक्तानी पछि एसियाली विकास बैङ्कबाट शोधभर्ना पाउने गरी साझेदार बैङ्क तथा डेभलपरलाई सम्झौताबमोजिम स्वीकृत ऋण बराबरको रकम उक्त समयको कल डिपोजिटको ब्याज दरमा उपलब्ध गराउने र साझेदार बैङ्कले न्यूनतम ब्याज दरमा डेभलपरलाई उपलब्ध गराउनुपर्ने देखिन्छ। तर साझेदार बैङ्कहरूले सोअनुरूप सहुलियत ब्याज दरमा डेभलपरलाई ऋण उपलब्ध नगराएको र नेपाल सरकारबाट उपलब्ध भएको डिपोजिट रकममा कल डिपोजिटको प्रचलित अधिकतम ब्याज दरमा ब्याज नदिई उप-परियोजनाको हितलाईभन्दा आफ्नो व्यावसायिक हितलाई मात्र ध्यान दिएको देखिन्छ। केन्द्रले यस्तो कार्यमा नियन्त्रण तथा व्यवस्थापन गर्नुपर्दछ।

६६. **मौज्दात परिचालन -** नेपाल सरकार तथा विभिन्न दातृ निकायबीच भएको सम्झौता तथा केन्द्र र बैङ्क तथा डेभलपरबीच भएको सम्झौतामा डेभलपरलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने उल्लेख छ। प्राप्त वित्तीय विवरणअनुसार यो वर्ष रू.२ अर्ब ६९ करोड ८९ लाख मौज्दात रहेको देखिन्छ। साझेदार बैङ्कले स्वीकृत ऋण रकम डेभलपर्सलाई ९.५ प्रतिशत देखि १३.४१ प्रतिशतसम्म ब्याजमा लगाउने

गरेको तर सोही रकम केन्द्रको नाममा डिपोजिटमा रहँदा ०.७५ प्रतिशत देखि २.५३ प्रतिशतसम्म मात्र ब्याज प्रदान गरेको देखिन्छ। यसबाट साझेदार बैङ्कले नाफाको हितलाई बढी ध्यान दिएको देखिएकोले केन्द्रले आफ्नो मौज्दातमा बढी प्रतिफल प्राप्त हुने गरी नगद योजना बनाउनुपर्दछ।

६७. **फिर्ता हुनुपर्ने रकम** - साझेदार बैङ्क, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र तथा डेभलपरहरूबीच भएको सम्झौताअनुसार वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले सम्झौताबमोजिमको ऋण रकम डेभलपरलाई उपलब्ध गराउने, सो ऋण रकमको शतप्रतिशत रकम साझेदार बैंकमा जम्मा गरिदिने तथा उपयोग नभएको ऋण बराबरको रकम साझेदार बैङ्कले फिर्ता गर्नुपर्ने उल्लेख छ। केन्द्रले सम्पन्न भइसकेका ३ योजनामा प्रयोग नभएको ऋण रू.५ करोड ५० लाख तथा सोको ब्याज आम्दानी फिर्ता लिई सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

नेपाल विद्युत प्राधिकरण

जलविद्युत उत्पादन, प्रसारण र वितरण गर्न नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२ सालमा नेपाल विद्युत प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणको ७ प्रदेशमा कार्यालय र वितरण तथा ग्राहक सेवा केन्द्र १२९ रहेको छ। प्राधिकरणबाट २०७९।८० मा उत्पादित विद्युत २ हजार ९३० गिगावाट घण्टा, अन्य उत्पादकबाट उत्पादित ७ हजार ६०६ गिगावाट घण्टा तथा आयात १ हजार ८३३ गिगावाट घण्टासमेत १२ हजार ३६९ गिगावाट घण्टा रहेको छ। यो वर्ष ९ हजार ३५८ गिगावाट घण्टा आन्तरिक बिक्री तथा १ हजार ३४६ गिगावाट घण्टा विद्युत निर्यात भएको छ। यस वर्षसम्म प्राधिकरणको जम्मा ग्राहक संख्या ५६ लाख ४८ हजार तथा कर्मचारीहरुको संख्या ८ हजार ७७५ रहेको छ।

६८. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - प्राधिकरणको आषाढ मसान्तको शेयर पुँजी रू.१ खर्ब ९९ अर्ब ३८ करोड, सञ्चित नाफा रू.३३ अर्ब ६४ करोड तथा अन्य कोष रू.८ अर्ब ४८ करोड रहेको छ। प्राधिकरणको दीर्घकालीन ऋण रू.२ खर्ब १६ अर्ब ३० करोड, स्थगित कर दायित्व रू.८ अर्ब ३८ करोड, अन्य गैर चालु दायित्व रू.४५ अर्ब ३० करोड र चालु दायित्व रू.६५ अर्ब ७२ करोडसहित रू.५ खर्ब ७७ अर्ब २० करोड पुँजी तथा दायित्व रहेको छ। स्थिर सम्पत्तिमा रू.२ खर्ब १५ अर्ब ५० करोड, निर्माणाधीन सम्पत्ति रू.१ खर्ब ७६ अर्ब ४२ करोड, शेयर लगानी रू.२७ अर्ब ८५ करोड तथा अन्य सम्पत्ति रू.४४ अर्ब ४६ करोड तथा रू.१ खर्ब १२ अर्ब ९७ करोड चालु सम्पत्ति रहेको छ। मुनाफा गत वर्ष रू.१३ अर्ब ३७ करोड भएकोमा यो वर्ष रू.९ अर्ब ४० करोड रहेको छ। यस वर्षसम्मको सञ्चित मुनाफा रू.३३ अर्ब ६४ करोड पुगेको छ।

प्राधिकरणको यो वर्ष बिक्री आय रू.१ खर्ब ३४ करोड तथा अन्य आय रू.१६ अर्ब ९५ करोडसमेत रू.१ खर्ब १७ अर्ब २९ करोड आम्दानी भएकोमा प्रत्यक्ष खर्च रू.८० अर्ब ५४ करोड, कर्मचारी खर्च रू.६ अर्ब ३२ करोड, अन्य खर्च रू.१८ अर्ब ३६ करोड र कर खर्च रू.२ अर्ब ६७ करोडसमेत रू.१ खर्ब ७ अर्ब ८९ करोड खर्च भई रू.९ अर्ब ४० करोड खुद नाफा भएको देखिन्छ।

६९. **अनुपात विश्लेषण** - प्रमुख अनुपात, वित्तीय तथा अन्य सूचक निम्नानुसार छन्:

क्र.सं.	विवरण	एकाइ	२०७९।८०	२०७८।७९
१	कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	प्रतिशत	१९.७४	२५.५१
२	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आयसहित	प्रतिशत	१०.४३	११.७७
३	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आम्दानीबाहेक	प्रतिशत	९.३७	१५.३४
४	कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात	प्रतिशत	१.६३	२.५६
५	चालु अनुपात	गुणा	१.७२:१	१.८१:१
६	दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात	गुणा	०.४८:०.५२	०.५०:०.५०
७	स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	गुणा	०.६८:१	०.६६:१
८	कुल सञ्चालनमा कर्मचारी खर्च	प्रतिशत	१७.०८	१७.८०
९	नेपाल विद्युत प्राधिकरणको उत्पादन	गिगावाट घण्टा	२,९३०	३,२५९
१०	स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन	गिगावाट घण्टा	७,६०६	६,२६२
११	आयात	गिगावाट घण्टा	१,८३३	१,५४३
१२	निर्यात	गिगावाट घण्टा	१,३४६	४९३
१३	ग्राहक	संख्या	५६,४८,०४२	५३,१९,६४५

यो वर्ष विद्युत बिक्री आम्दानी १५.१३ प्रतिशतले वृद्धि हुँदा बिक्रीको लागत खर्च २४.०६ प्रतिशतले बढेको छ। गत वर्षको तुलनामा यो वर्ष प्राधिकरणको विद्युत उत्पादनमा १०.१० प्रतिशत कमी, आन्तरिक विद्युत उत्पादनमा २१.४९ प्रतिशतले वृद्धि, विद्युत आयातमा १८.७९ प्रतिशतले वृद्धि र विद्युत निर्यातमा शत प्रतिशतभन्दा बढीले वृद्धि भएको छ। गत वर्षको तुलनामा यो वर्ष प्राधिकरणको खुद सञ्चालन मुनाफा घटेको छ। प्राधिकरणको खुद सञ्चालन मुनाफा घट्नुमा बिक्री आम्दानी तथा अन्य आम्दानीको तुलनामा कर्मचारी र प्रशासनिक खर्चमा वृद्धि हुनु रहेको छ। यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

७०. **आय लेखाङ्कन** - वित्तीय विवरणमा समावेश गरिएको आसामी रू.२ अर्ब २ करोडको विस्तृत विवरण आय लेखाङ्कन सफ्ट्वेयरमा उपलब्ध नभएको तथा आय लेखाङ्कन सफ्ट्वेयरमा लेखाङ्कन भएको आसामी रू.१ अर्ब १ करोडको लेखा सफ्ट्वेयरमा लेखाङ्कन नभएकोले रू.१ अर्ब १ करोड आसामी वित्तीय विवरणमा बढी लेखाङ्कन भएको छ। आय लेखाङ्कन सफ्ट्वेयर र लेखामा रहेको हिसाब विगत वर्षदेखि नै भिडान नगरेबाट सो फरक देखिएको छ।

ग्राहकको घर, कलकारखाना तथा कार्यालयमा जडान भएको मिटर रिडिङ्गको शुद्धता सम्बन्धमा नियमित रूपमा प्रयोग भइरहेको ऊर्जा भारसँग तुलनात्मक विश्लेषण गर्ने, तेस्रो पक्षबाट परीक्षण गराउने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने कार्य प्रभावकारी व्यवस्था नभएको, सडक बत्ती तथा धार्मिक स्थलमा पूर्णरूपमा मिटर जडान नहुने, दैनिक टाईम अफ डे मिटर रिडिङ्गको तथ्याङ्क डाउनलोड नहुने जस्ता कारण विद्युत बिक्रीबापतको आम्दानी रकम यकिन गर्न सकिने अवस्था छैन। अन्तर्राष्ट्रियस्तरमा स्थापित मापदण्डमा आधारित आय लेखाङ्कन सफ्ट्वेयर अवलम्बन गरी स्मार्ट मिटर जडान गर्नुपर्दछ।

७१. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणको अन्तर कार्यालय हिसाब राफसाफ नभएकोले वित्तीय विवरणमा खुद रू.८० करोड लिनुपर्ने रकम प्रस्तुत गरेको छ। समयमै हिसाब भिडान तथा मिलान गरी हिसाब राफसाफ गर्नुपर्दछ।

७२. **हिसाब हस्तान्तरण -** प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि सहायक कम्पनीहरू खडा गरेको छ। विभिन्न ३ सहायक कम्पनीमा रू.१ अर्ब २७ करोड बराबरको हिसाब हस्तान्तरण गरेको छैन। उक्त कम्पनीहरूसँग सम्बन्धित खर्चमध्ये केही प्राधिकरणले तथा केही सम्बन्धित कम्पनीले खर्च गरेको देखिएकोले यस्ता सबै हिसाब सम्बन्धित कम्पनीमा हस्तान्तरण गर्नुपर्दछ।

७३. **नगद तथा बैङ्क -** गत वर्षको आषाढ मसान्तमा मार्गस्थलमा नगद मौज्दात रू.१ अर्ब २३ करोड रहेकोमा विगत लामो समयदेखि रू.१ करोड ७९ लाख बैङ्कमा जम्मा भएको छैन। नगद रकममा ऋणात्मक मौज्दात रू.८८ लाख रहेको छ। नगदमा देखिएका कैफियतका सम्बन्धमा छानबिन गरी हिनामिना रकम असुल गर्नुपर्दछ।

७४. **स्रोतमा करकट्टी** - नेपाल विद्युत प्राधिकरणले यो वर्ष स्रोतमा करकट्टी रू.१ अर्ब ८५ करोड, मूल्य अभिवृद्धि कर रू.१ अर्ब ७२ करोड र अग्रिमकर रू.१ अर्ब ७० करोड दाखिला गरेको छ। विदेशी निकायका नेपालमा भएका स्थायी संस्थापनले कर बीजक जारी गरेको अवस्थामा सो निकायको विदेशमा सञ्चालित बैङ्क खातामा भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम ५ प्रतिशत स्रोतमा करकट्टी गर्नुपर्नेमा सो गरेको देखिएन। एक परियोजनामा रू.१९ करोड ६३ लाख ३७ हजारको भुक्तानी गर्दा १.५ प्रतिशत मात्र स्रोतमा करकट्टी गरेकोले नपुग रू.६८ लाख ७१ हजार कर दाखिला हुनुपर्दछ।

७५. **ऋण तथा ब्याज** - प्राधिकरणले दातृ निकाय तथा विदेशी बैङ्कहरूबाट प्राप्त हुने ऋणको लागि नेपाल सरकारसँग सहायक ऋण सम्झौता तथा नेपाल सरकारबाट प्राप्त हुने ऋणमा सम्झौता गरी ऋण लिने गरेको छ। यस्तो ऋण २०८० आषाढ मसान्तमा रू.२ खर्ब १६ अर्ब ३० करोड रहेको छ। गत आर्थिक वर्षसम्म भुक्तानी गर्न बाँकी ब्याज रू.३३ अर्ब ४८ करोड रहेकोमा यो वर्ष भुक्तानी गर्न बाँकी ब्याज रू.२९ अर्ब ४९ करोड रहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल विद्युत प्राधिकरणको हिसाब भिडान गर्दा यो वर्षसम्म रू.२८ अर्ब ३८ करोडको हिसाब भिडान भएको छैन। प्राधिकरणले नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने रकमको ऋण तालिका अद्यावधिक गरी सोही अनुरूप नेपाल सरकारलाई भुक्तानी गर्नुपर्दछ।

७६. **जरिबाना -** त्रिशूली ३ बी हब सबस्टेसन परियोजनामा प्राधिकरणको निर्णयअनुसार निर्माण व्यवसायीसँग असुल गर्नुपर्ने जरिबाना रू.७ करोड १७ लाख ७० हजार असुल गरेको छैन। निर्माण व्यवसायीले पछिल्लो समय सम्पादन गरेको कार्यको रनिङ बिलबाट उक्त रकम असुल उपर गर्नुपर्नेमा रिटेन्सन रकमबाट कट्टा गर्ने गरी गरेको निर्णय नियमसम्मत देखिएन।

७७. **योजना, कार्यक्रम र लक्ष्य प्रगति** - प्राधिकरणले विभिन्न निर्देशनालयअन्तर्गत गर्नुपर्ने कार्यहरूलाई वार्षिक कार्ययोजनामा समावेश गरी बजेटको व्यवस्था गरेकोमा अधिकांश निर्देशनालयले लक्ष्यअनुसार प्रगति गर्न सकेका छैनन्। प्राधिकरणअन्तर्गत नेपाल सरकारमार्फत विश्व बैङ्क, एशियाली विकास बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान साथै प्राधिकरणको आन्तरिक स्रोतबाट सञ्चालित विद्युत प्रसारण तथा वितरण परियोजनाको प्रगति अवस्था निम्नानुसार छः

(रू. हजारमा)

आयोजना	बजेट	खर्च	हालसम्मको भौतिक प्रगति प्रतिशत
दूधकोशी स्टोरेज हाइड्रोइलेक्ट्रिक आयोजना	८,४९,०००	१४२,६८५	५०.५८
केरोन (मोरङ) १३२/३३ के.भी. सब स्टेसन आयोजना	५४०,०००	१०१,४०८	३०.०२
ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली वृद्धि आयोजना	१०,५००	९,४९७	१००.००
खिम्ती बाह्रबिसे लप्सीफेदी ४०० के.भी. सब स्टेसन आयोजना	३०,४०,०००	११,४६,५४५	३६.२४
समुद्रटार-त्रिशूली ३ बी हब १३२ के.भी. प्रसारण लाइन आयोजना	१०२,५००	७५,८१२	९९.९८
१३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेड आयोजना	७००,०००	६०३,२५६	३४.७२
कालीगण्डकी २२० के.भी. प्रसारण करिडोर आयोजना	७१०,०००	६५६,८४९	९६.६१
मर्स्याङ्दी २२० के.भी. करिडोर आयोजना	२०,००,०००	१६,७१,५६८	५६.१८
मर्स्याङ्दी-काठमाडौं २२० के.भी. प्रसारण लाइन आयोजना	१२,३०,०००	१३,५५,७५६	८२.००
लप्सीफेदी-चाँगुनारायण सब स्टेसन निर्माण आयोजना	१४,४०,०००	१३,९५,०००	६७.५९
हेटौंडा-भरतपुर २२० के.भी. (७५ कि.मि.)	२५०,०००	४१७,८९१	९६.०१
भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन (७५ कि.मि.)	१००,०००	२३९,३२६	९८.६१
न्यू बुटवल-बर्दघाट २२० के.भी प्रसारण लाइन तथा सब स्टेसन आयोजना	९७०,०००	५२३,९००	८२.०२
हेटौंडा-ढल्केबर-इनरूवा ४०० के.भी. सबस्टेसन विस्तार आयोजना	७५०,०००	७२०,६६१	९२.५६
कोशी करिडोर २२० के.भी. प्रसारण लाइन आयोजना (१२० कि.मि.)	१२,०७,०००	१४,३२,९००	८६.६२
सम्पतिया-मैनहिया १३२ के.भी. प्रसारण लाइन अयोजना (३५ कि.मि.)	२००,०००	३३३,७१९	९२.०८

उल्लिखित विवरणअनुसार आयोजनाको कर्पोरेट डेभलपमेन्ट प्लान निर्धारण हुन नसकी आयोजनाको लागत, सम्पन्न हुने समयलगायतका विषयमा सुनिश्चित हुनसक्ने अवस्था छैन।

७८. **स्थिर तथा निर्माणाधीन सम्पत्ति -** वित्तीय विवरणमा चालु प्रकृतिका खर्चहरूलाई निर्माणाधीन सम्पत्तिमा पुँजीकृत गर्ने गरेको, अतिक्रमण भएको १ हजार ४७४ रोपनी जग्गालगायतका सम्पत्तिको छानबिन तथा यकिन नगरेको, लेखाङ्कन गरेको ५ हजार ७१८ रोपनीमध्ये १८ प्रतिशत जग्गाको लालपुर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको रू.५ अर्ब ४७ करोडको सम्पत्ति पुँजीकृत नगरेको, सफ्टवेयरमा देखिएको सम्पत्तिहरूको रकम तथा वित्तीय विवरणमा उल्लेख रकमबीच रू.१ अर्ब १२ करोड फरक देखिएबाट प्राधिकरणको वित्तीय विवरणमा उल्लिखित सम्पत्ति यकिन हुन सकेको छैन। प्राधिकरणको स्थिर सम्पतिको भौतिक परीक्षण गरेको छैन। वर्षान्तमा निर्माणाधीन सम्पत्ति रू.१ खर्ब ७६ अर्ब ३९ करोडको भौतिक परीक्षण नभएको र उक्त सम्पत्तिमध्ये रू.१६ करोड ऋणात्मक मौज्दात रहेको छ। प्राधिकरणले स्थिर तथा निर्माणाधीन सम्पत्तिहरूको लेखाङ्कनमा सुधार गरी सही तथा यथार्थ चित्रण गर्ने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

७९. **जिन्सी मौज्दात -** गत आर्थिक वर्षको आषाढ मसान्तमा रू.१० अर्ब ५० करोडको जिन्सी मौज्दात रहेकोमा यस वर्षको आषाढ मसान्तमा रू.१८ अर्ब १४ करोडको मौज्दात देखिएको छ। गत वर्षको तुलनामा ७३ प्रतिशतले वृद्धि भएको देखिन्छ। जिन्सी सामग्रीको नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप मूल्याङ्कन तथा क्षयीकरण परीक्षण नहुँदा जिन्सी मौज्दातको यथार्थ चित्रण भएको छैन। केन्द्रीय भण्डार, हेटौंडाको भौतिक परीक्षण गर्दा रू.१५ करोड ४० लाखको जिन्सी मौज्दात अपुग रहेको देखिएकोले सो सम्बन्धमा छानबिन हुनुपर्दछ।

८०. **महसुल बक्यौता** - गत वर्षको तुलनामा यो वर्ष विद्युत महसुल बक्यौता १०.४८ प्रतिशतले वृद्धि भई रू.४४ अर्ब ३२ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ६२ ग्राहकबाट

असुल हुनुपर्ने रू.२१ अर्ब ८८ करोड रहेको छ। सो रकम कुल बक्यौताको ४९.३६ प्रतिशत देखिन्छ। साथै सडक बत्तीको रू.६ अर्ब २ करोड असुल गर्नुपर्ने देखिएको छ। सडक बत्तीको बक्यौतामध्ये रू.१ अर्ब ७९ करोड काठमाडौं महानगरपालिकाको बक्यौता रहेको छ। बक्यौता रकम असुल गर्ने एवं ट्रङ्क तथा डेडिकेटेड बक्यौता सम्बन्धमा आवश्यक समन्वय गरी असुल गर्नुपर्दछ।

८१. **विद्युत नोक्सानी -** प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरणको नोक्सानी यो वर्ष १३.४६ प्रतिशत रहेको छ। उत्पादन तथा वितरणमा हुने नोक्सानीको कारण पहिचान गरी विद्युत नोक्सानी (चुहावट) मा न्यूनीकरण गर्नुपर्दछ।

८२. **विद्युत, उत्पादन तथा खरिद -** प्राधिकरणले यो वर्षसम्म ८ हजार १५० मेगावाट विद्युत खरिद सम्झौता गरिसकेको तथा प्राधिकरणको आफ्नै विद्युत जडित उत्पादन क्षमता ६०० मेगावाटभन्दा बढी रहेको छ। यो वर्षसम्म २ हजार ६०० मेगावाट राष्ट्रिय ग्रिडमा जोडिएको तथा आगामी दुई वर्षमा थप १ हजार ५०० मेगावाटभन्दा बढी जडित क्षमता राष्ट्रिय ग्रिडमा जोडिने तथा विद्युत उत्पादन बढ्दै जाने प्रक्षेपण छ। प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि, महसुल समायोजन तथा वर्षायामको उत्पादन तथा मागसमेतलाई ध्यान दिई विद्युत निर्यातको कार्ययोजना तथा विस्तृत रणनीति तयार गरी प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्दछ।

८३. **शोधभर्ना** - नेपाल र भारत सरकारबीच भएको महाकाली सन्धिअनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सो भन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधानअनुसार निःशुल्क प्राप्त गरेको विद्युत नेपाल सरकारले प्रति युनिट रू.४.७५ का दरले प्राप्त गर्ने गरी प्राधिकरणलाई उपलब्ध गराएको छ। सो बापत नेपाल सरकारलाई अघिल्लो वर्षसम्म रू.२ अर्ब ९ करोड तिर्नुपर्ने रहेकोमा यो वर्षको थप रू.३३ करोडसमेत कुल बक्यौता रू.२ अर्ब ४२ करोड रहे तापनि भुक्तानी गरेको देखिएन।

८४. **कर्मचारी काज -** नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त नियमावली, २०७४ को नियम ४३ अनुसार सहायक कम्पनी र आयोजनामा काजमा खटाउँदा उपनियम १० अनुसार सहायक कम्पनीमा खटाइने कर्मचारीको शिरोभार खर्चको शतप्रतिशत रकम दीर्घकालीन दायित्वको लागि पठाउनुपर्ने उल्लेख छ। प्राधिकरणले यो वर्ष सहायक कम्पनी र आयोजनाहरूमा काजमा खटाएका ३२ कर्मचारी तथा विगत वर्षमा काजमा खटाइएका कर्मचारीको शिरोभार खर्चबापतको रकम लेखाङ्कन तथा सहायक कम्पनी तथा आयोजनाबाट असुल गरेको छैन। उक्त रकम असुल गर्नुपर्दछ।

८५. **चार्जिङ्ग स्टेसन** - आधुनिक प्रविधिको व्यापक उपयोग गरी प्रदान गर्ने सेवाहरूलाई ग्राहक तथा प्रविधिमैत्री बनाई चुस्त तथा दुरूस्त बनाउनुपर्दछ। प्राधिकरणले यो वर्षसम्म ५१ स्थानमा चार्जिङ्ग स्टेसनको निर्माण गरिसकेको तथा ११ स्थानमा निर्माण गर्ने योजना बनाएको छ। विद्युतीय सवारीसाधनको वृद्धिलाई ध्यान दिई आधुनिक एवं सुविधा सम्पन्न चार्जिङ्ग स्टेसनहरू योजनाबद्ध रूपमा निर्माण गर्नुपर्दछ।

८६. **भूमिगत वितरण प्रणाली** - काठमाडौं उपत्यका भूमिगत वितरण प्रणालीअन्तर्गत ४ निर्माणाधीन आयोजनाको प्रगति विवरण निम्नानुसार छः

आयोजनाको नाम	ठेक्का सम्झौता मिति	ठेक्का प्रभावकारी हुने मिति	कार्य सुरू मिति	ठेक्काको म्याद			भौतिक प्रगति प्रतिशत
				प्रथम	म्याद थप पश्चातको म्याद	म्याद थप पटक	
काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना	२०१९ मार्च १५	२०१९ अप्रिल २३	२०२० मार्च	२०२१ अक्टोबर ९	२०२४ जून ९	चौथो	७६
ललितपुर भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजना	२०२० जुन ४	२०२० सेप्टेम्बर ९	२०२१ जुलाई	२०२४ सेप्टेम्बर ८	२०२४ सेप्टेम्बर ८	म्याद थप नभएको	३३
काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना	२०२० जुन २४	२०२० डिसेम्बर २०	२०२१ अप्रिल	२०२३ डिसेम्बर १९	म्याद थपको प्रक्रियामा रहेको	म्याद थपको प्रक्रियामा रहेको	७१
काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना	२०१९ मार्च १५	२०१९ मार्च १५	२०१९ अप्रिल २२	२०२२ जून ३०	२०२४ जून ९	पाँचौं	७४

सडक विभाग तथा निकायबाट समयमै स्वीकृति प्राप्त नभएको तथा श्रावणदेखि असोज मसान्तसम्म सम्बन्धित निकायबाट सडकमुनि तार भूमिगत गर्ने स्वीकृति प्राप्त नहुनुलगायतका कारण भूमिगत वितरण प्रणालीको कार्यमा ढिलाइ भएको छ। नेपाल विद्युत प्राधिकरणको उत्पादन निर्देशनालयअन्तर्गत रहेका १० उत्पादन केन्द्रमा स्काडा प्रणाली लागु भइसकेको, ३ उत्पादन केन्द्रमा लागु गर्ने चरणमा रहेको र ६ उत्पादन केन्द्रमा लागु हुन बाँकी रहेको छ।

८७. **कर्मचारी दायित्व** - कर्मचारी लाभ दायित्वबापत अक्च्युरियल मूल्याङ्कनअनुसार देखिने दायित्वको वर्तमान मूल्य रू.४२ अर्ब १ करोड देखिएकोमा सो दायित्व भुक्तानी गर्न लगानी गरिएको सम्पत्तिको मूल्य रू.३ अर्ब ३२ करोड रहेको छ। कर्मचारी लाभ दायित्व वहनको लागि प्राधिकरणले गरेको लगानी यस वर्षसम्म रू.३८ अर्ब ६९ करोड न्यून रहेको छ।

८८. **खिम्ती जलविद्युत आयोजना** - नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लिमिटेडबीच २०५२।१०।१ मा सम्पन्न विद्युत खरिद सम्झौताबमोजिम २० वर्षको अवधि समाप्तपश्चात् खिम्ती जलविद्युत आयोजनाको ५० प्रतिशत शेयर स्वामित्व प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने उल्लेख छ। सम्झौताबमोजिम २०७७।३।२८ मा २० वर्ष अवधि पुरा भइसके तापनि स्वामित्व हस्तान्तरण नभएकोले सम्पत्ति र लगानी रू.१ अर्ब २७ करोड प्राधिकरणको वित्तीय विवरणमा लेखाङ्कन भएको छैन। सम्झौताबमोजिम उक्त सम्पत्ति र लगानी लेखाङ्कन हुनुपर्दछ।

८९. **विद्युत खरिद सम्झौता** - यो वर्षसम्म कनेक्सन सम्झौता भएका ८० वटा रन अफ रिभर आयोजनामध्ये अदालतमा मुद्दामा रहेका २, विद्युत खरिद सम्झौता मस्यौदा तयार भएका ४, विद्युत खरिद सम्झौता व्यवस्थापनद्वारा अनुमोदन भएका ३, विद्युत नियमन आयोगद्वारा स्वीकृत ३, विद्युत खरिद सम्झौता सम्पन्न भएको ५१, सूचीबाट हटाएको १५ र विद्युत नियमन आयोगको स्वीकृतिको लागि पठाएको २ आयोजना रहेका छन्। यसै गरी ४४ पिकिङ्ग रन अफ रिभर आयोजनामध्ये प्रक्रिया जारी रहेका १, अदालतमा मुद्दा रहेका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत ५, विद्युत खरिद सम्झौता सम्पन्न भएको

२५, विद्युत नियमन आयोगको स्वीकृतिको लागि पठाएको ६ र कारबाही हुन बाँकी ६ आयोजना रहेका छन्।

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

यो कम्पनी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ बमोजिम वित्तीय संस्थाको रूपमा ऋण लगानी गर्न स्वीकृति प्राप्त कम्पनी हो। यस कम्पनीको अधिकृत पुँजी रू.५० अर्ब, जारी पुँजी रू.२४ अर्ब ५६ करोड र चुक्ता पुँजी रू.२२ अर्ब ७७ करोड रहेको छ। कम्पनीमा स्थायी ८ र करारमा १७ समेत २५ कर्मचारी कार्यरत छन्।

९०. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको शेयर पुँजी रू.२२ अर्ब ७७ करोड ५७ लाख ९९ हजार, जगेडा कोष तथा सञ्चित नाफा रू.२ अर्ब ३३ करोड ६७ लाख ५६ हजार, गैर चालु दायित्व रू.७ करोड ४ लाख ३५ हजार र चालु दायित्व रू.१६ करोड ९ लाख २९ हजार गरी कुल दायित्व रू.२५ अर्ब ३४ करोड ३९ लाख १९ हजार रहेको छ। त्यस्तै कम्पनीको स्थिर सम्पत्ति रू.७ करोड ७९ लाख ४० हजार, लगानी रू.१ अर्ब १ करोड, चालु सम्पत्ति रू.१२ अर्ब ९९ करोड ६७ हजार र अन्य सम्पत्ति रू.११ अर्ब २६ करोड ५९ लाख १२ हजारसमेत रू.२५ अर्ब ३४ करोड ३९ लाख १९ हजार सम्पत्ति रहेको छ। गत वर्ष रू.९५ करोड ७८ लाख २९ हजार नाफा रहेकोमा यो वर्ष रू.१ अर्ब ३७ करोड ५२ लाख ७ हजार नाफा भएको छ।

९१. **पुँजी संरचना -** कम्पनीको चुक्ता पुँजी रू.२२ अर्ब ७७ करोड ५७ लाख ९९ हजारमध्ये नेपाल सरकार, अर्थ मन्त्रालय रू.४ अर्ब ९८ करोड ९६ लाख, ऊर्जा तथा सिंचाइ मन्त्रालय रू.२ अर्ब ४९ करोड ४८ लाख, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय रू.२ अर्ब ४९ करोड ४८ लाख, महालेखा नियन्त्रकको कार्यालय रू.२ अर्ब ४९ करोड ४८ लाख, राष्ट्रिय बीमा संस्थान रू.१ अर्ब २४ करोड ७४ लाख, कर्मचारी सञ्चय कोष रू.१ अर्ब २४ करोड ७४ लाख, नागरिक लगानी कोष रू.१ अर्ब २४ करोड ७४ लाख, अन्य संस्थापक रू.१ अर्ब ५६ करोड ९९ लाख ९९ हजार र सर्वसाधारणको रू.४ अर्ब ९८ करोड ९६ लाख रहेको छ।

९२. **लगानी** - कम्पनीले आफ्नो शेयर स्वामित्व ५१ प्रतिशत हुने गरी २ हाइड्रो कम्पनीमा रू.१ अर्ब १ करोडको शेयर लगानी गरेकोमा २०७९।११।१७ मा नेपाल विद्युत प्राधिकरण र विद्युत उत्पादन कम्पनीसँग सम्झौता गरी उक्त कम्पनीहरूको ड्यू डेलिजेन्स अडिटबेगर अङ्कित मूल्यमा शेयरधनी संरचना परिवर्तन गरी आफ्नो स्वामित्व ५१ प्रतिशतबाट १५ प्रतिशत बनाउने निर्णय गरेको छ। मूल्याङ्कन बेगर शेयरधनी संरचना परिवर्तन गर्दा कम्पनीको लगानीको उचित मूल्याङ्कन हुने देखिँदैन। जसबाट कम्पनीले सम्भावित नाफाको अवसर गुमाउनुपर्ने हुन्छ।

कम्पनीले विभिन्न ८ कम्पनीमा रू.२ अर्ब २२ करोड २८ लाख १२ हजार शेयर लगानी र विभिन्न १२ कम्पनीमा रू.९ अर्ब २७ करोड ३३ लाख ९९ हजार ऋण लगानी गरेको छ। उक्त ऋण लगानीमा १ प्रतिशतले हुने रू.९ करोड २७ लाख ३३ हजार इम्पेयरमेण्ट देखाएको छ।

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड

देशभित्र रहेको जलस्रोतको अधिकतम उपयोगमार्फत जलविद्युत उत्पादन गर्ने उद्देश्यले यो कम्पनी २०५२।७।१४ मा स्थापना भएको हो। कम्पनीको चुक्ता पुँजी रू.७ अर्ब २५ करोड ८१ लाख ७९ हजार रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, कर्मचारीको २५ प्रतिशत, आयोजना प्रभावित स्थानीय जनताको १० प्रतिशत तथा सर्वसाधारण जनताको १४ प्रतिशत स्वामित्व रहेको छ। रसुवा जिल्लामा अवस्थित २२.१ मेगावाट जलविद्युत उत्पादन क्षमताको यस कम्पनीमा ६ जना व्यवस्थापक, २८ अधिकृत, ७२ सहायकसमेत १०६ जना कर्मचारी कार्यरत छन्।

९३. **वित्तीय स्थिति** - कम्पनीको २०७९।८० मा सेयर पुँजी रू.७ अर्ब २५ करोड ८१ लाख ७९ हजार, जगेडा कोष तथा सञ्चित नाफा रू.३ अर्ब २५ करोड २० लाख २३ हजार, चालु दायित्व रू.१५ करोड ८७ लाख ७० हजार र गैरचालु दायित्व रू.३८ करोड ६४ लाख ६५ हजारसमेत पुँजी तथा दायित्व रू.११ अर्ब ५ करोड ५४ लाख ३७ हजार रहेको छ। स्थिर सम्पत्ति रू.१ अर्ब ७१ करोड ५२ लाख २२ हजार, लगानी रू.६ अर्ब ५ करोड २९ लाख ४६ हजार, चालु सम्पत्ति रू.२ अर्ब ३४ करोड २७ लाख ३ हजार, निर्माणाधीन सम्पत्ति रू.३४ करोड ११ लाख ५२ हजार र निर्माणाधीन सम्पत्तिमा लगानी (सहायक कम्पनीमा ऋण) रू.६० करोड ३४ लाख १४ हजारसमेत रू.११ अर्ब ५ करोड ५४ लाख ३७ हजार सम्पत्ति रहेको छ। गत वर्ष रू.७४ करोड ६७ लाख ६ हजार नाफा रहेकोमा यो वर्ष रू.६४ करोड २७ लाख ५१ हजार नाफा भई सञ्चित नाफा रू.३ अर्ब २५ करोड २० लाख २३ हजार पुगेको छ।

९४. **सञ्चालन नतिजा** - कम्पनी (व्यक्तिगततर्फ) को २०७९।८० मा सञ्चालन आम्दानी रू.१ अर्ब १२ करोड ८६ लाख ४३ हजार, ब्याज आम्दानी रू.२४ करोड ७२ लाख ९३ हजार र अन्य आम्दानी रू.६३ लाख ९७ हजारसमेत कुल आम्दानी रू.१ अर्ब ३८ करोड २३ लाख हजार रहेकोमा प्रत्यक्ष खर्च रू.२६ करोड २ लाख ८३ हजार, कर्मचारी खर्च रू.६ करोड ४९ लाख ८९ हजार, सञ्चालन तथा प्रशासनिक खर्च रू.३ करोड ३४ लाख १६ हजार र मूल्य ह्रास तथा सम्पत्ति बिक्रीको नोक्सानी रू.९ करोड ३१ लाख ३८ हजारसमेत जम्मा खर्च रू.४५ करोड १८ लाख २६ हजार रहेको छ। कम्पनीको कर पूर्वको नाफा रू.९३ करोड ५ लाख ६ हजार रहेकोमा कर्मचारी बोनस रू.१ करोड ८६ लाख १० हजार र चालु वर्षको कर रू.२० करोड ७७ लाख ८१ हजार र स्थगन गरिएको कर रू.५ करोड ४८ लाख ७२ हजार संस्थागत सामाजिक उत्तरदायित्वमा रू.६४ लाख ९२ हजार व्यवस्था गरिएको छ।

९५. **ऋण तथा लगानी** - कम्पनीले आफ्ना ५ सहायक कम्पनी चिलिमे इन्जिनियरिङ, मध्य भोटेकोशी, रसुवागढी, सान्जेन र चिलिमे सेतीसमेतमा रू.६ अर्ब ५ करोड २९ लाख ४६ हजार शेयर लगानी गरेको छ। त्यसै गरी ४ सहायक कम्पनी बुढीगण्डकी चुम्चेत, बुढीगण्डकी प्रोक, चुम्चेत स्यारखोला र सेती नदीसमेतमा २७० मेगावाटको जलविद्युत उत्पादन गर्न गत वर्षसम्म रू.३० करोड २६ लाख ७८ हजार ऋण लगानी गरेकोमा यो वर्ष रू.६० करोड ३४ लाख १४ हजार पुगेको छ। सम्पूर्ण आयोजना निर्माण चरणमा नै रहेकोले लगानीबाट हालसम्म प्रतिफल प्राप्त हुन सकेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, अनुदानको अनुगमन नभएको, निर्माण समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्ने लगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य गर्नुपर्दछ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ८० निकायमा यो वर्ष रू.१ अर्ब १० करोड ६१ लाख ४९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.८ करोड ९४ लाख ७४ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब १ करोड ६६ लाख ७५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ करोड ८४ लाख ८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था एवं समितिसमेत २ निकायमा यो वर्ष रू.१ अर्ब १५ करोड ३० लाख ५२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.११ करोड ७४ लाख फर्स्यौंट गरेकोले रू.१ अर्ब ३ करोड ५६ लाख ५२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा संघीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका र कार्यविधिको तर्जुमा तथा सहमति, कानुनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतसमेत १० निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ७ निकायको निम्नानुसार रू.३० करोड ५९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३०४९	३	७	-	३०५९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.३८ लाख समावेश छैन।

२. **अन्य संस्था समिति -** यो वर्ष ३ संस्थाको रू.४८ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कानुन निर्माण -** नेपालको संविधान कार्यान्वयन गर्न निर्माण गर्नुपर्ने कानुनको पहिचान, प्राथमिकीकरण र कानुन निर्माणको विद्यमान अवस्थासम्बन्धी मन्त्रालयले २०७३ पौष १० मा स्वीकृत कार्ययोजना अनुसार संघीयतर्फ १११, प्रदेशतर्फ २२ र स्थानीयतर्फ ६ समेत १३९ कानुन निर्माण गर्नुपर्ने विषय रहेका छन्। त्यसैगरी सोही कार्ययोजनामा उल्लेख भएअनुसार १७० ऐन केही नेपाल ऐन संशोधन गर्ने विधेयकबाट संशोधन गर्नुपर्ने, ४० ऐन संशोधन विधेयक तर्जुमा गरी संशोधन गर्नुपर्ने, १९ ऐन सम्बन्धित ऐनलाई प्रतिस्थापन गर्न नयाँ विधेयकको मस्यौदा तयार गर्नुपर्ने, ७३ ऐन संघ प्रदेश र स्थानीय तहको अधिकार र सोको प्रभावको अध्ययनको आधारमा आवश्यकताअनुसार संशोधन गर्नुपर्ने रहेका छन्। मन्त्रालयले कार्ययोजनाअनुसार निर्माण र संशोधन गरिएका कानुनको अभिलेख राखेको छैन। मन्त्रालयबाट प्राप्त विवरणमा यो वर्ष २९ ऐन, २३ नियमावली, ७ गठन आदेश, ४ निर्देशिका तर्जुमा गरेको उल्लेख छ। मन्त्रालयले आफूले तर्जुमा गर्नुपर्ने र तर्जुमा गरेका कानुनहरूको अद्यावधिक सूची राखी बाँकी कानुन तर्जुमा गर्नुपर्दछ।

४. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा संघ, संस्थालाई दिएको रकम जुन कामका लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष केन्द्रीय कानुन पुस्तकालय, नोटरी पब्लिकलगायतका ६ संस्थालाई रू.३ करोड ८६ लाख ९३ हजार अनुदान उपलब्ध गराएकोमा उल्लिखित व्यवस्थाबमोजिम सबै संस्थाको वार्षिक विवरण लिई अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

५. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा न्यायको लागि पहुँचमा अभिवृद्धि नामक आयोजनामा भएको खर्च अमेरिकी डलर ४ लाख ५६ हजार एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन।

सत्य निरुपण तथा मेलमिलाप आयोग

६. **कार्यसम्पादन स्थिति -** सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको उल्लङ्घनसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्थालगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको लागि सिफारिस गर्ने कामका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार पहिलो पटक २०७१।१०।२७ मा र दोस्रो पटक २०७६।१०।६ मा आयोग गठन भएकोमा मन्त्रिपरिषद्को निर्णयअनुसार २०८१ साल असार मसान्तसम्म आयोगको म्याद थप भएको छ। आयोगमा ६३ हजार ७१८ उजुरी दर्ता भएकोमा ३ हजार ७८७ उजुरीको मात्र प्रारम्भिक छानबिन सम्पन्न गरी ६१८ जनालाई पीडित परिचयपत्र वितरण भएको छ। आयोगको कार्यसम्पादनका लागि २०७४।७५ देखि २०७९।८० सम्म रू. ४० करोड ९७ लाख ७४ हजार खर्च भएको छ। ऐन जारी भएको लामो अवधि व्यतीत भइसक्दा पनि ऐनअनुसार उजुरीउपर छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, मेलमिलाप गराउने एवं परिपूरणको व्यवस्था हुन सकेको छैन।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

७. **कार्यसम्पादन स्थिति -** नेपालमा सशस्त्र द्वन्दको क्रममा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न २०७१।१०।२७ मा पहिलो पटक र २०७६।१०।६ मा दोस्रो पटक आयोग गठन भएको छ। आयोगमा ३ हजार २८८ उजुरी दर्ता भएकोमा ७५३ उजुरी फर्स्यौट गरेको उल्लेख छ। आयोगमा २ हजार ५५८ जनालाई बेपत्ता पारिएको प्राप्त उजुरीमध्ये २ हजार ४९० विस्तृत छानबिनको लागि निर्णय भएको, ५३ उजुरी प्रारम्भिक छानबिनमा रहेको र १५ उजुरी एकै उजुरीकर्ताको एकभन्दा बढी बेपत्तासम्बन्धी रहेको देखिन्छ। आयोग गठन भएको अवधि २०७१ माघ २७ देखि २०८० असार मसान्तसम्म १ हजार ३२१ परिवारका ३ हजार ९९३ जनालाई पीडित परिचयपत्र वितरण गरेको छ। आयोगको कार्यसम्पादनमा २०७४।७५ देखि २०७९।८० सम्म रू.२९ करोड १९ लाख ७६ हजार खर्च भएको छ।

आयोग गठन भएको ९ वर्ष व्यतीत भइसक्दा समेत हालसम्म बेपत्ता पारिएका व्यक्तिको छानबिन, पीडित तथा साक्षीको कागज गराउने, छानबिनबाट यकिन भएका पीडित र पीडित परिवारलाई परिचयपत्र उपलब्ध गराउने, आरोपी व्यक्तिको बयान लिने, आवश्यक प्रमाण सङ्कलन गर्ने, अनुसन्धानबाट कसुरमा संलग्न भएको देखिएमा मुद्दा चलाउन वा कारबाही गर्न सिफारिस गर्ने तथा पीडितलाई परिपूरणको सिफारिस गर्ने कार्य बाँकी नै रहेको छ। त्यसै गरी पछिल्लो समयमा परेका उजुरीहरूको विस्तृत अनुसन्धान गर्ने, एण्टिमोर्टम फाराम भराउने, पीडितको डिएनए प्रोफाइल तयार पार्नेलगायतका काम गर्न

बाँकी रहेको छ। उल्लिखित छानबिन सम्बन्धी कार्यलाई अगाडि बढाउन कानुनी व्यवस्था गरी आयोगको संस्थागत सुदृढीकरणमार्फत् बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

नेपाल कानुन आयोग

८. **कार्यसम्पादन -** आयोगले सम्पादन गर्ने कार्यहरूमध्ये विधेयकको मस्यौदा तयार गर्ने कार्य प्रमुख रहेको छ। आयोगले यस वर्ष चालूतर्फ रू.३ करोड ७६ लाख ४५ हजार र पुँजीगततर्फ रू.१३ लाख २९ हजारसमेत रू.३ करोड ८९ लाख ७४ हजार खर्च गरेको छ। यो वर्ष रासायनिक पदार्थको सुरक्षित प्रयोग नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, यौनजन्य हिंसा विरुद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी विधेयक, भ्रष्टाचार निवारण पहिलो संशोधन ऐन, २०५९ को विधेयकको प्रारम्भिक मस्यौदासमेत ५ विधेयकको मस्यौदा तर्जुमा गरेको, औषधिसम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र राष्ट्रिय सतर्कता केन्द्र विधेयक गरी २ विधेयक तर्जुमाको चरणमा रहेको देखिन्छ। साथै यो वर्ष आयोगले गाँजा तथा गाँजाजन्य पदार्थ नियमन, नेपालमा उपभोक्तासम्बन्धी कानुनको एकीकरण, ऊर्जा दक्षता तथा संरक्षण विधेयक, परिमार्जन संशोधन र एकीकरण सम्बन्धमा विभिन्न कानुनको अध्ययन, नेपालको संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारको विषयमा कानुन निर्माणको आवश्यकतासम्बन्धी अध्ययन, सामाजिक सुरक्षासम्बन्धी कानुनको एकीकरणसम्बन्धी अध्ययन, मध्यस्थता ऐन, २०५५ को संशोधनसम्बन्धी अध्ययन, प्रचलित कानुनमा रहेको दोहोरोपनासम्बन्धी अध्ययन, क्रिप्टो करेन्सीसम्बन्धी अध्ययन र सार्वजनिक दुष्कृतिसम्बन्धी अध्ययनलगायत विभिन्न १० विषयमा अध्ययन गरी प्रतिवेदन गरेको छ। उक्त अध्ययन प्रतिवेदनले औंल्याएका सुझावहरूको कार्यान्वयनको लागि आवश्यक व्यवस्था गरिनुपर्दछ।

९. **मस्यौदा तर्जुमा -** नेपाल कानुन आयोग ऐन, २०६३ को दफा १० को खण्ड (घ) अनुसार नयाँ कानुन निर्माण गर्ने र आवश्यकताअनुसार प्रचलित कानुनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकारसमक्ष पेस गर्ने जिम्मेवारी आयोगमा रहेको छ। नेपाल सरकारले पेस गर्ने अधिकांश सरकारी विधेयकहरूको मस्यौदा तयार गर्न आयोगमा नपठाई सम्बन्धित मन्त्रालय वा परामर्शदातामार्फत मस्यौदा तयार गरेको देखिन्छ। सरकारी स्रोतको सदुपयोग भई मितव्ययी हुने, दोहोरोपना नहुने लगायतको स्थिति देखिदा एकद्वार प्रणाली अवलम्बन गर्नु उपयुक्त हुने देखिन्छ। प्रदेश र स्थानीय तहको लागि समेत विधेयक तर्जुमा गर्नसक्ने विधि तर्जुमा गरिनुपर्दछ।

१०. **आयोगको प्रभावकारिता -** नेपाल कानुन आयोग ऐन, २०६३ को दफा १० ले नयाँ कानुन बनाउने, विद्यमान कानुन संशोधन गर्ने कानुन तर्जुमासँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नेलगायतका १४ कार्य आयोगलाई तोकेको छ। प्राप्त जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न निर्माण गर्नुपर्ने नयाँ कानुनसम्बन्धी विभिन्न विषयमा शोध, अवधारणापत्र तयार र प्रकाशन, कानुनको कार्यान्वयनको अवस्थाको अध्ययन, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबमोजिम कानुन बने नबनेको र कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान, नेपाल सरकारले लिएका नीतिहरू र संविधानले प्रत्याभूत गरेका मौलिकहकहरूको कार्यान्वयन अवस्थाको अध्ययन, अनुसन्धान, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तबमोजिम कानुन बने नबनेको सम्बन्धमा अध्ययन अनुसन्धान र हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका

कानुनको सम्बन्धमा अध्ययन एवं अनुसन्धान गरी आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहत २ निकायसमेतमा यो वर्ष रू.४० लाख १ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौंट गरेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा समावेश छ।
  - संगठित संस्था एवं समितितर्फ यो वर्ष रू.१७ लाख ४८ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा समावेश छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा कृषि, पशुपन्छी एवं मत्स्य विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदे बाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २०७ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १९८ सरकारी कार्यालयको निम्नानुसार रू.४७ अर्ब ६८ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४४५८८०	२६९३९	२८१९	११९८	४७६८३६

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रू.७३ करोड ७४ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट खर्च भएको रू.१ करोड ५७ लाख र प्रदेश सरकारबाट खर्च भएको रू.३ करोड ५९ लाख समावेश गरिएको छैन। उद्योग मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहत कार्यालयबाट खर्च भएको रू.१ करोड २९ लाख समावेश छ।

२. **सङ्गठित, अन्य संस्था र समिति** - यो वर्ष ८ सङ्गठित संस्था र समितितर्फ रू.२९ अर्ब ५२ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सङ्गठित संस्थातर्फ कृषि सामग्री कम्पनी लिमिटेड, कपास विकास समिति र दुग्ध विकास संस्थानको २०७९।८० को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष नेपालको खाद्य सुरक्षा स्थिति विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजनामा कृषि तथा पशुपन्छी विकासतर्फ २०७९।८० को लागि तोकिएका केही प्रमुख सूचकको लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	२०७५।७६ (आधार वर्ष)	२०७९।८० को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
कृषि क्षेत्रको वृद्धि दर	प्रतिशत	५	५.८	२.७३	४७.०७
कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२७	२३.२	२४.१	७६.३२
धान	मेट्रिकटन प्रति हेक्टर	३.७६	४.४	३.७९	८६.१४
मकै	मेट्रिकटन प्रति हेक्टर	२.८४	३.९	३.२	८२.०५
गहुँ	मेट्रिकटन प्रति हेक्टर	२.८५	३.५	२.९५	८४.२९
तरकारी	मेट्रिकटन प्रति हेक्टर	१४.३७	१९.६०	१४.५५	७४.२३
आलु	मेट्रिकटन प्रति हेक्टर	१६.०५	२१.२०	१७.५७	८२.८८
फलफूल	मेट्रिकटन प्रति हेक्टर	९.८१	११.९०	११.१५	९३.७०

नतिजा सूचक	एकाइ	२०७५।७६ (आधार वर्ष)	२०७९।८० को लक्ष्य	प्रगति	प्रगति प्रतिशत
माछा	मेट्रिकटन प्रति हेक्टर	४.९०	५.५	५.४	९८.१८
दूध	लिटर (दुधालु पशु वेत)	१,०५०	१४००	१४४९	१०३.५०
मासु	केजी (प्रति वध गरिएको पशु)	७५	८३	८४.७१	१०२.०६
अन्डा	प्रति गोटा (पन्छी)	२४५	२५८	२५८	१००
प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर	प्रतिशत	१६	२४	२१.९१	९१.२९
कृत्रिम गर्भाधान (नश्ल सुधारका लागि)	सङ्ख्या हजारमा	६२२	७९५	७१०	८९.३१

पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धि दर ५.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २.७३ प्रतिशत भएको र कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २४.१ प्रतिशत पुगेको मन्त्रालयको प्रगति प्रतिवेदनमा उल्लेख छ। दूध, मासु र अन्डा उत्पादन लक्ष्यअनुरूप भए तापनि धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल र माछाको उत्पादनमा वार्षिक लक्ष्यअनुसार प्रगति भएको देखिएन। त्यसै गरी प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर यस वर्ष २४ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २१.९१ प्रतिशत मात्र प्रगति हासिल भएको छ। मन्त्रालयले आवधिक योजनाको नतिजा खाकाअनुसार वार्षिक लक्ष्य तोकिएकामा कोदो, फापर, दलहन, तेलहन उन्नत जातको बीउ, घाँसको बीउ उत्पादनलगायतको प्रगति अवस्थाबारे प्रतिवेदनमा उल्लेख गरेको छैन। आवधिक योजनाले तय गरेका नतिजा खाकाअनुरूप वार्षिक कार्यक्रम निर्धारण गरी सोहीअनुसार प्रगति हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका कार्यक्रममध्ये बाँझो तथा उपयोगविहीन जमिन लिजमा दिने, किसानको घरदैलोमा कृषि कर्जा पुऱ्याउन लघुवित्त कोष स्थापना गर्ने, किसान पेन्सन योजना सुरु गर्न किसान हित कोष स्थापना गर्ने, किसान परिचयपत्रको आधारमा सार्वजनिक सेवामा छुट तथा सहुलियत उपलब्ध गराउने, तीनै तहका सरकारको समन्वयमा प्रत्येक स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन र उपयोगलाई प्रोत्साहन गर्ने, खाद्यान्न भण्डारणका लागि १०० सामुदायिक गोदाम घर निर्माण गर्ने, कृषि र पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालामा स्तरोन्नति गर्ने, प्रत्येक प्रदेशमा ठूला तथा मध्यम आकारका मोडिफाइड एट्मोस्फेयरका कोल्ड स्टोर निर्माण गर्ने, चोभारस्थित निर्माणाधीन फलफूल तथा पुष्प बजार सञ्चालनमा ल्याउने, रुपन्देहीको कर्सघाटमा आधुनिक कृषि उपज निर्यात बजार संरचना निर्माण कार्य सुरु गर्नेलगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन। बजेट वक्तव्य एवं वार्षिक कार्यक्रममा कार्यान्वयनयोग्य कार्यक्रम समावेश गरी सोहीअनुसार कार्यान्वयन गर्नुपर्दछ।

६. **कार्यक्रम र प्रगति -** मन्त्रालयले तयार गरेको प्रतिवेदनअनुसार मन्त्रालयअन्तर्गत २०७९।८० मा सञ्चालित पहिलो प्राथमिकताका २८ र दोस्रो प्राथमिकताका ६ समेत ३४ आयोजना/कार्यक्रमको समग्र भारित तथा वित्तीय प्रगति क्रमशः ९०.७५ र ८२.२२ प्रतिशत रहेको छ। भारित प्रगति ७५ देखि शतप्रतिशत हुने आयोजना सङ्ख्या २३ रहेकोमा ७५ प्रतिशतभन्दा कम रहेका आयोजना/कार्यक्रम निम्नानुसार छन्:

(रू. हजारमा)

क्र. सं.	आयोजना/कार्यक्रम	बजेट	खर्च	प्रगति प्रतिशत	
				भारित	वित्तीय
१.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२८२४००	१५९९६५	६०.००	५६.६४
२.	ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम	१८६८६४०	३१६५६२	२५.०६	१६.९४
३.	कृषि क्षेत्र विकास कार्यक्रम	१५३७१००	५४६७८४	५४.०३	३५.५७
४.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना	३६०३६६	८५८४१	३६.२८	२३.८२
५.	कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्धन कार्यक्रम	३०७०४९	२०१८१५	७३.०९	६५.७३
६.	मत्स्य विकास कार्यक्रम	२५५०७०	१५८५८०	७२.१०	६२.१७
७.	रानी जमरा कुलरिया सिँचाइ आयोजना	२०४५००	९५७२५	५२.०५	४६.८१
८.	कपास विकास समिति	३६५००	१८२९४	५४.७७	५०.१२
९.	कृषि विकास रणनीति, अनुगमन तथा समन्वय कार्यक्रम	२६३४८९	२९०३१	४.५९	११.०२
१०.	बीउ प्रवर्धन तथा गुण नियन्त्रण कार्यक्रम	४११००	२७६४९	७३.०९	६७.२७
११.	लाइभस्टक सेक्टर इनोभेसन आयोजना	३५०९०००	१९७८१७९	७२.४०	५६.३७
	जम्मा	**८६६५२१४**	**३६१८४२५**		

उल्लिखित तालिकाअनुसार मन्त्रालयअन्तर्गत सञ्चालित कृषि विकास रणनीति, अनुगमन तथा समन्वय कार्यक्रमको भारित प्रगति ४.५९ प्रतिशत मात्र रहेको छ। त्यस्तै ११ कार्यक्रममा विनियोजित बजेटमध्ये रू.५ अर्ब ४ करोड ६७ लाख खर्च भएको छैन। कार्यक्रममा प्रगति नहुँदा सोबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। अधिकांश आयोजना/ कार्यक्रमको भारित र वित्तीय प्रगतिबीच तालमेल रहेको छैन। वार्षिक कार्यक्रमअनुसार लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकासको परिमाणात्मक लक्ष्यमा सन् २०२२ सम्म प्रतिव्यक्ति खाद्यान्न उत्पादन ४१८ किलोग्राम, कुल खेतीयोग्य जमिनमध्ये वर्षैभरि सिँचाइ पुगेको जमिन ५०.५ प्रतिशत, माटोमा जैविक पदार्थको मात्रा ३.३७ प्रतिशत र कृषि क्षेत्रमा कुल बजेटको ३.३४ प्रतिशत पुऱ्याउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सन् २०२२ को मध्यावधि समीक्षासम्म प्रतिव्यक्ति खाद्यान्न उत्पादन ३८१ किलोग्राम, कुल खेतीयोग्य जमिनमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको जमिन ३०.३४ प्रतिशत, माटोमा जैविक पदार्थको मात्रा २.८३ प्रतिशत र कृषि क्षेत्रमा कुल बजेटको २.४१ प्रतिशत मात्र पुगेकोले लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको देखिँदैन। निर्धारित लक्ष्यअनुसार प्रगति हासिल गर्नेतर्फ मन्त्रालयले पहल गर्नुपर्दछ।

८. **वैदेशिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणमा यो वर्ष ६ कार्यक्रमका लागि रू.३६ करोड १२ लाख ६९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। त्यसै गरी मन्त्रालयअन्तर्गत नेपाल कृषि बजार विकास कार्यक्रमको लागि स्वीस विकास नियोगबाट प्राप्त रू.२८ करोड ५४ लाख ६३ हजार र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको अन्तर्राष्ट्रिय कृषि विकास कोषबाट प्राप्त रू.१७ करोड समेत रू. ४५ करोड ५४ लाख ६३ हजार सोझै भुक्तानीबाट खर्च गरेको छ। उल्लिखित प्राविधिक सहायता र सोझै भुक्तानी खर्चको लेखापरीक्षण नगराएकोले कानुनअनुसार उक्त कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

९. **सङ्गठन संरचना** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गतका कार्यालयको स्वीकृत दरबन्दी १ हजार ९०५ र पुल दरबन्दी ३७८ समेत २ हजार २८३ कर्मचारी सङ्ख्मा समायोजन भएकोमा हाल १ हजार ८१० कार्यरत रही ४७३ पद रिक्त रहेको छ। पद रिक्त रहेको र राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका क्रमशः ७ र ११ समेत ३७८ कर्मचारी पुल दरबन्दीमा समायोजन भएको हुँदा सेवा प्रवाहमा असर पर्ने देखिएको छ। अतः सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझको आधारमा आवश्यक कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

१०. **किसान सूचीकरण तथा परिचयपत्र** - खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म १४ लाख किसान परिवार सूचीकरण भए तापनि परिचयपत्र जारी हुन सकेको छैन। किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसान पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्ने लगायतका कार्यसमेत प्रभावित भएको छ। अत: किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

११. **भन्सार छुट सिफारिस** - आर्थिक ऐन, २०७९ को अनुसूची खण्डको बुँदा नं.१५(२) मा पशुपन्छी पालन उद्योग, कृषि फार्म तथा कम्पनी एवं कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेसर एवं अन्य तोकिएका मालसामान एवं औजारमा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सिफारिस गरेमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने उल्लेख छ। प्राप्त विवरणअनुसार मन्त्रालयले यो वर्ष १८ फर्म तथा संस्थालाई २०८० आषाढ मसान्तको विनिमय दर अनुसार रू.१५ करोड ४ हजार २८६ मूल्य बराबरको दूध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेसिन, कोल्डस्टोरेज एवं ग्रीनहाउससम्बन्धी मेसिन/उपकरण पैठारी गर्न भन्सार महसुल छुटका लागि मन्त्रालयले सिफारिस गरेको देखियो। छुटमा पैठारी भएका उक्त सामान निर्धारित उद्देश्यअनुसार उपयोग भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ।

१२. **अनुदान** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अवस्था निम्नानुसार छः

आर्थिक वर्ष	अनुदान (रू.करोडमा)	खाद्यान्न उत्पादन (मेट्रिकटन हजारमा)			तरकारी उत्पादन (मेट्रिकटन हजारमा)			फलफूल उत्पादन (मेट्रिकटन हजारमा)		
		लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७५।७६	१२२९	१०४७६	१०३२८	९८	४०००	४२७१	१०६	१४८०	११७८	७९
२०७६।७७	१६८३	१०३९०	१०३६९	९९	४०८९	४०८९	१००	१३००	१०९६	८४
२०७७।७८	१९६८	१०८००	१०५५८	९७.७६	४२८०	४१९६	९८	१३०५	१३६०	१०४
२०७८।७९	२१८३	१०९६५	१०७७२	९८.२४	४४६१	४१५३	९३	१४५०	१४१६	९८
२०७९।८०	३६०४	१४०००	१०७७७	७६.९८	४४९०	४३३२	९६.४८	१४९२	१४४७	९६.९८

गत वर्षको तुलनामा यो वर्ष कृषि क्षेत्रको अनुदानमा ६५.०९ प्रतिशतले वृद्धि गरी रू.३६ अर्ब ४ करोड अनुदान खर्च गरेकोमा खाद्यान्न उत्पादनमा ०.०४६ प्रतिशत, तरकारी उत्पादनमा ४.३१ प्रतिशत र

फलफूल उत्पादनमा २.१९ प्रतिशत मात्र वृद्धि भएको प्रगति विवरणबाट देखियो। खाद्यान्न, तरकारी र फलफूलको उत्पादनमा वृद्धि भएको देखिए तापनि भन्सार विभागबाट प्राप्त तथ्याङ्कअनुसार यस वर्ष मात्र १२ लाख ९६ हजार ७०३ मेट्रिकटन खाद्यान्न, ७ लाख ३६ हजार २६ मेट्रिकटन तरकारी, २ लाख ९१ हजार ८९६ मेट्रिकटन फलफूल, ४ हजार ४६ मेट्रिकटन दूध तथा दुग्धजन्य पदार्थ, ३ हजार ७८३ मेट्रिकटन माछा तथा मासुजन्य पदार्थ र ७२८ मेट्रिकटन चिया कफी आयात भई रू.१ खर्ब १२ अर्ब ९९ करोड बराबरको कृषि तथा पशुजन्य उपज आयात भएको देखिन्छ। विगत ५ वर्षमा अनुदान बढेको अनुपातमा कृषिजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि हुन सकेको छैन। अनुदानको उपयोगबाट आत्मनिर्भर कृषि प्रणालीका लागि उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनुपर्छ।

१३. **क्षेत्रगत अनुदान र उपयोग** – मन्त्रालयले यो वर्ष रासायनिक मल खरिदमा रू.३१ अर्ब २० करोड ३३ लाख, बाली तथा पशुधन बीमा प्रिमियममा रू.७५ करोड ९९ लाख, उखु कृषकका लागि रू.७३ करोड ६१ लाख र अन्य बीउ, बिरुवा, मेसिनरी, कृषि औजारलगायतमा रू.३ अर्ब ३४ करोड ४१ लाखसमेत रू.३६ अर्ब ४ करोड ३४ लाख अनुदान वितरण गरेको छ। मन्त्रालयबाट प्रदान गरिएका अनुदानमध्ये रासायनिक मल खरिद अनुदानको हिस्सा ८६ प्रतिशत रहेको छ। अनुदानको लागि रू.४१ अर्ब १५ करोड ६ लाख बजेट व्यवस्था भएकोमा ८७.५९ प्रतिशत खर्च भएको देखिन्छ।

सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि अनुदान वितरणको एकीकृत अभिलेख अद्यावधिक नहुँदा अनुदान वितरणमा दोहोरोपना हुने, किसान सूचीकरण र परिचयपत्र वितरणको कार्य पूरा नहुँदा प्रस्ताव माग गरी वितरण हुने अधिकांश अनुदानमा सीमान्तकृत किसानको पहुँच नहुने, फरक फरक अनुदान वितरण निर्देशिकाका आधारमा प्रदान गर्दा अनुदानमा एकरूपता नहुने, तीनै तहबीच समन्वयको अभावमा अनुदान उपयोगको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन। अनुदान वितरणको राष्ट्रिय नीति एवं व्यवस्थापन सूचना प्रणाली तयार गरी एकीकृत अभिलेख अद्यावधिक गर्नुका साथै अनुदान दर एवं वितरणमा एकरूपता कायम हुने र दोहोरोपना नहुने गरी अनुदान वितरणको व्यवस्था मिलाउने एवं सबल अनुगमन तथा मूल्याङ्कन संयन्त्र स्थापित गरी अनुदान वितरणलाई थप व्यवस्थित गर्नुपर्दछ।

१४. **रासायनिक मल अनुदान** – मन्त्रालयले यो वर्ष कृषि सामग्री कम्पनी लिमिटेडमार्फत २ लाख ८० हजार मेट्रिकटन र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत १ लाख ९८ हजार ५०० मेट्रिकटनसमेत ४ लाख ७८ हजार ५०० मेट्रिकटन रासायनिक मल खरिद गर्न क्रमशः रू.१९ अर्ब २१ करोड ५ लाख र रू.११ अर्ब ९९ करोड २८ लाखसमेत रू.३१ अर्ब २० करोड ३३ लाख अनुदान प्रदान गरेकोमा क्रमशः २ लाख २७ हजार २८९.७० मेट्रिकटन र १ लाख ८० हजार ७३.८० मेट्रिकटनसमेत ४ लाख ७ हजार ३६३.५० मेट्रिकटन मल खरिद भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१४.१ सशर्त अनुदान प्राप्त रकम आर्थिक वर्षको अन्तमा बचत भएमा फिर्ता गर्नुपर्दछ। यो वर्ष रासायनिक मल खरिदका लागि मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेडलाई रू.१९ अर्ब २१ करोड ५ लाख ४८ हजार अनुदान प्रदान गरेकोमा रू.१९ अर्ब २० करोड २० लाख ३७ हजार खर्च भएको देखिन्छ। त्यसै गरी साल्ट ट्रेडिङ कर्पोरेसनलाई रू.११ अर्ब ९९ करोड २८ लाख अनुदान प्रदान गरेकोमा रू.११

अर्ब ९८ करोड ७२ लाख ९ हजार खर्च भएको देखिन्छ। यसअनुसार कृषि सामग्री कम्पनी लिमिटेडमा रू.८५ लाख ११ हजार र साल्ट ट्रेडिङ कर्पोरेसनमा रू.५५ लाख ९१ हजारसमेत रू.१ करोड ४१ लाख २ हजार अनुदान बाँकी देखिएकोले सो अनुदान रकम सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

१४.२ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को बुँदा नं.१७ मा मल वितरक कम्पनीले मूल्य निर्धारण गर्दा आयात विन्दुदेखि बिक्री कार्यालयसम्मको ढुवानी भाडा र सञ्चालन खर्चबापत प्रति के.जी. रू.१ समेत जोडी बिक्री मूल्य कायम गर्ने व्यवस्था छ। उक्त निर्देशिकामा भन्सार विन्दुदेखि मल वितरक कम्पनीको कार्यालयसम्मको ढुवानी भाडा समायोजनको विषय उल्लेख छैन। मल वितरक कम्पनी कृषि सामग्री कम्पनी लिमिटेडको ४० र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको २६ जिल्लास्थित बिक्री कार्यालयले २०६५ देखिको ढुवानी दररेटअनुसार बिक्री मूल्य कायम गर्दै आएकोमा ढुवानीका क्षेत्रमा भएको मूल्य वृद्धिअनुसार विगत २/३ वर्षको बोलपत्र दररेट, यातायात विभागबाट कायम भएको भाडादर, कृषि सामग्री कम्पनीले पेस गरेको दररेट एवं जिल्ला दररेटलाई आधार मानी मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिले २०७९।४।२६ मा ढुवानी दररेट पुनरावलोकन गरेको देखियो। सोही समितिले २०८०।३।३१ मा २०७९।८० र २०८०।८१ का लागि तोकिएको ढुवानी दरभन्दा कम्पनीको बोलपत्रमार्फत हुने वास्तविक ढुवानी दरको फरकलाई हिसाब मिलान गर्न हिसाब फरफारक कार्य टोली गठन गर्ने र उक्त समितिले दिएको सिफारिसका आधारमा कम्पनीलाई प्राप्त हुने अनुदान निकासामा समायोजन हुने व्यवस्था मिलाउने निर्णय गरेको देखियो। उक्त निर्णयानुसार रासायनिक मल अनुदान रकमको हिसाब फरफारक सिफारिस कार्यटोलीले २०८०।८।१९ मा ढुवानी भाडा समायोजन गरी कृषि सामग्री कम्पनीबाट रू.५ करोड २१ लाख ३६ हजार र साल्ट ट्रेडिङ कर्पोरेसनबाट रू.२ करोड १४ लाख ५९ हजार समेत रू.७ करोड ३५ लाख ९५ हजार समायोजन फिर्ता गर्नुपर्ने सिफारिस गरेकोमा सो रकम समायोजन/फिर्ता गरेको देखिएन। मल आपूर्ति तथा वितरण समितिको निर्णयानुसार उक्त रकम सम्बन्धित मल वितरक कम्पनीबाट फिर्ता गर्नुपर्दछ।

१४.३ रासायनिक मल अनुदानको मूल्य २०७३।८।१४ मा निर्धारण भएकोमा तत्पश्चात् पुनरावलोकन भएको देखिएन। उक्त वर्ष मलको लागत मूल्य प्रति मेट्रिकटन युरियाको रू.३५ हजार ८०१, डीएपीको रू.४७ हजार ९८० र पोटासको रू.३४ हजार ८८ रहेकोमा आयात विन्दुमा कृषकले तिर्नुपर्ने मलको मूल्य क्रमशः रू.१४ हजार, रू.४३ हजार र रू.३१ हजार निर्धारण गरेको देखियो। आर्थिक वर्ष २०७९।८० मा प्रति मेट्रिकटन मलको औसत लागत मूल्य युरियाको रू.८८ हजार ९२०, डिएपीको रू.१ लाख २२ हजार ५१३ र पोटासको रू.७३ हजार ६६७ कायम भई लागत मूल्यमा क्रमशः १४८.३७, १५५.३४ र ११६.१० प्रतिशतले वृद्धि भएको छ। मलको मूल्यमा समयसापेक्ष पुनरावलोकन गर्नुका साथै प्राङ्गारिक मलको प्रयोगका लागि समेत किसानलाई प्रोत्साहित गर्नुपर्दछ।

१४.४ बोलपत्र आह्वान गर्न समयमै स्रोत सुनिश्चितता प्राप्त नहुने, सामान्य अवस्थामा बोलपत्र गरेको मितिदेखि नेपालको भन्सार विन्दुसम्म मल आइपुग्न करिब २२६ दिन लाग्ने, भारतको कलकत्ता बन्दरगाहबाट मात्र मल आउने भएकोले ढुवानीमा चाप पर्ने, गुणस्तर, भण्डारण र वितरणमा पर्याप्त ध्यान दिन नसकेको एवं अनुदानमा वितरित मल तोकिएबमोजिम बिक्री वितरण भए नभएको नियमित अनुगमन निरीक्षण गरी प्रदेश तथा स्थानीय समितिले तोकिएबमोजिम चौमासिक प्रतिवेदन पेस नगर्ने लगायतका अवस्थाले मल आपूर्ति, बिक्री वितरण एवं व्यवस्थापन कार्यमा समस्या रहेको देखिन्छ। तसर्थ मल खरिद कार्य

व्यवस्थित गर्न समयमै स्रोत सुनिश्चित गर्ने, भारतलगायतका देशको असल अभ्यासको अनुसरण गर्दै मल खरिदको वार्षिक क्यालेण्डर स्वीकृत गरी नियमित रूपमा खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने व्यवस्था मिलाउने, मल ढुवानी चापलाई कम गर्ने व्यवस्था मिलाउने, मल बिक्री वितरण अवस्थाको नियमित अनुगमन एवं निरीक्षण गरी प्रतिवेदन गर्ने लगायतका कार्य गरी रासायनिक मल खरिद र बिक्री वितरणमा प्रभावकारिता ल्याउनुपर्दछ।

१५. **जी-टु-जी सम्झौता** - भारतबाट रासायनिक मल खरिद गर्न नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भारत सरकारको केमिकल एण्ड फर्टिलाइजर मन्त्रालयबीच २०७८।११।१६ मा सम्झौता भएको देखियो। सम्झौताअनुसार यो वर्ष जी-टु-जीमार्फत १ लाख मेट्रिकटन युरिया र ५० हजार मेट्रिकटन डीएपी समेत १ लाख ५० हजार मेट्रिकटन रासायनिक मल आपूर्ति गर्ने उल्लेख छ। दुई देशबीच भएको सम्झौताको बुँदा नं.३ मा उल्लेख भएअनुसार नेपाल सरकारको तर्फबाट कृषि सामग्री कम्पनी र भारत सरकारको केमिकल एण्ड फर्टिलाइजर मन्त्रालयअन्तर्गतको स्टेट ट्रेडिङ कर्पोरेसनबीच वित्तीय सम्झौता भई यस वर्ष प्रति मेट्रिकटन रू.१ लाख ६ हजार ३३६ का दरले ३० हजार ५९३ मेट्रिकटन युरिया मल प्राप्त भएको देखियो। ग्लोबल टेण्डरमार्फत युरिया मल खरिद गर्दा प्रति मेट्रिकटन औसत लागत रू.८७ हजार ७६९ रहेकोमा जी-टु-जी सम्झौतामार्फत खरिद गरेको मलको लागत दर ग्लोबल टेण्डरमार्फत खरिद गरेको औसत लागतभन्दा उच्च रहेको देखिन्छ। साथै यो वर्ष लक्ष्य अनुरूपको रासायनिक मल आपूर्ति भएको छैन।

१६. **न्यूनतम समर्थन मूल्य** - मन्त्रालयको सिफारिसमा २०७९।८० मा मोटो धानको प्रति क्विन्टल रू.२ हजार ९६७, मध्यम धानको प्रति क्विन्टल रू.३ हजार १२८, गहुँको लागि प्रतिक्विन्टल रू.३ हजार ३५१ न्यूनतम समर्थन मूल्य, उखुको खरिद मूल्य रू.६१० (चिनी मिलहरूले कृषकलाई प्रतिक्विन्टल रु ५४० र नेपाल सरकारले अनुदान रू.७०) र कच्चा दूधको न्यूनतम समर्थन मूल्य प्रतिलिटर रू.६५ तोकेको छ। यस वर्ष कृषि सहकारी एवं खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ३४ हजार ६७ मेट्रिकटन धान खरिद गरेको देखिन्छ। न्यूनतम मूल्य निर्धारणको लागि उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी मूल्य निर्धारण हुँदै आए तापनि सोसम्बन्धी कार्यविधि तयार नभएको एवं उल्लिखित वस्तुहरूको न्यूनतम समर्थन मूल्यमा बिक्री नभएको अवस्थामा सरकारबाट खरिद हुने व्यवस्थाको अभाव देखिन्छ। न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी कार्यविधि तयार गरी कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउन समयमै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गरी कृषकबाट उक्त मूल्यमा खरिद हुने व्यवस्थाको सुनिश्चितता हुनुपर्दछ।

१७. **वैदेशिक सहायता** - दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ५ आयोजनामा रू.४० अर्ब १० करोड ७४ लाख खर्च गर्ने सम्झौता भएकोमा यस वर्षसम्म रू.९ अर्ब ९२ करोड १४ लाख खर्च भएको छः

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजनाको कार्यक्षेत्र	आयोजना सुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	कृषि क्षेत्र विकास कार्यक्रम	आइफाड/स्वीस-अनुदान/ऋण	१० जिल्ला	२०७५।७६	२०८०।८१	६९४५२	१७०८७	२४.६०
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	विश्व बैङ्क-अनुदान	२८ जिल्ला	२०७४।७५	२०८०।८१	८७८७२	४८१६१	५४.८१
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	आई.डी.ए.-अनुदान	८ जिल्ला	२०७५।७६	२०८०।८१	३७६४५	२७५८५	७३.२८
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	आई.डी.ए.-ऋण	३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तह	२०७७।७८	२०८१।८२	९४९००	५५२३	५.८२
५.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना	विश्व बैंक/ जिएफएसपी-अनुदान/ऋण	३४ जिल्ला अन्तर्गतका १०० स्थानीय तह	२०७९।८०	२०८६।८७	१११२०५	८५८	०.७७
					जम्मा	**४०१०७४**	**९९२१४**	**२४.७४**

उल्लिखित आयोजनाहरूको अवधि क्रमशः ८३, ८५, ८३, ६० र १४ प्रतिशतभन्दा बढी व्यतीत हुँदा खर्च क्रमशः २४.६०, ५४.८१, ७३.२८,५.८२ र ०.७७ प्रतिशत रहेको छ। व्यतीत भएको समयको अनुपातमा प्रगति न्यून रहेको छ। तसर्थ वैदेशिक सहायताको उपयोगमा दक्षता अभिवृद्धि गर्नुपर्दछ।

१८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। देहायका ४ आयोजनामा यो वर्षसम्म रू.९ अर्ब ८३ करोड ५६ लाख खर्च भएकोमध्ये परामर्श सेवामा रू.१ अर्ब १८ करोड ९५ लाख खर्च भएको देखिन्छ।

(रू.लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम	२०७९।८० सम्मको आयोजनाको खर्च	यो वर्षको परामर्श सेवाको खर्च	२०७९।८० सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
१.	कृषि क्षेत्र विकास कार्यक्रम	६९४५२	१७०८७	११६	१४७०	८.६०
२.	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	८७८७२	४८१६१	७४१	४२४३	८.८१
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	३७६४५	२७५८५	१७७१	५७२४	२०.७५
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	९४९००	५५२३	३९७	४५८	८.२९
	जम्मा	**२८९८६९**	**९८३५६**	**३०२५**	**११८९५**	**१२.०९**

उल्लिखित आयोजनाहरूमा कुल खर्चको ८.२९ देखि २०.७५ प्रतिशतसम्म परामर्श सेवामा खर्च भएको देखिन्छ। कृषि क्षेत्र विकास कार्यक्रम र नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसमेत परामर्शदाताबाट गराएका कारण परामर्श सेवा खर्च बढ्न गएको छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद, लेखा लगायतका आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। साथै परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

१९. **विषादी व्यवस्थापन -** जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ३ अनुसार जीवनाशक विषादीको पञ्जीकरण गर्नुपर्ने एवं दफा १८ मा पञ्जीकरण भएका विषादी मात्र आयात गरी प्रयोग गर्न

सक्ने व्यवस्था छ। प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रबाट पञ्जीकरण गरिएका विषादीहरूमा कीटनाशक, ढुसीनाशक, ब्याक्टेरियानाशक, सुलसुलेनाशक, शंखेकीरानाशक, मुसानाशक, किरानाशक वानस्पतिक र जैविक समूहका विषादीमा सामान्य नामका आधारमा १६८ र व्यापारिक नामका आधारमा ५ हजार ८०७ विषादी हालसम्म पञ्जीकरण भएका छन्। केन्द्रबाट प्राप्त विवरण अनुसार ५ वर्षको विषादी आयातको तथ्याङ्क निम्नानुसार छः

आर्थिक वर्ष	विषादी पञ्जीकरण		विषादी आयात	
	सामान्य नामका	व्यापारिक नामका	परिमाण (के.जी.)	रकम (रू. हजारमा)
२०७५।७६	१६५	३०३३	८०९०९३	९५६१४९
२०७६।७७	१६५	३८२७	६८१६२७	७९३८०३
२०७७।७८	१६५	३०३५	७८३३४३	१०६१८२३
२०७८।७९	१६५	४७६२	११३५५०४	१६२३८९५
२०७९।८०	१६८	५८०७	११८३७४१	१६९६३६१

उल्लिखित विवरणअनुसार २०७५।७६ को तुलनामा विषादी पञ्जीकरण सङ्ख्यामा ८६.८३ र आयातको परिमाणमा ४६.३ प्रतिशतले वृद्धि भएको देखियो। गत वर्षको तुलनामा यो वर्ष विषादी आयात परिमाण ४.२५ प्रतिशतले वृद्धि भई विभिन्न आयातकर्तालेरू.१ अर्ब ६९ करोड ६३ लाख मूल्यको ११ लाख ८३ हजार ७४१ किलोग्राम विषादी आयात गरेको देखिन्छ। विषादीको बढ्दो प्रयोगले मानव, जीवजन्तु र वातावरणमा प्रतिकूल प्रभाव पर्ने भएकोले यसको आयात, उपयोग र भण्डारणको उचित व्यवस्थापन हुनुपर्दछ। मन्त्रालयअन्तर्गतका कार्यालयले गरिरहेका प्लान्ट क्लिनिक कार्यक्रम, आईपीएम् प्रविधि सञ्चालन कार्यक्रम, विभिन्न बालीहरूमा विषादीको अधिकतम अवशेष सीमा तोक्ने कार्य र विभिन्न नाकामा विषादीद्रुत विश्लेषण कार्यमा बढोत्तरी गर्नुपर्ने देखिन्छ।

कृषि विभाग

कृषि विकाससम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन, कृषिको विविधीकरण र व्यावसायिकताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने मुख्य उद्देश्य रहेको विभागअन्तर्गत ६ केन्द्रीय निकाय र १४ फार्म तथा केन्द्र रहेका छन्।

२०. **बाली तथा पशु बीमा -** कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७० अनुसार पशु बीमा गर्ने कृषकहरूको बीमा प्रिमियमको २०७८ श्रावणदेखि आश्विन ६ सम्म ५० प्रतिशत र आश्विन ७ पछि ८० प्रतिशत नेपाल सरकारले व्यहोर्ने कार्यक्रम अनुरूप विभागले ८ हजार २१८ बीमा पोलिसीको लागि बीमा समिति अन्तर्गतको बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिलाई विभागले २०७९ श्रावणदेखि पौष मसान्त सम्मको रू.२ करोड ९ लाख ४९ हजार र आर्थिक वर्ष २०७८।७९ को श्रावणदेखि असारसम्म को बीमा प्रिमियमको ५० प्रतिशतका दरले रू.१३ करोड ८९ लाख ५४ हजारसमेत रू.१५ करोड ९९ लाख ३ हजार भुक्तानी गरेको छ। बाली तथा पशु बीमा कार्यक्रम २०७३।७४ देखि सञ्चालनमा रहेको, सबै जिल्लामा पहुँच पुगे तापनि कृषि तथा पशुपन्छी बीमाको दायरा विस्तार हुँदै गएको र गाउँ स्तरसम्मै कृषि विभाग मातहत संरचना नभएको अवस्थामा सङ्घीय स्तरबाट मात्र बीमा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न सहज नभएकोले प्रदेश तथा स्थानीय तहहरूको

समेत भूमिका निर्धारण गरी कृषि तथा पशुपन्छी बीमालाई सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरी बीमा कार्यक्रमबाट लाभग्राही लाभान्वित भएको सुनिश्चित गर्नुपर्दछ।

२१. **बीमा प्रिमियम अनुदान -** बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ को बुँदा नं २० मा प्राविधिकले बीमा गरिने बालीको बीमाङ्क मूल्याङ्कन गर्ने क्रममा वा बीमा दाबीको सिफारिस गर्दा झुट्टा विवरण दिएको प्रमाणित भएमा निजलाई बीमाको कार्य गर्नबाट रोक लगाउने र सोको जानकारी सम्बन्धित मन्त्रालय तथा बीमा कम्पनीलाई दिने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार निजी बीमा कम्पनीहरूले ८ हजार २१८ बीमालेखबाट रू.४ अर्ब १८ करोड ४९ लाख बीमाङ्कअनुसारको बाली बीमा अनुदान माग गरेकोमा विभागले बीमा कम्पनीहरूबाट पेस भएका विवरण रुजु गरी रू.३ अर्ब ४७ करोड २७ लाख बीमाङ्क कायम गरी २०७८ श्रावणदेखि असोज ७ गतेसम्मको बीमा शुल्क रू.१ करोड ५६ लाख ३२ हजारको ५० प्रतिशत अनुदान रू.७८ लाख १५ हजार र २०७८ असोज ७ देखि २०७९ पौषसम्मको बीमा शुल्क रू.१९ करोड १ लाख १० हजारको ८० प्रतिशत अनुदान रू.१५ करोड २० लाख ८८ हजारसमेत रू.१५ करोड ९९ लाख ३ हजार बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिलाई भुक्तानी गरेको छ। बीमा कम्पनीहरूले बीमाङ्क रकम बढाई अनुदान माग गर्ने गरेकोमा बीमा समितिमार्फत कम्पनीलाई कारबाही गरेको देखिएन। निर्देशनमा भएका व्यवस्थाको पालना हुनुपर्दछ।

२२. **उखु कृषक अनुदान -** विभागको स्वीकृत कार्यक्रमअनुसार यो वर्ष उखु कृषकहरूलाई प्रति मेट्रिकटन रू.७० अनुदान वितरण गर्न विभिन्न ५ कोष तथा लेखा नियन्त्रक कार्यालयलाई रू.७३ करोड ६७ लाख ८६ हजार अनुदान निकासा भएकोमा रू.७३ करोड ६० लाख ९२ हजार भुक्तानी भएको छ। अनुदान प्राप्त कृषकको नाम, नामेसी विवरण तयार गरे तापनि कृषक अनुदानबाट उखु उत्पादनमा भएको वृद्धि एवं प्रभावको अध्ययन मूल्याङ्कन गरेको छैन। अध्ययन मूल्याङ्कन गरी सोको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२३. **प्रयोगशाला परीक्षण** - केन्द्रीय कृषि प्रयोगशालाले यो वर्ष माटोको नमुना परीक्षण २२४, प्राङ्गारिक मलका ३९, रासायनिक मलका ४०, कृषि चुनका २ र खाद्यबाली, कोसेबाली, घाँसेबाली एवं तरकारी बालीतर्फका बीउको ७५९ नमुनाको परीक्षण गरेको छ। उल्लिखित नमुना परीक्षणबाट मल एवं कृषि चुनतर्फका ३६ नमुना तोकिएको मापदण्डभन्दा कम गुणस्तरको देखिएको, बीउ बिजनतर्फका १६८ नमुनाको उमारशक्ति, चिस्यान र भौतिक शुद्धता परीक्षणबाट स्तरभन्दा कम रहेको देखिएको छ। प्रयोगशाला मातहतका ७ विषादी अवशेष द्रुत विश्लेषण एकाइले विदेशबाट आयात हुने तथा देशभित्र उत्पादन भई थोक बजारसम्म पुगेका तरकारी र फलफूलको नमुना लिई कार्बामाइड र अर्गानोफस्फोरस समूहका कीटनाशक विषादीको परीक्षण गर्ने गरेको छ। यो वर्ष ताजा तरकारी एवं फलफूलका १३ हजार ६६९ नमुनामा विषादीको अवशेष परीक्षण गरेकोमध्ये ३४ नमुना क्वारेन्टिन गर्नुपर्ने र ६९ नमुना उपयोग अयोग्य देखिएकोले नष्ट गर्न लगाएको उल्लेख गरेको छ। कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि गुणस्तरीय मल, माटो र बीउ बिजनको सुनिश्चितता गर्न, नमुना सङ्कलन र परीक्षण कार्यमा वृद्धि गर्नुपर्दछ। मानव स्वास्थ्यमा गम्भीर असर पार्ने विषादीको बढ्दो प्रयोगलाई नियमन गर्नुका साथै परीक्षण कार्यलाई व्यापक एवं व्यवस्थित गर्नुपर्दछ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न गुणस्तरीय परीक्षण सेवा उपलब्ध गराउने, स्थानीय स्तरमा खाद्य प्रविधिको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने, खाद्य पोषण ज्ञान विस्तार र बाल आहारा विकासबाट कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले विभागको स्थापना भई सञ्चालनमा रहेको छ।

२४. **बजार अनुगमन -** विभाग तथा मातहत कार्यालयबाट स्थानीय बजार, सुपरमार्केट तथा खाद्य उद्योगहरूको निरीक्षण/अनुगमन हुने गरेको छ। विभागअन्तर्गतको प्रयोगशालाले केमिकल र माइक्रोबायोलोजी समूहका १०१ पारामिटरको आधारमा प्रयोगशाला परीक्षण गर्दै आएकोमा यो वर्ष १८५ पारामिटरको थप स्वीकृति प्राप्त गरी हालसम्म २८६ पारामिटरमा क्षेत्र विस्तार गरेको छ। विभागबाट प्राप्त विवरण अनुसार यो वर्ष खाद्य तथा दानाको २ हजार ८८१ नमुना परीक्षण गरेकोमा १९८ नमुना तोकिएको गुणस्तर एवं मापदण्ड पूरा नगरेको उल्लेख छ। प्रतिकूल नमुनामध्ये प्रशोधित पिउने पानीका ४१, दुग्ध तथा दुग्धजन्य पदार्थका २१, गुलियो पदार्थका १४ र फलफूल तथा सागपातका २५ नमुना प्रतिकूल रहेको देखिन्छ। यो वर्ष गुणस्तर एवं मापदण्ड पूरा नगरेकामध्ये १२१ उपर मुद्दा दायर गरेको छ। प्रतिकूल नमुनाको सङ्ख्या बढ्दै जाँदा समग्र खाद्य श्रृङ्खला नै प्रभावित हुने हुँदा प्रयोगशालालाई सबलीकरण गर्दै नमुना सङ्कलन एवं विश्लेषण कार्यमा विस्तार गरी खाद्य एवं दानापदार्थको स्वच्छता कायम गर्नका लागि नियमनको दायरा बढाउनुपर्दछ।

२५. **होटल/रेष्टुरेन्टको स्तरीकरण -** खाद्य स्वच्छताको आधारमा होटल/रेष्टुरेन्टको स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ मा खाद्य स्वच्छताको आधारमा अति उत्तम, उत्तम, सन्तोषजनक र सामान्य गरी चार किसिममा वर्गीकरण गरी स्तरीकरण गर्ने व्यवस्था छ। विभागले २०७९।८० मा ३१९ होटलको स्तरीकरणको आधारमा लोगो वितरण गरेकोमा १९ अति उत्तम, ५२ उत्तम, १२१ सन्तोषजनक, ६३ सामान्य स्तर र ६४ स्तरीकरणमा नपरेको उल्लेख छ। प्रचलित कानुनबमोजिम दर्ता भएका सबै होटल/रेष्टुरेन्टको स्तरीकरण नभएको र यो वर्ष स्तरीकरण भएकोमध्ये २०.०६ प्रतिशत स्तरीकरणमा नपरेकोले दर्ता भएका सबै होटल तथा रेष्टुरेन्टहरूले प्रत्येक वर्ष अनिवार्य रूपमा स्तरीकरण गर्नुपर्ने कानुनी व्यवस्था मिलाई स्तरीकरण गर्ने कार्यको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२६. **विषादी अवशेष परीक्षण** -विभागले फलफूल तथा तरकारीहरूमा जीवनाशक विषादी अवशेष समूहका अर्गानोक्लोरिन, अर्गानोफस्फोरसलगायत मुख्य ४ र अन्य ११ गरी १५ विषादी अवशेष समूहका पारामिटर परीक्षणको स्वीकृति प्राप्त गरेको छ। यो वर्ष विषादी अवशेष द्रुत विश्लेषण विधिमार्फत १२, खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय एवं भैरहवा, धनगढी र नेपालगञ्जस्थित ३ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसमेत १५ स्थानबाट नेपाल भित्रिने ताजा तरकारी एवं फलफूलका नमुना परीक्षण गरेकोमा ५० नमुना प्रतिकूल पाइएकोले आवश्यक कारबाही गरेको उल्लेख छ।विभाग मातहत कार्यालयबाट कार्बामाइड र अर्गानोफस्फोरस विषादी अवशेषको मात्र परीक्षण हुँदै आएको र थप परीक्षणका लागि विभागमा रहेको प्रयोगशालामा भर पर्नुपर्ने अवस्था छ। खाद्य स्वच्छता एवं गुणस्तर कायम गर्न मातहत कार्यालयमासमेत प्रयोगशाला सेवा विस्तार गर्नुका साथै थप विषादीका अवशेष परीक्षण हुने व्यवस्था मिलाई गुणस्तर परीक्षणको दायरा विस्तार गर्नुपर्दछ।

पशु सेवा विभाग

पशुपालन व्यवसायको विकास, विस्तार र विविधीकरण गर्ने, पशुजन्य रोगहरूको उपचार गर्ने, पशु बीमा कार्यक्रम सञ्चालन गर्ने, घाँसको बीउ उत्पादन गर्ने एवं नश्ल सुधारका कार्य गरी कुल राष्ट्रिय उत्पादनमा योगदान गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२७. **पशु बीमा कार्यक्रम -** बाली तथा पशुधन बीमाको प्रीमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० अनुसार पशु बीमा गर्ने कृषकहरूलाई बीमा प्रीमियममा अनुदान उपलब्ध गराउन विभागले २०७९ वैशाखदेखि २०७९ भाद्रसम्मको ८० प्रतिशतका दरले रू.५८ करोड ५० लाख बीमा समितिअन्तर्गतको बाली तथा पशुधन बीमा कोष व्यवस्थापन समितिलाई अनुदान उपलब्ध गराएको छ। यो कार्यक्रम २०७३।७४ देखि सञ्चालित भई सबै जिल्लालाई समेटे तापनि पशु बीमा गर्ने कृषकको विवरण अद्यावधिक गरेको छैन। बीमाङ्क र बीमा प्रिमियमको निर्धारणका साथै क्षतिपूर्ति प्रदान गर्ने कामसमेत निजी क्षेत्रका बीमा कम्पनीबाट भइरहेको छ। पशु सेवा विभाग मातहत सङ्घीय सरकारको कार्यक्रम नभएको अवस्थामा सङ्घीय स्तरबाट मात्र बीमा कार्यक्रमको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्ने कार्य व्यावहारिक देखिँदैन। प्रदेश तथा स्थानीय तहको समेत भूमिका निर्धारण र समन्वयात्मक रूपमा सूचना प्रणाली व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरिनु उपयुक्त हुने देखिन्छ।

२८. **गुणस्तर मान्यता -** पशु चिकित्सा क्षेत्रको सन्दर्भ प्रयोगशालाको रूपमा रहेको केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट गरिने परीक्षणको गुणस्तर सुनिश्चित गर्न मान्यता प्रदान गर्ने संस्थाबाट मान्यता प्राप्त गरेको हुनुपर्दछ। प्रयोगशालाले मोलिक्युलर बायोलोजी युनिटको पीपीआर भ्याक्सिन र एभियन एन्फ्लुन्जाको परीक्षणको गुणस्तर आश्वस्तता सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि पहल भएकोमा तोकिएको मापदण्ड पूरा हुन नसकेका कारण हालसम्म मान्यता प्राप्त गरेको देखिएन। त्यसै गरी राष्ट्रिय खोप प्रयोगशालामा उत्पादन हुने खोपको गुणस्तर सुनिश्चित गर्न एक्रिडिटेसन लिन प्रयास भइरहेको जनाए तापनि हालसम्म उक्त प्रक्रिया पूरा भएको देखिएन। तोकिएका मापदण्डहरू पूरा गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नुपर्ने ब्यहोरा गत वर्षसमेत औँल्याइएकोमा सोको कार्यान्वयन भएको पाइएन।

२९. **पशु चिकित्सालय** - गाई, भैँसी, भेडा, बाख्रा र घोडाको लागि उपचार सुविधा प्रदान गरी स्वस्थ मासु र दूध उत्पादन गर्ने उद्देश्यले स्थापित केन्द्रीय रिफरल पशु चिकित्सालयले यो वर्ष रू.३ करोड २८ लाख १ हजार खर्च गरी २९ हजार ४८० भेटेरीनरी सेवा प्रवाह गरेको छ। प्राप्त विवरणअनुसार १८ हजार १९९ कुकुरलगायत २६ हजार ५०३ पशु र २ हजार ९७७ पन्छीको उपचार गरेको देखियो। भेटेरिनरी सेवाको एक मात्र रिफरल अस्पताल काठमाडौँमा केन्द्रित रहँदा उपत्यका बाहिरका सेवाग्राहीलाई कठिनाइ परेको अवस्था छ।

३०. **खोप उत्पादन र वितरण -** राष्ट्रिय खोप उत्पादन प्रयोगशालाले यो वर्ष पीपीआर रेबिज, स्वाइन फिबर, आईबीडी (गुम्बारो), एचएसबीक्यूलगायत ८ प्रकारका ५ करोड ३८ लाख ७१ हजार डोज खोप उत्पादन गरी सातवटै प्रदेशमा राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमको लागि १ करोड ६४ लाख २८ हजार डोज खोप निःशुल्क वितरण गरेको र १ करोड ६९ लाख २१ हजार डोज खोप रू.१४ करोड १ हजारमा बिक्री गरेको उल्लेख छ। निःशुल्क वितरण गरेको खोपको प्रयोग र खेर जाने दरबारे तथ्याङ्क सङ्कलन तथा विश्लेषण नगरेकोले सोको उपयोगको सम्बन्धमा यकिन हुन सकेन।

प्रयोगशालाबाट उत्पादित खोपको बिक्री मूल्य २०६१।२।२८ मा विभागस्तरीय र रेबिज भ्याक्सिनको सचिवस्तरीय निर्णयबाट २०६३।९।१७ मा निर्धारण गरेकोमा तत्पश्चात् पुनरावलोकन भएको देखिएन। प्रयोगशालाले उत्पादन गरेका खोपमध्ये एन्टी रेविज खोपको लागत प्रति डोज रू.९१ र रानीखेत एफ १ खोपको रू.१.३६ रहेकोमा बिक्री मूल्य क्रमशः रू.५५ र ०.३३ रहेको छ। खोपको लागत मूल्यभन्दा ३९.५६ देखि ७५.७३ प्रतिशत कममा बिक्री भइरहेको देखिन्छ। लागतको तुलनामा बिक्री मूल्य न्यून रहेकोले यसमा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने लगायतका कार्य गर्न स्थापना भएको यो परियोजना ७७ जिल्लामा सञ्चालित छ।

३१. **खर्चको स्थिति** - परियोजना अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रू.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गर्ने अनुमान रहेकोमा यो वर्षसम्म रू.४५ अर्ब २ करोड ७२ लाख विनियोजन भई रू.३० अर्ब ७७ करोड ८५ लाख खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये सङ्घबाट रू.१६ अर्ब ९२ करोड ८ लाख, प्रदेशबाट रू.६ अर्ब ५६ करोड ४० लाख र स्थानीय तहबाट रू.७ अर्ब २९ करोड ३७ लाख खर्च भएको छ। परियोजना सुरु भएको ७० प्रतिशत अवधिमा कुल विनियोजित बजेटको ६८.३५ प्रतिशत खर्च भएको छ। तोकिएको लक्ष्यअनुसार कार्य सम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ।

३२. **लक्ष्य प्रगति -** परियोजना कार्यान्वयनका लागि साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रमसमेत ४ सम्भागहरू रहेका छन्। यी सम्भागहरूमा परियोजना अवधिमा २१ सुपरजोन, ३०० जोन, १ हजार ५०० ब्लक र १५ हजार पकेट स्थापना गर्ने लक्ष्य रहेकोमा २०७९।८० सम्म १६ सुपरजोन, १७७ जोन, १ हजार ५८७ ब्लक र ८ हजार ७१० पकेट स्थापना भएको छ। परियोजनाले ब्लक स्थापनाको लक्ष्य पूरा गरे तापनि अन्य सम्भागतर्फका लक्ष्य हासिल हुन बाँकी रहेको देखियो। विभिन्न सम्भागहरू अलग अलग निकायबाट सञ्चालन हुँदा ब्लक र पकेट विकास कार्यक्रमको सञ्चालन अवस्था, बाली वस्तु उत्पादन तथा क्षेत्रफलसम्बन्धी जानकारी परियोजना व्यवस्थापन कार्यालयमा प्राप्त भएको छैन। तीन तहबीच आपसी समन्वय र सहकार्य कायम गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३३. **रोजगारी सिर्जना** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको अनुसूची-९ मा परियोजना सञ्चालनमा आए पश्चात् प्रत्येक वर्ष आंशिक तथा पूर्ण रोजगारी सिर्जना गर्ने उल्लेख छ। परियोजनाले यो वर्षसम्म २ लाख ५४ हजारले पूर्ण **र** ३६ लाख ९३ हजारले आंशिक रोजगारी प्राप्त गर्ने प्रक्षेपण गरेकोमा गत वर्ष १ लाख २६ हजारसमेत यो वर्षसम्म १ लाख ६६ हजारले पूर्ण तथा १९ लाख १४ हजारले आंशिक रोजगारी प्राप्त भएको उल्लेख छ। प्रत्येक वर्ष परियोजनाको लक्ष्यअनुसार बजेट विनियोजन नहुनु एवं विनियोजित बजेटसमेत तोकिएको समयमा खर्च हुन नसकी तोकिएका

कार्यक्रमहरू समयमै सञ्चालन नहुँदा प्रक्षेपणअनुसार रोजगारी सिर्जना भएको देखिएन। यसमा सुधार हुनुपर्दछ।

३४. **कस्टम हायरिङ सेन्टर** - कृषिमा यान्त्रीकरण प्रवर्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका औजार/उपकरणको सेटसहितको सेवा उपलब्ध गराउन सम्बन्धित परियोजना कार्यान्वयन एकाइ र जोन सञ्चालन समन्वय समितिमार्फत यो वर्षसम्म ५० प्रतिशत अनुदान सहयोगमा ५९९ कस्टम हायरिङ सेन्टर स्थापना गरेको छ। परियोजना व्यवस्थापन कार्यालयले हालसम्म स्थापना भएका सेन्टरमा उपलब्ध गराएको रू.२ अर्ब ९२ करोड ५९ लाख मूल्यका यन्त्र उपकरण र किसान/समूह/सहकारीको नाम नामेसीसहितको अभिलेख तयार गरेको भए तापनि ती केन्द्रको सञ्चालन र व्यवस्थापन कार्यविधि तयार गरेको छैन। सोसम्बन्धी कार्यविधि तयार गरी परियोजना कार्यान्वयन गर्नुपर्दछ।

३५. **शीतभण्डार निर्माण** - परियोजनाको प्राथमिकता प्राप्त क्षेत्रमध्ये शीतभण्डार निर्माणको लागि परियोजनाले २०७४।७५ र २०७५।७६ मा २ वर्षभित्र कार्य सम्पन्न गर्नेगरी विभिन्न ११ संस्थासँग रू.२ अर्ब ३४ करोड ७८ लाखको सम्झौता गरेको देखियो । उक्त लागतमध्ये परियोजनाले शीतभण्डार निर्माणका लागि रू.१ अर्ब १४ करोड २४ लाखको अनुदान सम्झौता गरी रू.१६ करोड ७८ लाखको पेस्की प्रदान गरेको देखियो। सम्झौताअनुसार समयमै कार्य सुरु नगरेका कारण परियोजनाले ७ संस्थाको पेस्की जमानत जफत गरी सम्झौता रद्द गरेको तथा ४ संस्थालाई काम नगर्न निर्देशन दिएकोमा पेस्की फिर्ता नगरी कार्य गरेकोमा धादिङ, बाँके र धनुषाका ३ शीतभण्डार निर्माणाधीन अवस्थामा रहेको र नुवाकोटमा निर्माण सम्पन्न भएको उल्लेख छ। उल्लिखित ४ निर्माण कार्यमध्ये निर्माणाधीन २ र सम्पन्न १ गरी ३ निर्माण कार्यको सम्बन्धमा कानुनी प्रक्रिया चलिरहेको उल्लेख छ। सम्भाव्यता अध्ययन, नीतिगत तथा कानुनी आधार, सञ्चालन मोडालिटी एवं दिगोपनालगायतका विषयमा पर्याप्त अध्ययन एवं विश्लेषण नगरी परियोजनाको सुरुमै शीत भण्डार निर्माणको लागि अनुदान प्रदान गरेकोमा निर्माण कार्य पूरा हुन सकेको देखिएन। यस्ता परियोजना सञ्चालन गर्दा दीर्घकालीन उपयोगिता, लाभ लागत विश्लेषणसमेत गरेर सञ्चालन गरिनुपर्दछ।

३६. **अनुदानमा कन्टिन्जेन्सी** - परियोजना कार्यान्वयन म्यानुअलमा अनुदान प्रदान गर्दा कन्टिन्जेन्सी कट्टी गरी खर्च गर्ने व्यवस्था नभएकोमा ५ परियोजना कार्यान्वयन एकाइले रू.७ करोड ७२ लाख २० हजार अनुदान प्रदान गर्दा रू.२६ लाख ६६ हजार कन्टिन्जेन्सीसमेत खर्च गरेको देखियो। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

३७. **परियोजना मूल्याङ्कन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको परिच्छेद ९ को बुँदा नं ३ अनुसार प्रत्येक **२/२** वर्षमा परियोजना कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्नेमा परियोजना सञ्चालन भएको ७ वर्षसम्म पनि मूल्याङ्कन गरेको देखिएन। मूल्याङ्कनको अभावमा हालसम्मको अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधार यकिन गर्न नसकिने भएकोले तोकिएअनुसार मूल्याङ्कन गर्नुपर्ने ब्यहोरा गत वर्षसमेत औँल्याइएकोमा यसमा सुधार भएको देखिएन।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

भूकम्प प्रभावित गोरखा, धादिङ, सिन्धुपाल्चोक र दोलखा तथा बाढी प्रभावित धनुषा, महोत्तरी, सिरहा र सप्तरी समेत ८ जिल्लाको १६ स्थानीय तहमा खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (जी.ए.एफ.एस.पी) को आर्थिक सहयोगमा यो आयोजना २०७५।७६ देखि सञ्चालन हुँदै आएको छ। आयोजना व्यवस्थापन कार्यालय काठमाडौँमा रहेको यो आयोजना कार्यान्वयनको लागि गोरखा, सिन्धुपाल्चोक, धनुषा र सप्तरीमा आयोजना क्लस्टर एकाइ रहेका छन्।

३८. **प्रगति स्थिति** - आयोजनाको ५ वर्ष अवधिमा विश्व बैङ्कको अनुदान सहयोगबाट रू.२ अर्ब ९७ करोड ७५ लाख र नेपाल सरकारको रू.७८ करोड ७० लाखसमेत आयोजनामा रू.३ अर्ब ७६ करोड ४५ लाख खर्च हुने उल्लेख भएकोमा यस वर्ष रू.९८ करोड २० लाख ६२ हजारसमेत आयोजना सुरु भएको ५ वर्षमा रू.२ अर्ब ७५ करोड ८५ लाख अर्थात् ७३.२७ प्रतिशत मात्र खर्च भएको छ। सम्झौताको बखत तोकिएको आयोजना अवधि (५ वर्ष) मा १ वर्ष म्याद थप भई सोसमेतको ८३ प्रतिशत समय व्यतीत हुँदा ७३ प्रतिशत मात्र खर्च भएकोले तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

३९. **आयोजना कार्यान्वयन** - आयोजना व्यवस्थापन कार्यालयको प्रगति विवरणअनुसार आयोजनाको कार्य क्षेत्रभित्र अन्नबालीको उत्पादकत्व २५ प्रतिशत, तरकारी बालीको उत्पादकत्व ३० प्रतिशत, दूध र मासुको उत्पादकत्व ३५ प्रतिशतले वृद्धि हुने लक्ष्य रहेकोमा अन्नबालीको उत्पादकत्व १४.८ प्रतिशतले घटेको, तरकारी बालीको उत्पादकत्व १९.१८ प्रतिशतले वृद्धि भएको, मासु र दूधको उत्पादकत्व क्रमश: १२.०३ प्रतिशत र ३०.७४ प्रतिशतले वृद्धि भएको उल्लेख छ। अन्नबालीको उत्पादकत्व घटेको एवं तरकारी र मासुमा लक्ष्यअनुसार उत्पादकत्व वृद्धि हुन नसकेको सम्बन्धमा आयोजनाले विश्लेषण गरेको छैन। लक्षित प्रगति हासिल हुने गरी आयोजनाको कार्यान्वयन गर्नुपर्दछ।

४०. **बीमा** - आयोजना क्लष्टर एकाइ, धनुषाले २३ कृषक समूहलाई ५६३ बाखा र ९ कृषक समूहलाई ९ बोका वितरण गर्न रू.१ करोड ४९ लाख ६ हजार पूरक अनुदान र बाखा प्रवर्धन कार्यक्रम अन्तर्गत ५२ कृषक समूहलाई ५२ उन्नत जातको बोका वितरणको लागि रू.२८ लाख ६४ हजार समेत रू.१ करोड ७७ लाख ७० हजार अनुदान उपलव्ध गराएको छ। आयोजनाले उक्त कार्यक्रमको लागत अनुमानमा खरिद गरिने बाखा एवं बोकाहरूको बीमाबापतको रकमसमेत संलग्न गरे तापनि कृषक समूहहरूले खरिद गरेका बाखा तथा बोकाहरूको बीमा गरेको पाइएन। बीमा गराई सम्भावित जोखिम न्यूनीकरण गर्नुपर्दछ।

ग्रामीण उद्यमशीलता तथा आर्थिक विकास आयोजना

मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, भालुबाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्गसमेत ५ मुख्य आर्थिक करिडोर आसपासका ३५ जिल्लाअन्तर्गतका १७१ स्थानीय तहमा ग्रामीण उद्यमशीलता विकास गर्ने उद्देश्यले विश्व बैङ्कको ऋण सहयोगमा २०७७।७८ देखि आयोजना सञ्चालन हुँदै आएको छ। काठमाडौँमा आयोजना व्यवस्थापन निर्देशनालय रहेको यो आयोजना कार्यान्वयनको लागि डडेलधुरा, बुटवल, बर्दिवास र धनकुटामा आर्थिक करिडोर कार्यालय रहेका छन्।

४१. **वित्तीय प्रगति -** आयोजनाको अवधि ५ वर्षमा विश्व बैङ्कको ऋण सहयोगबाट रू.९ अर्ब ४९ करोड र लाभग्राहीको योगदान रू.४ अर्ब ७४ करोडसमेत आयोजनाको लागत रू.१४ अर्ब २३ करोड रहने उल्लेख भएकोमा आयोजना सुरु भएको तेस्रो वर्षसम्म विश्व बैङ्कको ऋण सहयोगतर्फ रू.४९ करोड ९५ लाख अर्थात् ५.२६ प्रतिशत मात्र खर्च भएको छ। उत्पादन साझेदारसँग सम्झौता नभएकोले लाभग्राहीको योगदानसमेत भएको छैन। आयोजना सञ्चालनको तेस्रो वर्षसम्म वित्तीय प्रगति ३.९२ प्रतिशत मात्र रहेकोले तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

४२. **आयोजना कार्यान्वयन** - आयोजनाको प्रमुख सम्भागमा ग्रामीण उत्पादनमूलक साझेदारीमार्फत कृषकहरूको बजार आबद्धता गर्ने कार्य रहेको छ। सो अन्तर्गत ९४० उत्पादनमूलक सङ्गठनलाई उद्यम विकासका लागि पूरक अनुदान (५० प्रतिशत) उपलब्ध गराउने क्रियाकलाप रहेको छ। सो प्रयोजनका लागि आयोजना मूल्याङ्कन कागजात (पीएडी) मा व्यावसायिक योजनाको मूल्याङ्कनबाट उत्कृष्ट ठहरिएका कृषक समूह र सहकारी छनोट गर्ने व्यवस्था छ। सो व्यवस्था कार्यान्वयन गर्न २०७९।११।८ मा मात्र पूरक अनुदान सञ्चालन मापदण्ड स्वीकृत भएको देखिन्छ। तत्पश्चात सङ्गठनहरूलाई २०७९।११।९ देखि २०८०।३।१० सम्म व्यावसायिक योजना पेस गर्न समयावधि दिएकोमा १९०८ प्रस्ताव पेस भएको छ। लेखापरीक्षण अवधिसम्म सङ्गठन छनोटको कार्य सम्पन्न भएको पाइएन। आयोजनाको कुल लागत अमेरिकी डलर १२० मिलियन रहेकोमा यस सम्भागमा अमेरिकी डलर ८० मिलियन (६७ प्रतिशत) रहेको छ। आयोजनाको अवधि ३ वर्ष व्यतीत भइसक्दासमेत प्रमुख सम्भागमा खर्च हुन नसक्दा अन्य सम्भागहरूको कार्य सम्पादनमा समेत असर परेको छ। अत: कार्ययोजना तयार गरी कार्यदक्षता अभिवृद्धि गर्दै आयोजनाको बाँकी समयभित्र तोकिएका कार्यहरू सम्पन्न गर्नुपर्दछ।

४३. **प्रादेशिक बजार** - आयोजना निर्देशकको कार्यालयले एक परामर्शदाता फर्मबाट सुनसरीको दुहबी र महोत्तरीको बर्दिबासमा प्रादेशिक बजार संरचना निर्माण कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गराई रू.२५ लाख ४५ हजार भुक्तानी दिएको छ। प्रतिवेदनअनुसार सुनसरीको दुहबीमा बजार निर्माणको लागि रू.३७ करोड १३ लाख ४८ हजार र महोत्तरीको बर्दिबासमा रू.४४ करोड १७ लाख ८२ हजार लागत लाग्ने उल्लेख छ। आयोजनाको मध्यावधि समीक्षा तथा विकास साझेदारले पेस गरेको प्रतिवेदनमा समय, लागत र सक्षमता अभावका कारण निर्माण कार्य सुरु गर्न नसकिने उल्लेख गरेकोले निर्माण कार्य सुरु भएको छैन। निर्माण कार्य सुरु नगरेका कारण प्रतिवेदन तयारीमा भएको खर्च रू.२५ लाख ४५ हजारको उपादेयता देखिएन। ऋण सहायताको उपयोगका लागि पर्याप्त अध्ययन पश्चात् मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४४. **अनुगमन मूल्याङ्कन** - मध्यावधि समीक्षा प्रतिवेदनअनुसार आयोजनाको विभिन्न ८ पक्षको मूल्याङ्कन गरिएकोमा वित्तीय व्यवस्थापन, सेफगार्ड र काउन्टर पार्ट फन्डिङमा सन्तोषजनक, खरिद एवं अनुगमन तथा मूल्याङ्कनमा मध्यमरूपले सन्तोषजनक र आयोजना विकासको उद्देश्य प्राप्ति, कार्यान्वयको प्रगति एवं आयोजना व्यवस्थापनमा वित्तीय व्यवस्थापन र सुरक्षाका विषय मध्यमरूपले असन्तोषजनक देखिएको उल्लेख छ। साथै आयोजना कार्यान्वयनमा ढिलाइ भएका कारण आयोजनाको लागत ८० मिलियन अमेरिकी डलरबाट ३७.५ मिलियन अमेरिकी डलर कायम गर्ने, सम्भाग १ अन्तर्गतको पूरक अनुदानको लक्ष्य ९०० उत्पादन योजनाबाट ३०० योजनामा झार्ने, ४ प्रादेशिक बजार निर्माण कार्य स्थगित गर्ने लगायतका सुझावसहित दातृ निकायले आयोजनाको पुनर्संरचना गर्न सिफारिस गरेको देखिँदा आयोजनाको क्षेत्र साँघुरिन गएको छ। पर्याप्त अध्ययन गरेर मात्र आयोजना सम्झौता गर्नुपर्दछ।

नेपाल लाइभस्टक सेक्टर इन्नोभेशन आयोजना

विश्व बैङ्कको ऋण सहयोगसहित अमेरिकी डलर ११५ मिलियन लागतमा पशु सेवालाई सुदृढ गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकास, जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने उद्देश्यले २०७४।७५ देखि २०८०।८१ सम्म आयोजना कार्यान्वयनमा रहेको छ। आयोजना मातहत ४ एकाइ रहेको र २८ जिल्लाका २८९ स्थानीय तहमा कार्यक्षेत्र तोकेको छ।

४५. **वित्तीय प्रगति** - आयोजनाको अवधि ७ वर्षमा विश्व बैङ्कको ऋण सहयोगबाट रू.५ अर्ब ५५ करोड १ लाख र नेपाल सरकारको रू.३ अर्ब २३ करोड ७१ लाखसमेत आयोजनमा रू.८ अर्ब ७८ करोड ७२ लाख खर्च हुने अनुमान गरिएकोमा आयोजना सुरु भएको छैठौं वर्षसम्म रू.४ अर्ब ८१ करोड ६१ लाख खर्च भएको छ। आयोजना अवधि ८५.५७ प्रतिशत व्यतीत हुँदा ५४.८१ प्रतिशत मात्र खर्च भएकोले तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

४६. **आयोजना कार्यान्वयन** - आयोजना अवधिमा गाई र भैंसीको दूधको उत्पादकत्व ४० प्रतिशतले वृद्धि हुने, खसी बोकाको मासुको उत्पादकत्व २० प्रतिशतले वृद्धि हुने, दूध र मासुको बिक्रीमा ३० प्रतिशतले वृद्धि हुने एवं ४५ प्रतिशत महिला सहभागितासहित ७५ हजार कृषकले पशुपालनमा वातावरणमैत्री प्रविधिको अभ्यास गरेको हुने र कम्तीमा ३५० व्यावसायिक योजनामार्फत पूरक अनुदान उपलब्ध गराउने लक्ष्य रहेको छ। दातृ निकायको जनवरी २०२४ को सुपरिवेक्षण प्रतिवेदनअनुसार आधार वर्षको तुलनामा भैंसीको दूध उत्पादनमा ८९ प्रतिशत र गाईको दूध उत्पादनमा ८० प्रतिशतले वृद्धि भएको, दूधको बिक्रीमा ९१ प्रतिशत र ४७ हजार कृषकले पशुपालनमा वातावरणमैत्री प्रविधिको अभ्यास गरेको उल्लेख छ। आयोजना अवधिमा तोकिएको लक्ष्य प्राप्त हुने गरी पशुपालनमा वातावरणमैत्री प्रविधिको अभ्यास हुने कार्यक्रम सञ्चालन हुनुपर्दछ।

४७. **अनुदान वितरण** - आयोजनाबाट स्वीकृत प्रस्ताव कार्यान्वयनका लागि २० प्रतिशत लगानी सम्बन्धित लाभग्राहीबाट, ३० प्रतिशत बैङ्क तथा वित्तीय संस्थाको ऋण प्रवाहबाट र बाँकी ५० प्रतिशत आयोजनाको तर्फबाट अनुदान दिने व्यवस्था छ। यस वर्षसम्म ४ विकेन्द्रीकृत सहयोग एकाइबाट ३ चरणमा ६२९ उप-आयोजनासँग रू.२ अर्ब ३६ करोड ३७ लाखको सम्झौता भई यो वर्ष रू.१ अर्ब २५ करोड ७५ लाखसमेत हालसम्म रू.१ अर्ब ६८ करोड १० लाख अनुदान प्रवाह भएको देखिन्छ।

प्रथम चरणमा कृषक समूह र सहकारीको लागि, दोस्रो चरणमा समूह/सहकारी, सङ्घ/महासङ्घहरूको लागि र तेस्रो चरणमा निजी फर्मको लागि ६२९ उप-आयोजना स्वीकृत भएकोमा प्रथम चरणअन्तर्गतका ३६ र तेस्रो चरणअन्तर्गतका १४३ समेत १७९ उप-आयोजना कार्यान्वयन प्रक्रियाबाट बाहिरिएकोले ४५० उप-आयोजना कार्यान्वयनमा रहेको देखियो। प्रथम र दोस्रो चरणअन्तर्गत २१३ उप-आयोजनालाई सम्झौताअनुसार अन्तिम किस्तासम्म रू.१ अर्ब २२ करोड ९९ लाख अनुदान भुक्तानी भएको छ।

तेस्रो चरणका २३७ उप-आयोजना मध्ये २२६ लाई प्रथम किस्ताबापतको अनुदान र १०४ लाई तेस्रो किस्तासमेतको रू.४५ करोड ११ लाख ८० हजार अनुदान भुक्तानी भएको छ। सम्झौता भएकामध्ये ११ उप-आयोजनाले प्रथम किस्ताको अनुदानसमेत लिएका छैनन् । आयोजनाबाट उप-

आयोजना सञ्चालनका लागि भुक्तानी भएको अनुदानको अनुगमन गरी उपयोग र उपलब्धिको सुनिश्चितता गर्नुपर्दछ।

४८. **अनुदानको उपयोग -** नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजनाको उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ मा उप-आयोजना अनुगमन गर्दा सम्झौताअनुसारका कार्यहरू नगरेको, कार्य प्रगतिको स्तर स्वीकार योग्य नभएको, गलत प्रतिवेदन पेस गरेको र उप-आयोजनाको रकम मार्गदर्शनबमोजिम खर्च नगरी हिनामिना गरेको पाइएमा वा आयोजनामा गुनासो प्राप्त भएमा आयोजनाले छानबिन गरी त्यस्तो उप-आयोजनाको अनुदान प्रक्रियालाई रोक्का वा रद्द गर्न र सो अवधिसम्म भुक्तानी भएको रकम फिर्ता माग गर्नसमेत सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन्:

४८.१ रूपन्देहीको एक पशुपालन समूहसँग दुग्ध मूल्य श्रृङ्खलाअन्तर्गत उप-आयोजना सञ्चालन गर्न रू.२ करोडको सम्झौता भएकोमा गोठ, आहार भण्डार र मेसिनरी तथा ५८ भैंसीको लागि जम्मा रू.८८ लाख ६१ हजार भुक्तानी गरी आयोजना फरफारक गरेको देखियो। आयोजनाले २०८०।५।३ मा सो उप-आयोजनाको अनुगमन गर्दा मुर्रा भैंसीको सङ्ख्या ५८ बाट घटेर ५ मात्र रहेको देखिएकोले कारबाहीका लागि आयोजना कार्यालयमा लेखी पठाएको पाइयो।

४८.२ नवलपरासीको एक बहुउद्देश्यीय सहकारी संस्थासँग दुग्ध मूल्य श्रृङ्खलाका लागि उप-आयोजना सञ्चालन गर्न २०७८।५।३ मा रू.१ करोड १६ लाख ४८ हजारको सम्झौता गरेको देखियो।एकाइले उक्त सहकारी संस्थालाई तेस्रो किस्तासम्म जेनेरेटर ४, रोड मिल्क ट्याङ्क २, सवारीसाधन १ लगायत मेसिनरी औजार खरिदबापत रू.४१ लाख ७९ हजार ५४७ अनुदान भुक्तानी गरेको छ। एकाइले उक्त उप-आयोजनाले अनुदान रकमबाट खरिद गरेका मेसिनरी औजारहरूमध्ये विभिन्न क्षमताको जेनेरेटर ४, सवारीसाधन १ र रोड मिल्क ट्याङ्की २ गरी ७ मेसिनरी एवं सवारीसाधन प्रयोग तथा संरक्षण नभएको उल्लेख गरी २०८०।५।४ मा स्पष्टीकरण सोधेकोमा तत्पश्चात कुनै कारबाही गरेको पाइएन।

४८.३ मकवानपुरको एक पशु तथा कृषि फर्मसँग स्वच्छ मासु उत्पादनको लागि उन्नत बाख्रा पालन कार्यक्रम सञ्चालन गर्न २०७८।११।२२ मा रू.८२ लाख ७३ हजारको सम्झौता भएकोमा ८६ उन्नत खरी जातका बाख्रा, ४ बोयर क्रस बोका, ढुवानीका लागि १ थान ट्रयाक्टर, सुधारिएको बाख्रा खोर निर्माणलगायतका लागि ५० प्रतिशत अनुदानबापत यस वर्षसम्म रू.३७ लाख ६४ हजार भुक्तानी भएको देखियो। योजना प्रमुखसहित स्थलगत अनुगमन गर्दा उक्त फार्ममा उन्नत जातका खरी बाख्रा ८६ मध्ये ६० मात्र रहेको, ४ बोयर क्रस बोका फार्ममा नरहेको, ३ सुधारिएका बाख्रा खोर उपयोगविहीन अवस्थामा रहेको र दानापदार्थ एवं पशुआहार ढुवानीका लागि अनुदानमा खरिद भएको ट्रयाक्टर प्रयोजनविपरीत अन्य कार्यमा प्रयोग भएको पाइयो।

अनुदान उपयोगको सुनिश्चितताका लागि भएका सम्झौताहरूको पालना सम्बन्धमा छानबिन गर्नुपर्दछ।

कृषि क्षेत्र विकास कार्यक्रम

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहायताबाट २०७५।७६ देखि कार्यक्रम सञ्चालन हुँदै आएको छ।

४९. **प्रगति स्थिति -** कार्यक्रमको कुल लागत अमेरिकी डलर ६ करोड ८२ लाखमध्ये कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) को अमेरिकी डलर १८ लाख अनुदान, अमेरिकी डलर ३ करोड ८२ लाख सहुलियत ऋण, स्वीस विकास नियोग, हेल्भेटासको अमेरिकी डलर ३० लाख र नेपाल सरकारको समकक्षी कोष अमेरिकी डलर १ करोड १५ लाख, पालिकाहरूको सहलगानी अमेरिकी डलर ३४ लाख ४० हजार, निजी क्षेत्रबाट गरिने सहलगानी अमेरिकी डलर ३४ लाख ६८ हजार र कृषकहरूको नगद र जिन्सी योगदान अमेरिकी डलर ६६ लाख रहने अनुमान गरिएको छ। कार्यक्रमबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म अमेरिकी डलर १ करोड ३७ लाख १२ हजार (कुल कार्यक्रम खर्चको २० प्रतिशत) खर्च भएको छ। कार्यक्रमको अवधि २०८०।८१ सम्म आयोजनाको अवधि एक वर्ष मात्र बाँकी रहेको र प्रगतिसमेत न्यून देखिँदा निर्धारित अवधिभित्र आयोजनाका सम्पूर्ण कार्यहरू सम्पन्न हुने अवस्था देखिँदैन। अतः तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गरी कार्यसम्पादन गर्नुपर्दछ।

५०. **सहलगानी -** समावेशी तथा दिगो मूल्य श्रृङ्खलाको विस्तार र विविधीकरण, बजारमुखी पूर्वाधार विकास, ग्रामीण वित्तीय सेवा तथा मूल्य श्रृङ्खला विकासमा लगानी र कृषि सेवाबाट प्रविधि तथा मूल्य श्रृङ्खलाको विकासमा दिगो सहयोगका लागि यस कार्यक्रमबाट यो वर्षसम्म रू.३६ करोड ७६ लाख ६० हजार र समकक्षी योगदानबापत रू.२० करोड ८३ लाख ६९ हजारसमेत रू.५७ करोड ६० लाख २९ हजार अनुदान प्रवाह भएको छ। आयोजनाबाट प्रदान गरेको र लाभग्राहीबाट प्राप्त भएको रकमको लाभग्राहीगत एकीकृत विवरण तथा अनुदानको उपयोग, अनुगमन र प्रभावकारिताको अध्ययन मूल्याङ्कन गरेको छैन। तसर्थ, अनुदान रकमको उपयोग र उपलब्धिको सुनिश्चितता हुने गरी कार्य गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

नेपालको खाद्य सुरक्षा स्थिति

विश्व खाद्य सम्मेलन, १९९६ ले प्रत्येक व्यक्तिले स्वस्थ र सक्रिय जीवनयापनको लागि आफ्नो आवश्यकता र चाहनाअनुरूप सधैँ पर्याप्त, स्वच्छ, पोषणयुक्त वस्तुको नियमित उपलब्धता र भौतिक तथा आर्थिक पहुँच भएको अवस्थालाई खाद्य सुरक्षाको रूपमा परिभाषित गरेको छ। देशमा खाद्यान्नको आवश्यकता पूर्ति गर्न खाद्यान्न आयात हुने गरेको छ। खाद्यान्नमा आत्मनिर्भर हुन कृषियोग्य भूमि, बीउ बिजन, मल, मानवसंसाधन र पुँजीको आवश्यकता पर्दछ। देशमा कृषि उपज उत्पादनको लागि भौतिक संरचनाको निर्माण, नियमित बजेट विनियोजन, अनुदानको उपलब्धता, विभिन्न कार्यक्रम तथा आयोजना सञ्चालन, मानव संसाधनलगायतको व्यवस्था भए तापनि खाद्यान्नको उत्पादन र उत्पादकत्वमा अपेक्षित उपलब्धि हासिल नहुँदा खाद्यान्न आयात भइरहेको छ। खाद्य सुरक्षा स्थिति सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा सुधार गर्नुपर्ने देखिएका बेहोरा देहायबमोजिम छन्:

५१. **खाद्य सुरक्षा स्थिति-** पन्धौँ योजनाको मध्यमकालीन खर्च संरचनाअनुसार २०७५।७६ मा आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवारको जनसङ्ख्या ४८.२ प्रतिशतबाट ८० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा मध्यमकालीन खर्च संरचना (२०७९।८०-२०८१।८२) बमोजिम २०७८।७९ मा ५६ प्रतिशत पुगेको र २०७९।८० मा ६३ प्रतिशत पुगेको अनुमान छ। आधारभूत खाद्य सुरक्षाको सुनिश्चितताको लागि आवधिक योजनाअनुसारको लक्ष्य पूरा गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

५२. **आवधिक योजना** – पन्धौं योजनाको आधार वर्ष २०७५।७६ मा प्रमुख खाद्यान्नको उत्पादकत्व प्रति हेक्टर मेट्रिकटन धानको ३.७६, गहुँको ३, मकैको २.८, कोदोको १.२० र फापरको १.१ बाट योजनाको अन्त्यमा धानको उत्पादकत्व ४.५, गहुँको ३.५, मकैको ४, कोदोको १.३ र फापरको १.२ पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको चौंथो वर्ष अर्थात् आर्थिक वर्ष २०७९।८० को प्रारम्भिक अनुमानअनुसार धानको उत्पादकत्व ३.७९, गहुँको २.९५, मकैको ३.२०, कोदोको १.२९ र फापरको १.२२ मेट्रिकटन प्रति हेक्टर रहेको छ। योजनाको ८० प्रतिशत समय व्यतीत हुँदा देशको खाद्यान्नमा १८.७५ प्रतिशत हिस्सा ओगटेको प्रमुख खाद्यान्न बाली गहुँ र ३.१८ प्रतिशत हिस्सा ओगटेको कोदोको उत्पादकत्व योजनाको आधार वर्षको तुलनामा घटे पनि धान, मकै र फापरको उत्पादकत्वमा सुधार आएको छ।

५३. **उत्पादन, आयात र उपभोग** – कृषि तथा पशुपन्छी विकास मन्त्रालयले धान, मकै, गहुँ, कोदो, फापर र जौलाई प्रमुख कृषि बालीको रूपमा घोषणा गरेको छ। प्रमुख बालीको आन्तरिक उत्पादन, आयात र उपभोगसम्बन्धी बेहोरा देहायबमोजिम छन्:

५३.१ मन्त्रालयले तयार गरेको कृषि तथ्याङ्कबमोजिम २०७५।७६ मा १ करोड ६ लाख ८५ हजार, २०७६।७७ मा १ करोड ९ लाख ३५ हजार, २०७७।७८ मा १ करोड ११ लाख २० हजार, २०७८।७९ मा १ करोड ७ लाख ७२ हजार र २०७९।८० मा (प्रारम्भिक अनुमानअनुसार) १ करोड ११ लाख ८६ हजार मेट्रिकटन खाद्यान्न उत्पादन भएको छ। उल्लिखित ५ वर्षको औसत वृद्धिदर २.२८ प्रतिशत रहेको छ। उक्त अवधिमा धानको उत्पादन २.२१ प्रतिशतले घटेपनि मकै, गँहु, कोदो, फापर र जौको उत्पादन क्रमशः १७.६७, ४.६३, १३.२१, ८८.१८ र २.३९ प्रतिशतले बढेको छ। २०७९।८० को प्रारम्भिक अनुमानको आधारमा विश्लेषण गर्दा उत्पादनमा धानको हिस्सा ४९.०४, मकैको २८.५४, गहुँको १८.७५, कोदोको ३.१८ फापर ०.१९ र जौको हिस्सा ०.२७ प्रतिशत रहेको छ।

५३.२ भन्सार विभागको तथ्याङ्कबमोजिम २०७५।७६ मा १२ लाख ६४ हजार, २०७६।७७ मा १३ लाख ३ हजार, २०७७।७८ मा १९ लाख ४४ हजार, २०७८।७९ मा १६ लाख ६ हजार र २०७९।८० मा १० लाख ७४ हजार मेट्रिकटन खाद्यान्न आयात भएको छ।२०७५।७६ को तुलनामा २०७९।८० मा आयातमा १४.९६ प्रतिशतले कमी आएको छ। उल्लिखित अवधिमा धानको आयातमा १३६.३७ प्रतिशतले वृद्धि भएको छ। चामलको आयात ५४.०२ प्रतिशत घटेपनि मकैको आयात ४.४८ प्रतिशत र कोदोको आयात २९.३९ प्रतिशतले वृद्धि भएको छ। अन्य खाद्य पदार्थ तर्फ दलहनको आयात ४५.०७ प्रतिशत, माछा मासुको आयात ६० प्रतिशत, फलफूलको आयात २३.७५ प्रतिशतले घटेको देखिन्छ भने आलुको आयात ११.६७ प्रतिशतले वृद्धि भएको छ।

५३.३ आन्तरिक उत्पादन तथा आयातबाट बीउ, बिजनबाहेक २०७५।७६ मा ८३ लाख २५ हजार, २०७६।७७ मा ८६ लाख ४ हजार, २०७७।७८ मा ९३ लाख ४५ हजार, २०७८।७९ मा ८७ लाख १७ हजार मेट्रिकटन खाद्यान्न उपभोग भएको छ। २०७५।७६ को तुलनामा २०७६।७७ र २०७७।७८ मा उपभोगमा क्रमशः ३.३५ र ८.६१ प्रतिशतले वृद्धि भएकोमा २०७८।७९ मा ६.७२ प्रतिशतले कमि आएको छ। २०७९।८० को आधारमा विश्लेषण गर्दा कुल उपभोगमा चामल ४३.४१, मकै ३३.९८, गहुँ १९.०६ र कोदो, फापर र जौको हिस्सा ३.५५ प्रतिशत रहेको छ।

५४. **खाद्य वासलात** – कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्धन केन्द्रले तयार गरेको खाद्यान्न उत्पादन, उपभोग तथा आवश्यकताको अवस्था विश्लेषण प्रतिवेदन, २०७९।८० मा राष्ट्रियस्तरमा धान, मकै, गँहु, कोदो, जौ र फापरको खुद उत्पादनबाट आगामी वर्षका लागि आवश्यक बीउको परिमाण, खाद्यान्न कटानी गर्नुपूर्व हुने क्षतिको परिमाण, भुस चोकर, अन्य जर्ती आदिमा हुने नोक्सानीको परिमाण आदि कटाएपछि बाँकी खाद्यान्नहरू प्रशोधनपछि खानयोग्य हुने विश्लेषणको आधारमा खाद्यान्नको उपलब्धता, उपभोग र बचत तथा न्यूनसम्बन्धी विवरण तयार गरेको उल्लेख छ। उक्त प्रतिवेदनमा सरदर प्रतिव्यक्ति प्रतिदिन २ हजार २५० क्यालोरी आवश्यक पर्ने र उक्त क्यालोरीमध्ये खाद्यान्नबाट पूर्ति हुने ८७.३ प्रतिशत क्यालोरीको लागि वार्षिक उच्च पहाडमा १९१ किलोग्राम, मध्यपहाडमा २०१ किलोग्राम र तराईमा १८१ किलोग्राम खाद्यान्न आवश्यक हुने उल्लेख छ। नेपाल जीवनस्तर सर्वेक्षण (चौथो), २०७९।८० अनुसार २०८९।८० मा सालाखाला प्रतिव्यक्ति प्रतिदिन २ हजार २३६ किलो क्यालोरी आवश्यक पर्ने देखिएको छ। केन्द्रबाट प्राप्त तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७५।७६ देखि २०७८।७९ सम्मको खाद्यान्नको उत्पादन, आवश्यकता र बचतको स्थिति देहायबमोजिम छः

(मेट्रिकटनमा)

बालीहरू	आर्थिक वर्ष			
	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९
चामल	३०६७१०९	३०३५३५८	३०७४२२९	२७५३८८८
मकै	२०८८५७७	२१९६१३४	२२९९०६१	२३२२८८२
गहुँ	१६३४३८९	१७८७६९७	१७३७७३६	१७३२५६९
कोदो	२५८५११	२६३७५४	२६८२९६	२७७७७२
जौ	८४८७	८६८४	८१९७	९०४६
फापर	४४०६	९६२०	१३०६५	१४७०४
जम्मा उत्पादन	**७०६१४७९**	**७३०१२४७**	**७४००५८४**	**७११०८६१**
आवश्यकता	५३१३८७७	५४२३७३०	५५३७५६४	५४६१३१४
वचत वा न्यून	१७४७६०२	१८७७५१७	१८६३०२०	१६४९५४७

देशमा उत्पादित प्रमुख ६ प्रकारका खाद्यान्नले आन्तरिक आवश्यकता पूर्ति भई २०७५।७६ मा १७ लाख ४७ हजार, २०७६।७७ मा १८ लाख ७७ हजार, २०७७।७८ मा १८ लाख ६३ हजार र २०७८।७९मा १६ लाख ४९ हजार मेट्रिकटन खाद्यान्न बचत रहेको देखिएको छ। तर भन्सार विभागको तथ्याङ्कबमोजिम २०७५।७६ मा १२ लाख ६४ हजार, २०७६।७७ मा १३ लाख ३ हजार, २०७७।७८ मा १९ लाख ४४ हजार, २०७८।७९ मा १६ लाख ६ हजार र २०७९।८० मा १० लाख ७४ हजार मेट्रिकटन खाद्यान्न आयात भएकोले केन्द्रले तयार गरेको खाद्य वासलातले सही र यथार्थ चित्रण गरेको देखिँदैन।

५४.१ नेपाल जीवनस्तर सर्वेक्षण (चौथो), २०७९।८० अनुसार आधारभूत आवश्यकता पूर्तिको लागि आवश्यक सरदर प्रतिव्यक्ति प्रतिदिन २ हजार २३६ क्यालोरीको पूर्ति खाद्यान्नबाट ७१.९३ प्रतिशत मात्र हुने भएतापनि अन्य कृषि उपज दूध, दहि, पनिर, माछा, मासु, अण्डा तथा फलफूल, आलु र स्थानीय स्तरमा उत्पादन हुने कृषि उपजलाई खाद्य वासलातमा समेटेको देखिएन। आधारभूत आवश्यकता पूर्तिको लागि आवश्यक सबै खाद्यान्न तथा खाद्य उपज खाद्य वासलातमा समेट्नुपर्दछ।

५४.२ पशुचौपाया एवं पन्छीलाई खुवाउन खर्च हुने अन्न परिमाणको हिसाब नराखेको, विदेशमा बसोबास गरेको नेपालीहरूको विस्तृत विवरण नभएको र नेपालमा ६ महिनाभन्दा बढी बसोबास गर्नेलाई गणना गर्ने भए तापनि विवरण प्रष्ट नभएकोले उक्त परिमाण समावेश नगरेको, नेपालमा आउने पर्यटकहरूको बसाई र खानपानको आधारमा उपभोग हुने खाद्यान्नको विवरण समावेश नभएको, हाल गाउँमा भन्दा शहरमा बस्ने जनसङ्ख्या वृद्धि भएको र खाने बानीमा परिवर्तन भए तापनि प्रष्ट तथ्याङ्क नभएकोले समावेश नगरेको तथा हिमाली क्षेत्रमा हुने आलु र अन्य कोदोजन्य बाली जस्तैः चिनो, कागुनोसमेत खाद्यान्नको रूपमा प्रयोग भइरहेकोमा यथार्थ तथ्याङ्क नभएकोले खाद्य वासलातमा समावेश नगरेको केन्द्रले उल्लेख गरेको छ। आयातको विवरणमा पनि भन्सारहरूले खाद्यान्न आयातको उद्देश्य स्पष्ट गरी विवरण नराखेकोले आन्तरिक उत्पादन र आयातमध्ये पशुपन्छी र मानिसको लागि हुने उपभोगको हिस्सा खुल्न सकेन।

खाद्य वासलात तयार गर्दा उत्पादित तथा आयातित खाद्यान्नको प्रयोगका क्षेत्र, देशमा बसोबास गर्ने वास्तविक जनसङ्ख्या, खाद्यान्न आयातको परिमाण आदिसमेत विश्लेषण गर्नुपर्दछ।

५५. **कृषि पेसा** - खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा कृषि पेसालाई सम्मानित बनाउन सहुलियत, छुट सुविधा र योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने व्यवस्था छ। कृषि गणना, २०७८ अनुसार देशमा कृषि पेसामा आबद्ध जनसङ्ख्या ६२ प्रतिशत रहेको छ। कुल जनसङ्ख्याको ६२ प्रतिशत कृषि पेसामा आबद्ध रहे तापनि कृषि उत्पादनले वर्षभरि खान पुग्नेको जनसङ्ख्या ४५ प्रतिशत मात्र रहेको देखिन्छ। गैरकृषि पेसाबाट आर्जित आयबाट नपुग खाद्यान्न व्यवस्था गर्नेको सङ्ख्या २०६८ मा ६.५ रहेकोमा २०७८ सालमा १०.१ पुगेको छ। ज्याला मजदुरीको काम गरेर स्रोत जुटाउनेको सङ्ख्या ५६.६ बाट ६१.७ प्रतिशत पुगे तापनि देश बाहिर काम गरेर खानाका लागि स्रोत जुटाउनेको सङ्ख्या १९.२ बाट १७.८ प्रतिशतमा झरेको छ। वैदेशिक रोजगार विभागको वार्षिक प्रतिवेदनअनुसार पुनः प्रवेशसहित वैदेशिक रोजगारीमा जानेको सङ्ख्या २०६८।६९ मा ३ लाख ८४ हजार रहेकोमा २०७९।८० मा ७ लाख ७१ हजार पुगेको देखिन्छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार २०७७।७८ मा रू.९ खर्ब ६१ अर्ब, २०७८।७९ मा रू.१० खर्ब ७ अर्ब र २०७९।८० मा रू.१२ खर्ब २० अर्ब विप्रेषण आप्रवाह भएको देखिन्छ।

कृषकलाई सुविधा उपलब्ध गराउने सम्बन्धमा ऐनमा भएका प्रावधान लागु नभएकोले ज्याला, मजदुरी र वैदेशिक रोजगारीबाट खाद्यान्न खरिदको लागि आर्थिक स्रोत जुटाउनुपर्ने अवस्था देखिएकोले कृषि पेसालाई सम्मानित बनाउन ऐनमा भएका व्यवस्था लागु हुनुपर्दछ । वैदेशिक रोजगारीमा जानेको सङ्ख्या र विप्रेषण रकम वृद्धि भएकोमा देश बाहिर काम गरेर खानाका लागि स्रोत जुटाउनेको सङ्ख्या घट्नुको कारणसमेत अध्ययन हुनुपर्ने देखिन्छ।

५६. **गरिबी** - गरिबी र खाद्य सुरक्षाबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। गरिबीको सूचकमध्ये खाद्यान्नको पर्याप्तता पनि एक हो। पन्ध्रौं योजनामा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या १८.७ प्रतिशतबाट ९.५ प्रतिशतमा ल्याउने लक्ष्य रहेकोमा २०८०।८१ को मध्यमकालीन खर्च संरचनाअनुसार २०७८।७९ सम्म कुनै सुधार नभएकोमा २०७९।८० केही सुधार भई १५.३ प्रतिशत रहने अनुमान रहेकोले योजनाको लक्ष्य हासिल हुने देखिँदैन। योजना अवधिमा २८.६ प्रतिशत बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्यालाई ११.६ प्रतिशतमा ल्याउने लक्ष्य रहेकोमा नेपाल जीवनस्तर सर्वेक्षण (चौथो),

२०७९।८० अनुसार ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत, शहरी क्षेत्रमा १८.३४ प्रतिशत र समग्र नेपालमा २०.२७ प्रतिशत गरिबी रहेको उल्लेख छ। बहुआयामिक गरिबीतर्फ केही सुधार आएको भए पनि निरपेक्ष गरिबीतर्फ सुधार भएको देखिएन। गरिबीको कारण खाद्यान्नमा आर्थिक पहुँच हुन नसक्ने अवस्था विश्लेषण गरी गरिबी निवारणका लक्षित नीति तथा कार्यक्रमहरू अवलम्बन गर्नुपर्ने देखिन्छ।

५७. **कृषि भूमि -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १५ मा कृषियोग्य भूमिको संरक्षण तथा दिगो उपयोगको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा कृषि योग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्नेलगायत उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कृषिसम्बन्धी तथ्याङ्कबमोजिम २०७५।७६ मा कृषि उपज लगाएको क्षेत्रफल ३४ लाख ५० हेक्टर रहेकोमा २०७८।७९ मा ३४ लाख ८६ हेक्टर रहेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ विकास मन्त्रालयले तयार गरेको प्रतिवेदनअनुसार कृषियोग्य भूमि २६ लाख ४१ हजार हेक्टर रहेको छ। कृषि गणना, २०७८ अनुसार कृषक परिवारको स्वामित्वमा २२ लाख १८ हजार हेक्टर जग्गामध्ये २१ लाख २२ हजार हेक्टर मात्र कृषि कार्यमा प्रयोग भएको र बाँकी ८१ हजार हेक्टर वनबनेलो लागेको, १३ हजार हेक्टर पोखरी र ३ हजार हेक्टर अन्य प्रकारको जग्गा रहेको उल्लेख छ। पहिलो कृषि गणनामा प्रतिपरिवार सरदर १.११ हेक्टर जग्गा पर्ने गरेकोमा कृषि गणना, २०६८ मा ०.६८ र २०७८ को कृषि गणनामा ०.५५ हेक्टरमा झरेकोले कृषि भूमिको व्यापक रूपमा खण्डीकरण र कृषियोग्य भूमिमा बस्ती विस्तार भएको अवस्था देखिन्छ।

कृषियोग्य जमिनको क्षेत्रफल सम्बन्धमा तथ्याङ्कमा एकरूपता नदेखिएको र कृषि भूमिको व्यापक रूपमा खण्डीकरण र कृषि योग्य भूमिमा बस्ती विस्तार भै कृषि भूमि घटिरहेको अवस्थामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि भूमि वृद्धि भइरहेको प्रतिवेदन तयार गरेको सम्बन्धमा कृषि तथा पशुपन्छी विकास, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र ऊर्जा, जलस्रोत तथा सिँचाइ विकास मन्त्रालयबीच समन्वय गरी वास्तविकता यकिन गर्नुपर्ने देखिएको छ।

५८. **कृषि क्षेत्रको बजेट -** दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) अनुसार कृषिमा सरकारको खर्च कुल बजेटको ३.३ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने उल्लेख छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १३ मा कृषि तथा खाद्य उत्पादनको क्षेत्रमा लगानी अभिवृद्धि गर्ने उल्लेख छ। आर्थिक वर्ष २०७७।७८ मा सङ्घीय सरकारको कुल बजेट रू.१४ खर्ब ७४ अर्ब ६४ करोड रहेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट रू.२८ अर्ब ६२ करोड (१.९४ प्रतिशत) रहेकोमा २०७९।८० मा कुल बजेटमध्ये कृषि क्षेत्रको बजेट ३.५३ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७७।७८ को तुलनामा केही सुधार आएको देखिए तापनि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४.१ प्रतिशत रहेको, कुल जनसङ्ख्याको ६२ प्रतिशत कृषि पेसामा आश्रित रहेको तथा कृषि क्षेत्रको औद्योगिकीकरणबाट कुल गार्हस्थ उत्पादन वृद्धि गर्नुपर्ने आवश्यकता रहेको र मानवको जीवनयापनको लागि खाद्यान्न अनिवार्य आवश्यकता रहेको सन्दर्भमा कृषि क्षेत्रमा विनियोजन भएको बजेट तुलनात्मक रूपमा न्यून देखिएकोले बजेट वृद्धितर्फ समेत सरकारले ध्यान दिनुपर्ने देखिएको छ।

५९. **खाद्यान्न मौज्दात -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ९ मा खाद्य सुरक्षा तथा पोषणमा कुनै कारणले पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालीन अवस्थामा यथाशीघ्र खाद्य उपलब्ध गराउन र दफा १० बमोजिम प्रकोपका कारणले कुनै क्षेत्रमा खाद्य सङ्कट

उत्पन्न भएमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने र दफा २६ मा खाद्य सञ्चितिको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा सो व्यवस्थाबमोजिम खाद्य सञ्चितिको व्यवस्था भएको छैन।

आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्यमा सार्क खाद्य सुरक्षा बैङ्क र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा नेपालको तर्फबाट गर्नुपर्ने योगदान बढाउने र आपूर्तिसम्बन्धी सार्वजनिक संस्थानको भण्डार क्षमता बढाई खाद्यवस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गर्ने उल्लेख छ। त्यस्तै २०७९।८० को बजेट वक्तव्यमा धान, गहुँ, मकै र दूधलगायतका कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने, उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने र समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा शोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाउने उल्लेख छ। देशमा उत्पन्न खाद्य सङ्कटको बेला प्रयोग गर्ने गरी खाद्यान्न मौज्दात राख्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सार्क खाद्य सुरक्षा भण्डारअन्तर्गत ८ हजार मेट्रिकटन र राष्ट्रिय खाद्य सुरक्षा भण्डारअन्तर्गत २५ हजार मेट्रिकटन खाद्यान्न मौज्दात राख्नुपर्ने व्यवस्था भएकोमा सार्क खाद्य भण्डारअन्तर्गत ७ हजार ७८३ मेट्रिकटन चामल मौज्दात रहेको छ भने राष्ट्रिय खाद्य सुरक्षा भण्डारको मौज्दात शून्य रहेको छ। यस सम्बन्धमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरिद गर्नुपर्ने व्यवस्था रहेको तर समर्थन मूल्यभन्दा बजार मूल्य बढी रहेकोले मौज्दात राख्नको लागि खाद्यान्न खरिद गर्न नसकेको जनाएको छ।

आपतकालीन अवस्थाको लागि पर्याप्त खाद्य सञ्चिति नभएमा मानवीय सङ्कटसमेत उत्पन्न हुन सक्ने भएकोले आवश्यक नीतिगत, कानुनी र संस्थागत प्रवन्ध गरी सो बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहले आपसी समन्वयमा आवश्यक खाद्यान्न मौज्दात राख्नु पर्ने र समर्थन मूल्य र बजार मूल्यबीच सामञ्जस्यता कायम राखी बजारबाट खरिद गर्न सकिने व्यवस्था मिलाई तोकिएबमोजिमको खाद्यान्न मौज्दात राख्नुपर्दछ।

६०. **खाद्य वितरण व्यवस्था -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ३० मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकिएबमोजिम सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्रमार्फत खाद्य वितरणको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्रमार्फत खाद्य वितरणको व्यवस्था हुन सकेको छैन। देशका खाद्य अभाव हुने दुर्गम जिल्लामा सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट ढुवानी अनुदानमा चामलको बिक्री वितरण हुने गरेको छ भने अन्य भागमा खाद्यान्नको वितरण व्यवस्थापन निजी क्षेत्रबाट हुने गरेको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट २०७९।८० मा कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २३ जिल्लामा १७ हजार २०० मेट्रिकटन चामल ढुवानी भएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले निजी क्षेत्रबाट भएको खाद्यान्नको भण्डारण व्यवस्था, बिक्री वितरण प्रणाली तथा मौज्दातसम्बन्धी विवरण राखेको पाइएन। केन्द्रीय स्तरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश स्तरमा प्रदेशको कृषिसँग सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तहमा सरकारी, निजी तथा सहकारी क्षेत्रको खाद्यान्न भण्डारण व्यवस्थाको संयन्त्रको विवरण, सञ्चित खाद्य परिमाण तथा वितरण प्रणालीको विवरण राख्ने व्यवस्था हुनुपर्दछ।

६१. **कृषि उपजको भण्डारण** – कृषि तथा पशुपन्छी विकास मन्त्रालयले लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदशन, २०७८ जारी गरी मन्त्रालयले ५० प्रतिशत र गोदामघर निर्माण हुने स्थानीय निकाय र गोदामघर सञ्चालन गर्ने संस्था, समिति, समूह र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले निर्माण गर्न चाहेमा उक्त कम्पनीले ५० प्रतिशत लागत बेहोर्ने गरी गोदामघर निर्माणको लागि प्रस्ताव आह्वान गरेबमोजिम हाल १०० देखि ५ हजार मेट्रिकटन क्षमताका गोदामघर निर्माणाधीन अवस्थामा रहेको विवरण प्राप्त भएको छ। आधुनिक गोदामको व्यवस्था गरी त्यसमा किसानका उत्पादनहरूले अपेक्षित मूल्य नपाउँदासम्म भाडा लिई भण्डारण गरिदिने र त्यस्ता गोदाममा राखेका वस्तु किसानले बिक्री गर्न नसके कम्पनीले खरिद गरिदिने व्यवस्थाअन्तर्गत देशभरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका १५७ गोदाम रहेको र यस्ता गोदामको कुल क्षमता १ लाख ५९ हजार १२० मेट्रिकटन क्षमता रहेको रहेको देखिन्छ। धेरै जसो गोदाम घर पुरानो भई जीर्ण अवस्थामा रहेको र बजेटको अभावमा मर्मत हुन नसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जनाएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले तरकारी, फलफूल क्षति न्यूनीकरणको लागि २७ चिस्यान घर, १० गोदाम घर र ५ रष्टिक हाउस स्थापना गरेको २०७७।७८ को प्रगति प्रतिवेदनमा उल्लेख छ।

कृषि उपज भण्डारणको लागि केन्द्र तथा प्रदेश सरकारका विभिन्न निकायबाट गोदाम घर, शीत भण्डार निर्माण भए पनि स्थानीय उत्पादनको प्रकृति तथा परिमाण, खाद्यान्नको स्थानीय आवश्यकता परिमाण, बिक्री वितरण प्रणाली आदि सम्बन्धमा अध्ययन विश्लेषण भएको देखिएन। निर्माण भएका गोदाम घर तथा शीत भण्डारसमेत तोकिएबमोजिम निर्माण भई सञ्चालनमा रहे, नरहेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिने कार्य भएको छैन।

आकस्मिक अवस्थाका लागि खाद्यान्न सञ्चय गर्न निर्माण हुने गोदाम घर र बजारमा बिक्री नहुँदासम्मको लागि क्षति न्यूनीकरण गर्न र उच्च मूल्य प्राप्त गर्ने प्रयोजनको लागि निर्माण गरिने शीत भण्डार र गोदाम घरको आवश्यकता पहिचानका आधारमा निर्माण गरी सोको सञ्चालन अवस्थाको समेत अनुगमन गर्नुपर्दछ।

६२. **कानुन कार्यान्वयन** - नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिकहकलाई कार्यान्वयन गर्न र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पँहुच सुनिश्चित गर्ने उद्देश्यले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ जारी भएको छ। सो ऐनमा उल्लिखित भोकमरीको जोखिममा रहेका व्यक्ति परिवार समुदाय र क्षेत्रको पहिचान गर्ने, खाद्य सञ्चिति गर्ने, खाद्य असुरक्षाको जोखिममा रहेका घर परिवारको अभिलेख राखी परिचयपत्र जारी गर्ने, कृषि उत्पादनको समर्थन मूल्य तोक्ने, किसानको पहिचान गरी परिचयपत्र जारी गर्ने, कृषियोग्य भूमिको वैज्ञानिक पहिचान गर्ने, कृषियोग्य भूमिलाई बाँझो राख्न वा तोकिएको प्रयोजन बाहेक उपयोग गर्न नदिन कानुनी व्यवस्था गर्ने, कृषि योग्य भूमिको खण्डीकरण गर्न नदिने, कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान सुविधा र सहयोग कटौती गर्ने, बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था गर्ने, बाँझो जग्गा तथा अन्य जग्गाको पहिचान गरी भूमिको अभिलेख राख्ने, दलित, लोपोन्मुख, आदिबासी किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागु गर्ने, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको

अनुगमन सूचकाङ्क तयार गर्नेलगायतका व्यवस्थाहरू कार्यान्वयन भएको छैन। ऐनमा भएका व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

६३. **अन्तर निकाय समन्वय -** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ बमोजिम कृषि भूमिको व्यवस्थापन, खाद्यान्नको उत्पादन, सञ्चय, वितरण र आपतकालीन भण्डारणको दायित्व सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त जिम्मेवारीमा रहेको छ। खाद्यान्न उत्पादन, सञ्चय र वितरणसम्बन्धी प्रावधानहरूको कार्यान्वयन गर्नका लागि तीनै तहका सङ्घ, प्रदेश र स्थानीय सरकारबीच तथा अन्तर निकाय समन्वयको लागि केन्द्रीय स्तरमा संयन्त्र निर्माण भएको देखिएन। जसको कारण समग्रमा कृषि लगानीको क्षेत्र निर्धारण, भूमि व्यवस्थापन, प्राविधिकहरूको परिपूर्ति तथा व्यवस्थापन र तथ्याङ्क व्यवस्थापनमा असर परेको छ। सङ्घीय सरकारबाट प्रदेशलाई उपलब्ध गराएको अनुदान खर्चको प्रभावकारिता अध्ययन नभएको, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषि तथा खाद्य सुरक्षामा खर्च गरेको वार्षिक रकमको एकीकृत अभिलेख राखी प्रतिवेदन तयार गर्ने कार्य नभएको, नेपाल राष्ट्र बैङ्कमार्फत कृषिमा दिइने सहुलियत कर्जा तथा ब्याजको प्रभावकारिता सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी हुने अवस्था नरहेको, समग्र आपूर्ति र खाद्य प्रणालीको वितरणको संयन्त्र स्थापना नभएको, महिला घरधुरी, साना किसान र मजदुर वर्गमा परेको असरको बारेमा विस्तृत जानकारी उपलब्ध नभएको अवस्था छ। खाद्य सुरक्षासँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न र यसको प्रभावकारिताको अनुगमन तथा विश्लेषण गर्न अन्तर प्रदेश तथा अन्तर मन्त्रालय समन्वयको लागि उचित संयन्त्र स्थापना हुनुपर्दछ।

सङ्गठित संस्था तथा समिति

नेपाल कृषि अनुसन्धान परिषद्

कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धानमार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि प्रयोग गरी सर्वसाधारण जनताको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो। परिषद् र मातहतका ६३ केन्द्रबाट कृषि अनुसन्धान कार्यक्रम सञ्चालन हुँदै आएको छ।

६४. **आवधिक योजनाको कार्यान्वयन** - पन्ध्रौं योजनामा समसामयिक नीति तथा कानुन संशोधनका साथै तत्सम्बन्धी अध्ययन अनुसन्धान गर्न कृषि नीति अनुसन्धान प्रतिष्ठान स्थापना गर्ने र कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा उक्त कार्यहरू भएको पाइएन।

कृषि विकास रणनीति, २०१५-३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, कृषि विकास रणनीतिसँग तालमेल हुने गरी नार्क भिजन, २०११-२०३० को टुङ्गो लगाउने, विकेन्द्रित अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान संस्थानहरूको स्थापना गर्ने लक्ष्य राखेकोमा हालसम्म परिषद्को पुनर्गठन र कोष स्थापना गर्ने कार्य भएको छैन। आवधिक योजना तथा रणनीतिमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६५. **स्रोत बीउ तथा वस्तु उत्पादन -** परिषद्ले हरेक वर्ष स्रोत बीउ एवं बेर्ना उत्पादन गरी थप अनुसन्धानमा उपयोग गर्नुका साथै थप बीउ बेर्ना उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई स्रोत बीउ बेर्ना बिक्री गर्ने गरेको छ। नेपाल कृषि अनुसन्धान परिषद्बाट प्राप्त विवरणअनुसार यस वर्ष स्रोत बीउतर्फ मकै, दलहन, तेलहन, अदुवा आदिको ८९५ मेट्रिकटन र प्रिबेसिक आलु बीउ १ लाख ६० हजार मेट्रिकटन र बिरुवा बेर्ना १ लाख ५८ हजार १६० उत्पादन गर्ने लक्ष्य रहेकोमा मकै ४१९.९६ मेट्रिकटन, दलहन ४५.७२ मेट्रिकटन, तेलहन १०.४४ मेट्रिकटन, जुट २.७ मेट्रिकटन र अदुवा ४.०७ मेट्रिकटन उत्पादन गरी समग्रमा ९९७.३२ मेट्रिकटन, प्रिबेसिक आलु बीउ ७९ हजार २०४ मेट्रिकटन, बिरुवा बेर्ना ६ लाख ३३ हजार २२० थान, स्रोतबेर्नातर्फ फलफूलका बिरुवा ५० हजार, अलैंचीको ४१ हजार ५५० बिरुवा र पशुपन्छी नश्ल सुधारतर्फ ५०० बंगुर, ३६३ पाठापाठी उत्पादन गरेको उल्लेख छ। साथै यो वर्ष ५६ हजार ५०० चल्ला उत्पादन र २ करोड ९ लाख माछा भुरा उत्पादन गर्ने लक्ष्य रहेकोमा क्रमशः २१ हजार २९८ चल्ला र २ करोड ३७ लाख माछाका भुरा उत्पादन भएको उल्लेख छ। परिषद्ले तयार गरेको विवरणअनुसार आलुको बीउ र चल्ला उत्पादनमा लक्ष्यअनुसार प्रगति हासिल गरेको देखिएन। परिषद्ले बिक्री गरेको स्रोत बीउबाट उत्पादित थप बीउ त्यसको प्रयोग तथा उत्पादकत्व वृद्धि सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने गरेको छैन। उत्पादकत्व वृद्धि र प्रभावकारिताका आधारमा बीउहरूको प्रयोग र विस्तार गर्नुपर्दछ।

६६. **जनशक्ति व्यवस्थापन -** नेपाल कृषि अनुसन्धान परिषदको वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत कुल १ हजार ८२३ दरबन्दी रहेकोमा १ हजार १५ पदपूर्ति भई अनुसन्धानमा प्रत्यक्ष संलग्न हुने वैज्ञानिक २१४ तथा प्राविधिक १७३ समेत ८०८ (४४.३२ प्रतिशत) पद रिक्त रहेको देखियो। परिषद्को ५८ औं बैठकको निर्णयानुसार स्थापित कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर सर्लाहीको हालसम्म कर्मचारी दरबन्दी स्वीकृत हुन नसकी कर्मचारी काजमा व्यवस्थापन गरी कार्यसञ्चालन हुँदै आएको छ। परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ संशोधन हुन नसकी विगत ८ वर्षदेखि पदपूर्ति भएको छैन। समयमै विनियमावली संशोधन, संगठनात्मक स्वरूप तथा दरबन्दी स्वीकृतलगायतका कार्य गराई रिक्त दरबन्दी पदपूर्ति गरी कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

६७. **नन्अपरेटिभ खाता -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोत र मातहत निकायबाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोहीअनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। परिषद्ले आयलाई बजेटमा समावेश नगरी मुद्दती खातामा लगानी गरी आम्दानी देखाएको छ। यो वर्षसम्म परिषद्को नन्अपरेटिभ खातामा रू.२ अर्ब ६२ करोड ९३ लाख ३२ हजार रहेको छ। परिषद्को कार्यसञ्चालन, अवकाश प्राप्त कर्मचारीको निवृत्तभरण, पुँजीगत अनुसन्धान तथा विकासलगायतका सबै खर्च नेपाल सरकारको बजेटबाट हुँदै आएको छ। यसर्थ विगतदेखि परिषद्को खातामा प्रयोगविहीन अवस्थामा रहेको मौज्दात रकम सङ्घीय सञ्चित कोषमा कोषमा दाखिला गर्नुपर्ने व्यहोरा गत वर्षसमेत औंल्याएकोमा स्थिति यथावत छ।

६८. **उत्पादन मौज्दात -** परिषद्को वित्तीय विवरणअनुसार अनुसन्धान तथा उत्पादन कार्यक्रमबाट उत्पादित रू.२ करोड ६१ लाख ६ हजार मूल्यको स्रोत बीउ-वस्तु परिषद् मातहतका २५ कार्यालयमा मौज्दात रहेको छ। बीउ उत्पादनको लागि मौज्दात राखेको उत्पादन समयमा प्रयोग नगर्दा उमारशक्ति नष्ट हुने, कीटनाशक औषधिको प्रयोग गरिएको बीउ खाद्यान्नको रूपमा बिक्री एवं उपयोग गर्नसमेत नमिल्ने हुँदा समयमै उपयोगमा ल्याई उत्पादकत्व अभिवृद्धि गर्नुपर्दछ।

६९. **छात्रवृत्ति** - नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम ३८ मा छनोट भई अध्ययन विदामा जाने कर्मचारीले तोकिएको अध्ययन अवधि समाप्त भएपश्चात् कार्यालयमा अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था रहेको छ। परिषद्बाट उपलब्ध वैज्ञानिक तथा कर्मचारीहरूको अध्ययन बिदाको विवरणअनुसार अध्ययन विदामा गएका २७४ वैज्ञानिक तथा कर्मचारीमध्ये अध्ययन विदामा गएर अध्ययन अवधि समाप्त भइसकेका २०६९ सालदेखि २०८० असारसम्म हाजिर भइसक्नुपर्ने १३ कर्मचारीहरू परिषद्मा हाजिर भएको नदेखिएकोले नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गर्न गएको अवधिको सेवा सुविधा यकिन गरी असुल गर्नुपर्दछ।

कालिमाटी फलफूल तथा तरकारी विकास समिति

कृषि उपजको बजार विकास तथा प्रवर्धन गर्दै समग्र कृषि क्षेत्रको स्तर उन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले २०४३ मा यस समितिको स्थापना भएको हो। समितिले यो वर्ष घरभाडा रू.११ करोड २८ लाख ६७ हजार तथा अन्य आय रू.७ करोड २४ लाख २ हजारसमेत रू.१८ करोड ५२ लाख ६९ हजारमध्ये बजार सञ्चालन, कर्मचारी, प्रशासनिक र अन्यतर्फ रू.९ करोड ६१ लाख ८३ हजार खर्च भई रू.८ करोड ९० लाख ८६ हजार बचत रहेको छ।

७०. **जग्गाको उपयोग** - समितिले नेपाल सरकार अर्थ मन्त्रालयलाई रू.११ करोड ११ लाख ९ हजार बुझाई खारेजीमा परेको कृषि चून उद्योगको काठमाडौं चोभार र धादिङको नौबिसेमा क्रमशः २३ रोपनी १ आना र ४ रोपनी ५ आना २ पैसा जग्गा खरिद गरेको छ। चोभारमा खरिद गरिएको जग्गामध्ये २ रोपनी ६ आना समितिको भोग चलनमा रहे तापनि तत्कालीन नेपाल सरकारको निर्णयमा नपरेको हुँदा समितिको नाममा प्राप्त हुन बाँकी १४ आना २ पैसा जग्गामा मोही कायम भएको एवं कित्ता नं. १७८, १८२ र १८३ को १ रोपनी ७ आना जग्गाको स्वामित्व हस्तान्तरण हुन बाँकी देखिन्छ। चोभारमा रहेको जग्गामा कृषि तथा पशुपन्छी मन्त्रालयले रू.३४ करोड १५ लाख ३५ हजार खर्च गरी निर्माण गरेको फलफूल तथा थोक बजार भवन प्रयोगमा आएको छैन। खरिद भएका सम्पूर्ण जग्गा समितिको स्वामित्वमा ल्याउने तथा निर्माण भएका संरचना उद्देश्यअनुसार प्रयोग हुने व्यवस्था मिलाउनुपर्ने ब्यहोरा गत वर्षको प्रतिवेनमा औंल्याइएकोमा स्थिति यथावत छ।

७१. **सटर/स्टल भाडा** - कालिमाटी फलफूल तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम १८ अनुसार समितिले आफ्नो सटर/स्टल भाडा लगाउन सक्ने व्यवस्था छ। समितिले गत वर्षसम्म रू.९ करोड ८८ लाख ४ हजार प्राप्त गरेकोमा यो वर्ष रू.१२ करोड ५३ लाख ९४ हजार प्राप्त गरेको छ। समितिअन्तर्गत कालिमाटी र बालाजुमा रहेका ५४२ सटर/स्टलमध्ये ५३३ भाडामा लागेको र ९ खाली रहेको छ। खाली सटर/स्टल भाडामा लगाई आय प्राप्त गर्नुपर्दछ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन, बजार व्यवस्थापन तथा निकासी र पैठारीका लागि नीति निर्माण गर्ने, चिया तथा कफी प्रशोधन गर्ने कार्यमा सामाञ्जस्यता ल्याउने र देशमा भएको चिया तथा कफी उद्योगको योजनागत रूपमा विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्ड २०४९ मा स्थापना भएको हो।

७२. **वित्तीय अवस्था -** बोर्डको १ केन्द्रीय कार्यालय, २ क्षेत्रीय कार्यालय र ९ कार्यालय गरी ११ कार्यालयहरू रहेका छन्। बोर्डले यो वर्ष रू.८ करोड ५१ लाख ३६ हजार आम्दानी गरी रू.८ करोड ५८ लाख २५ हजार खर्च गरेको छ। गत वर्षको मौज्दात रू.६ करोड ८७ लाख ८७ हजार भएकोमा यो वर्ष रू.६ करोड ८० लाख ९८ हजार मौज्दात रहेको छ।

७३. **आयात निर्यात -** बोर्डले उपलब्ध गराएको विवरणअनुसार चिया तथ कफी आयात तथा निर्यातको अवस्था निम्नानुसार रहेको छः

आर्थिक वर्ष	कफी		चिया		कफी		चिया	
	निर्यात परिमाण (मेट्रिकटन)	निर्यात रकम (रू. हजारमा)	निर्यात परिमाण (मेट्रिकटन)	निर्यात रकम (रू. हजारमा)	आयात परिमाण (मेट्रिकटन)	आयात रकम (रू. हजारमा)	आयात परिमाण (मेट्रिकटन)	आयात रकम (रू. हजारमा)
२०७५।७६	८४.१३	९९६१६	१५०४३.८	३२०३९०४	१२६२.४१	९८०१४	३४३.३५	११७७३२
२०७६।७७	४६.८९	५७७२६	१११८५.२	२७८२८४६	२६६.१७	११८८४६	२१८.६३	७७४००
२०७७।७८	७२.३८	९६००३	११९२०.७३	३७९७१४०	१९८.६६	१०६७२१	३४६.८०	१५१३१२
२०७८।७९	६९.५१	११७०८५	१२४९६.०९	३४३७१८६	२७९.८२	१२७५९१	२०३.८१	८३६६७
२०७९।८०	७७.८६	१३०४४१	१६५९४.९१	३९३७२६६	४५०.३०	३२५८६३	२७७.५७	१२९१७९

गत वर्षको तुलनामा यो वर्ष कफीको निर्यात १२ प्रतिशतले वृद्धि भएकोमा सोको आयात ६०.९२ प्रतिशतले वृद्धि भएको देखियो। त्यसै गरी चियाको निर्यात गत वर्षको तुलनामा ३२.८ प्रतिशतले वृद्धि भएकोमा सोको आयात ३६.१९ प्रतिशतले वृद्धि भएको देखियो। गुणस्तरीय उत्पादन, व्यावसायिक रूपमा खेती, नयाँ प्रविधिको उपयोग तथा अनुसन्धान र विकाससम्बन्धी कार्य गरी नेपाली उत्पादनको ट्रेडमार्क एवं पेटेन्ट लिई विदेशी मुद्रा आर्जन गर्ने सम्भावना रहेकोले आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्धन गर्नेतर्फ बोर्डले थप पहल गर्नुपर्दछ।

७४. **उत्पादन** - सम्भावित स्थानमा चिया तथा कफी खेतीको सम्भाव्यता अध्ययन गरी सो खेतीको विस्तार गर्ने बोर्डको कार्यविवरण रहेको छ। बोर्डले तयार गरेको विवरणअनुसार चिया र कफी खेतीको लागि ६२ जिल्लालाई सम्भावित जिल्लाका रूपमा पहिचान गरेकोमा क्रमशः ३० र ४४ जिल्लामा सोको खेती हुँदै आएको छ। सोही विवरणअनुसार २०७८।७९ सम्म २० हजार ३३७ हेक्टर क्षेत्रफलमा चिया र ३ हजार ३४३ हेक्टर क्षेत्रफलमा कफी रोपण भई सो वर्ष २६ हजार ३७९ मेट्रिकटन चिया र ३५४ मेट्रिकटन कफी उत्पादन भएको उल्लेख छ। चिया र कफीको बढ्दो आन्तरिक माग परिपूर्ति एवं निकासी प्रवर्धन गर्न उत्पादनको विशिष्टीकृत गुणस्तर कायम गर्दै सम्भावित थप क्षेत्रमा समेत चिया तथा कफी खेतीलाई विस्तार गर्नुपर्दछ।

दुग्ध विकास संस्थान (२०७८।७९)

दुग्ध व्यावसायलाई बढी प्रभावकारी बनाई ग्रामीण क्षेत्रका कृषकहरूद्वारा उत्पादित दूधको सुरक्षित बजारका साथै सहरी क्षेत्रका उपभोक्ताहरूलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरू आपूर्ति गर्ने उद्देश्यले तत्कालीन दुग्ध विकास बोर्डलाई संस्थान ऐन, २०२१ अन्तर्गत २०२६ मा दुग्ध विकास संस्थानमा परिणत भएको छ। सोही ऐनको व्यवस्थाअनुसार स्थापित संस्थानमा हाल ६ सदस्यीय सञ्चालक समिति रहेका छन्। उक्त समितिमा हाल नेपाल सरकारले तोकेको अध्यक्ष, दुग्ध उत्पादक कृषकको प्रतिनिधि १, दुग्ध व्यवसायीको प्रतिनिधि १, राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक र अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य

तथा संस्थानको कार्यकारी निर्देशक सदस्य सचिवको रूपमा रहेका छन्। संस्थानको केन्द्रीय र शाखासमेत १० कार्यालयमा स्थायी ६७८ र दैनिक ज्यालादारी ३१५ कर्मचारी कार्यरत रहेका छन्।

७५. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थानको कुल पुँजी रू.३६ करोड ६४ लाख, जगेडा तथा अन्य कोष रू.२ अर्ब ३४ करोड ८३ लाख तथा नोक्सानी रू.३३ करोड ६४ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रू.२ अर्ब ६४ करोड ९१ लाख, लगानी रू.३ करोड ६२ लाख, अन्य सम्पत्ति रू.२ करोड ७१ लाख र चालु सम्पत्ति रू.१ अर्ब २ करोड ३४ लाखसमेत कूल सम्पत्ति रू.३ अर्ब ७३ करोड ५८ लाख रहेको छ। सञ्चित नोक्सानी गत वर्ष रू.८७ करोड ९७ लाख रहेकोमा यस वर्ष रू. ३३ करोड ६४ लाख थप भई रू.१ अर्ब २१ करोड ६१ लाख पुगेको छ।

७६. **आन्तरिक नियन्त्रण** - हाल कारोबारमा नरहेका विभिन्न शाखा कार्यालयअन्तर्गत विगत वर्षदेखि असामीसँग रू.९९ लाख असुल गर्न बाँकी रहेको छ। धरौटी वा बैङ्क जमानतभन्दा रू.६ करोड ६० लाख बढीको उधारो बिक्री देखिन्छ। संस्थानको सम्पत्तिको रूपमा रहेको जग्गाको पुर्जा अद्यावधिक नरहेको, नर्म्सभन्दा ३ हजार किलोग्राम बढी चिजको क्षति देखाएकोमा रू.५७ लाख असुल नगरेको, भौतिक परीक्षण गर्दा मौज्दातमा नदेखिएको ३ हजार केजी चिजको रू.४२ लाख असुल फर्स्यौंट नगरेको, वर्षान्तमा प्रशोधन शाखामा बाँकी मौज्दात रू.३ करोड ९२ लाखलाई अन्तिम मौज्दातमा समावेश नगरेको, गत विगत वर्षदेखिको रू.७७ लाख अग्रिम भुक्तानी रकम फरफारक नभएको, तोकिएको दरभन्दा घटी मूल्यमा मखन बिक्री गरी रू.४८ लाख नोक्सानी पुऱ्याएको रकम गत विगत वर्षदेखि असुल नगरेको, बिक्री तथा लेखा शाखाबीचको बिक्रीमा देखिएको फरक रू.१ करोड १५ लाखको हिसाब मिलान विवरण तयार नगरेको लगायतका कारणले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखियो।

७७. **क्षमता उपयोग** - संस्थानको कुल दूध प्रशोधन क्षमता वार्षिक ५ करोड २९ लाख लिटर रहेकोमा कच्चा दूध सङ्कलन २ करोड ९१ लाख लिटर रहेको छ। यसैगरी पशु आहार उत्पादनको वार्षिक क्षमता ७३ लाख किलोग्राम रहेकोमा उत्पादन ३४ लाख किलोग्राम रहेको छ। प्रशोधन क्षमताअनुसार सञ्चालन हुन आवश्यक कच्चा दूध सङ्कलन र बजार प्रबर्द्धन हुन नसकेकोले बिक्री आम्दानी विगतदेखि नै घट्दै संस्थान नोक्सानीमा सञ्चालन भएको छ।

७८. **लगानी** - संस्थानले चितवनको एक लिमिटेडमा रू.२ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रू.३४ लाख र दोलखा डेरी उद्योगमा रू.१ करोड २७ लाख सेयर लगानी गरेको छ। लगानी रहेको चितवन र दोलखा डेरी उद्योगबाट सेयर प्रमाणपत्र जारी नभएको र लाभांश प्राप्त भएको छैन। यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा स्थिति यथावत छ।

७९. **मुद्दती खाता** - भारतको एक निकायबाट ४१५ मेट्रिक टन स्कीम मिल्क पाउडर खरिद गर्न २०५३।१०।१ मा राष्ट्रिय वाणिज्य बैङ्कमा प्रतितपत्र खोलेकोमा सम्झौताअनुरूपको गुणस्तरयुक्त सामान नआएकोले २० प्रतिशत रकम भुक्तानी नभई बैङ्कमा मौज्दात रहेको छ। राष्ट्रिय वाणिज्य बैङ्क सञ्चालक समितिको २०७६।३।२७ र २०७६।३।३० को बैठकले संस्थानको राष्ट्रिय वाणिज्य बैङ्कमा मुद्दती खातामा रहेको रकमबाट उक्त कारोबारबाट सिर्जित दायित्वसँग राफसाफ गरी रू.१ करोड ३८ लाख कट्टा हुने निर्णय गरेको छ।

उक्त धुलो दूधमा अखाद्य पदार्थ फेला परेकाले पुनरावेदन अदालत, पाटनबाट २०५४।८।१३ र सर्वोच्च अदालतबाट २०६०।७।७ मा भएको फैसलाअनुसार संस्थानले बाँकी रकम भुक्तानी दिन नपर्ने देखिएको छ। संस्थानको निवेदनअनुसार नेपाल राष्ट्र बैङ्कबाट २०६६।९।५ मा राष्ट्रिय वाणिज्य बैङ्कले उक्त मुद्दती खाता फुकुवा गर्नुपर्ने र साँवा तथा ब्याज उक्त बैङ्कबाट असुल उपर गर्ने निर्देशन दिएको छ। सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भएतापनि सो विपरीत राष्ट्रिय वाणिज्य बैङ्कको सञ्चालक समितिले मुद्दतीमा रहेको रकमबाट हिसाब मिलान गरेको छ। नियम विपरीत भएको भुक्तानीलाई संस्थानले स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरेको हुँदा संस्थानलाई नोक्सानी भएको छ। सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई ब्याजसहित उक्त रकम असुल गर्न गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

८०. **रकम हिनामिना** - हेटौँडा दुग्ध वितरण आयोजनाको दूध तथा दुग्ध पदार्थ बिक्रीबापतको एक डिस्ट्रिब्युटरसँग लिनुपर्ने रकम बैङ्क दाखिला नहुँदा समेत बैङ्क दाखिला देखाई नगद हिनामिना गरेको पाइयो। उक्त बैङ्कको गत विगत वर्षदेखिको हिसाब भिडान गर्दा रू.१ करोड २० लाख घटी दाखिला गरेको छ। सञ्चालक समितिको २०७८।१२।२८ को निणर्यबाट २०७९।१।१९ मा निज डिस्ट्रिव्युटर बिरूद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिइएकोमा जिल्ला अदालतमा विचाराधीन रहेको छ। यस्तै संस्थानले साल्ट ट्रेडिङ्ग कर्पोरेशन, नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र एक डेरी सप्लायर्सबाट चेकमार्फत प्राप्त रू.४५ लाख निजको लिनुपर्ने हिसाबमा घटाई समायोजन गर्नुपर्नेमा बिक्री शाखामा कार्यरत कर्मचारीसँग लिनुपर्ने नगद हिसाबमा मिलान गरेको छ। सम्बन्धित कर्मचारीबाट उक्त रकम ब्याजसमेत असुल गर्नुपर्दछ।

८१. **बैङ्क हिसाब भिडान -** संस्थानले लेखा हिसाबअनुसारको बैङ्क मौज्दात, बैङ्क समर्थनपत्र र बैङ्क स्टेटमेण्टसँग भिडान गरी अद्यावधिक राख्नुपर्नेमा बैङ्क हिसाब भिडान गरेको छैन। संस्थानको दूध तथा दुग्ध पदार्थको बिक्री रकम जम्मा हुने बैङ्क खाताहरूको बैङ्क समर्थन पत्रभन्दा लेखा हिसाबमा बढी देखिएको रू.१ करोड ६१ लाख र बैङ्क समर्थन पत्रभन्दा लेखा हिसाबमा घटी देखिएको रू.१ करोड ८३ लाख हिसाब भिडान भएको छैन। सञ्चालनमा नरहेका खाताहरू केन्द्रीय हिसाबमा रू.७५ लाख र काठमाडौं दुग्ध वितरण आयोजनामा रू.५४ लाखसमेत रू.१ करोड २९ लाख हिसाब भिडान गरेको छैन। बैङ्क विवरण र लेखा हिसाबबीचको फरकको हिसाब मिलान गर्नुपर्दछ।

८२. **कर्मचारी दायित्व** - यस वर्षसम्म उपदान र विदाबापतको बीमाङ्कीय मूल्याङ्कनअनुसार रू.१ अर्ब १७ करोड ८५ लाख दायित्व रहेकोमा सो दायित्व भुक्तानीका लागि नागरिक लगानी कोषमा रू.५० लाख मात्र जम्मा गरेको पाइयो। संस्थानले कर्मचारीहरूको अवकाश योजनाअन्तर्गत दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि थप रू.१ अर्ब १७ करोड ३५ लाख व्यवस्था गरेको छैन। सेवानिवृत्त कर्मचारीले पाउने सुविधाको लागि कोषको उचित व्यवस्थापन गर्नुपर्दछ।

कृषि सामग्री कम्पनी लिमिटेड (२०७८।७९)

देशमा कृषि बाली उत्पादनको लागि आवश्यक पर्ने गुणस्तरीय मल, बीउ, रसायन र उपकरणको आयात गरी सर्वसुलभ मूल्यमा बिक्री वितरण गर्नको लागि २०२२ सालमा यो कम्पनीको स्थापना भएकोमा २०५९ देखि कम्पनी ऐनअन्तर्गत नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी सञ्चालन हुँदै आएको छ। कम्पनीले

नेपालमा आवश्यक पर्ने रासायनिक मलसमेत आयात गरी सहकारी संस्थामार्फत वितरण गर्ने काम गर्दछ। कम्पनीको केन्द्रीय कार्यालय, ७ प्रादेशिक कार्यालय र ३४ शाखा कार्यालय रहेका छन्।

८३. **शेयर पुँजी** - कृषि सामग्री कम्पनी लिमिटेडको अधिकृत पुँजी रू.७५ करोड रहेको छ। उक्त पुँजीलाई रू.१०० प्रति कित्ताका दरले ७५ लाख थान साधारण शेयरमा विभाजन गरिएको छ। कम्पनीले अधिकृत पुँजीभन्दा बढी रकम पुँजीको रूपमा सङ्कलन गरेको र अधिकृत पुँजी बढाउनुपर्ने विषय गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको छैन।

८४. **वित्तीय स्थिति** - कम्पनीको वासलातअनुसार गैर चालु सम्पत्ति रू.१२ अर्ब ६७ करोड २० लाख ५९ हजार र चालु सम्पत्ति रू.४ अर्ब ८५ करोड ७१ लाख ९८ हजार गरी कुल सम्पत्ति रू.१७ अर्ब ५२ करोड ९२ लाख ५७ हजार रहेको छ। त्यसैगरी शेयर पुँजी रू.८९ करोड १४ लाख ३९ हजार जगेडा तथा कोषहरू रू.९ अर्ब १३ करोड ६७ लाख ४७ हजार, सञ्चित नाफा रू.१ अर्ब ६० करोड ७२ लाख २८ हजार, गैर चालु दायित्व रू.२ अर्ब ७४ करोड ८० लाख १२ हजार र चालु दायित्व रू.३ अर्ब १४ करोड ५८ लाख ३१ हजार गरी कुल पुँजी तथा दायित्व रू.१७ अर्ब ५२ करोड ९२ लाख ५७ हजार रहेकोमा देखिएका बेहोरा निम्नानुसार छन्:

८४.१ कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान १३ को पालना गरी जग्गाको मूल्याङ्कन गरेकोमा जग्गाको भौतिक परीक्षण गरेको छैन। भवनको मूल्याङ्कन गरे तापनि वित्तीय विवरणमा सोको समायोजन गरेको छैन। कतिपय शाखा कार्यालयले सम्पत्ति खातामा सम्पत्ति रहेको स्थान, परल मूल्य, ह्रास कट्टी रकम, बाँकी रकम तथा सम्पत्तिको हालको अवस्थासमेत अद्यावधिक गरेको देखिएन।

८४.२ कम्पनीमा रहेको सम्पत्तिमध्ये सवारी साधनबाहेक अन्य स्थिर सम्पत्तिको बीमा गरेको पाइएन। स्थिर सम्पत्ति रू.११ अर्ब ९४ करोड ३७ लाख १४ हजारको बीमा नगरेको कारण विभिन्न जोखिमबाट हुने हानी नोक्सानीबाट उक्त सम्पत्ति सुरक्षित रहेको देखिएन।

८४.३ निर्माणधीन शीर्षकमा रहेको रू.१ करोड ६८ लाख २० हजारमध्ये निर्माण सम्पन्नपश्चात् प्रयोगको आधारमा पुँजीकरण गर्ने लेखा सिद्धान्तअनुसार एकरूपता अपनाएको देखिएन। कम्पनीले भवन निर्माण सम्पन्न भएपश्चात् प्रयोगमा ल्याउनु अघि पुँजीकरण गर्नुपर्ने सिद्धान्त अवलम्बन गरेको देखिएन।

८४.४ कृषि सामग्री कम्पनी लिमिटेडको स्वामित्वमा रहेको घर जग्गाको मालपोत तथा सम्पत्ति कर कतिपय शाखाले वार्षिक रूपमा तिर्दै आएको तथा कतिपय शाखाले धेरै वर्षदेखि तिर्न बाँकी रहेको देखिन्छ। जग्गा तथा गोदामको एकीकृत सम्पत्ति कर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार यस कम्पनीको कर दायित्व हुने हुँदा उक्त रकमलाई दायित्वको रूपमा लेखाङ्कन गरी भुक्तानी हुनुपर्दछ।

८५. **जिन्सी मौज्दात** - कम्पनीको जिन्सी मौज्दात विवरणअनुसार विगत लामो समयदेखि बिक्री हुन नसकी बाँकी रहेका कृषि औजार, बिउबिजन तथा अन्य जिन्सी सामानलाई मौज्दात विवरणमा मूल्य नखुलाई परिमाण मात्र खुलाएको र आर्थिक विवरणमा सोको लेखाङ्कन गरेको देखिएन। साथै, उक्त सामानहरू बिउबिजन शाखाका कर्मचारीको जिम्मामा रहेकोमा जिन्सी प्रतिवेदनभन्दा घटी तथा बढी समेत देखिएको छ। कम्पनीले नेपाल लेखामान २ अनुसार अन्तिम जिन्सी मौज्दातलाई लागत मूल्य वा खुद प्राप्तयोग्य

मूल्यमध्येको जुन कम हुन्छ सो मूल्यमा देखाउनुपर्नेमा सोअनुसार लेखाङ्कन गरेको छैन। तोकिएबमोजिम जिन्सी लेखाङ्कन गर्नुपर्दछ।

८६. **लिनुपर्ने तथा पेस्की हिसाबः**

८६.१ लिनुपर्ने तथा पेस्की हिसाबअन्तर्गत रहेका रकमको ३ महिना, ६ महिना, १२ महिना र सोभन्दा बढी आयुअनुसारको वर्गीकरण गरेको छैन। साथै, पेस्की रकमको सम्बन्धितबाट वर्षान्तमा समर्थनपत्र लिई यकिन गर्नुपर्नेमा सोसमेत गरेको देखिएन।

८६.२ सङ्घ संस्था शीर्षकअन्तर्गत एक सहकारी समिति लिमिटेडसँग लिनुपर्ने रू.२७ लाख ४५३ विगत वर्षदेखि असुल हुन बाँकी देखिन्छ। यस सम्बन्धमा विगतका लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएकोमा हालसम्म कुनै असुल भएको छैन।

८६.३ अन्य ग्राहक शीर्षकअन्तर्गत लिनुपर्ने देखाएको रू.८ करोड ५७ लाख २ हजारमध्ये प्रधान कार्यालयको हिसाबमा देखिएको केही रकम धेरै वर्षदेखि कुनै कारोबार नभई असुल हुन बाँकी रहेको देखिन्छ। विगतको प्रतिवेदनमा यो विषय उल्लेख भए तापनि सोको असुली वा हिसाब मिलान भएको छैन। साथै, आधारभूत प्राकृतिक स्रोत, मदरसा तालिम र मध्यस्थ समितिलाई दिएको रकमको प्रयोजनसमेत खुलाएको छैन।

८७. **आयकरः** आयकरसम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

८७.१ आयकर ऐन, २०५८ अनुसार कम्पनीका केही कार्यालयहरूले कट्टी गरेको अग्रिम आयकर अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्नेमा सोअनुसार दाखिला गरेको छैन। करकट्टी रकम समयमै बैङ्क दाखिला गर्नुपर्दछ।

८७.२ आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा ३(क) अनुसार कम्पनीले विदेशबाट आयात गरेको मलको भुक्तानी रकममा ५ प्रतिशत अग्रिम करकट्टी गर्नुपर्नेमा सो नगर्दा २०७२।७३ को खरिदको अग्रिम करबापत २०७९।७।१५ सम्म रू.३ अर्ब ६३ करोड ६८ लाख र सोको थप ब्याज समेत दायित्व सिर्जना भएको छ। उक्त रकम ब्याजसहित भुक्तानी गर्नुपर्नेमा गरेको छैन।

८७.३ कर्मचारीहरूको तलब भत्ता भुक्तानीतर्फ आयकर गणना गर्दा २०७९।३।३१ सम्म दाखिला हुन बाँकी आयकर रकम रू.१ करोड ३ लाख ९६ हजार रहेकोले सम्बन्धितबाट असुल गरी हिसाब मिलान गर्नुपर्दछ।

८८. **मल खरिद** - कम्पनीले किसानलाई आवश्यक रासायनिक मल (युरिया, डीएपी, पोटास र कृषि चुन) को यकिन गरी बोलपत्र आह्वानपश्चात् विगतमा आपूर्तिकर्ताबाट मल आपूर्ति गर्दा थप गरिने औसत समयसमेतलाई समायोजन गर्दा कुन कुन अवधिमा खरिद गर्नुपर्ने हो सो समेतलाई आधार बनाई खरिद नीति तयार गर्नुपर्नेमा सो गरेको देखिएन। परिणामतः प्रत्येक वर्ष समयमा मल आपूर्ति नभई किसानलाई मल अभाव हुने गरेकोमा त्यसमा सुधारको लागि परिणाममुखी नीति तर्जुमा गरी कार्यान्वयन गरेको देखिएन। सरकारले तय गरेको कृषि विकास नीतिअनुसार कम्पनीको खरिद नीति र प्रक्रियामा संशोधन गरी कार्य गर्नुपर्नेमा गरेको देखिएन। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

८८.१ कम्पनीले ६० हजार मेट्रिकटन रासायनिक मल खरिदको लागि एक आपूर्तकसँग प्रति मेट्रिकटन अमेरिकी डलर ३५२.५० मा सम्झौता गरेकोमा निज आपूर्तकले समयमा रासायनिक मल आपूर्ति गर्न नसकेका कारण ठेक्का रद्द गरी पुनः २५ हजार र ३० हजार मेट्रिकटन आपूर्ति गर्न २ ठेक्का आह्वान भएअनुसार पेस भएका बोलपत्रमध्ये न्यूनतम कबोल गर्ने आपूर्तकसँग प्रति मेट्रिकटन अमेरिकी डलर क्रमशः ४९०.७५ र ४७३.७० मा सम्झौता गरी मल आपूर्ति भएको छ।

८८.२ कम्पनीले ३ ठेक्कामार्फत ५ हजार मेट्रिकटन डीएपी मल खरिदको लागि प्रति मेट्रिकटन अमेरिकी डलर ६८९.९०, २५ हजार मेट्रिकटन डीएपी मल प्रति मेट्रिकटन अमेरिकी डलर ८११.९४ र २५ हजार मेट्रिकटन प्रति मेट्रिकटन अमेरिकी डलर ८२२.७३ मा खरिद गर्ने सम्झौता भएकोमा सम्झौताबमोजिम मल आपूर्ति गर्न नसकेको कारण ठेक्का रद्द गरी पुनः अर्को ठेक्काबाट २० हजार मेट्रिकटनको लागि प्रति मेट्रिकटन अमेरिकी डलर १ हजार ११९.४५ मा सम्झौता गरी मल आपूर्ति भएको छ।

यसरी उचित कारणबेगर खरिद सम्झौता अन्त्य गरेको एवं समयमा रासायनिक मल आपूर्ति नगर्ने आपूर्तकलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम कारबाही गरी सम्झौताअनुसार मल आपूर्ति नगरेको कारणबाट कम्पनीलाई पुनः मल खरिद गर्दा लागेको थप खर्चसमेत असुल गर्नुपर्दछ। साथै, रासायनिक मल आपूर्ति गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएका प्रावधानहरू पूर्ण पालना गरी समयमा आपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा, सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखी योजना छनोट नगरेको, तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति नभएको, बहाल असुल हुन नसकेको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्नेलाई कारबाही नगरेको, खरिद भएका सामानको उपयोग नभएको, केही सम्पन्न उप-आयोजना सञ्चालनमा नरहेका लगायतका ब्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका ब्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १६८ निकायमा रू.२५ करोड १९ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड ७७ लाख ९९ हजार फर्स्यौंट गरेकोले रू.२३ करोड ४१ लाख ३४ हजार बाँकी रहेको छ। सोमध्ये रू.५ करोड ४८ लाख ५३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था, समिति र अन्य संस्थातर्फ ४ निकायमा रू.२ करोड ६६ लाख १८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड १ लाख ५१ हजार फर्स्यौंट गरेकोले रू.१ करोड ६४ लाख ६७ हजार बाँकी रहेको छ। सोमध्ये रू.४ लाख ५० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, कार्यान्वयन, नियमन र मूल्याङ्कन गर्ने, राष्ट्रियस्तरका प्रशोधनसहितका बृहत् ढल प्रशोधन आयोजनाहरूको पहिचान, निर्माण र नियमन गर्ने, मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने र मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान र कम्पनी आदिको सञ्चालन र नियमन गर्नेलगायतका कार्य तोकिएको छ। मन्त्रालय र मातहत ३८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** – मन्त्रालय र मातहतसमेत ३३ सरकारी कार्यालयको निम्नानुसार रू.१८ अर्ब ५३ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोवार	जम्मा
१६३७१७	४३३	१९६५६	१५३२	१८५३३८

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई विभिन्न स्थानीय निकायले खर्च गरेको रू.१८ करोड ७७ लाख समावेश छैन।

२. **सङ्गठित संस्था र अन्य संस्था** – यो वर्ष एक अन्य संस्थाको रू.५ अर्ब ३८ करोड ५८ लाख, एक समितिको रू.२ करोड ५० लाख र २ अन्य संस्थाको २०७८।७९ को रू.६५ अर्ब ३१ करोड ९९ लाखसमेत रू.७० अर्ब ७३ करोड ७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग, नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयबाट प्राप्त २०७९।८० को प्रगति प्रतिवेदनअनुसार निम्न कार्यक्रम तथा आयोजनाको वित्तीय तथा भौतिक प्रगतिको अवस्था देहायबमोजिम छः

क्र. सं.	कार्यक्रम/आयोजना	वार्षिक बजेट (रू.लाखमा)	वित्तीय प्रगति (प्रतिशत)	भौतिक प्रगति (प्रतिशत)
१.	ढल प्रशोधन केन्द्र	१०००	-	२०
२.	शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	३८४९९	६२.९५	६४.५०
३.	काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना	१९२७८	५२.७१	६६.१८
४.	ढल निर्माण तथा प्रशोधन कार्यक्रम	११६९८	८७.०८	६६.४०
५.	एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना	१६४७	९२.५	६७
६.	खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	३८८२	४.७४	७०
७.	मेलम्ची खानेपानी आयोजना (पहिलो चरण)	८७७७	६७.०७	७२.९३
८.	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरण)	१६०५०	५.७७	६.३३

उल्लिखित ८ आयोजना/कार्यक्रममध्ये एकको १० प्रतिशतभन्दा न्यून, एकको २० प्रतिशत र ६ आयोजनाको ७५ प्रतिशतभन्दा न्यून भौतिक प्रगति रहेको पाइयो। मन्त्रालयले स्वीकृत कार्यक्रम

तथा आयोजनाको स्पष्ट र समयबद्ध कार्यान्वयन कार्ययोजना तयार गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **दिगो विकास र आवधिक योजनाको प्रगति -** दिगो विकास लक्ष्य सन् २०३० र पन्ध्रौं योजनाले तोकेका प्रमुख सूचकहरूको लक्ष्य र प्रगति देहायबमोजिम छः

विवरण	दिगो विकास लक्ष्य सन् २०३०	आवधिक योजनाको लक्ष्य	हाल सम्मको प्रगति (प्रतिशत)
आधारभूत स्तरको खानेपानी सेवा	१०० प्रतिशत जनसङ्ख्या	९९ प्रतिशत जनसङ्ख्या	९६.६१
उच्च तथा मध्यम स्तरको खानेपानी सेवा	९० प्रतिशत जनसङ्ख्या	४० प्रतिशत जनसङ्ख्या	२६.९०
आधारभूत स्तरको सरसफाइ सेवा	१०० प्रतिशत	१०० प्रतिशत	१००
प्रशोधनसहितको ढल प्रणाली	५० प्रतिशत	२० प्रतिशत	२.३४

मन्त्रालयले दिगो विकास लक्ष्य र आवधिक योजनाको लक्ष्य हासिल गर्न प्रत्येक वर्ष तोकिएको लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ। प्रशोधनसहितको ढल प्रणाली र उच्च तथा मध्यमस्तरको खानेपानी सेवातर्फ हालसम्मको प्रगति सन्तोषजनक नदेखिएकोले तोकिएको समयमा लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिन्छ। मन्त्रालयले स्पष्ट र समयबद्ध कार्ययोजना तयार गरी तोकिएकै समयमा लक्ष्य हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका कार्यक्रममध्ये सबै नागरिकलाई खानेपानी सेवा पुऱ्याउने उल्लेख भएकोमा ९६.६१ प्रतिशतलाई सेवा पुऱ्याएको, १२ शहरमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको विस्तृत अध्ययन सम्पन्न गर्ने उल्लेख भएकोमा ६ आयोजनाको मस्यौदा प्रतिवेदन तयार भएको, खानेपानी तथा सरसफाइ सह लगानी कार्यक्रम र केन्द्रीय खानेपानी आयोजनाअन्तर्गतका ३१ आयोजना सम्पन्न गर्ने उल्लेख भएकोमा ११ आयोजना सम्पन्न भएको, खानेपानी आपूर्ति प्रणालीलाई दिगो बनाउन स्थानीय सरकारको सहजीकरणमा अधिकतम एक हजार घरधुरी लाभान्वित हुने खानेपानी आयोजना स्थानीय जनसहभागितामार्फत कार्यान्वयन गरिने र पूर्व स्वीकृत लिई जनसहभागितामा उपभोक्ताहरूले खानेपानी योजना निर्माण गरेमा गुणस्तर र आयोजनाको दिगो मूल्याङ्कन गरी लागतको अधिकतम ८० प्रतिशतसम्म भुक्तानी दिने उल्लेख भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भएको छैन। त्यस्तै नगरकोट, दक्षिणकाली, रामकोट र गोदावरी क्षेत्रसहित काठमाडौं उपत्यकाका चार दिशामा पानीपोखरीसहितको जलाधार क्षेत्र निर्माण गर्न अध्ययन गरी यस्ता जलाधारलाई खानेपानी आपूर्तिको वैकल्पिक स्रोतको रूपमा विकास गरी यी क्षेत्रमा बहुउपयोगी पार्क तथा मनोरञ्जनात्मक स्थलसमेत निर्माण गर्ने कार्यक्रम सुरु भएको छैन।

मेलम्ची खानेपानी आयोजनाबाट काठमाडौंमा खानेपानी वितरण कार्य सुरु भएको छ। यद्यपि मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको आधारमा मेलम्ची खानेपानी आयोजनाको भरपर्दो पानी पथान्तरणको व्यवस्था मिलाउने उल्लेख भएकोमा सो कार्यको लागि एसियाली विकास बैङ्कबाट विभिन्न विकल्पसहितको प्रतिवेदन प्राप्त भएकोमा थप कार्य अघि बढेको छैन। त्यस्तै याङग्री र लार्के खोलाको पानीसमेत मेलम्ची खानेपानी वितरण प्रणालीमा आबद्ध गर्ने कार्यक्रमअन्तर्गत १०.४८ किलोमिटर पहुँचमार्ग निर्माणको कार्य भइरहेको र सुरुङ निर्माण, हेडवर्क्स निर्माण, पानी प्रशोधन केन्द्र निर्माण जस्ता मुख्य कार्यहरू सुरु भएको छैन।

बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि नतिजा सूचकसहितको कार्ययोजना तर्जुमा गर्ने, कार्ययोजनाअनुरूप कार्य विवरण तयार गरी लागु गर्ने र सोअनुसारको कार्य सम्पादन गर्नुपर्दछ।

६. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालयअन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको रूपमा मेलम्ची खानेपानी आयोजना २०५५।५६ मा सुरु भएको र लागत अनुमान रू.३५ अर्ब ५४ करोड रहेकोमा यो वर्षसम्म रू.३१ अर्ब ३४ करोड ९ लाख खर्च भएको छ।

आयोजनाको पहिलो चरण अन्तर्गत सञ्चालित क्रियाकलापहरूमा यो वर्षसम्मको समग्र भौतिक प्रगति ९९ प्रतिशत रहेको छ। आयोजनाको दोस्रो चरणअन्तर्गतका क्रियाकलापहरूमा यो वर्षसम्मको भौतिक प्रगति ४.९० प्रतिशत भएको छ। आयोजनाको दोस्रो चरणका मुख्य कार्यहरू सुरुङ निर्माण, हेडवर्क्स निर्माण र पानी प्रशोधन केन्द्र निर्माणलगायतका कार्य सुरु नगरी पहुँच मार्ग निर्माण कार्य भइरहेको छ।

मेलम्ची खानेपानी आयोजनाको उप-आयोजना-२ अन्तर्गत २०६५।६६ देखि यो वर्षसम्म रू.३७ अर्ब २८ करोड ५४ लाख खर्च भएको छ। आयोजना कार्यान्वयन निर्देशनालय मार्फत सञ्चालनमा रहेका आयोजनामध्ये थोक वितरण प्रणाली निर्माणतर्फ १०२.५६ किलोमिटर कार्य सम्पन्न गर्नुपर्नेमा यो वर्षसम्म ७९.२२ किलोमिटर (७७.२४ प्रतिशत) र वितरण सञ्जाल सुधारतर्फ १ हजार ७८१ किलोमिटरमध्ये १ हजार ६०५ किलोमिटर (९०.१२ प्रतिशत) कार्य सम्पन्न भएको देखिन्छ। ढल प्रशोधनतर्फ धोबीघाट ढल प्रशोधन केन्द्र निर्माण कार्यको ९०.५ प्रतिशत र गोकर्ण, हनुमानघाट ढल सुधार आयोजनाको कार्य १२.२४ प्रतिशत सम्पन्न भएको छ। निर्माण कार्य समयमै सम्पन्न गरी खानेपानी वितरण तथा ढल प्रशोधन कार्य व्यवस्थित तथा सहज बनाउनुपर्दछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग

७. **प्रगति** – विभाग र मातहतका आयोजनाबाट आयोजना/कार्यक्रम सञ्चालन गर्नको लागि २०७९।८० मा रू.१९ अर्ब ६५ करोड ८२ लाख बजेट विनियोजन भएकोमा रू.१५ अर्ब ७२ करोड १७ लाख खर्च भई ८५ प्रतिशत भौतिक प्रगति भएको छ। स्वीकृत कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

८. **अन्तर निकाय समन्वय**– विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मा राष्ट्रिय प्रकृतिका ठूला आयोजना, सह-लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना, ढल प्रशोधनसहितका आयोजना, तराईमा १५ हजार, पहाडमा ५ हजार र हिमालमा १ हजारभन्दा बढी जनसङ्ख्यालाई खानेपानी सेवा पुऱ्याउने, खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू र ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू सङ्घीय सरकारले सञ्चालन गर्ने उल्लेख छ। खानेपानीसम्बन्धी योजनाहरूको निर्माण कार्य, मर्मत सम्भार लगायतका कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट हुँदै आएका छन्। खानेपानी तथा ढल निकासजन्य कार्य गर्ने सम्बन्धमा तीन तहका सरकारको कार्यक्षेत्र स्पष्ट हुन नसक्दा आयोजना सञ्चालनमा दोहोरोपना र कार्यान्वयनमा द्विविधा सिर्जना भएको छ। आयोजना सञ्चालन तथा व्यवस्थापनमा कार्य क्षेत्र, मापदण्ड स्पष्ट नहुँदा विभिन्न निकायबाट सम्पादन भएको कार्यमा समन्वय हुन सकेको छैन। अतः खानेपानी

तथा ढल व्यवस्थापन सम्बन्धमा तहगत सरकारका निकायहरूबीच अन्तरनिकाय कार्यगत समन्वय एवं सहकार्य हुनुपर्दछ।

९. **खानेपानीको गुणस्तर** – खानेपानी सेवा उपलब्ध गराउने निकाय तथा संस्थाहरूले वितरण गर्ने खानेपानीको गुणस्तर निर्धारणको लागि नेपाल सरकारले खानेपानी गुणस्तर मापदण्ड, २०७९ तर्जुमा गरेको छ। यो वर्ष विभागअन्तर्गत खानेपानी गुणस्तर कार्यक्रममा रू.६६ करोड ५६ लाख विनियोजन भएकोमा मातहतका कार्यालयसमेतले पानीको गुणस्तर परीक्षण र प्रशोधन, क्लोरिनेसन युनिट जडान, वाटर टेस्ट कीट खरिदलगायतका कार्यमा रू.५० करोड खर्च गरेका छन्। सर्वसाधारणलाई वितरण हुने खानेपानीको उक्त मापदण्डअनुसार भएको सुनिश्चितताको लागि खानेपानी वितरण गर्ने आयोजनाहरूले गुणस्तर मापन गरी आयोजनागत अभिलेख राखेको देखिएन। मापदण्डअनुसार गुणस्तर सुनिश्चित गरी खानेपानी वितरण गर्नुपर्दछ।

१०. **ठेक्का बन्दोबस्त** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक वजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा गरी सक्नुपर्ने व्यवस्था रहेको छ। वीरगन्ज, रामेछाप, भक्तपुर, जनकपुरलगायत ६ सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले २०७९।८० मा रू.२ अर्ब २४ करोड २६ लाखको ४९ ठेक्का सम्झौता गरेकोमध्ये चौथो त्रैमासिकमा रू.१ अर्ब ५५ करोड ९८ लाखको ३५ ठेक्का बन्दोबस्त गरेको छ। समयमै ठेक्का व्यवस्थापन हुन नसकेको कारण ती आयोजनाहरूको कार्य यो आर्थिक वर्षभित्र सम्पन्न हुन सकेको देखिएन। निर्धारित समयमा कार्य सम्पन्न गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्दछ।

११. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ। विभागअर्न्तगतका २० सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले यो वर्ष रू.१७ करोड ६० लाख १ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११.१. विभागअर्न्तगतका २० सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनामध्ये १५ आयोजनाले यो वर्ष कन्टिन्जेन्सीबाट सुपरभाइजर नियुक्त गरी ज्याला तथा पारिश्रमिकमा रू.२ करोड १४ लाख ४४ हजार खर्च लेखेको छ। ती सुपरभाइजरहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेको छैन। निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको अभिलेख राख्नुपर्दछ।

११.२. सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गरेको देखिएन। योजना वा ठेक्का प्याकेजअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ।

११.३. महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत सम्भार, स्टेसनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता, मसलन्द, खप्ने र नखप्ने जिन्सी मालसमान खरिद कार्यमा रू.११ करोड ९ लाख ८४ हजार सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त खर्च एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मेल खाने देखिँदैन।

११.४. सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था गरेको छ। निर्माण कार्यको प्रकृति लागत अनुमान अङ्कको आधारमा सबै कामको लागि एकै प्रकारको रकम आवश्यक नपर्ने देखिएकोले यस्तो प्रतिशतमा पुनरावलोकन गर्नुपर्दछ।

१२. **सहलगानी** - सहलगानी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७२ (दोस्रो संशोधन २०७४) को दफा नं. ५.१ (क) मा आयोजनाको निर्माण कार्यमा उपभोक्ता संस्थाले कुल लागतको कम्तीमा ३० प्रतिशत र नेपाल सरकारले ७० प्रतिशत पुँजीगत लगानी गर्ने, उपभोक्ता संस्थाले लगानी गर्ने ३० प्रतिशतमध्ये कम्तीमा १० प्रतिशत लगानी नगद र बाँकी श्रम वा नगदमा गर्न सकिने व्यवस्था छ। सोहीबमोजिम नेपाल सरकारको ७० प्रतिशत र उपभोक्ताको १० प्रतिशत नगद योगदान गरी कुल लागत अनुमानको ८० प्रतिशत रकमको बोलपत्रको माध्यमबाट खरिद सम्झौता भएको छ। उपर्युक्त सम्झौताबमोजिम नेपाल सरकारको लगानी ७० प्रतिशत र उपभोक्ता संस्थाको १० प्रतिशतको अनुपातले हुने क्रमशः ८७.५ प्रतिशत र १२.५ प्रतिशत भुक्तानी गर्नुपर्नेमा सम्झौता रकमको ९० प्रतिशत नेपाल सरकार र १० प्रतिशत उपभोक्ताको योगदान हुने गरी भुक्तानी दिएकोले सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, खोटाङबाट एक र बुटवलबाट एक समेत २ आयोजनामा रू.२७ लाख २७ हजार नेपाल सरकारको स्रोततर्फ बढी भुक्तानी हुन गएको छ। सो रकम उपभोक्ता योगदानतर्फ लेखाङ्कन गरी हिसाब मिलान गर्नुपर्दछ।

१३. **शून्य लगानी** - खानेपानी तथा ढल व्यवस्थापन विभागको सह-लगानी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७२ (दोस्रो संशोधन २०७४) को दफा नं. ५.३ मा स्यानटरी ढल, सतह ढल, ठोस तथा तरल रूपमा रहेको फोहोरमैलाको व्यवस्थापन र वातावरण सुधार कार्यमा कुल लागतको १५ प्रतिशत उपभोक्ता संस्था र स्थानीय तहले बेहोर्नुपर्ने र सोमध्ये ५ प्रतिशत नगदै बेहोर्नुपर्ने व्यवस्था छ। निर्देशिकाबमोजिम ढल व्यवस्थापन आयोजनाको कुल लागतको ८५ प्रतिशत नेपाल सरकारले र १५ प्रतिशत उपभोक्ता संस्था/स्थानीय तहले बेहोर्नुपर्नेमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरले २ ढल व्यवस्थापन आयोजनाको लागि यस वर्षसम्म रू.३९ करोड १० लाख २५ हजार भुक्तानी दिएकोमध्ये उपभोक्ता संस्थाले रू.५ करोड ८६ लाख ५३ हजार बेहोर्नुपर्नेमा पूरै रकम कार्यालयबाट भुक्तानी दिएको छ। निर्देशिकामा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

१४. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेतले नापीभन्दा बढी भुक्तानी गरेको रू.१२ लाख ३० हजार, हेटौंडाले १ योजनाको पाइपलाइनको माटो पुर्ने कार्यको फरक नर्म्स प्रयोग गरी रू.५ लाख ७ हजार र ग्याबियन बक्समा ढुङ्गा भर्ने कार्यको १ योजनाको रू.३ लाख ८२ हजार, कञ्चनपुरले १ योजनाको शिरोभार कार्यको रू.२ लाख ४२ हजार र धनगढीले एक खानेपानी आयोजनाको आर.भी.टी. निर्माण कार्यमा फरक सूत्रको प्रयोगको कारणबाट बढी कार्य परिमाण गणना गरी बढी भुक्तानी दिएको रू.१५ लाख ३ हजारसमेत रू.३८ लाख ६४ हजार बढी भुक्तानी दिएका छन्। बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ।

१५. **अग्रिम भुक्तानी** – खानेपानी संरचना निर्माण कार्यको लागि सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम र मोरङले निर्माण व्यवसायीसँग गरेको सम्झौतामा पाइप तथा फिटिङ्स सामग्री निर्माणस्थलमा प्राप्त भएपछि ७० प्रतिशत, जडान भएपछि २५ प्रतिशत र सञ्चालन र परीक्षणको काम सम्पन्न भएपश्चात् ५ प्रतिशत भुक्तानी दिने उल्लेख छ। आयोजना कार्यालय इलामले ३ खानेपानी आयोजनाका निर्माण व्यवसायीलाई खरिद भएका पाइप जडान नगरेको अवस्थामा रू.२ करोड २३ लाख ८३ हजार, सोही खानेपानी आयोजनाको पानी सञ्चालन तथा परीक्षण नभएको अवस्थामा रू.७७ लाख ८६ हजार र आयोजना कार्यालय, विराटनगरले एक खानेपानी आयोजनाका निर्माण व्यवसायीलाई पाइप जडान नगरेको अवस्थामा रू.४५ लाख १८ हजार र खानेपानी आयोजनाका एक निर्माण व्यवसायीलाई पानी सञ्चालन र परीक्षण नगरेको अवस्थामा रू.३४ लाख २२ हजारसमेत रू.३ करोड ८१ लाख ९ हजार अग्रिम भुक्तानी दिएको छ। सम्झौताका शर्त विपरित हुने गरी पाइप जडान तथा पानी परीक्षण नभएको अवस्थामा भुक्तानी दिएको नियमसम्मत देखिएन।

१६. **परामर्श सेवा खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्शदाता नियुक्त गरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने, आयोजनाको विस्तृत प्रतिवेदन, गुरुयोजना तयार गर्ने, निर्माण कार्यको सुपरिवेक्षण गर्नेलगायतका कामको लागि विभागलगायत जलवायु अनुकूलित खानेपानी आयोजना, खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रम, एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सह-लगानी खानेपानी आयोजना, राष्ट्रिय खानेपानी तथा सरसफाइ तालिम केन्द्र, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, खोटाङ, इलाम, विराटनगर, जुम्ला, म्याग्दी, पोखरा र हेटौंडासमेतले मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरी सोझै खरिद प्रक्रियाबाट रू.५ करोड २९ लाख ८२ हजारको परामर्श सेवा खरिद गरेका छन्। समान प्रकृतिको कार्यको मिल्दो प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्ने र विभागीय जनशक्तिको उपयोग गरी परामर्शदाता माथिको निर्भरता घटाउनुपर्नेमा सोअनुसार भएको देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

१७. **पाइप तथा फिटिङ्स** - नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णयमा पाइप खरिद गर्दा विगतको मौज्दातलाई ध्यान दिई सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिएअनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्ने उल्लेख छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना रामेछाप, चितवन, धनगढी, नेपालगन्ज, बुटवल, कञ्चनपुर, जुम्ला, अर्घाखाँची, विराटनगर, सुर्खेत, धनकुटा र खोटाङले रू.७ करोड ५५ लाख ८० हजार मूल्यका विभिन्न साइजका एच.डी.पी.ई. पाइपहरू जिन्सी खाताबाट खर्च देखाएकोमा सम्बन्धित योजनामा जडान भई नापी किताबमा प्रविष्टि गरेको नदेखिएकोले पाइप खर्चको परिमाण यकिन हुन सकेको छैन।

त्यस्तै सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना रामेछाप, हेटौंडा, पोखरा, भक्तपुर, धनगढी, नेपालगन्ज, कञ्चनपुर, जुम्ला, अर्घाखाँची र खोटाङले रू.१९ करोड २३ लाख ६९ हजारको विभिन्न साइजका पाइप तथा फिटिङ्स सामग्रीहरू खरिद गरेकोमा खर्च नभई मौज्दातमा रहेको छ। आर्थिक वर्षको अन्त्यमा मौज्दातमा रहने गरी पाइप तथा फिटिङ्स खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१८.१. निर्माण कार्यको सम्झौतामा तोकिएको समयको आधारमा मूल्य सूचकाङ्क र समायोजन फ्याक्टर प्रयोग गरी मूल्य समायोजन गणना गरी भुक्तानी गर्नुपर्नेमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना नेपालगन्ज, चितवन, लमजुङ, पोखरा, खोटाङ, कञ्चनपुर र बुटवलले फरक मितिको आधार मूल्य सूचकाङ्क प्रयोग गरी गणना गरेको, फरक फ्याक्टर प्रयोग गरेको र प्रोभिजनल इन्डेक्स फरक पारेको कारण रू.१ करोड ३ लाख ६४ हजार मूल्य समायोजनबापत बढी भुक्तानी भएको पाइयो। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

१८.२. निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा सुरु सम्झौताको अन्तिम मितिको मूल्य सूचकाङ्क अनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा सो विपरीत म्याद थप भएकै अवधिको सूचकाङ्कबाट मूल्य समायोजन गणना गरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरले मूल्य समायोजन भुक्तानी गर्दा रू.२२ लाख ८६ हजार थप व्ययभार परेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१८.३. खरिद सम्झौता भइसकेपछि भेरिएसनबाट थप भएको नयाँ आइटमको लागि मूल्य समायोजन भुक्तानी दिने व्यवस्था नभएकोमा सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना पोखराले एक ठेक्काको रू.७ लाख ३२ हजार, विराटनगरले दुई ठेक्काको रू.३४ लाख, लमजुङले एक ठेक्काको रू.४ लाख ५० हजार र बुटवलले एक ठेक्काको रू.२ लाख ४६ हजारसमेत रू.४८ लाख २८ हजार मूल्य समायोजन भुक्तानी दिएको छ। उक्त रकम असुल हुनुपर्दछ।

१९. **आयोजनामा क्षति** - सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना इलामअन्तर्गत आइनामौवा पाँचथर बृहत खानेपानी आयोजनाको रू.४८ करोड ८४ लाख लागतको प्रथम चरणको कार्य सम्पन्न भई २०७९।४।१ देखि दोस्रो चरणको पानी सञ्चालन र परीक्षणको कार्य भइरहेको अवस्थामा २०७९।५।१५ मा आएको बाढीले आयोजनाको रू.२ करोड मूल्य बराबरको सम्पवेल, सम्पवेल सुरक्षाको लागि लगाइएको ग्याबियन र सीमलेस पाइप बगाई पानी सञ्चालनको कार्य अवरुद्ध हुन गएको छ। निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सामान्य शर्त र प्राविधिक स्पेसिफिकेसनमा त्रुटि सच्याउने अवधिभित्रको मर्मत सम्भारको कार्य निर्माण व्यवसायीले गर्नुपर्ने उल्लेख भएको र मर्मत सम्भारको अवधिसमेत बाँकी रहेको हुँदा क्षति भएको कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराई आयोजना सञ्चालन गर्नुपर्दछ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

प्रथम, दोस्रो र तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरूको सफलतापश्चात् आयोजना सञ्चालन तथा यसको दिगोपनाका लागि २० शहरमा करिब ३ लाख २० हजार शहरी जनसङ्ख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा करिब ६४ हजार जनसङ्ख्यालाई सुधारिएको सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्यसहित २०७५।७६ देखि शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना सञ्चालनमा रहेको छ।

२०. **वित्तीय स्थिति र भौतिक प्रगति** - आयोजना सञ्चालनको लागि एसियाली विकास बैङ्कको ऋण सहयोगबाट अमेरिकी डलर १०० मिलियन, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर ३९.५ मिलियन र स्थानीय सरकार तथा उपभोक्ता समितिबाट अमेरिकी डलर ९ मिलियनसमेत अमेरिकी डलर १४८.५ मिलियन खर्च गर्ने अनुमान रहेको छ। आयोजनाले यो वर्षसम्म रू.१० अर्ब ७८ करोड ५९ लाख खर्च गरेकोमध्ये सञ्चालन खर्चतर्फ ४.१६ प्रतिशत, भौतिक संरचना निर्माणतर्फ ८६.९४ प्रतिशत, सवारीसाधन तथा उपकरणतर्फ २.९६ प्रतिशत र परामर्श सेवा तथा क्षमता अभिवृद्धितर्फ ५.९४ प्रतिशत रहेको छ। त्यसै गरी एसियाली विकास बैङ्कसँगको अनुदान सम्झौताअन्तर्गत कोभिड रेस्पोन्स कार्यक्रमतर्फ यो वर्षसम्म रू.२५ करोड ९२ लाख ७७ हजार खर्च भएको छ।

आयोजनाको २०७९।८० मा वित्तीय प्रगति ६२.९ प्रतिशत र भौतिक प्रगति ६४.५ प्रतिशत भएकोमा यो वर्ष स्वीकृत कार्यक्रममध्ये स्काडा डाटा सेन्टर सर्भर तथा डाटा म्यानेजमेन्ट सिस्टम कार्यमा शून्य प्रगति भएको छ। स्वीकृत कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

२१. **पाइप/फिटिङ्स खरिद** - आयोजनाको लागि आवश्यक पर्ने पाइप तथा फिटिङ्स सामग्री खरिद गरी प्रयोग भएको आधारमा नापी किताबमा प्रविष्टि गरी ठेक्का बिलअनुसार भुक्तानी दिनुपर्दछ। आयोजना व्यवस्थापन कार्यालय, काठमाडौं र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय इटहरीले ४ आयोजनाको लागि खरिद गरेका रू.५ करोड ३२ लाख ४० हजार मूल्यका पाइप तथा फिटिङ्स सामग्री उपभोक्ता समितिलाई हस्तान्तरण गरेको आधारमा निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। ती सामग्रीहरू सम्बन्धित उपभोक्ता समितिले जिन्सी दाखिला नगरेको र सामग्रीहरू प्रयोगको अनुगमन तथा सुपरिवेक्षणसमेत भएको देखिएन। कार्यालयले उपभोक्ता समितिलाई हस्तान्तरण गरेका सामग्रीको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२२. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२२.१. पाँचखाल शहरी खानेपानी तथा सरसफाइ आयोजना निर्माण गर्न एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको सामान्य शर्तमा वैदेशिक मुद्रातर्फको मूल्य समायोजन गणना गर्दा प्रत्येक मूल्यसूचीलाई सम्बन्धित मुद्राको बिक्री दर (करेक्सन फ्याक्टर) अनुसार परिवर्तन गरी कुल बिल रकममध्ये ५० प्रतिशत अमेरिकी डलरमा भुक्तानी दिने व्यवस्था छ। कार्यालयले सम्झौताको शर्तअनुसार निर्माण व्यवसायीलाई अमेरिकी डलरतर्फ भुक्तानी हुने रकमको मूल्य समायोजन करेक्सन फ्याक्टरअनुसार गणना गरी रू.२ करोड ४८ लाख ३० हजार भुक्तानी गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकाङ्कअनुसार गणना गरी रू.६ करोड २३ लाख ८४ हजार भुक्तानी गरेकोले रू.३ करोड ७५ लाख ५४ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको मूल्य समायोजनमध्ये आयोजनाको कुल खर्चको नेपाल सरकारले बेहोर्नुपर्ने ७० प्रतिशतले हुने रू.२ करोड ६२ लाख ८८ हजार र सोको मूल्य अभिवृद्धि करसमेत रू.२ करोड ९७ लाख ५ हजार असुल हुनुपर्दछ।

२२.२. पाँचखाल शहरी खानेपानी तथा सरसफाइ आयोजनाको खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न हुन नसकि म्याद थप भएको अवस्थामा कार्य सम्पन्न गर्नुपर्ने सुरु सम्झौताको अन्तिम मितिभन्दा

४९ दिन अगाडिको सूचकाङ्क प्रयोग नगरी २ रनिङ बिलको रकममा पछिल्लो मितिको सूचकाङ्कअनुसार मूल्य समायोजन गणना गर्दा रू.१३ लाख १३ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुस्थित मेलम्ची नदीमा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २५.९२ किलोमिटर सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट ३४ करोड समेत दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने उद्देश्यले २०५५।५६ मा यो समिति स्थापना भएको हो। आयोजनाको पहिलोचरणको कार्यमा ९९ प्रतिशत भौतिक प्रगति भएकोमा २०७८ सालको बाढीको कारणले हेडवर्क्समा क्षति हुन गई हाल वैकल्पिक प्रणालीको प्रयोग गरी अस्थायी रूपमा १७ करोड लिटर पानी सुन्दरीजलमा आपूर्ति गर्ने कार्य भइरहेको र आयोजनाको दोस्रो चरणको काममा हालसम्म ४.९० प्रतिशत भौतिक प्रगति भई आयोजनाको पहुँचमार्ग निर्माणको कार्य प्रारम्भ भए तापनि सुरुङ निर्माणलगायतका कार्य सुरु हुन सकेको छैन।

२३. **आयोजनाको पुनर्संरचना -** सन् १९९९ मा तयार भएको आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा विद्युत उत्पादन तथा रिबर्मा-सुन्दरीजल प्रसारण लाइनसमेत निर्माण गर्ने उल्लेख भएकोमा दातृ निकायका शर्तहरूका कारण विद्युत तथा प्रसारण लाइन निर्माण कार्य हटाएको देखिन्छ। मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको उप–आयोजना-१ को सुरु लागत अनुमान अमेरिकी डलर २४९.४० मिलियन रहेकोमा सुरुङ निर्माण कार्यको लागि पुनः ठेक्कापट्टा गर्दा लागत वृद्धि हुन गएकोले संशोधित लागत अनुमान अमेरिकी डलर २८७.४ मिलियन पुगेको छ। सन् २०१५ मा पानी प्रशोधन केन्द्रको क्षमता अभिवृद्धि गरी दैनिक प्रशोधन क्षमता १७ करोड लिटर पुऱ्याउन र आयोजनाको दोस्रो चरणको डिजाइन प्रतिवेदन तयारीका लागि अमेरिकी डलर २५.५ मिलियन थप भई आयोजनाको कुल संशोधित लागत अमेरिकी डलर ३१२.९ मिलियन रहेको छ।

आयोजनाको पहिलो र दोस्रो चरणको कार्यको लागि यो वर्ष रू.६८ करोड १३ लाखसमेत हालसम्म रू.३१ अर्ब ३४ करोड ९ लाख खर्च भएको छ। कुल खर्चमध्ये निर्माण खर्च ६५.४० प्रतिशत र परामर्श सेवा तथा अन्य खर्च ३४.६० प्रतिशत रहेकोले निर्माण कार्यको प्रत्यक्ष खर्चभन्दा अन्य खर्चले आयोजनाको लागत वृद्धि हुँदै गएको छ। निर्धारित कार्यतालिकाबमोजिम कार्य नगर्दा आयोजनाको लागत बढ्ने हुँदा तोकिएको समयमा योजना सम्पन्न गर्नुपर्दछ।

२४. **बीमा दाबी -** हेडवर्क्स निर्माण कार्यको लागि २०७६।६।२४ देखि २०७७।९।२७ मा सम्पन्न हुने गरी एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा कोभिड-१९ लगायतको कारण देखाई २०८० मङ्सिरसम्मको लागि म्याद थप भएको देखिन्छ। हेडवर्क्स निर्माणको कार्य करिब ९५ प्रतिशत सम्पन्न भएको अवस्थामा २०७८ सालमा आएको बाढीले निर्माण भएको संरचनामा क्षति भई हाल वैकल्पिक माध्यमबाट पानी पथान्तरणको कार्य भइरहेको छ। खरिद सम्झौताको शर्तबमोजिम निर्माण व्यवसायीले एक बीमा कम्पनीसँग रू.१ अर्ब ६ करोड ३१ लाखको बीमा गरेकोमा बाढीबाट भएको क्षतिको बीमा

लेखअनुसारको क्षतिपूर्ति प्राप्त हुन सकेको छैन। खरिद सम्झौताअनुसार बीमा दाबी भुक्तानी प्राप्त गरी मेलम्ची खानेपानी आयोजनाको भरपर्दो पानी पथान्तरणको व्यवस्था मिलाउनुपर्दछ।

२५. **पानी पथान्तरण -** मेलम्ची खोलामा २०७८ आषाढ १ तथा श्रावण १६ र १७ मा आएको बाढीको कारण हेडवर्क्समा पुगेको क्षति पश्चात् एसियाली विकास बैङ्कले एक अन्तर्राष्ट्रिय परामर्शदाताको टोली मेलम्ची आयोजना क्षेत्रमा परिचालन गरेको देखिन्छ। उक्त टोलीले अहिलेको चलिरहेकै अवस्थामा वर्षाको समयमा खानेपानी आपूर्ति बन्द गरी वैकल्पिक पथान्तरण प्रणालीबाट वर्षको ७ देखि ८ महिनासम्म काठमाडौँ उपत्यकामा पानी आपूर्ति गर्न सक्ने अल्पकालीन उपायसहितको प्रतिवेदन दिएको छ। सोही सुझावअनुसार २०७९।८० कार्तिकको दोस्रो सातादेखि करिब ७ महिना मेलम्ची खोलाको पानी काठमाडौँ उपत्यकामा आपूर्ति भएकोमा २०८०।८१ मा मेलम्ची खानेपानी विकास समिति बोर्ड तथा खानेपानी मन्त्रालयबाट समयमा निर्णय हुन नसक्दा २०८० माघको पहिलो सातामा मात्र काठमाडौँ उपत्यकामा पानी वितरण कार्य सुरु भएको देखिन्छ। समयमा निर्णय हुन नसक्दा उपत्यकामा लामो समयसम्म पानीको अभाव हुन गएको छ। समयमा निर्णय, अनुगमन, सुपरिवेक्षण गरी पानी आपूर्तिलाई सहज बनाउनुपर्दछ।

२६. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको प्राविधिक पुष्ट्याईंसहित भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१. मेलम्ची खोलाको पानी २०७७।१२।१३ देखि २०७८।३।१ सम्म ८० दिन सञ्चालन तथा परीक्षण पश्चात् प्रशोधित पानी उपत्यकामा वितरण भई पानी प्रशोधन केन्द्र (दोस्रो) को निर्माण कार्य सम्पन्न भएको उल्लेख गरी २०७८।१।१७ देखि लागु हुने गरी आयोजना जिम्मा लगाएकोमा निर्माण कार्य सम्पन्न भएको १ वर्ष ३ महिनापछि २०७९।४।४ मा छैटौं भेरिएसन आदेश जारी गरी ३६ औँ रनिङ बिलबाट रू.५ करोड ४९ हजार निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ।

मेलम्ची खानेपानी विकास समितिले २०७४।९।१६ देखि लागु हुनेगरी पानी प्रशोधन केन्द्र (प्रथम) को कार्यस्वीकार प्रतिवेदन दिई पानी प्रशोधन केन्द्र आफ्नो स्वामित्वमा आएको अवस्थामा मर्मत अवधिको भेरिएसन आदेश जारी गरी यो वर्ष ७२ औँ रनिङ बिलबाट निर्माण व्यवसायीलाई रू.१ करोड ४२ लाख ६२ हजार भुक्तानी गरेको छ। पानी प्रशोधन केन्द्र (प्रथम) को कार्य स्वीकार प्रतिवेदन जारी गरेको र पानी प्रशोधन केन्द्र (दोस्रो) को सम्पूर्ण निर्माण कार्य सम्पन्न भई कार्य सम्पन्न प्रमाणपत्र जारी भए पश्चात् पानी प्रशोधन केन्द्रको स्वामित्व समितिमा प्राप्त भएको छ। प्रशोधन केन्द्रको जिम्मा समितिले प्राप्त गरेपछि भेरिएसन आदेश स्वीकृत गरी अतिरिक्त भुक्तानी दिएको नियमसम्मत देखिएन।

२६.२. सुरुङ निर्माणको प्रथम चरणको कार्य २०७७।१२।८ मा समाप्त भई सञ्चालन, परीक्षण तथा त्रुटि सच्याउने अवधि थप एक वर्ष रहने गरी परामर्शदाताले सिफारिस गरे पश्चात् मेलम्ची खानेपानी विकास समितिले सोही दिन निर्माण सम्पन्न सुरुङको टेस्टिङ एण्ड कमिसनिङ कार्यको प्रमाणपत्र जारी गरेको छ। सो पश्चात् म्याद थप तथा भेरिएसन जारी गरी निर्माण व्यवसायीलाई प्रथम चरणको कार्यको रू.२ करोड ३९ लाख ५३ हजार भुक्तानी भएको छ। प्रथम चरणको कार्य सम्पन्न भई पानी सञ्चालन र

परीक्षण तथा त्रुटि सच्याउने अवधि एकै साथ रहने गरी म्याद थप तथा भेरिएसन स्वीकृत गरी प्रथम चरणको कार्यको भुक्तानी दिएको नियमसम्मत देखिएन।

२६.३. हेडवर्क्स एवं सुरुङ निर्माण कार्यका निर्माण व्यवसायी २०७५।८।२९ मा निर्माण कार्य स्थगन गरी निर्माणस्थल छोडेकोले हेडवर्क्स अर्न्तगतका बाँकी कार्यहरू २०७७।१०।२९ मा सम्पन्न गर्ने गरी २०७६।६।२४ मा एक विदेशी कम्पनीसँग मूल्य अभिवृद्धि करवाहेक रू.९० करोड ९८ लाख ९७ हजारको खरिद सम्झौता गरेको छ। हेडवर्क्स निर्माण कार्यको करिब ९५ प्रतिशत काम सम्पन्न भएकोमा २०७८ आषाढमा मेलम्ची खोलामा आएको बाढीको कारण निर्माणाधीन हेडवर्क्समा पूर्णरूपले क्षति भई निर्माण कार्य अवरुद्ध भएको छ। बाढीले क्षति पुऱ्याएको कारण थप कार्य गर्नुपरेको उल्लेख गरी समितिले ३५.४५ प्रतिशतले सम्झौता अङ्क वृद्धि हुने गरी मूल्य अभिवृद्धि करसमेत रू.३६ करोड ४४ लाख ९१ हजारको दोस्रो भेरिएसन स्वीकृत गरेको देखिन्छ। निर्माण व्यवसायीको दायित्वभित्र पर्ने अप्रत्यक्ष खर्च रू.३ करोड १६ लाख ९७ हजार, विभिन्न गेट, अम्बाथान पोर्टल र अगाडि तथा भित्री भागमा थुप्रिएको गेग्रान हटाउन रू.२१ करोड ९६ लाख ४४ हजारसमेत निर्माण व्यवसायीलाई रू.२५ करोड १३ लाख ४१ हजार भुक्तानी भएको छ। क्षति भएको संरचनाको बीमा दाबी नगरी भेरिएसन गरी थप भुक्तानी दिएको नियमसम्मत देखिएन।

२६.४. समितिले मेलम्ची खानेपानी आयोजना दोस्रो चरणअर्न्तगत १०.४८ किलोमिटर पहुँचमार्ग तथा पुल निर्माण कार्यको निर्माण व्यवसायीसँग भएको सुरु सम्झौतामा सवारीसाधन सञ्चालन खर्च दिने व्यवस्था नभएकोमा भेरिएसनबाट थप गरी यो वर्ष रू.१ करोड १५ लाख ४६ हजार भुक्तानी दिएको छ। निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्ध नरहेको सवारीसाधन सञ्चालन खर्चलाई नयाँ आइटमको रूपमा भेरिएसन मार्फत थप गरी भुक्तानी दिएको नियमसम्मत देखिएन।

२७. **बढी खर्च** - मेलम्ची खानेपानी आयोजनाले हेडवर्क्स निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग गरेको खरिद सम्झौतामा जनरल आइटमअर्न्तगत बिल अफ क्वान्टिटीमा तोकेको कार्य सम्पन्न गर्ने दायित्व निर्माण व्यवसायीको हुने उल्लेख छ। निर्माण व्यवसायीले जनरल आइटममा रू.९ करोड ३१ लाख १४ हजारसम्म खर्च गर्न पाउने व्यवस्था रहेकोमा रू.१२ करोड ११ लाख ६५ हजार भुक्तानी गरेको छ। सम्झौतामा तोकेको सीमाभन्दा रू.२ करोड ८० लाख ५१ हजार बढी भुक्तानी गरेको छ। निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित बाहेकका आइटमहरूमा भेरिएसन गरी भुक्तानी गर्दा थप व्ययभार परेको छ।

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणालीसँग सम्बन्धित भौतिक पूर्वाधारहरूको विकास तथा स्तरोन्नति गरी मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त पानीलाई न्यायोचित, वैज्ञानिक तथा समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था मिलाई उपत्यकाबासीलाई दिगो, भरपर्दो तथा गुणस्तरयुक्त एवं स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन र घर घरबाट निस्कने फोहर पानीलाई सङ्कलन तथा प्रशोधन गरी समग्र वातावरणमा सुधार गर्ने उद्देश्यले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड मार्फत एसियाली विकास बैङ्कको ऋण सहयोगमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडअन्तर्गत रहने गरी यस निर्देशनालयको २०६६ मा स्थापना भएको छ। निर्देशनालयले मेलम्ची खानेपानी आयोजनाको उपआयोजना-२ अन्तर्गतको कार्यहरू सम्पादन गर्दै आएको छ।

२८. **वित्तीय स्थिति -** दातृ निकायसँग भएका ४ ऋण सम्झौताअनुसार आयोजनामा एसियाली विकास बैङ्कबाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर १७ करोड ७ लाख र ओपेक फण्ड (ओफिड) बाट अमेरिकी डलर १ करोड ६० लाखसमेत अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार (रू.५१ अर्ब २५ करोड २ लाख) खर्च हुने अनुमान रहेकोमा आयोजनाले यो वर्ष खर्च भएको रू.२ अर्ब ८१ करोड ६ लाख २९ हजारसमेत हालसम्म रू.३७ अर्ब २८ करोड ५४ लाख ३० हजार खर्च गरेको छः

क्र.सं.	खर्चको विवरण	जम्मा खर्च (रू.हजारमा)			खर्चको अनुपात प्रतिशतमा
		गत वर्ष सम्मको खर्च	यो वर्षको खर्च	हाल सम्मको खर्च	
१	सञ्चालन खर्च	८२५९५९	११६०८४	९४२०४३	२.५३
२	उपकरण, भवन	३६७९९०	९४५४	३७७४४४	१.०१
३	सिभिल वर्क्स	३०२८४८२५	२४०६३६०	३२६९११८५	८७.६८
४	परामर्श सेवा	२९९६०२७	२७८७३१	३२७४७५८	८.७८
	कुल जम्मा	**३४४७४८०१**	**२८१०६२९**	**३७२८५४३०**	**१००**

२९. **पाइपलाइनमा क्षति -** सार्वजनिक लेखा समितिले सडक, खानेपानी, सिँचाइ, विद्युतीकरण, सञ्चार लगायतको पूर्वाधार विकास गर्दा अन्तरनिकाय समन्वय गरी क्षति नहुने गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिएको छ। आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभागबीच भएको सम्झौताको बुँदा ७ मा आयोजना कार्यान्वयन निर्देशनालयबाट पाइप विच्छ्याइसकिएको सडकमा सडक विभागले सडक निर्माणको क्रममा पाइपमा क्षति पुग्न गएमा सो क्षतिलाई पुनःनिर्माण गर्न लाग्ने रकम सडक विभागले आयोजना कार्यान्वयन निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था छ। निर्देशनालयले २०७९।८० सम्म रू.१९ करोड ७६ लाख ६० हजारको पाइप क्षति मूल्याङ्कन गरेकोमा विभिन्न निकायमा रू.४ करोड ३८ लाख ८५ हजार मात्र क्षतिपूर्ति दाबी गरेको छ। सडक तथा अन्य पूर्वाधार निर्माणको क्रममा उक्त पाइपहरू क्षति भएकोले पाइप पुनः स्थापना गर्दा निर्मित सडक तथा पूर्वाधारको पुनःक्षति भई क्षतिको रकम बढ्ने अवस्था रहेकोले सरोकारवाला निकायसँग समन्वय गरी सबै प्रकारका संरचनाको क्षति मूल्याङ्कन गर्नुपर्दछ। उक्त समितिको निर्णयबमोजिम अन्तरनिकाय समन्वय नभएका कारण क्षति भएको रकमको सम्बन्धमा सम्बन्धित निकाय एवं पदाधिकारीलाई जिम्मेवार बनाई आगामी दिनमा क्षति नै हुन नदिने गरी समन्वय गर्नुपर्दछ।

३०. **भेरिएसन -** सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन व्यवस्थित गर्न थप कानूनी व्यवस्थाको लागि २०७६।११।८ मा निर्देशन दिएकोमा निर्देशन कार्यान्वयन भएको छैन। आयोजनाले २ ठेक्कामा लमसम आइटममा समेत भेरिएसन गरी रू.१ करोड ६१ लाख ४५ हजार भुक्तानी हुन गई थप व्ययभार परेको छ।

डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलले बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन आदेश लगायतका पक्षमा अस्पष्टता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३१. **बढी खर्च** - निर्माण कार्यको खरिद सम्झौतामा जनरल आइटमअन्तर्गत बी.ओ.क्यू.मा तोकिएका कार्य सम्पन्न गर्ने दायित्व निर्माण व्यवसायीको रहने उल्लेख छ। आयोजनाले एक ठेक्काको रनिङ बिल

भुक्तानी गर्दा निर्माण व्यवसायीको दायित्व भित्रका जनरल आइटममा खर्च गर्न पाउने सीमाभन्दा बढी रू.२ करोड ७ लाख ६ हजार भेरिएसन गरी भुक्तानी गरेको छ। निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित बाहेकका आइटमहरूमा भेरिएसन गरी भुक्तानी गर्दा थप व्ययभार परेको छ।

३२. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३२.१. निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा सुरु सम्झौताको अन्तिम मितिको मूल्य समायोजन सूचकाङ्क अनुसार मूल्य समायोजन गणना गर्नुपर्नेमा निर्देशनालयले म्याद थप भएको अवधिको सूचकाङ्क प्रयोग गरी मूल्य समायोजन गणना गर्दा ६ निर्माण व्यवसायीलाई रू.१४ करोड ९० लाख २६ हजार बढी मूल्य समायोजन भुक्तानी गरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

३२.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट हुने निर्माण कार्यको मूल्य समायोजनलाई व्यवस्थित गर्न २०७६।११।८ मा दिएको निर्देशन कार्यान्वयन भएको छैन। आयोजना निर्देशनालयले लमसम प्रकृतिका ढल प्रशोधन केन्द्र निर्माण कार्यको डिजाइन एण्ड बिल्ट सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखी एक निर्माण व्यवसायीलाई यो वर्ष रू.१२ लाख ५१ हजार मूल्य समायोजनबापत भुक्तानी गरेको छ।

डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन र नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलले बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसन आदेशलगायतका पक्षमा अस्पष्टता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३३. **अधुरा ठेक्का** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० मा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ। निर्देशनालयअन्तर्गत चालु रहेका परामर्श सेवा र निर्माण कार्यका २५ खरिद सम्झौतामध्ये म्याद समाप्त भएका २४ ठेक्कामा परामर्शदाताको सिफारिसको आधारमा ८ पटकसम्म म्याद थप हुँदा पनि निर्माण कार्य सम्पन्न भएको छैन। म्याद थपको कारणले जनरल आइटममा समेत भेरिएसन भएको, मूल्य समायोजन रकम थप हुँदै गएको आदि कारणले लागत बढ्न गएको छ। सम्झौतामा व्यवस्था भएअनुसार कार्यतालिकाबमोजिम काम सम्पन्न गराउनुपर्दछ।

३४. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौताबमोजिमको कामको प्रगति नगरेमा सम्झौता अन्त्य गर्न सक्ने, सो कार्यबापत राखेको पूरै जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्दछ सो रकम निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। निर्देशनालयले महानगरभित्र सडक

पुनर्निर्माण कार्यको रू.९२ करोड ८२ लाखको एक ठेक्का र ढल प्रशोधन प्लान्टसम्बन्धी एक ठेक्काको रू.५६ करोड ९८ लाख र अमेरिकी डलर ३ करोड ९ लाख समेत २ ठेक्काको खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरी पेस्की र कार्य सम्पादन जमानत जफत गरेको छ। खरिद सम्झौताअन्तर्गतका बाँकी कार्य गर्नको लागि आवश्यक पर्ने लागत सम्बन्धमा मूल्याङ्कन गरेको देखिएन। बाँकी काम सम्पन्न गर्न आवश्यक पर्ने रकम यकिन गरी ऐनबमोजिम सम्बन्धित निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल गर्नुपर्दछ।

३५. **पाइप परीक्षण -** खानेपानी वितरण लाइन सुधार कार्यसम्बन्धी प्याकेज ३ का निर्माण व्यवसायीसँग भएको सम्झौतामा पाइप तथा फिटिङ्सको कार्य सम्पादन गरेपछि १५ प्रतिशत भुक्तानी गर्नुपर्ने व्यवस्था भए तापनि आयोजनाले मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी वितरणको कार्यमा ढिलाइ भएको जनाई छोटो अवधिमा परीक्षण गरी अस्थायी रूपमा पानी प्रवाह गरेको आधारमा ७ प्रतिशत भुक्तानी गरेको छ। सम्झौता विपरीत भुक्तानी भएको रू.३ करोड ६३ लाख ६५ हजार यकिन गरी असुल हुनुपर्दछ।

३६. **निर्माण कार्य** - काठमाडौंको कपनमा वितरण लाइन सुधार कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७८।५।११ सम्म कार्य सम्पन्न गर्ने गरी रू.१ अर्ब ४१ करोड ६९ लाख २३ हजारको खरिद सम्झौता भई तेस्रो पटक २०८० आषाढ मसान्तसम्मको लागि म्याद थप भए पनि कार्य प्रगति भएको छैन। निर्माण कार्य समयमा सम्पन्न हुने अवस्थाको सुनिश्चित हुने गरी संशोधित कार्यतालिकासहित निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

गोकर्ण र हनुमान घाटमा विकेन्द्रीकृत फोहोर पानी प्रशोधन केन्द्र निर्माण कार्यका निर्माण व्यवसायीलाई रू.७ करोड २९ लाख ५५ हजार पेस्की दिएकोमा क्याम्प स्थापना गर्ने बाहेक अन्य कार्य भएको छैन। खरिद सम्झौता बमोजिम पेस्की लिई कार्य नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई पेस्की रकम र सोको ब्याजसमेत असुल गरी सम्झौताअनुसारको निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

नेपाल खानेपानी संस्थान (२०७८।७९)

नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्ने उद्देश्यले नेपाल खानेपानी संस्थान ऐन, २०४६ अनुसार यो संस्थान २०४६।११।१५ मा स्थापना भई सञ्चालनमा रहेको छ। सोही ऐनको दफा ८ बमोजिम गठन हुने संस्थानको सञ्चालक समितिमा नेपाल सरकारले तोकेको अध्यक्ष, नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रतिनिधि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रतिनिधि, संस्थानले सेवा पुऱ्याएका नगरपालिकामध्येबाट एक नगरपालिका प्रमुख, उपभोक्ता हित संरक्षणमा संलग्न उपभोक्तामध्येबाट नेपाल सरकारले तोकेको २ महिला प्रतिनिधि, खानेपानी गुणस्तरसम्बन्धी विशेषज्ञमध्येबाट नेपाल सरकारले तोकेको १, पर्यावरण संरक्षणमा संलग्न संस्थाहरूमध्येबाट नेपाल सरकारले तोकेको १ सदस्य र संस्थानको महाप्रबन्धक सदस्य-सचिव रहने व्यवस्था छ। संस्थानले २२ शाखा कार्यालयमार्फत सेवा पुऱ्याउँदै आएको छ। संस्थानमा ८३४ कर्मचारीको स्वीकृत दरबन्दी रहेकोमा स्थायी २९७ (४८ प्रतिशत) र करारमा ३२४ (५२ प्रतिशत) समेत ६२१ कर्मचारी कार्यरत रहेका छन्।

३७. **वित्तीय स्थिति** - संस्थानको २०७९ आषाढ मसान्तमा संस्थानको कोष रू.८४ करोड ६५ लाख, पुँजीगत जगेडा कोष रू.१४ करोड ७७ लाख, ऋण रू.१२ अर्ब २२ करोड ३६ लाख, चालु दायित्व तथा व्यवस्था रू.२ अर्ब २८ करोड ६८ लाख गरी जम्मा संस्थानको कोष तथा दायित्व रू.१५ अर्ब ५० करोड ४६ लाख रहेको छ। स्थिर सम्पत्ति रू.४ अर्ब ४२ करोड ८४ लाख, निर्माणाधीन सम्पत्ति रू.२ अर्ब ६५ करोड ३७ लाख र चालु सम्पत्ति रू.५ अर्ब ९३ करोड २६ लाखसमेत सम्पत्ति रू.१३ अर्ब १ करोड ४७ लाख रहेको छ। गत वर्षसम्म सञ्चित नोक्सान रू.२ अर्ब ५ करोड ६२ लाख रहेकोमा यो वर्ष रू.४३ करोड ३६ लाख थप भई रू.२ अर्ब ४८ करोड ९८ लाख सञ्चित नोक्सानी रहेको छ।

३८. **सञ्चालन नतिजा** - संस्थानले २०७८।७९ मा कुल आम्दानी रू.९१ करोड ७४ लाख, सञ्चालन खर्च रू.६६ करोड ५८ लाख, ब्याज खर्च रू.४७ करोड ८६ लाख र ह्रास कट्टी खर्च रू.२० करोड ६६ लाखसमेत रू.१ अर्ब ३५ करोड १० लाख कुल खर्च गरेको छ।

३९. **कोषको संरचना** - संस्थानको कोष रू.८४ करोड ६५ लाखमध्ये नेपाल सरकारको शेयर लगानी रू.३४ करोड ७६ लाख, खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरित नेपाल सरकारको अनुदान रू.६ करोड ३६ लाख, खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरित नेपाल सरकारको १२ शाखाबापतको अनुदान रू.३७ करोड ५७ लाख, नगद अनुदान रू.५ करोड ८८ लाख र बहादुरगन्ज उपभोक्ता समितिबाट हस्तान्तरित बक्यौता अनुदान रू.८ लाख रहेको छ ।

४०. **वित्तीय नतिजाको अनुपात** - सम्पत्ति र आम्दानी अनुपात गत वर्ष १३५१.९९ प्रतिशत रहेकोमा यो वर्ष १४१८.५९ प्रतिशत रहेको छ। पुँजी लगानीमा सञ्चालन नाफा (नोक्सान) को अवस्था गत वर्ष २० प्रतिशत रहेकोमा यो वर्ष २५ प्रतिशत रहेको छ। चालु सम्पत्ति र चालु दायित्वको अवस्था गत वर्ष २५४.३५ प्रतिशत रहेकोमा यो वर्ष २५९.४३ प्रतिशत पुगेको छ। चालु सम्पत्तिबाट चालु दायित्व घटाउँदा खुद चालु पुँजीको फरक गत वर्ष रू.३ अर्ब २१ करोड ६ लाख रहेकोमा यो वर्ष रू.३ अर्ब ६४ करोड ५९ लाख पुगेको छ। कुल नाफा (नोक्सान) अनुपात गत वर्ष २३ प्रतिशत रहेकोमा यो वर्ष २८ प्रतिशत पुगेको छ।

४१. **वित्तीय प्रतिवेदनमानको कार्यान्वयन** - नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था गरे तापनि यस संस्थानले वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदन मानबमोजिम सम्पूर्ण कारोबारको लेखा नीतिसम्बन्धी पर्याप्त जानकारी एवं खुलासा नगरी सामान्य लेखा नीतिबमोजिमको खुलासा मात्र गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४२. **खरिद व्यवस्थापन** - संस्थानले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना तथा खरिद योजना तयार गरेको पाइएन। सार्वजनिक खरिद नियमावलीको नियम ८४ मा रू.१० लाखभन्दा माथिको खरिद सिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा संस्थानका पोखरा, जलेश्वर र मलङ्गवा कार्यालयले रू.१० लाखभन्दा बढीको कार्यलाई २/३ टुक्रा पारी खरिद गरेको देखियो। संस्थानले यो वर्ष निर्माण तथा मर्मत कार्यका लागि रू.१ अर्ब १४ करोड १ लाख ८८ हजार पुँजीगत खर्च गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम निर्माण व्यवसायीले कार्ययोजना स्वीकृतिका लागि पेस नगरेको, बीमा नगरेको, ऐनको दफा २७ बमोजिम बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला नगरेको, ऐनको दफा ६० अनुसार

खरिद सम्झौता सम्पन्न भएपछि बोलपत्र वा परामर्श सेवा मूल्याङ्कनको परिणामसहितको सूचना सार्वजनिक नगरेको एवं कार्यसम्पन्न पश्चात् स्वीकृत ड्रइङ पेस नगरेकोले कानुनी व्यवस्थाको पालना भएको देखिएन। ऐन तथा नियमावलीको पालना गरी निर्माण कार्य व्यवस्थित गर्नुपर्दछ।

४३. **प्रगति** - संस्थाबाट प्राप्त विवरणअनुसार संस्थानले यो वर्ष रू.३ अर्ब ७२ करोड ५९ लाख पुँजीगत खर्च गर्ने लक्ष्य/प्रक्षेपण गरेकोमा रू.१ अर्ब १४ करोड २ लाख (प्रक्षेपणको ३१ प्रतिशत) मात्र खर्च गरेको एवं यो वर्ष १ लाख ४५ हजार ५२५ धारा सङ्ख्या पुऱ्याउने लक्ष्य रहेकोमा १ लाख ३५ हजार ९५८ धारा जडान भएको छ। लक्ष्यअनुसार धारा जडान हुनुपर्दछ।

४४. **दीर्घकालीन ऋण तथा लगानी** - संस्थानले नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालन भएपश्चात् संस्थानमा नेपाल सरकारले गरेको लगानी तथा नेपाल सरकारले उपलब्ध गराएको ऋण रकमबाट नै खानेपानीका लागि संरचना निर्माण र वितरणको कार्य गर्दछ। संस्थानमा नेपाल सरकार तथा विश्व बैङ्कले उपलब्ध गराएको ऋणसमेत यो वर्षसम्म रू.१२ अर्ब २२ करोड ३६ लाख दीर्घकालीन ऋण रहेको छ।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७६।७७ मा नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाईका) बीच भएको अनुदान र सहायक ऋणको सम्झौताबमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि प्राप्त रू.१ अर्ब १६ करोड ९५ लाख ८८ हजारलाई दीर्घकालीन ऋणअन्तर्गत प्रस्तुत गरेको छ। सहायक ऋण सम्झौताको दफा ३.०१ अनुसार आयोजना कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारबाट संस्थानका महाप्रबन्धकलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको उल्लेख भए तापनि उक्त निर्माणाधीन कार्यको लागि आयोजनाको ड्रइङ्ग, डिजाइन, विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिद प्रक्रियाका कागजात, निर्माण व्यवसायीसँग भएका सम्झौता, भुक्तानी प्रक्रियाका कागजात तथा बिल बिजक, हालसम्म भएको भौतिक तथा वित्तीय प्रगति आयोजना मूल्याङ्कनलगायतका कागजात लेखापरीक्षणमा उपलब्ध नभएबाट प्राप्त रू.१ अर्ब १६ करोड ९५ लाख ८८ हजार ऋण रकम र निर्माणाधीन सम्पत्तिमा प्रस्तुत गरेको उक्त रकम यकिन गर्न सकिने अवस्था छैन। साथै २०७८।७९ मा उक्त परियोजनाको निर्माणाधीन सम्पत्ति सम्बन्धी प्रगति विवरण प्राप्त भएन। त्यसैगरी २०७७।७८ र २०७८।७९ मा यस शीर्षकअन्तर्गत कुनै पनि लेखाङ्कन नभएकोले वर्षान्तमा कायम ऋण रकम एवं पुँजीगत खर्च (निर्माणाधीन) यकिन हुन सकेन।

४५. **हिसाब मिलान** - संस्थानले यस आर्थिक वर्षसम्म कायम गरेको ऋण रू.१२ अर्ब २२ करोड ३६ लाखको महालेखा नियन्त्रक कार्यालयबाट विवरण लिई भिडान गरेको छैन। जसबाट उक्त ऋण तथा सो ऋणअन्तर्गत लेखाङ्कन गरेको ब्याज रकम यकिन गर्न सकिने अवस्था देखिएन। साथै, सार्वजनिक ऋण कार्यालयको २०७८।७९ को प्रारम्भिक प्रतिवेदनअनुसार नेपाल खानेपानी संस्थानको २०७९ असार मसान्तको वैदेशिक ऋण रू.६ अर्ब ९७ करोड २१ लाख ९१ हजार रहेकोमा संस्थानको लेखाअनुसार जाईकाको रू.१ अर्ब १६ करोड ९५ लाख ८७ हजार र विश्व बैङ्कको रू.१४ करोड २७ लाख २८ हजारसमेत रू.१ अर्ब ३१ करोड २३ लाख १६ हजार ऋण देखिएकोले रू.५ अर्ब ६५ करोड ९८ लाख ७५ हजार फरक परेको छ। उक्त फरक रकमको हिसाब मिलान गरी ब्याज र ऋणको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४६. **कार्य सञ्चालन स्थिति -** संस्थानले खानेपानी महसुल निर्धारण आयोगबाट २०७०।११।१ मा कायम गरेको खानेपानी महसुल दरबमोजिम नै खानेपानी शुल्क उठाउँदै आएको छ। लाभ लागतको विश्लेषण नगर्नु, खर्चमा नियन्त्रण नगर्नु, प्रणाली मर्मतमा नियन्त्रण कमजोर रहनु, प्रत्यक्ष लागत खर्चसमेत महसुल आम्दानीले धान्न नसक्नु, ब्याज खर्च वृद्धि हुनु जस्ता कारणबाट संस्थानको खुद नोक्सानीमा वृद्धि भई सञ्चित नोक्सानी रू.२ अर्ब ४८ करोड ९८ लाख पुगेको छ। संस्थानका ४२ प्रतिशत शाखाहरूको सञ्चालन खर्चभन्दा आम्दानी घटी भएको अवस्था देखिएकोले सुधार गर्नुपर्दछ।

४७. **स्थिर सम्पत्ति** - संस्थानको वित्तीय विवरणअनुसार यो वर्ष स्थिर सम्पत्ति रू.४ अर्ब ४२ करोड ८४ लाख रहेको छ। अनुसूचीमा उल्लेख भएअनुसार उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजर्भायर, पाइप लाइन, ढल, वेल, प्लान्ट एण्ड मेसिनरी र अन्य सम्पत्तिसमेत समावेश छ। संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरूको नाम, मोडल र स्पेसिफिकेसन, कोड नं., जग्गाधनी नम्बर, ह्रासकट्टी रकम, प्रयोग भएको स्थान, सम्पत्तिहरूको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य, निर्माण सम्पन्न भएको मिति र कार्यसम्पन्न मूल्य, योजनाहरू रहेको स्थान आदि खुल्ने गरी अभिलेख तयार/अद्यावधिक गर्न बाँकी रहेको छ। अभिलेख अद्यावधिक गरी सम्पत्तिको पूर्ण व्यवस्थापन तथा सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ।

४८. **पाइप लाइन विस्तार तथा आम्दानी -** संस्थानले खानेपानी वितरणको लागि नयाँ योजनाहरूमा समेत लाभ लागत विश्लेषण गर्ने गरेको छैन। पाइप लाइन विस्तार, धारा सङ्ख्या वृद्धि भएका स्थानमा विस्तारबमोजिम आम्दानीसमेत वृद्धि हुनुपर्नेमा सोबमोजिम हुने गरेको देखिएन।

पानीको महसुल र पानी उत्पादन, वितरण र गुणस्तर नियन्त्रणलगायत प्रत्यक्ष लागतको तुलना गर्दा धेरै शाखाहरूको खुद पानी महसुल प्रत्यक्ष लागतभन्दा निकै कम देखिएको छ। राजविराज, जनकपुर, जलेश्वर, गौशाला, लाहान, मलङ्गवा, गौर, तौलिहवा, कृष्णनगर, बहादुरगन्ज शाखाको कुल नोक्सानी आम्दानीको १०० प्रतिशतभन्दा बढी रहेको छ। त्यस्तै शाखाहरूमा मिटर नभएको निजी र सरकारी धाराको सङ्ख्या यथावत रहँदासमेत ती शाखामा गत वर्षभन्दा कम महसुल लेखाङ्कन गरेको, जडित धाराको महसुल रकम आम्दानी जनाएको समेत देखिएन। उल्लिखित अवस्थाले संस्थानको हुनुपर्ने वास्तविक आयलाई प्रतिविम्बित गरेको अवस्था छैन।

४९. **सेवा प्रवाह** - संस्थानको मुख्य उद्देश्य नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउनु तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्नु रहे तापनि उपलब्ध विवरणबमोजिम यो वर्ष २२ शहरी क्षेत्रमा विभिन्न साइजका १ लाख ३६ हजार धारामार्फत सेवा उपलब्ध गराउँदै आएको छ। संस्थानका शाखा कार्यालयहरूबाट खानेपानीको बिलिङ्ग विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था भए तापनि खानेपानीसम्बन्धी गुनासो म्यानुअल रूपमा व्यवस्थापन गर्ने गरेको छ। स्वच्छ खानेपानीको आपूर्ति गर्न संस्थानले अद्यावधिक सूचना, आवश्यकताबमोजिम संस्थानको क्षमता र सेवा उपलब्ध गराउन सक्ने समयसहितको संस्थानको रणनीतिक योजना तथा कार्यसञ्चालन योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ। यसका साथै सबै शाखामा खानेपानी महसुल ई-पेमेण्टबाट गर्ने व्यवस्था गर्नुपर्दछ।

५०. **पानी चुहावट** - संस्थानको २०७७।७८ को वार्षिक प्रतिवेदनअनुसार पानी चुहावट दर औषतमा २४ प्रतिशत रहेकोमा २०७८।७९ को प्रतिवेदन तयार गरेको देखिएन। चुहावट गणना गर्ने कुनै भरपर्दो

आधार पहिचान गर्न नसकेको कारण यसबाट संस्थानलाई परेको नोक्सानी यकिन गरेको छैन। पानी चुहावटबाट उत्पादन लागत बढेको र महसुल आम्दानीमा ह्रास आएकोले कार्ययोजना बनाई चुहावटलाई नियन्त्रण गर्नुपर्दछ।

५१. **जिन्सी व्यवस्थापन** - संस्थानले जिन्सी सामानको मूल्याङ्कन नेपाल लेखामान-२ (जिन्सी) अनुसार गरेको छैन। शाखाहरूबिच हस्तान्तरण भएका जिन्सी मौज्दातको लगत अद्यावधिक गरेको छैन। संस्थानको एक शाखा कार्यालयको जिन्सी अभिलेखअनुसार रू.२ लाख २१ हजार मूल्यका २१ थान सामान देखिएकोमा भौतिक परीक्षणमा रू.४ हजारका ४ थान सामान मात्र रहेको पाइयो। यसैगरी अर्को एक शाखा कार्यालयमा स्थान अभावका कारणले सामानहरु खुला चौरमा छरपस्ट राखेको पाइयो। जिन्सी खातालाई समयमै अद्यावधिक गर्नुका साथै सामानको भण्डारण र सुरक्षामा ध्यान दिनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ सामग्री मौज्दात राखेको, जिन्सीबाट खर्च जनाएको पाइपको नापी किताबमा जडान नभएको, निर्माण कार्यमा भेरिएसन र म्याद थप भएको, मूल्य समायोजन बढी भुक्तानी भएको लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
    - **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति देहायअनुसार छः
    - सरकारी कार्यालयतर्फ ३३ निकायमा रू.८३ करोड ५ लाख ५१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ११ निकायले रू.६ करोड ५९ लाख ९४ हजार फर्स्यौट गरेकोले रू.७६ करोड ४५ लाख ५७ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९ करोड ८१ लाख ७३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
    - अन्य संस्थातर्फ २ निकायमा रू.८७ करोड २ लाख ६४ हजार बेरुजु देखिएकोमा रू.३६ करोड ८८ लाख ६८ हजार फर्स्यौट गरेकोले रू.५० करोड १३ लाख ९६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२ लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति, कार्यान्वयन र नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकतासम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागु औषध नियन्त्रण, सीमा प्रशासन, अपराध अनुसन्धान, सङ्गठित अपराध नियन्त्रण, मानव अधिकार संरक्षण र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८६६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** – मन्त्रालयसमेत ८६३ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब २७ अर्ब १२ करोड २ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९८७८५३	१०८९६५	२५२७४	१४९११०	१२७१२०२

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई स्थानीय तहबाट खर्च भएको सामाजिक सुरक्षा रू.१ खर्ब ८ अर्ब २६ करोड ७४ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.२३ करोड ४६ लाख समावेश गरिएको छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट बजेट विनियोजन भएको रू.१७ लाख र भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयबाट बजेट विनियोजन भएको रू.२ करोड १२ लाखसमेत रू.२ करोड २९ लाख समावेश छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष ३ संस्थाको रू.१६ अर्ब ५३ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष कारागार पूर्वाधार व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण र विपद् व्यवस्थापनमा सेन्डाई कार्य ढाँचाको कार्यान्वयन अवस्था विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

४. **विनियोजन तथा खर्च** - मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्ष रू.२ खर्ब ११ अर्ब ४४ करोड ६४ लाख विनियोजन भएकोमा रू.२ खर्ब ४ अर्ब ७७ करोड ७७ लाख (९६.८५ प्रतिशत) खर्च भएको छ। उक्त खर्चमध्ये चालु खर्च रू. १ खर्ब ९६ अर्ब ६० करोड ८३ लाख (९६.०१ प्रतिशत) र पुँजीगत खर्च रू.८ अर्ब १६ करोड ९४ लाख (३.९९ प्रतिशत) रहेको छ। चालु खर्चमध्ये पारिश्रमिक तथा अन्य सुविधा खर्च रू. ७५ अर्ब ६६ करोड २१ लाख र शान्ति सुरक्षा लगायतका प्रशासनिक खर्च रू.१ खर्ब २० अर्ब ९४ करोड ६२ लाख रहेको छ। पुँजीगत खर्चमध्ये स्थिर सम्पत्तितर्फ रू.८ अर्ब १६ करोड ४५ लाख र जग्गा प्राप्तिमा रू.४९ लाख खर्च भएको छ।

४.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण

पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको चालु र पुँजीगततर्फ रू.२ खर्ब ४ अर्ब ७७ करोड ७७ लाख खर्च उल्लेख गरेकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, अन्य सहायता र प्रदेश सरकारबाट प्राप्त निकासा र खर्च समावेश गरेको छैन। उल्लिखित अवस्थामा एकीकृत वित्तीय विवरणले मन्त्रालयको समग्र स्थिति चित्रण गर्न सकेको छैन। ऐनको व्यवस्थाबमोजिम समग्र आय-व्ययको केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

४.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(४) मा रकमान्तर गर्नुपर्ने कारणसहित सम्बन्धित सचिवबाट निर्णय गराई अनुरोध भएमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्षको शुरू बजेट रू.१ खर्ब ८५ अर्ब ३ करोड ४५ लाख रहेकोमा रकमान्तरबाट रू.४२ अर्ब ६५ करोड ६ लाख थप र रू.१६ अर्ब २३ करोड ८७ लाख घट भई अन्तिम बजेट रू.२ खर्ब ११ अर्ब ४४ करोड ६४ लाख कायम भएको छ। पारिश्रमिक, मालसामान तथा सेवाको उपभोग, भवन तथा संरचनाजस्ता खर्च शीर्षकमा आवश्यक बजेट विनियोजन नभएकोले रू.१९ करोड ७४ लाख ६२ हजार भुक्तानी हुन नसकी आगामी वर्षको लागि दायित्व सारेको देखिन्छ। उल्लिखित अवस्थाले यथार्थपरक बजेट विनियोजन भएको नदेखिँदा सुधार हुनुपर्दछ।

४.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेस्की दिने र पेस्की फर्स्यौंट गर्ने सम्बन्धी उल्लेख छ। मन्त्रालयले पेस गरेको पेस्कीको एकीकृत केन्द्रीय विवरण अनुसार यस वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूले रू.३ अर्ब ४६ करोड ३४ लाख पेस्की प्रदान गरेकोमा वर्षान्तमा म्याद नाघेको पेस्की रू.३ अर्ब ३१ करोड ६३ लाख र म्याद ननाघेको पेस्की रू.१४ करोड ७० लाख रहेको छ। नियमावलीले तोकेको अवधिमा पेस्की फर्स्यौंट गरी हिसाब फरफारक गर्नुपर्दछ।

५. **पन्ध्रौं योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले मुलुकमा शान्ति सु-व्यवस्था र सुरक्षा कायम राख्न अवलम्बन गरेका ११ रणनीतिअन्तर्गतका ४९ कार्यनीति कार्यान्वयन गर्ने जिम्मेवारी गृह मन्त्रालयलाई तोकेको छ। मन्त्रालयको प्रगति प्रतिवेदन २०७९।८० अनुसार १९ नतिजा सूचकमध्ये १५ सूचकको प्रगति लक्ष्यभन्दा घटी रहेको छ। प्रगति प्रतिवेदनमा मदिराको हानिकारक प्रयोग गर्ने जनसङ्ख्या र विपद्का कारण कुल गार्हस्थ उत्पादनमा भएको क्षतिसम्बन्धी प्रगति प्रस्तुत गरेको छैन। आवधिक योजनाको कार्यान्वयनमा सुधार गर्नुपर्ने देखिन्छ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०७९।८० मा उल्लेख भएका कार्यक्रमहरू मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष २० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने उल्लेख भएकोमा १ लाख ७३ हजार नागरिकलाई उपलब्ध गराएको, निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार, बाँकेलगायतका १० कारागारको निर्माण गर्ने उल्लेख भएकोमा केन्द्रीय कारागार नुवाकोटको निर्माण कार्य अन्तिम चरणमा रहेको, क्षेत्रीय कारागार, बाँकेको निर्माण सम्पन्न भएको उल्लेख छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति तथा कार्यक्रम कार्यान्वयन -** सरकारको नीति तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम मार्फत् कार्यान्वयन गर्नुपर्दछ। नेपाल सरकारको नीति तथा कार्यक्रम, २०७९।८० मा गैरसरकारी सङ्घ,

संस्थालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन गरी संस्थाहरूको स्रोत आर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिने उल्लेख भएकोमा कार्यान्वयनको लागि वार्षिक बजेटमा समावेश गरेको देखिएन। गैरसरकारी संस्थासम्बन्धी नयाँ संघीय कानुन निर्माण गरिने, नागरिकको व्यक्तिगत जैविक विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्न कानुनी व्यवस्था गरिने उल्लेख भएकोमा उक्त कानुनहरू तर्जुमा भएका छैनन्। आगामी तीन वर्षभित्र जग्गाधनी प्रमाणपुर्जा, बैङ्क खाता, स्थायी लेखा नम्बर र सवारीचालक अनुमतिपत्र जारी गर्दा अनिवार्य रूपमा राष्ट्रिय परिचय पत्र नम्बर समावेश गरिने उल्लेख भएकोमा सो कार्यको शुरुवात भएको देखिँदैन। नीति तथा कार्यक्रममार्फत् व्यक्त प्रतिबद्धताहरू बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **गृह प्रशासन सुधार कार्ययोजना** - गृह प्रशासन सुधार कार्ययोजना, २०७८ मा कार्ययोजना कार्यान्वयनको लागि एक वर्षभित्र सशस्त्र प्रहरी ऐन, २०५८ लाई संशोधन गर्ने, सीमा सुरक्षा ऐन तथा औद्योगिक सुरक्षा ऐन तर्जुमा गर्ने उल्लेख भएकोमा सोबमोजिम ऐन संशोधन तथा निर्माण भएका छैनन्। दुई वर्षभित्र प्रतिआतङ्कवाद सेल गठन गर्ने उल्लेख भएकोमा गठन नभएको, ३ वर्षभित्र सम्पूर्ण बोर्डर आउट पोष्टहरूको भवन निर्माण गर्ने उल्लेख भएकोमा ८३ बोर्डर आउट पोष्ट जग्गा तथा भवनको अभावमा भाडामा रहेका छन्। मन्त्रालयले सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ।

९. **कानुन निर्माण** - नेपालको संविधानले राज्यशक्तिको बाडँफाँट गरी प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान ब्युरो प्रदेशको अधिकार सूचीमा र नगर प्रहरी स्थानीय तहको अधिकार सूचीमा समावेश गरेको छ। सोअनुसार कोशी, मधेश र गण्डकी प्रदेशले प्रहरी ऐन जारी गरिसकेको अवस्थामा गृह प्रशासनसँग सम्बन्धित प्रहरी ऐन, २०१२ लगायत विभिन्न ऐन, नियम तद्नुरूप संशोधन भएका छैनन्। नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार लगायत नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था गरेको छ। सो व्यवस्था अनुकूल हुने गरी प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ संशोधन भएको छैन। शासकीय संरचनाअनुसार कानुनी व्यवस्था गर्नुपर्दछ।

१०. **नागरिकता सूचना व्यवस्थापन प्रणाली** - मन्त्रालयले २०६८ मा नागरिकता कार्ड वितरण प्रणाली शुरु गरी २०६९ सालमा वेबमा आधारित नागरिकता सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। हाल मन्त्रालयअन्तर्गतका १५६ कार्यालयबाट सोही प्रणालीमार्फत नागरिकता वितरण भइरहेको छ। मन्त्रालयले सो कार्यको लागि २०६९।७० देखि २०७९।८० सम्म इन्टरनेट र इन्ट्रानेट बापत रू.८ करोड ४४ लाख ५७ हजार सेवा शुल्क नेपाल टेलिकमलाई भुक्तानी गरेको छ। यस वर्षसम्म प्रणालीमा पुराना र नयाँसमेत कुल २ करोड ७८ लाख ८८ हजार नागरिकता प्रविष्टि गरेको देखिन्छ। प्रविष्टि गर्न बाँकी नागरिकताहरू प्रणालीमा प्रविष्टि गरी नागरिकता सूचना व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरिनुपर्दछ।

११. **जग्गा प्राप्ति** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सकिने व्यवस्था छ। प्रारम्भिक कारबाहीको प्रतिवेदनअनुसार सूचना प्रकाशन गरी जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउने कार्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था छ। यो वर्ष जिल्ला प्रशासन कार्यालयहरूमा रहेका कार्यसञ्चालन कोषमा रू.७ अर्ब ४८ करोड ५३ लाख ४०

हजार मौज्दात रहेको मध्ये बढी हिस्सा जग्गा मुआब्जाको रहेको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालयले गरेका काम कारबाहीको अनुगमन गरी जग्गा प्राप्ति प्रक्रिया समयमै सम्पन्न गराउनुपर्दछ।

१२. **आर्थिक सहायता -** नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ मा क्यान्सर, हृदयरोग, अल्जाइमर, पार्किन्सन्स वा मृगौला आदि जस्ता कडा रोग लागि आर्थिक अवस्था कमजोर भई आफैं उपचार गराउन नसक्ने अवस्था भएमा स्वदेशमा वा विदेशमा गई उपचार गराउँदा मेडिकल बोर्डको सिफारिसबमोजिम पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति तथा पूर्व प्रधानमन्त्रीलाई रू.१५ लाखसम्म, पूर्व प्रधानन्यायाधीश, पूर्व सभामुखका लागि रू.१० लाखसम्म, साहित्य, सङ्गीत, कला, राजनीति, सार्वजनिक प्रशासनलगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका महत्त्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी रू.५ लाखसम्म र विपन्न नागरिकलाई रू.१ लाखसम्म सम्बन्धित अस्पतालको नाममा सोझै उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयले मन्त्रिपरिषद्बाट निर्णय भएको आधारमा औषधि उपचारको लागि १०३ जनालाई रू.३ करोड ८८ लाख ५० हजार एकमुष्ट आर्थिक सहायता प्रदान गरेकोमा कार्यविधिमा उल्लेख भएको भन्दा रू.२ करोड ५३ लाख ५० हजार बढी भुक्तानी गरेको छ। यस्तो खर्चलाई कानुनमा समावेश गरी व्यवस्थापन गरिनुपर्दछ।

१३. **व्यक्तिगत सुरक्षाकर्मी** - विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीहरूको सुरक्षार्थ प्रहरी कर्मचारी खटाउने गरेको छ। विशिष्ट व्यक्तिको तह र निजलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा ऐन कानुनमा समावेश गरेर मात्र खर्च लेख्न सर्वोच्च अदालतले २०६८।८।२२ मा आदेश दिएकोमा सोअनुसार कानुन तर्जुमा भएको छैन। बहालवाला विशिष्ट व्यक्तिहरू र पूर्व पदाधिकारीहरूको वैयक्तिक सुरक्षामा गत वर्ष नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट ९०३ सुरक्षाकर्मी उपलब्ध गराएकोमा यस वर्ष १ हजार २४७ सुरक्षाकर्मी उपलब्ध गराएको विवरण प्राप्त भएको छ। विशिष्ट व्यक्तिको सुरक्षा जोखिमको आधारमा कानुनी व्यवस्था गरेर मात्र सुरक्षाकर्मीहरू उपलब्ध गराउनुपर्दछ।

१४. **धरौटी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) र ६७ (२) मा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले १ वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित धरौटी फिर्ताको लागि निवेदन दिनुपर्ने र फिर्ता माग्न नआएमा फिर्ता लिन आउनु भनी सूचना प्रकाशन गर्नुपर्ने, सो म्यादभित्र फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। जिल्ला प्रशासन कार्यालय काठमाडौं, झापा, सुनसरी र मोरङमा २०७९।८० को अन्त्यसम्म रू.३४ करोड ८५ लाख ६ हजार धरौटी मौज्दात रहेकोमा सोमध्ये रू.२० करोड २४ लाख १३ हजार नामनामेसी नखुलेको धरौटी रहेको छ। यसरी लामो समयसम्म प्रयोजन नखुलेको धरौटी रकम नियमावलीको व्यवस्थाअनुसार फिर्ता तथा सदरस्याहा गर्नुपर्दछ।

१५. **अनुचित लेनदेन -** मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० ले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धमा व्यवस्था गरेको छ। अनुचित लेनदेन समस्याका सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेस गर्न तीन महिनाको समयावधि तोकी अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ गठन भएको छ। अनुचित लेनदेन सम्बन्धमा ६७ जिल्ला प्रशासन कार्यालयमा २८ हजार निवेदन दर्ता भएकोमा २०८०।८।३ सम्म ५ हजार ३२ निवेदन फर्स्यौट भएको र

फर्स्यौंटको क्रममा ७७४ कित्ताका २१२ बिघा ४ कट्ठा १७ धुर जग्गा साबिक जग्गा धनीलाई फिर्ता भएको उल्लेख छ। बाँकी निवेदनहरू समयमै फर्स्यौंट गर्नुपर्दछ।

१६. **जग्गा अतिक्रमण -** मुलकी देवानी संहिता, २०७४ को दफा ३०६ र ३०७ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा आफ्नो कब्जामा राखेमा वा आबाद गरेमा सम्बन्धित मालपोत कार्यालयले जग्गा छुट्याई जग्गाबाट उब्जेको बाली लिई जग्गा खाली गराउनुपर्ने र सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने अधिकार प्रमुख जिल्ला अधिकारी को हुने उल्लेख छ। सर्वोच्च अदालतले स्वर्गद्वारी गुठी, नेपाल सरकार र गुठी संस्थानबाट संरक्षित विशेष प्रकृतिको निजी गुठी भएकाले आश्रमको नाममा दर्ता रहेको जग्गा कुनै पनि किसिमले खण्डित र हिनामिना हुन नदिन आवश्यक संरक्षण प्रदान गर्नु गराउनु भनी विपक्षीहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालय र गुठी संस्थानको नाममा २०६२।१२।१४ मा परमादेश जारी गरेको देखिन्छ। स्वर्गद्वारी आश्रमको नाममा दाङ जिल्लाको विभिन्न स्थानमा १ हजार ३४ बिघा जग्गा रहेकोमा ७५० बिघा जग्गामा मोही कायम भएको, ७५ बिघा ९ कट्ठा जग्गा आश्रम आफैले प्रयोग गरेको र दाङको रामपुर, लमही एवं घोराहीस्थित २०९ बिघा ११ कट्ठा जग्गा विभिन्न व्यक्ति तथा सस्थाले कब्जा गरी अतिक्रमण गरेको विवरण प्राप्त भएको छ। भूमिसुधार तथा मालपोत कार्यालय, दाङले मोही कायम भएको जग्गामध्ये १५० बिघा जग्गाको मोहियानी हकको लगत कट्टा गरेको छ। उक्त कार्यालयले अतिक्रमित जग्गा हटाउने कार्यको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेकोमा हालसम्म पनि उक्त जग्गा अतिक्रमित अवस्थामा नै रहेको देखियो। साथै, कैलाली जिल्लाका विभिन्न १० स्थानमा १० हजार ९३० हेक्टर सरकारी तथा राष्ट्रिय वनको जग्गामा भएको अतिक्रमण हटाउनको लागि डिभिजन वन कार्यालय, कैलालीले जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरी अनुरोध गरेकोमा हालसम्म उक्त जग्गा अतिक्रमित अवस्थामा नै रहेको देखिन्छ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूले सरोकारवाला निकायसँग समन्वय गरी सार्वजनिक जग्गाको उचित संरक्षण गर्नुपर्दछ।

अध्यागमन विभाग

विभागले विदेशी नागरिकहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्ने एवं नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य गर्दै आएको छ।

१७. **आगमन र प्रस्थान व्यवस्थापन -** अध्यागमन ऐन, २०४९ मा नेपाल राज्यभित्र विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्ने तथा नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने काम अध्यागमन विभागको हुने उल्लेख छ। यो वर्ष अध्यागमन विभागअन्तर्गतका कार्यालयहरूबाट २० लाख ३० हजार ५७३ जनाको आगमन र २४ लाख ३२ हजार ४१२ जनाको प्रस्थानसमेत ४४ लाख ६२ हजार ९८५ व्यक्तिहरूको आवतजावत भएको देखिन्छ। विभागले प्रस्थान अनुमति दिने क्रममा प्रक्रिया नपुगेको लगायतका कारणले ४ हजार २७७ नेपालीलाई फिर्ता गरेको र प्रस्थान अनुमति दिएका १ हजार ५४० नेपालीलाई विभिन्न देशहरूले विभिन्न कारण जनाई नेपाल फिर्ता गरेको देखिन्छ। त्यस्तै भिसा अवधि समाप्ति पश्चात् बढी अवधि बसेका, भिसा विपरीत कार्य गरेका र गैरकानुनी कार्यमा संलग्न भएका समेत ४०३ विदेशी नागरिकलाई निष्काशन गरेको देखिन्छ। विदेश यात्रामा जाने नेपालीलाई प्रस्थान अनुमति दिँदा र विदेशी नागरिकहरूलाई आगमन अनुमति दिए पश्चात् आवश्यक सूचना सङ्कलन तथा अन्तर निकाय समन्वय गरी अध्यागमन प्रशासनलाई प्रभावकारी बनाउनुपर्दछ।

१८. **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१)मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व रकम प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। विभागको विद्युतीय प्रणालीमा अध्यागमन राजस्व बापत ४ अध्यागमन कार्यालय र विदेशस्थित ५५ नियोगहरूसमेत ५९ कार्यालयबाट रू.४७ करोड ५८ लाख राजस्व सङ्कलन भएकोमा रू.२२ करोड राजस्व रकम नेपाल सरकारको राजस्व व्यवस्थापन प्रणालीमा दाखिला भएको देखिएन। अध्यागमन कार्यालय, राजदूतावास, कन्सुलर र नियोगहरूले अध्यागमन राजस्व बापत सङ्कलन गरेको रकम राजस्व व्यवस्थापन प्रणालीमा समावेश गरी राजस्व हिसाब अद्यावधिक गर्नुपर्दछ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १३(१) बमोजिम नेपाल सरकारलाई कसुरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन र लिलाम बिक्रीसम्बन्धी कार्य गर्न २०७८।७।१ मा यस विभागको स्थापना भएको हो।

१९. **कार्यसम्पादन** - कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ५ अनुसार कसुरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन काठमाडौं उपत्यकामा विभाग र अन्य जिल्लामा जिल्ला प्रशासन कार्यालयबाट हुने व्यवस्था छ। कसुरजन्य अपराधमा नियन्त्रणमा लिने जिम्मेवारी भएका कार्यालयहरूबाट जफत भई हस्तान्तरण भएर आउने सवारीसाधन, काठ तथा जडीबुटी, औद्योगिक उत्पादनहरू, सुन तथा चाँदीजस्ता सामानहरूको सुरक्षित भण्डारणको लागि गोदामलगायत अन्य भौतिक पूर्वाधार पर्याप्त नभएको कारण मालसामानहरू जिम्मा लिई सुरक्षित राख्न चुनौती देखिन्छ। यो वर्ष कसुरजन्य सम्पत्ति तथा साधन रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापनसम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयरको विकासको लागि रू.२० लाख विनियोजन भएकोमा सो कार्य भएको देखिएन। अतः विभागलाई प्राप्त जिम्मेवारीअनुसार कार्य गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार र साधन स्रोतको व्यवस्था गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र प्रदान गर्ने, जन्म, मृत्युलगायतका व्यक्तिगत घटना दर्ता एवं पञ्जीकरण गर्ने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख दुरुस्त राखी बैकिङ्ग प्रणालीमार्फत् भत्ता वितरण गर्ने, गराउने उद्देश्यले विभागको स्थापना भएको हो।

२०. **राष्ट्रिय परिचयपत्र वितरण** - नेपालको संविधानको धारा ५१ मा एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने उल्लेख छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८ मा २ वर्षभित्र राष्ट्रिय परिचयपत्र पाउन योग्य सबै नागरिकको विवरण सङ्कलन गरी १ करोड नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने उल्लेख भएकोमा कार्ययोजनामा उल्लेख भएको अवधि व्यतीत भइसक्दासमेत १ करोड ३१ लाख ५४ हजार नागरिकको विवरण सङ्कलन गरी १ लाख ७३ हजार नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गरेको देखियो। गृह

प्रशासन सुधार कार्ययोजनाले तोकेको लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रमहरू कार्यान्वयन गरी राष्ट्रिय परिचयपत्र वितरण गर्नुपर्दछ।

२१. **मेसिनको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयको आवश्यकताभन्दा बढी हुनेगरी जिन्सी मालसामान खरिद गर्न नहुने व्यवस्था छ। विभागले प्रतिघण्टा ५०० थान परिचयपत्र छपाइ गर्ने क्षमता भएको एक मेसिन रू.७ करोड ८३ लाख ८० हजारमा खरिद गरेकोमा पुराना मेसिनको क्षमता बराबरका कार्ड मात्र छपाइ गरेको देखिएकाले नयाँ मेसिनको उपयोग पूर्ण क्षमतामा गरेको देखिएन। राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा अन्तर आबद्धता कायम गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षामा सेवाग्राही नागरिकहरूको पहिचान पुष्ट्याईं गर्ने प्रयोजनको लागि स्थानीय तहका वडा कार्यालयहरूमा वितरण गर्न दुई वर्ष वारेन्टी भएका ४ हजार ९० थान मोनो फिंगर प्रिन्ट उपकरणहरू रू.७ करोड ३१ लाख ४७ हजारमा खरिद गरेकोमा उक्त उपकरणहरू प्रयोगविहीन अवस्थामा भण्डारमा मौज्दात रहेको देखियो। यसरी मेसिनहरू प्रयोगविहीन अवस्थामा राख्दा मेसिनहरूको कार्यसम्पादन क्षमतामा ह्रास हुने भएकाले आवश्यकताको पहिचान गरेर मात्र खरिद गर्नुपर्दछ।

२२. **स्मार्टकार्डको स्थायित्व -** स्मार्ट कार्ड खरिद सम्बन्धी सम्झौताको सामान्य शर्तको शर्त नम्बर ६.२ र ६.३ मा स्मार्ट कार्डको गुणस्तर मापदण्ड तोक्नुका साथै कार्डको स्थायित्व १० वर्षको हुनुपर्ने र प्राविधिक स्पेसिफिकेशन तथा मापदण्डअनुसार आपूर्तिकर्ताले फ्याक्ट्री निरीक्षण रिपोर्ट तथा बाह्य स्वतन्त्र पक्षको गुणस्तर रिपोर्ट पेस गर्नुपर्ने व्यवस्था छ । विभागले अन्तर्राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट १ करोड २० लाख स्मार्ट कार्ड खरिदका लागि एक विदेशी कम्पनीसँग २०८०।२।११ भित्र कार्यसम्पन्न गर्ने गरी २०७८।४।११ मा युरो १ करोड २६ लाख ६५ हजारको खरिद सम्झौता गरेकोमा २०८०।८।२७ को अन्तिम बिलसम्म कम्पनीलाई रू.१ अर्ब ६२ करोड ८२ हजार भुक्तानी गरेको देखिन्छ। बोलपत्रदाता कम्पनीले कार्ड उत्पादन गर्ने फ्याक्ट्रीको २७ जनवरी, २०२२ मा निरीक्षण गरी पेस गरेको कारखाना निरीक्षण प्रतिवेदनमा ६ लाख ९७ हजार २८० थान कार्डको आयु ५ वर्ष रहेको उल्लेख गरेकोमा सोही आपूर्तिकर्ताले २७ जनवरी २०२२ मा पेस गरेको प्रमाणीकरण सम्बन्धी पत्रमा सोही ब्याच नम्बर तथा परिमाणका कार्डहरूको आयु १० वर्ष उल्लेख छ। सम्झौताको शर्तमा उल्लिखित आयु १० वर्ष हुनुपर्नेमा आपूर्तिकर्ताबाट पेस भएको एउटै मितिको २ वटा पत्रमा फरक उल्लेख भएको देखिँदा उक्त कार्डको आयु सम्बन्धमा यकिन गर्न सकिएन।

२३. **राष्ट्रिय परिचयपत्रको प्रविधि -** विभागले उपलब्ध गराएको विवरणअनुसार २०७५।८।३ देखि राष्ट्रिय परिचयपत्र वितरण कार्य शुरू भएकोमा हालसम्म १ लाख ७३ हजार वितरण गरी रू.१६ अर्ब ७४ करोड खर्च भएको देखिन्छ। दश वर्ष मान्य अवधि भएको परिचयपत्र राष्ट्रिय रूपमा नेटवर्किङ नहुँदै अवधि समाप्त हुने अवस्था देखिएको छ। विभागले हाल सञ्चालन गरिरहेको राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली इलेक्ट्रोनिक प्रविधिमा आधारित रहेको देखिन्छ। प्रविधि भित्र्याउँदा दिगोपना, आधुनिकता एवं मितव्ययी हुने गरी छनोट गरिनुपर्दछ।

२४. **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति र लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता

रकम उपलब्ध गराउने उल्लेख छ। विभागले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष ३८ लाख नागरिकलाई रू.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा सो रकम गत वर्षको तुलनामा १२.८२ प्रतिशत बढी रहेको छ। नेपालमा विगत १० वर्षमा राजस्वको वृद्धि दर १९.२ प्रतिशत, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वार्षिक वृद्धिदर १०.४२ प्रतिशत र सामाजिक सुरक्षा भत्ताको वार्षिक वृद्धिदर ३०.५३ प्रतिशत रहेको देखिन्छ।

नेपाल प्रहरी

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२ तथा प्रचलित अन्य कानुनबमोजिम शान्ति सुव्यवस्था, अपराध नियन्त्रण र अनुसन्धान, चोरी तस्करी नियन्त्रण, सवारीसाधनको व्यवस्थापन, विशिष्ट व्यक्तिहरू तथा महत्त्वपूर्ण संरचनाहरूको सुरक्षा एवं प्रकोप व्यवस्थापन लगायतका कार्यसम्पादन गर्दै आएको छ।

२५. **अपराध अनुसन्धान -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ ले राज्य विरुद्धको कसुरलगायत १२ किसिमका कसुरको सम्बन्धमा अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीलाई तोकेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

२५.१. अनुसन्धान कार्यका लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, महिला बेचबिखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागु औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी सङ्गठन क्रियाशील रहेका छन्। विगत ५ वर्षको अपराधसम्बन्धी घटना र छानबिन स्थिति देहायअनुसार छ:

अपराधको किसिम	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
कर्तव्य ज्यान	६९८६	७१५५	८०५९	८५१०	८४५१
आत्महत्या	५७५४	६२४१	७११७	६७९२	६९७४
चोरी	२८७३	२४५१	२३८२	३१८८	३६१९
सङ्गठित तथा आर्थिक	५३०१	४६०८	४६५२	५५१५	६०५७
सामाजिक अपराध	१११८९	११४८१	८१६८	९९८४	११९८२
महिला तथा बालबालिका	४४२३	४०९२	४७०५	४४२७	४२५३
सवारी	२५४०	१९७१	२१७८	२५२६	२२६२
विविध	३९८५	३८९९	२८५९	५९६०	१२७२५
जम्मा	**४३०५१**	**४१८९८**	**४०१२०**	**४६९०२**	**५६३२३**
फस्यौंट	३५३३०	२५५८३	२३३४५	१५१७६	४१४८५
फस्यौंट प्रतिशत	८२	६१	५८	३२	७४
बाँकी	**७७२१**	**१६३१५**	**१६७७५**	**३१७२६**	**१४८३८**

विगत ५ वर्षको तथ्याङ्कीय विवरण हेर्दा अपराधको सङ्ख्यामा वृद्धि भएको देखिन्छ। गत वर्षको तुलनामा सवारीसम्बन्धी र महिला तथा बालबालिकासम्बन्धी अपराधको घटना क्रमशः १०.४५ र ३.९३ प्रतिशतका दरले घटेको भए तापनि ज्यान, चोरी, सङ्गठित तथा आर्थिक, सामाजिक, सवारी र विविध प्रकृतिका अपराधका घटनामा वृद्धि भएको छ। अपराध दर्ताको एकीकृत विवरणअनुसार १४ हजार ८३८ मुद्दा फस्यौंट हुन बाँकी देखिएकाले फस्यौंट गर्न बाँकी मुद्दाहरूको समयमै तहकिकात र अनुसन्धान गरी टुङ्गो लगाउनुपर्दछ।

२५.२. नेपाल सरकार, गृह मन्त्रालयको २०७१।७।१६ को निर्णयबाट २०७२।७३ देखि प्रथम त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना शुरुवात भएकोमा हाल तेस्रो कार्ययोजना (२०७८।७९ - २०८०।८१) कार्यान्वयनमा रहेको छ। तेस्रो अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको पहिलो वर्ष ७ कार्य नीतिगत क्षेत्रका १५ क्रियाकलाप सम्पन्न गर्नुपर्नेमा ८ क्रियाकलाप सम्पन्न भई यो वर्ष गत वर्षका ७ क्रियाकलाप र यस वर्षका ७ कार्यनीतिगत क्षेत्रका २० क्रियाकलापमध्ये ४ सम्पन्न भई १६ बाँकी रहेको छ। कार्यनीतिका लागि कुल रू.३ अर्ब २८ करोड ९० हजार खर्च हुने अनुमान रहेकोमा पहिलो वर्ष अपराधिक तथ्याङ्क व्यवस्थापन र मातहतसँग विद्युतीय सञ्जाल विस्तार, वैज्ञानिक अनुसन्धान पद्धतिको सबलीकरण, अपराध अनुसन्धानसँग सम्बन्धित निकायको समन्वय विस्तार, अपराध अनुसन्धान प्रशिक्षणलाई सुदृढीकरण, स्रोत साधनको व्यवस्थापन, नागरिक जनचेतना अभिवृद्धि र अनुगमन तथा सुपरीवेक्षण क्रियाकलापहरूमा रू.८ करोड ८ लाख ६३ हजार र दोस्रो वर्षमा २ क्षेत्रमा रू.८ करोड १७ लाख ८४ हजार खर्च भएको छ। कार्ययोजनामा प्रस्तावित बजेटभन्दा उपलब्ध बजेट न्यून रहेको देखिँदा स्रोत साधनको उपलब्धता समेतलाई ध्यान दिई कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२६. **ट्राफिक व्यवस्थापन -** नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३(ण) बमोजिम ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकिएको छ। ट्राफिक व्यवस्थापनमा देखिएका बेहोरा देहायअनुसार छन्:

२६.१. विगत ५ वर्षको दुर्घटना अवस्था विश्लेषण गर्दा २०७५।७६ देखि २०७९।८० सम्मको औसत वृद्धिदर ३१.५९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८।७९ को तुलनामा २०७९।८० मा ५.०४ प्रतिशतले दुर्घटनामा कमी आएको देखिन्छ। सवारीसाधन र सडकको अवस्था, सवारी चाप, सडक निर्माण सम्पन्न नहुँदै सडक भत्काउने प्रवृत्ति, चालक अनुमतिपत्र नियमनको कमी, सवारी नियमसम्बन्धी ज्ञानको कमी, सवारीचालकको असावधानीजस्ता कारणले सवारी दुर्घटना वृद्धि हुँदै गएको देखिन्छ। प्राप्त विवरणअनुसार देशभर सवारी दुर्घटनासम्बन्धी ५ वर्षको स्थिति निम्नानुसार छः

क्र.सं.	आर्थिक वर्ष	कुल दुर्घटना		मृत्य		गम्भीर घाइते		सामान्य घाइते	
		सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत
१.	२०७५।७६	१३३६६	२२	२६७८	१०	४३७६	६	१०३६०	२६
२.	२०७६।७७	१५५५९	१७	२२५१	(१९)	४६२४	६	११५९३	१२
३.	२०७७।७८	२०६४०	३३	२५००	११	६४४८	३९	१८६००	६०
४.	२०७८।७९	३९३७९	९१	२८८३	१५	७२८२	१३	२५७२२	३८
५.	२०७९।८०	३७३९२	(५.०४)	२३६८	(१७.८४)	५७३८	(२१.२)	२४४८८	(४.८)

सम्बन्धित निकायहरूबाट सडकको सुधार, सडक क्रसिङ व्यवस्था, पार्किङस्थल, ट्राफिक बत्ती, सी.सी.टी.भी., सडक चिन्हलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वय गरी बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्दछ। सवारी दुर्घटना हुन नदिन सम्बन्धित सरोकारवाला समेतको समन्वयमा सवारीसाधनको अवस्था, भार वहन क्षमता, यात्रु क्षमता, चालकको अवस्था, सवारीसाधनको गति, ट्राफिक चिन्हको अनिवार्य पालनासम्बन्धी अनुगमनलाई प्रभावकारी बनाउने,

काठमाडौं उपत्यका र देशका अन्य मुख्य शहरमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न इन्टिलिजेन्ट ट्राफिक लाइट प्रणाली जडानलाई तीव्रता दिने लगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२६.२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारी चालकले तोकिएका नियम पालना गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सवारी नियम पालना नगर्ने सवारीचालक २५ लाख ३८ हजार ४४८ रहेको देखियो। सवारीसाधनको प्रकृतिअनुसार मोटरसाइकल चालकले ८ लाख ९३ हजार, ट्रक/ट्याङ्कर चालकले ५ लाख २ हजार, कार, जीप, भ्यान चालकले ५ लाख ८९ हजार पटक सवारी नियम उल्लङ्घन गरेको देखिएको छ। गत वर्षको तुलनामा सवारी नियमको पालना नगर्नेको प्रतिशत ३०.७३ प्रतिशतले वृद्धि भएको छ। उल्लिखित अवस्थाले सवारी नियमको पालनामा कमजोरी रहेको र नियमको पालना नहुँदा सडक दुर्घटनामा समेत वृद्धि भएकोले आवश्यकताअनुसार ट्राफिक प्रहरीको दरबन्दी व्यवस्था गरी सडक अनुशासन पालनामा कडाइ गर्नुपर्दछ।

२६.३. काठमाडौं उपत्यकाका तीन जिल्लामा २ हजार ८४ किलोमिटर सडक रहेकोमा बाग्मती प्रदेशमा मात्र २०७९।८० सम्म दर्ता भएका सवारीसाधनको सङ्ख्या १८ लाख ३५ हजार १८१ रहेको छ। उपत्यकाको ट्राफिक व्यवस्थापन गर्न कार्यरत १ हजार ३३ जनशक्तिलाई आधार मान्दा एक जना ट्राफिक प्रहरीले १ हजार ७७६ सवारीसाधन र २.०२ किलोमिटर सडक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। उपत्यकाको विभिन्न स्थानहरूमा जडान भएका ३२६ सी.सी टी.भी.मार्फत् सवारी दुर्घटना, सवारी चोरीको अनुसन्धान र खोजी कार्य गर्दै आएको देखिन्छ। उपत्यकामा बढ्दो शहरीकरण र सवारीको चापलाई व्यवस्थापन गर्न ६५ स्थानमा ट्राफिक लाइट जडान भएकोमा ३६ स्थानमा रहेका ट्राफिक लाइट बिग्रिएर मर्मत गर्नुपर्ने अवस्थामा रहेको देखियो। उपत्यकाको सवारी आगमनलाई सुरक्षित एवं भरपर्दो बनाउनको लागि सडकहरूमा सी.सी टी.भी, सर्भिलिन्स भेहिकल परिचालन, बोडी वर्न क्यामरा, गोप्रो क्यामरा जस्ता आधुनिक प्रविधिहरू जडान गरी यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायसँग समन्वय गरी प्रभावकारी रूपमा उपत्यकाको ट्राफिक व्यवस्थापन गर्नुपर्दछ।

२७. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेशनको अधीनमा रही अघिल्लो वर्षको खरिद, प्रचलित बजार दरभाउ, उद्योग बाणिज्य सङ्घले जारी गरेको दररेट लगायतका बिषयलाई आधार लिनुपर्ने उल्लेख छ। प्रहरी प्रधान कार्यालयले बोलपत्रको माध्यमबाट प्रहरी कर्मचारीका लागि उलन पाइन्टसर्ट, कटन पाइन्टसर्टलगायत विभिन्न १४ प्रकारका व्यक्तिगत सामान र ७ प्रकारका सञ्चार उपकरण खरिद गरी रू.५९ करोड ८२ लाख खर्च लेखेको छ। उक्त मालसामानहरूको लागत अनुमान तयार गर्न उद्योग वाणिज्य महासङ्घ र विभिन्न सरकारी कार्यालयहरूसँग दररेट माग गरेकोमा कार्यालयबाट दररेट उपलब्ध नभएको बेहोरा उल्लेख गरी विभिन्न आपूर्तकले उपलब्ध गराएको दररेटमध्ये सबैभन्दा न्यून मूल्यको आधारमा लागत अनुमान तयार गरेको छ। आपूर्तकहरूले लागत अनुमान तयारीको लागि बढी र बोलपत्र पेस गर्दा न्यून मूल्य कबोल गरी मूल्य सूची पेस गरेको देखियो। यसरी सीमित आपूर्तिकर्ताहरूले उपलब्ध गराएको दररेटको आधारमा तयार गरेको लागत अनुमान यथार्थपरक भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। लागत अनुमानको तुलनामा ०.०९ देखि १.७३ प्रतिशत सम्म मात्र न्यून कबोल गरेको देखिँदा पर्याप्त प्रतिस्पर्धा भएको देखिँदैन। मालसामानहरूको लागत अनुमान तयार गर्दा सम्बन्धित मालवस्तुहरूको कारोबार गर्ने बढीभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फर्महरूसँग दररेट माग गरी खरिदलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

२८. **ट्रयाकसुट खरिद** - प्रहरी नियमावली, २०७१ को नियम १६८ को अनुसूची १६ मा प्रहरी कर्मचारीले पाउने व्यक्तिगत सामानको दरबन्दीको विवरण उल्लेख छ। कार्यालयले बोलपत्रको माध्यमबाट एक आपूर्तक संयुक्त उपक्रमसँग ६० हजार सेट ट्रयाकसुट खरिदको लागि २०७९।८।१५ मा खरिद सम्झौता गरी मूल्य अभिवृद्धि करसमेत रू.११ करोड २९ लाख ५४ हजार भुक्तानी गरेको छ। प्रहरी नियमावलीअनुसार प्रहरी कर्मचारीले पाउने व्यक्तिगत सामानको दरबन्दीको विवरणमा उक्त ट्रयाक सुट समावेश छैन। नियमावलीको संशोधन नगरी खरिद गर्ने कार्य नियमसम्मत देखिएन। सम्बन्धित निकायबाट नियमावली संशोधन गराई खरिद गर्नुपर्दछ।

२९. **सफ्टवयेर निर्माण** - सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४ मा सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सुचना प्रविधि विभागमा पठाउनुपर्ने र विभागले जाँचबुझ गरी प्रमाणीकरण गर्ने व्यवस्था छ। कार्यालयको कार्यसम्पादन, सेवाप्रवाह, प्रतिवेदनको लागि ४ सफ्टवेयर निर्माण र १५ सूचना प्रणाली सञ्चालनको लागि विभिन्न आपूर्तकहरूसँग खरिद सम्झौता गरी रू.११ करोड २० लाख ६६ हजार खर्च गरेकोमा प्रमाणीकरण गराएको देखिएन। प्रमाणीकरण नगरी प्रयोग गर्दा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्री सुविधा र गभर्मेन्टल इन्टरप्राईजेज आर्किटेक्चरमा आधारित स्वीकृत मापदण्डअनुसार नभई कार्यसम्पादन प्रभावकारी नहुनाको साथै गोप्य सूचना चुहावट हुन सक्ने देखिन्छ। कार्यालयले प्रयोग गर्ने सफ्टवेयर तथा सूचना प्रणालीहरू कार्यविधिअनुसार सूचना प्रविधि विभागबाट प्रमाणीकरण गराउनुपर्दछ।

३०. **लिलाम** - सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी कार्यविधि, २०७९ को बुदाँ नम्बर २० मा कार्यालयले आफ्नो कम्पाउण्ड हाताभित्र रहेका वा आफ्नो कार्यालयमा प्रयोग भई तत्काल चालु अवस्थामा नरहेका एवं स्वामित्वसम्बन्धी कुनै कागजात नभेटिएका पुराना सवारीसाधन वा नम्बर प्लेट पत्ता नलागेका सवारीसाधनको स्वामित्व दाबी गर्न पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने र सवारीसाधनको सम्बन्धमा कुनै दाबी नपरेमा नियमानुसार सम्पत्ति तथा जिन्सी खातामा आम्दानी बाँधी लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ।प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार मातहतका कार्यालयहरूमा स्वामित्व नखुलेका दुई पाङ्ग्रे, तीन पाङ्ग्रे र चार पाङ्ग्रे गरी ६ हजार ९८२ सवारीसाधन वर्षौंदेखि बेवारिसे अवस्थामा रहेका छन्। उक्त सवारीसाधनहरू कार्यविधिमा उल्लिखित प्रक्रिया पूरा गरेर लिलाम बिक्री गर्नुपर्दछ।

साथै स्वामित्व खुलेका दुई पाङ्ग्रे, तीन पाङ्ग्रे र चार पाङ्ग्रे २ हजार ३०३ सवारीसाधन वर्षौंदेखि कार्यालय परिसरमा रहेको उल्लेख छ। उल्लिखित सवारीसाधनहरूको क्षमता तथा मूल्यमा समेत ह्रास हुने देखिएकोले आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरी व्यवस्थापन गर्नुपर्दछ।

३१. **भवन निर्माण** - काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले टेकुमा नौ तले भवन निर्माण कार्य २०७९।२।१२ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७७।२।१३ मा रू.७२ करोड ५० लाख ४२ हजारको खरिद सम्झौता गरेकोमा भेरिएसनपछि लागत वृद्धि भई रू.७४ करोड ९१ लाख ६२ हजार कायम भएको देखिन्छ। तोकिएको समयमा निर्माण सम्पन्न नभएकाले २०८०।८।१९ सम्म खरिद सम्झौता अवधि थप गरेको छ। निर्माण व्यवसायीलाई यो वर्ष दशौं रनिङ बिलसम्म रू.५४

करोड ६७ लाख ६८ हजार भुक्तानी भई ७२.९८ प्रतिशत वित्तीय प्रगति भएको छ। लेखापरीक्षणको क्रममा भवनको स्थलगत निरीक्षण गर्दा भवन निर्माण कार्यको केही ब्लकहरूको स्ट्रक्चरको काम र खानेपानी, विद्युतीकरण लगायतका फिनिसिङका कार्य हुन बाँकी रहेको देखियो। साथै, मोबिलाइजेसन पेस्की रू.३ करोड ८९ लाख ९० हजार फस्यौंट गर्न बाँकी देखिन्छ। खरिद सम्झौताको उल्लिखित शर्तअनुसार निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

प्रहरी जनशक्तिका लागि आधारभूत तथा उच्चस्तरको उन्नत तालिम कार्यक्रमको सञ्चालन गरी पेशागत दक्षता र सेवाको गुणस्तर अभिवृद्धि ल्याउने साथै प्रहरीसम्बन्धी तालिम नीति तर्जुमा गर्न प्रहरी प्रधान कार्यालयलाई परामर्श प्रदान गर्ने उद्देश्यले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो।

३२. **विशेष प्रशिक्षण कार्यक्रम -** प्रहरी प्रशिक्षण विकास कार्ययोजना, २०७३ मा व्यवस्था भएअनुसार प्रतिष्ठानले प्रहरी कर्मचारीको सामाजिक तहमा प्रभावकारिता एवं व्यावसायिकता वृद्धि गर्दै सांगठनिक प्रतिफलमा निरन्तरता कायम गर्ने उद्देश्यले प्रहरी हवल्दार र जवान लक्षित विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले २०७३।७४ देखि प्रारम्भ भएको यस्तो विशेष प्रशिक्षण कार्यक्रममा यो वर्षसम्म १ लाख ५५ हजार ८०० प्रशिक्षार्थीलाई सहभागी गराउने लक्ष्य रहेकोमा १ लाख ४२ हजार सहभागी भएको देखिन्छ। तालिम सञ्चालनका लागि यो वर्ष रू.२५ करोड २६ लाख ५१ हजार खर्च गरेको देखिन्छ। लक्ष्यअनुसार तालिम कार्यक्रमको कार्यान्वयन नहुँदा १३ हजार ७०० जना प्रहरी कर्मचारी तालिम कार्यक्रममा सहभागी हुन सकेका छैनन्। उचित तालिमको अभावमा प्रहरीले प्रदान गर्ने सार्वजनिक सेवा प्रवाहमा असर पर्ने भएकोले लक्ष्यअनुसार तालिम सञ्चालन गर्नुपर्दछ।

३३. **प्रतिष्ठान भवन निर्माण -** नेपाल र भारत सरकारबीच २०७१।८।९ मा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्यको लागि भएको समझदारी पत्रअनुसार एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रू.१० अर्ब १ करोड ५१ लाखको लागतमा २०८२।३।१९ सम्म सम्पन्न गर्ने गरी २०७९।३।१३ मा खरिद सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीलाई यो वर्षसम्म मोबिलाइजेसन पेस्की रू.१ अर्ब ७ लाख ५५ हजार र प्रथम तथा दोस्रो रनिङ बिलको रू.३९ करोड ६ लाख २८ हजार समेत रू.१ अर्ब ३९ करोड १३ लाख ८३ हजार भुक्तानी गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्।

३३.१. भवन निर्माणसम्बन्धी समझदारीपत्रको आर्टिकल ९ को बुँदा नं. ९.३ मा स्वीकृत मास्टर लिष्टमा समावेश गरिएका परियोजनामा प्रयोग हुने निर्माण सामग्री, मेसिनरी, उपकरण तथा औजारहरू पैठारी गर्दा निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर बाहेक भन्सार तथा अन्य शुल्क नलाग्ने उल्लेख छ। त्यसै गरी प्रतिष्ठानले निर्माण व्यवसायी कम्पनीसँग गरेको खरिद सम्झौताको सामान्य शर्तको बुँदा नं. २२ मा पैठारी भएका मालसामानमा मूल्य अभिवृद्धि कर तिर्नु नपर्ने गरी सम्झौता गरेको पाइयो । दुई सरकारबीच भएको समझदारीपत्रमा उल्लिखित प्रावधानभन्दा खरिद सम्झौतामा फरक प्रावधान राखी मूल्य अभिवृद्धि कर छुट दिनु उपयुक्त देखिँदैन।

३३.२. कार्यालयले २०७९।३।१९ मा निर्माणस्थल हस्तान्तरण गरी १ हजार ९५ दिनमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का लगाइएको प्रतिष्ठान भवन निर्माण कार्यको लेखापरीक्षण अवधि २०८०।८।१३ सम्मको

(५१६ दिन) भौतिक प्रगति ११.७५ प्रतिशत र वित्तीय प्रगति १६.२६ प्रतिशत रहेको देखिन्छ। निर्माण अवधिको करिब ४७ प्रतिशत समय व्यतीत भइसक्दा भौतिक प्रगति ११.७५ प्रतिशत मात्र देखिएकोले तोकिएको समयमा निर्माण कार्यसम्पन्न हुनसक्ने अवस्था देखिँदैन। अतः खरिद सम्झौतामा उल्लिखित शर्त र निर्माण कार्यतालिकाबमोजिम निर्माण व्यवसायीलाई कार्य गर्न लगाई तोकिएको समयमा कार्यसम्पन्न गराउनुपर्दछ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तिनका परिवार र भूतपर्व प्रहरी कर्मचारीहरूको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा स्थापना भएको हो। अस्पतालले २०७४ कार्तिक २६ गतेदेखि सर्वसाधारण समेतलाई उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालको क्षमता १५० शय्या रहेकोमा २०७७।१२।१६ को मन्त्रीस्तरीय निर्णयानुसार स्तरोन्नति गरी ३०० शय्याबाट सेवा उपलब्ध गराउँदै आएको छ।

३४. **सञ्चालन खर्च -** यो वर्ष नेपाल सरकारबाट चालु तथा पुँजीगत बजेटतर्फ रू.६७ करोड ४१ लाख ६ हजार खर्च भएको छ। अस्पतालले यो वर्ष सर्वसाधारण उपचार व्यवस्थापन, विपन्न नागरिक उपचार व्यवस्थापन, कल्याणकारी कोषबाट अनुदान, एनेस्थेसिया तथा अन्य परीक्षण शुल्क र नयाँ उम्मेदवार स्वास्थ्य परीक्षणबाट रू.११ लाख ३५ हजारसमेत रू.६ करोड २२ लाख ५२ हजार आम्दानी गरेको छ। अस्पतालको आन्तरिक आम्दानीले प्रशासनिक खर्च धान्न कठिन रहेकोले अस्पतालको दिगोपना र सेवा विस्तारको लागि सबै प्रकारका आन्तरिक स्रोतको आयमा वृद्धि गरी खर्च नियन्त्रण गर्नुपर्दछ।

३५. **सेवा प्रवाह -** अस्पतालले यो वर्ष सेवारत तथा अवकाश प्राप्त प्रहरी कर्मचारी, आश्रित कर्मचारी परिवार र १३ हजार ९४९ सर्वसाधारणसमेत २ लाख ५५ हजार २६५ जनालाई चिकित्सा परामर्श, प्रयोगशाला परीक्षण, एक्सरे, शल्य चिकित्सालगायतको स्वास्थ्य सेवा उपलब्ध गराएको छ। अस्पतालमा ५ हजार ७६८ जनालाई भर्ना गरी उपचार उपलब्ध गराएको छ।

फार्मेसी सेवा निर्देशिका, २०७२ अनुसार सर्वसाधारणको लागि अस्पतालकै फार्मेसीमार्फत् सुलभ र गुणस्तरीय औषधि उपलब्ध गराउन औषधि बिक्री कक्ष निर्माण गरे तापनि फार्मेसी सञ्चालन नगरेका कारण सेवा उपलब्ध हुन सकेको छैन। विस्तारित अस्पताल सेवा कार्यक्रम तथा नन्प्राक्टिस कार्यविधि, २०७१ बमोजिम सामान्य चिकित्सा, शल्यचिकित्सा, प्रयोगशाला सेवालगायतका विभिन्न विस्तारित सेवा उपलब्ध गराउने उल्लेख भएकोमा अस्पतालले हालसम्म विस्तारित स्वास्थ्य सेवा सञ्चालन गरेको छैन। सेवा प्रवाहमा सुधार गर्न तत्सम्बन्धी सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ।

३६. **एम.आर.आई. मेसिन** - अस्पतालले २०७२ मा रू.११ करोड २ लाख ४ हजारमा खरिद गरेको एम.आर.आई.मेसिन मर्मत सम्भारको अभावमा २०७७ पौषदेखि बन्द रहेकोले सो सुविधा उपलब्ध हुन सकेको छैन। उक्त बिग्रिएको मेसिन मर्मत गरी सञ्चालनमा ल्याउन रू.७ करोड १४ लाख ४१ हजार र तीन वर्षको मर्मत संभार खर्च थप गर्दा रू.१० करोड २६ लाख ६३ हजार खर्च हुने भएकोले लागत प्रभावकारी नहुने उल्लेख गरी यो वर्ष अस्पतालले श्री टेस्ला क्षमताको नयाँ एम.आर.आई. मेसिन खरिदको लागि प्रक्रिया अगाडि बढाएकोमा बोलपत्र नपरेको कारण खरिद प्रक्रिया रद्द गरेको छ। अस्पतालले साबिकको पुरानो मेसिन व्यवस्थापन सम्बन्धमा निर्णय लिएको छैन। खरिद गरेको ५ वर्षमा नै बिग्रिएको मेसिन व्यवस्थापन सम्बन्धमा समेत आवश्यक निर्णय गर्नुपर्दछ।

सशस्त्र प्रहरी बल, नेपाल

मुलुकमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, भएका वा हुन सक्ने सशस्त्र सङ्घर्ष, विद्रोह नियन्त्रण गर्ने, नेपालको सीमा सुरक्षा र सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन संरचना सुरक्षा गर्ने, वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही कार्य गर्ने र नेपाल सरकारले तोकेको अन्य कार्यसमेतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार यो सुरक्षा निकाय गठन भई सञ्चालनमा रहेको छ।

३७. **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयबाट जारी २०७९।८० को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको बुँदा नं. ५५ मा सरकारी कार्यालयहरूको लागि चार पाङ्ग्रे सवारीसाधन खरिद नगरिने उल्लेख छ। अर्थ मन्त्रालयले २०७९।५।७ को पत्रबाट कार्यालयको लागि प्रतिएकाइ रू.५० लाखका दरले ५० थान पिकअप गाडी खरिद गर्न रू.२५ करोड बजेट सुनिश्चित गरेको देखिन्छ। उल्लिखित बजेटबाट पिकअप गाडी ६० थान र विद्युतीय कार १ थान खरिद गरी रू.२४ करोड ६० लाख ६४ हजार खर्च गरेको छ। स्वीकृत परिमाणभन्दा बढी खरिद गर्नुपूर्व अर्थ मन्त्रालयको सहमति लिएको देखिएन। कार्यालयले सरकारी नीति तथा निर्देशनको पालना गर्नुपर्दछ।

नेपाल ए.पी.एफ. अस्पताल

बहालवाला र अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्न सशस्त्र प्रहरी बलको मुख्यालय परिसरमा मेडिकल शाखाको रूपमा वि.सं. २०५९ देखि सेवा आरम्भ भएकोमा २०६२ देखि नेपाल ए.पी.एफ. अस्पतालको रूपमा बलम्बु, काठमाडौंमा स्थापना भएको यस अस्पतालले २०७३ देखि सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ। यो वर्ष अस्पतालले सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारी र सर्वसाधारणसमेत १ लाख ८७ हजार २७८ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

३८. **अस्पताल सञ्चालन** - अस्पताल सञ्चालनका लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयले ११ सदस्यीय अस्पताल सञ्चालक समिति गठन गरेको छ। अस्पताल सञ्चालनसम्बन्धी छुट्टै कानुनी तथा नीतिगत व्यवस्था भएको देखिएन। यो वर्ष अस्पतालमा नेपाल सरकारबाट चालु तथा पुँजीगत बजेटमा निकासा भएको रू.४३ करोड ९२ लाख ५१ हजार खर्च भएको छ। अस्पतालले यो वर्ष सी.टी. स्क्यान, प्रयोगशाला परीक्षण, बिरामी भर्ना लगायतबाट रू.१ करोड २८ लाख ७७ हजार आम्दानी गरेको छ। प्रत्येक वर्ष नेपाल सरकारले निकासा गरेको रकमबाट पारिश्रमिक, औषधि खरिद र विभिन्न मेसिन उपकरण खरिद लगायतमा खर्च गर्ने गरेकोमा उपकरणको मर्मत गर्न समेत प्राप्त आम्दानी अपुग हुने स्थिति छ। अतः अस्पताल सञ्चालनसम्बन्धी स्पष्ट कानुनी तथा नीतिगत व्यवस्था गरी दिगो रूपमा अस्पताल सञ्चालन गर्ने व्यवस्था गर्नुपर्दछ।

३९. **स्वास्थ्य उपकरण उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयको प्रयोगमा नआउने सम्पत्ति तथा जिन्सी मालसामानहरूको प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पेस गर्नुपर्ने र तालुक कार्यालयको निर्देशन बमोजिम अन्य कुनै सरकारी कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। अस्पतालले उपलब्ध गराएको विवरणअनुसार कोभिड-१९ महामारीको अवधिमा विभिन्न सङ्घ संस्था तथा नेपाल सरकारबाट प्राप्त र अस्पतालले खरिद

गरेकामध्ये चालु अवस्थामा रहेका भेन्टिलेटरसहितको एनेस्थेसिया मेसिन, अटोक्लेभ मेसिन, आईसीयू भेन्टिलेटरलगायत ५९ प्रकारका ११५३ थान विभिन्न स्वास्थ्य उपकरण प्रयोगविहीन अवस्थामा रहेको देखियो। ती उपकरणमध्ये मूल्य खुलेका ६५० थान उपकरणको मूल्य रू.२३ करोड ९७ लाख रहेको छ। अस्पतालको आवश्यकताभन्दा बढी सङ्ख्यामा रहेका उपकरणहरू प्रयोगविहीन हुँदा उपकरणहरूको कार्य सम्पादनमा ह्रास हुने भएकाले तालुक निकायसँग समन्वय गरी उपकरण आवश्यक भएका अन्य सरकारी अस्पतालहरूमा हस्तान्तरण गर्नु उपयुक्त देखिन्छ।

कार्यमूलक लेखापरीक्षण

कारागार पूर्वाधार व्यवस्थापन

सदरजेलको नामबाट संवत् १९७१ मा नेपालको पहिलो कारागार काठमाडौँको जगन्नाथदेवलमा स्थापना भएको थियो। गृह मन्त्रालयअन्तर्गत कारागार व्यवस्थापन विभाग रहेको र सो विभागअन्तर्गत हाल ७४ बन्दीगृह सञ्चालनमा रहेका छन्। कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा देहायबमोजिम छन्:

४०. **कारागार व्यवस्थापन** - कारागार व्यवस्थापन ऐन, २०७९ को दफा ५(२) मा कारागारलाई सुरक्षा संवेदनशीलता, भौतिक पूर्वाधार, व्यवस्थापन क्षमता र भौगोलिक अवस्थितिसमेतको आधारमा नेपाल सरकारले सङ्घीय कारागार वा प्रदेश कारागार तोक्ने उल्लेख भएकोमा साविकमा सङ्घीय सरकारबाट स्थापना तथा सञ्चालन भएका कारागार सोहीबमोजिम सञ्चालन भएका छैनन्। सबै कारागारको व्यवस्थापन सङ्घीय सरकारबाट गर्दा सङ्घीय सरकारको कार्यबोझ बढेको र संविधान तथा ऐनमा भएको व्यवस्था कार्यान्वय नभएकोले आवश्यक नीतिगत, कानुनी तथा अन्य पूर्वाधारको व्यवस्था गरी ऐनबमोजिम सङ्घ र प्रदेश सरकारबाट कारागारको व्यवस्थापन हुनुपर्दछ।

४१. **विशेष कारागार** - कारागार ऐन, २०७९ को दफा ४०(२) मा प्रचलित कानुनबमोजिम जीवित रहेसम्म कैद तोकिएका कैदीलाई विशेष कारागारमा राखिने, जन्म कैदको सजाय तोकिएका कैदीलाई कसुरको प्रकृति, कसुरको गाम्भीर्यता वा सुरक्षा संवेदनशीलताको आधारमा विशेष कारागारमा राख्न सकिने, जघन्य कसुरको आरोपमा पुर्पक्षको लागि अदालतको आदेशबमोजिम विशेष निगरानी वा सुरक्षाका साथ थुनामा राख्नुपर्ने, थुनुवालाई विशेष कारागारमा राख्न सकिने, यसरी पुर्पक्षको लागि थुनामा राखिएका थुनुवालाई अन्य कैदी रहनेभन्दा छुट्टै कोठामा राख्नुपर्ने र विशेष कारागारको व्यवस्था नभएसम्म यस्ता कैदी बन्दीलाई सङ्घीय कारागारमा राखिने व्यवस्था छ। विशेष कारागारमा रहने बन्दीको सम्बन्धमा ऐनमा उल्लेख भए पनि हालसम्म विशेष कारागार स्थापना भएको छैन। विशेष कारागारमा राख्ने गरी तोकिएका बन्दीहरू अन्य कारागारमा रहँदा कारागारको शान्ति सुरक्षा र व्यवस्थापनमा कठिनाइ भएको, क्रूर प्रकृतिका कसुरमा आजीवन कैद भुक्तान गर्नुपर्ने बन्दी र अन्य मुद्दामा कसुरदार ठहरिएका थुनुवा र कैदी बन्दीलाई सँगै राख्दा अन्य कसुरका बन्दीहरूमा मनोवैज्ञानिक असर पर्न सक्ने भएकोले ऐनबमोजिम विशेष कारागारको स्थापना गर्नुपर्दछ।

४२. **खुल्ला कारागार र सामुदायिक सेवा** - पन्ध्रौँ योजनाको कार्यनीतिमा कैदी बन्दीलाई उत्पादनशील र विकासका क्रियाकलापमा संलग्न गराउने व्यवस्था गरिने र कारागार व्यवस्थापन नियमावली, २०२०

को नियम १६(क) मा कुनै मुद्दामा ३ वर्षसम्म कैद सजाय हुने व्यक्तिले सामुदायिक सेवा गर्न चाहेमा मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्ने र मुद्दा हेर्ने अधिकारीले उक्त नियममा भएको व्यवस्थाबमोजिम निजलाई सामुदायिक सेवामा पठाउन मनासिब देखेमा कारागारको सट्टा सामुदायिक सेवामा पठाउन सक्ने व्यवस्था छ। हालसम्म नियमावलीको उक्त व्यवस्थाअनुसार कैदी बन्दीलाई सामुदायिक सेवामा पठाउने प्रक्रिया प्रारम्भ भएको छैन।

त्यसै गरी कारागार ऐनको दफा ४१ मा प्रचलित कानुनबमोजिम कैद अवधिको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रशासनले खुल्ला कारागारमा राख्न सिफारिस गर्न सक्ने तथा खुल्ला कारागारमा रहेका बन्दीलाई नेपाल सरकार वा प्रदेश सरकार मातहत सञ्चालित विकास आयोजना वा कार्यक्रममा वा कुनै सार्वजनिक निकायमा काम गर्न, स्वयंसेवकको रूपमा काम गर्न वा क्षमता वा सीप विकाससम्बन्धी तालिममा भाग लिन खटाउन सकिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम २०७८ मा बाँकेको गनापुरमा १० बिघा क्षेत्रफलमा ३० कैदी बन्दी परिवारसहित बस्न सक्ने क्षमताको बन्दी गृह र प्रशासनिक भवन निर्माण भए तापनि प्रक्रियागत व्यवस्थाको अभावमा खुल्ला कारागार सञ्चालन हुन सकेको छैन।

कारागार व्यवस्थापनमा छरितोपना ल्याउन तथा असल अभ्यास र व्यवहार भएका कैदीको सामाजिकीकरणमा सहजता ल्याई देशको विकासमा योगदान पुऱ्याउन सामुदायिक सेवा, खुल्ला कारागार जस्ता नवीनतम अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।

४३. **निर्माणाधीन कारागारको अवस्था -** देशका विभिन्न स्थानमा निर्माणाधीन १० कारागारको अवस्था निम्नानुसार देखिएको छ:

४३.१. हाल सञ्चालनमा रहेको नुवाकोट कारागारमा १ हजार ३७० कैदी बन्दी व्यवस्थापन गर्ने उद्देश्यले दोस्रो चरणअन्तर्गत २०७२।७३ मा रू.५३ करोड ५६ लाखको लागतमा २०८०।८१ सम्म सम्पन्न गर्ने गरी निर्माण कार्य प्रारम्भ भएकोमा २०८० पौषसम्म ९२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। त्यस्तै, तेस्रो चरणमा थप ५ हजार ६३० कैदी बन्दी व्यवस्थापन गर्न बन्दी गृह, विद्यालय, कारागार कारखाना, अस्पताल, खेलकुद मैदानसहितका भौतिक संरचना निर्माण गर्ने गरी रू.५ अर्बको लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरेकोमा बजेट व्यवस्था नभएकोले निर्माण कार्य हुन सकेको छैन। जाजरकोट कारगारको निर्माण कार्यको लागि रू.३२ करोड १३ लाखको लागत अनुमान स्वीकृत भई यो वर्ष रू.१० लाख बजेट व्यवस्था भएकोमा खरिद प्रक्रिया अघि बढेको छैन।

४३.२. पाँचथर कारागार भवन निर्माण कार्य २०८०।८१ सम्म सम्पन्न गर्ने गरी २०७८।७९ मा प्रारम्भ भएकोमा कारागारको भौतिक प्रगति ३७ प्रतिशत, दोस्रो चरणअन्तर्गत बझाङ कारागार भवन २०८१।८२ सम्म सम्पन्न गर्ने गरी २०७९।८० मा प्रारम्भ भएकोमा भौतिक प्रगति २० प्रतिशत र सुर्खेत कारागार भवन २०८१।८२ सम्म सम्पन्न गर्ने गरी २०७९।८० मा प्रारम्भ भएकोमा भौतिक प्रगति १० प्रतिशत मात्र रहेको छ। त्यसै गरी दोस्रो चरणमा हुम्ला र मुगु कारागार भवन २०८०।८१ मा निर्माण प्रारम्भ गरी सोही वर्ष सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० फागुनसम्मको भौतिक प्रगति २० प्रतिशत मात्र रहेको छ।

४३.३. पाँचथर, मोरङ, हुम्ला, मुगु र जाजरकोट कारागार भवन २०८०।८१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्ष सम्पन्न गर्न आवश्यक बजेटको तुलनामा क्रमशः २२.३६, ५४.५८, १३.९१, १४ र १२ प्रतिशत मात्र बजेट विनियोजन भएको छ।

कार्य प्रारम्भ भएको लामो समयसम्म निर्माण सम्पन्न नभएको, बहुवर्षीय ठेक्काको लागि बजेट व्यवस्था नभएको, चालु वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेका कारागारको लागि न्यून बजेट विनियोजन भएको जस्ता कारणले निर्माणाधीन र प्रस्तावित कारागारको निर्माण कार्य समयमा सम्पन्न हुन सकेको छैन। हाल सञ्चालनमा रहेका कारागारमा कैदी बन्दीको अत्यधिक चापका कारण कारागारमा बढी कैदी बन्दी रहेकोले निर्माणाधीन कारागार भवनहरूको समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४४. **कारागारको क्षमता** – कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार हाल सञ्चालनमा रहेका ७४ बन्दीगृहको कुल क्षमता १६ हजार ६०७ रहेकोमा कारागारमा रहेका कैदी बन्दीको संख्या २८ हजार १२५ रहेकोले क्षमता भन्दा ११ हजार ५१८ बढी कैदी बन्दी रहेको अवस्था छ। जसअनुसार सिन्धुली कारागारमा १ हजार २४०, सुर्खेत कारागारमा ६४०, ताप्लेजुङ कारागारमा ५०८, उदयपुर कारागारमा ३७१, कञ्चनपुर कारागारमा ३०६ प्रतिशतभन्दा बढी कैदी बन्दी रहेका छन्। क्षमताभन्दा बढी कैदी बन्दी रहँदा स्थान अभाव भएको अवस्था छ। कैदी बन्दीको संख्यामा भएको वृद्धिअनुसार कारागारको क्षमता थप गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

४५. **बन्दी गृह निर्माण कार्यविधि** – कारागार व्यवस्थापन ऐन, २०७९ र कारागार (पन्ध्रौं संशोधन) नियमावली, २०७९ बमोजिम कैदी बन्दीको लैङ्गिक अवस्था, स्वास्थ्य अवस्था, कैदीको आपराधिक स्थिति, आधारभूत मानव अधिकार, शिक्षा, स्वास्थ्य, खेलकुद आय आर्जनलगायतको आधारमा कैदी बन्दीको आन्तरिक व्यवस्थापन गर्नुपर्ने र बन्दीगृहका आन्तरिक संरचना निर्माणसमेत सोही आधारमा गर्नुपर्ने देखिन्छ। हाल बन्दीगृह संरचना निर्माण सम्बन्धमा मापदण्ड तथा कार्यविधि निर्माण भएको छैन। कारागार गृहको निर्माण शहरी विकास मन्त्रालयअन्तर्गतका निकायबाट हुने गरेको, व्यवस्थापनको जिम्मेवारी कारागार विभाग तथा कार्यालयहरूको रहेको र सुरक्षाको जिम्मेवारी नेपाल प्रहरी र सशस्त्र प्रहरीको रहेको छ। मापदण्ड तथा कार्यविधि बेगर कारागार गृह निर्माण गर्दा सबै कैदी बन्दीको स्वास्थ्य तथा सुरक्षा जोखिम साथै सुरक्षा व्यवस्थापनमा समेत कठिनाइ हुने हुँदा कारागारका भवन निर्माण गर्ने, व्यवस्थापन गर्ने र सुरक्षा गर्ने निकायका पदाधिकारी रहेको संयन्त्रका साथै संरचना निर्माणको लागि स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माण हुनुपर्दछ।

४६. **कैदी बन्दीको बसोबास** - कारागार व्यवस्थापन ऐन, २०७९ को दफा १५ को उपदफा ४ मा थुनुवा, तेस्रो लिङ्गी, सरुवा रोग लागेका, मानसिक अवस्था ठिक नभएका, प्रचलित कानुनबमोजिमको गम्भीर र जघन्य कसुरको सजाय पाएका र ऐनको दफा १८ बमोजिम विशेष सुरक्षा कक्षमा राख्ने प्रकृतिका कैदीलाई राख्न अन्य बन्दीभन्दा अलग कोठामा विशेष सुरक्षा कक्षको व्यवस्था गर्नुपर्ने उल्लेख छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरणअनुसार हाल देशका ७१ कारागारमा थुनुवा ११ हजार ८३१, तेस्रो लिङ्गी ५, सरुवा रोग लागेका २०२, मानसिक अवस्था ठिक नभएका ८०१, गर्भवती वा सुत्केरी २५, आश्रित नाबालक ७६, अपाङ्गगता भएका ११९, कडा रोग लागेका २३४ र पैंसठ्ठी वर्ष उमेर पूरा भएका ५४१ कैदी बन्दी रहेका छन्। उक्त व्यवस्थाअनुसार गम्भीर र जघन्य कसुरमा सजाय पाएका कैदी बन्दीहरूको लागि केन्द्रीय कारागार जगन्नाथदेवलमा छुट्टै गोलघर बन्दीगृह निर्माण

गरी अलग राख्ने व्यवस्था गरिएको भए तापनि पर्याप्त भवन तथा जग्गाको अभावका कारण सम्पूर्ण बन्दीलाई सोहीबमोजिम व्यवस्थापन गर्न सकेको देखिएन। कारागार व्यवस्थापन ऐन तथा नियमबमोजिम कारागारको भौतिक संरचना निर्माण गरी कैदी बन्दीको व्यवस्थापन गर्नुपर्दछ।

४७. **खानपानको व्यवस्था** – कारागारमा रहेका कैदी बन्दीलाई नेपाल सरकारले दैनिक नगद रू.८० र चामल ७०० ग्राम दिने गरेको छ । कारागारले आन्तरिक प्रशासनमार्फत रासन तथा खानपानको व्यवस्थापन गरी कारागारहरूमा मेस सञ्चालनमार्फत खाना पकाउने गरेको देखियो। रासनमा चामल दिने व्यवस्था भएकोमा सोको सट्टा अन्य खानेकुरा उपभोग गर्न कैदी बन्दीले गर्ने व्यवस्थापन सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले खाद्यान्न छनोट गर्ने अवसर नपाएको स्थिति छ। त्यस्तै सामूहिक रूपमा मेस सञ्चालन गर्दा उपलब्ध गराइएको नगद र सिदाबाट तयार गर्नुपर्ने परिकार तथा गुणस्तर सम्बन्धमा निर्देशिका तथा नर्म्स निर्माण भएको देखिएन। सामूहिक भान्सा सञ्चालन, खाद्य पदार्थको गुणस्तर र चामलको सट्टा अन्य खाद्य पदार्थ उपभोग गर्ने कैदी बन्दीको लागि खाद्य पदार्थको छनोट सम्बन्धमा कार्यविधि तथा निर्देशिकाबाट व्यवस्थित हुनुपर्दछ।

४८. **आय आर्जन कार्यक्रम** – कारागार ऐन, २०७९ को दफा २५ मा कारागार प्रशासनले बन्दीलाई आत्मनिर्भर बनाउन वा आय आर्जन गर्ने अवसर प्रदान गर्न कारागार परिसरभित्र विभिन्न सीपमूलक वा आयमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, नियमावलीको नियम ३४ मा कारागार भित्र रहेका कैदीहरूलाई समयको सदुपयोग गराउन र स्वावलम्बी बनाउनको लागि नेपाल सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्न सक्ने उल्लेख छ। देशका विभिन्न कारागारमा कैदी बन्दीले आफ्नै प्रयासमा टोपी तथा मुढा बनाउने, सिलाइ कटाइ, फर्निचर निर्माण, बत्ती काट्ने, गलैंचा बुन्ने, पोते बुन्नेलगायतका आय आर्जनसम्बन्धी काम गरेको भए पनि यसलाई संस्थागत गर्न सकिएको छैन। यस सम्बन्धमा भौतिक पूर्वाधार, बजारीकरण, कच्चा पदार्थको सहज आपूर्तिलगायतमा समस्या रहेको छ। कैदीहरूको समयको सदुपयोग गरी आर्थिक अवस्था सुधार गर्न, देशमा उत्पादन बढाउन र कैदी बन्दीको आचरणमा सकारात्मक परिवर्तन ल्याउन कारागार भवनको संरचना निर्माण गर्दा आय आर्जनका कार्यक्रमसमेतलाई ध्यानमा राखी निर्माण गर्ने र आय आर्जन कार्यक्रमलाई संस्थागत गरी उत्पादित मालसामानको बजार सुनिश्चित गर्ने व्यवस्था हुनुपर्दछ।

वातावरणीय लेखापरीक्षण

विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन

विपद् जोखिम न्यूनीकरणका लागि सन् मार्च १४-१८, २०१५ मा जापानको मियागीस्थित सेण्डाइमा आयोजित संयुक्त राष्ट्रसङ्घीय तेस्रो विश्व सम्मेलनमा नेपालसहित १८७ देशको सहभागितामा संयुक्त राष्ट्रसङ्घले विपद् जोखिम न्यूनीकरणको लागि स्पष्ट लक्ष्य, सूचक र प्राथमिकता प्राप्त कार्यसहित सेन्डाइ कार्यढाँचा, २०१५-२०३० जारी भएको छ। विपद् उत्थानशील समुदाय र राष्ट्रको विकासको संवाहकको रूपमा आएको ह्योगो कार्यढाँचा, सन् २००५ को निरन्तरताको रूपमा सेन्डाइ कार्यढाँचा रहेको छ। उक्त कार्यढाँचाले ४ प्राथमिकता प्राप्त क्षेत्र तथा ७ विश्वव्यापी लक्ष्य निर्धारण गरी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ। विपद् व्यवस्थापनमा सेन्डाइ कार्याढाँचा कार्यान्वयन सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा देहायबमोजिम छन्:

४९. **नेपालको लक्ष्य -** सेन्डाइ कार्यढाँचाको उद्देश्य र अपेक्षित नतिजा प्राप्तिका लागि विश्वव्यापी रूपमा प्रगतिको लेखाजोखा गर्ने कार्यमा सहयोग गर्न विश्वव्यापी रूपमा मृत्यु हुने मानिसको मृत्युदर दिगो रूपमा घटाउने, विश्वव्यापी कुल गार्हस्थ उत्पादनलाई आधार मानेर विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति न्यूनीकरण गर्ने, उत्थानशीलता विकासको माध्यमबाट महत्त्वपूर्ण र संवेदनशील भौतिक पूर्वाधारमा विपद्बाट हुने नोक्सानी र स्वास्थ्य तथा शैक्षिक सुविधाजस्ता आधारभूत सेवामा हुनसक्ने अवरोधलाई पूर्ण रूपमा हटाउने लगायतका ७ लक्ष्य तय भएका छन्। उक्त लक्ष्यहरूमध्ये नेपालले तयार गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-३० ले ६ विषयमा आधार वर्ष सन् २०१५ र अल्पकालीन (सन् २०२०), मध्यमकालीन (सन् २०२५) र दीर्घकालीन (सन् २०३०) लक्ष्यहरू देहायअनुसार तोकेको छः

- राष्ट्रिय स्तरमा विपद्बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने।
- राष्ट्रिय स्तरमा विपद्बाट प्रभावित हुने व्यक्तिहरूको सङ्ख्या उल्लेख्य मात्रामा कम गर्ने।
- राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य मात्रामा कम गर्ने।
- महत्त्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रूपले कम गर्न उत्थानशील विकास गर्ने।
- प्रदेश र स्थानीय तहहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने।
- बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आँकलनको उपलव्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने।

४९.१. उल्लिखित लक्ष्यमध्ये महत्त्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रूपले कम गर्न उत्थानशील विकास गर्ने लक्ष्यअन्तर्गत स्वास्थ्य भवन, विद्यालय भवन र कक्षा कोठा, सार्वजनिक र सरकारी भवन, सांस्कृतिक सम्पदास्थल, विमानस्थल, जलविद्युत उत्पादन गृह तथा बाँधहरू, विद्युत स्टेशनहरू, खानेपानीका संरचनाको मर्मत सम्भार तथा प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने तथा एकीकृत जलस्रोत व्यवस्थापनको योजना कार्यान्वयन गर्ने, उच्च जोखिमयुक्त हिमताल विष्फोटन बाढीको जोखिम न्यूनीकरण, बायो इन्जिनियरिङ प्रविधिद्वारा नदी किनाराको संरक्षण, जलाधार, ताल, सिमसार तथा पोखरीको संरक्षण र जलवायु स्मार्ट गाउँको विकास तथा जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने सूचकहरू निर्धारण गरेको देखिन्छ। नेपालमा विभिन्न विपद्बाट हुने मृत्युमध्ये सडक दुर्घटनाबाट हुने मृत्यु सबै भन्दा धेरै रहेको देखिए तापनि सडक पूर्वाधारबारे रणनीतिक कार्ययोजनामा लक्ष्य निर्धारण गरिएको छैन। साथै विपद्का कारण शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातलगायतका आधारभूत सेवामा भएको अवरोधको अवस्था र सो न्यूनीकरणका लक्ष्यहरू रणनीतिक कार्ययोजनामा उल्लेख भएको छैन।

४९.२. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ लगायत विभिन्न दस्तावेजमा विकास सहायता प्राप्त गर्ने प्राथमिकताहरू उल्लेख भएका छन्। तर सेण्डाइ कार्यढाँचाको लक्ष्यमा उल्लेख भएबमोजिमको विकासशील राष्ट्रहरूलाई गरिने अन्तर्राष्ट्रिय सहायता विषयक वैश्विक लक्ष्य सम्बन्धमा नेपालले तयार गरेको रणनीतिक कार्यनीतिमा यससम्बन्धी स्पष्ट लक्ष्य किटान गरेको देखिएन।

४९.३. तोकिएका लक्ष्यहरू तोकिएको अवधि, आधार तथा ढाँचामा गर्न एकीकृत प्रगति विवरण तयार गरी सो को समीक्षा गर्ने व्यवस्था गरेको पाइएन। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वार्षिक प्रतिवेदनमा सम्पादित उल्लेख्य कार्यहरू समावेश गरी डिजास्टर रिस्क रिडक्सन पोर्टलमा विपद्सम्बन्धी सूचनाहरू प्रकाशन गर्ने गरेको छ। सेन्डाइ कार्यढाँचा कार्यान्वयनको राष्ट्रिय स्वैच्छिक मध्यावधि समीक्षा फेब्रुअरी २०२३ मा प्रकाशन गरे तापनि सो प्रकाशनमा समेत रणनीतिक कार्ययोजनामा तोकिएको आधार र ढाँचासँग मेल खाने गरी प्रगति वा कार्यान्वयन अवस्था उल्लेख भएको छैन। राष्ट्रिय स्वैच्छिक मध्यावधि समीक्षा प्रकाशनमा उल्लेख भएका तथ्याङ्क देहायअनुसार छन्:

वर्ष	दुर्घटना सङ्ख्या	मृतक सङ्ख्या	घाइते सङ्ख्या	प्रभावित परिवार	निजी घर क्षति		अनुमानित क्षति (अमेरिकी डलरमा)
					आंशिक	पूर्ण	
२०१५	९७८	९३०४	२२६६१	१०७३९१४	२९९३७८	७७३९३६	७८,७१,५७९*
२०१६	२३७०	४८६	७६४	१३२४१	१२२२	३४२८	२,३४,३६,४९०
२०१७	२४६०	४९०	७३७	१९०७३	१४४२७	१९२७	२,०८,०६,५४५
२०१८	३९१९	४७८	२९०२	८१८०	१८८०	२५०५	३,६१,८२,४३३
२०१९	४५३८	४८९	२४५२	२५२६४	६८७३	४९३९	३,९२,४५,९१९
२०२०	३७७०	५५९	११७५	११३१४	३३३०	१९५९	१,४६,७६,८४१
२०२१	४२१५	५०९	१७७३	६५८३	१५८०	२०४४	२,११,९०,१०३
२०२२	३९३४	४१७	९८३	६७४६	२३६८	१९५२	२,१४,०१,०८९
जम्मा	**२६,१८४**	**१२,७३२**	**३३,४४७**	**११,६४,३१५**	**३,३१,०५८**	**७,९२,६९०**	**१८,४८,१०,९९९**

उल्लिखित वार्षिक प्रतिवेदन, मध्यावधि समीक्षा र विपद् जोखिम पोर्टलमा केही सूचनाहरू उपलब्ध भए तापनि सेण्डाई कार्यढाँचाबमोजिम रणनीतिक कार्ययोजनाले तोकेका प्रत्येक लक्ष्यहरूसँग तुलना गर्न मिल्ने गरी विवरण तयार गरी सूचकको अवस्था विश्लेषण गरेर अपेक्षित नतिजा हासिल गर्ने तथा अपेक्षाअनुसार नभएका सूचकहरूमा आवश्यक थप रणनीतिक कार्ययोजना तर्जुमा गरी लक्ष्य हासिल गर्नुपर्दछ।

५०. **विपद् व्यवस्थापन -** संविधानको धारा ५१ मा विपद् व्यवस्थापन सबै तहका सरकारको जिम्मेवारीअन्तर्गत राखेको छ। सोबमोजिम अनुसूची ७ र ९ विपद् व्यवस्थापनलाई साझा सूचीमा उल्लेख गरिएको छ। विपद् व्यवस्थापन अनुसूची ८, स्थानीय तहको अधिकार सूचीमा उल्लेख गरिएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले कानुनी वा नीतिगत वा अन्य कुनै रूपमा विपद् व्यवस्थापनलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। तर राष्ट्रिय स्वैच्छिक मध्यावधि समीक्षा प्रतिवेदनमा उल्लेख भएअनुसार ३३ नगरपालिकाले मात्र स्थानीय विपद् उत्थानशील कार्यढाँचा तयार गरेका छन्। स्थानीय तहले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ३१९ स्थानीय तहले बनाएका छन् भने ११६ स्थानीय तहले मात्र स्थानीय आपतकालीन केन्द्रहरू सञ्चालन गरेका छन्। विपद् पूर्वतयारी, प्रतिकार्य, पुनः निर्माण लगायत जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीयकरणको लागि अनुमानित अमेरिकी डलर १६ मिलियनको कोष स्थापना भएको छ। विपद् व्यवस्थापनमा स्थानीय तह र समुदायलाई सबल बनाउन सबै स्थानीय तहले विपद् उत्थानशील कार्यढाँचा तथा योजना तर्जुमा गरी लागु गर्ने, स्थानीय आपतकालीन केन्द्र स्थापना र सञ्चालन गर्ने तथा स्थानीय कोष परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

५१. **विपद् जोखिम वित्त व्यवस्था -** नेपालको संविधानको धारा १२४ मा सङ्घीय आकस्मिक कोष र धारा २१२ मा प्रत्येक प्रदेशले प्रदेश आकस्मिक कोषको स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ। त्यसै

गरी सङ्घीय आकस्मिक ऐन, २०७४ ले आकस्मिक कार्यमा खर्च गर्नका लागि सङ्घीय आकस्मिक कोषको व्यवस्था गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापनका लागि केन्द्रीय स्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहने र दफा २३ मा प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने उल्लेख छ। विपद् कार्यका लागि छुट्टा छुट्टै कोषहरू स्थापना गरी राहत वितरण तथा उद्धार कार्यमा खर्च गर्ने गरेको छ। कानुनमा तोकिएका कोषका अतिरिक्त पटके रूपमा अन्य कोषहरू खडा गर्ने गरेको देखिएको छ। विभिन्न तहमा रहेका कोषमा रकम जम्मा गर्ने र खर्च गर्दा एकीकृत र छुट्टाछुट्टै विवरण तयार गरी सार्वजनिक गर्ने लगायतका कार्यमा सुधार गरी पारदर्शिता एवं विश्वसनीयतामा अभिवृद्धि गर्नुपर्दछ।

५२. **भू-उपयोग योजना -** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा भूकम्प जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जुमा गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउनुपर्ने उल्लेख छ। जोखिम संवेदनशील भू-उपयोगसम्बन्धी योजना विभिन्न स्थानीय तहमा तर्जुमा भइरहेको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अगुवाइमा जोखिम संवेदनशील भू-उपयोग योजना सम्बन्धी राष्ट्रिय कार्यढाँचाको मस्यौदा निर्माण भएको छ। मस्यौदालाई पूर्ण रूप दिई राष्ट्रिय कार्यढाँचा कार्यान्वयनमा ल्याउनुपर्दछ।

५३. **कार्ययोजना -** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक संवेदनशीलता र समावेशी पद्धति लागु गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुरूप प्रचलित कानुनमा लैङ्गिक संवेदनशीलता र समावेशी पद्धति लागु भएको र सो कार्यलाई थप प्रभावकारी बनाउनका लागि जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयार भएको जानकारी प्राप्त भएको छ। रणनीतिक कार्ययोजनाको अभावमा समावेशी पद्धति व्यवस्थित हुन नसक्ने हुँदा मस्यौदालाई अन्तिम रूप दिई कार्यान्वयनमा ल्याउनुपर्दछ।

५४. **अनुगमन प्रणाली -** विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा सडक दुर्घटना, महामारी, भूकम्प र पहिरोका सम्भावित क्षेत्रहरूमा अनुगमन प्रणाली स्थापना गर्ने उल्लेख छ। काठमाडौँलगायत मुलुकका अन्य भागहरूको सडक अनुगमन गर्न सी.सी.टी.भी. जडान गरी अनुगमन गरे तापनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। महामारीको निरन्तर अनुगमन प्रणालीको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतको निकायबाट अनुगमन हुने गरेको भए तापनि अनुगमन प्रतिवेदन तयार गरेको छैन। भूकम्प मापन प्रणालीको राष्ट्रव्यापी सञ्जालको विस्तार र आधुनिकीकरण भइसकेको अवस्था छैन। मुलुकमा पहिरो सम्भाव्य क्षेत्र पहिचान गरी सोको पर्याप्त अनुगमन गर्ने प्रणाली स्थापना गर्ने र सार्वजनिक गर्ने कार्य भएको छैन। पर्याप्त स्रोत साधनको व्यवस्था गरी अनुगमन प्रणाली प्रभावकारी बनाउनुपर्दछ।

अन्य संस्था

प्रहरी कल्याणकारी कोष

शान्ति स्थापनार्थ २०४९ सालदेखि संयुक्त राष्ट्रसंघीय मिसनहरूमा नेपाल प्रहरीको सहभागिताबाट प्राप्त रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्व प्रहरी र परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले प्रहरी कल्याण कोषको स्थापना भएको हो। प्रहरी नियमावली, २०७१ को नियम १९४ को व्यवस्थाअनुसार प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि तर्जुमा भई कोष सञ्चालनमा रहेको छ।

५५. **वित्तीय स्थिति** - कोषको गत वर्षको मौज्दात रू.४ अर्ब २ करोड २ लाख ५३ हजार रहेकोमा यो वर्ष रू.६७ करोड ७६ लाख २० हजार थप र रू.१० करोड ९९ लाख ८९ हजार खर्च भई रू.४ अर्ब ५८ करोड ७८ लाख ८४ हजार मौज्दात रहेको छ। कोषको जग्गा, भवन, कार्यालय सामान, फर्निचर, उपकरण तथा अन्य सम्पत्तिसमेत रू.७ करोड ६३ लाख ८५ हजार स्थिर सम्पत्ति रहेकोमा ह्रास कट्टी पश्चात् रू.३ करोड ८५ लाख १४ हजार बाँकी देखिन्छ।

५६. **व्यावसायिक क्रियाकलाप** - नेपाल प्रहरी नियमावली, २०७१ को नियम १९४ मा कल्याण कोष सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने उल्लेख छ। कोष सञ्चालनको लागि प्रहरी वरिष्ठ उपरीक्षकसहित २२ जनशक्ति संलग्न रही पारिश्रमिकमा यो वर्ष रू.९० लाख ५९ हजार खर्च भएको र नेपाल प्रहरीको स्वामित्वमा रहेको जग्गासमेत प्रयोग गरेको अवस्था छ। छुट्टै अस्तित्वसहित दर्ता भएको संस्थामा कार्यरत कर्मचारीको पारिश्रमिक तथा सो संस्थाले प्रयोग गरेको सम्पत्तिसँग सम्बन्धित खर्च सोही निकायबाट व्यहोर्ने, शोधभर्ना लिने वा नेपाल सरकारको तर्फबाट योगदान देखाउने व्यवस्था मिलाउनुपर्दछ।

५७. **लेखापरीक्षण** - प्रहरी नियमावली, २०७१ को नियम १९४ (७) मा कल्याण कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने उल्लेख छ। कोषले पेस गरेको वित्तीय विवरणमा कोषद्वारा सञ्चालित ७ वटा पेट्रोल पम्प र हेल्थ क्लब लगायत ८ नियन्त्रित निकायहरूको सम्पत्ति र दायित्व रू.६९ करोड ९५ लाख ६० हजार एकमुष्ट रूपमा वित्तीय विवरणमा समावेश गरेको छ। निकायहरूको आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी स्रेस्ताहरू लेखापरीक्षणको लागि पेस भएको छैन। नियमावलीको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ।

सशस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी संगठनका बहालवाला कर्मचारीहरू, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी एवं तिनका आश्रित परिवारहरू र गृहयुद्धमा ज्यान गुमाएका सशस्त्र प्रहरीका परिवार सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध कल्याणकारी क्षेत्रहरूमा समयानुकूल सेवा प्रदान गर्ने तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउने तथा केन्द्रबाट उपलब्ध गराउने सुविधाहरूलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रको कार्यविधि, २०७२ बमोजिम गठन भई सञ्चालनमा रहेको छ।

५८. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - केन्द्रको गत वर्षको मौज्दात रू.८९ करोड ७३ लाख रहेकोमा यस वर्ष संयुक्त राष्ट्रसङ्घबाट प्राप्त शोधभर्ना, मुद्दती लगानीको ब्याज र व्यावसायिक लगानीबाट प्राप्त प्रतिफलसमेत रू.१ अर्ब २७ करोड ८५ लाख आम्दानी भई कुल रू.२ अर्ब १७ करोड ५८ लाख आम्दानी भएकोमा माली, सुडान र हाइटी मिसन व्यवस्थापनमा रू.७४ करोड ६८ लाख, प्रशासनिक र सामाजिक क्रियाकलापमा रू.६ करोड ३२ लाख खर्च भई रू.१ अर्ब ३६ करोड ५८ लाख बाँकी रहेको देखिन्छ।

५९. **ऋण तथा लगानी** - केन्द्रको कोष सञ्चालन कार्यविधि, २०७४ मा कल्याणकारी कोषबाट सशस्त्र प्रहरी कर्मचारीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था छ। केन्द्रले यस वर्षसम्म रू.४ अर्ब ३ करोड ३४ लाख लगानी गरेको छ। साथै यस वर्षसम्म कर्मचारीलाई घर कर्जा रू.१ अर्ब ९९ करोड ६३ लाख, हायरपर्चेज कर्जा रू.३२ लाख, चार पाङ्ग्रे सवारीसाधन कर्जा रू.६ करोड ८ लाख, शैक्षिक कर्जा रू.३ करोड ६९ लाख र टेलिभिजन कर्जा रू.२० लाख ऋण प्रवाह गरेको छ। जुन पुँजीकोषको ५२.०४ प्रतिशत हुन आँउछ। कल्याणकोषले ऋण सापटीबाट यो वर्ष रू.१२ करोड ४४ लाख सेवा शुल्क र ब्याज प्राप्त गरेको छ। यसैगरी सेवा केन्द्र काठमाडौं र पोखरामा ३ वटा पेट्रोल पम्पमा रू.९ करोड ५५ लाख र सप्तरी, कोहलपुर र कीर्तिपुरमा अवस्थित विद्यालयमा रू.२९ करोड ५७ लाख लगानी गरेको छ। गत वर्ष पेट्रोल पम्पबाट रू.६८ लाख लाभांश प्राप्त भएकोमा यो वर्ष रू.१ करोड ८२ लाख ३४ हजार प्राप्त भएको छ।

६०. **मिसनको सामग्री** - सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवा केन्द्र कार्यविधि, २०७४ को दफा १४ मा कल्याणकारी केन्द्रको आर्थिक स्रोतमा संयुक्त राष्ट्रसङ्घको अनुरोधमा मिसनमा लगानी गरे बापत शोधभर्ना प्राप्त हुने उल्लेख छ। संयुक्त राष्ट्रसङ्घको अगस्त ८, २०२२ को पत्रअनुसार सशस्त्र प्रहरी बल, नेपाललाई माली मिसनको लागि फर्मड् पुलिस युनिट १४० जनशक्तिको माग भएकोमा मिसनको आवश्यक तयारीका लागि २३ प्रकारका मालसामान तथा औषधि एवं औषधिजन्य सामग्रीहरूको खरिदमा रू.३१ करोड १६ लाख १६ हजार खर्च भएको छ। मिसनका लागि खरिद गरिएका उक्त सामग्रीहरू कार्यालय परिसरमा नै रहेको देखिन्छ। तयारी पूरा भएपश्चात् संयुक्त राष्ट्रसङ्घबाट जुलाई ७, २०२३ मा प्राप्त फ्याक्सअनुसार जून २०२३ को संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको बैठकबाट माली मिसन रद्द भएको जानकारी गराएको छ। यसबाट उक्त मिसनको तयारीमा खर्च भएको पूरै रकम जोखिममा रहेको छ। अतः उक्त मिसनका लागि भएको खर्चको शोधभर्नाका लागि आवश्यक पहल गरी खरिद गरिएका सामग्रीहरूको उचित व्यवस्थापन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा मन्त्रालयको शान्ति सुरक्षा र आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्ने, कारागारको क्षमता विस्तार नभएको, भौतिक पूर्वाधारको आवश्यकताअनुसार नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, उजुरी फर्स्यौट नभएको, मुआब्जा वितरण नभएको, नर्म्सअनुसार पोशाक वितरण, अस्पतालले फार्मेसी सेवा सञ्चालन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३७४ निकायको रू.२ अर्ब २८ करोड ५ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ अर्ब ७४ करोड १ लाख ६६ हजार फर्स्यौंट गरेकोले रू.५४ करोड ४ लाख १ हजार बाँकी रहेको छ। सोमध्ये रू.३ करोड ५ लाख ६८ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था ३ तर्फ रू.५५ लाख २६ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। छ। सोमध्ये रू.२ लाख ६५ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र संघलगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि, राहदानी तथा भिसा, शिष्टाचार र ओहदाको प्रमाणपत्र, आर्थिक कूटनीति, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ४४ सरकारी कार्यालयको निम्नानुसार रू.१७ अर्ब ६५ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ:

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६०४४२	८५९५५	१५५	२९९७४	१७६५२६

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.२ करोड ७८ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट खर्च भएको रू.५८ लाखसमेत रू.३ करोड ३६ लाख समावेश गरिएको छैन।

मन्त्रालय मातहत ३ कार्यालयको रू.४५ करोड ५२ लाखको बक्यौता लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **अन्य संस्था -** यो वर्ष परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको रू.३ करोड ४९ लाख ६७ हजार र बी.पी.कोइराला नेपाल भारत फाउण्डेसनको रू.२५ करोड ९८ लाख २ हजारको २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएको छ। बी.पी.कोइराला नेपाल भारत फाउण्डेसनको २०७९।८० को लेखापरीक्षण बाँकी रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **नीति कार्यान्वयन -** नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिलाई सन्तुलित र स्वतन्त्र राख्दै राष्ट्रिय हितको संवर्धन र प्रवर्धन गरी मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा योगदान पुग्ने उद्देश्यले परराष्ट्र नीति, २०७७ कार्यान्वयनमा आएको छ। मन्त्रालयले परराष्ट्र नीतिमा उल्लेख भएका विभिन्न विषयमध्ये नेपाली नियोगहरूले सम्बन्धित देशहरूको आर्थिक, व्यापारिक, औद्योगिक अवस्थाबाट नेपालमा पर्ने प्रभाव अध्ययन नगरेको, अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने र वैदेशिक रोजगारीमा पठाउने देशसँग सहकार्य गर्नेजस्ता श्रम तथा रोजगार मन्त्रालयले गर्ने कार्य यस मन्त्रालयको नीतिमा राखेको, प्रतिभा प्राप्ति केन्द्रबाट योगदान गर्ने व्यवस्था प्रभावकारी नभएको, नेपाली नियोगहरूको विदेशमा उपस्थिति र

आवश्यकताअनुसार द्विपक्षीय वाणिज्य संयन्त्र गठन हुन नसकेको, नेपाली नियोगहरूमा कार्यरत कर्मचारीहरूको कार्य सम्पादन सूचक तयार गरी कार्यसम्पादन गर्ने र कार्य सम्पादन मूल्याङ्कनसँग जोड्ने व्यवस्था कार्यान्वयन नभएको अवस्था देखियो। नीतिको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न निर्देशक समिति र समन्वय समितिको व्यवस्था भए तापनि हालसम्म ती समितिको बैठक नबस्नुका साथै अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य भएको नदेखिँदा स्वीकृत नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५. **नतिजा सूचक र लक्ष्य -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०७९।८० को मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमअनुसार मन्त्रालयका लागि सुरु बजेट विनियोजन रू.५ अर्ब ८३ करोड ३५ लाख र संशोधित बजेट रू.६ अर्ब ७१ करोड ७ लाख रहेकोमा सोमध्ये रू.५ अर्ब ७० करोड ३२ लाख खर्च भएको छ। वार्षिक विकास कार्यक्रममा मन्त्रालयका लागि तोकिएका १४ कार्यक्रममध्ये ब्रेन गेन सेन्टरमा आबद्ध हुने गैरआवासीय नेपाली, ब्रेन गेन सेन्टरमार्फत प्राप्त हुने परियोजना प्रस्ताव र विदेशस्थित नियोगहरूमा भवन/जग्गा खरिद/निर्माणलगायतका कार्यक्रममा लक्ष्यअनुसार प्रगति हासिल भएको छैन। मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानभित्र रही लक्षित कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त गर्नुपर्दछ।

६. **आवधिक योजना कार्यान्वयन -** अन्तर्राष्ट्रियस्तरमा नेपालको राष्ट्रिय हित प्रवर्धन गर्दै तीव्र आर्थिक वृद्धि, गरिबी न्यूनीकरण तथा दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउन अन्तर्राष्ट्रिय सम्बन्धको अधिकतम परिचालन गर्ने उद्देश्य पूरा गर्न अन्तर्राष्ट्रिय जगतमा नेपालको राष्ट्रिय हित गर्ने, नेपालको आर्थिक कूटनीतिलाई रणनीतिक तथा नतिजामूलक रूपमा परिचालन गर्ने, राष्ट्रिय हित अनुकूल हुने गरी विद्यमान सन्धि, सम्झौता र समझदारीको विश्लेषण गरी पुनरावलोकन गर्ने र कूटनीतिक दक्षतामा अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्नेलगायतका रणनीति र कार्यनीति अख्तियार गरी अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढीकरण गर्ने, व्यापार घाटा न्यूनीकरण गर्ने, नेपाल भित्रिने पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि गर्नेलगायतका लक्ष्य पन्ध्रौं योजनाले लिएको छ। राष्ट्रिय योजना आयोगको २०७६।७७ देखि २०७८।७९ सम्मको मध्यावधि समीक्षा प्रतिवेदनअनुसार योजना अवधिभित्र नेपालीलाई गन्तव्य मुलुकको अध्यागमनमा प्रवेशाज्ञा प्रदान गर्ने मुलुकको सङ्ख्या ६० पुऱ्याउने लक्ष्य रहेकोमा ३५ पुगेको, द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १७५ पुऱ्याउने लक्ष्य रहेकोमा १६८ पुगेको, द्विपक्षीय परामर्श संयन्त्रको स्थापना र बैठक सङ्ख्या १६ पुऱ्याउने लक्ष्य रहेकोमा ९ पुगेको एवं आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम सञ्चालनको लक्ष्य १५० रहेकोमा १४० पुगेको छ। योजनाको बाँकी अवधिमा परिमाणात्मक लक्ष्य हासिल गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, २०७९।८० एवं बजेट वक्तव्यमा उल्लेख भएका क्रियाकलापहरूको कार्यान्वयन गर्ने गरी ३७ मुख्य क्रियाकलापसहितको माइलस्टोन तोकिएकोमा २१ सम्पन्न भएका, १० आंशिक पूरा भएका र ६ काम हुन नसकेको देखिन्छ। निर्यात व्यापार, लगानी र पर्यटन प्रवर्धन सम्बन्धमा कम्तीमा २ प्रदेशमा अन्तरक्रिया एवं छलफल कार्यक्रम गर्ने, नेपाली राजदूतावासहरूको सङ्ख्या पुनरावलोकन गर्न एक समितिको गठन गर्ने, विषम परिस्थितिमा विदेशमा रहेका नेपालीहरूको उद्धार गर्ने कार्यको लागि द्रुत कार्य टोलीको अवधारणापत्र तयार गरी प्रस्ताव पेस गर्ने, नेपालमा रहेका विदेशी कूटनीतिक नियोगका

पदाधिकारीहरूलाई कन्सुलर सेवा प्रणालीसम्बन्धी जानकारी दिन अन्तरक्रियात्मक कार्यक्रम आयोजना गर्ने, सगरमाथा संवाद मञ्च कार्यक्रम आयोजना गर्न सचिवालय स्थापना गरी तयारी थालनी गर्ने र कूटनीतिक कर्मचारीलाई नेपालका प्रमुख रणनीतिक तथा व्यापार साझेदार तथा पर्यटक मुलुक र श्रम गन्तव्य मुलुकका भाषा सिकाउने कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्य र वार्षिक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

८. **कूटनीतिक आचारसंहिता -** कूटनीतिक मर्यादा एवं अन्तर्राष्ट्रिय प्रचलनअनुरूप नेपाल सरकारका तर्फबाट विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघसंस्था र तिनका कूटनीतिक प्रतिनिधि एवं अन्य पदाधिकारीहरूसँगको औपचारिक भेटघाट, सम्पर्क, वार्ता, सम्बन्ध र सञ्चारलाई अझ व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्ने उद्देश्यले कूटनीतिक आचारसंहिता, २०६८ कार्यान्वयनमा आएको छ। कूटनीतिक भेटघाट, बैठक र वार्ता गर्दा सम्बन्धित मन्त्रालय र परराष्ट्र मन्त्रालयको प्रतिनिधि आमन्त्रण गर्न नसकेको अवस्थामा छलफलको महत्वपूर्ण अंश परराष्ट्र मन्त्रायलमा लेखी पठाउनु पर्ने व्यवस्था रहेकोमा सोसम्बन्धी विवरण प्राप्त नभएको, नेपाल सरकारको तर्फबाट विदेशी सरकार वा संस्थाका प्रतिनिधिसँग भएका प्रतिबद्धताहरूको जानकारी परराष्ट्र मन्त्रालयमा पठाउनुपर्नेमा आंशिक रूपमा मात्र पठाएको जस्ता बेहोराहरू मन्त्रालयले उल्लेख गरेको छ। आचारसंहिता पालनालाई अनिवार्य बनाउन सकिएको छैन। आचारसंहिता पालना नगरेमा वा उल्लङ्घन गरेमा गरिने कारबाही सम्बन्धमा उल्लेख नभएकोले आचारसंहिता अधुरो देखियो। आचारसंहिताको अनुगमन गर्न परराष्ट्र मन्त्रीको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति र परराष्ट्र सचिवको संयोजकत्वमा स्थायी अनुगमन समितिको व्यवस्था गरिएकोमा समितिको बैठक बस्ने तथा अनुगमन गर्ने कार्य भएको देखिएन। आचारसंहिताको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नुपर्दछ।

९. **नियोगहरूको पुनर्संरचना -** बजेट वक्तव्य २०७९।८० को दफा ३५८ मा बदलिँदो परिवेश र कार्यबोझ विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा विदेशमा रहेका नियोगहरूको सङ्ख्या पुनरावलोकन गरिने र नेपाली नियोगको भौतिक उपस्थिति नरहेको स्थानमा भर्चुअल दूतावासको अवधारणाअन्तर्गत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने उल्लेख छ। परराष्ट्र मन्त्रालयअन्तर्गत राजदूतावास ३०, महावाणिज्य दूतावास ७ र स्थायी नियोग ३ समेत ४० नेपाली नियोग रहेका छन्। नियोगको कार्यक्षेत्रभित्र रहेका नेपाली नागरिकहरूको सङ्ख्या, आर्थिक क्रियाकलापको अवस्था, आर्थिक कूटनीति प्रवर्धनको सम्भावना, ती देशले नेपालमा स्थापना गरेका नियोगसमेत विचार गरी प्रवाह गर्नुपर्ने सेवाअनुसार जनशक्तिको विश्लेषण गरी नियोगको निरन्तरता, बन्द गर्ने वा सेवा प्रदायक संस्थामार्फत सेवा प्रवाह गर्ने विषयमा अध्ययन गरी उपयुक्त सङ्ख्यामा नियोगहरूको पुनर्संरचना गर्नुपर्दछ।

१०. **वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) बमोजिम मन्त्रालयले पेस गरेको आय-व्ययको केन्द्रीय वित्तीय विवरणमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१०.१ मन्त्रालयबाट पेस भएको केन्द्रीय वित्तीय विवरणअनुसार नियोगहरूतर्फको कुल खर्च रू.३ अर्ब ५६ करोड ४० लाख देखिएकोमा नियोगहरूबाट पेस भएको वित्तीय विवरणअनुसार रू.३ अर्ब ३१

करोड ३७ लाख देखिन्छ। जसअनुसार मन्त्रालयको वित्तीय विवरणमा उल्लेख भएभन्दा रू.२५ करोड ३ लाख बढी खर्च लेखाङ्कन भएको देखिन्छ। मन्त्रालयले नियोगहरूलाई निकासा गरेको आधारमा खर्च लेखाङ्कन गर्ने तर यथार्थमा सबै रकम नियोगमा खर्च नहुन सक्ने अवस्थाले वित्तीय प्रतिवेदनमा यस्तो फरक परेको देखिन्छ। अतः यथार्थ खर्चको आधारमा केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

१०.२ यो वर्ष विदेशस्थित नियोगहरूलाई निकासा दिएकोमध्ये खर्च नभई बाँकी रहेको रू.२५ करोड ३ लाख मन्त्रालयले २०८०।८१ को प्रथम चौमासिक निकासाबाट फ्रिज बापत कट्टी गर्नुपर्नेमा रू.२४ करोड ५७ लाखमात्र कट्टी गरी सञ्चित कोषमा दाखिला गरेकोले बाँकी रू.४६ लाखसमेत दाखिला गर्नुपर्दछ।

१०.३ मन्त्रालयले राजस्वको केन्द्रीय आर्थिक विवरण तयार गर्दा राजस्व व्यवस्थापन सूचना प्रणालीको आधारमा विदेशस्थित नियोगहरूको गत वर्षको फ्रिज तथा बेरुजु कट्टीको रकमसमेत समावेश गरी तयार गरेकोमा नियोगहरूको आर्थिक विवरणमा उक्त रकम समावेश भएको देखिँदैन। मन्त्रालयले पेस गरेको विवरणअनुसार ३९ नियोगको कुल राजस्व रू.३ अर्ब ६३ करोड ८५ लाख रहेकोमा नियोगहरूले स्थानीय मुद्रामा तयार गरेको आर्थिक विवरणअनुसार कुल राजस्व रू.४ अर्ब ३५ करोड ६७ लाख देखिन्छ। मन्त्रालयले तयार गरेको आर्थिक विवरणभन्दा नियोगहरूको आर्थिक विवरणमा रू.७१ करोड ८२ लाख बढी देखिएकोले यस सम्बन्धमा यकिन गरी राजस्वको यथार्थपरक वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

१०.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएका सबै राजस्व तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्दछ। नेपाली राजदूतावास तेल अविव, पेरिस, बैङ्कक, यांगुन र स्थायी नियोग भियनाको चालु वर्षको चौमासिक निकासाबाट कट्टी गरी बाँकी रहेको राजस्व रू.५ करोड ४८ लाख ७१ हजार सञ्चित कोष दाखिला हुनुपर्दछ।

नियोगहरूले विनियोजनतर्फ वर्षान्तमा निकासामध्ये खर्च भई बाँकी रकम तथा राजस्व वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम/दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गर्ने गरेको देखिन्छ। जसले गर्दा मन्त्रालय र नियोगहरूले देखाएको खर्च तथा राजस्व भिडान नहुने समस्या रहेको छ। सूचना प्रविधिमा आधारित प्रणाली लागु गरी हिसाब मिलान हुने व्यवस्था गर्नुपर्दछ।

११. **घर/अपार्टमेण्ट सुरक्षण** - विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९ को दफा १०(१३) मा नियोगले घरभाडामा लिँदा सुरक्षण जमानत बापत घरधनीलाई अग्रिम रूपमा रकम बुझाउनुपर्ने भएमा त्यस्तो रकम पेस्कीस्वरूप भुक्तानी दिन सक्ने र त्यसरी पेस्की दिएको रकम फर्स्यौट नभएसम्म प्रत्येक आर्थिक वर्षमा पेस्कीको रूपमा जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ। नेपाली राजदूतावास वाशिङ्गटन, अबुधाबी, जेनेभा, ओटावा, लण्डन, पेरिसलगायत १९ नियोगले घरभाडामा लिँदा ८१ घर/अपार्टमेण्टका घरधनीलाई रू.५ करोड ४७ लाख ३७ हजार सुरक्षण बापत भुक्तानी गरेकोमा कानुनी व्यवस्थाअनुसार पेस्की लेखाङ्कन गर्नुपर्दछ।

१२. **सेवा सुविधासम्बन्धी कानुन** - नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम १९ मा नियोग प्रमुख तथा नियोगमा कार्यरत कर्मचारीले नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेबमोजिमको भत्ता तथा अन्य सुविधा पाउने र यसरी प्रदान गरिने भत्ता तथा अन्य सुविधाको सिफारिस गर्न एक समिति रहने उल्लेख छ। नियोगहरूले नेपाल सरकारको २०५१।२।२३ को निर्णय तथा पटके निर्णयअनुसार कर्मचारीहरूलाई वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधि उपचार सुविधा, निजी मालसामान तथा सवारी साधनको ढुवानी र अन्य सुविधा प्रदान गरेको देखिन्छ। नियोगमा कार्यरत कर्मचारीहरूलाई एकीकृत रूपमा कानुन बनाई सेवा सुविधा उपलब्ध गराउनुपर्ने बेहोरा गत विगत वर्षदेखि औंल्याईँदै आएकोमा स्थिति यथावत छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१२.१ नेपाल सरकार, मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुखबाहेक अन्य कर्मचारीको लागि मन्त्रालयले तोकेबमोजिम साधारण रूपमा सुसज्जित आवास भवन उपलब्ध गराउने उल्लेख भएअनुसार यो वर्ष नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, ओटावा, पेरिस, अबुधाबीलगायत ३८ नियोगले कार्यालय र कर्मचारी आवासको लागि घर भाडामा रू.९४ करोड ७८ हजार, ४० नियोगले पानी तथा बिजुली महसुलमा रू.११ करोड ९१ लाख ९ हजार, सञ्चार महसुलमा रू.६ करोड ४१ लाख ४७ हजार र इन्धनमा रू.५ करोड ८१ लाख ५९ हजार खर्च गरेका छन्। कर्मचारी आवासको लागि लिएको घरमा उपलब्ध गराएको सुविधा र भाडा रकमसम्बन्धी मापदण्डमा विविधता देखिएकोले स्पष्ट मापदण्डसहितको नीति बनाई कार्यान्वयन गर्न सार्वजनिक लेखा समितिले २०६९।१।५ मा निर्देशन दिएकोमा सो निर्देशन कार्यान्वयन नभएकोले पुनः २०७७।८।१४ मा तत्काल स्पष्ट मापदण्ड बनाई लागु गर्न निर्देशन दिएकोमा सोको कार्यान्वयन भएको छैन। यसरी पटक-पटक मापदण्ड बनाउन निर्देशन दिँदासमेत कार्यान्वयन नहुनुलाई असल अभ्यास मान्न सकिएन।

१२.२ विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत कर्मचारीहरूको स्वास्थ्य उपचार सुविधासम्बन्धी निर्देशिका, २०७१ मा नियोगमा कार्यरत कर्मचारी तथा निजका आश्रित परिवारको स्वास्थ्य बीमा गर्नुपर्ने तथा बीमा कम्पनीले उपचारको कुनै रकम नव्यहोरेको अवस्थामा एक पटकमा रू.२० हजारसम्मको नियोगले औचित्य हेरी शोधभर्ना दिन सक्ने र सोभन्दा बढी रकमको हकमा त्यस्तो उपचार गराउनु पर्नाको कारण र बीमा कम्पनीले नव्यहोरेको कारणसमेत खोली नियोग प्रमुखले सिफारिससहित शोधभर्नाको लागि परराष्ट्र मन्त्रालयमा लेखी पठाउनुपर्ने तथा यसरी पठाएकोमा परराष्ट्र मन्त्रालयको निर्णयबमोजिम गर्नुपर्ने व्यवस्था छ। नेपाली राजदूतावास अबुधाबी, वाशिङ्गटन, लण्डन, ओटावा लगायत ४० नियोगले यो वर्ष स्वास्थ्य बीमा तथा उपचार खर्चको लागि रू.२७ करोड ३ लाख ७ हजार खर्च गरेका छन्। विदेशस्थित ४० नियोगमध्ये बेइजिङ, ग्वान्जाओ, ल्हासा, छेन्दुलगायतका नियोगले स्वास्थ्य बीमा गराएका छैनन्। स्वास्थ्य बीमा नगरेका नियोगले मन्त्रालयको सहमति लिई औषधि उपचार खर्च गरेका छन्। नियोगहरूले अनिवार्य रूपमा स्वास्थ्य बीमा गरी औषधि उपचार खर्च सम्बन्धमा स्पष्ट नीति र मापदण्ड तर्जुमा गरी यस्तो खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

१३. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। वैदेशिक भत्ता समेत पाउने कूटनीतिक कर्मचारीहरूले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा काज खटिई दैनिक भत्ता प्राप्त गरेको अवधिमा समेत यो वर्ष नेपाली राजदूतावास लण्डन, वाशिङ्गटन, अबुधाबीलगायत २४ नियोगले रू.२९ लाख ७ हजार वैदेशिक भत्ता भुक्तानी गरेका छन्। वैदेशिक भत्ता प्राप्त गर्ने कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने बेहोरा गत विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको छैन।

१४. **सम्पत्ति व्यवस्थापन** - विदेशस्थित ४० नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको भवनमा र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दै आएका छन्। नियोगहरूको लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति भए पनि यो वर्ष जग्गा तथा भवन खरिद र भवन निर्माण भएको छैन। नियोगहरूको घर/अपार्टमेण्ट भाडाको लागि यो वर्ष रू.९४ करोड ७९ हजार खर्च भएको छ। नियोगको नाममा रहेका घर जग्गाको उपयोग र व्यवस्थापन सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायबमोजिम छन्:

१४.१ गैरआवासीय भवन निर्माणका लागि विगतमा इस्लामावाद, रियाद, कोलम्बो, क्वालालम्पुर, मस्कट, क्यानबेरालगायतका स्थानमा खरिद गरिएका जग्गा प्रयोगविहीन अवस्थामा रहेका छन्। यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०७७।८।१४ को निर्णयबाट खरिद गरिएका जग्गाहरूमा भवन निर्माण गरी नियोगहरूको घरभाडा खर्चमा कटौती गर्दै जान निर्देशन दिएकोमा यो वर्ष भवन निर्माण कार्य भएको छैन।

१४.२ नेपाली राजदूतावास, क्यानबेराले ६ हजार १९८ वर्गमिटर जग्गा ९९ वर्षको लागि अष्ट्रेलियन डलरमा १२ लाख २०७४।११।१८ मा लिजमा खरिद गरेको छ। जग्गा खरिदको लागि २०७४।१२।७ मा भएको सम्झौताको बुँदा ३(ए) मा लिजमा लिएको सो जग्गामा १८ महिनाभित्र भवन निर्माण कार्य सुरु गरी ३६ महिनाभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ। अष्ट्रेलियन क्यापिटल अथोरिटीले २०७९।१।२२ सम्म भवन निर्माणको कार्य सुरु गर्न स्वीकृति दिएकोमा सो अवधि समाप्त भएकोले पुनः भवन निर्माण सुरु गर्ने अवधि २०८३।१।२२ सम्म थप भएको देखिन्छ। उक्त जग्गामा ४ भवन निर्माणका लागि ड्रइङ्ग डिजाइन तयार भई नेशनल क्यापिटल अथोरिटीबाट २१ डिसेम्बर २०२१ मा स्वीकृत भएको देखिन्छ। उक्त जग्गाको शुल्क बापत यो वर्ष अष्ट्रेलियन डलर ४ हजार ५८१ र दूतावास तथा कर्मचारीको आवासको लागि रू.२ करोड ४२ लाख ८७ हजार खर्च भएको छ। लिज सम्झौताअनुसार तोकिएको अवधिभित्र भवन निर्माण कार्य सुरु तथा सम्पन्न नगरेको अवस्थामा सम्झौताको अन्त्यसमेत हुन सक्ने व्यवस्था रहेकोले लिज सम्झौताबमोजिम भवन निर्माण कार्य प्रारम्भ गर्नुपर्दछ।

१४.३ जर्मनी एकीकरण अघि पश्चिम जर्मनीको बोनमा रहेको नेपाली राजदूतावास सन् २००० मा बर्लिनमा स्थानान्तरणपश्चात बोनस्थित नेपाल सरकारको स्वामित्वमा रहेको २ घर र त्यसले चर्चेको २ हजार ८४६ वर्गमिटर जग्गासमेत प्रयोगविहीन अवस्थामा रहेको छ। नियोगले सम्पत्तिको मूल्याङ्कन गर्न

एक परामर्शदाता छनोट गरी पेस भएको प्रतिवेदनमा नोभेम्बर ८, २०२१ को मूल्यअनुसार जग्गा समेत सम्पत्तिको मूल्याङ्कन युरो १० लाख ४० हजार रहेको र सोको डिमोबिलाइजेसन तथा क्लियरिङ्ग लागत युरो ८० हजार घटाउँदा लिक्विडेसनको मूल्य युरो ९ लाख ६० हजार हुने उल्लेख छ। उक्त सम्पत्तिको हेरचाह तथा बगैंचा सरसफाईको लागि यो वर्ष युरो ३ हजार ६५० खर्च भएको छ। मूल्याङ्कन प्रतिवेदनबमोजिम सम्पत्तिको उपयुक्त व्यवस्थापनका लागि नियोगले थप कारबाही गरेको छैन। सम्पत्ति व्यवस्थापन सम्बन्धमा समयमा नै निर्णय नगर्दा संरक्षणको लागत बढ्ने तथा लिलाम गर्दा प्राप्त हुने आय घट्ने हुँदा भाडा वा लिजमा दिनेतर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धी बेहोरा गत विगतको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ।

१४.४ नेपाली राजदूतावास नयाँ दिल्लीले यो वर्ष दूतावास परिसरभित्रका विभिन्न संरचनाहरूको नियमित तथा स-साना आकस्मिक मर्मत सम्भारको लागि रू.४६ लाख ३५ हजार खर्च गरेको छ। स-साना मर्मत सुधारका कार्य गरिए पनि कार्यालय भवनको बिम तथा पर्खाल चर्किएको, पानी रसाउने तथा ढलान फुट्न थालेको कारण भवन जीर्ण हुँदै गएको छ। दूतावासको जमिनमुनि भूमिगत मेट्रो रेल लाइन भएकोले मेट्रोको भाइब्रेसनले हुने जोखिम विश्लेषण गरी उक्त भवनको उपयोगमा दिगोपना ल्याउनुपर्दछ।

१४.५ नेपाली राजदूतावास, रियादको राजदूतावास भवन र राजदूत निवास निर्माणका लागि रियादको कूटनीतिक आवास क्षेत्रभित्र २०७८ कार्तिकमा साउदी रियाल १ करोड ६४ लाख ८८ हजारमा ३ हजार ६६४ वर्गमिटर जग्गा खरिद गरिएको र खरिद सम्झौतामा ५ वर्षभित्र भवन निर्माण गरिसक्नुपर्ने प्रावधान रहेकोमा भवन निर्माणको पूर्व तयारी र लागत अनुमान तयारीलगायतका कार्यसमेत भएको देखिएन। अतः सम्झौता अवधिमा भवन निर्माण कार्य सम्पन्न गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

१४.६ नेपाली राजदूतावास बेइजिङले सन् १९८४ मा ५ हजार २५० वर्गमिटर जग्गा ९० वर्षको लागि चीनिया युआन ५२ लाख ५० हजारको नवीकरणीय लिजमा भवनसहित खरिद गरेको छ। हाल उक्त जग्गामा नियोगको चान्सरी र राजदूत निवास रहेको देखिन्छ। नियोगको चान्सरी र राजदूत निवास भवन पुनः निर्माणका लागि २०७६।७७ र २०७७।७८ मा बजेट विनियोजन भए तापनि भवन निर्माण कार्य सुरु भएको छैन। गुरुयोजनाअनुरूप भवन निर्माणका लागि प्रारम्भिक डिजाइन र विस्तृत डिजाइन तयार गरी भवन निर्माण कार्य सुरु गर्नुपर्दछ।

१५. **आर्थिक कूटनीति** - राजदूतको कार्यक्षेत्रगत शर्तमा राजदूतको प्रमुख कार्यअन्तर्गत पर्यटन, निर्यात तथा लगानी प्रवर्धन जस्ता कूटनीतिक कार्य गर्ने रहेको छ। त्यसैगरी बजेट वक्तव्य, २०७९।८० मा नेपालको आर्थिक कूटनीतिलाई वैदेशिक लगानी, निर्यात व्यापार, पर्यटन प्रवर्धन, विकास सहायता परिचालन, प्रविधि हस्तान्तरण जस्ता क्षेत्रमा प्रभावकारी र उद्देश्यमूलक ढङ्गले परिचालन गरिने उल्लेख छ। यो वर्ष मन्त्रालयबाट विदेशस्थित ३४ नियोगमार्फत निर्यात तथा लगानी प्रवर्धन र पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रमका लागि रू.६ करोड ५३ लाख ४३ हजार बजेट विनियोजन भएकोमा रू.३ करोड १२ लाख ८३ हजार खर्च भएको छ। आर्थिक कूटनीतिको परिचालन गर्न विश्व व्यापार

सङ्गठन र क्षेत्रीय व्यापार सङ्गठनबाट अधिकतम फाइदा लिन सोसम्बन्धी क्षेत्र, उपक्षेत्र र मोडेलको पहिचान गर्दै मुलुकलाई अधिकतम लाभ हुने गरी सम्झौताको लागि पहल गर्ने एवं नियोगको विशिष्टता अनुसार कार्यक्रम तर्जुमा गरी विदेशस्थित नेपाली नियोग र गैरआवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्धनमा परिचालन गर्नुपर्दछ।

१६. **कार्यक्षेत्रगत शर्त -** न्यूयोर्क र जेद्दामा रहेका महावाणिज्यदूतको कार्यक्षेत्रगत शर्तमा दुई देशबीच व्यापारिक सम्बन्ध विकास गर्ने, व्यापारिक प्रगति अनुगमन गरी प्रतिवेदन दिने, नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रवर्धन तथा पारवहनसम्बन्धी कार्य सम्पादन गर्ने, नेपाली उत्पादनको लागि स्थानीय बजार खोजी गर्ने, मेला तथा प्रदर्शनी आयोजना गर्नेलगायतका वाणिज्य क्षेत्रका जिम्मेवारीहरू उल्लेख गरेकोमा ती जिम्मेवारीहरू पूरा गर्न जेद्दाको लागि कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन नभएको र न्यूयोर्कको लागि विनियोजित बजेट तथा खर्च विगतदेखि नै न्यून भएकोले ती क्षेत्रमा अपेक्षित नतिजा हासिल हुन सकेको छैन। महावाणिज्य दूतावासको कार्यसम्पादन कन्सुलरसम्बन्धी काममा सीमित हुन पुगेकोले कार्यक्षेत्रगत जिम्मेवारी अनुसार वाणिज्य क्षेत्रको विकास र विस्तारमा समेत केन्द्रित गर्नुपर्दछ।

राजदूतको कार्यक्षेत्रगत शर्तअनुसार गर्नुपर्ने काममध्ये दोहा, अबुधाबी, मस्कट, रियादलगायतका राजदूतावासबाट प्राप्त विवरणअनुसार ककस निर्माण नगरेको, श्रम गन्तव्य रहेका सबै मुलुकसँग श्रम सम्झौता नगरेको, श्रमशक्ति सीपयुक्त नभएको, द्विपक्षीय परामर्श संयन्त्र गठन नभएको, केही देशमा उच्चस्तरीय भ्रमण नभएको, केही राजदूतले टर्मिनल रिपोर्ट पेस नगरेको, सम्बन्धित देशमा भएको आर्थिक/राजनीतिक परिवर्तनबाट नेपालमा पर्न सक्ने प्रभावको अध्ययन नभएको अवस्था देखिन्छ। ती कार्यका लागि विगत वर्षदेखि बजेटको न्यूनता र खर्चको अवस्था कमजोर रहेकोले नियोगहरूबाट श्रमिक सचेतना, व्यापार, लगानी र पर्यटन क्षेत्रका कूटनीतिक कार्यहरू प्रभावकारीरूपले सञ्चालन हुन सकेको छैन। कूटनीतिक कार्य गर्न विशेष प्राथमिकता दिई अधिकतम लाभ प्राप्त गर्नुपर्दछ।

१७. **श्रम कूटनीति -** श्रम गन्तव्य मुलुक साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, ओमान र कतारका राजदूतको कार्यक्षेत्रगत शर्तमा वैदेशिक रोजगारीमा नेपालबाट गएका कामदार र घरेलु कामदारको हकहित संरक्षण गर्ने, रोजगार सेवा सञ्चालन गर्ने, वैदेशिक रोजगारीका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नेपाली कामदारका लागि उपयुक्त हुने रोजगारीका अवसर अध्ययन गर्ने, दुर्घटनामा मृत्यु हुने कामदारको लागि कानुन व्यवसायी राख्नेलगायतका जिम्मेवारी तोकिएको छ। नियोगहरूबाट प्राप्त विवरणअनुसार २०७५।७६ देखि २०७९।८० सम्म ती देशमा २७ लाख ९१ हजार ३४५ कामदार रोजगारीका लागि गएकोमा २ हजार १९६ कामदारको मृत्यु भएको छ। यसरी मृत्यु हुनुमा सडक दुर्घटना, ब्रेन ह्यामरेज, हर्ट अट्याक, कार्यस्थल दुर्घटना, आत्महत्या, प्राकृतिकलगायतका कारण रहेको छ। नेपाली श्रमिकहरूको प्राकृतिक र आत्महत्याबाट भएको मृत्युका कारणमा कार्यस्थल समस्या, अनुपयुक्त कार्य वातावरण, न्यून पारिश्रमिक तथा सुविधा, सीप विकास तालिम बेगर पठाउने अभ्यास लगायतका रहेका छन्।

वैदेशिक रोजगारसँग सम्बद्ध निकायबीच सूचना आदान प्रदान नहुनु, वैदेशिक रोजगारका लागि विद्युतीय माग प्रणाली नहुनु, अनिवार्य बीमाको व्यवस्था नहुनु, राहत र उद्धारमा कठिनाइ हुनु, मागपत्र प्रमाणीकरण गर्दा न्यूनतम पारिश्रमिक तोक्ने व्यवस्था नहुनु, मागपत्र प्रमाणीकरण गर्दा इन्डोर र

आउटडोर काम नखुलाइनुलगायतका कारणले ती देशमा रोजगारीमा समस्या देखिएको छ। सम्बद्ध निकायको संयुक्त पहलबाट यसमा सुधार गर्नुपर्दछ।

१८. **घरेलु महिला कामदार -** घरेलु कामदारको रूपमा महिलालाई खाडी क्षेत्रमा जान रोक लगाइएको भए तापनि भिजिट भिसामा कुबेत, संयुक्त अरब इमिरेट्स र साउदी अरेबिया जाने गरेको, कतिपय समयमा समस्यामा पर्ने गरेका कामदारको राहत तथा उद्धार र सचेतनासम्बन्धी केही कामसमेत भएको तर जनशक्तिको कमीको कारण सो कार्य पर्याप्त देखिँदैन। नेपाली राजदूतावास ओमान, बहराइन, इजिप्ट र अबुधाबीले घरेलु कामदारको सुरक्षण बापत सम्बन्धित रोजगारदाताबाट सङ्कलन गरेको रू.१० करोड ३० लाखको व्यक्तिगत अभिलेख राखेको छैन। उक्त रकमको अभिलेख राखी घरेलु महिला कामदारको सुरक्षा र उद्दारमा प्रभावकारिता ल्याउनुपर्दछ।

१९. **आयकर -** आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको सबै प्रकारका रकम सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायअनुसार छन्:

१९.१ आयकर ऐन, २०५८ को दफा ६७(६) मा रोजगार जहाँसुकै भएपनि नेपाल सरकारले भुक्तानी दिने भएमा भुक्तानीको स्रोत नेपालमा रहेको मानी कर कट्टा गर्नुपर्ने व्यवस्था छ। विदेशस्थित नेपाली नियोगहरूले सो अनुसार स्थानीय कर्मचारीहरूको पारिश्रमिकमा आयकर गणना गरेको पाइएन। यो वर्ष नेपाली राजदूतावास वाशिङ्गटन, अबुधाबी, लण्डन लगायत २३ नेपाली नियोगले नेपालमा स्थायी घर ठेगाना भएका ११९ नेपाली नागरिकलाई स्थानीय कर्मचारीको रूपमा भर्ना गरी रू.२८ करोड ३० लाख करार सेवा शुल्क भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८७ तथा अनुसूची-१ बमोजिम उल्लिखित स्थानीय कर्मचारीको पारिश्रमिक भुक्तानीमा रू.६ करोड ५५ लाख पारिश्रमिक कर कट्टा गरेको छैन। यस सम्बन्धमा यकिन गरी सो बापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ।

१९.२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।९।२८ को निर्णयबाट विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत सर्भिस स्टाफ (अर्दली) को पारिश्रमिक वृद्धि भई मासिक एकमुष्ट अमेरिकी डलर ६०० देखि १ हजार ३६५ सम्म तोकिएको छ। वैदेशिक भत्ता भनी नतोकिएको अवस्थामा आयकर ऐन, २०५८ को अनुसूची-१ को व्यवस्थाअनुसार कूटनीतिक कर्मचारी सरह वैदेशिक भत्ताको ७५ प्रतिशत रकममा कर छुटको सुविधा प्राप्त हुने देखिँदैन। यस वर्ष नेपाली राजदूतावास वाशिङ्गटन, अबुधाबी, लण्डन लगायत १३ नेपाली नियोगहरूले १७ सर्भिस स्टाफलाई रू.२ करोड ६४ लाख पारिश्रिमक भुक्तानी गरेकोमा नियोगले सर्भिस स्टाफको पारिश्रमिकमा लाग्ने आय कर रू.४९ लाख कट्टा गरेको छैन। यस सम्बन्धमा यकिन गरी सो बापतको कर कट्टा गर्ने व्यवस्था हुनुपर्दछ।

२०. **स्थानीय कर्मचारीको दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) मा कुनै नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार (मन्त्रिपरिषद्) मा स्वीकृतिको लागि पेस गर्नुपर्ने व्यवस्था छ। विदेशस्थित ४० नियोगमा स्वीकृत २३८ स्थानीय कर्मचारीको दरबन्दीका अतिरिक्त वाशिङ्गटन, नयाँदिल्ली, दोहा, मनामा, जेद्दा, मस्कटलगायत १२ नियोगमा पब्लिक रिलेसन अफिसर, ड्राइभर, अफिस असिस्टेन्ट, सोसियल सेक्रेटरीलगायतका १५ पदमा दरबन्दी सिर्जना नगरी अर्थ

मन्त्रालयको सहमतिका आधारमा स्थानीय कर्मचारीको रूपमा सेवा करारमा नियुक्त गरेको छ। स्वीकृत दरबन्दीका २३८ र अतिरिक्त थप १५ स्थानीय कर्मचारीसमेतको पारिश्रमिकको लागि यो वर्ष रू.६६ करोड ४२ लाख ८४ हजार खर्च भएको छ। ऐनको प्रावधानअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा नेपाल सरकारबाट थप दरबन्दी स्वीकृत गराएर मात्र पारिश्रमिक भुक्तानी गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत छ।

२१. **पारिवारिक वैदेशिक भत्ता -** मन्त्रिपरिषद्को २०७१।१२।२० को निर्णयबाट विदेशस्थित नेपाली राजदूतावासहरूमा नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरूलाई सम्बन्धित नियोगमा परिवार नलगेको अवस्थामा तोकिएबमोजिम पारिवारिक भत्ता, शैक्षिक भत्ता, बीमा खर्च र औषधि उपचार खर्च पाउने व्यवस्थालाई खारेज गरेको छ। उक्त निर्णयले महावाणिज्य दूतावास, ल्हासामा कार्यरत कूटनीतिक कर्मचारीहरूको सुविधा सम्बन्धमा अध्ययन गर्न एक समिति गठन भएकोमा हालसम्म सो सम्बन्धमा निर्णय भएको देखिएन। आश्रित परिवार साथमा नलगेको अवस्थामा पनि उक्त नियोगमा कार्यरत कर्मचारीलाई पारिवारिक वैदेशिक भत्ता र शैक्षिक भत्तामा यो वर्ष रू.२८ लाख ६६ हजार भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत देखिएन।

२२. **दरबन्दी बेगर वैदेशिक भत्ता -** नेपाली महावाणिज्य दूतावास, न्यूयोर्कमा साबिकमा सहसचिवस्तरको महावाणिज्यदूतको दरबन्दी रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७५।३।२४ को निर्णयले उप सचिवस्तरको दरबन्दी कायम गरेको छ। महावाणिज्य दूतावासमा कार्यरत एक उपसचिवलाई दरबन्दी नै नभएको माथिल्लो पदको २०७७।७।१३ देखि २०८०।३।१७ सम्म कार्यवाहक भत्ता रू.१० लाख ८२ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

नेपाली महावाणिज्य दूतावास, जेद्दामा रहेको महावाणिज्यदूतको दरबन्दी मन्त्रिपरिषद्को २०७७।६।१९ को निर्णयबाट छेन्दुमा स्थानान्तरण गरेको छ। नियोग प्रमुखको दरबन्दी स्थानान्तरण भएको अवस्थामा यो वर्ष नियोग प्रमुखलाई २०७९।८० मा कायम मुकायम भत्ता रू.१० लाख ९० हजार भुक्तानी गरेकोले उक्त रकमसमेत असुल गर्नुपर्दछ।

२३. **सवारीसाधन नवीकरण -** नेपाली राजदूतावास, अबुधाबीको नाममा दर्ता रहेका कूटनीतिक नम्बर प्लेटका ५ सवारी साधनमध्ये २ को १ मार्च २०१८, २ को १७ जनवरी २०१९ तथा १ को २७ जुलाई २०२० देखि नवीकरण भएको देखिँदैन। दूतावासका ५ सवारीसाधन दर्ता नवीकरण बेगर सञ्चालन गर्दा प्रत्येक पटक जरिबाना भुक्तानी गर्नुपर्ने अवस्था छ। सवारीसाधन नवीकरण नगरी सञ्चालन गर्दा २५ फेब्रुअरी २०१८ देखि ८ अगष्ट २०२३ सम्म संयुक्त अरब इमिरेट्स सरकारले प्रदान गरेको छुटपछिको शुल्क र जरिबाना दिरहाम २ लाख ३४ हजार ८२० पुगे तापनि हालसम्म नवीकरण बेगर सवारीसाधन सञ्चालन भैरहेका कारण प्रत्येक पटक दिरहाम ५०० का दरले जरिबानामा वृद्धि भइरहेको देखिन्छ। तोकिएको समयमा सवारीसाधन नवीकरण नगर्दा नेपाल सरकारको दायित्वमा वृद्धि हुँदै गएकोले तत्काल सुधार हुनुपर्दछ।

२४. **राजस्व दाखिला -** नेपाली राजदूतावास, वाशिङ्गटनले राजस्व जम्मा गर्नका लागि एक बैङ्कमा खाता खोलेको भए तापनि राजस्व असुली मनी अर्डर/क्यासियर चेकमार्फत गर्ने गरेको छ। दूतावासले १५ देखि २० डिसेम्बर २०२२ मा टेक्सासको डालस, अस्टिन र ह्युस्टन शहरमा सञ्चालन गरेको कन्सुलर सेवा शिविरबाट सङ्कलित मनिअर्डर र बियरर चेकहरू बैङ्क दाखिला नगरी गाडीमा लिएर फर्कदै गर्दा गाडीमा चेकहरू राखी कर्मचारीहरू बाहिर गएको समयमा २२ डिसेम्बर २०२२ का दिन ह्युस्टनमा ९३६ सेवाग्राहीबाट सङ्कलित अमेरिकी डलर २ लाख ११ हजार ६३५ चोरी भएकोमा ४८८ सेवाग्राहीले नयाँ मनी अर्डरबाट अमेरिकी डलर ८४ हजार ८९० जम्मा गरेको र अमेरिकी डलर ६० हजार बीमा कम्पनीहरूबाट क्षतिपूर्ति प्राप्त भई वर्षान्तमा अमेरिकी डलर ६६ हजार ७४५ सरकारी राजस्व प्राप्त हुन नसकेको अवस्था छ। दूतावास र मन्त्रालयले आवश्यक समन्वय गरी यस्ता जोखिमहरूको निवारण गर्ने रणनीति तथा कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै चोरी भएको अमेरिकी डलर ६६ हजार ७४५ (रू.८८ लाख ६८ हजार) सम्बन्धमा प्रचलित कानुनी व्यवस्थाबमोजिम टुङ्गो लगाउनुपर्दछ।

२५. **कानुनी परामर्श सेवा -** बेलायतको एक दूरसञ्चार कम्पनी र नेपालको एक दूरसञ्चार कम्पनीले नेपाल सरकार विरुद्ध मध्यस्थताको लागि २०७६।२।६ मा पेस गरेको लगानीसम्बन्धी विवादको कानुनी प्रतिरक्षा गर्न सम्बन्धित विषयमा दखल भएको अन्तर्राष्ट्रियस्तरको कानुनी परामर्श सेवा खरिद गर्ने नेपाली राजदूतावास वाशिङ्गटनले निर्णय गरेको छ। सोबमोजिम २०७७।७।१२ मा एक अमेरिकी कानुन व्यवसायीसँग अमेरिकी डलर २३ लाखको खरिद सम्झौता भएको देखिन्छ। उक्त फर्मलाई कार्य प्रगतिको आधारमा ५ किस्तामा भुक्तानी दिने व्यवस्था भई दूतावासले गत वर्षसम्म कानुनी परामर्श, कर विशेषज्ञको खर्च, मध्यस्थता शुल्कलगायतको लागि अमेरिकी डलर ३४ लाख २३ हजार ६४३ र यो वर्ष अमेरिकी डलर २ लाखसमेत अमेरिकी डलर ३६ लाख २३ हजार ६४३ खर्च भएको छ।

मध्यस्थता शुल्कमध्ये प्रथम किस्ता अमेरिकी डलर १ लाख ५० हजार २२ नोभेम्बर २०१९ सम्म बुझाउन पत्राचार गरे तापनि नेपाल सरकारले समयमा प्रतिवाद नगरेको र दूतावासले सो शुल्क नबुझाएकोले वादीले नै ६ डिसेम्बर २०२१ मा बुझाएको देखिन्छ। मध्यस्थकर्तालेे दुवै पक्षलाई निर्धारित थप शुल्क र किस्ता बुझाउन पत्राचार गरेकोले पहिलो किस्ताको अमेरिकी डलर २ लाख, दोस्रो र तेस्रो किस्ताको अमेरिकी डलर ३ लाख ५० हजार र यो वर्ष चौथो किस्ता बापतको अमेरिकी डलर २ लाखसमेत अमेरिकी डलर ७ लाख ५० हजार मध्यस्थता कार्यालयमा पठाएको छ। मध्यस्थकर्ताको ट्रिब्युनलले ७ जून २०२३ मा गरेको मुद्दाको फैसलाअनुसार हालसम्म भएको खर्चको हिसाब देखिने विवरण तथा प्रतिवेदन तयार गरेको नदेखिँदा अद्यावधिक विवरण पेस गर्नुपर्दछ।

२६. **हवाई टिकट खरिद -** परराष्ट्र मन्त्रालयले मन्त्रालयमा कार्यरत कर्मचारीहरूको विदेश भ्रमण, विदेशस्थित नियोगहरूमा कार्यरत कर्मचारी र तिनका आश्रित परिवार, निजी कामदार र समय समयमा हुने उच्चस्तरीय भ्रमणको लागि टिकट आपूर्ति गर्न रू.९ करोड ९६ लाख ९९ हजारको

लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट रू.५ करोड ४५ लाख ४१ हजारको खरिद सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

२६.१ विदेशस्थित ४० नेपाली नियोगमा कार्यरत कर्मचारी र तिनका आश्रित परिवार तथा निजी कामदार नियोगमा सरुवा भई जाने र आउने सङ्ख्या ८६७ एवं उच्चस्तरीय तथा अन्य भ्रमणका लागि ६८ समेत ९३५ लाई आधार मानी लागत अनुमान तयार गरेको छ। इकोनोमी क्लासतर्फ ३९ एकतर्फी र ४४ दुईतर्फी तथा बिजनेश क्लासतर्फ ८ दुईतर्फी रुट कायम गरिएको छ। सो अनुसार ९१ रुटमा ९३५ व्यक्तिको लागि लागत अनुमान तयार गरी सेवाप्रदायकसँग सोही रुट र सङ्ख्या कायम हुने गरी सम्झौता गरेको छ। सम्झौता अनुसार कुन कुन रुटमा के कति सङ्ख्यामा हवाई टिकट जारी भई भुक्तानी भएको हो सोको अभिलेख व्यवस्थित नगरेकोले सम्झौताअनुसार प्रयोग भएको रुट र ती रुटमा हवाई टिकट सङ्ख्या यकिन गर्न सकिएन। यसको अभिलेख व्यवस्थित रूपले राखी आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ।

२६.२ सम्झौतामा नेपाली नियोग रहेका ३९ स्थानको एकतर्फी र ४४ स्थानको दुईतर्फी एवं उच्चस्तरीय भ्रमण हुन सक्ने स्थानको दुईतर्फी हवाई रुटको उल्लेख भएको छ। सो बाहेक सम्झौतामा उल्लेख नभएका रुटको पनि उच्चस्तरीय भ्रमणको हवाई टिकटको रू.४० लाख ९० हजार भुक्तानी गरेको छ। परराष्ट्र मन्त्रालयबाट गरिने सबै प्रकारका वैदेशिक भ्रमणलाई सम्झौतामा नसमेटेका कारण भ्रमणमा अतिरिक्त व्ययभार पर्न गएको छ। सबै प्रकारका वैदेशिक भ्रमणलाई सम्झौतामा समावेश गरी हवाई टिकट खरिदलाई प्रतिस्पर्धात्मक र मितव्ययी बनाउनुपर्दछ।

२६.३ केही उच्चस्तरीय भ्रमणको सङ्ख्या सम्झौतामा तोकिएको सङ्ख्याभन्दा बढी भएको र मन्त्रिपरिषदबाट भएको निर्णयानुसार सम्झौतामा उल्लेख भएको अवधिभित्र टिकट जारी गर्न सूचना दिन नसकेका कारण उल्लेख गरी मन्त्रालयले काठमाडौं-ब्रशेल्स-काठमाडौं, काठमाडौं - जेनेभा - काठमाडौं, काठमाडौं-लण्डन-काठमाडौं लगायतका रुटमा सम्झौतामा उल्लेख भएको दर प्रयोग नगरी ३ वटा दरभाउपत्र माग गरी घटीवालासँग हवाई टिकट खरिद गरी भुक्तानी गरेको छ। सम्झौतामा उल्लेख भएको दरभन्दा बढी दरले टिकट खरिद गर्दा रू.४० लाख ७५ हजार बढी व्ययभार परेको छ।

राहदानी विभाग

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६६।१०।७ को निर्णयानुसार नेपाली नागरिकलाई राहदानी जारी गर्ने उद्देश्यले २०६७ ज्येष्ठमा केन्द्रीय राहदानी कार्यालय स्थापना भएकोमा २०६८ माघदेखि उक्त कार्यालय राहदानी विभागको रूपमा परिणत भएको छ।

२७. **सेवा प्रवाह -** राहदानी नियमावली, २०७७ को नियम ३ अनुसार विभागको प्रमुख कार्यमा राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स पासपोर्टको खाली पुस्तिका छपाइ तथा आपूर्ति, वैयक्तीकरण, गुणस्तर परीक्षण, तथ्याङ्क व्यवस्थापन, सुरक्षित भण्डारण लगायतका व्यवस्थापकीय कार्य गर्ने, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको लिखत ९ हजार ३०३ र सोको सम्बद्ध अनुसूचीसमेतको आधारमा

नेपाली राहदानी तथा यात्रा अनुमतिपत्रमा राखिएका सुरक्षा विशेषता वा सङ्केतलाई समय समयमा पुनरावलोकन गरी नेपाल सरकारबाट स्वीकृत गराई अद्यावधिक गर्नेलगायतका कार्यहरू रहेका छन्। विभागले गत वर्ष ८ लाख ३३ हजार ४३ राहदानी जारी गरेकोमा यो वर्ष ४३.०७ प्रतिशतले वृद्धि भई मेसिन रिडेबल राहदानी ७ हजार ९५५ र विद्युतीय राहदानी १४ लाख ६३ हजार ४४४ समेत १४ लाख ७१ हजार ३९९ पासपोर्ट जारी गरी गरेको छ।

२८. **मेसिन रिडेबल राहदानी -** मेसिन रिडेबल पासपोर्ट छपाइ, आपूर्ति र पर्सनलाइजेसन सम्बन्धी कार्य गर्न एक फ्रान्सेली कम्पनीसँग २०६७।५।११ मा ४५ लाख राहदानीको प्रतिराहदानी अमेरिकी डलर ३.५९ का दरले भुक्तानी गर्ने गरी २०७२।८।८ सम्मका लागि सम्झौता भएको देखिन्छ। नेपाल सरकार, मन्त्रिपरिषद्को २०७२।३।१८ को निर्णयअनुसार २०७२।३।३१ मा थप २५ लाख राहदानी छपाइ, आपूर्ति र पर्सनलाइजेसनसम्बन्धी कार्य तथा ५० प्रत्यक्ष आवेदन प्रणाली स्टेसन स्थापनासमेतको कार्य गर्न प्रति राहदानी अमेरिकी डलर ५.१४७३ (करसहित) कायम हुने गरी भेरिएसन भएको देखिन्छ। गत वर्षसम्म उक्त कम्पनीलाई रू.२ अर्ब ७३ करोड २ लाख भुक्तानी भएकोमा यो वर्ष भुक्तानी भएको छैन। यो वर्ष ७ हजार ९५५ समेत २०६७ देखि २०८० आषाढ मसान्तसम्म कूटनीतिक राहदानी ५ हजार ९५१, विशेष राहदानी १९ हजार ६२, साधारण राहदानी ७० लाख ५६ हजार ७६४ र ट्राभल डकुमेन्ट १ हजार ८२० समेत ७० लाख ८३ हजार ५९७ छपाइ गरेको देखिन्छ। मेसिन रिडेबल राहदानी खरिद कार्यको लागि नेपाल राष्ट्र बैङ्कमा खोलिएको प्रतीतपत्र खातामा रू.१ करोड ७० लाख २३ हजार बाँकी देखिएकोले सम्झौताबमोजिम फरफारक हुनुपर्दछ।

२९. **विद्युतीय राहदानी -** बोलपत्रको माध्यमबाट २० लाख प्रति विद्युतीय राहदानी छपाइसमेत आपूर्ति गर्न एक फ्रान्सेली कम्पनीसँग २०७७।९।६ मा अमेरिकी डलर २ करोड ११ लाखमा सम्झौता गरी २०७८।८।१ देखि विद्युतीय राहदानी जारी गर्ने कार्य सुरु भएको थियो। सम्झौता मितिले ३ वर्षमा २० लाख राहदानी पुस्तिका छपाइ तथा पर्सनलाइजेसन जुन पछि हुन्छ सो अवधिसम्म सम्झौता अवधि रहने गरी ठेक्का सम्झौता गरेको देखिन्छ। ठेक्का सम्झौताअनुसार ३४ पृष्ठको राहदानीको मूल्य अमेरिकी डलर १०.४५ र ६४ पृष्ठको मूल्य अमेरिकी डलर १०.९५ रहेको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

२९.१ विभागले ५० लाख विद्युतीय राहदानी खरिदको लागि बोलपत्र आह्वान गरेकोमा सुरक्षण मुद्रण छापाखाना स्थापना गरी राहदानी छपाइ गर्ने कारण देखाई मन्त्रिपरिषद्को निर्णयानुसार बोलपत्र पेस गर्ने अन्तिम चरणमा २० लाख प्रति खरिद गर्ने निर्णय गरी सोहीअनुसार बोलपत्र पेस भएको देखियो। स्थापना नभएको सेक्युरिटी प्रिन्टिङ्ग छापाखानाबाट छपाइ गर्ने कारणले सङ्ख्या घटाइनु उपयुक्त देखिएन।

२९.२ राहदानी छपाइको लागि भएको बोलपत्रमा अनुमानित सङ्ख्याभन्दा कम राहदानीको लागि बोलपत्र गरेको कारण नपुग भई दुई पटक भेरिएसनबाट सङ्ख्या थप गरेको छ। राहदानी विभागका महानिर्देशकस्तरबाट प्रथम पटक २०७९।५।२३ मा १५ प्रतिशत भेरिएसन गरी ३४ पृष्ठको थप ३ लाख राहदानी साबिककै दरमा खरिद गर्ने निर्णय भएको छ। सम्झौताको दरमा राहदानी छपाइ गर्नका लागि स्थापित गरिने पूर्वाधार प्रणाली स्थापना गर्दाको लागत अमेरिकी डलर २४ लाख ५० हजारसमेत

समावेश भएकोमा भेरिएसनबाट थप खरिद गर्दा सो लाई ध्यान नदिई साविककै दरमा खरिद गर्ने गरी गरेको निर्णय मितव्ययी देखिएन।

२९.३ प्रथम भेरिएसनबाट ३ लाख राहदानीको थप व्यवस्था गरेपछि नयाँ खरिद प्रक्रियाबाट राहदानी छपाइको कार्य नहुँदासम्मको लागि समयमै थप भेरिएसन गरी राहदानी आपूर्ति गर्ने व्यवस्था गर्नुपर्नेमा प्रथम पटक भेरिएसन गरेको २८५ दिन पछि २०८०।३।१२ मा मन्त्रिपरिषद्बाट दोस्रो भेरिएसन स्वीकृत गरी ३४ पृष्ठको २८ लाख राहदानी प्रतिराहदानी अमेरिकी डलर १०.१३ मा खरिद गर्ने निर्णय गरेको छ।

राहदानी शुल्क संशोधन गर्न २०८०।२।३२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो मितिमा ३४ पृष्ठको राहदानी ८५ हजार र ६४ पृष्ठको ३ लाख ९३ हजार मौज्दात रहेकोले सङ्कट व्यवस्थापनको लागि राहदानी नियमावली संशोधन गरेको पाइयो। जसअनुसार ६४ पृष्ठको राहदानीको शुल्क घटाई ३४ पृष्ठको मूल्यमा वितरण गर्ने निर्णय गर्दा २०८० माघसम्म ३ लाख ७२ हजार ५५२ राहदानी वितरण भई नेपाल सरकारलाई प्राप्त हुने करिब रू.२ अर्ब ३१ करोड ५३ लाख ६४ हजार राजस्व छुट हुन गएको छ।

२९.४ राहदानी शुल्क संशोधन गरी ३४ को सट्टा ६४ पृष्ठको राहदानी छपाइ गर्दा प्रति राहदानी अमेरिकी डलर ०.५ बढी लागत पर्न गएकोले ३ लाख ७२ हजार ५५२ राहदानीको लागि अमेरिकी डलर १ लाख ८६ हजार २७६ ले हुने रू.२ करोड ४५ लाख ४५ हजार बढी लागत पर्न गएको छ।

२९.५ मन्त्रिपरिषदले २८ लाख राहदानी भेरिएसनबाट खरिद गर्ने निर्णयसँगै ५ वर्षको लागि आवश्यक पर्ने राहदानी अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अघि बढाउने निर्णय भएकोमा लेखापरीक्षण अवधिसम्म कार्यान्वयन भएको छैन।

२९.६ सुरु सम्झौता अवधिमा राहदानी विभागका लेभल १ र २ का कर्मचारीहरूलाई फ्रान्समा तालिम दिन अमेरिकी डलर १ लाख २१ हजार व्यवस्था गरेकोमा उक्त तालिम खर्च राहदानीको लागतमा समावेश भई सम्झौताअनुसारको सङ्ख्या र अवधि समाप्त भई रकम भुक्तानी भए तापनि तालिम दिने कार्य गरेको छैन। कर्मचारीले तालिम प्राप्त गरेपछि आपूर्तकले राहदानी छपाइ गर्ने मेसिनलगायतका पूर्वाधार हस्तान्तरण गरी राहदानी विभागले आफै राहदानी छपाइ गर्ने व्यवस्था सम्झौतामा भए तापनि सोको कार्यान्वयन नगरी नयाँ आपूर्तकमार्फत काम गराउने गरी अघि बढ्दा राहदानी छपाइको काम आत्मनिर्भर तथा मितव्ययी बन्न सकेको छैन्। सम्झौताअनुसार तालिम सञ्चालन नगरी भुक्तानी गरेको अमेरिकी डलर १ लाख २१ हजारको रू.१ करोड ५९ लाख ५१ हजार असुल हुनुपर्दछ।

२९.७ विभाग र आपूर्तकबीच खरिद सम्झौताको सामान्य शर्तको दफा ११.२ मा नष्ट वा रद्द भएका राहदानी त्यसपछिको खरिद आदेशमा संलग्न गरी आपूर्तकले आपूर्ति गर्नुपर्ने व्यवस्था छ। राहदानी दस्तुर संशोधन अघि २०८० जेष्ठ मसान्तसम्म आपूर्तकलाई भुक्तानी भइसकेको अमेरिकी डलर ३ लाख ५२ हजार ८६३ को ३४ पृष्ठका ३३ हजार ७१४ र ६४ पृष्ठका ७२ समेत ३३ हजार ७८६ राहदानी नष्ट वा रद्द भएको अभिलेखबाट देखिन्छ। सम्झौताअनुसार नष्ट वा रद्द भएका राहदानीको आपूर्ति गर्न लगाउने र आपूर्ति नगरेमा भुक्तानीबाट कट्टी गरी रू.४ करोड ५७ लाख ९१ हजार असुल हुनुपर्दछ।

कन्सुलर सेवा विभाग

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्ने उद्देश्यले नेपाल सरकारको २०७०।१।२० को निर्णयबाट परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो।

३०. **मृतक/घाइते क्षतिपूर्ति -** वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति स्वरूप सम्बन्धित रोजगार कम्पनी तथा बीमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरूमार्फत यस विभागमा प्राप्त हुने र विभागले उक्त रकम मृत्यु वा घाइते भएका व्यक्तिको स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार ८ श्रम गन्तव्य मुलुकमा मृत्यु/घाइते भएका ६४५ को क्षतिपूर्ति रू.८२ करोड ६४ लाख ९३ हजार प्राप्त भएकोमा ६१९ व्यक्तिका परिवारलाई रू.८० करोड ४३ लाख ४१ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाएको पाइयो। बाँकी २६ व्यक्तिका परिवारलाई रू.२ करोड २१ लाख ५२ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाउन बाँकी रहेकोले उक्त रकम सम्बन्धित हकवालालाई भुक्तानी गर्ने व्यवस्था मिलाई मृतक/घाइतेका हकवालाले क्षतिपूर्ति बापतको रकम प्राप्त गरे, नगरेको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट प्रतिवेदन लिई अनुगमनसमेत गर्नुपर्दछ।

३१. **भिसा स्टिकर -** अध्यागमन ऐन, २०४९ को दफा ३ मा कुनै पनि विदेशीले भिसा नलिई नेपाल राज्य भित्र प्रवेश गर्न र नेपालमा बस्न नपाउने व्यवस्था छ। विदेशस्थित नेपाली नियोगबाट विदेशी नागरिकलाई भिसा दिने प्रयोजनका लागि विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्य दूतावास र स्थायी नियोगहरूले माग गरेको आधारमा अध्यागमन विभागबाट १५ दिन, ३० दिन र ९० दिन अवधिका भिसा स्टिकरहरू कन्सुलर सेवा विभागमार्फत ती नियोगहरूलाई उपलव्ध गराउने गरेको छ। भिसा स्टिकरको एकीकृत विवरण तयार नगरेकोले मौज्दात स्टिकर र सङ्कलित राजस्व यकिन गर्न सकिएन। छपाइ तथा स्थानान्तरण लागतमा मितव्ययिता कायम गर्न र आम्दानी खर्चको अभिलेख सरल र सहज बनाउन भिसा स्टिकरको हालको व्यवस्थालाई ई-भिसा प्रणालीमा रूपान्तरण गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको सेवा प्रवाहको स्थिति

नेपाली दूतावास तथा नियोगहरूबाट श्रमिकको माग प्रमाणीकरण, उजुरी तथा गुनासो सुनुवाइ, राहत उद्धार, मृतक श्रमिकको शव व्यवस्थापन, सुरक्षित आवास गृह सञ्चालन, राहदानी र भिसा नवीकरण सम्बन्धी कार्य, पुनः प्रवेश गर्नेलाई श्रम स्वीकृति, ट्राभल डकुमेन्ट जारी, अलपत्र परेका नेपाली नागरिकलाई स्वदेश फिर्ता सहजीकरण, नाता प्रमाणित, जन्म दर्ता, स्थलगत घुम्ती सेवा सञ्चालनलगायतका कार्य सम्पादन भएको देखिन्छ। वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकलाई प्रदान गरिने सेवाको मूल्याङ्कन सम्बन्धमा नेपाल नियोग मलेसिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सको कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्:

३२. **श्रम सम्झौता –** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७९।८० मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारमध्ये ९४ प्रतिशत रोजगारी मलेसिया, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्सलगायत १० देशमा सीमित छ। नेपाली श्रमिकको गन्तव्य मुलुकमध्ये १२ देशसँग मात्र श्रम सम्झौता भएको छ। श्रम सम्झौता भएका १२ देशमध्ये दक्षिण कोरियासँग पूर्ण,

बेलायत र इजरायलसँग सीमित रूपमा सरकारीस्तरबाट श्रमिक पठाउने गरी सम्झौता भएको छ। व्यक्तिगत र संस्थागत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदा तोकिएभन्दा बढी शुल्क तिर्नु परेको, सम्झौताबमोजिमको पारिश्रमिक र काम नपाएको लगायतका समस्या देखिएकोले वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित बनाउन अन्य देशसँग श्रम सम्झौता गरी श्रमिक पठाउन पहल हुनुपर्दछ।

३३. **श्रमिकको दक्षता -** वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं. ९.२ मा अन्तर्राष्ट्रिय श्रम बजारको मागको प्रवृत्तिलाई अध्ययन गरी वैदेशिक रोजगारमा जान चाहने श्रमशक्तिलाई माग अनुसारको सीप तथा ज्ञान प्रदान गरी दक्षता अभिवृद्धि गर्ने र सोको लागि व्यावसायिक प्रशिक्षण, सीप विकास केन्द्रहरूबाट तालिम प्रदान गर्ने उल्लेख छ। नेपालमा व्यावसायिक प्रशिक्षण र सीपयुक्त तालिम लिई दक्ष श्रमिकको रूपमा गन्तव्य मुलुकमा गए तापनि दक्षताअनुसार काम नपाएको अवस्था छ। तालिम र गन्तव्य मुलुकको मागबीच सामञ्जस्यता नहुँदा समस्या आएको देखिन्छ। अर्धदक्ष कामदारहरूसँग सम्बन्धित क्षेत्रको प्रमाणपत्र भए तापनि पर्याप्त ज्ञान र सीप नभएको रियादस्थित नेपाली दूतावासले जनाएको छ।

रोजगारदाता कम्पनी र सरकारी निकायको समन्वयमा गन्तव्य मुलुकमा उपलब्ध हुने कामका क्षेत्र अध्ययन गरी सोही आधारमा विषयतगत तालिम कार्यक्रम सञ्चालन हुनुपर्ने देखिन्छ। साथै, दक्षता प्रमाणित गर्ने निकायबाट प्रमाणित र सोहीअनुसारको रोजगारी प्राप्त भएका श्रमिक पहिचान गर्ने प्रणाली स्थापना गरी श्रमिकको दक्षताको अभिलेख राख्नुपर्दछ।

३४. **श्रम सहचारी –** वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं. ९.१ मा आप्रवासी नेपाली श्रमिक भएका मुलुकमा आवश्यकताअनुसार कूटनीतिक नियोगहरूको विस्तार, श्रम सहचारी तथा कल्याणकारी अधिकृतहरूको व्यवस्था गरिने र एक हजारभन्दा बढी नेपाली महिला श्रमिक रहेको मुलुकमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतहरूको व्यवस्था गरिने उल्लेख छ। त्यस्तै वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६८ मा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने व्यवस्था छ। गत वर्ष मलेसिया, साउदी अरब, संयुक्त अरब इमिरेटस्, कुबेत, बहराइन, ओमान, दक्षिण कोरिया, जापान, माल्टा, रोमानिया, साइप्रस र पोल्याण्डमा पाँच हजारभन्दा बढी नेपाली श्रमिक रोजगारीको लागि गएकोमा जापानमा श्रम सहचारीको नियुक्त नभएको र माल्टा, रोमानिया, साइप्रस र पोल्याण्ड हेर्ने नेपाली नियोगमा श्रम सहचारीको दरबन्दी रहेको छैन।

कुवेत, मलेसिया, कतार, संयुक्त अरब इमिरेट्सलगायत १४ देशमा १ हजारभन्दा बढी संख्यामा महिला श्रमिक कार्यरत रहे तापनि महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गर्ने नीति कार्यान्वयन भएको छैन। अतः प्रचलित नीति, ऐन र आवश्यकताको आधारमा कर्मचारी व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

३५. **सुरक्षित गृह –** वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं. ९.३.२ मा गन्तव्य मुलुकमा आपतकालीन आश्रयको लागि सुरक्षित गृहहरूको निर्माण गरिने व्यवस्था छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरणअनुसार ७ सुरक्षित गृह सञ्चालनका लागि यो वर्ष रू.४५ लाख ६३ हजार निकासा भएको छ। नीतिगत व्यवस्था भई केही मुलुकमा सुरक्षित गृह सञ्चालन भएको देखिए तापनि सोको स्थापना प्रक्रिया,

बजेट व्यवस्था, कर्मचारी, भौतिक पूर्वाधार, सञ्चालन व्यवस्था, खर्चको नर्म्स, सुरक्षित गृहमा रहने श्रमिकको प्रकृति र अवधि सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था भएको देखिएन। सुरक्षित गृह सञ्चालनको मापदण्ड तथा सञ्चालन कार्यविधि निर्माण हुनुपर्दछ।

३६. **उजुरी तथा गुनासो** – वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १७ मा नेपाली कूटनीतिक नियोगमा वैदेशिक रोजगारसम्बन्धी कुनै गुनासो वा उजुरी पर्न आएमा सम्बन्धित नियोगले उक्त उजुरी वा गुनासो वैदेशिक रोजगार विभागमा पठाउनुपर्ने व्यवस्था छ। नेपाली श्रमिक कार्यरत मुलुकमा सम्झौताबमोजिमको काम तथा पारिश्रमिक नपाउने, कार्य वातावरण अनुकूल नहुने, रोजगारदाता कम्पनीले श्रमिकलाई परिचयपत्र नबनाइदिने, मुलुक छोड्ने अनुमति नदिनेलगायतका उजुरी तथा गुनासो रहेको देखियो। साउदी अरब, मलेसिया र संयुक्त अरब इमिरेट्समा यो वर्ष १४ हजार ७३० उजुरी प्राप्त भएका मध्ये ४६ प्रतिशत उजुरी सम्झौताबमोजिम पारिश्रमिक नपाएको, २१ प्रतिशत सम्झौता कार्यान्वयन नभएको, २१ प्रतिशत बीमा/लाइसेन्स जारी वा नवीकरण नगरेको/बहिर्गमन भिसा नदिएको, ८ प्रतिशत कुटपिट/डर धम्की/केस गरेको र ४ प्रतिशत कार्यवातावरणसँग सम्बन्धित रहेको उल्लेख छ। नियोगमा परेका उजुरीमध्ये जेद्दाले ७५ प्रतिशत, रियादले ८० प्रतिशत, क्वालालाम्पुरले ८० प्रतिशत र संयुक्त अरब इमिरेट्सले ८३ प्रतिशत फर्स्यौंट गरेको विवरण प्राप्त भएको छ।

सम्झौताबमोजिम पारिश्रमिक तथा काम नपाएको सम्बन्धमा कम्पनीले समयमा प्रतिक्रिया नदिएको, दोहोरो करार सम्झौता गरेको, कम्पनीसँग काम नभएको, भिसा नवीकरण गर्न लामो र झन्झटिलो अध्यागमन प्रक्रिया भएको र कम्पनीले भिसा नवीकरण गरी घर पठाउन नचाहने लगायतका कारणहरू रहेका छन्। समस्या समाधानको लागि साउदी अरबको न्यायिक निकायमा उजुरी गर्नुपर्ने र नेपाली कामदारहरू कानुनी उपचारका लागि सम्बन्धित निकायमा जान नसक्ने अवस्थाले समयमा उजुरी फर्स्यौंट हुन नसकेको नियोगहरूले उल्लेख गरेका छन्। गैरकानुनी रूपमा रहेका श्रमिकहरूको उद्धारको लागि आवश्यक रकम प्राप्त हुन नसकेको, वैदेशिक रोजगार बोर्डलगायत सम्बन्धित निकायसँग समन्वय हुन नसकेको लगायतका कारण उजुरी समयमा फर्स्यौंट हुन नसकेको नियोगहरूको भनाइ रहेको छ। वैदेशिक रोजगारीमा रहेका श्रमिकका समस्या समयमा फर्स्यौंट गर्न थप पहल हुनुपर्दछ।

श्रमिकको माग स्वीकृत गर्दा काम र कम्पनीसमेत खुलाउने व्यवस्था भएकोमा सो भन्दा फरक कम्पनी र काम गराउने वैदेशिक रोजगार व्यवसायीलाई जिम्मेवार बनाउन क्षतिपूर्तिको लागि कानुनी व्यवस्था गर्नुपर्ने, श्रमिक माग गर्ने कम्पनीलाई जिम्मेवार बनाउन उक्त कम्पनीलाई कालो सूचीमा राखी कारबाहीको लागि उक्त देशको सम्बन्धित निकायलाई जानकारी गराउने, वैदेशिक रोजगार व्यवसायीको पहिचान गरी माग अस्वीकृत गर्ने र प्रतिष्ठित रोजगारदाता कम्पनीको सूची तयार गरी त्यस्ता कम्पनीमा पठाउन प्रोत्साहन गर्ने व्यवस्था हुनुपर्दछ। साथै रोजगारदाता कम्पनीले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेकोमा सम्बन्धित निकायमा पत्राचार गर्ने र नियोगबाट मात्र समस्या समाधान हुन नसक्ने भएमा उच्चस्तरको कूटनीतिक पहल हुनुपर्ने देखिन्छ। यसै गरी अलपत्र परी घर फर्कन चाहने श्रमिकलाई स्वदेश फिर्ताको लागि तत्काल उद्धार संयन्त्रसमेत बनाई श्रमिकको उद्धार गर्नुपर्दछ।

३७. **बन्दी श्रमिकको स्थानान्तरण** – वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं. ९(३) मा वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशका कारागारमा रहेका नेपालीहरूलाई स्वदेशका कारागारमा बाँकी सजाय काट्ने गरी स्थानान्तरणका लागि सम्झौता गर्ने उल्लेख छ। परराष्ट्र मन्त्रालयबाट प्राप्त

विवरणअनुसार साउदी अरबमा हालसम्म ४८०, बहराइनमा ९, कतारमा ७२ र दक्षिण कोरियामा २८ श्रमिक बन्दी रहेको देखिन्छ। उक्त नीतिबमोजिम श्रमिकले स्वदेशमा कैद सजाय भुक्तान गर्ने गरी स्थानान्तरण हुन सकेको छैन। विदेशी मुलुकका कारागारमा रहेका नेपाली श्रमिकलाई आफ्नै देशको कारागारमा सजाय भुक्तान गर्ने गरी स्थानान्तरण गर्न नेपाल सरकार तथा नियोगबाट आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

३८. **अभिमुखीकरण तालिम -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २० मा वैदेशिक रोजगारमा जाने कामदारले रोजगारीमा जानु पूर्व वैदेशिक रोजगार बोर्डले स्वीकृत गरेको पाठ्यक्रमअनुसार नेपालको वैदेशिक रोजगार कानुन, रोजगारमा जाने मुलुकको भौगोलिक स्थिति, संस्कृति, रहन-सहन, आर्थिक, सामाजिक, राजनैतिक अवस्था, भाषा, श्रम, अध्यागमन कानुन तथा ट्राफिक नियमलगायतका ९ विषयमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारमा संलग्न कतिपय श्रमिकले सम्बन्धित देशको कानुनको जानकारीको अभावमा सडक दुर्घटनामा ज्यान गुमाउनु परेको, गैर कानुनी काम गरेको कारण कारागार जानु परेको, देशको हावापानी तथा वातावरणको जानकारी नभएको कारण काम गर्न नसकी स्वदेश फिर्ता हुनु परेको लगायतका समस्या देखिएका छन्। श्रमिकले भोग्नु परेका समस्याको विवरण सङ्कलन गरी सोही आधारमा प्रभावकारी अभिमुखीकरण तालिम सञ्चालन हुनुपर्दछ।

३९. **मृत्यु तथा अङ्गभङ्ग –** वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार २०७७।७८ देखि २०७९।८० सम्म वैदेशिक रोजगारमा गएकामध्ये ४ हजार ३५ नेपाली श्रमिकको मृत्यु भएको र ८७० अङ्गभङ्ग तथा बिरामी भएका छन्। गत ३ वर्षको श्रमिकको मृत्यु दर विश्लेषण गर्दा २०७७।७८ को तुलनामा २०७८।७९ मा ५ प्रतिशत वृद्धि भएकोमा २०७८।७९ को तुलनामा २०७९।८० मा १ प्रतिशत घटेको छ। अङ्गभङ्ग तथा बिरामी श्रमिकको दर २०७७।७८ मा १८.५० प्रतिशत रहेकोमा २०७८।७९ मा ३१.९५ प्रतिशत र २०७९।८० मा ४९.५४ प्रतिशतले वृद्धि भएको छ। मृत्यु हुने श्रमिकको संख्यामा कमी आए तापनि अङ्गभङ्ग तथा बिरामीको दर बढ्दो क्रममा रहेको देखिन्छ।

वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरू सम्बन्धित देशको हावापानी, कामको चाप, मदिरा सेवन, कामदारबीच झैझगडा, परिवारिक तनाव, स्थानीय कानुनको जानकारीको अभाव, मेसिनरी औजारको सञ्चालनमा हुने प्राविधिक त्रुटि, ट्राफिक दुर्घटना, बिरामी, कार्यस्थल दुर्घटना, जलेर, निस्सासियर, डुबेर र कोभिड-१९लगायतका कारणले मृत्यु, अङ्गभङ्ग तथा बिरामी परेको अवस्था छ। यो वर्ष भएको कुल मृत्यु १ हजार २५० मध्ये मलेसियामा २७.९६ प्रतिशत, साउदी अरबमा २६.३६ प्रतिशत, संयुक्त अरब इमिरेट्समा १७.९८ प्रतिशत, कतारमा १७.२३ प्रतिशत, कुवेतमा ६.०४ प्रतिशत र अन्य देशमा ४.४३ प्रतिशत रहेको छ। स्वदेशबाट मेडिकल जाँच गरी श्रमको लागि गन्तव्य मुलुक गएको नागरिकको वैदेशिक रोजगारीको अवधिमा हुने मृत्युलाई स्वाभाविक मान्न सकिँदैन।

यसरी स्वभाविक, अज्ञात र अन्य कारणले मृत्यु हुनेको संख्या अधिक रहेको देखिएकोले मृत्युको वास्तविक कारण पत्ता लगाउनुका साथै बिरामीको कारण मृत्यु हुने मुलुकको स्वास्थ्य उपचार सुविधासम्बन्धी अध्ययन, ट्राफिक दुर्घटनाबाट मृत्यु हुने मुलुकमा सचेतनाका कार्यक्रम, आत्महत्यालाई दुरुत्साहन गर्न मनोचिकित्सालगायतका कार्यक्रम सञ्चालन गरी श्रमिकको मृत्युदर न्यून गर्ने व्यवस्था गर्नुपर्दछ।

४०. **शव व्यवस्थापन** – वैदेशिक रोजगारीमा रहेका कामदारको गन्तव्य मुलुकमा मृत्यु भएमा मृतकको शव अन्तिम संस्कारको लागि परिवारलाई हस्तान्तरण गर्न वैदेशिक रोजगार बोर्डबाट रकम निकासा हुने गरेको छ। यो वर्ष शव व्यवस्थापनमा रू.२ करोड ८५ लाख ८० हजार खर्च भएको देखिन्छ। बोर्डबाट वैधानिक रूपमा रोजगारीमा रहेका कामदारको मात्र शव व्यवस्थापनको लागि रकम निकासा हुने गरेकोले गैरकानुनी रूपमा रहेका श्रमिकको मृत्यु भएमा शव व्यवस्थापनमा समस्या हुने गरेको नियोगहरूले उल्लेख गरेका छन्। वैदेशिक रोजगार व्यवसायी, रोजगारदाता कम्पनी, गन्तव्य मुलुकका सम्बन्धित निकायको कारणसमेत श्रमिकहरू गैरकानुनी आप्रवासन हुने अवस्था देखिएको छ। अवैधानिक रूपमा रहेका र अलपत्र परेका कामदारलाई सुरक्षित आवासगृहमा राखी उद्धारसमेत गरेको स्थिति छ। अवैधानिक रूपमा रहेका श्रमिकको मृत्यु भएमा मृतकको शव व्यवस्थापन नगरिनु व्यावहारिक देखिँदैन। श्रमिक गैरकानुनी आप्रवासनको कारण अध्ययन विश्लेषण गरी मृत्यु हुने श्रमिकको शव व्यवस्थापन हुनुपर्दछ।

४१. **आर्थिक सहायता** – वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ मा वैदेशिक रोजगारीमा गएको कुनै कामदारको करार अवधिभित्र कुनै कारणले मृत्यु भएमा मृतक श्रमिकको नजिकको हकवालालाई वैदेशिक रोजगार कोषबाट प्रारम्भमा रू.३ लाख र २०७४।४।१६ देखि रू.७ लाख आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा ५ हजार ५११ मृतक श्रमिकतर्फ रू.३ अर्ब ३ करोड ९८ लाख र १५ अङ्गभङ्ग तथा बिरामी श्रमिकतर्फ रू.४३ करोड ८४ लाख ७२ हजार आर्थिक सहायता उपलब्ध गराएको छ।

आर्थिक सहायतामा २०७४ सालमा पछिल्लो पटक वृद्धि भएकोमा ६ वर्ष व्यतीत भइसके तापनि समय सापेक्ष रूपमा अद्यावधिक भएको छैन। वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम, स्वास्थ्य परीक्षण, राहदानी तथा भिसा शुल्क, तालिम, टिकटलगायतका भ्रमण खर्च, वैदेशिक रोजगार व्यवसायीको सेवा शुल्क, बीमालगायतका खर्च स्वयं श्रमिकले व्यहोरेको अवस्थामा सरकारले श्रमिकले तिरेको सेवा शुल्क परिचालन गरी सो रकमबाट आर्थिक सहायता प्रदान गर्ने गरेको छ। आर्थिक सहायतालाई समय सापेक्षरूपमा वृद्धि गरी र रोजगारीमा जाँदा लाग्ने खर्चहरूमा समेत सहुलियत प्रदान गर्नुपर्दछ।

४२. **क्षतिपूर्ति** – वैदेशिक रोजगारीमा रहेका श्रमिकको आफ्नो कारण नभई अन्य पक्षको लापरबाहीबाट मृत्यु भएमा सम्बन्धित देशको कानुनबमोजिम क्षतिपूर्ति दिने व्यवस्था छ। कन्सुलर सेवा विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष विभिन्न मुलुकबाट ६१९ कामदारको मृत्यु तथा अङ्गभङ्ग पश्चात् सम्बन्धित कम्पनीले क्षतिपूर्तिस्वरूप प्रदान गरेको रू.८० करोड ४३ लाख ४१ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत मृतकका आफन्तलाई हस्तान्तरण गरेको छ।

क्षतिपूर्ति रकम दूतावासले कन्सुलर सेवा विभागमा पठाउने र कन्सुलर सेवा विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाई रकम हस्तान्तरण गर्ने व्यवस्था छ। सो कार्यालयले समेत समयमा सम्बन्धित पक्षलाई रकम हस्तान्तरण नगरेको अवस्था छ। मकवानपुर, कास्की, धनुषा र खोटाङसमेत ४ जिल्ला प्रशासन कार्यालयबाट वितरण भएको क्षतिपूर्ति रकमको विश्लेषण गर्दा गत वर्षको समेत क्रमशः रू.१ करोड १३ लाख ९ हजार, रू.३ करोड ९३ लाख ५४ हजार, रू.६ करोड १ लाख

८८ हजार र रू.३ करोड २१ लाख ५७ हजार प्राप्त गरेकोमा यो वर्ष रू.१ करोड ९ लाख ६२ हजार, रू.३ करोड ३० लाख ७८ हजार, रू.४ करोड ७ लाख ८८ हजार र रू.२ करोड ४८ लाख ९१ हजार हस्तान्तरण गरी वर्षान्तमा क्रमशः रू.३ लाख ४७ हजार, रू.६२ लाख ७६ हजार, रू.१ करोड ९४ लाख र रू.७२ लाख ६६ हजार बाँकी रहेको छ। क्षतिपूर्तिको रकम समयमा उपलब्ध गराए नगराएको सम्बन्धमा तालुक निकायबाट अनुगमन हुनुपर्दछ।

४३. **समन्वयमा प्रभावकारिता** – पन्ध्रौं योजनाअन्तर्गत श्रम तथा रोजगारसम्बन्धी कार्यनीतिमा श्रम गन्तव्य मुलुकमा कामदारको हक हितको संरक्षण तथा प्रवर्धन र उद्धारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ, सङ्गठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गर्ने उल्लेख छ। नेपाली श्रमिकको गन्तव्य मुलुकमा रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ, सङ्गठनबाट बिरामी श्रमिकको उपचारको लागि सहयोग जुटाउने, गैरकानुनी आप्रवासीको रूपमा रहेका श्रमिकको मृत्यु भएमा निजको शव नेपाल पठाउन सहयोग जुटाउने, नेपाली श्रमिकका समस्या समाधानको लागि दूतावाससँग समन्वय गर्नेलगायतका काममा सहयोग भइरहेको भए तापनि यसलाई संस्थागत रूप प्रदान गरी उनीहरूबाट भएका कामको अभिलेखीकरण, प्रतिवेदन तथा प्रचार हुन सकेको छैन्। कूटनीतिक नियोगहरू प्रत्यक्ष रूपमा उपस्थित हुन कठिनाइ हुने गैरकानुनी रूपमा रहेका कामदारको उद्धार, स्थलगत रूपमा सेवा प्रदान गर्नको लागि आवश्यक हुने बासस्थलको व्यवस्था, सुरक्षित आवास गृहको सञ्चालन, अवैधानिक मृतक श्रमिकको शव व्यवस्थापन, नेपाली श्रमिकका समस्याहरूको सूचना सङ्कलनलगायतका सेवा प्रवाहमा सहयोगी भूमिका खेल्ने यस्ता संस्थाले नियोग तथा नेपाल सरकारलाई सहयोग गर्न सक्ने थप क्षेत्रहरू, नेपाल सरकारको तर्फबाट गर्नुपर्ने सहयोगलगायतका विषयमा अध्ययन गरी गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ, सङ्गठनबाट हुने सहयोगलाई संस्थागत रूपमा व्यवस्थित तथा प्रभावकारी बनाउनुपर्दछ।

४४. **गैरकानुनी श्रम आप्रवासन** – नेपाली श्रमिकहरू विदेशी मुलुकमा काम गर्न वैदेशिक रोजगार ऐन तथा नियमावलीमा भएका प्रक्रिया पूरा गरी श्रम स्वीकृति लिएर गन्तव्य मुलुकमा जानुपर्ने व्यवस्था छ। अधिकांश श्रमिक प्रक्रिया पूरा गरी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने गरेको भए तापनि वैदेशिक रोजागारीका प्रमुख गन्तव्य मुलुकहरूमा गैरकानुनी रूपमा रहेका नेपाली श्रमिकको संख्या उल्लेख्य रहेको देखिन्छ। कार्यमूलक लेखापरीक्षणको क्रममा राजदूतावास रहेको मुलुकमा अवैधानिक रूपमा नेपाली श्रमिकहरू कार्यरत रहे नरहेको, अवैधानिक श्रमिकहरूको संख्या, श्रमिकहरू अवैधानिक हुनुको कारण, सो बाट उत्पन्न हुने समस्या सम्बन्धमा मलेसिया, साउदी अरब र संयुक्त अरब इमिरेट्सस्थित नेपाली नियोगहरूसँग विवरण माग गरिएकोमा मलेसियामा करिब १ लाख, साउदी अरबमा १५ हजार १३६ र संयुक्त अरब इमिरेट्समा २ लाख ५६ हजार १५९ अवैधानिक नेपाली श्रमिक रहेको विवरण सम्बन्धित नियोगहरूबाट प्राप्त भएको छ। संयुक्त अरब इमिरेट्समा पर्यटक भिसामा श्रमिक आउने तर स्वदेश फिर्ता नहुने तथा श्रम अवधि समाप्तिपश्चात् पुनः श्रम स्वीकृति नलिएका कारण श्रमिकहरू अवैधानिक रूपमा रहेको दूतावासले उल्लेख गरेको छ। साउदी अरब र मलेसियामा रोजगारदाता कम्पनीले भिसा नवीकरण नगर्ने, आवासीय परिचयपत्र नबनाउने र नवीकरण नगर्ने तथा श्रमिकहरूले कम्पनी छाड्ने कारणहरूमा सम्झौताअनुसारको काम र पारिश्रमिक प्राप्त नहुने, कार्यवातावरण अनुकूल नहुने लगायतका अवस्था छन्। कामदार अवैधानिक भए पछि प्रहरीबाट पक्राउ

पर्ने र मुद्दा खेप्नुपर्ने, कालोसूचीमा पर्ने, उपचारको लागि अस्पताल भर्ना हुन नसक्ने, सार्वजनिक यातायात प्रयोग गर्न नसक्ने, जरिबाना तिर्नुपर्ने, प्राप्त गर्न सकिने सेवा सुविधा प्राप्त नहुनेलगायतका समस्या सिर्जना भएका छन्। उल्लिखित समस्या सामाधान गर्न दूतावासले सम्बन्धित पक्षसँग कूटनीतिक पहल गर्नुपर्दछ।

४५. **निरीक्षण तथा अनुगमन -** साउदी अरबको रियादस्थित नेपाली राजदूतावास, जेदाहस्थित महावाणिज्य दूतावास र मलेसियामा रहेको नेपाली राजदूतावासले यो वर्ष विभिन्न स्थानमा अनुगमन निरीक्षण गर्दा सेवा सुविधा, आवास, कार्य वातावरण, क्यान्टिन राम्रो नदेखिएको, कार्यस्थल र आवास अलग अलग स्थानमा रहेकोमा यातायातको उचित प्रबन्ध नभएको, महिला कामदारको आवास गृहमा सुरक्षाको उचित प्रबन्ध नभएको, सम्झौताभन्दा फरक र बढी कार्य घण्टा काम लगाउने गरेको, कामको प्रकृतिको बारेमा पर्याप्त जानकारी नदिएको, कार्य सुरक्षासम्बन्धी उपकरणहरू पर्याप्त मात्रामा प्रयोग नभएको लगायतका आधारभूत सेवा सुविधा उपचारका सामग्री, आराम कक्ष, चमेना कक्ष, पर्याप्त सरसफाइ नभएको उल्लेख गरी सम्बन्धित रोजगारदाता कम्पनीलाई समस्या समाधानको लागि सुझाव र निर्देशन दिएकोमा केहीमा पूर्ण र केहीमा आंशिक रूपमा समस्या समाधान भएको उल्लेख छ।

दूतावासबाट नियमित अनुगमन तथा निरीक्षण हुन सकेमा कार्यस्थलमा हुने यस्ता समस्या न्यूनीकरण गर्न सकिने अवस्था रहेकोमा जनशक्ति अभावमा निरीक्षण कार्य प्रभावकारी हुन सकेको छैन। स्थलगत निरीक्षणलाई प्रभावकारी बनाउन स्थलगत निरीक्षण निर्देशिका निर्माण गर्ने, अत्यधिक रूपमा नेपाली श्रमिक रहेका स्थान पहिचान गर्ने, नियमित निरीक्षणको कार्यतालिका निर्माण गर्ने, जनशक्ति तथा स्रोत, साधन उपलब्ध गराउने, निरीक्षण तथा अनुगमन प्रतिवेदन तालुक निकायमा पठाई अध्ययन विश्लेषण गर्ने कार्यमा दूतावास र सम्बद्ध निकायले ध्यान दिनुपर्दछ।

अन्य संस्था

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

४६. **कार्य सम्पादन -** परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा, नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिसम्बन्धी अवधारणापत्र, नेपालले अख्तियार गरेको कूटनीतिक सम्बन्धको अभ्यासमा सामयिक सुधार र परिमार्जन तथा विदेशी मुलुकमा दूतावास खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई परामर्श तथा सुझाव दिने जिम्मेवारी प्रतिष्ठानलाई तोकिएको छ। प्रतिष्ठान गठन आदेशअनुसार समितिको बैठक नबसेको, नीति योजना, कार्यक्रम र बजेट पारित नभएको, समितिको वार्षिक कार्यसम्पादन प्रतिवेदनसमेत तयार नगरेको अवस्था देखियो। त्यसैगरी प्रतिष्ठानको काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छैन। गठन आदेशमा भएको व्यवस्था कार्यान्वयन एवं परराष्ट्र नीति मामिला अध्ययन अनुसन्धानलाई विज्ञ समूहको रूपमा विकास गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठनात्मक स्वरूप तयार गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, विनियोजन तथा राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण, विदेशस्थित नेपाली नियोगहरूको कार्य विश्लेषण गरी सोको सङ्ख्या पुनरावलोकन गर्नुपर्ने, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरूको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधा सम्बन्धी एकीकृत र समयसापेक्ष कानुनी व्यवस्था गर्नुपर्ने, हवाई टिकट खरिदमा देखिएका समस्या निराकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने लगायतका विषयहरू औंल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ मन्त्रालय र मातहतसमेत ४४ निकायको लेखापरीक्षणबाट रू.९७ करोड ७६ लाख ६३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १० निकायले रू.५९ करोड ९ लाख ८५ हजार फर्स्यौंट गरेकोले रू.३८ करोड ६६ लाख ७८ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.२ करोड ६७ लाख ९१ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा रहेको छ।
  - यो वर्ष एक प्रतिष्ठानको लेखापरीक्षणबाट रू.२४ लाख ७२ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले उक्त बेरुजु बाँकी रहेको छ। सोमध्ये रू.६० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा रहेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा भूमि नीति, भू-उपयोग नीति, सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेखलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २७३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २६९ सरकारी कार्यालयको निम्नानुसार रू.३४ अर्ब १४ करोड २१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५५३८४	१६२७३	११२९७	२५८४६७	३४१४२१

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई स्थानीय तहबाट भएको खर्च रू.१५ करोड ४५ लाख समावेश गरिएको छैन। परराष्ट्र मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.५८ लाख समावेश छ।

मन्त्रालयअन्तर्गत २ निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रू.२ अर्ब ८८ करोड ७० लाख लेखापरीक्षण गर्न बाँकी छ।

२. **अन्य संस्था -** यो वर्ष गुठी संस्थानको २०७७।७८ को बक्यौता रू.८१ करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। राष्ट्रिय सहकारी विकास बोर्ड र गुठी संस्थानको २०७८।७९ र २०७९।८० को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन**– पन्ध्रौं योजनामा पब्लिक एक्सेस मोडेल लागु गर्ने भूमिसुधार तथा मालपोत कार्यालय १२६ हुने लक्ष्य रहेकोमा ८९, अनलाइन सेवा प्रवाह गर्ने भूमिसुधार तथा मालपोत कार्यालय १३१ हुने लक्ष्य रहेकोमा १२६ र मालपोत कार्यालयमा रहेको ८ करोड ८६ लाख पृष्ठ स्रेस्ता डिजिटाइजेसन गर्नुपर्नेमा २ करोड ३० लाख पृष्ठ सम्पन्न भएको, लाइडर सर्वेक्षण र नक्साङ्कनको कुल लक्ष्य १ लाख ४ हजार वर्गकिलोमिटरमध्ये यो वर्षसम्म ८४ हजार वर्गकिलोमिटर सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्ष २० हजार वर्गकिलोमिटरको हवाई सर्वेक्षण सम्पन्न भएको, १३ सहकारी बजार स्थापना गर्ने लक्ष्य रहेकोमा ११ सम्पन्न भएको र कोपोमिस प्रणाली सञ्चालन गर्ने सहकारी संस्थाहरूको सङ्ख्या १०० प्रतिशत हुने लक्ष्य रहेकोमा ४५.४९ प्रतिशतमात्र भएको मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख छ। योजनाको लक्ष्यअनुसार वार्षिक कार्यक्रम तर्जुमा गरी प्रगति हासिल गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा वैज्ञानिक भूमिसुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, भूमिको समुचित उपयोग गर्न सङ्घीय भू-उपयोग योजनाको कार्यान्वयन गर्ने, एकीकृत घरजग्गा मूल्याङ्कन प्रणाली प्रचलनमा ल्याउने, घरजग्गा कारोबारलाई व्यवस्थित र पारदर्शी बनाउन अनुमति प्राप्त व्यक्ति र कम्पनीले मात्र घरजग्गा कारोबार गर्न पाउने व्यवस्था गरी महानगरपालिका र उपमहानगरपालिकाबाट कार्यान्वयन गरी क्रमशः सबै स्थानीय तहमा लागु गरिने उल्लेख भएकोमा

उल्लिखित कार्य सम्पादन भएको पाइएन। त्यसै गरी गरिब परिचयपत्र वितरण कार्य सम्पन्न गरी गरिब घरपरिवार सूचना प्रणालीको निर्माण गरिने र शहरी गरिबीलाई कम गर्न स्वरोजगारको अवसर र सीपमूलक तालिम प्रदान गर्नुको साथै निजहरूका लागि आधारभूत सुविधासहितको अपार्टमेन्ट निर्माण गर्ने व्यवस्था मिलाइने, निरपेक्ष गरिबीको रेखामुनि रहेका दलित समुदायका श्रमयोग्य जनशक्तिलाई व्यवसाय सञ्चालनका लागि प्रोत्साहन स्वरूप बीउपूँजी सहित बिनाधितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, सहकारी संस्थाले कम्तीमा एउटा स्वदेशी उत्पादनको खरिद/बिक्री र बजारीकरणमा सहयोग गर्ने व्यवस्था मिलाउनेलगायतका कार्यसमेत सम्पन्न भएको पाइएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। यो वर्ष मन्त्रालयको वार्षिक कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	कार्यक्रम	बजेट (रू. हजारमा)	प्रगति (प्रतिशत)	
			वित्तीय	भौतिक
१.	गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम)	३६५१५	१७.३७	४०.९८
२.	गरिबसँग विश्वेश्वर कार्यक्रम	१८०९९९	८६.२५	७९.८५
३.	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम	६४३२००	८२.७२	८०.१४
४.	मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम	३१३६४१	६४.३२	६५
५.	कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम	३५४६१९	८४.६५	८६.५८
६.	स्थलरूप नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम	९१३२३६	३२.७१	३४.३०
७.	खगोल तथा भू-मापन कार्यक्रम	९२२६१	९०.५०	९२.८४
८.	सहकारी प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम	३९७९५	९६.१९	९९
९.	सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम	१२०३००	२२.२५	७१.५२

स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम र गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति न्यून देखिएको एवं अन्य कार्यक्रममासमेत लक्ष्यबमोजिम प्रगति हासिल भएको देखिएन।

त्यसै गरी मन्त्रालयको प्रगति प्रतिवेदनअनुसार यो वर्ष मन्त्रालयअन्तर्गत ५२ क्रियाकलाप र सोसँग सम्बन्धित १६६ माइलस्टोन रहेकोमा ४४ शतप्रतिशत सम्पन्न भएको, ९९ आंशिक रूपमा सम्पन्न भएका र २३ माइलस्टोनमा प्रगति नै नभएको अवस्था छ। त्यस्तै सहकारी प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम तर्फ ९९ प्रतिशत भौतिक प्रगति भए तापनि सहकारीमा हाल देखिएका समस्या समाधान गर्ने गरी प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सञ्चालन भएको देखिएन। बजेट विनियोजन, खर्च र उपलब्धिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य १ मा सबै प्रकृतिका गरिबी अन्त्य गर्न २० सूचक तोकिएको छ। राष्ट्रिय योजना आयोगले २०२२ मा गरिबी निवारणसँग सम्बन्धित २० सूचकमध्ये ९ को मात्र समीक्षा गरेको छ। सोको अवस्था निम्नानुसार छः

क्र.सं.	दिगो विकास लक्ष्यका सूचकको विवरण	आधार वर्ष २०१५	सन् २०३० को लक्ष्य	सन् २०२२ को लक्ष्य	सन् २०२२ सम्मको प्रगति
१	गरिबी प्रतिदिन अमेरिकी डलर १.९ (पी.पी.पी. मूल्य)	३६	८	२२.९	१५
२	प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलर)	७६६	२५००	१६४७	१७५२
३	राष्ट्रिय गरिबीको रेखामुनी रहेका जनसङ्ख्याको अनुपात	२१.६	४.९	१३.८	१५.३
४	बहुआयामिक गरिबी सूचकाङ्क	४४.२	१०	२८.२	१७.४
५	सामाजिक सुरक्षण प्रणालीहरूद्वारा समेटिएका जनसङ्ख्याको अनुपात	८.१	८०	४१.७	४७
६	कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशतमा)	११	१५	१२.९	११.४
७	३० मिनेटको दुरीमा स्वास्थ्य सेवासम्म पहुँच भएका परिवारहरू (जनसङ्ख्या प्रतिशत)	६१.८	८०.६	७५	७७
८	महिलाहरूको नाममा रहेको सम्पति /ठोस देखिने सम्पत्ति (कुल सम्पत्तिको प्रतिशत)	१९.७	४०	२९.२	२३.८
९	विपद्का कारणले मृत्यू हुने बेपत्ता भएका व्यक्तिहरू (सङ्ख्या)	८८९१	१००	२६८	३२०

उल्लिखित विवरणअनुसार गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १५.३ प्रतिशतमा र बहुआयामिक गरिबी सूचकाङ्क १७.४ मा झरेको तथा प्रतिव्यक्ति राष्ट्रिय आय अमेरिकी डलर १ हजार ७५२ पुगेको उल्लेख छ। तर नेपाल जीवनस्तर सर्वेक्षण २०७९।८० अनुसार गरिबीको रेखामुनिको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको उल्लेख छ। त्यसै गरी दिगो विकास लक्ष्य समीक्षाले अपेक्षित लक्ष्य हासिल गर्न बृहत् नीति तयार गर्नुपर्ने, रोजगारी सिर्जना गर्नुपर्ने, व्यावसायिक तालिम प्रदान गर्नुपर्ने र स्थानीय तहको गरिबीसम्बन्धी तथ्याङ्क (डेटाबेस) तयार गर्नुपर्ने उल्लेख गरेको छ। मन्त्रालयले योजना आयोगको सुझावको कार्यान्वयन र सरोकारवाला निकायसँग समन्वय गरी बाँकी अवधिमा लक्ष्य हासिल गर्नुपर्दछ।

७. **सेवा प्रवाह** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्य विवरणमा तोकिएबमोजिम कार्यसम्पादन गरी सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष १३५ मालपोत कार्यालयमध्ये १२८ कार्यालयबाट राजीनामा, सगोलनामा, बकसपत्र अंशबण्डालगायत लिखत पारित भएको छ। त्यसै गरी १३५ नापी र ६ विशेष नापीसहित १४१ मध्ये १३५ कार्यालयबाट कित्ताकाट, जग्गा नापीलगायत कार्य हुँदै आएको छ। सबै मालपोत तथा नापी कार्यालयबीच सञ्जालीकरण गरी एकीकृत भू-सूचना अभिलेख व्यवस्थापन प्रणाली मार्फत सेवा प्रवाह हुन सकेको छैन। सञ्चालनमा रहेका २६३ कार्यालय मध्ये ७९ मालपोत र ६३ नापी कार्यालयले मात्र आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको अवस्था छ।

मालपोत कार्यालय चावहिलको भवन निर्माण गर्न २०६९।१।७ मा २ वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू. १० करोड २३ लाख ८६ हजारमा सम्झौता भएको देखियो। निर्माणकार्यको पटक-पटक २०७९।९।१५ सम्म म्याद थप गरी सो अवधिसम्म रू.६ करोड ६७ लाख ९३ हजार मात्र भुक्तानी भएको छ। निर्माणकार्य सुरु भएको ११औं वर्षसम्म पनि कार्य सम्पन्न नभएकोले कार्यालयले भाडाको भवनबाट सेवा प्रवाह गरिरहेको छ।

८. भूमि व्यवस्थापन तथा अभिलेख विभागवाट प्राप्त विवरणअनुसार मातहतका मालपोत कार्यालयमा यो वर्ष १ लाख ७० हजार ७८८ मोठ ठेली रहेकोमा १ लाख १६ हजार ८७४ बाइण्डिङ्ग भएको छ। नागरिकको सम्पत्तिसँग सम्बन्धित महत्त्वपूर्ण अभिलेखको रूपमा रहेका मोठको सुरक्षित प्रबन्ध गर्नुपर्दछ।

८.१ भूमिसुधार तथा मालपोत कार्यालयका लागि कुल ३ हजार १८४ दरबन्दी स्वीकृत रहेकोमा १ हजार ४५ र नापी कार्यालयअन्तर्गत ३ हजार ३४ दरबन्दी रहेकोमा ७८८ पद रिक्त रहेको छ। दरबन्दीअनुसारको सबै पद नियमित रूपमा पूर्ति हुने व्यवस्था मिलाई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८.२ मालपोत कार्यालयमा छुट दर्ता, नामसारी, संशोधन, दाखिल खारेज र हकसाफी सम्बन्धमा गत वर्षको जिम्मेवारीसमेत १ लाख १७ हजार २५७ निवेदन परेकोमा यो वर्ष १ लाख ४ हजार ९३० फर्स्यौंट भएको छ। प्राप्त निवेदन तथा मुद्दा फर्स्यौंटमा कार्यदक्षता वृद्धि गरी सेवा प्रवाह थप प्रभावकारी बनाउनुपर्दछ।

८.३ पन्ध्रौं योजनामा कित्ता नापीको डिजिटल अभिलेख अद्यावधिक गरी अनलाइन प्रविधिमा आधारित डाटाबेस निर्माण गरिने र मालपोत कार्यालयमा रहेको भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीसँग समन्वय गरी एकीकृत प्रणाली तयार गरिने उल्लेख छ। राष्ट्रिय विकास समस्या समाधान समितिले २०७७।१०।२ मा एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी दुई कार्यालय कायम रहँदा सेवाग्राहीहरूलाई कठिनाइ भएकोले एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिएकोमा हालसम्म एकीकृत सेवा प्रदान गर्ने व्यवस्था गरेको छैन। एकीकृत प्रणालीमार्फत प्रभावकारी सेवाप्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९. **भू-सूचना प्रणाली -** मालपोत नियमावली, २०३६ (छैटौं संशोधन) को नियम २३(क) बमोजिम जग्गा प्रशासनसम्बन्धी सेवालाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै विभागले भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ बमोजिम ४ मालपोत कार्यालयअन्तर्गत ६ साधारण प्रयोगकर्ता, ९८ मालपोत कार्यालयमा २ हजार ९८६ भू-सेवा केन्द्र, ५६ स्थानीय प्रयोगकर्ता, २१ बैङ्क तथा वित्तीय संस्था, ९ सहकारी र कर्मचारी सञ्चयकोष प्रयोगकर्तामार्फत सूचना प्रविधिमा आधारित भू-सूचना प्रणाली प्रयोगमा ल्याएको छ। यस प्रणालीमा जग्गाधनीले आफ्नो स्वामित्वमा भएको घरजग्गा (अचल सम्पत्ति) को हक हस्तान्तरण गर्न आवश्यक पर्ने लिखत तथा निवेदन आफ्नो घर वा आफूलाई पायक पर्ने भू-सेवा केन्द्रमार्फत अनलाइन भरी भराई सम्बन्धित भूमिसूधार तथा मालपोत कार्यालयमा पेस गर्न तथा प्रणालीबाटै लिखत तथा निवेदन प्रिन्ट गर्न सकिने व्यवस्था रहेको छ। अनलाइन सेवा लिन सक्ने सुविधा भए तापनि सर्वसाधारणमा जग्गा प्रशासनसम्बन्धी आधारभूत ज्ञानको कमी भएको कारण भू-सेवा केन्द्रको सेवा प्रभावकारी हुन सकेको पाइएन। विभागले भू-सेवा प्रणाली प्रयोग गर्दा लाग्ने शुल्कको मापदण्ड तथा केन्द्रको सञ्चालन, उपयोग एवं प्रभावकारिता सम्बन्धमा अनुगमन गरी सो को उपयोग अभिवृद्धि गर्नुपर्दछ।

१०. **लिज कार्यनीति कार्यान्वयन -** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ मा भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्ने म्यादभित्र निवेदन नदिए सो म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको जानकारी गराई भोगाधिकार

समाप्त भएको बेहोरा जग्गाधनी दर्ता स्रेस्तामा कैफियत जनाई प्रमाणित गर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म ४६ जिल्लाका १३३ निकायलाई २६ लाख ९९ हजार वर्गमिटर र २०७९।८० मा ७९ निकायलाई ६ लाख ७८ हजार वर्गमिटरसमेत ३३ लाख ७७ हजार वर्गमिटर जग्गा लिजमा उपलब्ध गराएको उल्लेख गरे तापनि विगतमा भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरेको विवरण पेस गरेको छैन। लिज कार्यनीतिको व्यवस्थाअनुसार जग्गाको अभिलेख राखी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै परिवारले भित्री मधेशसमेत तराई क्षेत्रमा १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७० रोपनीको हदसम्म जग्गा राख्नसक्ने व्यवस्था छ। उक्त ऐनमा नेपाल सरकारले सूचित आदेशद्वारा तोकिएको शर्तमा सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी वा आयोजना र अन्य शिक्षण वा स्वास्थ्य संस्था, उद्योग, घर जग्गा व्यवसाय, सहकारी खेतीको लागि हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति दिनसक्ने व्यवस्था छ। विगत वर्षसम्म हदबन्दी छुट भएका १६७ संस्थाको पहाड मा ७६ हजार ७६६ रोपनी र तराईमा ८ हजार ४२९ बिघा जग्गा रहेको उल्लेख भएकोमा गत वर्ष ९६ संस्थाको १ करोड ८१ लाख ४२ हजार वर्गमिटर यस्तो जग्गा रहेको विवरण प्राप्त भएको थियो। यो वर्षको अद्यावधिक विवरण प्राप्त हुन सकेन। हदबन्दी छुट भएका जग्गाको अद्यावधिक अभिलेख राखी त्यस्तो सुविधा प्राप्त संस्थाले उद्देश्यअनुरूप जग्गा उपयोग गरे/नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८ ले काठमाडौं उपत्यकामा हाउजिङ्ग कम्पनीले ६० रोपनीभन्दा बढी जग्गा खरिद गर्न नपाउने गरी हदबन्दी तोकेको छ। सो आदेश जारी हुनुभन्दा अगाडि ४७ हाउजिङ्ग कम्पनीले काठमाडौं उपत्यकामा हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति माग गरेकोमा ४३ कम्पनीले ६० रोपनीभन्दा बढी जग्गा खरिदको पूर्वस्वीकृतिका आधारमा कारोबार गरिरहेका छन्। त्यसै गरी जग्गाको हदबन्दी छुट दिनेसम्बन्धी आदेश, २०७४ मा हाउजिङ्ग कम्पनीलाई हदबन्दी छुट दिने सम्बन्धमा कुनै बेहोरा उल्लेख छैन। हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति पाएका उल्लिखित ९६ संस्थामध्ये २१ रियल स्टेट रहेका छन्। हदबन्दी छुट सम्बन्धमा विभिन्न समयमा तदर्थ प्रकृतिका आदेश जारी गरेको विषयमा तत्पश्चातको कानुनले सम्बोधन नगरेको हुँदा यस्तो स्वीकृतीबाट भए गरेका कार्यहरू रोकी नीतिगत स्थिरता कायम गर्नुपर्ने बेहोरा गत विगतदेखि औल्याइएकोमा अवस्था यथावत छ।

१२. **सरकारी जग्गा संरक्षण -** मालपोत ऐन, २०३४ को दफा २४(२) मा सार्वजनिक सरकारी जग्गा जसको नाममा जुनसुकै तरिकाबाट दर्ता गराए पनि नेपाल सरकारको नाममा कायम गर्नुपर्ने व्यवस्था छ। काठमाडौंको बानेश्वर र अनामनगरको सरकारी जग्गालाई व्यक्तिको नाममा दर्ता गराएको विषयको उजुरी पश्चात् विभिन्न २९ कित्ताको ७ रोपनी ७ आना २ पैसा २ दाम जग्गा कार्यालयको २०७८।१।१७ को निर्णयले नेपाल सरकारको नाममा कायम गरे तापनि साबिककै व्यक्तिहरूले भोगचलन गरिरहेको विषय गत वर्षसमेत औंल्याएकोमा अवस्था यथावत छ।

१३. **सरकारी र सार्वजनिक जग्गाको अभिलेख** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची २१ दर्ता गरी

अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागको यस वर्षको वार्षिक प्रगति प्रतिवेदनमा सरकारी जग्गा ३० लाख ७२ हजार हेक्टर र सार्वजनिक जग्गा ९३ लाख ९९ हजार हेक्टर र सरकारी कार्यालयको नाममा ४ हजार २८६ हेक्टर जग्गा रहेको उल्लेख छ। उक्त प्रतिवेदनमा ४६ कार्यालयको कार्यक्षेत्रमा पर्ने सरकारी जग्गा, ८१ कार्यालयको कार्यक्षेत्रमा पर्ने सार्वजनिक जग्गा र ६० कार्यालयको कार्यक्षेत्रमा पर्ने सरकारी कार्यालयको नाममा रहेको जग्गा र २२ कार्यालयअन्तर्गतको सार्वजनिक सरकारी तथा सरकारी कार्यालयको नाममा रहेको कुनै पनि जग्गाको विवरण समावेश गरेको छैन। मन्त्रालयले सरकारी र सार्वजनिक जग्गाको अद्यावधिक अवस्था प्रतिविम्बित हुने गरी केन्द्रीय अभिलेख राखेको देखिँदैन। सरकारी र सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक नहुँदा सोको अतिक्रमण हुनसक्ने भएकोले सबै मालपोत कार्यालयबाट सरकारी एवं सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको अद्यावधिक एकीकृत अभिलेख तयार गर्नुपर्दछ।

१४. **सार्वजनिक जग्गा जाँचबुझ आयोग -** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को बुंदा नं.३ मा सरकारी प्रकृतिका दर्ता हुन बाँकी रहेका जग्गा नेपाल सरकारको नाममा दर्ता गर्नुपर्ने व्यवस्था छ। मन्त्रिपरिषद्को २०७६।२।६ को निर्णयबाट गठन भएको सरकारी, सार्वजनिक गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग २०७७ माघ मसान्तमा खारेज भएको छ। उक्त आयोगमा ३२६ उजुरी दर्ता भएकोमा ३३ उजुरी माथि छानबिन गरी प्रतिवेदन दिएकोले २९३ उजुरी उपर छानबिन हुन सकेको छैन। मन्त्रालयले आयोगबाट छानबिन भई पेस भएका ३३ प्रतिवेदनमध्ये १० प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को २०७६।१०।६ को निर्णयबमोजिम बाँके, मकवानपुर, रौतहट, भोजपुर र कास्की जिल्लासमेतको ३२० रोपनी जग्गा नेपाल सरकारको नाममा कायम गर्न मातहत विभाग तथा कार्यालयहरूमा लेखी पठाएकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन गरेको छैन। आयोगले पेस गरेका २३ प्रतिवेदन कार्यान्वयन प्रक्रियामा लगेको देखिएन। मन्त्रालयले सबै उजुरी उपर छानबिन गरी गैरकानुनी रूपमा कब्जा गरिएका सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्नुपर्ने बेहोरा औंल्याएकोमा सोको कार्यान्वयन भएको छैन।

१५. **राष्ट्रिय भूमि आयोग** - भूमिहीन दलित, भूमिहीन सुकुम्बासी लाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि २०७८।५।२५ मा राष्ट्रिय भूमि आयोग गठन भएको छ। सो कार्यका लागि आयोगले ६९७ स्थानीय तहसँग सहमतिपत्रमा हस्ताक्षर गरेको छ। यो वर्ष पदाधिकारी तथा कर्मचारी पारिश्रमिक सुविधामा रू.२३ करोड ३२ लाखसमेत हालसम्म रू.३८ करोड ४७ लाख १४ हजार खर्च भएको छ। भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको सत्यापन, प्रमाणीकरण र नाप नक्साङ्कन गर्ने प्रयोजनका लागि ३०० स्थानीय तह मा कार्य गर्ने लक्ष्य रहेकोमा ११३ स्थानीय तहमा कार्य भएको छ। आयोगले ५ लाख व्यक्तिको जग्गा दर्ता गरी जग्गाधनीपुर्जा वितरण गर्ने कार्यक्रम राखेकोमा ३ हजार ३४० (०.७ प्रतिशत) व्यक्तिको जग्गा दर्ता गरी पुर्जा वितरण गरेको छ। आयोगले ६९७ स्थानीय तहबाट ९ लाख १५ हजार ६५२ सम्भावित लाभग्राहीको निवेदन सङ्कलन गरेकोमा ८ लाख ३० हजार निवेदन विद्युतीय सूचना प्रणालीमा प्रविष्ट गरेको छ। वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासी पहिचान गरी लक्षित भूमिहीन तथा सुकुम्बासी समूहको आवासमा पहुँचको सुनिश्चितता गर्नुपर्दछ।

१६. **गरिबी निवारण कोष** - बजेट वक्तव्य २०७८।७९ मा गरिबी निवारण कोष खारेज गर्ने र खारेजी पश्चात उक्त कोषमा आबद्ध करिब ३२ हजार सामुदायिक समूहलाई सहकारीमा रूपान्तरण गरिने र समूहमा परिचालन गरेको आवर्ति कोषको रू.१९ अर्ब सहकारीको बीउ पुँजीको रूपमा उपयोग गरी स्थानीय तहबाट गरिबी निवारण कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। कोषको २०७८।७९ को वासलातअनुसार कोषमा बैङ्क मौज्दात रू.८ करोड ९१ लाख ३९ हजार र अरु अचल सम्पत्ति रू.७ करोड ३७ लाख ९५ हजार समेत कुल सम्पत्ति रू.१६ करोड २९ लाख ३४ हजार बाँकी रहेको देखिन्छ। कोषले २०७७।७८ पश्चात अन्तिम लेखापरीक्षण गराएको छैन। साबिकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको यो कोष खारेजीपछि कोषको हिसाब किताब र अन्य विषयको जिम्मेवारी यस मन्त्रालयमा सरी आएकोमा खारेज भएको दुई वर्ष व्यतीत भए तापनि कोषको सम्पत्ति, दायित्व, जिन्सीलगायत हस्तान्तरण भई सोको स्वामित्व मन्त्रालयले लिएको पाइएन। कोषको हिसाब किताब अद्यावधिक गरी लेखापरीक्षण गराई हिसाब फरफारक गर्नुपर्दछ।

१७. **गरिब घरपरिवार पहिचान** - विपन्न परिवारलाई आधारभूत सहुलियत र सुविधा प्रदान गरेर जीवनयापन सहज बनाउने उद्देश्यले २०६९ मा गठन भई २०७५ मा खारेज भएको गरिब घरपरिवार सहयोग समन्वय बोर्डले ६ वर्षको अवधिमा २६ जिल्लामा ३ लाख ९२ हजार गरिब घरपरिवार पहिचान गरेको देखिन्छ। तत्पश्चात् मन्त्रालयबाट सञ्चालित कार्यक्रमबाट २३ जिल्लाका २ लाख २३ हजार गरिब घरपरिवार पहिचान गरेको र बाँकी २८ जिल्लाको तथ्याङ्क सङ्कलन गरी गरिब घरपरिवार पहिचान गर्ने कार्य भइरहेको जानकारी प्राप्त भएको छ। एक दशक पहिला सुरु भएको कार्यक्रममा बोर्डले ४ वर्षको अवधिमा रू.१६ करोड ८३ लाख, मन्त्रालयले ३ वर्षमा रू.११ करोड ९४ लाख र विगत तीन वर्षमा वित्तीय हस्तान्तरण गरी पठाएको रू.१ अर्ब ३३ करोड १५ लाखसमेत रू.१ अर्ब ६१ करोड ९२ लाख खर्च भएको देखिन्छ। सोअनुसार परिचयपत्र वितरणमा प्रतिपरिवार २ हजार ६३३ रूपैयाँ खर्च भएको देखिन्छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६६।६७ को आधारमा सुरु भएको गरिब घरपरिवार पहिचान गर्ने कार्य एक दशक बितिसक्दा पनि सम्पन्न नभएको एवं पहिचान भएकाहरूले पनि परिचयपत्र पाउन नसकेकोले वास्तविक गरिब परिवारले राज्यबाट प्राप्त गर्नुपर्ने सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। गरिब लक्ष्यित सबै सेवा सुविधालाई परिचयपत्रसँग आबद्ध गर्ने लक्ष्य रहे तापनि प्रभावकारी रूपमा कार्य हुन नसकेको बेहोरा विगतको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ।

१८. **समस्याग्रस्त सहकारी संस्था** - सहकारी ऐन, २०७४ को दफा १०४ मा सहकारी संस्थाले सहकारी सम्बन्धी ऐन नियमविपरीत कार्य गरेमा, सदस्यहरूको हितविपरीत कार्य गरेमा, आर्थिक सङ्कट परेमा सहकारी विभागको रजिष्ट्रारको सिफारिसमा मन्त्रालयले सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१८.१ बचत तथा ऋणको कारोबार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानबिन गर्न गठित जाँचबुझ आयोग, २०७० को प्रतिवेदनमा १५३ सहकारी संस्था समस्याग्रस्त उल्लेख भएकोमा समयमा नै समस्याग्रस्त घोषणा नगरी अवस्था बिग्रिँदै गए पश्चात मात्र समस्याग्रस्त घोषणा गरेका कारण त्यस्ता संस्थाको बचत र ऋण दाबी फिर्ता गर्न कठिनाइ भएको देखिन्छ। त्यसै गरी अन्य निकायबाट छानबिन भई जग्गा तथा घर रोक्का राखे पश्चात मात्र समस्याग्रस्त घोषणा गरी समस्या समाधानको लागि

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा हस्तान्तरण हुँदा कार्यालयले रोक्का राख्ने वा असुल गर्ने सम्पत्ति नहुने हुँदा दाबी फिर्तामा समस्या हुनसक्ने देखिन्छ।

१८.२ सहकारी ऐन, २०७४ को दफा १०६ बमोजिम समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई समस्याग्रस्त संस्था र सङ्घको साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले प्रयोग गर्न पाउने अधिकार प्रयोग गर्ने, समस्याग्रस्त संस्थाको सम्पत्ति जिम्मा लिने, त्यस्तो सम्पत्ति बिक्री गर्ने उपयोग गर्ने तथा व्यवस्थापन गर्ने, संस्थाको बचत अन्यत्र प्रयोग गरेको वा सोको प्रयोगबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने, लिलाम बिक्री वा असुल उपर गर्न आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेस गर्न लगाउनेलगायतका अधिकार छ। समितिले त्यस्तो संस्थाको व्यवस्थापन तथा दायित्व भुक्तानी प्रयोजनका लागि ऐनबमोजिमको लिक्विडेटरलाई भएको सबै अधिकार प्रयोग गर्न सक्ने व्यवस्था रहे पनि हालसम्म २ संस्थाको मात्र मागदाबी फरफारक भएको छ। समस्याग्रस्त सहकारी संस्थाको सङ्ख्या बढ्दै गएको अवस्थामा यस समितिलाई आवश्यक स्रोत साधनको व्यवस्था गरी कार्यालयको कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

१९. **सुरक्षण कोष तथा कर्जा असुली न्यायाधिकरण** - सहकारी ऐन, २०७४ को दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्ने त्यसै गरी ऐनको दफा ८२ मा कर्जा असुली न्यायधिकरण रहने व्यवस्था छ। सहकारी नियमावली, २०७५ को नियम ४२ मा त्यस्तो न्यायाधिकरण ३ सदस्यीय हुने तथा न्यायाधिकरणलाई सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरु कारबाही तथा किनारा गर्ने अधिकार हुने उल्लेख छ। यद्यपि हालसम्म कर्जा सुरक्षण कोष तथा न्यायाधिकरणसमेत स्थापना भएको छैन। अतः कानुनी प्रावधानअनुरूप संगठनात्मक व्यवस्था गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

२०. **सहकारी प्रवर्धन कोष -** सहकारी ऐन, २०७४ को दफा ७० मा सहकारी संस्थाहरूको जगेडा कोषमा रहेको रकमको ०.५ प्रतिशतले हुने रकम साधारण सभाबाट लेखापरीक्षण प्रतिवेदन अनुमोदन भएको १५ दिनभित्र सहकारी संस्थाले सहकारी प्रवर्धन कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। कोषमा रकम जम्मा नगर्ने सहकारीको लगत खडा गरी आवश्यक कारबाहीको लागि विभागमा लेखी पठाउने व्यवस्था भए पनि देशभरिका ३१ हजार ३७३ सहकारी संस्थामध्ये अधिकांश संस्थाले उक्त कोषमा रकम जम्मा गरेका छैनन्। कोषको रकम ३ बैङ्कमा रू.९ करोड १९ लाख ६७ हजार मौज्दात रहेको छ। कोष सचिवालयले सहकारीहरूबाट विवरण सङ्कलन नगरी बैङ्क स्टेटमेन्टको आधारमा कोषमा एकमुष्ट आम्दानी जनाउने गरेकोले रकम दाखिला गर्ने सहकारीको विवरण यकिन हुने अवस्था छैन। ऐनबमोजिमको रकम प्राप्त गरी कोषमा जम्मा भएको रकम प्रभावकारी तवरले परिचालन गर्नुपर्दछ।

२१. **सुझाव कार्यान्वयन** - सहकारी संस्थाको सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल सरकारले २०६१ सालदेखि ६ समिति, आयोग तथा कार्यदल गठन गरेको छ। उक्त समिति, आयोग र कार्यदलहरूले सहकारी मूल्य र सिद्धान्त विरुद्धको कसुरको व्यवस्था हुनुपर्ने, सहकारी विभागको अनुगमन सशक्त हुनुपर्ने, संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था स्थापना गर्ने, बचत तथा ऋण सहकारी संस्थाले पर्ल रेटिङ्ग प्रणाली र अन्य सहकारी संस्थाहरूको हकमा वित्तीय अनुपातहरू लागु गर्नुपर्ने, बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने,

सहकारी संस्थाहरू सर्वप्रथम पूर्व सहकारी संस्थाको रूपमा दर्ता गरी निश्चित समयपछि ती संस्थाले सहकारी सिद्धान्त, वित्तीय अनुशासन र वित्तीय सबलता हुने कार्य गरेमा स्थायी दर्ता गर्ने व्यवस्था गर्ने, सहकारी संस्थाका सञ्चालकहरूको लागि आचारसंहिता व्यवस्था गर्नुपर्ने, समयमा ऋण नतिर्ने ऋणीहरूलाई कालोसूचीमा समावेश गर्न सक्ने व्यवस्था गर्ने, निश्चित रकमभन्दा बढीको बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्न नेपाल राष्ट्र बैङ्कले समन्वय गर्नेलगायतका सुझाव दिएकोमा सुझावहरू कार्यान्वयन भएको देखिएन। अतः प्रतिवेदनका सुझाव अध्ययन गरी सोको कार्यान्वयनमार्फत देखिएका समस्या समाधान गर्नुपर्दछ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको विकास गर्ने उद्देश्यले साबिकको मालपोत र भूमिसुधार विभागलाई एकीकरण गरी २०५७ सालमा विभागको स्थापना भएको हो।

२२. **जग्गामाथिको द्वैध स्वामित्व -** नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँट गरी कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि तोकी विभिन्न मितिमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरेकोमा तोकिएको समयभित्र मोही बाँडफाँटसम्बन्धी कार्य टुङ्गो लाग्न नसकेकोले २०७७।१२।९ मा सूचना प्रकाशित गरी जग्गावाला र मोहीबीच बाँडफाँटको लागि निवेदन दिन २०७८।३।३१ सम्म जग्गावाला र मोहीबीच बाँडफाँट गरी कारबाही टुङ्गो लगाउन २०७८।९।३० सम्म अवधि तोकेकोमा पुनः २०७९।६।१० मा २०८३ साल असार मसान्तसम्म टुङ्गो लगाइसक्नुपर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म मोही लागेको कित्ता सङ्ख्या ९ लाख १४ हजार ४७८ र मोही सङ्ख्या ८ लाख १६ हजार १९३ रहेकोमा फर्स्यौंट र थपसमेत देशभर मोही लागेको जग्गाको कित्ता सङ्ख्या ९ लाख ६७ हजार ६५४ र मोही सङ्ख्या ७ लाख ५० हजार ९० पुगेकोले द्वैध स्वामित्वको अवस्था कायमै रहेको देखिन्छ। प्राप्त विवरणमा २०८० माघसम्म ७ हजार ८०६ कित्ता मोही लगत कट्टा भएको उल्लेख छ। विभागले जग्गाधनी तथा मोहीबीच बाँडफाँटको विवरण पेस गरेको छैन। अभिलेख व्यवस्थित गरिनुपर्दछ।

२३. **न्यूनतम मूल्याङ्कन पुस्तिका -** मालपोत नियमावली, २०३६ को नियम ५(ख) को उपनियम ४ बमोजिम न्यूनतम मूल्य निर्धारण समितिले कुनै जग्गाको न्यूनतम मूल्य निर्धारण गर्दा चालु आर्थिक वर्षको भन्दा कम मूल्य निर्धारण गर्नुपर्ने भएमा त्यसको कारणसमेत खुलाई स्वीकृतिका लागि नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। त्यस्तै भूमि व्यवस्थापन तथा अभिलेख विभागको मुख्य कार्यमा योजना तथा अभिलेख शाखाले जग्गाको न्यूनतम मूल्याङ्कन पद्धतिलाई समयानुकूल सुधार गर्ने रहेको छ। विभाग अन्तर्गतका भूमिसुधार तथा मालपोत कार्यालयहरूले न्यूनतम मूल्याङ्कन पुस्तिकाहरूको कायम व्यवस्थामा परिवर्तन गरी आगामी वर्षको न्यूनतम मूल्याङ्कनको व्यवस्था परिवर्तन गरी चालु वर्षभन्दा घटी मूल्य हुने गरी न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्ने गरेको पाइयो। सो सम्बन्धमा स्वीकृति लिएको पाइएन। विभागअन्तर्गतका ३ आर्थिक वर्षको निर्णय पुस्तिकामा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लिबजारको ३, मालपोत कार्यालय कलंकीको ३, चाबहिलको २ र भक्तपुरको २ निर्णयबाट व्यवस्था परिवर्तन

गरेको कारण न्यून राजस्व असुल भएको देखिन्छ। विभागले न्यूनतम मूल्याङ्कन पद्धतिलाई समयानुकूल सुधारको लागि अध्ययन गरी न्यूनतम मूल्याङ्कन कायम गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

२४. **न्यून थैली कायम** - मालपोत नियमावली, २०३६ को नियम ५ख मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार २०७९।८० को लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गरेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२४.१ भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, विराटनगर र मालपोत कार्यालय, चावहिल, भरतपुर, खैरहनी, चनौली, माडी, भक्तपुर, रसुवालगायत २१ कार्यालयको ७८ कारोबारमा २०७९।८० को न्यूनतम मूल्याङ्कन पुस्तिकामा भएको व्यवस्थाभन्दा रू.५२ करोड ७५ लाख २१ हजार न्यून मूल्याङ्कन कायम भई रजिष्ट्रेसन शुल्क र अन्य शुल्कसमेत रू.१ करोड ९३ लाख १७ हजार र पुँजीगत लाभकर रू.२ करोड ५० लाख ३३ हजारसमेत रू.४ करोड ४३ लाख ५० हजार राजस्व छुट भएको छ। उक्त कारोबार सम्बन्धमा छानबिन गरी छुट हुन गएको राजस्व असुल गर्नुपर्दछ।

२४.२ मालपोत नियमावली, २०३६ को नियम ५ख को (१) मा रजिष्ट्रेसन हुने लिखतमा न्यूनतम थैली अङ्क कायम गर्ने प्रयोजनको लागि प्रत्येक मालपोत कार्यालयको क्षेत्रमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षता रहेको एक न्यूनतम मूल्य निर्धारण समिति गठन हुने र उपदफा २ मा उक्त समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण गर्नुपर्ने व्यवस्था छ। उक्त न्यूनतम मूल्याङ्कन पुस्तिकामा जग्गाको न्यूनतम मूल्याङ्कन प्रयोजनको लागि आधार भए तापनि वास्तविक खरिद बिक्री हुने मूल्यअनुसार थैली कायम हुनुपर्दछ। भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारमा एक निःसर्गकर्ताले गोङ्गबु ८ को ४६८.९१ वर्गमिटर क्षेत्रफल जग्गाको रू.२ करोड ९० लाख ५५ हजार थैली कायम गरी निःसर्ग गरेकोमा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारको एक लिखतसाथ खरिद स्रोतको रूपमा संलग्न स्थानीय तहबाट प्रमाणित बैनापट्टा पत्रअनुसार उक्त जग्गा रू.६ करोड २६ लाख ८८ हजार थैली कायम गरी खरिद बिक्री गर्ने खुलासा गरेकोले न्यून थैली कायम गरेको रू.३ करोड ३६ लाख ३३ हजारमा पुँजीगत लाभकर रू.२५ लाख २२ हजार र रजिष्ट्रेसन तथा बागमती सभ्यता शुल्क रू. १३ लाख ३ हजारसमेत रू. ३८ लाख २५ हजार असुल गर्नुपर्दछ।

त्यसै गरी मालपोत कार्यालय चावहिलमा एक निःसर्गकर्ताले साबिक जोरपाटी ६ को ३९० वर्गमिटर क्षेत्रफल जग्गा रू.१ करोड ५० लाख थैली राखी निःसर्ग गरेकोमा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारको एक लिखतसाथ खरिद स्रोतको रूपमा संलग्न स्थानीय तहबाट प्रमाणित बैनापट्टा पत्रअनुसार उक्त जग्गा रू.३ करोड ४५ लाख थैली कायम गरी खरिद बिक्री गर्ने खुलासा गरेकोले न्यून थैली कायम गरेको रू.१ करोड ९५ लाखमा पुँजीगत लाभकर रू.९ लाख ७५ हजार र रजिष्ट्रेसन तथा बागमती सभ्यता शुल्क ८ लाख २९ हजारसमेत रू.१८ लाख ४ हजार असुल गर्नुपर्दछ।

२५. **घरबाटो सिफारिस** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ङ (२८) बमोजिम स्थानीय तहले घरबाटो सिफारिस गर्दा वास्तविक अवस्था खुलाई सिफारिस गर्नुपर्ने र सोही सिफारिसबमोजिम न्यूनतम मूल्याङ्कन पुस्तिकाको आधारमा घरजग्गाको थैली अङ्क कायम गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२५.१ मालपोत कार्यालय मंगलबारे ईलामको न्यूनतम मूल्याङ्कन पुस्तिका २०७९।८० अनुसार चमैता वडा नं. ३क को २७ रोपनी ५ आना क्षेत्रफलको एक कित्ता जग्गा निःसर्ग गर्दा न्यूनतम रू.३ करोड १२ लाख ४६ हजार थैली कायम गर्नुपर्नेमा सिफारिस फरक परेको कारण रू.९ लाख ४५ हजार थैली कायम गरेकोले घटी थैली कायम भएको रू.३ करोड ३ लाख १ हजारमा रजिष्ट्रेसन शुल्कबापत रू.१२ लाख १२ हजारमा लेखापरीक्षण पश्चात दाखिला गरेको रू.२ लाख ४ हजार घटाई कायम हुने रू.१० लाख ८ हजार र आयकर ऐन, २०५८ को दफा ९५क अनुसार लाग्ने पुँजीगत लाभकर रू.१५ लाख ६२ हजारमा लेखापरीक्षण पश्चात असुल भएको रू.३ लाख २ हजार घटाई कायम हुने रू.१२ लाख ६० हजारसमेत रू.२२ लाख ६८ हजार असुल गर्नुपर्दछ।

२५.२ भूमिसुधार तथा मालपोत कार्यालय, नेपालगन्जको लिखतअनुसार एक निःसर्गकर्ताले उढारपुर २ को १४२ कट्ठा क्षेत्रफलको दुई कित्ता जग्गा रू.२ करोड ४ लाख ६२ हजार थैली राखी निःसर्ग गरेकोमा लिखतसाथ संलग्न स्थानीय तहको घरबाटो सिफारिसमा एक कित्तामा कच्ची बाटो भएको र एक कित्तामा बाटो नभएको सिफारिसको आधारमा लिखत पास गरेको छ। नापी कार्यालय, नेपालगन्जबाट प्राप्त नक्सामा दुबै कित्तामा सोही बाटोले छोएको देखिएकोले न्यूनतम मूल्याङ्कन पुस्तिकाको सि. न. ९ (च) बमोजिम प्रति कट्ठा रू.३ लाख ८५ हजारको दरले रू.५ करोड ४६ लाख ७० हजार थैली कायम गर्नुपर्नेमा न्यून थैली कायम गरेको रू.३ करोड ४२ लाख ८ हजारमा छुट भएको पुँजीगत लाभकर रू.२५ लाख ६६ हजार र रजिष्ट्रेसन शुल्क रू.६ लाख ८४ हजारसमेत रू.३२ लाख ५० हजार असुल गर्नुपर्दछ।

२५.३ भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारको न्यूनतम मूल्याङ्कन पुस्तिका २०७९।८० अनुसार साबिक गोंगबु गा.वि.स. मा पर्ने विष्णुमति करिडोर क्षेत्रको लागि न्यूनतम मूल्याङ्कन प्रति आना रू.१७ लाख ६० हजार कायम गर्नुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारको ३ निःसर्गमा स्थानीय तहको सिफारिसअनुसार विष्णुमती करिडोरको न्यूनतम मूल्याङ्कन थैली कायम गर्नुपर्नेमा थैली फरक परी घरजग्गा निःसर्गमा न्यून थैली कायम भएको रू.१ करोड ३३ लाख २१ हजारमा पुँजीगत लाभकर रू.११ लाख ५९ हजार र रजिष्ट्रेसन तथा बागमती सभ्यता शुल्क रू.८ लाख ८२ हजारसमेत रू.२० लाख ४१ हजार असुल गर्नुपर्दछ।

२६. **पुँजीगत लाभकर** - आयकर ऐन, २०५८ को दफा ९५क (५) र जग्गा तथा घर जग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्व प्राप्त गरेको जग्गा तथा घरजग्गा ५ वर्ष अवधि नपुगेको भए ७.५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए ५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, नवलपरासी, विराटनगर र मालपोत कार्यालय चाबहिल, रूपन्देही, बेलबारी, बाँके, सिमरासमेत १५ कार्यालयका ४५ निःसर्गकर्ताले २०७९।८० मा जग्गा निःसर्ग गर्दा स्वामित्व अवधि र थैलीको आधारमा तिर्नुपर्नेभन्दा रू.२ करोड ३० लाख १ हजार पुँजीगत लाभकर घटी असुल गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२६.१ आयकर ऐन, २०५८ को दफा ४० एवं जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को दफा ४.७ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति अन्य प्रयोजनको लागि प्रयोग हुन थालेमा सो सम्पत्ति सोही समयमा निःसर्ग भए सरह हुने व्यवस्था छ। साथै कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा तथा भवन (गैर व्यावसायिक करयोग्य सम्पत्ति) लाई सो व्यक्तिले

व्यवसायमा प्रयोग गर्न थालेमा त्यसरी व्यवसायमा प्रयोग गर्न सुरु गरेको समयबाट सो सम्पत्ति विगतमा गैरव्यावसायिक करयोग्य सम्पत्तिको समूहमा रहेको भए तापनि ऐनको उपर्युक्त व्यवस्थाअनुसार व्यापार मौज्दात हुने व्यवस्था रहेको छ। मालपोत कार्यालय, बेलबारीले एक कृषि फर्म प्राइभेट लिमिटेडको नाममा रहेको घरजग्गा एक रियल स्टेट प्राइभेट लिमिटेडको नाममा परिवर्तन गरेको छ। ऐनको व्यवस्था अनुसार उक्त जग्गा व्यावसायिक मौज्दातमा प्रयोग हुने एवं उद्देश्य फरक पारेकोले निःसर्ग मानी न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार भित्री सडकको प्रतिकट्ठा रू.२ लाख ५५ हजारका दरले रू.१ करोड १५ लाख थैली कायम गरी अग्रिम लाभकर रू.१ लाख ७२ हजार लेखापरीक्षण पश्चात असुल भएको छ। आयकर ऐन, २०५८ अनुसार व्यापार मौज्दातमा बाटोको अवस्थासमेत यकिन गरी पुँजीगत लाभकर तथा आयकर असुल गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग समन्वय गर्नुपर्दछ।

२६.२ जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ अनुसार कुनै प्राकृतिक व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गा तथा भवनलाई वित्तीय पट्टाअन्तर्गत निःसर्ग गरेमा सोही समयमा सो सम्पत्तिको बजार मूल्य बराबरको रकम थैली कायम गरी लाभकर असुल गर्नुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारको एक निःसर्गकर्ताले नगर ३० को ०-१२-३-१ रोपनी जग्गा तथा सोमा बनेको १०.२२ आना क्षेत्रफल प्लिन्थ एरिया भएको व्यावसायिक घर रू.१२ करोड ६० लाखमा ५ महिनाभित्र लिखत गर्ने गरी पट्टाबापत रू.६ करोड थैली कायम गरी एक होटल प्राइभेट लिमिटेडलाई किस्ताबन्दीमा बिक्री गर्ने गरी लिखत पास भएको छ। पट्टा शर्तको बुदाँ नं. ४ मा ३० दिनभित्र जग्गा र व्यावसायिक भवनको सक्कल जग्गाधनीपुर्जा, भवनको नक्सापास, निर्माण सम्पन्न तथा सम्पत्ति कर बुझाएको प्रमाण र तिरो तिरेको रसिदसमेत बुझाउनुपर्ने शर्त राखेको छ। लाभकर निर्देशिकाअनुसार उक्त वित्तीय पट्टाको रजिष्ट्रेसन दस्तुर असुली प्रयोजनको लागि रू.६ करोड थैली कायम गरेपनि लाभकर प्रयोजनको लागि सम्झौता रकम रू.१२ करोड ६० लाख थैली कायम गरी सोही समयमा उक्त लाभकर असुल गर्नुपर्नेमा कार्यालयले पुँजीगत लाभकर असुल गरेको छैन। उक्त व्यावसायिक घरजग्गा निःसर्गकर्ताले २०८०।९।१९ मा रू. १९ करोड २० लाख थैली राखी निःसर्ग गरेकोमा निजी घरमा १० वर्ष निरन्तर बसोबास गरेको स्थानीय तहको सिफारिसको आधारमा लाभकर छुट दिएको छ। वित्तीय पट्टामा निजी भवन नभई व्यावसायिक घर खुलासा भएको अवस्थामा बसोबास सिफारिसको आधारमा व्यावसायिक भवनमा लाभकर छुट दिन मिल्ने नदेखिएकोले वास्तविक निःसर्ग मूल्य रू.१९ करोड २० लाखमा पुँजीगत लाभकर रू.९६ लाख असुल गर्नुपर्दछ।

२६.३ जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर निर्देशिका,२०७२ को परिच्छेद ३ मा प्रकृतिक व्यक्तिको अविछिन्न १० वर्ष वा सोभन्दा बढी स्वामित्व रहेको र अविछिन्न वा पटक पटक गरी कुल १० वर्ष वा सोभन्दा बढी बसोबास गरेको निजी घरजग्गा बाहेकलाई गैरव्यावसायिक करयोग्य सम्पति मान्ने र सोमा पुँजीगत लाभकर लाग्ने व्यवस्था छ । मालपोत कार्यालय, पाल्पा, तानसेनको एक निःसर्गकर्ताले १० आना २ दाम क्षेत्रफलको २ कित्ता जग्गा र सोमा बनेको घर रू.१० करोड थैली राखी आफ्नै सम्बद्ध व्यक्ति एकल सञ्चालक रहेको एक होटल प्राइभेट लिमिटेडलाई निःसर्ग गर्दा १० वर्ष बसोबास गरेको उल्लेख गरी पुँजीगत लाभकर छुट लिएको पाइयो। निःसर्गकर्ताले उक्त घर २०६८ मा निर्माण गरेकोमा सो होटल प्राइभेट लिमिटेड २०७६ देखि हालसम्म सोही घरमा सञ्चालनमा रहेको कम्पनी रजिष्ट्रारको कार्यालयको दर्ता र इजाजतपत्र

नवीकरणबाट देखिन्छ। तसर्थ उक्त भवन निजी प्रयोजनमा नभई व्यावसायिक प्रयोग भएको तथा निजी प्रयोगको अवधि १० वर्ष नपुगेको अवस्थामा समेत रू.५० लाख पुँजीगत लाभकर छुट दिन नमिल्ने हुँदा उक्त कर असुल गर्नुपर्दछ।

२७. **कर नियोजन -** आयकर ऐन, २०५८ को दफा ३५ मा करमुक्ति योजनाको भागको रूपमा गरिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-१ मा प्राकृतिक व्यक्तिको करयोग्य आयमा ३६ प्रतिशतसम्म र निकायको करयोग्य आयमा २५ प्रतिशत कर लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२७.१ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको न्यूनतम मूल्याङ्कन पुस्तिका २०७९।८० को द्रष्टव्य नं. ३ मा लिखत पारित गर्दा यथार्थ र वास्तविक लेनदेनको मूल्य खुलाउनुपर्ने व्यवस्था छ। एक निजी कम्पनीले गुण्डु-३, भक्तपुरको २३ रोपनी ५ आना १ पैसा क्षेत्रफल भएको आपसमा जोडिएका ५ कित्ता जग्गा रू.६ करोड २ लाखमा सम्बद्ध व्यक्तिलाई २०८०।२।२८ मा निःसर्ग गरेको छ। सोही जग्गा २०८०।३।२५ मा खरिदकर्ताले पुनः सुरु निसर्गकर्ता कम्पनीकै शेयरधनी रहेको एक प्राइभेट लिमिटेडलाई रू.१५ करोड ११ लाखमा निःसर्ग गरेकोमा २७ दिनको अन्तरालमा जग्गाको मूल्यमा रू.९करोड ९ लाख फरक परेको देखिन्छ। आयकर ऐनअनुसार कम्पनीले लाभमा २५ प्रतिशतसम्म आयकर तिर्नुपर्ने र व्यक्तिको हकमा ५ प्रतिशत लाभकर लाग्ने भएकोले कर नियोजन गर्न सम्बद्ध व्यक्तिलाई न्यून रकममा बिक्री गरेको छ। यसबाट पहिलो लिखतमा न्यून थैली कायम गरेको रू.९ करोड ९ लाखमा रजिष्ट्रेसन तथा बागमती सभ्यता शुल्क रू.४५ लाख ४५ हजार र १.५ प्रतिशत अग्रिम कर रू.१३ लाख ६३ हजारसमेत रू.५९ लाख ८ हजार असुल गर्नुपर्दछ।

त्यस्तै संस्थाको मुनाफामा लाग्ने २५ प्रतिशत आयकरमध्ये लाभकरबाट असुल भएको ५ प्रतिशत घटाउँदा हुने २० प्रतिशत बराबरको आयकर रू.१करोड ८१ लाख ८० हजार हुने भएकोले मालपोत कार्यालय तथा आन्तरिक राजस्व कार्यालयबीच समन्वय गरी घटी भएको राजस्व असुल गर्नुपर्दछ।

२७.२ भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरको न्यूनतम मूल्याङ्कन पुस्तिका २०७९।८० ले तोकेको दरमा न्यूनतम मूल्याङ्कनभन्दा घटी नहुने गरी लिखत पारित गर्नुपर्दछ। नगरकोट ३ख मा रहेको ७-२-१-३ रोपनी क्षेत्रफल भएको जग्गा २०७९।५।२२ मा एक व्यक्तिलाई स्थानीय तहको कच्ची मोटर बाटोको सिफारिसअनुसार रू.१ करोड ९९ लाख ३८ हजार थैली कायम गरी निःसर्ग गरेको छ। भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको २०७७।१२।२८ को बाटो लगत कट्टा निर्णयमा उक्त कित्ता कित्ताकाट भई तेलकोट भट्टेडाँडा सडक आयोजनाको नाममा बाटो कायम गरेको देखिएको साथै नापी कार्यालयको नक्सामासमेत सो जग्गा सोही बाटोसँग जोडिएकोले मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार उक्त बाटोमा पर्ने जग्गाको मूल्याङ्कनअनुसार न्यूनतम रू.९ करोड १४ लाख थैली कायम हुनुपर्नेमा रू.७ करोड १४ लाख ६२ हजार न्यून थैली कायम भएकोले रजिष्ट्रेसन तथा बागमती सभ्यता शुल्क रू.३५ लाख ७३ हजार र ७.५ प्रतिशतले हुने रू.५३ लाख ६० हजार पुँजीगत लाभकर समेत रू. ८९ लाख ३३ हजार असुल गर्नुपर्दछ। साथै गलत सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

नापी विभाग

आर्थिक तथा सामाजिक विकासका निम्ति आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम गर्ने प्रमुख उद्देश्यले २०१४ सालमा विभागको स्थापना भएको हो। विभागअन्तर्गत १२९ नापी कार्यालय, ५ विशेष नापी र १ डिजिटल नापी कार्यालय रहेका छन्:

२८. **लाइडर सर्भे** - विभिन्न प्रकारका विकास निर्माण परियोजना, प्रकोप व्यवस्थापन तथा नक्साङ्कन कार्यका लागि आवश्यक पर्ने परिशुद्ध साङ्ख्यीय तथा हवाईचित्र तयार गर्न चितवनदेखि कन्चनपुरसम्म तराई क्षेत्रको करिब २० हजार वर्ग किलोमिटरमा लाइडर प्रविधिको प्रयोग गरी सर्भे गर्न एक परामर्शदातासगँ २०७६।३।२० मा रू.५९ करोड ३५ लाख ३५ हजारको खरिद सम्झौता भएकोमा यस वर्षको रू.१४ करोड ८३ लाख ८३ हजारसमेत रू.५९ करोड ३५ लाख ३५ हजार खर्च भई सर्वेक्षण कार्य सम्पन्न भएको छ। नापी विभागले जग्गा प्रशासन तथा नापजाँचको लागि कायम गरेको नियन्त्रण विन्दुसँग लाइडर सर्वेक्षण नियन्त्रण विन्दुबीच सामाञ्जस्यता कायम गरी सोलाई आगामी दिनमा जग्गा नाँपजाँचमा उपयोग गर्नुपर्दछ। साथै, अन्य निकायबाट हुने विकास निर्माण तथा प्रकोप व्यवस्थापनसम्बन्धी कार्यमा यसको उपयोग गर्न सकिनेमा प्रयोगसम्बन्धी कानुन नबनेको कारण हाल उपयोगमा आएको छैन। कानुन बनाई सोको उपयोग गर्नुपर्दछ।

२९. **सीमा स्तम्भ** - अन्तराष्ट्रिय सीमा र सीमास्तम्भको अभिलेख एवं मर्मत सम्भारका लागि प्रविधिक सहायता उपलब्ध गराउने कार्य विभागको कार्यक्षेत्र रहेको छ। विभागले पेस गरेको विवरणअनुसार नेपाल र भारतको सीमानामा ८ हजार ५५३ सीमा स्तम्भ रहेकोमध्ये हालसम्म ८ हजार ५७ सीमा स्तम्भको स्थलगत निरीक्षण सम्पन्न भएको र ४ जिल्लाको ४३७ सीमा स्तम्भ र अन्य स्थानको समेत ४९६ सीमास्तम्भको निरीक्षण हुन बाँकी रहेको, स्थलगत निरीक्षण गरेकामध्ये हालसम्म १ हजार ७४२ सीमा स्तम्भ मर्मत गरिएको, २ हजार ४४५ सीमा स्तम्भ नयाँ निर्माण भएको छ। अनुगमन भएका मध्ये १०४ सीमास्तम्भ सग्लो रहेको, १ हजार ७१४ मर्मत गर्नुपर्ने, १ हजार ५३३ सीमास्तम्भ फेला नपरेको र ५७८ सीमा स्तम्भ निर्माण नै नभएको अवस्था उल्लेख छ। नेपाल र चीनको सीमानामा १०० सीमा स्तम्भमध्ये २ सीमास्तम्भ भौगोलिक विकटताको कारणले निर्माण हुन नसकेको जनाएको छ। छिमेकी मुलुक तथा नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गरी सीमास्तम्भ निर्माण र मर्मत सम्भार कार्य गर्न आवश्यक प्राविधिक सहायता उपलब्ध गराउनुपर्दछ।

३०. **नापनक्सा** - जग्गा (नापजाँच) ऐन,२०१९ जारी भए पश्चात विभागले कित्ता नक्सा र स्रेस्ता विधिवत रूपमा तयार गर्न सुरु गरेकोमा २०५५ सम्म एकपटक नापी सम्पन्न गरेको देखिन्छ। सो अवधिका ७५ जिल्लामध्ये ३७ जिल्लाको नापी राष्ट्रिय नियन्त्रण विन्दुमा आधारित रहेको र बाँकी ३८ जिल्लाको फ्री सिटमा नापनक्सा गरेको देखिन्छ। गाउँ ब्लकको रूपमा रहेका जग्गाको नापनक्सा कार्य यो वर्षसम्म १६ हजार ६२८.७४ हेक्टर सम्पन्न भई ५०६.९६ हेक्टर बाँकी रहेको छ। फ्री सीटमा नाप नक्सा भएका जिल्लालाई लक्षित गरी २०५२ सालबाट सुरु भएको पुनः नापी कार्य यो वर्षसम्म झापा, सर्लाही, चितवनलगायतका जिल्लामा ४ लाख ४१ हजार १२६ हेक्टर क्षेत्रफलको नापी सम्पन्न भएको छ।

३१. **नियन्त्रण विन्दु सुदृढीकरण** - जग्गाको शुद्ध नापनक्साको आधारभूत नियन्त्रण विन्दुहरूको सञ्जाल तोकी सोमा समयानुकूल सुदृढीकरण गर्दै जानुपर्दछ। विभागले पेस गरेको विवरणअनुसार २०८० असार

मसान्तसम्म देशभर पहिलो स्तरको ६८, दोस्रो स्तरको ६५३, तेस्रो स्तरको ४ हजार ४०४ र चौथोस्तरको १ लाख ५५ हजार ८५५ समेत १ लाख ६० हजार ९८० नियन्त्रण विन्दुको सञ्जाल रहेको छ। यस्तो सञ्जाल सुदृढ गर्ने कार्य अन्तर्गत विशेष नापी तथा नापनक्साका कार्य सञ्चालन भएका ६ प्रदेशका २४ जिल्लामा नियन्त्रण विन्दु स्थापनाको लागि ग्लोबल नेभिगेसन सेटलाइट सिष्टम सर्वेक्षण सम्पन्न भएको, कोशी र बागमती प्रदेशको समुद्री सतहदेखिको उचाइको सञ्जालका ११० बेञ्चमार्कमा भू-आकर्षण सर्वेक्षण सम्पन्न भएको, ४३ किलोमिटरको दुरीमा लेभलिङ्ग कार्यका लागि मोनुमेन्टेशन कार्य सम्पन्न भएको र २ स्थानमा कन्टिनियस अपरेटिङ रिफरेन्स सिष्टम (कोर्स) स्थापना गर्ने कार्य भएको छ। सम्पन्न भएका कार्यको संरक्षण र बाँकी क्षेत्रमा कार्य विस्तार गरी जग्गाको नापनक्सालाई शुद्ध र यथार्थपरक बनाउनुपर्दछ।

सहकारी विभाग

सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्ने र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा उपयोग गरी संस्थागत गर्न २०१० सालमा विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको नियमन, प्रवर्धन तथा प्रशिक्षण सम्बन्धी कार्य रहेका छन्।

३२. **कोपोमिस कार्यान्वयन** - सहकारी नियमावली, २०७५ को नियम ७२(२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रु ५ करोड वा सोभन्दा बढी रकमको बचत दायित्व भए नियमावली प्रारम्भ भएको १ वर्षभित्र र सोभन्दा घटी बचत दायित्व भए ३ वर्षभित्र यस प्रणालीमा आबद्ध भइसक्नुपर्ने उल्लेख छ। विभागले पेस गरेको विवरणअनुसार सङ्घअन्तर्गत १४५ र प्रदेशअन्तर्गत ३१ हजार २२८ समेत ३१ हजार ३७३ सहकारी संस्थामध्ये १० हजार ५४४ ले मात्र समष्टिगत तथ्याङ्क प्रविष्टि गरेका छन्। यस वर्षसम्म कम्तीमा एक पटक लगइन गर्ने सहकारीको सङ्ख्या १८ हजार ३१५ रहेको छ। प्रणालीमा तथ्याङ्क प्रविष्टि गरेका संस्थामध्ये अधिकांशले तथ्याङ्क पूर्ण रूपमा अद्यावधिक गरेका छैनन्। कोपोमिस सञ्चालन र सोसँग सम्बन्धित यो वर्ष रू.८२ लाख ३४ हजारसमेत हालसम्म रू.४ करोड ६३ लाख खर्च भएको देखिन्छ। यो प्रणाली २०७१।७२ बाट प्रयोगमा आएकोमा २०७५।७६ देखि विभागले यसलाई प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा राखेको छ। सहकारीको आबद्धताका लागि प्रत्येक वर्ष तथ्याङ्क प्रविष्टि, तालिम, अनुगमन, प्रणाली स्तरोन्नति, सपोर्ट सर्भिसमा वर्षेनी खर्च हुने गरे तापनि कोपोमिसको सार्थक कार्यान्वयन हुन सकेको देखिएन। सहकारी संस्थाहरूको अनुगमन संयन्त्र सबल बनाई संस्थागत सुशासन कायम गर्न कोपोमिसको कार्यान्वयनका लागि इमेल, सर्भरको व्यवस्था, एकीकृत सूचना प्रणालीमा एपीआईमार्फत सरकारका निकायबीच अन्तर आबद्धता कायम गरी अन्तरनिकाय सञ्जालीकरण र समन्वय कायम गर्नुपर्दछ।

३३. **सहकारी संस्थाको अनुगमन** - सहकारी ऐन, २०७४ को दफा १२५ मा ऐनअनुसार बनेको नियमविपरीत अन्य कार्य गरेको अवस्थामा रू.५ लाखसम्म जरिबाना गर्न सक्ने व्यवस्था छ। विभागले यस वर्ष अनुगमन गरेकोमध्ये परीक्षण गरिएका ७ सहकारी संस्थाको अनुगमन प्रतिवेदनको आधारमा कानुन र नियमको परिपालना नगरेको अवस्थामा सफाइको मौका दिई कानुनमा उल्लिखित जरिबाना गर्नुपर्नेमा नगरेको र सफाइको मौका दिएर सुधार गरेको सुनिश्चित हुने बेहोराको अभिलेख राखेको देखिएन। संस्थाको कार्यकारी नै व्यवस्थापक रहेको, संस्थाले खराब ऋण असुलउपर गर्न नसकेको, प्रचलित

कानुनबमोजिम कोष विभाजन नगरेको, विना धितो ऋण प्रवाह गरेको, कुल पुँजीकोषको सीमा नाघी ऋण दिएको, ऋण नोक्सानी कोषको व्यवस्था नगरेको, एकै प्रकृतिका ऋणमा फरक-फरक ब्याजदर कायम गरी ऋण लगानी गरेको , पर्याप्त तरलता जगेडा नराखेको, गैरसदस्य कारोबार गरेको, व्यक्तिगत बचतको सीमा नतोकेको, आन्तरिक नीति निर्देशिका कार्यविधिहरू तर्जुमा नगरेको, पुराना ऋणहरू हालसम्म पनि चुक्ता नभएको, ऋण लगानीमा अधिकतम १६ प्रतिशतभन्दा बढी ब्याज लिने गरेको, संस्था निरन्तर नोक्सानमा रहेको जस्ता बेहोराहरू उल्लेख छ। सहकारी संस्थाहरूले कानुनको परिपालना गर्ने, समस्याग्रस्त हुन नदिने एवं निरीक्षण र अनुगमनको नतिजालाई प्रभावकारी बनाउन अनुगमनबाट देखाइएको कैफियतहरूको सम्बन्धमा सुधार गरी कानुनमा उल्लेख भएअनुसार कारबाही गर्नुपर्दछ।

३४. **बचत तथा ऋण परीचालन -** सहकारी ऐन,२०७४ को दफा ५० मा सहकारी संस्थाले आफ्ना अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण कारोबारमा लगानी एवं फर्म, कम्पनी वा अन्य कुनै प्रयोजनमा उपभोग गर्न नहुने व्यवस्था छ। सो व्यवस्था विपरीत सहकारी संस्थाहरूले ऋण लगानी गरेको, अचल सम्पत्ति खरिद गरेको, पूर्वाधार निर्माण र फर्म तथा कम्पनीहरूमासमेत लगानी गरेको हुँदा सहकारी संस्थाहरूको लगानी जोखिममा परेको देखिन्छ। ऐन विपरीत लगानी गरे तापनि सोको अनुगमन गरी कारबाही गरेको देखिँदैन। कानुनले तोकेबमोजिम बचत तथा ऋण परिचालन गर्नुपर्दछ।

३५. **सम्पत्ति शुद्धीकरण** - सम्पत्ति शुद्धीकरण निवारणसम्वन्धी सहकारी सङ्घसंस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को दफा ३२ अनुसार निर्देशन व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई स्पष्टीकरण सोधी लिखित रूपमा सचेत गराउने, बचत सङ्कलनको सीमा तोक्ने, कर्जा प्रबाहमा सीमा तोक्नेलगायतका व्यवस्था पालना नभएमा विषयअनुसार प्रत्येक व्यवस्थाको लागि रू.१० लाखदेखि ५ करोडसम्म जरिबाना गर्ने र संस्थाको दर्ता खारेजसम्मको कारबाही गर्नुपर्नेमा संस्थालाई स्पष्टीकरणपत्रको आधारमा छुट दिने गरेको र कर्मचारी तथा पदाधिकारीलाई स्पष्टीकरणसमेत लिएको छैन। यस वर्ष २७ संस्थाको सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धमा गरिएको अनुगमनमध्ये ६ संस्थालाई मात्र स्पष्टीकरण सोधेको देखिन्छ। केही संस्थाको अनुगमन प्रतिवेदन अध्ययन गर्दा आन्तरिक नीति तथा कार्यविधि निर्माण नगरेको, जोखिम क्षेत्रको विश्लेषण गरी अद्यावधिक नगरेको, कार्यान्वयन अधिकारी नतोकेको, सदस्य पहिचानसम्बन्धी फाराम भराउने नगरेको, सदस्य जोखिम मूल्याङ्कन स्तरीकरण तथा अद्यावधिक नगरेको, सीमा तथा शंकास्पद कारोबारको प्रतिवेदन नगरेको, कोपोमिसमा विवरण अद्यावधिक नगरेको जस्ता कैफियतहरू देखिएको छ। विभागले त्यस्ता संस्थालाई निर्देशन दिने बाहेक अन्य कारबाही गरेको छैन। सहकारी संस्था माथिको नियमनकारी भूमिका प्रभावकारी नभएका कारण सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम देखिएकोले प्रचलित कानुनअनुसार कारबाही गर्नुपर्दछ।

संगठित संस्था

गुठी संस्थान (२०७७।७८)

देशभित्र रहेका सबै राजगुठी, छुट गुठी, निजी गुठीलगायतका सबै गुठीहरूको उचित व्यवस्था गर्ने उद्देश्यले गुठी संस्थान ऐन, २०२१ बमोजिम स्थापना भएको हो। सोही ऐनको दफा ९ को अधिनमा रही संस्थानको

सञ्चालक समितिमा नेपाल सरकारले तोकेको अध्यक्ष तथा गृह मन्त्रालयको प्रतिनिधि, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको प्रतिनिधि, भूमिसुधार तथा व्यवस्थापन विभागको महानिर्देशक, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधि, नेपाल सरकारद्वारा मनोनीत ३ समेत ७ सदस्यीय समिति रहेको छ । संस्थानमा ९२ जना कर्मचारी कार्यरत छन्।

३६. **वित्तीय स्थिति** - गत वर्षको मौज्दात बाँकी रू.४ अर्ब ४२ करोड ६७ लाख रहेकोमा यो वर्ष कर्मचारी कल्याण कोष, घरजग्गा सापटी कोष, पेन्सन उपदान कोष र अक्षय कोषमा गरी रू.१३ करोड २८ लाख तथा गुठी मातहतका ९ शाखा र मालपोत कार्यालयलगायतबाट प्राप्त रू.४२ करोड ८८ लाखसमेत कुल आय रू.४ अर्ब ९८ करोड ८३ लाखमध्ये रू.२५ करोड ६८ लाख खर्च भई रू.४ अर्ब ७३ करोड १५ लाख बचत रहेको छ।

३७. **वित्तीय प्रतिवेदनमान** - सरकारी संस्थानले २०७३।७४ बाट नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। संस्थानले उक्त वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गरी पेस गरेको छैन।

३८. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को नियम १७(१) बमोजिम कार्यालयले आफ्नो जिल्लाभित्र वा आफ्नो अधिकार क्षेत्रभित्र संस्थानले जग्गा सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। संस्थानले उपलब्ध गराएको विवरणअनुसार ६८ जिल्लामध्ये पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० विगाह जग्गा गुठीको नाममा रहेको छ। संस्थानले नेपाल सरकार तथा नेपाल सरकारका निकायहरूले प्रयोग गरिआएको जग्गाहरूको स्थान, कित्ता नम्बर तथा क्षेत्रफल तथा आफ्नो स्वामित्वमा रहेको गुठी तैनाथी, गुठी अधिनस्थ, गुठी रैतानी, गुठी नम्बरी र गुठी ऐलानी जग्गाको विस्तृत विवरण साथै मठमन्दिरमा रहेको अमूल्य गरगहना तथा सम्पत्तिको लगत व्यवस्थित रूपमा राखेको छैन।

संस्थानबाट प्राप्त विवरणअनुसार धनुषामा १७ बिघा, महोत्तरीमा ७२ बिघा, बारामा २७ बिघा, काठमाडौँमा १४ रोपनी, ललितपुरमा १२ रोपनी, पर्सामा ७ बिघा, भक्तपुरमा २ रोपनी, जनकपुर क्षेत्र विकास परिषद्अन्तर्गतका राममन्दिर गुठी, लक्ष्मण मन्दिर गुठी, रत्नसागर गुठी, दशरथ मन्दिर गुठी, हनुमान नगर गुठी लगायतका गुठीहरूको विभिन्न १ हजार १८८ कित्ता र दाङको नारायणपुरमा रहेको करिव १५७ रोपनी जग्गा अतिक्रमणमा परेको छ। यसैगरी काठमाडौँ महानगरपालिका २(क) कित्ता नं. ४१ को टेकु जगन्नाथ मन्दिरको तैनाथी गुठी जग्गा, काठमाडौँ महानगरपालिका वडा नं. ७ स्थित भण्डारेश्वर गुठीको कित्ता नं. ९ र १० को क्रमशः ३ रोपनी २ आना ३ पैसा र ५ रोपनी ९ आना २ पैसा १ दाम जग्गा र गुह्येश्वरीस्थित सिन्दुर चन्दन तैनाथी गुठी जग्गा कित्ता नं. ८४ को ४ रोपनी ९ आना २ पैसा २ दाम जग्गा अतिक्रमण भएको, गुठीको जग्गा रैकरमा परिणत भएको, सार्वजनिक बाटोको रूपमा प्रयोग भएको लगायतका कारण गुठीको जग्गा अनाधिकृत उपयोग हुने अवस्था देखिएको छ। संस्थानले व्यवस्थित अभिलेख राखेको नदेखिएकोले लगत अद्यावधिक गरी जग्गा संरक्षण गर्नुपर्दछ।

३९. **मुआब्जा -** गुठी संस्थानले यस वर्षको नीति कार्यक्रम तथा बजेट पुस्तिकामा नेपाल सरकारले गुठीको जग्गा उपयोग गरेबापत नेपाल सरकारबाट प्राप्त गर्नुपर्ने रकम रू.१६ अर्ब ७२ करोड २५ लाख

उल्लेख छ। नेपाल सरकारले गुठी संस्थानलाई बुझाउनुपर्ने रकम सम्बन्धमा समर्थन वा प्रमाण व्यवस्थित गरी उक्त रकमको अभिलेख अद्यावधिक गरी सो रकम प्राप्त गर्नुपर्दछ।

४०. **बक्यौता असुली** - संस्थानले आयआर्जन गर्ने घरजग्गा, तैनाथी जग्गा, पोखरी तथा बगैंचाहरूको एकीकृत अभिलेख तयार गरेको छैन। घर, पसल बहाल, तैनाथी जग्गा, पोखरी , बगैंचा आदिको ठेक्का बापत प्राप्त हुनुपर्ने रकम तथा मालपोत र कुतबालीबापत असुल गर्नुपर्ने बाँकी रकमको यकिन नगरी यो बर्ष रू.४२ करोड ८८ लाख आम्दानी देखाएको छ। गुठी नम्बरी जग्गाको भूमिकर संस्थान आफैंले असुल गर्दै आएकोमा सरकारलाई बुझाउनुपर्ने रकमको विवरण यकिन गरेको छैन।

४१. **लगानी** - संस्थानको अक्षय कोषको रू.३ अर्ब १२ करोड तथा पेन्सन कोषको रू.८० करोड गरी रू.३ अर्ब ९२ करोड लगानीयोग्य रकम भएतापनि संस्थानले हालसम्म लगानी नीति तर्जुमा गरी कोषको रकम लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सकेको छैन। लगानी नीति तर्जुमा गरी कोष परिचालन गर्नुपर्दछ।

साझा स्वास्थ्य सेवा सहकारी लिमिटेड

औषधि क्षेत्रमा सहज, सरल, सुपथ र सुलभ रूपमा सेवा पुऱ्याउने उद्देश्यले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम स्थापित यस संस्थामा राष्ट्रिय सहकारी विकास बोर्डको ५८ प्रतिशत शेयर स्वामित्व रहेको छ। यस संस्थाले सहकारी तथा केही निजी अस्पताल परिसरभित्र २८ बिक्री कक्षबाट जीवनरक्षक, मनोद्वीपक पेथिडाइन, मर्फिन, फेन्टनाइल जस्ता औषधिलगायतका अत्यावश्यकीय स्वास्थ्य सामग्री २४ सै घण्टा सेवा प्रदान गर्दै आइरहेको छ।

४२. **वित्तीय स्थति र सञ्चालन नतिजा** - संस्थाको सेयर पुँजी रू.१५ करोड ९० लाख, जगेडा तथा सञ्चित नोक्सानी रू.७ करोड ७८ लाख र चालु दायित्व तथा व्यवस्था रू.४४ करोड ७० लाख रहेको छ। खुद स्थिर सम्पत्ति रू.७ करोड १५ लाख र चालु सम्पत्ति रू.२९ करोड ९१ लाख रहेको छ। आयकर अघिको सञ्चालन नाफा गत वर्ष रू.१ करोड ६ लाख रहेकोमा यस वर्ष रू.३५ लाख ६७ हजार रहेको छ।

४३. **नेपाल वित्तीय प्रतिवेदनमान** - नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाले २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थालाई नेपाल वित्तीय प्रतिवेदनमान लागु गरेकोमा संस्थाले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गरेको छैन।

४४. **तिर्नुपर्ने हिसाब** - संस्थाको गत वर्ष भुक्तानी दिन बाँकी हिसाब रू.२३ करोड ९४ लाख रहेकोमा यो वर्ष रू.२३ करोड २९ लाख देखिएको छ। कतिपय पार्टीलाई तिर्नुपर्ने रकम विगत वर्षदेखि जिम्मेवारी सार्दै आएकोमा सोसम्बन्धी समर्थनपत्र पेस भएको छैन। तिर्नुपर्ने पार्टीको समर्थनपत्र पेस गर्नुपर्दछ।

४५. **बैङ्क हिसाब** - संस्थाको बैङ्क मौज्दात गत वर्ष रू.२ करोड ७८ लाख रहेकोमा यो वर्ष रू.९१ लाख ८५ हजार रहेको छ। बैङ्क मौज्दातमध्ये ७६ बैङ्क खाताको रू.२० लाख ५४ हजारको बैङ्क समर्थनपत्र संस्थाबाट पेस गरेको छैन। संस्थाले नयाँ सफ्ट्वेयर प्रयोगमा ल्याउँदा समयमा नै डाटा प्रविष्टि नभएको र बैङ्क खाता दोहोरो प्रविष्टि भएको, बैङ्क हिसाब भिडान नभएको तथा कारोबार नभएको बैङ्क खाता बन्द

नगरेकोले बैङ्क हिसाव यथार्थपरक देखिएन। फरक देखिएको हिसाब अद्यावधिक गरी बैङ्क हिसाब मिलान गर्नुपर्दछ।

४६. **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रू.२५ लाखसम्मको औषधि सोझै खरिद गर्न सकिने, नियम ८४(१क) बमोजिम रू.५० लाखसम्मको सिलबन्दी दरभाउपत्रबाट र रू.५० लाखभन्दा बढीको खरिद बोलपत्रबाट गर्नुपर्ने उल्लेख छ। संस्थाले गत वर्ष रू.४० करोड २४ लाख र यो वर्ष रू.४१ करोड ८१ लाखको औषधि सोझै खरिद गरेको छ। सार्वजनिक खरिद कानुन पालना गरी प्रतिस्पर्धात्मक र मितव्ययी तरिकाले औषधि खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४७. **शाखा हिसाब -** संस्थाले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरेर वित्तीय विवरण तयार गर्नुपर्दछ। यो वर्षको अन्त्यमा अन्तर शाखा लिनुपर्ने रू.३ अर्ब ३१ करोड ५७ लाख र दिनुपर्ने रू.३ अर्ब ३६ करोड ४३ लाख रहेको छ। सोबमोजिम खुद अन्तर शाखा हिसाब रू.४ करोड ८६ लाख फरक देखिएको छ।

साझा यातायात (सहकारी संस्था लिमिटेड)

सस्तो, सुलभ र भरपर्दो सार्वजनिक यातायात सेवा प्रदान गर्ने उद्देश्यले सहकारी संस्था ऐन, २०१६ अन्तर्गत् २०१८।१२।३ मा स्थापना भएको यस यातायात सेवाले २०१९।४।१ देखि यातायात सेवा उपलब्ध गराउँदै आएको छ। साझा यातायातमा नेपाल सरकारका मन्त्रालय तथा विभागहरूको ९२.१८ प्रतिशत, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका र महालक्ष्मी नगरपालिका लगायतका स्थानीय तहको ७.७ प्रतिशत एवं विभिन्न संघ संस्थाहरूको ०.०३ प्रतिशत र सर्वसाधारण जनताको ०.०९ प्रतिशतसमेत कुल रू.३ अर्ब ५३ करोड ८३ लाख शेयर लगानी रहेको छ।

४८. **सञ्चालन नतिजा** - संस्थाको यस वर्षको कुल आम्दानी रू.६० करोड ९९ लाख ३५ हजार रहेकोमा कुल खर्च रू.४२ करोड ८० लाख ८८ हजार रहेको छ। समग्रमा संस्था रू.१८ करोड १८ लाख ४७ हजार नाफामा भए तापनि सञ्चालनतर्फ रू.१४ करोड ५२ लाख ९३ हजार नोक्सानीमा छ। बस सञ्चालनतर्फ खुद आम्दानी रू.२१ करोड ८२ लाख २९ हजार र खर्च रू.३० करोड ८७ लाख ५० हजार भई रू.९ करोड ५ लाख २१ हजार नोक्सानी भएको छ। संस्थाको बहाल, विज्ञापन तथा लगानी शीर्षकमा रू.३९ करोड १७ लाख ५ हजार आम्दानी रहेको छ। अतः संस्थाले बस सञ्चालन खर्चमा मितव्ययिता कायम गरी आम्दानी वृद्धि गर्नुपर्दछ।

४९. **वित्तीय स्थिति** - संस्थाको शेयर पुँजी रू.३ अर्ब ५३ करोड ८३ लाख, कोषहरू रू.५७ करोड २३ लाख, स्थगित आय रू.१३ करोड २८ लाख, स्थगन कर दायित्व रू.३ करोड ९४ लाख, विविध साहु रू.१ करोड ६९ लाख, अग्रिम भुक्तानी रू.५ लाख र अन्य दायित्व तथा व्यवस्था रू.६ करोड ७७ लाखसमेत रू.४ अर्ब ३६ करोड ७९ लाख पुँजी तथा दायित्व रहेकोमा स्थिर सम्पत्ति रू.७६ करोड ३५ लाख, लगानी रू.३ अर्ब ३० करोड ३३ लाख, आसामी तथा पेस्की रू.२ करोड ५१ लाख, नगद तथा बैङ्क मौज्दात रू.१४ करोड ७३ लाख र अन्य सम्पत्ति रू.१२ करोड ८७ लाख रहेको छ ।

५०. **बस खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२१ तथा संस्था र आपूर्तकबीच ४० थान विद्युतीय बस खरिद गर्न चीनको एक कम्पनीसँग २०७८।६।२२ मा भएको रू.५० करोड ३ लाख

८३ हजारको सम्झौतामा तोकिएको म्यादमा कार्यसम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। सम्झौताअनुसार प्रतीतपत्र खोलेको मिति २०७८।८।२० बाट ३ बस १२० दिनभित्र र ३७ बस २४० दिनभित्र आपूर्ति गर्नुपर्नेमा आपूर्तकले क्रमश २०७९।३।६ र २०७९।७।२९ मा आयात गर्दा क्रमश ४५ र १०४ दिन ढिला गरी आपूर्ति गरेकोले पूर्वनिर्धारित क्षतिपूर्ति रू.२ करोड ४९ लाख ४५ हजार असुल हुनुपर्दछ।

५१. **पुँजी परिचालन** - संस्थाको शेयर पुँजी रू. ३ अर्ब ५३ करोड ८३ लाख रहेकोमा मुद्दती निक्षेप रू.३ अर्ब ३० करोड २७ लाख रहेको छ। व्यावसायिक उद्देश्यअनुसारका योजना तथा कार्यक्रम र थप लगानीका क्षेत्र पहिचान गरी संस्थाको आर्थिक स्रोतलाई आयमूलक क्षेत्रमा परिचालन गर्नुपर्दछ।

५२. **चार्जिङ्ग स्टेसन** - संस्थाले ४० विद्युतीय बस खरिद गरे तापनि चार्जिङ्ग स्टेसनको अभावमा उपत्यका बाहिर प्रभावकारी रूपले सेवा विस्तार गर्न सकेको छैन। हाल उपत्यका बाहिर काठमाडौं-पोखरा-कुस्मा-बाग्लुङ रुटमा मात्र बस सेवा सञ्चालनमा छ। अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यकताअनुसार चार्जिङ्ग स्टेसनको निर्माण गरी उपत्यका बाहिर पनि विद्युतीय बस सेवा विस्तार गर्नुपर्दछ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गा लिजमा परिणत नगरेको, सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा आवश्यक प्रमाण पेस नगरेको, न्यूनतम मूल्याङ्कन घटाई घर जग्गाको कारोबार गरेको, घरबाटो सिफारिस गर्दा त्रुटिपूर्ण सिफारिस हुने गरेको, सम्बद्ध व्यक्ति बीच कारोबार गरी कर दायित्व घटाउने गरेको, समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारख नभएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका समेत २०३ कार्यालयमा रू.६८ करोड १७ लाख ९४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २६ कार्यालयले रू.७ करोड ५८ लाख ५७ हजार फछ्यौंट गरेकोले रू.६० करोड ५९ लाख ३७ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ करोड १५ लाख ८७ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल, यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जल मार्गलगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमन लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा ४ सङ्गठित संस्थासमेत १४८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका १४४ सरकारी कार्यालयको निम्नानुसार रू.१ खर्ब ३२ अर्ब १४ करोड १५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
९६८४९१	१३४८०	१६७०६६	१७२३७८	१३२१४१५

उल्लिखित लेखापरीक्षण रकममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.७ करोड समावेश छ। यस मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रिपरिष्दको कार्यालय, रक्षा र गृह मन्त्रालयबाट खर्च भएको रू.१५ अर्ब ६७ करोड ४१ लाख समावेश छैन। यो वर्ष १ कार्यालयको बक्यौता लेखापरीक्षण गरिएको रू.५ करोड ६५ लाख समावेश छ।

२. **अन्य संस्था -** यो वर्ष ४ संस्थाको रू.१२ अर्ब १७ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। नेपाल रेल्वे कम्पनीको २०७८।७९ र २०७९।८० को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) को कार्यान्वयन अवस्था विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **दिगो विकास लक्ष्य -** मन्त्रालय र मातहत निकायबाट सम्पादन हुने दिगो विकास लक्ष्यहरूमध्ये सन् २०२२ सम्म बाह्रै महिना सञ्चालनयोग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्या सडक घनत्व १.३५ प्रति वर्ग किलोमिटर बनाउने लक्ष्य तोकिएकोमा ०.२३२ प्रति वर्ग किलोमिटर र यातायातका प्रकार अनुसार यात्रु र मालसामान ओसारपसार गर्ने पक्की/कालोपत्रे सडकको घनत्व ०.१२ प्रति वर्ग किलोमिटर बनाउने लक्ष्य तोकिएकोमा ०.११२ प्रति वर्ग किलोमिटर रहेको देखिन्छ। दिगो विकास लक्ष्य प्राप्त हुने गरी बजेट विनियोजन तथा कार्यक्रम तयार गरी लक्ष्य प्राप्त गर्नुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक सामाजिक विकास, व्यापार सहजीकरणमार्फत आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार, सडक पूर्वाधारहरूको उचित संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार सडक तथा रेल मार्गका प्रमुख सूचकहरूमा यो वर्षको प्रगति स्थिति देहायबमोजिम छः

क.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को		२०७९।८० को प्रगति प्रतिशत
				लक्ष्य	उपलब्धि	
१	राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालो पत्रे)	किलोमिटर	५९९४	११०९४	७६६५	६९.०९
२	राष्ट्रिय राजमार्ग (दुई लेन माथि द्रुतमार्ग समेत)	किलोमिटर	९६	७४५	२३०	३०.८७
३	रेलमार्ग (स्तरोन्नति/नयाँ ट्रयाक)	किलोमिटर	४२	२६०	१२१	४६.५४
४	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण) (वार्षिक)	किलोमिटर	२६०	४००	७०	१७.५०
५	राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण (वार्षिक)	किलोमिटर	१८२	२५०	२४९	९९.६०
६	राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार (वार्षिक)	किलोमिटर	३२०	७६१	५३८	७०.७०
७	सडक पुल निर्माण (वार्षिक)	वटा	३००	३००	२२२	७४.००

उल्लिखित तालिकाअनुसार यो वर्ष राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक) निर्माण, राष्ट्रिय राजमार्ग (दुई लेन माथि द्रुतमार्ग समेत) र रेलमार्ग (स्तरोन्नति/नयाँ ट्रयाक) तर्फ ५० प्रतिशतभन्दा न्यून प्रगति देखिएको छ। मध्यावधि खर्च मूल्याङ्कनबमोजिम बजेट विनियोजन गरी नयाँ सडक निर्माण तथा ट्रयाक निर्माण कार्यक्रममा लक्ष्यअनुरूप कार्यान्वयन नहुँदा यो वर्ष १७.५ प्रतिशत मात्र खर्च भएको छ। मन्त्रालयले वित्तीय एवं भौतिक लक्ष्य पूरा गरी नतिजा हासिल गर्नुपर्दछ।

६. **नीति तथा कानुन तर्जुमा** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ मा मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत राष्ट्रिय यातायात विकास र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन, राष्ट्रिय यातायात पूर्वाधार सञ्जाल र अन्तरप्रादेशिक विकासको अन्तरसम्बन्ध, वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्धनसहित २१ कार्य उल्लेख भएकोमा सङ्घीय संरचनाअनुसारको नीति, कानुन, मापदण्ड अद्यावधिक, राष्ट्रिय राजमार्गहरूको सिमा निर्धारण र तथ्याङ्क अभिलेखीकरण, राष्ट्रिय महत्त्वका आयोजनाहरूको पहिचान र विकास, जल मार्ग, रेल, मेट्रो रेलसम्बन्धी नीति कानुन र मापदण्ड तयारीलगायतका कार्यहरू यो वर्षसम्म पनि भएको छैन। मन्त्रालयले कार्य विभाजन नियमावलीमा उल्लेख भएअनुसारका कार्यहरू गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गर्नुपर्दछ।

मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रमहरूअनुसार प्रगति हासिल गर्नुपर्दछ। मन्त्रालयको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका प्रमुख सूचकहरूमध्ये नेपालका नदी प्रणालीहरूमा आन्तरिक जल यातायातको सम्भाव्यता पहिचान तथा विकास, राष्ट्रिय यातायात नीति तयार, विद्युतीय सवारीचालक अनुमतिपत्र प्रणालीमा विद्युतीय भुक्तानीको व्यवस्था, मधेश प्रदेश, गण्डकी प्रदेशको पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा सवारी परीक्षण कार्यालय स्थापना गर्ने उल्लेख भएकोमा ती कार्यहरू सम्पन्न भएका छैनन्। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू लक्ष्यअनुरूप कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन** - मन्त्रालयले बजेट वक्तव्य, २०७९।८० मा उल्लेख भएका बेहोरा कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका बेहोरा देहायबमोजिम छन्:

७.१ मध्य पहाडी राजमार्गबाट जुम्ला-रारा-छायाँनाथ-लिमी खण्डमा नयाँ प्रविधिमा आधारित पर्यटकीय मार्ग निर्माण गर्न निजी क्षेत्रलाई आह्वान गरिने, उक्त आयोजनाको सम्भाव्यताको विश्लेषण गरी आवश्यक भएमा पूर्वाधार निर्माणको लागि सरकारले सम्भाव्यता न्यून परिपूर्ति (भीजीएफ रकम) उपलब्ध गराउने उल्लेख भएकोमा त्यस्तो अध्ययन भएको छैन। वीरगन्ज-काठमाडौं रेलमार्ग र काठमाडौं मेट्रोरेलको विस्तृत

अध्ययन प्रतिवेदन तयार गरिने तथा विराटनगर-धरान-पथलैया-वीरगन्ज, भैरहवा-बुटवल र पोखरा उपत्यकामा ट्राम यातायातको सम्भाव्यता अध्ययन गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन। जल यातायात सेवालाई प्रवर्धन गर्न कोशीको चतरा, नारायणीको नारायणघाट र कर्णालीको चिसापानीमा फेरी टर्मिनल निर्माण कार्य प्रारम्भ गरिने साथै उल्लिखित सम्भाव्य स्थानहरूमा सार्वजनिक निजी साझेदारीमा टर्मिनल निर्माण गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको छैन।

७.२ सवारीचालक अनुमतिपत्र परीक्षा प्रणालीमा सुधार गरी आवेदन दिएको एक महिनाभित्र परीक्षा सञ्चालन गरी प्रदेश यातायात कार्यालयमार्फत सवारीचालक अनुमतिपत्र उपलब्ध गराउने व्यवस्था मिलाउने उल्लेख भएकोमा सवारीचालक अनुमतिपत्र रजिष्ट्रेसन प्रणालीको क्षमता विस्तार हुन नसकेको, प्रदेश कार्यालयहरूले परीक्षा उत्तीर्ण भएका सेवाग्राहीलाई एक वर्षसम्मको लागि अस्थायी लाइसेन्स प्रदान गरे तापनि सो अवधि समाप्त हुँदासम्म स्थायी लाइसेन्स उपलब्ध गराउन सकेको छैन।

७.३ सडक पूर्वाधारको नक्साङ्कन गरी उपयोगिता, भौगोलिक विकटता, प्रादेशिक सन्तुलनसमेतको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सडक निर्माणको कार्यक्षेत्र स्पष्ट गर्ने उल्लेख भएकोमा कार्यक्रम तथा मापदण्ड तयार नगरी सडक योजनाहरूमा बजेट विनियोजन हुने गरेको छ।

बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

८. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा रहने गरी २१ राजमार्ग तथा २०९ सहायक मार्ग कायम भएको छ। सङ्घीयता कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

८.१ राष्ट्रिय योजना आयोगको २०७८।११।१ को पत्रबाट मन्त्रालयलाई २०७९।८० को लागि रू.१ खर्ब ६७ अर्ब ३० करोड ३७ लाखको बजेट सीमा उपलब्ध गराएकोमा सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका कार्यक्रम स्वीकृत गरी रू.२३ अर्ब ५ करोड ५४ लाख मात्र खर्च भएको छ। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

८.२ यो वर्ष मन्त्रालयले तराई मधेश विशेष पूर्वाधार कार्यक्रमअन्तर्गत रू.१ अर्ब २५ करोड र सडक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत रू.२५ करोडसमेत रू.१ अर्ब ५० करोड लागत रहेका योजनाहरू कार्यान्वयन गर्न सङ्घीय सरकारको वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गत रू.५३ करोड १९ लाख ४३ हजार विनियोजन गरेको छ। उल्लिखित कार्यक्रमअन्तर्गत सडक डिभिजन, दमक, तनहुँ, चितवन र ललितपुरले ७० योजनामा रू.९० करोड ९६ लाख २१ हजारको सम्झौता गरी रू.५२ करोड १७ लाख ९२ हजार भुक्तानी गरेकोमा ती कार्यक्रम प्रदेश सरकार मातहत रहेको जनाई नेपाल सरकार मन्त्रिपरिषद्को २०८०।३।१९ को निर्णयअनुसार सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गरेकोले ती योजनाअन्तर्गतका सडक निर्माण कार्य अधुरा रहेका छन्।

९. **त्रैमासिक पुँजीगत खर्च** - मन्त्रालय तथा मातहतका निकायहरूले यस वर्ष रू.१ खर्ब ३ अर्ब ३ करोड ७५ लाख पुँजीगत खर्च गरेका छन्। कुल पुँजीगत खर्चमध्ये प्रथम त्रैमासिकमा रू.७ अर्ब ८५ करोड ४१ लाख (७.६२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१५ अर्ब १६ करोड २९ लाख (१४.७२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.२७ अर्ब १९ करोड ८१ लाख (२६.४० प्रतिशत), चौथो त्रैमासिकमा रू.५१ अर्ब ८१ करोड ९४ लाख (५१.२६ प्रतिशत) र असार महिनामा मात्र रू.३२ अर्ब ९ करोड ९९ लाख (३१.१५ प्रतिशत) खर्च भएको छ। समानुपातिक रूपमा त्रैमासिक बजेट तथा कार्यक्रम तय गरी सोहीअनुसार कार्यान्वयन गर्नुपर्दछ।

१०. **बजेट तथा खर्च स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा बजेट तथा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनोट, प्राविधिक तथा जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार र बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूको विगत ५ वर्षको पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७५।७६	११९३९४३	९१४८४९	७६.६२
२०७६।७७	१३९१४०१	७४५८९७	५३.६१
२०७७।७८	१३७८९८७	९३५२६५	६७.८२
२०७८।७९	१४६८०२२	८५२४८२	५८.०७
२०७९।८०	१५९०२३३	१०३०३४६	६४.७९
जम्मा	**७०२२५८६**	**४४७८८३९**	**६३.७८**

मन्त्रालयको विगत ५ वर्षको पुँजीगत खर्च औसतमा ६३.७८ प्रतिशत मात्र रहेको छ। निर्माण कार्यको खरिद प्रक्रिया दोस्रो त्रैमासिकमा सुरु गरी चौथो त्रैमासिकमा ठेक्का सम्झौता गर्नाले खरिद र निर्माणका विधि, प्रक्रियाहरू पूरा नहुने, अनुगमनमा कमी भई गुणस्तरीय कार्य सम्पादन गर्न कठिनाइ हुने, वास्तविक खर्च नभई पेस्की प्रवाह मात्र हुने र लक्ष्यबमोजिम निर्माण कार्य गर्न नसक्नाले पुँजीगत खर्चमा कमी आएको छ। उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुने गरी खर्च दक्षता बढाउनुपर्दछ।

११. **वैदेशिक सहायता** - यो वर्ष वैदेशिक अनुदानको अंश शून्य रहेको तथा वैदेशिक ऋणतर्फ रू.१ खर्ब २ अर्ब १६ करोड ९२ लाख प्राप्त हुने अनुमान रहेकोमा रू.५२ अर्ब ६२ करोड ७६ लाख ७१ हजार प्राप्त भएको छ। जसअनुसार अनुमानको तुलनामा ५१.५१ प्रतिशत मात्र वैदेशिक सहायता प्राप्त भएको छ।

११.१ यो वर्ष वैदेशिक स्रोततर्फ नगद ऋणमा रू.५९ अर्ब ३८ करोड २४ लाख, शोधभर्ना हुने ऋणमा रू.१७ अर्ब ७ करोड ९० लाख र सोझै भुक्तानी हुने ऋणमा रू.२५ अर्ब ७० करोड ७८ लाख गरी जम्मा रू.१ खर्ब २ अर्ब १६ करोड ९२ लाख प्राप्त हुने अनुमान रहेकोमा नगद ऋणमा रू.३८ अर्ब ४६ करोड ८ लाख, शोधभर्ना हुने ऋणमा रू.६ अर्ब ६७ करोड १३ लाख र सोझै भुक्तानी हुने ऋणमा रू.७ अर्ब ४९ करोड ५६ लाखसमेत रू. ५२ अर्ब ६२ करोड ७७ लाख प्राप्त भएको छ।

११.२ राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमको लागि यो वर्ष सोझै भुक्तानी ऋणतर्फ भारत सरकारबाट रू.१० करोड, चीन सरकारबाट रू.१ अर्ब र आईडिएबाट रू.१ अर्ब ४८ करोड ३३ लाख प्राप्त हुने अनुमान रहेकोमा उक्त रकम प्राप्त भएको छैन।

११.३ यो वर्ष शोधभर्ना हुने ऋणमा आईडीएतर्फ रू.८ अर्ब ९३ करोड २५ लाख, एडीबीतर्फ रू.५ अर्ब ८५ करोड ४८ लाख र जापान सरकारबाट रू.२ अर्ब २९ करोड १७ लाख प्राप्त हुने अनुमान रहेकोमा क्रमशः रू. ३ अर्ब ५० करोड ४३ लाख, रू.२ अर्ब ७ करोड ८३ लाख र रू.१ अर्ब ८ करोड ७६ लाखमात्र प्राप्त भई अनुमानको तुलनामा क्रमशः ३९.२३, ३५.५० र ४७.४६ प्रतिशतमात्र प्राप्त भएको छ।

११.४ यो वर्ष सोझै भुक्तानी हुने ऋणमा एडीबीतर्फ रू.१६ अर्ब २१ करोड ६२ लाख र जापान सरकारबाट रू.३ अर्ब ८३ लाख प्राप्त हुने अनुमान गरेकोमा क्रमशः रू.३ अर्ब ५६ करोड ३१ लाख र रू.१ अर्ब ७ करोड ६६ लाख मात्र प्राप्त भई अनुमानको तुलनामा क्रमशः २१.९७ र ३५.७८ प्रतिशत मात्र प्राप्त भएको छ।

मन्त्रालयको लागि यो वर्ष कुल विनियोजनमध्ये वैदेशिक ऋणको अनुपात ६०.५० प्रतिशत तथा कुल खर्चको तुलनामा ४६.८८ प्रतिशतमात्र देखिएकोले मन्त्रालयले वैदेशिक ऋणतर्फको बजेट अनुपातिक रूपमा समेत उपयोग गर्न सकेको देखिएन। अतः खर्च क्षमता बढाई वैदेशिक सहायताको अधिकतम परिचालन गर्नुपर्दछ।

१२. **रकमान्तर एवं स्रोतान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रणसम्बन्धी व्यवस्था छ। मन्त्रालय तथा मातहतका निकायको लागि यो वर्ष रू.१ खर्ब ६१ अर्ब ५६ करोड ७४ लाख सुरु विनियोजन भएकोमा रू.५४ अर्ब ६५ करोड २३ लाख (३३.८३ प्रतिशत) थप र रू.४७ अर्ब ३४ करोड २९ लाख (२९.३० प्रतिशत) घट भई रू.१ खर्ब ६८ अर्ब ८७ करोड ६८ लाख बजेट कायम भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नमिल्ने उल्लेख भएकोमा मन्त्रालयले सुरु बजेट विनियोजन नभएका ३ शीर्षकमा रू.१ करोड ५ लाख ४३ हजार रकमान्तरबाट थप गरेको छ।

१२.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा विनियोजन ऐनले फ्रिज नहुने भनी उल्लेख गरे बाहेकका शीर्षकहरूमा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खाता बन्द गर्नुपर्ने उल्लेख छ। खाता बन्द हुने समयपश्चात् अर्थ मन्त्रालयबाट पटक पटक गरी रू.१ अर्ब १७ करोड १६ लाख ३४ हजार रकमान्तर भएको छ।

मन्त्रालयले बजेट तथा कार्यक्रम तयार गर्दा कार्यान्वयन हुने योजनामा मात्र बजेट विनियोजन गरी कानुनी व्यवस्था प्रतिकूल रकमान्तर गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३. **राष्ट्रिय गौरवका आयोजना** - सरकारले २१ आयोजनालाई पहिलो प्राथमिकतामा राखेर राष्ट्रिय गौरवको आयोजना घोषणा गरी निर्माण कार्य अघि बढाएको छ। यस्ता आयोजनाहरूमध्ये यो मन्त्रालयसँग सम्बन्धित ६ आयोजनाको समग्र प्रगति अवस्था निम्नानुसार छः

(रू.करोडमा)

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरु वर्ष	लागत अनुमान		यो वर्षको खर्च	हालसम्म को खर्च	सम्पन्न हुने		हालसम्मको भौतिक प्रगति
			सुरुको	हालको			सुरु	संशोधित	
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	३३३६	८४३३	५९२	६४७६	२०७४।७५	२०८४।८५	७२.७०
२	हुलाकी राजमार्ग	२०६६।६७	४७२४	६५२०	६८२	५९६५	२०८०।८१	२०८३।८४	९१.००
३	कालीगण्डकी करिडोर (गैंडा कोट-कोरला सडक खण्ड)	२०६६।६७	३२००	३५७९	३३७	१३५७	२०७९।८०	२०८३।८४	३८.००
४	कोशी करिडोर (खाँदबारी देखि किमाथांका)	२०६५।६६	१६२०	११९३	६८	५०६	२०७९।८०	२०८४।८५	४२.००
५	कर्णाली करिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)	२०६९।७०	४१०	६६६	३०	१३६	२०७९।८०	२०८४।८५	२४.००
६	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६६।६७	९५५००	१२८०००	२६०	३०४४	उल्लेख नगरिएको	उल्लेख नगरिएको	नखुलेको

राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा प्रभावकारिता एवं तीव्रता ल्याउन विकास नीतिसहित परिणाममुखी आयोजना निर्माणको लागि एकीकृत कार्यविधि तर्जुमा गर्न बाँकी रहेको छ। नीतिगत तथा कानुनी प्रबन्धको कमी, आयोजनाको पूर्व तयारी, व्यवस्थापकीय दक्षताको अभाव, स्रोतको यथोचित व्यवस्थापन एवं परिचालन र अन्तरनिकाय समन्वय र सरोकारवालासँगको सहकार्यमा ध्यान नदिँदा राष्ट्रिय गौरवका आयोजनाको प्रगति सन्तोषजनक छैन।

आयोजनालाई आवश्यकताअनुसार बजेट विनियोजन गरी कार्ययोजनाअनुसार काम गर्ने, आयोजना प्रमुख तथा कर्मचारीहरूलाई विशेष जिम्मेवार बनाउने, थप प्रोत्साहनको व्यवस्था गर्ने, आयोजनामा सुशासन कायम गर्ने, सरोकारवाला निकायबीच समन्वय र सहकार्यबाट नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरी आयोजनाको लागत र समय वृद्धि हुन नदिने गरी राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१४. **रूपान्तरणकारी योजना** - योजनाको दीर्घकालीन सोच एवं पन्ध्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई नेपाल सरकारले रूपान्तरणकारी योजनाको रूपमा लिएको देखिन्छ। मन्त्रालयअन्तर्गत रहेका रूपान्तरणकारी योजनाको प्रगति स्थिति निम्नानुसार रहेको छः

१४.१ धादिङ्गको गल्छीदेखि रसुवाको रसुवागढीसम्मको ६५ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने, ३२ पुल निर्माण गर्ने र ४ स्थानको पहिरो नियन्त्रण गर्ने कार्य २०७२।७३ मा सुरु भएको गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाको कुल लम्बाइ ८२ किलोमिटर रहेको छ। मुआब्जा तथा क्षतिपूर्ति रू.६ अर्बसमेत रू.१५ अर्ब ५० करोड लागत अनुमान भएको यो योजना २०८१।८२ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस वर्षसम्म ३६ किलोमिटरमा कालोपत्रे (अस्फाल्ट कंक्रिट) र १४ पुल निर्माण सम्पन्न भएकोमा एक फ्लाई ओभरको सम्भाव्यता अध्ययन र ३ पहिरो नियन्त्रण कार्य भइरहेको छ। निर्माण कार्य सुरु भएको १० वर्षमा रू.८ अर्ब ६२ करोड खर्च भई ५५.९८ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.२ दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) सडक सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्व-पश्चिम राजमार्गको नारायणघाटदेखि बुटवलसम्म ११३ किलोमिटर सडक विस्तार, ४६२ कल्भर्ट, ४३ साना पुल र २१ प्रमुख पुल निर्माण २०७९।८० भित्र सम्पन्न गर्ने गरी २०७५।७६ मा आयोजना सुरु भएको छ। आयोजनाको सुरु लागत अनुमान रू.१६ अर्ब ९९ करोड रहेकोमा संशोधित लागत अनुमान रू.१७ अर्ब २ करोड कायम भएको र त्रुटि सच्चाउने अवधिसमेत २०८४।८५ मा कार्यसम्पन्न गर्ने लक्ष्य रहेको छ। यो वर्षसम्म २७ किलोमिटरमा दुई लेन कालोपत्रे, १३० कल्भर्ट र १२ साना पुल निर्माण सम्पन्न भएको तथा ६१ कल्भर्ट, ५ साना पुल र १८ प्रमुख पुल निर्माण कार्य भई रहेको छ। सम्झौता अवधि १० वर्षमध्ये ५ वर्ष समाप्त हुँदासम्म रू.६ अर्ब ९५ करोड खर्च भई ३७.१७ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.३ सासेक राजमार्ग सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गको सप्तरीको कञ्चनपुरदेखि सिरहाको कमला नदीसम्म रू.१५ अर्ब ६६ करोड लागतमा ८६.८३ किलोमिटर कालोपत्रे सडक, २२९ कल्भर्ट र ५४ प्रमुख पुल निर्माण २०८०।८१ भित्र सम्पन्न गर्ने गरी २०७७।७८ मा आयोजना सुरु भएको छ। यो वर्षसम्म २६.५ किलोमिटरमा सब-बेस, ६.५ किलोमिटरमा बेस र ८७ कल्भर्ट निर्माण सम्पन्न भएको तथा ४२ पुल निर्माण कार्य भइरहेको छ। सम्झौता अवधि ४ वर्षमध्ये ३ वर्ष समाप्त हुँदासम्म रू.५ अर्ब ३० करोड खर्च भई ३०.७८ प्रतिशत मात्र भौतिक प्रगति भएको छ।

१५. **पहिलो प्राथमिकता प्राप्त आयोजना** - मन्त्रालय मातहतका पहिलो प्राथमिकता प्राप्त ५१ आयोजनामध्ये १० आयोजनामा ५० प्रतिशतभन्दा कम, १४ आयोजनामा ८० प्रतिशतभन्दा कम र २७ आयोजनामा ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति रहेको छ। विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने, अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकोले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयहरूको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

१६. **बजेट व्यवस्था र दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट यो वर्ष १५ योजनामा रू.१७ अर्ब ४ करोड २७ लाख ९० हजारको थप स्रोत सुनिश्चितता प्राप्त भएको छ। सडक विभाग तथा मातहतका निकायहरूमा अदालत तथा मध्यस्थताबाट निर्णय भएको दायित्व रू.१७ करोड ७२ लाख, ठेक्का व्यवस्थापनबाट सिर्जित दायित्व रू.३ खर्ब ३ अर्ब रहेको र २०८० असार मसान्तसम्मको भुक्तानी बाँकी रू.३ अर्ब ७२ करोडमध्ये रू.१ अर्ब ७१ करोडको स्रोत व्यवस्थापन भए तापनि यो वर्षसम्म पनि भुक्तानी भएको छैन। विगत वर्षमा खरिद व्यवस्थापनबाट सिर्जित दायित्वअनुसार बजेट विनियोजन नभएको अवस्थामा थप स्रोत सुनिश्चितताबाट दायित्व रकम बढ्दै गई बजेट अभावमा योजना कार्यान्वयनमा असर परेको छ। मन्त्रालयले सिर्जित दायित्व भुक्तानीका लागि बजेट छुट्याएपछि मात्र अन्य कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्छ।

१७. **माथिल्लो निकायबाट खरिद** - सार्वजनिक लेखा समितिले केन्द्रीय निकायबाटै कार्यान्वयन गर्ने आयोजना बाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्ने र मन्त्रालय एवं

निर्देशनालयहरूले अनुगमन तथा मूल्याङ्कन कार्यमा केन्द्रित हुन निर्देशन दिएको छ। यो वर्ष पुष्पलाल (मध्य पहाडी) आयोजना निर्देशनालयले रू.७ अर्ब ४५ करोड ८६ लाख, मदन भण्डारी आयोजना निर्देशनालयले रू.९ अर्ब १४ करोड ७४ लाख, हुलाकी राजमार्ग आयोजना निर्देशनालयले रू.८ अर्ब १९ करोड ७ लाखका २४ योजना र सडक विभाग पुल महाशाखाले रू.१० अर्ब ७१ करोड ८९ लाखका २५ खरिद सम्झौता गरी कार्यान्वयनका लागि मातहत कार्यालयमा पठाएको छ। मातहत कार्यालयहरूको कामको अनुगमन गर्ने, नियमन गर्ने, निर्देशन दिने मन्त्रालय तथा निर्देशनालयहरूले यस प्रकृतिको कार्य गर्नु उपयुक्त नदेखिएको बेहोरा विगतका वार्षिक प्रतिवेदनमा औंल्याइएकोमा यसमा सुधार भएको छैन। तालुक निकायबाट खरिद सम्झौता गरी मोबिलाइसेन पेस्कीसमेत दिई कार्यान्वयन गर्ने एकाइमा पठाउने गरेकोमा आवश्यक कागजातहरू समयमा कार्यालयमा नपुग्ने, पेस्की अभिलेख दोहोरो हुनेजस्ता समस्या देखिएका छन्। तसर्थ केन्द्रबाट खरिद व्यवस्थापन हुने गरी बजेट विनियोजन गर्ने प्रणालीमा सुधार हुनुपर्दछ।

१८. **काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङमार्ग -** मन्त्रिपरिषद्को २०६८।१२।२७ को निर्णयअनुसार मन्त्रालयले सार्वजनिक निजी साझेदारी मोडलमा सुरुङमार्ग निर्माण तथा सञ्चालन गर्न पूर्वाधार विकास कम्पनी लिमिटेडसँग ऋण रू.२८ अर्ब (८० प्रतिशत), कम्पनीको संस्थापक शेयर रू.४.२ अर्ब र स्थानीय जनताको शेयर रू.२.८ अर्ब समेत रू.३४.८८ अर्बको लागत प्रस्तावसहित २०७०।१।३१ मा सम्झौता गरेको छ। सम्झौतामा उक्त कम्पनीले १२ महिनाभित्र स्रोत व्यवस्थापन र ५ वर्षमा निर्माण सम्पन्न गरी ३० वर्षसम्म सञ्चालन पश्चात् सम्पूर्ण संरचना नेपाल सरकारलाई हस्तान्तरण गर्ने व्यवस्था छ। कम्पनीले आवश्यक स्रोत व्यवस्थापन गर्न नसकेकोले २०७९ पौषसम्म म्याद थप भएकोमा सो अवधिमा पनि निर्माण कार्य सुरु हुन सकेको छैन। यस सम्बन्धमा मन्त्रालयले निर्णय गर्नुपर्दछ।

सडक विभाग

विभागले सडक संरचनाहरूको निर्माण एवं मर्मत सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरूमार्फत सञ्चालन गर्ने गरेको छ। सडकहरूको मर्मत सम्भारको कार्यमा हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरूमा रहेको उपकरणसमेत परिचालन गर्ने गरेको छ।

१९. **सम्भाव्यता अध्ययन** - जनताको माग, आवश्यकता, रणनीतिक महत्त्व, सामाजिक तथा तुलनात्मक लाभ र प्रतिफल समेत विचार गरी सडक तथा पुलको विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण गर्नुपर्दछ। विभागमा विगत लामो समयदेखि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन सुरु नभएका रू.९३ करोड ६० लाख लागत अनुमानको १ हजार १७० भन्दा बढी पुल रहेकोमा सोको अद्यावधिक अभिलेख राखेको छैन। विभागले डिजाइन एण्ड बिल्ट मोडलअन्तर्गत पुलहरूको निर्माण गर्दा छुट्टै विस्तृत अध्ययन, सर्भे र डिजाइनसमेत निर्माण व्यवसायीले नै गर्ने हुनाले ती कार्यहरू विभागबाट सम्पादन गर्न आवश्यक नपर्नेमा गत वर्ष १०६ पुलका विस्तृत आयोजना प्रतिवेदन तयार गर्न परामर्शदातासँग रू.१५ करोड २० लाखको खरिद सम्झौता गरेकोमध्ये यो वर्ष २६ पुलको अध्ययन कार्य चालु अवस्थामा रहेको छ। रणनीतिक महत्त्वका योजना वा कार्यक्रमको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, सोको अभिलेख अद्यावधिक गर्ने, प्रतिफलमुखी योजना र कार्यक्रमको कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

२०. **डिजाइन स्वीकृति-** विभागबाट डिजाइन एण्ड बिल्ट विधिमा सम्झौता भएका पुलहरूको सम्झौताको अतिरिक्त शर्तको बुँदा ४.२ मा सम्झौता भएको ९ देखि ११ महिनाभित्र पुलको डिजाइन स्वीकृत भई निर्माण कार्य सुरु हुनुपर्ने उल्लेख छ। विभागबाट २०७७।७८ देखि २०७९।८० सम्म ९१ खरिद व्यवस्थापन भई प्रथम किस्ता रू.९२ करोड ८३ लाख ७२ हजार पेस्की भुक्तानी भएकोमा २०८० पौष मसान्तसम्म २०७७।७८ देखि २०७९।८० सम्मका १६ पुलको डिजाइन स्वीकृत हुन बाँकी रहेको छ।

सडक डिभिजन, भक्तपुरले डिजाइन एण्ड बिल्ट विधिबाट २०८०।८।७ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग अरनिको राजमार्गअन्तर्गत हनुमन्ते खोला र महादेव खोलामा २ पुल निर्माण गर्न २०७८।८।९ मा रू.९ करोड २१ लाख ६८ हजारको खरिद सम्झौता गरेको छ। सम्झौताको अतिरिक्त शर्तको ४(२) मा सम्झौता भएको तीन महिनाभित्र डिजाइन पेस गरी थप तीन महिनाभित्र स्वीकृत गराउनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले २०७८।९।९ मा हनुमन्ते खोला पुल र २०७८।११।२६ मा महादेव खोला पुलको डिजाइन पेस गरेको छ। सम्झौताअनुसार २०७९।२।८ मा डिजाइन स्वीकृत गरिसक्नुपर्नेमा महानिर्देशकबाट २०८०।३।१ मा मात्र उक्त डिजाइन स्वीकृत भएको छ।

सम्झौताको शर्तअनुसार तोकिएको समयमा डिजाइन स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भई लागतमा वृद्धि हुने साथै पेस्की रकमको उपयोगसमेत नहुने अवस्था छ। सम्झौताको शर्तअनुसार डिजाइन स्वीकृत गरी निर्माण कार्य गर्नुपर्दछ।

२१. **मध्यस्थता** - सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद १२ मा विवाद समाधान तथा मध्यस्थतासम्बन्धी व्यवस्था तथा नेपाल मध्यस्थता ऐन, २०५५ को परिच्छेद ३ मा मध्यस्थकर्ता नियुक्ति, योग्यता तथा कार्यालयसम्बन्धी व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका बेहोराहरू देहायबमोजिम छन्:

२१.१ ऐनमा मध्यस्थकर्ता सहभागी हुन पाउने विवाद सङ्ख्या तथा निजको पारिश्रमिकसम्बन्धी स्पष्ट व्यवस्था नभएका कारण पारिश्रमिकसहित मध्यस्थता शुल्कको ५० प्रतिशत रकम विभागले भुक्तानी गर्ने गरी नियुक्त भएको एक मध्यस्थकर्ता एउटा विवादको टुङ्गो नलाग्दै एकै समयमा ७ वटा ठेक्का विवादमा सहभागी भएको देखियो। एउटै मध्यस्थकर्ता एकभन्दा बढी विवादको निरूपणमा सहभागी हुँदा निर्णयमा ढिलाइ भएकोले ब्याज दाबी रकम बढेको अवस्था छ। यो वर्ष मध्यस्थताको निर्णयअनुसार ८ विवादमा निर्माण व्यवसायीलाई रू.७३ लाख ब्याज भुक्तानी भएको छ।

२१.२ नेपाल मध्यस्थता ऐन, २०५५ को दफा २९ मा मध्यस्थ आफैंले निर्णय सच्याउनुपर्ने अवस्थामा ३० दिनभित्र सच्याउनुपर्ने व्यवस्था छ। यो वर्ष निर्माण व्यवसायीले पेस गरेको भन्दा फरक मूल्य समायोजन सूचक राखी मध्यस्थकर्ताले गणना गरेकोले एक ठेक्कामा रू.१० लाख ६७ हजार बढी मूल्य समायोजन भएको, २०७२।११।२३ भन्दा अगाडि सुरु सम्झौता अवधि १५ महिनाभन्दा बढी भएको ठेक्कामा मात्र मूल्य समायोजन पाउने कानुनी व्यवस्था भएकोमा सो अवधिभन्दा घटी अवधिको ठेक्कामा दुई पटक थप भएको म्यादलाई सम्झौता अवधि मानी मूल्य समायोजनबापत रू.२८ लाख ४ हजार भुक्तानी भएको छ। कार्यालयले पुलको लागत अनुमान तयार गर्दा फलाममा गाल्भानाइजेसनसहितको दर विश्लेषण र

बिल अफ क्वान्टिटीमा गाल्भानाइज्ड स्पेसिफेकेसन कोड उल्लेख भएको अवस्थामा फलामको कार्यको विवरणमा गाल्भानाइज्ड शब्द उल्लेख नभएकोले निर्माण व्यवसायीले कबोल गरेको दर गाल्भानाइज्ड बाहेकको दर रहेको कारण जनाई गाल्भानाइजेसनबापत थप रू.१ करोड ४ लाख भुक्तानी गर्नुपर्ने निर्णय मध्यस्थकर्ताबाट भएको छ।

२१.३ सडक डिभिजन, भक्तपुरले मनोहरा खोलामा पुल निर्माण कार्य २०७६।११।२० भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०६८।३।२७ मा रू.४ करोड ५५ लाख १ हजारको सम्झौता गरेकोमा आठौं रनिङ बिलसम्म रू.३ करोड ५८ लाख ५२ हजार भुक्तानी गरेको छ। निर्माण व्यवसायीले नदी नियन्त्रण र पहुँच मार्ग निर्माण कार्य नगरी रू.५५ लाख ६ हजारको अन्तिम बिल पेस गरेकोमा बी.ओ.क्यू.अनुसार रू.४५ लाखको चार पाङ्ग्रे सवारीसाधन फिर्ता नगरेको कारण जनाई कार्यालयले भुक्तानी रोक्का राखेकोमा निर्माण व्यवसायी मध्यस्थतामा गएको छ। मध्यस्थकर्ताले उक्त सवारीसाधन फिर्ता नभएको अवस्थामा समेत ब्याज, मूल्य समायोजन समेत अन्तिम बिलबापत निर्माण व्यवसायीलाई रू.१ करोड ५३ लाख ५० हजार भुक्तानी दिनुपर्ने गरी निर्णय गरेको छ।

२१.४ सम्झौताका शर्तबमोजिम जिम्मेवार पदाधिकारीले ठेक्काको कार्यान्वयन गर्नुपर्दछ। अदालत तथा मध्यस्थकर्ताको निर्णयअनुसार विभागले यो वर्ष १० निर्माण व्यवसायीलाई रू.३० करोड २४ लाख भुक्तानी दिनुपर्ने देखिएकोमा रू.११ करोड ७२ लाख भुक्तानी गरेको छ। अदालतमा विचाराधीन मुद्दा बाहेक मध्यस्थतामा रहेका १४ मुद्दामा निर्माण व्यवसायीले रू.६३ करोड ४ लाख क्षतिपूर्ति दाबी गरेका छन्।

प्रत्येक वर्ष निर्माण कार्यको ठेक्कामा दाबी रकम र क्षतिपूर्ति दिनुपर्ने रकममा वृद्धि भइरहेकोले ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरे, नगरेको अनुगमन गरी खरिद सम्झौता कार्यान्वयनमा आउने विवाद समयमा नै समाधान गर्नुका साथै मध्यस्थकर्ताको योग्यता, पारिश्रमिक, आचारसंहिता तथा जवाफदेहीतासमेत रहने गरी कानुनमा आवश्यक व्यवस्थासमेत गर्नुपर्दछ।

२२. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ४ मा परामर्श सेवा खरिदसम्बन्धी व्यवस्था छ। यो वर्ष सडक विभागअर्न्तगतका योजना कार्यालयहरूले गरेको परामर्शसेवा खरिदमा देखिएका बेहोरा देहायबमोजिम छन्:

२२.१ विभागले यो वर्ष ४० विस्तृत परियोजना प्रतिवेदन तयारी तथा वातावरणीय अध्ययनमा रू.६ करोड ७० लाख ९५ हजार खर्च गरेको छ। विभागले परामर्श सेवाको लागि बोलपत्र भई प्राविधिक मूल्याङ्कनबाट छनोट भएका टिम लिडरलगायत अन्य विषय विज्ञहरू उपस्थित भई कार्य गरेको देखिने अभिलेख नराखेको र परामर्शदाता फर्मसँगको खरिद सम्झौतामा उल्लेख नभएको व्यक्तिहरूको उपस्थितिमा प्रतिवेदनमाथि छलफल गरेको छ। बोलपत्रदाताले बोलपत्र साथ पेस गरेका विज्ञहरूको योग्यता, ज्ञान, अनुभवको मूल्याङ्कन गरी छनोट हुने र ती विज्ञहरूले काम गर्ने गरी खरिद सम्झौता हुने तर कार्यान्वयनको क्रममा सम्झौतामा उल्लेख भएको भन्दा फरक विज्ञ राखी प्रतिवेदन तयार गरेको कानुनसम्मत देखिएन। सम्झौतामा उल्लिखित विज्ञहरूद्वारा नै प्रतिवेदन तयार गर्नुपर्दछ।

२२.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयको जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। सडक विभागमा कानुनतर्फको उपसचिव सहितको

दरबन्दी रहेकोमा विभिन्न मुद्दा तथा विवादमा पोष्ट हायरिङ्ग खर्च, मस्यौदा तयारी, बहसलगायतका कार्यका लागि यो वर्ष एक निजी कम्पनीलाई रू.४० लाख १३ हजार भुक्तानी गरेको छ। साथै विभागले मर्मत सम्बन्धी रणनीति बनाउने, लागु गर्ने, वार्षिक सडक मर्मत योजना सुधार, कार्यान्वयन तथा निर्माण र सडक विभागको नीति तथा कानुन र स्टान्डर्ड बिड डकुमेन्ट पुनरावलोकनको लागि यो वर्ष परामर्श सेवामा रू.८४ लाख २१ हजार खर्च गरेको छ। विभागले आफैंले गर्नुपर्ने र गर्न सक्ने कार्यको लागि बाह्य परामर्श सेवा खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२३. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा आयोजना वा कार्यक्रमको पूर्व तयारी, खरिद विधि छनोट, लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिमा समाप्त गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। यो वर्ष सडक डिभिजन, सुर्खेत, नेपालगन्ज र लाहानसहित ३३ कार्यालयले प्रथम चौमासिकमा रू.५ अर्ब १ करोड ६२ लाखका २११, दोस्रो चौमासिकमा रू.२३ अर्ब ८ करोड ३६ लाखका ४०७ र असार महिनामा मात्र रू.१ अर्ब २५ करोड १७ लाखका २९ समेत तेस्रो चौमासिकमा रू.७ अर्ब २७ करोड ५६ लाखका २३५ गरी कुल रू.३५ अर्ब ३७ करोड ५४ लाखका ८५३ खरिद सम्झौता गरेको पाइयो। जसमध्ये यो वर्ष रू.२ अर्ब ६७ करोड ५१ लाखका २८८ सम्झौताको मात्र कार्यसम्पन्न भएको छ। कार्यालयहरूले समयमै खरिद व्यवस्थापन नगरेका कारण यसै आर्थिक वर्षभित्र कार्यसम्पन्न गर्ने गरी भएको खरिद सम्झौता रकमको ७ प्रतिशत मात्र भुक्तानी भएको छ। समयमै आयोजनाको पूर्व तयारी तथा ठेक्का बन्दोबस्त गर्नुपर्दछ।

२४. **खरिद पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। सडक डिभिजन भक्तपुर, सुर्खेत, दोलखा र पाल्पाले बोलपत्र आह्वान गर्नु अगावै सम्पन्न गर्नुपर्ने वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्नेलगायतका कामहरूसमेत सडक तथा पुल निर्माण कार्यको खरिदमा समावेश गरी यो वर्ष रू.२६ करोड ६९ लाख २६ हजारको खरिद सम्झौता गरेको र सोमध्ये प्याकेजमा रू.९ करोड २ लाख ४१ हजार मात्रको कार्यसम्पन्न भएको छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माण व्यवसायीलाई जिम्मा दिएकोले ठेक्का कार्यान्वयन गर्दा पूर्व तयारीका काममा समय खर्च भई ठेक्काको समय र लागत वृद्धि भएको छ। मदन भण्डारी राजमार्ग आयोजना, झापाको ४ खण्डको ८३ किलोमिटरमध्ये २३ किलोमिटर सडक तथा ६ ठेक्काका १७ पुल निर्माण कार्यअन्तर्गत रूख कटानको स्वीकृति प्राप्त नभई निर्माण कार्यमा ढिलाइ भएकोले प्रगति न्यून रहेको छ। आयोजनाको पूर्व तयारी कार्य पूरा भएपश्चात् मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ।

२५. **योग्यता निर्धारण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(५) मा दुई करोड रूपैयाँभन्दा कम लागत अनुमान भएको निर्माण कार्यमा योग्यता निर्धारण नगरिने उल्लेख छ। सडक डिभिजन, नेपालगन्जले २ करोड रुपैयाँभन्दा कम लागत अनुमान भएका ३ सडकको ठेक्काको बोलपत्र आह्वान गर्दा विगतमा अस्फाल्ट कंक्रिटको काम गरेको अनुभव हुनुपर्ने गरी पूर्व योग्यता निर्धारण गरी न्यून कबोल गर्ने निर्माण व्यवसायीको प्रस्ताव अस्वीकृत हुन गई बढी कबोल गर्ने निर्माण व्यवसायीसँग ठेक्का सम्झौता हुँदा रू.३८ लाख ८५ हजार थप व्ययभार परेको छ।

२६. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। कार्यालयले समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, दैनिक कार्यको अभिलेख राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। खरिद सम्झौतामा निर्धारण भएको अवधिमा कार्यसम्पन्न नभई गत विगतदेखि सुरु भएका खरिद सम्झौतामध्ये सडक तथा पुल निर्माण लगायत यो वर्ष सडक डिभिजन, घोराही, बुटवल र भक्तपुर सहित ९ कार्यालयले १११ ठेक्कामा ५० प्रतिशत, सडक डिभिजन, चन्द्रनिगाहपुरसहित ९ कार्यालयले १०९ ठेक्कामा ५१ देखि शतप्रतिशत अवधि म्याद थप गरेका छन्। त्यसै गरी हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीसहित १२ कार्यालयले २१७ ठेक्कामा शतप्रतिशतभन्दा बढी अवधि म्याद थप गर्दा पनि कार्यसम्पन्न भएको छैन। अधुरा ठेक्काको सङ्ख्या बढ्दै गई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था छ। खरिद कानुन र ठेक्का सम्झौताअनुसार म्याद थप गर्नुपर्दछ।

२७. **प्याकेजिङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन वा प्याकेजिङ्ग गर्दा अलग अलग रूपमा सम्पन्न गर्न सकिने निर्माण कार्यको लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टाछुट्टै रूपमा बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छनः

२७.१ तमोर करिडोर अन्तर्गत चेनेज ४३+००० देखि १०९+००० सम्मको रू.२ अर्ब ७३ करोड ३३ लाख ८१ हजार लागत अनुमान भएको ठेक्का व्यवस्थापन गर्दा रू.२ अर्ब ७२ करोड ४१ लाख ४३ हजार (०.७८ प्रतिशत न्यून) मा खरिद सम्झौता भएको छ।

२७.२ सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-वर्दिवास सडक आयोजनाले सूर्यविनायक-साँगा सडक खण्ड विस्तार कार्यको लागि रू.३ अर्ब ९० करोड ४ लाख २ हजार लागत अनुमान भएको ठेक्का व्यवस्थापन गर्दा रू.३ अर्ब ८८ करोड ९३ लाख ९६ हजार (०.२९ प्रतिशत घटी) र साँगा-धुलिखेल सडक खण्ड विस्तारका लागि रू.४ अर्ब ५ करोड ६६ लाख २४ हजार लागत अनुमान भएको ठेक्का व्यवस्थापन गर्दा रू.४ अर्ब ५ करोड ६४ लाख ७६ हजार (०.०००४ प्रतिशत न्यून) को सम्झौता गरेको छ।

२७.३ उत्तर-दक्षिण (कालीगण्डकी) लोकमार्ग आयोजनाले हर्मिचौर-अर्बेनी खण्ड ७.०८४ किलोमिटर, अर्बेनी-पालुङखोला १८ किलोमिटर र पालुङखोला-बलेवा १९.३९ किलोमिटर गरी हर्मिचौरदेखि बलेवासम्म तीन वटा प्याकेजमा निर्माण कार्य गराउने गरी कार्ययोजना तयार गरेकोमा महानिर्देशकबाट एकै प्याकेज बनाई रू.४ अर्ब ६ करोड ८३ लाख ७२ हजारको लागत अनुमान स्वीकृत गरी रू.३ अर्ब ३३ करोड ४ लाख ३३ हजार (०.८२ प्रतिशत घटी) को खरिद सम्झौता गरेको छ।

सार्वजनिक खरिद नियमावलीबमोजिम निर्माण कार्यको प्रकृति, लागत, निर्माण व्यवसायीको क्षमता, बजारमा प्रतिस्पर्धीको उपस्थितिसमेतलाई ध्यान दिई प्राविधिक पुष्टयाइँसहित प्रतिस्पर्धा संकुचित नहुने गरी ठेक्का प्याकेजिङ्ग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२८. **इन्जिनिरिङ सुविधा** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारीसाधन, साइट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएकोमा सडक विभागले यो वर्ष डिजाइन एण्ड बिल्टका ९ ठेक्कामा घर भाडाबापत रू.२ करोड ४४ लाख ४५ हजार समावेश गरी सम्झौता गरेको तथा उत्तर दक्षिण कोशी सडक आयोजना, खाँदबारी र सडक डिभिजन, भक्तपुर तथा शिवपुरलगायत १० कार्यालयले ठेक्काको बिल अफ क्वान्टिटीमा सवारी भाडा, साइट अफिसलगायतका आइटम राखी रू.३ करोड ५६ लाख २३ हजार भुक्तानी गरेका छन्।

त्यस्तै विभागले नारायणी नदीमा निर्माण गरिने आइकोनिक ब्रिजको लागि लागत अनुमानमा डिजाइन स्वीकृत हुनु पूर्व कार्यालयका कम्तीमा १० कर्मचारी तथा इन्जिनीयरहरूलाई विदेश भ्रमण गराउनुपर्ने जनाई प्रोभिजनल समतर्फ रू.२६ लाख २१ हजारमा एक संयुक्त उपक्रमसँग सम्झौता गरेको छ। सार्वजनिक लेखा समितिको निर्देशनअनुसार निर्माण कार्यमा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गरी आयोजना कार्यान्वयनमा मितव्ययिता अपनाउनुपर्दछ।

२९. **शीर्षक तथा कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रमभन्दा फरक तथा नयाँ कार्यक्रममा खर्च गर्नुपर्ने आधारसहित केन्द्रीय निकायबाट कार्यक्रम संशोधन गरी खर्च गर्न सक्ने उल्लेख छ। यो वर्ष सडक डिभिजन, जुम्ला, धनकुटा र भक्तपुरले शीर्षक फरक पारी रू.३ करोड १४ लाख तथा सडक डिभिजन, पाल्पा, पुल योजना पूर्वी सेक्टर नम्बर १, धरान र सडक डिभिजन, दमकले कार्यक्रम फरक पारी रू.३४ करोड ४१ लाख खर्च गरेकोमा कार्यक्रम संशोधन गरेको छैन। शीर्षक तथा कार्यक्रम फरक पारी खर्च लेखेको नियमसम्मत नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

३०. **आकस्मिक मर्मत कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ तथा नियमावलीको नियम ९८(१) मा अमानतबाट कार्य गराउन सकिने व्यवस्था छ। सडक डिभिजन, पाल्पाले आकस्मिक मर्मत कार्यका लागत अनुमान सुपरिटेन्डेन्ट इन्जिनीयरबाट स्वीकृत गर्ने निर्णयमा मितव्ययी तथा वैज्ञानिक तरिकाले कार्य गराई भिडियोलगायतका अभिलेख राख्ने उल्लेख गरी रू.१ करोड ५७ लाखको लागत अनुमान स्वीकृत भएको र सो कार्यमा रू.१ करोड ३० लाख खर्च गरेको छ। सो कार्यमा प्रयोग भएको मेसिन उपकरण तथा सामग्रीलगायतका कार्यको परिमाण खुल्ने नापी किताब तयार गरेको छैन। कार्य परिमाण तथा खर्च पुष्टि हुने कागजात संलग्न हुनुपर्दछ।

३१. **बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेसिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायतको समग्र जोखिम वहन गर्ने गरी निर्माण व्यवसायीले बीमा गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा निम्न बेहोरा देखिएका छन्:

३१.१ पुल योजना मध्य क्षेत्र सेक्टर नं. २ ले १८ निर्माण कार्यको सम्झौता कार्यान्वयन गर्दा बुँदा नं.१९.१ अनुसार सम्झौतादेखि त्रुटि सच्याउने अवधिसम्म पूरा अवधिको बीमा सम्झौता नभएको अवस्थामा बीमा भुक्तानीबापतको सबै रकम भुक्तानी दिएकोले आनुपातिक रूपमा बढी भुक्तानी भएको रू.६८ लाख ८४ हजार असुल गर्नुपर्दछ।

३१.२ उत्तर दक्षिण कोशी सडक आयोजना, खाँदबारीले दोभान-नयाँबस्ती-बरूण सडक खण्डको चेनेज ५३+००० देखि ८०+००० सम्मको सडक चौडा तथा स्तरोन्नति कार्य २०८०।३।२६ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।३।१९ मा रू.७४ करोड १५ लाख ५४ हजारको सम्झौता गरेको छ। सो सडकमा वर्सातले क्षति पुऱ्याई संरचना भत्केकोले भेरिएसनबाट परिमाण थप गरी रू.९ करोड १३ लाख ४९ हजार भुक्तानी गरेको छ। बीमा कम्पनीबाट क्षति भएको रकम दाबी नगरी भेरिएसनबाट कार्य गराएको नियमसम्मत देखिएन।

३१.३ कालिगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला-सडक योजना), जोमसोमले जोमसोम-कोरोला सडक खण्ड अन्तर्गत २५ मिटर पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७३।३।२९ मा रू.२ करोड ८८ लाख ५२ हजारको सम्झौता गरेको छ। सम्झौता अनुसार निर्माण व्यवसायीले एक बीमा कम्पनीबाट २०८०।४।११ देखि २०८०।८।११ सम्मको रू.३ करोड ८ लाख ५२ हजारको बीमा नवीकरण गरेको प्रमाण पेस गरेकोमा यो वर्षसम्म रू.२ करोड ४४ लाख ६१ हजार भुक्तानी भई वित्तीय प्रगति ८४.७८ प्रतिशत रहेको छ। २०८०।४।२८ मा बाढीको कारण निर्माणाधीन संरचनामा पूर्ण रूपले क्षति भएकोमा बीमाबाट क्षतिपूर्ति प्राप्त भएको छैन। उक्त स्थानमा पुल निर्माण गर्ने सम्बन्धमा अध्ययन भइरहेकोले कार्यालयले बीमा समितिसँग समन्वय गरी क्षति भएको रकम प्राप्त गर्नुपर्दछ।

३२. **गुणस्तर नियन्त्रण** - सडक तथा पुलको स्ट्याण्डर्ड स्पेसिफिकेसन, २०७३ (संशोधन २०७५ समेत) को आधारमा स्वीकृत गुणस्तर आश्वस्तता योजनाअनुसार गुणस्तर परीक्षण गराएर मात्र रनिङ बिलको भुक्तानी दिने व्यवस्था रहेको छ। महाकाली पुल योजना कार्यालयले पहुँचमार्ग निर्माण कार्यको सम्झौतामा प्राइम तथा ट्याक कोटमा एम.सि.३०/एम.सी.७० ग्रेडको बिटुमिन प्रयोग गर्ने उल्लेख गरेको छ। निर्माण व्यवसायीले पेस गरेको प्रयोगशालाको प्रतिवेदनअनुसार भिजि १० बिटुमिन प्रयोग गरी २२ औँ रनिङ बिलसम्म प्राइमकोट ७९ हजार ४४९ लिटर र ट्याककोट १ लाख ९ हजार २७२ लिटर बिटुमिनको रू.१ करोड ६२ लाख ७ हजार भुक्तानी दिएको छ। सम्झौतामा उल्लिखित गुणस्तरभन्दा फरक गुणस्तरको बिटुमिन प्रयोग गरेकोले पहुँच मार्गको गुणस्तरमा पर्ने असरका सम्बन्धमा यकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

३३. **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत समावेश गर्ने व्यवस्था छ। कन्टिन्जेन्सी रकमको व्यवस्थापन र नियन्त्रण गर्न मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरी लागु गरेको छ। यो वर्ष सडक विभाग मातहतका ८२ कार्यालयले रू.१ अर्ब २८ करोड ६२ लाख कन्टिन्जेन्सी खर्च गरेका छन्। यस सम्बन्धमा निम्न बेहोरा देखिएका छन्:

३३.१ विभाग र मातहत कार्यालयहरूले यो वर्ष कन्टिन्जेन्सीबाट निर्माण कार्यका लागि सुपरभाइजरहरू नियुक्त गरी रू.३४ करोड ८४ लाख पारिश्रमिक भुक्तानी गरेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन।

३३.२ सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई वयवस्थापन गर्ने निर्देशिकाअनुसार कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेजअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्दछ।

३३.३ एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्नेमा इन्धनमा रू.१९ करोड ८९ लाख, मर्मतमा रू.१६ करोड ७९ लाख, कार्यालय सामान र सूचना प्रकाशनमा रू.१७ करोड ७१ लाख, दैनिक भ्रमण भत्तामा रू.८ करोड ५६ लाख, खप्ने मालसामान खरिदमा रू.९ करोड १८ लाख र अन्य प्रयोजन नखुलेकोमा रू.२१ करोड ६४ लाखसमेत रू.९३ करोड ७८ लाख सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको पाइयो। उक्त खर्च एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार मेल खाने देखिएन। अतः कन्टिन्जेन्सी खर्च सम्बन्धमा सान्दर्भिक सङ्केत तथा वर्गीकरणअनुसार खर्च सङ्केत नम्बरमा खर्च लेखाङ्कन गर्नुपर्दछ।

३३.४ पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले त्रुटि सच्याउने अवधिमा रहेका पोखरा-कुस्मा सडकको सञ्चालन र मर्मत सम्भार गर्ने जिम्मेवारी निर्माण व्यवसायीकै भएको अवस्थामा लेन्थ वर्कर र सुपरभाइजरको ज्यालाको लागि कन्टिन्जेन्सीबाट रू.२५ लाख ८८ हजार खर्च गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशतसम्म कन्टिन्जेन्सी बापत थप गर्न सकिने व्यवस्था छ। निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र त्यस्तो खर्चको प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नुपर्दछ।

३४. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३४.१ पुल सेक्टर, पोखराले एक संयुक्त उपक्रमलाई चौथो रनिङ बिलसम्म मूल्य समायोजनबापत रू.४ करोड १६ लाख ३५ हजार भुक्तानी दिनुपर्नेमा रू.४ करोड ३२ लाख ३३ हजार भुक्तानी दिएकोले रू.१५ लाख ९८ हजार बढी भुक्तानी दिएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

३४.२ यो वर्ष हुलाकी सडक योजना कार्यालय, कैलाली, उत्तर-दक्षिण कोशी सडक आयोजना, संखुवासभा, पुल योजना पश्चिम सेक्टर नं.३, बाँकेसहित १३ योजना तथा कार्यालयले ५४ ठेक्काका बीमा तथा जनरल आइटमसमेतमा मूल्य समायोजन गणना गरी रू.१ करोड २६ लाख ९० हजार भुक्तानी गरेको छ। उक्त रकम यकिन गरी असुल गर्नुपर्दछ।

३४.३ सडक डिभिजन, भरतपुरले ६ लेनको सडक विस्तार र स्तरोन्नति गर्दा सो सडकमा रहेका खानेपानीको आपूर्तिका लागि भेरिएसन आदेशबाट जी.आई. तथा एचडिपीई पाइप आपूर्तिलगायतका नयाँ कार्य थप गरेको छ। नयाँ दरमा सम्झौता भई रू.२ करोड ७८ लाख ९५ हजार भुक्तानी गर्दा पाईप खरिदमा समेत मूल्य समायोजनबापत रू.६२ लाख ४८ हजार भुक्तानी गरेको छ। भेरिएसन आदेशबाट थप भएको नयाँ कार्यका लागि नयाँ दर तय गरेकोमा मूल्य समायोजन दिएको रकम असुल हुनुपर्दछ।

३४.४ भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी सम्झौता गरेको अवस्थामा पुरानै मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्दैन। यो वर्ष पुष्पलाल मध्यपहाडी योजना कार्यालय, दैलेख र गोरखा, उत्तर-दक्षिण कोशी करिडोर आयोजना, संखुवासभासहित १० कार्यालयले १६ ठेक्कामा भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दरको सट्टा पुरानै दरमा मूल्य समायोजन इन्डेक्स प्रयोग गरी रू.४ करोड ६२ लाख ७० हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। उक्त रकम असुल गर्नुपर्दछ।

३४.५ खरिद सम्झौताको विशेष शर्तमा पेस्की कटाएर मूल्य समायोजन दिने व्यवस्था गरेकोमा पेस्की कट्टा गरी बाँकी बिल रकममा मात्र मूल्य समायोजन गणना गर्नुपर्दछ। सम्झौतामा पेस्की कटाई मूल्य समायोजन दिने उल्लेख भएका सडक डिभिजन, चरिकोट र दमौली, पुष्पलाल (मध्य पहाडी) राजमार्ग योजना कार्यालय, फिदिमलगायत ८ कार्यालयले १२ ठेक्कामा पेस्की कट्टी नगरी मूल्य समायोजन भुक्तानी दिएको कारण बढी भुक्तानी भएको रू.१ करोड ३० लाख ९६ हजार असुल गर्नुपर्दछ।

३४.६ खरिद सम्झौताअनुसार निर्माण व्यवसायीले कबोल गरेको छुटपश्चात्को रकममा मूल्य समायोजन गणना गरी भुक्तानी दिनुपर्नेमा यो वर्ष हुलाकी राजमार्ग योजना कार्यालय, सुनसरीले १ ठेक्कामा छुटबापतको रकम नघटाई मूल्य समायोजन गणना गरी रू.१० लाख ११ हजार बढी भुक्तानी गरेको छ। यस्तै खरिद सम्झौताको शर्तमा मूल्य समायोजन गणना गर्दा आधार मूल्यसूची बोलपत्र आह्वानको अन्तिम म्यादबाट एक महिना अगाडिको र चालु मूल्यसूची निर्माण व्यवसायीले रनिङ बिल पेस गरेको ३० दिन अगाडिको मितिलाई आधार लिई मूल्य समायोजन गणना गरी भुक्तानी गर्ने व्यवस्था छ। यो वर्ष सडक डिभिजन, तनहुँ र प्युठान, हुलाकी राजमार्ग आयोजना, बाँकेलगायत १६ कार्यालयले ३७ ठेक्कामा फरक मूल्यसूचीको प्रयोग गरी मूल्य समायोजनबापत रू.४ करोड ३६ लाख ५० हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

३४.७ यो वर्ष पुल सेक्टर, पोखराले ५ ठेक्कामा फरक फ्याक्टर राखी मूल्य समायोजन गणना गरेकोले रू.१९ लाख ५५ हजार बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ।

३४.८ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइका कारणबाट सम्झौताबमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन नहुने उल्लेख छ। रानी-विराटनगर-इटहरी-धरान सडक योजना, बालाजु त्रिशूली/छहरे-विदुर सडक योजना, सडक डिभिजन, वीरेन्द्रनगरलगायत ६ कार्यालयले निर्माण व्यवसायीको ढिलाइका कारण जनाई पूर्वनिर्धारित क्षतिपूर्ति लिएकोमा सो पश्चात् रू.३ करोड ५१ लाख ४६ हजार मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

३४.९ खरिद सम्झौताको विशेष शर्तबमोजिम निर्माण व्यवसायीले मूल्य समायोजन विवरण नभरेको अवस्थामा मूल्य समायोजन भुक्तानी दिन नमिल्नेमा यो वर्ष सडक डिभिजन विराटनगरले, बुढीखोला पुल निर्माणका निर्माण व्यवसायीले मूल्य समायोजन विवरण नभरेको अवस्थामा रु.८४ लाख ८० हजार मूल्य समायोजन भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

३४.१० जटही-जनकपुर-ढल्केबर सडक योजना, बर्दिबासले औद्योगिक करिडोर व्यापारिक मार्ग निर्माण कार्य २०७८।३।१२ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७४।२।२६ मा रू.१ अर्ब ७२

करोड ९ लाख २२ हजारको सम्झौता भएकोमा म्याद थपसमेत २०८०।१०।२९ भित्र सम्पन्न गर्नुपर्ने अवधि रहेको छ । योजनाले स्वीकृत गरेको बोलपत्र कागजातमा मूल्य समायोजन गर्ने प्रयोजनका लागि ज्यामी ज्यालाको ०.१५-०.२५, निर्माण सामग्रीको ०.३०-०.४० र मेसिन उपकरणको ०.२०-०.३० भार रहने उल्लेख छ । निर्माण व्यवसायीले ज्यामी ज्यालातर्फ ०.२०, निर्माण सामग्रीतर्फ ०.४५ र मेसिन उपकरणतर्फ ०.२० भार उल्लेख गरी बोलपत्रसाथ बिड डाटासिट पेस गरेको छ । निर्माण व्यवसायीले मूल्य समायोजन हुने भार ०.८५ हुने गरी पेस गरे तापनि निर्माण सामग्रीतर्फ निर्धारित सीमाभन्दा बढी हुने गरी भार उल्लेख गरेको जनाई योजनाले समायोजन हुने भार ०.८० र समायोजन नहुने भार ०.१५ कायम गरी सम्झौता गरेको छ। सम्झौताअनुसार मूल्य समायोजन गणना गर्दा कुल ०.९५ भारलाई आधार लिई गणना गरे तापनि गणनापश्चात्को सूचकाङ्कमा कुल फ्याक्टर १ घटाइ आउने सूचकाङ्कमा मात्र मूल्य समायोजन दिनुपर्नेमा ०.९५ फ्याक्टर घटाइ भुक्तानी दिँदा ३२ औं रनिङ बिलसम्म बढी भुक्तानी भएको रू.६ करोड ६ लाख ६० हजार असुल गर्नुपर्दछ ।

३५. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। ठेक्काको बिड डकुमेन्टअनुसार निर्माणमा आइपर्ने जोखिम निर्माण व्यवसायीले बेहोर्नुपर्ने भएकोले मूल्य समायोजन जोखिम कार्यालयले लिन मिल्ने देखिँदैन। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएको छ। सडक विभाग, पुल महाशाखा आयोजना कार्यान्वयन एकाइले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण मदन भण्डारी योजना कार्यालय, दमक, पुल सेक्टर नं ३ नेपालगन्जलगायत १८ कार्यालयले ८१ खरिद सम्झौतामा रू.८७ करोड ६४ लाख ४४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

मन्त्रिपरिषद्बाट २०७८।११।१० मा स्वीकृत डिजाइन एण्ड बिल्ड कार्यको प्राविधिक नर्म्समा मूल्य समायोजन दिन सकिने व्यवस्था गरेको छ। डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले यसको बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसनलगायतका पक्षमा विविधता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई कानुनमा व्यवस्थित गर्नुपर्दछ।

३६. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसकेमा सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। यो वर्ष विभाग मातहतका कतिपय कार्यालयले खरिद सम्झौताबाट नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। यससम्बन्धी प्रमुख बेहोरा देहायअनुसार छन्:

३६.१ सडक डिभिजन, भक्तपुरले झिकु खोला पुल निर्माण कार्य २०७६।२।१८ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७४।२। १९ मा रू.३ करोड ५३ लाख ६१ हजारको सम्झौता गरेकोमा भेरिएसनबाट गरी सम्झौता रकम रू.४ करोड ५० लाख ४७ हजार कायम गरेको छ। सो काममा यो

वर्षसम्म रू.३ करोड ३३ लाख ९८ हजार भुक्तानी गरेको छ। खरिद सम्झौताको अवधि २०७६।१२।३० सम्म म्याद थप हुँदा रू.३९ लाख ८६ हजार पूर्व निर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएकोले उक्त रकम असुल गर्नुपर्दछ।

३६.२ सडक डिभिजन, भक्तपुरले चार निर्माण कार्यमा तोकिएको समयावधिमा निर्माण कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई अन्तिम बिल तथा रनिङ बिल भुक्तानी गर्दा रू.५२ लाख ५२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय गरे तापनि उक्त रकम असुल गरेको छैन। निर्णयअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

३६.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा निर्माण कार्यको म्याद थप गर्दा बाँकी काम सम्पन्न गर्नका लागि माइलस्टोन तोकी म्याद थप गर्नुपर्ने र त्यस्तो माइलस्टोन हासिल नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने गरी म्याद थप गर्नुपर्ने व्यवस्था छ। सोअनुसार म्याद थप गर्दा पनि निर्माण कार्यसम्पन्न नगरेका कारण पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने निर्णय भएको हुलाकी राजमार्ग योजना, सुनसरीलगायत १३ कार्यालयका ४८ निर्माण व्यवसायीबाट रू.३० करोड ४० लाख ६७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

३७. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३७.१ पुष्पलाल (मध्य पहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले बाग्लुङ-बुर्तिबाङ सडक स्तरोन्नति कार्य २०७५।१०।१० भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७२।१०।१० मा रू.३५ करोड ३९ लाख ३ हजारको सम्झौता गरेको छ। निर्माण व्यवसायी साइटमा परिचालित नभएको लगायतका कारण उल्लेख गरी २०८०।३।८ मा खरिद सम्झौता अन्त्य गरेको छ। कार्यसम्पादन जमानत रू.४ करोड ६० लाख ७ हजारमध्ये रू.२ करोड ८३ लाख १२ हजार जफत गरी धरौटी खातामा राखेकोमा रू.१ करोड ७६ लाख ९५ हजार प्राप्त हुन सकेको छैन।

३७.२ खरिद सम्झौता तथा म्याद थपको निर्णयअनुसार कार्य गर्न पटक पटक ताकेता गरेकोमा निर्माण व्यवसायीबाट कार्य नभएको जनाई सडक डिभिजन, वीरेन्द्रनगर, नेपालगन्ज र बालाजु-त्रिशूली-छहरे-विदुर सडक योजनासमेत ७ कार्यालयले २७ खरिद सम्झौता अन्त्य गरेकोमा बाँकी काम गर्न लाग्ने रू.९३ करोड ७३ लाख ३८ हजार असुल गरेका छैनन्।

३७.३ पुष्पलाल (मध्य पहाडी) राजमार्ग योजना कार्यालय, पाँचथर र सडक डिभिजन, भक्तपुरले निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यसम्पन्न नगरेको कारण जनाई ११ ठेक्का सम्झौता अन्त्य गरेकोमा बाँकी कार्य गर्न लाग्ने रू.३० करोड ६४ लाख १७ हजार असुल गरेको छैन। साथै निजहरूको कार्यसम्पादन जमानत रू.९ करोड २८ लाख २८ हजारसमेत जफत गरेको छैन।

३७.४ एघार किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजनाले मकैसिंह बट्टारस्थित त्रिशूली नदीमा ४२ महिना भित्र पुल निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१।३।२९ मा रू.१५ करोड ४५ लाख ४ हजारको सम्झौता गरेको छ। निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य नगरेको जनाई ३

वर्षसम्म कालोसूचीमा राख्ने गरी २०७९।८।२८ मा खरिद सम्झौता अन्त्य गरेको छ। कार्यालयले कार्य भएको रू.१ करोड ७९ लाख ४ हजार घटाई बाँकी कार्य गर्न लाग्ने रकम यकिन गरी रू.१७ करोड २५ लाख ४६ असुल गर्ने निर्णय गरेकोमा असुल गरेको छैन।

कार्यालयहरूले खरिद सम्झौता आह्वान गर्दा गरेका निर्णयअनुसार बाँकी कार्य गर्न लाग्ने रकम सरकारी बाँकी सरह असुल हुनुपर्ने, धरौटीमा रहेको जमानत रकम राजस्वमा दाखिला गर्नुपर्ने तथा कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्दछ।

३८. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्दा प्राविधिक पुष्ट्याईँसमेत पेस गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३८.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१)(ङ) मा २५ प्रतिशतभन्दा बढीको भेरिएसन मन्त्रिपरिषद्बाट स्वीकृत हुनुपर्ने उल्लेख छ। महाकाली पुल योजनाको सुरु सम्झौता अङ्क रू.३ अर्ब २७ करोड ९३ लाख रहेकोमा संशोधित डिजाइनअनुसार २८.३५ प्रतिशतले वृद्धि हुने गरी संशोधित सम्झौता अङ्क रू.४ अर्ब २० करोड ८६ लाख ६ हजार कायम गर्न योजना कार्यालयले तेस्रोपटक भेरिएसन आदेश तयार गरी २०७९।९।१२ मा सचिवसमक्ष पेस गरेको छ। उक्त भेरिएसन स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेस गर्नुपर्नेमा सोअनुसार नगरी मन्त्रालयले योजना कार्यालयमा नै फिर्ता पठाएको पाइयो। तत्पश्चात् योजनाले सुरुको भेरिएसन आदेशका आइटम घटाई सुरु ठेक्का अङ्कभन्दा १४.९८ प्रतिशत बढी हुने गरी पेस गरेको आंशिक भेरिएसन आदेश महानिर्देशकबाट २०७९।११।२ मा स्वीकृत भएको छ। यसरी गरिएको आंशिक भेरिएसन स्वीकृति नियमसम्मत देखिएन।

३८.२ भेरिएसनबाट निर्धारित परिमाणभित्र रही निर्माण कार्य गराउनुपर्नेमा हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीले भारदह-कञ्चनपुर-राजविराज-बलान सडक निर्माण कार्यमा भेरिएसनबाट स्वीकृत परिमाणभन्दा बढी कार्य गराई रू.३२ लाख ४१ हजार भुक्तानी गरेको छ।

३८.३ निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमानअनुसारको स्थानमा कार्य गर्नुपर्नेमा सडक डिभिजन, हर्कपुरले २ निर्माण कार्यमा विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमानमा उल्लेख भएको स्थानभन्दा फरक स्थानमा कार्य गर्ने गरी रू.३७ लाख ७ हजारको भेरिएसन स्वीकृत गरेको छ।

नियममा भएको व्यवस्थाको पालना गरी भेरिएसन आदेश जारी गर्नुपर्दछ।

३९. **जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ मा पेस्की जमानतको म्याद पेस्की फर्स्यौंट गर्ने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको र कार्यसम्पादन जमानतको मान्य अवधि त्रुटि सच्याउने अवधिभन्दा कम्तीमा १ महिनाभन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। यससम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

३९.१ यो वर्ष सडक डिभिजन, भरतपुर र चन्द्रनिगाहपुर, पुल सेक्टर, पोखरासहित १० सडक कार्यालयअन्तर्गतका २९ निर्माण व्यवसायीले राखेको पेस्की जमानत रू.१५ करोड ३२ लाख ७६

हजार र ८ कार्यालयका २६ निर्माण व्यवसायीको कार्य सम्पादन जमानत रू.१९ करोड ४४ लाख ३५ हजारको म्याद समाप्त भएको छ। समयमै म्याद थपको निर्णय नहुँदा कार्य सम्पादन जमानत र पेस्की रकम जोखिममा परेको छ। कार्यसम्पादन जमानत तथा पेस्की जमानतको म्याद थप हुनुपर्दछ।

३९.२ सडक डिभिजन, धनकुटाले म्याङलुङ टुडिखेल-तमोर-राँकेभन्ज्याङ सडक स्तरोन्नति कार्यको २०७६।२।३० भित्र काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७४।२।२५ मा रू.७ करोड २४ लाख ८४ हजारको सम्झौता गरेको छ। निर्माण व्यवसायीलाई २०७७।११।२५ सम्म रू.१ करोड ५९ लाख ५९ हजार भुक्तानी भएकोमा सोपश्चात् म्याद थप नभएकोले बैङ्क जमानतमध्ये रू.४६ लाख २० हजार कार्यालयलाई उपलब्ध गराइदिन तथा रू.१ करोड ५३ लाख ४१ हजार रोक्का गरिदिन बैङ्कलाई पत्राचार गरेकोमा उक्त रकम बैङ्कबाट प्राप्त तथा रोक्का भएको छैन। प्रचलित कानुनअनुसार उक्त जमानत जफत हुनुपर्दछ।

३९.३ वीरगन्ज-पथलैया सडक योजनाअन्तर्गत पथलैया-परवानीपुर ड्राइपोर्ट सडक खण्डको चेनेज ७+४२० देखि १०+९२० सम्म निर्माण कार्यको सम्झौता रकम रू.४८ करोड ४५ लाख ८७ हजारको निर्माण कार्य अन्तिम पटक २०७९।१२।२८ सम्म म्याद थप भए तापनि कार्यसम्पन्न भएको छैन। अतः कार्यसम्पादन जमानत रू.२ करोड ४१ लाख ४० हजार जफत गरी सम्झौताअनुसार कारबाही गर्नुपर्दछ।

४०. **पेस्कीमा ब्याज -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ६ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएअनुसार सम्झौता अवधिभित्र कार्य नगरी पेस्की फर्स्यौट हुन नसकेमा निजले पेस गरेको जमानत जफत गर्ने तथा वार्षिक १० प्रतिशतले ब्याज रकम असुल गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सडक डिभिजन, महेन्द्रनगर, पुल योजना पूर्वी सेक्टर नम्बर १, धरान, हुलाकी सडक योजना कार्यालय, धनगढीलगायत ९ कार्यालयका २५ निर्माण व्यवसायीले सम्झौताअनुसार कार्य नगरेको जनाई पेस्की जमानत जफत गरेकोमा रू.७ करोड १३ हजार ब्याज रकम असुल गरेका छैनन्। उक्त ब्याज रकम असुल हुनुपर्दछ।

४१. **विद्युतीय संरचना -** सडक विभाग र नेपाल विद्युत प्राधिकरणबीच २०७९।१।१६ मा भएको सम्झौताको बुँदा नं.१(क) मा सडक तथा राजमार्ग विस्तार गर्दा गरिने पोल स्थानान्तरण कार्य गर्दा सम्भव भएसम्म साबिकको लाइनका सामग्रीहरू प्रयोग गर्नुपर्ने र प्राधिकरणले लाइन सुदृढीकरण गर्नका लागि नयाँ लाइन निर्माण गर्नुपर्ने भएमा प्राधिकरणले नै बेहोर्ने उल्लेख छ। सडक डिभिजन, भरतपुरले ६ लेन सडक खण्डमा पर्ने विद्युतीय संरचनालाई स्थानान्तरण गर्न १३ औं रनिङ बिलसम्म रू.४ करोड ९९ लाख ९१ हजार खर्च गरेको छ। साबिकको संरचनाको सट्टा नयाँ विद्युतीय संरचनाका लागि सम्पूर्ण खर्च सडक डिभिजनले बेहोरेकोले नेपाल सरकारलाई थप व्ययभार परेको छ। नेपाल विद्युत प्राधिकरणबाट भरतपुरमा भूमिगत केबलिङ गर्ने कार्य सुरु भएको हुँदा सो विद्युतीय संरचनाको पोललगायतको स्थानान्तरणमा लागेको खर्चको उपादेयता देखिएन।

४२. **ट्राफिक व्यवस्थापन -** सडक विभागद्वारा जारी भएको नर्म्सको बुँदा १३०९ मा ट्राफिक कन्ट्रोल लगायतका विविध खर्चहरू निर्माण व्यवसायीको ओभरहेडमा समावेश हुने उल्लेख छ। सडक डिभिजन, नेपालगन्जले १३ खरिद सम्झौताका निर्माण व्यवसायीलाई ट्राफिक व्यवस्थापनलगायतका कार्यहरू छुट्टै

लमसम आइटममा समावेश गरी रू.१२ लाख ७१ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

४३. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

४३.१ सडक डिभिजन, दमौलीले खैरेनीटारस्थित सेती नदीमा पुल निर्माण कार्यको नापी विवरणअनुसार निर्माण व्यवसायीलाई १९औँ रनिङ बिलसम्म रू.९ करोड ३४ लाख ३८ हजार भुक्तानी गर्नुपर्नेमा रू.९ करोड ७७ लाख ६४ हजार भुक्तानी गरेकोले रू.४३ लाख २६ हजार बढी भुक्तानी भएको छ। सो रकममा मूल्य समायोजन रू.१० लाख ६० हजार र मूल्य अभिवृद्धि करसमेत रू.६० लाख ८६ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

४३.२ पुल सेक्टर, पोखराले एक ठेक्कामा भुक्तानी दिन बाँकीको कच्चावारीका आधारमा निर्माण व्यवसायीलाई रू.२ करोड ५६ लाख ५४ हजार भुक्तानी गर्दा रू.५० लाख पेस्की फस्यौंट तथा अन्य कट्टी रू.१८ लाख ५२ हजारसमेत रू.६८ लाख ५२ हजार कट्टी नगरी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

४३.३ पुल सेक्टर, पोखराले एक संयुक्त उपक्रमलाई छैठौँ रनिङ बिलसम्म मूल्य अभिवृद्धि करसमेत रू.५ करोड ४० लाख ४८ हजार भुक्तानी दिएकोमा अन्तिम बिलमा पहिले भुक्तानी भएका विभिन्न आइटमको रकम कट्टा नगरेका कारण रू.१७ लाख २१ हजार दोहोरो भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

४३.४ यो वर्ष सडक डिभिजन, प्युठान, भक्तपुर, चन्द्रनिगाहपुरसहित ५ कार्यालयका ६ निर्माण व्यवसायीलाई अघिल्लो रनिङ बिलबाट भुक्तानी भएको रकमलाई जिम्मेवारी सार्दा घटी देखाई चालु रनिङ बिलमा रू.१ करोड १२ लाख ४१ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

४३.५ यो वर्ष उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग आयोजना, पाल्पा, सडक डिभिजन, तुम्लिङटार, मिर्चैया-कटारी घुर्मी सडक योजना र सडक डिभिजन, भरतपुरले ४ निर्माण व्यवसायीलाई नापजाँच फरक पारी रू.१ करोड १८ लाख ६९ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

४३.६ भेडेटार-रवि-राँके सडक योजना, इलामले एक निर्माण व्यवसायीलाई खन्ने, ग्याबियन, पर्खाललगायत स्ट्रक्चरको कार्यसमेतमा एकै चेनेजमा दोहोरो नापी गरी रू.१७ लाख १४ हजार दोहोरो भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

४३.७ उत्तर-दक्षिण कोशी सडक आयोजना, खाँदबारीले चेनेज ११८+५०० हान्दाक खोलादेखि १३५+१४० सम्म ट्रयाक खोल्नेसहितको कार्यको लागि एक संयुक्त उपक्रमसँग २०७३।३।३० मा सम्झौता गरेकोमा चेनेज १३४+१७७ देखि १४८+१०० सम्मको कडा चट्टानको कार्य गर्ने गरी नेपाली सेनालाई २०७५।४।१ मा जिम्मा दिएको छ। निर्माण व्यवसायीलाई २३ औँ बिल समेतबाट सोही चेनेजको

कार्य गरेको जनाई रू.२८ लाख ६१ हजार भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको छ। दोहोरो पर्ने गरी भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ।

४४. **प्रिमिक्स कार्पेटको मोटाइ -** सडक विभागबाट जारी भएको स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८) को बुँदा नं.१३१० मा ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाइ ०.०२ मिटर हुने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

४४.१ महाकाली नदीमाथि चार लेनको ८०० मिटर पुल तथा ६ लेनको ७.६ किलोमिटर पहुँच सडक निर्माण ३६ महिनाभित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २३ अगष्ट २०१७ मा रू.३ अर्ब २७ करोड ९३ लाखको सम्झौता भएको छ। सर्भिस लेनमा प्रिमिक्स कार्पेटको कार्य गर्ने गरी डिजाइन गरेको छ। प्रिमिक्स कार्पेटतर्फ स्पेसिफिकेसनभन्दा बढी ०.०४ मिटरको मोटाइ राखी २३ औं बिलसम्म ३३५.१३ घनमिटरको रू.४३ लाख १७ हजार भुक्तानी भएको छ।

४४.२ सडक डिभिजन, विराटनगरले नियमित मर्मत कार्यको खरिद सम्झौतामा प्रिमिक्सको मोटाइ ०.०२ मिटर राखेकोमा सो भन्दा बढी मोटाइ हुने गरी कार्य गराई १७८.८५ घनमिटरको रू.२८ लाख २९ हजार भुक्तानी दिएको छ।

४४.३ यो वर्ष सडक डिभिजन कार्यालय, दमकले १२ सडक निर्माण कार्यमा स्ट्यान्डर्ड स्पेसिफिकेसनभन्दा बढी मोटाइको प्रिमिक्स कार्पेटिङ गर्ने गरी खरिद सम्झौता गरेअनुसार रू.६२ लाख ७७ हजार थप व्ययभार परेको छ। त्यसै गरी दुई सडकको लागत अनुमान तयार गर्दा स्ट्यान्डर्ड स्पेसिफिकेसन अनुसार ०.०२ मिटर मोटाइको प्रिमिक्स राख्नुपर्नेमा ०.०४ मिटरको राखी सम्झौता गरेकोले रू.१ करोड ५७ लाख ८३ हजार थप व्ययभार पर्ने देखिएको छ।

स्टाण्डर्ड स्पेसिफिकेसनले तोकेभन्दा बढी मोटाइको प्रिमिक्स कार्पेट प्रयोग गर्नुको कारण तथा आधार पेस हुनुपर्दछ।

४५. **अस्फाल्टको मोटाइ -** सडक डिभिजन, दमकले दमक-चिसापानी खण्डको चेनेज २+८५० देखि ९+१०० सम्मको सडक स्तरउन्नतिको लागि ०.०५ मिटर मोटाइ भएको अस्फाल्ट गर्ने गरी लागत अनुमानसहित डिजाइन स्वीकृत गरेकोमा एक संयुक्त उपक्रमले चेनेज २+८५० देखि ४+७५२ सम्म स्टाण्डर्ड स्पेसिफिकेसन तथा डिजाइनभन्दा कम ०.०३४ सम्म अस्फाल्टको मोटाइ राखी ५८२.४४ घनमिटर कार्य गरी रू.४१ लाख २० हजार भुक्तानी दिएको छ। स्वीकृत डिजाइन तथा मापदण्डभन्दा घटी मोटाइको कार्य स्वीकार गरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

४६. **त्रुटिपूर्ण डिजाइन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम १०(६) मा एक तह माथिको प्राविधिक वा प्राविधिकहरूको समूहलाई डिजाइन ड्रइङ समेत जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्रुटि सच्याउन लगाउनुपर्ने व्यवस्था छ। महाकाली पुल योजनाले सुरु लागत अनुमान तयार गर्दा परामर्शदाताले पेस गरेको डिजाइनअनुसार नदी नियन्त्रणको कार्यमा गाइड बन्ड निर्माणको लागि ६० सेन्टिमिटर व्यास र २५७ किलोग्राम तौलका १ लाख ८१ हजार घनमिटर ढुङ्गा उपलब्ध हुन नसकेको कारण जनाई गाइड बन्डलगायत अन्य कार्यको २०७८।११।२३ मा डिजाइन संशोधन गरेको छ। डिजाइन संशोधनपश्चात् नदी नियन्त्रण कार्य गर्दा नदीको बहाव एकतर्फी

भएको कारण लन्चिङ एप्रोनको ग्याबियन बक्समा क्षति भएकोले पुनः अर्को डिजाइन गर्न परामर्शदाता नियुक्त गरी अध्ययन कार्य भइरहेको छ। पर्याप्त अध्ययन विश्लेषण नगरी डिजाइन तथा लागत अनुमान स्वीकृत गरेको कारण ड्रइङ डिजाइनमा पटक-पटक संशोधन गर्नु परेकोले सुरु सम्झौता रकमभन्दा रू.४९ करोड १२ लाख १२ हजार बढीको भेरिएसन स्वीकृत गरेको छ। डिजाइन, लागत अनुमान तयार गर्ने परामर्शदाता तथा स्वीकृत गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

त्यसै गरी खरिद सम्झौताको शर्त नं. ३४ र ३५ अनुसार त्रुटि सच्याउनुपर्ने दायित्व निर्माण व्यवसायीको हुने उल्लेख छ। महाकाली पुल योजना कार्यालयले नदी नियन्त्रण कार्यअन्तर्गत चेनेज १+००० देखि १+६०० सम्मको लन्चिङ एप्रोनको २ हजार ८२१ घनमिटर कार्यको रू.९६ लाख ९१ हजार भुक्तानी भएपछि नदीमा आएको बाढीका कारण उक्त कार्यमा क्षति पुगेको देखिएकोले निर्माण व्यवसायीले सो कार्यसमेत सम्पन्न गर्नुपर्दछ।

४७. **फरक चेनेजमा कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल वा बीजकको भुक्तानी गर्दा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको शर्तबमोजिम गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लिखित स्थानभन्दा फरक स्थानमा गरेको निर्माण कार्यको भुक्तानी दिन नमिल्ने भए तापनि विभाग मातहतका कार्यालयहरूबाट त्यस्तो भुक्तानी भएका बेहोरा देहायबमोजिम छन्:

४७.१ सडक डिभिजन, तुम्लिङटारले चैनपुर खाँदबारी सडकमा चेनेज ५०+००० देखि ५६+९७९ सम्म कालोपत्रे कार्य गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७८।२।१७ मा रू.५ करोड ३ लाख १३ हजारको सम्झौता गरेकोमा चेनेज ५८+०४० देखि ५८+०६०, ५९+१०० देखि ५९+४४८ र ४९+९५६ देखि ४९+९७१ सम्ममा अस्फाल्टको कार्य गरी रू.८४ लाख ५५ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

४७.२ सडक डिभिजन, चरिकोटले ५ ठेक्का र गमगढी नाचालाग्ना सडक योजनाले एक ठेक्कामा तोकेको चेनेज भन्दा फरक चेनेजमा कार्य गराई निर्माण व्यवसायीलाई रू.४ करोड ६० लाख ८३ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन।

४८. **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी विभागअन्तर्गतका २७ डिभिजन तथा योजना कार्यालयले रू.१२ अर्ब २५ करोड २ लाखका २०४ खरिद सम्झौतामध्ये ११५ ठेक्कामा रू.२ अर्ब ५३ करोड ६४ लाख भुक्तानी भई सम्झौताको २०.७१ प्रतिशत मात्र प्रगति भएकोले तीन सडक योजनाहरू अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बीचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या र समयावधि बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

४९. **बेलिब्रिज** - सडक डिभिजन, चौरजहारीले भेरी करिडोर सडक खण्डको तल्लुबगरमा जाजरकोट र डोल्पा जोड्ने ७६ मिटर लामो बेलिब्रिजको प्रारम्भिक ड्रइङ डिजाइनअनुसार ४८ मिटर स्पानका २ बेलिब्रिज

जडानको कार्य म्याद थपसहित २०७९।१०।३० भित्र कार्यसम्पन्न गर्न एक संयुक्त उपक्रमसँग रू.३ करोड ८४ लाख ९७ हजारमा सम्झौता गरेको छ। यो वर्षसम्म रू.१ करोड ३० लाख ७७ हजार भुक्तानी भई निर्माणाधीन रहेको अवस्थामा २०८०।१।७ मा पुल भाँचिएको छ। सम्झौताको शर्तमा उल्लेख भएभन्दा रू.५३ लाख ३१ हजार कम रकमको बीमा गराएको र बीमाको अवधि २०७९।१०।३० मा समाप्त भएकोमा नवीकरण गराएको छैन। निर्माण व्यवसायीबाट सम्झौतामा तोकिएअनुसार कार्यसम्पन्न गराउनुपर्दछ।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

मध्य पहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्ने उद्देश्यले पाँचथरको चियो भन्ज्याङदेखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ किलोमिटर सडक र १३७ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा सुरु भई २०७९।८० मा सम्पन्न गर्ने सुरु लक्ष्य रहेकोमा २०८४।८५ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ।

५०. **लक्ष्य प्रगति -** आयोजनाको सुरु लागत रू.३३ अर्ब ३६ करोड अनुमान गरिएकोमा संशोधित लागत रू.८४ अर्ब ३३ करोड रहेको छ। यो वर्ष १४३ किलोमिटर कालोपत्रे सडक र ९ पुल निर्माण कार्य सम्पन्न भएकोसमेत आयोजना सुरु भएको १५ वर्षमा १ हजार ४०२ किलोमिटर कालोपत्रे सडक र १०२ पुलको निर्माण सम्पन्न भई भौतिक प्रगति ७२.७० र वित्तीय प्रगति ७६.८० प्रतिशत भएको छ। आयोजनामा यो वर्षको रू.५ अर्ब ९२ करोडसमेत रू.६४ अर्ब ७६ करोड खर्च भएको छ। आयोजनाअन्तर्गत ३६१ किलोमिटर सडक र २० पुल निर्माणाधीन अवस्थामा रहेको छ। केही खण्डको सडक तथा पुल निर्माणकार्य सुरु हुन सकेको छैन। उल्लिखित प्रगतिको स्थिति विश्लेषण गर्दा आयोजनाबाट निर्धारित लक्ष्यअनुसार समयमा कार्यसम्पन्न हुने अवस्था देखिँदैन। संशोधित कार्यतालिकाअनुसार आयोजनाको कार्यसम्पन्न गराउनुपर्दछ।

५१. **निर्माण कार्य** - योजना कार्यालय, काभ्रेपलाञ्चोकले होस्टे खोला पुल निर्माण कार्य २०७८।११।२५ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।२।२५ मा रू.४ करोड २६ लाख ८८ हजारको सम्झौता गरेकोमा निर्माण व्यवसायीले यो वर्षसम्म पनि निर्माण कार्य सुरु गरेको छैन। निर्माण कार्य सुरु नगर्ने निर्माण व्यवसायीलाई खरिद कानुन तथा सम्झौताअनुसार कारबाही गरी कार्यसम्पन्न गर्नुपर्दछ।

५२. **डुबान क्षेत्रमा सडक -** योजना कार्यालय, गोरखाले बुढीगण्डकी जलाशययुक्त आयोजनाको डुबान क्षेत्रभित्र पर्ने आरुघाट-ओखले सडक खण्डको ४ किलोमिटर लम्बाइमा कालोपत्रेसहित स्तरोन्नतिगर्ने २०७८।१।१३ को मन्त्रीस्तरीय निर्णयअनुसार एक निर्माण व्यवसायीसँग रू.६ करोड ९२ लाख ३३ हजारको सम्झौता भई यो वर्षसम्म रू.४ करोड ६४ लाख २९ हजार भुक्तानी भएको छ। बुढीगण्डकी आयोजनाको डुबान क्षेत्रभित्र सडक निर्माण कार्यमा भएको खर्च उपयोगविहीन हुने देखिन्छ। कार्यालयले डुबान क्षेत्रको निर्माण कार्य सम्बन्धमा सम्बन्धित आयोजनासँग समन्वय गरी सडकको आयुसमेतलाई मध्यनजर गरी कार्य अगाडि बढाउनुपर्दछ।

५३. **चेनेज दोहोरिएको -** योजना कार्यालय, गोरखाले कार्यान्वयन गरेको पाटीभन्ज्याङदेखि छहरे सडक खण्डको चेनेज २१+७४० देखि २६+०६६ सम्म दुई निर्माण व्यवसायीसँग खरिद सम्झौता गरी एकै चेनेजमा

सब ग्रेडको कार्य गराई रू.२९ लाख २९ हजार दोहोरो भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ। साथै सोही चेनेजमा ५ हजार ५६ घनमिटर सब-बेसको कार्य भएकोमा चेनेज ०+१३० देखि २७+६७० सम्म पुनः अर्को ठेक्काको निर्माण व्यवसायीबाट सोही कार्य गराई ४५ हजार ६८६ घनमिटरको रू.१ करोड २ लाख ८४ हजार भुक्तानी दिएकोले सब-बेस कार्यमा दोहोरो परेको कार्यको रकम यकिन गरी असुल गर्नुपर्दछ।

५४. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३क) मा कार्यालय प्रमुखले कम्तीमा दुई माइलस्टोन राखी निर्माण कार्यको म्याद थप गर्न सक्ने तथा माइलस्टोनअनुसार प्रगति हासिल नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। योजना कार्यालय, काभ्रेपलाञ्चोकले ६ ठेक्कामा माइलस्टोनअनुसार कार्य नगरेको जनाई रनिङ बिल भुक्तानी दिँदा रू.२ करोड ८९ लाख ५३ हजार पूर्वनिर्धारित क्षतिपूर्तिबापतको रकम रोक्का राखी भुक्तानी दिएको छ। सम्झौताको शर्त तथा म्याद थपको निर्णय अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्दछ।

हुलाकी राजमार्ग आयोजना निर्देशनालय

तराईका २१ जिल्लामा पूर्व-पश्चिम ९७५ किलोमिटर र उत्तर-दक्षिण सहायक मार्ग करिब ८१७ किलोमिटरसहित १ हजार ७९२ किलोमिटर सडक र सो सडक खण्डमा पर्ने २१९ पुलको निर्माण गर्न यो आयोजना २०६५।६६ देखि सुरु भएको हो। आयोजनाको निर्माण कार्य २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८३।८४ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ।

५५. **लक्ष्य प्रगति** - आयोजनाअन्तर्गत १ हजार ७९२ किलोमिटर कालो पत्रे सडक र २१९ पुल निर्माण गर्न रू.४७ अर्ब २४ करोड प्रारम्भिक लागत अनुमान रहेकोमा हाल १ हजार ८५७ किलोमिटरमध्ये १ हजार ४५० किलोमिटर कालोपत्रे सडक र २५० पुल निर्माण गर्न रू.६५ अर्ब २० करोडको संशोधित लागत अनुमान स्वीकृत भएको छ। यो वर्ष १४८ किलोमिटर कालोपत्रे सडक र १६ पुलको निर्माण कार्यसम्पन्न भएको समेत आयोजना सुरु भएको १५ वर्षमा १ हजार ३९ किलोमिटर कालोपत्रे सडक र १३२ पुल निर्माण सम्पन्न भई भौतिक प्रगति ९१ प्रतिशत रहेको छ। यो वर्ष खर्च भएको रू.६ अर्ब ८२ करोडसमेत कुल रू.५९ अर्ब ६५ करोड खर्च भएको छ। आयोजनाअन्तर्गत ४०० किलोमिटर सडक र ४५ पुल निर्माणाधीन अवस्थामा रहेको तथा १७६.५ किलोमिटर सडक तथा ७५ पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ। उल्लिखित प्रगतिको स्थिति विश्लेषण गर्दा आयोजनाबाट निर्धारित समयमा सम्पन्न हुने अवस्था देखिँदैन। संशोधित कार्यतालिकाअनुसार योजनाका कार्यसम्पन्न गराउनुपर्दछ।

५६. **रूख कटान** - हुलाकी सडक आयोजना कार्यालय, कपिलवस्तुले सडक ट्रयाक खोल्ने, स्तरोन्नति गर्ने कार्य गर्दा बाँके जिल्लातर्फ ६ हजार ४५४ क्युबिक फिटका २९० रूख कटान गरी २०८०।८।१७ मा डिभिजन वन कार्यालय, बाँकेलाई बुझाएको छ। बर्दिया जिल्लातर्फ ५ हजार ९११ क्युबिक फिटका ६०५ रूख कटान गरेकोमा वन कार्यालयलाई हस्तान्तरण गरेको छैन। सडक क्षेत्रमा कटान गरेको रूखको अभिलेख अद्यावधिक गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्दछ।

५७. **बिरिङ्ग खोला पुल -** हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीले झापास्थित बिरिङ्ग खोलामा पुल निर्माण गर्न निर्माण व्यवसायीसँग २०६८।३।१३ मा रू.१५ करोड ५० लाख ५८ हजारको सम्झौता गरेको

छ। कार्यालयको अनुगमन प्रतिवेदनमा यो वर्षसम्म सुपरस्ट्रक्चरतर्फ बीओक्युअनुसारकै रू.५ करोड ८८ लाख भुक्तानी भएकोमा पुलको दोस्रो स्पानको ५, चौथो र पाँचौं स्पानको २/२ गर्डरका बियरिङहरू बिग्रिएको, दबिएको र त्र्याक आएकोले पुल जोखिममा परेको उल्लेख छ। बियरिङमा सुधार तथा लोडटेस्ट गरी कार्यसम्पन्न गर्नुपर्दछ।

५८. **बीमा अवधि -** हुलाकी राजमार्ग योजना कार्यालय, वीरगन्जले १२ ठेक्का कार्यान्वयन गर्दा बोलपत्र कागजातको बुँदा नं.१९.१ बमोजिम निर्माण व्यवसायीहरूले सम्झौतादेखि त्रुटि सच्याउने अवधिसम्म पूरा अवधिको बीमा नगरेको अवस्थामा समेत बीमाबापतको सबै रकम भुक्तानी दिएकोले आनुपातिक रूपमा बढी भुक्तानी भएको रू.५२ लाख ४ हजार असुल गर्नुपर्दछ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

झापाको शान्तिनगरदेखि डडेलधुराको रूपालसम्म ७४० किलोमिटर सडक र १८५ वटा पुल निर्माण कार्य गर्न २०७५।७६ सम्म सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयबाट आयोजना निर्देशनालय स्थापना भई निर्माण कार्य हुँदै आएको छ।

५९. **लक्ष्य प्रगति -** आयोजनाको कुल लागत अनुमान रू.७५ अर्ब रहेकोमा २०८०। ८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ। यो वर्षसम्म रू.३४ अर्ब खर्च भई २९९ किलोमिटर सडक र १२० पुल निर्माण सम्पन्न भई सडक निर्माणतर्फ ४०.४ प्रतिशत र पुल निर्माणतर्फ ६५ प्रतिशत प्रगति भएको छ। आयोजनाअन्तर्गत ३६१ किलोमिटर सडक र २० पुल निर्माणाधीन अवस्थामा रहेको छ। कुल ७४० किलोमिटर सडकमध्ये ४५४ किलोमिटर सडकको ठेक्का व्यवस्थापन गरी कार्य भइरहेको, २८६ किलोमिटर ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको र ८९ किलोमिटर सडकको ट्र्याक खोल्न बाँकी रहेको छ। उल्लिखित प्रगतिको स्थिति विश्लेषण गर्दा लक्षित समयमा आयोजना सम्पन्न हुने अवस्था देखिँदैन। संशोधित कार्यतालिकाअनुसार योजनाका कार्यसम्पन्न गराउनुपर्दछ।

६०. **लागत अनुमान -** वन नियमावली, २०७९ को नियम ९३ मा विकास आयोजनाले राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्नुपर्ने अवस्थामा हटाउनुपर्ने रूखहरूको दश गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म संरक्षण गर्न लाग्ने रकम वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। निर्देशनालय र मातहत योजना कार्यालयबाट कार्यान्वयन गरिएका खरिद सम्झौतामा निर्माण कार्यको मात्र लागत अनुमान तयार गरी सोको मात्र स्रोत सुनिश्चितता गराई कार्य गराएको छ। नियमावलीको व्यवस्थाअनुसार वृक्षारोपण समेतको लागत अनुमान तयार गरी बजेट व्यवस्था गर्नुपर्छ।

६१. **ओभरहेड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र ११ मा लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही अनुसूची १ मा उल्लेख भएको ढाँचामा गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान तयार गर्दा दर विश्लेषणमा १५ प्रतिशत ओभरहेडबापतको रकम समावेश हुनेमा योजना कार्यालय, दमकले सम्झौतामा प्रोभिजनल समतर्फ ओभरहेड दिने व्यवस्था नरहेकोमा एक निर्माण व्यवसायीलाई विद्युत पोल स्थानान्तरण कार्य गराउँदा १० प्रतिशत ओभरहेडबापत रू.४१ लाख ९७ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन।

६२. **कार्य स्वीकार** - योजना कार्यालय, हेटौँडाले हेटौँडादेखि सिन्धुलीको भिमानसम्मको ११५ किलोमिटर सडक निर्माण कार्य ३६ महिनाभित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३।७।२२ मा रू.७ अर्ब ७७ करोड ४४ हजारको सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

६२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म कार्य स्वीकार गर्न नहुने उल्लेख छ। योजनाले २०७९।५।६ मा कार्य स्वीकार गर्दा रू.१४ करोड ४२ लाख ३१ हजारको काम बाँकी रहेको देखाएकोमा सो पश्चात् करिब ५ किलोमिटर लम्बाइमा सडक अपग्रेडिङ्ग, कालोपत्रेलगायतका कार्य गरी यो वर्ष रू.९ करोड ४६ लाख ४९ हजार भुक्तानी गरेको छ। सिन्धुली बजार क्षेत्रलगायत विभिन्न चेनेजमा जग्गा विवाद तथा मुआब्जा विवादका कारण करिब १ हजार ९९० मिटरमा निर्माण कार्य बाँकी रहे तापनि निर्माण कार्यसम्पन्न भएको जनाई सडक डिभिजन, हेटौँडालाई २०७९।९।२९ मा हस्तान्तरण गरेको छ। संरचनाको उपयुक्तताको परीक्षण नगरी कार्य स्वीकार गरेको तथा त्रुटि सच्याउने अवधिमा बाँकी कार्य गराई भुक्तानी दिएको नियमसम्मत देखिएन।

६२.२ राजमार्गको चेनेज २९६+५०० देखि २९७+७०० सम्म (मकवानपुरको फुर्केचौर-श्रीपुर खण्ड) को १ हजार २०० मिटरमा तराई मधेश द्रुतमार्गको प्रमुख पुल पर्ने भएकोले सो खण्डमा तराई मधेश द्रुतमार्ग सडक योजनाबाट निर्माण गर्ने गरी मन्त्रिस्तरबाट २०७६।१०।२६ मा निर्णय भएको छ। योजना कार्यालय, हेटौँडाले सो क्षेत्रमा आरसीसी ढलान सहितको सडक निर्माण कार्य गर्न भेरिएसनबाट परिमाण थप गरी एक संयुक्त उपक्रमलाई रू.३ करोड ९७ लाख ९४ हजार भुक्तानी दिएको छ। द्रुतमार्गको एलाइन्मेन्टमा पक्की संरचना निर्माण गरेकोले थप व्ययभार परेको छ।

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

भारतीय एक्जिम बैङ्कको ऋण सहायताबाट सञ्चालित योजनाहरूको समन्वय गर्ने कार्यको लागि यो निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयले आयोजनाअन्तर्गत सञ्चालित योजनाको लागि परामर्शदाता छनोट, योजनाको सर्भेक्षण, लागत अनुमान स्वीकृति, सिफारिस तथा ठेक्कापट्टाको कार्य गराई मोबिलाइजेसन पेस्कीसमेत भुक्तानी गरी बाँकी कामको जिम्मेवारी मातहत योजना कार्यालयमा पठाउने गरेको छ। आयोजना समन्वय एकाइले सम्झौता अनुसार सहायता रकमको उपयोग र परिचालन गर्न सहजीकरण गर्ने, केन्द्रीय अभिलेख राख्ने र मातहतका योजना कार्यालयका निर्माण कार्यको व्यवस्थापन गर्ने गरेको छ।

६३. **प्रगति स्थिति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३६ मा तोकिएको लक्ष्य अनुसार कार्यसम्पन्न गरी प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले प्रथम चरणमा खरिद सम्झौता भएका सबै १२ आयोजना सम्पन्न, दोस्रो चरणमा भएका १७ खरिद सम्झौतामध्ये १० सम्पन्न, ३ ठेक्का तोडेको र ४ सञ्चालनमा रहेका तथा तेस्रो चरणमा १४ खरिद सम्झौता भएकोमा १२ सञ्चालनमा रहेका र २ पूर्वयोग्यता निर्धारण प्रक्रियामा रहेको छ। आयोजनाअन्तर्गत तेस्रो चरणमा सञ्चालनमा रहेका १२ योजनाको भौतिक प्रगति ०.९५ देखि १०० प्रतिशतसम्म रहेको छ। तेश्रो चरणमा सञ्चालित आयोजनाहरूको समग्र भौतिक प्रगति ६८.०३ प्रतिशत रहेको छ। सम्झौताबमोजिमका कार्यक्रमहरू तोकिएको समयमा सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

६४. **ऋण उपयोग** - नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मार्फत सहुलियतपूर्ण ऋण र अन्य ऋणलाई भौतिक पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिएको छ। सडक सुधार तथा विकास आयोजनाअन्तर्गत सम्झौता भएका ४ चरणमध्ये प्रथम चरणमा १२ खरिद सम्झौतामा अमेरिकी डलर ४७.०३ मिलियन खर्च भई ९४ प्रतिशत, दोस्रो चरणमा १७ खरिद सम्झौतामा अमेरिकी डलर ६३.३८ मिलियन खर्च भई ९१.४४ प्रतिशत र तेस्रो चरणमा १४ खरिद सम्झौतामा अमेरिकी डलर १२८.३२ मिलियन खर्च भई ६४.५८ प्रतिशत वित्तीय प्रगति र चौथो चरणमा अमेरिकी डलर ४५५ मिलियनको प्रारम्भिक सम्झौता भएकोमा उक्त ऋणको लगानी गर्ने क्षेत्र सम्बन्धमा हालसम्म निर्णय गरेको छैन। उक्त ऋणको वार्षिक ब्याज दर प्रथम चरणका लागि १ प्रतिशत, दोस्रो चरणका लागि १.५० प्रतिशत र तेस्रो तथा चौथो चरणका लागि २ प्रतिशत भएकाले वार्षिक ब्याजदर बढ्दै गएको र वित्तीय प्रगति घट्दै गएको छ। खरिद सम्झौताको कार्यान्वयन गरी प्राप्त ऋण सहायता प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

६५. **विदेशी मुद्रामा भुक्तानी -** सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीले नेपाली मुद्रामा कबोल दर उल्लेख गरेको र अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई शतप्रतिशत रकम सम्झौताका बखत कायम विनिमय दरका आधारमा अमेरिकी डलरमा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। आयोजनाले सडक निर्माण कार्यमा विदेशी मुद्रा खर्च हुने आधार खुलाएको छैन। नेपाली मुद्रामा पेस भएको रनिङ बिल रकमलाई हालको विनिमय दरअनुसार गणना नगरी सम्झौताका बखत कायम विनिमय दर प्रति अमेरिकी डलर रू.९९.६२ ले गणना गरी अमेरिकी डलरमा भुक्तानी दिएको कारण यो वर्षसम्म भक्तपुर-नगरकोट-सिपाघाट सडक योजनामा रू.३ करोड ६ लाख ४२ हजार र छहरे-विदुर सडक योजनामा रू.३ करोड ७ लाख ८० हजार गरी दुई ठेक्काको भुक्तानीमा रू.६ करोड १४ लाख २२ हजार र मूल्य समायोजन भुक्तानीमा रू.१ करोड ३७ लाख ३२ हजार थप व्ययभार परेको छ।

६६. **मूल्य समायोजन -** गैंडाकोट-रामपुर-पिपलडाँडा सडक खण्ड निर्माण गर्न एक विदेशी निर्माण व्यवसायीसँग १९ नोभेम्बर २०१८ मा अमेरिकी डलर ४ करोड ९२ लाख ९९ हजार ६०० को खरिद सम्झौता भएको छ। खरिद सम्झौतामा नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित मूल्यसूचीलाई आधार लिई मूल्य समायोजन गर्ने उल्लेख छ। निर्माण व्यवसायीले अमेरिकी डलरमा दररेट उल्लेख गरेकोले मूल्य समायोजन गणना गर्दा अमेरिकी आधिकारिक निकायले प्रकाशन गरेको मूल्यसूची प्रयोग गर्नुपर्ने देखिन्छ। सोअनुसार मूल्य समायोजन अमेरिकी डलरमा गणना गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कले नेपाली रुपैयाँमा प्रकाशन गरेको मूल्यसूची प्रयोग गरी यो वर्षसम्म अमेरिकी डलर २ लाख ५९ हजार ६७५ मूल्य समायोजन भुक्तानी गरेको छ। मूल्य समायोजन गणना यथार्थपरक रहेको देखिएन।

६७. **सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

६७.१ भालुबाङ-बागदुला-भिमगिठ्ठे, चन्द्रौटा-कृष्णनगर, लमही-घोराही-तुलसीपुर सडक योजना, दाङले लमही घोराही सडक स्तरोन्नति कार्य ३० महिनाभित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २८ जनवरी २०१९ मा अमेरिकी डलर १ करोड २१ लाख ८२ हजारको सम्झौता गरेको छ। निर्माण व्यवसायीबाट

तोकिएको समयमा कार्यसम्पन्न नभएको जनाई २०८०।१।२६ मा खरिद सम्झौता अन्त्य गरेको छ। सम्झौता अन्त्य गर्ने निर्णयमा उल्लेख भएअनुसार बाँकी कार्यसम्पन्न गर्न लाग्ने लागत अनुमान रू.२ अर्ब ४१ करोड १३ लाख ९८ हजार, लेन्थवर्करलाई भुक्तानी दिन बाँकी, परामर्श सेवा शुल्क, निर्माण कार्यको सुपरिवेक्षण गर्न लाग्ने खर्च र पेस्कीमा ब्याजसमेत रू.२ अर्ब ६४ करोड ५९ हजारमध्ये भुक्तानी दिन बाँकी चौथो रनिङ बिलको रू.५ करोड ७९ लाख ६२ हजार घटाई रू.२ अर्ब ५८ करोड २० लाख ९८ हजार असुल गर्नुपर्दछ। साथै कार्यसम्पादन जमानतबापत अमेरिकी डलर १३ लाख ११ हजार जफत गरी कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्दछ।

६७.२ लामोसाँघु-तामाकोशी-जिरी सडकको मुडे-चरिकोट खण्ड स्तरोन्नति कार्य २०७४।११।२१ भित्र सम्पन्न गर्ने गरी २०७२।२।३१ मा एक निर्माण व्यवसायीसँग रू.७९ करोड ८९ लाख ६७ हजारको खरिद सम्झौता भएकोमा सात पटक गरी २०७९।७।१४ सम्म म्याद थप गर्दासमेत निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्य नगरेकोले निर्देशनालयले २०८०।२।२२ मा सम्झौता अन्त्य गरेको छ। सम्झौता अन्त्य गर्ने निर्णयमा उल्लेख भएअनुसार कार्यसम्पादन जमानत रू.४ करोड ६३ लाख ५० हजार तथा सम्झौताबमोजिम बाँकीकार्य पूरा गर्न आवश्यक रकम असुल गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्दछ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

एसियाली विकास बैङ्कको ऋण सहायतामा सञ्चालित सडक योजनाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न यस निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयअन्तर्गत तीन सडक सुधार योजना सञ्चालित छन्।

६८. **प्रगति स्थिति** - खरिद सम्झौतामा उल्लेख भएअनुसारको अवधिमा निर्माण कार्यसम्पन्न गर्नका लागि आवश्यक पर्ने स्रोत साधनको पर्याप्त प्रबन्ध गरी निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ। निर्माण कार्यसम्पन्न गर्न आवश्यक पर्ने जनशक्ति, निर्माण सामग्री र मेसिन उपकरणको व्यवस्थाको सुनिश्चितता, सोको कार्यान्वयन र अनुगमनका साथै निर्माण स्थलको व्यवस्था गरी खरिद व्यवस्थापन गर्नुपर्नेमा सोको पर्याप्त विश्लेषण र प्रबन्ध नगरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ। कार्यान्वयनमा रहेका आयोजनाहरूको स्थिति निम्नानुसार छः

क्र.सं.	ठेक्का विवरण	सडकको लम्बाइ (कि.मि.)	वर्षान्तसम्म व्यतीत अवधि प्रतिशत	भौतिक प्रगति प्रतिशत
१	नारायणगढ-बुटवल राजमार्ग (पूर्वी खण्ड)	६४.४	९८.३२	४०
२	नारायणगढ-बुटवल राजमार्ग (पश्चिम खण्ड)	४८.५	९९.६३	३५
३	मुग्लिङ-पोखरा सडक (पूर्वी खण्ड)	४१.४५	७६	३२
४	मुग्लिङ-पोखरा सडक (पश्चिम खण्ड)	३८.८८	६४	८
५	कञ्चनपुर-कमला राजमार्ग (पूर्वी खण्ड)	३९.४	९२	३२
६	कञ्चनपुर-कमला राजमार्ग (पश्चिम खण्ड)	४७.४	९२	३५

मुग्लिङ-पोखराको पूर्वी खण्डको डुम्रे पूर्वको केही स्थानमा र पश्चिम खण्डको गगनगौंडादेखि पोखरा खण्डसम्म सडक स्तरोन्नतिको काम सुचारू हुन सकेको छैन। उल्लिखित आयोजनामा परामर्श

सेवा र सम्झौता अवधिको तुलनामा निर्माण कार्यको प्रगति न्यून रहेको छ। निर्देशनालयले न्यून प्रगति हुनुका कारण पहिचान गरी निर्धारित समयभित्र कार्यसम्पन्न गराउनुपर्दछ।

६९. **परामर्श सेवा खर्च -** नारायणगढ-बुटवल सडक खण्डका लागि परामर्शदाताको सुरु अवधि ४८ महिना रहेकोमा भेरिएसन पश्चात् कायम भएको ६९.५१ महिनामध्ये ५८.७ महिनाको लागि वर्षान्तसम्म निर्देशनालयले सो परामर्शदातालाई अमेरिकी डलर ३० लाख २ हजार र स्थानीय मुद्रा रू.४३ करोड २५ लाख भुक्तानी दिएको छ। कञ्चनपुर-कमला सडक खण्ड र मुग्लिङ-पोखरा सडक खण्डका परामर्शदातालाई क्रमशः अमेरिकी डलर १६ लाख ३२ हजार र ५ लाख ५४ हजार तथा नेपाली मुद्रा रू.१५ करोड ३ लाख र रू.१० करोड ५६ लाख खर्च भइसकेको छ। निर्माण कार्यको अवधिअनुरूप अन्तर्राष्ट्रिय परामर्शदाताबाट सेवा लिए तापनि समयबद्ध सम्झौतालाई नतिजासँग आबद्ध गर्न नसक्दा परामर्श सेवामा बढी खर्च गर्नु परेको स्थिति छ। परामर्शदाताले निर्माण कार्यको परामर्श सेवामा खर्चिएको वास्तविक अवधिको पुष्टि हुने प्रमाणको आधारमा सेवा शुल्क भुक्तानी दिने र निर्माण कार्यको कार्यान्वयनमा परामर्शदातालाई पनि जिम्मेवार बनाई परामर्श सेवा खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

७०. **विदेशी मुद्रा भुक्तानी** - निर्देशनालयअन्तर्गत सञ्चालित खरिद सम्झौतामा निर्माण व्यवसायीले कबोल गरेको दर तथा सम्झौता रकम नेपाली मुद्रामा रहेको छ। सम्झौता रकम नेपाली मुद्रामा उल्लेख गरी नारायणगढ-बुटवल सडकको पूर्वी खण्ड र मुग्लिङ-पोखरा सडकको पश्चिम खण्डमा ४० प्रतिशत र मुग्लिङ-पोखरा सडकको पूर्वी खण्डमा ६० प्रतिशत अमेरिकी डलरमा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। आयोजनाले सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीले विदेशी मुद्रा खर्च गर्नु परेको आधार नखुलाई नेपाली मुद्रामा पेस भएको रनिङ बिल रकमलाई सम्झौताका बखत कायम विनिमय दरले हिसाब गरी अमेरिकी डलरमा भुक्तानी गरेको पाइयो। भुक्तानी अवधिको विनिमय दरअनुसार भुक्तानी नगरी सम्झौताकै बखतको विनिमय दरअनुसार भुक्तानी गर्दा यो वर्षसम्म नारायणघाट-बुटवल पूर्वी खण्डमा रू.९ करोड १२ लाख २७ हजार, मुग्लिङ-पोखरा पूर्वी खण्डमा रू.९ करोड १९ लाख ९६ हजार तथा मुग्लिङ पोखरा पश्चिम खण्डमा रू.१ करोड ८४ लाख २७ हजारसमेत रू.२० करोड १६ लाख ५० हजार थप व्ययभार परेको छ।

७१. **निर्माण कार्य विकल्प** - आयोजना निर्देशनालयले मादी नदीमा ४ लेनको पुल निर्माण कार्यको लागत अनुमान तयार गर्दा सडक विभाग मातहतका निकायले गत विगतमा ११ मिटर चौडाइको पुल निर्माण गर्दा खर्च भएको लागतका आधारमा २ पुलको अनुमानित लागत रू.१ अर्ब २२ करोड ७६ लाख ४१ हजार स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रू.१ अर्ब २१ करोड २३ लाख ९५ हजारको सम्झौता गरेको छ। एप्रोच सडक, नदी नियन्त्रण र डिजाइनबाहेक पुल निर्माण कार्यको मात्र रू.९३ करोड ५२ लाख ६४ हजारको लागत अनुमान रहेकोमा निर्माण व्यवसायीले पेस गरेको दररेटअनुसार सो कार्यको लागि रू.९५ करोड ५० लाख कबोल गरेको छ। लागत अनुमान तयार गर्दा स्पष्ट रूपमा दुई-दुई लेनका दुईवटा पुल बनाउने उल्लेख भएकोमा बिल अफ क्वान्टिटीमा ११ मिटर चौडाइका दुई पुल वा २३ मिटर चौडाइको एउटा पुल बनाउनुपर्ने गरी विकल्प समावेश गरेको छ। यसरी दुई विकल्प दिएकोमा निर्माण कार्यको लागतमा हुने थप-घट सम्बन्धमा अध्ययन गरेको देखिएन।

७२. **शोधभर्ना** - परामर्शदातासँग गरेको खरिद सम्झौताको सामान्य शर्तको बुँदा ४२.१ मा पारिश्रमिक बाहेकका अन्य भुक्तानी यथार्थ खर्चको आधारमा गर्नुपर्ने उल्लेख छ। नारायणगढ-बुटवल सडक खण्ड

र कञ्चनपुर-कमला सडक खण्डका दुई परामर्शदातालाई शोधभर्ना हुने खर्च भुक्तानी गर्दा परामर्शदाताले कार्यालय भाडामा गरेको खर्च तथा सोको पुष्टयाइँ हुने आधार प्रमाण बेगर यो वर्षसम्म रू.३ करोड ३७ लाख ६१ हजार भुक्तानी गरेको छ। सम्झौताको शर्तअनुसार खर्च पुष्टि हुने प्रमाणका आधारमा खर्च लेख्नुपर्दछ।

७३. **म्याद थप** - नारायणगढ-बुटवल सडक खण्डको स्तरोन्नतिको कार्य २०७९।४।२२ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५।१०।२४ मा सम्झौता भएको छ। निर्देशनालयले वर्षा तथा शनिबार र सार्वजनिक बिदालगायतका कारणले काम गर्न नपाएको जनाई दोस्रो पटक २०८१।४।८ सम्म म्याद थप गरेको छ। वर्षाको कारण १६७ दिन तथा सम्झौतामा सार्वजनिक बिदाको दिन कार्य नगर्ने गरी कार्य तालिका स्वीकृत भएको अवस्थामा सार्वजनिक बिदा बाहेक अन्य बिदाको कारण ७३ कार्य दिन प्रभावित भएको उल्लेख गरी म्याद थप गरेको छ। उक्त कार्यदिन प्रभावित भएको सम्बन्धमा पुष्टि हुने आधार प्रमाणबेगर म्याद थप गरेको देखिएकोले सम्झौताको शर्तबमोजिम रू.९१ करोड ३१ लाख ९० हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ।

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

त्रिभुवन राजमार्गको नौबिसे-काठमाडौं खण्डमा पर्ने नागढुङ्गा भन्ज्याङको सिस्नेखोलादेखि काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं.३ सम्मको २ हजार ६६८ मिटर सुरुङ निर्माण र सोको लागि पश्चिमतर्फ ५६५ मिटरको र पूर्वतर्फ २ हजार ३०७ मिटरको पहुँच सडक निर्माण गरी सडक यातायात सुधार गर्ने र नागढुङ्गा आसपासमा रहेको सवारी चापलाई कम गर्ने उद्देश्य रहेको छ। सुरुङ मार्ग निर्माणको लागि जापान सरकारसँग २२ डिसेम्बर २०१६ मा ऋण सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको छ। एक विदेशी निर्माण कम्पनीसँग जापानी येन १३ अर्ब २९ करोड ८० लाख १३ हजारको कार्य ४२ महिना भित्र सम्पन्न गर्नेगरी २३ सेप्टेम्बर २०१९ मा सम्झौता भएकोमा यो वर्षसम्म रू.८ अर्ब ७५ करोड ७४ लाख भुक्तानी भएको छ।

७४. **वार्षिक प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाबाट प्राप्त विवरणअनुसार २ हजार ६८८ मिटर सुरुङ मार्ग र २ हजार ५५७ मिटरको आपतकालीन उद्धार सुरुङमध्ये २ हजार ६७२ मिटर कार्यसम्पन्न भएको छ। आपतकालीन उद्धार सुरुङ खन्ने र प्राइमरी सपोर्टको कार्यसम्पन्न भएकोमा सडकको पेभमेन्ट र फ्यासिलिटिजको कार्य बाँकी रहेको छ। तोकिएको समय र लागतमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७५. **जग्गा अधिग्रहण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गर्नुपर्ने उल्लेख छ। आयोजनाका लागि अधिग्रहण गर्नुपर्ने ६४७ कित्ताको ४०९ रोपनी १ आना २ पैसा २ दाम जग्गामध्ये २७२ रोपनी २ आना २ पैसा २ दाम अधिग्रहण गरी क्षतिपूर्तिबापत रू.२ करोड २८ लाख ४९ हजार र मुआब्जामा रू.५ अर्ब ८८ करोड ६६ लाख ३१ हजारसमेत रू.५ अर्ब ९० करोड ९४ लाख ८० हजार खर्च भए तापनि १७६ कित्ताको १३६ रोपनी ४ आना २ पैसा २ दाम क्षेत्रफल जग्गा अधिग्रहण गर्न बाँकी रहेको छ। तोकिएबमोजिम जग्गा अधिग्रहणको कार्यसम्पन्न गर्नुपर्दछ।

फ्लाईओभर निर्माणस्थलको मापदण्डमा परेको ६७ रोपनी १ पैसा १ दाम जग्गाको मुआब्जा वितरणमा विवाद भई जग्गा अधिग्रहण भएको छैन। सुरुङको वेस्ट पोर्टलतर्फ निर्माण गरिने रोड साइड सर्भिस स्टेशनमा पर्ने १३ रोपनी ३ पैसा क्षेत्रफलको ६ कित्ता जग्गा अधिग्रहण गर्नुपर्नेमा २०३५ सालमा नापी फिल्ड बुकमा त्रिभुवन राजपथको चौडाइ २५ मिटर रहेअनुसार सडकको अधिकार क्षेत्रभित्र पर्ने जनाए तापनि तत्कालीन सरकारको २०५०।३।३ को निर्णय अनुसार उक्त जग्गा विभिन्न व्यक्तिको नाममा दर्ता भएको देखियो। जग्गा विवाद टुङ्गो लगाई रोड साइड सर्भिस स्टेशन लगायतका संरचना निर्माण गर्नुपर्दछ।

७६. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण सामग्रीको दरभाउ, मेसिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निधारण गर्नुपर्ने व्यवस्था छ। काठमाडौं जिल्लाको दैनिक ज्यामी ज्याला दर दक्ष ज्यामीको रू.९१० र अदक्ष ज्यामीको रू.६७० रहेकोमा आयोजानाले लागत अनुमान तयार गर्दा ऋण सम्झौतामा उल्लेख भएअनुसार श्रम ऐन, २०४८ को आधारमा श्रमिकका विभिन्न सुविधा समावेश गरी ५३ प्रतिशत थप गरी क्रमशः रू.१ हजार ३९२ र रू.१ हजार २५ को आधारमा लागत अनुमान तयार गरेका कारण ज्यालातर्फ लागत अनुमानमा मूल्य अभिवृद्धि करसमेत रू.२१ करोड ६७ लाख ९३ हजार थप लागत समावेश हुन गएको छ। निर्माण सम्झौताको कार्यान्वयनको क्रममा उक्त व्यवस्थाको यकिन गरी पालना स्थितिमा ध्यान दिनुपर्ने देखिन्छ।

७७. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं.१३.८ मा निर्माण व्यवसायीले तोकिएको समयावधिमा निर्माण सम्पन्न नगरेमा निर्माण सम्पन्न हुने मितिदेखि ४९ दिन अघिको मूल्यसूचीको आधारमा इन्डेक्स फ्रिज गर्ने र उक्त इन्डेक्स वा हालको इन्डेक्स जुन घटी हुन्छ सो आधारमा मात्र भुक्तानी दिने उल्लेख छ। निर्माण कार्यसम्पन्न गर्नुपर्ने अवधि अप्रिल २६, २०२३ मा समाप्त भएकोमा २ पटक गरी अप्रिल २५, २०२४ सम्म म्याद थप भएको छ। इन्डेक्स फ्रिज नगरेका कारण मूल्य समायोजन बापत रू.३ करोड १५ लाख ८७ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

७८. **नयाँ आइटममा मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता बमोजिम काम सुरु गरिसकेपछि पूर्वानुमान नगरिएको परिस्थिति कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। भेरिएसन आदेश जारी पश्चात् कायम थप परिमाणमा नयाँ दर सम्झौता भएको अवस्थामा मूल्य समायोजन दिँदा भेरिएसन स्वीकृत गरेको मितिभन्दा २८ दिन अगाडिको मूल्यसूचीलाई आधार मानी मूल्य समायोजन दिनुपर्नेमा सम्झौता भएको २८ दिन अगाडिको बेस इन्डेक्सको आधारमा भुक्तानी दिएको देखिएकोले मूल्य समायोजन रू.६५ लाख ६ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

काठमाडौं उपत्यका सडक विस्तार आयोजना

काठमाडौं उपत्यकाभित्र यातायात सञ्जालमा देखिएको समस्या समाधान गर्ने उद्देश्यले २०६३।६४ मा यस आयोजनाको स्थापना भई २०६८।६९ देखि उपत्यकाभित्रको १४ मिटरभन्दा बढी चौडाइका सडक विस्तार एवं सुधार गर्दै आएकोमा नेपाल सरकारको निर्णयअनुसार २०८०।८।१ देखि यो आयोजना काठमाडौं चक्रपथ सुधार आयोजनामा गाभिएको छ।

७९. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाअन्तर्गत १५ स्थानको ११२.७३ किलोमिटर सडक विस्तार तथा कालोपत्रे र पुल निर्माण गर्ने लक्ष्य रहेको छ। आयोजनाबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्षसम्म १५३ ठेक्का व्यवस्था भई ११२.५० किलोमिटर सडक निर्माण कार्यसम्पन्न भएको र बाँकी ५ ठेक्का तर्फको २३० मिटर सडक र ४ पुल निर्माणाधीन रहेको छ। आयोजनाअन्तर्गत यो वर्ष सडक विस्तारतर्फ ९ योजना सम्पन्न र ५ योजना निर्माणाधीन रहेकोमा यो वर्षसम्म रू.१० अर्ब १० करोड ५७ लाख खर्च भएको छ। निर्माणस्थलको व्यवस्थापन र साइट क्लियरेन्स, खानेपानी, ढलनिकास, विद्युत लगायतका युटिलिटी स्थानान्तरणजस्ता पूर्वतयारीको कार्य नहुनु, ठेक्का व्यवस्थापन गरेको, विभिन्न तहमा निर्णय प्रक्रियामा ढिलाइलगायतका कारण यस आयोजनाको प्रगति न्यून रहेको तथा मनमत्ता, महादेव र बागमती पुल निर्माणको प्रगति शून्य रहेकोले समस्या समाधान गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

८०. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क(३) मा माइलस्टोन तोकी म्याद थप गरेकोमा तोकिएको माइलस्टोन पूरा नभएमा निर्माण व्यवसायीले पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ। आयोजनाबाट सञ्चालित रू.७९ करोड ५२ लाख २० हजारका ६ ठेक्का कार्य निर्धारित अवधिसम्म सम्पन्न नभएको र म्याद थपको निर्णयसमेत नभएकोले सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

रेल विभाग

रेल सेवाको विकास र विस्तार गरी नेपालमा सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणाली विकास गर्ने, रेल सेवासम्बन्धी अनुसन्धान र विकासको कार्य गर्ने, रेल सेवा विस्तार गर्न सम्भाव्य भएका ठाउँहरूको अध्ययन गर्ने उद्देश्यले २०६८ मा रेल विभागको स्थापना भई सो मातहत रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना सञ्चालनमा आएको छ। आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार मेची महाकाली १ हजार ३ किलोमिटर विद्युतीय रेल्वे ट्रयाक स्ट्याण्डर्ड गेजमा निर्माण गर्न आवश्यक पर्ने जग्गाको मुआब्जा र निर्माण कार्यमा रू.१२ खर्ब ८० अर्ब लाग्ने संशोधित अनुमान भएकोमा यस वर्षसम्म रू.३० अर्ब ४४ करोड ३७ लाख (२.४१ प्रतिशत) खर्च भएको छ।

८१. **कार्यक्रम र प्रगति -** पन्ध्रौं योजना अनुसार २०८०।८१ सम्म पूर्व-पश्चिम, काठमाडौं-पोखरा-तराईलगायतका दक्षिणी सीमाबाट महत्त्वपूर्ण औद्योगिक, व्यापारिक केन्द्र र प्रादेशिक प्रशासनिक केन्द्रहरूलाई पूर्व-पश्चिम एवं काठमाडौं-तराई रेल सञ्जालसँग आवद्ध गर्न ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण गर्ने लक्ष्य रहेकोमा २०७९ असार मसान्तसम्म जनकपुर-जयनगरसम्म

५१ किलोमिटर र जोगबनी-बथनाहा-विराटनगर खण्डमा १० किलोमिटर रेलमार्ग निर्माण भएको छ। बर्दिबास-निजगढ खण्डको ७० किलोमिटर ट्रयाकबेड र पुल निर्माण कार्य भइरहेको छ। काठमाडौं उपत्यकाभित्र ७७ किलोमिटर मेट्रोरेलको सम्भाव्यता अध्ययन भएको र २४ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बोलपत्र आह्वान गरेकोमा ठेक्का रद्द भएको छ। अन्तरदेशीय रेलमार्गको रूपमा जलपाइगुडी-काकडभिट्टा, नौतनवा-भैरहवा, नेपालगन्ज रोड-नेपालगन्ज रेलमार्गको निर्माण गरी रेलसेवा सञ्चालन गर्ने लक्ष्य रहेकोमा प्रगति भएको छैन। आवधिक योजनाको लक्ष्य र कार्यक्रमबीच तादत्म्यता कायम गरी लक्ष्य हासिल गर्नुपर्दछ।

८२. **जग्गा प्राप्ति र मुआब्जा -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। यो वर्षसम्म १ हजार ३७० विघा जग्गा प्राप्तिको लागि सूचना प्रकाशित गरी जिल्ला प्रशासन कार्यालय झापा, सुनसरी, मोरङ, धनुषा सर्लाही, महोत्तरी र रौतहटलाई रू.८ अर्ब ५ करोड ७१ लाख ९७ हजार पेस्की उपलब्ध गराएकोमा ५३८ बिघा जग्गाको मुआब्जा वितरण गरी रू.२ अर्ब ४६ करोड ८३ लाख ५४ हजार फर्स्यौंट भई रू.५ अर्ब ५८ करोड ८८ लाख ४३ हजार बाँकी रहेको छ। जिल्ला प्रशासन कार्यालय, सुनसरी र झापालाई दिएको पेस्की रू.८७ करोड ९५ लाख रेल योजना कार्यालय, झापाको विविध खातामा सारेकोमा यो वर्षसम्म मुआब्जा वितरण कार्य सुरुवात भएको छैन।

८३. **मापदण्ड निर्धारण** - रेल सञ्चालन विश्वव्यापी रूपमा ब्रोड गेज र स्टान्डर्ड गेजको ट्याक प्रचलनमा रहेका छन्। हाल स्टान्डर्ड गेजको रेलको प्रचलन बढिरहेको अवस्थामा नेपालमा सोसम्बन्धी मापदण्ड निर्धारण गरेको देखिएन। चीन सरकारले केरूङ-काठमाडौं-पोखराको लागि स्टान्डर्ड गेजको रेलमार्गको सम्भाव्यता अध्ययन गरिरहेको र भारत सरकारले रक्सौल-काठमाडौं रेलमार्ग निर्माण गर्नका लागि ब्रोड गेजको रेलमार्ग निर्माण गर्ने गरी सम्भाव्यता अध्ययन गरिरहेको छ। नेपाल सरकारले रेलको मापदण्ड निर्धारण गरी रेलमार्ग निर्माण गर्नुपर्दछ।

८४. **विस्तृत परियोजना प्रतिवेदन** - भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा क्रस बोर्डर रेलमार्ग अन्तर्गत जयनगर-बिजलपुरा ५१ किलोमिटर, बिजलपुरा-बर्दिवास १७ किलोमिटर, जोगबनी-विराटनगर १७.५५ किलोमिटर, नौतनवा-भैरहवा १५.३० किलोमिटर, नेपालगन्ज भारतीय बोर्डरदेखि नेपालगन्ज १२.११ किलोमिटर र नयाँ जलपाइगुरी-काकरभिट्टा ७० किलोमिटर र रक्सौल-काठमाडौं ब्रोड गेजमा रेलमार्गको सम्भाव्यता अध्ययन तथा निर्माण सुरु भएकोमा जयनगर-जनकपुर बिजुलपुरा निर्माण सम्पन्न भइ रेल सञ्चालनमा रहेको र बिजलपुरा-बर्दिबास खण्डमा मुआब्जा वितरणको काम भइरहेको, जोगबनी विराटनगरखण्डको १० किलोमिटर भारत सरकारबाट निर्माण सम्पन्न भएको छ। बाँकी रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य सञ्चालन गर्नुपर्दछ।

८५. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम लागत अनुमान तयार गर्दा बीमालगायतका खर्चलाई छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। यो वर्षसम्म रेल विभागअन्तर्गतको रेल योजना कार्यालयले २१ ठेक्कामा रू.२ करोड १८ लाख ४१ हजार बीमा प्रिमियम तिरेको बिल राखी लमसम आइटमबाट रू. ८ करोड ९४ लाख ७५ हजार भुक्तानी दिएकोले रू.६ करोड ७६ लाख ३४ हजार थप व्ययभार परेको छ। बीमा खर्चलाई प्रोभिजनलसममा राखी वास्तविक बिल बीजकका आधारमा मात्र भुक्तानी गर्ने व्यवस्था हुन उपयुक्त देखिन्छ।

त्यसै गरी स्ट्याण्डर्ड बिड डकुमेन्टको जी.सी.सी १९.१ मा ठेक्काको सम्झौतादेखि त्रुटि सच्याउने अवधिसम्मको बीमा गरेको हुनुपर्ने उल्लेख छ। रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना तथा रेल योजना लालबन्दीले २१ ठेक्कामा सम्झौताको शर्तबमोजिम पूरा अवधिको बीमा नभएको अवस्थामा बीमा बापतको सबै रकम भुक्तानी दिएकोले अनुपातिक रूपमा रू.२६ लाख २६ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

८६. **ट्रयाक बेड**- मेची-महाकाली रेल्वे तथा सिमरा वीरगन्ज लिङ्कको सिमरा-बर्दिवास खण्डको विद्युतीय रेल्वे लाइनको विस्तृत सर्भेक्षण तथा डिजाइन प्रतिवेदनको स्पेशिफिकेशन बमोजिम ३०० मिलिमिटरको लेयरमा कम्प्याकसन गर्नुपर्नेमा सडक निर्माण कार्यमा प्रयोग हुने १५० मिलिमिटर लेयरको नर्म्सको आधारमा तयार गरेको छ। यसरी फरक नर्म्सको आधारमा लागत अनुमान तयार गरेका कारण योजना कार्यालय, लालबन्दीको २१ ट्रयाक बेड निर्माणका ठेक्कामा निर्माण व्यवसायीले कबोल गरेको दररेटको आधारमा रू.२४ करोड ४७ लाख ९८ हजार बढी व्ययभार पर्न गएको छ। यथार्थ नर्म्स प्रयोग नगरी लागत अनुमान तयार तथा स्वीकृत गर्नुपर्दछ।

८७. **निर्माण सामग्री प्रयोग** - मेची-महाकाली विद्युतीय रेल्वे तथा सिमरा-वीरगन्ज लिङ्कको सिमरा-बर्दिवास खण्डको विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदनसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदनमा १३०.८८ किलोमिटर रेलमार्ग निर्माण गर्न २ करोड १३ लाख २४ हजार घनमिटर निर्माण सामग्री आवश्यक पर्ने उल्लेख छ। विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदनमा उत्खनन् केन्द्र र नदी किनारको निर्माण सामग्री प्रयोग गर्ने उल्लेख छ। यो वर्षसम्म बर्दिबासदेखि चोचा खण्डको करिब ७० किलोमिटरमा ट्रयाक बेड निर्माणाधीन रहेकोमा ८० प्रतिशत रिभर बेड र २० प्रतिशत माटो मिसाई तयार गरेको ट्रयाक बेडको निर्माण सामग्रीको परिमाण ४३ लाख ३४ हजार ५२६.२१ घनमिटर रहेको छ। निर्माण व्यवसायीले प्रयोग गरेको निर्माण सामग्रीको स्रोत प्रमाणित नभएको साथै स्थानीय तहसँग समेत समन्वय गरेको देखिएन।

गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र

सडक विभागअन्तर्गतका डिभिजन तथा योजना कार्यालय र सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य कार्यालयहरूबाट निर्माण गरिने भौतिक संरचनाहरूको गुणस्तर परीक्षण सेवा उपलब्ध गराउन यस केन्द्रको स्थापना भएको छ।

८८. **फ्लाईओभर निर्माण** - ललितपुरको ग्वार्को चोकमा फ्लाईओभर निर्माणको लागि एक संयुक्त उपक्रमसँग २०८०।११।११ भित्र सम्पन्न गर्ने गरी २०७८।१०।२७ मा रू.१७ करोड ६ लाख ८८ हजारको खरिद सम्झौता भएकोमा २०८०।६।१० सम्म सुपरस्ट्रक्चरसहितको ४ लेनको फ्लाईओभर निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा यो वर्षसम्म रू.१ करोड ३७ लाख मोबिलाइजेसन पेस्की मात्र भुक्तानी भएको छ। कार्यतालिकाअनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

८९. **सुरुङ निर्माण** - पाल्पा जिल्लाको सिद्धबाबा खण्डमा १ हजार १२६ मिटरको सुरुङ, ७८० मिटरको ३ बाईपास सुरुङ तथा रक सेड र १ हजार ५०० मिटर डबल लेन सडक निर्माण गर्ने कार्यको २०८३।११।२५ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।११।२५ मा रू.७ अर्ब ३४ करोड २१ लाखको सम्झौता भएकोमा २०८० असार मसान्तसम्म सुरुङ निर्माण कार्य सुरु भएको छैन। यो वर्ष साइट अफिस स्थापना तथा जनरल आइटमतर्फ बीमाको ३० प्रतिशत, विस्तृत आयोजना

प्रतिवेदन तयारीको ५५ प्रतिशत र ११ के.भी. विद्युतीकरणको १० प्रतिशतले हुने रू.१९ करोड ५६ लाख ८४ हजार मात्र खर्च भएको छ। सम्झौता तथा कार्यतालिकाअनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

९०. **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको कार्यसम्पादन जमानत हुनुपर्ने उल्लेख छ। ग्वार्कोमा फ्लाईओभर निर्माणको लागि एक संयुक्त उपक्रमसँग निर्माण सम्पन्न हुने मिति २०८०।११।११ देखि ५ वर्षसम्म म्याद भएको रू.४ करोड १७ लाख ३० हजारको कार्यसम्पादन जमानत राखी २०७८।१०।२७ तथा सिद्धबाबा सुरुङ निर्माणको लागि विदेशी निर्माण कम्पनीसँग निर्माण सम्पन्न हुने मिति २०८३।११।२५ देखि ५ वर्षसम्म म्याद भएको रू.३६ करोड ७१ लाख १० हजारको कार्यसम्पादन जमानत राखी २०७८।११।२५ मा सम्झौता गरेको छ। कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौतामा त्रुटि सच्याउने अवधि १० वर्ष हुने उल्लेख छ। सम्झौताको शर्तबमोजिम १० वर्ष अवधिसम्मको कार्यसम्पादन जमानत लिनुपर्दछ।

यातायात व्यवस्था विभाग

यस विभागले नेपालमा आयात भएका सवारीसाधनको दर्ता, नवीकरण, खारेजी, सडक इजाजतपत्र, सवारीचालक अनुमतिपत्रको व्यवस्थापनमा सङ्घीय सरकारको तर्फबाट समन्वय, नियमन र व्यवस्थापन गर्दछ। विभाग मातहत ५ सवारी परीक्षण केन्द्र रहेका छन्।

९१. **अधिकार क्षेत्र -** संविधानको अनुसूचीमा उल्लेख भएबमोजिम सङ्घको अधिकार क्षेत्रभित्र राष्ट्रिय यातायात नीति र राष्ट्रिय लोकमार्गको व्यवस्थापन, प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेश लोकमार्ग र स्थानीय निकायको अधिकार क्षेत्रभित्र स्थानीय सडक, ग्रामीण सडक र कृषि सडक रहेकोमा सोसँग सम्बन्धित कानुन तर्जुमा भएको छैन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३(घ) ले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा निर्धारण गर्ने अधिकार दिएकोमा प्रदेश सरकारको सवारी तथा यातायात व्यवस्था ऐनमा प्रदेशस्तरमा सार्वजनिक सवारीको रूट निर्धारण गर्ने, भाडा निर्धारण गर्ने व्यवस्था गरेको छ। सङ्घीय यातायात कानुन निर्माण गरी दोहोरोपना हटाउने तथा सोबमोजिम प्रदेश र स्थानीय तहबाट हुने कार्यको कानुनी स्पष्टता हुनुपर्दछ।

९२. **भेहिकल जीपीएस ट्र्याकिङ** - विभागले जीपीएस भेहिकल ट्र्याकिङ सिस्टम जडान तथा सञ्चालन गर्न नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजनामार्फत गत वर्ष रू.२ करोड ५० लाख ६ हजारमा सफ्टवेयर तथा विद्युतीय उपकरण खरिद गरेकोमा प्रयोगमा ल्याएको छैन। खरिद भएका सामग्रीको वारेन्टी अवधि र सम्झौताबमोजिमको त्रुटि सच्याउने वा मर्मत सम्भार अवधि समाप्त हुने अवस्था रहेको छ। सवारीधनीहरूले डिभाइस जडान गरी विभागसँग आबद्ध भएपश्चात् मात्र उक्त प्रणाली सञ्चालन गर्न सकिनेमा नेपाल-भारत क्षेत्रीय व्यापार पारवहन आयोजनाको अवधि समाप्त भएको छ। सवारीको अवस्था तथा गन्तव्यलगायतका विषय व्यवस्थित गरी सुरक्षित यात्रालाई सुनिश्चित गर्न सार्वजनिक, निजी तथा सरकारी सवारीमा जीपीएस ट्र्याकिङ प्रणाली लागु गर्नुपर्दछ।

९३. **इम्बोष्ड नम्बर प्लेट -** पच्चीस लाख सवारीसाधनमा इम्बोष्ड नम्बर प्लेट जडान गर्न एक सेवा प्रदायकसँग ३० मे २०१६ मा ५ वर्षभित्रमा सम्पन्न गर्ने गरी अमेरिकी डलर ४ करोड ३७ लाख ८८ हजारको खरिद सम्झौता भएकोमा २७ नोभेम्बर २०२५ सम्म म्याद थप भई यो वर्षसम्म रू.९२

करोड ६२ लाख ५९ हजार भुक्तानी भएको छ। हालसम्म ५ लाख ८२ हजार १२० थान मात्र नम्बर प्लेट छपाइ भई प्रदेश सरकार मातहतका यातायात कार्यालयहरूलाई ५७ हजार २७८ थान हस्तान्तरण भएको छ। विभागले २०७८।७।२२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नयाँ सवारी दर्ता, नामसारी र सवारी दर्ता नवीकरणमा इम्बोष्ड नम्बर प्लेट जडान कार्य अनिवार्य गर्नुपर्ने निर्णय गरे तापनि पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन।

खरिद सम्झौतामा काठमाडौं उपत्यकामा ५ र उपत्यका बाहिर ५ गरी १० स्थानमा इम्बोष्ड नम्वर प्लेट जडित सवारीसाधनको अनुगमन तथा निरीक्षण गर्नका लागि रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन गेट जडान गर्ने उल्लेख छ। सेवा प्रदायक कम्पनीले काठमाडौंको नागार्जुन र नागढुङ्गामा गेट निर्माण गरिरहेको छ। ठेक्काको सुरु म्याद ५ वर्ष समाप्त भई थप भएको म्याद २ वर्ष समाप्त भइसक्दासमेत कार्यसम्पन्न भएको छैन। सम्झौताअनुसार गेट निर्माण गरी इम्बोष्ड नम्बर प्लेट जडान भएका सवारीसाधनको अनुगमन गर्नुपर्दछ।

९४. **सवारीचालक अनुमतिपत्र -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ४ मा सवारीचालक अनुमतिपत्रसम्बन्धी भएको व्यवस्थाबमोजिम विभागबाट अनुमतिपत्रहरूको छपाइ, वितरण तथा तथ्याङ्क भण्डारणसम्बन्धी कार्यहरू भइरहेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९४.१ विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेको छ। सम्झौता अवधिभित्र कार्ड आपूर्ति हुन नसकी दुई पटक गरी १७२ दिन म्याद थप भएको छ। चालक अनुमतिपत्र मागको आधारमा यो वर्षसम्म १४ लाख ६० हजार कार्ड छपाइ हुनुपर्नेमा सम्झौताअनुसार १२ लाख कार्ड मात्र आपूर्ति हुने भएकोले २ लाख ६० हजार कार्ड अपुग हुने अवस्था छ। विभागले हाल विदेश जाने व्यक्तिसहित अत्यावश्यकलाई मात्र कार्ड वितरण गरिरहेकोले २०२२ जुलाईदेखिका नयाँ तथा नवीकरण गरेका सवारीचालकहरूको अनुमतिपत्र छपाइ भएको छैन। आवश्यक सङ्ख्यामा कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ।

९४.२ विभागको सूचना प्रविधि शाखाबाट कार्यालय प्रमुखको युजर नेम, पासवर्ड बनाउने र कार्यालय प्रमुखले मातहतका सबै कर्मचारीको युजर बनाउने गरी विभागले २०७२ सालदेखि सवारीचालक अनुमति पत्र प्रणाली लागु गरेको छ। सवारीचालक अनुमतिपत्रसम्बन्धी आवेदन लिनेदेखि प्रयोगात्मक परीक्षा उत्तीर्ण भएपश्चात् राजस्व बुझाई रसिद दिनेसम्मका कार्यहरू प्रदेश सरकार मातहतका ३५ यातायात कार्यालयबाट भइरहेको छ। सवारीचालक अनुमतिपत्रको निर्धारित प्रणालीभित्र तथ्याङ्क सच्याउने, बायोमेट्रिक र फोटो परिवर्तन गर्ने, लिखित परीक्षा र ट्रायल नै नदिएकाहरूले लाइसेन्स प्राप्त गरेको सम्बन्धमा छानबिन गर्ने र शंकास्पद विवरणहरू पहिचान गर्ने गरी विभाग र यातायात कार्यालयहरूले कार्य प्रणाली सुदृढीकरण गर्नुपर्दछ।

९५. **नियमन -** सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ को दफा ९३ मा यातायात सेवाको नाम विभागमा पञ्जीकृत नगरी कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्न नपाइने व्यवस्था छ। काठमाडौं उपत्यका लगायत देशका अन्य सहरहरूमा निजी सवारी प्लेटका दुई पाङ्ग्रे सवारीसाधनलाई राईड शेयरिङ्ग प्लेटफर्ममार्फत सार्वजनिक सवारीको रूपमा सञ्चालन भइरहेकोमा त्यस्तो

सेवा सञ्चालन गर्न पाउने गरी यातायात व्यवस्था विभागमा पञ्जीकृत भएका छैनन्। राइड सेयरिङ्ग सेवा लिएपश्चात् बिल प्राप्त नहुने अवस्थामा उच्च अदालत, पाटनले कानुन बनाई नियमन गर्न २०७६।१०।२९ मा आदेशसमेत दिएकोमा यात्रुको सुरक्षासहित दर्ता विना सञ्चालनमा रहेको सवारीसाधनलाई नियमनको दायराभित्र ल्याइएको छैन। यस सम्बन्धमा विगतको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुधार भएको छैन। सार्वजनिक सवारीको दर्ता, सञ्चालन, व्यवस्थापन तथा अनुगमन निरीक्षणका लागि आवश्यक कानुनी व्यवस्थामार्फत वैधानिक यातायात सेवा सञ्चालन हुनुपर्दछ।

९६. **तौल पुल व्यवस्थापन -** मालबाहक सवारीसाधनको भार वहन नियमनसम्बन्धी निर्देशिका, २०७४ मा तोकिएको भन्दा बढी तौल भएका सवारीलाई सीमाभित्र ल्याई सञ्चालन गराउनुपर्ने व्यवस्था छ। बर्दिवास र चितवनमा सञ्चालनमा रहेका दुई तौल पुलले तोकिएभन्दा बढी तौल बोकेका मालवाहक सवारीसाधनलाई तौल कम नगराई जरिबाना मात्र गरेर छाड्ने गरेको देखियो। सडकको क्षमता र सुरक्षामा केन्द्रित हुनुपर्ने निकाय शुल्क र जरिबाना असुलीमा केन्द्रित रहँदा उद्देश्यअनुसार कार्य नभएको विगतको बेहोरामा समेत सुधार भएको छैन। निर्देशिकाबमोजिम तौल व्यवस्थापन गर्नुपर्दछ।

९७. **सवारी धुलाइ केन्द्र -** सवारीसाधनहरूबाट हुने प्रदूषण नियन्त्रण गर्नका लागि मापदण्डअनुसार सवारी धुलाइ केन्द्रको स्थापना, सञ्चालन र नियमन गरेको छैन। स्वीकृत मापदण्ड कार्यान्वयन नहुँदा आधारभूत वातावरणीय प्रदूषण नियन्त्रणका कार्यसमेत प्रभावित हुने देखिएकोले मापदण्ड कार्यान्वयन गरी अनुगमन मूल्याङ्कन व्यवस्थालाईसमेत प्रभावकारी बनाउनुपर्दछ।

नेपाल पानीजहाज कार्यालय

वैकल्पिक यातायातको विकास एवं आन्तरिक र समुद्रसम्म जल यातायात एवं समुद्रमा नेपाली पानी जहाज सञ्चालन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ बमोजिम २०७५ फाल्गुण २ मा जल यातायातको पूर्वाधार विकास, पानीजहाज तथा डुङ्गा दर्ता र सञ्चालन व्यवस्थापन तथा नियमन गर्ने प्रमुख जिम्मेवारी तोकी यस कार्यालयको स्थापना भएको हो। कार्यालयले यो वर्ष विनियोजित बजेट रू.५ करोड ८० लाखमध्ये रू.३ करोड ३४ लाख खर्च गरेको छ।

९८. **नीति तथा कार्यक्रम कार्यान्वयन -** पन्ध्रौं योजनामा तेस्रो मुलुकसँग हुने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुन्द्रसम्मको पहुँचमा सहजता ल्याउन आन्तरिक तथा समुद्रसम्म पहुँचको लागि सम्भाव्यता अध्ययनको आधारमा जलयातायातको विकास र विस्तार गर्ने, जल यातायातको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने उल्लेख छ। कार्यालयले जलयातायात विकास र विस्तार गर्न आवश्यक पर्ने कानुन एवं निर्देशिका तर्जुमा गरी कार्य योजना तयार गरेको छैन। स्पष्ट मार्गचित्रसहित आर्थिक तथा प्राविधिक दृष्टिले सम्भाव्य कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९९. **लागत अनुमान -** परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्दछ। कार्यालयले सिँचाइ विभागको नर्म्स प्रयोग गरी यो वर्ष सम्भाव्यता अध्ययनका लागि ३ परामर्शसेवाको लागत अनुमान तयार गर्दा सो कामको लागि टिम लिडर लगायत अन्य प्रोफेसनल तथा सपोर्टिभ स्टाफको दर स्वीकृत दर भन्दा बढी राखी लागत अनुमान गरेको छ। सडक विभागलगायतले परामर्शदाताको लागि तोकेको दरभन्दा बढी दर राख्नाले यो वर्षमात्र रू.९ लाख २८ हजार बढी व्ययभार परेको छ। पानीजहाजसम्बन्धी कामको लागि परामर्श सेवाको नर्म्सको

अभावमा लागत अनुमान आधारयोग्य नहुने र गुणस्तरीय नहुने हुँदा अध्ययनको कार्यक्षेत्र अनुसारको नर्म्स बनाई लागु गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्था

बृहत् पूर्वाधारको निर्माणमार्फत आर्थिक-सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) लाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा छनोट गरी कार्यान्वयनमा ल्याएको छ। उत्तर-दक्षिण लोकमार्गअन्तर्गत २०६६।६७ देखि सुरु भएको नवलपरासी पूर्वको गैंडाकोटदेखि मुस्ताङको कोरलासम्मको ७ जिल्ला समेटेको कालीगण्डकी करिडोर आयोजनाले ४४२ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने र ७० पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखेकोमा यो वर्षसम्म २७३ किलोमिटर सडक र ४० पुल निर्माण सम्पन्न भएको छ। कुल लागत रू.३५ अर्ब ७९ करोड (संशोधित) रहेकोमा यो वर्षसम्म रू.१३ अर्ब ५७ करोड खर्च भई ३८ प्रतिशत वित्तीय प्रगति र ६० प्रतिशत भौतिक प्रगति भएको छ। उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्थाको कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोरा देहायबमोजिम छन्:

१००. **आयोजनाको पूर्व तयारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ बमोजिम बजेट तथा निर्माण स्थलको व्यवस्था नभई खरिद कारबाही गर्न नहुने व्यवस्था छ। आयोजना छनोट गर्दा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, जग्गा अधिग्रहणलगायतका विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी कार्यान्वयन भएको हुनुपर्दछ। यो आयोजना २०६६।६७ देखि कार्यान्वयनमा रहेको भए पनि राम्दी-रानीमहल-अर्गली सडक खण्ड (चेनेज १३५+००-१६५+०००), हर्मिचौर-अर्बेनी सडक खण्ड (चेनेज १८५+०००-१९२+०८४), बलेवा-मालढुङ्गा सडक खण्ड (चेनेज २२९+४८०-२३९+७२७) २०७७।७८ मा र अर्बेनीदेखि पालुङखोलासम्मको खण्डको २०७७।७८ मा मात्र विस्तृत सम्भाव्यता अध्ययन तथा सर्वेक्षण प्रतिवेदन स्वीकृत भएको छ। आयोजनाको पूर्व तयारी चरणमा सम्पन्न गरिसक्नुपर्नेमा विस्तृत सम्भाव्यता अध्ययन तथा सर्वेक्षण प्रतिवेदनको कार्यसमेत कार्यान्वयन चरण सुरु भएपश्चात् खण्डगत रूपमा तयार गरी सँगसँगै कार्यान्वयन भएकोले आयोजनाको निर्माण कार्यमा ढिलाइ हुन गएको छ। पूर्व तयारी चरणका क्रियाकलापहरू सम्पन्न गरेर मात्र आयोजना कार्यान्वयनमा लैजानुपर्दछ।

१०१. **जग्गा प्राप्ति तथा क्षतिपूर्ति व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि आवश्यक बजेट व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्न नहुने उल्लेख छ। आयोजनाले गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डमा मुआब्जा तथा क्षतिपूर्तिबापत १६५ परिवारलाई रू.४ करोड ९१ लाख २३ हजार भुक्तानी गर्नुपर्नेमा १४७ परिवारलाई रू.४ करोड ५३ लाख ४३ हजार र बेनी-जोमसोम-कोरला खण्डमा ९२ घरधुरीलाई मुआब्जा भुक्तानी गर्नुपर्नेमा ३१ घरधुरीलाई रू.१ करोड ४ लाख १ हजार मुआब्जा तथा

क्षतिपूर्ति भुक्तानी गरेको छ। समयमै मुआब्जा तथा क्षतिपूर्तिसम्बन्धी कार्य सम्पन्न गरी आयोजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

१०२. **योजना छनोट र कार्यान्वयन -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित आयोजना बैङ्क मार्गदर्शनमा आयोजनाको आवश्यकता पहिचान, विकास र छनोटसम्बन्धी व्यवस्था छ। आयोजना निर्देशनालयबाट प्राप्त विवरणअनुसार २०६६।६७ देखि यस आयोजनाको रिडी-मालढुङ्गा खण्डको ७६ किलोमिटर सडक नेपाली सेनाबाट निर्माण भएको, केही सडकखण्डहरू सडक विभाग तथा सडक डिभिजन कार्यालयबाट निर्माण भएकोमा २०७३।७४ देखि मात्र यो आयोजना सञ्चालनका लागि आयोजना कार्यालय स्थापना भएको देखिन्छ। राष्ट्रिय गौरवको आयोजनाको रूपमा प्राथमिकता प्राप्त आयोजना भए तापनि समयमै स्पष्ट कार्यान्वयन संरचनाको व्यवस्था नहुनु र आयोजना कार्यान्वयनमा विभिन्न निकायको संलग्नता रहनुले अपेक्षित सूचक प्राप्ति, एकीकृत अभिलेख व्यवस्थापन तथा नतिजामूलक अनुगमन/ मूल्याङ्कनमा समस्या देखिएको छ। समयमै कार्यान्वयन संयन्त्र तोकेर मात्र आयोजना कार्यान्वयन गर्नुपर्ने व्यवस्थाको पालना हुनुपर्दछ।

१०३. **आयोजनाको लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा तालुक कार्यालयले त्रैमासिक विवरण प्राप्त गरी तोकिएको लक्ष्यअनुसार कार्य सम्पन्न गरे, नगरेको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाअन्तर्गत गैंडाकोटदेखि मालढुङ्गासम्मको २४० किलोमिटर र मालढुङ्गादेखि कोरलासम्मको २०२ किलोमिटरसमेत ४४२ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म गैंडाकोटदेखि मालढुङ्गासम्म १५६ किलोमिटर कालोपत्रे सडक, मालढुङ्गादेखि कोरलासम्म ४० किलोमिटर कालोपत्रे सडक र ७७ किलोमिटर ग्राभेल सडकसमेत २७३ किलोमिटर सडक निर्माण भई ६२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। पुल निर्माणतर्फ गैंडाकोट-मालढुङ्गा खण्डअन्तर्गत ५१ र मालढुङ्गा-कोरला खण्डअन्तर्गत १९ समेत ७० पुल निर्माणको लक्ष्य रहेकोमा यो वर्षसम्म गैंडाकोट मालढुङ्गा सडकतर्फ ३० र मालढुङ्गा कोरला सडकतर्फ १० समेत ४० पुल निर्माण सम्पन्न भई ५७ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। सडक तथा पुल निर्माणमा आयोजनाको समग्र औसत भौतिक प्रगति ६० प्रतिशत भएको देखिन्छ। वार्षिक कार्यक्रम कार्यान्वयन पक्षको प्रभावकारी अनुगमनको अभाव, भौगोलिक जटिलता, महामारी तथा पूर्वानुमान गर्न नसकिने घटना, कार्यालयबाट माग भएबमोजिमको पर्याप्त बजेटको अभाव तथा प्राप्त बजेट पूर्ण रूपमा खर्च गर्न नसक्दा आयोजनाले लक्ष्यअनुरूप प्रगति हासिल गर्न सकेको छैन। आयोजनाको बाँकी अवधिमा निर्माण कार्य सम्पन्न हुने गरी माइलस्टोन निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

१०४. **म्याद थप -** निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा कार्यतालिका अद्यावधिक गर्नुपर्ने, आवश्यकताका आधारमा म्याद थप गर्नुपर्ने, घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्दा घटनाले पारेको प्रभावअनुसार दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा दैनिक डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छन्। तर म्याद थप गर्दा वा म्याद थपको लागि अनुरोध गर्दा खरिद सम्झौताको उक्त व्यवस्थाको पालना नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० लाई पटक-पटक संशोधन गरी अन्य कारणहरू देखाई गर्ने गरिएको छ। गैंडाकोट-राम्दी-मालढुङ्गा खण्ड अन्तर्गत पहिलो

पटक थपिएको म्यादमा तोकिएको कार्य नगर्ने १० ठेक्काको म्याद पटक-पटक गरी ६ महिनादेखि ५० महिनासम्म थप गरेको देखियो। बेनी-जोमसोम-कोरला खण्डतर्फको ठेक्का सम्झौतामा पटक-पटकको म्याद थप पश्चात्समेत निर्माण व्यावसायीबाट तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन सकेको छैन। आयोजनाको चेनेज १९+०००-४४+००० सम्मको सडक खण्ड निर्माण कार्य २०७५।४।१४ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग २०७३।३।३० मा सम्झौता भएकोमा थप अवधि २०७९।६।२७ सम्ममा ८६.७ प्रतिशत प्रगति भएको छ।

त्यस्तै २५ मिटर लम्बाइको एक पुल २०७४।९।२८ भित्र निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७३।३।२९ मा सम्झौता भई ४ पटकसम्म म्याद थप गरेकोमा २०७९।६।३० सम्म ८४.७८ प्रतिशत प्रगति भएको छ। निर्माण व्यवसायीले पटक पटक म्याद थप माग गरेअनुसार म्याद थप हुने तथा संशोधित कार्यतालिका अनुसार निर्माण कार्य नहुँदा निर्माण कार्यमा ढिलाइ भएको छ। कार्यालयले खरिद कानुन संशोधनको आधारमा नभई खरिद सम्झौतामा उल्लेख भएका व्यवस्थाहरूको अधीनमा रही म्याद थप गर्ने, स्पष्ट आधार खुलाई म्याद थप गर्ने तथा म्याद थप भएपछि पनि तोकिएको समयमा कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताअनुसार कारबाही गर्नुपर्दछ।

१०५. **सडकको मापदण्ड -** सार्वजनिक सडक ऐन, २०३१ को दफा ३(ख) ले विभिन्न सडकको वर्गीकरण गरेको छ। नेपाल सडक वर्गीकरण तथा मापदण्ड, २०७० अनुसार राष्ट्रिय लोकमार्गअन्तर्गतका सडक खण्डको चौडाइ क्यारिज वे ७ मिटर र दुवैतर्फ सब-वे (१.५+१.५) ३ मिटरसमेत गरी १० मिटर हुनुपर्ने उल्लेख छ। आयोजनाअन्तर्गत पिपलडाँडा-राम्दी सडकखण्डको करिब २ किलोमिटर सिद्धार्थ राजमार्ग र अर्गली-रिडी खण्डको करिब ३ किलोमिटर सडक बर्तुङ्ग-रिडी-तम्घास सडक खण्डमा गाभिएकोले सोको चौडाइ सिद्धार्थ राजमार्गको चौडाइ (५.५ मिटर) अनुसार नै कायम भएको छ। यो आयोजनाको उल्लिखित खण्डहरू सडकको मापदण्डभन्दा कम देखिन्छ। राष्ट्रियस्तरको लोकमार्गको चौडाइ ऐन तथा मापदण्डमा व्यवस्था भएबमोजिम कायम हुनुपर्दछ।

१०६. **यातायात सञ्चालन -** यस आयोजनाअन्तर्गत बेनी-जोमसोम-कोरला सडक खण्डमा ११७ किलोमिटर र गैंडाकोट-राम्दी-मालढुङ्गा खण्डमा १५६ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। निर्मित सडक खण्डमध्ये मालढुङ्गा-कोरला खण्डमा नियमित रूपमा यातायात सञ्चालनमा रहेको देखिन्छ। आयोजना कार्यालयबाट प्राप्त विवरणअनुसार गैंडाकोट-मालढुङ्गातर्फ निर्माण सम्पन्न भएको सडक खण्डमा सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ बमोजिमको रुट परमिट प्रक्रिया पूरा हुन नसक्दा सार्वजनिक यातायात सञ्चालन हुन सकेको छैन। तसर्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ऐनमा भएको प्रक्रिया पूरा गरी समयमै रुट परमिट प्राप्त गरी निर्माण सम्पन्न भएका सडक खण्डमा यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०७. **अनुगमन/मूल्याङ्कन -** आयोजना सञ्चालनको विद्यमान स्थिति, समस्या र चुनौती तथा अवसरको पहिचान गर्नका लागि तालुक निकायबाट आयोजनाको निरन्तर अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। आयोजना कार्यान्वयनको क्रममा आयोजना निर्देशनालय र सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयबाट २०७५।७६ मा ५ पटक, २०७६।७७ मा ६ पटक, २०७७।७८ मा ५ पटक, २०७८।७९ मा ५ पटक, २०७९।८० मा ६ पटक र २०८०।८१ मा ३ पटक गरी हालसम्म ३० पटक अनुगमन भएको विवरण प्राप्त भएको छ। तालुक निकायले पटक-पटक सुपरिवेक्षण तथा अनुगमन गरे

तापनि अधिकांश अनुगमनबाट सुझावसहितको प्रतिवेदन दिएको देखिएन। अनुगमन/मूल्याङ्कनलाई निश्चित समय, लागत तथा सूचकसहितको कार्ययोजनाअनुसार अनुगमन गरी देखिएका बेहोराहरू उपर अनिवार्य रूपमा लिखित सुझाव प्राप्त गर्ने र प्राप्त सुझावलाई पृष्ठपोषणको रूपमा उपयोग गरी आयोजना कार्यान्वयन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

अन्य संस्था

नेपाल रेल्वे बोर्ड

नेपालमा रेल्वेको विकास र विस्तार गरी सुरक्षित, स्तरीय, नियमित र भरपर्दो रूपमा रेल्वे सेवा सञ्चालन गर्ने गराउने उद्देश्यले नेपाल रेल्वे ऐन,२०७९ को दफा ३ अनुसार नेपाल रेल्वे बोर्ड स्थापना भएको छ।

१०८. **कानुन निर्माण -** नेपाल रेल्व ऐन, २०७९ को दफा ८८ मा नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने उल्लेख छ। यो वर्षसम्म नियमावली तर्जुमा नहुँदा बोर्डको कार्य सम्पादन प्रक्रिया, कर्मचारी व्यवस्थापन, कोष व्यवस्थापन, कार्यक्षेत्र र अन्तर निकाय समन्वय जस्ता विषयमा स्पष्ट हुन सकेको छैन। बोर्डले नियमावली तयार गरी लागु गर्नुपर्दछ।

१०९. **डेमु रेल हस्तान्तरण -** नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।९।२९ को निर्णयानुसार एक भारतीय कम्पनीसँग रू.१ अर्ब १ करोड ८३ लाख ९४ हजारमा खरिद गरेको दुई सेट डेमु (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) रेल नेपाल रेल्वे कम्पनी लिमिटेडलाई हस्तान्तरण गरेकोमा उक्त रेलको मूल्य ऋण वा शेयर रकममा लेखाङ्कन गरेको छैन। रेलको २ बग्गी रेल विभागअन्तर्गत रहेकोले बग्गी हस्तान्तरण गर्नुपर्दछ।

११०. **चालक अनुमतिपत्र -** नेपाल रेल्वे ऐन, २०७९ को दफा १७ मा बोर्डले रेल चालक वा सहचालकले चालक अनुमतिपत्रको लागि प्रशासक समक्ष निवेदन दिनुपर्ने, दफा १८ मा विदेशी चालकलाई पनि नेपालका लागि अनुमति दिन सक्ने उल्लेख छ। बोर्डले यो वर्षसम्म रेल्वे सञ्चालन गर्ने चालक र सहचालकलाई अनुमतिपत्र जारी गरेको छैन। रेल सञ्चालनको लागि आवश्यक जनशक्ति विकास गर्नेतर्फ पहल गर्नुपर्दछ।

सडक बोर्ड नेपाल

सडकको नियमित, पटके र आकस्मिक मर्मत, पुनः निर्माण, पुनस्थापना, स्तर वृद्धि र सडक दस्तुर सङ्कलन गर्ने उद्देश्यले सडक बोर्ड ऐन, २०५८ अनुसार यस बोर्डको स्थापना भएको हो। बोर्डको कोषमा गत वर्षको मौज्दात रू.७ अर्ब ७४ करोड ९१ लाख ७१ हजार र यो वर्षको आम्दानी रू.७ अर्ब ५ करोड ३० लाख ४८ हजार मध्ये रू.८ अर्ब २० करोड ६० लाख १ हजार खर्च भई रू.४ अर्ब ९१ करोड ७५ लाख २४ हजार मौज्दात रहेको छ।

१११. **वित्तीय विवरण** - सडक बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५९ को नियम ४० मा नेपाल सरकारको स्रेस्ता प्रणालीबमोजिम लेखा राख्ने व्यवस्था रहेकोमा मिश्रित आधारमा लेखा राखेको छ। बोर्डको निर्णयअनुसार ८ निर्माण व्यवसायीसँग सडक दस्तुर सङ्कलनका लागि गरिएको ठेक्का

सम्झौताबमोजिम असुल गर्नुपर्ने दस्तुरको किस्ता, ब्याज र हर्जानासमेत रू.१० करोड ५० लाख ७२ हजार लिनुपर्ने हिसाबमा लेखाङ्कन नगरेको, धरौटी फिर्ता रू.१ करोड ५३ लाख ६९ हजारलाई खर्चमा समावेश गरेको र बहुवर्षीय अवधिको कामको कार्यसम्पन्न प्रतिवेदनका आधारमा यो वर्ष तत्कालीन जिल्ला विकास समितितर्फ रू.१ करोड ६८ लाख ९ हजार, नगरपालिकातर्फ रू.१ अर्ब ३६ करोड ८१ लाख २० हजार तथा गाउँपालिकातर्फ रू.३४ करोड ५१ हजार खर्च लेखाङ्कन गरेको छ।

बोर्डले वासलात, आय विवरण र नगद प्रवाह विवरणसहितको वित्तीय विवरण तयार गरे तापनि लेखाङ्कन नीति र व्याख्यात्मक टिप्पणीहरूको अभाव र लेखामानको आधार नखुलाएकोले वित्तीय विवरणले यथार्थता चित्रण गर्ने देखिएन। प्रचलित कानुनअनुरूप लेखाका मान्य सिद्धान्त र लेखामानबमोजिम लेखाङ्कन र प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।

११२. **कानुनी व्यवस्था** - सडक बोर्ड नियमावली, २०६० मा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलगायत मुलुक सङ्घीयतामा जानुपूर्वका स्थानीय सडक संरचनाको व्यवस्था हाल निष्क्रिय रहेको हुँदा सोलाई पनि अद्यावधिक बनाउनुपर्ने देखिएको छ। सडक बोर्ड ऐनमा आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद सम्बन्धी विस्तृत व्यवस्था नरहेकोले सार्वजनिक निकायको लागि आर्थिक कार्यविधि तथा सार्वजनिक खरिदसम्बन्धी छुट्टै ऐन लागु भएको हुँदा सोअनुकूल हुने गरी बोर्डले आर्थिक कार्यविधि र सार्वजनिक खरिद नियमावली बनाई लागु गर्नुपर्दछ।

११३. **बोर्डको कार्यक्षेत्र** - सडक बोर्ड नियमावली, २०६० को नियम ७ बमोजिम सडकको पुनर्स्थापना, पुनर्निर्माण, स्तर वृद्धि र सडकको सुरक्षाका लागि आवधिक एकीकृत कार्यक्रम तर्जुमा गरेको छैन। यो वर्ष सङ्घीय कार्यालयहरूबाट रू.६ अर्ब ३६ करोड ६३ लाख १९ हजार, नगरपालिकाहरूबाट रू.१ अर्ब ३६ करोड ८१ लाख २० हजार र गाउँपालिकाहरूबाट रू.३४ करोड ५१ हजार खर्च भएको छ। स्थानीय निकायबाट निर्माण तथा मर्मत भएका सडकको मापदण्ड, गुणस्तर सम्बन्धमा बोर्डबाट अनुगमन हुनुपर्दछ।

११४. **कार्यक्रम तर्जुमा तथा स्वीकृति** - सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा नं.३२ मा सडक बोर्डले चालु आर्थिक वर्षको श्रावण मसान्तभित्र एकीकृत वार्षिक कार्यक्रम स्वीकृत गराइसक्नुपर्ने उल्लेख छ। कार्यकारी समितिको बैठकबाट सडक विभाग मातहतका निकायको लागि रू.१३ अर्ब ३५ करोड ८२ लाख ६६ हजार र स्थानीय तहको लागि रू.५ अर्ब १६ करोड १७ लाख ३४ हजारसमेत रू.१८ अर्ब ५२ करोडको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा स्थानीय तहहरूलाई थप रू.५८ करोड ४१ लाख ९० हजार निकासा दिएको छ। नियमित, पटके र आवधिक सडक मर्मत तथा पुनर्स्थापनका लागि सडक मर्मत सम्भारको बजेट आर्थिक वर्ष सुरु भएको तेस्रो र चौथो चौमासिकमा रकम निकासा दिँदा बजेट खर्च गर्न नसकेको स्थिति छ। समयमा नै निकासा दिई आर्थिक वर्षभित्र नियमित रूपले सडक मर्मत सम्भार गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

११५. **लागत सहभागिता** - सडक बोर्ड नियमावली, २०६० को नियम ९(१) बमोजिम स्थानीय निकायले मर्मतका लागि लाग्ने कुल रकमको कम्तीमा ३० प्रतिशत रकम बेहोर्नुपर्ने उल्लेख छ। सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा ३५(५) मा जनसहभागिता हुने भए सोको अंश कट्टा गरेर निकासा दिनुपर्ने व्यवस्था छ। उपभोक्ता समितिमार्फत सडक मर्मतको कार्य गराउँदा समितिले गर्ने योगदान बाहेकको

बाँकी रकममा नगरपालिकाको हकमा ३० प्रतिशत र गाउँपालिकाको हकमा २० प्रतिशत रकम बेहोर्ने व्यवस्था गर्नुपर्नेमा सो विपरीत ५३ स्थानीय तहलाई रू.३ करोड ५२ लाख ९९ हजार बढी निकासा गरेको छ। बढी निकासा दिएको रकमलाई आगामी वर्षको बजेटमा समायोजन गर्नुपर्दछ।

११६. **पेस्की -** स्थानीय तहसँगको समझदारीपत्रको बुँदा नं.११ मा चालु आर्थिक वर्षको आषाढ मसान्तभित्र खर्च नभई बाँकी रहेको रकम सडक बोर्डमा फिर्ता गर्नुपर्ने उल्लेख छ। बोर्डले स्थानीय तहलाई निकासा दिएको पेस्की रू.३० करोड ४४ लाख ७३ हजार र जिल्ला समन्वय समितिहरूलाई २०७२।७३ भन्दा अघि दिएको पेस्की रू.७ करोड ३३ लाख ३८ हजारसमेत रू.३७ करोड ७८ लाख ११ हजार फिर्ता गरेको छैन। पेस्की बाँकी रकम असुल फस्यौंट हुनुपर्दछ।

११७. **सम्झौता परिवर्तन -** सडक बोर्ड नेपाल र एक परामर्शदाताबीच कार्यालय भवनको निर्माण कार्यको सुपरभिजन गर्न भएको लमसम खरिद सम्झौतामा निर्धारित माइलस्टोनको आधारमा परामर्श सेवा शुल्क भुक्तानी गर्ने व्यवस्था छ। बोर्डले उक्त शर्तलाई परामर्शदाताको मागबमोजिम समयबद्ध सम्झौतामा परिणत गरेको छ। सम्झौताको मूलभूत शर्त लमसम सम्झौतालाई समयबद्ध सम्झौतामा परिवर्तन गरी निर्माण कार्यसम्पन्न नहुँदै रू.५० लाख ८५ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन। परामर्शदाताको मागअनुसार निर्माण कार्यको रेखदेखका लागि सम्झौताविपरीत निर्माण व्यवसायीको रनिङ बिलबाट कट्टी गरी परामर्शदातालाई थप रू.१७ लाख ८० हजार भुक्तानी गरेको छ। सम्झौता विपरीत खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

११८. **थप बजेट -** सडक बोर्ड नियमावली, २०६० को नियम ४ (१) बमोजिम गरिएको सडकको वर्गीकरणका आधारमा नियम ८ बमोजिम सडकको मर्मत गर्न बजेट पारित गर्नुपर्दछ। सडक बोर्डले २०७९।८० को असार मसान्तभित्र कार्यसम्पन्न गर्ने प्रतिबद्धता भएमा भुक्तानी गर्न सकिने गरी विशेष महत्त्वका सडक मर्मत गर्न निर्णय गरेबमोजिम १८९ स्थानीय तहलाई रू.५४ करोड ४५ लाख ५० हजार र सो निर्णय हुनुभन्दा अगावै यो वर्ष ४३ स्थानीय तहलाई रू.१२ करोड ५० लाख ८८ हजार निकासा दिएको छ। सडक बोर्ड ऐन र नियमावलीले तोकेको प्रक्रियाभन्दा फरक निर्णय गरी बजेट थप गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा त्रुटिपूर्ण डिजाइन, अधुरा आयोजना, नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन, नर्म्समा विविधतालगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

- सरकारी कार्यालयतर्फ १३९ निकायमा रू.१२ अर्ब ९८ करोड ४ लाख २८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४२ निकायले रू.८८ करोड ६६ लाख २९ हजार फर्स्यौंट गरेकोले रू.१२ अर्ब ९ करोड ३७ लाख ९९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ अर्ब ६५ करोड ६ लाख १६ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
- अन्य संस्था २ तर्फ रू.८ करोड ९७ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.२ करोड ५ लाख २४ हजार फर्स्यौंट गरेकोले रू.६ करोड ९२ लाख ३६ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने, अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, ज्येष्ठ नागरिक, अपाङ्ग र अशक्तको संरक्षण गर्ने, समाज कल्याण परिषद् र सरकारी एवं गैरसरकारी सङ्घ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन तथा गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत १० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रू.७३ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.**लाखमा**)

विनियोजन खर्च	राजश्व	धरौटी	अन्य	जम्मा
४५८९	२१६	११८	२३९१	७३१४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.२ करोड ६४ लाख समावेश छैन।

२. **अन्य संस्था** - यो वर्ष एक संस्थाको रू.१ अर्ब २२ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयन अवस्था विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजनाको कार्यान्वयन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजनाले लक्षित गरेका क्रियाकलापहरूमा निम्नानुसार उपलब्धि हासिल भएको छः

क्र.सं.	नतिजा सूचक	इकाई	२०७९।८० को लक्ष्य	२०७९।८० को प्रगति	प्रगति प्रतिशत
१.	लैङ्गिक सशक्तीकरण	सूचकाङ्क	०.६३	०.५६	८८.८९
२.	लैङ्गिक असमानता	सूचकाङ्क	०.४१	०.४५	९१.११
३.	लैङ्गिक विकास	सूचकाङ्क	०.९५	०.८७	९१.५८
४.	१५ वर्ष देखि १९ वर्ष समूहका विवाहित किशोरी	प्रतिशत	११	१९.३	५६.९९
५.	प्रजनन् हकसम्बन्धी निर्णय गर्ने महिला	प्रतिशत	७७	६८	८८.३१
६.	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र	सङ्ख्या	६२५	२२५	३६
७.	मानव बेचबिखन पीडितका लागि पुनर्स्थापना केन्द्र	सङ्ख्या	१५	१०	६६.६७
८.	हराएका बालबालिका (प्रति लाख जनसङ्ख्यामा)	सङ्ख्या	३.५	५.८	६०.३४

मन्त्रालयले आवधिक योजनाका लक्ष्यसँग सामञ्जस्यता हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन गर्न नसक्दा आवधिक योजनाका कतिपय सूचकमा लक्ष्यअनुसार प्रगति हासिल हुन सकेको छैन। आवधिक योजनाले तोकेका लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रमको कार्यान्वयन क्षमता वृद्धि एवं अन्तर निकाय समन्वय गरी स्वीकृत योजना र बजेट कार्यान्वयन गरी आवधिक योजनाका लक्ष्य पूरा गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका कार्यक्रमहरूमध्ये शहरी क्षेत्र ज्येष्ठ नागरिकहरूबीच अनुभव आदान-प्रदान गर्नको लागि मिलन केन्द्रसहितको ज्येष्ठ नागरिक पार्क स्थापना गर्न रू.१ करोड ८० लाख बजेट विनियोजन भएकोमा उक्त कार्य भएको छैन। साथै संघीय तथा प्रदेश राजधानीको केन्द्र परिसरमा शिशु स्याहार केन्द्रको विस्तार गर्ने, सबै प्रदेशमा अपाङ्गता आवास गृह निर्माण र काठमाडौंको गोठाटारमा ४५ शय्याको अस्पतालसहित १६५ जना क्षमताको वृद्धाश्रमको ज्येष्ठ नागरिक भवन निर्माण गर्ने उल्लेख भएकोमा सो समेत हुनसकेको छैन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) बमोजिम मन्त्रालयबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनअनुसार लक्षित कार्यक्रमहरूको प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	कार्यक्रम	वार्षिक बजेट (रू.हजारमा)	खर्च (रू.हजारमा)	भौतिक प्रगति प्रतिशत	वित्तीय प्रगति प्रतिशत
१.	महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	१०१२००	९३२७१	९६.९०	९२.१६
२	पशुपति वृद्धाश्रम	३३१००	२८६१२	१००	८६.४४
३.	लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम	३६०००	२२२९७	९६	६१.९३
४.	सामाजिक विकास कार्यक्रम	३५३७००	८६९०८	६३.०५	२४.५७
५.	बालविकास कार्यक्रम	१७१६००	७७०३२	६४.७०	४४.८९
६	महिला समुत्थान कार्यक्रम	३८५१००	१५०४	८.३५	०.३९
७.	राष्ट्रपति महिला सशक्तीकरण परियोजना	२६१५००	५८०१४	८४.४०	८२.६०
८.	महिला तथा बालबालिका विभाग	५२८००	३८४१५	९७.८६	७२.७५
९.	राष्ट्रिय बाल अधिकार परिषद्	७४३००	६८९३३	९७.८६	९२.७७
	जम्माः	**१४६९३००**	**४७४९८६**		**३२.३३**

मन्त्रालय र अन्तर्गत निकायको लागि स्वीकृत बजेट रू.१ अर्ब ४६ करोड ९३ लाखमध्ये रू.४७ करोड ५० लाख (३२.३३ प्रतिशत) मात्र खर्च भएको छ। स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

७. **दिगो विकासका लक्ष्य-** दिगो विकास लक्ष्यको अवस्था, मार्गचित्रको कार्यान्वयन र प्रगति स्थिति यकिन गर्न तयार भएको संरचनामा २० सूचकको लागि यस मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। मन्त्रालयलाई तोकिएका निम्नानुसारका प्रथम र दोस्रो माइलस्टोन अवधिका सूचकहरूको प्रगति विवरण तयार गरेको पाइएन।

क्र. स.	दिगो विकास लक्ष्य	परिमाणात्मक लक्ष्य र सूचक	सन् २०३० को लक्ष्य	सन् २०१५ को आधार	सन् २०१९ को माइलस्टोन	सन् २०२२ को माइलस्टोन
१.	लक्ष्य-१	राष्ट्रिय गरिबी रेखामुनिका बालबालिका (५ वर्ष मुनिका प्रतिशत)	५	३६	२७.७	२१.५
		सामाजिक सुरक्षा प्रणालीद्वारा समेटिएका जनसङ्ख्याको अनुपात	८०	८.१	२७.३	३६.७
		लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुर्‍याउने राष्ट्रिय बजेटको अनुपात	४०	२२.३	-	-
२.	लक्ष्य ५	समान कामका लागि समतामूलक ज्यालाको अनुपात	०.९२	०.६२	०.७२	०.८
		लैङ्गिक असमानता सूचकांङ्क	०.०५	०.४९	०.३८	०.२३
		लैङ्गिक सशक्तीकरण सूचकांङ्क	०.६९	०.५७	०.६	-

क्र. स.	दिगो विकास लक्ष्य	परिमाणात्मक लक्ष्य र सूचक	सन् २०३० को लक्ष्य	सन् २०१५ को आधार	सन् २०१९ को माइलस्टोन	सन् २०२२ को माइलस्टोन
३.	लक्ष्य-८	श्रमशक्तिमा महिला र पुरुषको सहभागिता अनुपात	१	०.९३	०.९५	०.९३
		महिलाले घरायसी काममा खर्चेको औसत समय/ घण्टा	६	१४	११.८	१०.२७
		महिलाको सम्पत्ति माथिको स्वामित्व	४०	२६	२९.७	-
		महिला, किशोरी तथा बालिकाहरूको बेचबिखन	३२५	१६९५	७२५	६५०

दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्रको कार्यान्वयन एवं प्रगति स्थिति यकिन गर्न तथा सूचकहरूको ३ वर्ष र ५ वर्ष मूल्याङ्कनको अवधि तोकी जिम्मेवार निकायको रूपमा मन्त्रालयलाई तोकेकोमा मन्त्रालयले ३ वर्षमा मूल्याङ्कन गर्नुपर्ने सूचकहरू समेतको प्रगति अद्यावधिक गरी मूल्याङ्कन गरेको छैन। दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको मार्गचित्रअनुरूप प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

८. **कोष सञ्चालन** - महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको संरक्षण एवं विकासका निर्धारित लक्ष्यहरू हासिल गर्ने उद्देश्यसहित स्थापना भएका कोषहरू गठन आदेशअनुसार सञ्चालन गर्नुपर्दछ। लैङ्गिक हिंसा निवारण कोष, मानव बेचबिखन पीडित पुनर्स्थापना कोष, ज्येष्ठ नागरिक कल्याण कोष, केन्द्रीय आपतकालीन बाल उद्धार कोषलगायत ५ कोषमा विगतको मौज्दात रू.२० करोड २६ लाख ५४ हजार रहेकोमा यस वर्ष ३ कोषमा रू.२७ लाख ३० हजार थप भई कुल मौज्दात रू.२० करोड ५३ लाख ८४ हजार मध्ये लैङ्गिक हिंसा निवारण कोष तथा मानव बेचबिखन पीडित पुनर्स्थापना कोषबाट रू.१ करोड १५ लाख ८९ हजार खर्च भई रू.१९ करोड ३७ लाख ९५ हजार मौज्दात छ। मन्त्रालयले हरेक वर्ष कार्यक्रम स्वीकृत गरी कोषमा अनुदान रकम उपलब्ध गराउँदै आएको देखिन्छ। संघीय संरचना अनुरूप खर्च गर्ने कार्यविधि परिमार्जन हुन नसकेकोले कोषको रकम उद्देश्यअनुरूप खर्च हुन सकेको छैन। उक्त कोषमा निष्क्रिय रहेको रकम सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

९. **सङ्गठन संरचना** - मन्त्रालय मातहत महिला तथा बालबालिका विभाग, समाज कल्याण केन्द्र पशुपति वृद्धाश्रम र उपत्यका बाहिर ४ जिल्लामा बाल सुधार गृह रहेकोमा र मन्त्रालय मातहत स्वशासित संस्थाको रूपमा समाज कल्याण परिषद्, राष्ट्रिय बाल अधिकार परिषद, केन्द्रीय बाल न्याय समितिको सचिवालय रहेका छन्। नेपाल सरकारको २०८०।८।२१ को निर्णयानुसार महिला तथा बालबालिका विभाग खारेज भएको छ। मन्त्रालयको जिम्मेवारीमा पर्ने काम सम्पादन गर्ने कार्यालय नरहेकोले कार्यसम्पादनस्तरका कार्यहरूसमेत मन्त्रालयबाटै हुने गरेको छ। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने काम कारवाहीको लागि उपयुक्त सङ्गठन संरचना गठन गरी कार्यसम्पादन हुनुपर्दछ।

१०. **राष्ट्रपति महिला सशक्तीकरण परियोजना** - नेपाल सरकारले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा गरेको प्रतिबद्धतालाई कार्यान्वयन गरी राज्यका तीनै तह सङ्ग, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा विपन्न, लक्षित समुदायका महिलाहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान सुनिश्चित गरी महिलाको आर्थिक सशक्तीकरणमार्फत समग्र विकास गर्ने लक्ष्यसहित राष्ट्रपति महिला सशक्तीकरण परियोजना सञ्चालनमा रहेको छ। परियोजनाको लागत रू.२१ अर्ब १७ करोड ५ लाख अनुमान गरी २०७७।७८ देखि प्रारम्भ भएको छ।

परियोजनामा यो वर्ष ९ वटा क्रियाकलाप कार्यान्वयन गर्न रू.४ करोड ६२ लाख बजेट व्यवस्था भएकोमा १६७ महिलाको उद्धारमा रू.४ करोड ४३ लाख ७५ हजार खर्च भएको छ। उक्त खर्चमध्ये हेलिकोप्टर भाडामा रू.३ करोड ४१ लाख ९० हजार भुक्तानी भएको छ। हवाई उद्धारबाहेक कार्यविधि निर्माण, पुनरावलोकन, महिलाहरूको घरेलु कामको मूल्य निर्धारणसम्बन्धी अध्ययन अनुसन्धान, बहुआयामिक नमुना ग्रामको मोडालिटी तयार गर्ने, महिलाहरूको क्षमता विकासको लागि पालिकाहरूमा विभिन्न तालिम सञ्चालन गर्नेलगायतका कार्यक्रम कार्यान्वयन हुनसकेको छैन।

११. **अनुदानको अनुगमन -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय र परिचालन गरी अनुदानबाट सञ्चालित कार्यक्रमको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले २०७९।८० मा स्थानीय तह एवं गैरसरकारी संस्थालाई प्रस्तावको आधारमा छनोट गरी रू.६० करोड ७६ लाख अनुदान वितरण गरेको छ। सोमध्ये मन्त्रालयबाट रू.१२ करोड ९६ लाख, प्रदेश सरकारमार्फत रू.३ करोड ६५ लाख र स्थानीय तहमार्फत रू.४४ करोड १५ लाख अनुदान वितरण गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

११.१. मन्त्रालयको संस्थागत अनुदानसम्बन्धी मापदण्ड, २०७७ मा मापदण्डअनुसार मन्त्रालयले सामाजिक विकास कार्यक्रमवाट २६ गैरसरकारी संस्थालाई रू.७ करोड ४३ लाख ६६ हजार र विविध खाताबाट रू.८२ लाख ५० हजार अनुदान प्रदान गरेको छ। मापदण्डमा उल्लेख भएअनुसार संस्था दर्ता एवं नवीकरणको प्रमाण, संस्थाको विधान, अनुदान रकमबाट खर्च गर्ने कार्यक्रमको विवरण, आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनलगायतका कागजात बेगर नै अनुदान दिएको पाइयो। स्वीकृत कार्यक्रमअनुसारको काम भएको पुष्टि हुने विवरण पेस नभएको तथा कार्यक्रम सञ्चालन भएको सम्बन्धमा मन्त्रालयबाट नियमित अनुगमन नगरेकोले संस्थाको कार्यक्रम, खर्च र कार्यसम्पादन प्रक्रिया, मापदण्ड पालना र अनुदानको उपयोग लक्षित कार्यक्रममा भए नभएको यकिन गर्न सक्ने अवस्था छैन। संस्थाको वित्तीय विवरण संलग्न नभएको, सञ्चालित कुल कार्यक्रम र सोमा विभिन्न निकायबाट प्रदान गरिएको अनुदान खुल्ने छुट्टाछुट्टै विवरण संलग्न नगरेकाले मन्त्रालयले प्रदान गरेको अनुदान र अन्य स्रोतबाट सञ्चालनमा रहेका कार्यक्रममा दोहोरोपना भए नभएको सम्बन्धमा यकिन गरिनुपर्दछ।

११.२. संस्थागत अनुदानसम्बन्धी मापदण्ड, २०७७ बमोजिम मन्त्रालय र सडक आश्रित मानव उद्धारको लागि स्थापित एक आश्रमबीच २०७९।११।१४ मा भएको सम्झौताअनुसार मन्त्रालयले रू.१ करोड अनुदान उपलव्ध गराएको छ। सम्झौतामा अनुदान खर्चको वित्तीय प्रगति प्रतिवेदन, अन्य स्रोतबाट समेत रकम प्राप्त गरेको भए त्यसको विवरणसहित मन्त्रालयवाट प्राप्त रकमको आम्दानी खर्च स्पष्ट देखिने गरी स्रेस्ता तयार गरी पेस गर्नुपर्ने, कार्यक्रम कार्यान्वयनको अनुगमन नियमित रूपमा मन्त्रालयबाट हुने लगायतका विषय उल्लेख छ।

उक्त आश्रमको २०७८।७९ को वित्तीय विवरणअनुसार आश्रमलाई ९२ सरकारी निकायबाट रू.३२ करोड ३० लाख अनुदान प्राप्त भएकोमा सोमध्ये रू.२१ करोड ९३ लाख आय विवरणमा समावेश गरी बाँकी रू.१० करोड ३७ लाख सम्पत्ति खरिदका लागि पुँजीगत कोषमा र आय खातामा लगेको रकममध्ये बाँकी बचत रू.४ करोड ९१ लाख अलग्गै कोषमा सारेको छ। उक्त कोषमा २०७९ आषाढ मसान्तसम्म रू.१८ करोड ९२ लाख मौज्दात रहेको देखिन्छ। सडकपेटी एवं सार्वजनिक

स्थलहरूमा रहेका सडक आश्रित मानवको उद्धार कार्यमा उपयोग गर्नुपर्ने अनुदान अलग्गै कोषमा सारेको उपयुक्त देखिएन। सम्झौताबमोजिम संस्थाले मन्त्रालयमा पेस गर्नुपर्ने कागजात तथा प्रगति विवरण पेस नगरेकोले उद्देश्यअनुरूपको खर्च र अन्यत्रबाट प्राप्त अनुदान तथा कार्यक्रमवीच दोहोरोपना भए नभएको यकिन गर्न सक्ने अवस्था छैन। यस सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरी गैरसरकारी संस्थामार्फत सञ्चालन हुने यस्ता कार्यक्रमहरू उद्देश्यबमोजिम खर्च गरेको सुनिश्चित गर्नुपर्दछ।

१२. **महिला समुत्थान कार्यक्रम -** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, लैङ्गिक हिंसा पीडितहरूको पुनर्स्थापनाको विस्तार तथा सुधार, लैङ्गिक हिंसा रोकथाम तथा सेवाबारे चेतना अभिवृद्धि तथा लैङ्गिक हिंसा पीडितलाई प्रभावकारी सेवा प्रदान गर्न मन्त्रालयले एसियाली विकास बैङ्कको अनुदान अमेरिकी डलर १२ मिलियन र नेपाल सरकारको अमेरिकी डलर ६ मिलियनसमेत कुल अमेरिकी डलर १८ मिलियन लगानीमा २०७९।९।१२ मा उक्त बैङ्कसँग सम्झौता गरी २०८३।९।१६ मा सम्पन्न गर्ने गरी महिलाको संरक्षण तथा समुत्थान आयोजना कार्यान्वयनमा ल्याएको छ। यो वर्ष २३ क्रियाकलाप कार्यान्वयन गर्न चालु खर्चतर्फ रू.३६ करोड ७३ लाख बजेट विनियोजन भए तापनि कुनै पनि कार्यक्रम कार्यान्वयन गरेको छैन। त्यस्तै पुँजीगततर्फ ५ क्रियाकलाप कार्यान्वयन गर्न रू.१ करोड ७८ लाख बजेट विनियोजन भएकोमा मोटरसाइकल, प्रिन्टर, ल्यापटप, कम्प्युटर खरिदलगायत रू.१५ लाख ४ हजार खर्च भएको छ। बजेट तथा कार्यक्रममा काठमाडौंमा दीर्घकालीन पुनर्स्थापना केन्द्रको भवन निर्माण गर्न रू.७१ लाख, फर्निचर खरिद गर्न रू.१३ लाख विनियोजन भएकोमा ती कार्यक्रम कार्यान्वयन नभई प्रगति शून्य रहेको छ। मुख्य काम सुरु हुन बाँकी नै रहेकोले तोकिएको समयमा आयोजना सम्पन्न हुने देखिदैन। अत: लक्षित समयमा कार्यक्रम सम्पन्न गर्न ध्यान दिनुपर्दछ।

१३. **बाल सुधार गृह निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही सुरु गर्नुपर्ने उल्लेख छ। तनहुँको आबुखैरनी गाउँपालिका ५ स्थित जग्गामा बाल सुधार गृह निर्माण गर्ने कार्यको विस्तृत आयोजना प्रतिवेदनअनुसार कुल लागत रू.४१ करोड रहेकोमा भवन निर्माण गर्न गत वर्ष रू.२ करोड ३९ लाख ५० हजारमा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता गरेकोमा रू.२ करोड २० लाख ३६ हजार भुक्तानी भए तापनि कार्य सम्पन्न भएको छैन। यो वर्ष रू.९ करोड बजेट विनियोजन भएकोमा खर्च भएको छैन। मन्त्रालयले २०७९ फागुनमा स्थलगत अनुगमन गरी तयार गरेको प्रतिवेदनमा निर्माणाधीन उक्त भवन जीर्ण अवस्थामा रहेको, बाल सुधार गृहको गुरुयोजनाअनुसार निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएकोमा कार्यान्वयन भएको छैन। आयोजनाको आवश्यकता पहिचान, विस्तृत सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, साइट क्लियरेन्सलगायतका कार्य सम्पन्न गरी आयोजनाको काम सुरु गर्नुपर्नेमा सो नगरी भवन निर्माणको लागि खरिद सम्झौता गरेको र तत्पश्चात् मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गरेको देखियो। अत: आयोजना समयमै सम्पन्न गर्नेतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ।

१४. **अस्पताल तथा वृद्धाश्रम निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माणस्थलको व्यवस्था नभई खरीद कारबाही सुरु गर्न नहुने उल्लेख छ। काठमाडौं, गोठाटारस्थित पशुपति क्षेत्र विकास कोषको जग्गामा ४५ शय्याको ज्येष्ठ नागरिक अस्पताल भवन र १६५ जना क्षमताको वृद्धाश्रम निर्माण गर्न गतवर्ष रू.५ करोड र यो वर्ष रू.२२ करोड विनियोजन भए तापनि निर्माण कार्य सुरु भएको छैन। पशुपति क्षेत्र विकास कोषको २०७३।३।३१ को बैठकबाट पशुपति क्षेत्रस्थित पञ्चदेवल सत्तलमा संरक्षण गरिँदै आएका ज्येष्ठ नागरिकहरूलाई गोठाटारमा सार्नका लागि

भवन निर्माण गर्न कोषको गोठाटारको जग्गामध्ये १० रोपनी जग्गा कोषकै स्वामित्वमा रहने गरी निर्माण अनुमति दिने निर्णय भएको देखिन्छ। सघन शहरी तथा भवन निर्माण आयोजना, बबरमहलले अस्पताल भवनको रू.४२ करोड ५४ लाखको र वृद्धाश्रम भवनको रू.४५ करोड ६ लाख समेत रू.८७ करोड ६० लाखको लागत अनुमान तयार गरेकोमा २०७८।११।४ मा स्वीकृत भएको छ। उक्त निर्माण कार्य प्रक्रिया २०७२।७३ देखि सुरु गरे तापनि जग्गा प्राप्ति हुन नसकेको कारण भवन निर्माण तथा ठेक्का व्यवस्थापन कार्य अघि बढ्न सकेको छैन। बजेट तथा कार्यक्रममा राखिएको लक्ष्य पूरा गर्न समयमै खरिद व्यवस्थापन गरी लक्षित समूहलाई लाभ दिलाउनेतर्फ मन्त्रालयको ध्यान जानुपर्दछ।

१५. **चालु कोष** - महिला तथा बालबालिका विभागबाट प्राप्त विवरण अनुसार ७५ जिल्लाका बैङ्क खातामा रहेको चालुकोषको रकम, महिला सहकारी संस्था/समितिमा लगानी रहेको रकम तथा अन्य कोषमा रहेको रकमसमेत रू.१३ करोड ५५ लाख २१ हजार फिर्ता हुन बाँकीमध्ये यो वर्ष रू.१ करोड ९४ लाख ५६ हजार असुल भई रू.११ करोड ६० लाख ६५ हजार साँवा फिर्ता हुन बाँकी देखिन्छ। उक्त साँवा तथा सोमा लाग्ने ब्याजसमेत असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ।

१६. **ज्येष्ठ नागरिक कोष** - ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पूरा गरेका नेपालीलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषित गरेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको करिब १०.३० प्रतिशत जनसङ्ख्या रहेको ज्येष्ठ नागरिकको हकहित संरक्षण, सामाजिक सुरक्षालगायतका कार्य गर्न ज्येष्ठ नागरिक कल्याण कोष सञ्चालनमा रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१. सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ (१) मा दलित एवं एकल महिला ज्येष्ठ नागरिकले ६० वर्ष उमेर पूरा भए पश्चात् र अन्य समुदायको ज्येष्ठ नागरिकले ६८ वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ। विभिन्न १० प्रकारका सामाजिक सुरक्षा भत्तामा २०७६।७७ मा रू.६६ अर्ब १७ करोड, २०७७।७८ मा रू.६८ अर्ब ५१ करोड र २०७८।७९ मा रू.९६ अर्ब ६ करोड र २०७९।८० मा रू.१ खर्ब ८ अर्ब ३७ करोड खर्च भएको छ। स्वास्थ्य सुविधाको पहुँचमा वृद्धि भई कुल जनसङ्ख्यामा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएको, सामाजिक सुरक्षाको दायरा समेत वृद्धि हुँदै गएकाले सामाजिक सुरक्षा भत्ता खर्चको आकार प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ।

१६.२. ज्येष्ठ नागरिकको हकहितका क्षेत्रमा काम गर्ने सङ्घ, संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदानसम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ६ मा कार्यविधिमा समेटिएका लक्षित वर्गलाई नेपाल सरकारबाट जुन उद्देश्यको लागि अनुदान उपलब्ध गराइएको हो, सोही उद्देश्य एवं प्रयोजनमा मात्र अनुदानको उपयोग गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार अनुदानबाट सात वटै प्रदेशमा २२५ ज्येष्ठ नागरिक आश्रमले १३ हजार ५०० ज्येष्ठ नागरिकलाई आश्रय, खाना, स्वास्थ्य सेवा उपलब्ध गराएको देखिन्छ। कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले वर्षान्तमा निकासा दिँदा कतिपय लक्षित कार्यक्रम सञ्चालनमा आउन सकेको छैन। अनुदान वितरणको वस्तुगत आधारसहितको कार्यविधि एवं मापदण्ड तयार गरी अनुदान उपलब्ध गराउनुपर्ने र साको उपयोगबारे अनुगमन मूल्याङ्कन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१७. **बालगृह अनुगमन -** बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ अनुसार गठित राष्ट्रिय बाल अधिकार परिषद्लाई बाल अधिकार संरक्षण र संवर्धन गर्ने तथा संरक्षण सहायताका लागि समन्वय सहयोग एवं अनुगमन गर्ने जिम्मेवारी तोकिएको छ। परिषद्को लागि यो वर्ष रू.५ लाख वजेट विनियोजन गरेकोमा रू.४ लाख २८ हजार खर्च गरेको छ। परिषद्ले १२४ बालगृहको भौतिक उपस्थितिमा बालक १ हजार ३५३ र बालिका १ हजार ७०९ समेत ३ हजार ६२ बालबालिकाको अवस्था अनुगमन गरेकोमा गैरसरकारी संस्थाहरूद्धारा सञ्चालित बालसुधार गृहबाट विगत ५ वर्षमा परिषदले मापदण्ड नपुगेका २४ बालगृहबाट ३९० जना बालबालिका र मापदण्ड विपरीत सञ्चालनमा रहेका २ बालगृहबाट ४१ जना बालबालिकाको उद्धार संरक्षण र व्यवस्थापन गरेको छ। परिषद्ले संस्थामा संरक्षित बालबालिकाको उचित व्यवस्थापन एवं संरक्षणका लागि यथाशीघ्र उद्धार गर्नुपर्ने सुझाव पटक पटक दिएकोमा उक्त सुझावहरू कार्यान्वयन भएको छैन। बालगृह सुधारका लागि उक्त सुझावहरू कार्यान्वयन हुनुपर्दछ।

१८. **हराएका तथा बेवारिसे बालबालिका -** यो वर्ष हराएर उजुरी परेका बालक १ हजार ६०१ र बालिका ४ हजार २२५ समेत ५ हजार ८२६ मध्ये ५ हजार १५० जना फेला परेका र ६७६ जना खोजतलास जारी रहेको राष्ट्रिय बाल अधिकार परिषद्को प्रतिवेदनमा उल्लेख छ। हराएका बालबालिकामध्ये बालिकाको हिस्सा ७२. ५२ प्रतिशत रहेको छ। बालबालिका खोजतलास समन्वय केन्द्र मार्फत ३६२ बेवारिसे बालबालिका फेला परेको उल्लेख छ। खोजतलास गरी फेला परेका र बेवारिसे फेला परेका समेत ५ हजार ५१२ मध्ये ५ हजार ३७३ जनाको पारिवारिक पुनर्मिलन गरेको र बाँकी १३९ जनामध्ये १२३ जनालाई संरक्षणका लागि बालगृहमा पठाएको तथा १६ जना भागेको उल्लेख छ। समन्वयात्मक प्रणालीको विकास गरी फेला परेका बालबालिकाको पुनर्मिलन तथा सीप विकास लगायतका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयन अवस्था

राज्य संरचनाको तीनवटै तहको समन्वय, सहकार्य र साझेदारीमा विपन्न, लक्षित समुदायका महिलाहरूको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान सुनिश्चित गरी आर्थिक सशक्तीकरणमार्फत महिलाहरूको समग्र विकास गर्ने लक्ष्यसहित राष्ट्रपति महिला सशक्तीकरण परियोजना २०७७।७८ देखि सञ्चालनमा रहेको र लागत अनुमान रू.२१ अर्ब १७ करोड ५ लाख रहेको छ। परियोजनामा हालसम्म स्थानीय तहमा हस्तान्तरण हुने रकमसमेत रू.५२ करोड ३४ लाख खर्च भएको छ। परियोजनाको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवार निकायको रूपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रहेको छ। साथै, प्रदेशमा सामाजिक विकास मन्त्रालय र तोकिएका स्थानीय तहबाट समेत परियोजनाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। परियोजनाको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्।

१९. **कार्यान्वयन स्थिति -** परियोजनाले जीविकोपार्जन सुधार, वित्तीय पहुँच तथा उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्दै दिगो विकास हासिल गर्ने, लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रूपान्तरणको अभियान सञ्चालन गर्ने, हिंसा पीडित तथा प्रभावितको

लागि राहत उद्धार र पुनःस्थापना सेवा उपलब्ध गराउन आर्थिक सशक्तीकरण, सामाजिक रूपान्तरण र राहत तथा उद्धार गरी मुख्य ३ आयाम समेटेको छ। परियोजनाद्वारा स्थानीय स्रोत, साधन, सिर्जना र सीपको उपयोग गर्दै परम्परागत सीपमूलक कार्यलाई व्यावसायिक बनाउन उद्यमशील संस्कृतिको विकास गरी रोजगारी सिर्जनामार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिरहेका महिला उद्यमीलाई प्रोत्साहन, सम्मान र कदरस्वरूप आत्मगौरवको अनुभूति दिलाउने उद्देश्यले हालसम्म १६ महिला उद्यमीलाई पुरस्कृत गरिएको छ। त्यसै गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम पूर्णरूपमा लागु भएका १९ जिल्ला र आंशिक रूपमा लागु भएका २९ जिल्लाबाट २०७५।७६ देखि २०७९।८० सम्म ५५२ गर्भवती तथा सुत्केरी महिलालाई उद्धार गरेकोमा रू.१४ करोड ५० लाख खर्च भएको देखिन्छ। परियोजनामार्फत उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रममार्फत हालसम्म १९० महिला उद्यमीलाई रू.३ करोड ८० लाख र ७ उद्यमी समूहलाई रू.३५ लाख अनुदान वितरण भएको देखिन्छ।

२०. **परियोजना सञ्चालन -** आयोजनाले प्राथमिकतामा राखी उद्घोष गरेका कार्यक्रममध्ये "हातैमा उद्यम मोबाइल एप्स", बहुआयामिक नमुना ग्राम, महिलाले गर्ने घरेलु तथा हेरचाह कार्यको सर्वेक्षण तथा मौद्रिक मूल्य निर्धारणसम्बन्धी कार्य तथा लैङ्गिक हिंसाको अवस्थाको सर्वेक्षणमार्फत लैङ्गिक रूपले खण्डीकृत तथ्याङ्क उपलब्ध हुने गरी व्यवस्थापन सूचना प्रणाली विकास गर्ने र सरकारका तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली स्थापना गर्ने कार्यक्रम कार्यान्वयन भएको देखिएन। कार्यान्वयनको स्पष्ट कार्ययोजना तयार गरी लागु गर्नुपर्दछ।

रूपान्तरणकारी परियोजनाको रूपमा सञ्चालित कार्यक्रमको स्पष्ट कार्यदिशा, छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालय अन्तर्गतका तहगत संरचना, प्रदेश अन्तर्गतका संरचना र स्थानीय तहमार्फत छरिएर बजेट खर्च हुने गरेकोले घोषित लक्ष्य र उद्देश्यबमोजिमको नतिजा प्राप्ति एवं सोको एकीकृत अभिलेख व्यवस्थापनमा समस्या देखिएको छ। रूपान्तरणकारी र राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा सञ्चालनमा रहेको यस परियोजनाको कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने निश्चित संयन्त्र नहुँदा अन्य कार्यक्रमभन्दा भिन्न र प्रभावकारी हुन सकेको छैन। निश्चित सूचक, छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयन्त्र तय गरी यस्ता रूपान्तरणकारी परियोजना सञ्चालन गर्नुपर्दछ।

२१. **जीविकोपार्जन कार्यक्रम -** यस परियोजनाअन्तर्गत मानव विकास सूचकाङ्कमा पछि परेका ५५ जिल्लाअन्तर्गतका १११ स्थानीय तहमा द्वन्द्व पीडित, अति विपन्न दलित, पिछडा वर्ग, जनजाति, मधेसी, खस, आर्य तथा मुस्लिम वर्गका महिला लक्षित जीविकोपार्जन कार्यक्रम लागु भएको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ मा १०० स्थानीय तहलाई रू.९ करोड बजेट विनियोजन भएकोमा २१ स्थानीय तहमा मात्र कार्यक्रम सञ्चालन भई रू.१ करोड ६६ लाख ४८ हजार खर्च भएको छ। त्यसै गरी २०७८।७९ मा १११ स्थानीय तहलाई रू.१० करोड बजेट विनियोजन भएकोमा ४२ स्थानीय तहले रू.३ करोड ५२ लाख ९७ हजार खर्च गरेको र २०७९।८० मा १११ स्थानीय तहलाई रू.१० करोड बजेट विनियोजन भएकोमा २६ स्थानीय तहले रू.२ करोड ९९ लाख ६० हजार खर्च गरेका छन्। नागरिक सहभागितामा लेखापरीक्षण गरिएका ४ जिल्लाको जीविकोपार्जन कार्यक्रम सञ्चालन भएका ९ स्थानीय तहबाट प्राप्त विवरणअनुसार हुम्ला जिल्लाको नाम्खा गाउँपालिका र ताँजकोट गाउँपालिकामा २०७७।७८ देखि २०७८।७९ सम्म प्रत्येक वर्ष रू.८ लाख ९० हजारका दरले सशर्त अनुदान बजेट विनियोजन भए तापनि २०७९।८० मा मात्र कार्यक्रम सञ्चालन भई रू.८

लाख ९० हजार खर्च भएको देखिन्छ। दार्चुला जिल्लाको दुहु गाउँपालिकामा २०७७।७८ देखि २०७९।८० सम्म हरेक वर्ष रू.८ लाख ९० हजारका दरले बजेट विनियोजन भएकोमा २०७७।७८ र २०७९।८० मा कार्यक्रम सञ्चालन भएको छैन। कार्यक्रम सञ्चालन हुन नसक्नुमा परियोजनामा समावेश जीविकोपार्जन सुधार कार्यक्रम सम्बन्धमा पालिकालाई पूर्णरूपमा जानकारी नभएको, कार्यक्रम सञ्चालनको लागि संस्था छनोट प्रक्रियामा नआएको तथा जनशक्तिको अभाव रहेको जस्ता कारण उल्लेख गरेको देखियो। कार्यक्रममा छनोट भएका स्थानीय तहमा हस्तान्तरण भएको अनुदान रकमको उपयोग र सोबाट हासिल भएको उपलब्धि सुनिश्चित गर्न सम्पादित क्रियाकलापको अभिलेख, अनुगमन, प्रतिवेदन र विश्लेषण गर्ने गराउने व्यवस्था गर्नुपर्दछ।

२२. **टेवा पुँजी तथा प्रविधि सहयोग कार्यक्रम -** परियोजनाअन्तर्गत उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, ७ प्रदेशका सामाजिक विकास मन्त्रालय र १०० स्थानीय तहको समन्वय र सहकार्यमा सञ्चालन तथा कार्यान्वयनमा रहेको छ। हरेक प्रदेशका एक उद्यमी समूह र २० महिला उद्यमीलाई टेवा पुँजी तथा प्रविधि सहयोग उपलब्ध गराउने लक्ष्यअनुसार लुम्बिनी प्रदेशमा २०७७।७८ देखि सुरु भएकोमा सो वर्ष पश्चात् कार्यक्रम कार्यान्वयन भएको छैन। त्यस्तै सुदूरपश्चिम प्रदेशमा २०७७।७८ मा कार्यक्रम सञ्चालन नभएको, २०७८।७९ मा २ उद्यमीले मात्र टेवा पुँजी प्राप्त गरेको देखियो। सङ्घीय मन्त्रालयले पेस गरेको प्रगति विवरणमा वित्तीय हस्तान्तरणको बजेटलाई नै प्रगति उल्लेख गरेको छ। लक्ष्यअनुरूप कार्यक्रम कार्यान्वयन हुन नसक्दा हस्तान्तरण भएको रकमको उपयोग र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन।

२३. **महिला उद्यमशीलता सहजीकरण -** महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ को बुँदा ५ मा केन्द्र सञ्चालनको लागि सम्बन्धित स्थानीय तहमा १ सहजकर्ता रहने तथा सोही कार्यविधिको ११(६) मा महिला सहजकर्ताको पारिश्रमिक सम्बन्धित स्थानीय तहले नै व्यवस्था गर्नुपर्ने उल्लेख छ। स्थानीय तहमा आफ्नो स्रोत साधनको अभावमा सङ्घीय तथा प्रादेशिक अनुदानमा निर्भर रहेको विद्यमान अवस्थामा सङ्घीय कार्यक्रममा स्थानीय निकायबाट सहजकर्ताको पारिश्रमिक व्यवस्था गर्नुपर्ने अवस्थाले सहजकर्ता नियुक्ति, पदपूर्ति तथा निरन्तरतामा स्थानीय तहलाई अनिवार्य गर्न सक्ने अवस्था देखिँदैन। सहजीकरण केन्द्रको सहजकर्ताको पदपूर्ति सम्बन्धमा स्पष्ट नीतिगत, कानुनी तथा पर्याप्त बजेटको व्यवस्था मिलाउनुपर्दछ।

२४. **सामाजिक रूपान्तरण कार्यक्रम -** परियोजनाको सामाजिक रूपान्तरणअन्तर्गत सञ्चालित लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि नेपाल टेलिभिजनबाट पाक्षिक रूपमा चेतनामूलक कार्यक्रम प्रसारण हुँदै आएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालित लैङ्गिक सहिष्णुता तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम तुलनात्मक रूपमा यस परियोजनामा समावेश कार्यक्रमसँग समान देखिएका छन्। एकै प्रकारका कार्यक्रमहरू विभिन्न शाखा तथा महाशाखाबाट सञ्चालन भइरहेको देखिन्छ। एकै प्रकृतिका कार्यक्रमलाई सुदृढ, सबल र प्रभावकारी नबनाई नयाँ ढाँचा र नामबाट त्यस्तै प्रकारका अन्य कार्यक्रम सञ्चालन भइरहेको हुँदा कार्यक्रम कार्यान्वयनमा द्विविधा उत्पन्न हुने तथा जिम्मेवारीको अस्पष्टता हुने र कार्यक्रमको क्षेत्र तथा लाभग्राही दोहोरिने जोखिम देखिन्छ। मन्त्रालयले विगतदेखि सञ्चालित कार्यक्रमलाई सुदृढ र प्रभावकारी बनाउनुका साथै क्रियाकलापहरू दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२५. **कार्यक्रमको निरन्तरता र दिगोपना** - रूपान्तरणकारी परियोजनाअन्तर्गत सञ्चालित कार्यक्रम तोकिएको अवधिसम्म निरन्तररूपमा तोकिएबमोजिम सञ्चालन भई कार्यक्रमबाट अपेक्षित नतिजाअनुरूप प्राप्त प्रतिफल तथा नतिजाको दिगो व्यवस्थापन हुनुपर्दछ। राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ३(८.१) मा राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरू उल्लेख भए तापनि केही क्रियाकलापहरू स्पष्ट किटान भई हरेक वर्ष निरन्तर सञ्चालनमा रहेका छन् भने केही क्रियाकलापहरू सरकारको हरेक वर्षको नीति तथा कार्यक्रमअनुसार थप घट हुने गरेका छन्। परियोजनाको समग्र प्रयासलाई नतिजामुखी बनाउन र परियोजनाले निर्दिष्ट गरेको पूर्वनिर्धारित लक्ष्यको माइलस्टोन पूरा गर्नको लागि यसले समेटेको क्षेत्र तथा आयामअन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धमा स्पष्टता हुन आवश्यक छ। साथै, परियोजनाबाट हरेक वर्ष सम्पादन हुने क्रियाकलापहरूमा एकरूपता तथा निरन्तरता हुनुपर्दछ।

अन्य संस्था

समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवासँग सम्बन्धित क्रियाकलापलाई विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार यस परिषद्ले कार्य गर्दै आएको छ। परिषद्को आय-व्यय विवरण अनुसार गत वर्षको मौज्दात रू.८२ करोड २४ लाख ३८ हजार समेत कुल आय रू.१ अर्ब ५८ करोड ४२ लाख ३१ हजार रहेको छ। सोमध्ये यो वर्ष प्रशासनिक कार्य र कार्यक्रममा रू.४६ करोड ६० लाख ७६ हजार खर्च भई रू.१ अर्ब ११ करोड ८१ लाख ५५ हजार मौज्दात रहेको छ।

२६. **संस्था आबद्धता तथा नवीकरण** - समाज कल्याण ऐन, २०४९ को दफा १३ र समाज कल्याण नियमावली, २०४९ को नियम १३ मा संस्था आबद्धतासम्बन्धी व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७९।८० मा १ हजार ५६१ सहित यो वर्षसम्म ५५ हजार ५७६ संस्था परिषद्मा आबद्ध रहेका छन्। आबद्धता लिएका संस्थामध्ये ४ हजार ९३७ संस्था (८.८८ प्रतिशत) ले मात्र नवीकरण गरेका छन्। वैदेशिक सहयोग लिई आबद्धता नवीकरण नगर्ने संस्थाको सम्बन्धमा विदेशी मुद्रा प्राप्त गर्ने माध्यम बैङ्क तथा वित्तीय संस्थाहरू, अर्थ मन्त्रालयको वैदेशिक सहयोग व्यवस्थापन सूचना प्रणाली शाखा, सम्बन्धित आन्तरिक राजस्व कार्यालय र संस्था दर्ता, नवीकरण गर्ने निकायसँग समन्वय स्थापित गरी आबद्धता नवीकरणको दायरामा ल्याउनुपर्दछ। ऐन बमोजिम आबद्धता नलिई सञ्चालनमा रहेका संस्था यकिन गरी वैदेशिक स्रोत परिचालन गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

२७. **परियोजनाको सम्झौता तथा अनुगमन** - समाजकल्याण ऐन, २०४९ दफा ९ मा समाज कल्याण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, सामाजिक सङ्घ संस्थालाई सहयोग गर्ने, समन्वय गर्ने र कामको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गराउने, नेपाल सरकार र सामाजिक सङ्घ संस्थाहरूबीच समन्वयकर्ताको रूपमा कार्य गर्ने गराउने, समाज सेवामा संलग्न परिषद्सँग आबद्ध सङ्घ संस्थाहरूका लागि सूचना र अभिलेख केन्द्रका रूपमा कार्य गर्ने गराउने परिषद्को जिम्मेवारी रहेको छ। यस्तै दफा २३ मा परिषद्सँग आबद्ध सामाजिक सङ्घ संस्थाले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदनसहित आफूले गरेको कामको विवरण देखिने गरी वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने

व्यवस्था छ। परिषद्ले नेपालको शिक्षा, स्वास्थ्य, सामुदायिक विकास, महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, मुस्लिमलगायतका पिछडिएका वर्ग सामुदायिक तथा लक्षित राहत उद्धार तथा पुनर्निर्माण आदि कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी २०७८।७९ मा रू.७० अर्ब ८४ करोड ८९ लाख र २०७९।८० मा १ हजार ७० संस्थाको १ हजार ६४० परियोजनाको लागि रू.६२ अर्ब ५ करोड ७ लाखको परियोजना स्वीकृति दिएको देखिन्छ। स्वीकृत परियोजना सम्झौता रकममध्ये राष्ट्रिय गैरसरकारी संस्थातर्फ १ हजार २२ संस्थाको १ हजार ५८६ परियोजनाको रू.३१ अर्ब ५६ करोड १६ लाख र अन्तराष्ट्रिय गैरसरकारी संस्थाको ४८ संस्थाका ५४ परियोजनाको रू.३० अर्ब ४८ करोड ९१ लाख रहेको देखिन्छ। परिषद्मा पेस भएका उजुरीहरूबाट संस्थाको वार्षिक प्रतिवेदन परिषदमा अभिलेखबद्ध नभएको र प्रभावकारी अनुगमनको अभावमा सङ्घ संस्थाहरू निर्दिष्ट उद्देश्य अनुरूप सञ्चालन नभएको देखिन्छ।परिषद्को अनुगमन तथा मूल्याङ्कनको कार्यलाई प्रभावकारी तथा व्यवस्थित गर्नुपर्दछ।

२८. **कार्यक्रम तथा परियोजना अनुमोदन -** वैदेशिक सहयोग स्वीकृति निर्देशिका, २०७१ को बुँदा नं.५ मा सङ्घ, संस्थाद्वारा वैदेशिक सहयोगमा कार्यक्रम, परियोजना सञ्चालन गर्नुपूर्व समाज कल्याण ऐन, २०४९ को दफा १६ अनुसार स्वीकृति लिनुपर्ने व्यवस्था छ। पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेमा एक पटकका लागि मात्र खर्च रकम अनुगमन/मूल्याङ्कन गरी अनुमोदन गर्न सकिने व्यवस्था छ। परियोजना तर्जुमा र सम्झौताको विधि तथा प्रक्रिया निर्धारण गर्दा स्पष्ट विधि अवलम्बन गरी परियोजनालाई यथार्थ, मापनयोग्य र सरकारी नीतिमा आधारित बनाउन समाज कल्याण परिषद्ले परियोजना सम्झौता सम्बन्धी निर्देशिका, २०७१ कार्यान्वयन गरेको छ। परिषद्ले २०७९।८० मा १८९ राष्ट्रिय गैरसरकारी संस्थाका १९० परियोजनाको रू.४ अर्ब ६३ करोड २० लाख अनुमोदनको प्रक्रियामा राखी नयाँ परियोजना कार्यान्वयन गर्न स्वीकृति दिएको छ। अर्थ मन्त्रालयको अनुदान व्यवस्थापन सूचना प्रणालीमा सहायता रकम नदेखाई सोझै दातासँग सम्झौता गरी परियोजनामा खर्च गर्ने र खर्च गरी कार्यक्रम सम्पन्न पश्चात् अनुमोदनका लागि परिषद्मा पेस गर्ने गरेको छ। निर्देशिकाको प्रावधानबमोजिम परियोजना सञ्चालन गर्नु गराउनुपर्दछ।

२९. **अनुगमन तथा मूल्याङ्कन** - समाज कल्याण ऐन, २०४९को दफा ९(क) मा परिषद्ले सामाजिक सङ्घ संस्थाको अनुगमन/मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ भने समाज कल्याण नियमावली, २०४९ को नियम १०(९) मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन/मूल्याङ्कन प्रयोजनार्थ नीति निर्माण गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था छ। सामाजिक सङ्घ संस्थाको अनुगमन सुपरिवेक्षण एवं मूल्याङ्कन निर्देशिका, २०७१ को बुँदा १० मा परियोजना सम्झौता हुनु अगाडि कुल परियोजना बजेटको ०.१ देखि ०.५ प्रतिशतसम्म सम्बन्धित संस्थाबाट शुल्क उठाई साझा कोषको नाममा जम्मा गरी सोबाट खर्च गर्दै आएको छ। परिषद्ले २०७७।७८ देखि २०७९।८० सम्म ३ वर्षमा बाह्य मूल्याङ्कन प्रयोजनका लागि ४ हजार ५०६ राष्ट्रिय गैरसरकारी संस्थाबाट रू.४३ करोड ८७ लाख ९३ हजार तथा २१० अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट रू.१८ करोड ७ लाख ५१ हजारसमेत रू.६१ करोड ९५ लाख ४४ हजार अनुगमन सेवा शुल्क असुल गरी यो वर्ष ९६ परियोजनाको अनुगमनका लागि रू.६ करोड ४३ लाख ४५ हजार खर्च गरेको छ। परिषद् बाट स्वीकृति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका परियोजना सम्झौता सम्पन्न भएकामध्ये अन्तिम मूल्याङ्कनको प्रतिवेदन अद्यावधिक नभएको तथा बाह्य मूल्याङ्कन प्रयोजन विवरण अद्यावधिक गरी जोखिममा आधारित मूल्याङ्कनका सूचकहरू

तयार गरेको छैन। स्वीकृत परियोजनामध्ये सम्पन्न संस्थाहरूको समेत अन्तिम मूल्याङ्कन नटुङ्गयाई प्रक्रियामा राख्दै गएकोले अनुगमन मूल्याङ्कनलाई गुणस्तरीय एवं प्रभावकारी बनाउनुपर्दछ।

३०. **उजुरी छानबिन** - समाज कल्याण नियमावली, २०४९ नियम ७ (१२) मा परिषद्सँग आबद्ध सङ्घ संस्थाहरूसँग सम्झौता गरी कार्यरत सामाजिक संस्थामा प्राप्त उजुरी उपर छानबिन गरी प्राप्त प्रतिवेदनको सिफारिसबमोजिम कारबाही गर्ने गराउने उल्लेख छ। परिषद्ले यो वर्ष परेका उजुरीहरूको अभिलेख राखेको छैन। जलवायु संरक्षणको लागि स्थापना भएको एक संस्थाले उद्देश्य विपरीत कार्य गरेको, प्राप्त भएको आर्थिक सहयोग संस्थाका कोषाध्यक्ष तथा अध्यक्ष समेतका पदाधिकारीहरूले व्यक्तिगत फाइदाका लागि प्रयोग गरी संस्थालाई व्यक्तिगत व्यवसाय जस्तै गरी सञ्चालन गरेको उल्लेख गरी उजुरी परेकोमा इन्धन, मर्मतसम्भार लगायतमा भएको दुरूपयोग रकम असुल गर्नुपर्ने, वार्षिक सामाजिक लेखाजोखा गर्ने प्रणाली स्थापना गर्ने र संस्थाको व्यवस्थापन र आन्तरिक सुशासन कमजोर रहेकाले सुधार गर्नुपर्ने लगायतका सुधारका खाका कार्यान्वयन गराउन परिषद्द्वारा गठित छानबिन समितिले २०७९।५।२२ मा १४ बुँदे सुझाव दिएको छ। छानबिन प्रतिवेदनले दिएका सुझाव कार्यान्वयन नभएको तथा ऐन विपरीत परिषद्मा आबद्ध संस्थालाई कारबाहीसमेत गरेको छैन। कानुनबमोजिम त्यस्ता संस्थालाई कारबाही गर्नुपर्दछ।

३१. **बक्यौता असुली** - परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले आफ्नो स्वमित्वमा रहेका एवं भोगाधिकार प्राप्त गरेका भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई भाडामा दिनसक्ने व्यवस्था छ। भूकुटीमण्डप सञ्चालन कार्यालयले उपलब्ध गराएको विवरण अनुसार २०७९ आषाढ मसान्तसम्म भाडाबापत रू.५ करोड ८२ लाख ६४ हजार असुल गर्न बाँकी रहेकोमा २०८० आषाढ मसान्तमा ५१ सङ्घसंस्थाको रू.६ करोड ८१ लाख ९८ हजार पुगेको छ। उठ्न बाँकी रकम बढ्दै गएकोमा २०७९।८० मा रू.३ लाख ८६ हजारमात्र बक्यौता असुली भएकाले ब्याजसमेत हिसाब गरी उक्त रकम असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी छानबिन, भाडा असुलीलगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतका ६ निकायको यो वर्ष रू.४७ लाख ४७ हजार बेरुजु देखिएकोमा २ निकायले रू.१८ हजार फर्स्यौट गरेकोले रू.४७ लाख २९ हजार बाँकी रहेको छ। सोमध्ये रू.३३ लाख ५० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - यो वर्ष एक सङ्गठित संस्थाको रू.१ करोड ६ लाख ३८ हजार बेरुजु देखिएकोमा फर्स्यौट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा खेलकुदको माध्यमबाट युवा जनशक्तिको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न युवा एवं खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन र विकास गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र अन्य संस्थासमेत ५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालयको निम्नानुसार रू.१ अर्ब ९३ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
१९३४५	२	२	-	१९३४९

२. **अन्य संस्था -** यो वर्ष ४ संस्थाको रू.१४ अर्ब २ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनामा राष्ट्रिय युवा परिचालनतर्फ वार्षिक १ नवप्रर्वतन केन्द्र स्थापना गर्ने, ७३ हजार युवालाई नेतृत्व अभ्यास गराउने, १ लाख २ हजार युवालाई स्वरोजगार कोषमार्फत कर्जा उपलब्ध गराई स्वरोजगार बनाउने र करिब ९ हजार युवालाई खेल पूर्वाधारमा रोजगारी सिर्जना गर्ने लक्ष्य रहेको छ। स्थानीय स्तरमा सुविधा सम्पन्न खेलकुद पूर्वाधार विकास तथा स्तरोन्नति गर्ने उद्देश्यअनुरूप २०७९।८० मा ८० खेलग्राम निर्माण गर्ने, आधारभूत प्रशिक्षण प्राप्त ७८ हजार खेलाडी तयार गर्ने, ३२ हजारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रशिक्षण उपलब्ध गराउने, ४ अन्तर्राष्ट्रिय खेल परिसर, ३ प्रदेश रङ्गशाला, वार्षिक १ क्रिकेट रङ्गशाला, २ उच्च धरातलीय खेलकुद तालिम केन्द्रको निर्माण गर्ने र स्थानीय तहमा १७१ खेलग्रामको निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा मन्त्रालयले प्रगति विवरण तयार गरी समीक्षा गरेको छैन।

साहसिक खेलकुद प्रवर्धन कार्यक्रमतर्फ ६ स्थानमा खेलस्थल निर्माण र वार्षिक ६ अन्तर्राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गर्ने कार्यक्रम कार्यान्वयन हुन नसक्दा खेल पर्यटन प्रवर्धनमा समेत असर पर्ने अवस्था छ। त्यसैगरी रू.२ अर्ब ५० करोड अनुमानित लागतमा सार्वजनिक निजी साझेदारीमा कभर्ड हल, फिटनेस सेन्टरलगायतका पूर्वाधारसहितका २ उच्च धरातलीय खेलकुद तालिम केन्द्रको निर्माण गर्ने उल्लेख भएकोमा खेल पूर्वाधारमा निजी साझेदारीको मोडेलसमेत तयार गरेको छैन। युवा स्वरोजगार कार्यक्रमबाट वार्षिक १२ हजार युवालाई स्वरोजगार दिई विदेश पलायन रोक्ने कार्यक्रमको कार्यान्वयन सन्तोषजनक छैन। वार्षिक लक्ष्यअनुसारका कार्यक्रम कार्यान्वयन गरी सोको प्रगति समीक्षा गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा युवा तथा खेलकुद मन्त्रालयको लागि रू.२ अर्ब ४६ करोड बजेट विनियोजन गरेको छ। बजेटमा उल्लिखित नवप्रवर्तनमा आधारित स्टार्टअफ व्यवसाय स्थापना र सञ्चालनमा सहजीकरण गरिने, खेलाडीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेलगायतका कतिपय कार्यक्रमको कार्यान्वयन नभएको र हाइ अल्टिच्युड ट्रेनिङ सेन्टर स्थापना,

अन्तर्राष्ट्रियस्तरको खेलकुद विश्वविद्यालय स्थापना, सम्भाव्यता अध्ययन प्रतिवेदन कार्यान्वयनलगायतका कार्यक्रमको ५० प्रतिशतभन्दा न्यून प्रगति देखिएको छ। स्थानीयस्तरमा खेलग्राम निर्माण कार्यलाई निरन्तरता दिने उल्लेख भएअनुसार २०७९।८० सम्म सुरु भएका १७१ खेलग्राम निर्माण गर्न स्थानीय तहलाई रू.२५ करोड उपलब्ध गराएकोमा मन्त्रालयले सोको भौतिक प्रगति प्रतिवेदन तयार गरेको छैन। विस्तृत सम्भाव्यता अध्ययन, बजेटको सुनिश्चितता, निर्माण कार्ययोजना र खेलकुद पूर्वाधार मापदण्डको निर्धारण गरी बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू समयमै सम्पन्न गर्ने वातावरण सिर्जना गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यमा समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने कार्यमा युवाको सहभागिता वृद्धि गर्ने, प्राविधिक तथा व्यावसायिक सिप भएका युवाको सङ्ख्यामा वृद्धि गर्ने, युवा स्वयंसेवा र नवीनतालाई प्रोत्साहन गर्ने, रोजगारी वृद्धिका लागि तालिम प्राप्त युवाको अनुपात बढाउने, निर्णय लिने सबै तहमा युवा प्रतिनिधित्व सुनिश्चित गर्ने, युवा अर्ध बेरोजगारी दर सन् २०३० सम्ममा १० प्रतिशतमा ल्याउन सन् २०२२ मा २३.८ प्रतिशतमा झार्ने, शिक्षा रोजगारी तालिममा संलग्न नभएका १५-२४ वर्ष उमेर समूहका युवाको अनुपात घटाउने र युवाहरूको रोजगारीको निम्ति विशेष रणनीतिको रूपमा विकसित नवीनतम अवधारणा उपयोगको व्यवस्था गर्ने उल्लेख छ। मन्त्रालयले माइलस्टोनअनुसार प्रगति विवरण तयार गरी प्रगतिको स्थिति मूल्याङ्कन गरेको छैन। बजेट तथा कार्यक्रम कार्यान्वयनमार्फत जनसाङ्ख्यिक लाभको अवसरलाई पुँजीकृत गरी आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित हुने गरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय युवा परिचालन तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमा विनियोजित रू.३ करोड ९८ लाखमध्ये रू.१ करोड ३ लाख (२५.८८ प्रतिशत) खर्च भएको छ। स्वीकृत कार्यक्रममध्ये विश्व खेलकुदमा नवीन प्रविधि अध्ययन, हाइ अल्टिच्युड ट्रेनिङ सेन्टर तथा साहसिक खेलसम्बन्धी अध्ययन, खेलकुद संस्थाहरूको क्षमता अभिवृद्धिलगायतका क्रियाकलापहरू कार्यान्वयन हुन सकेको देखिएन। कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन हुने तर कार्यान्वयन नगर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

नेपाल स्काउट

बालबालिका तथा युवालाई स्काउटमा सहभागी गराई शारीरिक, मानसिक, बौद्धिक विकास गरी अनुशासित र स्वावलम्बी बनाउने उद्देश्यले नेपाल स्काउटको २००९ मा स्थापना भई हाल नेपाल स्काउट ऐन, २०५० बमोजिम सञ्चालनमा रहेको छ।

७. **सञ्चालन स्थिति** - नेपाल स्काउट ऐन, २०५० को दफा २२ मा स्काउटको आय-व्ययको लेखापरीक्षण नेपाल स्काउटको राष्ट्रिय परिषदबाट नियुक्त लेखापरीक्षकबाट हुने व्यवस्था छ। नेपाल सरकारबाट निकासा भएको रकमको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्थाअनुसार नेपाल सरकारले निकासा दिएको रू.४ करोड ३ लाख ७५ हजारको लेखापरीक्षण गरिएको छ। परिषद्को

एकीकृत वित्तीय विवरणअनुसार आन्तरिक आयतर्फ २०८० आषाढ मसान्तसम्म कुल स्थिर सम्पत्ति रू.१ अर्ब ५४ करोड ३८ लाख, बैङ्क मौज्दात रू.२ करोड ४० लाख, पेस्की बाँकी रू.७ करोड २४ लाख रहेको र पुँजी कोष रू.४ करोड ६९ लाख, पुनर्मूल्याङ्कन कोष रू.१ अर्ब ५४ करोड ५४ लाख, धरौटी तथा अन्य दायित्व रू.६ करोड ३१ लाख रहेको देखिन्छ। यस्तै २०७९।८० मा आन्तरिक आय रू.७ करोड ६३ लाख र खर्च रू.७ करोड ३९ लाख रहेको छ। परिषद्ले उक्त कारोबारको लेखापरीक्षण गराएको छैन। स्काउटको लेखानीति तथा खुलासा विवरणअनुसार ३ रोपनी जग्गा र व्यावसायिक भवनको अलग अलग भाडा लिने गरी २०६६ सालमा एक कम्पनीलाई १० वर्षको लागि भाडामा दिएकोमा भवन भाडाबापत रू.३ करोड ९२ लाख ८३ हजार लिन बाँकी रहेको र ३ रोपनीभन्दा बढी जग्गाको भाडा सम्बन्धमा खुलाएको छैन। सम्झौताको अवधि २०७६ मा समाप्त भए पनि सो क्षेत्रफल भन्दा बढी जग्गा तथा भवन सोही कम्पनीले भोगचलन गरिरहेको अवस्था छ। यस सम्बन्धमा आवश्यक कारबाही गरी भाडा रकम असुल गर्नुपर्दछ। नेपाल स्काउट नेपाल सरकारको पूर्ण स्वामित्वको संस्था भएकोले समग्र आय-व्ययको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउने गरी कानुनी व्यवस्था हुनुपर्दछ।

राष्ट्रिय युवा परिषद्

युवा हकहितको संरक्षण र युवा उद्यमशीलताका लागि युवा रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यका साथ राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार राष्ट्रिय युवा परिषद्को स्थापना भई सञ्चालनमा रहेको छ। परिषद्ले युवा विकासको आधारशिलाको रूपमा रहेका गुणस्तरीय र व्यावसायिक शिक्षा, रोजगारी, उद्यमशीलता र सिप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा सहभागिता, नेतृत्व विकास र खेलकुद एवं मनोरञ्जनलगायत ५ आधार स्तम्भ पहिचान गरी युवाको चौतर्फी विकास एवं समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ।

८. **युवा नवप्रवर्तन केन्द्र -** पन्ध्रौं योजनामा युवा नवप्रर्वतन केन्द्र स्थापना गर्ने लक्ष्यअनुसार युवाको क्षमता अभिवृद्धिका लागि सङ्घीय तहमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा र कोशी प्रदेशमा प्रदेश सरकारको समन्वयमा एक स्मृति प्रतिष्ठानसँग सहकार्य गरी केन्द्र स्थापना एवं सञ्चालन गर्न २०७७।३।१५ मा निर्णय गरेको देखिन्छ। काठमाडौं विश्वविद्यालयको सहकार्यमा सञ्चालन हुने केन्द्रको लागि काभ्रेको नमोबुद्ध नगरपालिकाले २०७७।३।१७ को निर्णयानुसार ५३ रोपनी ६ आना १ पैसा ३ दाम सार्वजनिक जग्गा उपलब्ध गराएको देखिन्छ। परिषद्ले सो जग्गाको स्वामित्व परिषद्मा ल्याएको छैन। परिषद्ले २०७७।७८ मा रू.२५ लाखको लागतमा तयार गरेको विस्तृत योजना तथा गुरुयोजना स्वीकृत भएको छैन। यो वर्ष उक्त कार्यक्रमको लागि रू.४० लाख बजेट स्वीकृत भएकोमा परिषद्ले युवाहरूलाई उद्यममा नवीन सोच प्रवर्धन तालिमबापत रू.१३ लाख ४० हजार खर्च गरेको छ। उक्त जग्गाको स्वामित्व प्राप्त गरी सो केन्द्र स्थापना हुनुपर्दछ।

९. **व्ययभार -** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १२ मा जिल्ला युवा समितिसम्बन्धी व्यवस्था रहेको छ। हाल सबै जिल्लाका समितिलाई कुनै जिम्मेवारी नतोकेकाले समिति निष्क्रिय रहेको देखिन्छ। परिषद्ले निष्क्रिय रहेका ७० जिल्ला युवा समितिका अध्यक्षलाई पारिश्रमिकबापत यो वर्ष रू.१ करोड ६७ लाख १७ हजार भुक्तानी गरेको छ। बजेट खर्चलाई प्रतिफलयुक्त बनाउनुपर्दछ।

१०. **फिर्ता गर्न बाँकी किस्ता** - राष्ट्रिय युवा परिषद्ले युवा उद्यम कार्यक्रमअन्तर्गत नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लिमिटेड (नेफ्सकुन) र जिल्ला युवा समितिमार्फत युवा स्वरोजगार कार्यक्रममा २०७३।७४ देखि २०७५।७६ सम्मका सम्झौताअनुसार सम्झौता मितिले पाँच वर्षभित्र घुम्ती कोषमा फिर्ता गर्ने गरी सम्बन्धित जिल्लाका सहकारीमार्फत ४४२ युवा समूहलाई रू.२१ करोड ५० लाख ब्याज नलाग्ने गरी लगानी गरेको छ। सम्झौताबमोजिम २०८० आषाढसम्म रू.२० करोड ९६ लाख किस्ता फिर्ता प्राप्त हुनुपर्नेमा रू.१९ करोड ३५ लाख प्राप्त भई रू.१ करोड ६१ लाख कोषमा फिर्ता हुन बाँकी रहेको छ। परिषद्ले सम्झौता शर्तबमोजिम बाँकी रकम असुल गर्नुपर्दछ।

अन्य संस्था

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय

बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट बिना धितोका परियोजनामा सहुलियत ब्याजदरमा व्यवसायीलाई बढीमा रू.२ लाखसम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिमसमेत उपलब्ध गराउने उद्देश्यले २०६४ सालमा यो कोषको स्थापना भएको हो।

११. **निष्क्रिय पुँजी** - कोषको खातामा गत वर्षसम्मको रू.१ अर्ब १८ करोड ६१ लाखसमेत २०७९।८० सम्ममा विभिन्न १८३ बैङ्क तथा वित्तीय संस्थामा रू.७३ करोड ५३ लाख ८५ हजार मौज्दात रहेको छ। युवा तथा साना व्यवसाय प्रवर्धन गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूबाट ३.५ प्रतिशत ब्याजदरमा प्राप्त गरेको रकम ४ प्रतिशतमा लगानी गरी कोष सञ्चालनमा रहेको छ। प्राप्त ऋणमध्ये कोषले गत वर्षदेखि नै ठूलो रकम निष्क्रिय राखेको कारणले यो वर्ष ब्याज आम्दानी रू.१ करोड ५० लाख ३८ हजार भएको छ। प्राप्त ऋण प्रभावकारी ढङ्गले लगानी नभई घाटामा सञ्चालन गर्नुपर्दा कोषको दिगोपना रहने देखिँदैन। कोषलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यकताको आधारमा मात्र ऋण लिने र लिएको ऋणलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

१२. **भाखा नाघेको कर्जा** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को बुँदा नं. १७(२) मा संस्थामार्फत लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरुपयोग गर्ने कर्जाग्राहीलाई सहकारी ऐन, २०७४ एवं बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम कारबाही गरी कर्जा असुलउपर गर्ने व्यवस्था छ। कार्यक्रमअन्तर्गत २०८० आषाढ मसान्तसम्म लगानी भएको रकममध्ये ४४४ सहकारी संस्थाको नाममा भाखा नाघेको साँवा रू.६१ करोड ७९ लाख ७२ हजार, ब्याज रू.७ करोड ८२ लाख ९५ हजार एवं हर्जाना रू.२ करोड १६ लाख २४ हजारसमेत रू.७१ करोड ७८ लाख ९१ हजार असुल भएको छैन। कोषको कर्जा नियमित रूपमा नतिर्ने सहकारी संस्थाका पदाधिकारी तथा सदस्यको घरजग्गा कोषको नाममा रोक्का रहने बेहोराको पत्राचार गरिए तापनि कार्यान्वयन हुनसकेको छैन। प्रचलित कानुनको कार्यान्वयन गरी भाखा नाघेको कर्जा समयमै असुल गर्नुपर्दछ।

१३. **ब्याज अनुदान** - ब्याज अनुदान निर्देशिका, २०७४ बमोजिम ऋण लिएका ऋणीमध्ये असुली तालिका अनुसार समयमै साँवा ब्याज बुझाउनेलाई ब्याज अनुदान दिन सकिने व्यवस्था रहेको छ। गत विगत वर्षदेखिको दिनुपर्ने ब्याज अनुदान रकम यकिन गरी वित्तीय प्रतिवेदनमा दायित्त्व नदेखाई ब्याज अनुदान निकासाको आधारमा खर्च लेख्दै आएको देखिन्छ। स्वरोजगार सङ्ख्या ७२ हजार ७२० रहेकोमा

कोषले स्थापनाकालदेखि हालसम्म अनुदान दिन रू.२१ करोड ९ लाख १६ हजार बजेट प्राप्त भएकोमा १५ हजार ८६ स्वरोजगार ऋणीलाई रू.१५ करोड ७९ लाख ९० हजार (७४.९१ प्रतिशत) वितरण गरेको छ। ब्याज अनुदानका लागि स्वरोजगार समितिबाट सिफारिस भएकामध्ये १ हजार ६ ऋणीलाई रू.१ करोड ६४ लाख ३१ हजार (१०.४० प्रतिशत) ब्याज अनुदान वितरण गरेको छ। अधिकांश ऋणीले नियमित रूपमा किस्ता नबुझाएकोले ब्याज अनुदान प्राप्त गर्नेको सङ्ख्या कम रहेको देखिन्छ। नियमित किस्ता असुलीमा प्रभावकारिता ल्याउन परियोजनास्तरसम्म अनुगमन तथा निरीक्षणबाट किटान भएका ऋणीको व्यक्तिगत खातामा सम्बन्धित सहकारी संस्थाले ब्याज अनुदान जम्मा गरी सोही आधारमा कोषले सहकारी संस्थालाई ब्याज अनुदान शोधभर्ना गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

१४. **विनियम संशोधन** - प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को आधारमा युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ तर्जुमा गरी यो कोष सञ्चालनमा आएको छ। कोष सञ्चालक समितिले नेपाल सरकारको स्वीकृतिमा कर्मचारी सेवा विनियमावली बनाउने उल्लेख छ। सोअनुसार कोषको कर्मचारी नियुक्ति, सरुवा, बढुवा एवं सुविधा सम्बन्धमा कर्मचारी सेवा विनियमावली, २०६९ लागु गरेको छ। उक्त विनियमावली संशोधन गर्न कोषका अध्यक्षको अध्यक्षतामा कोष सञ्चालक समितिको २०७७।१०।७ को बैठकबाट मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने र अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिई लागु गर्ने निर्णय भएकोमा तालुक मन्त्रालय तथा अर्थ मन्त्रालयको स्वीकृति प्राप्त भएको छैन। कोषको कर्मचारीसम्बन्धी विनियमावली नेपाल सरकार अर्थ मन्त्रालयसमेतको सहमति लिई लागु गर्नुपर्दछ।

राष्ट्रिय खेलकुद परिषद्

खेलकुदको संस्थागत विकास गर्न संवत् २०१५ मा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई खेलकुद विकास ऐन, २०७७ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् सञ्चालनमा रहेको छ। परिषद्ले यो वर्ष स्वीकृत रू.२ अर्ब ६८ करोड ९६ लाख बजेटमध्ये रू.१ अर्ब ६४ करोड ७६ लाख खर्च गरेको छ।

१५. **सम्पत्ति संरक्षण** - राष्ट्रिय खेलकुद परिषद्, आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम २१ मा परिषद्को सम्पत्तिको जिम्मा, लगत र संरक्षण गरी राख्नुपर्ने उल्लेख छ । परिषद्को विवरण अनुसार ७४ जिल्लामा अचल सम्पत्ति (जग्गा) र सोमा बनेको भवन संरचनाहरू रहेको देखिन्छ। परिषद्को जग्गामध्ये अधिकांश जग्गा परिषद्ले आफ्नो नाममा दर्ता नगरी भोगचलन मात्र गरेको देखिन्छ।

परिषद्ले परिषद् र अन्तर्गत रहेको जग्गा, भवन, मेसिन उपकरण, सवारीसाधनलगायतका सम्पत्तिको अभिलेख अद्यावधिक गरेको पाइएन। जग्गाको स्वामित्व प्राप्त गरेर मात्र खेलकुदसम्बन्धी पूर्वाधार निर्माण गर्नुपर्दछ।

१६. **पेस्की** - राष्ट्रिय खेलकुद परिषद्, आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ७९ मा कर्मचारीले म्यादभित्र पेस्की फर्स्यौंट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत असुलउपर गर्ने र तोकिएबमोजिम पेस्की फर्स्यौंट नगर्ने कर्मचारीलाई प्रचलित नियमानुसार सजाय गरी असुल उपर गरिने व्यवस्था छ। परिषद्को वित्तीय विवरणअनुसार २०४३ देखि गत आर्थिक वर्षसम्मको रू.१ अर्ब २६ करोड ७० लाख ९६ हजार पेस्की बाँकी रहेकोमध्ये यो वर्ष रू.७ करोड ७१ लाख ४३ हजार फर्स्यौंट भई बाँकी रहेको रू.१ अर्ब १८ करोड ९९ लाख ५३ हजार र यस वर्ष थप

रू.१९ करोड ९१ लाख ४५ हजार थप भई वर्षान्तमा २ हजार २८ पदाधिकारी, कर्मचारी, समिति र सङ्घ संस्थाको नाममा रू.१ अर्ब ३८ करोड ९० लाख ९८ हजार पेस्की बाँकी रहेको छ। यो वर्ष पोखरामा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद कार्यक्रमका लागि रू.१९ करोड ७९ लाख पेस्की दिएकोमध्ये एकै कर्मचारीलाई रू.३ करोड ११ लाखसम्म पेस्की दिएको छ। सोमध्ये परिषद्ले पेस्की माथि पेस्की दिने गरेको, सामान खरिदको लागिसमेत कर्मचारीलाई पेस्की दिने, आवश्यकताभन्दा बढी पेस्की दिने, समयमा फर्स्यौंटको लागि कारबाही नगर्ने, प्रयोजन समाप्त भएको पेस्कीको अनुगमन नगरेको, फर्स्यौंटका लागि कानुनी कारबाही नगरेको कारण प्रतिवर्ष पेस्की बाँकी रकम वृद्धि हुँदै गएको छ। फर्स्यौंट गर्न बाँकी पेस्की रकम नियमानुसार कारबाही गरी असुल तथा फर्स्यौंट गर्नुपर्दछ।

१७. **खेल पूर्वाधार निर्माण -** खेल पूर्वाधार निर्माणका लागि यो वर्ष स्वीकृत रू.८६ करोड ९५ लाख बजेटबाट २२ कभर्ड हल तथा रङ्गशालासमेत निर्माण गर्ने लक्ष्य रहेकोमा रू.२३ करोड ७१ लाख अर्थात् २७.२७ प्रतिशत मात्र बजेट खर्च भएको छ। विभिन्न २२ खेल पूर्वाधारमध्ये ५ रङ्गशालाको निर्माण कार्य हुन नसकी रू.६३ करोड २४ लाख (७२.७३ प्रतिशत) बजेट फ्रिज भएको छ। निर्माण व्यवसायीबाट निर्धारित समयमा निर्माण कार्य नहुने एवं विनियोजित बजेट खर्च हुन नसकी फिर्ता भएको छ। परिषद्ले खेल पूर्वाधार निर्माणको प्राथमिकीकरण गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१८. **फिदिम रङ्गशाला –** पाँचथर जिल्लाको फिदिममा रङ्गशाला निर्माण कार्य २०७९।३।१५ सम्म सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।१०।२५ मा रू.१२ करोड १८ लाखको खरिद सम्झौता भएकोमा यो वर्षसम्म रू.३ करोड ८६ लाख भुक्तानी भएको छ। सम्झौताको अवधि २०८० आषाढ मसान्तसम्म थप भएकोमा भौतिक प्रगति ३१.७५ प्रतिशत मात्र रहेको देखिन्छ। म्याद थप गर्दा स्ट्रक्चरल कार्य २०७९ मंसिर मसान्तभित्र, इँट्टाको कार्य २०७९ चैत्र मसान्तभित्र, इलेक्ट्रिकल तथा स्यानिटरी कार्य २०८० वैशाख मसान्तभित्र र फिनिसिङ तथा आयोजना हस्तान्तरण कार्य २०८० आषाढभित्र सक्ने गरी माइलस्टोन तोकेकोमा सोअनुरूप कार्यसम्पन्न भएको देखिएन। समयमा कार्य सम्पन्न नभएको सम्बन्धमा खरिद सम्झौताको शर्तअनुसार आवश्यक कारबाही गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

१९. **अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९(ञ)) मा खेलकुद पूर्वाधार विकास निर्माण गर्दा कायम गर्नुपर्ने मापदण्ड निर्धारण गर्ने, सो कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन गर्ने गराउने साथै प्रदेश र स्थानीय तहमा खेल पूर्वाधार विकासका लागि आवश्यक समन्वय, सहकार्य गर्ने उल्लेख छ। भरतपुर महानगरपालिका वडा नं १५ रामपुरमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न गैरसरकारी संस्थाको रूपमा दर्ता भएको एक फाउण्डेसन र भरतपुर महानगरपालिकाबीच समझदारी पत्रमा हस्ताक्षर भई रू.३ अर्ब ५५ करोड ९८ लाख ३४ हजारको लागतमा २०७७।८।१ देखि निर्माण कार्य प्रारम्भ भएकोमा रङ्गशालाको निर्माण कार्य २०७८ श्रावणमा स्थगित भएको राष्ट्रिय सतर्कता केन्द्रले तयार गरेको प्रतिवेदनमा उल्लेख छ। निर्माण कार्य सुरु गर्नुपूर्व खरिद गुरुयोजना तयार नगरेको, सार्वजनिक खरिद ऐनबमोजिम खरिद प्रक्रियाको परिपालना नगरेको, परियोजना सम्पन्न हुने समय किटान नगरेको, गुणस्तर नियन्त्रण योजना स्वीकृत नगरी निर्माण कार्य हुँदै आएको बेहोरासमेत उक्त प्रतिवेदनमा उल्लेख छ। सो रङ्गशाला निर्माण कार्यको लागि नेपाल सरकारले २०७९।८० मा राष्ट्रिय खेलकुद परिषद्मार्फत भुक्तानी गर्न रू.२२ करोड ५० लाख बजेट

व्यवस्था गरे तापनि खर्च गरेको देखिएन। रङ्गशाला निर्माण सुरु गर्नुपूर्व सो फाउण्डेसनले राष्ट्रिय खेलकुद परिषद्बाट पूर्व स्वीकृतिसमेत नलिएको कारण परिषद्ले उक्त रङ्गशालाको स्वामित्व ग्रहण गरेको छैन।

२०. **च्यासल खेल मैदान निर्माण -** ललितपुर महानगरपालिकाको च्यासलस्थित एन्फा फुटबल मैदानमा भवन तथा प्यारापिट निर्माण कार्य गर्न २०७७।२।२१ भित्र सम्पन्न गर्ने गरी २०७४।३।२२ मा एक संयुक्त उपक्रमसँग रू.३३ करोड ५० लाख ९४ हजारको सम्झौता भएकोमा पाँचौं पटक म्याद थप गरी २०७९।५।५ मा कार्य सम्पन्न भएको देखिन्छ। उक्त निर्माण कार्यको पाँचौं पटकसम्म भेरिएसन गरी रू.३१ करोड १० लाख ५५ हजारको सम्पन्न गरेकोमा रू.३१ करोड ६५ लाख ३२ हजार भुक्तानी दिएकाले बढी भुक्तानी भएको रू.५४ लाख ७७ हजार असुल हुनुपर्दछ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता, २०७९

नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७९।२।२३ को निर्णयले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा २०७९।६।२८ देखि २०७९।७।३ सम्म सञ्चालन भएको छ। उक्त खेलकुद प्रतियोगिता सञ्चालनमा रू.५३ करोड ४८ लाख ९२ हजार खर्च भएको देखिन्छ।

२१. **प्रतियोगिताको तयारी र सामग्री खरिद -** नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७९ स्वीकृत गरेको छ। अर्थ मन्त्रालयले २०७९।१।२३ मा मन्त्रीस्तरीय निर्णयानुसार रू.६० करोडको बजेट सीमाभित्र रही २०७९।६।२८ देखि २०७९।७।३ सम्म पोखरामा खेलकुद प्रतियोगिता सञ्चालन गर्न स्रोत सुनिश्चितता प्रदान गरेको छ। परिषद्ले खेल सामग्री, परामर्श सेवा तथा अन्य खरिद कार्य सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिअनुसार सात दिने सूचना प्रकाशित गरी खरिद गर्ने निर्देशिका तयार गरेकोमा अर्थ मन्त्रालयले बोलपत्रको माध्यमबाटै खरिद गर्ने गरी निर्देशन दिएको छ। परिषद्ले किट्स ब्यागको लागि रू.८ करोड ९८ लाख ४८ हजार, पोशाकको लागि रू.७ करोड १६ लाख ७० हजार र खेल सामग्रीको लागि रू.१ करोड ७५ लाख २१ हजारको लागत अनुमान तयार गरी २०७९ श्रावण ९, १० र ११ गते बोलपत्र आह्वान गरेकोमा पेस भएका बोलपत्रहरू प्राविधिक रूपमा अयोग्य भएको, २०७९।३।२० मा सार्वजनिक खरिद नियमावलीमा भएको संशोधनबमोजिम बोलपत्र कागजात तयार नगरेकोलगायतका कारणले बोलपत्र प्रक्रिया रद्द गरेको देखियो। तत्पश्चात् विशेष परिस्थिति परेको उल्लेख गरी ७ दिनको सूचना प्रकाशित गरी किट्स ब्याग र पोशाक रू.१५ करोड २१ लाख ४२ हजारमा खरिद गरेको छ। खेल सामग्री, साउण्ड सिस्टम, लाइट सिस्टम, मञ्च व्यवस्थापनलगायत रू.६ करोड ५० लाख सोझै खरिद गरेको छ।

अर्थ मन्त्रालयले स्रोत सुनिश्चितता प्रदान गरेको मितिदेखि खेल सञ्चालन हुने मितिबीच १६१ दिन अवधि रहेको अवस्थामा आवश्यक मालसामानहरूको लागत तयार गरी बोलपत्रकै माध्यमबाट खरिद गर्न सकिने अवस्था रहे तापनि खरिद कार्यको पूर्व तयारी नगरेको, बोलपत्र कागजात नियम बमोजिम तयार नगर्दा बोलपत्र रद्द भई सोझै खरिद गरेको उपयुक्त देखिएन। सार्वजनिक खरिद ऐन, नियमबमोजिम खरिद कार्य मितव्ययी र पारदर्शी हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी हुन नसकेको खेल पूर्वाधारहरूको प्रगति न्यून रहेको, पूर्वाधार विकास कार्यक्रमको बजेट अनुरूप अपेक्षित प्रगति हुन नसकेको, खेल मैदान तथा खेलकुद पूर्वाधार विकासको कार्य प्रगति न्यून रहेकोलगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति देहायअनुसार छः
  - यो वर्ष ४ सङ्गठित संस्थाको रू.३२ करोड ८८ लाख ६६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३० लाख ७५ हजार फर्स्यौंट भई रू.३२ करोड ५७ लाख ९१ हजार बाँकी रहेको छ। सोमध्ये रू.१८ करोड ८० लाख ३३ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा समन्वय, नेपाली सेनासम्बन्धी विषयको व्यवस्थापन, समन्वय र सहजीकरण, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षालगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ३३२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत २९५ सरकारी कार्यालयको निम्नानुसार रू.९५ अर्ब २३ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८९३१३४	५६९९	२५१६६	२८३६५	९५२३६४

उल्लिखित लेखापरीक्षण रकममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विनियोजन भएको रू.२८ करोड ३० लाख, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विनियोजन भएको रू.१५ अर्ब ६४ करोड ४ लाख र वन तथा वातावरण मन्त्रालयमा विनियोजन भएको रू.४ अर्ब ४२ करोड ९९ लाखसमेत रू.२० अर्ब ३५ करोड ३३ लाख समावेश गरिएको छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाअन्तर्गत ३७ निकायको रू.८२ अर्ब १३ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **बजेट खर्चको स्थिति** - मन्त्रालय र मातहतका निकायको लागि यो वर्ष सुरु बजेट रू.५५ अर्ब ३ करोड ९५ लाख विनियोजन भएकोमा रकमान्तरबाट थप/घट पश्चात् रू.६१ अर्ब ८३ करोड ३९ लाख अन्तिम बजेट कायम भएकोमा रू.६१ अर्ब २ करोड ६४ लाख (९८.६९ प्रतिशत) खर्च भएको छ। सोमध्ये चालुतर्फ ९९.१६ प्रतिशत र पुँजीगततर्फ ९५.६६ प्रतिशत खर्च भएको छ। यससम्बन्धी बेहोरा देहायअनुसार छन्:

३.१. मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्ष सुरु बजेट रू.५५ अर्ब ३ करोड ९५ लाख विनियोजन भएकोमा रकमान्तरबाट रू.१४ अर्ब ३१ करोड ६ लाख (२६ प्रतिशत) थप र रू.७ अर्ब ५१ करोड ६२ लाख (१३.६५ प्रतिशत) घट भई खुद बजेट रू.६१ अर्ब ८३ करोड ३९ लाख (१२.३४ प्रतिशत वृद्धि) कायम भएको छ। सुरु बजेट विनियोजन नगर्ने, कम विनियोजन गर्ने र रकमान्तर गरी बजेट थप गरेको अवस्थाले यथार्थपरक बजेट तर्जुमा भएको पाइएन। यसमा सुधार हुनुपर्दछ।

३.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(३) मा कार्यालयले प्रचलित कानुनबमोजिम दिएको पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने र केन्द्रीय निकायले सोको एकीकृत लगत तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले पेस गरेको पेस्कीको एकीकृत केन्द्रीय विवरणअनुसार गत विगत वर्षको रू.९ अर्ब ९४ करोड ११ लाखसमेत यो वर्षसम्म मन्त्रालय र मातहतका कार्यालयहरूको फर्स्यौंट हुन बाँकी पेस्की रू.२२ अर्ब ५१ करोड २४ लाख

रहेको छ। उक्त सबै पेस्की म्याद ननाघेको उल्लेख गरेकोले पेस्की बाँकीको विवरणले यथार्थ चित्रण गरेको पाइएन। नियमावलीको व्यवस्थाबमोजिम म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राखी पेस्की फर्स्यौंट गर्नुपर्दछ।

३.३. अर्थ मन्त्रालयको २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा अनिवार्य दायित्वमा बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि रकमान्तर र थप निकासा नहुने र त्यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी राख्नसमेत नपाइने उल्लेख छ। मन्त्रालयबाट पेस भएको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय मातहतका ४२ निकायले रू.१३ करोड ४६ लाख ९६ हजार भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आगामी वर्षको लागि दायित्व सारेको देखिन्छ। मार्गदर्शनअनुरूप बजेटको बाँडफाँट गर्नुपर्दछ।

३.४. मन्त्रालयले पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको गत वर्षसम्मको धरौटी मौज्दात रू.१ अर्ब ५९ करोड २८ लाख रहेकोमा यो वर्ष रू.१ अर्ब ५८ करोड ८८ लाखमात्र जिम्मेवारी सारेको देखिन्छ। गत वर्षको बाँकीभन्दा रू.४० लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरिनुपर्दछ।

४. **वार्षिक विकास कार्यक्रम -** राष्ट्रिय योजना आयोगबाट स्वीकृत मध्यमकालीन खर्च संरचना (२०७९।८०-२०८१।८२) तथा वार्षिक विकास कार्यक्रम (२०७९।८०) मा रक्षा मन्त्रालयको विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य एवं सोको प्रगति प्रतिवेदनअनुसार बंकरदेखि ब्यारेकसम्म कार्यक्रम अन्तगर्त १९० भौतिक संरचना निर्माण गर्ने लक्ष्य रहेकोमा २१६ संरचना निर्माण भएको देखिन्छ। राष्ट्रिय सेवा दल तालिम कार्यक्रममा ११ हजार ५५० जनालाई तालिम प्रदान गर्ने लक्ष्य लिएकोमा ७ हजार ७०४ (६६.७० प्रतिशत) प्रगति भएको देखिन्छ। तोकिएको लक्ष्यबमोजिमको प्रगति हासिल गर्नेतर्फ मन्त्रालय एवं सम्बन्धित निकायले ध्यान पुऱ्याउनुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा नेपाली सेनाको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने, सुरक्षा तथा विकासका लागि आवश्यक विस्फोटक पदार्थ, गोली गठ्ठा, लत्ता कपडालगायतका सामग्री उत्पादन गर्ने, कारखानाको क्षमता अभिवृद्धि गरी त्यस्ता सामग्रीमा क्रमशः आत्मनिर्भर हुँदै जाने, नेपाली सेनाको सकल दर्जाको लागि न्यूनतम सुविधासहितको आवास निर्माण कार्यलाई निरन्तरता दिइने उल्लेख भएबमोजिम नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। नीतिमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनमा ल्याइने उल्लेख भएकोमा विश्वविद्यालयको लागि छुट्टै बजेट विनियोजन भएको छैन। नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि बजेट र नीति तथा कार्यक्रमबीच तालमेल हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।

६. **सुरक्षा व्यवस्था -** सैनिक ऐन, २०६३ अनुसार नेपाली सेनालाई सुम्पिएको दायित्व बाहेक विभिन्न आयोजना, बैङ्क, दूरसञ्चार, आयल निगम, विमानस्थल, पेन्सन क्याम्पलगायतका निकायको सुरक्षाको लागि नेपाली सेनाले सुरक्षाकर्मी खटाउने गरेको छ। नेपाली सेना र नेपाल राष्ट्र बैङ्कबीच २०७८।३।२८ मा भएको सम्झौताअनुसार नेपाल राष्ट्र बैङ्कले यो वर्ष रू.२० करोड ५३ लाख ७९ हजार राजस्व दाखिला गरेको छ। नेपाल दूरसञ्चार कम्पनी, आयल निगम, विमानस्थललगायतका निकायमा नेपाली सेना खटाए बापत हालसम्म कुनै रकम प्राप्त गरेको देखिएन। सैनिक ऐनमा तोकिएका बाहेक अन्य व्यावसायिक

प्रकृतिका निकायमा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मी खटाउने सम्बन्धमा नीतिगत निर्णय गरी खटिएका निकाय, सुरक्षाकर्मी र प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी राजस्व दाखिला गर्नुपर्दछ।

७. **कर छुट** – नेपाली सेनाका नाममा पैठारी हुने मालवस्तुमा भन्सार महसुल पूर्ण छुट हुने व्यवस्थाबमोजिम मन्त्रालयले नेपाली सेना मातहतका युनिट तथा अस्पतालमा खरिद गरिने विभिन्न मेसिनरी उपकरण तथा सामग्रीको अन्तर्राष्ट्रिय ठेक्का बन्दोबस्त गरी आयात गर्दा भन्सार महसुल छुट गर्न मन्त्रालयका सचिव स्तरीय निर्णयबाट भन्सार छुटको सिफारिस सम्बन्धित भन्सार कार्यालयमा पठाउने गरेकोमा सोको अभिलेख राखिनुपर्दछ।

आर्थिक ऐन, २०७९ को दफा १८ मा रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने ऐनमा तोकिएबमोजिमका मालवस्तुमा भन्सार छुट हुने उल्लेख छ। ऐनमा कर छुट हुने भनी तोकिए बाहेकका लेदर बुटमा रक्षा मन्त्रालयको सिफारिसमा यो वर्ष रू. ५ करोड ७५ लाख ८० हजार भन्सार महसुल छुट दिएको छ। आर्थिक ऐनमा व्यवस्था भएका सामग्रीमा मात्र छुटको लागि सिफारिस गर्नुपर्ने र सोको अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

८. **सम्पत्ति व्यवस्थापन** - नेपाली सेनाका युनिटअन्तर्गत कोभिड-१९ संक्रमणको अवधिमा प्रयोग गर्न २०७८।३।३ मा खरिद बन्दोबस्त गरी झापा, मोरङ, पर्सा, कपिलवस्तु, बाँके, कैलाली र कञ्चनपुर जिल्लामा एक हजार शय्या क्षमताका ७ होल्डिङ सेन्टर निर्माणमा रू.२ अर्ब १६ लाख ३५ हजार खर्च भएको देखिन्छ। जडान गरिएका अक्सिजन आपूर्ति उपकरण, शय्या तथा सोमा प्रयोग गरिएका अन्य स्वास्थ्य सामग्री प्रयोगविहीन अवस्थामा रहेका छन्। त्यस्तै जग्गाको उपयोग र स्वामित्व सम्बन्धमा केराबारी गाउँपालिका, मोरङ र ललितपुर जिल्लाको सामुदायिक वनको जग्गा सुरक्षा निकायको नाममा दर्ता नभएको विषयमा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन।

९. **विकास निर्माणमा संलग्नता** - सैनिक ऐन, २०६३ को दफा १३५ (क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्था भएअनुसार काठमाडौं तराई/मधेश द्रुतमार्गलगायत विभिन्न सडकको ट्याक खोल्ने, स्तरोन्नति गर्ने तथा सडक निर्माण कार्यमा नेपाली सेनाको प्रयोग भएको छ। यो वर्ष काठमाडौं तराई/मधेश द्रुतमार्ग आयोजनाबाट रू.१५ अर्ब ४ करोड ३५ लाख र विकास निर्माण निर्देशनालयबाट रू.६९ करोड ४६ लाख खर्च भएको छ।

नेपाली सेना

नेपालको संविधानको धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक सङ्गठन रहने व्यवस्था छ।

सम्भाररथी विभाग

नेपाली सेनाका लागि राशन र औषधि बाहेकका मालसामान, उपकरण, सवारीसाधन र पार्टपुर्जा खरिदसम्बन्धी कार्य यस विभागले गर्दै आएको छ।

१०. **प्रतीतपत्रको फरफारक** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(८) मा मालसामान उपलब्ध गराउने सम्बन्धित आपूर्तिकर्ताबाट मालसामान उपलब्ध हुन नसकेकोमा वा मालसामान उपलब्ध

गराउन निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतीतपत्र रद्द गर्नुपर्ने र सो बापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र पेस्की फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त प्रतीतपत्रको विवरणअनुसार २०६४।६५ देखि २०७९।८० सम्म नेपाल राष्ट्र बैङ्कमा अमेरिकी डलर २ करोड १४ लाख २५ हजार, युरो २६ लाख ८२ हजार र भारतीय रुपैयाँ १३ करोड ५३ लाख ३५ हजार बराबरका प्रतीतपत्र बन्द हुन बाँकी रहेका छन्।

त्यसैगरी नेपाली सेनाको विमान सामग्री तथा पार्ट्स खरिद गर्न सैनिक हवाई महनिर्देशनालय, मध्य एअरवेसले विभिन्न वाणिज्य बैङ्कमा खोलेको अमेरिकी डलर १२ लाख ४३ हजार १४८, युरो १ लाख ९२ हजार ३९ र भारतीय रुपैयाँ ५३ लाख ५० हजार ७५९ को प्रतीतपत्रहरू बन्द हुन बाँकी रहेका छन्। बैङ्कमा रहेका प्रतीतपत्रसँग सम्बन्धित खरिद सम्झौताबाट प्राप्त हुनुपर्ने सामग्री वा सेवा निर्धारित समयमा प्राप्त नभएमा नियमानुसार प्रतीतपत्र बन्द गरी बैङ्कमा रहेको रकम फिर्ता हुनुपर्दछ।

११. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ (७) मा सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानुनबमोजिम निकासा प्राप्त गरी खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरुजु फर्स्यौंट गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने उल्लेख छ। यसैगरी दफा ५३(२) अनुसार यो ऐन वा ऐनअन्तर्गत बनेको नियमावली एवं प्रचलित कानुनबमोजिम कागजात तयार गर्ने, जाँच गर्ने, पेस गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र कारोबारको जिम्मेवारी बहन गर्नुपर्ने यस्तो कामको सम्बन्धमा निज स्वयम् जवाफदेही हुने व्यवस्था छ। यो वर्ष विभागले अन्य १६ कार्यालयको लागि स्वीकृत भएको १५९ कार्यक्रमका लागि रू.११ अर्ब १२ करोड १८ लाखको खरिद व्यवस्थापन, खरिद सम्झौतालगायतका कार्य गरी भुक्तानीको लागि सम्बन्धित कार्यालयलाई निर्देशन गरेको छ। एउटा कार्यालयको नाममा विनियोजित बजेटको खरिद कार्य अर्को निकायले गर्दा जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाउन नसकिने अवस्था देखिएकोले यसमा सुधार गर्नुपर्दछ।

१२. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा मालसामानको लागत अनुमान तयार गर्ने आधार उल्लेख छ। विभागले विदेशबाट आपूर्ति गर्ने मालसामानको समेत निश्चित स्थानीय आपूर्तिकर्ताहरूबाट अमेरिकी डलर, युरो तथा भारतीय रुपैयाँमा दररेट लिई सोको औसत मूल्यको आधारमा लागत अनुमान तयार गरेको छ। यो वर्ष २ प्रकारका सामग्री खरिदका लागि अमेरिकी डलर ११ लाख ६ हजारको नेपाली रू. १४ करोड ५१ लाख २३ हजारको लागत अनुमान सोही आधारमा स्वीकृत भएको देखियो।

विभागले लागत अनुमान तयारीको लागि दररेट माग गरेकोमा आपूर्तिकर्ताले दररेट पेस गर्दा मूल्य अभिवृद्धि कर बाहेक, प्रचलित बजार मूल्य, भन्सार र मूल्य अभिवृद्धि कर बाहेक फरक-फरक दररेट उल्लेख गरेको र सोही दररेटको औसत लिएर भन्सार र मूल्य अभिवृद्धि कर बाहेकको उल्लेख गरी कार्यालयले तयार गरेको लागत अनुमान यथार्थपरक देखिँदैन। विभागले उपलब्ध भएसम्म सम्बन्धित निर्माता, वितरक, बिक्री प्रतिनिधि आदिबाट प्राप्त हुने दररेट वा आधिकारिक वेबसाइटमा भएको मूल्य तथा अघिल्लो वर्षको खरिद मूल्यसमेतलाई ध्यान दिई लागत अनुमान तयार गर्नुपर्दछ।

१३. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौता अवधिभित्र सामग्री आपूर्ति गर्न नसकेमा सार्वजनिक निकायले सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने

गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। विभागले स्पोर्ट्स जुत्ता तथा सवारीसाधन मर्मत सामग्री आपूर्ति गर्न सम्झौता गरेका ३ आपूर्तकलाई सुरु सम्झौता अवधिपश्चात् पटक-पटक ५६० दिनसम्म म्याद थप गर्दा पनि आंशिक रूपमा मात्र सामग्री आपूर्ति गरेकोमा सम्झौता रू.१० करोड ७७ लाख ५४ हजारको १० प्रतिशतले हुने रू.१ करोड ७ लाख ७५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नुपर्नेमा रू.३० लाख ५६ हजार मात्र कट्टा गरेको छ। घटी कट्टा भएको रू.७७ लाख १९ हजार सम्बन्धित आपूर्तिकर्ताहरूबाट असुल गर्नुपर्दछ।

विकास निर्माण निर्देशनालय

नेपालको ७७ जिल्लालाई सडक सञ्जालमा जोड्ने राष्ट्रिय लक्ष्यअनुरूप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका सडक निर्माण योजना कार्यालयहरूको कार्यक्षेत्रभित्र रहेका सडकहरूको निर्माण कार्यमध्ये ४ आयोजनाको ट्रयाक खोल्नेसहितका कार्य नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको आधारमा नेपाली सेनामार्फत् हुँदै आएको छ।

१४. **निर्माण व्यवस्थापन -** विकास निर्माण निर्देशनालयले यो वर्ष २ राष्ट्रिय गौरवका आयोजना र २ पहिलो प्राथमिकता प्राप्त आयोजनासमेत ४ आयोजना सञ्चालन गरी रू.६९ करोड ४५ लाख ६४ हजार खर्च गरेको छ। निर्देशनालयले उक्त खर्चमध्ये मेसिनरी उपकरण, निर्माण सामग्री खरिद र ढुवानी बोलपत्रमार्फत् खरिद व्यवस्थापन गरी रू.८ करोड १३ लाख ७७ हजार भुक्तानी दिएको छ। सडक निर्माणको लागि आवश्यक श्रमिकको ज्यालामा रू.२७ करोड ८८ लाख १५ हजार, इन्धन खरिदमा रू.९ करोड ३२ लाख ८० हजार, स्थानीयस्तरको ढुवानीमा रू.७३ लाख ७१ हजार लगायतका कार्य फिल्डमा रहेको विकास निर्माण कार्यदलले अमानतबाट गराई भुक्तानी गरेको छ।

१५. **कार्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमअनुसार खर्च गर्दा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नेपाली सेनाले निम्नानुसार ४ सडकको २०३.५६ किलोमिटर ट्रयाक खन्ने जिम्मेवारी प्राप्त गरेकोमा २०७९।८० सम्म ६१.९ किलोमिटर सडक निर्माण सम्पन्न गरी रू.२ अर्ब १८ करोड २ लाख खर्च भएको छ। निर्माण कार्यको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	प्रस्तावित सम्पन्न हुने वर्ष	कुल सडक (कि.मि.)	२०७९।८० सम्मको		
					खर्च रू. लाखमा	प्रगति (ट्रयाक निर्माण)	भौतिक प्रगति प्रतिशत
१	खाँदबारी-किमाथांका (च्यामताङ्ग-घोङ्गप्पा खण्ड) सडक	२०७७।७८	२०८१।८२	१०.५१	४०७०	६.५	६१.८४
२	कर्णाली करिडोर (लालिबगर-दुल्लिकुन्ना खण्ड) सडक	२०७८।७९	२०८०।८१	११	३३६६	६	५४.५५
	कर्णाली करिडोर (घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक		२०८२।८३	११.०५		३.५	३१.६७
३	बेनिघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक	२०७३।७४	२०८६।८७	९२	१०७९४	३५.५	३८.५९
४	दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक	२०७७।७८	२०८८।८९	७९	३५७२	१०.४	१३.१६

कर्णाली करिडोरको लालिबगर-दुल्लिकुन्ना खण्ड सडक निर्माण कार्य २०८०।८१ सम्म ११ किलोमिटर ट्रयाक खोल्ने कार्य सम्पन्न गर्ने गरी २०७८।७९ मा सुरु भएकोमा हालसम्म ६ किलोमिटर ट्रयाक खोल्ने कार्य भएको छ। उक्त सडक निर्माण कार्य ३ वर्षमा सम्पन्न गर्ने गरी सुरु भएकोमा २ वर्ष (६६.६७ प्रतिशत) अवधि व्यतीत हुँदा करिब ५४.५५ प्रतिशत भौतिक प्रगति भएको छ। त्यस्तै

घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड २०८२।८३ मा सम्पन्न गर्ने गरी सुरु भएकोमा यो वर्षसम्म ३.५ किलोमिटर (३१.६७ प्रतिशत) मात्र प्रगति भएको छ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

काठमाडौंदेखि बाराको निजगढसम्म ७२.५ किलोमिटर द्रुतमार्ग निर्माण कार्यको लागि नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णय अनुसार २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएको हो। निर्माण कार्य २०८०।८१ सम्म कार्यसम्पन्न गर्ने गरी प्रारम्भ भएकोमा मन्त्रिपरिषद्को २०८०।१।५ को निर्णयबाट आयोजनाको लागत नबढ्ने गरी २०८३ चैत्रसम्म अवधि थप भएको छ। द्रुतमार्गको २०७६।५।१ मा स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार कुल लम्बाई ७२.५ किलोमिटर रहेको र सोअन्तर्गत ८७ पुल, ३ सुरुङ मार्ग रहेको छ। आयोजनाको सुरु लागत रू.२ खर्ब १३ अर्ब ९५ करोड (कन्टिन्जेन्सीसमेत) रहेकोमा विस्तृत आयोजना प्रतिवेदन संशोधन पश्चात् द्रुत मार्गको कुल लम्बाई ७०.९७७ किलोमिटर, ८९ पुल, ६ सुरुङ मार्ग र लागत रू.२ खर्ब ११ अर्ब ९३ करोड कायम भएको छ।

१६. **आयोजना कार्यान्वयन स्थिति** - राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको यस आयोजनाको निर्माण कार्य २०७३।७४ बाट सुरु भई म्याद थप समेत २०८३ चैत्र मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित एसियाली राजमार्गको डिजाइन मापदण्डअनुसार निर्माण कार्य भइरहेको छ। आयोजनालाई विभिन्न ११ क्लष्टरमा विभाजन गरी कार्यान्वयनको लागि १३ प्याकेज बनाइएको छ। आयोजनाको १३ प्याकेजमध्ये ७ प्याकेजको खरिद व्यवस्थापन सम्पन्न भई यस वर्षसम्म रू.४९ अर्ब २४ करोड २ लाख खर्च भएको देखिन्छ। अन्य प्याकेजमध्ये ३ प्याकेजको बोलपत्र आह्वान भएकोमा अदालतमा विचाराधीन रहेको, २ प्याकेजको ठेक्का व्यवस्थापन प्रक्रियामा रहेको अवस्था छ। प्याकेज नं ११ अन्तर्गत ललितपुरको खोकना क्षेत्र मा ६.४ किलोमिटर सडकको रेखाङ्कन र जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण डिजाइन तयार भएको छैन। आयोजनाको हालसम्मको खर्चको स्थिति देहायबमोजिम छः

(रू. लाखमा)

विवरण	आर्थिक वर्ष							जम्मा
	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	
उपकरण	७११७			४००	३०६			७८२३
इन्धन	३२९९							३२९९
मेशिन		९				२९५	१७२	४७६
क्याम्प निर्माण	२४०५	४१९६			८४	१५	८९	६७८९
प्रशासनिक	३४३	११२४		१२१२	९३७	६२९	५७४	४८१९
सर्भिस रोड मर्मत	३१६			२४१				५५७
परामर्श	१०	२३३	११६७	५००	७४६८	५९८५	४८४४	२०२०७
मुआव्जा/क्षतिपूर्ति		२००००		४९८७	५५९	६५४	६४३	२६८४३
फर्निचर		४		२३	१७	६	२	५२
सवारी साधन		१२८३	३०२					१५८५
विद्युत		९९			१८६३			१९६२
विस्फोटक पदार्थ		७१८						७१८
बेलिब्रिज		७३३	१०३०	११५२				२९१५
रुख कटान		३९२	४४	६	३		६०	५०५
निर्माण		४७०१३	५४६३७	१०९९३	७५३५४	८११०४	१४२५५४	४११६५५
संचार साधन कम्प्युटर./ इलेक्ट्रिक		४५६	१५६	६१	२४१	२	६६	९८२
वृक्षा रोपण/वातावरण संरक्षण				५०	४८०	२४६	२२९	१००५
डिप बोरिङ				२५				२५

विवरण	आर्थिक वर्ष							जम्मा
	२०७३।७४	२०७४।७५	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	
अन्य निर्माण तथा विविध							१८५	१८५
कुल जम्मा	**१३४९०**	**७६२६०**	**५७३३६**	**१९६५०**	**८७३१२**	**८८९३६**	**१४९४१८**	**४९२४०२**

आयोजनाको हालसम्मको खर्च रू.४९ अर्ब २४ करोड २ लाखमध्ये मुआब्जा/क्षतिपूर्ति वितरणमा रू.२ अर्ब ६८ करोड ४३ लाख तथा सवारीसाधन, प्रशासनिक खर्च, उपकरण, इन्धन, क्याम्प निर्माणलगायतका कार्यमा रू.२ अर्ब ९५ करोड ८ लाख अर्थात् कुल खर्चको ५.९९ प्रतिशत खर्च रहेको देखिन्छ। कार्यालयबाट प्राप्त विवरणअनुसार आयोजनाको हाल सम्मको समष्टिगत भौतिक प्रगति २५.५४ र वित्तीय प्रगति २८.११ (मोबिलाइजेसन पेस्कीसमेत) प्रतिशत रहेको छ। आयोजना अवधि करिब ६० प्रतिशत व्यतीत भइसकेकोमा २५.५४ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिन्छ।

आयोजना निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमा रू.४१ अर्ब ५८ करोड ४४ लाख खर्च भएकोमा परामर्श सेवामा रू.२ अर्ब २ करोड ७ लाख अर्थात् निर्माण कार्यमा भएको खर्चको ४.८५ प्रतिशत र कुल खर्चको ४.१० प्रतिशत रहेको छ।परामर्श सेवाको सम्झौता समय अवधिको आधारमा गरेकोले आयोजनाको निर्माण अवधि थप हुँदा परामर्श सेवाको अवधि पनि थप हुने भई सोको लागतसमेत वृद्धि हुने देखिएको छ। अतः तोकिएको समयमा आयोजना सम्पन्न गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ।

१७. **डिजाइन स्वीकृति -** यो वर्ष ठेक्का व्यवस्थापन भएका २ प्याकेजको डिजाइन एण्ड बिल्ड सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा आयोजना कार्यालय र निर्माण व्यवसायीबीच भएको सम्झौताको विशेष शर्तको बुँदा नं ४.२४ मा कार्य प्रारम्भ गर्ने मितिले १८० दिनभित्र डिटेल सर्भे, जियोलोजिकल र हाइड्रोलोजिकल स्टडी, जियोटेक्निकल इन्भेष्टिगेसनलगायत सबै प्रतिवेदन पेस गर्ने, डिटेल डिजाइन पूरा गर्ने र परामर्शदाताबाट अन्तिम डिजाइन स्वीकृत गर्नुपर्ने उल्लेख छ। उक्त सम्झौताअनुसार निर्माण व्यवसायीले समयमा डिजाइन स्वीकृत नगराएमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१७.१. प्याकेज नं ६ को सम्झौताअनुसार कार्य प्रारम्भ हुने मिति १ फेब्रुअरी २०२३ बाट १८० दिन अर्थात् २९ जुलाई २०२३ सम्म डिजाइनसम्बन्धी सम्पूर्ण काम सम्पन्न गर्नुपर्ने देखिन्छ। उक्त निर्माण व्यवसायीले २४ जनवरी २०२४ (२०८०।१०।१०) सम्म पनि डिजाइन स्वीकृत गराएको छैन। समयमा डिजाइन पेस नहुँदा निर्माण कार्य सुरु गर्न नसकिने र तोकिएको समयमा निर्माण कार्यसमेत सम्पन्न हुन नसक्ने देखिन्छ। आयोजनाले सम्झौताअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई समयमा डिजाइन पेस गर्न लगाउनुपर्दछ।

१७.२. प्याकेज नं ७ को कार्य प्रारम्भ हुने मिति १० डिसेम्बर, २०२२ भएकोमा सोको १८० दिन अर्थात् ७ जुन, २०२३ सम्म डिजाइनको सम्पूर्ण काम सक्नुपर्ने देखिन्छ। आयोजनाबाट प्राप्त विवरणअनुसार डिजाइन र निर्माण कार्यको सुपरभिजन गर्ने परामर्शदाताले २४ जुलाई, २०२३ मा डिजाइन स्वीकृत गरेको देखिन्छ। निर्माण व्यवसायीले सम्झौतामा तोकिएको अवधिभन्दा ४६ दिन ढिला गरी डिजाइन स्वीकृत गराएको देखिएकोले सम्झौता अङ्क रू.६ अर्ब २९ करोड ६४ लाख ५३ हजारको दैनिक ०.०५ प्रतिशतका दरले रू.१४ करोड ४८ लाख १८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

१८. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। आयोजना निर्माण

कार्यको डिजाइन तथा सुपरभिजन गर्न २०७७।२।२ मा एक परामर्शदातासँग ५४ महिना निर्माण अवधि र १२ महिना त्रुटि सच्याउने अवधिसम्मको समयवद्ध सेवा लिने गरी अमेरिकी डलर १ करोड २९ लाख ९२ हजार र स्थानीय मुद्रा रू.१ अर्ब २४ करोड २६ हजारको सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर ६५ लाख १८ हजार र रू.५९ करोड ९२ लाख ९८ हजार खर्च भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१८.१. परामर्शदाताको कार्यक्षेत्रगत शर्त तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९(च१) मा सम्झौता पश्चात् काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने व्यवस्था छ। आयोजना र कार्यालयबीच भएको सम्झौताको सामान्य शर्तको बुँदा नं.३१ मा समेत प्रमुख विज्ञहरू परिवर्तन गर्न नहुने उल्लेख छ। सम्झौतापछि २ पटक टिम लिडरसमेत गुणस्तर नियन्त्रण इन्जिनियर, पुल डिजाइन इन्जिनियर, सुरुङ डिजाइन इन्जिनियर तथा स्लोप स्टेबलाइजेसनलगायतका वैदेशिक विज्ञ एवं नेपाली विज्ञसमेत परिवर्तन गरेको देखियो। यसरी योजनामा पटक पटक विज्ञ फेरबदल गर्ने कार्यले गुणस्तरमा पर्ने असरबारे ध्यान दिनुपर्दछ।

१८.२. अध्यागमन नियमावली, २०५१ को नियम २०(१) मा पर्यटक भिसा पाउने विदेशी नागरिकले नेपालभित्र रहँदा पारिश्रमिक लिई काम गर्न नपाउने उल्लेख छ। वैदेशिक परामर्शदाताको जुलाई २०२२ को पारिश्रमिक भुक्तानीको विवरण परीक्षण गर्दा टिम लिडर, सिनियर जिओलोजिष्ट, स्लोप स्टेपलाइजेसन स्पेसलिष्ट लगायतका विज्ञ दक्षिण कोरियाबाट पर्यटक भिसामा नेपालमा रहेको अवस्थामा मासिक पारिश्रमिक क्रमशः अमेरिकी डलर २९ हजार ६६३, २३ हजार ६१५ र २२ हजार ८३६ भुक्तानी भएको देखिन्छ। त्यस्तै अन्य महिनामा पनि विज्ञहरूको यसै गरी पर्यटक भिसामा रहेको अवस्थामा भुक्तानी भएको छ। अध्यागमनसम्बन्धी कानुनी व्यवस्थाको पालना गरी विदेशी परामर्शदाताको सेवा लिनुपर्ने देखिन्छ।

१८.३. आयोजनाको डिजाइन तथा सुपरिवेक्षण गर्न नियुक्त परामर्शदाताको अवधि २०८१ कार्तिक मसान्तसम्म रहेकोमा सोमध्ये डिजाइन तयारी अवधि सम्झौता मितिले ६ महिना निर्धारण गरिएकोमा सो अवधि पूरा भइसकेको छ। आयोजनाको १३ प्याकेजमध्ये ८क, ९क र ९ख. बोलपत्रको प्रक्रियामा रहेको, ८ख र १० को डी.पी.आर स्वीकृतिको लागि पेस भएको र बोलपत्रसम्बन्धी कागजपत्र तयारी कार्य भइरहेको जानकारी प्राप्त भएको छ। प्याकेज नं ११ अन्तर्गत ललितपुर खोकनामा ६.४ किलोमिटर सडकको रेखाङ्कन र जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण उक्त क्षेत्रको डिजाइन तयार गरेको छैन। यसरी आयोजनाको प्याकेजहरूको काम समयमा सुरु नहुँदा डिजाइन र सुपरभिजन कार्यको लागि थप लागत र समय अवधि वृद्धि हुने अवस्था छ। लक्षित अवधिभित्र आयोजना पूरा गर्ने गरी विवादको निरूपण र डिजाइनसम्बन्धी कार्य पूरा गर्नुपर्दछ।

१९. **ट्रान्सफर्मर जडान -** निर्माण व्यवसायीहरूसँग भएको सम्झौतामा निर्माण कार्यको लागि आवश्यक विद्युत प्रसारणलाइन र ट्रान्सफर्मर जडानबापत हुने खर्च निर्माण व्यवसायी स्वयंले गर्नुपर्ने व्यवस्था छ। सोही कार्यको लागि ट्रान्सफर्मर जडान एवं विद्युतलाइन विस्तार गर्न आयोजनाले नेपाल विद्युत प्राधिकरणलाई दिएको पेस्की रू.१८ करोड ६२ लाख ७६ हजारको सम्बन्धमा गत विगतको प्रतिवेदनमा समेत प्रसारणलाइन तथा ट्रान्सफर्मर जडान गर्न लागेको खर्च हिसाब गरी सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने बेहोरा औँल्याइएकोमा असुल नभएको र पेस्कीसमेत फस्यौंट भएको छैन।

२०. **जग्गा अधिग्रहण -** द्रुतमार्ग आयोजनाको राइट अफ वेअन्तर्गत १५ हजार ४२३ रोपनी जग्गामध्ये ५हजार १७२ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने देखिन्छ। सोमध्ये गत वर्षसम्म ४ हजार ७८० रोपनी र यो वर्ष ४८ रोपनीसमेत हालसम्म ४ हजार ८२८ रोपनी जग्गा प्राप्त भई ३४४ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको देखिन्छ। प्याकेज नं ११ को निर्माण क्षेत्र खोकनामा भएको जग्गा विवादको समाधानको लागि रक्षा मन्त्रीको अध्यक्षतामा समिति गठन भएको देखिन्छ। आयोजनामा उठेका विवाद समाधान गरी जग्गा प्राप्तिसम्बन्धी कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

२१. **रुख कटान -** आयोजनाको निर्माण क्रममा आयोजनाको रेखाङ्कनभित्र परी छपान भएका ३८ हजार ६६४ रुखमध्ये हालसम्म २८ हजार ४०८ रुख कटान गरिसकेको र १० हजार २५६ रुख कटान हुन बाँकी रहेको विवरण पेस भएको छ। ठेक्का व्यवस्थापन भइसकेका प्याकेजहरूमा समयमा रुख कटान नभएको कारण निर्माण कार्यमा बाधा पर्ने भएकोले समयमा रुख कटान गरी निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नेतर्फ आयोजनाले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

आयोजनाबाट प्राप्त विवरणअनुसार यस वर्षसम्म ४० हजार ७७८ फलफूलका र ७ लाख ८५ हजार ४४१ वन प्रजातिका बिरुवा रोपण गरेको देखिन्छ। आयोजनाले वृक्षारोपण गरेका बिरुवाको विद्यमान अवस्था देखिने गरी विवरण तयार गरेको छैन। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार रोपण भएका बिरुवाहरू आयोजनाले ५ वर्षसम्म स्याहार सम्भार गर्नुपर्ने व्यवस्था रहेको हुँदा बिरुवाको संरक्षण गर्नुपर्दछ।

२२. **बेली ब्रिज -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्थापन नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। आयोजनाले ५१ मिटर लम्बाइका १४ सेट बेली ब्रिज र सोको लागि आवश्यक पार्ट्स आपूर्ति तथा जडान कार्य गर्न २०७५।३।११ मा एक आपूर्तकसँग रू.४१ करोड ४० लाख २३ हजारको खरिद सम्झौता गरेको देखिन्छ। सम्झौताअनुसार १४ सेट बेली ब्रिज र सोको लागि आवश्यक पार्ट्स आपूर्ति गरेकोमा आपूर्तकले ८ सेटमात्र जडान कार्य गरेको छ। बाँकी रहेका ६ सेटमध्ये ३ सेट ब्रिजिङ महाशाखाबाट जडान भएको तथा रू.७ करोड ८५ लाख १३ हजारका ३ सेट खोकना साइटमा मौज्दात रहेको देखिन्छ। खरिद भएका सामग्रीहरू प्रयोगविहीन हुँदा खिया लाग्ने तथा सामग्रीको आयु घट्ने अवस्था देखिएकोले यसतर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

२३. **निर्माण सामग्री अभिलेख -** वन तथा भू-संरक्षण विभाग र आयोजना कार्यालयबीच सम्पन्न सम्झौताको शर्त नं. ९ मा सडक निर्माणको क्रममा वन क्षेत्रमा निस्कने ढुङ्गा, गिट्टी, अन्य निर्माण सामग्रीको दस्तुर सम्बन्धित डिभिजन वन कार्यालयलाई बुझाई प्रचलित कानुनबमोजिम प्रयोग गर्न सक्ने, सडकमा प्रयोग नहुने भएमा प्राप्त भएका निर्माण सामग्री डिभिजन वन कार्यालयले तोकेको स्थानमा स्टक पाइलिङ गर्नुपर्ने उल्लेख भए तापनि वन क्षेत्र प्रयोग गर्दा प्राप्त भएका निर्माण सामग्रीको अभिलेख तयार गरेको छैन। आयोजनाले सोको अभिलेख राख्नुपर्दछ।

सैनिक हवाई महानिर्देशनालय, मध्य एअर बेस

महनिर्देशनालयले हवाई साधनबाट कार्गो ढुवानी, सैनिक यात्रुको ओसारपसार, प्यारा तालिम, पाइलट तालिम, उद्धार, सैनिक अपरेसन, बन्दोवस्ती उडान, खोज तथा उद्धारका साथै गैर सैनिक स्वदेशी तथा विदेशी नियोगहरूको चार्टर तथा व्यापारिक उडानलगायतका कार्यहरू सञ्चालन गर्दै आएको छ।

२४. **प्रतीतपत्रको फरफारक** - महानिर्देशनालयले हवाई साधनको पार्टपुर्जा खरिद तथा मर्मत कार्यका लागि विभिन्न आपूर्तिकर्तासँग भएको सम्झौताअनुसार प्रतीतपत्रको माध्यमबाट भुक्तानी दिने प्रयोजनका लागि वाणिज्य बैङ्कहरूमा सम्झौताअनुसार प्रतीतपत्र खोल्न देहायबमोजिमका २ प्रतीतपत्रमा रू.१८ करोड ८७ लाख उपलब्ध गराएको छ।

सामग्रीको विवरण	रकम (रू. हजारमा)	प्रतीतपत्र खोलेको मिति	सम्झौता मिति	सम्झौताअनुसार सामग्री आपूर्ति गर्नुपर्ने मिति
मेन रोटर हब, एमआई सेभेन्टिन हेलिकोप्टर	२२४९०	२२ जुलाई २०२०	६ जुलाई २०२०	१५ जनवरी २०२१
एयर क्राफ्ट स्पेयर पार्टस् फर एमआई सेभेन्टिन हेलिकोप्टर	१६६२०९	२४ नोभेम्बर २०२१	२१ जून २०२१	१९ नोभेम्बर २०२२

प्रतीतपत्र खोल्न रकम पठाए तापनि लेखापरीक्षण अवधि २०८०।१०।१६ सम्म एल.सी.एड्भाइस नभएका कारण क्यास मार्जिनमा राखेको उल्लेख छ। आपूर्तक कम्पनीसँग भएको सम्झौतामा प्रतीतपत्र खोलेको १८० दिनभित्र आपूर्ति गर्ने व्यवस्था छ। सामग्री आपूर्ति गर्ने अवधि समाप्त भइसके तापनि प्रतीतपत्र फरफारक नभएको कारण रू.१८ करोड ८७ लाख बैङ्कमा प्रयोगविहीन अवस्थामा रहेको छ। सम्झौताबमोजिम सामग्री प्राप्त गर्ने वा रकम फिर्ता प्राप्त गरी राजस्व दाखिला गर्नुपर्दछ।

वीरेन्द्र अस्पताल

प्रथम विश्वयुद्धमा वीरगति प्राप्त फौजको सम्झनामा प्रधानमन्त्री चन्द्रशम्शेरले विक्रम संवत् १९८२।५।२४ मा काठमाडौं महाँकालमा त्रिचन्द्र मिलिटरी अस्पतालको स्थापना गरेको देखिन्छ। अस्पतालको सेवालाई आधुनिक र थप प्रभावकारी बनाई बहालवाला सैनिक, भूतपूर्व सैनिक र तिनका परिवारलाई औषधि उपचार गर्न वीरेन्द्र सैनिक अस्पतालको नाममा २०४६।९।१४ देखि काठमाडौंको छाउनीबाट सेवा प्रवाह गर्दै आएको छ।

२५. **आय व्यय** - अस्पतालको २०७९।८० को वित्तीय विवरणअनुसार गत वर्षको जिम्मेवारी रू.३ करोड ८५ लाख ५४ हजार र यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रू.१ अर्ब २१ करोड ६१ लाख २० हजार, सैनिक कल्याणकारी कोषबाट रू.१५ करोड ७९ लाख ९३ हजार, अन्य आम्दानी रू.५ करोड ४१ लाख ७४ हजारसमेत रू.१ अर्ब ४६ करोड ६८ लाख ४१ हजार आम्दानीमध्ये रू.१ अर्ब ४३ करोड ४३ लाख २८ हजार खर्च भई रू.३ करोड २५ लाख १३ हजार मौज्दात बाँकी रहेको देखिन्छ।

२६. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष ४ लाख ७५ हजार ८६७ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको देखिन्छ। सोमध्ये बहालवालातर्फ ८५ हजार १८५ र हिताधिकारी, भूतपूर्व सैनिकतर्फ ३ लाख ९० हजार ६८२ रहेका छन्। त्यसै गरी अस्पतालले बहालवाला, भूतपूर्व र सर्वसाधारणसमेत १४७ जनालाई हेमोडायलासिस सेवा प्रदान गरेको छ।

अन्य संस्था तथा समिति

सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्वसैनिक र निजहरूको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा सैनिक कल्याणकारी

कोषको स्थापना गरी कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको देखिन्छ। सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ अनुरूप यो कोष सञ्चालनमा रहेको छ। हाल विभिन्न देशमा शान्ति स्थापनार्थ १७ मिसनमा ५ हजार ८५० सैनिक कार्यरत छन्।

२७. **वित्तीय स्थिति** - कोषमा गतवर्षको मौज्दात रू.६९ अर्ब ५५ करोड २२ लाख रहेकोमा यो वर्षको प्राप्ति २७ अर्ब ७५ करोड ५५ लाखसमेत कुल आय रू.९७ अर्ब ३० करोड ७७ लाख देखिन्छ। उक्त रकममध्ये रू.१९ अर्ब २९ करोड ७ लाख खर्च भई रू.८ अर्ब ४६ करोड ४७ लाख सञ्चालन बचतसमेत कुल मौज्दात रू.७८ अर्ब १ करोड ६९लाख पुगेको छ। कोषमा रहेको रकममध्ये अन्य दायित्व समायोजन रू.११ करोड ७९ लाखसमेत लगानीतर्फ मुद्दती निक्षेपमा रू.६५ अर्ब १५ करोड ३१ लाख, २५ ऋणपत्रमा रू.३ अर्ब ९ करोड ३३ लाख तथा कल्याणकारी योजनाअन्तर्गत स्थापना भएका २० निकायमा रू.६ अर्ब ६३ करोड ५० लाख रहेको छ। पेस्की तथा सापटी हिसाबमा रू.१३ करोड ३८ लाख र बैङ्क मौज्दात रू.३ अर्ब ११ करोड ९६ लाख रहेको छ। बचत रकमलाई अधिकतम आय आर्जन हुने क्षेत्रमा परिचालन गर्नुपर्दछ।

२८. **वित्तीय प्रतिवेदनको ढाँचा** - सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १५ मा कोषको दैनिक आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिने र समितिले नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियमलाई मार्ग निर्देश मानी लेखाप्रणालीको ढाँचा तयार गर्ने व्यवस्था छ।

कोषले वासलात तयार गर्दा मातहतका ३६ निकायमा रहेका सम्पत्ति तथा दायित्व (घर जग्गा, फर्निचर, सवारीसाधन, मेसिनरी औजार) लाई समावेश नगरेको साथै यो वर्ष पुँजीगत तथा पूर्वाधार विकासमा भएको खर्च रू.६३ करोड १७ लाख १७ हजारलाई पुँजीकरण गरेको समेत देखिएन। कोष र मातहतका कार्यालयले वित्तीय विवरण तयार गर्दा एउटै ढाँचामा तयार गर्नुपर्नेमा कोषले वासलात तयार गरेको र मातहतका कार्यालयले प्राप्ति र भुक्तानीको विवरण तयार गरेको देखिन्छ।

मातहतका ६ निकायले देखाएको पेस्की रू.२ अर्ब ४७ करोड ५४ लाख ५१ हजार तथा अमेरिकी डलर ५ करोड ७९ लाख ८६ हजार (ने.रू.७ अर्ब ६० करोड ६० लाख २३ हजार) समेत रू.१० अर्ब ८ करोड १४ लाख ७४ हजारलाई खर्च लेखाङ्कन गरेको तथा धरौटीबापतको रू.४७ करोड १७ लाख ५९ हजार वासलातमा देखाएको छैन। मातहतका सबै निकायको कारोबार समावेश हुने गरी वित्तीय विवरणको ढाँचा स्वीकृत गरी सोहीअनुसार तयार गर्नुपर्दछ।

२९. **संयुक्त राष्ट्रसंघबाट शोधभर्ना** - सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १८ मा रकमको अभिलेख राख्नु पर्ने तथा नियम १९ मा संयुक्त राष्ट्र संघबाट हुने शोधभर्नाको अभिलेखसम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष संयुक्त राष्ट्रसंघबाट प्राप्त शोधभर्ना रू.१८ अर्ब ९९ करोड ३८ लाख २९ हजार आम्दानी र शान्ति सेना सञ्चालनमा रू.११ अर्ब ७० करोड ७ लाख ४५ हजार खर्च देखाएको छ। कोषको आय-व्ययको अनुसूची ११ मा अमेरिकी डलर २ करोड ३ लाख ९७ हजार (ने.रू.२ अर्ब ६७ करोड ५६ लाख) विवरण प्राप्त हुन बाँकी भनी एकमुष्ट शोधभर्ना आम्दानी जनाएको देखियो। प्राप्त भएको रकम शीर्षक यकिन गरी वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

३०. **भवन बहाल** - सैनिक कल्याणकारी कोषले महाकालस्थित कल्याणकारी भवन व्यापारिक प्रयोजनको लागि कोष र एक निर्माण सेवाबीच २०७६।१०।१६ मा सम्झौता गरेको छ। सम्झौताको शर्तबमोजिम बहाल

रकम नबुझाएकोले २०७९।६।५ गते देखि लागु हुने गरी निर्माण व्यवसायीसँग गरेको करार सम्झौता अन्त्य गरी अमानतबाट भाडा सङ्कलन गर्न साबिकमा निर्माण सेवासँग बहाल सम्झौता गरी कल्याणकारी भवनमा व्यवसाय गरिरहेका सबै व्यक्ति, फर्म तथा व्यवसायीले हाललाई सोही सम्झौतामा उल्लिखित दररेटमा बहाल रकम दाखिला गर्नुपर्ने तथा तोकिएको म्यादभित्र बहाल रकम दाखिला नभएमा प्रचलित कानुनबमोजिम हुने उल्लेख गरी २०७९।६।६ मा सूचना प्रकाशित गरेको देखिन्छ। प्राप्त विवरणअनुसार विभिन्न व्यापारीबाट रू.३ करोड ४७ लाख ३९ हजार वहाल असुल हुन बाँकी देखिएकोले उक्त रकम असुल हुनुपर्दछ।

साथै उक्त निर्माण सेवाले सम्झौताअनुसारको भाडा समयमै नबुझाएको तथा आंशिक बुझाएकोले कार्यसम्पादन जमानत जफत गरी रू.४६ करोड ८ लाख १४ हजार असुल गरेको र रू.३९ लाख ८९ हजार बक्यौता रहेको छ। बक्यौता रकम जरिबानासहित असुल गर्नुपर्दछ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विकास समिति

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानुनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम समितिको गठन भएको हो।

३१. **आयोजना स्वीकृति र खर्च** - गठन आदेशबमोजिम समितिलाई विश्वविद्यालय पूर्वाधार निर्माणसमेतको कार्य क्षेत्र तोकिएको छ। विश्वविद्यालयको स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार रू.८ अर्ब ६३ करोड १० लाखको लागत भएकोमा रू.१ अर्ब ९८ करोडको मात्र स्रोत सुनिश्चित भएको, बहुवर्षीय आयोजना स्वीकृत नभएको र डी.पी.आर. संशोधन गर्नुपर्नेमा सोसमेत हुन नसकेको अवस्था छ। विश्वविद्यालयको लागि यस वर्ष छुट्टै बजेट विनियोजन नभएकोले रक्षातर्फको बजेटबाट रू.३६ करोड ५४ लाख ९९ हजार खर्च भएको छ।

३२. **वृक्षारोपण** - समिति र वन तथा भूसंरक्षण विभागबीच सम्पन्न वन क्षेत्रको भोगाधिकार सम्झौताको शर्त नं. ३ मा हाल अति आवश्यक भौतिक संरचना निर्माण हुने स्थानमा १ हजार १०५ रुख बिरुवा हटाउने र हटाइने रुख बिरुवाको सट्टा १:१० का दरले नयाँ वृक्षारोपण कार्यमा लाग्ने लागत खर्च समितिले बेहोर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार विश्वविद्यालयको संरचना निर्माणस्थलमा हालसम्म ८०२ रुख कटान गरिएकोमा सम्झौताअनुसार ८ हजार २० सट्टाभर्ना वृक्षारोपण गर्नुपर्नेमा ३ हजार ५८७ मात्र वृक्षारोपण गरेको देखिन्छ। सम्झौताको शर्तअनुसार वृक्षारोपण गर्नुपर्दछ।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरूलाई नागरिक सेवाअन्तर्गत अत्यावश्यकीय क्षेत्रमा नियमित एवं मितव्ययी सेवा प्रदान गर्न नेपाल सरकारले विकास समिति ऐन, २०१३ अनुसार नेपाली सैनिक विमान चार्टर विकास समिति गठन आदेश, २०७३ जारी गरी यो समिति गठन भएको हो।

३३. **वित्तीय विवरण** - गठन आदेशमा समितिले नेपाल सरकारले अपनाएको लेखा प्रणालीअनुसार आय-व्यय हिसाब तयार गर्नुपर्ने उल्लेख छ। समितिको गत वर्षको मौज्दातसमेत यो वर्ष रू.६७ करोड १९ लाख

३१ हजार आम्दानी रहेकोमा रू.२९ करोड ३ लाख ४६ हजार खर्च भई रू.३८ करोड १५ लाख ८५ हजार मौज्दात रहेको छ।

३४. **बक्यौता** - समितिबाट प्राप्त विवरणअनुसार यो वर्ष विभिन्न ७ व्यक्ति, संस्था एवं निकायबाट चार्टर भाडा रू.४९ लाख ६१ हजार र २०३४।३५ देखि २०७८।७९ सम्मको बक्यौता रू.७ करोड १७ लाख ३ हजारसमेत रू.७ करोड ६६ लाख ६४ हजार असुल हुन बाँकी रहेको देखिन्छ। बक्यौता रकम जरिबानासमेत असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा रकमान्तर, खरिद व्यवस्थापन, पुराना प्रतीतपत्र, सामग्री आपूर्ति, वित्तीय र भौतिक प्रगति, सेवा प्रवाह, गुणस्तर व्यवस्थापन लगायतका सुधार गर्नुपर्ने बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजुको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ६५ निकायमा यो वर्ष रू.३९ करोड ६ लाख २२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २५ निकायले रू.१८ करोड १२ लाख ४८ हजार फर्स्यौंट गरेकोले रू.२० करोड ९३ लाख ७४ हजार बाँकी रहेको छ। सोमध्ये रू.२ करोड ८६ लाख ७३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था ४ तर्फ यो वर्ष रू.७ करोड ३३ लाख ४५ हजार बेरुजु देखिएकोमा २ संस्थाको रू.२ करोड १५ लाख ३४ हजार फर्स्यौंट गरेकोले रू.५ करोड १८ लाख ११ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरण सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियती, चक्ला वन, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष, सीमसार क्षेत्रका योजना तथा कार्यान्वयन, प्राणी उद्यान, जैविक विविधता, जलवायु परिवर्तन कार्बन सेवा र सञ्चिति, हरित गृह ग्याँसको मापदण्ड र नियमन, सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ६७ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ६१ सरकारी कार्यालयको निम्नानुसार रू.१२ अर्ब ४८ करोडको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६११८१	३९११७	२३५९	२२१४३	१२४८००

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रू.४ अर्ब ४२ करोड ९९ लाख र स्थानीय तहबाट खर्च भएको रू.६९ लाख समावेश छैन।

२. **सङ्गठित संस्था र अन्य संस्था -** यो वर्ष ५ संस्थाअन्तर्गतका कार्यालयको रू.७ अर्ब ३९ करोड ८७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र नेपाल वन निगम २०७९।८० को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा उल्लेख भएका वन, जैविक विविधता र जलाधार, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रका २६ सूचकमध्ये केही प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति मन्त्रालयबाट प्राप्त विवरणअनुसार देहायबमोजिम छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	२०७९।८०		प्रगति प्रतिशत
				लक्ष्य	प्रगति	
१.	वृक्षारोपण गरिएको क्षेत्रफल	हेक्टर (हजारमा)	४	२०	२.०२४	१०.१२
२.	बिरुवा उत्पादन (वार्षिक)	सङ्ख्या (करोडमा)	२०.५	२२.५	१.५९	७.०६
३.	वनपैदावारको व्यावसायिक खेती	हेक्टर	-	४००	२००	५०
४.	वन जङ्गल घनत्व	घन फिट (लाख)	-	४४०	४३०	९७.७२
५.	वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन	माइक्रोग्राम प्रति घनमिटर	-	१६०	७९.९६	४९.९७
६.	बस्ती तथा बजार संरक्षण केन्द्र	सङ्ख्या	-	१२०	३२	२६.६६
७.	जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन भएका स्थानीय तह	सङ्ख्या	-	६००	२४१	४०.१६
८.	वैज्ञानिक वन व्यवस्थापन भएको क्षेत्रफल	हेक्टर (हजारमा)	-	११०	-	-
९.	दर्ता भएका निजी वन विकास	हेक्टर (हजारमा)	२.३६	४	-	-
१०.	प्लाष्टिकको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	२५	६२	-	-
११.	बायो इन्जिनियरिङ गरेको क्षेत्रफल	हेक्टर	-	६०	-	-

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

उल्लिखित तालिकाबमोजिम आवधिक योजना अनुरूप २०७९।८० मा ११ सूचकमध्ये वन जङ्गल घनत्वमा ९७.७२ प्रतिशत प्रगति देखिए तापनि अन्य ६ सूचकमा न्यून प्रगति (७ देखि ५० प्रतिशत) र ४ सूचकमा शून्य प्रगति रहेको छ। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका क्रियाकलापमध्ये ३ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा कार्यान्वयन नभएको, १ हजार ४४५ हेक्टरमा घाँसे मैदान निर्माण तथा व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा १ हजार २०० हेक्टरमा भएको, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि २८ किलोमिटर मेसजालीसहित तारबार निर्माण गर्ने लक्ष्य रहेकोमा २५ किलोमिटर सम्पन्न भएको, ५ वन्यजन्तु उद्धार केन्द्र निर्माण तथा व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा १ मात्र सम्पन्न भएको देखिन्छ। वन्यजन्तुको व्यावसायिक पालन, प्रजनन् तथा उपभोगको मापदण्ड तयार गर्ने, हिउँ चितुवाको गणना/सर्वेक्षण गर्ने, भानुभक्त प्राणी उद्यानको गुरुयोजनामा उल्लिखित कार्यहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, ध्वनिमापन केन्द्र स्थापना गर्ने र प्रादेशिक वन डढेलो जोखिम नक्साङ्कन तथा सूचकाङ्क गर्नेलगायतका कार्यक्रमहरू कार्यान्वयन नभएको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - मन्त्रालयसँग सम्बन्धित दिगो विकासका लक्ष्यहरूको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	लक्ष्य/सूचक	मापन	आधार वर्ष सन् २०१५	२०७९।८० को		प्रगति प्रतिशत
				लक्ष्य (सन् २०२२)	प्रगति (सन् २०२२)	
१.	ताल, सिमसार र पोखरी संरक्षण	सङ्ख्या	१७२७	३२५४	३५७१	१०९.७४
२.	औसत रुख सङ्ख्या	प्रति हेक्टर	४३०	५३०	४३०	८१.१३
३.	जैविक विविधता र पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र दिगो प्रयोगको लागि आधिकारिक विकास सहायता	प्रतिशत	१.९	०	०	०
४.	रुख बिरुवा प्रजाति संरक्षण	सङ्ख्या	३	३६	७	१९.४४
५.	जनावर प्रजाति संरक्षण	सङ्ख्या	५	४८	१६	३३.३३
६.	जलवायु दृष्टिकोणले व्यवस्थित गाउँहरू	सङ्ख्या	०	७९	३६	४५.५७
७.	वन क्षेत्रले वायुमण्डलबाट शोषण गरेर लिएको कुल कार्बन	मिलियन टन्स	२२७६	२७०७	१०५५	३८.९७

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

ताल, सिमसार र पोखरी संरक्षणमा १०९.७४ र औसत रुख सङ्ख्यामा ८१.१३ प्रतिशत प्रगति हासिल भए तापनि अन्य ४ लक्ष्यको न्यून र एक लक्ष्यको शून्य प्रगति रहेको छ। निर्धारित लक्ष्य बमोजिमका कार्यहरू कार्यान्वयनमा प्रभावकारिता ल्याई दिगो विकास लक्ष्य हासिल गर्न मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन र प्रभावकारी अनुगमन गर्नुपर्दछ।

६. **वनस्रोत उपयोग** - वन नीति, २०७५ ले वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्धन गर्ने उद्देश्य लिएको छ। वन क्षेत्रमा ढलापडा, सुखड खडा, हैसियत बिग्रिएका र बुढो तथा उमेर पुगेका रुख बढ्दो क्रममा रहेका छन्। आवश्यकतानुसार आन्तरिक उत्पादनबाट काठ उपलब्ध हुन नसकेका कारण २०७७।७८ मा रू.२ अर्ब ३३ करोड, २०७८।७९ मा रू.७ अर्ब ९९ करोड र २०७९।८० मा रू.६

अर्ब ४० करोडको काठ र काठजन्य सामग्री आयातभएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ। काठको सदुपयोग नहुँदा यसबाट प्राप्त हुने आम्दानी गुमिरहेको र अरबौं रुपैयाँको काठजन्य सामग्री आयात भएको देखिँदा ढलापडा, सुखड खडा रुखहरूको व्यवस्थापन गरी काठलगायतका वन पैदावारको उचित उपयोगद्वारा राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

७. **प्रविधि हस्तान्तरण** - वनस्पति विभागले गरेको अध्ययन अनुसन्धानबाट हालसम्म १८ प्रकारका जडीबुटी एवं वानस्पतिक औषधीय गुण एवं त्यसको उपयोग सम्बन्धमा सूत्र (फर्मुला) विकास गरेको छ। यस्ता फर्मुलाहरूको पेटेन्ट लिन सोको संरक्षण गरी निजी तथा सार्वजनिक संस्थालाई हस्तान्तरण गरी राज्यले आर्थिक लाभ प्राप्त गर्नसक्ने अवसर देखिए तापनि यस सम्बन्धमा कानुनी व्यवस्था रहेको पाइएन। ठूलो लगानी एवं लामो समयदेखिको निरन्तर प्रयासबाट प्राप्त नतिजाको उपयोग गरी अनुसन्धानात्मक कार्यका लागि थप उत्प्रेरणा प्रदान गर्न, दीर्घकालीन रूपमा लाभ लिन तथा प्रविधि हस्तान्तरण, नवप्रवर्तन एवं नयाँ खोजको व्यवसायीकरण गर्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

८. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको छ। विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। मन्त्रालयले अतिक्रमित वन क्षेत्रको स्थिति अद्यावधिक गरी वन ऐन, २०७६ बमोजिम वन क्षेत्रको संरक्षण गर्नुपर्दछ।

सङ्घीय संरचना अनुसार वनजङ्गल अवस्थित जग्गाको प्रशासन सङ्घीय सरकारले गर्ने र सोही जग्गामा अवस्थित वन जङ्गल प्रदेश सरकारको कार्यक्षेत्रभित्र रहेको छ। दुई तहबीच सूचना आदान प्रदान, कार्यक्रम सञ्चालन, प्रगति प्रतिवेदन तयारी र अन्तर सम्बन्धित विषयहरूमा समन्वय र सहकार्य हुन नसक्दा वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारिता मापन गर्न सकिने अवस्था छैन। अतः दुई तहबीच प्रभावकारी समन्वय र सहकार्य हुनुपर्दछ।

९. **वैदेशिक सहायताको उपयोग** – मन्त्रालयअन्तर्गत वैदेशिक सहायतामा सञ्चालित ५ आयोजनाको अवस्था निम्नानुसार छः

(रू. लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालित जिल्ला	सुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	रेड कार्यान्वयन केन्द्र	विश्व बैङ्क (अनुदान)	१३ जिल्ला	जनवरी २०१७	डिसेम्बर २०२२	५२ लाख अमेरिकी डलर	४५ लाख अमेरिकी डलर	८६.५३
२.	पहाडी क्षेत्रका साना किसानको लागि अनुकूलन आयोजना	आईएफएडी (अनुदान)	७ जिल्ला	फेब्रुअरी २०१५	मार्च २०२१	रू.३४५००	रू.३२९६३	९५.५४
३.	चुरे उत्थानशील आयोजना	जिसिएफ (अनुदान)	११ जिल्ला	मे २०२०	मे २०२७	रू.५००६०	रू.६५९	१.३१
४.	समृद्धिका लागि वन	विश्व बैङ्क (ऋण/अनुदान)	१८ जिल्ला	मार्च २०२१	जुलाई २०२५	रू.३००००	रू.२६१३	८.७१
५.	एकीकृत भू-परिधि व्यवस्थापन आयोजना	डब्लु डब्लु एफ (जि.इ.एफ.एजेन्सी) (अनुदान)	३ जिल्ला	नोभेम्बर २०२०	नोभेम्बर २०२५	रू.७५००	रू.६९०	९.२

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

रेड कार्यान्वयन केन्द्र र पहाडी क्षेत्रको साना किसानका लागि अनुकूलन आयोजनाको कार्यान्वयन अवधि समाप्त भइसकेकोमा क्रमशः ८६.५३ र ९५.५४ प्रतिशत प्रगति भएको छ। त्यस्तै चुरे उत्थानशील आयोजनाको ४२ प्रतिशत अवधि व्यतीत हुँदा १.३१ प्रतिशत र एकीकृत भूपरिधि व्यवस्थापन आयोजनाको अवधि ६० प्रतिशत समाप्त हुँदा ९.२ प्रतिशत मात्र खर्च भएको देखिन्छ। आयोजनाको समयावधिको तुलनामा खर्च न्यून हुँदा आयोजनाको समय र लागत बढ्दै जाने र प्रतिफल प्राप्तिमा ढिलाइ हुने अवस्था देखिन्छ। तसर्थ आयोजनाले कार्यतालिका, कार्यक्रम र बजेटबीच तादात्म्यता मिलाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन,२०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ३७ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको छ। उक्त प्रतिवेदनमध्ये १५ प्रतिवेदनको परीक्षण गर्दा प्रमाण सङ्कलन, सिफारिस र स्वीकृत गर्न लागेको अवधि देहायबमोजिम छ:

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	परिमार्जन गरी फिर्ता हुन लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृतिको लागि लागेको दिन	जम्मा दिन
१.	सोलिड वेस्ट व्यवस्थापन तथा फेकल स्लज प्रशोधन प्लान्ट एकीकृत आयोजना, धनगढी	५९	५२	२२	३	१३६
२.	सुनकोशी-३, जलविद्युत आयोजना, बागमती प्रदेश	७६	५६	७८	१२	२२२
३.	तिनाउ खोला साना जलविद्युत आयोजना, लुम्बिनी प्रदेश	२१४	१०१०	१७	४	१२४५
४.	तातोपानी खोला साना जलविद्युत आयोजना, धादिङ	११२	१५३	६०	३१	३५६
५.	बेलबास-नुवाकोट-दोभान लमही तुलसीपुर सडक खण्ड रूपन्देही	२३८	२८२	६२	६	५८८
६.	गौरी टाँड कमलबजार चिसापानी सडक स्तरोन्नति आयोजना, अछाम, कैलाली	१४८	१०५	४१	१५	३०९
७.	काँकरभिट्टा-लौकाही सडक, झापा, मोरङ र सुनसरी	६२	७१	३५	७	१७५
८.	आनन्द वन अस्पताल, ललितपुर	२२६	२३८	१४९	२८	६४१
९.	शिर मेमोरियल एडभेन्टिङ अस्पताल बनेपा नगरपालिका	५१	१९३	४८	३	२९५
१०.	सेदी लक्जरी होटल आयोजना कास्की, गण्डकी	८६	५७	६	१	१५०
११.	होटल बुद्ध स्टार स्तरोन्नति, रूपन्देही	६६	६०	१५३	६	२८५
१२.	कन्काई-बहुउद्देश्यीय आयोजना, इलाम र झापा	९१	१२८	२६७	१२	४९८
१३.	बङ्ग-बुडर नायल सडक, कञ्चनपुर	१०२	३०५	२१२	२७८	८९७
१४.	काठमाडौं इन्टरनेसनल अस्पताल काठमाडौं	८३	५७	१०	२७	१७७
१५.	दूधकोशी ६ जलविद्युत आयोजना, सोलुखुम्बु	१०९	१२०	२३	१६	२७२

(स्रोतः वन तथा वातावरण मन्त्रालय)

उल्लिखित तालिकाअनुसार वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन १३६ दिनदेखि १ हजार २४५ दिनसम्म लागेको देखिन्छ। सोमध्ये प्रमाण सङ्कलन गर्न २३८, परिमार्जनका लागि प्रस्ताव फिर्ता पठाएकोमा मन्त्रालयमा पुनः पेस हुन १ हजार १० र सचिवबाट सिफारिस हुन २६७ दिनसम्म लागेको देखिन्छ। मन्त्रालयमा स्वीकृतिका लागि पेस भएका प्रतिवेदन अध्ययन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनको लागि कागजातको पूर्णता बेगर सिफारिस हुने, परिमार्जनका लागि पठाएकोमा ढिला गरी

परिमार्जन प्रतिवेदन प्राप्त हुने, आयोजना प्रभावित स्थानीय तहमा गरिने सार्वजनिक सुनुवाइ कार्यक्रमबाट प्राप्त राय सुझाव प्रतिवेदनमा संलग्न नगरी पेस हुने, आयोजनाले क्षति भएका वन क्षेत्र, रुख कटान गर्नुपर्ने सङ्ख्या यकिन नगरी पेस गर्नेलगायतका कारणले प्रतिवेदन स्वीकृत गर्न बढी समय लाग्ने गरेको पाइयो। वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी ठेक्का व्यवस्थापन गर्ने एंव विविध कारणले स्वीकृतिमा समेत ढिलाइ हुँदा परामर्श सेवा तथा निर्माणको समय र लागत बढ्ने गरेको छ। मन्त्रालयले सरोकारवालाहरूसँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृतिमा देखिएका विद्यमान समस्या निराकरण गरी सुधार गर्नुपर्दछ।

११. **प्रदूषण नियन्त्रण शुल्क** - आर्थिक ऐन, २०७९ को दफा १३ मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर रू.१।५० का दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम यो वर्ष रू.३ अर्ब ९ करोड ६३ लाखसमेत २०६५।६६ देखि २०७९।८० सम्म रू.१९ अर्ब ६० करोड २९ लाख राजस्व असुल गरी सञ्चित कोष दाखिला गरेको देखिन्छ। सो रकम प्रत्यक्ष रूपमा प्रदूषण नियन्त्रण एवं रोकथाम गर्ने कार्यमा खर्च गरेको देखिने गरी अभिलेख राखेको देखिएन जुन प्रयोजनको लागि शुल्क उठाएको हो सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

वन तथा भू-संरक्षण विभाग

वनको प्रभावकारी व्यवस्थापन, संरक्षण र संवर्धन गरी सर्वसाधारण जनतालाई काठ, दाउरालगायत वन पैदावार सरल र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले संवत् २०५० मा विभागको स्थापना भएको हो। विभाग मातहत ४ बृहत् जलाधार व्यवस्थापन केन्द्र, १ सङ्घीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, ४ वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र र १ सशस्त्र वन रक्षक तालिम केन्द्र रहेका छन्।

१२. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वनको संरक्षण, संवर्धन एवं प्रवर्धनात्मक कार्य गर्न वन विकास कोषमा जम्मा हुने व्यवस्था छ। वन नियमावली, २०७९ को नियम १०८ अनुसार मन्त्रालयले २०७६।७।४ मा वन विकास कोष स्थापना गरेको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१२.१ मन्त्रालयले वन क्षेत्रको भोगाधिकार प्राप्त गर्ने संस्थाबाट यस वर्षसम्म रू.४९ करोड ४३ लाख प्राप्त गरेको देखिन्छ। त्यस्तै वन तथा भू-संरक्षण विभागमा रहेको कोषमा यस वर्षसम्म रू.१ अर्ब ४९ करोड २० लाख प्राप्त गरेको देखिन्छ। यस वर्षसम्म ५९४ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा यो वर्ष भोगाधिकार दिइएका १६ संस्था मध्ये ५ संस्थाबाट रू.३७ करोड ६२ लाख प्राप्त हुन बाँकी रहेको देखिन्छ। उक्त रकम असुल गरी कोषमा दाखिला गर्नुपर्दछ। साथै नियमावलीको व्यवस्थाअनुसार उल्लिखित कोष एकीकृत गरी सञ्चालन गर्नुपर्दछ।

१२.२ वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले विभागले तोकेको जग्गामा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्नाबापतको जग्गा उपलव्ध गराउने र जग्गा उपलव्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागु हुनु पूर्व ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात ९७ आयोजनालाई २ हजार १८ हेक्टरसमेत यस वर्षसम्म ५९४ आयोजनालाई २० हजार ८९७ हेक्टर

जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न दिएको देखिन्छ। लिजमा उपलब्ध गराएको जग्गाको रोयल्टी रकम असुली, सम्झौता अनुसार सट्टा जग्गा प्राप्ति, वृक्षारोपण एवं ५ वर्षसम्म सोको संरक्षणसम्बन्धी कार्य गर्नुपर्नेमा लिज जग्गा र त्यस्ता सूचनाको अभिलेख राखेको छैन। लिजमा दिँदाको शर्त पालनाको अवस्था सुनिश्चित गर्न सकिने गरी अद्यावधिक अभिलेख तयार गरी सोको अनुगमन गरिनुपर्दछ।

१३. **हरित उत्थानशील आयोजना -** आयोजनाको लागि नेपाल सरकारको अमेरिकी डलर २.६ मिलियन र विश्व बैङ्कको ऋण सहायताबाट अमेरिकी डलर १८.६ मिलियन खर्च गर्ने अनुमान रहेको पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजना १० फेब्रुअरी २०२३ देखि ५ वर्षसम्म सञ्चालन हुने गरी सम्झौता भएको छ। सम्झौता बमोजिम हरित उत्थानशील लोकमार्ग कोरिडोर अवधारणा रणनीति तथा कार्यान्वयन योजना तर्जुमा गर्ने, उक्त कार्ययोजना कार्यान्वयनका लागि बुटवलदेखि गड्डाचौकीबीच पर्ने पूर्व-पश्चिम लोकमार्गको बृहत् जोखिम अध्ययन गर्ने र सोको आधारमा आयोजनाको लक्ष्यबमोजिम आवश्यक क्रियाकलाप निक्यौंल गरी कार्य सम्पादन गर्ने उल्लेख छ। सम्झौताबमोजिम सुरुवातमा नै रणनीति तयार गर्ने कार्यका लागि परामर्शदाता नियुक्ति गर्न यो वर्ष रू.१८ करोड १६ लाख ५९ हजारको लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया सुरु गरेकोमा खरिद मूल्याङ्कन समितिले स्वीकृत बजेटभन्दा बढीको लागत अनुमान तयार गरेको, मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवको अङ्कभार फरक तोकेको लगायतका कारण देखाई २०८०।८।५ मा उक्त खरिद रद्द गर्ने निर्णय गरेकोले यस वर्ष रणनीति तयारको कार्य भएको पाइएन। आयोजनाले नै लागत अनुमान र खरिद सम्बन्धी कागजात तयार गरेको अवस्थामा सोही कागजातमा त्रुटि देखाई खरिद कार्य रद्द गर्नु उचित देखिँदैन। परामर्श सेवा खरिद रद्द भएका कारण यस वर्ष तोकिएका आयोजनाका अन्तरसम्बन्धित अन्य कार्यसमेत सुरु भएको छैन। बाँकी अवधिभित्र निर्धारित क्रियाकलाप सम्पन्न गर्नुपर्दछ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-दृश्यहरूको संरक्षण, संवर्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले २०२९ मा विभाग स्थापना भएको हो। विभागअन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ वन्यजन्तु आरक्ष, १ सिकार आरक्षसहित २० संरक्षित क्षेत्र र १३ मध्यवर्ती क्षेत्र रहेका छन्।

१४. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्जको कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावार हानि-नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। विभाग अन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा यस वर्ष शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गरेको विवरण पेस भएको छ। कानुनअनुसार कारबाही गरी संरक्षित क्षेत्र अतिक्रमण मुक्त गराउनुपर्दछ।

१५. **मानव तथा वन्यजन्तु संरक्षण** - विभागबाट प्राप्त विवरणअनुसार यस वर्ष वन्यजन्तुबाट ३९ जनाको मृत्यु, १२४ जना सख्त तथा ७२ जना सामान्य घाइते, ५ हजार २२४ पशुधन, ५३१ घरगोठ क्षति र ४ हजार १०२ स्थानमा अन्नबाली क्षति भएको उल्लेख छ। वन्यजन्तुतर्फ सडक दुर्घटना, कुकुरको आक्रमण, सिँचाइको नहरमा डुबेर, करेन्ट लागेर, पासोमा परेर तथा चोरी सिकारीलगायतका कारणबाट

३७१ वन्यजन्तुको मृत्यु भएको देखिन्छ। मानव वन्यजन्तु द्वन्द्वको कारण हुने मानवीय क्षति रोक्न तथा वन्यजन्तुको संरक्षणतर्फ ध्यान दिनुपर्दछ।

१६. **मुद्दा फर्स्यौंट स्थिति** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सोअन्तर्गतका नियमावली विपरीत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा निषेधित कार्य गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्पन्न भएपछि मुद्दा हेर्ने अदालत वा तोकिएको अधिकारी समक्ष पेस गर्नुपर्ने उल्लेख छ। यो वर्ष वन तथा वन्यजन्तु अपराधसम्बन्धी १०३ मुद्दा दर्ता भएकोमा गत वर्षबाट सरी आएका १३२ समेत २३५ मुद्दा रहेकोमा ११९ मुद्दा फर्स्यौंट भई ११६ मुद्दा फर्स्यौंट हुन बाँकी देखिन्छ। कानुनबमोजिम समयमै मुद्दा फर्स्यौंट हुनुपर्दछ।

१७. **सञ्चालन शुल्क** - सगरमाथा राष्ट्रिय निकुञ्जभित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० को बुँदा ९(३) मा होटल, लज, चियापसल सञ्चालन गर्न सम्झौता गरेका सञ्चालकले सम्झौतामा उल्लिखित वार्षिक शुल्क तोकिएबमोजिम बुझाउनुपर्ने व्यवस्था छ। निकुञ्जभित्र लज तथा चियापसल सञ्चालन गरेका ३ सञ्चालकसँग रू.३२ लाख २६ हजार शुल्क असुल गर्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ।

लामटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र होटल लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० मा होटल, लज, चिया पसल सञ्चालन गर्न सम्झौता गरेका व्यक्ति वा संस्थाले प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र वार्षिक शुल्क बुझाइसक्नुपर्ने व्यवस्था छ। गत वर्षको २६ होटल तथा चिया पसलबाट रू.४५ लाख ५१ हजार र यस वर्षको ३० होटल तथा चियापसलबाट रू. ५१ लाख ७६ हजारसमेत रू.९७ लाख २७ हजार शुल्क उठ्न बाँकी रहेकोले असुल गर्नुपर्दछ।

१८. **पानी महशुल** - शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ को नियम २६(१) मा जलस्रोत उपयोग गरेबापत उपभोक्तासँग असुल गर्ने शुल्कको २० प्रतिशत निकुञ्जलाई बुझाउनुपर्ने उल्लेख छ। काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त विवरणअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जबाट वार्षिक ९ अर्ब १ करोड ७० लाख ७६ हजार लिटर पानी वितरण भएको र महसुल दर प्रति १० हजार लिटरसम्म न्यूनतम रू.१००।- रहेकोले यस वर्ष रू.९ करोड १ लाख ७१ हजार आम्दानी प्राप्त हुने देखिन्छ। नियमावलीमा भएको व्यवस्थाबमोजिम उक्त आम्दानीको २० प्रतिशतले हुने रू.१ करोड ८० लाख ३४ हजार असुल हुनुपर्दछ।

१९. **अधुरो निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लङ्घन गरेमा समयमा कार्यसम्पन्न हुन नसके बापत पूर्वनिर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने उल्लेख छ ।सगरमाथा राष्ट्रिय निकुञ्जमा कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।१०।९ मा रू.७४ लाख ६१ हजारको सम्झौता भएको देखिन्छ। सम्झौताबमोजिम २०७७।३।१५ भित्र निर्माण सम्पन्न गर्नुपर्नेमा २०७७।९।३० सम्म म्याद थप भई रू.५० लाख भुक्तानी भएको छ। तत्पश्चात निर्माण कार्यको म्याद थप भएको छैन। निर्माण व्यवसायीको पेस्की जमानत रू.१२ लाखको म्याद २०७७।३।३० र कार्य सम्पादन जमानत रू.३ लाख ७४ हजारको म्याद २०७८।४।३० मा समाप्त भए तापनि जफतको लागि पत्राचार नगरेका कारण उक्त पेस्की जोखिममा परेको छ। खरिद सम्झौताअनुसार कारबाही गरी ठेक्का फरफारक गर्नुपर्दछ।

वातावरण विभाग

वातावरण व्यवस्थापनको अवधारणालाई स्थानीयस्तरसम्म पुऱ्याउने, नेपालको जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबीच समन्वय कायम गर्ने र वातावरण व्यवस्थापनको प्रभावकारी अनुगमन एवं वातावरण क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरूको पूर्ण उपयोग गर्न २०६९ सालमा विभागको स्थापना भएको हो।

२०. **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले प्रगति विवरण तयार गरी पेस गर्नुपर्ने र नियम ३६ बमोजिम तालुक कार्यालयले सोको समीक्षा गर्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्ष वायु गुणस्तर मापन केन्द्र स्थापना, घरभित्रको वायुमा हुने विभिन्न ग्याँसहरूको मापन गर्ने उपकरण खरिद, वायु गुणस्तर मापन उपकरण खरिदलगायतका कार्यमा रू.६ करोड ८९ लाख बजेट विनियोजन भएकोमा ध्वनिमापन केन्द्र र वायु गुणस्तर मापन केन्द्र स्थापना, डिजेल तथा पेट्रोलबाट चल्ने सवारीसाधन प्रदूषण मापन गर्ने उपकरण खरिद, ल्याबका मौजुदा उपकरणका लागि स्पेयर पार्टस खरिद, स्थानीय तहसँगको साझेदारीमा जैविक मल उत्पादन गर्ने प्लान्ट स्थापना, सवारी प्रदूषण अनुगमन, जलविद्युत आयोजनाहरूले गरेको वातावरणीय प्रवाह (ई-फ्लो) सम्बन्धी अध्ययन तथा प्रकाशन, स्थानीय तहमा वातावरणीय व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धिलगायतका कार्यक्रमको प्रगति शून्य रहेको छ। वार्षिक कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

२१. **कार्ययोजना कार्यान्वयन -** वायु प्रदूषणको रोकथाम र नियन्त्रण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ लागु भएको छ। कार्ययोजनाले २ वर्षभित्र सञ्चालनमा रहेका इँट्टा भट्टामा नयाँ प्रविधिको प्रवर्धन गर्ने, इँटाको विकल्पको रूपमा प्रयोग हुने निर्माण सामग्रीको अध्ययन गरी प्रवर्धनका कार्यक्रम सञ्चालन गर्ने, इँटा उद्योगमा प्रयोग गर्न सकिने स्वच्छ प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान गर्ने र अध्ययनका नतिजाका आधारमा कार्यान्वयन गर्दै लैजाने, अस्पतालजन्य फोहोर व्यवस्थापनमा अटोक्लेभिङ प्रविधिलगायतका नबालिने प्रविधिलाई प्रवर्धन गर्ने, भट्टी तथा बोइलर भएका तथा उत्पादन प्रक्रियामा इन्धन बाल्ने उद्योगहरूको डाटा बेस बनाउने, विभिन्न प्रकारका प्रदूषणका उत्सर्जकको पहिचान गर्ने कार्यक्रम निर्धारण गरेकोमा उक्त कार्यहरू सुरु नभएको बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ। तोकिएका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्रबन्धसहित अन्य निकायसँग समन्वय गरी वायु प्रदूषण नियन्त्रण गर्नुपर्दछ।

२२. **वायु गुणस्तर -** नेपाल सरकारले तोकेको वायु गुणस्तर मापदण्ड, २०६९ मा हावामा पाइने मसिना धुलोका कण पार्टिकुलेट म्याटर (पी.एम.) २.५ को दैनिक औसतमापदण्ड ४० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्ने उल्लेख छ। नेपाल वायु प्रदूषण अनुगमन नेटवर्क योजना, २०१५ मा वायु गुणस्तर मापनको लागि ५६ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गर्ने उल्लेख भए तापनि २७ स्थानमा मात्र स्थापना भएको छ। विभागले यस वर्ष १२ मापन केन्द्रको नतिजा पेस गरेकोमा ६ मापन केन्द्रमा यो वर्ष २४ घण्टाको औसतमा मापन गरिएको वायु प्रदूषण विश्व स्वास्थ्य सङ्गठन र राष्ट्रिय मापदण्डसँग तुलना गर्दा देहायबमोजिम देखिन्छः

कण	एकाइ	विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड	राष्ट्रिय मापदण्ड	भरतपुर	खुमलटार	नेपालगञ्ज	रत्नपार्क	शङ्खपार्क	किर्तिपुर
पीएम २.५	माइक्रोमिटर	१५	४०	६३.३	३८.५	३९.४	३३.३	४३.९	४४.८
पीएम १०	माइक्रोमिटर	४५	१२०	११२.३	७७.४	५२.८	४८.९	६१.६	८०.४
टीएसपी	माइक्रोमिटर	-	२३०	१९३.५	-	७६	८०.७	११२.२	१५१

उल्लिखित स्थानहरूमा पीएम २.५, पीएम. १० र टीएसपीको मात्रा विश्व स्वास्थ्य संगठन र राष्ट्रिय मापदण्ड भन्दा उच्च रहेको छ। हिउँदका महिनाहरूमा वायु प्रदूषणको मात्रा सोभन्दा माथि रहन्छ। उपत्यकाभित्र अझ बढी वायु प्रदूषणको समस्या देखिएको छ। विभागले कार्बन मोनोअक्साइड, ओजोन, वेन्जिन, लिड, सल्फर डाइअक्साइड, नाइट्रोजन डाइअक्साइड लगायतका वायु प्रदूषकहरूको नियमित मापन गरेको छैन। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अध्ययनहरूले समेत विगतको तुलनामा वायू प्रदूषणबाट मृत्यु हुनेको सङ्ख्यामा वृद्धि भएको देखाएका छन्। अतः वायु प्रदूषण कम गर्न पर्याप्त मात्रामा कार्यक्रम निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२३. **प्रदूषण नियन्त्रण जाँच तथा परीक्षण -** वातावरण संरक्षण नियमावली, २०७७ को नियम १७ मा वायु, जल, जमिन, प्रकाश वा ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी जाँच तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभागले औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोरपानी, छाला, घ्यू, कागज, प्लाष्टिक, स्टिल्स, सिमेन्टलगायत ३५ औद्योगिक प्रतिष्ठान र ५५ नदीसमेत ९० नमूना लिई उद्योगबाट निष्काशन भएको फोहोर पानीको परीक्षण गर्दा १४ नमुनामा आयल र ग्रिज, ९ नमुनामा केमिकल अक्सिजन डिमाण्ड (सीओडी), ७ नमुनामा टोटल सस्पेन्डेड सोलिड (टीएसएस), २ नमुनामा पोटेन्सियल अफ हाइड्रोजन (पीएच) र २ नमुनामा टोटल क्रोमियमको मात्रा अन्तर्राष्ट्रिय मापदण्डभन्दा बढी रहेको उल्लेख गरेको छ। उल्लिखित अवस्थाले उद्योगबाट उत्सर्जित पानीमा प्रदूषण उच्च रहेकोले पर्यावरणमा असर पर्ने हुँदा मापदण्डको पालना गर्नुपर्दछ।

रेड कार्यान्वयन केन्द्र

वन संरक्षण गरी वायुमण्डलमा रहेको हरितगृह ग्याँस र कार्बनडाइअक्साइड प्राप्त गरी भण्डारण गर्ने र वनबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले केन्द्रको स्थापना भएको हो।

२४. **अनुदान उपयोग -** रेड प्लस कार्यक्रम सञ्चालन गर्न विश्व बैङ्कबाट अमेरिकी डलर ५.२ मिलियन अनुदान प्राप्त भएकोमा आयोजनाको अवधि डिसेम्वर २०२२ सम्म अमेरिकी डलर ४.४९ मिलियन डलर खर्च भई बाँकी रकम फिर्ता गरेको छ। सम्झौतामा उल्लेख भएका काठ बजार र आपूर्ति श्रृङ्खला स्थापित गर्ने, रेडप्लस र कार्बन उत्सर्जन गर्न सोसँग सम्बन्धित कार्यक्रम लगायतका कार्य सम्पन्न नभएका कारण सबै अनुदान खर्च हुन नसकेको देखिन्छ। यसतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

२५. **कार्बन व्यापार -** कार्बन व्यापारबाट सम्भावित लाभ दावी गर्न कार्बन सञ्चिती र प्रत्यक्ष सम्बन्ध रहेको एलोमेट्रिक इक्वेसन अफ मेजर स्पेसिस तयार हुनुपर्दछ। केन्द्रले २०७७।७८ र २०७८।७९ मा तयारी कार्यको क्षमता अभिवृद्धिको लागि आवश्यक उपकरण खरिद लगायतका कार्यमा क्रमशः रू.९७ लाख ४ हजार र रू.१ करोड १ लाख १ हजार खर्च गरे तापनि एलोमेट्रिक इक्वेसन तयार भएको

छैन। कार्बन सञ्चितिको नतिजामा आधारित भुक्तानीका लागि ४ तह (सङ्घ, प्रदेश, जिल्ला/स्थानीय र समुदाय) को संस्थागत संरचनाअनुसार नमुना प्लटका तथ्याङ्क, उत्सर्जनका कारक तत्व, कार्बन गणना, उत्सर्जन न्यूनीकरण लगायतका विषयमा विश्लेषण गरी एकीकृत प्रतिवेदन पेस गरेकोमा मूल्याङ्कन चरणमा रहेको जनाएको छ। कार्बन व्यापारबाट लाभ लिन सो सम्बन्धी आवश्यक कार्यलाई प्राथमिकता दिई कार्य सम्पन्न गर्नुपर्दछ।

२६. **ऋण प्रवाह -** समृद्धिका लागि वन परियोजनाका लागि विश्व बैङ्कसँग अमेरिकी डलर २ करोड ४० लाखको सहयोग सम्झौता भएको छ। परियोजनाको मुख्य एक सम्भाग वन उद्यम विकास तथा सुधार कार्यका लागि बैङ्कले अमेरिकी डलर ६० लाखको कार्य सम्पादनका लागि नेपाल सरकार र कृषि विकास बैङ्कबीच २०७८।३।२ मा सहायक ऋण सम्झौता भएको छ। उक्त सहायक सम्झौतामा नेपाल सरकारले प्रदान गर्ने ऋणको ब्याजदर वार्षिक ५ प्रतिशत हुने र कृषि विकास बैङ्कले वन तथा वनपैदावार सम्बन्धी व्यवसाय गर्ने उद्यमी तथा वित्तीय संस्थालाई वार्षिक ९ प्रतिशतका दरले ऋण प्रवाह गर्नुपर्ने व्यवस्था भएकोमा हालसम्म ऋण प्रवाहको कार्य सुरु भएको छैन। विश्व बैङ्कबाट ऋण प्राप्त भइसकेको र संवत् २०८४ बाट विश्व बैङ्कलाई साँवा ब्याज फिर्ता गर्नुपर्ने भएकोले ऋण रकमको समयमै उपयोग हुनुपर्दछ।

सङ्गठित संस्था तथा समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाशको न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ अनुसार २०७१ मा समितिको स्थापना भएको हो। देशको कुल भू-भागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगट्ने चुरे क्षेत्र ७ प्रदेशका ३७ जिल्लाका ३४० स्थानीय तहमा फैलिएको छ।

२७. **आयोजनाको प्रभावकारिता -** चुरे संरक्षण तथा विकाससम्बन्धी २० वर्षीय गुरुयोजनाअनुसार रू.२ खर्ब ४९ अर्ब ७२ करोड लगानी आवश्यक पर्ने र पहिलो पाँच वर्षमा रू.८० अर्ब ८५ करोड ६३ लाख खर्च गर्ने अनुमान रहेकोमा २०७१।७२ देखि २०७९।८० सम्म रू.१४ अर्ब ६ करोड खर्च भएको छ। आयोजनाबाट पहिरो तथा खहरे रोकथाम, अति संवेदनशील क्षेत्रको संरक्षण, कृषि वन प्रवर्धन, ताल तलैया र सीमसार संरक्षण, जल पुनर्भरण पोखरी निर्माण, पर्यापर्यटन प्रवर्धनलगायतका ३८ कार्य सम्पादन भए तापनि गुरुयोजनाबमोजिम बजेट विनियोजन तथा खर्च नहुँदा संरक्षण र विकासको लक्ष्य पूरा भएको छैन। समितिले २०७८।७९ मा उक्त गुरुयोजना नवीकरण गरे तापनि नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको पाइएन। समितिले नवीकरण गरेको गुरुयोजनामा आगामी ५ वर्षमा रू.२५ अर्ब ५६ करोड ५० लाख खर्च गर्ने प्रस्ताव गरिएको छ। गुरुयोजना स्वीकृत गराई सोअनुरूप बजेट व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२८. **उत्खनन् -** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सम्बन्धमा राष्ट्रपति चुरे संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित गाँउपालिका वा नगरपालिकाले प्रचलित कानुन तथा मापदण्डबमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। समितिले यो वर्ष १९ नदी प्रणालीमा २९

लाख २८ हजार घनमिटर उत्खनन्को लागि सहमति दिएको छ। चुरे क्षेत्र बलौटे, ढुङ्गा र माटो तथा कोमल चट्टानहरूले बनेका कारण यसको क्षयीकरण बढ्दो अवस्थामा छ। नदीजन्य पदार्थको अव्यवस्थित उत्खननले चुरे क्षेत्र जोखिममा रहेको हुँदा नदीजन्य पदार्थ उपयोग नियमनको अधिकार तथा दायित्वको स्पष्ट किटान गरी उत्खनन्को नियमन हुनुपर्दछ।

२९. **गुरुयोजना कार्यान्वयन** - चुरे तराई मधेश संरक्षण व्यवस्थापन गुरुयोजना, २०७४ को पहिलो पाँच वर्षको लक्ष्य प्रगति विवरणअनुसार ३६ जिल्लामा वन व्यवस्थापकीय एकाइ छुट्टिने गरी वन क्षेत्रको नक्साङ्कन गर्ने, १४ हजार १५० हेक्टर वन अतिक्रमण नियन्त्रण गर्ने, ४ हजार ८०० कृषक समूहमा वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन गर्ने, ७ हजार २६५ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार गर्ने, १ लाख ६५ हजार ६७५ हेक्टर वन व्यवस्थापन गर्ने, १८० नदीमा नदीजन्य पर्दाथको उपयोग व्यवस्थापन गर्ने, संवेदनशील क्षेत्रमा रहेका २० हजार ५०५ घरधुरीका लागि बस्ती व्यवस्थापन गर्ने, ३८ हजार ४८४ घरधुरीमा गार्हस्थ्य सौर्य ऊर्जा विस्तार र लघु जलविद्युत विकास तथा उपयोग २६१ किलोवाट पुऱ्याउने जस्ता लक्ष्यमा प्रगति भएको छैन। त्यसैगरी ८९ सीमसार क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य भएकोमा ६५ मा मात्र प्रगति भएको, ६४ नदीमा एकीकृत नदी प्रणाली स्रोत विकास कार्ययोजना तयार गर्ने लक्ष्य भएकोमा ४७ मा मात्र प्रगति भएको, ८१ हजार १३७ घरधुरीमा गोबरग्याँस विस्तार गर्ने लक्ष्य भएकोमा १ हजार ९१७ घरधुरीमा मात्र विस्तार भएको देखियो। प्रगति विवरण अनुसार गुरुयोजना कार्यान्वयनका पाँच वर्षमा अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिएन। गुरुयोजनामा समावेश भएका लक्ष्यहरू पूरा हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्धन र व्यवस्थापन गर्ने, निकुञ्ज आरक्षको विकासका निमित्त आवश्यक व्यवस्था गर्ने उद्देश्यले कोषको स्थापना भएको हो।

३०. **वित्तीय स्थिति** - कोष र अन्तर्गतका ८ निकायले यो वर्ष रू.१ अर्ब ७ करोड ६४ लाख ११ हजार आम्दानी गरेकोमा रू.८३ करोड ४३ लाख ५१ हजार खर्च भई रू.२४ करोड २० लाख ६० हजार बचत भएको छ। यो वर्ष कोषअन्तर्गतका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, बर्दिया संरक्षण कार्यक्रम र सदर चिडियाखाना बाहेक अन्य पाँच निकायको आयभन्दा खर्च रू.३ करोड ३२ लाख ७७ हजारले बढी रहेको देखिन्छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गरी आयवृद्धि गर्नुपर्दछ।

३१. **समितिको आय** - मनास्लु संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ को बुँदा नं २५ मा संरक्षण क्षेत्र व्यवस्थापन समितिले आफ्नो क्षेत्रको प्राकृतिक स्रोत लगायत अन्य सम्पदाहरूको उपयोग गरेबापत उठाएको दस्तुर तथा शुल्कबाट भएको आम्दानी सोही समितिको आम्दानी हुने व्यवस्था छ। आयोजना अन्तर्गत गठित ६ समितिको लेखापरीक्षण प्रतिवेदनअनुसार २०७८।७९ मा सङ्कलन गरेको राजस्व रू.३४ लाख बैङ्क दाखिला नगरेको र एक समितिको सो वर्षको लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएकोले राजस्व असुलीको अवस्था यकिन गर्न सकिएन। उक्त रकम राजस्व दाखिला हुनुपर्दछ । त्यसैगरी २०७९।८० सम्मको सबै समितिको लेखापरीक्षण गरी असुल गर्नुपर्ने राजस्वसमेत यकिन गरी बाँकी राजस्व असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - विगतका प्रतिवेदनमा संरक्षित क्षेत्र अतिक्रमण, वायु गुणस्तरको स्थिति, अनुदान उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न कानुनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका बेहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ४१ निकायमा रू.८ करोड ६३ लाख ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४३ लाख ४५ हजार फर्स्यौंट गरेकोले रू.८ करोड २० लाख ४६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.३६ लाख ५८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्था,अन्य संस्था र समितितर्फ रू.३ करोड १० लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख १४ हजार फर्स्यौंट गरेकोले रू.३ करोड ९ लाख ५१ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२० लाख ७० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरूको आवास व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ७८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ६० सरकारी कार्यालयको निम्नानुसार रू.४३ अर्ब ४३ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३६११७२	४७४३	५८४९६	९९२५	४३४३३६

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष स्वास्थ्य तथा जनसङ्ख्या, परराष्ट्र, गृह, अर्थलगायत ८ मन्त्रालयमा बजेट विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रू.२ अर्ब ८१ करोड ६२ लाख समावेश छ। त्यस्तै मन्त्रालयमा विनियोजन भई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट खर्च भएको रू.११ करोड ९६ लाख र स्थानीय तहबाट खर्च भएको रू.१ अर्ब ६४ करोड ७६ लाख समावेश छैन।

२. **सङ्गठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष १७ संस्थाको रू.२५ अर्ब ५७ करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र कोहलपुर नगरविकास समितिको लेखापरीक्षण हुन बाँकी रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा यस मन्त्रालयबाट १० नयाँ शहर निर्माण गर्ने लक्ष्य तोकिएकोमा उक्त कार्य सम्पन्न नहुँदै लक्ष्य थप गरी ५४ पुऱ्याएको, ६५ बसपार्क निर्माण गर्ने लक्ष्यमध्ये ३० सम्पन्न भएको, आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार ८९ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा ८६ प्रतिशत पुगेको, ३५ स्थानमा एकीकृत बस्ती विकास गर्ने लक्ष्य लिएकोमा २ स्थानमा मात्र कार्य सम्पन्न भएको, २९३ नगरपालिकाको एकीकृत शहरी विकास योजना तयार गर्ने लक्ष्य लिएकोमा १८५ को सम्पन्न भएको देखिन्छ। स्थानीय तह ७५३ मध्ये ७३२ को केन्द्रमा सडक पुगेको, कालोपत्रे गरिएको ग्रामीण सडक ७ हजार ७५६ किलोमिटर पुऱ्याउने लक्ष्य लिएकोमा ४ हजार ७३७ किलोमिटर पुगेको, ग्राबेल गरिएको ग्रामीण सडक १० हजार ९३५ किलोमिटर पुऱ्याउने लक्ष्य लिएकोमा १० हजार ५०८ किलोमिटर पुगेको देखिन्छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(३) मा बजेट विनियोजन गर्दा अन्य विषयको अतिरिक्त खर्च गर्न सक्ने क्षमता समेतको आधारमा गर्नुपर्ने

व्यवस्था छ। त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र अन्तर्गतका कार्यालयहरूबाट सञ्चालित कार्यक्रममा रू.५९ अर्ब ९७ करोड ६९ लाख ७५ हजार विनियोजन भएकोमा रू.३५ अर्ब २ करोड २२ लाख ३४ हजार (५८.३९ प्रतिशत) खर्च गरेकोछ। मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार सघन शहरी विकास कार्यक्रमतर्फ विभिन्न २० कार्यालयबाट यो वर्ष १३५.६५ किलोमिटरसमेत यस वर्षसम्म १ हजार ३२० किलोमिटर सडक कालोपत्रे तथा नाला निर्माण भएको, भवन निर्माणसंहिता तथा सरकारी भवन निर्माणतर्फ ४४ सभाहलमध्ये यस वर्षसम्म १७ सम्पन्न भएको, १४ निर्माणाधीन रहेको र १३ सभाहल डिजाइन चरणमा रहेको, विशेष भवन निर्माण आयोजनातर्फ विशेष प्रकृतिका भवनहरू सङ्घीय संसद भवन, विशिष्ट व्यक्तिहरूका लागि आवासीय भवन निर्माण कार्य ८० देखि शतप्रतिशतसम्म सम्पन्न भएको छ।

स्थानीयस्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजनाअन्तर्गत यो वर्ष थप ३२ सडक तथा पुल निर्माण सम्पन्न भएको, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमअन्तर्गत यस वर्षको २७ समेत ३०१ स्थानीय तहको मुख्य प्रशासकीय भवन निर्माण कार्य सम्पन्न भएको छ। त्यसै गरी शहरी विकास योजनामा ७ प्रतिशत, ग्रामीण पहुँच कार्यक्रममा १० प्रतिशत, साना सिँचाइ कार्यक्रममा १२ प्रतिशत, स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा ५ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। स्वीकृत कार्यक्रमको लक्ष्यअनुसार समयमा प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०७९।८० मा उल्लेख भएका विषयमध्ये शहरको सुन्दरतालाई बिगार्ने गरी प्रयोग भएको तार, खम्बाहरूको व्यवस्थापन गर्न तथा शहरी पूर्वाधार निर्माणको क्रममा खन्ने, बनाउने, भत्काउने र पुनः खन्ने, बनाउने प्रवृत्तिको अन्त्य गर्न शहरी क्षेत्रमा क्रमशः युटिलिटी करिडोर निर्माण गर्दै लगिने, प्राकृतिक विपद्को समयमा उद्धार तथा राहत कार्यमा समेत उपयोग हुने गरी उपत्यकाका लैनचौर, बानेश्वर, मीनभवन र पुल्चोकसमेत चार स्थानमा उद्धार केन्द्रसहितको पार्क निर्माण, सिन्धुली जिल्लाको मरिण, तनहुँ जिल्लाको देवघाट र पाल्पा जिल्लाको रामपुरलाई नेपाली मौलिक शैली र विशेषता झल्किने संरचनासहितको नयाँ शहरको रूपमा विकास गर्न अध्ययन गर्ने, विराटनगरको केसलिया र सिंघिया, हेटौंडाको कर्रा, चितवनको नारायणी, रुपन्देहीको तिनाउ र दानव, पोखराको सेती र धनगढीको खुटिया नदीमा शहरी नदी करिडोरसम्बन्धी कार्यक्रम गर्ने, तराई मधेश र कर्णाली समृद्धि कार्यक्रमअन्तर्गत जुम्लाको सिँजा उपत्यकाको एकीकृत विकास योजना तयार गरी कार्यान्वयन गरिनेलगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य -** मन्त्रालयअन्तर्गत दिगो विकासका ३० परिमाणात्मक लक्ष्यमध्ये ६ लक्ष्यको मात्र सूचक प्राप्त भएको छ। प्रगति विवरणअनुसार ५ भन्दा बढी सदस्य भएको परिवार सङ्ख्यालाई ४७ प्रतिशतबाट २० प्रतिशतमा झार्ने लक्ष्य तोकिएकोमा ४३.६ प्रतिशत रहेको, सुरक्षित घरपरिवारमा बस्ने जनसङ्ख्या ३० प्रतिशतबाट ६० प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा ५२.२ प्रतिशत पुगेको, गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसङ्ख्या ५ लाखबाट १ लाख २५ हजारमा झार्ने लक्ष्य रहेकोमा १ लाख ९६ हजारमा झारेको, प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यअन्तर्गत २८ पुरातात्त्विक सम्पदामध्ये २४ आयोजना पुनर्निर्माण तथा संरक्षण गर्ने कार्य भइरहेको, ३ पुरातात्त्विक सम्पदा ठेक्का प्रक्रियामा रहेको र बाँकी १ अन्य निकायबाट कार्यान्वयन भएको छ। दिगो विकास

लक्ष्यलाई नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी सम्पादित कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

८. **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(१) मा रकमान्तर गर्दा वार्षिक कार्यक्रममा बाधा नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्ने र पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालय र मातहतका कार्यालयको लागि यो वर्ष सुरु बजेट रू.३८ अर्ब ७३ करोड ९४ लाख रहेकोमा रू.३७ अर्ब ७५ करोड ९४ लाख ६९ हजार (९७.४७ प्रतिशत) थप र रू.१६ अर्ब ५२ करोड १८ लाख ९४ हजार (४२.६४ प्रतिशत) घटसमेत रकमान्तर पश्चात् खुद बजेट रू.५९ अर्ब ९७ करोड ६९ लाख ७५ हजार कायम भएको छ। कायम बजेटमध्ये रू.३५ अर्ब २ करोड २२ लाख ३४ हजार खर्च (५८.३९ प्रतिशत) भएको छ। मन्त्रालयले अन्तिम बजेटमध्ये रू.७ अर्ब ७१ करोड ५५ लाख ६२ हजार समर्पण गरेको छ। मन्त्रालयले स्वीकृत भएको कार्यक्रम तथा बजेटमा पटक-पटक रकमान्तर गर्ने कार्यमा सुधार गर्नुपर्दछ।

९. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। स्थानीय पूर्वाधार विभागले यो वर्ष पुँजीगत परामर्शमा दातृपक्षबाट स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम र साना सिँचाइ कार्यक्रममा सोझै भुक्तानीमार्फत रू.६५ करोड ५ लाख ७५ हजार खर्च गरेकोमा उक्त कारोबारको लेखापरीक्षण गराएको छैन। ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ।

१०. **ऋण परिचालन -** शहरी शासकीय तथा पूर्वाधार विकास योजना १५ जुलाई, २०२५ सम्म सम्पन्न हुनेगरी विश्व बैङ्कसँग अमेरिकी डलर १५० मिलियनको ऋण सम्झौता भई कार्यान्वयनमा रहेको छ। सन् २०२३ को अन्त्यसम्म अमेरिकी डलर ५० मिलियन ऋण परिचालन हुनुपर्नेमा अमेरिकी डलर २३.४२८ मिलियन मात्र परिचालन भएको देखिन्छ। आयोजनाको अपेक्षित उपलब्धि हासिल हुने गरी ऋण परिचालन हुनुपर्दछ।

११. **कानुन तर्जुमा -** मन्त्रालयले राष्ट्रिय शहरी नीति, शहरी विकास (युटिलिटी करिडोरसहितको) विधेयक, पूर्वाधार विकास निगम विधेयक, महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्र गठन आदेश, २०७८, आवासको अधिकारसम्बन्धी नियमावली, २०७८, शहरी पूर्वाधार विकास निगम ऐन, २०७८, भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, बागमती सभ्यता संरक्षण तथा विकास परिषद् विधेयक लगायतका कानुन तर्जुमाको लागि प्रारम्भिक चरणको कार्य गरेको देखिन्छ। आवश्यक कानुन तथा कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

१२. **एकीकृत बस्ती विकास कार्यक्रम -** भौगोलिक रूपमा विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा बसोबास गरेका घरपरिवारहरूलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने, सेवा सुविधा पुऱ्याउन कठिन, विकासका लागि बाधक, अपायक र असुरक्षित स्थानमा रहेका घरपरिवारलाई एकीकृत गरी सुरक्षित स्थानमा सेवा, सुविधा, पूर्वाधार र जीविकोपार्जनका लागि उपयुक्त रोजगारीको अवसरसहितका बस्तीहरू निर्माण गरी स्थानान्तरण गर्ने, बाढी, पहिरो, डुबान वा अन्य मानव सिर्जित र

प्राकृतिक प्रकोपबाट विस्थापितहरूलाई पुनर्स्थापना गराउने उद्देश्यले २०७६।७७ बाट सञ्चालनमा आएको यस कार्यक्रममा १५ औँ योजनाले ३५ स्थानमा एकीकृत बस्ती विकासको लक्ष्य लिएकोमा मुगुको छायाँनाथ नगरपालिकामा ३४ र डडेल्धुराको परशुराम नगरपालिकामा ३५ परिवारको लागि आवास निर्माण सम्पन्न भएको छ। तोकिएको लक्ष्य हासिल गर्न विद्यमान बस्तीहरूको स्तरोन्नति गरी एकीकृत बस्ती विकास तथा पूर्वाधार निर्माणका कार्यहरू तदारुकताका साथ अगाडि बढाउनुपर्दछ।

१३. **नयाँ शहर आयोजना -** पन्ध्रौं आवधिक योजनाले नयाँ शहर आयोजनालाई रूपान्तरणकारी आयोजना घोषणा गरेकोमा मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रत्येक शहरमा कम्तीमा १ लाख जनसङ्ख्या बसोबास गर्न सक्ने अत्याधुनिक, सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६६।६७ देखि नयाँ शहर आयोजना सुरु भएको छ। पाँचथरको फिदिमसहित सुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी छनोट भएकोमा हाल २७ स्थानमा नयाँ शहर, १० हिमाली शहर र १७ स्मार्ट सिटीसहित ५४ नयाँ शहरको विकासका लागि एकीकृत जग्गा विकास, पूर्वाधार विकास लगायत क्रियाकलापको विस्तृत आयोजना प्रतिवेदन तथा एकीकृत विकास योजना तयार गर्नेलगायतका कार्य भएको छ। आयोजनाअन्तर्गत हालसम्म ९ स्थानमा ४ हजार ७७७ रोपनी जग्गामा मात्र जग्गा विकास कार्यक्रम, ५८९ किलोमिटर सडक स्तरोन्नति, ११० किलोमिटर सडक कालोपत्रे, ११ खेल मैदान र २० पार्क निर्माण भएको छ। चालु नयाँ शहर आयोजनाको कार्य सम्पन्न नहुँदै नयाँ आयोजना थप्दै जाने प्रवृत्तिले वर्षौंसम्म आयोजनाको कार्य अधुरो रहन गई अपेक्षित प्रतिफलसमेत हासिल नहुने अवस्था छ। न्यून प्रगतिको सम्बन्धमा विश्लेषण गरी निर्धारित समयमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१४. **कार्यकक्ष मापदण्ड -** सरकारी पदाधिकारी तथा कर्मचारीको कार्यकक्ष मापदण्ड, २०७० को परिच्छेद २ को तालिका नं १ मा विभिन्न तहका कर्मचारीको लागि आवश्यक कार्यकक्षको क्षेत्रफल निर्धारण गरेको छ। पदाधिकारीको कार्यकक्ष तथा कार्य वातावरणले सेवा प्रवाहमा असर पुऱ्याउने भएकोले यसको समुचित व्यवस्थापन गर्नु आवश्यक हुन्छ। भवनको अभावमा कतिपय सरकारी कार्यालय भाडाको भवनमा सञ्चालन भइरहेको देखिन्छ। कार्यविधिअनुसार नेपाल सरकार तथा अन्तर्गतका निकायमा कार्यरत जनशक्तिलाई मापदण्डबमोजिम भवन तथा कार्यकक्षको व्यवस्था गर्नुपर्दछ।

१५. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा खरिद सम्झौता कार्यान्वयनका क्रममा मूल्य समायोजन हुन सक्ने व्यवस्था छ। मूल्य समायोजन भुक्तानी गर्दा फरक सूचकाङ्क र फ्याक्टर प्रयोग गरी शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत नयाँ शहर आयोजना, डुम्रे, सङ्घीय आयोजना कार्यान्वयन एकाइ, सिद्धार्थनगर, सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनसमेत ११ कार्यालयले १६ निर्माण व्यवसायीलाई रू.२ करोड ८३ लाख ६५ हजार, स्थानीय पूर्वाधार विभाग, ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन एकाइ रुकुम पश्चिमसमेत ४ कार्यालयले ५ निर्माण व्यवसायीलाई रू.१८ लाख ४० हजार र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले ४ निर्माण व्यवसायीलाई रू.१ करोड ५ लाख ७८ हजारसमेत रू.४ करोड ७ लाख ८३ हजार बढी भुक्तानी गरेको मूल्य समायोजनबापतको रकम असुल हुनुपर्दछ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना, झापा, धनकुटा, बाग्लुङ, नयाँ शहर आयोजना कार्यालय, रुकुम पश्चिमलगायत १० कार्यालयका १८ निर्माण सम्झौताबाट रू.२ करोड ७० लाख ९० हजार, स्थानीय पूर्वाधार विभागअन्तर्गत ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन एकाइ, रुकुम पश्चिमको निर्माण सम्झौताबाट रू.३ लाख ३ हजार र समितितर्फ अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले एक निर्माण सम्झौताबाट रू.८ लाख ९३ हजारसमेत रू.२ करोड ८२ लाख ८६ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ।

१७. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढीको मालसामान, सेवा खरिद वा कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागतर्फ सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा, पर्सा, बाग्लुङलगायत ११ कार्यालयले रू.८ करोड २७ लाख १९ हजार र समितितर्फ काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौं, भक्तपुर र ललितपुरले रू.९ करोड ५८ लाख ९५ हजारसमेत रू.१७ करोड ८६ लाख १४ हजारको निर्माण तथा मर्मत, मेसिनरी औजार, फर्निचरलगायत सामान प्रकृतिका कार्य टुक्रा पारी सोझै खरिद गरेका छन्। खरिद सम्बन्धी कानुनको पालना गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कार्य गर्नुपर्दछ।

१८. **उपभोक्ता समितिबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सघन शहरी तथा भवन निर्माण आयोजना झापा, काठमाडौं, सङ्घीय आयोजना कार्यान्वयन एकाइ विराटनगरलगायत ५ कार्यालयले रू.३९ करोड ६२ लाख २३ हजार, स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय पोखरा र हेटौंडाले रू.११ करोड ६८ लाख ५९ हजार र समितितर्फ काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौं र भक्तपुरले रू.३ करोड ८ लाख ६२ हजारसमेत १० कार्यालयले रू.५४ करोड ३९ लाख ४४ हजारको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएका छन्। उपभोक्ता समितिमार्फत काम गराउँदा गुणस्तरीय निर्माण कार्य भएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

१९. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ। मन्त्रालयअन्तर्गतका ४५ कार्यालयले यो वर्ष रू.६३ करोड ९९ लाख ५९ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१९.१ ज्यालाबापत रू.१९ करोड ६१ लाख ७६ हजार खर्च लेखेकोमा सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको छैन। कन्टिन्जेन्सीको खर्च रकमलाई ठेक्का एवं योजनाअनुसार नापी किताबमा कामको विवरण देखिने गरी अभिलेख राख्नुपर्दछ।

१९.२ महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या सम्बन्धी पुस्तिकाको खर्च सङ्केत तथा वर्गीकरणअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू मर्मत सम्भार, स्टेशनरी, छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्तालगायतका कार्यमा रू.४४ करोड ३७ लाख ८३ हजार सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। उक्त कारोबार एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार मेल खाने देखिँदैन। अतः कन्टिन्जेन्सी खर्च सम्बन्धमा सान्दर्भिक सङ्केत तथा वर्गीकरणअनुसार विभिन्न खर्च सङ्केत नम्बरमा खर्च लेखाङ्कन गर्नुपर्दछ।

१९.३ शहरी विकास मन्त्रालयबाट जारी सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७ को दफा ८(३) मा विभागअन्तर्गतका निर्माण कार्यको सुपरिवेक्षण तथा अनुगमन, गुणस्तर परीक्षणका लागि आवश्यक पर्ने सवारीसाधन, प्रयोगशाला उपकरण खरिद तथा अन्य व्यवस्थापकीय कार्य गर्न कार्यालय तथा आयोजनाको बढीमा १ प्रतिशत कन्टिन्जेन्सी रकम स्वीकृत बजेट तथा लेखा ढाँचाको परिधिभित्र रहने गरी विभागले प्राप्त गर्ने व्यवस्था छ। सोअनुसार यो वर्ष मातहत कार्यालयबाट रू.१ करोड ९० लाख कन्टिन्जेन्सी रकम प्राप्त भएकोमा विभागले ज्याला, सवारीसाधन मर्मत, दैनिक भ्रमण भत्ता, कार्यालय सामग्री, इन्धनलगायतका चालु शीर्षकमा रू.१ करोड ६६ लाख १५ हजार खर्च गरेको छ। कार्यविधिबमोजिम सवारीसाधन, प्रयोगशाला उपकरणलगायतको कार्यमा खर्च गर्नुपर्नेमा चालु प्रकृतिका शीर्षकमा खर्च गरेको नियमसम्मत देखिएन।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगोरूपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायहरूको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२०. **निर्मित संरचनाको अभिलेख** - विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र रहेका भवन, सडक, कल्भर्टलगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई अभिलेख राखेको देखिएन। साथै निर्मित, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयारी, जी.पी.एस. को माध्यमले निर्माणस्थल पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य सुरु भएको छैन। अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य तथा जी.पी.एस.बाट देखिने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ। त्यसै गरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका भवनहरूको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

२१. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। विभाग र अन्तर्गतका २१ कार्यालयले यो वर्ष एकीकृत कार्यमूलक योजना (शहरी विकास) अन्तर्गत परामर्श सेवामा यो वर्ष रू.८ करोड ४४ लाख १८ हजार खर्च गरेका छन्। विभागले हालसम्म तयार भएका विस्तृत परियोजना प्रतिवेदनको सङ्ख्या नखुलाएको साथै कार्यान्वयन अवस्थासम्बन्धी अद्यावधिक अभिलेख

राखेको छैन। विभागले ५८ विस्तृत परियोजना प्रतिवेदन तयार गर्न यो वर्ष रू.५ करोड ५५ लाख १६ हजार खर्च गरेको छ। विभागले गत तीन आर्थिक वर्षमा ४७ विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमध्ये ७ परियोजना कार्यान्वयनमा आए पनि अन्य परियोजना कार्यान्वयनमा आएका छैनन्। कार्यालयहरूले आफ्नै जनशक्तिको उपयोग गर्ने तथा अत्यावश्यक अवस्थामा मात्र सम्बन्धित क्षेत्रको विज्ञमार्फत परामर्श सेवा लिने र प्राप्त परियोजना प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

२२. **रुग्ण आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने, नियम १२८ मा सम्झौता उल्लङ्घन गर्ने निर्माण व्यवसायीहरूलाई पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था छ। जाजरकोट, बारा, तेह्रथुमलगायतका ३० जिल्लामा स्वास्थ्य संस्था भवन निर्माणको जिम्मेवारी विभागलाई प्राप्त भएकोमा २०७९ आषाढ मसान्तसम्म सुरु म्याद समाप्त भई सोही बराबरको म्याद थप हुँदासमेत कार्य सम्पन्न हुन नसकेका ३४ आयोजनालाई विभागले रुग्ण आयोजनाअन्तर्गत समावेश गरेको छ। खरिद सम्झौता भएकामध्ये १० आयोजनाको शतप्रतिशत भौतिक प्रगति भए पनि हस्तान्तरण गर्न बाँकी रहेको,१९ को कार्य अन्तिम चरणमा रहेको, ५ निर्माण कार्य भइरहेको अवस्था छ। रुग्ण ५ आयोजना कार्यको सम्झौता रू.८ करोड ६३ लाख ५९ हजार रहेकोमा हालसम्म रू.५ करोड ५ लाख ४३ हजार खर्च गरी २५ प्रतिशतदेखि ७५ प्रतिशतसम्म भौतिक प्रगति भएको अवस्था छ। सम्झौताबमोजिमको कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौताका शर्तबमोजिम आवश्यक कारबाही गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

२३. **जनता आवास कार्यक्रम -** व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने उद्देश्यका साथ गरिब, पिछडिएका एवं सीमान्तकृत वर्गलाई आवास सुविधा उपलब्ध गराउने लक्ष्यअनुसार २०६६।६७ देखि जनता आवास कार्यक्रम सञ्चालन हुँदै आएको छ। उक्त कार्यक्रममा २०७४।७५ सम्म ५५ हजार ९७० को लक्ष्य तोकिएकोमा १७ हजार ३९ आवास एकाइको निर्माण सम्पन्न भई रू.५ अर्ब ६४ करोड ९१ लाख खर्च भएको देखिन्छ। यो कार्यक्रम २०७५।७६ देखि प्रदेश सरकारमा हस्तान्तरण भएको छ। विभागले पेस गरेको विवरणअनुसार २०७८।७९ सम्म कार्यक्रम सुरु भएको १३ वर्ष व्यतीत भइसक्दा ३६ हजार ३२५ (६४.९० प्रतिशत) आवास एकाइको मात्र निर्माण सम्पन्न भई १९ हजार ६४५ बाँकी रहेको देखिन्छ। विभागले २०७५।७६ देखि निर्धारित लक्ष्य, प्रगति र खर्चको विवरण अद्यावधिक गरेको छैन। समयमा निर्माण सम्पन्न नहुँदा लाभग्राहीहरू आवास सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ। तोकिएबमोजिम लक्षित समुदायलाई आवास सुविधा उपलब्ध गराउने कार्य समयमा नै सम्पन्न हुनुपर्दछ।

२४. **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य लिएको छ। कार्यविधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीय तहको प्राविधिकबाट प्राविधिक प्रतिवेदनसहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ता बमोजिमको कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुलउपर गर्ने उल्लेख छ। हालको व्यवस्थाअनुसार लाभग्राही छनोटको जिम्मेवारी विभाग मातहतको सघन शहरी तथा भवन निर्माण

आयोजनाको र कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ। उक्त कार्यक्रम २०७५।७६ बाट सुरु भई २०७९।८० सम्म १ लाख ६३ हजार ३८ लाभग्राही छनोट भएको र १ लाख ३२ हजार ७२८ लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सोमध्ये १ लाख १० हजार ७०७ लाभग्राहीलाई पहिलो किस्ता र ५३ हजार ५१८ लाई दोस्रो किस्ता भुक्तानी भएको छ। उपलब्ध गराएको अनुदान सम्बन्धमा अनुगमन गरी खर्च सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

२५. **संयुक्त र बहुतले आवास** - संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, नियमावली, २०६० र संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७० अनुसार संयुक्त आवासको व्यावसायिक कारोबार गर्ने संयुक्त आवास कम्पनी तथा जग्गा विकास गरी सामूहिक भवन निर्माण अनुमतिका लागि पेस भएका प्रस्ताव जाँच गरी निर्माण स्वीकृति, अनुगमन र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने जिम्मेवारी विभागमा रहेको छ। विभागबाट प्राप्त विवरणअनुसार २०८० आषाढ मसान्तसम्म ७७ अपार्टमेन्टको ७ हजार १०२ आवास एकाइ निर्माणका लागि स्वीकृति प्रदान गरेको देखिन्छ। गत वर्षसम्म ३२ अपार्टमेन्टका ३ हजार ९४१ आवास एकाइको निर्माण सम्पन्न भएको उल्लेख भए तापनि यो वर्षसम्मको सम्पन्न सङ्ख्या ३ हजार ८६६ रहेको विवरण पेस भएको छ। संवत् २०६२ देखि २०६९ सालसम्मको अवधिमा निर्माण स्वीकृतिको लागि अनुमति लिएका ३८ अपार्टमेन्टका ३ हजार ८१ आवास एकाइले निर्माण सम्पन्न प्रमाणपत्र लिएको देखिँदैन। आवास एकाइ धनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, कतिपय निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै लालपुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, कतिपय निर्माण कार्य सम्झौताबमोजिम नगरेको, दिनुपर्ने सुविधा उपलब्ध नगराएको, प्लानिङ पर्मिट अनुसार कार्य नगरेको, कतिपय निर्माणाधीन अपार्टमेन्टको नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेकोलगायतका उजुरी तथा गुनासो रहेका छन्। उल्लिखित गुनासा सम्बोधन गरी विद्यमान कानुनको कार्यान्वयनमार्फत सुरक्षित र सुव्यवस्थित आवासको प्रत्याभूति हुने गरी आवास एकाइ धनीको स्वामित्व कायम हुँदा जग्गाको स्वामित्व सम्बन्धमा समेत यकिन हुनुपर्दछ।

२६. **सघन शहरी विकास कार्यक्रम -** मुलुकका प्रमुख शहरहरूमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरी व्यवस्थित, शहरीकरण तथा वातावरणीय सुधार गर्ने उद्देश्य राखी सघन शहरी विकास कार्यक्रम सञ्चालनमा रहेको छ। तराई-मधेशका जिल्ला सदरमुकामहरूलाई आर्थिक र व्यावसायिक केन्द्रको रूपमा विकास गरी आधुनिक शहरमा रूपान्तरण गर्न सडक, ढल, खानेपानी, नवीकरणीय ऊर्जा, बसपार्क, मनोरन्जन पार्क, शिक्षा तथा स्वास्थ्य क्षेत्रका आयोजनाहरू छनोट गरी २०७३।७४ देखि सघन शहरी विकास कार्यक्रम सञ्चालन गरिँदै आएको छ। कार्यक्रमअन्तर्गत २०७९।८० सम्म १ हजार ३२० किलोमिटर सडक कालोपत्रे, स्याङ्गजाको वालिङ्ग नगरपालिका गहौंसुरको गुरुयोजनाअनुसार सुधार कार्य, कैलाली धनगढीमा पार्क र बसपार्क, मुस्ताङको जोमसोममा बसपार्क निर्माण, सर्लाहीको मलंगवा नगरपालिकामा बसपार्क निर्माण तथा धनुषा र पर्सामा शहरी सौन्दर्यीकरणलगायतका कार्यमा रू.८ अर्ब १९ करोड ५ लाख २१ हजार खर्च भएको देखिन्छ। यस कार्यक्रमलाई गरिबी नक्साङ्कनले इङ्गित गरेको पूर्वाधार विकास कार्यक्रम, ठूला शहरी करिडोरहरूमा पूर्वाधार विकास गर्ने कार्यक्रमहरूसँग समन्वय गरी सञ्चालन गर्नुपर्दछ।

२७. **जग्गा विकास चक्रकोष -** जग्गा विकास चक्रकोष नियमावली, २०६१ अनुसार जग्गा विकास आयोजना सम्बद्ध व्यवस्थापन समितिलाई आयोजना कार्यान्वयनको लागि ऋण उपलब्ध गराउने व्यवस्था भए

अनुरूप विगतमा विभागबाट विभिन्न आयोजनालाई उपलब्ध गराएको ऋणको साँवा तथा ब्याज फिर्ता भएको देखिएन। उक्त नियमावलीअनुसार सम्झौता भएको मितिले बढीमा तीन वर्षभित्र ऋणको भुक्तानी गरिसक्नुपर्ने र वार्षिक ब्याजदर ७ प्रतिशत हुने उल्लेख छ। साँवा ब्याजसमेत रू.२ करोड २१ लाख ७३ हजार उठ्न बाँकी रहेको हुँदा उक्त रकम असुल गर्नुपर्दछ।

२८. **सभाहल निर्माण -** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा ४४ सभाहल निर्माण गर्ने योजना रहेकोमा १७ सभाहल निर्माण कार्य सम्पन्न भएको, १४ निर्माणाधीन रहेको र १३ सभाहलको लागि जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन तयारीलगायत प्रारम्भिक चरणको कार्य भैरहेको छ। उल्लिखित ४४ सभाहलमध्ये ३१ सभाहलको निर्माणको लागि रू.२६ अर्ब ३४ करोड २४ लाखको लागत अनुमान रहेकोमा रू.२० अर्ब ६४ करोड ४७ लाखको सम्झौता भई यो वर्षसम्म रू.१५ अर्ब ५ करोड १९ लाख खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

२८.१ निर्माण सम्पन्न १७ सभाहलमध्ये घोराही दाङ, डोटी प्रथम र दोस्रो, मेहेलकुना सभाहल सुर्खेत, मौलापुर सहिद स्मृति प्रतिष्ठान रौतहट, टीकापुर सभाहल धनगढी, कालिकास्थान बहुउद्देश्यीय सभाहल स्याङ्जा र सिटीहल पुतलीबजार, स्याङ्जा सम्बन्धित नगरपालिका तथा जिल्ला समन्वय समितिलाई हस्तान्तरण गरेको देखिन्छ। बाँकी १० सभाहल सञ्चालनको मोडालिटी र स्वामित्व सम्बन्धमा यकिन गरेको देखिएन। निर्माणाधीन १४ सभाहलमध्ये दोलखा जिल्लास्थित दोलखा सभाहल रुग्ण अवस्थामा रहेको उल्लेख छ। निर्माणाधीन सभाहलहरू सम्पन्न गर्न रू.५ अर्ब २० करोड ६६ लाख दायित्व सिर्जना भएको अवस्थामा बजेट व्यवस्था नगरी थप १३ नयाँ सभाहलको विस्तृत परियोजना प्रतिवेदन तयार गरी खरिद प्रक्रियामा रहेका छन्। आवश्यक बजेट व्यवस्था गरेर मात्र नयाँ सभाहल निर्माण कार्यको प्रक्रिया अघि बढाउनुपर्दछ।

२८.२ झापा जिल्लाको दमक नगरपालिकास्थित ५ बिघा जग्गामा ७२ मिटर उचाइको १८ तला स्थायी संरचना र २८ मिटर उचाइको स्टील संरचनासहितको अण्डरग्राउण्ड पार्किङसहितको सुविधा सम्पन्न भ्यू टावर निर्माण कार्यको लागि एक संयुक्त उपक्रमसँग २०७६।३।२७ मा रू.१ अर्ब ५६ करोड १४ लाख ३९ हजारमा २०७८।९।२७ भित्र सम्पन्न गर्नेगरी सम्झौता भएकोमा तोकिएको समयमा कार्यसम्पन्न नभएकोले तेस्रो पटक २०८०।८।२६ सम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको ३ पटकको भेरिएसनबाट रू.१२ करोड ४५ लाख ८१ हजार थप भई संशोधित सम्झौता रू.१ अर्ब ६८ करोड ६० लाख २० हजार कायम भएको छ। यो वर्षसम्म रू.१ अर्ब ४९ करोड ३८ लाख ७१ हजार भुक्तानी भई भौतिक प्रगति ९३ प्रतिशत रहेको छ। सम्झौताअनुसार निर्माण सम्पन्न गरी निर्मित संरचनाको उपयोग गर्नुपर्दछ।

२८.३ रुपन्देहीको बुटवलमा कुल १२ हजार ८०० वर्गमिटर क्षेत्रफलमा फैलिएको अन्तर्राष्ट्रियस्तरको ५२० स्टल क्षमताको प्रदर्शनी हलमा एकै पटक १० हजार जनाले अवलोकन गर्न सक्ने बुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँग २०७८।४।१२ सम्म कार्य सम्पन्न गर्ने गरी २०७५।११।२६ मा रू.१ अर्ब १५ करोड ५ लाख ६७ हजारमा सम्झौता भएको देखिन्छ। दोस्रो पटक भेरिएसन भई सम्झौता अङ्क रू.१ अर्ब २२ करोड ८७ लाख ८६ हजार कायम भएको छ। विभागस्तरीय निर्णयबाट विभिन्न मितिमा ४ पटक म्याद थप गरी निर्माण सम्पन्न गर्नुपर्ने अवधि

२०८०।०९।१५ सम्म कायम गरेको देखिन्छ। यो वर्षसम्म रू.७१ करोड ८२ लाख ८२ हजार भुक्तानी भएकोमा भौतिक प्रगति ८० प्रतिशत भएको देखिन्छ। सम्झौताअनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गरी अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको सञ्चालन, हस्तान्तरण एवं व्यावसायिक दिगोपनासम्बन्धी कार्यविधि एवं योजना तर्जुमा गर्नुपर्दछ।

२८.४ ललितपुरको गोदावरीमा ३ हजार सिट क्षमताको गोदावरी सभाहल रू.८० करोड २७ लाख १६ हजार लागतमा २०७७।१२।३० मा सम्पन्न गरेकोमा गत वर्षको वार्षिक प्रतिवेदनमा सभाहल निर्माण भएको बाहेकको १०० रोपनी १ आना ३ पैसा जग्गा अतिक्रमण भएकोले उचित संरक्षण हुनुपर्ने र सभाहल सञ्चालनसम्बन्धी कार्यविधि बनाई व्यवस्थापन हुनुपर्ने बेहोरा उल्लेख भएकोमा सुधार भएको छैन। मन्त्रालयको २०७८।३।२ को पत्रानुसार सरकारबाट निर्मित उक्त सभाहलको थप जनशक्ति र आर्थिक दायित्व नपर्ने गरी २०७८।२।३१ को मन्त्रीस्तरको निर्णयानुसार सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिलाई दिएको छ। यो वर्ष गोदावरी सम्मेलन केन्द्रबाट रू.६३ लाख ४३ हजार हलभाडा आम्दानी भई रू.४९ लाख ७२ हजार सञ्चालन खर्च गरेको छ। उक्त भवनमा पानी चुहिएर छानामा रहेको फल्स सिलिङ्गमा क्षति पुगेको, लबी हललगायतका स्थानमा पानी चुहिएको, बर्सातमा बरण्डामा जम्ने पानीको निकास नभएको लगायतका त्रुटि सच्याउनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याएकोमा सुधार भएको छैन। निर्माणसँग सम्बन्धित त्रुटि सुधार गरी सभाहल सञ्चालनको सुनिश्चितता हुनुपर्दछ।

२८.५ रुपन्देहीको बुटवलमा कुल २ हजार ७८२ क्षमताको १३ वटा सभाहल रहेको अन्तर्राष्ट्रियस्तरको बुटवल अन्तर्राष्ट्रिय सभाहल रू.१ अर्ब ३० करोड ३ लाख लागतमा निर्माण पश्चात् २०७९ भाद्र ११ मा उद्घाटन भएको देखिन्छ। २०७९ पौषदेखि २०८० आषाढसम्म सभाहलमा ८ कार्यक्रम सञ्चालन भई रू.८ लाख ६४ हजार आम्दानी भएको छ। सभाहल निर्माण सम्पन्न भएको १ वर्ष ६ महिनामा समेत सोको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि निर्माण नभएकोले व्यवस्थित गरिनुपर्दछ।

२९. **विशेष भवन निर्माण** - सङ्घीय संसद भवन निर्माणको लागि रू.६ अर्ब ७ करोड १४ लाखको सम्झौता भएकोमा रू.३ अर्ब १४ करोड ७३ लाख खर्च भई भौतिक प्रगति ६६ प्रतिशत, सङ्घीय मन्त्री आवास भवन निर्माणको लागि रू.१ अर्ब १८ करोड ९८ लाख सम्झौता भएकोमा रू.७८ करोड ५३ लाख खर्च भई भौतिक प्रगति ९२ प्रतिशत, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरूको आवास भवन निर्माणको लागि रू.७३ करोड ३८ लाख सम्झौता भएकोमा रू.६२ करोड ७३ लाख खर्च भई भौतिक प्रगति ९५ प्रतिशत, चण्डीदल गण भवन निर्माणको लागि रू.८० करोड २२ लाख सम्झौता भएकोमा रू.५४ करोड १० लाख खर्च भई भौतिक प्रगति ६६ प्रतिशत भएको छ। हालसम्म प्रधानमन्त्री आवास बालुवाटार र गोदावरीमा ३ हजार क्षमताको सनराइज सभाहलको निर्माण कार्य सम्पन्न भए तापनि राजकीय अतिथि भवन, सिंहदरबार ग्यालरी (पुरानो संसद भवन) को पुनर्निर्माण कार्य सुरु भएको छैन। निर्माणाधीन संरचनाहरूको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

३०. **बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल्ड साइट** - फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र अन्तर्गत ल्याण्डफिल्ड साइटको प्रशोधन कार्य भइरहेकोमा २०७५ मंसिर १७ देखि उक्त कार्य शहरी विकास मन्त्रालयले सम्पादन गर्ने गरी जिम्मेवारी तोकिएको छ। स्यानिटरी ल्याण्डफिल्ड साइट बन्चरेडाँडामा बनाउने र फोहर प्रशोधन गर्न नुवाकोटको ककनी आलेटारमा आवश्यक जग्गा उपलब्ध गराउने

सोचका साथ काठमाडौं उपत्यकामा हुने फोहर उत्सर्जनको दिगो व्यवस्थापनको लागि नुवाकोटको ककनी- २ र धादिङ्को धुनीबेंसी - १, कोल्पु खोला बन्चरेडाँडाको फेदीमा खोला डाइभर्सन गरी ३१ हजार वर्गमिटर क्षेत्रफलमा मिश्रित फोहर २० वर्ष र वर्गीकृत फोहर ४० वर्षसम्म धान्नेगरी २० हजार घनमिटर क्षमताको लिचेट पोखरी र सेडिमेन्टेसन पोखरी निर्माण हुने गरी जियोमेम्ब्रेन, जियोटेक्सटायल, ड्रेनेज लेयर राखेर फोहरको लेदो सङ्कलन गरी ट्रिटमेन्टका लागि सेडिमेन्टेसन, एरेसन तथा रिसर्कुलेसनको प्रावधानसहित स्यानिटरी ल्याण्ड फिल्ड साइट रू.९६ करोड ३५ लाख ३९ हजार लागतमा निर्माण कार्य सम्पन्न भई पँहुच मार्ग स्तरोन्नति कार्य भइरहेको छ। विभागले २०७९।३।२४ मा बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल साइट सञ्चालन कार्यविधि स्वीकृत गरेको छ। यस सम्बन्धमा निम्न बेहोरा देखिएका छन्:

३०.१ कार्यविधिमा फोहर तौल गर्ने स्थानमा फोहरसँग जोखिमयुक्त रेडियोधर्मी फोहरहरू रहे/नरहेको जाँच गर्ने, विसर्जनको लागि ल्याइएको फोहरको तौल लिई अभिलेख राख्ने, फोहरलाई तोकिएको निश्चित क्षेत्रमा मात्र खन्याउने व्यवस्था रहेको छ। विसर्जन गरेको फोहरको तौल नगरेको र जोखिमयुक्त रेडियोधर्मी पदार्थ फोहर रहे/नरहेको जाँच गरेको विवरण देखिएन।

३०.२ हाल फोहर कम्प्याक्सन नगरेको, फोहर कम्प्याक्सनको लागि मेसिनरी उपकरण साइटमा नरहेको, फोहर कम्प्याक्सन नगर्दा सेल १ को उचाइ बढ्दै गई बाँधको उचाइ २५ मिटरसम्म फोहरको थुप्रो लागेकोले सेल २ मा फोहर राख्न थालेको, सेडिमेन्टेसन ट्याङ्क नजिकै आयोजनाले अधिग्रहण गरेको जग्गामा अवैध ढुङ्गा उत्खनन् गरेकोले सेडिमेन्टेसन ट्याङ्कलाई क्षति पुग्न सक्ने अवस्था देखिएको, विद्युत प्रवाह अवरोध हुँदा लिचेट सर्कुलेसन बन्द भई ओभरफ्लो भएर खोलामा मिसिन सक्ने अवस्था भएको, मापदण्ड अनुरूप लिचेटलाई सर्कुलेसन गरी सेडिमेन्टेन्सन पश्चात् पुनः थुपारिएको फोहर माथि पठाउनुपर्नेमा नपठाई लिचेट पोखरीमा नै पठाइएको कारण दुवै पोखरी भरिन लागेको स्थिति देखिएको छ।

३०.३ विभागले काठमाडौं महानगरपालिकालाई मापदण्डबमोजिम फोहरमैला विसर्जन गर्नुपूर्व कुहिने र नकुहिने फोहरलाई छुट्याएर नराखेको, फोहरको तौल लिई अभिलेख नराखेको, सेलको तोकिएको निश्चित स्थानमा फोहर विसर्जन नगरेको, भेन्ट पाइप मापदण्डबमोजिम विस्तार नगरेको लगायतका विषयमा ध्यानाकर्षण गराएकोमा सोको सुधार भएको देखिएन।

३०.४ ल्याण्डफिल्ड साइट सञ्चालन गर्दा ल्याण्डफिल्ड साइटभन्दा अगाडि र पछाडि कोल्पु खोलाको पानीको परीक्षण गर्ने, सतहबाट बगेर सेलमा आउने पानीलाई नियन्त्रण गर्न निर्माण भएका नालाको नियमित रूपमा सरसफाइ गर्ने र आवश्यकताअनुसार सतहको पानी निकासको लागि अर्थन् पेरिफेरल ड्रेन मनिटरिङ्ग वेल बनाउँदै जानुपर्ने र साइटभित्र रहेको मनिटरिङ्ग वेलको पानीको नियमित परीक्षण गर्नुपर्ने व्यवस्थाको समेत पालना भएको देखिएन।

३०.५ मन्त्रालयले विभागलाई पूर्वाधार निर्माण गर्न दिएकोमा सोअनुरूप पूर्वाधार निर्माण भइसकेको र विभागले काठमाडौं महानगरपालिकालाई २०८०।४।२ मा पठाएको पत्रअनुसार महानगरपालिकाले फोहर व्यवस्थापन कार्य तथा फोहर ढुवानी गर्ने ट्रिपरबाट यो वर्ष रू.१ करोड ८७ लाख ३० हजार राजस्व सङ्कलन गरेको छ। ल्याण्डफिल्ड साइटको सम्भार दायित्व समयावधि समाप्त हुने भएकोले ल्याण्डफिल्ड साइटको मर्मत सम्भार तथा व्यवस्थापन कार्यको दायित्व लिनको लागि विभागले महानगरपालिकालाई अनुरोध गरेकोमा सोको जवाफ प्राप्त भएको छैन।

प्रभावित स्थानीय तह तथा तालुक निकाय एवं सरोकारवाला पक्षसँग समन्वय गरी ल्याण्डफिल्ड साइट अपरेटिङ्ग म्यान्युअलमा भएका व्यवस्थाको पालना सम्बन्धमा नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्ने तथा मर्मत सम्भारलाई सुनिश्चित गरी वैज्ञानिक ढङ्गले फोहरमैलाको व्यवस्थापन गर्नुपर्दछ।

३१. **फरक क्रियाकलापमा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३१.१ सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साले रौतहट जिल्ला बालचनपुर-जङ्गलसहीया सडक स्तरोन्नति कार्यका लागि प्राप्त बजेटबाट रौतहट जिल्ला परसवा-पल्टुवा-खतवहीया सडक खण्डको स्तरोन्नति कार्य गरी रू.५० लाख ८२ हजार, वीरगन्जका १७ सडक खण्ड अन्तर्गत सघन शहरी विकास कार्यक्रम वीरगन्ज, पर्साको बजेटबाट बारा जिल्लाको जीतपुर सिमरा उप-महानगरपालिकामा एकीकृत शहरी पूर्वाधार विकास कार्यको लागि रू.५७ लाख ४ हजार, सडक विस्तार, बाटो तथा ढल निर्माण कटहरिया रौतहटको लागि प्राप्त कार्यक्रमबाट डुमरिया सडक स्तरोन्नतिको कार्य गरी रू.१८ लाख ९५ हजार र मौलापुर नयाँ शहर-गम्हरीया सडक निर्माणको लागि प्राप्त बजेटबाट कटहरिया नयाँ शहर-जमुनिया सडक निर्माणमा रू.२ करोड गरी कुल रू.३ करोड २६ लाख ८१ हजार भुक्तानी दिएको छ।

३१.२ सङ्घीय आयोजना कार्यान्वयन एकाइ, जनकपुरले महोत्तरी जिल्ला भँगहा नगरपालिका ९ को मुसहर, चमार, तत्मा र डोमहरूको लागि एकीकृत बस्ती निर्माण कार्यक्रमको रू.९९ लाख ६२ हजार रकम बहुद्देश्यीय भवनमा तथा अन्य कार्यमा खर्च गरेको छ।

३१.३ सङ्घीय आयोजना कार्यान्वयन एकाइ, जनकपुरले महेन्द्रनारायण निधि कला केन्द्र भवन निर्माणको लागि प्राप्त बजेटबाट जिल्ला कारागार कार्यालय सर्लाहीकोलागि रू.४९ लाख ३१ हजार खर्च गरेको छ।

उल्लिखित कार्यक्रम संशोधन नगरी रू.४ करोड ७५ लाख ७४ हजार खर्च गरेको नियमसम्मत देखिएन। स्वीकृत कार्यक्रमभन्दा फरक क्रियाकलापमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३२. **नर्म्सको पालना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ। सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (दोस्रो संशोधन, २०७८) को १३०० खण्डमा ओपन तथा क्लोज प्रिमिक्स कार्पेटिङ (कालोपत्रे) को मोटाइ ०.२ मिटर तोकिएकोमा ०.४ मिटर राखी सघन शहरी विकास तथा भवन निर्माण आयोजना, पर्साअन्तर्गत ५ ठेक्कामा रू.४४ लाख २९ हजार थप व्ययभार परेको छ। स्वीकृत स्पेसिफिकेसनभित्र रही लागत अनुमान तयार गर्नुपर्दछ।

३३. **बाँकी कार्यको लागत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र (८) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सम्झौता अन्त्य गर्ने, सो कामबापत राखिएको जमानत जफत हुने र सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था रहेको छ। सङ्घीय आयोजना कार्यान्वयन एकाइ जनकपुरले धनुषा जिल्लाको नगराइन नगरपालिकाको ६ प्राथमिक विद्यालयहरूको भवन निर्माणका लागि

एक संयुक्त उपक्रमसँग म्याद थपसमेत २०७८।१२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०६८।५।२ मा रू.२ करोड ९१ लाख ३० हजारको सम्झौता भएकोमा यो वर्षसम्म रू.१ करोड ८८ लाख ७७ हजार भुक्तानी गरेको छ। उक्त एकाइको २०८०।१।४ को निर्णयानुसार खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने र बाँकी कार्यको लागि नयाँ ठेक्कामार्फत काम गराउनका लागि अर्को एक निर्माण व्यवसायीसँग रू.२ करोड ६७ लाख ४६ हजारको सम्झौता भएको देखिन्छ। उक्त निर्माण कार्य सम्पन्न गर्नका लागि नयाँ सम्झौताबमोजिम लाग्ने रू.२ करोड ६७ लाख ४६ हजार कार्यसम्पन्न नगर्ने साविक निर्माण व्यवसायीसँग सरकारी बाँकी सरह असुल गर्नुपर्दछ।

३४. **निर्माण स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही सुरु गर्न नहुने उल्लेख छ। निर्माण स्थल विवाद तथा निर्माण कार्यको अवरोध सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३४.१ सघन शहरी तथा भवन निर्माण आयोजना, काठमाडौँले ६ स्वास्थ्य चौकी भवन निर्माणका लागि एक संयुक्त उपक्रमसँग १८ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।३।२९ मा रू.१८ करोड १५ लाख ७९ हजारको सम्झौता भएकोमा भेरिएसनपश्चात् सम्झौता अङ्क रू.२० करोड ५१ लाख ८४ हजार कायम भएको छ। ६ स्वास्थ्य चौकीमध्ये काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकाको वनखुचौर स्वास्थ्य चौकीको निर्माण स्थलमा स्थानीयको जग्गा विवादको कारणले अवरोध भई स्वास्थ्य चौकी निर्माण कार्य सुरु हुन नसकेका कारण पूरै प्याकेजको म्याद लम्बिँदै जाने देखिन्छ। निर्माण स्थलमा रहेको विवाद समाधान गरी समयमै कार्य सम्पन्न गर्नुपर्दछ।

३४.२ सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनले सौराहा बजार सौन्दर्यीकरण कार्यको लागि रू.१६ करोड ४८ लाख ४८ हजारको लागत अनुमान स्वीकृत गरी एक संयुक्त उपक्रमसँग २०८१।२।२७ भित्र सम्पन्न गर्नेगरी २०७९।८।२८ मा रू.१६ करोड २७ लाख ८८ हजारको सम्झौता भएकोमा यो वर्षसम्म रू.५ करोड ३४ लाख १४ हजार भुक्तानी भएको छ। आयोजना कार्यालयले २०७९।१०।५ मा रत्ननगर नगरपालिकालाई सौराहा ड्यागदेखि बच्छेश्वर मन्दिर हुँदै हर्नरी पुल जाने सडकको लागि दायाँपट्टिको जङ्गलको पर्खालदेखि कम्तीमा १५ मिटर बायाँसम्मको सडक खण्डमा पर्ने भौतिक संरचना तथा प्राकृतिक वस्तुहरू ७ दिनभित्र व्यवस्थापन गर्नको लागि पत्राचार गरे पनि साइट क्लियरेन्स भएको छैन। निर्माणस्थल सुनिश्चित गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

स्थानीय पूर्वाधार विभाग

स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलको निर्माण, मर्मत सम्भार, पुनर्निर्माण, पुनर्स्थापना तथा विस्तार, अध्ययन, अनुसन्धान, नयाँ तथा उपयुक्त प्रविधिको विकास तथा प्रयोग, आयोजना लगत तयार, प्रदेश तथा स्थानीय तहका प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि, प्रदेश सरकार तथा स्थानीय तहसँग सडक पूर्वाधार निर्माण समन्वय, विकास साझेदारको स्रोत परिचालन, समन्वय तथा सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

३५. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियामा हुने निर्माण कार्यको भेरिएसन र मूल्य

समायोजनलाई व्यवस्थित गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सोसम्बन्धी थप कानुनी व्यवस्था भएको छैन। कार्यालयले डिजाइन एण्ड बिल्ड खरिद सम्झौता विधि लमसम प्रकृतिको खरिद विधि देखिएकोमा थाक्रे गाउँपालिका, धादिङ र थाहा नगरपालिका, मकवानपुर जोड्ने चल्ती खोला पुल र धादिङ गङ्गाजमुना गाउपालिकाको वडा नं ६ र वडा नं ७ जोड्ने अँधेरी खोलासमेत २ स्थानमा सेगमेन्टेड मोडुलर ब्रिज निर्माण कार्यमा मूल्य समायोजन दिने गरी सम्झौता गरी एक निर्माण व्यवसायीलाई रू.९३ लाख ८५ हजार मूल्य समायोजन भुक्तानी गरेको छ।

डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा विस्तृत उल्लेख नभएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले यसको बोलपत्र सम्बन्धी कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसनलगायतका पक्षमा विविधता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई कानुनमा व्यवस्थित गर्नुपर्दछ।

३६. **पुल सञ्चालन** - सस्पेन्सन ब्रिज डिभिजन, पुल्चोकबाट एक संयुक्त उपक्रमसँग २०७२।९।२९ सम्म ४८८.६० मिटर लम्बाइको त्रिवेणीधाम वाल्मीकि आश्रम झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने गरी २०७०।३।३० मा रू.५ करोड ८७ लाख २२ हजारको सम्झौता भएकोमा भेरिएसन पश्चात् पुलको लम्बाइ ४६९.३२ मिटर कायम गरी संशोधित सम्झौता अङ्क रू.५ करोड ७९ लाख २४ हजार कायम भएको छ। साथै पटक-पटक गरी २०७९।३।३० सम्म म्याद थप भएकोमा २०८०।३।३१ सम्मको भौतिक प्रगति शतप्रतिशत भएको उल्लेख छ। निर्माण व्यवसायीलाई हालसम्म रू.५ करोड २१ लाख ३१ हजार अर्थात् ९० प्रतिशत भुक्तानी भएको देखिन्छ। पुलको बायाँ किनारादेखि वाल्मीकि आश्रमसम्म जान आउनको लागि सुविधाजनक पैदल मार्ग नबनेकोले निर्मित पुल सर्वसाधारण यात्रुको उपयोगमा आउन सकेको छैन। डिभिजनले पैदल मार्ग निर्माण गरी निर्मित पुल सञ्चालन गर्नुपर्दछ।

३७. **तुइन प्रतिस्थापन** - नेपाल सरकारको २०७२।६।२५ को निर्णयबाट तुइन भएको स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनतालाई सुरक्षित, भरपर्दो तरितराउको सेवा उपलब्ध गराउने अभिप्रायले तुइन प्रतिस्थापन कार्यक्रम सञ्चालन हुँदै आएको छ। सस्पेन्सन ब्रिज डिभिजनले तुइन भएका १४३ स्थान मध्ये १४१ स्थानमा झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको देखियो। सुर्खेत र कैलाली जोड्ने बुगाडघाटको तुइन प्रतिस्थापन गरी कर्णाली नदीमाथि २०७४।१०।१८ सम्म झोलुङ्गे पुल निर्माण गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३।१०।२३ मा रू.५६ लाख ९ हजारको सम्झौता भएकोमा चौथो पटक २०८०।३।३० सम्म म्याद थप भएको देखियो। डिभिजनले उक्त कार्यको ३० प्रतिशत भौतिक प्रगति भएकोमा बर्दिया राष्ट्रिय निकुञ्जद्वारा अवरोध भई निर्माण कार्य रोकिएको जनाएको छ। त्यस्तै पञ्चेश्वरघाट महाकालीमा रहेको तुइन प्रतिस्थापन गर्ने कार्यक्रमसमेत कार्यान्वयन भएको छैन। सम्वन्धित पक्षहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

३८. **अधुरो निर्माण** - ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन एकाइ, रूकुम पश्चिमको बालुवा-नायगाडपुल-जामाबगर-त्रिवेणी सडक र शीतलपोखरी-झुल्खेत-चुनबाङ सडक निर्माणका लागि रू.९५ करोड ७४ लाख २८ हजारको लागत अनुमान स्वीकृत भएकोमा रू.८९ करोड ८० लाख ४० हजारमा एक संयुक्त उपक्रमसँग २०७५।२।१७ मा सम्झौता गरी रू.४९ करोड ११ लाख ८६ हजार भुक्तानी भएको छ। सम्झौताबमोजिम २०७७।३।६ सम्म उक्त सडक निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा हालसम्म पनि सम्पन्न भएको छैन। निर्माण व्यवसायीलाई ४ हजार ४४९.४५ घनमिटर बेस कोर्सबापत मूल्य

अभिवृद्धि करसमेत रू.१ करोड ७५ लाख ९८ लाख भुक्तानी गरेको छ। बेस कोर्स हालेको करिब १९ महिनाको अवधि व्यतीत हुँदासमेत कालोपत्रे गरेको छैन। निर्माण व्यवसायीलाई सम्झौताको शर्तबमोजिम आवश्यक कारबाही गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

३९. **सुविधासम्बन्धी मापदण्ड** - सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले विशिष्ट व्यक्तिहरूका लागि मागअनुसार फर्निचर, भान्साका अन्य सामान, बिजुलीका सामान, कार्पेट, पर्दालगायतका भौतिक सुविधाका सामान र चालु प्रकृतिका सामान खरिद गरी यो वर्ष रू.१२ करोड ३७ लाख ९९ हजार खर्च गरेको छ। विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सेवा सुविधाको मापदण्ड तयार गर्नुपर्ने बेहोरा विगतका प्रतिवेदनमा समेत औँल्याइएको थियो। कार्यालयले मापदण्ड तयार गरी २०८०।३।५ मा मन्त्रिपरिषद्मा पेस गरेकोमा स्वीकृति भएको छैन। मापदण्ड स्वीकृत नगरेका कारण सामानको गुणस्तर, परिमाण तथा खर्चमा एकरूपता हुन सकेको छैन। विशिष्ट व्यक्तिहरूको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायमा नै विनियोजन गरी भैपरी आउने कार्यको लागि मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

४०. **खरिद प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ मा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउ पत्रबाट र सोभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ। सचिवालयले यो वर्ष मेसिनरी तथा औजार, फर्निचर्स तथा फिक्चर्स, कार्यालय समानलगायतका रू.१६ करोड ६ लाख ४८ हजार मूल्यका सामग्री र रू.१३ करोड ५९ लाख ८० हजारको निर्माण तथा मर्मतको खरिद कार्य टुक्रा पारी विभिन्न आपूर्तिकर्ता एवं निर्माण व्यवसायीबाट सोझै खरिद गरेको देखिन्छ। एकै प्रकृतिका खरिद कार्यलाई उचित प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास)

साबिक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्दै आएका बाँकी कार्य र सरकारी एवं सार्वजनिक भवन, स्वास्थ्य संस्था र सम्पदाको पुनर्निर्माणसम्बन्धी कार्य गर्न यो आयोजना सञ्चालनमा रहेको छ। भूकम्पको कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण कार्य सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला यस आयोजनाको कार्यक्षेत्र रहेको छ।

४१. **वित्तीय तथा भौतिक प्रगति -** प्राधिकरणले २०७६।९।२८ मा विपद् पश्चात्को पुनर्निर्माण तथा पुनः लाभ कार्य ढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रू.४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख कायम गरेको छ। सोमध्ये २०७८।७९ सम्म रू.३ खर्ब ८१ अर्ब ६३ करोड ११ लाख खर्च गरेकोमा भूकम्पपश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी योजनाले तोकेको १० क्षेत्रमध्ये ५ क्षेत्रको बाँकी जिम्मेवारी यस एकाइलाई हस्तान्तरण भएको र यो वर्ष रू.४ अर्ब ९३ करोड ५१ लाख खर्च भएको छ। आयोजनाबाट उपलब्ध विवरणअनुसार भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापन सम्बन्धी लक्ष्य प्रगति देहायअनुसार रहेको छः

क्र. सं.	क्षेत्र	पुनर्निर्माण गर्नुपर्ने सङ्ख्या (संशोधित)	२०७९।८० सम्मको प्रगति	
			सङ्ख्या	प्रतिशत
१.	स्वास्थ्य संस्था	११३६	८६४	७६.०६
२.	सरकारी भवन	४१४	४०४	९७.५८
३.	सुरक्षा निकायको भवन	२१६	२१६	१००.००
४.	पुरातात्त्विक सम्पदा	९२०	५८८	६३.९१
५.	एकीकृत बस्ती विकास तथा सुधार	८३	७१	८५.५४

प्राधिकरण स्थापना हुँदाका बखत ५ वर्षमा पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्राधिकरण खारेज भई कार्यक्रम हस्तान्तरण पश्चात् यस वर्षसम्म स्वास्थ्य संस्थाको पुर्ननिर्माण ७६.०६ प्रतिशत, सरकारी भवन ९७.५८ प्रतिशत, पुरातात्त्विक सम्पदा ६३.९१ प्रतिशत तथा एकीकृत बस्ती विकास तथा सुधारमा ८५.५४ प्रतिशत प्रगति रहेको छ। आयोजनाले बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

४२. **अनुदान वितरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनोट मापदण्डको व्यवस्था छ। निजी आवासतर्फ कुल लाभग्राही सङ्ख्या ८ लाख ३५ हजार १८५ रहेकोमा अनुदान सम्झौता गर्ने ८ लाख ३४ हजार ८२१ रहेको देखिन्छ। जसमध्ये पहिलो किस्ता रू.५० हजारका दरले ८ लाख ३४ हजार २४ र दोस्रो किस्ता रू.१ लाख ५० हजारका दरले ७ लाख ६८ हजार ७५९ र तेस्रो किस्ता रू.१ लाखका दरले ७ लाख ३६ हजार ७४५ ले भुक्तानी दिएको उल्लेख छ। पहिलो किस्ताबापत रू.३ अर्ब २६ करोड ३२ लाख ५० हजार भुक्तानी लिने ६५ हजार २६५ लाभग्राहीले दोस्रो र अन्तिम किस्ता भुक्तानी नलिएको र ३२ हजार १४ लाभग्राहीले पहिलो र दोस्रो किस्ता लिई अन्तिम किस्ता लिएका छैनन्। पहिलो र दोस्रो किस्ता लिई कार्यसम्पन्न नगर्ने लाभग्राहीको सन्दर्भमा अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चित हुनुपर्दछ।

त्यसै गरी, निजी आवास प्रबलीकरणतर्फ ३१ हजार ६७९ लाभग्राहीसँग अनुदान सम्झौता भई पहिलो किस्ता भुक्तानी भएको देखिन्छ। दोस्रो तथा अन्तिम किस्ता रू.५० हजारका दरले २ हजार ३५६ लाई मात्र भुक्तानी गरेको विवरण प्राप्त भएकोले पहिलो किस्ता रू.५० हजारको दरले भुक्तानी लिई दोस्रो किस्ता नलिएका २९ हजार ३२३ लाभग्राहीको अनुगमन गरी प्रबलीकरणको कार्यलाई पूर्णता दिनुपर्छ।

४३. **धरहरा पुनर्निर्माण -** धरहरा पुनर्निर्माण कार्यको लागि रू.३ अर्ब ४८ करोड १६ लाख ९१ हजारमा २०७७।६।१४ भित्र कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७५।६।१४ मा सम्झौता भएकोमा दोस्रो भेरिएसन पश्चात् संशोधित सम्झौता रू.३ अर्ब ४९ करोड ४३ लाख ९३ हजार कायम गरी नेपाल सरकारलाई थप व्ययभार नपर्ने गरी पाँचौं पटकसम्म ३६ महिना म्याद थप पश्चात् निर्माण अवधि २०८०।६।२५ सम्म रहेको देखिन्छ। निर्माण व्यवसायीलाई यस वर्षसम्म रू.२ अर्ब ५२ करोड ९७ लाख २१ हजार भुक्तानी भएकोमा निर्माण कार्यको भौतिक प्रगति ८३ प्रतिशत रहेको देखिन्छ। ऐतिहासिक महत्त्वको निर्माण कार्य तदारुकताका साथ सम्पन्न गर्न सम्बन्धित निकायबीच आवश्यक समन्वय हुनुपर्ने देखिन्छ।

४४. **बालमन्दिर भवन प्रबलीकरण -** बालमन्दिर, नक्साल, काठमाडौंको प्रबलीकरण कार्य २०७६।७।२० मा २०७८।७।१९ सम्म सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग रू.५९ करोड ३७ लाख ६५

हजारको निर्माण सम्झौता भएकोमा तेस्रो पटक नेपाल सरकारलाई थप व्ययभार नपर्ने गरी २०८०।३।३१ सम्म म्याद थप भएको साथै भेरिएसनबाट सम्झौता रकम रू.६४ करोड ९८ लाख ५५ हजार कायम भएको छ। यो वर्षको अन्त्यसम्म रू.३१ करोड ४८ लाख ५४ हजार भुक्तानी भई वित्तीय प्रगति ४६.०७ प्रतिशत भएको छ। थप भएको अवधिमा समेत निर्माण कार्य सम्पन्न भएको नदेखिएकोले सम्झौताका शर्तअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४५. **केशरमहल भवन प्रबलीकरण –** केशरमहल प्रबलीकरण कार्य २०७६।८।१३ मा २४ महिनाभित्र सम्पन्न गर्ने गरी एक उपक्रमसँग रू.६७ करोड २४ लाख ६१ हजारको सम्झौता भएकोमा पाँचौ पटकसम्म नेपाल सरकारलाई थप व्ययभार नपर्ने गरी २०८०।८।३० सम्म म्याद थप भएको देखिन्छ। २०८०।३।२४ मा तेस्रो पटक भेरिएसन गरी सम्झौता अङ्क रू.७४ करोड २६ लाख ५७ हजार कायम गरेको देखियो। यस वर्षसम्म रू.६१ करोड १० लाख ९ हजार भुक्तानी भई भौतिक प्रगति ७५ प्रतिशत रहेको देखिन्छ। थप भएको अवधिमा समेत निर्माण कार्य सम्पन्न भएको नदेखिएकोले सम्झौताका शर्तअनुसार निर्माण सम्पन्न गर्नुपर्दछ।

प्रबलीकरण कार्य गर्दा निस्केको १० हजार क्युफिट सल्लाको काठ सम्झौतामा पुनः प्रयोग हुने गरी बिल अफ क्वान्टिटीमा समावेश नभएकोले व्यवस्थापन गर्न शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयलाई अनुरोध गरेको छ। यस सम्बन्धमा समयमा निर्णय नगरेकोले पुनर्निर्माणमा प्रयोग हुन सक्ने १० हजार क्युफिटको प्रति क्युफिट रू.१ हजार ५५० को दरले रू.१ करोड ५५ लाखको काठ प्रयोग विहीन अवस्थामा करिब २ वर्ष सम्म खुला स्थानमा रहेको हुँदा काठको गुणस्तरमा समेत ह्रास हुने तथा व्यवस्थापन खर्चसमेत बढ्ने देखिन्छ। काठको उपयोग सम्बन्धमा समयमा निर्णय गरी उपलब्ध साधनको उच्चतम प्रयोगको सुनिश्चितता हुनुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था

राष्ट्रियस्तर तथा राष्ट्रिय महत्त्वका, विशेष तथा जटिल प्रकृतिका आवास तथा भवन निर्माण र मर्मत सम्भार गर्न शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत छुट्टै आयोजना कार्यालय स्थापना गर्नुपर्ने महसुस गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७६।५।४ को निर्णयबमोजिम विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयको स्थापना भएको हो। यस आयोजनाले २०७६।७७ बाट सङ्घीय संसद भवन, विशिष्ट व्यक्तिहरूका लागि आवासीय भवन निर्माण, ठूला सभाहल, सङ्घीय मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्यमन्त्रीहरूको आवास तथा सम्पर्क कार्यालय, चण्डीदलगणलगायतका विशेष प्रकृतिका भवनहरू निर्माण कार्य गरिरहेको छ। आयोजनाको कार्यसम्पादन दक्षता मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको कार्यमूलक लेखापरीक्षणका बेहोरा देहायबमोजिम छन्:

४६. **आयोजना प्राथमिकीकरणका आधार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा राष्ट्रिय योजना आयोगले मन्त्रालय तथा निकायगत रूपमा आयोजनाको वर्गीकरण, प्राथमिकीकरण वा पुनः प्राथमिकीकरण गरी आयोजनाहरूको प्राथमिकता निर्धारण गर्ने व्यवस्था छ। त्यसै गरी बजेट तर्जुमा दिग्दर्शन, २०७५ को परिच्छेद ५ मा खर्चको प्राथमिकीकरणका आधारमा विकास आयोजनालाई प्रथम र द्वितीय प्राथमिकतामा वर्गीकरण गर्ने गरेको छ। प्राथमिकीकरणका

आधारमा चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुग्ने, दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुग्ने, सहभागिताको अवस्था, समावेशीकरणमा योगदान, आयोजनाको पूर्व कार्यसम्पादन तथा सम्पन्न हुन लाग्ने समयलगायत ५ सामान्य आधार र २ वटा क्षेत्रगत आधार तय गरी ७५ प्रतिशतभन्दा बढी अङ्क हासिल गर्ने आयोजना प्रथम प्राथमिकता र सोभन्दा कम अङ्क प्राप्त गर्ने दोस्रो प्राथमिकतामा पर्ने उल्लेख छ। राष्ट्रिय आयोजना बैङ्कमा समावेश गरी प्रमाणीकरण भएका मध्ये ५ आयोजनाको अङ्क ७५ प्रतिशतभन्दा कम भए तापनि प्रथम प्राथमिकतामा राखी कार्यान्वयन गरेको छ। यसरी प्रथम प्राथमिकीकरणका आयोजनामा समावेश गरी कार्यान्वयन भएकामध्ये सङ्घीय मन्त्री आवास निर्माण आयोजनाको ३३.३३, प्रधानमन्त्री आवास निर्माणको ३३.३३, सङ्घीय संसद भवन निर्माण आयोजनाको ४३.७५, ललितपुरको गोदावरीमा सभाहल निर्माण आयोजनाको ५४.१६, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण आयोजनाको ५६.२५ अङ्कभार प्राप्त गरेको देखिन्छ।

४७. **भवन उपयोग** - आयोजना प्रस्ताव र छनोट गर्दा प्रदेश मुख्य मन्त्री तथा प्रदेश प्रमुखहरूका लागि सङ्घीय राजधानीमा आवास/सम्पर्क कार्यालय भवन निर्माण गर्नुपर्नाको स्पष्ट आधारहरू खुलाएको देखिँदैन। प्रदेशमा समेत सुविधा सम्पन्न आवास बन्न नसकेको अवस्थामा सीमित समय उपयोग गर्नका लागि राजधानीमा अलग-अलग १४ ब्लकका ७ वटा आवास भवन निर्माण भएको छ।

४८. **आयोजनाको पूर्व तयारी र कार्यान्यवयन** - आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ को बुदाँ नं. ६ मा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट आयोजना छनोट पूर्वको तयारीमा आयोजनाको डेस्क अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, भूमि अधिग्रहणलगायतको विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्कको व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण विवरण प्रविष्ट गरी प्रमाणित भएको हुनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायवमोजिम छन्:

४८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा बहुवर्षीय खरिद कारबाही गर्दा बजेट व्यवस्था गरेर मात्र खरिदको कारबाही सुरु गर्नुपर्ने व्यवस्था छ। विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट कार्यान्वयन गर्ने गरी भक्तपुरको मध्यपुर ठिमी नगरपालिकामा ५ हजार क्षमताको सभाहल निर्माण गर्न गुरुयोजना तथा आर्किटेक्चरल डिजाइन, थ्री डी नक्सा निर्माणलगायतका कार्यक्रममा रू.६१ लाख ४६ हजार खर्च भएकोमा उक्त आयोजना निर्माणमा बजेट व्यवस्था भएको छैन।

४८.२ वातावरण संरक्षण ऐन, २०७६ को दफा १० मा वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपछि आयोजनाले प्रस्ताव कार्यान्वयन गर्नु पूर्व वातावरणीय व्यवस्थापन योजना तयार गरी वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरूमध्ये आयोजनाको सुरुवाती चरणमा, कार्यान्वयन चरणमा तथा आयोजना सम्पन्न भएपछि अवलम्बन गर्नुपर्ने उपायहरू उल्लेख गरी कार्ययोजना बनाई कार्यान्वयन गनुपर्ने व्यवस्था छ। वातावरणीय अध्ययन कार्यका लागि सम्झौता भएकोमा ३ हजार सिट क्षमताको सभाहल ललितपुरको गोदावरीमा निर्माण सम्पन्न भएको, प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय र सङ्घीय मन्त्री आवास निर्माण सम्झौता भएको ३ वर्षपछि र सङ्घीय संसद भवन निर्माण सम्झौता भएको करिब ४ वर्ष ९ महिनापछि प्रतिवेदन स्वीकृत भएको छ।

४८.३ सङ्घीय मन्त्री निवास निर्माणका चरणमा रातिको समयमा निर्माण सामग्री ढुवानी गर्दा ध्वनि प्रदूषण भएको तथा बस्तीको बाटो बिग्रेको भनी निर्माणस्थल वरपरका बासिन्दाले पटक-पटक अवरोध गरेको

कारणसमेतबाट आयोजना सम्पन्न हुन ढिलाइ भएको बेहोरा म्याद थपको निर्णयबाट देखिन्छ। वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको वातावरणीय प्रतिकूलता न्यूनीकरण उपायअन्तर्गत ध्वनि प्रदूषण कम गर्न रातीको समयमा निर्माण कार्य गर्न प्रतिबन्ध लगाउने उल्लेख छ। यसरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भएका विषय र ठेक्का कार्यान्वयनसम्बन्धी निर्णयहरूमा एकरूपता कायम भएको छैन।

४८.४ विभिन्न निर्माण कार्यको खरिद सम्झौता गर्दा निर्माण कम्पनीले प्रारम्भिक वातावरणीय मूल्याङ्कन तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न वास्तविक खर्चको बिल भरपाईका आधारमा भुक्तानी लिने गरी प्रोभिजनल सममा निश्चित रकम व्यवस्था गर्ने गरेको छ। सोहीबमोजिम सङ्घीय संसद भवन कार्यको खरिद सम्झौतामा रू.१ करोड, सङ्घीय मन्त्री आवास निर्माण कार्यको सम्झौतामा रू.३० लाख, प्रदेश प्रमुख/मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण सम्झौतामा रू.३० लाख, सङ्घीय मन्त्री आवास निर्माण दोस्रो फेज निर्माण कार्यको सम्झौतामा रू.५० लाख र चण्डीदल गणको भवन निर्माण कार्यको सम्झौतामा रू.५५ लाख प्रोभिजनल सममा राखेको छ। ती आयोजनाहरू सम्पन्न तथा निर्माणको अन्तिम चरणमा पुगदासमेत वातावरणीय प्रभाव न्यूनीकरणसम्बन्धी कार्य गरी उक्त रकम खर्च गरेको देखिएन।

पूर्व तयारीको कार्यसम्पन्न भएपछि मात्र बजेट व्यवस्था हुनुपर्ने, आयोजना कार्यान्वयनका विभिन्न चरणमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कनका कार्य गर्न समयमै प्रतिवेदन प्राप्त गरी सोहीबमोजिम सम्झौता कार्यान्वयन गरी आयोजना छनौट तथा कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ।

४९. **निर्माण स्थलको तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्थापन नभई खरिद कार्य सुरु गर्न नहुने उल्लेख छ।यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

४९.१ सङ्घीय संसद भवन निर्माणको लागि निर्माण व्यवसायीसँग २०७६।०६।१६ मा सम्झौता भएकोमा सुरुवातमा २५ प्रतिशत मात्र साइट उपलब्ध भएको र सुरु कार्य तालिकाको ४२ प्रतिशत समय व्यतीत भएपछि मात्र ९९ प्रतिशत साइट उपलब्ध भएको, विद्युतीय ट्रान्सफर्मर नसारेको, रिटेनिङ्ग वालको परिवर्तित डिजाइन समयमै स्वीकृत नभएको र ठेक्का कार्यान्वयनसम्बन्धी आवश्यक निर्णय र निर्देशन सम्बन्धमा समयमा निर्णय नभएको लगायतका कारणले कार्य तालिकाअनुसार निर्माण कार्य नभएको उल्लेख छ। सम्झौता भएको ३.५ महिनापश्चात् समन्वय कार्यालयले निर्माणस्थलमा रहेका सरकारी कार्यालयहरू अन्यत्र सारी निर्माणस्थल खाली गरीदिन आवश्यक पहल गरिदिन शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरेको छ।

४९.२ ललितपुर जिल्लाको भैंसेपाटीमा सङ्घीय मन्त्री आवास निर्माणको लागि छुट्याइएको जग्गामध्ये दक्षिण-पश्चिम भागमा स्थानीयको जग्गासँग जोडिएको सडकको चौडाइ ५ मिटर रहेकोमा आयोजनाको जग्गातर्फ विस्तार गरी ११ मिटर पुऱ्याउनुपर्ने माग राखी स्थानीय बासिन्दाले अवरोध गरेका कारण बाउन्ड्री वाललगायतका कार्यहरू हुन सकेको छैन। प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माणस्थलमा रहेको मन्दिर संरक्षण गर्नुपर्ने र मन्दिर परिसरको जग्गा आयोजना बाहिर राख्नुपर्ने स्थानीय बासिन्दाको माग रहेकोले मन्दिर परिसरसँग जोडिएको क्षेत्रमा बाउन्ड्री वाललगायतका निर्माण कार्य हुन नसकेको बेहोरा आयोजनाले उल्लेख गरेको छ।

निर्माण कार्य सुरु हुनु अगाडि नै सम्पूर्ण निर्माणस्थलको व्यवस्था गरी खरिद व्यवस्थापन गर्नतर्फ ध्यान दिनुपर्दछ ।

५०. **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ तथा नियमावली, २०६४ को नियम १२०(१) मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ। विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट सञ्चालित ७ आयोजनामा ५० प्रतिशतभन्दा बढी अवधि म्याद थप भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५०.१ सङ्घीय संसद भवन निर्माण कार्य तीन वर्षभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कार्यालयले तीन पटक गरी १८ महिना म्याद थप गरेको छ। म्याद थप गर्नुपर्ने मुख्य कारणहरूमा समयमा साइट उपलब्ध गराउन नसक्नु, कोभिड माहामारी, विषयगत संसदीय समितिको निर्देशनअनुसार डिजाइन परिवर्तन तथा थप कार्य, वर्षात्, आम निर्वाचनलगायतका कारण उल्लेख छ। म्याद थप अवधिमा कार्यक्रमको भौतिक प्रगति दुई तिहाइ मात्र रहेको छ। म्याद थप भएको अवधिमा पनि निर्माण व्यवसायीले आवश्यक मात्रामा कामदार परिचालन नगर्दा तथा कार्यतालिकाबमोजिम दुई सिफ्टमा काम गर्नुपर्नेमा सोसमेत नगरेको कारण निर्धारित समयमा कार्य सम्पन्न हुन सकेको छैन।

५०.२ सङ्घीय मन्त्री आवास निर्माण कार्यक्रम २ वर्षभित्र सम्पन्न गर्ने गरी कार्यतालिका स्वीकृत भएको छ। सडक विवाद तथा रातिको समयमा कार्य सञ्चालन गर्दा स्थानीयको अवरोध, साइट प्राप्त गर्न लागेको अधिक समय तथा ढल निकास नभएकोले साइटमा पानी जम्मा हुने गरेको लगायतका कारण देखाई आयोजनाले तीन पटक गरी १८ महिना म्याद थप गरेको छ। म्याद थप भएको अवधि समाप्त हुँदासम्म ९२ प्रतिशत निर्माण सम्पन्न भएको छ।

कोभिड-१९ महामारीबाट परेको असरबाहेक काबु बाहिरको परिस्थिति मान्न सकिने पर्याप्त आधार कारण बेगर म्याद थप गर्दा आयोजनाको लागत बढ्ने, निर्धारित समयमा भवनलगायतका पूर्वाधार उपलब्ध नहुँदा र वैकल्पिक व्यवस्था गर्दा लागत वृद्धि हुने देखिन्छ। निर्माण स्थलमा हुने अवरोध समाधान र आवश्यक समन्वय गरी सम्झौताको शर्तबमोजिम आयोजना सम्पन्न हुनुपर्दछ।

५१. **कमिसन र बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोबिलाइजेशन र डिमोबिलाइजेसन खर्च, बीमा, परामर्शदातालाई दिनुपर्ने सुविधाबापतका कार्यहरू, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज बिल्ट नक्सा, कार्यसम्पादन जमानतको कमिसन खर्च आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने उल्लेख छ। यस प्रकारका खर्चहरूको लागत अनुमान तयार गर्न कठिन हुने हुँदा प्रोभिजनल सममा राखी वास्तविक खर्चको आधारमा भुक्तानी दिने अभ्यास रहिआएको छ। आयोजनाले सङ्घीय संसद भवन, मन्त्री आवास, प्रदेश प्रमुख तथा मुख्य मन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय र प्रधानमन्त्रीको आवास भवन निर्माण गर्ने कार्यहरूको खरिद सम्झौता गर्दा बैङ्क जमानतको कमिसन तथा बीमाको रकमलाई प्रोभिजनल सममा समावेश नगरी प्रतिस्पर्धा हुने आइटममा समावेश गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५१.१ सङ्घीय संसद भवन निर्माणको लागत अनुमानमा कार्यसम्पादन जमानतको बैङ्क कमिसन रू.१ करोड १० लाख २५ हजार उल्लेख गरेकोमा निर्माण व्यवसायीले उक्त आइटममा रू.३१ करोड ३५ लाख ३४ हजार उल्लेख गरी बोलपत्र पेस गरेअनुसार उक्त रकम भुक्तानी भएको छ । साथै बैङ्क कमिसनमा मूल्य अभिवृद्धि कर नलाग्नेमा सो आइटमसमेतको मूल्य अभिवृद्धि कर रू.४ करोड ७ लाख ५९ हजार भुक्तानी भएको छ। त्यसै गरी सङ्घीय मन्त्री आवास निर्माण कार्यको लागत अनुमानमा बैङ्क जमानतबापत कमिसन रू.१ लाख ६० हजार समावेश भएकोमा निर्माण व्यवसायले कबोल गरेअनुसार रू.३० लाख भुक्तानी भएको छ ।

५१.२ सङ्घीय संसद भवन निर्माण कार्यको खरिद सम्झौताअनुसार निर्माण कार्य तथा जनशक्तिसमेतको बीमा बापत निर्माण व्यवसायीले कबोल गरेअनुसार रू.७९ लाख ४९ हजार १४२ भुक्तानी भएको छ। निर्माण व्यवसायीले पेस गरेको बीमासम्बन्धी कागजातअनुसार निर्माण तथा जनशक्तिको बीमा गरी जम्मा रू.३० लाख ८९ हजार मात्र प्रिमियम तिरेको देखिन्छ। यसरी बीमालाई प्रतिस्पर्धात्मक आइटममा राखी दररेट माग गरेका कारण रू.४८ लाख ५९ हजार थप भुक्तानी भएकोछ।

बैङ्क कमिसन तथा बीमालाई प्रोभिजनल समको रूपमा नराखी प्रतिस्पर्धात्मक मूल्य अङ्कित गर्ने गरी बोलपत्र आह्वान गरेकोले ती आइटममा निर्माण व्यवसायीले अस्वाभाविक रकम कबोल गर्ने गरेको तर वास्तविक खर्च न्यून हुने, मूल्य अभिवृद्धि नलाग्ने आइटममा समेत मूल्य अभिवृद्धि कर भुक्तानी दिनुपर्ने लगायतका जोखिमहरू रहेका छन्। बैङ्क कमिसन, बीमा खर्च जस्ता विषयहरूलाई प्रोभिजनल सममा समावेश गरी वास्तविक लागत खर्चमात्र भुक्तानी हुने गरी सम्झौता गर्नुपर्दछ ।

५२. **बहुतले भवन** - पन्ध्रौं योजनामा भवन निर्माण सम्बन्धी कार्यनीतिले बहुतले भवन निर्माण सम्बन्धी प्रविधिबारे अनुसन्धान तथा विकास गरी यस्ता भवन निर्माण गर्न प्रोत्साहन गर्ने, सरकारी तथा निजी स्तरबाट नयाँ भवन निर्माण गर्दा परम्परागत प्रविधि र स्थानीय वास्तुकलालाई प्रोत्साहन गर्ने उल्लेख गरिए तापनि विशेष भवन निर्माण आयोजनाबाट सञ्चालित सङ्घीय संसद निर्माणअन्तर्गत राष्ट्रिय सभा, प्रतिनिधी सभा, संसदीय समितिका कार्यालय, संसद सचिवालय, संसदीय दलका कार्यालयलगायत ११ भवन निर्माणधीन छन्। त्यसैगरी प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास एवं सम्पर्क कार्यालयको लागि ७ वटा भवन र सङ्घीय मन्त्री निवासको लागि अलग अलग २७ वटा भवन निर्माण भइरहेको छ। बहुतले भवन निर्माण गरी एकीकृत रूपमा व्यवस्थापन गर्न सकिने कार्यालय तथा आवास निर्माण गर्दा उल्लिखित नीति कार्यान्वयन भएको देखिँदैन। सरकारी नीतिअनुरूप बहुतले भवन निर्माण गर्नुपर्दछ।

सङ्गठित संस्था, अन्य संस्था र समिति

काठमाडौं उपत्यका विकास प्राधिकरण

काठमाडौं उपत्यकामा नगरहरूको पुनः निर्माण, विस्तार र विकासका साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार २०६९ वैशाख १ मा यस प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणबाट भौतिक योजना तर्जुमा गर्ने, दीर्घकालीन अवधारणा तयार गर्ने, भवन मापदण्ड तयार गर्ने, सडक विस्तार गर्ने र जग्गा एकीकरण गर्ने कार्य भइरहेका छन्।

५३. **साँवा ब्याज फिर्ता** - काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्था अनुसार नेपाल सरकारसँग प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा रू.१ अर्ब ५९ करोड २ लाख ८८ हजार ऋण लिई १३ आयोजनामा ऋण लगानी गरेको देखिन्छ। यो वर्षसम्म ब्याज रू.४९ करोड ६१ लाख ३८ हजार रहेकोमा सोमध्ये रू.१४ करोड भुक्तानी गरेकाले तिर्न बाँकी ब्याज रू.३५ करोड ६१ लाख ३८ हजारसमेत रू.१ अर्ब ९४ करोड ६४ लाख २६ हजार अर्थ मन्त्रालयलाई फिर्ता गर्नुपर्नेमा गरेको छैन। सम्झौता गर्दा फिर्ता गर्नुपर्ने मिति उल्लेख गरेको पाइएन। उक्त रकम फिर्ता हुनुपर्दछ।

५४. **उठाउन बाँकी ऋण -** प्राधिकरणले यस वर्षसम्म २ नगर विकास समिति र ११ जग्गा एकीकरण आयोजनालाई ऋण लगानीतर्फको साँवा रू.९७ करोड १८ लाख २५ हजार र ब्याज रू.४८ करोड ८२ लाख ७ हजारसमेत रू.१ अर्ब ४६ करोड ३२ हजार फिर्ता लिन बाँकी रहेको देखिन्छ। सम्झौतामा साँवा ब्याज असुली अवधि उल्लेख गरेको देखिँदैन। प्राधिकरणले आवश्यक कारबाही गरी ऋणको साँवा ब्याजसहितको रकम उठाउनुपर्दछ।

५५. **संस्थागत समन्वय** - काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ को नियम ४ मा प्राधिकरणले भौतिक विकास योजना तथा आयोजना सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित निकाय स्थानीय तह तथा अन्य संस्थासँग समन्वय गरेर मात्र कार्य गर्नुपर्ने उल्लेख छ। स्थानीय तह, विभिन्न संस्थान तथा आयोग, सडक विभाग, खानेपानी, विद्युत, टेलिकम आदिको क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारमा दोहोरोपनाको कारणले कार्यान्वयन तहमा समस्या रहेको छ। एक निकायले निर्माण कार्य सम्पन्न गर्नासाथ अर्को निकायले सोही स्थानमा अर्को निर्माण कार्य गर्ने साथै विभिन्न निकायले एक अर्का निकायबीच समन्वय नगरी निर्माणजन्य कार्य गर्दा काममा दिगोपन नहुने, खर्चको उपादेयता नहुने र सर्वसाधारणलाई अवागमनमा कठिनाइ हुने अवस्था छ। कानुनी व्यवस्थाको विविधीकरणले प्राधिकरणको काम, कर्तव्य र अधिकार पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन। प्राधिकरणले उक्त निकायहरूसँग समन्वय गरी संयोजनकारी भूमिका निर्वाह गर्नुपर्दछ।

५६. **स्मार्ट सिटीको कार्यान्वयन** - नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भई नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा ४ स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रू.१६ करोड २६ लाख ५३ हजार खर्च भएकोमा कुनै पनि योजना कार्यान्वयनमा आएको छैन। वर्षौंसम्म योजना कार्यान्वयन नहुँदा समय तथा लागत बढ्ने हुनाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउनुपर्दछ।

५७. **बाहिरी चक्रपथ निर्माण -** व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गरी जनजीवनलाई सहजीकरण गर्ने उद्देश्यले २०५८ मा अवधारणा ल्याएकोमा २२ वर्ष व्यतीत भइसक्दा सम्भाव्यता अध्ययनबाहेक अन्य कार्य भएको छैन। बाहिरी चक्रपथ विकास आयोजनामा यो वर्षसम्म रू.१४ करोड ८४ लाख ५७ हजार खर्च भएको र ५० मिटर फराकिलो तथा ७१.९६ किलोमिटर लम्बाइको सडकको लागि प्रति आना रू.५ लाखको दर राखी २०६०।६१ मा रू.५६ अर्बको लागत अनुमान

स्वीकृत भएकोमा हालको जग्गाको मूल्यअनुसार करिब रू.३ खर्बभन्दा बढी रकम जग्गा अधिग्रहणमा मात्र खर्च हुने देखिन्छ। आयोजनामा वर्षेनी २ स्थायी तथा १० करारसमेत १२ कर्मचारीको लागि तलब भत्ता, सेवा सुविधा तथा प्रशासनिक खर्च हुने गरेको भए तापनि भौतिक पूर्वाधारको कार्य भएको छैन।

५८. **काठमाडौं उपत्यका बृहत्तर गुरुयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श खरिदको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिएर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले काठमाडौं उपत्यकाको बृहत्तर गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न रू.८ करोड ९९ लाख ८४ हजारको लागत अनुमान स्वीकृत गरी रू.७ करोड ४९ लाख ८४ हजारमा कार्य सम्पन्न गर्ने गरी एक परामर्शदातासँग २०७९।८।९ मा सम्झौता गरेको छ। उक्त सम्झौताको कार्यावधि २०८०।११।९ सम्म रहेकोमा यो वर्ष रू.४ करोड ६४ लाख १२ हजार खर्च भएको छ। उक्त कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको आधार लिएको छैन।

त्यसै गरी संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन,२०७७ को दफा १३ मा संघ प्रदेश र स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्नुपर्ने व्यवस्था छ। उक्त गुरुयोजना कार्यान्वयन गर्ने मुख्य गरी स्थानीय तह र अन्य सङ्घीय एवं प्रदेश सरकार अन्तर्गतका निकाय हुने हुँदा सम्बद्ध निकायसँग समन्वय गरेको छैन। प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रको गुरुयोजना तयार गर्ने, शहरी विकास तथा भवन निर्माण विभागलगायतले समेत क्षेत्रगत विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने हुँदा समग्र उपत्यकालाई समेटेर बनाइएको गुरुयोजना कार्यान्वयनमा दोहोरोपना हुन सक्ने देखिन्छ। गुरुयोजना कार्यान्वयनको लागि बजेट व्यवस्थापनसमेत भएको देखिएन। लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग गर्नुपर्ने र विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा अन्तरनिकाय समन्वय कायम गर्नुपर्दछ।

५९. **धोबीखोला करिडोर आयोजना -** काठमाडौंको बुढानीलकण्ठ नगरपालिकामा रहेको खैरो पुलदेखि काठमाडौं महानगरपालिकाको बागमती दोभानसम्म धोबीखोलाको दुवै किनारामा लिङ्करोड तथा ढल निर्माण गरी नदीलाई स्वच्छ र सफा राख्न सहयोग पुऱ्याउनुका साथै मध्य काठमाडौंदेखि उत्तर काठमाडौंसम्मको आवागमनमा सहजता ल्याउने उद्देश्यले २०५९ देखि धोबीखोला सुधार आयोजना सञ्चालनमा आएको छ। आयोजनाको कार्य २०७८।७९ सम्म सम्पन्न हुनुपर्नेमा २०७९।८० सम्म ९७.२३ प्रतिशत भौतिक प्रगति भएको छ। नीलो पुल क्षेत्रमा घर जग्गाको मुआब्जा र क्षतिपूर्ति दिनुपर्ने भएकोले सडक ट्रयाक खोल्न बाँकी रहेको र मुआब्जा वितरणका लागि मन्त्रालयमा रकम माग पठाएको देखिए पनि हालसम्म सोसम्बन्धी कारबाही भएको देखिएन। बुढानीलकण्ठ नगरपालिका वडा नं २ को भू-बनावट कमजोर रहेका कारण ९ मिटर चौडाइ भएको ३९३.०५ मिटर लम्बाइको सडक ट्रयाक खोल्न बाँकी रहेको देखिन्छ। निर्माण गरिएका स्थानमा अन्य निकायबाट विद्युत, खानेपानी लगायतको निर्माण कार्य हुँदा सडकमा खाडल भएको, न्यूनतम रूपमा नदीको चौडाइ कायम नराख्दा नदी छेउछाउका घर बस्ती डुबानमा पर्ने गरेको छ। नदीको न्यूनतम चौडाइ कायम गर्दै नदी बहाव व्यवस्थित गरी बाँकी संरचना निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

शहरी क्षेत्रमा आवासको लागि परियोजना सञ्चालन गरी योजनाबद्ध बस्ती विकास गर्ने उद्देश्यले यस कम्पनीको स्थापना भएको हो। नेपाल पुनर्वास कम्पनीको रूपमा स्थापित भई २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गरेको यो कम्पनी २०४६ मा ग्रामीण आवास कम्पनी र २०६९।३।२८ देखि राष्ट्रिय आवास कम्पनी लिमिटेडको रूपमा सञ्चालनमा रहेको छ।

६०. **सञ्चालक समिति** - कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन हुने सञ्चालक समितिमा कम्तीमा ६ देखि बढीमा ११ जनासम्म सञ्चालक भएको सञ्चालक समिति रहने व्यवस्था छ। जसमा तालुक मन्त्रालयको सिफारिसमा नेपाल सरकारले नियुक्त गर्ने अध्यक्ष, नेपाल सरकारले तोकेबमोजिमका सदस्य रहने व्यवस्था छ। सर्वसाधारण शेयरधनीको तर्फबाट २ जना सञ्चालक नियुक्त गर्ने व्यवस्था भए तापनि हालसम्म सर्वसाधारणमा शेयर जारी नभएको कारण सो नियुक्ति गरिएको छैन। हाल अध्यक्षसहित ६ सदस्यीय सञ्चालक समिति रहेको छ जसमा अर्थ मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि विभाग, वन तथा भू-संरक्षण विभाग र सहरी विकास तथा भवन निर्माण विभागको प्रतिनिधित्व रहेको छ ।

६१. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - कम्पनीको वासलातअनुसार शेयर पुँजी रू.५ करोड २० लाख, जगेडा तथा कोषहरू रू.२ अर्ब ३१ करोड ९४ लाख, चालु दायित्व रू.९ करोड ७ लाख र व्यवस्था रू.७१ लाखसमेत कुल पुँजी र दायित्व रू.२ अर्ब ४६ करोड ९२ लाख रहेकोमा खुद चल सम्पत्ति रू.१२ करोड ७ लाख, लगानी रू.६ करोड ८२ लाख, स्थगन कर सम्पत्ति रू.१ करोड ३६ लाख र चालु सम्पत्ति रू.२ अर्ब २६ करोड ६७ लाख रहेको छ। कम्पनीको नाफा नोक्सान हिसाबअनुसार यो वर्षको बिक्री आम्दानी रू.९ करोड ३४ लाख र अन्य आम्दानी रू.१ करोड ५७ लाखसमेत जम्मा आम्दानी रू.१० करोड ९१ लाख रहेकोमा बिक्री लागत रू.३ करोड ९ लाख, प्रशासनिक खर्च रू.८ करोड १० लाख र ह्रास कट्टी रू.४१ लाखसमेत कुल खर्च रू.११ करोड ६० लाख हुन गई रू.६९ लाख सञ्चालन नोक्सानी रहेको छ।

६२. **पुँजी संरचना** – कम्पनीको शेयर पुँजी रू.५ करोड २० लाखमध्ये नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रू.१ करोड ८० लाख, वन तथा भू-संरक्षण विभाग रू.१ करोड ७० लाख र कृषि विभागको रू.१ करोड ७० लाख रहेको छ ।

६३. **आयको लेखाङ्कन** - नेपाल लेखामान-१८ अनुसार वस्तु बिक्रीबाट प्राप्त हुने आम्दानीलाई खरिदकर्तामा स्वामित्व र जोखिमको प्राप्ति र बिक्रेताबाट प्रभावमूलक नियन्त्रण कायम नहुने अवस्था सिर्जना भएपछि आयको लेखाङ्कन गर्नुपर्दछ। तर कम्पनीले उक्त लेखामान विपरीत बोलपत्रद्वारा बिक्री गरिने जग्गाको हकमा खरिदकर्ताले कबोल गर्ने बित्तिकै र फुटकर बिक्री गरिने जग्गाको हकमा मालपोत कार्यालयमा खरिदकर्ताको नाममा लालपुर्जाको लागि कार्यालयले सिफारिस पठाएपछि आय लेखाङ्कन गर्ने गरेको पाइयो। यसरी स्वामित्व हस्तान्तरण नभई यो वर्ष आय लेखाङ्कन गरेको रू.९ करोड ३४ लाखको लेखामानअनुरूप देखिँदैन।

६४. **शुल्क भुक्तानी -** नेपाल सरकारको २०५० पौष २२ को निर्णयअनुसार सरकारबाट प्राप्त कार्यादेशको आधारमा फुटकर जग्गा बिक्री गरी जग्गाधनी पुर्जाको लागि सिफारिस गर्दा सिफारिस शुल्क ५० प्रतिशत रकम नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम कम्पनीले हालसम्म नेपाल सरकारलाई बुझाउनुपर्ने रू.३६ लाख २४ हजार दायित्वको रूपमा लेखाङ्कन गरे तापनि सरकारी कोषमा दाखिला गरेको छैन। निर्णयअनुसार उक्त रकम सरकारी खातामा दाखिला गर्नुपर्दछ।

६५. **जग्गा अतिक्रमण -** कम्पनीको योजना कार्यालय, कञ्चनपुरको ५ कित्ताको करिब ४२ हजार ८४२ वर्गमिटर, बर्दियाको ५ कित्ताको करिब २९ हजार ३१५ वर्गमिटर, नवलपरासी बर्दघाट सुस्तापूर्वको २ कित्ताको करिब ७ हजार ३६४ वर्गमिटर र झापाको १ कित्ताको करिब २६४ वर्गमिटर गरी ७९ हजार ७८५ वर्गमिटर जग्गा विभिन्न व्यक्ति तथा संस्थाद्वारा अतिक्रमण गरेको पाइयो। उक्त अतिक्रमित जग्गाहरू नियन्त्रणमा लिनुपर्दछ।

६६. **जग्गा मूल्याङ्कन -** कम्पनीले योजना कार्यालय, नवलपरासीअन्तर्गतको जग्गाको मूल्य आफ्नो सम्पत्ति खातामा रू.३० करोड ७२ लाख लेखाङ्कन गरेकोमा जग्गा मूल्याङ्कन प्रतिवेदन, २०६९ अनुसार उक्त जग्गाको मूल्य रू.३४ करोड ८४ लाख रहेको छ। जग्गा मूल्याङ्कन प्रतिवेदनभन्दा कम लेखाङ्कन गर्नुको आधार र कारण प्राप्त हुन नसकेकोले कम्पनीको वासलातले यथार्थता चित्रण गरेको छैन।

६७. **अख्तियारी** - योजना कार्यालय, नवलपरासीको योजना प्रमुखलाई एक मुद्दाको सम्बन्धमा प्रदान गरेको अख्तियारीपत्रमा अदालतमा उपस्थित भई म्याद बुझ्नेलगायत कम्पनीको हितमा हुने गरी मात्र आवश्यक काम कारबाही गर्न उल्लेख गरी अख्तियारी प्रदान गरेकोमा निजले २०७४।९।१२ मा १५ कठ्ठा जग्गा वादीलाई नामसारी गर्ने गरी मिलापत्र गरेको पाइयो। यसरी कम्पनीको हित विपरीत योजना प्रमुखले आफ्नो अख्तियारीभन्दा बाहिर गई गरेको मिलापत्रको विरूद्धमा कम्पनीले २०७९।१।१४ मा नवलपरासी जिल्ला अदालतमा मुद्दा दर्ता गरेको छ।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

पशुपति क्षेत्रलगायत बागमती नदीको वातावरण सुधार गर्ने उद्देश्यले मन्त्रिपरिषद्को निर्णयअनुसार अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन भएको हो। एकीकृत कार्यक्रमको लागि रू.२१ अर्ब १ करोड ४ लाखको लागत अनुमान तयार भई २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्ष रू.१ अर्ब ९० करोड ५३ लाखसमेत यो वर्षसम्म रू.२१ अर्ब २० करोड २५ लाख खर्च भएको छ।

६८. **कार्ययोजना कार्यान्वयन -** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६७।४।२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ वर्षे कार्ययोजनाको समाप्ति पश्चात् समितिको कार्यअवधि २०८३ असार मसान्तसम्म स्वीकृत भई आयोजना सञ्चालन भइरहेको छ। बागमती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोला क्षेत्रमा गरिने निर्माण कार्यमा ७७.६५ किलोमिटर नदी तटबन्धमध्ये ७३.२८ किलोमिटर, ४८.८१ किलोमिटर सडकमध्ये ३२.५६ किलोमिटर, ९१.२९ किलोमिटर ढलमध्ये ८८.६३ किलोमिटर निर्माण भएको छ। आयोजनाबाट नदी सौन्दर्यीकरण कार्यक्रमअन्तर्गत ११ स-साना बाँध निर्माणको कार्यसम्पन्न भएको, साइकल ट्रयाक निर्माण, नदीको दुबै किनारामा पार्क निर्माण, वृक्षारोपण लगायतका कार्य भइरहे तापनि कार्ययोजनाले तय गरेका मुख्य क्रियाकलापहरूमध्ये धाप बाँध निर्माण सम्पन्न भएको, शिवपुरी राष्ट्रिय निकुञ्जभित्र नागमती बाँध निर्माणको लागि वातावरणीय अध्ययन

(ईआइए) को चरणमा रहेको देखिन्छ। बागमती नदी किनाराको थापाथलीदेखि टेकु दोभानसम्म रहेका २८ पुरातात्त्विक एवं ऐतिहासिक सम्पदाहरू २०७२ सालको भू-कम्पबाट क्षति भएकोले सोको पुनर्निर्माण गर्ने लक्ष्य रहकोमा १७ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको, वर्षाको पानी सङ्कलनमार्फत भूमिगत पानी रिचार्ज गर्न पोखरीहरूको पुनर्स्थापना गर्ने, भूमिगत पानी रिचार्ज गर्ने, भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने, सहायक नदीहरूमा ढल प्रशोधन गर्ने कार्यक्रम रहेकोमा टुकुचामा निर्माण प्रक्रिया अगाडि बढे तापनि अन्य नदीमा प्रशोधन केन्द्रहरू निर्माण कार्य अगाडि बढेको छैन। आयोजना तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

६९. **बागमती नदी सफाइ -** बागमती नदी किनारलाई सफा र स्वच्छ राख्न राज्यका उच्च पदस्थ पदाधिकारी, विभिन्न क्षेत्रका अगुवा, नागरिक समाज लगायतको सहभागितामा प्रत्येक हप्ता बागमती नदी सफाइ अभियान सुरु भई यस वर्ष ३५ पटकसमेत ५३१ औं पटक उक्त अभियान सञ्चालन भएको समितिको अभिलेखबाट देखिन्छ। सोसम्बन्धी खर्चको अभिलेख राखेको देखिएन। कार्ययोजना अद्यावधिक नभएको, समितिको बैठक नियमित बस्न नसकेको, सम्बन्धित निकायहरूबीच उचित समन्वयको अभाव रहेको, फोहरमैला व्यवस्थापनसम्बन्धी प्रभावकारी कानुनको अभावलगायत कारणले अपेक्षित उपलब्धि हासिल गरेको देखिँदैन। प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन गरी सफाइ अभियानलाई प्रभावकारी बनाउनुपर्दछ।

७०. **जग्गा अतिक्रमण -** बागमती सभ्यता र नदी तथा किनारासमेतको उचित संरक्षण र विकासका लागि नदीको दायाँ बायाँ ढल र करिडोर सडक तथा किनारामा सौन्दर्यीकरणका लागि पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण, तटबन्ध निर्माण र सरसफाइलगायतका कार्य रहेको समितिको मुख्य कार्य क्षेत्र बागमती नदी रहेको छ। आयोजनाबाट अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउने सम्बन्धमा दीर्घकालीन समाधानको विकल्प खोजी उक्त कार्यका लागि गठित समितिले २०७९।५।२२ मा पेस गरेको प्रतिवेदन अनुसार उपत्यकाभित्रका नदी किनारमा ३ हजार ४९६ घरधुरी अव्यवस्थित बसोबास गरिरहेको उल्लेख छ। बाग्मती नदीको सिनामंगल, थापाथली एवं अन्य सहायक नदीको आसपासलगायतका स्थानमा जग्गा अतिक्रमण हुँदा करिडोर तथा तटबन्ध निर्माण कार्य अगाडि बढ्न सकेको देखिएन।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र

७१. **भाडा बक्यौता -** अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको उत्तर पश्चिम कुनामा रहेको व्यापारिक भवनको दोस्रो र तेस्रो तलामा बहालमा रहेको एक रेष्टुरेन्टसँग २०५८।५।८ मा सम्झौता भएकोमा उक्त सम्झौता नवीकरण गरी सञ्चालनमा रहँदै आएको छ। उक्त रेष्टुरेण्टसँग यस वर्षको रू.९३ लाख ६० हजारसमेत रू.३ करोड ६७ लाख ८२ हजार घरबहाल, विद्युत तथा पानी महसुल असुल गर्न बाँकी रहेको हुँदा सम्झौता अनुसार बक्यौता रकम असुल गर्नुपर्दछ।

नगर विकास समिति

बढ्दो जनसङ्ख्या तथा शहरीकरणको चुनौतीलाई सामना गर्न दिगो तथा योजनाबद्ध रूपमा नगर विस्तार र विकासको साथै नयाँ नगरको निर्माण गरी नगरबासीलाई आवश्यक सेवा सुविधा पुऱ्याउन नगर विकास समिति ऐन, २०४५ बमोजिम नगर विकास समितिको गठन हुने व्यवस्था छ।

७२. **नगर विकास समिति -** नगर विकास ऐन, २०४५ (संशोधन २०७५ समेत) अनुसार गठन भएको नगर विकास समिति सङ्गठित संस्था हुने र यसको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। साविकमा नगर विकास समितिको गठन केन्द्र सरकारबाट हुने व्यवस्था भएकोमा नगर विकास ऐनको संशोधनले सम्बन्धित स्थानीय तहको प्रमुखको अध्यक्षतामा प्रत्येक स्थानीय तहमा नगर विकास समितिको व्यवस्था गरेको र नेपाल सरकार (माननीय मन्त्रीस्तर) को २०७६।६।१५ को निर्णयअनुसार साविकका सबै ३३५ नगर विकास समितिलाई सोही अनुसार सञ्चालन गर्ने गरी मन्त्रालयले २०७६।८।२२ मा सबै समितिलाई निर्णयको जानकारी गराएको छ। उक्त अवधिमा २०७४।११।३० सम्म मन्त्रालयमा ३३५ नगर विकास समिति गठन भएको देखिन्छ। उल्लिखित कानुनी व्यवस्था र परिपत्र अनुसार उक्त समितिहरूको हालको सञ्चालन अवस्था सम्बन्धमा मन्त्रालयबाट समेत यकिन गर्नुपर्ने अवस्था देखिएको छ। स्थानीय तहमा विज्ञ जनशक्तिको उपलब्धता नहुने, उक्त नगर विकास समितिले फरक फरक मापदण्डहरू तयार गर्ने र पूर्वाधार विकासका मापदण्डहरू नगरपालिकाअनुसार फरक फरक हुने हुँदा शहरीकरणको योजना निर्माण एवं कार्यान्वयनमा एकरूपता कायम गर्न शहरी विकास मन्त्रालयलाई शहरी विकाससम्बन्धी मापदण्ड अनुगमन तथा कार्यान्वयन गराउन आवश्यक कानुनी सुधार हुनुपर्दछ।

नगर विकास कोष

नगरको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०४५ बमोजिम नेपाल सरकारको रू.१ करोड २९ लाख इक्विटी प्राप्त गरी नगर विकास कोष समितिको स्थापना भएको थियो। उक्त नगर विकास कोषले हाल नगर विकास कोष ऐन, २०५३ बमोजिम एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाको रूपमा कार्य गर्दै आएको छ।

७३. **वित्तीय स्थिति र सञ्चालन नतिजा -** कोषको २०८० आषाढ मसान्तमा शेयर पुँजी रू.२ अर्ब ७६ करोड ३० लाख, नियन्त्रित कोष रू.२ अर्ब ८ करोड ८० लाख, विशेष कोष रू.१५ करोड २७ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.१ अर्ब ८३ करोड ४१ लाख रहेको देखिन्छ। ऋण दायित्व रू.७ अर्ब १६ करोड १६ लाख, चालु कर दायित्व रू.२ करोड ७७ लाख, अवितरित अनुदान रू.३ करोड ६२ लाख, अन्य दायित्व रू.५१ लाख गरी जम्मा दायित्व रू.७ अर्ब २३ करोड ६ लाख रहेको छ। स्थिर सम्पत्ति रू.१४ करोड ५७ लाख, मुद्दती लगानी रू.२ अर्ब २५ करोड, नगरपालिकालाई ऋण तथा पेस्की रू.१० अर्ब १७ करोड ४३ लाख, कर्मचारी कर्जा रू.२ करोड ६ लाख, बैङ्क मौज्दात रू.१ अर्ब २३ करोड ९१ लाख, स्थगन कर सम्पत्ति रू.१८ करोड ९५ लाख र अन्य सम्पत्ति रू.४ करोड ९२ लाख गरी जम्मा सम्पत्ति रू.१४ अर्ब ६ करोड ८४ लाख रहेको देखिन्छ। गत वर्ष रू.२० करोड ५९ लाख नाफा रहेकोमा यस वर्ष रू.१६ करोड ६७ लाख नाफा भएको छ।

७४. **शेयर र ऋण हिसाब** - कोषले यस वर्षसम्म नेपाल सरकार र दातृ निकायसँग ऋण सम्झौता गरी रू.६ अर्ब ६३ करोड २८ लाख ऋण लिएको देखिन्छ। नेपाल सरकारबाट विगत वर्षदेखि कोषका विभिन्न आयोजनाहरूमा गरिएको शेयर तथा ऋण लगानी हिसाबमा सार्वजनिक ऋण व्यवस्थापन

कार्यालयको हिसाबसँग कोषको हिसाब फरक देखिएकोले हिसाब मिलान तथा फरफारक गर्न समिति गठन भएपनि शेयर तथा ऋण हिसाब मिलान गरी मौज्दात यकिन गरेको छैन।

७५. **ऋण लगानी** - कोषले नगरपालिका एवम् आयोजनालाई प्रवाह गरेको ऋण २०८० आषाढ मसान्तसम्म रू.१० अर्ब १७ करोड ४३ लाख रहेको छ। सोमध्ये ४४ नगरपालिका तथा खानेपानी उपभोक्ता समितिसँग भाखा नाघेको साँवा रू.७१ करोड १४ लाख र ब्याज रू.३३ करोड ९७ लाख रहेको छ। कोषले ऋण लगानी गरेका नगरपालिका तथा उपभोक्ता समितिको ऋण सम्झौता अवधि सकिएसँगै सबै ऋण चुक्ता हुनुपर्दछ।

७६. **अवकाश कोष** - कोषले कर्मचारीको सञ्चित बिदा र मेडिकल खर्चबापत नागरिक लगानी कोषमा रू.९ करोड दाखिला गरेको छ। तर नागरिक लगानी कोषको खाताअनुसार कोषले रू.८ करोड ४७ लाख मात्र दाखिला गरेको हिसाब देखिएकोले रू.५३ लाख फरक रहेको छ। उक्त हिसाब मिलान हुनुपर्दछ।

अनुगमन र बेरुजु

- **अनुगमन** - विगतको प्रतिवेदनमा उल्लेख भएका बेहोरामध्ये विभागीय जनशक्तिबाट कार्य नगराई परामर्शदाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी मापदण्ड तर्जुमा नभएको, निर्मित संरचनाको अभिलेख नराखेको, बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, नेपाल सरकारको ऋणको साँवा ब्याज चुक्ता नगरेको, जग्गा एकीकरण विकासमा ऋणलगानी गरेको असुल नगरेको, टुक्रा पारी खरिद गरेको लगायतका बेहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ। विगतका बेहोरा पुनारावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६० निकायमा रू.९८ करोड ६७ लाख १२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.६ करोड ५७ लाख ८ हजार फर्स्यौट गरेकोले रू.९२ करोड १० लाख ४ हजार बाँकी रहेको छ। सोमध्ये रू.१३ करोड ९७ लाख ५० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था र समिति १४ मा रू.१४ करोड ४१ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.२ लाख ३२ हजार फर्स्यौट गरेकोले रू.१४ करोड ३९ लाख ४४ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रू.१ करोड ६६ लाख ९० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालय र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र सङ्गठित संस्थासमेत ५१८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत ८८ कार्यालयको निम्नानुसार रू.४० अर्ब ५५ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३६३३३८	१३६१३	१३०२३	१५३००	४०५५७४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रू.१६ अर्ब ६९ करोड ४६ लाख समावेश गरिएको छैन। यो वर्ष २०७७।७८ र २०७८।७९ को ३ कार्यालयको बक्यौता लेखापरीक्षण रू.२६ करोड ७३ लाख समावेश छ। यो वर्ष २ कार्यालयको रू.२१ करोड ८३ लाख लेखापरीक्षण गर्न बाँकी रहेको छ।

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष ३२२ संस्थाको रू.८१ अर्ब ११ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष सङ्गठित संस्थातर्फ १०५ कार्यालयको लेखापरीक्षण बाँकी रहेको छ।

३. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका कार्यक्रममध्ये शिक्षासँग सीप अभियान अन्तर्गत प्राविधिक विषयको स्नातक तह र अन्य विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई स्थानीय तहको योजना निर्माण र ग्रामीण विकासमा योगदान गर्ने गरी न्यूनतम ९० दिन स्वयंसेवामा लगाउन सम्बन्धित विश्वविद्यालयले आवश्यक व्यवस्था मिलाउने, नयाँ र उदीयमान विषयमा स्वदेशभित्रै अध्ययनको अवसर प्रदान गरी उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति न्यून गर्न सार्वजनिक निजी साझेदारी अवधारणामा अन्तर्राष्ट्रियस्तरको सूचना प्रविधि अध्ययन प्रतिष्ठान स्थापना गर्न सहजीकरण गरिने, खगोलशास्त्रसम्बन्धी ज्ञान तथा मनोरञ्जनको लागि सरकारी तथा सार्वजनिक जग्गा एकीकृत गरी काठमाडौं महानगरपालिकाको सहकार्यमा बहुउपयोगी प्लानिटेरियम पार्कसहितको संरचना निर्माण गरिने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको छैन। बजेटले निर्दिष्ट गरेअनुरूपका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन** - आवधिक योजनामा तोकिएका सूचकलाई वार्षिक बजेटबाट सम्बोधन हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पन्ध्रौं योजनामा रहेका सूचकमा २०७९।८० को लक्ष्य प्रगति देहायअनुसार छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	लक्ष्य २०७९।८०	प्रगति
	खुद भर्ना दर				
१	माध्यमिक तह (९—१२)	प्रतिशत	४६	६०	५७.४
२	उच्च शिक्षाको कुल भर्ना दर	प्रतिशत	१२	२०	१७.७
	कक्षा ८ को निम्ति सिकाइ उपलब्धि (औसत)				
३	गणित	स्कोर	३५	६०	३८.६७
४	नेपाली	स्कोर	४८	६२	४९.०९
५	अग्रेजी	स्कोर	४१	६०	४९.९
६	विज्ञान	स्कोर	४९	६०	४५.०७
७	काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसख्या	प्रतिशत	३१	४५	३८
	पेशागत तालिम प्राप्त शिक्षक				
८	आधारभूत तह (१—८)	प्रतिशत	७६.६	९७	७८.१
९	माध्यमिक तह (९—१२)	प्रतिशत	७७.१	९७	७९. ०१
१०	गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पस	सङ्ख्या	३०	१६०	९२
११	स्वच्छ पानी तथा सरसफाई सुविधा सहित शौचालय निर्माण भएका विद्यालय	प्रतिशत	५९	८५	७१.६
१२	इन्टरनेट सुविधा पुगेका विद्यालय	प्रतिशत	२८	८०	५२.८
१३	उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	२३	३१	२०.७२
१४	माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	१०	२२	२.७
१५	प्रदेश स्तरमा विधि विज्ञान प्रयोगशाला स्थापन	सङ्ख्या	-	६	४

उल्लिखित तालिकाअनुसार उच्च शिक्षाको कुल भर्नादर १७.७ प्रतिशत, काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या ३८ प्रतिशत, उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात २०.७२ र माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपाततर्फ २.७ प्रतिशतमात्र प्रगति देखिएको छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्च, माध्यमिक तह (९-१२) मा छात्रवृत्ति पाउने विद्यार्थी र विज्ञान अध्ययन केन्द्र स्थापनालगायतका सूचकको प्रगति उल्लेख गरेको छैन। कार्ययोजना बनाई आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** सन् २०१६ देखि २०३० सम्मको लागि संयुक्त राष्ट्रसंघबाट निर्धारित दिगो विकासका लक्ष्यअन्तर्गत समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको अवसरहरू प्रवर्धन गर्ने उल्लेख छ। त्यसका लागि प्राथमिक शिक्षा खुद भर्ना दर, बजेट, प्राथमिक शिक्षामा कक्षा पूरा गर्ने दर, महिला शिक्षकको अनुपात, इन्टरनेट जडान भएका विद्यालय प्रतिशत, प्रारम्भिक बाल शिक्षामा कुल भर्ना दर, उच्च शिक्षामा कुल भर्ना अनुपात, प्राविधिक तथा व्यावसायिक तालिम लिएको जनसङ्ख्या प्रतिशत, लैङ्गिक समता सूचकाङ्क, गणितीय सीप तथा साक्षरता दर, लैङ्गिक विकास तथा मानव पुँजी सूचकाङ्क, पानी तथा सरसफाइको सुविधा भएका आधारभूत विद्यालय तथा अपाङ्गमैत्री विद्यालय सङ्ख्या र तालिम प्राप्त योग्य शिक्षकहरूको आपूर्ति उल्लेखनीय रूपमा वृद्धि गर्नेलगायतका ४७ सूचकमा आधाररेखा र सूचकाङ्क निर्धारण गरेको छ। सन् २०२३ को दिगो विकासका सूचकमा विद्यालयमा विद्युतीकरण, ब्रोडब्याण्ड इन्टरनेट पहुँचलगायतका सूचकमा लक्ष्यबमोजिम उपलब्धि हासिल भएको छैन। युवा तथा वयस्कको लागि प्राविधिक तथा व्यावसायिक तालिम, काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या, मानव सम्पति

सूचक र लैङ्गिक विकास सूचकमा उपलब्धिको विवरण तयार नगरेकोले सोसम्बन्धी प्रगतिको विश्लेषण गर्न सकिएन। दिगो विकास लक्ष्य हासिल हुने गरी तोकिएको कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायको बजेट खर्चको स्थिति निम्नानुसार छः

(रू.हजारमा)

क्र.सं.	कार्यक्रम	खुद बजेट	खर्च	खर्च प्रतिशत
१	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	११३६८७६०	५५८५९४५	४९.१३
२	पुस्तकालयहरू ३ (नेपाल राष्ट्रिय, केशर, डिल्ली रमण पुस्तकालय)	१३४७००	३४३०५	२५.४७
३	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	५६७२५०	४३७८	०.७७
४	शिक्षा तथा मानवस्रोत विकास केन्द्र	१२७५५४२	९७९६७	७.६८
५	विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रस्तर)	९५५८६८	२८६२७५	२९.९४
६	उच्च शिक्षाको उत्कृष्टताको प्रवर्धन कार्यक्रम	१४९०६००	७९१५३०	५३.१०
७	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)	१४०९६००	६०९८४९	४३.२६
८	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	४३९८३२	२१६०७६	४९.१३

उल्लिखित तालिकाअनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको ०.७७, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको ७.६८, पुस्तकालयको २५.४७, विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रस्तर) को २९.९४, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ४९.१३, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको ४९.१३, उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रमको ५३.१० र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को ४३.२६ प्रतिशत वित्तीय प्रगति हासिल भएको देखिन्छ।

मन्त्रालयले कार्यान्वयन गर्ने ११६ क्रियाकलापको लागि रू.१ अर्ब १५ करोड ७४ लाख ६० हजारको बजेट स्वीकृत भएकोमा २८ क्रियाकलाप कार्यान्वयन गरी रू.१ करोड ३८ लाख ६० हजार (१.२० प्रतिशत) खर्च गरेको छ। रेडियोधर्मी पदार्थ तथा स्रोतको नियमनका लागि नियमनकारी निकायको स्थापना तथा सञ्चालन, माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि सीपमूलक तालिम सञ्चालनलगायतका ८८ कार्यक्रम कार्यान्वयन गरेको छैन। स्वीकृत कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य पूरा गर्नुपर्दछ।

७. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** यो वर्ष २ हजार ५२ सामुदायिक विद्यालयमा चार कोठे भवन र दुई कोठे भवन निर्माण, १ हजार ४५२ सामुदायिक विद्यालयमा आईसीटी ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना र १०० सामुदायिक विद्यालयमा पढ्दै कमाउँदैलगायतका कार्यक्रमका लागि रू.८ अर्ब ८७ करोड १५ लाख बजेट विनियोजन भई रू.६ अर्ब १४ करोड ८८ लाख ५ हजार वित्तीय हस्तान्तरण गरेको देखिन्छ। विद्यालयलाई निकासा दिएको खर्च रकमको अनुगमन हुनुपर्दछ।

८. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित २०७९।८० को प्राविधिक सहायतासम्बन्धी विवरणमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत ३८ परियोजनाका लागि १४ विकास साझेदार संस्थाबाट यो वर्ष रू.३ करोड ६५ लाख ३६

हजार अमेरिकी डलर बराबरको रू.४ अर्ब ८१ करोड ४३ लाख ४९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोग एकीकृत वित्तीय विवरणमा समावेश गरी लेखापरीक्षणका लागि पेस भएको छैन। प्राविधिक सहायताको लेखाङ्कन र अभिलेख अद्यावधिक गरी लेखापरीक्षण गराउनुपर्दछ।

९. **विद्यालयको समायोजन र दरबन्दी मिलान** - सार्वजनिक विद्यालय समायोजन तथा एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ मा विद्यालय आवत जावत गर्न लाग्ने समय, विद्यार्थी सङ्ख्या, जनसङ्ख्या, ठूला विद्यालय सञ्चालन गर्न विद्यालयको स्तरवृद्धि गर्नेलगायतका आधारमा विद्यालय समायोजन भएमा प्रोत्साहन स्वरूप रू.२५ लाखदेखि रू.६० लाखसम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यविधिबमोजिम सार्वजनिक विद्यालयहरूको नक्साङ्कन गरी विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरेको देखिएन। अतः विद्यालय शिक्षामा बालबालिकाको पहुँचलाई सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षामा भएको लगानीलाई मितव्ययी रूपमा अधिकतम उपलब्धि हासिल हुने गरी विद्यालयहरूको समायोजन एवं शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ।

१०. **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

प्रदेश	शिक्षक-विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	१७.२	३६.५	३४.१	११३.९
मधेस	५५.२	११५.४	७८.७	१३८.९
बागमती	१५.८	३४.६	२८.४	९०.७
गण्डकी	११	२६.८	२२.३	६४.३
लुम्बिनी	२९.४	६३.६	५०.९	१२७.१
कर्णाली	२८.७	६८.५	६६.०	९३.८
सुदूरपश्चिम	२७.३	६०	५४.५	६०
औसतमा कुल	**२६.३७**	**५७.९१**	**४७.८४**	**९८.३८**

प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात औसतमा आधारभूत तहको कक्षा १-५ मा २६.३७, कक्षा ६-८ मा ५७.९१, माध्यमिक तहको कक्षा ९-१० मा ४७.८४ र कक्षा ११-१२ मा ९८.३८ रहेको छ। हिमाल, पहाड, तराई खुल्नेगरी शिक्षक विद्यार्थी अनुपातको विवरण अद्यावधिक नगरी प्रदेशगत रूपमा गरेकोले शिक्षक विद्यार्थीको अनुपात विश्लेषण गर्न सकिएन।

११. **परीक्षा नतिजा** - शैक्षिक सत्र २०७९ मा कक्षा १० को माध्यमिक शिक्षा (एस.ई.ई.) परीक्षामा सहभागी कुल विद्यार्थी ४ लाख ८४ हजार ९२४ मध्ये १३ हजार ९८७ विद्यार्थीको नतिजा रोकिएको र बाँकी विद्यार्थी ४ लाख ७० हजार ९३७ मध्ये ४.७७ प्रतिशतले मात्र ३.६ देखि ४ जी.पी.ए.सम्म प्राप्त गरेका छन्। गत वर्ष परीक्षामा सहभागी ४ लाख ७३ हजार १११ विद्यार्थीमध्ये २.०४ प्रतिशतले मात्र ३.६ देखि ४ जी.पी.ए.सम्म प्राप्त गरेको देखिन्छ। शैक्षिक वर्ष २०७८ तथा २०७९ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसार रहेको छः

क्र.सं.	जी.पी.ए.	२०७८ को नतिजा	२०७९ को नतिजा	कुलको तुलनामा २०७८ को जी.पी.ए.प्रतिशत	कुलको तुलनामा २०७९ को जी.पी.ए.प्रतिशत
१	०.८ देखि १.१९ सम्म	३२८०	२२००	०.६९	०.४६
२	१.२ देखि १.५९ सम्म	४४५८६	३८७६९	९.४२	८.२३
३	१.६ देखि १.९९ सम्म	१००५९४	८८४४५	२१.२६	१८.७७
४	२ देखि २.३९ सम्म	११२७३३	१०२२८८	२३.८३	२१.७१
५	२.४ देखि २.७९ सम्म	९०७५८	८९३३१	१९.१८	१८.९५
६	२.८ देखि ३.१९ सम्म	६९९००	७२३६१	१४.७८	१५.४२
७	३.२ देखि ३.५९ सम्म	४१६२७	५५०६८	८.८०	११.६९
८	३.६ देखि ४ सम्म	९६३३	२२४७५	२.०४	४.७७
	जी.पी.ए. प्राप्त जम्मा संख्या	**४७३१११**	**४७०९३७**	**१००.००**	**१००

एस.ई.ई.परीक्षाको नतिजाअनुसार २०७८ को तुलनामा २०७९ मा विद्यार्थी सङ्ख्या समग्रमा घटेको देखिन्छ। नतिजातर्फ न्यून जी.पी.ए.(०.८ देखि २.७९ सम्म) प्राप्त गर्नेको सङ्ख्या घटेको तथा (२.८ देखि ४ सम्म) प्राप्त गर्नेको सङ्ख्या बढेको देखियो।

१२. **निःशुल्क शिक्षा -** शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २० मा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ। राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक तहका विद्यार्थीबाट रजिष्ट्रेसन, परीक्षा, प्रमाणपत्र लगायतका शीर्षकमा यो वर्ष पनि शुल्क सङ्कलन गरेको छ।

१३. **उच्च शिक्षा** - मन्त्रालयबाट विश्वविद्यालयसम्बन्धी नीति, कानुनको निर्माण, मापदण्ड निर्धारण, अनुगमन लगायतका कार्यसम्पादन हुने गरेको छ। नेपालमा ११ विश्वविद्यालय मातहत १ हजार ४४७ क्याम्पसमा सेवा करारका समेत १० हजार २१३ प्राज्ञिक जनशक्ति कार्यरत रहेको छ। विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनरत कुल ५ लाख ७९ हजार विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७८.७१ प्रतिशत, अन्य १० विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २१.२९ प्रतिशत रहेका छन्। विश्वविद्यालयमा अध्ययन गर्नेमध्ये साधारण विषय अध्ययन गर्ने ८०.२८ र प्राविधिक विषय अध्ययन गर्ने १९.७२ प्रतिशत रहेका छन्। साधारण विषयमध्ये व्यवस्थापनतर्फ ४४.४१ प्रतिशत, शिक्षातर्फ २१.५४ प्रतिशत, मानविकी १०.५४ प्रतिशत र अन्य सङ्कायतर्फ ३.७९ प्रतिशत रहेका छन्। प्राविधिक धारमा विद्यार्थीको प्राथमिकता रहे तापनि विज्ञानमा ७.९३, इन्जिनियरिङमा ०.०८ र मेडिकलमा ५.२ प्रतिशत मात्र भर्ना भएका छन्। मन्त्रालयले जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तयार गरेको छैन। सीपमूलक शैक्षिक कार्यक्रमको न्यूनताले गर्दा शैक्षिक बेरोजगारको सङ्ख्यामा वर्षेनी बढोत्तरी भई शिक्षातर्फको लगानीले उचित प्रतिफल दिनसकेको छैन। विश्वविद्यालयहरूबाट विश्व बजारको माग र नवप्रविधिमा आधारित बायोमेट्रिक्स, बायो इन्फर्मेसन, कम्प्युटेसनल केमेष्ट्री, मेसिन लर्निङ्ग, एक्चुरियल साइन्स, आर्टिफिसियल इन्टेलिजेन्सजस्ता विषय अध्यापन हुनसकेको छैन। सीपयुक्त जनशक्ति उत्पादन गर्न कार्यक्रम सञ्चालनको दायरा बढाउनुपर्ने बेहोरा गत वर्षसमेत उल्लेख गरिएकोमा यसमा सुधार भएको देखिँदैन।

१४. **कबुलियतनामा अभिलेख** - छात्रवृत्ति ऐन, २०२१ को दफा ४ मा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले आफ्नो अध्ययन अवधि समाप्त भएको मितिले तीन महिनाभित्र प्रतिवेदन गर्नुपर्ने र प्रतिवेदन पेस भएको मितिले एक वर्षभित्र नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै संस्था वा संस्थानको कुनै पदमा पाँच वर्षसम्म सेवा गर्न लगाउने र सोबमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७१।७२ देखि २०७९।८० सम्म चिकित्साशास्त्र, वनविज्ञान, इन्जिनियरिङ, कृषि लगायतका विभिन्न तह तथा

विषयमा स्वदेश तथा वैदेशिक छात्रवृत्तिमा अध्ययनार्थ ४ हजार ३१५ विद्यार्थी मनोनयन गरेकोमा ती विद्यार्थीले अध्ययन अवधि समाप्त भएको प्रतिवेदन नगरेको, मन्त्रालयले छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूले अध्ययन अवधि पूरा गरेको र वैदेशिक छात्रवृत्तिमा अध्ययन गरिसकेपछि स्वदेश फर्के नफर्केको अभिलेख राखी कबुलियतनामाअनुसार सेवा गराउने व्यवस्था मिलाएको देखिएन।

सङ्घीय सरकारदेखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्न छात्रवृत्तिमा अध्ययन गरेका जनशक्तिलाई सरकारले परिचालन गर्नसकेको छैन। छात्रवृत्तिमा अध्ययन गरी फर्केका व्यक्तिहरूको कबुलियतनामा अभिलेख राखी सेवा गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५. **वैदेशिक अध्ययन** - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विगत ३ वर्षमा विदेश अध्ययन गर्न जाने विद्यार्थीलाई स्नातक तह वा सोभन्दा कमको लागि १ लाख ९३ हजार २५६ र स्नातकोत्तर वा सोभन्दा माथि ३२ हजार ५१४ समेत २ लाख २५ हजार ७७० विद्यार्थीलाई नो अब्जेक्सन लेटर जारी गरेको देखिन्छ। यसरी विदेशिएको जनशक्ति अध्ययन पूरा गरी न्यून सङ्ख्यामा नेपाल फर्केको देखिएको छ। विगत ३ वर्षमा मन्त्रालयबाट नो अब्जेक्सन लेटर जारी भएका बाहेक पनि अनौपचारिक क्षेत्रबाट विदेश पलायन हुने विद्यार्थीको सङ्ख्या अझै बढिरहेको अवस्था छ। विश्व बजारमा अवसर प्राप्त गर्ने पाठ्यक्रम एवं शिक्षाको विकास गरी मुलुकको शैक्षिक व्यवस्थालाई प्रभावकारी बनाउन एवं प्रतिभा पलायन हुन नदिने गरी राज्यले नीतिगत रूपमा सम्बोधन गरी विश्व बजारको मागअनुसारको जनशक्ति स्वदेशमा नै उत्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६. **शैक्षिक परामर्श सेवा** - शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७३ मा भएको व्यवस्थाबमोजिम १ हजार ४७३ शैक्षिक परामर्श सेवा प्रदायक कम्पनी मन्त्रालयमा दर्ता भएकोमा संघ र प्रदेशको क्षेत्राधिकार स्पष्ट नभएको उल्लेख गरी २०७५।४।१४ को सचिवस्तरीय निर्णयबाट नवीकरण र नयाँ दर्ता स्थगित भएको छ। ती कम्पनीहरूको नवीकरण वापत प्राप्त हुने राजस्व प्रतिवर्ष रू.४४ लाख १९ हजारका दरले ४ वर्षको रू.१ करोड ७६ लाख ७६ हजार प्राप्त हुन सकेको छैन। नवीकरण र नयाँ दर्ता स्थगित भएको अवस्थामा पनि ती कम्पनीहरू सञ्चालन भइरहेको देखिएकोले यस सम्बन्धमा देखिएको अन्यौलताको निरूपण हुनुपर्दछ।

१७. **मनसायपत्र** - निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ बमोजिम एक वर्षे अवधिका लागि शर्तसमेत तोकी मनसायपत्र लिएका शिक्षण संस्थाले कार्यक्रम सञ्चालन गर्न नसकेमा एक वर्ष म्याद थप गर्नसक्ने गरी बढीमा ५ पटकसम्म म्याद थप गर्न सकिने व्यवस्था छ। मनसायपत्र लिएका ५० शिक्षण संस्थामध्ये २८ संस्थाले २०७५।७६ मा मनसायपत्र नवीकरण गरी म्याद थप गरेकोमा तत्पश्चात नवीकरण नगरेको, २२ संस्थाले दर्ता पश्चात् मनसायपत्र नवीकरण नगराएको अवस्था छ।

१८. **छात्रा शिक्षा कोष** - छात्रा शिक्षा कोष कार्यान्वयन कार्यविधि, २०६२ मा सामुदायिक विद्यालयका कक्षा ११/१२ र विश्वविद्यालय तहमा अध्ययन गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ। यो वर्षसम्म कोषमा रहेको रकम खर्च नभई रू.४६ करोड ८६ लाख ६९ हजार मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्न गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत छ। उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।

१९. **केन्द्र तथा निकाय स्थापना** - रेडियोधर्मी पदार्थ उपयोग तथा नियमन ऐन, २०७७ को दफा ५४ (१) मा नेपाल सरकारले पारमाणविक पदार्थसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि पारमाणविक अनुसन्धान केन्द्र स्थापना गर्नसक्ने व्यवस्था छ। हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराउने जग्गामा उक्त केन्द्र स्थापना गर्ने र तारबार तथा वातावरणीय अध्ययन गर्ने प्रयोजनको लागि यो वर्ष रू.३६ लाख विनियोजन भएकोमा जग्गा उपलब्ध नभएकोले सो कार्य हुनसकेको छैन। यस्तै सोही ऐनको दफा ४(१) बमोजिम रेडियोधर्मी स्रोतसम्बन्धी अभ्यास, क्रियाकलाप वा संयन्त्रको नियमनका लागि आवश्यक योजना र कार्यक्रम तर्जुमा गर्ने, रेडियोधर्मीको स्रोतको अभिलेख राख्ने, रेडियोधर्मी स्रोत नेपालमा वा नेपालको भू-भाग हुँदै निकासी वा पैठारी गर्ने प्रयोजनका लागि इजाजतपत्र लिन पूरा गर्नुपर्ने शर्त र प्रक्रियासम्बन्धी काम गर्ने नियमनकारी निकायको स्थापना हुनसकेको छैन। नेपालमा प्राकृतिक रूपमा उपलब्ध हुनसक्ने रेडियोधर्मी एवं पारमाणविक पदार्थको विस्तृत अध्ययन, अनुसन्धानबाट आकलन गर्न नसकिएको, रेडियोधर्मीको उपयोगबाट स्वास्थ्य, कृषि, पशु, उद्योग, पुरातात्त्विक वस्तुको संरक्षण, भूमिगत जलस्रोत एवं भौतिक पूर्वाधार विकास र खाद्य पदार्थको सुरक्षित भण्डारणको लागि अध्ययन अनुसन्धान कार्य हुनसकेको छैन। ऐनको व्यवस्थाबमोजिम अनुसन्धान केन्द्र तथा नियमनकारी निकाय स्थापना हुनुपर्दछ।

२०. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कार्यालयले कुनै संघ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालय अनुदान आयोगबाट यो वर्ष काठमाडौं विश्वविद्यालयलाई रू.२१ करोड ९० लाख र सामुदायिक क्याम्पसहरूलाई रू.२७ करोड ८० लाख ३८ हजार अनुदान दिएकोमा खर्चको विवरण, प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुनुपर्दछ।

२१. **गैरसरकारी संस्थालाई अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(३) मा आर्थिक सहायता वा अनुदान दिन बजेट पेस गर्दा लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियमबमोजिम अनुदान दिने हो प्रष्ट खुलासा गर्नुपर्ने व्यवस्था छ। सोअनुसार मन्त्रालयको कार्य क्षेत्रसँग सम्बन्धित हुने र शिक्षा विज्ञान तथा प्रविधिको विकासमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गरिने क्रियाकलापको लागि मात्र अनुदान दिनुपर्नेमा एक गैरसरकारी संस्थालाई एक राजनैतिक व्यक्तित्वको विचारसँग सम्बन्धित कार्यहरू सम्पन्न गर्न गत विगतमा रू.५ करोड पुँजीगत र यो वर्ष पुनः सशर्त अनुदानबाट रू.५ करोड निकासा दिएकोमा सोको उपयोग सम्बन्धमा मन्त्रालयले अनुगमन मूल्याङ्कन गरेको छैन। मन्त्रालयको कार्यक्षेत्र बाहिरको विषयमा समेत अनुदान दिएकोले यस्तो अनुदानमा नियन्त्रण हुनुपर्दछ।

त्यस्तै मन्त्रालयले काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयलाई खर्चका क्षेत्र नतोकी रू.५० लाख र मदन पुरस्कार पुस्तकालयलाई रू.४० लाखसमेत रू.९० लाख सचिवस्तरीय निर्णयबमोजिम अनुदान उपलब्ध गराएको छ। मन्त्रालयले उपलब्ध गराएको अनुदान रकमको उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ।

२२. **पुस्तकालय भवन निर्माण** - काठमाडौँको जमलस्थित ७ रोपनी १५ आना ३ पैसा ३ दाम क्षेत्रफल जग्गामा राष्ट्रिय पुस्तकालय भवन निर्माण गर्न मन्त्रिपरिषद्ले २०७८।७।८ मा स्वीकृति दिएको छ। मन्त्रालयले रू.९९ करोड ४३ लाखको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अगाडि बढाएकोमा बोलपत्र कागजातमा माग भएको योग्यता नमिलेकोले संशोधन गर्न ८ निर्माण व्यवसायीले माग गरेकोमा बोलपत्र कागजात संशोधन नगरी खरिद प्रक्रिया अगाडि बढाएको देखियो। बोलपत्रमा मिलेमतो रहेको जनाई मन्त्रालयले २०७९।१।१२ मा खरिद प्रक्रिया रद्द गरेको छ। बोलपत्रदाता निर्माण व्यवसायीले खरिद प्रक्रिया रद्द गर्न नमिल्ने भनी २०७९।१।२१ मा उच्च अदालत पाटनमा निवेदन पेस गरेकोमा खरिद प्रक्रिया रद्द गर्नेगरी भएको निर्णय उच्च अदालतबाट बदर भई सार्वजनिक खरिद ऐन नियमबमोजिम गर्न उत्प्रेषण आदेश जारी भएको देखिन्छ। शहरी विकास तथा भवन निर्माण विभागले परामर्शदाताले तयार गरेको भवनको ड्रइङ डिजाइन नेपाल सरकारले २०७७।१०।८ देखि लागु गरेको मापदण्ड अनुकूल नभएकोले सोहीबमोजिम ड्रइङ डिजाइन पुनरावलोकन हुनुपर्ने राय दिएको छ। यस सम्बन्धमा अध्ययन गर्न मन्त्रालयले २०८०।६।६ मा एक समिति गठन गरेकोमा समितिले प्रतिवेदन पेस गरेको छैन।

परामर्शदाताले पर्याप्त अध्ययन विश्लेषण नगरी नक्सा, डिजाइन तयार गरेको, बोलपत्र कागजातमा बोलपत्रदाताको योग्यता, शर्त तोक्ने क्रममा पर्याप्त छलफल नभएको कारण सो सम्बन्धमा विवाद उत्पन्न भएको देखिन्छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयानुसार साबिकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएको हो। केन्द्रको मुख्य कार्य विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकास, विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्नेलगायत रहेको छ।

२३. **न्यून प्रगति** - केन्द्रको लागि यो वर्ष ४ कार्यक्रम सञ्चालन गर्न रू.२ अर्ब ६९ करोड ५ लाख ९५ हजार बजेट विनियोजन भएकोमा रू.२९ करोड २४ लाख ७९ हजार (१.०८ प्रतिशत) मात्र खर्च भएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत १३३ र शिक्षा विकास तथा मानव स्रोत केन्द्र कार्यक्रमअन्तर्गत ५६ समेत १८९ क्रियाकलापको लागि बजेट व्यवस्था भएकोमा १२९ क्रियाकलाप कार्यान्वयन गरेको छ। निर्दिष्ट लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

२४. **विद्यार्थी भर्ना** - नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारले विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायतका कार्यक्रममा वर्षेनी खर्च बढाउँदै लगेको छ। प्राप्त विवरणअनुसार विगत ५ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(सङ्ख्या हजारमा)

वर्ष	कक्षा १-५ को विद्यार्थीको सङ्ख्या		कक्षा ६-८ को विद्यार्थीको सङ्ख्या		आधारभूत विद्यालयको जम्मा विद्यार्थी सङ्ख्या			सामुदायिक विद्यालयका विद्यार्थी प्रतिशत	संस्थागत विद्यार्थी प्रतिशत
	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	जम्मा		
२०७५	२७९३	९३७	१३९४	४३१	४१८७	१३६९	५५५५	७५.४०	२४.६०
२०७६	२४७९	१०५५	१३१५	४५७	३७९५	१५१२	५३०७	७१.५०	२८.५०
२०७७	२६८८	८३४	१३८१	४३५	४०६९	१२६९	५३३९	७६.२३	२३.७७
२०७८	२५६३	९८५	१३१६	४६१	३८७९	१४४६	५३२५	७२.८४	२७.१६
२०७९	२३६९	११४९	१३२३	५२९	३६९२	१६७८	५३७०	६८.७५	३१.२५

उल्लिखित तथ्याङ्कअनुसार सामुदायिक विद्यालयको आधारभूत तहमा (कक्षा १ देखि ८ सम्म) विद्यार्थी भर्ना सङ्ख्या वर्षेनी घट्दै गएको र २०७९ मा भर्ना भएका विद्यार्थीमध्ये ३१.२ प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन्। शैक्षिक वर्ष २०७५ को तुलनामा २०७९ मा कुल विद्यार्थी सङ्ख्या ३.३३ प्रतिशतले घटेको देखिन्छ। जसमध्ये सामुदायिक विद्यालयमा ११.८२ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा २२.५७ प्रतिशतले बढेको देखिन्छ। सबै बालबालिका विद्यालयमा अनिवार्य भर्ना र निःशुल्क शिक्षाको लागि शिक्षा क्षेत्रमा सरकारी लगानी वृद्धि भइरहे तापनि सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको देखिन्छ। सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

२५. **विद्यालय र विद्यार्थी सङ्ख्या -** यो वर्षको तथ्याङ्कअनुसार पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहका ५८ हजार ५९६ विद्यालयमा ८० लाख ५७ हजार ९३० विद्यार्थी अध्यनरत छन्। ती विद्यालयमा कार्यरत शिक्षकको सङ्ख्या २ लाख ८२ हजार ५८५ रहेको छ। तहगत रूपमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र विद्यालयको अनुपात देहायअनुसार छः

विवरण	विद्यालयको प्रकार	बाल विकास/पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (कक्षा १-८)	माध्यमिक विद्यालय (कक्षा ९-१२)	कुल जम्मा
विद्यालय सङ्ख्या	सामुदायिक	३३२२४	४०९०	७०३७	४४३५१
	संस्थागत	६८९४	१५८८	४०८७	१२५६९
	अन्य	५३८	११००	३८	१६७६
	जम्मा	**४०६५६**	**६७७८**	**१११६२**	**५८५९६**
विद्यार्थी सङ्ख्या	सामुदायिक	६४४९३७	३८६२८५८	८३१४८८	५३३९२८३
	संस्थागत	५४२८८१	१५७५१७८	४४८४१२	२५६६४७१
	अन्य	२०६०७	१२८४५५	३११४	१५२१७६
	जम्मा	**१२०८४२५**	**५५६६४९१**	**१२८३०१४**	**८०५७९३०**
शिक्षक सङ्ख्या	सामुदायिक (अन्य समेत)	३३७६२	१२७२८७	३००६७	१९१११६
	संस्थागत (निजी स्रोतको सहित)	६८९४	८७९५५	३७२७६	१३२१२५
	जम्मा	**४०६५६**	**२१५२४२**	**६७३४३**	**३२३२४१**
प्रतिविद्यालय विद्यार्थीको अनुपात	सामुदायिक	१९	९४४	११८	१२०
	संस्थागत	७९	९९२	११०	२०४
	अन्य	३८	११७	८२	९०

उल्लिखित तालिकाअनुसार विद्यालय, विद्यार्थी र शिक्षकको कुल सङ्ख्यामध्ये सामुदायिकतर्फ विद्यालयको हिस्सा ७५.६९ प्रतिशत, विद्यार्थीको हिस्सा ६६.२६ प्रतिशत र शिक्षकको हिस्सा ५९.१२ प्रतिशत तथा संस्थागततर्फ विद्यालय २१.४५ प्रतिशत, विद्यार्थी ३१.८५ प्रतिशत र शिक्षक ४०.८७ प्रतिशत रहेको छ। उक्त तथ्याङ्कअनुसार पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म प्रति विद्यालय विद्यार्थी सङ्ख्या सामुदायिकमा १२०, संस्थागतमा २०४ र अन्यमा ९० रहेको छ। सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने र संस्थागत तथा सामुदायिक विद्यालयबीच शैक्षिक कार्यहरूमा सह-सम्बन्ध कायम गरी शैक्षिक गुणस्तरमा सामञ्जस्यता ल्याउन स्पष्ट नीति ल्याई कार्यान्वयन गर्नुपर्दछ।

२६. **नमूना विद्यालय -** नमूना विद्यालय विकास एवं कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबारा तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाई लगायतका कार्य गर्न छनोटमा परेका विद्यालयहरूमा नमूना विद्यालय घोषणा भई कार्यान्वयनमा रहेको छ। देशभर ११ हजार १२७ सामुदायिक विद्यालयमध्ये ४२२ विद्यालयलाई नमूना विद्यालय कार्यक्रम सञ्चालनको लागि स्थानीय तहमार्फत यो वर्ष रू.३ अर्ब १४ करोड २० लाखसमेत यो वर्षसम्म रू.१६ अर्ब ८३ करोड ७० लाख उपलब्ध गराएको छ। नमूना विद्यालयको उद्देश्य अनुरूप उक्त रकम खर्च भएको सुनिश्चितता र खर्चको प्रभावकारिता सम्बन्धमा मन्त्रालयले अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

पाठ्यक्रम विकास केन्द्र

विद्यालय शिक्षाको पाठ्यपुस्तक एवं अन्य शैक्षिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत केन्द्रको स्थापना भएको हो।

२७. **पाठ्यक्रम निर्माण तथा परिमार्जन** - पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ मा कक्षा १ देखि १२ सम्मका नयाँ पाठ्यक्रम लागु भएको सामान्यतया १० वर्ष पूरा भएपछि विकास, अद्यावधिक, परिमार्जन, परिर्वतन गर्ने उल्लेख छ। केन्द्रले यो वर्ष रू.५ करोड ४० लाख ५२ हजार खर्च गरी कक्षा ५ को लागि पाठ्यपुस्तक सुधार र प्रिन्ट रेडी कपी विकास गरेको छ भने कक्षा ४,७ र ९ का पाठ्यक्रममा आधारित विषयवस्तु समेटी शिक्षक निर्देशिका तयार गर्नेलगायतका कार्य गरेको छ। केन्द्रले कतिपय पाठ्यक्रम निर्देशिकाअनुसार हरेक १० वर्षमा पुनरावलोकन गरी परिमार्जन गरेको छैन। उक्त निर्देशिकाबमोजिम प्रत्येक १० वर्षमा पाठ्यक्रमलाई सीपमूलक र अन्तर्राष्ट्रियस्तरको बनाउन कार्ययोजना बनाई पाठ्यक्रम पुनरावलोकन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

चिकित्सा शिक्षा आयोग

शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि आयोगको स्थापना भएको हो।

२८. **विद्यार्थी भर्ना -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि निश्चित सीट सङ्ख्या तोक्ने र प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने उल्लेख छ। यो वर्ष स्नातक तहतर्फ मेडिकल र प्यारा मेडिकलसमेत १६ कार्यक्रमको लागि निर्धारित ७ हजार ७६९ सीटको लागि ३५ हजार ८८८ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई १७ हजार ८९२ उत्तीर्ण भएका र सोमध्ये ६ हजार ११६ (उत्तीर्ण सङ्ख्याको तुलनामा ३४.१८ प्रतिशत) ले भर्ना पाएको देखिन्छ। त्यस्तै स्नातकोत्तर तहतर्फ १३ कार्यक्रममा १ हजार ६८८ सीटको लागि ८ हजार ४२४ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ३ हजार ९५१ उत्तीर्ण भएको र सोमध्ये १ हजार ६८८ (उत्तीर्ण सङ्ख्याको तुलनामा ४२.७२ प्रतिशत) जनाले भर्ना पाएको देखिन्छ। प्रवेश परीक्षामा उत्तीर्ण हुनेको सङ्ख्या उल्लेख्य भए तापनि आयोगले निर्धारण गरेको सिटमध्ये स्नातक तहमा १ हजार ४ सय ९३ र स्नातकोत्तर तहमा २ सय ९ सीटमा विद्यार्थी भर्ना भएका छैनन्। बी.एस्सी.एम.आइटी. विधामा १ सय १७ सिटमध्ये ७५ मात्र भर्ना भएको र बी.एस्सी. माइक्रोबायोलोजी र बी.एस्सी. मेड.बायो. केमेस्ट्रीको ४० सीटमा विद्यार्थी भर्ना भएको पाइएन। विभिन्न कार्यक्रमको लागि निर्धारित सिटमा विद्यार्थी भर्ना नहुनाको कारण पहिचान गरी आवश्यक सुधार गर्नुपर्दछ।

२९. **छात्रवृत्ति तथा निःशुल्क शिक्षण -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सीट सङ्ख्याको कम्तीमा ७५ प्रतिशत सीट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने र सोबापत नेपाल सरकारले शिक्षण संस्थालाई एकमुष्ट अनुदान प्रदान गर्ने उल्लेख छ। आयोगले यो वर्ष २१ शिक्षण संस्थालाई रू.१ अर्ब ३५ करोड ८६ लाख ३० हजार अनुदान प्रदान गरेको छ। सोही ऐनको दफा १८ को उपदफा २(ख) मा सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहतर्फ मेडिकल तथा डेण्टल अध्ययन गर्दा नेपाली विद्यार्थीबाट शिक्षण शुल्क नलिने र त्यस्ता विद्यार्थीलाई समुचित निर्वाह भत्ता सम्बन्धित शिक्षण संस्थाले उपलब्ध गराउने व्यवस्था अन्तर्गत १५ शिक्षण संस्थालाई रू.९८ करोड २३ लाख ४९ हजार उपलब्ध गराएको देखिन्छ। तोकिएको कार्यमा खर्च गरे नगरेको अनुगमन गरी खर्च नभई मौज्दातमा रहेको रकम फिर्ता गर्नुपर्दछ।

३०. **शैक्षिक ऋण -** राष्ट्रिय चिकित्सा आयोग ऐन, २०७५ को दफा ३९ मा ऐनबमोजिम योग्यता सूचीमा परेका आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थीलाई नेपाल सरकारले निर्धारण गरेबमोजिम सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने उल्लेख छ। चिकित्सा शिक्षा प्रदान गर्ने सार्वजनिक संस्थाहरूमा निःशुल्क छात्रवृत्तिका लागि ठूलो रकम खर्च गर्नुपर्ने हालको अवस्थालाई व्यवस्थापन गर्न चिकित्सा शिक्षा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि नेपाल सरकारले बिना धितो सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयन गरेको छैन। चिकित्सा शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न समेत ऐनको उक्त व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

३१. **अध्ययन शुल्क -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ उपदफा १(क) मा शिक्षण संस्थाहरूले बढी शुल्क लिएमा सम्बन्धन खारेज गर्न सम्बन्धित विश्वविद्यालयहरूलाई लेखी पठाउने व्यवस्था छ। आयोगले २०७९।२।१७ मा २०७८।७९ को लागि स्नातक तहतर्फ १६, स्नातकोत्तर तहतर्फ ४१ र स्नातकोत्तरभन्दा माथि २ कार्यक्रमको शुल्क निर्धारण गरेको छ। निर्धारित शुल्क एम.बी.बी.एस.तर्फ उपत्यकाभित्र रू.४१ लाख ६८ हजार ९० र उपत्यका बाहिर रू.४५ लाख ९५ हजार, ७२० स्नातकोत्तरतर्फ बढीमा रू.२३ लाख ८१ हजार ७६० र स्नातकोत्तरभन्दा माथि डी.एम/एम.सी.एच.

विषयको रू.२५ लाख ९० हजार रहेको छ। तोकिएको शुल्कको अतिरिक्त थप शुल्क लिए नलिएको सम्बन्धमा आयोगले अनुगमन गर्नुपर्दछ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परीक्षा सञ्चालन तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिस गर्न आयोगको स्थापना भएको हो।

३२. **शिक्षक पदपूर्ति** - आयोगबाट यो वर्ष ११ हजार ११५ पदको लागि विज्ञापन भएकोमध्ये बढुवातर्फ १ हजार ३४७ र खुल्लातर्फ ९ हजार ७६८ रहेको छ। बढुवातर्फको नतिजा प्रकाशन भइसकेको छैन। माध्यमिक विद्यालय खुल्लातर्फ ७१८ तथा निम्न माध्यमिक विद्यालय खुल्लातर्फ १ हजार १६८ र प्राथमिक विद्यालय खुल्लातर्फ ७ हजार ८८२ पदको विज्ञापन भएकोमा सबै पदको नतिजा प्रकाशन पश्चात् सिफारिस भई सम्बन्धित विद्यालयमा पदपूर्ति भएको छ। शिक्षक किताबखानाको गत वर्षको अभिलेखमा माध्यमिक विद्यालयतर्फ १२ हजार ७२५, निम्न माध्यमिक विद्यालयतर्फ १६ हजार २२४ र प्राथमिक विद्यालयतर्फ ७८ हजार ९११ पदको अभिलेख रहेकोमा ती सबै पदमा स्थायी पदपूर्ति हुन नसकी अस्थायी/करारमा समेत कार्यरत रहेकोले रिक्त पदपूर्तिको लागि आयोगमा नपठाउने स्थिति देखिएको छ। यस सम्बन्धमा मन्त्रालयले अनुगमन गरी रिक्त पदमा स्थायी पदपूर्तिको लागि आयोगमा माग गर्ने प्रभावकारी व्यवस्था हुनुपर्दछ।

३३. **अध्यापन अनुमति** - शिक्षा ऐन, २०२८ को दफा ११(९) मा आयोगबाट अध्यापन अनुमति पत्र नलिई शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था छ। यस वर्ष निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र परीक्षामा १ लाख ८१ हजार ५६९ परीक्षार्थी सहभागी भएकोमा ३३ हजार १५८ (१८.३ प्रतिशत) र माध्यमिक तहमा ५७ हजार ५८८ सहभागी भएकोमा २३ हजार १२ (४० प्रतिशत) मात्र उत्तीर्ण भई अनुमतिपत्र प्राप्त गरेको देखिन्छ। यसरी अध्यापन अनुमति पत्रका लागि लिएको परीक्षामा समेत ज्यादै न्यून प्रतिशत उत्तीर्ण भएको सम्बन्धमा अध्ययन, विश्लेषण गरी कारण पहिचान गर्नुपर्दछ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा)

सम्वत् २०७२ वैशाखको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालयहरूको पुनर्निर्माण र मर्मत सम्भारको लागि एसियाली विकास बैङ्क, जाइकालगायतका दातृनिकायबाट प्राप्त सहायताबाट क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण गर्न गराउन २०७२ फागुनमा यो आयोजना स्थापना भई सञ्चालन भएकोमा २०७८ असोजदेखि शिक्षा मन्त्रालय मातहत केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट कार्यान्वयन भइरहेको छ। उक्त आयोजनाको अवधि २०८०।१२।१८ सम्म रहेको छ।

३४. **कार्य प्रगति** - दातृ निकायसँग भएको सम्झौताअनुसार निर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या ७५५ रहेकोमा यो वर्षसम्म ५६६ विद्यालय निर्माण सम्पन्न भई १८९ विद्यालय निर्माणाधीन अवस्थामा रहेका छन्। भारतीय एक्जिम बैङ्कसँग त्रिभुवन विश्वविद्यालयअन्तर्गतका ३८ आङ्गिक क्याम्पसको भवन निर्माणलगायत अन्य कार्यको लागि अमेरिकी डलर १७ करोड ६७ लाख २९ हजारको ऋण सम्झौता भएको देखिन्छ। उक्त ऋण रकमबाट क्याम्पस भवनलगायत अन्य कार्यसमेत गर्ने उल्लेख भएकोमा सो रकममध्ये

क्याम्पस भवन निर्माणको लागि छुट्याएको रकम यकिन नभएको, ती क्याम्पस भवन निर्माण गर्न नेपाल सरकारको स्रोतबाट रू.६ करोड ३३ लाख ५७ हजार खर्च गरी तयार भएको विस्तृत आयोजना प्रतिवेदनअनुसार करिब रू.१५ अर्ब लागत लाग्ने देखिएको छ। बैङ्कसँग भएको ऋण सम्झौता कार्यान्वयन भएको छैन।

३५. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा दातृ पक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा परामर्श सेवा खरिद गर्नुपर्ने साथै नियम ८३ मा कुनै काम गर्न उच्चस्तरको विशेषज्ञता आवश्यक परेमा र त्यस्तो विशेषज्ञता हासिल गरेका केही परामर्शदाता मात्र भएमा योग्यताको आधारमा परामर्शदाता नियुक्त गर्नसक्ने व्यवस्था छ। आयोजना कार्यान्वयन एकाइले विद्यालय भवनको ड्रइङ, डिजाइन तयार गरी निर्माण कार्यको सुपरभिजनसमेत गर्न १५ परामर्शदातासँग रू.३ अर्ब ८१ करोड ४३ लाख २२ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रू.३ अर्ब ४३ करोड ५२ लाख ३४ हजार भुक्तानी भएको छ। विद्यालय भवन निर्माण कार्यको ड्रइङ डिजाइन सुपरिवेक्षण कार्य स्वदेशी प्राविधिकहरूबाटै सम्पादन हुनसक्नेमा वैदेशिक ऋण लिई प्रति विज्ञ मासिक रू.१२ लाख ६६ हजारदेखि रू.३२ लाख ४७ हजारसम्म पारिश्रमिक र मूल्य समायोजन, थप दैनिक भत्तालगायत अन्य सुविधासमेत दिनेगरी अन्तराष्ट्रिय परामर्शदाता नियुक्ति गरेको, स्वदेशी तथा विदेशी परामर्शदाताका साथै निजामती सेवाका प्राविधिक कर्मचारीसमेत कार्यरत रहेको अवस्थामा पुनः थप ५ व्यक्तिगत परामर्शदाता राखी रू.३ करोड २० लाख १७ हजार खर्च गरेको देखिन्छ। परामर्शदातालाई सवारीसाधन भाडाबापत मात्र रू.१९ करोड ७१ लाख ७९ हजार भुक्तानी दिएको छ। यस सन्दर्भमा लिज वा खरिद शर्तमध्ये कुन मितव्ययी हुन्छ भन्ने विश्लेषण भएको देखिएन। साथै, उच्च प्राविधिक ज्ञान सीप आवश्यक पर्ने तथा प्रविधि हस्तान्तरण गर्ने कार्यमा मात्र विदेशी परामर्शदाता नियुक्ति गर्ने गरी व्यवस्था मिलाउनुपर्दछ।

३६. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) मा खरिद सम्झौतामा मूल्य समायोजन निर्धारण गर्ने सूत्र उल्लेख गर्नुपर्ने र उपनियम २(ङ) मा प्रत्येक मूल्य संरचनाको मूल्य समायोजन गर्न प्रयोग गरिने सम्बद्ध मूल्यसूची (इन्डिसेज) खुलाउनुपर्ने व्यवस्था छ। एकाइले १५ जुलाई २०२० पछि आह्वान गरेको विद्यालय तथा पुस्तकालय भवन निर्माण कार्यको बोलपत्रमा मूल्य समायोजन गर्ने प्रयोजनको लागि उपकरणको मूल्यसूचीको लागि नेपाल राष्ट्र बैङ्कले प्रकाशित गर्ने राष्ट्रिय मूल्यसूची अन्तर्गतको ट्रान्सपोर्ट, भेहिकल र मेसिनरी गुड्सको मूल्यसूची प्रयोग गर्नेगरी खरिद सम्झौता गरेको छ। उक्त मूल्यसूची नेपाल राष्ट्र बैङ्कले २०१८ जुलाईदेखि नै खारेज गरेको छ। बोलपत्र आव्हान गर्दाको बखत अस्तित्वमा नै नरहेको मूल्यसूचीअनुसार मूल्य समायोजन गर्नेगरी खरिद सम्झौता गरेको र नेपाल राष्ट्र बैङ्कद्वारा २०१८ को जुलाईदेखि प्रकाशित गरेको मेसिनरी तथा उपकरण र ट्रान्सपोर्ट उपकरण तथा पार्टस् गरी २ वटा अलग अलग मूल्यसूचीको औसत निकाली ६ निर्माण व्यवसायीलाई रू.२७ करोड ३५ लाख ९ हजार मूल्य समायोजन भुक्तानी दिएको छ। खरिद सम्झौतामा उल्लिखित मूल्यसूची अस्तित्वमा नरहेको अवस्थामा भुक्तानीका लागि अन्य मूल्यसूचीको आधार लिई मूल्य समायोजन दिन मिल्ले देखिँदैन। उपकरण प्रयोगसम्बन्धी आइटमको भारलाई हटाई मूल्य समायोजन गणना गर्दा रू.२२ करोड ९४ लाख ७२ हजार भुक्तानी दिनुपर्ने देखिन्छ। एकाइले ती निर्माण व्यवसायीलाई रू.२७ करोड ३५ लाख ९ हजार भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रू.४ करोड ४० लाख ३७ हजार र

बाँकी मूल्य अभिवृद्धि कर रू.५७ लाख २५ हजारसमेत रू.४ करोड ९७ लाख ६२ हजार असुल हुनुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारलाई परामर्श दिने, अनुदान वितरणसम्बन्धमा नीति निर्धारण गर्ने, अनुदान प्रदान गर्ने, विश्वविद्यालयबीच शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन समन्वय गर्ने, विश्वविद्यालयमा उपयुक्त शैक्षिकस्तर निर्धारण गराउने, विश्वविद्यालय र शैक्षिक संस्थाबीच विद्वतवृत्ति तथा छात्रवृत्ति आदान प्रदान गर्ने कार्यको लागि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम २०५१ सालमा यस आयोगको गठन भएको हो। आयोगले नियमिततर्फ गुणस्तर सुधार र विकासतर्फ दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत कार्यक्रम तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्दै आएको छ।

३७. **अनुदान वितरण -** विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था गरेको छ। आयोगले यो वर्ष ११ विश्वविद्यालय तथा ८ मेडिकल कलेज पूर्वाधार विकास समितिलाई निम्नानुसार रू.१५ अर्ब १० करोड ५२ लाख ९७ हजार अनुदान दिएको छ।

(रू. हजारमा)

क्र. सं.	विश्वविद्यालय	विद्यार्थी सङ्ख्या २०७८।७९	विद्यार्थी सङ्ख्या २०७९।८०	अनुदान रकम २०७८।७९	अनुदान रकम २०७९।८०	वृद्धि प्रतिशत	प्रतिविद्यार्थी अनुदान २०७९।८०
१	त्रिभुवन विश्वविद्यालय	३४७२६९	४५४,०६५	१०,०५२,९७७	१०८६६२८५	८.०९	२४
२	नेपाल संस्कृत विश्वविद्यालय	२८२८	२,३०६	८३८,११६	८५२७३०	१.७४	३७०
३	काठमाडौं विश्वविद्यालय	१६०४६	१७,९४५	२८२,०८०	२१९०००	-२२.३६	१२
४	पूर्वाञ्चल विश्वविद्यालय	२८८९६	३२,२९८	२३०,०००	२२६०००	-१.७४	७
५	पोखरा विश्वविद्यालय	३४१६६	३४,१५१	११०,०००	१६००००	४५.४५	५
६	लुम्बिनी बौद्ध विश्वविद्यालय	८२३	१२०४	२६४,०४७	१७०११८	-३५.५७	१४१
७	कृषि तथा वन विश्वविद्यालय	४२७०	४,०६६	१,०२८,५६३	१०४५२३१	१.६२	२५७
८	सुदूर पश्चिमाञ्चल विश्वविद्यालय	१०९२२	१७,६५०	४३७,५१६	४४४४२७	१.५८	२५
९	मध्य पश्चिमाञ्चल विश्वविद्यालय	११७१२	१०,५२४	५३४,१९८	४३९४२४	-१७.७४	४२
१०	नेपाल खुला विश्वविद्यालय	२९२६	१,५३३	९४,०००	९७३६०	३.५७	६४
११	राजर्षि जनक विश्वविद्यालय	४१७	५१९	८६,०८८	९०४३०	५.०४	१७४
	विश्वविद्यालयतर्फ जम्मा:	**४६०२७५**	**५७६२६१**	**१३९५७५८५**	**१४६११००५**	**४.६८**	२५
	८ पूर्वाधार समितिको जम्मा:	**-**	**-**	**१६०८६५०**	**४९४२९२**	-६९.२७	-
	कुल जम्मा:	**४६०२७५**	**४६७,५१३**	**१५,५६६,२३५**	**१५१०५२९७**	**१२.४३**	**-**

३७.१. आयोगले यो वर्ष ११ विश्वविद्यालयलाई गत वर्षको तुलनामा ४.८ प्रतिशत वृद्धि गरी रू.१४ अर्ब ६१ करोड १० लाख अनुदान वितरण गरेको छ। यद्यपि लुम्बिनी बौद्ध विश्वविद्यालयको अनुदान ३५.५७ प्रतिशतले घटेको देखिन्छ। प्रति विद्यार्थी अनुदान विश्लेषण गर्दा सबैभन्दा बढी नेपाल संस्कृत विश्वविद्यालयलाई रू.३ लाख ७० हजार र सबैभन्दा कम पोखरा विश्वविद्यालयलाई रू.५ हजार रहेको छ। विद्यार्थीको अनुपात र सञ्चालित कार्यक्रमलाई आधार बनाई मापदण्डका आधारमा अनुदान दिने नीति बनाउनुपर्दछ।

३७.२. विश्वविद्यालय अनुदान आयोग कार्यव्यवस्था नियमावली, २०६० को नियम ८.१ मा आयोगबाट अनुदान प्रदान गरिएका विद्यालय तथा शैक्षिक संस्थाको निरीक्षण समय-समयमा गर्ने गराउनेसम्बन्धी व्यवस्था

छ। आयोगले उपलब्ध गराएको अनुदान तथा अन्य कार्यक्रमसमेतको अनुगमनमा यो वर्ष रू.२७ लाख ८१ हजार खर्च गरेकोमा अनुगमन कार्यको एकीकृत प्रतिवेदन तयार गरेको देखिएन। आयोगले वितरित अनुदानको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन गरी नतिजामुखी बनाउनुपर्दछ।

३८. **भौतिक अनुदान -** विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि, २०७९।८० मा सामुदायिक क्याम्पसमा पुस्तक, फर्निचर, उपकरण र अतिरिक्त क्रियाकलापको संरचना विकास गर्नका लागि अनुदान उपलब्ध गराउने उल्लेख छ। आयोगले यस वर्ष फर्निचरको लागि रू.३ करोड ४७ लाख ४० हजार, पुस्तक खरिद गर्न रू.१ करोड ७१ लाख ४० हजार, उपकरण खरिद गर्न रू.४ करोड ९२ लाखसमेत रू.१० करोड १० लाख ८० हजार अनुदान उपलब्ध गराएको छ। स्वीकृत बजेट तथा कार्यक्रमअनुसार सम्बन्धित आर्थिक वर्षमा अनुदान खर्च हुने व्यवस्था मिलाउनुपर्नेमा आयोगले भौतिक पूर्वधारसम्बन्धी कार्य २०८० फाल्गुणसम्म सम्पन्न गर्ने गरी सम्झौता गरी सबै रकम चालु आर्थिक वर्षमा भुक्तानी दिएको देखिन्छ। चालु वर्षको अनुदान पछिल्लो वर्ष खर्च गर्ने गरी निकासा दिने परिपाटीमा नियन्त्रण गरी आर्थिक वर्षको अन्त्यमा खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

३९. **उच्च शिक्षामा विशिष्टता प्रवर्धन -** ज्ञानमा आधारित समाज र अर्थतन्त्रको विकासका लागि उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनमूलक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगारोन्मुख र समावेशी बनाउँदै लैजाने उद्देश्य पूर्तिको लागि अमेरिकी डलर ६० मिलियन ऋण सहयोगमा सेप्टेम्बर १६, २०२१ देखि उच्च शिक्षामा विशिष्टता प्रवर्धन कार्यक्रम सञ्चालन भइरहेको छ। सन् २०२६ मा सम्पन्न हुने उक्त कार्यक्रमका लागि यो वर्ष रू.१ अर्ब ४९ करोड ६ लाख बजेट स्वीकृत भएकोमा रू.७९ करोड १५ लाख ३० हजार (५३.१० प्रतिशत) निकासा प्राप्त भएको छ। प्राप्त निकासामध्ये रू.३१ करोड २२ लाख ८६ हजार (३९.४५ प्रतिशत) मात्र खर्च भएको देखिन्छ। कार्यदक्षता अभिवृद्धि गरी उद्देश्य हासिल गर्नुपर्दछ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

नेपालमा विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रवर्धन गरी प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न २०३९ सालमा प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको छ।

४०. **बजेट तथा कार्यक्रम -** प्रतिष्ठानले विज्ञान तथा प्रविधि क्षेत्रको अनुसन्धान, विकास र प्रवर्धन तथा प्राविधिक क्रियाकलाप सञ्चालनमा केन्द्रित रही स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार खर्च गर्नुपर्दछ। विगत ५ वर्षमा प्रतिष्ठानको कार्यक्रम सञ्चालन अवस्था देहायबमोजिम छः

(रकम रू.लाखमा)

क्र.सं.	आर्थिक वर्ष	कुल बजेट	कुल खर्च	कुल खर्च मध्ये			
				प्रशासनिक तथा अन्य		विज्ञान, प्रविधि र अनुसन्धान	
				खर्च	प्रतिशत	खर्च	प्रतिशत
१	२०७५।७६	३३१६	२३९१	१८३२	७६.६२	५५९	२३.३८
२	२०७६।७७	४३२४	२२१९	१५७९	७१.१६	६४०	२८.८४
३	२०७७।७८	३९०८	२४३२	१८२६	७५.०८	६०६	२४.९२
४	२०७८।७९	३३९२	२०१०	१६४३	८१.७४	३६७	१८.२६
५	२०७९।८०	४६६४	२३४१	१८९९	८१.१२	४४२	१८.८८

प्रतिष्ठानको कुल खर्चमध्ये तलब, भत्ता, ज्याला एवं प्रशासनिक तथा अन्य खर्च २०७५।७६ मा ७६.६२ प्रतिशत, २०७६।७७ मा ७१.१६ प्रतिशत, २०७७।७८ मा ७५.०८ प्रतिशत तथा

२०७८।७९ मा ८१ प्रतिशत र २०७९।८० मा ८१.१२ प्रतिशत र अध्ययन अनुसन्धान खर्च कुल खर्चको तुलनामा क्रमशः २३.३८ प्रतिशत, २८.८४ प्रतिशत, २४.९२ प्रतिशत १८.२६ प्रतिशत र १८.८८ प्रतिशत रहेको छ। प्रतिष्ठानले अध्ययन, अनुसन्धानको लागि प्राप्त बजेटको उपयोग गर्न सकेको देखिएन। अतः अध्ययन, अनुसन्धान कार्यलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन र खर्च व्यवस्थापन गर्नुपर्दछ।

त्रिभुवन विश्वविद्यालय

उच्च शिक्षाको क्षेत्रमा अध्ययन, अनुसन्धान गरी नवीनतम ज्ञान, प्रविधि र सीपको विकास गर्न उच्च शिक्षा र ज्ञानसहितको जनशक्ति उत्पादन गरी समुन्नत समाजको निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले स्वायत्त संस्थाको रूपमा २०१६ सालमा यो विश्वविद्यालय स्थापना भएको हो। विश्वविद्यालयअन्तर्गत ९ अध्ययन संस्थान, ४ संकाय, ४ अनुसन्धान केन्द्र, ६३ आङ्गिक क्याम्पस, ४० केन्द्रीय विभाग, ४ शिक्षण स्कुल र १ हजार ५४ सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्। विश्वविद्यालयअन्तर्गत १४४ खर्च एकाइले यो वर्ष रू.१९ अर्ब ४ करोड ९२ लाख खर्च गरेका छन्।

४१. **वित्तीय विवरण -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा विश्वविद्यालयले सबै आर्थिक कारोबारको केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले केन्द्रीय आर्थिक विवरण आंशिक रूपमा तयार गरी पेस गरेको छ। विश्वविद्यालय मातहतका निकायहरूले पेस गरेको वित्तीय विवरणमा भवन, सवारीसाधन, फर्निचर, उपकरण लगायत पुँजीगत सम्पत्तिको ह्रास कट्टी नगरेको, जग्गाको मूल्य समावेश नगरेको, धरौटी तथा अन्य दायित्वको एउटै शीर्षक राखेको, वित्तीय विवरणमा तुलनात्मक कारोबार नदेखाएको लगायतका कारणले प्रस्तुत वित्तीय विवरणले समग्र कारोबारको यथार्थ चित्रण गर्न नसकेको अवस्था छ। सम्पत्ति तथा दायित्वसमेतको यथार्थ कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

विश्वविद्यालयले आन्तरिक आयलाई नन्अपरेटिभ खातामा जम्मा गरी सो खाताबाट निकासा लिने नगरेको, धरौटी हिसाब छुट्टै खातामा नराखेको, अधिकांश निकायले बैङ्क हिसाब मिलान नगरेको, सम्पत्तिको भौतिक परीक्षण नगरेको, आम्दानी तथा असुलीको मूल्याङ्कन नगरेको र वार्षिक लक्ष्य तथा प्रगति प्रतिवेदन तयार नगरेको लगायतका बेहोरा गत विगत वर्षदेखि औंल्याईंदै आए तापनि सुधार गरेको छैन। प्रचलित लेखाप्रणाली तथा ढाँचामा सुधार गरी आर्थिक कारोबारलाई पारदर्शी बनाउनुपर्दछ।

४२. **दरबन्दी तथा पदपूर्ति -** विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने उल्लेख छ। विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पसमा शिक्षक ७ हजार ९३८ र कर्मचारी ८ हजार १२४ समेत १६ हजार ६२ दरबन्दी रहेकोमा शिक्षक ८ हजार १२२ तथा कर्मचारी ७ हजार ३०३ समेत १५ हजार कार्यरत रहेको देखिन्छ। कार्यरतमध्ये शिक्षकतर्फ अधिकृत तृतीय श्रेणीमा ४२८ दरबन्दी रहेकोमा दरबन्दी भन्दा ५५६ बढी कार्यरत रहेको र कर्मचारीतर्फ अधिकृत प्रथम र द्वितीय श्रेणीमा क्रमशः ७५ र २७६ दरबन्दी रहेकोमा दरबन्दी भन्दा ४३ र ९६ बढी कार्यरत रहेको देखिन्छ। त्यस्तै शिक्षक ३५.३२ प्रतिशत र कर्मचारी ३३.९९ प्रतिशत रिक्त रहेको देखिन्छ। कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारी २ हजार ८५६ (३९.१० प्रतिशत) छन्। सबै केन्द्रीय निकाय र क्याम्पसहरूको साबिकको दरबन्दीमा आवश्यकता र औचित्यको आधारमा पुनरावलोकन हुनुपर्दछ।

४३. **आन्तरिक आय तथा व्यय** - विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रू.१३ अर्ब ८७ करोड १० लाख र आन्तरिक आय रू.११ अर्ब ४७ लाखसमेत रू.२४ अर्ब ८७ करोड ५७ लाख प्राप्त गरेकोमा अनुदान रू.१० अर्ब ३७ करोड ३७ लाख र आन्तरिक आय रू.८ अर्ब ६७ करोड ५५ लाखसमेत रू.१९ अर्ब ४ करोड ९२ लाख (७६.५८ प्रतिशत) खर्च गरेको छ। आन्तरिक आयले ४५.५४ प्रतिशत मात्र खर्च धानेको स्थिति छ।

४४. **अध्ययन बिदाको अभिलेख** - विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० मा शिक्षक तथा कर्मचारीलाई बढीमा ५ वर्षसम्म अध्ययन बिदा दिन सकिने, ३ वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा ३ वर्ष र सोभन्दा बढी बिदा उपभोग गरेकाले कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष ११ शिक्षक र ३ कर्मचारीलाई छात्रवृत्तिमा र ६६ शिक्षक र २ कर्मचारीलाई आफ्नै खर्चमा अध्ययन बिदा दिएको उपलब्ध विवरणबाट देखिन्छ। विश्वविद्यालयले आफ्नै खर्चमा अध्ययन गर्न जाने शिक्षकहरूलाई समेत तलबी अध्ययन बिदा दिएको छ। साथै गत विगत वर्षमा विद्यावारिधि, एम.फिल.र स्नातकोत्तर तहमा अध्ययन गर्न अध्ययन बिदामा रहेकामध्ये बिदा सकिएपछि सेवामा फर्केका र नफर्केकाको विवरण अद्यावधिक गरेको समेत देखिएन। अध्ययन बिदामा बसेका शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गरी बिदा सकिएपछि विश्वविद्यालयको काममा फर्के नफर्केको अभिलेख दुरुस्त गरिनुपर्दछ।

४५. **विद्यार्थी भर्ना** - विश्वविद्यालयको आङ्गिक क्याम्पस ६२ र सम्बन्धन प्राप्त क्याम्पस १ हजार ६० मा अध्ययनरत विद्यार्थीको विगत ५ वर्षको तथ्याङ्क देहायअनुसार छः

क्र.सं.	अध्ययन संस्थान संकाय	२०७४।७५ विद्यार्थी सङ्ख्या	२०७५।७६ विद्यार्थी सङ्ख्या	२०७६।७७ विद्यार्थी सङ्ख्या	२०७७।७८ विद्यार्थी सङ्ख्या	२०७८।७९ विद्यार्थी सङ्ख्या
१	इन्जिनियरिङ	१३५८६	२६२५६	२७५७७	३२४८८	२९०७२
२	कृषि तथा वन विज्ञान	१९६५	२७९८	१६६२	४२३६	२५९६
३	चिकित्साशास्त्र	५०६४	१०८८५	७५१९	८८८९	१००४९
४	वन विज्ञान	१८२८	१९९३	११४२	१४७६	२३९१
५	विज्ञान तथा प्रविधि	२७५६७	३७४४६	३५०१८	२७१४७	३९५०४
	प्राविधिकतर्फ जम्मा	**५००१०**	**७९३७८**	**७२९१८**	**७४२३६**	**८३६१२**
६	कानुन	९७९५	१५७७६	८५४४	१९४६१	२६११६
७	व्यवस्थापन	१७७५३७	१८४४५७	१९४६०८	१७९८७१	२४७०२५
८	शिक्षाशास्त्र	७६९९२	७४३१०	८२५१६	८८४६९	९९८०७
९	मानविकी	७८०९६	६१५६१	५७१९१	६०६१६	८१३०९
	साधारणतर्फ जम्मा	**३४२४२०**	**३३६१०४**	**३४२८५९**	**३४८४१७**	**४५४२५७**
	कुल जम्मा	**३९२४३०**	**४१५४८२**	**४१५७७७**	**४२२६५३**	**५३७८६९**
कुल मध्ये	आङ्गिक क्याम्पसतर्फ	१४६५१३	१५७१६९	१४५९४७	१६१३४१	२२२३५५
	सम्बन्धन प्राप्त क्याम्पस	२४५९१७	२५८३१३	२६९८३०	२६१३१२	३१५५१४
अनुपात	**आङ्गिक क्याम्पसतर्फ**	**३७**	**३८**	**३५**	**३८**	**४१**
	सम्बन्धन प्राप्त क्याम्पस	**६३**	**६२**	**६५**	**६२**	**५९**

कुल विद्यार्थी सङ्ख्या २०७४।७५ मा ३ लाख ९२ हजार रहेकोमा २०७८।७९ मा ५ लाख ३७ हजार पुगेको छ। कुल विद्यार्थीमध्ये प्राविधिक शिक्षातर्फ १५.५४ प्रतिशत र साधारण शिक्षातर्फ ८४.४६ प्रतिशत रहेको छ। आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययनरत विद्यार्थीको प्रतिशत २०७४।७५ मा ३७ र ६३ रहेकोमा २०७८।७९ मा ४१ र ५९ रहेको छ। उच्च शिक्षाको शैक्षिक गुणस्तरमा समय सापेक्ष सुधार गर्नुपर्दछ।

४६. **जनशक्ति उत्पादन -** विश्वविद्यालयबाट विगत ३ वर्षमा देहायअनुसारको विद्यार्थी (जनशक्ति) उत्पादन भएको देखिन्छ।

क्र. सं.	अध्ययन संस्थान र संकाय		कुल जनशक्ति उत्पादन सङ्ख्या			२०७८।७९ मा वृद्धि प्रतिशत	२०७९।८० मा वृद्धि प्रतिशत
			२०७७।७८	२०७८।७९	२०७९।८०		
१	अध्ययन संस्थान	इन्जिनियरिङ	८२६	३८३१	२९१६	७८.४४	-२३.८८
		कृषि र पशु विज्ञान	४६२	४७६	६५०	२.९४	३६.५५
		वन विज्ञान	२७९	२२४	३१०	-२४.५५	३८.३९
		चिकित्साशास्त्र	१८१०	२०४४	२८८२	११.४५	४१.००
		विज्ञान तथा प्रविधि	२९७४	६०७४	७२९२	५१.०४	२०.०५
		प्राविधिकतर्फ जम्मा	**६३५१**	**१२६४९**	**१४०५०**	**४९.७९**	**११.०८**
२	संकाय	कानुन	८८०	१००२	२३६४	१२.१८	१३५.९३
		व्यवस्थापन	८३४३	२२९४२	२९३५५	६३.६३	२७.९५
		शिक्षाशास्त्र	७११८	१५०६८	१८४२१	५२.७६	२२.२५
		मानविकी	७५०७	१३५१९	१५०३५	४४.४७	११.२१
		साधारणतर्फ जम्मा	**२३८४८**	**५२५३१**	**६५१७५**	**१२०.२७**	**२४.०७**
		कुल जम्मा	**३०१९९**	**६५१८०**	**७९२२५**	**११५.८३**	**२१.५५**

कुल उत्पादित जनशक्ति २०७७।७८ मा ३० हजार १९९, २०७८।७९ मा ६५ हजार १८० र २०७९।८० मा ७९ हजार २२५ रहेको छ। सोअनुसार समग्रमा अघिल्लो वर्षको तुलनामा क्रमशः ११५.८३ र २१.५५ प्रतिशतले बढेको छ भने प्राविधिकतर्फ विज्ञान तथा प्रविधिमा २०.०५ प्रतिशत बढेको, इन्जिनियरिङमा २३.८८ प्रतिशत घटेको र औसतमा ११.०८ प्रतिशत बढेको छ र साधारण शिक्षातर्फ ११.२१ देखि १३५.९३ प्रतिशतसम्म औसतमा २४.०७ प्रतिशत बढी रहेको छ। विश्वविद्यालयको लागि नेपाल सरकारले गत वर्ष रू.९ अर्ब ४० करोड ७४ लाख र यस वर्ष रू.१० अर्ब ३७ करोड ३७ लाख अनुदान दिएको छ। जनशक्ति उत्पादनको दरमा थप सुधार गरी सरकारी लगानीमा प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

४७. **अवकाश कोष -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद नियमावली, २०५० को नियम ४ अनुसार स्थापना भएको उपदान तथा निवृत्तभरण कोषमा वर्षान्तमा रू.५ अर्ब ४२ करोड ८५ लाख मौज्दात छ। यो वर्ष विश्वविद्यालयको कुल आन्तरिक आय रू.११ अर्ब ४७ लाख रहेकोमा उपदान, औषधि उपचार, पेन्सनलागायत अवकाश सुविधामा रू.३ अर्ब ९४ करोड ५ लाख (कुल आयको ३४.३५ प्रतिशत) खर्च भएको छ। यस्तो खर्च २०७७।७८ मा रू.२ अर्ब ८५ करोड ८ लाख रहेको देखिन्छ भने २०७८।७९ मा ३ अर्ब ४१ करोड ६३ लाख रहेको देखिन्छ। उक्त खर्च विश्वविद्यालयको कुल खर्चको २०७७।७८ मा २१.४८ प्रतिशत, २०७८।७९ मा २२.४६ प्रतिशत रहेको छ। यो वर्षसम्म निवृत्तभरण प्राप्त गर्नेको सख्या ६ हजार ८५३ रहेको छ।

अवकाश सुविधा भुक्तानीको दायित्व वर्षेनी बढ्दै गएको भए पनि कोषमा पर्याप्त रकम नभएकोले विश्वविद्यालयले प्रत्येक वर्ष बजेट विनियोजन गरी खर्च गर्दै आएको छ। कर्मचारीको सेवा, सुविधा र अवकाश हुने सङ्ख्या वृद्धि हुँदै जाने अवस्थाले अवकाश दायित्वमा व्ययभार अझै बढ्ने देखिन्छ। आङ्गिक क्याम्पसहरूले आन्तरिक आयको १० प्रतिशत रकम यस कोषमा पठाउनुपर्ने व्यवस्था भए पनि ३० क्याम्पसले पठाएका छैनन्। अवकाश रकम भुक्तानी गर्नको लागि कोषको उपयुक्त व्यवस्था गर्नुपर्दछ।

४८. **पेस्की -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेस्की फर्स्यौट नगरेमा कारबाही गरी ब्याजसमेत असुल गर्ने व्यवस्था छ। विश्वविद्यालय र अन्तर्गतका १४४ निकायको विवरण प्राप्त भएकोमध्ये १२३ निकायको पदाधिकारी, कर्मचारी र अन्य संस्थाको नाममा यो वर्षसम्म रू.५० करोड १४ लाख ११ हजार पेस्की बाँकी रहेको छ। नियमको व्यवस्थाबमोजिम कारबाही गरी असुल फर्स्यौट गर्नुपर्दछ।

४९. **जग्गाको उपयोग र संरक्षण -** विश्वविद्यालय र अन्तर्गतका निकायहरूको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको २०७४।४।२४ को प्रतिवेदन अनुसार विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर जग्गा रहेको, ९ लाख ९९ हजार वर्गमिटर जग्गाको भोगाधिकार रहेको र अन्य ६ लाख ५३ हजारसमेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेको उल्लेख छ। जग्गाको संरक्षण सम्बन्धमा देखिएका बेहोराहरू देहायअनुसार छन्:

४९.१. सीमा अतिक्रमण गरी कब्जा गरेको, नियमित रूपमा कुत तथा भाडा नउठेको, भोगचलनमा रहे तापनि पूर्ण स्वामित्वमा नल्याएको, विश्वविद्यालयको जग्गामा अन्य निकायले निर्माण गरेका भौतिक संरचनाहरूको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाहरूको स्वामित्व स्पष्ट नभएको, अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबीच समन्वय नभएको जस्ता समस्याको समाधान गर्न समितिले दिएका सुझावहरू कार्यान्वयन भएको छैन।

४९.२. विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रहेको ११३ रोपनी जग्गा एक आवासीय विद्यालयलाई २०५७।४।१३ मा १५ वर्षको लागि उपलब्ध गराएको र सोको सम्झौता अवधि सकिएपछि जग्गा खाली गर्न पटक-पटक ताकेता गर्दा पनि सो विद्यालयले नछाडेको, बागमती नदीको किनारामा रहेको १३ रोपनी जग्गा एक संस्थाले भोगचलन गरिरहेको, एक क्लबलाई २०७२।१।२८ देखि ३ रोपनी र एक संस्थालाई २०७२।३।२ मा १० रोपनी जग्गा प्रयोग गर्न दिएकोमा ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन। विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा उपयोग गरी संरक्षण गर्नुपर्दछ।

५०. **अनुसन्धान कार्य -** विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३३ मा विश्वविद्यालयमा अनुसन्धानात्मक कार्यसम्पादन गर्न गराउन नेपाल र एसियाली अनुसन्धान केन्द्र, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र र शिक्षा विकास तथा अनुसन्धान केन्द्रसमेत ४ अनुसन्धान केन्द्र सञ्चालनमा रहेका छन्। ती अनुसन्धान केन्द्रहरूले यो वर्ष रू.२ करोड १६ लाख ६८ हजार आम्दानी गरेको र रू.९ करोड ६५ लाख ८३ हजार खर्च गरेको देखिएपनि विश्वविद्यालयको लागि गत विगतदेखि अनुसन्धानात्मक कार्यहरू गरेको देखिएन। उद्देश्य अनुरूप अनुसन्धान कार्यमा केन्द्रित हुनुपर्दछ।

शिक्षण अस्पताल (२०७८।७९)

५१. **बैङ्क हिसाब मिलान -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा आर्थिक वर्षको अन्तमा कार्यालयको स्रेस्ता र सम्बन्धित बैङ्क स्टेटमेन्टले देखाएको बैङ्क मौज्दात फरक परेमा हिसाब मिलान विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। अस्पतालको स्रेस्ता र बैङ्कबाट प्राप्त मौज्दात विवरणबीच २०७९ आषाढ मसान्तमा निम्न रकम घटी देखिएकोमा बैङ्क हिसाब मिलान बिबरण तयार गरेको देखिएन।

(रू.हजारमा)

बैङ्क	खाता सङ्ख्या	अस्पतालको लेजर अनुसारको मौज्दात	बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात	बैङ्क बढी (घटी)
नेपाल बैङ्क लिमिटेड	५	३४८८	१५४	(३३३४)
राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड	१	(१०७०)	१३५	१२०५
हिमालयन बैङ्क लिमिटेड	९	९२४६६२	८९८१९३	(२६४६९)
जम्मा	**१५**	**९२७०८०**	**८९८४८२**	**(२८५९८)**

उल्लिखित ३ बैङ्क खाताहरूमा समग्रमा अस्पतालको स्रेस्ताले देखाएको भन्दा रू.२ करोड ८५ लाख ९८ हजार घटी मौज्दात देखिएकोले यस सम्बन्धमा छानबिनबाट यकिन गरी बैङ्क हिसाब मिलान विवरणसमेत तयार गर्नुपर्दछ।

५२. **घटी मौज्दात -** अस्पतालको वित्तीय विवरणअनुसार यस वर्ष आन्तरिक आम्दानी रू.२ अर्ब १ करोड ९ लाख ८४ हजार तथा केन्द्रीय कार्यालयबाट निकासा रू.१ अर्ब १४ करोड ९८ लाख ६६ हजार गरी कुल आम्दानी रू.३ अर्ब १६ करोड ८ लाख ५० हजार देखिन्छ। सोमध्ये पेस्की बाँकी रू.५४ करोड ९५ लाख २३ हजारसहित कुल खर्च रू.२ अर्ब ७६ करोड ७७ लाख १५ हजार रहेको छ। बैङ्क मौज्दात विवरणमा रू.८९ करोड २ लाख ९८ हजार मौज्दात बाँकी देखिएकोमा स्रेस्ताअनुसार बैङ्क तथा नगद मौज्दात बाँकी रू.१ अर्ब १ करोड ४२ लाख ५० हजार देखिएकोमा बैङ्क स्टेटमेन्टअनुसार वित्तीय विवरणको बाँकी मौज्दातभन्दा बैङ्क बाँकी मौज्दात रू.१२ करोड ३९ लाख ५२ हजार घटी देखाएकोले छानबिन गरी मौज्दात यकिन गर्नुपर्दछ।

५३. **सोझै खरिद -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ५८ मा रू.५ लाखसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति फर्म वा कम्पनीबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ। अस्पतालले २३३ पटक विभिन्न टेष्ट कीट, सिरिन्ज, सर्जिकल आइटम, इन्फ्यान्ट वेड वार्मर, हार्मोनिक कर्ड, जेनन बल्ब, हार्मोनिक ह्याण्ड पिस, ट्रली, क्विक अटोक्लेभ मेसिन, हार्मोनिक फोकस फोर्सेप, स्पिरिट, क्यापिलरी प्रोटिन, कटन गज, डेन्टल आइटम, फायर एष्टिंगुइसर, टिआरएस ह्याण्ड पिस, प्रोभिडाइन आयोडिन र अन्य गरी रू.५ करोड ७८ लाख ४५ हजारको सोझै खरिद कार्य गरेको देखियो। अस्पतालले खरिद कार्य गर्दा नियमको पालना गरी प्रतिस्पर्धा मार्फत खरिद कार्य गर्नुपर्दछ।

५४. **अग्रिम आयकर -** आयकर ऐन २०५८ को दफा ८९ (३क.) बमोजिम बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। अस्पतालले विभिन्न गैरबासिन्दा आपूर्तिकर्ताबाट मालसामान खरिद गरी प्रतितपत्रमार्फत रू.१२

करोड २१ लाख ६७ हजार भुक्तानी गरेकोमा सोअनुसार कर कट्टी गरेको देखिएन। अतः नियमानुसार ५ प्रतिशतले हुने रू. ६१ लाख ८ हजार आयकर असुल गर्नुपर्दछ।

शिक्षण अस्पताल (२०७७।७८)

५५. **रकमान्तर** - त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम १९,२०,२१ बमोजिमको प्रक्रिया पूरा गरी विश्वविद्यालयका रजिष्ट्रारबाट रकमान्तर स्वीकृत गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा रकमान्तर स्वीकृति नगराई रू.६ करोड १२ लाख ३६ हजार खर्च गरेको देखियो। स्वीकृति बेगर विनियोजित बजेट रकमान्तर गरी खर्च गर्ने कार्यलाई व्यवस्थित गरिनुपर्दछ।

५६. **प्रोत्साहन भत्ता** - त्रिभुवन विश्वविद्यालय सभा तथा कार्यकारी परिषद्को निर्णयअनुसार कार्यरत नर्सिङ प्राविधिक/अप्राविधिक कर्मचारीहरूलाई निश्चित कार्यालय समय तोकी दैनिक ८ घण्टाभन्दा बढी समय काममा लगाइएको अवस्थामा विद्युतीय हाजिरी अभिलेखको आधारमा आन्तरिक स्रोतबाट बेहोर्ने गरी कर्मचारीहरूलाई मासिक सुरु तलब स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता भुक्तानी गर्नसक्ने व्यवस्था छ। यो वर्ष अस्पतालले काममा खटाएको प्रमाण र विद्युतीय हाजिरी अभिलेखबेगर रू.२७ करोड ९ लाख ८२ हजार प्रोत्साहन खर्च लेखेको छ। अभिलेख यकिन गरी प्रमाणित नभएमा असुल गरिनुपर्दछ।

५७. **सोझै खरिद –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ५८ मा सङ्गठन वा निकाय प्रमुखले तीनलाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोझै खरिद गर्नसक्ने र एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। अस्पतालले यो वर्ष रू.३ करोड ५२ लाख ५९ हजारको विभिन्न औषधि तथा औषधिजन्य सामग्री उपकरण सोझै खरिद गरेको छ। यस्तो कार्यमा नियन्त्रण गर्ने भरवर्दो पद्धति अपनाउनुपर्दछ।

५८. **विगत वर्षको मूल्यमा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार ऐनमा अन्यथा व्यवस्था भएकोमा वाहेक सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा खुल्ला रूपमा बोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालले विगत वर्षमा गरेको खरिद सम्झौताको दरलाई आधार मानी रू.१० करोड ६९ लाख ८७ हजारको मालसामान, औषधि तथा सर्जिकल उपकरण, सोझै खरिद गरेको छ। प्रत्येक वर्ष बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापनलगायतका कार्य गर्दै आएको छ। बोर्डअन्तर्गत ७ प्रदेश परीक्षा कार्यालय, ५ शाखा कार्यालय र कक्षा १० (एस.ई.ई) परीक्षा नियन्त्रण कार्यालयसहित १३ वटा कार्यालय रहेका छन्।

५९. **कक्षा १२ को परीक्षाफल** - शैक्षिक सत्र २०७७ मा माध्यमिक विद्यालयहरूले परीक्षा लिई उत्तरपुस्तिका स्वयं परीक्षण गरेको, २०७८ मा विद्यालयले परीक्षा लिई राष्ट्रिय परीक्षा बोर्डले उत्तरपुस्तिका परीक्षण गरेको र २०७९ र २०८० मा राष्ट्रिय परीक्षा बोर्डले परीक्षा लिई आफैंले उत्तरपुस्तिका परीक्षण गरेको छ। परीक्षाको नतिजा देहायअनुसार छ।

जी.पी.ए.	२०७८।७९	२०७९।८०	प्रतिशत	२०७८।७९ को अनुपातमा वृद्धि प्रतिशत
३.६१-४.००	४१७९	६९७६	१.८७	६६.९३
३.२१-३.६०	३०१०७	३८९९९	१०.४७	२९.५३
२.८१-३.२०	६५२८४	६९१७४	१८.५६	५.९६
२.४१-२.८०	६४०९३	६३०७७	१६.९३	-१.५८
२.०१-२.४०	१०९००	११४३८	३.०७	४.९३
१.६१-२.००	३५	४७	०.०१	३४.२८
ननग्रेडिङ	१८८४१०	१८२९२६	४९.०९	-२.९१
कुल जम्माः	**३६३००८**	**३७२६३७**	**१००**	

उक्त परिणामलाई विश्लेषण गर्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थीको अनुपात बढेकोले शैक्षिक प्रणाली तथा परीक्षा प्रणालीमा सुधार भएको देखिन्छ। तसर्थ, राष्ट्रिय परीक्षा बोर्डबाट नै परीक्षा सञ्चालन र मूल्याङ्कन गर्ने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

६०. **कक्षा ११ को परीक्षा प्रणाली -** राष्ट्रिय परीक्षा बोर्डले २०७७ सालमा कोभिड-१९ महामारीका कारण "कक्षा ११ का विद्यार्थीहरूको परीक्षा सञ्चालन, व्यवस्थापन, मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७" जारी गरी कक्षा ११ को परीक्षा सञ्चालन तथा मूल्याङ्कनको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयलाई नै दिएको छ। जसअनुसार कक्षा १२ को परीक्षा आवेदन फाराम भर्नका लागि प्रत्येक विद्यार्थीले सम्पूर्ण विषयमा सैद्धान्तिकतर्फ न्यूनतम डी ग्रेड (३५ देखि ४० प्रतिशत) र आन्तरिक/प्रयोगात्मकतर्फ न्यूनतम सी ग्रेड (४० देखि ५० प्रतिशत) प्राप्त गरेको हुनुपर्ने व्यवस्था छ। बोर्डबाट प्राप्त जानकारी अनुसार २०७७ सालपश्चात् सबै विद्यार्थीले कक्षा १२ को परीक्षाको लागि रजिष्ट्रेसन फाराम भरेकोले सबै विद्यार्थीले सी ग्रेडभन्दा माथिल्लो ग्रेड प्राप्त गरेको देखिन्छ। बोर्डले परीक्षा सञ्चालन गरेको २०७६ सालसम्मका वर्षहरूमा कक्षा ११ को नतिजा विश्लेषण गर्दा ४० देखि ४५ प्रतिशत विद्यार्थीले मात्र डीभन्दा माथिल्लो ग्रेड प्राप्त गरेको र कक्षा १२ को नतिजासमेतमा ४८ देखि ५४ प्रतिशतसम्म मात्र विद्यार्थीहरूले सीभन्दा माथिल्लो ग्रेड प्राप्त गरेको देखिन्छ। यस्तो अवस्थामा कक्षा ११ को परीक्षामा सबै विद्यार्थीले ग्रेड सीभन्दा माथिल्लो ग्रेड प्राप्त गरेको देखिएकोले परीक्षाको मूल्याङ्कन विश्वसनीय देखिएन। कक्षा ११ को परीक्षा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयलाई दिएको सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ।

पूर्वाञ्चल विश्वविद्यालय

प्रतिस्पर्धात्मक आधारमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न तथा स्वस्थ शैक्षिक संरचनाको विकास गर्न कला, विज्ञान, प्रविधि, कानुन, व्यवस्थापन, शिक्षालगायत अन्य विषयहरूको अध्ययन, अध्यापन र अनुसन्धानको लागि मुख्य रूपमा जनस्तरबाट उच्च तहको शिक्षण संस्थाहरूको सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अनुसार यस विश्वविद्यालयको स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ९ आङ्गिक र ११७ सम्बन्धन प्राप्त क्याम्पसहरूमार्फत कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ। विश्वविद्यालयले यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.२१ करोडसमेत रू.९० करोड ९५ लाख ४५ हजार आय प्राप्त गरेकोमा रू.६४ करोड ९८ लाख २२ हजार खर्च गरेको छ।

६१. **जग्गाको सीमाङ्कन** - विश्वविद्यालयलाई नेपाल सरकारबाट मोरङ जिल्लाको साबिक इन्द्रपुर, मृगौलिया र सुन्दरपुर गाउँ विकास समितिअन्तर्गतको ८०५ बिघा जग्गा भोगचलनको लागि २०५५ सालमा स्वीकृति

प्राप्त भएअनुसार ८० बिघा जग्गा घेरा पर्खाल लगाई प्रयोग गर्दै आएको छ। सीमा आसपासका अतिक्रमणमा परेका जग्गा संरक्षणको लागि कंक्रिट पोल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।२।२० मा रू.३६ लाख १३ हजारको खरिद सम्झौता गरेको छ। विवादरहित सीमाङ्कनको लागि जग्गाको पुनः नापी गर्न एक परामर्शदातासँग २०७७।१०।२२ मा रू.४ लाख ८५ हजारको खरिद सम्झौता भएकोमा सो परामर्शदाताले कार्य सम्पन्न गरेको देखिएन। नापी शाखा, बेलबारीले विश्विद्यालयका चार किल्लाभित्र जग्गा साबिक नापीका वखत नापनक्सा नभएको र नक्सा तथा फिल्डबुकसमेत कार्यालयमा नभएको उल्लेख गरेको छ। विश्वविद्यालयले सरोकारवाला सबै निकायसँग समन्वय गरी भोगचलनको लागि प्राप्त जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

सुदूरपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र लगायत विभिन्न विधाका विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा दुर्गमलगायत सबै क्षेत्रका जनतालाई सुलभ रूपमा गुणस्तरयुक्त उच्च शिक्षाको अवसर उपलब्ध गराउने उद्देश्यले २०६७ सालमा यो विश्वविद्यालय स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ६ संकाय, १५ आङ्गिक क्याम्पस, २ कार्यालय र ६ विभाग रहेका छन्। विश्वविद्यालयले नेपाल सरकारबाट प्राप्त रू.४३ करोड ८२ लाख ७९ हजारसमेत रू.८६ करोड ९३ लाख ५ हजार आय प्राप्त गरेकोमध्ये गत वर्षको मौज्दात समेतबाट रू.१ अर्ब १ करोड २८ लाख ९ हजार खर्च गरेको छ।

६२. **लेखा प्रणाली** - सुदूरपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ४० मा विश्वविद्यालयको आय, व्यय, पेस्की, धरौटी, जन्सी, नगद, चल अचल सम्पत्ति, दाबी दायित्वलगायतको आर्थिक कारोबारको लेखाप्रणाली कार्यकारी परिषद्ले तोकेबमोजिम हुने र सो प्रयोजनको लागि कार्यकारी परिषद्ले आवश्यकताअनुसार लेखाको ढाँचा, अभिलेख विधि, निर्देशिका, दिग्दर्शन आदि जारी गर्नसक्ने व्यवस्था छ। कार्यकारी परिषद्ले विश्वविद्यालयको लेखा ढाँचा, अभिलेख विधि, निर्देशिका तथा दिग्दर्शन तयार नगरेकोले विश्वविद्यालय र अन्तर्गतका विभिन्न कार्यालय, संकाय, क्याम्पस र विभागहरूबीच खर्च वर्गीकरण एवं वित्तीय विवरण तयारीमा एकरूपता देखिएन। विश्वविद्यालयले नियमावलीको व्यवस्थाअनुरूप वित्तीय विवरणको ढाँचा स्वीकृत गरी सोहीअनुसार लेखा तथा वित्तीय विवरण तयार गर्नुपर्दछ।

६३. **जग्गा अतिक्रमण** - विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ९३(७) मा विश्वविद्यालयको जिम्मा वा स्वामित्वमा रहेका जुनसुकै स्रोतबाट प्राप्त हुन आएका सम्पत्ति, जायजेथा र सामानहरू सुरक्षित राख्नु र राख्न लगाउनु प्रत्येक पदाधिकारी, शिक्षक र कर्मचारीहरूको कर्तव्य र उत्तरदायित्व हुने उल्लेख छ।

विश्वविद्यालय र अन्तर्गतका निकायहरूको भौतिक सम्पतिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदनमा विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा रहेको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा सुकुम्बासीहरूले अतिक्रमण गरेको उल्लेख छ। विश्वविद्यालयले सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गरी आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

पोखरा विश्वविद्यालय

उच्च शिक्षामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी कला, विज्ञान, व्यवस्थापन, कानुन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा सबै क्षेत्रका सर्वसाधारणलाई गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको अवसर उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गर्न सर्वसुलभ रूपमा र प्रतिस्पर्धाको आधारमा देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम पोखरा विश्वविद्यालयको स्थापना भई सञ्चालनमा आएको हो। विश्वविद्यालयले यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.२२ करोड ७ लाख ६५ हजारसमेत रू.१ अर्ब ६१ करोड ३८ लाख ८१ हजार आय प्राप्त गरेकोमा रू.६४ करोड ४७ लाख २५ हजार खर्च गरेको छ।

६४. **जग्गा अतिक्रमण -** पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम २९(५) मा विश्वविद्यालय र अन्तर्गतका निकायहरूमा रहेको घरजग्गा सवारीसाधन लगायतका अन्य सम्पत्तिहरूको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले मातहतसमेतका निकायहरूमा रहेको सम्पत्तिको केन्द्रीय लगत राखेको छैन। विश्वविद्यालयको स्वामित्वमा रहेका पोखरा महानगरपालिका वडा नं.१२, १३, १४ का जग्गा १३७२-१३-३-० रोपनीमध्ये ६२५ रोपनीभन्दा बढी जग्गा सुकुम्बासीहरूले अतिक्रमण गरेको विवरण प्राप्त भएको छ। विश्वविद्यालयले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

नेपाल खुला विश्वविद्यालय

खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्च शिक्षामा सर्वसाधारणको सहज पहुँच पुऱ्याइ ज्ञान, सीप, प्रविधियुक्त जनशक्ति उत्पादन गर्न नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ अन्तर्गत २०७४।२।३० मा नेपाल खुला विश्वविद्यालयको स्थापना भई सञ्चालनमा रहेको छ। विश्वविद्यालयले यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.१० करोड २८ लाख ६० हजारसमेत कुल आय रू.७४ करोड ३५ लाख १८ हजारमध्ये रू.८ करोड ३८ लाख ९९ हजार खर्च गरेको छ।

६५. **वैदेशिक सहायता -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २८ को उपदफा १ को खण्ड (ङ) मा विदेशी व्यक्ति, सरकार तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले फिनल्याण्ड सरकारबाट रू.२ करोड ८७ लाख ३० हजार प्राप्त गरेकोमा रू.१ करोड ४३ लाख २१ हजार खर्च गरेको छ। सो रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन। वैदेशिक सहायता लिनु पूर्व अर्थ मन्त्रालयको सहमति लिनुपर्दछ।

६६. **प्रशासनिक भवन -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा ३(२) मा खुला शिक्षा प्रणालीद्वारा विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने गराउने कामसमेतका लागि स्थापना गरिएको नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको नेपालको कुनै स्थानमा रहने व्यवस्था छ। यो वर्ष विश्वविद्यालयको भवन निर्माण गर्न रू.१० करोड विनियोजन भएको र २०८०।३।२६ को मन्त्रिपरिषद्को बैठकले नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा राख्ने निर्णय समेत गरेकोमा भवन निर्माणसम्बन्धी काम हुन नसकी उक्त बजेट फ्रिज भएको छ। विश्वविद्यालयले मासिक रू.४ लाख ९५ हजार भाडा भुक्तानी

गर्नेगरी दुईवटा घर भाडामा लिई यो वर्ष घरभाडामा रू.५९ लाख ३७ हजार खर्च गरेको छ। तोकिएको स्थानमा भवन निर्माण गरी विश्वविद्यालयको कार्यसञ्चालन गर्नुपर्दछ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

गुणस्तरीय प्राविधिक शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गरी श्रम बजारमा सक्षम प्राविधिक जनशक्ति उपलब्ध गराउने र देशमा प्राविधिक जनशक्तिको आपूर्ति गरी बेरोजगार कम गर्दै जाने र आयस्तरमा सुधार गर्ने उद्देश्यले नेपाल सरकारले २०७९ सालमा विश्वविद्यालय ऐन जारी गरेपश्चात् विश्वविद्यालयमा विज्ञान तथा प्रविधि विषयमा अध्ययन अध्यापन तथा अनुसन्धान गर्न यस विश्वविद्यालयको स्थापना भएको हो। यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.३ करोड ५० लाखसमेत रू.६४ करोड ५७ लाख १२ हजारमध्ये रू.२७ करोड ३१ लाख ९२ हजार खर्च भएको छ।

६७. **कानुन तर्जुमा -** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा ३७ मा सो ऐन कार्यान्वयनको लागि विश्वविद्यालयले आवश्यक नियमहरू बनाउनसक्ने र आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले ऐनले दिएको अधिकार प्रयोग गरी आर्थिक प्रशासन, खरिद व्यवस्थापन, कर्मचारी व्यवस्थापनलगायतका विषयमा नियम तर्जुमा गरेको देखिएन। नियमावली स्वीकृत गरी सम्पादन गर्नुपर्ने प्रकृतिका कामहरू नियम नबनाई संरक्षक समितिबाट पटक पटक निर्णय गरी कार्यान्वयन गरेको देखिन्छ। अतः आवश्यक नियमावलीहरू तर्जुमा गरी कार्यप्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

६८. **कर्मचारी व्यवस्थापन -** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ अनुसार विश्वविद्यालयले कार्यकारी परिषद्को कार्य गर्ने गरी अध्यक्ष नियुक्ति गरेको छ। अध्यापक, अनुसन्धानकर्ता र कर्मचारीको सेवा, शर्त, सुविधा, दरबन्दी प्राज्ञिक परिषद्ले तयार गरेअनुसार संरक्षक समितिले स्वीकृत गर्ने व्यवस्था रहेकोमा सो व्यवस्थाको कार्यान्वयन गर्न नियमावली तर्जुमा गरेको पाइएन। विश्वविद्यालयको नियमित कामकाज गर्न आवश्यक पर्ने कर्मचारीको दरबन्दी यकिन गरेको छैन। विश्वविद्यालयको प्रशासनिक कार्यको लागि विभिन्न व्यक्तिबाट सेवा करारमा परामर्श सेवा लिई पारिश्रमिकबापत रू.६४ लाख भुक्तानी गरेको छ। ती परामर्शदातालाई नेपाल सरकारले तोकेको पारिश्रमिक नदिई विज्ञको रूपमा मासिक रू.१ लाख ६ हजारसम्म भुक्तानी दिएको छ। विश्वविद्यालयलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी यकिन गरी पदपूर्ति हुनुपर्दछ।

मध्यपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा सबै क्षेत्रका जनतालाई गुणात्मक र स्तरयुक्त उच्च शिक्षाको अवसर सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र बहुविश्वविद्यालयको अवधारणाअनुरूप प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक तथा प्राज्ञिक वातावरणलाई अझ बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक बनाउन नेपाल सरकारको लगानीमा मध्यपश्चिम विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालयले यो वर्ष नेपाल सरकारबाट प्राप्त रू.४२ करोड ५१ लाख १७ हजार, गत वर्षको बचत रू.१३ करोड ८३ लाख ९६ हजार र आन्तरिक आय रू.१ करोड ९ लाख ३ हजारसमेत कुल आय

रू.५७ करोड ४४ लाख १६ हजारमध्ये रू.५७ करोड १३ लाख ७० हजार खर्च गरी रू.३० लाख ४६ हजार बचत रहेको छ।

६९. **बढी भुक्तानी -** विश्वविद्यालयको अतिथि आवासगृह निर्माण गर्न २०७५।१।१४ मा रू.१ करोड ८० लाख १८ हजारमा एक संयुक्तक्रमसँग सम्झौता भएको छ। निर्माण कार्यको विस्तृत नापी किताबअनुसार रू.१ करोड ९६ लाख ३९ हजारको कार्य सम्पन्न भएकोमा निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि करसहित रू.२ करोड ४६ लाख ८४ हजार भुक्तानी दिएको छ। बढी भुक्तानी भएको रू.५० लाख ४५ हजारमध्ये रू.१० लाख ९२ हजार धरौटी जफत गरी असुल गरेकोले नपुग रू.३९ लाख ५३ हजार असुल हुनुपर्दछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई स्तरयुक्त बनाउने, तालिम दिने निकायहरूबीच समन्वय कायम गर्ने तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यले २०४५ सालमा परिषद् स्थापना भएको हो। परिषद् अन्तर्गत केन्द्रीय कार्यालय, प्राविधिक प्रशिक्षण प्रतिष्ठान, परीक्षा नियन्त्रण कार्यालय, राष्ट्रिय सीप परीक्षण समिति, ७ प्रदेश कार्यालय र दुई परियोजना सञ्चालनमा रहेका छन्। परिषद्को लागि यो वर्ष रू.७ अर्ब बजेट व्यवस्था भएकोमा नेपाल सरकारको अनुदानबाट रू.३ अर्ब ७९ करोड ३३ लाख ८१ हजार, आन्तरिक स्रोतबाट रू.४६ करोड ४७ लाख ८ हजार र वैदेशिक स्रोतबाट रू.४४ करोड ९६ लाख ६६ हजारसमेत रू.४ अर्ब ७० करोड ७७ लाख ५५ हजार खर्च भएको छ।

७०. **परिषद्को पुनःसंरचना** – बजेट वक्तव्य २०७९।८० मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनःसंरचना गरी छुट्टाछुट्टै तालिम गुणस्तर नियामक निकाय र सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन निकायको रूपमा विकास गरिने "प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार समृद्धिको आधार" भन्ने सोचका साथ हाल सञ्चालनमा रहेको प्राविधिक शिक्षालयको नक्साङ्कन तथा समायोजन गरी पहुँच विस्तार गरिने प्राविधिक शिक्षालयहरूलाई क्रमश प्रदेशमा हस्तान्तरण गरिने उल्लेख भएकोमा उल्लिखित कार्यहरू सुरुवातसमेत भएको देखिएन। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गरी परिषद्को उद्देश्य हासिल गर्नुपर्दछ।

७१. **सम्बन्धन तथा नवीकरण** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ मा निजी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न चाहने संस्थालाई परिषद्ले दुई वर्षसम्म अस्थायी र सो अवधिपछि तोकिएका शर्तहरू पूरा गरेमा स्थायी सम्बन्धन दिनसक्ने, ती संस्थाले प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने र शर्त पालना नगरेमा सम्बन्धन स्थगन वा रद्द गर्नसक्ने व्यवस्था छ। परिषद्ले यो वर्षसम्म प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न ४०७ निजी शिक्षण संस्थालाई सम्बन्धन र ६४२ सामुदायिक विद्यालयलाई अनुमति दिएको छ। विगत ४ वर्षमा आङ्गिक, साझेदारी, सामुदायिक र सम्बन्धन प्राप्त गर्ने निजी संस्थाको स्थिति देहायअनुसार रहेको छः

शिक्षालय वा संस्था	शिक्षालय विद्यालय र निजी संस्था सङ्ख्या					वृद्धि प्रतिशत २०७८।७९
	२०७६।७७ सम्मको	२०७७।७८ मा थप	२०७८।७९ मा थप	२०७९।८० मा थप	२०७९।८० सम्म जम्मा	
आंगिक शिक्षालय	५९	२	२	२	६५	३.९६
साझेदारी शिक्षालय	२०	१८	४	०	४२	०
सामुदायिक शिक्षालय (टेक्स)	५३४	३८	०	७०	६४२	१२.२४
निजी विद्यालय/संस्था	४२९	०	०	(२२)	४०७	-५.१२
जम्मा विद्यालय	**१०४२**	**५८**	**६**	**५०**	**११५६**	

परिषद्बाट स्वीकृति प्राप्त आङ्गिक शिक्षालय, साझेदारी, सामुदायिक र निजी विद्यालयको सङ्ख्या २०७६।७७ सम्म क्रमशः ५९,२०,५३४ र ४२९ रहेकोमा २०७९।८० सम्म क्रमशः ६५, ४२. ६४२ र ४०७ पुगेको देखिन्छ। हालसम्म थप ४१५ निजी शिक्षालयले सञ्चालन स्वीकृति प्राप्त गर्न प्रस्ताव पेस गरेकोमा परिषद्ले छानबिन गरी टुङ्गो लगाएको छैन। परिषद्को नियमावलीअनुसार छानबिन गरी निर्णय गर्नुपर्दछ।

७२. **विद्यार्थी भर्ना** - परिषद्अन्तर्गत आङ्गिक शिक्षालय ६५ साझेदारी ४२ सामुदायिक ६४२ र निजी ४०७ समेत १ हजार १५६ शिक्षालय तथा विद्यालयहरूमा विभिन्न विषयका प्रि-डिप्लोमा र डिप्लोमा तहको अध्यापन गराउन २०७९।८० का लागि ७६ हजार ३५३ भर्ना गर्न अनुमति प्राप्त गरेकोमा ३६ हजार ६७२ विद्यार्थी भर्ना भएका छन्। यससम्बन्धी विवरण देहायअनुसार रहेको छः

आर्थिक वर्ष	विद्यार्थी भर्ना				
	सिट सङ्ख्या			जम्मा भर्ना	भर्ना प्रतिशत
	प्रि डिप्लोमा	डिप्लोमा	कूल क्षमता		
२०७७।७८	२८६६५	४३५८७	७२२५२	४४६८७	६१.८९
२०७८।७९	२८५५५	४६०७२	७४६२७	३६५५९	४८.९५
२०७९।८०	२९३६५	४६९८९	७६३५३	३६६७२	४८.०३

उल्लिखित तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा प्रत्येक वर्ष सीट सङ्ख्याको तुलनामा भर्ना सङ्ख्या घट्दै गइरहेको छ। शिक्षालय तथा विद्यालयको सङ्ख्या बढे तापनि प्राविधिक शिक्षाको लागि भर्ना हुने विद्यार्थी सङ्ख्या घट्दै गएको देखिन्छ। परिषद्ले प्राविधिक शिक्षामा घट्दै गएको भर्ना दर अध्ययन गरी प्राविधिक शिक्षालाई थप प्रभावकारी र गुणस्तरयुक्त बनाउँदै लैजानुपर्ने देखिन्छ।

७३. **जग्गाको स्वामित्व** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०६२ को विनियम ३१(१) मा प्रत्येक कार्यालयले घर जग्गाको लगत राख्नुपर्ने उल्लेख छ। त्यस्तो घर जग्गा कार्यालयको नाममा दर्ता र जग्गाधनीपुर्जा नभए प्रचलित कानुनबमोजिम कार्यालयको नाममा दर्ता गराउनुपर्ने व्यवस्था छ। परिषद् र परिषद्अन्तर्गतका आङ्गिक शिक्षालयहरूले भोगाधिकारमा प्राप्त जग्गा करिब ८ हजार ७८४.३५ रोपनीमध्ये ३ हजार १५२.३६ रोपनी जग्गाको जग्गा धनीपुर्जा प्राप्त गरेकोमा ५ हजार ६३१.९९ रोपनीको जग्गा धनीपुर्जा प्राप्त गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

७४. **अनुदान फिर्ता** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७९(३) मा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कोशी प्रदेश कार्यालय इटहरीले प्रदेश निकासातर्फ ३ आर्थिक वर्षमा निकासाबाट खर्च नभई बचत रहन गएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा रू.२७ करोड ५४ लाख ९६ हजार केन्द्रीय कार्यालयको कोषमा दाखिला गरेको छ। उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

७५. **सीप परीक्षण** - राष्ट्रिय सीप परीक्षण समितिले औपचारिक, अनौपचारिक तथा अतिरिक्त जुनसुकै पद्धतिबाट हासिल गरेको ज्ञान तथा रोजगारीमा जान चाहनेहरूका लागि सीप परीक्षण गरी सफल हुनेलाई राष्ट्रिय मान्यता प्राप्त सीप प्रमाणपत्र प्रदान गर्दै आएको छ। समितिबाट प्राप्त विवरणअनुसार यो वर्षसम्म ६

लाख ८१ हजार १५८ आवेदकमध्ये ६ लाख ४३ हजार ९९७ सीप परीक्षणमा सहभागी भई ४ लाख ६८ हजार ९५२ (७३ प्रतिशत) ले सीप परीक्षण उत्तीर्ण गरी राष्ट्रिय सीप प्रमाणपत्र प्राप्त गरेका छन्। विगत ३ वर्षको सीप परीक्षण र उत्तीर्ण अवस्था तुलना गर्दा २०७७।७८ मा १८ हजार ५७३ मध्ये १३ हजार ४९४ (७२.६५ प्रतिशत) उत्तीर्ण, २०७८।७९ मा ५८ हजार २६७ मध्ये ३३ हजार ३८८ (५७.३० प्रतिशत) र यो वर्ष ६१ हजार ५०२ मध्ये ३९ हजार ३८४ (६४.०४ प्रतिशत) उत्तीर्ण भएको देखिन्छ। सीप परीक्षणमा उत्तीर्णमध्ये रोजगारी प्राप्ति अवस्थाको मूल्याङ्कन भएको नदेखिएकोले सोको प्रभाव मूल्याङ्कन हुनुपर्दछ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७८।७९)

नेपाल सरकारको राष्ट्रिय शिक्षा पद्धति योजनाको उद्देश्य परिपूर्तिको निमित्त आवश्यक शैक्षिक सामग्री, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शैक्षिक नक्सा, चार्ट, फिल्म आदिको उत्पादन तथा प्रकाशन गरी निर्धारित मूल्यमा उपलब्ध गराउने मुख्य उद्देश्य रहेको यस केन्द्रको स्थापना कम्पनी ऐन, २०२१ अनुसार २०३५ सालमा भएको हो। केन्द्रको सञ्चालक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव अध्यक्ष, केन्द्रको प्रमुख, अर्थ मन्त्रालयको प्रतिनिधि, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको प्रमुख, पाठ्यक्रम विकास केन्द्रको प्रमुख र केन्द्रको सचिव-सदस्यको रूपमा रहने व्यवस्था छ। केन्द्रको शेयर पुँजी अर्थ मन्त्रालयको रू.२२ करोड ८२ लाख र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रू.२२ करोड ८२ लाखसमेत रू.४५ करोड ६४ लाख रहेको छ। यस लिमिटेडको केन्द्र र शाखा कार्यालयहरूमा ४५७ जना कर्मचारी कार्यरत छन्।

७६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - केन्द्रको स्थिर सम्पत्ति रू.७ अर्ब ७७ करोड ८६ लाख, चालु सम्पत्ति रू.१ अर्ब २ करोड ११ लाख र अन्य सम्पत्ति रू.१३ लाख गरी जम्मा सम्पत्ति रू.८ अर्ब ८० करोड १० लाख रहेको छ। यसै गरी केन्द्रको शेयर पुँजी रू.४५ करोड ६४ लाख र अन्य पुँजी रू.३ अर्ब ९८ करोड २ लाख गरी पुँजी रू.४ अर्ब ४३ करोड ६६ लाख, गैर चालु दायित्व रू.३ अर्ब ७६ करोड ७४ लाख र चालु दायित्व रू.५९ करोड ७० लाख रहेको छ। केन्द्रको गत वर्षको कुल आम्दानी रू.१ अर्ब ६२ करोड ५३ लाख र खुद नाफा रू.१० करोड ६७ लाख रहेकोमा यस वर्ष कुल आम्दानी रू.२ अर्ब १५ करोड ५१ लाख र खुद नाफा रू.२१ करोड ९० लाख रहेको छ।

७७. **कर्मचारी दायित्व** - नेपाल वित्तीय प्रतिवेदनमान १९ मा कर्मचारीलाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको उचित व्यवस्था गर्नुपर्ने र व्यवस्था गरेको रकमको निश्चित रकम योजनामा लगानी गर्नुपर्ने उल्लेख छ। केन्द्रले दीर्घकालीन लाभ खर्चको दायित्वमा २०७८।७९ सम्म विभिन्न सुविधाबापत रू.७९ करोड ७२ लाख ३१ हजार उल्लेख गरेको छ। भविष्यमा भुक्तानी गर्नुपर्ने यस्तो रकम सञ्चित नहुँदा केन्द्रको आर्थिक अवस्था कमजोर देखिएको छ। वार्षिक रूपमा केन्द्रको सञ्चालन नतिजाको लाभ अपेक्षा गरे अनुरूपको हुन नसकेको र दायित्वको रकम प्रत्येक वर्ष वृद्धि हुँदै गएको अवस्थामा अन्ततः यस्तो दायित्वको भार नेपाल सरकारमा पर्न जाने देखिन्छ। भविष्यमा सञ्चालन नतिजामा सुधार ल्याई तरलतामा वृद्धि गरी उपदान कोषमा रकम जम्मा गर्दै जाने नीति लिनुपर्दछ।

७८. **ऋण** - केन्द्रको कार्यक्षमतामा अभिवृद्धि तथा भौतिक पूर्वाधारको विकास एवं छपाइ र प्रेसको उत्पादन प्रकृयामा गुणस्तरीयता कायम गर्ने उद्देश्यले नेपाल सरकारसँग २०७५।७६ सम्म ५ प्रतिशत वार्षिक

ब्याजदरले रू.१ अर्ब ३९ करोड ऋण लिएकोमा २०७८।७९ सम्म तिर्नुपर्ने ब्याज रू.३० करोड ८१ लाख १३ हजार दिनुपर्ने हिसाबमा खुलासा गरेको छ। ऋण सम्झौताबमोजिम साँवा तथा ब्याज रकम भुक्तानी गरेको छैन। कम्पनीले तरलतामा वृद्धि गरी यस्तो दायित्व भुक्तानी गर्नुपर्दछ।

७९. **विविध साहु हिसाब** - विभिन्न व्यक्ति, संस्था, आपूर्तक तथा फर्मको गत वर्ष दिनुपर्ने हिसाब रू.१५ करोड ८३ लाख ३२ हजार रहेकोमा यो वर्ष रू.१० करोड ९२ लाख ६ हजार बाँकी देखिन्छ। विविध साहु हिसाबमध्ये २०६१।६२ देखि २०६९।७० सम्मको रू.२१ लाख ९४ हजार, २०६८।६९ देखि २०७४।७५ सम्मको रू.४६ लाख ५८ हजार रहेको छ।

८०. **कर दायित्व** - आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम करकट्टी गर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर दाखिला गर्नुपर्ने व्यवस्था छ। केन्द्रको लेजर हिसाबअनुसार २०७८।७९ को दाखिला गर्न बाँकी कर दायित्व रू.१ करोड ३५ लाख २७ हजार रहेकोमा २०७९।७।१३ सम्म रू.८९ लाख ५६ हजार बाँकी रहेको छ। बाँकी कर रकम दाखिला गर्नुपर्दछ।

८१. **जिन्सी मौज्दात** - केन्द्रको जिन्सी मालसामानको उचित एवं प्रभावकारी तरिकाले संरक्षण गर्नुपर्नेमा संरक्षणमा पर्याप्त ध्यान नपुगेको कारण रू.२ करोड ४२ लाख १९ हजार मूल्य बराबरको ४ लाख २८ हजार ५०९ थान पुस्तक क्षति भएको पाइयो। जिन्सी अभिलेखबमोजिम ८ लाख ६२ हजार ८२४ पुस्तक मौज्दात रहेकोमा भौतिक परीक्षणमा २३ लाख ३४ हजार ४०९ पुस्तक रहेबाट १४ लाख ७१ हजार ५८५ पुस्तक बढी देखिएकोले अभिलेख व्यवस्थापन दुरुस्त रहेको पाइएन। केन्द्रको मुख्य कार्य नै पुस्तक छपाइ र वितरण रहेकोमा सोको परिमाणगत यथार्थ हिसाब राखी संरक्षणको उचित प्रबन्ध गर्नुपर्दछ।

८२. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी एक कागज आपूर्तिकर्ताको म्याद २०७९ आषाढसम्म थप गरेको छ। सम्झौताको शर्तबमोजिम समयमा कागज आपूर्ति नगरेकोले आपूर्तिकर्ताबाट २०७९।५।१३ सम्म रू.५ करोड ७२ लाख ४ हजार जरिबाना असुल गर्नुपर्नेमा रू.२ करोड २१ लाख ६६ हजार असुल एवं रू.१ करोड ८ लाख ९९ हजार हिसाब मिलानसमेत रू.३ करोड ३० लाख ६५ हजार असुल भई रू.२ करोड ४१ लाख ३९ हजार असुल हुन बाँकी छ। उक्त रकम असुल गर्नुपर्दछ।

मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, कैलाली

चिकित्सा शिक्षाको विकास तथा प्रवर्धन गर्न मध्यम तथा उच्च स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादनको लागि कैलालीको गेटामा मेडिकल कलेज स्थापना गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने उद्देश्यले यो समिति गठन भएको हो। समितिले यो वर्ष रू.१ अर्ब ६ करोड ६५ लाख ३३ हजार खर्च गरेको छ।

८३. **आय-व्यय** - मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७१ को दफा १० मा समितिको एउटा छुट्टै कोष रहने र कोषमा नेपाल सरकारबाट प्राप्त रकम, विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ सस्थाबाट प्राप्त सहयोग, स्थानीय निकाय र अन्य स्रोतबाट प्राप्त रकम जम्मा हुने व्यवस्था रहेको छ। कोषमा गत वर्षको मौज्दात रू.१ अर्ब ३९ करोड ८ लाख ८७ हजार रहेकोमा अनुदान आयोगबाट रू.४१ करोड तथा धरौटी तथा व्याज आम्दानी रु.५ करोड ३५ लाख ४९ हजार समेत रू.४६ करोड

३५ लाख ४९ हजार प्राप्त गरेकोमा रू.१ अर्ब १५ करोड ५७ लाख २८ हजार खर्च भई रू.६९ करोड ८७ लाख ८ हजार मौज्दात रहेको छ।

८४. **गुरुयोजनाको कार्यान्वयन -** मेडिकल कलेजको मापदण्डअनुसारका न्यूनतम भौतिक पूर्वाधार विकास गर्न कलेज, अस्पताल, छात्रावास आवासगृहलगायतका भवनहरू निर्माण गर्न रू.८ अर्ब ११ करोड ४८ लाख ९५ हजारको गुरुयोजना स्वीकृत भएको छ। यो वर्षसम्म संरचना निर्माण कार्यमा रू.५ अर्ब ९३ करोड ४ लाख १५ हजार र चालू खर्चतर्फ रू.६ करोड ४८ लाख ४ हजारसमेत रू.५ अर्ब ९९ करोड ५२ लाख १९ हजार खर्च भएको देखिन्छ। लागत अनुमान रू.२३ करोड १९ लाख भएको फोहोर पानी तथा ढल प्रशोधन प्लान्टको निर्माण कार्य थालनी भएको देखिएन। अस्पतालका उपकरण, शिक्षण सामग्री तथा उपकरण खरिदलगायतका कार्यक्रममा शून्य प्रगति देखिन्छ। गुरुयोजनाअनुसार हालसम्म ७३.०८ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। निर्धारित अवधिमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८५. **नीतिगत अस्पष्टता -** पन्ध्रौं योजनामा २०८१।८२ सम्ममा गेटा कैलालीमा प्रदेश स्तरीय मेडिकल कलेज स्थापना र सञ्चालनमा ल्याउने उल्लेख छ। साथै बजेट वक्तव्य २०७७।७८ मा गेटा मेडिकल कलेज सञ्चालनमा ल्याई यसलाई सिकलसेल एनिमियाको अनुसन्धान केन्द्रको रूपमा समेत विकास गर्ने, बजेट वक्तव्य २०७८।७९ मा सुदूरपश्चिम प्रदेशको गेटामा निर्माणाधीन मेडिकल कलेज सञ्चालनमा ल्याइने, बजेट वक्तव्य २०७९।८० मा गेटा मेडिकल कलेज र सेती तथा महाकाली अस्पतालबीचको सहकार्यमा सम्बन्धित विश्वविद्यालय अन्तर्गत मेडिकल कलेज सञ्चालन गर्ने व्यवस्था मिलाउने र बजेट वक्तव्य २०८०।८१ मा गेटा मेडिकल कलेजलाई शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने, गेटा अस्पताललाई १०० शय्याको अस्पतालको रूपमा विकास गर्न पूर्वाधार निर्माण गर्ने उल्लेख छ। निर्माण सम्पन्न भएको पूर्वाधार वार्षिक १०० विद्यार्थीलाई अध्यापन गराउन मिल्ने र ६०० शय्याको अस्पताल सञ्चालन गर्न सकिने क्षमता रहेको छ। हाल स्वास्थ्य मन्त्रालय अन्तर्गत रहनेगरी गेटा अस्पताल सञ्चालन भइरहेको छ। निर्माण सम्पन्न भएको पूर्वाधारलाई उपयोगमा ल्याउने सम्बन्धमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहने व्यवस्था भए पनि मन्त्रालयले तद्अनुसारको समिति बनाएको छैन। लेखापरीक्षण प्रतिवेदन तथा सरोकारवालाले उठाएका विषयहरूमा सुधार गरी स्वचालित रूपमा शैक्षिक प्रशासन सञ्चालन गर्न उक्त समिति गठन गरी सुझावहरू कार्यान्वयन गर्नुपर्नेमा यस्तो कार्य हुनसकेको छैन। गत विगत वर्षको लेखापरीक्षणमा वर्षान्तमा तोकिएको सीमाभन्दा बढी रकमान्तर गरेको,

सरोकारवालाको गुनासो र सुझाव सङ्कलन गरी कार्यान्वयन गर्न हेलो सरकार कार्यक्रम अघि बढाएकोमा कार्यान्वयन नगरेको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिएकोले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका बेहोरा यो वर्ष पनि दोहोरिएका छन्। लेखापरीक्षण तथा सरोकारवालाले दिएको सुझाव कार्यान्वयन गर्ने संयन्त्र बनाई कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

- **बेरुजु स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ५७ निकायमा रू.१६ करोड ३४ लाख ९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.७३ लाख २६ हजार फर्स्यौंट गरेकोले रू.१५ करोड ६१ लाख ६७ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रू.३४ लाख ३९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित, अन्य संस्था र समिति ३०७ तर्फ रू.३ अर्ब ४ करोड ४६ लाख ८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३४ निकायले रू.९ करोड ८५ लाख १३ हजार फर्स्यौंट गरेकोले रू.२ अर्ब ९४ करोड ६० लाख ९५ हजार बाँकी रहेको छ। सोमध्ये रू.८ करोड ४५ लाख ६९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन, श्रम शक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, श्रमसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सम्पर्क र सम्बन्ध, श्रमिक र व्यवस्थापकबीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, व्यावसायिक तालिमको सञ्चालन, समन्वय तथा प्रवर्धन, श्रमिकहरूको सामाजिक सुरक्षा, विदेशीहरूका लागि श्रम स्वीकृति, श्रम प्रशासन र व्यवस्थापन, श्रमिकलाई उपलब्ध गराइने बोनस, रोजगारी सिर्जनासम्बन्धी कार्यमा समन्वयलगायतका कार्य रहेका छन्। सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २४ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत २१ सरकारी कार्यालयको निम्नानुसार रू.७ अर्ब १९ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
११३९१	१२७५	५५८०४	३४३४	७१९०४

२. **अन्य संस्था** - यो वर्ष ३ अन्य संस्थाको रू.८२ अर्ब ३ करोड ९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयको वार्षिक लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

क्र.स.	कार्यक्रम	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१	श्रम अडिट	संख्या	५,०००	३,४२३	६८
२	सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या	संख्या	५,००,०००	६,५०,३०४	१३०
३	सामाजिक सुरक्षा योजनामा समावेश हुने रोजगारदाताको संख्या	संख्या	३०,०००	१८,०२२	६०
४	थप रोजगारी सिर्जना (प्रधानमन्त्री रोजगार कार्यक्रम)	जना	८६,०००	९१,५८५	१०६
५	अन्य कार्यक्रमबाट रोजगारी सिर्जना	कार्यदिन	५,००,०००	२,७२,३८८	५४
६	व्यावसायिक तथा सीपमूलक तालिम लिनेको संख्या	जना	३०,०००	२१,६७७	७२

उल्लिखित तालिकाअनुसार २ कार्यक्रममा लक्ष्यभन्दा बढी प्रगति देखिए तापनि अन्य कार्यक्रममा निर्धारित लक्ष्यको तुलनामा प्रगति भएको देखिँदैन। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ८६ हजार र अन्य कार्यक्रमबाट ५ लाख कार्यदिन रोजगारी सिर्जना गर्ने लक्ष्य रहकोमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ९१ हजार ५८५ लाई रोजगारी उपलब्ध गराएको र अन्य कार्यक्रमबाट २ लाख ७२ हजार ३८८ कार्यदिनको रोजगारी सिर्जना भएको मन्त्रालयको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ। तोकिएको लक्ष्य प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं आवधिक योजनामा मन्त्रालयसँग सम्बन्धित २०७९।८० को प्रमुख नतिजा सूचकको परिमाणात्मक लक्ष्य र प्रगति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८०		प्रगति प्रतिशत
				लक्ष्य	प्रगति	
१	आप्रवासी स्रोत केन्द्र स्थापना र सञ्चालन	जिल्ला	२२	३९	३८	९७
२	वैदेशिक रोजगारीका लागि व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति	संख्या (हजारमा)	४	३०	२१.६	७२
३	बालश्रम निरीक्षण भएका प्रतिष्ठान	संख्या	२००	२५००	२८९७	११५
४	योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध प्रतिष्ठान सम्बद्ध श्रमिक	संख्या (हजारमा)	७	५००	६५०	१३०
५	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या	संख्या (हजारमा)	२.६	३०	१८	६०
६	द्विपक्षीय श्रम सम्झौता वा समझदारी भएका मुलुक	संख्या	८	१४	१०	७१

उल्लिखित तालिकाअनुसार ६ सूचकमध्ये ५ सूचकमा ७० प्रतिशतभन्दा बढी र सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या यो वर्ष ३० हजार पुऱ्याउने लक्ष्य रहेकोमा १८ हजार समावेश भई ६० प्रतिशत मात्र प्रगति भएको देखिन्छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा मन्त्रालयका लागि उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि ५० माइलस्टोन निर्धारण गरिएकोमा ३७ माइलस्टोन मात्र पूर्णरूपमा सम्पन्न भएका र १३ माइलस्टोन आंशिक रूपमा सम्पन्न भई वार्षिक लक्ष्यको करिब ७४ प्रतिशत प्रगति हासिल भएको विवरण प्राप्त भएको छ। बजेट वक्तव्यमा समावेश कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **विप्रेषण प्राप्ति र परिचालन** - पन्ध्रौं योजना अवधिमा रू.५५ खर्ब ९२ अर्ब विप्रेषण आप्रवाह हुने अनुमान रहेकोमा यस वर्षसम्म रू.४० खर्ब ६३ अर्ब प्राप्त भएको नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित तथ्याङ्कबाट देखिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण, २०६६।६७ अनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको ८० प्रतिशत अंश उपभोगमा खर्च हुने गरेका कारण विप्रेषण आयबाट पुँजी निर्माणमा न्यून योगदान रहेको छ। प्रतिवेदनअनुसार गन्तव्य मुलुकबाट नेपालमा २०० अमेरिकी डलर पठाउँदा ४.५ प्रतिशत र ५०० अमेरिकी डलर पठाउँदा औसतमा ३ प्रतिशत लागत लाग्ने गरेको छ। औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा लाग्ने लागत उच्च हुँदा हुण्डीलगायत अनौपचारिक माध्यमबाट कारोबार हुने सम्भावना रहन्छ। विप्रेषण आयलाई औपचारिक माध्यमबाट पठाउने व्यवस्था गर्न सस्तो र सुलभ ढङ्गले विप्रेषण प्राप्त गर्ने तथा लागत घटाउने व्यवस्था मिलाई विप्रेषणको परिचालनलाई थप व्यवस्थित गर्नुपर्दछ।

७. **सूचना प्रणालीको एकीकरण** - सेवा प्रवाहलाई व्यवस्थित गर्न मन्त्रालय र मातहत कार्यालयहरूले विभिन्न व्यवस्थापन सूचना प्रणाली कार्यान्यनमा ल्याएका छन्। वैदेशिक रोजगार विभागले यो वर्ष वैदेशिक रोजगार व्यवस्थापन प्रणाली सञ्चालन गर्न रू.३३ लाख ६० हजार, वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली, तालिम व्यवस्थापन प्रणाली र रोजगार बजार प्रणाली सञ्चालन रू.२५ लाख ५० हजार र श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले सञ्चालनमा ल्याएको सूचना प्रणालीलाई स्तरोन्नति गर्न रू.४ लाख ५९ हजारसमेत रू.६३ लाख ६९ हजार खर्च गरेको छ। मन्त्रालय र अन्तर्गतका निकायको सेवा प्रवाह र सूचना प्रणालीलाई व्यवस्थित र सुरक्षित गरी सेवा लागतसमेत मितव्ययी गर्न हाल सञ्चालनमा रहेका प्रणालीलाई एकीकृत गर्नुपर्दछ।

८. **नीति पुनरावलोकन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको जिम्मेवारीमा श्रम, रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र परिमार्जन र हरेक पाँच वर्षमा नीतिको पुनरावलोकन गर्नेसमेत उल्लेख छ। मन्त्रालयअन्तर्गत राष्ट्रिय रोजगार नीति, २०७१, वैदेशिक रोजगार नीति, २०६८ लगायतका नीति कार्यान्वयनमा रहेका छन्। मन्त्रालयले वैदेशिक रोजगार नीति, २०६८ सम्बन्धमा अध्ययन तथा पुनरावलोकन गरी मस्यौदा तयार गरे तापनि अन्य नीतिको समीक्षा गरेको देखिएन। समय सापेक्षरूपमा नीति पुनरावलोकन गरी कार्यसम्पादन गर्नुपर्दछ।

९. **सीपमूलक तालिम** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३(१) मा वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने उल्लेख छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरणअनुसार यो वर्ष वैदेशिक रोजगारीमा गएका ७ लाख ७१ हजारमध्ये २२ हजार (२.८५ प्रतिशत) ले मात्र सीपमूलक तालिम लिएका छन्। बोर्डको खातामा रू.६ अर्ब ८४ करोड ७६ लाख मौज्दात रहेको छ। उक्त मौज्दात वैदेशिक रोजगारीमा जान चाहनेलाई सीपमूलक तालिम प्रदान गर्न उपयोग गर्नुपर्दछ।

१०. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ अनुसार बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट रोजगारी सिर्जना र पदस्थापना, वैदेशिक रोजगारमा जानेलाई सहजीकरण र परामर्श तथा वैदेशिक रोजगारीबाट फर्केकालाई पुन: एकीकरण लगायतका कार्यक्षेत्रगत शर्त तोकी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी कार्य सम्पादन गर्नुपर्ने व्यवस्थाअनुसार यो कार्यक्रम सञ्चालन भई यो वर्ष रू.५ अर्ब ७० करोडसमेत हालसम्म रू.१८ अर्ब ७३ करोड खर्च भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन:

१०.१. आयोजनाले कुल २ हजार २८० रोजगार संयोजकलगायतका कर्मचारी परिचालन गरी ७२० पालिकामा कार्यक्रम सञ्चालन गरेकोमा आयोजना अवधि ५ वर्ष व्यतीत हुँदा हालसम्म ४० लाख ४ हजार श्रमिक सूचीकृत भएको देखिन्छ। सोमध्ये ७ लाख १२ हजार मात्र न्यूनतम रोजगारीमा सहभागी भएको देखिन्छ। कार्यक्रमले सूचीकृत श्रमिकको ठूलो हिस्सालाई रोजगारी दिनसकेको देखिँदैन।

१०.२. वैदेशिक रोजगारबाट फर्केका श्रमिकको सामाजिक आर्थिक पुन: एकीकरण कार्यक्रम यो वर्ष सुरु भई वैदेशिक रोजगार बोर्डसँगको लागत साझेदारीमा ८१ स्थानीय तहमा उक्त कार्यक्रम कार्यान्वयन भएको देखिन्छ। उद्यमशीलता विकासका लागि आयोजना अवधिमा ५९ हजार ५०० लाई कार्यस्थलमा आधारित तालिम सञ्चालन गर्ने लक्ष्य लिएकोमा सोको सुरुवात भएको छैन।

१०.३. उक्त कार्यक्रममा भएको खर्च, रोजगारीका लागि सूचीकृत संख्या, सहभागी संख्या, औसत रोजगारी दिन र कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको संख्या निम्नानुसार छ:

आर्थिक वर्ष	जम्मा खर्च रू.लाखमा	रोजगारी संख्या		औसत रोजगारी दिन	कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह
		सूचीकृत	सहभागी		
२०७५।७६	२२८२५	१३३३०००	१७२२७०	१३	५८४
२०७६।७७	१४३४१	३६९३१३	१०५६२६	१६	५४१
२०७७।७८	३०१५४	७५२४४९	१७९४६९	७७	७०८
२०७८।७९	६२९२२	७०८२४५	१६३७०८	७५	७०६
२०७९।८०	५७०६२	८४१३७९	९१५८५	६१	७२०

रोजगारीको अवस्थालाई विश्लेषण गर्दा प्रत्येक वर्षको बजेट कार्यक्रममा २ लाखलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गर्ने उल्लेख भए तापनि सबै स्थानीय तहमा यो कार्यक्रम सञ्चालन नभएको र सूचीकृत सबैलाई न्यूनतम १०० दिन रोजगार उपलब्ध नभएको अवस्था छ।

१०.४. बाह्य तथा आन्तरिक रोजगारको सूचना तथा तथ्याङ्कको विवरण रोजगार सेवा केन्द्रमा अद्यावधिक नहुँदा बेरोजगार व्यक्तिलाई परामर्श दिने कार्य भएको छैन। कार्यक्रमबाट मूख्यत सडक, नाला सफा गर्ने, विद्यालयको खेलमैदान तथा गोरेटो, घोडेटो बाटो निर्माण गर्ने ससाना पूर्वाधार निर्माण र सरसफाई जस्ता कार्य गरेको छ। वैदेशिक ऋणबाट सञ्चालित कार्यक्रमको कार्यसम्पादन प्रभावकारी हुन सकेको छैन। कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना

विश्व बैङ्कको १२० मिलियन अमेरिकी डलर ऋण सहयोगमा सञ्चालित यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध भई रोजगारीको अवसर सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षितवर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ। यो आयोजना २७ नोभेम्बर २०१९ देखि कार्यान्वयनमा रहेको छ।

११. **आयोजना कार्यान्वयन -** आयोजनाको ५ वर्षे अवधिमा विश्व बैङ्कको ऋण सहयोगबाट रू.१३ अर्ब ६८ करोड ९६ लाख खर्च हुने उल्लेख भएकोमा आयोजना सुरु भएको ४ वर्षसम्म रू.७ अर्ब २३ करोड ३६ लाख (५२.८४ प्रतिशत) खर्च र वैदेशिक ऋण सहयोग रकम वर्षको न्यूनतम १०० दिन रोजगारी उपलब्ध गराउने कार्यमा केन्द्रित रहेकोमा आयोजनाले समग्र प्रगति विवरण तयार गरेको छैन। आयोजना अवधिमा ५९ हजार ५०० लाई कार्यस्थलमा आधारित तालिम उपलब्ध गराउने मुख्य कार्य सुरु भएको पाइएन। वैदेशिक ऋणको प्रभावकारी उपयोग गर्नुका साथै सोको परिचालन सन्दर्भमा राष्ट्रिय आवश्यकता र प्राथमिकतामा केन्द्रित हुने गरी आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

१२. **समीक्षा गोष्ठी खर्च -** आयोजना व्यवस्थापन एकाइको लागि यस वर्ष विशेषज्ञ सेवा खरिद, अर्धवार्षिक र वार्षिक समीक्षा गोष्ठी, २० हजारलाई कार्यस्थलमा आधारित तालिम, स्थानीय तहको रणनीतिक योजना तर्जुमा अनुदान, सरकारी सूचना प्रणालीमा आबद्धता, प्रशिक्षक प्रशिक्षणको मोड्युल निर्माण लगायतका कार्यक्रम सञ्चालन गर्न रू.८५ करोड ११ लाख ४० हजार बजेट स्वीकृत भएको देखिन्छ। आयोजनाले सूचना प्रकाशन, विशेषज्ञ सेवा, समीक्षा गोष्ठीबाहेक अन्य क्रियाकलाप सञ्चालन गरेको देखिएन। आयोजनाको वार्षिक तथा अर्धवार्षिक समीक्षा गोष्ठीमा गत वर्ष रू.१ करोड ८४ लाख २३

हजार खर्च भएकोमा यो वर्ष रू.१ करोड ५७ लाख ६५ हजार खर्च भएको छ। यस्तो खर्च मितव्ययी हुर्नुपर्ने बेहोरा गत वर्षसमेत औंल्याइएकोमा सुधार भएको पाइएन।

१३. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। आयोजनाले मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, आयोजनाको लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने, खरिदसम्बन्धी कागजात तयार गर्ने, लेखापरीक्षणका लागि आवश्यक अभिलेख र कागजात सुरक्षित राख्ने लगायतका कार्यको लागि खरिद, वित्तीय विज्ञ र पटके रूपमा अन्य ७ जना परामर्शदाता नियुक्त गरी यो वर्ष रू.१ करोड ५ लाख ५ हजार खर्च गरेको छ। आयोजना कार्यान्वयन, अनुगमन मूल्याङ्कन, खरिद, लेखालगायतका कार्य कार्यालयकै जनशक्तिबाट नगराई परामर्श सेवाबाट गराउँदा लागत बढ्ने तथा उपलब्ध जनशक्तिको पूर्ण उपयोग नभई दक्षता अभिवृद्धिमा असर पर्ने हुँदा यस प्रकारको परामर्श सेवा लिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

देशभित्र श्रम सम्बन्धको विकास, श्रमिक हक हित प्रवर्धन, आन्तरिक श्रम बजार सर्वेक्षण, श्रमसम्बन्धी विषयमा राय प्रतिक्रिया उपलब्ध गराउने, श्रमसम्बन्धी तथ्याङ्क एवं सूचनाहरू उपलब्ध गराउनेलगायतका श्रम प्रशासनसम्बन्धी कार्य गर्न यस विभागको स्थापना भएको हो।

१४. **उजुरी** - श्रम नियमावली, २०७५ को नियम १६२ मा कुनै व्यक्ति तथा रोजगारदाता, श्रमिक वा पदाधिकारीले नियमविपरित कार्य गरेमा सो कार्यबाट मर्का पर्ने पक्षले उजुरी दिनसक्ने व्यवस्था छ। विभाग र मातहत कार्यालयमा यो वर्ष ८०२ उजुरी परेकोमा विभागले सोको कार्यान्वयन अवस्था खुलाएको छैन। प्रगति विवरणमा श्रम अदालतबाट कार्यान्वयनको लागि प्राप्त १९९ फैसलामध्ये ४८ कार्यान्वयन भई १५१ बाँकी रहेको देखिन्छ। उजुरी फरफारक र फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१५. **श्रम आपूर्तिकर्ता व्यवस्थापन** - विभाग र मातहत कार्यालयहरूले श्रम आपूर्तिकर्ताको दर्ता, नवीकरण तथा अनुगमन गर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार २०७८।७९ सम्म ५३८ श्रमिक आपूर्तिकर्ता रहेकोमा २०७९।८० मा ३६१ नवीकरण तथा ५२ नयाँ दर्तासमेत ४१३ वैध रूपमा सञ्चालनमा रहेका र १७७ ले नवीकरण गराएको देखिएन। विभागमा यससम्बन्धी अद्यावधिक अभिलेख नभएको र अनुगमनसमेत गरेको नदेखिएकोले यसमा सुधार गर्नुपर्दछ।

१६. **श्रम लेखापरीक्षण** - श्रम नियमावली, २०७५ को नियम ५६ मा श्रम ऐन तथा नियमावलीबमोजिम काम कारबाही भए नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र आफ्नो प्रतिष्ठानको सम्बन्धमा मन्त्रालयले तोकेको मापदण्डबमोजिम प्रतिष्ठानको आफ्नै व्यवस्थापकीय तहको श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्थामार्फत् श्रम लेखापरीक्षण गराउने व्यवस्था छ। विभागले श्रम लेखापरीक्षणलाई प्रभावकारी बनाउन ५ हजार प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकोमा ३ हजार ४२३ को मात्र प्रतिवेदन प्राप्त गरेको छ। श्रम लेखापरीक्षण अनिवार्य गराई प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने बेहोरा गत वर्षसमेत औंल्याइएकोमा स्थिति यथावत छ।

१७. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य -** श्रम नियमावली, २०७५ अनुसार विभागले यस वर्ष व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको सम्बन्धमा २ हजार ८ सय ९१ प्रतिष्ठानको निरीक्षण गरेको छ। निरीक्षण गर्दा कार्यस्थलको लागि अधिकतम ध्वनि मापनका लागि स्तर मापदण्ड, २०७३ पालना गरे नगरेको समेत अनुगमन गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यको लागि कार्यस्थलको प्रकाश तथा ध्वनि मापनका लागि आवश्यक उपकरण प्रयोग गरी अवस्था विश्लेषण गर्नुपर्नेमा उपकरणको प्रयोग नभएको, तापक्रमसम्बन्धी मापदण्ड तयार नभएको, निरीक्षणको लागि विभाग र मातहत कार्यालयको लागि १८ निरीक्षक दरबन्दी रहेकोमा ११ जना मात्र कार्यरत रहेको स्थिति छ। निरीक्षणबाट व्यवसायजन्य सुरक्षा तथा श्रम समिति गठन नगरेको, व्यवसायजन्य सुरक्षा तथा श्रम नीति नबनाएको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, मेसिन औजारहरूमा उपयुक्त सुरक्षाबार नरहेको, सुरक्षा हेल्मेट, पन्जा तथा अन्य सामान उपलब्ध नगराएको, सामाजिक सुरक्षा कोषलगायत श्रमिक हितमा कोष नराखेको लगायत स्वास्थ्य तथा सुरक्षासम्बन्धी व्यवस्था पालना नगरेकोले सुधार गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा सोको कार्यान्वयन भएको पाइएन। निरीक्षणको लागि आवश्यक जनशक्ति एवं स्रोत साधनको व्यवस्था गरी प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागले वैदेशिक रोजगार अनुमति दिने, अनुमति नवीकरण गर्ने, अनुगमन गर्ने, वैदेशिक रोजगारीको सम्बन्धमा परेका उजुरीको आवश्यक जाँचबुझ गर्ने गराउने र क्षतिपूर्ति भराउने लगायतका कार्य गर्दै आएको छ।

१८. **वैदेशिक रोजगारको स्थिति** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने व्यवस्था छ। यस वर्षसम्म वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७९ देश सँग आपसी समझदारी गरी वैदेशिक रोजगारीका लागि खुला गरेको छ। विभागले यो वर्ष ७ लाख ७१ हजार ३२७ जनालाई वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति प्रदान गरेको देखिन्छ। वैदेशिक रोजगारका लागि धेरै कामदार गएका साउदी अरेबिया, कतार, मलेसियालगायतका देशहरूसँग समेत श्रम सम्झौता गर्न सकेको छैन। आन्तरिक रोजगारी प्रभावकारी हुन नसकेको अवस्थामा वैदेशिक रोजगारीसँग जोडिएका सेवा प्रवाहमा देखिएका श्रम स्वीकृति, उजुरी फरफारक र मुद्दाको फर्स्यौंटमा देखिएको ढिलासुस्तीका समस्याहरूलाई सम्बोधन गर्न आवश्यक नीतिगत एवं प्रक्रियागत सरलीकरण गर्नुपर्ने देखिन्छ।

त्यसै गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ मा वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्नसक्ने र त्यस्ता व्यक्तिलाई वैदेशिक रोजगारमा कामदार पठाउँदा वैदेशिक रोजगार व्यवसाय गर्ने संस्थाले नेपाल सरकारद्वारा तोकेबमोजिम आरक्षण प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार सुविधा एवं आरक्षण प्रदान गरे नगरेको सम्बन्धमा विभागले अनुगमन गरेको देखिएन। कानुनी व्यवस्थाको पालना गरी वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नुपर्दछ।

१९. **कामदारको प्रकृति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३० मा सीपमूलक तालिम आवश्यक पर्ने काम गर्न वैदेशिक रोजगारीमा जाने कामदारले नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट तालिम लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगारीका लागि २०७४।७५ देखि २०७८।७९ सम्म गएका २२ लाख ८८ हजार २६ मध्ये ५ वर्षको औसत सङ्ख्यालाई विश्लेषण गर्दा उच्च दक्षतायुक्त ०.०३ प्रतिशत, पेशाविद् ०.१३ प्रतिशत, दक्ष ३६.५१ प्रतिशत, अर्धदक्ष ८.७५ प्रतिशत र अदक्ष ५४.५८ प्रतिशत कामदार रहेका छन्। यो वर्ष वैदेशिक रोजगारमा गएको ७ लाख ७१ हजारमध्ये दक्ष कामदारको संख्या ५ लाख ६ हजार रही दक्ष कामदारको संख्यामा वृद्धि भए तापनि अदक्ष कामदारको संख्या यथावत रहेको छ। कामदारको दक्षताको आधारमा पारिश्रमिक तथा अन्य सुविधाहरू निर्धारण हुने भएकोले वैदेशिक रोजगारीको लागि दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्दछ।

२०. **निःशुल्क भिसा र टिकट -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा २४ मा कुनै खास मुलुक वा कम्पनीको लागि प्रति कामदार सेवा शुल्क र प्रवर्धन खर्च (प्रवेशाज्ञा शुल्क र कामदारको कोटा उपलब्ध गराउँदा स्वदेश तथा विदेशमा हुने विविध खर्च) सहित संस्थाले लिन पाउने रकमको अधिकतम हद तोक्ने उल्लेख छ। श्रम तथा रोजगार मन्त्रालयले २०७२।३।२१ मा कतार, साउदी अरब, मलेसिया, ओमन, बहराइन, कुबेत र यूएईसहित ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारहरूको भिसा तथा टिकटको रकम रोजगारदाताले नै बेहोर्नुपर्ने गरी निर्णय गरेको साथै सर्वोच्च अदालतले समेत २०७५।९।१८ मा निःशुल्क भिसा र टिकटको निर्णय प्रभावकारी ढङ्गले लागु गर्न निर्देशनात्मक आदेश जारी गरेको छ। तर वैदेशिक रोजगारीमा गएर ठगिएका व्यक्तिबाट विभागमा परेको उजुरी अध्ययन गर्दा इजाजतवालाहरूले अधिक शुल्क लिएको उल्लेख छ। निःशुल्क भिसा तथा निःशुल्क टिकट नीति सम्बन्धमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेश र मन्त्रालयको निर्णयको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२१. **उजुरी फरफराक र अभिलेख -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ मा रोजगारदाता संस्थाले सम्झौतामा तोकिएबमोजिमको शर्तअनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाणसहित कामदार वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्नसक्ने र विभागले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा बेहोरा मनासिब देखिएमा क्षतिपूर्ति भराइदिन आदेश दिनसक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष दर्ता भएका उजुरी, फरफारक र क्षतिपूर्तिको अवस्था देहायबमोजिम छनः

२१.१. प्राप्त विवरणअनुसार यो वर्ष व्यक्तिगत १ हजार ९२४ उजुरीबाट रू.१ अर्ब ३६ करोड ३३ लाख २७ हजार माग दावी गरेकोमा १८३ उजुरीको सम्बन्धमा रू.३८ करोड ३६ लाख ३७ हजार विगो दावी गरी अदालतमा मुद्दा दायर गरेकोमा रू.१९ करोड ५७ लाख ७ हजार क्षतिपूर्ति भराएको छ। त्यस्तै संस्थागत उजुरी ६४२ बाट रू.१ करोड ६८ लाख ७९ हजार माग दाबी गरेकोमा रू.१ करोड १३ लाख १५ हजार क्षतिपूर्ति भराएको छ।

२१.२. प्राप्त उजुरीमध्ये २ हजार ९५ उजुरी प्रक्रियामा नै रहेको तथा गत विगत वर्षका टुंगो लाग्न बाँकी उजुरीको अभिलेख अद्यावधिक छैन। कारबाही गर्दा प्राप्त उजुरीको समयमै निर्णय गरी उजुरीकर्तालाई

न्याय दिनुपर्नेमा एक वर्षभन्दा बढी समय ढिला गरी एकमुष्ट निर्णय गरेको देखियो। टुङ्गो लाग्न बाँकी उजुरीको अभिलेख व्यवस्थित गरी नियमानुसार फर्स्यौंट गर्नुपर्दछ।

२१.३. वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ मा कुनै इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा वा इजाजतपत्रवालाले कुनै झुटो आश्वासन दिई वा प्रलोभन देखाई रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम भराई त्यस्तो इजाजतपत्रवालालाई तीनदेखि पाँच लाख रूपैयाँसम्म जरिबाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुने र इजाजतपत्रसमेत रद्द हुने व्यवस्था छ। विभागले ऐनको उक्त दफा आकर्षित हुने कसुर गर्ने इजाजतपत्रवालालाई अनुसन्धान गरी अदालतमा पेस गर्नुपर्नेमा ऐनको दफा ५१ र ५३ अनुसार बिगो भराउने र जरिबाना गर्ने कारबाहीमात्र गरेको छ। विभागले २०७७।७८ भन्दा अघि कारबाही गरेको अभिलेख डिजिटलाइज नगरेकोले पटके कसुरदाताको सम्बन्धमा जानकारी हुनसक्ने देखिएन। कसुर अनुसारको कारबाही र सोको व्यवस्थित अभिलेख राखी वैदेशिक रोजगारीको क्षेत्रमा हुने गरेको गलत क्रियाकलापलाई निरुत्साहित गर्नुपर्दछ।

२२. **दर्ता एवं नवीकरण** - वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न चाहने संस्थाले प्राप्त इजाजतपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्दछ। वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ बमोजिम इजाजतपत्रवालाले तोकिएको विवरण पेश गरी प्रत्येक वर्षको आषाढ मसान्तमा रू.१० हजार र असोज मसान्तसम्म थप रू.१० हजार वैदेशिक रोजगार बोर्ड मातहत रहने कल्याणकारी कोषमा दस्तुर बुझाई नवीकरण गर्नुपर्ने र यसरी नवीकरण नगर्ने संस्थाको इजाजत रद्द गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२२.१. विभागले उपलब्ध गराएको विवरण अनुसार गत वर्षसम्म १ हजार ५ सय ४३ संस्था दर्ता रहेकोमा ८४६ मात्र सक्रिय रूपमा सञ्चालनमा रहेको र यो वर्ष नयाँ दर्ता ७६ र नवीकरण गराएका ७६३ समेत ८३९ सञ्चालनमा रहेकोमा ८३ संस्थाले नवीकरण गराएका छैनन्। निष्क्रिय रहेका ६२७ संस्था र नवीकरण नगराएका ८३ संस्थालाई नवीकरणको दायरामा ल्याउनुपर्ने अन्यथा इजाजत पत्र रद्द गर्नुपर्दछ।

२२.२. वैदेशिक रोजगार ऐन, २०६४ को परिच्छेद ३ को दफा ११ अनुसार वार्षिक ३ हजारभन्दा बढी ५ हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने सँस्थासँग धरौटीबापत रू.१ करोड रुपैया नगद र रू.३ करोड रुपैया बराबरको बैङ्क ग्यारेन्टी र ५ हजारभन्दा बढी कामदार पठाउने लक्ष्य राखेमा रू.२ करोड नगद र रू.४ करोड रुपैयाँ बराबरको बैङ्क ग्यारेन्टी लिइ इजाजत दिनुपर्ने व्यवस्था छ। यो वर्ष १० इजाजतप्राप्त संस्थामध्ये ७ संस्थाले ३ हजारभन्दा बढी कामदार पठाएको र ५ हजारभन्दा बढी कामदार पठाउने ३ संस्थाले नियमानुसारको धरौटी रू.४ करोड ७१ लाख र बैङ्क ग्यारेन्टी थप गरेको छैन। इजाजतपत्र दर्ता भएका संस्थालाई तोकिएको धरौटी लिई नवीकरणको दायरामा ल्याउनुपर्ने र कानुनले तोकेकोभन्दा बढी कामदार पठाउने तथा फरक कार्य गर्नेलाई कानुनअनुसार कारबाही गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२२.३. वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५३ मा प्रवेशाज्ञा शुल्क, सेवा शुल्क, प्रवर्धन खर्च बढी लिएमा रू.१ लाखसम्म जरिवाना गर्ने र दफा ५४ मा नियम आदेश वा निर्देशन पालना नगर्ने

इजाजतपत्रवालालाई विभागले पहिलोपटक सचेत गराउने, दोस्रो पटक पचास हजार रुपैयाँ जरिबाना र तेस्रो पटक सोही कसुर दोहोरिएमा एक लाख जरिवाना गरी इजाजतपत्र रद्द गर्न सक्ने व्यवस्था छ। विभागसँग कारबाहीको व्यवस्थित अभिलेख छैन। अभिलेख व्यवस्थित गरी कारबाहीको कार्यान्वयन गर्नुपर्दछ।

व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान

श्रम बजारमा सीपमूलक जनशक्ति उपलब्ध गराउने उद्देश्यले रोजगारमुखी अल्पकालीन सीपमूलक तालिम प्रदान गर्न प्रतिष्ठानको स्थापना भएको हो।

२३. **स्वायत्त निकाय गठन -** व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, ललितपुर लगायत ३ तालिम केन्द्र सङ्घ र बाँकी प्रदेश सरकार मातहत रहने गरी पुनर्संरचना भएको छ। सङ्घ, प्रदेश र स्थानीयस्तरसम्म व्यावसायिक तथा सीप विकास क्रियाकलापमा एकरूपता र गुणस्तर कायम हुन सकेको देखिँदैन। यसको लागि पाठ्यक्रम विकास, प्रशिक्षक प्रशिक्षण, व्यावसायिक तथा सीप विकाससम्बन्धी अध्ययन अनुसन्धान र नीति तर्जुमा लगायतका कार्य गर्न एक राष्ट्रियस्तरको स्वशासित र स्वायत्त निकाय गठन गर्नुपर्ने बेहोरा गतवर्ष उल्लेख गरेकोमा विकास समिति ऐन, २०१३ को दफा १३ बमोजिम गठन आदेश जारी गरी प्रतिष्ठान गठन भएको छ। आवश्यक नियमावली र कार्यविधि तर्जुमा गरी प्रतिष्ठानको कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

२४. **प्रशिक्षार्थी छनोट -** प्रतिष्ठानबाट यो वर्ष ३ हजार ५८० जनालाई विभिन्न १९ प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न रू.७ करोड ८३ लाख ८० हजार बजेट व्यवस्था भएकोमा आन्तरिक र बाह्य तालिम प्रदायकसमेतबाट ३ हजार ५८० जनालाई १४ प्रकारका सीपमूलक तालिम प्रदान गरी रू.७ करोड ६६ लाख २६ हजार खर्च गरेको छ। बाह्य सेवा प्रदायकबाट प्रदान गर्ने तालिमको लागि प्रशिक्षार्थी छनोटको जिम्मेवारीसमेत सोही संस्थालाई प्रदान गर्दा प्रशिक्षार्थी छनोटमा दोहोरोपना हुन सक्ने, अनुगमन कार्य प्रभावकारी नहुने र तालिम प्रदायक संस्थाबाट सशुल्क तालिम प्रदान गरेकोसमेत समावेश हुन सक्ने देखिन्छ। यसमा सुधार गर्नुपर्दछ।

२५. **तालिमको अभिलेख -** प्रतिष्ठानले सञ्चालन गरेको तालिम र सोको अवधि, तालिम प्रदान गर्ने संस्था तालिममा सहभागी हुनेको नाम, सीप परीक्षणको स्थिति लगायतका जानकारी खुल्ने गरी डाटाबेस बनाउनु पर्दछ। तालिम प्रदायक र तालिम प्राप्त गर्ने प्रशिक्षार्थीको सम्बन्धमा दूर अनुगमन गर्न, तालिम प्रदायकबाट प्रशिक्षार्थी छनोट लगायतका क्रियाकलापमा पारदर्शिता कायम गर्न अभिलेख अद्यावधिक गरी प्रतिष्ठानको वेब साइटबाट प्रकाशन गर्नुपर्दछ।

२६. **सीप परीक्षण -** प्रतिष्ठानले बाह्य तालिम प्रदायक संस्थाबाट प्रदान गरेका ३६० घण्टा बराबर वा सो भन्दा बढी अवधिको तालिममा अनिवार्य सीप परीक्षणको व्यवस्था गरेको छ। प्रतिष्ठानले यो वर्ष बाह्य तालिम प्रदायक संस्थामार्फत ३ हजार ३८० व्यक्तिलाई तालिम प्रदान गर्दा रू.७ करोड ६६ लाख २६ हजार खर्च भएको देखिन्छ। प्रतिष्ठानले कुनै पनि तालिममा सीप परीक्षण गरेको पाइएन। परामर्शदातामार्फत् २०७३।७४ देखि २०७९।८० सम्म गरेको तालिमको प्रभाव मूल्याङ्कनअनुसार ६ हजार ४ सय ५४ लाई तालिम प्रदान गरेकोमा सीप परीक्षण नभएको र रोजगारीका लागि यस्तो

प्रमाणपत्र माग हुने गरेको उल्लेख छ। अतः तालिमको प्रभावकारिता कायम गर्न सीप परीक्षणको अनिवार्य व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२७. **तालिमको प्रभावकारिता -** व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०६९ को बुँदा नं.३५ मा उल्लेख भएअनुसार सञ्चालन भएका तालिमबाट सीप सिकेका व्यक्तिहरूको व्यक्तिगत वस्तुस्थिति झल्किने गरी प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। तर १७ विधामा ३ हजार ५८० जना प्रशिक्षार्थीलाई तालिम केन्द्र आफैं र सेवा प्रदायकमार्फत तालिम प्रदान गरिएको सम्बन्धमा लेखापरीक्षणको क्रममा प्रभावकारिता मूल्याङ्कन गरेको प्रतिवेदन संलग्न गरेको पाइएन। सञ्चालन भएका तालिमबाट प्राप्त नतिजाको लेखाजोखा गर्न प्रभावकारिता मूल्याङ्कन गर्नुपर्दछ।

अन्य संस्था

सामाजिक सुरक्षा कोष

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार जम्मा भएको रकम र राष्ट्रिय स्तरको कल्याणकारी कोषबाट प्राप्त रकम व्यवस्थापन गर्ने गरेको छ। कोषको लागि यो वर्ष रू.२५ करोड ७४ लाख ८५ हजार बजेट व्यवस्था भएकोमा रू.१५ करोड २८ लाख १७ हजार (५९.३५ प्रतिशत) खर्च भएको छ। कोषको रू.७४ अर्ब ८२ करोड ७३ लाख सम्पत्ति तथा दायित्व रहेको छ।

२८. **लगानीको अवस्था** - सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७ मा कोषले सरकारी ऋणपत्र, मुद्दती निक्षेप, शेयर, डिबेन्चर, म्युचुअल फण्ड, स्थिर सम्पत्ति, योगदानकर्ता सापटी आदिमा लगानी गर्ने व्यवस्था छ। यो वर्षको अन्त्यमा २२ बैङ्कको मुद्दती निक्षेपमा रू.५२ अर्ब ८५ करोड ६८ लाख ४२ हजार, २२ बैङ्कको डिबेन्चरमा रू.३ अर्ब २ करोड १५ लाख ३८ हजार, ट्रेजरी बिल र विकास बचतमा रू.१४ अर्ब ३ करोड ५४ लाख ५६ हजार, म्युचुअल फण्डमा रू.१६ करोड र योगदानकर्ताको सापटीतर्फ रू.१९ करोड ६३ लाख ३८ हजारसमेत रू.७० अर्ब २७ करोड १ लाख ७४ हजार निक्षेप र लगानी रहेको छ। निक्षेपको सुरक्षासमेतलाई ध्यान दिई कोषको रकम अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना बनाई सोअनुरूप लगानी गर्नुपर्दछ।

२९. **दाबी भुक्तानी** - सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ मा योगदानकर्ताहरूलाई औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा असक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धअवस्था सुरक्षा योजना जस्ता सामाजिक सुरक्षा प्रदान गर्ने उल्लेख छ। यो वर्ष औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनातर्फ रू.४८ करोड १२ लाख ८६ हजार सङ्कलन भएकोमा रू.३७ करोड ९ लाख ८१ हजार दाबी भुक्तानी भएको छ। दुर्घटना तथा असक्तता सुरक्षा योजनाअन्तर्गत रू.६७ करोड ३८ लाख १ हजार सङ्कलन भएकोमा रू.५ करोड ४२ हजार दाबी भुक्तानी भएको छ। आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रू.१२ करोड ९९ लाख ४७ हजार सङ्कलन भएकोमा रू.५ करोड १६ लाख ७२ हजार दाबी भुक्तानी भएको छ। वृद्धअवस्था सुरक्षा योजनाअन्तर्गत रू.१३ अर्ब ८६ करोड ४३ लाख ७० हजार सङ्कलन भएकोमा रू.२ अर्ब ९७ करोड १६ लाख ९२ हजार दाबी भुक्तानी गरेको छ। कोषले योगदानकर्ताहरूलाई सरल प्रक्रियामार्फत दाबी भुक्तानी हुने व्यवस्था मिलाउनुपर्दछ।

३०. **कार्यक्रममा सूचीकरण** - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन २०७५।७।२६ मा प्रथम पटक तथा तत्पश्चात्समेत राजपत्रमा सूचना प्रकाशन गरेको छ। कोषमा २०७९।८० सम्ममा १८ हजार ४० रोजगारदाता सूचीकृत भएकोमा ४ लाख २४ हजार ११४ श्रमिक औपचारिक क्षेत्रबाट र वैदेशिक क्षेत्रका २ लाख २६ हजार १९० समेत ६ लाख ५० हजार ३०४ श्रमिक सूचीकृत भएको देखिन्छ। औपचारिक क्षेत्रमध्ये कतिपय बैङ्क तथा वित्तीय संस्था तथा उद्योग व्यवसायहरू सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध हुन बाँकी रहेका छन्। सार्वजनिक निकायमा रहेका अस्थायी तथा करार श्रमिकलाई कोषले सञ्चालनमा ल्याएका योजनाहरूमा आबद्ध गर्न सकेको छैन। औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई कोषमा आबद्ध गराउन प्रोत्साहन गर्नुपर्दछ।

३१. **एकीकृत सूचना प्रणाली** - कोषमा आबद्ध हुने योगदानकर्ताको संख्या र कारोबारमा भएको वृद्धिसँगै कोषले प्रयोगमा ल्याएको सामाजिक सुरक्षा एकीकृत सूचना प्रणाली सञ्चालन चुस्त र सुरक्षित हुनु पर्नेमा राष्ट्रिय सूचना प्रविधि केन्द्रको डाटा सेन्टरमा रहेका सर्भरमा दिइएको इन्टरनेट कनेक्सनको फेलओभर स्विचिङ्ग स्वचालित नभएकोले सेवा प्रवाहमा ढिलाइ हुन गएको कोषले उल्लेख गरेको छ। योगदानकर्ता र कारोबारमा वृद्धिसँगै जटिलता थपिँदा सूचना प्रणालीको सुरक्षा र छरितोपना कायम गर्न आवश्यक व्यवस्था हुनुपर्दछ।

वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्ने उद्देश्यले २०६५ सालमा वैदेशिक रोजगार बोर्डको गठन भएको हो।

३२. **कार्यसम्पादन** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ मा श्रम स्वीकृति लिई गएका श्रमिकका लागि बोर्डले विभिन्न कल्याणकारी कार्यहरू गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कल्याणकारी कार्यमा रू.१ अर्ब १० करोड ८९ लाख १६ हजार खर्च गरेको छ। वैदेशिक रोजगारको क्रममा मृत्यु र अङ्गभङ्ग हुनेको संख्या गत वर्ष क्रमशः १ हजार ४७९ र २४५ रहेकोमा, यो वर्ष क्रमशः १ हजार २६८ र ५६२ पुगेको छ। वैदेशिक रोजगारको क्रममा गम्भीर बिरामी भएका तथा विभिन्न कानुनी कारबाही र परिबन्दमा परेका नागरिकको उपचार र कानुनी प्रतिरक्षासम्बन्धी कार्य प्रभावकारी हुन नसकेको, बीमा दाबी भुक्तानीमा समस्या रहेको, बोर्डबाट प्रदान हुने कल्याणकारी कार्यको सम्बन्धमा पर्याप्त प्रचार-प्रसार हुन नसकेको लगायतका समस्या देखिएका छन्। त्यसैगरी वैदेशिक रोजगारको क्षेत्रमा हुने ठगी नियन्त्रणमा समेत अपेक्षित सुधार हुन सकेको छैन।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३९ मा बोर्डको काम कर्तव्य अधिकार उल्लेख छ। बोर्डबाट वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन बाहेक अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने, नयाँ श्रम बजारको खोजी गर्ने, फर्किएका कामदारको सीप, पुँजी र सिकेको प्रविधि उपयोग गरी राष्ट्र हितमा लगाउने, वैदेशिक रोजगार व्यवसाय सञ्चालन र अभिमुखीकरण तालिम दिन इजाजत प्राप्त संस्थाको अनुगमन लगायतका कार्य हुन सकेको छैन। कार्य योजना बनाई उक्त कार्य प्रभावकारी रूपमा सम्पादन गर्नुपर्दछ।

३३. **आप्रवासन स्रोत केन्द्र -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २६ मा वैदेशिक रोजगारसँग सम्बन्धित सूचना तथा जानकारीमूलक सामग्री तयार गर्ने, सूचना सङ्कलन, प्रशोधन, विश्लेषण गर्ने उद्देश्यले कास्की, रूपन्देही, दाङ, बाँकेलगायतका ८ जिल्लामा आप्रबासी स्रोत केन्द्र सञ्चालन गरेको छ। वैदेशिक रोजगारीसँग जोडिएका विषयमा वैदेशिक रोजगार बोर्ड, श्रम कल सेन्टर र फारम रिपोर्टमा देखिएबमोजिम ४ लाख १ हजार ४२० जनालाई सूचना तथा परामर्श उपलब्ध गराएको, ६ हजार ५०८ जनालाई न्यायिक मुद्दामा सहजीकरण गरेको र ३ हजार ४०८ जनालाई मनोसामाजिक परामर्श सेवा दिएको छ। वैदेशिक रोजगारसँग सम्बन्धित गुनासोको समयमै सम्बोधन गरी सहजीकरण गर्न केन्द्रबाट उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

३४. **आवेदन दर्ता** - पीडित कामदार वा निजको परिवारले स्थानीय तहमार्फत आर्थिक सहायताका लागि दिएको आवेदन बोर्डमा पहिलो चरणमा उपस्थित भई रजिष्ट्रमा दर्ता गर्ने र रीत पुगेका निवेदन मात्र सूचना प्रणालीमा दर्ता हुने गरी काम कारबाही गर्ने गरेको पाइयो। तर रीत नपुगेका आवेदन उपर कुनै अभिलेख र त्यस उपर कारबाही नहुँदा त्यस सम्बन्धमा सम्बन्धित स्थानीय तह, पीडित परिवार र कार्यालयकै माथिल्लो पदाधिकारीसमेतलाई जानकारी नहुँदा पीडितले पाउने सहायतामा अन्यौलता रहेको अवस्था छ। सचिवालयमा निवेदन प्राप्त हुनासाथ सूचना प्रणालीमा प्रविष्टद्वारा अन्तर तह समन्वय गरी रित पुगे/नपुगेका दुबै आवेदनको उचित व्यवस्थापनबाट समयमा नै आर्थिक सहायता पाउने व्यवस्था हुनुपर्दछ।

३५. **आन्तरिक लेखापरीक्षण** - बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ को दफा ३०(२) मा आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। सचिवालयले यो वर्ष बोर्डद्वारा स्वीकृत कार्यक्रममा भएको खर्च रू.१ अर्ब १९ करोड १७ लाख र कोषको मुद्दती तथा अन्य निक्षेपमा रहेको रू.६ अर्ब ८४ करोड ७० लाखको आन्तरिक लेखापरीक्षण गराएको छैन। नियमावलीअनुसार आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको ३० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाउने व्यवस्थाअनुसार गठित यस कोषमा यो वर्ष रू.१ अर्ब ९५ करोड रकम प्राप्त भई २०७९।८० सम्म रू.२५ अर्ब ७२ करोड २३ लाख सामाजिक सुरक्षा कोषमा पठाएको छ।

३६. **अनुगमन** - यो वर्षको रू.१ अर्ब ९५ करोडसमेत राष्ट्रिय स्तरको कल्याणकारी कोषमा हालसम्म रू.२५ अर्ब ७२ करोड २३ लाख स्वेच्छिक रूपमा विभिन्न प्रतिष्ठानबाट प्राप्त भएको देखिन्छ। रोजगारदाताले कोषमा पठाउनुपर्ने रकम पठाए नपठाएको अनुगमन हुने गरेको छैन। अन्तरनिकाय आबद्धता कायम गरी सबै प्रतिष्ठानले ऐनबमोजिमको रकम अनिवार्य रूपमा कोषमा पठाउनुपर्ने र पठाए नपठाएको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

ईपीएस कोरिया शाखा

३७. **सेवा शुल्क** - दक्षिण कोरियासँग भएको सम्झौतामा देशको आर्थिक अवस्था र मुद्रास्फितिलाई दृष्टिगत गरी शुल्क निर्धारणलगायतका शर्तहरू प्रत्येक २/२ वर्षमा नवीकरण गरिने उल्लेख छ। तर २०६४ मा कार्यक्रम थालनी हुँदा निर्धारण भएको शुल्क हालसम्म यथावत देखिन्छ। अत: सम्झौताअनुसारको शुल्कलगायत अन्य शर्तहरू समय सापेक्ष रूपमा परिवर्तन हुनुपर्दछ।

३८. **कामदार छनोट प्रक्रिया** - सम्झौता पत्रअनुसार कृषि र उत्पादन दुई क्षेत्रमध्ये एक क्षेत्रमा मात्र परीक्षार्थीले आवेदन दिन पाउने र ईपीएस भाषा परीक्षामार्फत उत्तीर्ण कामदार छनोट गरेको मध्ये केही सोही वर्ष प्रस्थान हुने र केही रोष्टरमा रहने व्यवस्था छ। शाखाबाट प्राप्त विवरणअनुसार सन् २००८ देखि २०२३ सम्म ५ लाख ८९ हजार ६१८ आवेदन दर्ता भई ५ लाख ४८ हजार ७७१ परीक्षामा सामेल भएकोमा ९४ हजार कोरिया प्रस्थान भएको देखिन्छ। रोष्टरमध्ये केही मात्र प्रस्थान भई सबै प्रस्थान हुने सुनिश्चित नहुँदा उत्तीर्ण परीक्षार्थीमा असन्तुष्टि भएको देखिन्छ। सम्बन्धित पक्षसँग समन्वय गरी थप सङ्ख्या पठाउन पहल गर्नुपर्दछ।

३९. **शाखाको खर्च प्रणाली** - शाखाले प्राप्त गरेको रू.६५ करोड १७ लाख ३० हजार आयमध्ये भिसा शुल्क र ब्याजमा करबाहेक रू.५ करोड ४८ लाख ६३ हजार विविध खातामा जम्मा गरी खर्च गरेको र बाँकी रू.४१ करोड ८५ लाख ७५ हजार कार्य सञ्चालन कोषमा जम्मा नगरेकोले प्रशिक्षार्थीबाट प्राप्त सम्पूर्ण आय कार्यसञ्चालन कोषको वित्तीय विवरणमा समावेश छैन। कार्यसञ्चालन कोषमा सम्पूर्ण आय जम्मा गरी खर्च गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्ने, उद्यमशीलता तथा रोजगारी सम्बन्धी तालिम, कार्यक्रमको प्रगति न्यून देखिएको, स्वास्थ्य सुरक्षा नीति बनाई पेस गर्नुपर्ने व्यवस्था पालना नगरेको लगायतका बेहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ २० निकायमा रू.५ करोड ८० लाख ६३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.५२ लाख ७३ हजार फस्यौट गरेकोले रू.५ करोड २७ लाख ९० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१ लाख ९० हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्थातर्फ ३ निकायमा रू.५ करोड ९६ लाख १७ हजार बेरुजु देखिएकोमा फस्यौट नगरेकोले बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.४ करोड ५७ लाख १३ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबीच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन, फोहरमैला व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ८५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ८१ कार्यालयको निम्नानुसार रू.९ अर्ब ४५ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
३४५०२	३८३	५५१७	५४१७७	९४५७९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेशमा निकासा भएको रू.१४ करोड ३९ लाख समावेश छैन। अर्थ मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहतको कार्यालयबाट खर्च भएको रू.१ करोड ७५ लाख र एक कार्यालयको २०७७।७८ को लेखापरीक्षण बक्यौता रू.१ करोड ३५ लाख समावेश छ।

२. **संगठित, अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाको रू.२ अर्ब ९७ करोड ४७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष तराई मधेस समृद्धि कार्यक्रम कार्यान्वयन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन** - नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय कार्यान्वयन गरी उपलब्धि हासिल गर्नुपर्दछ। मन्त्रालयका लागि यो वर्ष ४३ क्रियाकलाप तोकेकोमा १९ सम्पन्न भई २४ चालु अवस्थामा रहेको देखिन्छ। त्यसैगरी ८३ माइलस्टोनमध्ये ५१ सम्पन्न भई ३२ चालु अवस्थामा रहेका छन्। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमअनुसार २०७९।८० मा यस मन्त्रालयका लागि सूचकसहित ११ लक्ष्य तोकेकोमा ४ सूचकमा लक्ष्यअनुसार प्रगति भए तापनि स्थानीय तहको क्षमता विकास योजना निर्माण, स्थानीय तहको राजस्व परिचालन कार्ययोजना तर्जुमा, स्थानीय तहको आवधिक योजना तर्जुमा लगायतका विषयमा लक्ष्यअनुसार उपलब्धि हासिल हुन नसकेको र १ सूचकको विवरण प्राप्त भएको छैन। नीति तथा कार्यक्रमअनुसार कार्यक्रम सञ्चालन गर्न संस्थागत, संरचनागत व्यवस्थासहित जिम्मेवारी र जवाफदेहिता तोकी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएको विषयमध्ये सङ्घीय निजामती सेवा ऐन जारी गर्ने, निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तयारी र

कार्यान्वयन गर्ने, प्रत्येक स्थानीय तहमा उपयुक्त प्रविधिद्वारा फोहर पानी व्यवस्थापन र मल प्रशोधन गर्ने कार्यक्रम सञ्चालन गर्ने, सरकारी निकायका सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई सङ्घीय मामिला प्रशिक्षण प्रतिष्ठानमा रुपान्तरण गर्नेलगायतका कार्य सम्पन्न भएका छैनन्। बजेट वक्तव्यअनुसारका कार्यक्रम सम्पन्न गरी लक्ष्य हासिल गर्नुपर्दछ।

६. **बजेट खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा केन्द्रीय निकायले आफ्नो कार्यालय वा निकायका लागि लक्ष्य निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्ष रू.२५ अर्ब ३ करोड ४४ लाख सुरु बजेट विनियोजन गरेकोमा रकमान्तरबाट रू.१ अर्ब १९ करोड ९८ लाख थप र रू.१७ अर्ब ७ करोड ३६ लाख घट गरी रू.९ अर्ब १६ करोड ६ लाख खुद बजेट कायम भएकोमा रू.३ अर्ब २३ करोड ९९ लाख (३५.३६ प्रतिशत) खर्च भएको छ। घट भएको बजेट शहरी विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधारअन्तर्गतका कार्यालयमा रकमान्तर भएको छ। सो खर्चमध्ये चालुतर्फ रू.२ अर्ब ५४ करोड ४७ लाख (७८.५४ प्रतिशत) र पुँजीगतमा रू.६९ करोड ५२ लाख (२१.४६ प्रतिशत) खर्च भएको छ। त्यसैगरी मन्त्रालयले नै खर्च गर्ने गरी रू.६ अर्ब ६ करोड ८४ लाख बजेट कायम भएकोमा रू.७३ करोड ५३ लाख (१२.१२) प्रतिशतमात्र खर्च भएको छ। बजेट तर्जुमा, बजेट विनियोजन र कार्यक्रम यथार्थपरक बनाई कार्यान्वयन गर्नुपर्दछ।

७. **वैदेशिक सहायता** - मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यस वर्ष साना विकास आयोजना सञ्चालन गर्न भारत सरकारबाट रू.५० करोड, उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर कार्यक्रम सञ्चालन गर्न चीन सरकारबाट रू.२ अर्ब नगद अनुदान प्राप्त हुने गरी बजेट तर्जुमा भएकोमा उक्त रकम प्राप्त भएको देखिएन। त्यसैगरी युरोपियन युनियन तथा दाताको संयुक्त कोषबाट रू.५५ करोड ४५ लाख ५० हजार नगद अनुदान प्राप्त हुने उल्लेख भएकोमा रू.४१ करोड ६३ लाख ३९ हजार प्राप्त भएको उल्लेख छ। विकास साझेदारबाट प्रतिबद्धता व्यक्त भएको अनुदान प्राप्त गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबैप्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष युरोपियन युनियन, संयुक्त अधिराज्य, जापान, संयुक्त राष्ट्रसङ्घीय विकास कोषलगायत विभिन्न विकास साझेदारबाट अमेरिकी डलर २ करोड १२ लाख ३७ हजारको हुने रू.२ अर्ब ७९ करोड ८४ लाख प्राविधिक तथा अन्य सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन।

८. **नव प्रवर्तन विकास कार्यक्रम -** बजेट वक्तव्य २०७९।८० मा एक घरपरिवार एक रोजगार, एक बस्ती एक आर्थिक पहिचान, एक वडा एक बजारको अवधारणा प्रदेश र स्थानीय तहसमेतको लागत साझेदारी तथा निजी क्षेत्रको सहकार्यमा नवप्रवर्तन विकास कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख छ। उक्त कार्यक्रम सञ्चालनबाट आगामी आर्थिक वर्षमा १ लाख उद्योग व्यवस्थापन गरिने, १ हजार ५ सय नयाँ बजार केन्द्र विकास हुने, २ हजार ५ सय नयाँ साप्ताहिक हाटबजार सञ्चालन हुने, १ हजार ५ सय व्यापार मेला आयोजना हुने र थप १ लाख रोजगारी सिर्जना हुने उल्लेख छ। यस कार्यक्रमको लागि रू.३

अर्ब सुरु बजेट व्यवस्था भएकोमा रकमान्तरपछि रू.२ अर्ब ७६ करोड ३३ लाख खुद बजेट कायम भएको छ। अर्थ मन्त्रालयले २०८०।१।३ मा प्रचलित कानुन र स्वीकृत मापदण्डबमोजिम खर्च गर्ने गरी मोरङ जिल्लाका ८ स्थानीय तहमा ५९ कार्यक्रम सञ्चालन गर्न रू.१६ करोड ३५ लाख र चितवन जिल्लाको भरतपुर महानगरपालिकामा ४ कार्यक्रम सञ्चालन गर्न रू.१ करोड १० लाखसमेत रू.१७ करोड ४५ लाख रकमान्तर गरी वित्तीय हस्तान्तरण गरेको छ। उक्त बजेटबाट बाटो मर्मत, भवन निर्माण, तटबन्धलगायतका कार्यमा खर्च गर्ने उल्लेख छ। यस कार्यक्रममा विनियोजित रकम दुई जिल्लाका कार्यक्रममा केन्द्रित रहेको देखियो। घोषित कार्यक्रमको अवधारणा अनुरूप उद्देश्य हासिल हुने गरी योजना, कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **सार्वजनिक सेवाको प्रभावकारिता -** नेपालको संविधानको धारा ५१(ख)(४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी एवं सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने उल्लेख छ। सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासन सम्बन्धमा गत, विगतमा विज्ञहरूले अध्ययन गरी तयार भएका विभिन्न प्रतिवेदनले सार्वजनिक सेवा प्रविधिमैत्री तथा नागरिक केन्द्रित बनाउनुपर्ने, सङ्घीय निजामती सेवा ऐन तर्जुमा गरी सोको आधारमा प्रदेश तथा स्थानीय सेवा सञ्चालन ऐन तर्जुमा हुनुपर्ने, संरचनागत सुधार, आचरण तथा व्यवहारगत सुधार, जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धिलगायतका क्षेत्रमा सुधार गर्नुपर्ने व्यहोरा औँल्याएका छन्।

यो वर्ष मन्त्रालयले ८ जिल्लाका २५ सरकारी कार्यालयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्दा सेवा प्रवाहको स्थिति मध्यमस्तरको रहेको र २१ निकायको व्यवस्थापन सर्वेक्षणबाट आयोजना/कार्यालयहरूले समय व्यवस्थापनदेखि नीति, योजना कार्यान्वयनसम्मका विविध पक्षमा सुधार गर्नुपर्ने देखिएको छ। यसैगरी राष्ट्रिय सतर्कता केन्द्रले सङ्घ, प्रदेश तथा स्थानीय तहका कार्यालयहरूमा गरेको अनुगमनमा समेत कर्मचारीहरूले तोकिएको पोशाक नलगाएको तथा समयपालनामा ध्यान नदिएको उल्लेख छ। कतिपय निकायको सूचना प्रविधि प्रणाली समय-समयमा अवरुद्ध हुने कारणले समेत सेवाग्राहीले झन्झट व्यहोर्नुपर्ने अवस्था रहेको छ। सेवाग्राही नागरिकको गुनासो नरहने गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन संस्थागत तथा कार्यगत शैलीमा सुधार, जनशक्तिको सदाचार तथा क्षमतामा सुधार एवं विश्वसनीय सूचना प्रविधि प्रणालीको अवलम्बन गर्नुपर्दछ।

१०. **सेवाग्राही सन्तुष्टि सर्भेक्षण -** मन्त्रालयले यो वर्ष सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका, २०६८ अनुसार ललितपुर, काठमाडौं, सुनसरी, झापा, कपिलवस्तु, प्युठान, रौतहट र रामेछाप जिल्लाका २५ सार्वजनिक निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरेको उल्लेख छ। उक्त सर्वेक्षणमा जिल्ला/इलाका प्रशासन कार्यालय ७, भूमिसुधार तथा मालपोत कार्यालय ७, नापी कार्यालय ६, आन्तरिक राजस्व/करदाता सेवा कार्यालय ४ र कम्पनी रजिष्ट्रारको कार्यालय १ लाई समेटेको देखिन्छ। सो सर्वेक्षण गर्दा सरकारले प्रवाह गरेको सेवाबारे प्रश्नावली तयार गरी ४१३ सेवाग्राहीबाट सेवाग्राही सन्तुष्टि फाराम भराई सर्वेक्षण गरेको पाइयो। सर्वेक्षण प्रतिवेदनमा अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिकलाई प्राथमिकता नदिएको, सेवाग्राहीका गुनासोको यथोचित समाधान नभएको, सूचना सहजरूपमा प्राप्त गर्न नसकेको, सफ्टवेयर सञ्चालन गर्न दक्ष जनशक्तिको अभाव रहेको, सर्भरमा आउने समस्याले सेवाग्राहीले समयमै सेवा नपाएको, कार्यालय परिसर र शौचालयको सरसफाईमा ध्यान नदिएको, कतिपय कार्यालयमा मध्यस्तकर्ताको सहयोग लिनुपर्ने

बाध्यता रहेको, सेवा प्रवाहमा निष्पक्षता कायम हुन नसकेकोलगायतका गुनासा तथा समस्या उल्लेख छ। उल्लिखित अवस्थाले सेवा प्रवाह स्थिति सन्तोषजनक देखिँदैन। सर्वेक्षणबाट पहिचान भएका समस्यालाई सम्बोधन गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नुपर्दछ।

११. **व्यवस्थापन परीक्षण** - निजामती सेवा नियमावली, २०५० को नियम ३क. मा प्रशासकीय नियम र कार्यविधिहरू पालना सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयले व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ स्वीकृत गरेको छ। उक्त निर्देशिकामा नीतिगत तथा कानुनी व्यवस्था, कर्मचारी प्रशासन तथा व्यवस्थापन, कार्यालय व्यवस्थापन, अभिलेख व्यवस्थापन, जिन्सी व्यवस्थापन, वार्षिक कार्यक्रम, आर्थिक प्रशासन, सेवा प्रवाह, सूचना प्रवाह तथा सूचना प्रविधि, गुनासो व्यवस्थापन, क्षमता विकास, आचरण र अनुशासन गरी १२ विषयगत क्षेत्रमा १०० सूचक तोकी अङ्कभारसमेत उल्लेख गरेको छ। सोअनुरूप यो वर्ष २१ मन्त्रालयको व्यवस्थापन परीक्षण भएकोमा मन्त्रालयहरूले न्यूनतम ३२.४२ प्रतिशत र अधिकतम ५७.८७ प्रतिशत मात्र नतिजा प्राप्त भएको उल्लेख छ।

व्यवस्थापन परीक्षण प्रतिवेदनमा सरकारी निकायमा हाजिरी, दरबन्दी, सवारीसाधन सञ्चालन जस्ता विषयमा समेत सुधार गर्नुपर्ने स्थिति उल्लेख छ। सेवाप्रदायकको कार्यपद्धतिले सेवा प्रवाहको गुणस्तरमा समेत असर पर्ने हुँदा व्यवस्थापन परीक्षणबाट औँल्याएका विषयमा सुधार गर्नुपर्ने, व्यवस्थापन परीक्षण गर्ने निकायको संख्यात्मक दायरा वृद्धि गर्नुपर्ने र मन्त्रालयले हालसम्म व्यवस्थापन परीक्षण गरेका प्रतिवेदनहरूको कार्यान्वयन अवस्थाबारे अनुगमन गर्नुपर्ने देखिन्छ।

१२. **स्थानीय तहको स्वमूल्याङ्कन** - स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ मा स्थानीय तहले शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण वातावरण संरक्षण तथा विपद व्यवस्थापनसमेत १० सूचकमा स्वमूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। यो वर्ष ७५३ स्थानीय तहमध्ये ७३९ ले मात्र विद्युतीय प्रणालीमार्फत् स्वमूल्याङ्कन गरेकोमा सोमध्ये मन्त्रालयले १० स्थानीय तहको गुणस्तर परीक्षण गर्दा स्वमूल्याङ्कनको अङ्कभन्दा गुणस्तर परीक्षणपश्चात्को ३.५ देखि ५५ अङ्कसम्म घटेको देखिन्छ। स्थानीय तहले स्वमूल्याङ्कन गरी निर्धारण गरेको अङ्क र मन्त्रालयले गुणस्तर परीक्षण गरी निर्धारण गरेको अङ्कमा उल्लेख्य भिन्नता देखिँदा स्वमूल्याङ्कन कार्य भरपर्दो देखिएन। स्थानीय तहलाई अनुदान दिने बजेट निर्धारण गर्दा स्वमूल्याङ्कनको नतिजाको अङ्कलाई समेत आधार मान्ने हुनाले मूल्याङ्कन सूचकलाई वस्तुपरक बनाई यथार्थ मूल्याङ्कन हुनुपर्दछ।

१३. **सङ्घीय निजामती सेवा ऐन** - नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको गठन सम्बन्धमा उल्लेख छ। देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन तथा सञ्चालन र सेवाका शर्त सङ्घीय ऐनबमोजिम हुने उल्लेख छ। संविधान जारी भएको ८ वर्ष व्यतीत भइसक्दासमेत सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन। सङ्घीय निजामती सेवा विधेयक २०८०।११।२१ मा सङ्घीय संसदमा पेस भएको छ।

कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती तथा स्थानीय सेवासम्बन्धी कानुन बनाउँदा सङ्घीय निजामती सेवासम्बन्धी कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिई प्रदेश

वा स्थानीय तहको सेवाको गठनसम्बन्धी कानुन बनाउने गरी मापदण्ड तोकेको छ। विद्यमान निजामती सेवा ऐन, २०४९ का कतिपय प्रावधानसँग नमिल्ने गरी सात प्रदेशले प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी लागु गरेका छन्। ऐन जारी नहुँदा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवालगायत वृत्ति विकासका अवसरहरूमा अस्पष्टता रहेको देखिन्छ।

१४. **कर्मचारी समायोजन -** नेपालको संविधानको धारा ३०२ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने र यस्तो व्यवस्था गर्दा संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था छ। नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरी समायोजन गरेकोमा २ हजार ४४३ कर्मचारी समायोजन नगरी फाजिलमा रहेको देखिन्छ।

प्रदेश एवम् स्थानीय तहमा समायोजन भएका कतिपय कर्मचारीहरू सङ्घमा काजमा रहेको तथा निजामती सेवा ऐनबमोजिम साल बसालीरूपमा कर्मचारी अवकाश भएकाले जनतालाई प्रत्यक्षरूपमा सेवा प्रवाह गर्नुपर्ने प्रदेश र स्थानीय तहका कार्यालयहरूमा कर्मचारीको अभाव हुन गई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको अवस्था छ। प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई नेपाल सरकारले सङ्घीय निजामती सेवाको पदमा वा अस्थायी प्रकृतिका कार्यालयमा दरबन्दी सिर्जना गरी काजमा राख्ने गरेकोले प्रदेश र स्थानीय तहमा समायोजन भए पनि ती कर्मचारीहरू सङ्घमा कार्यरत रहँदा प्रदेश र स्थानीय तहहरूमा कर्मचारीको अपर्याप्तता रहेको देखिन्छ। अतः वस्तुनिष्ठ आधारमा समायोजन कार्य सम्पन्न गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याएकोमा यसमा सुधार भएको छैन।

१५. **कर्मचारी सरुवा व्यवस्थापन -** निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सरुवा गर्ने अधिकार यस मन्त्रालयमा रहेको छ। निजामती कर्मचारीको सरुवा गर्दा सरुवा पत्रमा अवधि तोकी कम्तीमा दुई वर्षका लागि सरुवा गर्नुपर्ने व्यवस्था छ। निजामती सेवा नियमावली, २०५० को नियम ३६ ले सरुवाको समय तालिका र सरुवाका आधारहरू निर्धारण गरेको छ। सोअनुसार मन्त्रालयले प्रत्येक वर्षको भदौ महिनामा सरुवा गर्नुपर्नेमा वर्षभरि सरुवा गर्ने, काजमा खटाउने कार्य गरेको देखिन्छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७९।८० मा मन्त्रालयले राजपत्राङ्कित १ हजार ९५४ जना र राजपत्र अनङ्कित तथा श्रेणीविहीन १ हजार ३४७ को सरुवा गरेकोमा १३ प्रतिशत मात्र भाद्र महिनामा र बाँकी ८७ प्रतिशत अन्य महिनामा सरुवा गरेको देखिन्छ। त्यसैगरी विभिन्न श्रेणीका कर्मचारीलाई पटक-पटक काजमा समेत राख्ने गरेको देखिन्छ। कानुनको व्यवस्थाबमोजिम सरुवा तथा काज व्यवस्थापन हुनुपर्दछ।

१६. **प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) मा कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न खटाउने व्यवस्था

छ। मन्त्रालयले २०७९।८० मा प्रमुख प्रशासकीय अधिकृतको रूपमा १ हजार ३१५ जना कर्मचारीलाई स्थानीय तहमा खटाएको, एउटै कर्मचारीलाई एकै वर्षमा २ भन्दा बढी स्थानीय तहमा खटाएको र १९० स्थानीय तहमा निमित्तको रूपमा कामकाज गर्न खटाएको छ। राष्ट्रिय विकास समस्या समाधान समितिको २०७९।१२।३ को बैठकबाट प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति नहुँदा काम गर्न कठिनाइ भएकोले प्रदेश तथा स्थानीय तहका लागि सङ्घबाट खटाएका कर्मचारीलाई कम्तीमा १ वर्ष खटाएको स्थानीय तहमै रहनुपर्ने व्यवस्था मिलाउने निर्णय भएकोमा सोको पालना भएको देखिएन। प्रमुख प्रशासकीय अधिकृतहरूको पटक-पटकको सरुवाले सेवा प्रवाहमा असर परेको गुनासो समेत रहने गरेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ अनुसार न्यूनतम सेवा अवधिका लागि काम गर्न प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्दछ।

१७. **अतिरिक्त समूह -** निजामती सेवा ऐन, २०४९ को दफा १८ ख(१) मा लामो बिदामा बसेको, निलम्बनमा रहेको अन्यत्र काजमा खटिएको कारण पदाधिकारमा नरहेको अवस्थामा बाहेक २ महिनाभन्दा बढी जिम्मेवारी नदिई जनशक्तिलाई निष्क्रिय राख्न नपाइने तथा उपदफा (२) मा पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएका पदाधिकारीलाई विभागीय कारबाही हुने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार अतिरिक्त समूहमा राखेका कर्मचारीहरूको तलब भत्तामा रू.१८ करोड ४८ लाख ६० हजार खर्च भएको छ। कर्मचारीहरू ३ महिनादेखि १० महिनासम्म अतिरिक्त समूहमा रही जिम्मेवारीविहीन रहेको देखिन्छ। सेवाग्राही सन्तुष्टि सर्वेक्षणले सेवाग्राहीको चाप हुने कार्यालयहरूमा दरबन्दीअनुसार पदपूर्ति नभएको कारण सेवा प्रवाहमा असर परेको जनाएको छ। ऐनको प्रावधानअनुसार कर्मचारी व्यवस्थापन हुनुपर्दछ।

१८. **दरबन्दी थप/घट -** निजामती सेवा ऐन, २०४९ को दफा ६क.मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीसमेतको आधारमा २०७५ मा कर्मचारी समायोजन गर्दा सङ्घमा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरेकोमा २०७९।८० सम्म सङ्घतर्फ ४ हजार ९७३ दरबन्दी थप गरेको छ। त्यसै गरी निजामती सेवा ऐनअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगरी २०७९।८० मा विभिन्न १७ निकायमा ८ हजार ८६६ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शक हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ लाई परिमार्जन गरेको समेत नदेखिएकोले यसमा सुधार गरी कर्मचारीको दरबन्दी थप/घट गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

१९. **निजामती सेवाको पदपूर्ति -** निजामती सेवा ऐन, २०४९ को दफा ७ मा पदपूर्तिसम्बन्धी व्यवस्था छ। लोक सेवा आयोगको ६४ औँ वार्षिक प्रतिवेदनअनुसार राष्ट्रिय किताबखानामा २०८०।५।१२ सम्म अद्यावधिक भएको विवरणबमोजिम सङ्घमा ५३ हजार ७६, प्रदेशमा १७ हजार २३ र स्थानीय तहमा ६५ हजार ६०४ दरबन्दी रहेकोमा क्रमशः ४१ हजार ७५८, १० हजार ९८४ र ३२ हजार ८३५

पदपूर्ति भई सङ्घमा ११ हजार ३१८, प्रदेशमा ६ हजार ३९ र स्थानीयतहमा ३२ हजार ७६९ रिक्त रहेको उल्लेख छ।

निजामती सेवा ऐन, २०४९ को दफा ७(७) मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला तेत्तीस प्रतिशत, आदिवासी/जनजाति सत्ताइस प्रतिशत, मधेशी बाइस प्रतिशत, दलित नौ प्रतिशत, अपाङ्ग पाँच प्रतिशत र पिछडिएको क्षेत्र चार प्रतिशत छुटयाई छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने गरी २०६४।४।२३ मा कानुनी व्यवस्था गरेको र यस सम्बन्धमा प्रत्येक दश वर्षमा पुनरावलोकन गर्ने उल्लेख छ। सो अनुरूप २०७४ मा पुनरावलोकन गर्नुपर्नेमा हालसम्म भएको छैन।

२०. **कर्मचारी कल्याण कोष -** निजामती सेवा ऐन, २०४९ को दफा ७३ख.मा निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त व्यक्ति र निजको परिवारको सदस्यको कल्याणको लागि कल्याणकारी कोष स्थापना गर्न सकिने व्यवस्था छ। निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२ लागु भए पनि उक्त कोषसम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको पाइएन। कानुनबमोजिम कोषको कार्यान्वयन गर्नुपर्दछ।

२१. **पेस्की फर्स्यौंट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने कागजातसहितको प्रतिवेदन पेस गर्नुपर्ने र कार्यालयले सात दिनभित्र त्यस्तो पेस्की फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार साबिक जिल्ला विकास समितिको कार्यालयहरूले विभिन्न व्यक्ति तथा संस्थालाई उपलब्ध गराएको पेस्की रू.५ अर्ब २३ करोड १४ लाख ३७ हजार फर्स्यौंट नभई बाँकी रहेको देखिन्छ। सो पेस्कीमध्ये २०५०।५१ देखिको पेस्कीसमेत बाँकी रहेको छ। नियमको व्यवस्थाअनुसार पेस्की फर्स्यौंट गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने व्यहोरा गत वर्षका प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ।

२२. **शैक्षिक प्रोत्साहन छात्रवृत्ति** - निजामती कर्मचारीहरूका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउनेसम्बन्धी निर्देशिका, २०७८ मा निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने व्यवस्था छ। छात्रवृत्तिमा गत वर्ष रू.१६ करोड ६४ लाख ३६ हजार र यो वर्ष रू.१७ करोड ८१ लाख ८७ हजार खर्च भएको देखियो। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७९।८० सम्म २ हजार जनालाई छात्रवृत्ति उपलब्ध गराएको देखिन्छ। निर्देशिकाको बुँदा नं.२३ मा शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई अध्ययन सकेको एक वर्षभित्र मन्त्रालयले आवश्यक ठानेमा अवधि तोकी काममा खटाउन सकिने व्यवस्था रहेको हुँदा यसको अनुगमन गरी शैक्षिक वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई आवश्यकताअनुसार काममा खटाउनुपर्दछ।

२३. **सामूहिक दुर्घटना बिमा -** सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन गर्न निजामती कर्मचारीको सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ तर्जुमा भई यो वर्ष ३६ हजार १३६ जना सङ्घीय निजामती कर्मचारीको १ वर्ष (२०७९।५।२१ देखि २०८०।५।२० सम्म) को दुर्घटना बिमा बापत राष्ट्रिय बिमा कम्पनी लिमिटेडलाई रू.५ करोड १७ लाख ६५ हजार भुक्तानी गरेको देखियो। कार्यविधिमा सामूहिक दुर्घटना बिमा सञ्चालनको रेखदेख एवम् निर्देशनको लागि मन्त्रालयको सचिवको

अध्यक्षतामा निर्देशन समिति रहने र सो समितिले सामूहिक दुर्घटना बिमा र जोखिम हस्तान्तरणसम्बन्धी नीति तर्जुमा गर्ने तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २४ बिमितबाट २०८०।३।२४ सम्म रू.९४ लाख ७० हजार बिमा दाबी माग भएकोमा १९ बिमितले रू.८० लाख १२ हजार प्राप्त गरेको र ५ बिमितको भुक्तानी हुन बाँकी रहेको देखिन्छ। लाभग्राहीले दाबी रकम समयमै प्राप्त गरे/नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२४. **कार्यक्षेत्र -** नेपालका विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवम् राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिता गराउने उद्देश्यअनुरूप आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम प्रतिष्ठानको स्थापना भएको छ। आदिवासी/जनजाति आयोग ऐन, २०७४ जारी गरी कार्यक्षेत्र थप गरेको छ। संविधानबमोजिम संवैधानिक आयोगको रूपमा आदिवासी/जनजाति आयोग गठन गरेको छ। आयोग र प्रतिष्ठानको कार्यक्षेत्रमा दोहोरोपन देखिएकोले कार्यक्षेत्र यकिन गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

तराई-मधेस समृद्धि कार्यक्रम

तराई-मधेसका स्थानीय तहमा भौतिक पूर्वाधारलगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन २०७५।७६ बाट सामूहिक आवास भवन, साना सडक स्तरोन्नति, पूर्वाधार, कृषि विकास, खानेपानी तथा सरसफाइ, सिँचाइ तथा नदी नियन्त्रण, ऊर्जा, विपद् जोखिम न्यूनीकरण पूर्वाधार र पारस्परिक पेसा प्रवर्धनलगायतका ९ कार्यक्रम कार्यान्वयन हुँदै आएको छ। तत्कालीन अवस्थामा सञ्चालित सीमाक्षेत्र विकास कार्यक्रमलाई परिमार्जन गर्दै माग र लागत साझेदारीमा आधारित आयोजना सञ्चालन हुँदा स्थानीय तहले अपनत्व ग्रहण गरेका, अधिकार क्षेत्र र कार्य प्रक्रियामा स्पष्टताजस्ता सकारात्मक पक्ष देखिए तापनि यस कार्यक्रमको सुव्यवस्थित सञ्चालन र प्रभावकारिता अभिवृद्धि गर्न कार्यमूलक लेखापरीक्षणबाट देखिएका सुधार गर्नुपर्ने बेहोराहरू देहायबमोजिम छन्:

२५. **कार्यक्रमको आवश्यकता पहिचान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (१३) मा केन्द्रीय निकायले वित्तीय हस्तान्तरणअन्तर्गतको सशर्त अनुदान रकमको प्रस्ताव गर्दा चालु कार्यक्रमको निरन्तरता, खर्चको आवश्यकता, कार्यसम्पादन र पुष्टयाईँका आधारमा गर्नुपर्ने व्यवस्था छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७२।७३ देखि २०७४।७५ सम्म सीमाक्षेत्र विकास कार्यक्रम र तत्पश्चात २०७५।७६ बाट तराई-मधेस समृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ। विगतमा सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा सोको पुनरावलोकन र नयाँ कार्यक्रमको आवश्यकता पहिचान सम्बन्धमा अध्ययन गरेको छैन। विस्तृत अध्ययन गरी उद्देश्य तथा लक्ष्य निर्धारण गरेर मात्र कार्यक्रम छनोट एवं कार्यान्वयन गर्नुपर्दछ।

२६. **क्षेत्रगत आयोजना** - यस कार्यक्रमअन्तर्गत विगत पाँच वर्षमा सञ्चालित क्षेत्रगत आयोजनाहरूको विवरण देहायअनुसार छः



विगत ५ वर्षमा उल्लिखित ९ वटा क्षेत्रअन्तर्गत कुल २ हजार ३७६ कार्यक्रम सञ्चालन भएकोमा सबैभन्दा बढी ४७ प्रतिशत सामुदायिक पूर्वाधार, २२ प्रतिशत साना सडक स्तरोन्नति, १२ प्रतिशत सामूहिक आवास, ५.९७ प्रतिशत आयआर्जन तथा जीवनस्तर सुधार, ५.५० प्रतिशत सिँचाइ तथा नदी नियन्त्रण, ३ प्रतिशत खानेपानी तथा सरसफाइ, ३.५३ प्रतिशत कृषि विकास, ०.६५ प्रतिशत ऊर्जा र ०.३५ प्रतिशत विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम रहेका छन्। जनताको जीवनस्तर सुधारसँग प्रत्यक्ष जोडिएको कृषि विकास, सिँचाइ तथा नदी नियन्त्रण, विपद् जोखिम न्यूनीकरण र आयआर्जन तथा जीवनस्तर सुधारका क्षेत्रमा न्यून सङ्ख्यामा कार्यक्रम सञ्चालन भएको छ। कार्यक्रमको उद्देश्यअनुरूप पहुँच अभिवृद्धि गर्न र जीवनस्तरमा सुधार ल्याउन सशक्तीकरण र आयआर्जनका कार्यक्रममा बढी जोड दिनुपर्नेमा सोअनुसार भएको पाइएन। सञ्चालित कार्यक्रमबाट प्रशासनिक पहुँच अभिवृद्धि र जीवनस्तरमा सुधार आएको आश्वस्त हुने नतिजा खाका तयार गरेको छैन। तसर्थ कार्यक्रमको उद्देश्यअनुरूप हाल सञ्चालित क्रियाकलाप/आयोजनमा पुनर्विचार गर्नुपर्दछ।

२७. **स्थानीय तहको सहभागिता** - तराई-मधेस समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (सांविक २०७७) को प्रस्तावनामा मानव विकास सूचकाङ्कमा पछाडि परेका र गरिबी उच्च रहेका तराई-मधेसका स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। कार्यक्रम सञ्चालन गर्दा मानव विकास सूचकाङ्क र गरिबीलाई आधार लिएको पाइएन। स्थानीय तहगत रूपमा मानव विकास सूचकाङ्क उपलब्ध हुन नसकेको जानकारी समन्वय एकाइले दिएको छ। बागमती प्रदेश, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको स्थानीय तह स्तरीय मानव विकास सूचकाङ्क प्रतिवेदन, २०१९ अनुसार २०७९।८० मा तुलनात्मक रूपमा उच्च मानव विकास सूचकाङ्क भएका भरतपुर महानगरपालिका (०.६२२), रत्ननगर नगरपालिका (०.५८०), खैरहनी नगरपालिका (०.५५४), र इच्छाकामना गाउँपालिका (०.५११) मा कार्यक्रम सञ्चालन भए तापनि मानव विकास सूचकाङ्क न्यून भएको राप्ती गाउँपालिका (०.४९६) र माडी गाउँपालिका (०.४८१) मा कार्यक्रम सञ्चालन भएको पाइएन। स्थानीय तहको मागका आधारमा आयोजना स्वीकृत हुने र उक्त दुई स्थानीय तहबाट आयोजना माग नभएको केन्द्रीय समन्वय एकाइले जनाएको छ। कार्यक्रमको मूल मर्म र निर्देशिकाको व्यवस्थाअनुसार मानव विकास सूचकाङ्क तुलनात्मक रूपले न्यून भएका स्थानीय तहमा कार्यक्रम केन्द्रित गर्नुपर्दछ।

२८. **आयोजना छनोट** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को बुँदा नं. ७ (१) मा कार्यक्रमको क्षेत्र अन्तर्गत भौतिक पूर्वाधारमार्फत सार्वजनिक सेवामा पहुँच बढाउने र आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग तथा समुदायको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गर्न अनुदान दिने व्यवस्था

छ। केन्द्रीय समन्वय एकाइबाट प्राप्त विवरणअनुसार विभिन्न क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको सङ्ख्यात्मक विवरण देहायअनुसार छः

(रकम रू. लाखमा)

आर्थिक वर्ष	तोकिएको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको सङ्ख्या र रकम																	
	सामूहिक आवास भवन		साना सडक स्तरोन्नति		सामुदायिक पूर्वाधार		कृषि विकास		खानेपानी तथा सरसफाइ		सिँचाइ तथा नदी नियन्त्रण		ऊर्जा		विपद् जोखिम न्यूनीकरण पूर्वाधार		आय आर्जन तथा जीवनस्तर सुधार	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
२०७५/७६	४७	३१९७	९६	५२८३	१४८	७७५४	२३	१२२९	१२	५१३	२३	९६५	५	१५५	१	२५	तालिमका	
२०७६/७७	७६	४१७९	३३	३५२०	२५४	९३६६	२०	६३५	१७	८३०	३०	१२९०	३	५४५	२	५०	कार्यक्रमहरू	
२०७७/७८	५५	२८२२	९४	३०१२	२५८	८२२१	१६	४५०	१५	४२०	३०	९३५	०	०	१	२५	१०३	३४०
२०७८/७९	४८	१८४०	१५१	४४७५	२३८	६९७५	१०	३०५	१४	३८५	२७	७७०	३	१००	५	१४०	२२	११०
२०७९/८०	५१	१९५५	१५४	४८४४	२०८	६३४३	१६	४९४	१५	४६५	२८	९०८	५	१४५	२	६५	१७	८६
जम्मा	**२७७**	**१३९९३**	**५२८**	**२११३४**	**११०६**	**३८६५९**	**८५**	**३०१३**	**७३**	**२६१३**	**१३८**	**४८६८**	**१६**	**९४५**	**११**	**३०५**	**१४२**	**५३६**

तालिकामा उल्लेख भएअनुसार तोकिएका ९ क्षेत्रभित्र २०७५।७६ र २०७६।७७ मा क्रमशः ३५५ र ४३५ समेत ७९० कार्यक्रम सञ्चालन भएकोमा सामूहिक आवासतर्फ १२३, साना सडक १२९, सामुदायिक पूर्वाधार ४०२, कृषि विकास कार्यक्रम ४३, खानेपानी तथा सरसफाइ कार्यक्रम २९, सिँचाइ तथा नदी नियन्त्रण ५३, ऊर्जासम्बन्धी ८, विपद् जोखिम न्यूनीकरणका ३ कार्यक्रम सञ्चालन भएकोमा आय आर्जन तथा जीवनस्तर सुधारका कुनै पनि कार्यक्रम सञ्चालन भएको पाइएन। जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रम स्पष्ट रूपमा तय नभएकोले यस्ता कार्यक्रमको पहिचान एवं कार्यान्वयन गर्नुपर्दछ।

२९. **आवास भवन निर्माण** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को बुँदा नं. ७ (२) मा आर्थिक सामाजिक रूपले अति विपन्न लाभग्राहीको छनोट गरी आवास भवन निर्माण गर्न सकिने व्यवस्था छ। लाभग्राहीको छनोट गर्दा उक्त स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण, जग्गाधनी प्रमाणपुर्जा, लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्थालाई ध्यान दिई जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ लाई समेत आधार मान्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा पालिकाका पदाधिकारीहरू सहितको टोलीले २०८०।१०।८ मा पर्साको छिपहरमाई गाउँपालिकास्थित आवास निर्माणस्थलको स्थलगत अवलोकन गर्दा गाउँपालिकाले जस्ताको छाना भएको २ कोठे ६ आवास निर्माण गरेको पाइयो। पालिकाले आवास निर्माण गर्नुपूर्व लाभग्राहीको छनोट गर्नुपर्नेमा लाभग्राहीको पहिचान नगरेको, उक्त आवासहरू हालसम्म हस्तान्तरण नभएको, आवासहरू विद्यालयको जग्गा र पर्ती जग्गामा निर्माण भएको, लाभग्राहीहरू स्थायी बसोबास गर्दै आएको प्रमाण, जग्गाधनी प्रमाणपुर्जा, लाभग्राही हाल बसोबास गर्दै आएको घरको भौतिक अवस्थाको अध्ययन, विश्लेषण एवं सोको प्राविधिक प्रतिवेदनसमेत तयार नगरेको, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले व्यवस्था गरेका लाभग्राही पक्षको छनोट, लागत सहभागिता, किस्ता रकमको भुक्तानी र हस्तान्तरणलगायतका व्यवस्थाहरू पूर्ण रूपमा परिपालना भएको पाइएन। साथै निर्मित आवासहरूमा जस्तापाताको प्रयोग गरिँदा गर्मीयाममा बस्न कष्टकर हुने भएकोले संरचना वातावरणमैत्रीसमेत हुने देखिएन। अतः कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाको व्यवस्था र जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को पूर्ण रूपमा पालना गरी वातावरणमैत्री संरचना निर्माण गर्नुपर्दछ।

३०. **आयोजना माग तथा स्वीकृति** - तराई-मधेस समृद्धि कार्यक्रमका लागि स्थानीय तहले प्रस्ताव गर्नसक्ने अधिकतम कार्यक्रम सङ्ख्या सम्बन्धमा निर्देशिकामा स्पष्ट उल्लेख भएको पाइएन। केन्द्रीय समन्वय एकाइले स्थानीय तहको परियोजना प्रस्ताव तथा आवधिक प्रतिवेदनका लागि प्रयोगमा ल्याएको अनलाइन प्रणालीमा समावेश गरिएका स्थानीय तहमध्ये नमुना छनोटका आधारमा परीक्षण गर्दा २०७९।८० मा १९ स्थानीय तहबाट २०९ आयोजना माग भएकोमा ३९ आयोजना स्वीकृत भएको पाइयो। स्वीकृत आयोजना कार्यान्वयनका लागि स्थानीय तहबाट रू.२३ करोड १४ लाख ५७ हजार बजेट माग भएकोमा रू.१२ करोड ४ लाख (५२ प्रतिशत) बजेट विनियोजन भएको छ। आयोजना प्रस्ताव गर्दा क्षेत्रगत आयोजनाको अधिकतम सङ्ख्या निर्धारण गरेको छैन। आयोजना सङ्ख्या नतोकिँदा स्थानीय तहले एउटै क्षेत्रका आयोजनाहरू (अधिकांश सडक, नदी नियन्त्रण, भवन निर्माण) अधिक सङ्ख्यामा माग गर्ने गरेको देखिन्छ। साथै स्वीकृत भएका आयोजना कार्यान्वयनका लागि माग अनुसार बजेट स्वीकृत नहुँदा अधुरो रहने जोखिम देखिन्छ। आयोजना प्रस्ताव, स्वीकृति र बजेट विनियोजनमा तादत्म्यता देखिएन। आयोजना माग गर्नसक्ने अधिकतम सङ्ख्या, स्वीकृतिको उपयुक्त विधि तथा बजेट विनियोजनको मापदण्ड तयार गरी भौगोलिक सन्तुलनसमेत विचार गरेर आयोजना सञ्चालन गर्नुपर्दछ।

३१. **आयोजना स्वीकृत** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साविक २०७७) को दफा ८(३) मा आयोजना प्रस्ताव गर्दा आवश्यकता पहिचान, प्राथमिकताको पुष्ट्याइँ, सम्भाव्यता अध्ययन प्रतिवेदन, आयोजनाको कुल लागत र समय, आयोजनाको स्वीकृत ड्रइङ डिजाइन, विस्तृत परियोजना प्रतिवेदन, बहुवर्षीय आयोजनाको हकमा प्रत्येक वर्ष आवश्यक पर्ने रकम र स्रोतको विवरणसमेत पेस गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय समन्वय एकाइले प्रयोगमा ल्याएको प्रतिवेदन प्रणालीमा २०७९।८० मा स्वीकृत भएका आयोजना प्रविष्ट भएका आधारमा नमुना छनोटबाट परीक्षण गर्दा स्वीकृत भएका ५ आयोजनामा खुलाउनुपर्ने विवरण नखुलाएको र आवश्यकता पहिचान, प्राथमिकता पुष्ट्याइँ हुने कागजात, स्वीकृत लागत अनुमान, सभाको माइन्यूट, ड्रइङ डिजाइनलगायतका कागजात पूर्ण रूपमा समावेश भएको पाइएन। निर्देशिकाको व्यवस्थाबमोजिम आवश्यक कागजात समावेश गर्ने र सोहीबमोजिम आयोजना स्वीकृत गर्नुपर्दछ।

३२. **अधुरा आयोजना** - कार्यक्रम सञ्चालन निर्देशिकाको बुँदा नं. ६(४) मा अर्थ मन्त्रालयको स्वीकृतिमा मात्र बहुवर्षीय आयोजनामा बजेट विनियोजन हुने व्यवस्था छ। केन्द्रीय समन्वय एकाइले स्थानीय तहको अनुरोधमा विगतका अधुरा आयोजनामा समेत बजेट स्वीकृत गरेको पाइयो। यस्ता आयोजना सञ्चालन सम्बन्धमा विगतमा अधुरो रहनुको कारण, निर्माण सुरु र सम्पन्न हुनुपर्ने अवधि, हालसम्मको भौतिक प्रगति, दोहोरो बजेट विनियोजन नभएको सुनिश्चित हुने आधार एवं प्रमाणको विश्लेषण गरेको देखिएन। नमुना छनोटका आधारमा परीक्षण गर्दा २ स्थानीय तहले भवनमा तला थपका लागि रू.१ करोड १२ लाख ८२ हजार माग गरेकोमा रू.५५ लाख विनियोजन भएको छ। स्थानीय तहले अधुरा आयोजनाका लागि बजेट माग गर्दा हालसम्मको भौतिक प्रगतिको स्थिति स्पष्ट नखुलाएको र गत विगतमा उपयोग भएको स्रोतका सम्बन्धमा उल्लेख गरेको देखिएन। बहुवर्षीय आयोजनाको स्वीकृति प्राप्त नगरेका अधुरा आयोजनामा समेत बजेट विनियोजन हुँदा नेपाल सरकारको स्रोतमा बढी भार पर्न जाने, निकायगत समन्वयको अभावमा अन्य निकायबाट समेत दोहोरो बजेट निकासा हुन सक्ने भएकोले अधुरा बहुवर्षीय आयोजनाको अभिलेख व्यवस्थित गरी समन्वयात्मक ढङ्गबाट बजेट विनियोजन गर्नुपर्दछ।

लेखापरीक्षणका क्रममा चितवन जिल्लाको खैरहनी नगरपालिकाको वडा नं. ९ मा निर्माणाधीन श्री राष्ट्रिय आधारभूत विद्यालयको भवन निर्माण कार्य अधुरो रहेकोमा २०८०।८१ मा बजेट विनियोजन नभएको र भरतपुर महानगरपालिकाले वडा नं. २ मा रङ्गशाला निर्माणका लागि आफ्नै स्रोतबाट रू.२८ लाख विनियोजन गरेको जानकारी प्राप्त भएको छ। निर्देशिकाको व्यवस्थाअनुसार कार्यक्रम छनोट र कार्यान्वयन गरी तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ ।

३३. **कार्यक्रममा दोहोरोपना** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को बुँदा नं. ७ (३) मा स्थानीय तहले आयोजना प्रस्ताव पेस गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नुपर्ने व्यवस्था छ। दोहोरोपना नभएको सुनिश्चित गर्न केन्द्रीय समन्वय एकाइबाट विवरण माग गरिएकोमा सोको कुनै संयन्त्र तयार नगरेको तर स्थानीय तहलाई योजनाको माग तथा प्रगति विवरणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा दोहोरोपना नहुने गरी बजेट माग गर्न निर्देशन दिएको जनाए तापनि दोहोरोपना नभएको सुनिश्चित हुने स्थिति देखिएन। अतः दोहोरो नभएको सुनिश्चित हुने अभिलेख व्यवस्थापन एवं संयन्त्रको विकास गर्नेतर्फ मन्त्रालय र केन्द्रीय समन्वय एकाइको ध्यान जानुपर्दछ। बहुदरमाई नगरपालिका, पर्सालले सञ्चालन गरेको तटबन्धनको स्थलगत अवलोकनका क्रममा एउटै स्थानमा यो वर्ष र गत विगत वर्षमा अन्य निकायबाट समेत तटबन्धनको काम गरेको जानकारी प्राप्त भयो। आयोजना छनोटका क्रममा गत विगतमा काम गरेका निकायसँग नगरपालिकाले समन्वय गरेको देखिएन। सोही स्थानमा २०७९।८० मा अन्य निकायका कार्यक्रमसमेत तर्जुमा भए नभएको यकिन गर्ने आधार छैन। निकायगत समन्वय कायम गर्ने र सोको व्यवस्थित अभिलेख राखी दोहोरो नपर्ने र लागतप्रभावी हुने ढङ्गबाट आयोजना छनोट एवं कार्यान्वयन गर्नुपर्दछ।

३४. **लागत सहभागिता** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को बुँदा नं. ५ (१) मा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको कम्तीमा ३० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। स्थलगत अवलोकनका क्रममा पेस भएको कार्य सम्पन्न प्रतिवेदनअनुसार ४ स्थानीय तहका ६ आयोजनाको रू.१ करोड ९१ लाख २८ हजारमध्ये ७० प्रतिशतले हुने रू.१ करोड ३३ लाख ८९ हजार समन्वय एकाइको बजेटबाट भुक्तानी हुनुपर्नेमा रू.१ करोड ७८ लाख ९२ हजार भुक्तानी भएकोले रू.४५ लाख ३ हजार बढी भुक्तानी भई स्थानीय तहको सहभागिता न्यून रहेको देखियो। अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई तोकिएअनुसार लागत सहभागिता हुनुपर्दछ। साथै बढी भुक्तानी भएको रकम फिर्ता गर्नुपर्दछ।

३५. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को बुँदा नं. ५(१) मा कार्यक्रमबाट सञ्चालित आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन स्थानीय तहले गर्ने, मासिक, त्रैमासिक र वार्षिक प्रगति केन्द्रीय समन्वय एकाइमा पेस गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले वार्षिक प्रगति प्रतिवेदन पेस गरे तापनि मासिक र त्रैमासिक प्रगति प्रतिवेदन आंशिक रूपमा पेस हुन आएको र केन्द्रीय समन्वय एकाइबाट नियमित अनुगमन हुन नसकेको जनाएको छ। नियमित एवं प्रभावकारी अनुगमन नहुँदा आयोजनाहरू अधुरो रहने र तोकिएको अनुपातमा लागत सहभगिता नहुने जोखिम देखिएकोले अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित बनाउनुपर्दछ।

संगठित संस्था र समिति

निजामती कर्मचारी अस्पताल

३६. **आय-व्यय -** अस्पतालले गत वर्षको जिम्मेवारी रू.३२ करोड १० लाख, नेपाल सरकारको अनुदान रू.१२ करोड ११ लाख बिक्री तथा सेवा शुल्क रू.५७ करोड ५ लाख र अन्य आय रू.१० करोड ७१ लाखसमेत रू.१ अर्ब ११ करोड ९७ लाख आय देखाएको छ। त्यसैगरी सञ्चालनतर्फ रू.१५ करोड २४ लाख, कर्मचारीतर्फ रू.३९ करोड ८९ लाख, प्रत्यक्ष खर्चतर्फ रू.१२ करोड ९६ लाख र अन्यतर्फ रू.१२ करोड ११ लाखसमेत रू.८० करोड २० लाख खर्च भई रू.३१ करोड ७७ लाख बचत रहेको छ।

३७. **सेवा प्रवाह -** यो वर्ष अस्पतालले २७ हजार ८९३ निजामती कर्मचारी र निजका परिवार तथा २ लाख ६१ हजार १४८ सर्वसाधारणसमेत २ लाख ८९ हजार ४१ जनालाई बहिरङ्ग सेवा, ४ हजार २५६ लाई अन्तरङ्ग सेवा, २ हजार ४५० शल्यचिकित्सा सेवा, २० हजार ९५० आकस्मिक सेवा, ३ हजार ३४० सी.टी. स्क्यान सेवा, १ हजार ९६ लाई एम.आर.आई सेवा, प्रयोगशाला परीक्षणलगायत विभिन्न सेवा उपलब्ध गराएको छ। यस अस्पतालले सुरुमा निजामती कर्मचारी र निजका परिवारलाई उपचार सेवा प्रदान गर्दै आएकोमा पछि सर्वसाधारणको लागि पनि खुल्ला गरिँदा उपचार गर्न लामो समय लाग्न गई निजामती कर्मचारीहरूले आफ्नो कार्यालयमा प्रदान गर्ने सेवा प्रभावित हुन गएको छ। अस्पतालले अनलाइन ओ.पी.डी. टिकट बिक्री सुरु गरेकोमा एकजना चिकित्सकले एक दिनमा ३० ओ.पी.डी. बिरामी जाँच गर्नेमध्ये १० वटा मात्र अनलाइनमा उपलब्ध हुने उल्लेख छ। अर्थोप्लाष्टिक, क्लिनिकल जेनेटिक, फेमिली मेडिसिन, ग्यास्ट्रोलोजी, न्युरोलोजी र मनोचिकित्सक विभागको टिकट अनलाइन उपलब्ध हुने व्यवस्था गरेको छैन। सबै ओ.पी.डी. टिकट अनलाइन बिक्री गर्ने व्यवस्था गरी सेवा प्रवाहलाई सहज बनाउनुपर्दछ।

३८. **मेसिन उपकरणको उपयोग** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद योजना, गुरुयोजना तयारी तथा खरिद आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालले २०७६।०३।२२ मा रू.२ करोड ९२ लाखमा खरिद गरेको नेभिगेसन सिष्टम फर टोटल नी रिप्लेसमेन्ट सर्जरी मेसिन, २०७८।५।३१ मा रू.१ करोड ६२ लाखमा खरिद गरेको बाल चिकित्सा नवजात भेन्टिलेटर र २०७६।३।२० मा रू.८३ लाखमा खरिद गरेको अक्सिजन प्लान्टलगायतका रू.५ करोड ३७ लाखका मेसिन उपकरणहरू खरिदपश्चात् जडान नभई प्रयोगविहीन अवस्थामा रहेका छन्। त्यसैगरी रू.१३ करोड १७ लाख मूल्यका सी आर्म, यू.एस.जी., होलमियम लेजर, भेन्टिलेटर स्पाइनल इन्डोस्कोपी सिस्टम बायोमेडिकल संक्रामक फोहर उपचार प्रणालीलगायतका १० थान उपकरणहरू मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेकोमा मर्मत सम्भार गरेको छैन। अस्पतालका अक्सिजन प्लान्ट निष्क्रिय राखी यस वर्ष अस्पतालले रू.८२ लाख ४९ हजारको अक्सिजन खरिद गरेको छ। उपलब्ध उपकरणको प्रभावकारी व्यवस्थापन गरी सेवा प्रवाहमा सुधार गर्नुपर्दछ।

३९. **पुरानो ठेक्काबाट औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रत्येक वर्षको लागि चाहिने औषधि मितव्ययी तथा प्रतिस्पर्धीरूपमा खरिद गर्नुपर्दछ। अस्पतालले २०७६।७७ को लागि औषधि खरिद गर्न भएको खरिद सम्झौताबाट यो वर्ष रू.२३ लाख ६२ हजारसमेत रू.७ करोड ५९ लाख ८४ हजारका विभिन्न प्रकारका औषधिहरू खरिद गरेको छ। बोलपत्र नपरेका औषधिहरू यसरी खरिद गरेको उल्लेख गरे पनि एक पटक गरेको ठेक्का सम्झौताबाट ४ आर्थिक वर्षसम्म खरिद गर्ने कार्य बन्द गरी प्रत्येक वर्ष बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४०. **मेडिकल तथा क्लिनिकल अडिट -** नेपाल सरकार, स्वास्थ्य मन्त्रालयद्वारा जारी क्लिनिकल अडिट सञ्चालन कार्यविधि निर्देशिका, २०७७ अनुसार क्लिनिकल अडिट गर्ने उल्लेख छ। उक्त अडिटमा मेडिकल तथा प्यारामेडिकल स्टाफद्वारा बिरामीलाई प्रदान गरिने स्वास्थ्य सेवाको सबै पक्षको गतिविधिको मूल्याङ्कन गरिन्छ। यस सम्बन्धमा गत विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याइएको भए पनि सुधार भएको छैन।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

४१. **प्रतिष्ठानको आय-व्यय -** नेपाल सरकारको अनुदान रू.१५ करोड ९ लाख ३२ हजारसमेत प्रतिष्ठानले यो वर्ष रू.२४ करोड ५१ लाख ४८ हजार आय गरेकोमा रू.२० करोड ४५ लाख ८० हजार खर्च गरेको छ। प्रतिष्ठानको कुल आयमा नेपाल सरकारको अनुदान ६१.५६ प्रतिशत रहेकोले सरकारी अनुदान माथिको निर्भरता घटाउन आय वृद्धि तथा खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४२. **थप कार्यक्षेत्र व्यवस्थापन -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ५ मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र संस्थानका कर्मचारीको लागि आवश्यक पर्ने प्रशिक्षण व्यवस्था गर्ने उल्लेख छ। प्रतिष्ठानमा हाल ७३ कर्मचारी दरबन्दी रहेको र प्रदेश तथा स्थानीय तहमा प्रतिष्ठानको संरचना नरहेकोले तोकिएको कार्यक्षेत्रमा तालिम सञ्चालन गरेको छैन। पूर्वाधार तथा सङ्गठन संरचनाको व्यवस्थापन गरी ऐनले तोकेको जिम्मेवारी पूरा गर्नुपर्दछ।

४३. **रणनीतिक योजना कार्यान्वयन -** प्रतिष्ठानको रणनीतिक योजना (२०७९।८०-२०८३।८४) मा २० रणनीतिक उद्देश्य र १२२ क्रियाकलाप समावेश गरेअनुसार २०७९।८० मा ८४ क्रियाकलाप सञ्चालन गर्नुपर्नेमा ५४ क्रियाकलाप कार्यान्वयन भएको र ३० क्रियाकलाप कार्यान्वयन भएको छैन। प्रदेश र स्थानीय सरकारहरूको योजना प्रक्रियामा सहयोग कार्यक्रम डिजाइन गर्ने, कार्य सम्पादन व्यवस्थापन प्रणाली सेवा र संस्थागत समस्याहरू समाधान गर्ने, राष्ट्रिय/क्षेत्रीय विश्वव्यापी सरोकारका समसामयिक मुद्दाहरूमा अन्तर्राष्ट्रिय सहभागीहरूका लागि छोटो पाठ्यक्रमहरू डिजाइन र वितरण गर्ने र अत्याधुनिक सिकाइ सुविधासहितको स्मार्ट कक्षा कोठा विकास गर्ने, सिकाइमा नवीनता ल्याउन ज्ञान मेला, नवप्रवर्तन शिविरलगायतका क्रियाकलाप सम्पादन गरेको देखिएन। रणनीतिक योजनाका क्रियाकलापहरू तोकिएको समयमै सञ्चालन गरी यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

४४. **तालिमको प्रभावकारिता -** प्रतिष्ठानले आफ्नो उद्देश्यअनुरूप नेपाल सरकार तथा सार्वजनिक संस्थानहरूको अधिकृतस्तरका कर्मचारीलाई सेवा प्रवेश, सेवाकालीन तथा वरिष्ठ कार्यकारी विकास कार्यक्रमलगायतका तालिम कार्यक्रम सञ्चालन गरी विगत ५ वर्षमा ३९५ तालिमबाट ११ हजार ४० जना सहभागीलाई

तालिम प्रदान गरेको छ। तालिम कार्यक्रमबाट प्रदान गरिएको ज्ञान, सीप र क्षमताको प्रयोगबाट कार्य सम्पादनमा आएको प्रभावकारिता सम्बन्धमा मापनयोग्य सूचकाङ्क तयार गरी अध्ययन तथा मूल्याङ्कन गर्नुपर्दछ।

४५. **अनुसन्धान -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ५ अनुसार प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख छ। सो उद्देश्य पूरा गर्न प्रतिष्ठानले यो वर्ष रू.३ करोड ९३ लाख ६७ हजार खर्च गरी अनुसन्धान प्रतिवेदन १० समेत ५ वर्षमा ५५ विषयमा अनुसन्धान गरेको देखिन्छ। तर ती अनुसन्धान प्रतिवेदनहरूको व्यवस्थित अभिलेख राखेको देखिएन। अनुसन्धान प्रतिवेदनहरूको प्रभावकारी उपयोग गर्न अभिलेखीकरण कार्यलाई व्यवस्थित हुनुपर्दछ।

४६. **नीति कार्यान्वयन –** यस कार्यक्रमअन्तर्गत सहसचिवस्तरका कर्मचारीहरूबाट तालिमकै एक अङ्गको रूपमा समसामयिक विषयमा प्रत्येक समूहबाट एक सार्वजनिक नीति तर्जुमा गराई नेपाल सरकारलाई हस्तान्तरण गर्ने गरेको छ। यस वर्ष प्रतिष्ठानले रैथाने बाली संवर्धन र प्रवर्धन, मल व्यवस्थापन, सेवा निवृत्त राष्ट्रसेवकको ज्ञान र सीपको उपयोग, कारागार सुधार गृह व्यवस्थापन र प्रवासबाट फर्केका कामदारको रिइन्टिग्रेसनलगायतका विषयमा अध्ययन गरी तयार गरेको नीति सरकारलाई हस्तान्तरण गरेको छ। यसैगरी विगत वर्षहरूमा तयार गरी हस्तान्तरण गरेका नीतिहरूको सङ्ख्या पनि धेरै रहेकोले ती नीतिहरूको स्वीकृति र कार्यान्वयन नभएको विषयमा अनुगमन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, सोझै खरिद गरेको, पेस्की फर्स्यौंट नभएको, लेखापरीक्षण नगराएको,अभिलेख व्यवस्थित नभएको लगायतका व्यहोरा औँल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छ।

➢ सरकारी कार्यालयतर्फ ६० निकायमा यो वर्ष रू.१० करोड ३५ लाख २२ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.५१ लाख ५ हजार फर्स्यौंट गरेकोले रू.९ करोड ८४ लाख १७ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.६८ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

➢ संगठित संस्था एवम् समिति ४ तर्फ यो वर्ष रू.१ करोड ६५ लाख ५० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये रू.७१ लाख ४४ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्त्वका दरबार एवं पर्यटनसँग सम्बद्ध सङ्गठित संस्था, समिति, प्रतिष्ठान, कोषसमेतको अनुगमन मूल्याङ्कन गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४२ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रू.७ अर्ब ४२ करोड ७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५०२५५	१९७१३	४२३८	१	७४२०७

उल्लिखित लेखापरीक्षण रकममा स्थानीय तहको लागि पर्यटन प्रवर्धनलगायतका कार्यक्रममा उपलब्ध गराएको अनुदान रू.७ करोड ५४ लाखसमेत समावेश छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहत कार्यालयमा खर्च भएको रू.४ करोड ८० लाख समावेश छ।

२. **सङ्गठित संस्था र अन्य संस्था** - यो वर्ष २ संस्थाको २०७८।७९ को समेत २४ संस्थाको रू.५ खर्ब ६२ अर्ब ६ करोड १५ लाखको लेखापरीक्षण गरिएको छ। नेपाल वायुसेवा निगम, तारागाउँ विकास समिति, नेपाल पर्यटन बोर्ड र आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँको २०७९।८० को लेखापरीक्षण बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रमा तोकेका सूचकहरूको परिमाणात्मक लक्ष्य र प्रगति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० सम्मको लक्ष्य	२०७९।८० सम्मको प्रगति
नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	८०	१४०	८७
पदमार्ग निर्माण (ग्रेट हिमालयन ट्रेलसमेत)	किलोमिटर	१८८	९४१	७८५
पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति	संख्या	१००००	१५६९०	२४७७८
सांस्कृतिक सम्पदा डिजिटाइजेसन	संख्या	१५५००	२५०००	६००००
प्रतिलिपि अधिकार संरक्षण	संख्या	१७३४	२६५०	२५२३
अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	२.७	८.५	१.९८
पर्यटनमा विदेशी मुद्रा आर्जन (अमेरिकी डलर)	करोडमा	५२.८	२४७.८	२८.५

उल्लिखित सूचकहरूमध्ये नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट, पदमार्ग निर्माण, प्रतिलिपि अधिकार संरक्षण, अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान र पर्यटनमा विदेशी मुद्रा आर्जनको

लक्ष्यअनुसार प्रगति भएको नदेखिएकोले लक्ष्यबमोजिम उपलब्धि हासिल गर्ने गरी योजना कार्यान्वयन हुनुपर्दछ।

४. **वार्षिक कार्यक्रम तथा प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको प्रगति स्थिति देहायबमोजिम छः

क्र.स.	विवरण	एकाइ	२०७९।८० को		प्रगति प्रतिशत
			लक्ष्य	प्रगति	
१.	प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	८५	४०.५	४७.६४
२.	प्रति पर्यटक औसत बसाइ	दिन	१४.४	१३.१	९०.९७
३.	पर्यटक आगमन (लाखमा)	जना	२९.५	६.१४	२०.८१
४.	निर्मित नयाँ पदमार्गको लम्बाइ (जीएचटीसमेत)	किलोमिटर	९४१	२१५	२२.८४
५.	पर्यटनबाट विदेशी मुद्रा आर्जन	अमेरिकी डलर करोडमा	२४७.८	२८.५	११.५०
६.	अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु	संख्या लाखमा	६३.७४	३४.८८	५४.७२
७.	द्विपक्षीय हवाई सम्झौता भएका मुलुक	संख्या	४४	४१	९३.१८
८.	आन्तरिक विमानस्थलको स्तरोन्नति	संख्या	४१	३७	९०.२४
९.	अर्थतन्त्रमा पर्यटनक्षेत्रको योगदान	प्रतिशत	८.५	१.९८	२३.२९
१०.	प्रतिलिपि अधिकार संरक्षण	संख्या	३०००	३२३	१०.७६
११.	नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	१४०	८७	६२.१४
१२.	पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना	हजारमा	८३	५.४	६.५०

उल्लिखित तालिकाअनुसार प्रति पर्यटक प्रतिदिन खर्च अमेरिकी डलर ८५ पुऱ्याउने लक्ष्य रहेकोमा अमेरिकी डलर ४०.५, पर्यटन आगमन संख्या २९ लाख ५० हजार पुऱ्याउने लक्ष्य रहेकोमा ६ लाख १४ हजार, नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट १ करोड ४० लाख पुऱ्याउने लक्ष्य रहेकोमा ८७ लाख, अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान ८.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा १.९८ प्रतिशत पुगेको र पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना ८३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ५.४ प्रतिशत पुगेको छ। लक्षित कार्यक्रमअनुसार प्रगति हासिल हुने गरी सञ्चालन गर्नुपर्दछ।

५. **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालयअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति देहायअनुसार छः

(रू.करोडमा)

क्र.सं.	आयोजना	लागत	सुरु	खर्च	सम्पन्न हुने	भौतिक प्रगति
१	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	३०९१	२०७१।७२	३५६६	२०७८।७९	१००.००
२	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२२००	२०७४।७५	२५३४	२०७९।८०	९८.००
३	पशुपति क्षेत्र विकास कोष	२६४	२०७०।७१	१७९	नखुलेको	६७.००
४	लुम्बिनी विकास कोष	१३२६	२०६९।७०	८००	२०८३।८४	८७.००
५	निजगढ विमानस्थल आयोजना	१६५००	२०७१।७२	१०२	२०८५।८६	नखुलेको

५.१. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना जनवरी १५, २०१५ मा सुरु गरी डिसेम्बर २०१७ मा सम्पन्न गर्ने लक्ष्य राखेकोमा संशोधित कार्यतालिका अनुसार डिसेम्बर ३१, २०२१ मा निर्माण सम्पन्न भई १६ मे, २०२२ देखि विमानस्थल व्यावसायिक रूपमा सञ्चालनमा आएको छ। सुरु सम्झौता रू.३० अर्ब ९१ करोड रहेकोमा लागत बढ्न गई मूल्य अभिवृद्धि करसहित रू.३५ अर्ब ६६ करोडमा निर्माण कार्य सम्पन्न भएको छ। उक्त विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। मन्त्रालयले वायुसेवा कम्पनी तथा छिमेकी देशहरूसँग समन्वय गरी अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्नुपर्दछ।

५.२. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना २०७४।७५ मा सुरु गरी २०७७।७८ मा रू.२२ अर्ब लागतमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा रू.२५ अर्ब ३४ करोडमा २०७९।८० मा सम्पन्न भई सञ्चालनमा रहेको छ। आयोजना सम्पन्न भएपश्चात् विमानस्थल क्षेत्रभन्दा बाहिर उत्तरतर्फ करिब ४ किलोमिटर टाढा मणिपाल, सेती नदी, काहुँखोलादेखि करिब ५०० हेक्टर जग्गा वर्सातको समयमा पानी बग्ने, भित्री सडक तथा पृथ्वी राजमार्गको नालाबाट र सिँचाइको नहर भई बगेर आउने पानी एकत्रित भई विमानस्थल क्षेत्रमा पस्न गई विमानस्थल सञ्चालनमा समस्या आएको छ। उक्त विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी तथा छिमेकी देशहरूसँग समन्वय गरी अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्नुपर्दछ।

५.३. पशुपति क्षेत्रका ८१८ साना-ठूला धार्मिक तथा ऐतिहासिक स्मारक सन् १९७९ देखि युनेस्कोबाट विश्वसम्पदा सूचीमा सूचीकृत रहेका छन्। आयोजनाको प्रथम चरणको अवधारणात्मक गुरुयोजनाको लागि रू.२ अर्ब ६४ करोडको लागत अनुमान तयार गरी २०७८।७९ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रू.१ अर्ब ७९ करोड खर्च भई भौतिक प्रगति ६७ तथा वित्तीय प्रगति ६७.८० प्रतिशत रहेको छ। बजेटको अभाव, पुरातात्त्विक निर्माण सामग्री आपूर्तिमा कठिनाइ, सम्पदाविद्हरुको राय सुझावअनुसार काम गर्न कठिनाइ हुनु, अन्तरसम्बन्धित निकायहरूबाट समयमै सहमति प्राप्त नहुनुलगायतका कारणले आयोजना कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ। आयोजना कार्यान्वयनमा देखिएका समस्या समयमा समाधान गरी तोकिएको समयमै कार्य सम्पन्न गर्नुपर्दछ।

५.४. लुम्बिनीको व्यवस्थित रूपमा विकास गर्न संयुक्त राष्ट्रसङ्घको सहयोगमा तयार भएको लुम्बिनी गुरुयोजना नेपाल सरकारबाट सन् १९७८ मा स्वीकृत भई सन् १९९५ मा सम्पन्न गर्ने लक्ष्य लिइएकोमा म्याद थप गरी सन् २०२६ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। गुरुयोजनाअनुसार सुरु लागत रू.५ अर्ब ५५ करोड रहेकोमा संशोधित लागत रू.१३ अर्ब २६ करोड रहेको छ। आयोजनामा २०७९।८० सम्ममा रू.८ अर्ब खर्च भई ८८ प्रतिशत भौतिक प्रगति भएको छ। स्रोत अभावका कारण समयमा गुरुयोजनाबमोजिम निर्माण कार्य सम्पन्न हुन सकेको छैन। गुरुयोजना समयमा कार्यसम्पन्न गर्नुपर्दछ।

५.५. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको २०७९।८० सम्ममा फेन्सिङ गर्ने, मुआब्जा वितरण, नदी नियन्त्रण र विमानस्थल गुरुयोजना तथा डी.पी.आर. तयारीलगायतका पूर्वतयारीसम्बन्धी कार्य भइरहेको छ। सर्वोच्च अदालतको २०७९।२।१२ को परमादेशअनुसार दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न नेपाल सरकारको २०७९।४।२६ को निर्णयबमोजिम गठन भएको विज्ञ समूहको अध्ययन प्रतिवेदन २०७९।५।२९ मा पेस भई मन्त्रिपरिषद्बाट स्वीकृत भए पश्चात् नागरिक उड्डयन प्राधिकरणबाट चार किल्ला तोक्ने कार्य प्रारम्भ भएको छ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० को कार्यान्वयन गर्न मन्त्रालयले माइलस्टोनसहितका ११७ कार्यक्रम तयार गरेकोमा ३० सम्पन्न, ८२ आंशिक सम्पन्न र ५ कार्यान्वयन हुन सकेका छैनन्। खप्तड क्षेत्रमा एकीकृत पर्यटकीय सेवा केन्द्रको निर्माण, पोखरा वरिपरिको अन्नपूर्णमा राउण्ड ट्रेल निर्माण, अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी राष्ट्रिय सूचीकरण प्रणाली स्थापना, राष्ट्रिय संस्कृति नीति, २०७९ तयार, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा सर्भिलेन्स प्रणाली (राडार) जडानलगायतका कार्यमा लक्ष्यअनुसार प्रगति भएको छैन। त्यस्तै खप्तड क्षेत्रमा एकीकृत पर्यटकीय सेवा केन्द्रको डी.पी.आर. तयार गरी ठेक्का आव्हान गर्न एवं २० प्रतिशत निर्माण कार्य सम्पन्न गर्ने लगायतका कार्य भएको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य पूरा गर्न सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने एवं दिगो उपभोग तथा उत्पादन ढाँचा सुनिश्चित गर्न सन् २०२५ सम्म कुल गार्हस्थ उत्पादनमा १० प्रतिशत योगदान पुऱ्याउने लक्ष्य रहेको देखिन्छ। मन्त्रालयले टुरिजम सेटलाईट एकाउण्ट तयार नगरेकोले सोको प्रगति स्थिति मापन भएको छैन। दिगो विकास लक्ष्यका सूचकहरू पूरा गर्न तर्जुमा भएको नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) अनुसार सन् २०२१ मा १५ लाख ४० हजार, सन् २०२२ मा १७ लाख २१ हजार र सन् २०२३ मा १९ लाख ९३ हजार पर्यटक भित्र्याउने लक्ष्य रहेकोमा क्रमशः १ लाख ५१ हजार, ६ लाख १४ हजार र १० लाख १४ हजार पर्यटकको आगमन भएको देखियो। त्यसैगरी सन् २०२२ सम्म पर्यटन क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा २ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा योगदानको हिस्सा उल्लेख नभएको, प्रति पर्यटक प्रति दिन खर्च सन् २०२२ मा अमेरिकी डलर ६५ पुऱ्याउने लक्ष्य रहेकोमा अमेरिकी डलर ४०.५ पुगेको, सन् २०२२ मा पर्यटकको बसाइ अवधि १५.५ दिन पुऱ्याउने लक्ष्य रहेकोमा १३.१ दिन पुगेको छ। उल्लिखित तथ्याङ्कको आधारमा दिगो विकासका कतिपय लक्ष्य हासिल हुन नसक्ने देखिएकोले मन्त्रालयले कार्ययोजना बनाई कार्यक्रमलाई थप गति दिनुपर्दछ।

८. **रणनीतिक योजना कार्यान्वयन**- नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) मा मन्त्रालय र मातहत निकायले सम्पादन गर्नुपर्ने मुख्य कार्यमध्ये पर्यटकको संख्या र बसाइ अवधि वृद्धि गर्ने, ब्राण्डिङ तथा बजारीकरण गरी अर्थतन्त्रमा योगदान गर्नेलगायत ११ लक्ष्य निर्धारण भएका छन्। योजनामा उल्लेख भएअनुसार पर्वतारोहण नियमावली, स्की नियमावली र नयाँ हवाई नीति तर्जुमा, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ संशोधन, सबै पर्यटन व्यवसायीलाई कोड अफ टुरिज्म प्राक्टिस विकास गरी लागु गर्नेलगायतका कार्य भएका छैनन्। स्वीकृत योजनाअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९. **कार्यक्रम कार्यान्वयन** - पर्यटन नीति २०६५, हवाई नीति २०६३ र राष्ट्रिय संस्कृति नीति, २०६७ को आधारलाई कार्यान्वयन, मार्गनिर्देशन, कार्यगत सरलीकरण तथा संस्थागत सबलीकरण गर्न नीतिगत उद्देश्य तथा व्यवस्थालाई कार्यक्रमगत प्रबन्धमा रूपान्तरण गर्ने उद्देश्य रहेको छ। मन्त्रालयले नवीनतम प्रचलनमा आएका साहसिक पर्यटन, पर्यटन विविधीकरणमा लोन्ली इको रिसोर्ट, प्राकृतिक सम्पदा उपयोगको रोयल्टी बाँडफाँट मापदण्ड, अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कार, ट्रिप तथा विच्याटमार्फत् चीनियाँ पर्यटन प्रवर्धन, पर्यटन लगानी सम्मेलन, अङ्ग्रेजी-नेपाली डकुमेन्ट्री, जीपीएस प्रणालीलगायतका कार्यक्रमका लागि बजेट व्यवस्था भए तापनि अपेक्षा गरेअनुसारको उपलब्धि हासिल भएको छैन। निजी क्षेत्रसमेतको भूमिका रहने गरी लागत साझेदारी एवं प्रतिफलको हिस्सेदारी अवधारणा तथा मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्दछ।

१०. **संस्कृति संरक्षण र संवर्धन** - भौतिक, सांस्कृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनका लागि विश्व सम्पदा महासन्धि,१९७२ र उक्त महासन्धि कार्यान्वयनसम्बन्धी कार्यसञ्चालन निर्देशिकाले निर्दिष्ट गरेबमोजिमको व्यवस्थापन तथा संरक्षण योजना तयार गर्ने जिम्मेवारी मन्त्रालयको रहेकोमा आवश्यक पूर्वाधारहरू पहिचान गरी व्यवस्थापन तथा संरक्षण योजना तयार गरेको छैन। योजना तथा कार्यविधिको अभावका कारण भौतिक, सांस्कृतिक सम्पदाहरू तथा तिनले चर्चेका जग्गा निजी क्षेत्रबाट अतिक्रमण गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। अभिलेख संरक्षण ऐन, २०४६ बमोजिम राष्ट्रिय सम्पदाहरूलाई सूचीकरण गरी संरक्षण गर्ने कार्य नभएको र अमूर्त सम्पदाको सूचीकृत गर्ने कानुन नभएको बेहोरा गत

वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत छ। आवश्यक मापदण्ड एवं निर्देशिका बनाई कार्यान्वयन गर्नुपर्दछ।

११. **पर्वतारोहण रोयल्टी बाँडफाँट -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतको प्रयोगबाट प्राप्त हुने रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा गर्ने र नेपाल सरकारले बाँडफाँट गर्ने व्यवस्था छ। सोही ऐनको अनुसूची-४ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहलाई क्रमशः ५०, २५ र २५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्ने उल्लेख छ। मन्त्रिपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन र बाँडफाँट गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण सङ्घलाई दिएको छ। उक्त निर्णयको शर्त (क) मा सङ्घद्वारा व्यवस्थापन हुने २७ हिमचुलीबाट प्राप्त हुने रोयल्टी रकमको २५ प्रतिशत प्रदेश सरकारको कोषमा, २५ प्रतिशत स्थानीय तहको कोषमा र शर्त (ख) मा नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिलाई उठेको सम्पूर्ण रोयल्टी रकमको ५ प्रतिशत भुक्तानी गर्ने उल्लेख छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा मन्त्रिपरिषद्को निर्णयमा सङ्कलित रोयल्टी रकमको ४५ प्रतिशत नेपाल पर्वतारोहण सङ्घको खातामा राख्न पाउने उल्लेख भएको देखिँदैन। मन्त्रिपरिषद्को निर्णय पश्चात् २०७५।७६ देखि २०७९।८० सम्म रू.२२ करोड १२ लाख ४५ हजार रोयल्टी रकम सङ्घीय विभाज्य कोषमा जम्मा भएको देखिएन। त्यसैगरी यो वर्ष रोयल्टी रू.६ करोड १२ लाख १५ हजार विभाज्य कोषमा जम्मा भएको छैन। रोयल्टी आय लेखाङ्कन र बाँडफाँट विभाज्य कोषबाट हुने व्यवस्था मिलाउनुपर्दछ।

१२. **पर्यटन पूर्वाधार –** मन्त्रालयले स्थानीय पूर्वाधार निर्माणको लागि ७ प्रदेशका १८२ स्थानीय तहलाई रू.४ अर्ब २५ करोड ६४ लाख निकासा दिने र स्थानीय तहले रू.२ अर्ब ३८ करोड ५१ लाख बेहोर्ने गरी रू.६ अर्ब ६३ करोड ७६ लाख कुल लागत कायम भएको देखियो। मन्त्रालयले तीन किस्तामा रू.१ अर्ब ५८ करोड ५९ लाख अर्थात् ३७ प्रतिशत निकासा गरेकोमा ७५ स्थानीय तहले हालसम्म खर्चको विवरण तथा प्रगति पेस नगरेको, ७ स्थानीय तहमा निकासा भएको रू.२ करोड ५४ लाख खर्च नभई फिर्ता गरेको र अन्यको निकासा रकममध्ये खर्च र बाँकी रकम यकिन गरेको छैन। साझेदारीमा सञ्चालन भएका योजनाको अद्यावधिक प्रगति विवरण प्राप्त गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

१३. **विमानस्थल निर्माण** - हवाई नीति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दूरी हिमाली र पहाडी क्षेत्रमा साधारणतया कम्तीमा २० नटिकल माइल र तराई तथा भित्री मधेश क्षेत्रमा कम्तीमा ४० नटिकल माइल हुनुपर्नेमा सोभन्दा कम दूरीका कमलबजार-साँफेबगर १३ नटिकल माइल, फाप्लु-काँगेलडाँडा ८ नटिकल माइल, मसिनेचौर-जुफाल ६ नटिकल माइललगायतमा विमानस्थल निर्माण भएको उल्लेख छ। हाल तीन अन्तर्राष्ट्रिय विमानस्थलसहित ५५ विमानस्थल रहेकोमा २० विमानस्थल सञ्चालनमा रहेका छैनन्। त्यसै गरी ५५ विमानस्थलमध्ये ४२ कालोपत्रे भएका र १३ कालोपत्रे गर्न बाँकी रहेका छन्। विमानस्थलको वर्गीकरण गरी कतिपय विमानस्थललाई आकस्मिक अवतरण केन्द्रको रूपमा विकास गर्ने गरी मापदण्ड तयार गर्नुपर्ने र निर्माण सम्पन्न भएका विमानस्थल सञ्चालनमा ल्याउनुपर्दछ।

१४. **क्यासिनो सञ्चालन -** क्यासिनो व्यवसायलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि क्यासिनो नियमावली, २०७० कार्यान्वयनमा आएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. क्यासिनो नियमावली, २०७० को नियम २४(१) मा इजाजत प्राप्त कम्पनीले क्यासिनो स्थलमा खेलाडीले प्रत्येक पटक सटही गरेको विदेशी मुद्राको कारोबार, प्रत्येक पटक खरिद गरेको क्वाइन वा चिप्सको संख्या तथा विवरण, क्यासिनो स्थल छाडी जाँदा फिर्ता गरेको क्वाइन वा चिप्सको संख्या तथा विवरण र सो बापत फिर्ता लगेको विदेशी मुद्राको यथार्थ विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन गर्नुपर्ने र नियम २४(२) मा इजाजत प्राप्त कम्पनीले उपनियम (१) बमोजिम खडा गरेको अभिलेखको प्रतिलिपि प्रत्येक महिना मन्त्रालय र वित्तीय जानकारी इकाइलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। नियमावलीको व्यवस्थाअनुसार इजाजत प्राप्त कम्पनीले त्यस्तो अभिलेखको प्रतिलिपि प्रत्येक महिना मन्त्रालयमा पेस गरेका छैनन्। नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ।

१४.२. क्यासिनो नियमावली, २०७० को नियम २९(१) मा इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनो सञ्चालन गर्दा नियमावलीको व्यवस्था र मन्त्रालयको निर्देशनको पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने कामसमेतको लागि मन्त्रालयले एक अनुगमन तथा निरीक्षण समितिको गठन गर्ने व्यवस्था छ। उक्त समितिले क्यासिनोको अनुगमन वा निरीक्षण गरेको सात दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था रहेकोमा परिपालना भएको छैन। नियमावलीको व्यवस्थाबमोजिम क्यासिनोको अनुगमन गरी प्रतिवेदन दिने र प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ।

१४.३. क्यासिनो नियमावली, २०७० को नियम ३० अनुसार इजाजतपत्र प्राप्त कम्पनीले क्यासिनोको खुद आयको दुई प्रतिशत रकम सामाजिक कार्यमा खर्च गर्नुपर्ने र त्यस्ता खर्चको विवरण मन्त्रालयमा पेस गर्नुपर्नेमा त्यस्ता कम्पनीले सामाजिक कार्यमा खर्च गरेको विवरण मन्त्रालयबाट उपलब्ध भएन।

१४.४. क्यासिनो नियमावली, २०७० को नियम ३६ मा मन्त्रालयले निर्देशिका बनाई लागु गर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म निर्देशिका तयार भएको छैन। नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि निर्देशिका निर्माण हुनुपर्दछ।

१५. **सम्पत्ति कर** - नागरिक उड्डयन प्राधिकरण र मातहत कार्यालयका नाममा रहेका जग्गा जमिन हवाई उडान सेवा सञ्चालन प्रयोजनको सार्वजनिक कार्यमा उपयोग भई आएको हुँदा मालपोत ऐन, २०३४ र जग्गा नापजाँच ऐन, २०१९ बमोजिम उल्लिखित जग्गामा मालपोत र सम्पत्ति कर हालसम्म पनि नलागेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५(५)(घ) मा मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको र दफा ५५(५)(छ) मा विमानस्थल जस्ता सार्वजनिक उपयोगका स्थलहरूको घर र घरजग्गामा सम्पत्ति कर नलाग्ने उल्लेख भएकोमा कतिपय स्थानीय तहबाट मालपोत कर भुक्तानी गर्न ताकेता गरेको हुँदा भविष्यमा समेत मालपोत र सम्पत्ति कर नलाग्ने व्यवस्थाका लागि अनुरोध गरेकोमा अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको रायअनुसार गर्न उपयुक्त हुने कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको राय रहेको बेहोरा उल्लेख गरी नेपाल सरकार (सचिवस्तर) बाट २०७५।२।१७ मा निर्णय भएको छ। सम्बन्धित मन्त्रालयले अन्य सरोकारवाला निकायसँग समन्वय गरी सम्पत्ति करका सम्बन्धमा टुङ्गो लगाउनुपर्दछ।

१६. **जग्गाधनी प्रमाणपुर्जा** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा (३) मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐनबमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा १३(२) मा मुआब्जा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन भएको समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्था

छ। मुआब्जा वितरण भइसकेका जग्गाहरूको लगत कट्टा गरी प्राधिकरणको स्वामित्वमा आउनुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको साबिक सिनामङ्गल र कोटेश्वर अन्तर्गतका सिनामङ्गल वडा नं. ५ ग कित्ता नं. १ को ४ रोपनी ५ आना, सिनामङ्गल वडा नं. ६ ग कित्ता नं. ४० को ६ रोपनी ५ आना, सिनामङ्गल वडा नं. १२ क कित्ता नं. १७ को ६ रोपनी १४ आना समेत ४७० कित्ताको करिब ५३३ रोपनी जग्गा हालसम्म पनि लगत कट्टा गरी प्राधिकरणको नाममा जग्गाधनी प्रमाणपुर्जा आएको छैन। प्राधिकरणले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नुपर्दछ।

पुरातत्त्व विभाग

ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका वस्तु र प्राचीन सम्पदाको अन्वेषण, विश्लेषण, संरक्षण र प्रकाशन गर्ने कार्यका लागि २०२९ सालमा विभागको स्थापना भएको हो। विभागले प्राचीन स्मारक ऐन, २०१३ अनुसार राष्ट्रको गौरवमय सम्पदाको पुनर्निर्माण, संरक्षण र व्यवस्थापन गर्दै आएको छ।

१७. **बजेट खर्च -** यो वर्ष रू.२ अर्ब ६१ करोड ६३ लाख बजेट विनियोजन भएकोमा रू.१ अर्ब २० करोड ६६ लाख (४६ प्रतिशत) मात्र खर्च भएको छ। कुल खर्चमध्ये चौथो त्रैमासिकमा ६३.५७ प्रतिशत र असार महिनामा मात्र ४३.४८ प्रतिशत खर्च भएको छ। विनियोजित बजेटअनुसार कार्यक्रम सञ्चालन गर्ने र वर्षान्तमा अत्यधिक खर्च हुने परिपाटीमा सुधार हुनुपर्दछ।

१८. **योजनाको प्राथमिकीकरण -** विभागले देशभरिका पुरातात्त्विक सम्पदाहरूको निर्माण तथा मर्मत सम्भारको लागि विगत ५ वर्षमा ८९८ योजनामा बजेट विनियोजन गरेकोमा ५६६ कार्यान्वयन गरेको र कार्यान्वयन भएका योजनामध्ये रू.१० लाख मुनिका आयोजना १६८ (२९.६८ प्रतिशत) रहेको देखिन्छ। स-साना टुक्रे आयोजनाको सुपरिवेक्षण कार्यमा लागत बढी लाग्ने तथा प्राविधिक सुपरिवेक्षणसमेत कमजोर हुन सक्ने हुँदा ठूला र ऐतिहासिक तथा पर्यटकीय महत्त्वका सम्पदाहरूमा बजेट केन्द्रित गर्नुपर्दछ।

१९. **ओभरहेड भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा ओभरहेड रकमको अंश कट्टा गर्नुपर्ने व्यवस्था छ। विभागले काठमाडौंस्थित एक पुनर्निर्माण उपभोक्ता समितिलाई लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड समावेश गरी यो वर्षसम्म ओभरहेडसमेत रू.२ करोड २४ लाख ७ हजार भुक्तानी दिएको छ। उपभोक्ता समितिलाई ओभरहेडबापत भुक्तानी दिएको रू.२९ लाख २२ हजार असुल हुनुपर्दछ।

२०. **भूकम्पपछिको पुनर्निर्माण कार्य -** विक्रम संवत् २०७२ मा गएको भूकम्पबाट क्षति भएका पुरातात्त्विक सम्पदाको पुनर्निर्माण कार्य ५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएकोमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारी तथा अन्य कारणले पुनर्निर्माण गर्नुपर्ने ९२० सम्पदामध्ये यो वर्षसम्म ७७४ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको, १२९ सम्पदाको कार्य भइरहेको र १७ सम्पदाको कार्य बाँकी रहेको देखिन्छ। पुनर्निर्माण सम्पन्न भएका र चालु रहेका सम्पदाहरूको निर्माण कार्यमा २०७२।७३ देखि २०७९।८० सम्म रू.९ अर्ब ८२ करोड १० लाख विनियोजन भएकोमा रू.६ अर्ब ४५ करोड ६ लाख खर्च भएको छ। सम्पदा पुनर्निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

पर्यटन विभाग

पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षालगायतका कार्य गर्न २०७१ मा स्थापना भएको यस विभागले पर्यटन व्यवसाय र उद्योग भएका शहर, ठूला पर्यटन उद्योग, पाँच तारे होटल, क्यासिनो, स्वदेशी विदेशी पर्यटन प्रवर्धन, पर्वतारोहण अनुमति र पर्वतीय पर्यटनको एकीकृत विकासलगायतका कार्यको लागि नियमन, प्रवर्धन र व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

२१. **पर्वतारोहण दल** - पर्यटन ऐन, २०३५ को दफा १९ मा पर्वतारोही दलले पर्वतारोहणका निमित्त नेपाल सरकारबाट जारी भएको अनुमतिमा तोकिएको मार्गबाट मात्र पर्वतारोहण गर्नुपर्ने र पर्वतारोहरण नियमावली, २०५९ को नियम ६ मा अनुमति प्राप्त पर्वतारोही दलले पालना गर्नुपर्ने शर्तहरूको व्यवस्था छ। विभागले २०७९।८० मा ६२ हिमालको ३२८ आरोहण दलका २ हजार ६३९ लाई हिमाल आरोहणको अनुमति दिई सलामी दस्तुर बापत रू.८६ करोड ६ लाख २५ हजार असुल गरेको छ। अनुमति प्राप्त आरोहण दलका सदस्यहरूले ऐन र नियमावली बमोजिम तोकिएका शर्तहरूको पालना गरे/नगरेको सम्बन्धमा विभागले प्रविधिको उपयोग गरी प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२२. **पर्यटक सुविधा** - पर्वतारोहण गर्ने व्यक्ति तथा संलग्न अन्य जनशक्तिलाई सर्वसुलभ मोबाइल नेटवर्क तथा इन्टरनेट लगायतको सञ्चार सम्बन्धी सेवा विदेशी इन्टरनेट सेवा प्रदायकले उपलब्ध गराएको देखिन्छ। एक विदेशी इन्टरनेट सेवा प्रदायकबाट शुल्क तिरी इन्टरनेट चलाउनुपर्ने र मोबाइल नेटवर्क नरहेको अवस्था छ। नेपालमा मोबाइल नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकहरूबाट यस क्षेत्रमा सेवा विस्तार गरेको छैन। विभागले नेटवर्क तथा इन्टरनेट सेवा प्रदायकसँग छलफल गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था गर्नुपर्ने सुझाव विगतको प्रतिवेदनमा उल्लेख गरेको भए तापनि कार्य प्रगति भएको छैन।

२३. **क्यासिनो रोयल्टी/नवीकरण** - क्यासिनो नियमावली, २०७० (चौथो संशोधन २०७६) को नियम १० मा इजाजत दस्तुर आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा रू.१ करोड र क्यासिनोको हकमा रू.२ करोड ५० लाख लाग्ने र नियम १२ र १३ मा इजाजतपत्रको नवीकरण गर्नुपर्ने तथा इजाजत पत्र दस्तुरको ५० प्रतिशतले हुने रकम नवीकरण दस्तुर लाग्ने व्यवस्था छ। यस वर्ष ६ क्यासिनोले नवीकरण दस्तुर/रोयल्टी तथा थप शुल्कबापत रू.३१ करोड ६५ लाख ४९ हजार बुझाउन बाँकी रहेको छ। बक्यौता रकम र सोमा लाग्ने थप शुल्क सहित असुल गर्नुपर्दछ।

राष्ट्रिय अभिलेखालय

२४. **डिजिटाइजेसन** - राष्ट्रिय अभिलेखालयमा देशका विभिन्न स्थानबाट प्राप्त अभिलेखहरूको सुक्ष्म छायाङ्कन गरिएका १० हजार माइक्रोफिल्म रोल रहेका छन्। यी रोलहरूमा करिब २ लाख हस्तलिखित ग्रन्थ तथा अभिलेखका करिब ६० लाख पाना रहेका छन्। यी रोलहरूमध्ये करिब ६ हजार रोल एसिड बेसबाट बनेका माइक्रोफिल्म छन् भने बाँकी पोलिस्टर बेसमाइक्रोफिल्म रहेका छन् । एसिटेट बेस माइक्रोफिल्महरू विगत केही वर्षदेखि एसिटिक एसिड फर्मेसनका कारण भिगनर सिन्ड्रम भनिने एक प्रकारको सङ्क्रमणबाट नष्ट हुन थालेका छन्। ती एसिटेट बेसका माइक्रोफिल्म रोलहरूलाई नष्ट हुनुभन्दा अगावै स्क्यान गरी डिजिटल प्रविधिमा रूपान्तरण गर्ने र नयाँ पोलिस्टर बेस माइक्रोफिल्ममा प्रतिलिपि उत्पादन गर्नुपर्ने देखिएको छ।

सङ्गठित संस्था तथा समिति

पशुपति क्षेत्र विकास कोष

भगवान श्री पशुपतिनाथको मन्दिर र पावन पाशुपत क्षेत्र प्राचीन कालदेखि विश्वभरका सनातन हिन्दुहरूको श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहिआएको छ। पशुपति क्षेत्र, जयबागेश्वरी, गौरीघाट, चाबहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिंगलास्थान र क्षेषमान्तक वन आसपासको २६४ हेक्टर क्षेत्रलाई पशुपति क्षेत्रभित्र राखिएको छ। पशुपति क्षेत्रमा साना ठूला विभिन्न शैलीका मठ मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य, देवालयजस्ता सम्पदा करिब ५०० र शिवलिङ्ग करिब १ हजार रहेका छन्। उक्त क्षेत्रको संरक्षण, सम्भार र विकास गर्न २०४४ सालमा यस कोषको स्थापना भएको हो।

२५. **वित्तीय स्थिति** - कोषको २०८० असार मसान्तमा मूल कोष रू.३ अर्ब ८ करोड ९४ लाख ९२ हजार, अक्षय कोष रू.१ अर्ब, मन्दिर सेवा कोष रू.३७ करोड ४६ लाख ६२ हजार, घाट सेवा कोष रू.४ करोड ३९ लाख ५८ हजार र स्थिर सम्पत्ति रू.२ अर्ब ३४ करोड १८ लाख ९१ हजार रहेको देखिन्छ। यो वर्ष नेपाल सरकारको अनुदान रू.२१ करोड ३६ लाख ९६ हजार र अन्य आम्दानी रू.७३ करोड १७ लाख ४ हजारसमेत रू.९४ करोड ५४ लाख आम्दानी रहेकोमा रू.७७ करोड १२ लाख ३१ हजार खर्च भई रू.१७ करोड ४१ लाख ६९ हजार बचत रहेको देखिन्छ।

२६. **गुरुयोजना** - पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि २०५७।५८ देखि स्वीकृत गुरुयोजना अनुसार विकास निर्माण कार्य सञ्चालन गर्न थालेको देखिन्छ। उक्त १० वर्षे गुरुयोजना कार्यान्वयनका लागि रू.२ अर्ब ५२ करोड बजेट प्रक्षेपण गरिएकोमा गुरुयोजना लागु भएपछि सरकारी अनुदान र आन्तरिक स्रोत गरी गुरुयोजना अवधिमा रू.३ अर्ब ६७ करोड खर्च भएको देखिन्छ। तत् पश्चात् पशुपति क्षेत्रको महत्त्वलाई दृष्टिगत गरी नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी २०७०।७१ देखि वार्षिक रूपमा बजेट विनियोजन गर्दै आएको छ। पशुपति क्षेत्र विकास कोषको भू-उपयोग सहितको संरचनागत गुरुयोजना २०७६ सालमा परिषद्बाट स्वीकृत भएको थियो। कोषले तयार पारेको १०० वर्षे गुरुयोजनाको कार्यान्वयनमा समस्याका कारण पुनः पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७९ तर्जुमा गरेको छ। गुरुयोजनाले पहिलो ५ वर्षको लागि रू.८ अर्ब १३ करोड १० लाख बजेट प्रक्षेपण गरेको छ। गुरुयोजनाअनुसार समयमा काम नहुँदा सम्पदाहरूको संरक्षण, संवर्धन तथा व्यवस्थापन कार्यमा असर पर्ने देखिएको छ। गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा सबै पक्ष जिम्मेवार हुनुपर्दछ।

२७. **नीति तथा कार्यक्रम कार्यान्वयन** - पशुपति क्षेत्र विकास कोषले पेस गरेको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरूमध्ये लेखासम्बन्धी निर्देशिका तयार गरी स्वीकृत गरी लागु नगरेको, कर्मचारीको सेवा, शर्त, सुविधा र वृत्ति विकासका विषयमा समयसापेक्ष नियमावली बनाई पारित नगरेको, सरसफाइको उचित व्यवस्था मिलाउन फोहर प्रशोधन गर्ने मेसिन खरिद गरी प्रयोगमा नल्याएको, कोषको नाममा रहेको गोठाटारस्थित ५३४ रोपनी जग्गालाई उचित व्यवस्थापन नगरेको,

श्री पशुपतिनाथ एवं बागमती गङ्गा आरती सञ्चालन सम्बन्धमा सञ्चालन कार्यविधि तथा मापदण्डसमेत बनाएको नदेखिँदा यस्ता विषयमा व्यवस्थापन गरिनुपर्दछ।

२८. **द्वैध स्वामित्व** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ र गुठी संस्थान ऐन, २०३३ अन्तर्गत पशुपति क्षेत्रभित्रका गुठी सम्बद्ध क्रियाकलापहरूको सञ्चालन एवं व्यवस्थापन र पशुपति क्षेत्रभित्रका मूर्त एवं जीवन्त सांस्कृतिक सम्पदाहरूको संरक्षणका सम्बन्धमा दोहोरो पर्ने गरी काम कर्तव्य र अधिकारको व्यवस्थाले प्रत्येक पूर्णिमामा पशुपतिमा हुने महास्नान तथा गुह्येश्वरी मन्दिर, विश्वरूप मन्दिरको नित्य पूजा व्यवस्थापन गुठी संस्थानबाट हुने गरेको तथा जात्रा पर्वको सञ्चालन कुनै कोषबाट र कुनै संस्थानबाट र कतिपयका भने दुवैबाट हुने गरेको, पशुपतिनाथ र वासुकी मन्दिर बाहेकका प्राङ्गणभित्रका अन्य मन्दिरहरूको पूजा सञ्चालन तथा भेटी व्यवस्थापन हुन सकेको देखिँदैन। पाशुपत क्षेत्रभित्र सञ्चालन हुने नित्य पूजा, जात्रा, पर्व सञ्चालन रेखदेख तथा मर्मत सम्भार सम्बन्धमा कानुनी स्पष्टता हुनुपर्दछ।

२९. **जग्गाको लगत** - पशुपतिको सम्पत्ति तथा गुठी जग्गा अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०७५ अनुसार श्री पशुपतिनाथ गुठीतर्फ अमालकोट, पशुपति भण्डार तहबिल र जयवागेश्वरी भण्डार तहबिलको लगतअनुसार कुल ५ हजार ६० रोपनी गुठी जग्गा रहेकोमा २३१ रोपनी १० आना १ पैसा जग्गा दर्ता बाँकी रहेको र १ हजार १६१ रोपनी १४ आना ३ पैसा जग्गा सम्झौताबमोजिम त्रिभुवन विमानस्थलले प्रयोग गरिरहेको छ। त्यसैगरी पशुपति क्षेत्रभित्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीको १० हजार १९ रोपनी १५ आना १ पैसा र श्रीपशुपतिनाथको महास्नान पोता गुठीको १ हजार २४१ रोपनी १ आना २ पैसा गरी गुठी संस्थान मातहत कूल ११ हजार २६१ रोपनी ३ पैसा जग्गा रहेको छ। पशुपति क्षेत्रभित्र गुठी संस्थान अन्तर्गत सञ्चालन र व्यवस्थापन हुँदै आएका राजगुठीहरूको सङ्ख्या लगभग १९५ रहेको भए तापनि श्रीपशुपतिनाथ र यस क्षेत्रका मठ मन्दिर, पूजाआजा, पर्व एवं जात्रा आदिसँग सम्बन्धित राजगुठी, छुट गुठी र निजी गुठीसमेतका सम्पूर्ण गुठी जग्गाको यथार्थ र अद्यावधिक लगत अभिलेख कोषले तयार गरेको पाइएन। पशुपतिनाथ र यस क्षेत्रका गुठी तथा जग्गाको अद्यावधिक लगत तयार गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत छ।

३०. **पूजा सामग्री पसल** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावलीको नियम ८५(१) मा पशुपतिनाथको क्षेत्र भित्र पूजा सामग्रीको व्यापार गर्न चाहने कुनै व्यक्ति वा संस्थाले कोषबाट अनुमति लिनुपर्ने तथा नियम ८६ अनुसार अनुगमन गर्नुपर्ने व्यवस्था छ। पशुपति क्षेत्रको वनकाली धर्मशाला अगाडि काठमाडौं महानगरपालिकाको वडा नं. ८ मा कार्यालयले सञ्चालन गरेको १५४ फूल तथा पूजा सामग्री पसलको भाडा निर्धारण गरी व्यवसायीहरूसँग सम्झौता गरेको देखिएन। अतः भाडा सम्झौता गरी सोअनुसार पसल सञ्चालन गर्नुपर्दछ।

३१. **गुठीको बक्यौता** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अनुसार पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेका निम्न गुठीको अद्यावधिक अभिलेख कायम गर्न सदस्य सचिवको २०८०।२।९ को निर्णय अनुसार गठन भएको समितिले २०७९।८० को लगतको आधारमा २०८०।४।३१ गते दिएको प्रतिवेदनअनुसार गुठीको लगत र बक्यौता स्थिति देहायअनुसार छः

(रू. हजारमा)

गुठीको नाम	क्षेत्रफल (व.मि.)	मोही संख्या	कित्ता संख्या	वार्षिक कुत	२०८० असार मसान्त सम्मको कुत (जरिबानासमेत)
श्री पशुपतिनाथ भण्डार तहबिल गुठी	८९४८२८.७७	३६८१	५१४०	६४९५	२९,२२६
श्री पशुपतिनाथ अमालकोट कचहरी गुठी	४६६३२८.२२	२२७६	३०७७	२६५२	११६२६
श्री पशुपतिनाथ जयवागेश्वरी भण्डार तहबिल कार्यालय	२५१०२०	११०१	१५०४	१७६७	५९६९
जम्मा	**१६१२१७६.९९**	**७०५८**	**९७२१**	**१०९१४**	**४६८२१**

उल्लिखित विवरणबाट पशुपतिनाथअन्तर्गतका ३ वटा गुठीबाट प्रत्येक वर्ष वार्षिक कुल रू.१ करोड ९ लाख १४ हजारका दरले असुल हुनुपर्नेमा यो वर्ष र विगत वर्षको समेत रू.४ करोड ६८ लाख २१ हजार बक्यौता रहेको देखियो। बक्यौता रकम जरिबानासहित असुल हुनुपर्दछ।

३२. **सम्पदा अतिक्रमण** - पशुपतिनाथ मन्दिरको स्वामित्वमा रहेको हाल काठमाडौं महानगरपालिका वडा नं. ७ र ८ स्थित ९ पोखरीमध्ये ६ पोखरी अतिक्रमणमा परेका, धर्मशाला पोखरी वनकाली, राजराजेश्वरी पोखरी, हंशमण्डप पोखरी, वनकाली पोखरी र भण्डारखाल पोखरी साबिकमा पशुपति क्षेत्रभित्रै रहेकोमा पहिलेको अवस्थामा नभएको र गुह्येश्वरी पोखरी नभेटिएको अवस्था छ। स्थापनाकालमा पशुपति मन्दिर र सोको वरिपरि नौ पोखरी, नौ ढोका (खाँबा), नौ इनार, नौ पाटी र नौ जात, नौ डबली, नौ धारा, नौ शक्तिपीठ, नौ टोल र नौ मूली रहेको इतिहास भए तापनि कतिपय सम्पदाहरूको अस्तित्व लोप भएको भन्ने कोषको भनाइ रहेको छ। मन्दिरको स्वामित्वमा हाल ३ हजार ६६७ रोपनी ४ आना ३ पैसा जग्गा लगत अभिलेख भए तापनि लगत प्रमाणित भएको छैन। अतिक्रमण भएका सम्पदाको खोजी गर्ने र भएका सम्पदाहरूको संरक्षण गर्नुपर्दछ।

३३. **जग्गा अतिक्रमण** - नेपाल सरकार मन्त्रिपरिषद्को २०४७।१।५ को निर्णयबमोजिम काठमाडौं जिल्ला गोठाटार स्थित ५३५ रोपनी ३ आना जग्गा कोषको नाममा प्राप्त भएको छ। साबिक गोठाटार ३(क) कित्ता नम्बर ५९ को १९ रोपनी ४ आना क्षेत्रफलको टायल चेकबाट क्षेत्रफल १५ रोपनी (७६२९.०६) वर्गमिटर कायम भई हाल नापीमा वडा नं. ३ सिट नम्बर १०६९-१५ कित्ता नम्बर १ र २ को कमशः क्षेत्रफल २ हजार १७१.०५, ५ हजार ९०.६६ वर्गमिटरसमेत जम्मा क्षेत्रफल ७ हजार २६१.७१ वर्गमिटर देखिएको छ। डिजिटल प्रविधिबाट नापी हुँदा गोठाटारमा रहेको जग्गा ३६७.८९ वर्गमिटर घटी हुन गएको देखिन्छ। बालुवा खानीका कारण पटक-पटक विवादमा आएको उक्त जग्गा कोषले संरक्षण नगर्दा ११ पक्की घर, ४० टहरा र तेज विनायक माध्यमिक विद्यालयले पनि कोषकै जग्गामा विद्यालय भवन बनाई अतिक्रमण गरेको अवस्था विद्यमान छ। साबिकको भन्दा घटी जग्गा देखिएका कारण उक्त जग्गाको हाल-साबिकसमेत हुन सकेको छैन। जग्गाको उचित संरक्षण एवं उपयोग गर्नुपर्दछ।

३४. **सन्ध्या आरती** - कोषको २०६४।४।१६ को स्वीकृति अनुसार श्री पशुपतिनाथ एवं बागमती गङ्गा आरती सेवा समिति नामक संस्थाबाट पशुपतिनाथ मन्दिरको पूर्व तर्फ सन्ध्याकालीन आरती हुँदै आएको छ। यसरी स्वीकृति दिँदा अवधि खुलाएको छैन। कोषले गुजराती बाजा सत्तलको एक कोठा र राममन्दिर क्षेत्रको सत्तलको एक कोठा निःशुल्क उपलब्ध गराएको छ। उक्त संस्थाले आरती गर्नको

लागि भक्तजनबाट दान दक्षिणा तथा अन्य भेटी सहयोग लिने गरेकोमा उक्त कार्यबाट कोषलाई कुनै रकम प्राप्त भएको छैन। कोषले सम्पदाको गरिमा, मौलिकता एवं कोषलाई प्राप्त हुने आयलाई मध्यनजर गर्दै उक्त आरती हुने व्यवस्था मिलाउनुपर्दछ।

३५. **द्रव्य तथा भेटीको अभिलेख** - पूजा व्यवस्था नियमावली, २०६८ को नियम ७८ अनुसार श्री पशुपतिनाथको मन्दिरमा भक्तजनले चढाएको सुन चाँदीका सामान, धातुका भाँडाकुँडा, वस्त्रलगायतका जिन्सी सामग्री पूजा समाप्त भएपछि मुचुल्का गरी परिषद्ले तोकेबमोजिम ढुकुटीमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस अघि यस्ता जिन्सी पशुपतिनाथको मुल ढुकुटीमा दाखिला हुने गरेकोमा हाल विसेट नाइकेले जिम्मामा राख्ने गरेको पाइयो। आर्थिक वर्ष २०७८।७९ मा ११.०३ ग्राम सुन दाखिला भएको, २०१ ग्राम सुन सिधै चढाएको र १७ किलो २०९ ग्राम चाँदी प्राप्त भएकोमा २०७९।८० मा ०.०४८ ग्राम सुन दाखिला भएको, ११.६६२९ ग्राम सुन सिधै चढाएको र १७ के.जी ७२.२ ग्राम चाँदी प्राप्त भएको विवरण पेस भए तापनि कोषमा प्राप्त हुने बहुमूल्य द्रव्य, भेटीको अभिलेख प्राप्त भएकै समयमा मुचुल्का गरी राख्ने गरेको देखिएन । श्रीपशुपतिनाथ मन्दिर परिसर मूल गेटभित्रको दानपेटीमा भक्तजनहरूले चढाएको कपडा, सुन चाँदीजस्ता देखिने धातु र अन्य जिन्सी (पैसा बाहेक) सामानहरू सम्बन्धित शाखाको पदाधिकारीको रोहबरमा मुचुल्का तयार गरी भण्डारण गर्नुपर्नेमा मुचुल्का नउठाई राख्ने गरेको देखियो। उक्त सामानहरू मुचुल्का उठाई सुरक्षित साथ भण्डारमा राख्नुपर्दछ।

३६. **गौशाला धर्मशाला सञ्चालन** - कोषले १९९० सालको भूकम्प पीडितहरूलाई राहतस्वरुप खाना खुवाउन र त्यसपछि दूध कटुवा साँढेहरूलाई जुनेलो घाँस रोप्न उपलब्ध गराएको ९ रोपनी १४ आना जग्गा हाल एक समितिले उपयोग गरिरहेको छ। सम्झौता अवधि किटान नगरी कोष र उक्त सेवा समितिबीच २०६०।२।१२ मा भएको सम्झौताको बुँदा नं. ५ मा सहयोगबापत वार्षिक रू.५१ हजार दिने उल्लेख भएतापनि दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने प्रावधान रहेको देखिन्छ। धर्मशाला परिसरमा गौपालन, नन्दी सेवा र तीर्थयात्रीलाई आवास सञ्चालन गर्नुपर्नेमा सम्झौता विपरीत १९ सटरहरूमा पसल, धर्मशालाभित्र चमेना गृह, अस्पताल, दूध तथा दुग्ध पदार्थहरू बिक्री वितरण गर्ने जस्ता कार्यहरू गरिएको छ। प्रचलित बजार दरको आधारमा न्यूनतम भाडादर कायम गरी अद्यावधिक गर्नुपर्नेमा सरकारी दररेट भन्दा पनि न्यून दरमा भाडामा दिइएकोमा संरचना निर्माण गरी उक्त समितिले व्यावसायिक प्रयोजनमा प्रयोग गरेको अवस्था छ। सार्वजनिक लेखा समिति अन्तर्गतको उप-समितिको २०६३।८।६ को निर्णयमा ६ महिनाभित्र उक्त धर्मशाला कोषले जिम्मा लिई सम्झौता रद्द गर्ने उल्लेख छ। उक्त समितिले प्रयोग गर्दै आइरहेको गौशाला धर्मशालाको जग्गाको सम्झौता पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को २०८०।४।१६ को बैठकले खारेज गर्दै भाडा पुनरावलोकन गरी पुनः सम्झौताका लागि १५ दिनको म्याद दिइएको भएपनि हालसम्म कार्यान्वयन भएको छैन। कोषको सम्पत्ति पशुपति क्षेत्र विकास कोषको उद्देश्य अनुसार उपयोग एवं संरक्षण गर्नुपर्दछ।

३७. **पशुपति धर्मशाला सञ्चालन** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १० मा कोष सञ्चालक परिषद्ले कोष मातहतको घर जग्गाको भाडा निर्धारण गर्ने व्यवस्था छ। कोषले नेपाल भारतमैत्री पशुपति धर्मशाला सञ्चालन गर्न निजी क्षेत्रका एक फर्मसँग २०७६।१।३० मा १५ वर्षको लागि वार्षिक रू.१ करोड ५ लाख ४२ हजार भाडा लिने गरी सम्झौता गरेको छ। धर्मशाला भाडामा लगाउँदा गरेको सम्झौता प्रचलित कानुनबमोजिम भए नभएको सम्बन्धमा गठित छानबिन समितिको २०७८।१०।३ को प्रतिवेदनअनुसार सम्झौताविपरीत कोठा संख्या र शुल्क परिवर्तन गरी धर्मशाला

सञ्चालन गरेको देखिन्छ। सञ्चालक परिषद्बाट २०७८।१०।११ मा सम्झौता खारेज गरी धर्मशाला खाली गर्ने सम्बन्धी निर्णय भएकोमा सो निर्णय विरुद्ध सम्बन्धित पक्षले दायर गरेको रिट अदालतमा विचाराधीन रहेको छ।

३८. **वनकाली धर्मशाला** - कोषले पशुपति परिसर वनकालीस्थित धर्मशाला वार्षिक रू.३० लाख १८ हजार भाडा लिने गरी एक फर्मसँग २०६८।९।२२ मा ५ वर्षको लागि भाडा सम्झौता गरेको देखिन्छ। सम्झौता अवधि २०७३।९।२१ मा समाप्त भएपछि धर्मशाला सञ्चालकले कोषलाई बुझाउनुपर्ने २०७१ बैशाखदेखि २०७३ ।९।२१ सम्मको भाडा रू.८३ लाख ७९ हजार नबुझाई धर्मशाला बन्द गरेको छ। सो सम्बन्धमा कोषले कुनै कारवाही गरेको छैन। उक्त धर्मशाला हाल एक आश्रमले उपयोग गरी बेवारिसे अवस्थाका सडक मानवहरूलाई उद्धार गरी आश्रय दिएको छ। शर्तअनुसार सम्बन्धित फर्मबाट भाडा असुल गरिनुपर्दछ।

३९. **प्लिजिङ लाइट जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले यकिन गरी समयमै दाबी गर्नुपर्ने व्यवस्था छ। कोषले श्री पशुपतिनाथ मन्दिर परिसरमा प्लिजिङ लाइट जडान गर्न एक निर्माण व्यवसायीसँग २०७७।३।२५ मा रू.५ करोड ८६ लाख १८ हजारको खरिद सम्झौता गरेकोमा सम्झौताको म्याद तेस्रो पटक २०८०।३।३१ सम्म थप गरेको छ। अन्तिम रनिङ बिल अनुसार भेरिएसन सहित रू.६ करोड १० लाख ६६ हजारको कार्यसम्पन्न भएकोमा कामको तेस्रो पक्ष मूल्याङ्कन गर्ने परामर्शदाताबाट २०८०।१।३ मा पेस भएको मूल्याङ्कन प्रतिवेदनले समेत विभिन्न आइटम चालु हालतमा नरहेको बेहोरा उल्लेख गरेको देखिन्छ। जडान भएका सामग्रीको सम्झौता मूल्यअनुसार एक परामर्शदाताले २०८०।२।२९ मा पेस गरेको प्रतिवेदन र मूल्याङ्कनअनुसार रू.२ करोड ३० लाख २८ हजार बराबरका सामानहरू बिग्रेको, प्रयोजनविहीन रहेको तथा मर्मत गर्नुपर्ने अवस्थामा पुगेको देखिन्छ। कोषले कार्य स्वीकार गर्नुभन्दा पहिले नै बिग्रेको, प्रयोजनविहीन रहेको तथा मर्मत गर्नुपर्ने देखिएको सम्बन्धमा थप यकिन गरी सम्बन्धितलाई जिम्मेवार बनाई त्रुटि सच्याउनुपर्दछ।

लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारका बौद्धमार्गी एवं शान्ति प्रेमी मानिसहरूको आस्थाको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य र आदर्शलाई थप प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई समन्वयात्मक र सुचारुरूपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम यो कोषको स्थापना भएको हो। लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासको लागि तयार भएको गुरुयोजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, विहार क्षेत्र र नयाँ लुम्बिनीग्रामको अवधारणाअनुसार योजना कार्यान्वयन हुँदै आएको छ। कोषको लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रू.१ अर्ब ५५ करोड समेत कुल आय रू.२ अर्ब ३२ करोड ७५ लाख मध्ये रू.१ अर्ब ७९ करोड ३३ लाख खर्च भई रू.५३ करोड ४२ लाख मौज्दात रहेको छ।

४०. **गुरुयोजना** - लुम्बिनी क्षेत्रको विकासको लागि सन् १९७८ मा तयार भएको गुरुयोजना अनुरुप कोषले लुम्बिनी क्षेत्रको संरक्षण, संवर्धन र भौतिक पूर्वाधार विकाससम्बन्धी कार्य गर्दै आएको छ। गुरुयोजना अन्तर्गत १७ मुख्य कम्पोनेन्टको लागि रू.१३ अर्ब २६ करोडको लागतमध्ये यो वर्षसम्म रू.८ अर्ब

खर्च भएको छ। गुरुयोजनामा उल्लेख भएकामध्ये लुम्बिनी सांस्कृतिक केन्द्रको ८ भवन, उथान्त अडिटोरियम हल, क्याम्पियन प्लाजा, हरहवा, तेलार खोला डाइभर्सन र गुरुयोजना क्षेत्रभित्र ढल निकास प्रणालीको निर्माण कार्य सुरु भएको छैन। निर्माणाधीन कार्य र निर्माण सुरु नभएको बाँकी कार्य पूरा गर्न रू.५ अर्ब २६ करोड लागत लाग्ने देखिएको छ। गुरुयोजनाअनुसारको निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४१. **नीति तथा कार्यक्रम कार्यान्वयन -** लुम्बिनी विकास कोषको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये कोषले लुम्बिनी सेवा तथा संरक्षण लगायतका शुल्कलाई अनलाइन प्रणाली मार्फत लिने, अन्तर्राष्ट्रिय ध्यान केन्द्र तथा सभाहल सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गर्ने, रामग्राम तथा तिलौराकोटमा सेवा तथा संरक्षण शुल्क लागु गर्ने, रामग्राम गुरुयोजना स्वीकृत गर्ने, बृहत्तर लुम्बिनी क्षेत्रको महत्त्वलाई विश्वव्यापीकरण गर्न भारत, चीन र जापानमा कार्यक्रम गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

४२. **सङ्गठन संरचना र दरबन्दी -** लुम्बिनी विकास कोष (कर्मचारी सेवा शर्त तथा सुविधा) विनियमावली, २०७९ को विनियम ५(१) मा सेवाको सङ्गठन संरचना र दरबन्दी समितिले निर्धारण गरी मन्त्रालयले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। प्राप्त विवरणअनुसार कोषका लागि १५५ दरबन्दी स्वीकृत रहेकोमा २०७९।१२।१७ को कार्यकारिणी समितिको बैठकले १६५ थप अस्थायी दरबन्दी सिर्जना गरेको छ। यो वर्ष स्थायी ४४ र करार २१० समेत २५४ कर्मचारीलाई पारिश्रमिक रू.८ करोड ८३ लाख २१ हजार भुक्तानी भएको छ। कोषको विनियमबमोजिम मन्त्रालयबाट सङ्गठन संरचना र दरबन्दी स्वीकृत नगराई विभिन्न १५ पदमा १३१ कर्मचारीलाई पारिश्रमिकमा रू.४ करोड २० लाख ९७ हजार भुक्तानी दिएको नियमसम्मत देखिएन। विनियमको प्रावधानअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा मन्त्रालयबाट दरबन्दी स्वीकृत गरी पारिश्रमिक भुक्तानी गर्नुपर्दछ।

४३. **पार्किङ शुल्क -** कोषले २०७५।७।१ देखि २०७८।६।३० सम्मका लागि सवारीसाधन पार्किङ शुल्क लिने गरी एक निर्माण व्यवसायीसँग रू.८१ लाख ५१ हजार सम्झौता भएकोमा सम्झौतानुसार रू.५५ लाख १५ हजार असुल गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा स्थिति यथावत रहेको छ। यो वर्ष पार्किङ शुल्कबापत कुनै रकम प्राप्त गरेको देखिएन। पार्किङ शुल्क सम्बन्धी आय ठेक्का व्यवस्थापन गरी आन्तरिक आयलाई व्यवस्थित गर्नुपर्दछ।

४४. **प्लट उपलब्धता -** लुम्बिनी विकास कोष, विहार क्षेत्र विनियामावली, २०५८ को विनियम (१) मा २ विहार क्षेत्रमा कुनै विहार बनाउनको लागि बुद्ध धर्म मान्ने वा बुद्ध धर्मसँग सम्बन्धित कुनै मित्र राष्ट्र वा सङ्घ संस्थाले अनुरोध गरेमा कोषले आवश्यक र उपयुक्त ठहराएमा त्यस्तो पक्षसँग बहाल (लिज) सम्झौता गरी विहार क्षेत्रको कुनै चक्ला जग्गा साधारणतया एक पक्षलाई एउटा मात्र उपलब्ध गराउन सक्ने व्यवस्था छ। कोषले ६ संस्था तथा राष्ट्रलाई एकभन्दा बढी चक्ला (प्लट) वितरण गरेको छ। कोषले थाइल्याण्ड सरकारलाई ३ चक्लाका दरले, म्यानमार, श्रीलङ्का, कम्बोडिया र चीन सरकारलाई २ चक्लाका दरले उपलब्ध गराएको छ। विनियमावलीअनुसार चक्ला वितरण तथा व्यवस्थापन हुनुपर्दछ।

४५. **माटो बिक्री -** लुम्बिनी हाताको माटोबाट उपहारजन्य कलाकृति (लकेट, उपहार कप, कीरिङ्ग, मूर्ति लगायत) उत्पादन गर्ने गरी विश्व बौद्ध धर्म सङ्घ, काठमाडौंको प्रस्तावअनुसार कार्यविधि तयार नभएसम्म

अस्थायी रूपमा ३ वर्षसम्म वार्षिक १० किलोग्राम माटो प्रतिवर्ष रू.४ लाखका दरले र सो पश्चात् दुबै पक्षको सहमतिअनुसार ३० वर्षसम्म नवीकरण हुने गरी २०७९।५।१६ मा कोष र उक्त सङ्घबीच सम्झौता भएको छ। सम्झौताअनुसार २०७९।८० मा ३ वर्षको रू.१२ लाख आम्दानी प्राप्त भएको देखिन्छ। धार्मिक एवं पुरातात्त्विक पक्षलाई समेत विचार गरी मापदण्ड र कार्यविधि तयार गरी माटो उपलब्ध गराउनुपर्दछ।

४६. **जग्गा अतिक्रमण -** कपिलवस्तु जिल्लास्थित सगरहवा पुरातात्त्विक क्षेत्रमा अतिक्रमण गरी बनेका घरटहरा हटाई पुरातात्त्विक सम्पदाहरूको संरक्षण र संवर्धनका लागि अध्ययन गर्न गठित उपसमितिको २०७८।६।७ को अध्ययन प्रतिवेदनअनुसार कोषको स्वामित्वमा रहेको सगरहवा क्षेत्रको ५८.११ विघा जग्गामध्ये सगरहवा तालको दक्षिण र उत्तरतर्फको केही जमिनमा ५६ सुकुम्बासी परिवारद्वारा घरटहरा निर्माण गरी बसोबास गरेको र ३१ सुकुम्बासी परिवारद्वारा कृषियोग्य जमिन जोतभोग गरिरहेको उल्लेख छ। पुरातात्त्विक सम्पदा तथा जग्गाको संरक्षण र संवर्धन गर्नुपर्दछ।

४७. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ। सम्झौताअनुसार मूल्य समायोजन भुक्तानी गणना गर्दा बोलपत्र पेस गर्नुपर्ने अन्तिम मितिभन्दा १ महिना अगाडिको आधार मूल्य सूचकाङ्क लिनुपर्ने उल्लेख छ। २१ जुलाई २०२१ को १ महिना अगाडि २१ जून २०२१ (जून/जुलाई २०२१) को सूचकाङ्क लिनुपर्नेमा मे/जून २०२१ को आधार मूल्य सूचकाङ्क राखी सडक सञ्जाल निर्माणलगायत कार्यको मूल्य समायोजनबापत रू.६४ लाख ३८ हजार बढी भुक्तानी भएको छ। मूल्य सूचकाङ्क फरक पारी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

४८. **बढी भुक्तानी -** लुम्बिनी सांस्कृतिक केन्द्रको परिसरमा सडक सञ्जाल निर्माण तथा विद्युतीकरण कार्य गर्नको लागि स्वीकृत लागत अनुमान तथा दर विश्लेषणअनुसार एम २५।२० को ढलान कार्य गर्न प्रतिघनमिटर ३९९.३३ किलोग्राम सिमेन्ट लाग्ने र सोअनुसार खपत हुने सिमेन्टको ५ प्रतिशतले हुने परिमाण एडमिक्स्चर प्रयोग हुने गरी एक निर्माण व्यवसायीसँग २०७८।६।१ मा खरिद सम्झौता भएको छ। निर्माण कार्यको छैटौं रनिङ बिलसम्म २३६५.२१ घनमिटर ढलान कार्य सम्पन्न भएकोमा नर्म्सअनुसार एडमिक्स्चर ४७ हजार २२५.३६ किलोग्रामको भुक्तानी हुनुपर्नेमा ६५ हजार ४३.३३ किलोग्राम भुक्तानी दिएकोले प्रतिकिलोग्राम रू.२०० का दरले बढी परिमाण १७ हजार ८१७.९७ किलोग्रामको रू.३५ लाख ६४ हजार तथा सोको मूल्य समायोजन र मूल्य अभिवृद्धि करसमेत रू.४६ लाख ६५ हजार बढी भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ।

४९. **विद्युतीय सवारीसाधन -** दक्षिण एसिया पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत मन्त्रालयले रू.१४ करोड ५२ लाखमा खरिद गरेको ५ विद्युतीय बस र १४ विद्युतीय भ्यान स्वदेशी तथा विदेशी पर्यटकहरूलाई लुम्बिनी तथा वृहत्तर लुम्बिनी क्षेत्रमा यातायात सेवा प्रदान गर्न २०७८।७।२ मा लुम्बिनी विकास कोषलाई हस्तान्तरण गरेको छ। विद्युतीय बसबाट यो वर्ष रू.७० हजार आम्दानी प्राप्त गरेकोमा १४ विद्युतीय भ्यान कार्यालय प्रयोजनमा प्रयोग भएको देखिन्छ। सवारी साधनको नम्बर प्लेट सेतो भएको र हरियो नम्बर प्लेटमा परिवर्तन गर्नका लागि पहल गरेकोमा सो अनुसार नभएको हुँदा बस सञ्चालन गरी सेवा प्रदान गर्न नसकेको लुम्बिनी विकास कोषले जनाएको छ। विकास कोषमा

रहेको विद्युतीय बस तथा भ्यान सञ्चालनको कार्यविधि तयार गरी तालुक निकाय समेतको समन्वयमा सञ्चालनमा ल्याउनुपर्दछ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

नेपालमा नागरिक उड्डयनको विकास, विस्तार तथा नियमन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, सञ्चार, पथप्रदर्शन र हवाई सेवा, परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण, ऐन २०५३ अनुसार २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालित प्राधिकरणमा ९२८ स्थायी तथा ४६ करार समेत ९७४ कर्मचारी कार्यरत छन्।

५०. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - प्राधिकरणको २०८० आषाढ मसान्तको शेयर पुँजी रू.५९ अर्ब ८४ करोड ६१ लाख, जगेडा कोष तथा सञ्चित नाफा रू.३ खर्ब ५ अर्ब २७ करोड २९ लाख र दायित्व रू.१ खर्ब ३६ अर्ब ७३ करोड ४७ लाख रहेको छ। प्राधिकरणको सम्पत्ति रू.५ खर्ब १ अर्ब ८५ करोड ३८ लाख रहेको छ। गत वर्षको नाफा रू.१ अर्ब ४६ करोड ८५ लाख रहेकोमा यो वर्ष रू.२ अर्ब ६३ करोड ७७ लाख भई यस वर्षसम्मको सञ्चित नाफा रू.१८ अर्ब ४ करोड ८१ लाख पुगेको छ।

५१. **स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कन** - मूल्याङ्कन कमिटीको प्रतिवेदनको आधारमा प्राधिकरणले यो वर्ष रू.२ खर्ब ६४ अर्ब ७ करोड ६३ लाख स्थिर सम्पत्तिमा थप गरी पुनर्मूल्याङ्कन गरेको छ। नेपाल लेखामान १६ अनुसार एक समूहभित्रका सबै उपसमूहको पुनर्मूल्याङ्कन गर्नुपर्नेमा सोको पालना गरिएको छैन। प्राधिकरणको स्वामित्वमा रहेका जग्गाको मात्र पुनर्मूल्याङ्कन गर्नुपर्नेमा हस्तान्तरण भइसकेको सिमराको जग्गा, पोखरा, भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थललगायत अन्य स्थानको जग्गामध्ये बाटोको लागि छोडिएको सार्वजनिक जग्गाहरूले ओगेटेको क्षेत्रफल नघटाई गरेकोले पुनर्मूल्याङ्कन रकम बढी हुन गएको छ। यसैगरी धावनमार्गतर्फ २०७८।७९ को किताबी मूल्यभन्दा कम भएको रू.४ अर्ब ६० करोड ६८ लाखलाई समायोजन गरेकोले धावनमार्गको मूल्यमा कमी आएको छ। गत वर्षको हिसाबमा गल्फकोर्सको जग्गाको स्वामित्वलाई लगानीयोग्य सम्पत्तिको गणना गर्दा समावेश गरेको रू.१० अर्ब ३४ करोड ११ लाख ऋणात्मक हिसाबलाई समायोजन गरी लगानीयोग्य सम्पत्तिको गणना गर्दा हटाइएको छ। उक्त कारणले स्थिर सम्पत्तिको पुनर्मूल्याङ्कन यथार्थपरक हुन सकेको छैन।

स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा प्राधिकरणले सम्पत्ति, मेसिनरी तथा उपकरणहरूको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेकोमा जग्गालगायत सबै सम्पत्तिको मूल्य तथा ह्राससहितको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। प्राधिकरणले वित्तीय प्रतिवेदनमानको पालना गरी यथार्थ सम्पत्तिको हिसाब राख्नुपर्दछ।

५२. **नगद तथा बैङ्क मौज्दात** - प्राधिकरणसँग नगद तथा बैङ्क मौज्दात रू.९ अर्ब ३९ करोड ५८ लाख रहेकोमा निष्क्रिय खाताहरूमा रू.३ अर्ब २० लाख र खर्च खातातर्फ रू.१ अर्ब ४४ करोड १२ लाख वर्षान्तमा बैङ्क मौज्दात रहेको छ। नगद प्रवाहलाई विशेष ध्यान पुऱ्याई यस्तो रकमलाई आयआर्जन हुने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

५३. **बैङ्क हिसाब मिलान** - प्राधिकरणले नियमित रूपमा बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक रकमलाई समयमा नै मिलान गर्नुपर्दछ। विमानस्थल, विभाग, आयोजनाले आफ्नो बैङ्क हिसाब मिलान विवरण तयार गर्दा शुरू मौज्दात तथा पुराना हिसाब समावेश नगरी यस वर्षको कारोबारको विवरण राखी तयार पारेको हुँदा बैङ्क मौज्दातको यथार्थ चित्रण भएको छैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ११ बैङ्कमा रहेको मौज्दात रू.२ अर्ब ९७ करोड ६३ लाखमा ७ बैङ्कमा रहेको ऋणात्मक मौज्दात रू.१९ करोड २९ लाख मिलान गरी खुद रू.२ अर्ब ७८ करोड ३४ लाख देखाउनुपर्नेमा रू.२ अर्ब ७३ करोड ४९ लाख बैङ्क हिसाबमा देखाइएकोले रू.४ करोड ८५ लाख कम मौज्दात कायम भएको छ। यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एक बैङ्कको खातामा रू.१ करोड ७० लाख तथा अर्को वाणिज्य बैङ्कको खातामा रू.१९ करोड २७ लाख जम्मा हुन बाँकी देखिएको छ। समयमै बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

५४. **शेयर र ऋण हिसाब** - नेपाल सरकारको शेयर पुँजीतर्फ रू.२ अर्ब ८९ करोड ५६ लाख तथा ऋण सापटीतर्फ रू.५८ करोड ८६ लाखको फरक रहेको छ। प्राधिकरणको वित्तीय विवरणअनुसार भुक्तानी गर्नुपर्ने ऋणको ब्याज रू.५ अर्ब ८४ करोड ४५ लाख देखाएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले रू.१ अर्ब ३४ करोड ४२ लाख देखाएकोले रू.४ अर्ब ५० करोड ३ लाख फरक रहेको छ। नेपाल सरकारको शेयर पुँजी र सरकारलाई तिर्नुपर्ने ऋण र ब्याज रकम तालुक निकायसँग समन्वय गरी समायोजन गर्नुपर्दछ।

५५. **सम्पत्ति व्यवस्थापन** - प्राधिकरणको काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललगायत ३ अन्तर्राष्ट्रिय र ५० आन्तरिकसमेत ५३ विमानस्थलमध्ये ३४ सञ्चालनमा रहे तापनि १९ विमानस्थल सञ्चालनमा रहेका छैनन्। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा १ जनवरी २०२३ देखि १६ जुलाई २०२३ सम्म २ अन्तर्राष्ट्रिय चार्टर उडान भएको र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ४९ अन्तर्राष्ट्रिय उडान भए तापनि व्यावसायिक रूपमा उडान सञ्चालन हुन नसक्दा प्राधिकरणलाई वित्तीय नोक्सानी भएको छ। अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन व्यावसायिक रूपमा गरी नोक्सानी नियन्त्रण गर्ने एवम् विमालस्थलहरू सञ्चालन सम्बन्धमा अध्ययन गरी सो विमानस्थलहरूका जग्गा, भवन तथा अन्य सम्पत्तिहरूको उचित व्यवस्थापन गर्नुपर्दछ।

५६. **बक्यौता असुली** - प्राधिकरणको विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी सेवाप्रदायकले समयमा नै प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न एयरलाइन्स, सरकारी तथा गैरसरकारी संस्थाहरूबाट गत वर्षसम्म प्राप्त हुन बाँकी रू.२ अर्ब ९५ करोड १५ लाख रहेकोमा यो वर्ष ५.१८ प्रतिशतले वृद्धि भई रू.३ अर्ब १० करोड ४५ लाख पुगेको छ। सो मध्ये ६ महिनाभन्दा पुरानो असुल हुन बाँकी रू.१ अर्ब ७० करोड १२ लाखलाई शंकास्पद आसामीको रूपमा शतप्रतिशत व्यवस्था गरी लेखाङ्कन गरेको छ। साबिकदेखि विभिन्न एयरलाइन्स तथा अन्य निकायहरूबाट प्राप्त हुन बाँकी रकमको समर्थन लिएको देखिँदैन र हाल १०१ पार्टीसँग कारोबार बन्द भई सम्पर्कमा रहेका छैनन्। बक्यौता असुलीको लक्ष्य निर्धारण र सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ।

५७. **बहाल आम्दानी** - साबिक विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम १६(७) मा प्राधिकरणले सम्झौता अनुरूपको कार्यमूल्याङ्कन गरी सम्झौतालाई निरन्तरता दिने वा नदिने निर्णय गर्नुपर्ने

व्यवस्था छ। हालसम्म बहालसँग सम्बन्धित २८ मुद्दा अदालतमा विचाराधीन छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक सर्भिस कम्पनीले निर्माण गरेको व्यापारिक कम्प्लेक्स, भूमिगत कार पार्किङ्गस्थल र अराइभल वाक वे को सम्झौतामा विवाद उत्पन्न भई कानूनी उपचारका लागि नेपाल मध्यस्थता परिषद्मा विचाराधीन रहेको छ। उक्त कम्पनीसँग यस वर्षसम्म रू.११ करोड २९ लाख असुल गर्न बाँकी रहेको छ।

५८. **सेवा शुल्क** - विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ को बुँदा २७(१) अनुसार वायु सेवाहरूबाट दैनिक रूपमा हवाई ट्राफिक तथ्याङ्क (वायुयान, यात्रु, कार्गो तथा मेल आवागमन) को तथ्याङ्क तयार गरी अभिलेख राख्ने व्यवस्था छ। प्राधिकरणले निर्देशिकाबमोजिम हवाई ट्राफिक तथ्याङ्क तयार नगरेकोले हवाई सेवा आम्दानीको यथार्थता सुनिश्चित हुन सक्ने अवस्था छैन।

यसै गरी यो वर्ष ३ नेपाली विमान कम्पनीले १२७ अन्तर्राष्ट्रिय उडान गर्दा सेल्फ ग्राउण्ड ह्यान्डलिङ्ग गर्ने गरेकोमा सोको लागि प्राधिकरणबाट अनुमति नलिएको तथा ग्राउण्ड ह्याण्डलिङ्ग शुल्क समेत असुल गरेको छैन। दैनिक रूपमा हवाई ट्राफिक तथ्याङ्कको अभिलेख राखी सोअनुसारको सेवा शुल्क असुली गर्ने व्यवस्था गर्नुपर्दछ।

५९. **खर्चको उपयोगिता** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले २०७७ मा अन्तर्राष्ट्रिय टर्मिनल भवनमा २ एस्केलेटर खरिद तथा जडान गर्न रू.१ करोड २४ लाख खर्च गरेको र रू.१ करोड ८९ लाखमा रन वेको वरिपरि जडान भएको बत्तीहरू प्रयोगविहीन अवस्थामा रहेको छ। पर्याप्त अध्ययन, विश्लेषण बेगर खर्च गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा समेत उल्लेख भए तापनि स्थिति यथावत रहेको छ।

६०. **कर तथा शुल्क** - गत वर्ष खुद आयकर सम्पत्ति रू.५ करोड ४ लाख रहेकोमा यस वर्ष खुद आयकर दायित्व रू.६० करोड ४ लाख रहेको देखिन्छ। प्राधिकरणको २०७५।७६ को रू.१ अर्ब ४८ करोड ३९ लाख कर निर्धारण हुँदा शुल्क तथा ब्याजसमेत थप कर दायित्व रू.१४ करोड १५ लाख रहेको र मूल्य अभिवृद्धि करतर्फ ब्याज, जरिवानासमेत रू.२० करोड १३ लाख अतिरिक्त शुल्क तथा करको भार परेको छ। यसैगरी प्राधिकरणले विगत ५ वर्षमा बाह्य कर लेखापरीक्षण तथा लेखासम्बन्धी परामर्शमा रू.२ करोड १० लाख भुक्तानी गरेको छ। थप कर शुल्क तथा ब्याज तिर्ने अवस्थामा सुधार हुनुपर्ने बेहोरा गत विगतका प्रतिवेदनमा औँल्याइए तापनि स्थिति यथावत रहेको छ।

६१. **चार्टर्ड उडान नियमन** - हवाई भाडा समायोजन सम्बन्धी नेपाल सरकारको २०७३।८।२७ को निर्णयबाट दुर्गम क्षेत्रका विमानस्थलहरूमा नियमित उडान नहुने तर चार्टड उडान मात्र हुँदा सेवाग्राहीले महङ्गो हवाई भाडा तिर्नु परेकोले कम्तीमा ३० प्रतिशत नियमित उडान हुने अवस्था सुनिश्चित गर्ने गरी उडान तालिका स्वीकृत गर्ने गराउने निर्णय भएको देखिन्छ। तथापि निजी विमान कम्पनीहरूले दुर्गममा हालसम्म नियमित उडान गरेको देखिएन। अतः हवाई उडानको नियमन प्रभावकारी हुनुपर्दछ।

६२. **एयरलाइन्स नियमन** - नेपाल नागरिक उड्डयन ऐन, २०५३ तथा नियमावली २०५८ अनुसार प्राधिकरणले हवाई उडान अनुमति प्रदान गर्ने, वायुयान दर्ता गर्ने, राज्यभित्र उडान गर्न पाउने व्यवस्था र उडान तोक्ने, हवाई उडान सूचना र सचेत गर्ने, हवाई उडान नियन्त्रण र पथप्रदर्शन सेवालगायतका कार्यको नियमन गर्ने गरेको छ। प्राधिकरणले वार्षिक प्रतिवेदन २०२३ अनुसार आन्तरिकतर्फ सञ्चालन अनुमति प्रदान गरेका २१ वायु सेवामध्ये १९ क्रियाशील रहेका र नेपालबाट १६ देशका ३३ गन्तव्यमा ३०

अन्तर्राष्ट्रिय वायु सेवा कम्पनीले नियमित उडान गर्ने गरेका छन्। हवाई सेवा प्रारम्भ भएदेखि हालसम्म नेपालमा दर्ता भएकामध्ये ५९ वायुयान, ३८ हेलिकप्टर तथा नेपाल बाहिर दर्ता भएकामध्ये १० वायुयानसमेत १०७ दुर्घटना भएको अभिलेखबाट देखिन्छ। हवाई दुर्घटना विषयमा छानबिन समितिले दिएका सुझाव कार्यान्वयन गरी उड्डयन सुरक्षाको क्षेत्रमा उल्लेख्य सुधार गर्नुपर्दछ।

६३. **अन्य भूमिस्थ सेवा** - विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम ५(६) र अनुसूची ३ मा कमर्सियल भूमिस्थ प्रबन्ध सेवा सञ्चालन गरेबापत अनुमति तथा प्रमाणपत्र प्राप्त संस्थाले त्यस्तो भूमिस्थ प्रबन्ध सुविधाबापत आर्जन गरेको कुल आयको १५ प्रतिशत रकम प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ। विदेशी वायुसेवा संस्थाहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्नु पूर्व अनिवार्य रूपमा प्राविधिकबाट निरीक्षण गरी उडान अनुमति (सर्टिफिकेट टु रिलिज) प्राप्त गर्नुपर्दछ। तर सो कार्य नेपाल वायुसेवा निगमले दिने ग्राउण्ड ह्यान्डलिङ सेवामा समावेश भएको छैन। त्रिभुवन विमानस्थल कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० विभिन्न विमान कम्पनीबाट १६ हजार ५५६ बाह्य उडान भएकोमा उक्त उडान प्रमाणीकरणका लागि तिरेको शुल्कको १५ प्रतिशतले हुने राजस्व असुल भएको छैन। यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा हवाई ट्राफिक तथ्याङ्कको अभिलेख अनुसारको सेवा शुल्क असुलउपर गर्न कारबाही भएको छैन।

६४. **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना** - पोखरा विमानस्थल निर्माणको लागि एक चिनियाँ इन्जिनियरिङ्ग कम्पनीसँग मे २२, २०१४ मा मूल्य अभिवृद्धि करसमेत अमेरिकी डलर २४ करोड ४० लाख ४० हजारमा सम्झौता भई सञ्चालनमा ल्याइएको छ। यो विमानस्थल इन्जिनियरिङ्ग, खरिद र निर्माण (इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्सट्रक्सन) मोडलमा आधारित रहेकोले व्यवसायीले विमानस्थलमा आवश्यक संरचना र पूर्वाधार प्रभावकारी तरिकाले सञ्चालन हुने गरी सम्पन्न गरी प्राधिकरणलाई हस्तान्तरण गर्नुपर्ने अवस्था रहेको छ। पोखरा विमानस्थल निर्माण गर्दा रनवेको पूर्वीतर्फ १.५ किलोमिटरमा रहेको छिने डाँडाले अवतरणमा अवरोध गर्ने जनाई ४० मिटर काट्ने गरी आयोजनाले छुट्टै ठेक्का व्यवस्थापनबाट एक निर्माण व्यवसायीलाई यो वर्ष रू.२८ करोड ७९ लाख भुक्तानी गरेको छ।

नेपाल वायुसेवा निगम (२०७८।७९)

नेपाल वायुसेवा निगम ऐन, २०१९ अन्तर्गत् यस निगमको स्थापना भई नेपाल सरकारको पूर्ण स्वामित्वमा राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालन भइरहेको छ। नेपालभित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल १५ आन्तरिक र १० अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ।

६५. **वित्तीय स्थिति र सञ्चालन नतिजा** - गत वर्ष निगमको नेटवर्थ रू.२ अर्ब ९८ करोड ऋणात्मक रहेकोमा यो वर्ष रू.५ अर्ब ११ करोड ऋणात्मक रहेको छ। सञ्चालन आम्दानी गत वर्ष रू. ९ अर्ब १० करोड ९७ लाख रहेकोमा यो वर्ष ८०.७२ प्रतिशतले बढेर रू.१६ अर्ब ४६ करोड ३२ लाख पुगेको छ। सञ्चालन खर्च गत वर्ष रू.१० अर्ब १३ करोड ९७ लाख रहेकोमा यस वर्ष ४८.७१ प्रतिशतले बढेर रू.१५ अर्ब ७ करोड ९५ लाख पुगेको छ। अन्य आम्दानी गत वर्षभन्दा यो वर्ष ८६.८२ प्रतिशतले बढेर रू.४५ करोड ८१ लाख पुगेको छ। वित्तीय खर्च गत वर्षभन्दा यस वर्ष ७.४५ प्रतिशतले घटेर

रू.३ अर्ब ३४ करोड ९२ लाख पुगेको छ। निगमको खुद नोक्सानी गत वर्ष रू.४ अर्ब ८५ करोड ५७ लाख रहेकोमा यो वर्ष ६०.५१ प्रतिशतले न्यून भई रू.१ अर्ब ९१ करोड ७५ लाख पुगेको छ। यस सम्बन्धी विवरण देहायअनुसार छः

(रू.लाखमा)

क्र.सं.	विवरण	२०७८।७९	२०७७।७८
१	सञ्चालन आम्दानी (क)	१६,४६,३२	९,१०,९७
१.१	हवाईजहाज सञ्चालन	१३,२७,९२	७,७१,०६
१.२	हवाईजहाज ह्याण्डलिङ्ग सेवा	३,१८,४०	१,३९,९१
२	सञ्चालन खर्च (ख)	१५,०७,९५	१०,१३,९७
३	सञ्चालन नाफा (नोक्सान) (क-ख)	१,३८,३७	(१,०३,००)
४	अन्य आम्दानी	४५,८१	२४,५२
५	वित्तीय लागत अघिको कुल नाफा	१,८४,१९	(७८,४७)
६	वित्तीय लागत	३,३४,९२	३,६१,९०
७	कर अघिको नाफा/(नोक्सान)	(१,५०,७३)	(४,४०,३७)
८	स्थगन कर	(४१,०२)	(४५,१९)
९	कर पछिको नाफा (नोक्सान)	(१,९१,७५)	(४,८५,५६)

गत वर्षको तुलनामा सञ्चालन खर्च ४८.७१ प्रतिशतले बढेको, एयरक्राफ्ट ह्याण्डलिङ्ग सर्भिसमाथिको निर्भरता बढेको र निगम नोक्सानीमा सञ्चालन भएकोले सञ्चालन नतिजा सन्तोषप्रद देखिएन। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्रअनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी रणनीति तयार गरेको छैन। निगमले रणनीति तथा व्यावसायिक योजना तर्जुमा गरी स्थापनाको उद्देश्य अनुरूप सञ्चालन गर्नुपर्दछ।

६६. **अनुपात विश्लेषण** - निगमको वित्तीय विश्लेषण गर्न महत्त्वपूर्ण मानिने नगद अनुपात, चालु खर्च अनुपात, पुँजी संरचना अनुपातलगायतका वित्तीय अनुपात विश्लेषण देहायबमोजिम छः

क्र.सं.	अनुपात	आधार	२०७८।७९	२०७७।७८
१	नगद अनुपात	नगद रिजर्भ/चालु दायित्व	०.०५४:१	०.०५७:१
२	चालु अनुपात	चालु सम्पत्ति/चालु दायित्व	०.५२२:१	०.४५:१
३	शीघ्र सम्पत्ति दायित्व अनुपात	शीघ्र सम्पत्ति/चालु दायित्व	०.१८:१	०.४२:१
४	पुँजी संरचना अनुपात	ऋण/पुँजी	११.७७:१	१२.३९:१
५	सञ्चालन नाफा र (नोक्सानी) अनुपात	सञ्चालन नाफा (नोक्सानी)/सञ्चालन आम्दानी	०.०८४:१	(०.१३:१)

निगमको नगद, चालु सम्पत्ति, दायित्व, पुँजी संरचना, मुनाफा स्थितिजस्ता प्रमुख अनुपात विश्लेषण गर्दा सञ्चालन नोक्सानी घटेर सञ्चालन मुनाफामा रहे तापनि गत वर्षको तुलनामा चालु दायित्व भुक्तानीको लागि उपलब्ध नगद घटेको छ। समग्रमा निगमको वित्तीय अवस्था र कार्यसम्पादन स्थिति सन्तोषजनक देखिएन।

६७. **नगद प्रवाह -** निगमको सञ्चालन, लगानी तथा वित्तीय गतिविधिको तथ्याङ्क विश्लेषण गर्दा यो वर्ष लगानीबाट खुद नगद प्रवाह गत वर्षभन्दा २७१. ७१ प्रतिशतले घटेको देखियो। वर्षान्तमा नगद मौज्दात रू.८८ करोड ७४ लाख रहेको र वित्तीय गतिविधिको खुद नगद प्रवाह ऋणात्मक रहेको छ। यस सम्बन्धी विवरण देहायअनुसार छः

(रू. लाखमा)

क्र.सं.	विवरण	२०७८।७९	२०७७।७८	प्रतिशत
१	सञ्चालन गतिविधिको खुद नगद प्रवाह	४,४८,०२	३,८०,८५	१७.६३
२	लगानी गतिविधिको खुद नगद प्रवाह	(२९,६९)	१७,२९	(२७१.७१)
३	वित्तीय गतिविधिको खुद नगद प्रवाह	(३,८४,९२)	(३,७५,७१)	(२.४५)
४	नगद कारोबारको खुद वृद्धि (कमी)	३३,४०	२२,४३	४८.९०
५	सुरू नगद मौज्दात	५५,३३	५६,७२	(२.४५)
६	वर्षान्तको नगद मौज्दात	८८,७४	७९,१५	१२.११

६८. **उडान लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा दिन निर्धारित उडान तालिकाअनुसार विमान उडान गर्नुपर्दछ। निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

क्षेत्र	शुरू उडान लक्ष्य	उडान भएको संख्या	उडान नभएको संख्या	उडान नभएको प्रतिशत
अन्तर्राष्ट्रिय	४६६८	२९८७	१६८१	३६.०१
आन्तरिक	४६५०	२९५०	१७००	३६.५६
जम्मा	**९३१८**	**५९३७**	**३३८१**	**३६.२८**

यो वर्ष अन्तर्राष्ट्रिय उडानतर्फ ४ हजार ६६८ र आन्तरिकतर्फ ४ हजार ६५० उडान लक्ष्य तोकिएकोमा अन्तर्राष्ट्रिय उडानतर्फ २ हजार ९८७ उडान र आन्तरिकतर्फ २ हजार ९५० उडान भएको छ। निगमको आम्दानी आन्तरिकतर्फ रू.३१ करोड २३ लाख ४ हजार लक्ष्य रहेकोमा रू.१ अर्ब १० करोड ८७ लाख ९३ हजार र बाह्यतर्फ रू.२१ अर्ब ६७ करोड ८१ लाख ९३ हजार लक्ष्य रहेकोमा रू.९ अर्ब ४४ करोड १८ लाख ७३ हजार प्राप्त गरेको छ। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्रअनुसार लागत लाभ विश्लेषण गरी रणनीति तय गर्नुपर्नेमा सोअनुसार विश्लेषण गरेको छैन। आन्तरिक र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा कतिपय उडान घाटामा सञ्चालन भएका, मुनाफा दिने गन्तव्यमा सिमित उडान, टिकट बिक्री र भाडादरमा प्रतिस्पर्धात्मक टिकट खरिद बिक्री एवं प्रणाली लागु नगरेको लगायतका अवस्था रहेको छ। नाफामा सञ्चालन हुन सक्ने गन्तव्य र घाटाको गन्तव्य पहिचान गरी गन्तव्यहरूको लागत तथा लाभ अनुपात विश्लेषण गरी उडान गर्नुपर्दछ।

६९. **निगमको आर्थिक अवस्था -** निगमको ५ वर्षको आयव्यय र ऋणलगायतका स्थिति देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	आय	आय वृद्धि प्रतिशत	व्यय	व्यय वृद्धि प्रतिशत	नाफा/घाटा	ऋण	क्रेडिटर्स एण्ड अदर पेयबल
२०७५	११,२०,१६	-	११,२९,५०	-	(९,३४)	३०,८८,०३	-
२०७६	१६,३९,२५	४६	१९,०२,८७	६८	(२,६३,६२)	३८,८३,००	-
२०७७	१४,७९,०४	(१०)	१८,५५,९६	(२.४७)	(३,७६,९२)	३८,८४,२३	५६,३१४
२०७८	९,४७,१८	(३६)	१३,८७,५६	(२५)	(४,४०,३८)	३८,२९,५१	९,०८,८९
२०७९	१६,९२,१५	७९	१८,४२,८८	३३	(१,५०,७३)	३६,५२,५१	११,२७,३६

निगमको पछिल्लो पाँच वर्षको आय-व्यय स्थिति विश्लेषण गर्दा हरेक वर्ष घाटामा गएको देखिन्छ। निगमको २०७८।७९ सम्मको सञ्चित नोक्सानी रू.१५ अर्ब ६९ करोड ३५ लाख, ऋण रू.३६ अर्ब ५२ करोड ५१ लाख, अन्य परिपक्व ऋण र तिर्नुपर्ने ब्याज रू.११ अर्ब २७ करोड ३६

लाख रहेको छ। यो वर्ष निगमको घाटा रू.१ अर्ब ५० करोड ७३ लाख देखिन्छ। विगत पाँच वर्षको निगमको कार्यसम्पादन थप विश्लेषण गरी व्यावसायिक योजनाअनुसार निगमले कार्यसम्पादनमा सुधार गर्नुपर्दछ। त्यस्तै विगत ५ वर्षको आय र व्ययको तुलना गर्दा आय वृद्धिको तुलनामा खर्च वृद्धि प्रतिशत बढी देखिएको छ। माइलस्टोन तयार गरी आय वृद्धि तथा खर्च कटौतीमा ध्यान दिनुपर्दछ।

७०. **जहाज सञ्चालन खर्च -** जहाजसँग प्रत्यक्ष सरोकार हुने उडान सञ्चालन खर्च, जहाजको बीमा, इन्जिन भाडा, जहाज मर्मत, यात्रु सेवालगायतमा निगमले गत वर्ष रू.५ अर्ब ५८ करोड १० लाख खर्च गरेकोमा यो वर्ष रू.९ अर्ब ५१ करोड ७८ लाख अर्थात् गत वर्षको तुलनामा ७० प्रतिशत बढी खर्च गरेको छ। निगमले गरेको खर्च विवरण देहायअनुसार छः

(रू.लाखमा)

क्र.सं.	खर्च विवरण	२०७८।७९	२०७७।७८
१	जहाज सञ्चालन खर्च (क्रु तलब, इन्धन, पार्किङलगायत)	७०८४१	३७९०६
२	जहाज बीमा	८७५६	५५५४
३	जहाज ह्यान्डलिङलगायत	७५१४	४७६१
४	जहाज मर्मत ओभरहल	४२५२	५१२८
५	जहाज क्यानसिल क्याटरिङ	३८१५	२४६१
	जम्मा	**९५१७८**	**५५८१०**

महत्त्वपूर्ण खर्च शीर्षकमा माइलस्टोन तोकी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

७१. **पुनर्मूल्याङ्कन -** नेपाल लेखामान-१६ प्लान्ट, सम्पत्ति र उपकरणको दफा ३४ अनुसार पुनर्मूल्याङ्कनको आवश्यकता सम्पत्ति, औजार र उपकरणको उचित मूल्यमा आएको परिवर्तनहरूमा निर्भर हुने तथा मूल्याङ्कन गरिएको सम्पत्तिको उचित मूल्यमा सारभूत परिवर्तन आएमा पुनर्मूल्याङ्कन गर्नुपर्दछ। निगमले एक कन्सल्टेन्सीमार्फत २०७१।६।२६ मा जग्गा र भवनको पुनर्मूल्याङ्कन गरी रू.७ अर्ब ६६ करोड ५३ लाख ६० हजार मूल्य कायम गरेकोमा पुनः २०७७ जेठमा गरेको ड्यु डिलिजेन्स अडिटअनुसार जग्गा र भवनको पुनर्मूल्याङ्कन गरी रू.८ अर्ब २७ करोड ५८ लाख २० हजार मूल्य कायम गरेको छ। यसरी निगमको जग्गा र भवनको मूल्य रू.६१ करोड ४ लाख ६० हजारले बढेको देखिए तापनि निगमले तयार गरेको वित्तीय विवरणमा पुरानै मूल्य लेखाङ्कन गरेको छ। तसर्थ निगमले नेपाल लेखामान-१६ को पालना गरी वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

७२. **घर जग्गाको लगत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २६ मा निगमको प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेको घर जग्गाको लगत राख्नुपर्ने तथा त्यस्ता घर जग्गाको लालपुर्जा समेत अद्यावधिक गरी सोको विवरण केन्द्रीय अभिलेखको लागि प्रधान कार्यालयको सम्पत्ति व्यवस्थापन महाशाखामा राख्नुपर्ने व्यवस्था छ। निगमका २३ ठाउँमा जग्गा र भवन रहेकोमा बैतडीमा रहेको जग्गाको स्वामित्वको कागजात नरहेको र नेपालगञ्ज सोनपुरको जग्गाको स्वामित्व विवादित रहेकोले घर जग्गाको पुनर्मूल्याङ्कन गर्दा बैतडीमा रहेको जग्गाको मूल्य समावेश नगरेको तथा नेपालगन्जमा रहेको जग्गाको ५० प्रतिशत मूल्यलाई मात्र समावेश गरेको छ। निगमको सिनामङ्गलस्थित ३४-१३-१२-० रोपनी जग्गा निगमको उद्देश्यअनुरूपको प्रयोजनमा लगाउन गत विगत वर्षमा सुझाव दिइएकोमा सुधार भएको छैन।

७३. **विमान खरिद ऋण** - कर्मचारी सञ्चय कोष र नेपाल वायुसेवा निगमबीच २०७०।३।४ मा ए-३२० को २ थान जहाज खरिद गर्नको लागि नेपाल सरकारको रू.१० अर्ब जमानीमा रू.९ अर्ब ९८ करोड ११ लाख १७ हजार र २०७४।२।२९ को सम्झौताअनुसार ए-३३० को १ थान जहान खरिद गर्नको लागि रू.१२ अर्बको नेपाल सरकारको जमानीमा निगम र कर्मचारी सञ्चय कोषबीच रू.११ अर्ब ९९ करोड ६१ लाख ३० हजार ऋण सम्झौता भएको छ। ब्याज र जरिबानासमेत २०७९ असार मसान्तसम्मको कर्मचारी सञ्चय कोषको कुल ऋण दायित्व रू.२७ अर्ब ४४ करोड २३ लाख ९७ हजार पुगेको छ। त्यस्तै निगमको लागि वाइडबडी एयरबस ए-३३० जहाज खरिद गर्न नागरिक लगानी कोषसँग लिएको ऋणको २०७९ असार मसान्तसम्मको ब्याज र जरिबानासमेत ऋण दायित्व रू.१६ अर्ब ५८ करोड १२ लाख ७१ हजार पुगेको छ। सम्झौतामा उक्त विमानको टिकट बिक्रीको ३० प्रतिशत विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालना गरेको छैन। निगमले नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषलाई बुझाउनुपर्ने साँवा, ब्याज र जरिबानासमेत रू.४४ अर्ब २ करोड ३६ लाख ६८ हजार समयमा नै बुझाई सम्झौताका शर्तको पालना गर्नुपर्दछ। निगमले सबै दायित्व लेखाङ्कन गरी कार्ययोजना बनाई समयमै ऋण भुक्तानी गर्नुपर्दछ।

७४. **परिपक्व ऋण** - नेपाल सरकारको जमानीमा ट्वीनअटर विमान खरिद गर्न क्यानडा सरकारबाट २०६७।३।१५ मा १० वर्षको लागि रू.२ करोड ८७ लाख ८३ हजार तथा नेपाल सरकारबाट राजस्व बक्यौता भुक्तानी गर्न र ७४८ एम्ब्रो विमानको भाडाबापत ऋण कायम गर्न २०६२।४।१३ मा १० वर्षको लागि रू.५ करोड ३० लाख ९२ हजार र नेपाल नागरिक उड्डयन प्राधिकरणको बक्यौता रकम तिर्न २०६७।२।२५ मा १० वर्षको लागि लिएको रू २८ करोड ७४ लाख ५२ हजार समेत रू.३६ करोड ९३ लाख ऋण दिएको छ। उक्त ऋणको साँवा र ब्याज सम्झौता अवधिभन्दा ३ वर्ष बढी समयसम्म पनि भुक्तानी भएको छैन। सम्झौताको शर्तअनुसार भुक्तानी नगर्नेलाई जिम्मेवार बनाई ऋण भुक्तानी हुनुपर्दछ।

७५. **आय व्यवस्थापन** - निगमले गत वर्ष रू.३ करोड ९८ लाख ७५ हजार र यो वर्ष रू.४ करोड १० लाख ८० हजार भाडा आम्दानी गरेको छ। निगमले अस्थायी संरचनाहरू निर्माण गरी कम्पनीसँग प्रत्येक २ वर्षमा १० प्रतिशत बहाल रकम वृद्धि हुने शर्तसहित २०७० आश्विनदेखि २०७५ भाद्र मसान्तसम्म ५ वर्षको लागि मासिक रू.३ लाख ८८ हजारको सम्झौता गरेको छ। कम्पनीले अस्थायी संरचनाको सट्टा एक तले आर.सी.सी. संरचना निर्माण गरेको र संरचना निगमको स्वामित्वमा आएको पाइयो। सम्झौताको अवधि २०७५ भाद्रमा समाप्त भएकोमा भाडा निर्धारण उप-समितिले आर.सी.सी. संरचनाको बनावटलगायतका सुविधाको आधारमा मूल्याङ्कन गरेर बहाल रकम निर्धारण गरी प्रतिस्पधात्मक विधिबाट बहाल लगाउनुपर्ने सुझाव दिएकोमा निगमले साबिककै कम्पनीलाई पटक-पटक नवीकरण गरी पुरानै दरमा बहालमा दिएको छ। सम्झौताको व्यवस्थाअनुसार प्रत्येक २ वर्षमा १० प्रतिशतले बहाल रकम वृद्धि भई २०७८।६।१ मा चौथो पटक भाडा वृद्धि भई २०७८।६।१ देखि २०७९।५।३१ सम्म मासिक रू.५ लाख ६८ हजारको दरले रू.५६ लाख ८० हजार प्राप्त गर्नुपर्नेमा निगमले सो अवधिको मासिक रू.५ लाख १६ हजारका दरले रू.५१ लाख ६० हजार मात्र लिएकोले सम्झौताको शर्तअनुसार लिनुपर्ने भन्दा रू.५ लाख २० हजार घटी लिएको बहाल रकम असुल गर्नुपर्दछ। अस्थायी संरचनाको लागि लिएको भाडा दरमा आर.सी.सी. संरचनासहित बहालमा दिएकोमा निगमले पुरानै दरमा बहालमा लगाएकोले बहाल सम्झौताको शर्त पालना गरी थप बहाल लिनुपर्दछ।

७६. **स्टप ओभर खर्च -** जहाजको उडान ढिलाइ भएमा वा उडान रद्द भएमा यात्रुहरूको उचित व्यवस्थापनका लागि होटलबास, ट्याक्सी, खाजा आदिमा खर्च गर्नुपर्ने हुन्छ। यो वर्ष आन्तरिकतर्फ २ हजार ९५० उडानमध्ये १ हजार ७०० उडान रद्द भएको र अन्तर्राष्ट्रियतर्फ २ हजार ९८७ उडानमध्ये १ हजार ६८१ उडान रद्द भएको छ। अन्तर्राष्ट्रिय उडान रद्द तथा ढिलाइका कारण यो वर्ष निगमको स्टप ओभर खर्च रू.५ करोड २२ लाख भएको देखिन्छ। यसरी उडान रद्द हुँदा थप खर्च हुनुका साथै निगमको साख समेत गुम्ने हुँदा उडान प्रभावित नहुने गरी सेवा प्रवाह गर्नुपर्दछ।

७७. **विमान सञ्चालन -** चीनमा निर्मित २ थान एम.ए.-६० तथा ४ थान वाई-१२ ई विमान प्राप्तिका लागि अर्थ मन्त्रालयसँग २०७०।११।१४ मा भएको आर.एम.बी. २१ करोड ८७ लाख ९६ हजारको सम्झौताअनुसार यो वर्षसम्म भुक्तानी गर्नुपर्ने किस्ता आर.एम.बी. ४ करोड १३ लाख १८ हजार भुक्तानी गरेको छैन। उल्लिखित विमानको अतिरिक्त अनुदानमा प्राप्त १ थान एम.ए.६० र १ थान वाई १२ ई विमानसमेत सञ्चालन गर्दा प्रशिक्षक पाइलट समयमा उपलब्ध नभएको, तत्काल स्पेयर पार्टस उपलब्ध नभएको, स्पेयर पार्टस महङ्गो परेको, पाइलट तथा ईन्जिनियरको महङ्गो तालिम खर्च तथा अत्यधिक बीमा प्रिमियमको कारण जनाइ सञ्चालक समितिको निर्णयअनुसार २०७७।४।१६ देखि उडान बन्द गरेको छ। ती जहाजहरूको पाइलटको पारिश्रमिक तथा तालिम खर्चबाहेक बीमा, पार्किङ्ग, इन्धन, म्यानुअल रिभिजनबापत यो वर्ष रू.१६ करोड २१ लाख ४२ हजार खर्च भएको छ। विमान खरिद गर्दा नेपाल सरकारको सहायक ऋण सम्झौताअन्तर्गत खरिद भएकोमा उडान बन्द गर्दा सरकारको निर्णय भएको देखिएन। साथै, प्राप्तिका बखत तयार व्यावसायिक योजनामा नाफा हुने उल्लेख भएकोमा सोको विश्लेषणसमेत गरेको छैन। व्यावसायिक योजनाबमोजिम विमान सञ्चालन गर्नुपर्दछ।

७८. **व्यावसायिक योजना -** निगमको व्यावसायिक योजना २०२१-२०३० अनुसार सन् २०२१ मा आन्तरिकतर्फ २ वटा छोटो दूरीको विमान थप गर्ने, ऋण तथा पुँजी परिचालन अनुपात ७०:३० कायम गर्ने, इन्धनमा मूल्य समायोजन गरी अन्तर्राष्ट्रिय बजारअनुरूप बनाउने, कार्यसम्पादनका लागि प्राविधिक जनशक्ति थप गर्ने, सिनामङ्गलको जग्गामा निर्माण सञ्चालन तथा हस्तान्तरण विधिबाट भवन बनाउन शुरूवात गर्ने उल्लेख छ। त्यस्तै आम्दानी रू.२२ अर्ब १ करोड पुऱ्याउने, खुद नोक्सानी रू.१ अर्ब ७४ करोड २२ लाखमा सिमित गर्ने लक्ष्य रहेकोमा कतिपय क्रियाकलापहरू सञ्चालन भएको पाइएन। निगमको नेतृत्व गर्ने कार्यकारी अध्यक्षको चयन प्रतिस्पर्धी नहुनु, प्राविधिक एवं व्यावसायिक कर्मचारीको अभाव, नयाँ जहाज र गन्तव्यमा सेवा प्रवाह गर्न व्यावसायिक एवं तालिम प्राप्त कर्मचारी नहुनु, व्यावसायिक योजना तथ्यपरक नहुनुजस्ता कारणले योजनाले लिएको उद्देश्य प्राप्त हुने आधार देखिँदैन। तसर्थ व्यावसायिक योजना तयार गर्दा तथ्यको आधारमा विश्लेषण गरी कार्यान्वयनयोग्य बनाउनुपर्दछ।

७९. **उठ्न बाँकी रकम** - निगमले सन् २०१९ को फेब्रुअरीदेखि मे सम्ममा ग्राउण्ड ह्याण्डलिङ सेवा प्रदान गरेबापत जेट एयरलाइन्ससँग लिन बाँकी अमेरिकी डलर २६ हजार ४०६ को ३१ मे २०१९ को विनिमय दर रू.१११.७ ले हुने रू.२९ लाख ४९ हजार हालसम्म प्राप्त गरेको छैन। उक्त रकममा ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ।

८०. **विमान बिक्री -** सन् १९८८ मा खरिद गरेको बोइङ ७५७ ९एन-ए.सी.बी. विमानको इन्जिनको म्याद ३० वर्ष भएको हुँदा २०१९ सम्म बिक्री गरिसक्नुपर्ने गरी सञ्चालक समितिबाट २०७५।२।२९ मा निर्माण भए तापनि २०७९ माघसम्म टुङ्गो लागेको पाइएन। मूल्याङ्कनकर्ताबाट विमानको अमेरिकी डलर

५२ लाख ९७ हजार र अन्य बाह्य पार्टपुर्जाहरूको अमेरिकी डलर २३ लाख ८० हजारसमेत अमेरिकी डलर ७६ लाख ७७ हजार मूल्याङ्कन भई २६ जुन २०१९ मा बोलपत्र आव्हान गर्दा मूल्याङ्कनभन्दा न्यून हुनेगरी जहाजको अमेरिकी डलर ४२ लाख ५० हजार र पार्टपुर्जाको अमेरिकी डलर ५ लाख कबोल गरी छुट्टाछुट्टै बोलपत्र दर्ता हुन आएको र दोस्रो पटक बोलपत्र आह्वान गर्दा कुनै बोलपत्र नपरेकोले पहिलो पटकको बोलपत्रको कबोल अङ्कलाई आधार मानी पूनर्मूल्याङ्कन गरी वार्ताद्वारा विमान बिक्री गर्ने निर्णय गरे तापनि बिक्री कार्य सम्पन्न भएको छैन। उक्त मूल्याङ्कनलाई आधार मानी तीन खरिदकर्तासँग वार्ता गरी सबैभन्दा बढी कबोल गर्ने एक लिजिङ कम्पनीसँग अमेरिकी डलर ५७ लाख १० हजारको सम्झौता गरेकोमा २०७९।९।२९ मा अमेरिकी डलर २ लाख ८४ हजार एडभान्स र एयरक्राफ्ट रिएक्टिभेसन मेन्टेनेन्सको लागि अमेरिकी डलर १ लाख १२ हजार ९७५ प्राप्त भएको छ। बाँकी रकम ३० दिनभित्र चुक्ता नगरेमा हालसम्म प्राप्त भएको रकम जफत गरी सम्झौता रद्द हुने बेहोरा उल्लेख गरी उक्त लिजिङ कम्पनीलाई पत्राचार गरे तापनि बिक्रीको टुङ्गो लागेको छैन।

८१. **पेस्की -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ४८ अनुसार तोकिएको म्यादभित्र पेस्की फस्यौंट नगरेमा विभागीय कारबाही हुने उल्लेख छ। साथै, उपविनियम ४८(१) अनुसार निगमको कर्मचारीको नाममा रहेको पेस्की तोकिएको म्यादभित्र फस्यौंट नगरेमा वा हुन नसकेमा सम्बन्धित कर्मचारीले पाउने तलब भत्तालगायत जुनसुकै सुविधा रकमबाट अग्रिम सूचना दिई वा नदिई वार्षिक अठार प्रतिशतले हुने ब्याजसमेत गणना गरी असुल उपर गरिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८१.१. निगमको आर्थिक विनियमावली, २०६५ को २२९(१) मा उडान सञ्चालनसँग सम्बन्धित कार्यको लागि दिइने पेस्की दुई महिनाभित्र फस्यौंट गर्ने कर्तव्य तथा जिम्मेवारी सम्बन्धित विभागिय प्रमुखको हुने व्यवस्था भएकोमा विभिन्न व्यक्ति तथा संस्थाहरूलाई दिएको रू.२२ करोड ९३ लाख ६ हजार पेस्की फस्यौंट भएको छैन। नियमानुसार ब्याजसमेत हिसाब गरी पेस्की रकम असुल फस्यौंट गर्नुपर्दछ।

८१.२. निगमको पेस्की बाँकीको विवरणअनुसार विभिन्न आर्थिक वर्षको कर्मचारीको नाममा रहेको पेस्की रू.८८ लाख ७६ हजार फस्यौंट हुन बाँकी देखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई ब्याजसमेत गणना गरी उक्त पेस्की असुल फस्यौंट गर्नुपर्दछ।

८२. **सम्पत्तिको उपयोग -** नेपाल वायुसेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम २२ मा निगमको जिन्सी सम्पत्तिको हिनामिना नहुने गरी त्यसको अभिलेख सहित संरक्षण, सम्भार गरी चालु अवस्थामा राख्ने जिम्मेवारी त्यस्तो सम्पत्ति जिम्मा लिने सम्बन्धित कर्मचारी तथा कार्यालय प्रमुखको हुने व्यवस्था छ। निगमले एयरबस फ्युल ट्याङ्क मर्मत गर्ने प्राविधिक फ्युल ट्याङ्कमा प्रवेश गर्दा आवश्यक अक्सिजन पठाउनको लागि २०७४।३।३१ (१५ जुलाई २०१७) मा ब्रिटिस पाउण्ड १ लाख ५ हजार ११० (नेपाली रूपैयाँ रू.१ करोड ४० लाख ९५ हजार) रकममा खरिद गरी ल्याएको मोड्युलर पर्ज एयर (पार्ट नं. पि.आर.जी. २२४) इक्विपमेन्ट सञ्चालन गर्ने जनशक्तिसमेत कार्यालयमा नरहेकोले हालसम्म प्रयोगमा आएको छैन। इक्विपमेन्ट सञ्चालन गर्न आवश्यक पूर्व तयारी बेगर खरिद गरी प्रयोगमा नल्याउने पदाधिकारीलाई विनियमावलीबमोजिम जिम्मेवार बनाई उक्त इक्विपमेन्ट प्रयोगमा ल्याउनुपर्दछ।

८३. **इन्जिन मर्मत -** नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २१६, २१७ र २१८ मा इन्जिन मर्मत सम्भार गराउन शर्तसमेत तोकी कम्तीमा पैंतालिस दिनको म्याद दिई सिलबन्दी दरभाउपत्र माग गर्नुपर्ने र प्राप्त भएका दरभाउपत्रबीच प्रतिस्पर्धाको आधारमा छनोट भएको निकाय वा एजेन्सीसँग चार वर्षको अवधि कायम रहने गरी सम्झौता गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८३.१. निगमले उल्लिखित व्यवस्थाअनुसार इन्जिन मर्मत गर्न प्रबन्ध नगरेकोले इन्जिन बिग्रिएर २८ डिसेम्बर २०२१ मा दोहामा जहाज भूमिस्थ भएपश्चात् मर्मतको लागि सिलबन्दी दरभाउपत्रमार्फत प्रकृया अगाडि बढाएको र तत्कालको लागि एक एयरवेयज ग्रुपले २०२१।१२।२९ मा गरेको बोरोस्कोपिक इन्स्पेक्शनको आधारमा एक कम्पनीसँग मर्मत कार्य गराई अमेरिकी डलर ७० हजार ९३६ खर्च गरेको छ।

८३.२. निगमले इन्जिन सिरियल नम्बर १७५८४ मर्मत गर्न २२ फेब्रुअरी २०२२ मा एक लिज कम्पनीसँग इन्जिन लिजमा लिन सम्झौता गरेकोमा सो इन्जिन मर्मतको क्रममा इन्जिन सिरियल नम्बर १७५८५ समेत बिग्रिएकोले सम्झौता संशोधन गरी ३१ मार्च २०२३ सम्म पुऱ्याएको छ। उक्त कम्पनीबाट ३ मार्च देखि डिसेम्बर २०२२ सम्म लिजबापत अमेरिकी डलर १४ लाख ७ हजार ५१० को बिल प्राप्त भएकोमध्ये २ लाख ४१ हजार भुक्तानी भएको छ। विमानको इन्जिन समयमा मर्मत नगरेकोले निगमलाई लिजबापतको रकम थप व्ययभार परेको छ। समयमै सम्झौता गरी इन्जिन मर्मत गराई थप व्ययभार पर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

नेपाल प्रज्ञा प्रतिष्ठान

८४. **छापाखाना सञ्चालन -** प्रज्ञा-प्रतिष्ठानको आधुनिक अफसेट प्रिन्टिङ प्रेस भाडामा सञ्चालन गर्न २०७५।४।१ देखि लागु हुने गरी ५ वर्षका लागि वार्षिक रू.७५ लाख ६० हजार र प्रत्येक २/२ वर्षमा ५ प्रतिशत वृद्धि हुने गरी सम्झौता भएको छ। प्रतिष्ठानले २०७४।३।८ मा रू.१० करोड ६८ लाख ७५ हजारमा खरिद गरेको प्रेस, अन्य उपकरण, पुस्तकालय भवनको भुइँ तला, सामान भण्डारणको लागि छुट्टै कोठासमेत ५ वर्षको लागि भाडामा लगाएकोमा पुनः सोही छापाखानालाई २०८०।४।१ देखि एक वर्षको लागि वार्षिक रू.८३ लाख ३५ हजार प्राप्त हुने गरी भाडाको अवधि थप गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

८४.१. प्रतिष्ठानको स्थापनाको उद्देश्यअन्तर्गत औजार, उपकरण खरिद गरी भाडामा लगाउनु रहेको देखिँदैन। प्रतिष्ठानले छपाइ सम्बन्धी मेशिन उपकरण खरिद गरी भाडामा सञ्चालन गर्न दिएको छ। खरिद गरेको प्रेस, लाखौं मूल्यका अन्य उपकरण, पुस्तकालय भवनको भुइँ तला, सामान भण्डारणको लागि छुट्टै कोठासमेत भाडामा दिएको छ। वार्षिक भाडा रकम प्रेस खरिद मूल्यसँग तुलना गर्दा वार्षिक १० प्रतिशत बैङ्कको ब्याजभन्दा न्यून देखिन्छ। प्रतिष्ठान भवनको पूरै तला, भण्डारणको लागि छुट्टै स्थानसहित प्रेस भाडामा लगाउँदा न्यून आम्दानी भएको देखिएकोले लाभ लागत विश्लेषणसमेतको आधारमा भाडा सम्झौता पुनरावलोकन गर्नुपर्दछ।

८४.२. प्रतिष्ठान र छापाखाना सञ्चालकबीच २०७५।४।१ मा भएको सम्झौताको बुँदा नं.(ढ) मा प्रतिष्ठान वा नेपाल सरकारका विभिन्न निकायबाट प्रतिष्ठानलाई प्राप्त प्रकाशन सामग्रीमध्ये साबिक प्रेसले नसकेको

वा नभ्याएको काम प्रतिष्ठानले निर्धारण गरेको दररेटमा सञ्चालकलाई दिनसक्ने व्यवस्था छ। नेपाल प्रज्ञा छापाखाना सञ्चालन कार्यविधि, २०७५ मा संशोधन गरी छपाइ दररेटसहित छपाइ खर्चको १० प्रतिशत रकम सेवा शुल्कको रूपमा सञ्चालकले प्रतिष्ठानलाई भुक्तानी दिनुपर्ने र प्रतिष्ठानको आफ्नै पुस्तक, पत्रपत्रिका लगायतका सामग्री छपाउनु परेमा स्वीकृत दररेटअनुसारको छपाइ खर्चको १० प्रतिशत छुट दिनुपर्ने उल्लेख छ। चालु आर्थिक वर्षको प्रतिष्ठानको रू.८० लाख ४४ हजारको छपाइ कार्यमा रू.२ लाख ७ हजारमात्र छुट दिएको र विभिन्न निकायबाट प्राप्त भएको छपाइ कार्य रू.१८ करोड ८२ लाख १५ हजारमा रू.४९ लाख ११ हजार मात्र छुट लिएको छ। कुल छपाइ कार्य रू.१९ करोड ६२ लाख ५९ हजारमा मूल्य अभिवृद्धि करसहित सेवा शुल्कबापत घटी छुट लिएको रू.१ करोड ६३ लाख ९३ हजारका सम्बन्धमा यकिन गर्नुपर्दछ।

८५. **प्रतिस्पर्धाबिगर छपाइ कार्य** - नेपाल प्रज्ञा-प्रतिष्ठान, आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७९ को नियम ५०(१) अनुसार रू.५ लाख माथिको खरिद कार्य बोलपत्र आव्हान गरी न्यून मूल्य प्रस्ताव गर्ने बोलपत्रदाताबाट खरिद गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले प्रज्ञा छापाखाना सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं. १६ मा नेपाल सरकार वा सरकारी स्वामित्वका सङ्गठित संस्थाले प्रतिष्ठानलाई कुनै पुस्तक लगायतका सामग्री छपाउन अनुरोध गरेमा प्रतिष्ठानले कुनै छापाखानालाई त्यस्तो वस्तु छपाउन अख्तियारी दिन सक्ने र छपाइ कार्यको दररेट कार्यविधि अनुसार गठित व्यवस्थापन समिति र सञ्चालकको सहमतिमा निर्धारण गरिने व्यवस्था छ। प्रज्ञा प्रतिष्ठान हाताभित्र बहालमा सञ्चालित एक छापाखानालाई छपाइ कार्यबापत यो वर्ष प्रतिस्पर्धाबेगर प्रज्ञा आधुनिक छापाखाना कोषबाट रू.१६ करोड ५८ लाख ३० हजार, विविध खाताबाट रू.२ करोड १५ लाख ६४ हजार र चालु खर्चबाट रू.८८ लाख ५५ हजार समेत रू.१९ करोड ६२ लाख ४९ हजार भुक्तानी गरेको छ। कानुनी व्यवस्थाअनुसार प्रतिस्पर्धा गरी छपाइसम्बन्धी कार्य गर्नुपर्दछ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

८६. **लिज सम्झौता -** नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुरु मौज्दात रू.२४ करोड १६ लाख रहेकोमा यो वर्ष रू.३२ करोड २७ लाख आय प्राप्त भई कुल आय रू.५६ करोड ४३ लाख रहेकोमा रू.३४ करोड ८३ लाख खर्च भएको छ। प्राप्त आयमध्ये शैक्षिक शुल्कबाट रू.२२ करोड ७२ लाख प्राप्त भएको छ। प्रतिष्ठानको स्वामित्वमा रहेको नाथम शिक्षण होटल ३० वर्षको लागि लिजमा दिन एक निर्माण व्यवसायीसँग २०७४।३।८ मा सम्झौता भएको छ। सम्झौतानुसार निर्माण व्यवसायीले २०७६।३।८ देखि २०७८।७९ सम्म बुझाउन बाँकी रहेको बहालबापतको रू.४ करोड ६० लाख ६८ हजार र जरिबाना रू.८३ लाख ५२ हजार रहेकोमा सो रकम यो वर्षसम्म दाखिला भएको छैन। सम्झौताको बुँदा नं.४ अनुसार प्रति वर्ष रू.१ करोड ६२ लाख १० हजारको ५.५ प्रतिशत चक्रीय वृद्धिको आधारमा २०७९।८० को २३.८८ प्रतिशतले रू.३८ लाख ७१ हजार समेत रू.२ करोड ८१ हजार असुल हुनुपर्दछ।

पर्वतीय प्रशिक्षण प्रतिष्ठान

८७. **मुआब्जा वितरण** – जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ४(ख) अनुसार तोकिएबमोजिमको प्रयोजनको लागि जग्गाको

उपयोग सम्बन्धमा स्पष्ट नभई जग्गा प्राप्त गर्ने कारबाही नचलाइने उल्लेख छ। नेपाल सरकारले २०५९।५।१८ मा प्रतिष्ठानका नाममा सोलुदूधकुण्ड नगरपालिका वडा नं. १, ६ र ७ स्थित २ हजार ७४८.२३ रोपनी जग्गा अधिग्रहण गर्ने निर्णय गरी १ हजार ५८६.०९ रोपनी जग्गाको मुआब्जाबापत रू.५५ लाख ६१ हजार रकम भुक्तानी भएको र १ हजार १६२.१४ रोपनी जग्गाको मुआब्जा रू.७० लाख ३५ हजार भुक्तानी दिन बाँकी रहेको छ। करिब २१ वर्षदेखि जग्गाधनीहरूले मुआब्जा नबुझेको तथा अधिग्रहण गरेको जग्गा उपयोगविहीन अवस्थामा रहेको छ। प्रतिष्ठानका नाममा जग्गा अधिग्रहण गर्दा बनाउने संरचना र उपयोग हुने अभिलेख स्पष्ट नभएको तथा हालसम्म अधिग्रहण गरेको जग्गाको प्रयोजन खुलेको देखिएन। अधिग्रहण भएको जग्गाको उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

बौद्धनाथ क्षेत्र विकास समिति

८८. **कानुन तर्जुमा** - बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा १५ मा समितिले गठन आदेश अनुसारको उद्देश्य परिपूर्तिका लागि आवश्यक नियमहरू बनाउन सक्ने र यस्तो नियमहरू नेपाल सरकारबाट स्वीकृत गराएर मात्र लागु हुने व्यवस्था छ। समितिले आर्थिक कार्यविधि नियमावली, २०६२ र कर्मचारीसम्बन्धी नियमावली, २०६२ बाहेक बौद्धनाथ क्षेत्र विकास समितिका पदाधिकारीहरूको सेवा, सुविधा तथा पारिश्रमिक सम्बन्धी नियमका साथै बौद्धक्षेत्र विकास समितिको उन्नयन तथा उत्थानको लागि आवश्यक नियम तथा कार्यविधि तयार गरेको छैन। बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ ले लिएको उद्देश्य पूरा गर्न आवश्यक कानुन तर्जुमा गर्नुपर्दछ।

८९. **वार्षिक कार्यक्रम** - बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ अनुसार समितिले बौद्ध धर्मसम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने, बौद्ध धर्मसम्बन्धी ऐतिहासिक महत्त्वका प्राचीनस्थल तथा वस्तुहरूको खोजी, अन्वेषण, अनुसन्धान गर्ने लगायतका कार्य गर्नुपर्नेमा समितिले वार्षिक कार्यक्रम तर्जुमा गर्दा गठन आदेशमा उल्लेख नभएका क्षेत्रमा १७ कार्यको लागि रू.३७ लाख ८० हजार बजेट विनियोजन गरी रू.३५ लाख २० हजार खर्च लेखेको देखियो। उक्त कार्य (गठन) आदेश विपरीत देखिन्छ। बुद्ध धर्मको संरक्षण, उत्थान र विकासमा सघाउ पुग्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

हनुमानढोका दरबार संग्रहालय विकास समिति

संग्रहालयको विकास सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रवेश शुल्क निर्धारण गर्ने, सम्पदाको खोजी गरी लगत राखी अध्ययन अनुसन्धान गर्ने, पर्यटक केन्द्रको रूपमा विकास गर्नेलगायतका कार्यहरू गर्न हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन आदेश), २०६७ बमोजिम यो समिति गठन भएको छ। ऐतिहासिक, पुरातात्त्विक र धार्मिक मूल्यका कारण यस क्षेत्रलाई सन् १९७९ मा युनेस्को विश्व सम्पदाको रूपमा सूचीकृत गरिएको छ।

९०. **सेवा शुल्क** - समिति र काठमाडौं महानगरपालिकाबीच कार्तिक १३, २०६८ मा भएको सम्झौताबमोजिम महानगरपालिकाले विदेशी पर्यटक हनुमानढोका संग्रहालयमा प्रवेश गरेबापत सार्क राष्ट्रका पर्यटकलाई रू.१५० र अन्य देशका पर्यटकलाई रू.७५० एकल टिकट प्रणालीबाट पर्यटन सेवा शुल्क लिने, उक्त सेवा शुल्कबाट प्राप्त रकममध्ये सार्क राष्ट्रका पर्यटकबाट उठेको रकमबाट रू.५० र अन्य देशका पर्यटकबाट उठेको रकमबाट रू.२५० काठमाडौं महानगरपालिकाले यस समितिलाई बुझाउने उल्लेख

छ। सम्झौता हुँदाको बखतको पर्यटक टिकट दस्तुरमा महानगरपालिकाले सार्क राष्ट्रको दरमा २३३.३३ प्रतिशत र अन्य देशका पर्यटकको दरमा ३३.३३ प्रतिशत बृद्धि गरी रू.५०० र रू.१ हजार पुऱ्याएको छ। सुरु सम्झौता गर्दा यस समितिले पाउने रकम पहिलेको सम्झौताकै दरबमोजिम हुने भनी महानगरपालिकाले दस्तुर बाँडफाँट गर्ने गरेको छ। शुरू सम्झौतामा उल्लिखित अनुपातबमोजिम २०८० असार मसान्तसम्म महानगरपालिकाले समितिलाई बुझाउनुपर्ने सेवा शुल्कमध्ये रू.१ करोड ९ लाख २६ हजार प्राप्त गर्न बाँकी देखिएकोले सो रकम प्राप्त गर्नुपर्दछ।

नारायणहिटी दरबार संग्रहालय विकास समिति

९१. **गणतन्त्र स्मारक** - नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति गठन आदेश,२०७६ को दफा ४(ङ) मा संग्रहालय र स्मारकको सुरक्षा, संरक्षण, प्रवर्धन एवं उपयोग गर्नुपर्ने व्यवस्था छ। नारायणहिटी दरबार परिसरको ३५ रोपनी क्षेत्रफलमा फैलिएको उक्त स्मारक रू.४४ करोड ९१ लाख ५३ हजारमा निर्माण भएको छ। भूमिगत पार्किङ, सभाहल १, क्यान्टिन १, सहिदस्तम्भ, नेपालको वस्तुस्थिति नक्सा, ४ स्तम्भसहितको गणतन्त्र स्मारक शहरी विकास तथा भवन निर्माण विभागले २०७६।१०।३ मा हस्तान्तरण गरेको छ। सभाहलको सिलिङबाट पानी चुहिएको, संरचनाभित्र पानी पसेको कारण विद्युत आपूर्ति अवरुद्ध भएको, स्मारकतर्फको लबी धसिएको, भूमिगत पार्किङ्गमा पानी जमेको, स्मारक स्तम्भमाथिको भागमा बनाइएको रिङमा लगाएको धातुका पाता भित्रको काठ कुहिएर धातुको पाता छुट्टिएको अवस्था छ। संरचना हस्तान्तरण पश्चात् प्रयोगमा ल्याउन नसक्दा सभाहल, पार्किङ्ग र चमेनागृह प्रयोग विहीन भएका कारण जीर्ण बन्दै गएको अवस्था छ।

बृहत्तर जनकपुर क्षेत्र विकास समिति

जनकपुरको माध्यामिकी (पञ्चकोशी) परिक्रमा क्षेत्र भित्रको धार्मिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्वका मठ, मन्दिर, सरोवर र स्थलहरूको मर्मत, सुरक्षा, सम्भार र विकास गर्ने, आर्थिक तथा सांस्कृतिक विकासका पूर्वाधारहरू विकास गर्ने उद्देश्यले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ बमोजिम यो समितिको स्थापना भएको हो।

९२. **वित्तीय विवरण** - वित्तीय प्रतिवेदनअनुसार गत वर्षको अन्तिम मौज्दात रू.१ करोड ८२ लाख ३ हजार रहेकोमा यो वर्ष सुरु मौज्दात रू.१ करोड १ लाख ३२ हजार र आम्दानी रू.३ करोड ९२ लाख ८२ हजारसमेत रू.४ करोड ९४ लाख १४ हजारमध्ये रू.१ करोड ८४ लाख ९४ हजार खर्च भई रू.३ करोड ९ लाख २० हजार मौज्दात रहेको छ। समितिले यो वर्ष रू.८० लाख ७१ हजार घटी जिम्मेवारी सारेकोमा वित्तीय विवरणमा खुलासा नगरेकोले यस सम्बन्धमा यकिन गरी छुट रकम आम्दानी बाँध्नुपर्दछ।

९३. **सम्झौता कार्यान्वयन** - बृहत्तर जनकपुर क्षेत्र विकास समिति र एक हस्पिटालिटी कम्पनीबीच भएको सम्झौताबमोजिम यात्रु निवासको भाडाबापत रू.३८ लाख ५६ हजार प्राप्त हुनुपर्नेमा रू.२५ लाख ६७ हजार प्राप्त गरेकोले बाँकी रू.१२ लाख ८९ हजार असुल हुनुपर्दछ।

तारा गाउँ विकास समिति (२०७८।७९)

ग्रामीण जनताको व्यापक सहभागितामा नेपालको पर्यटन उद्योगलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी सघन एवं समन्वयात्मक ढङ्गबाट पर्यटन क्षेत्रको प्रवर्धन गरी प्रत्यक्ष/अप्रत्यक्ष रूपले पर्यटनको प्रतिफल ग्रामीण

जनतासम्म पुऱ्याई ग्रामीण गरिबीलाई न्यूनीकरण गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम २०३४ सालमा समिति स्थापना भएको हो।

९४. **वित्तीय प्रतिवेदनमान -** तारा गाउँ विकास समिति गठन आदेश, २०३४ मा समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राख्ने व्यवस्था छ। समितिले नेपाल वित्तीय प्रतिवेदनमानअनुसारको वित्तीय विवरण तयार गर्ने निर्णय गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

९५. **सञ्चालन नतिजा** - नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको यस समितिले गत वर्ष रू.७ करोड १८ लाख ३६ हजार आम्दानीबाट रू.२ करोड ७० लाख २४ हजार खुद नाफा गरेकोमा यस वर्ष रू.४ करोड २० लाख ८० हजार आम्दानीबाट रू.४५ लाख ४३ हजार खुद नाफा आर्जन गरेको छ। गत वर्षको तुलनामा आम्दानी र नाफामा ह्रास आउनुका कारण पहिचान गरी सुधार गर्नुपर्दछ।

९६. **सटर भाडा -** समितिले न्युरोडस्थित रमागृहमा रहेका ३ सटर भाडामा दिने प्रयोजनको लागि ३ संस्थासँग गरेको सम्झौता २०७४।११।३० मा समाप्त भएको छ। सम्झौताअनुसार क्रमशः रू.१२ लाख ६७ हजार, रू.५ लाख ६३ हजार र रू.१४ लाख १३ हजार भाडा प्राप्त गर्नुपर्ने देखिएको छ। समितिले २ पसलको हकमा कानुनबमोजिम हुने ब्याज र मनासिब क्षतिपूर्ति रकमसमेतका लागि २०७७।४।१५ मा मुद्दा दायर गरी कानुनी कारबाही गरे तापनि सम्झौताबमोजिम उल्लिखित ३ संस्थालाई लाग्ने १० प्रतिशत ब्याज लेखाङ्कन गरेको नदेखिएकोले ब्याज लेखाङ्कन गरी लेखा अद्यावधिक गर्नुका साथै बाँकी रकम असुल गर्नुपर्दछ।

९७. **पट्टा सम्झौता -** समिति र एक प्राइभेट लिमिटेड कम्पनीबीच २०७४।११।११ मा ३० वर्षको लागि समितिको स्वामित्वमा रहेको ३ आना २ दाम जग्गामा ६ हजार ७२८.२८ वर्गफिट क्षेत्रफल र भूमिगत तलासहित ४.५ तला हुने गरी नयाँ भवन निर्माण गरी सञ्चालन गर्नका लागि पट्टामा दिने सम्झौता भएको थियो। सम्झौताको शर्तअनुसार पहिलो २ वर्षको निर्माण अवधिमा उक्त कम्पनीले वार्षिक रू.९५ लाख ५० हजारको दरले समितिलाई भाडा रकम बुझाउनुपर्ने र निर्माण अवधिसमेत जम्मा ३० वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रूपमा विभाजन गरी प्रत्येक ३/३ महिनाको अग्रिम र निर्माण अवधिपश्चात् वार्षिक रूपमा अग्रिम पट्टा रकम ७ दिनभित्र बुझाउनुपर्ने उल्लेख छ। सम्झौतामा एक वर्ष म्याद ननघाई पट्टा रकम बुझाएमा ५० प्रतिशत र एक वर्ष नघाई पट्टा रकम बुझाएमा लाग्ने पट्टा रकमको १०० प्रतिशत थप हुने व्यवस्था छ। सोअनुसार प्रोदभावी आधारमा आम्दानीको लेखाङ्कन गर्नुपर्नेमा पट्टा सम्झौता सुरु भएको वर्ष २०७४।७५ देखि नै सम्झौताअनुसार प्राप्त हुन बाँकी पट्टा रकम र सोमा लाग्ने थप रकमसमेतको लेखाङ्कन नगरेको र प्राप्त गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

९८. **जग्गा स्वामित्व -** समितिले २०२६ सालमा अधिग्रहण गरेको ३४७ रोपनी ९ आना जग्गा २०४८ सालमा नापजाँच हुँदा ३०४ रोपनी कायम भएको उल्लेख छ। चलअचल सम्पत्तिको विवरण अद्यावधिक गर्ने सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखेको २०७८।१२।३० को पत्रानुसार पछि खरिद गरेको १-१३-३-३ रोपनी र एक होटलको शेयर लगानीमा रहेको १४९-५-१-३ रोपनीसमेत समितिको नाममा ३००-१३-३-२ रोपनी जग्गा रहेको उल्लेख छ। सोअनुसार समितिको स्वामित्वमा २०४८ को नापजाँचअनुसार कायम र पछि खरिद गरेको समेत ३०५-१३-३-३ रोपनी

जग्गा हुनुपर्नेमा गत वर्षसम्म सोभन्दा ५-०-०-१ रोपनी घटी देखिएकोमा यो वर्ष समितिले गुठीतर्फ २-६-१-१ रोपनी जग्गा दाबी गरेको छ। यो वर्षको थप दाबीसको आधारमा पनि समितिको २-९-३-३ रोपनी जग्गा अपुग देखिन्छ। समितिबाट प्राप्त विवरणअनुसार मालपोत कार्यालयमा कित्ता नं. ९६ को दोहोरो स्रेस्ता खडा भई एउटामा ५३६.५४ वर्गमिटर र अर्कोमा ३ हजार ४९७.५८ वर्गमिटर कायम भएकोमा जग्गाधनी पुर्जा सच्याउन बाँकी रहेको उल्लेख छ। गुठी जग्गातर्फ १४ कित्ता र अन्य २ कित्ताको मालपोत तिर्दै आए तापनि जग्गाधनी पुर्जा प्राप्त गरेको छैन। समितिको विवरणमा घटी जग्गा देखिएको सम्बन्धमा छानविन गरी सम्पूर्ण जग्गाको लगत अद्यावधिक र सरंक्षण गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत छ।

९९. **शेयर लगानी** - समितिले आफ्नो स्वामित्वमा रहेको जग्गा ३०४ रोपनीमध्ये १४९-५-१-३ रोपनी जग्गाको मूल्य रू.१५ करोड र अन्य भौतिक संरचनामा रू.२ करोडसमेत रू.१७ करोड एक होटलमा शेयरको रूपमा लगानी गरेको र १४८ रोपनी जग्गा सोही होटललाई भाडामा लगाएको देखिन्छ। सुरुको अवस्थामा होटलको ३९.७७ प्रतिशत शेयर समितिले प्राप्त गरेकोमा हाल ९.०१ प्रतिशत कायम गरेको छ। समितिको शेयरको हिसाब घटेको विषय गत विगतको प्रतिवेदनमा उल्लेख भएकोमा थप कारबाही गरेको छैन। यस सम्बन्धमा अनुसन्धानात्मक रूपमा छानविन गरी विगतमा समितिलाई नोक्सानी पुऱ्याउने उपर जवाफदेही तुल्याउन भएका निर्णय कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, अनुदानको अनुगमन नगरेको, क्यासिनो रोयल्टी असुल नगरेको, सम्पदा पुनर्निर्माण समयमा सम्पन्न नभएको, पुरातात्त्विक सम्पदाको संरक्षण, विमानस्थल सञ्चालन, सोझै खरिद, ठेक्का व्यवस्थापन, भाडा तथा बहाल असुल नगरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १४ निकायमा यो वर्ष रू.४० करोड ७७ लाख ५७ हजार बेरुजु देखिएकोमा फर्स्यौट नभएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था एवं समितिसमेत १८ निकायमा यो वर्ष रू.२८ करोड ८ लाख १२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ करोड ५७ लाख ८८ हजार फर्स्यौट गरेकोले रू.२६ करोड ५० लाख २४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.९८ लाख ५१ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चारप्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा सोसम्बन्धी अध्ययन, अनुसन्धान र नियमन, सुरक्षण मुद्रण, हुलाकसम्बन्धी नीति, सञ्चालन र नियमन, साइबर सुरक्षा र नियन्त्रण, फ्रिक्वेन्सी बाँडफाँट तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ९६ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतकासमेत ८७ सरकारी कार्यालयको निम्नानुसार रू.१५ अर्ब ७१ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
६९५८२	७६४८०	१६७१	९४०३	१५७१३६

उल्लिखित लेखापरीक्षण रकममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रू.१ करोड ५७ लाख समावेश छ भने यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.१ करोड ९५ लाख समावेश छैन।

२. **सङ्गठित संस्था तथा समिति** - यो वर्ष ७ संस्थाको २०७९।८० को र २ संस्थाको बक्यौतासमेत रू.३५ अर्ब ४७ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न भएको र २ संस्थाको २०७९।८० को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **वार्षिक कार्यक्रम कार्यान्वयन स्थिति -** मन्त्रालयअर्न्तगत राष्ट्रिय योजना आयोगबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रममध्ये डिजिटल नेपाल फ्रेमवर्कमा ८ क्षेत्र/निकायबीच समन्वय गरी एकीकृत बजेट निर्माण हुन नसकेको, सुरक्षण मुद्रण छापाखाना जडान भई सुरक्षित मुद्रणको कार्य हुन नसकेको, विद्युतीय भुक्तानी प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा नआएको, ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्सेन्ज सेन्टर निर्माण नभएको, नेपाल सरकारको खुमलटारस्थित ११८ रोपनी जग्गामध्ये ६८ रोपनीमा ज्ञानपार्क निर्माण गर्न सूचना प्रविधि विभागलाई उपलब्ध गराउने मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुन सकेको देखिएन। त्यस्तै नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत प्रसारण संस्थाको रूपमा विकास गर्ने, मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रूपान्तरण गरी सञ्चालन गर्ने, हुलाक सेवालाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने, प्रतिस्पर्धा गराई फ्रिक्वेन्सी वितरण गर्न तथा पुनर्वितरणसम्बन्धी नियमावली स्वीकृत गरी कार्यक्रमलाई अघि बढाउने कार्यक्रम कार्यान्वयन भएको देखिएन। राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका वार्षिक विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सम्बद्ध निकायहरूबीच समन्वय गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने, सञ्चार तथा सूचना प्रविधिको सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय

बनाउने, सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने उद्देश्य लिएको छ। योजनाअन्तर्गत लक्षित प्रमुख सूचकहरूमा यस वर्षको प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९।८० को	
				लक्ष्य	प्रगति
१	सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना	सङ्ख्या हजारमा	२००	४१४	प्राप्त नभएको
२	अप्टिकल फाइबर विस्तार	कि.मि.	९३२०	२५७२०	१५०००
३	फोर जी/एल.टी. ई. सेवा विस्तार	प्रयोगकर्ता प्रतिशत	९.११	६०	६६
४	फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	१४.२४	३५	४०.०९
५	मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	५१.६४	५६	९५.६०
६	मोबाइल टेलिफोन ग्राहक सङ्ख्या	जना लाख	४२३	४१७	३३९
७	सरकारी डाटा सेन्टर	सङ्ख्या	१	५	१
८	इन्टरनेट एक्सचेञ्ज सेन्टर	सङ्ख्या	०	२	०
९	रेडियो पहुँच	प्रतिशत	८६	९८	९२
१०	डिजिटल टेलिभिजनको पहुँच	प्रतिशत	७२	९४	७२
११	इ. एम. एस. सेवा विस्तार	जिल्ला/सङ्ख्या	६०	७४	४४
१२	इ. एम. एस. सेवा विस्तार	देश/सङ्ख्या	३९	४८	३९
१३	अनलाइनमार्फत सरकारी सेवा प्रवाह	सङ्ख्या	२०	५०	६१
१४	सुरक्षण मुद्रण स्थापना र सञ्चालन	सङ्ख्या	०	१	१
१५	सञ्चारग्रामको स्थापना	सङ्ख्या	०	१	१
१६	डिजिटल साक्षरता	प्रतिशत	६८	८०	प्राप्त नभएको
१७	इ–गभर्मेन्ट डेभलपमेन्ट इन्डेक्स		०	१	१
१८	राष्ट्रिय साइबर सुरक्षा क्षेत्रगत कम्प्युटर इमर्जेन्सी रेस्पोन्स टीम	सङ्ख्या	१	४	१
१९	राष्ट्रिय ज्ञान पार्क	सङ्ख्या	०	७	प्राप्त नभएको
२०	सूचना प्रविधिसम्बन्धी उद्योग	सङ्ख्या	२७९६	३३९६	प्राप्त नभएको

उल्लिखित विवरणअनुसार आर्थिक वर्ष २०७९।८० मा सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना, सूचना प्रविधिसम्बन्धी उद्योग र डिजिटल साक्षरता प्रतिशतजस्ता सूचकको प्रगति विवरण प्राप्त भएको छैन। सरकारी डाटा सेण्टर, इन्टरनेट एक्सचेञ्ज सेन्टर, ई.एम.एस सेवा विस्तार, टेलिभिजनको पहुँच, राष्ट्रिय ज्ञानपार्क जस्ता सूचकहरूमा प्रगति न्यून रहेको छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका कार्यक्रममध्ये सबै स्थानीय तहका केन्द्र र वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र स्वास्थ्य संस्थामा ब्रोडब्याण्ड इन्टरनेट सेवाको पहुँच विस्तार गर्नुपर्नेमा ७५३ स्थानीय तह, ५ हजार ८९९ वडा कार्यालयहरू, ४ हजार ३९० स्वास्थ्य केन्द्र र १० हजार १४६ आधारभूत तथा सामुदायिक माध्यमिक विद्यालयहरूमा उक्त सेवा पुगेको, राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको, थप ३२७ शहर/शहर उन्मुख क्षेत्रमा फाइबर टु द होम सेवा विस्तार गर्नुपर्नेमा ४१३ मा विस्तार भएको, ललितपुरमा डाटा सेन्टर तथा इन्टरनेट एक्सचेन्ज सेन्टरको पूर्वाधार निर्माणको ठेक्का अलपत्र अवस्थामा रहेको, सबै स्थानीय तहहरूमा सूचना प्रविधि सेवा केन्द्र स्थापना गर्न स्थानीय तहहरूसँग सम्झौता भएकोमा कार्य प्रारम्भ हुन नसकेको, एकीकृत सञ्चार तथा सूचना प्रविधि नीति तर्जुमा गर्ने कार्य सम्पन्न हुन नसकेको, राष्ट्रिय साइबर सुरक्षा नीति तर्जुमा हुन नसकेको, दूरसञ्चार

सेवाको गुणस्तर मापन गर्नको लागि प्रणाली स्थापना तथा सञ्चालन नभएको, फोर जी सेवा प्रयोगकर्ता ६० प्रतिशत र ७५३ स्थानीय तहको केन्द्रमा ब्रोडव्यान्ड इन्टरनेट पहुँच हुने लक्ष्य रहेकोमा ७३९ स्थानीय तहमा मात्र विस्तार भएको, नयाँ विज्ञापन नीति तर्जुमा गर्ने लक्ष्य पूरा हुन नसकेको, सरकारी विज्ञापनमा एकद्वार प्रणाली लागु गर्ने कार्य हुन नसकेको, ५० सरकारी निकायका सेवा प्रवाह अनलाइनमार्फत गर्ने लक्ष्य रहेकोमा ६१ निकायमा त्यस्तो सेवा विस्तार भएको, सेवाहरूलाई नागरिक एप्समा अन्तर आवद्धता गरी सञ्चालनमा ल्याउने लक्ष्य रहेकोमा ४ सेवालाई मात्र नागरिक एप्समा आवद्ध गरिएको, काभ्रेको बनेपामा अत्याधुनिक चलचित्र स्टुडियो निर्माण गर्नका लागि जग्गा प्राप्त गर्ने कार्य प्रक्रियामा रहेको, नेपाल टेलिभिजको प्रसारणलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन एनटीभी वर्ल्ड सञ्चालनमा ल्याउने कार्य सम्पन्न हुन नसकेको देखियो। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य** – इन्टरनेट पहुँच भएका माध्यमिक विद्यालय ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ५ हजार ३१८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको छ। मोबाइल टेलिफोन हुने व्यक्ति तथा नेटवर्कद्वारा समेटिएको जनसंख्या शतप्रतिशत भए पनि महिला सशक्तीकरणलाई टेवा पुऱ्याउन १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको तथ्याङ्क तयार गरेको छैन। सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सीप दक्षता भएका वयस्कहरूको संख्या वृद्धि गर्न इन्टरनेट प्रयोगकर्ता वयस्क जनसंख्याको प्रतिशत सन् २०३० सम्म ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा शतप्रतिशत पुगेको छ।

७. **नीति तर्जुमा र कार्यान्वयन** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले सञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित विभिन्न नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट तर्जुमा भएका आमसञ्चार नीति, २०७३, भू-उपग्रह नीति, २०७३, सूचना तथा प्रविधि नीति, २०७२, दूरसञ्चार नीति, २०६० र ब्रोडव्यान्ड नीति, २०७१ को कार्यान्वयन अवस्थाका सम्बन्धमा गत वर्षहरूमा देखिएका बेहोराहरू यथावत रहेका छन्।

८. **डिजिटल अर्थतन्त्र** - अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गर्दा विकसित मुलुकले अर्थतन्त्रको विकासलाई मूल उद्देश्यको रूपमा राखेर डिजिटल कम्प्लिमेन्टरी कार्यक्रमहरूलाई रणनीतिक रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। मन्त्रालयबाट नीति कार्यान्वयन योजनाहरूको वर्तमान अवस्था, चुनौती तथा समाधानको कार्यान्वयन योजना निर्माण, कार्यान्वयन समय तालिका, कार्यान्वयन गर्ने निकाय, स्रोत एवं पूर्वाधार व्यवस्थापन गर्दै गभर्मेन्ट इन्टरप्राइजेज आर्किटेक्चर तयारी गर्ने कार्य हुन सकेको छैन। सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत डिजिटल अर्थतन्त्रको निर्माण एवं सोबाट सेवा प्रवाहलाई समेत व्यवस्थित गर्नुपर्दछ।

९. **भेन्डर लक-इन** - गभर्मेन्ट इन्टरप्राइजेज आर्किटेक्चर एक राष्ट्रिय जेनेरिक आर्किटेक्चर भएकोले यसले स्वास्थ्य, शिक्षा, कृषि जस्ता क्षेत्र एवं निकायगत आर्किटेक्चरको रूपमा कार्य गर्न सहज नहुने भए तापनि खुला इन्टरप्राइजेज आर्किटेक्चर वा क्षेत्रगत खुला तथ्याङ्क आदानप्रदान गर्ने इकोसिस्टम र आर्किटेक्चर तयार गर्ने कार्य हुन सकेको छैन। ती आर्किटेक्चरल मापदण्डलाई सार्वजनिक तथा निजी क्षेत्रले अन्तर आबद्धता तथा भेन्डर लक-इन नहुने गरी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

इन्टरप्राइजेज आर्किटेक्चरले डिजिटल पहलुहरूको निर्माण, सञ्चालन, मर्मत सम्भार, अन्तर आबद्धता तथा थप परिमार्जन र विकास कार्य प्रभावकारी बनाई लागु गरिनुपर्दछ।

१०. **पूर्वाधार तथा क्षमता अभिवृद्धि** - गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चरमा भएका विभिन्न इन्फ्रास्ट्रक्चर कम्पोनेन्टहरूलाई इन्फ्रास्ट्रक्चर एज सेवाको रूपमा स्थापना गर्ने कार्यको रणनीति र कार्यान्वयन योजना निर्माण गरी लागु गरिनुपर्दछ। डिजिटल नेपाल फ्रेमवर्क, डिजिटल अर्थतन्त्र, डिजिटल दिगो विकास कार्यक्रमले क्षेत्रगत रूपमा आवश्यक पर्ने डिजिटल इन्फ्रास्ट्रचर सर्भर साइडमा मात्र नभई क्लाइन्ट साइडमा पनि सोको लगत तयार गर्ने, डिजाइन गर्ने, लागत अनुमान तयार गर्ने, खरिद योजना बनाउने, बजेट व्यवस्था गरी खरिद कार्य गर्ने, तिनको न्यूनतम पूर्वाधार मापदण्ड तयार गर्ने, अनुगमन मूल्यांकन गर्ने र वार्षिक प्रतिवेदनमा देशको डिजिटल पूर्वाधारको अवस्था सार्वजनिक गर्नुपर्दछ।

मेसिन लर्निङ, आर्टिफिसिएल इन्टेलिजेन्स, बिग डाटा, आइओटीलगायतका नयाँ प्रविधिहरू क्षेत्रगत रूपमा प्रयोग गर्न सक्ने गरी डिजिटल पूर्वाधारको विकास तथा क्षेत्रगत क्षमता अभिवृद्धि गर्न आवश्यक पहल गरिनुपर्दछ।

११. **डिजिटल नेपाल** - डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रिपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल, फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। राष्ट्रिय योजना आयोगले रूपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस फ्रेमवर्क कार्यान्वयनका लागि रू.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेको, योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गत ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको समयसीमा तोकी सोको कार्यक्रम कार्यान्वयन योजनासमेत समावेश गरेको छ। योजनाको अल्पकालीन र मध्यकालीन समयसीमाभित्र डिजिटल फाउन्डेसन अन्तर्गतका क्रियाकलापमा केही प्रगति देखिए तापनि कृषि, स्वास्थ्य, शैक्षिक क्षेत्र, ऊर्जा, पर्यटन र वित्तीय क्षेत्रअर्न्तगतका क्रियाकलापहरूमा अपेक्षित उपलब्धि हुन सकेको देखिएन।

१२. **कार्यसम्पादन** – नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालय र मातहत निकायले आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र मुद्रणका कार्य सम्पादन गर्ने गरेको छ। रेडियो तथा दूरसञ्चार क्षेत्रमा फ्रिक्वेन्सी ओगट्ने तर सोबापतको राजस्व दाखिला नगर्ने प्रवृत्ति बढेको र वार्षिक कार्यक्रमले परिलक्षित गरेका कार्यमा अपेक्षित प्रगति हासिल भएको छैन। विज्ञापन बजारहरू पारदर्शी हुन बाँकी रहेको, टेलिभिजन प्रसारणमा विदेशी च्यानलहरूले उठाउने शुल्कको मापदण्ड नभएको, सामाजिक सञ्जाल, साइबर आक्रमण र राष्ट्रिय साइबर सुरक्षा व्यवस्थापन कार्यलाई प्रभावकारी नियमन गर्न बाँकी रहेको, सुरक्षित मुद्रण र सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुन नबनेको, नेपाल मिडिया काउन्सिलसम्बन्धी छाता कानुन बनाउन बाँकी रहेको, सूचना प्रविधि र एफ. एम. रेडियो दर्ता, नवीकरण तथा प्रयोग गरेको फ्रिक्वेन्सीको प्रभावकारी अनुगमन नभएको, सरकारी निकायको सूचना सञ्जालमा एकरूपता कायम गर्न साझा पूर्वाधारमार्फत सर्भर स्टोरेज नेटवर्कको लागि भर्चुअल उपकरण राख्ने कार्य हुन नसकेको, राजमार्ग तथा महामार्गमा अप्टिकल फाइबर बिछ्याउने कार्य अभियानको रूपमा भए तापनि राजमार्गको स्तरोन्नति र विस्तारमा समन्वय हुन नसक्दा मन्त्रालय र मातहतले तयार गरेको संरचनाहरूमा क्षति पुगेको छ। मन्त्रालयले कार्यक्षेत्रअन्तर्गतका कार्यसम्पादन, लेखाङ्कन तथा विश्लेषण गरी कार्यसम्पादन गर्नुपर्दछ।

१३. **राजस्व सङ्कलन** - मन्त्रालय र मातहत निकायहरूबाट गत वर्ष रू.७ अर्ब ६० करोड ७२ लाख १३ हजार राजस्व सङ्कलन भएकोमा यो वर्ष रू.७ अर्ब ६७ करोड ५५ लाख सङ्कलन भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१३.१ पार्सल तथा चिठीपत्रलगायत हुलाक सेवाबाट गत वर्ष रू.२४ करोड ४६ लाख ६१ हजार राजस्व प्राप्त भएकोमा यो वर्ष रू.३१ करोड ४१ लाख २४ हजार प्राप्त भएको छ। फ्रिक्वेन्सी दस्तुरबापत गत वर्ष रू.३ अर्ब ३८ करोड ५६ लाख ३६ हजार प्राप्त भएकोमा यो वर्ष रू.३ अर्ब ५६ करोड ९६ लाख ८ हजार प्राप्त भई गत वर्षको तुलनामा ५.३३ प्रतिशत बढी प्राप्त भएको छ। त्यसैगरी गत वर्ष रोयल्टीबापत रू.३ अर्ब ५५ करोड १ लाख ३१ हजार प्राप्त भएकोमा यो वर्ष रू.३ अर्ब ४९ करोड ८१ लाख ७१ हजार प्राप्त भई गत वर्षको तुलनामा १.४६ प्रतिशत घटी प्राप्त भएको छ। मन्त्रालयले दूरसञ्चार सेवा प्रदायकहरूबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अद्यावधिक हिसाब वा लगत राखेको छैन। अतः सार्वजनिक लेखा समितिले २०७६।२।१२ मा दिएको निर्देशनसमेतको पालना गर्दै सोको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१३.२ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न १४ दूरसञ्चार सेवा प्रदायक संस्थाले पेस गरेको आय वर्ष २०७८।७९ को आय विवरणअनुसार कुल आय रू.१ अर्ब ७१ करोड ९१ लाख ५३ हजारको ४ प्रतिशतले हुने रोयल्टी जरिबानासमेत रू.७ करोड ७० लाख १८ हजार दाखिला गरेका छैनन्। त्यस्तै, १४ सेवा प्रदायकले ग्राहकसँग असुल गरेको मर्मत तथा सपोर्ट चार्ज र अन्य चार्ज आम्दानी रू.६ अर्ब ६८ करोड ९१ लाख १३ हजारको ४ प्रतिशतले हुने रोयल्टी रू.३२ करोड १६ लाख ५४ हजार (जरिबानासमेत) छुट भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

१३.३ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रोयल्टी र नियम ३१ मा रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्षको लागि तोकिएबमोजिम बुझाउनुपर्ने व्यवस्था छ। तोकिएको दस्तुर नबुझाएमा दूरसञ्चार ऐन, २०५३ को दफा २८(३) मा प्राधिकरणले अनुमतिपत्र खारेज गर्न सक्ने उल्लेख छ। यो वर्ष तीन सेवा प्रदायकले मन्त्रिपरिषद्को किस्ता सुविधाको निर्णयअनुसार बुझाउनुपर्ने चौथो किस्ताको रू.९९ करोड ३१ लाख १९ हजार २०८० आषाढ मसान्तसम्म बुझाएका छैनन्। दूरसञ्चार कानुनविपरीत ५ वर्षको किस्ता सुविधा दिँदासमेत रोयल्टी र फ्रिक्वेन्सी दस्तुर असुल नभएकोले विलम्ब दस्तुरसमेत निर्धारण गरी किस्ता रकम असुल गर्नुपर्दछ।

१३.४ दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरूपमा बुझाउनुपर्ने, सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको निमित्त सो आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष ६ सेवा प्रदायकले

बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर नबुझाएकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रू.१ अर्ब २९ करोड ६७ लाख ४९ हजार असुल गर्नुपर्दछ।

१४. **विदेशी मुद्रा सटही** - विदेशी मुद्रा सिफारिससम्बन्धी विनियमावली, २०७६ को विनियम ४(४)(घ) मा विदेशी मुद्रा भुक्तानीको लागि सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर बुझाएको हुनुपर्ने उल्लेख छ। विभिन्न ७ सेवा प्रदायकसँग २०७८।७९ सम्मको रोयल्टी र जरिबानासमेत रू.५९ करोड ८ लाख ८३ हजार असुल हुन बाँकी रहेकोमा इन्टरनेट ब्याण्डविथको मासिक रिकरिङ चार्जबापत रू.२ अर्ब ९७ करोड ५ लाख बराबरको अमेरिकी डलर २ करोड २५ लाख ४ हजार र रू.३१ करोड २२ लाख ५० हजारको भारतीय रुपैयाँ १९ करोड ५१ लाख ५७ हजार सिफारिस गरेको छ। मन्त्रालयले विदेशी मुद्रा सटहीको सिफारिस गरी फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर असुलीमा ध्यान दिएको देखिएन।

१५. **अनुदानको उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको अनुगमन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, चलचित्र विकास बोर्ड, राष्ट्रिय समाचार समिति, रेडियो प्रसार विकास समिति र विज्ञापन बोर्डलाई अर्काइभ निर्माण, भवन निर्माण, समावेशी प्रकाशन, मेसिन खरिद, लेख रचना प्रकाशन, कार्यक्रम निर्माण तथा प्रसारण लगायतका प्रयोजनमा रू.८७ करोड ७१ लाख १७ हजार र अन्य २५ संस्थालाई रू.५० लाख सशर्त अनुदान दिएको छ। सशर्त अनुदानको उपयोग सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरेको नदेखिएकोले सोको अनुगमन गरी अनुदान उपयोग सम्बन्धमा सुनिश्चित हुनुपर्दछ।

हुलाक सेवा विभाग

हुलाक सेवा विभागले हुलाक ऐन, २०१९ बमोजिम हुलाक सेवासँग सम्बन्धित चिठीपत्र ओसारपसार गर्ने, हुलाक टिकट प्रकाशन गर्ने, धनादेशको व्यवस्था गर्ने, बचत बैङ्क सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ।

१६. **हुलाक सेवाको पुनर्संरचना** - पन्ध्रौं योजनामा हुलाक सेवालाई संस्थागत पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा गोश्वारा हुलाक कार्यालय, केन्द्रीय धनादेश कार्यालय, फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र हुलाक प्रशिक्षण केन्द्रसमेत ४ निकाय, ४ हुलाक निर्देशनालय, ७० जिल्ला हुलाक कार्यालय, एक स्थानीय तह एक हुलाक कार्यालय सञ्चालित छन्। हुलाक सेवा विभागले अनिवार्य सेवाको रूपमा २ हजार ग्रामसम्मको चिठीपत्र ओसारपसारको कार्य सञ्चालन गरे तापनि सो भन्दा बढी तौल भएको हुलाक वस्तु सञ्चालन गर्ने आन्तरिक तथा अन्तर्राष्ट्रिय द्रुत डाँक हुलाकको व्यावसायिक एवं अतिरिक्त सेवाअन्तर्गत सञ्चालन गर्दै आएको छ। द्रुत डाँक सेवा तथा पुलिन्दा सेवालाई एकीकृत गर्न सकेको छैन।

हुलाक सेवा प्रकृतिको काम गर्ने कुरियर तथा अनलाइन डेलिभरी गर्ने कम्पनीहरू विस्तार भइरहेकोमा ती संस्थाहरूलाई नियमन गर्ने निकाय रहेको देखिँदैन। विभागले विदेशबाट प्राप्त हुने

चिठीपत्र, पुलिन्दा तथा अन्तर्राष्ट्रिय द्रुत डाँक डकुमेन्ट तथा व्यापारिक पुलिन्दा वितरण गरेबापत प्राप्त हुनुपर्ने रकमको लेखा व्यवस्थित गर्न सकेको छैन। अनिवार्य सेवाको रूपमा रहेको हुलाक सेवाको कार्यबोझ घट्नुका साथै समयानुकूल सेवा प्रवाह हुन नसकेकोले हुलाकबाट प्रवाहित सेवा विविधीकरण गरी हुलाक सेवाको पुनर्संरचना गर्नुका साथै हुलाक सेवा प्रकृतिको काम गर्ने कुरियर तथा अनलाइन डेलिभरी कम्पनी नियमन गर्ने निकायको नियमन सम्बन्धमा व्यवस्था हुनुपर्दछ।

१७. **इजाजतपत्रको अभिलेख -** हुलाक सेवा ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनको लागि शर्त तोक्नुपर्ने व्यवस्था छ। निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न इजाजत नदिए पनि विभागले यो वर्षसम्म स्वदेशतर्फ ३७ मेल तथा कुरियरलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गरी कार्गो र कुरियर सञ्चालन गर्न सहमति दिएको छ। विभागले वैदेशिक हुलाक सेवा सञ्चालन गर्न दिएको अनुमतिको अभिलेख राखेको छैन। इजाजतपत्रको अभिलेख बेगर स्वदेशी र वैदेशिक संस्थाबाट प्राप्त हुने इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी यकिन हुने अवस्था छैन। विभागले ऐनको प्रावधान अनुसार हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१८. **टर्मिनल ड्युज -** हुलाक सेवा विभाग र विश्व हुलाक सङ्घबीचको सम्झौताअनुसार टर्मिनल ड्युज बापतको विभिन्न मुलुकबाट लिनु/दिनुपर्ने हिसाब प्रत्येक ४/४ महिनामा यकिन गरी आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र हिसाब मिलान गरिसक्नुपर्ने उल्लेख छ। सोबापत यो वर्ष रू.४ करोड ४० हजार आय र रू.४ करोड २३ लाख ७० हजार व्यय भएको छ। विभागले अन्तर्राष्ट्रिय डाँक सेवाको लागि कर्मचारी र लेखा अभिलेख व्यवस्थापन गर्न नसकेको, सम्झौताबमोजिमको समयसीमाको पालना नगरेको, हुलाक सेवा विभाग र मातहतका कार्यालयबीच उचित समन्वय नभएको, ई.एम.एस सेवाको दररेट सन् १९९६ देखि पुनरावलोकन नभएको, लिनु दिनुपर्ने हिसाब तथा सम्पादित कामको प्रगति विवरण तयार नहुँदा अन्तर्राष्ट्रिय डाँक सेवामा समेत असर परेको छ। अन्तर्राष्ट्रिय डाँक सेवा सञ्चालन सम्बन्धमा मानव साधन विकास र दीर्घकालीन कार्ययोजनासहित लिनु/दिनुपर्ने हिसाब अद्यावधिक गरी तोकिएको समयावधिभित्र हिसाब फरफारक गर्नुपर्दछ।

१९. **हुलाक बचत बैङ्क -** गोश्वारा र ६८ जिल्ला हुलाक कार्यालयमा सञ्चालित हुलाक बचत बैङ्कको गत विगत वर्षमा जिल्ला हुलाक कार्यालय रौतहट, बझाङ र जाजरकोटले हिनामिना गरेको रू.७ करोड १३ लाख ५७ हजारसमेत यो वर्षसम्म रू.१ अर्ब १९ करोड ६४ लाख ६६ हजार मौज्दात रहनुपर्नेमा रू.१ अर्ब १९ करोड ३० लाख ९० हजार रहेको देखिएकोले रू.३३ लाख ७६ हजार मौज्दात फरक परेको छ। बारा र धनुषा जिल्लामा हुलाक बचत बैंकको कारोबार गर्ने कर्मचारी अनुसन्धान गर्ने निकायको हिरासतमा रहेको कारण उल्लेख गरी हिसाब यकिन नभएको जानकारी दिएको छ। पर्सा जिल्लाको हिसाब छानबिन गर्दा रू.१ करोड २० लाख ६१ हजार हिनामिना भएको केन्द्रीय धनादेश कार्यालयको प्रतिवेदनले औंल्याएकोले सो रकम कानुनबमोजिम असुल हुनुपर्दछ।

२०. **धनादेश सेवा -** केन्द्रीय धनादेशबाट प्राप्त विवरणअनुसार गत विगतको जिम्मेवारी रू.२ करोड ५१ लाखमध्ये रू.१ लाख २१ हजार खर्च भई रू.२ करोड ४९ लाख ७९ हजार मौज्दात रहेको छ। वित्तीय सेवाको पहुँच वृद्धि हुँदै गएकोले धनादेश सेवा निष्क्रिय अवस्थामा रहेको छ। उक्त सेवालाई

बन्द गरी मौज्दात रकम संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने बेहोरा गत विगतका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको छैन।

सूचना प्रविधि विभाग

विभागले सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग, डिजिटल नेपाल अभियान तथा नियमनलगायत सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यन्वयन निकायको भूमिका निर्वाह गर्दै आएको छ।

२१. **विद्युतीय सरकार -** विद्युतीय सरकारको अवधारणाअन्तर्गत विभागले विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। एकीकृत एस.एम.एस. गेटवेको प्रारम्भ भई हालसम्म ४६ निकायले प्रणालीको प्रयोग गरेको, सरकारी निकाय सञ्चालनसम्बन्धी एकीकृत विद्युतीय प्रणाली निर्देशिका तयार गरेको, हालसम्म ३२ निकाय एकीकृत व्यवस्थापन प्रणालीमा आबद्ध भई १५ निकायले प्रणाली मार्फत कार्य प्रारम्भ गरेका, सरकारी कार्यालयहरूको वेबसाइटमा एकरूपता कायम गर्न नमूना वेबसाइट निर्माण गरेको, सरकारी क्लाउडमा ७७९ भर्चुअल मेसिन सञ्चालन गरी ३१९ सरकारी निकायलाई सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराएको, सरकारी निकायहरूका १०० सूचना प्रणालीको सेक्युरिटी अडिट गरेको, साझा पूर्वाधारमार्फत सरकारी निकायहरूलाई सर्भर, स्टोरेज र नेटवर्क उपलब्ध गराएको र वेब बेस इ-हाजिरी २ हजार १२५ निकायले प्रयोग गरेका छन्।

विद्युतीय सरकारको अवधारणा सार्थक बनाउन गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चर (जी.ई.ए.) तालिम निरन्तर सञ्चालन गर्नुपर्ने, सरकारी निकायहरूको सूचना प्रणालीलगायत वेबसाइटको सेक्युरिटी अडिटको दायरा बढाउनुपर्ने, सबै प्रकारका सेवालाई नागरिक एप्ससँग अन्तर आबद्ध गर्नुपर्दछ।

२२. **राष्ट्रिय ज्ञानपार्क -** सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय, प्रवर्धन तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले ज्ञानपार्क स्थापनार्थ रेडियो नेपाल मोही रहेको ललितपुरको खुमलटार स्थित ११८ रोपनी जग्गामध्ये ६८ रोपनी सूचना प्रविधि विभागलाई उपलब्ध गराउन मन्त्रिपरिषद्बाट २०७५।११।२८ मा निर्णय भएको छ।

मुद्रण विभाग

सरकारी नीति, ऐन, नियम, अध्यादेश, सन्धि, सम्झौता, राजपत्र जस्ता महत्त्वपूर्ण सरकारी निर्णय, अन्य सरकारी दस्तावेजका साथै नेपाल सरकारको सुरक्षण मुद्रणको कार्य गर्न २०४९।५।२४ मा मुद्रण विभागको स्थापना भएको हो।

२३. **व्यावसायिक योजना -** सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको विभागले छपाइ कार्य व्यवस्थापन गर्न व्यावसयिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष विभागको प्रशासनिक तथा सञ्चालन खर्च रू.८ करोड ४४ लाख ४२ हजार रहेकोमा रू.१ करोड ८१ लाख ४२ हजार मात्र आम्दानी गरेको छ। विभागको हालको छपाइ तथा बाइण्डिङ दस्तुर २०६९।४।१ मा तोकिएकोमा सोभन्दा पछि नयाँ दस्तुर कायम गरेको देखिँदैन। त्यसै गरी विभागमा रहेको विभिन्न किसिमका छपाइ मेसिनहरू र जनशक्ति क्षमताअनुसार उपयोग नगरिएको, कार्यालय सञ्चालन गर्न कार्यालयको भवन पर्याप्त नभएको तथा नेपाल सकारका निकायहरूबाट हुने छपाइसम्बन्धी माग र प्रतिस्पर्धी बजारको अध्ययन गरी सोहीअनुसार व्यावसायिक योजना नबनाउँदा

व्यावसायिकता विकास हुन सकेको छैन। विभागले मेसिन, उपकरण र जनशक्तिको सदुपयोग गर्न व्यावसायिक योजना तयार एवं अन्य निकायसँग समन्वय गरी स्वनिर्भरका लागि पहल गर्नुपर्दछ।

सूचना तथा प्रसारण विभाग

विभागले नेपालसम्बन्धी विविध सूचनामूलक सामग्री प्रकाशन एवं वितरण गर्ने, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने, अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने लगायतका कार्य गर्दै आएको छ।

२४. **इजाजतपत्र नवीकरण** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६(१) र १६(४) बमोजिम म्याद भुक्तान भएपछि हरेक वर्ष इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्नसक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने र नियम १८ बमोजिम इजाजतपत्रमा उल्लिखित शर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार हालसम्म १ हजार १८७ एफ.एम. रेडियोले प्रसारण इजाजतपत्र प्राप्त गरेकोमा १०६ खारेज भएको, १ हजार ४७ प्रदेशमा गएको र बाँकी ३४ ले इजाजतपत्र नवीकरण गरेका छन्। अनलाइन न्यूजपोर्टलको संख्या गत वर्षसम्म १ हजार ५८३ रहेकोमा यो वर्ष २ हजार ७०६ पुगेको देखिन्छ। त्यसैगरी १८९ टेलिभिजन संस्थामध्ये ४१ टेलिभिजन संस्थाले इजाजतपत्र नवीकरण गराएका छैनन्। मन्त्रालयबाट इजाजतपत्र नवीकरण नगराउने संस्थाहरूको सम्बन्धमा छानबिन गरी नियमबमोजिम कारबाही गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सुधार भएको छैन। राष्ट्रिय प्रसारण नियमावलीबमोजिम नवीकरण नगराई २ संस्थाले सेवा नियमित रूपमा जारी राखेको देखिएकोले नवीकरण शुल्क रू.२० लाख र जरिबानासमेत असुल गर्नुपर्दछ।

२५. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुन आउने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। दुई प्रसारण संस्थाले २०७८।७९ को वित्तीय प्रतिवेदन अनुसार प्रसारण आम्दानी रू.२६ करोड १७ लाख ६५ हजारको २ प्रतिशतले हुने प्रसारण शुल्क रू.५२ लाख ३५ हजार र जरिबाना रू.५७ लाख ५९ हजार समेत रू.१ करोड ९ लाख ९४ हजार बुझाएको नदेखिएकोले सो रकम असुल गर्नुपर्दछ।

सुरक्षण मुद्रण केन्द्र

सुरक्षण मुद्रण केन्द्र, विकास समिति (गठन) आदेश, २०७३ बमोजिम यस केन्द्रको स्थापना भएको हो। सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेक बुक आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने काम यस केन्द्रलाई तोकिएको छ।

२६. **मुद्रण उपकरण खरिद तथा उपयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था

रहेको छ। केन्द्रले सुरक्षण मुद्रण छापाखानाको लागि बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चितताको लागि भवन निर्माण र मेसिन/उपकरण खरिदमा २०७७।७८ देखि २०७९।८० सम्मको लागि केन्द्रले रू.३३ अर्ब २ करोड लागत अनुमानसहितको खरिद योजना पेस गरेकोमा २०७७।३।२२ मा थप छलफल गर्नुपर्ने गरी मन्त्रिस्तरीय निर्णय भएको छ। बहुवर्षीय योजनाको रूपमा बजेट सुनिश्चित नगरी सालबसाली रूपमा खरिद कार्य गर्दा छापाखाना निर्माण कार्यमा प्रगति हुन सकेको छैन। बजेटको व्यवस्था गरी खरिद योजना स्वीकृत गराई समयमा नै छापाखाना निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। बहुवर्षीय परियोजनाको रूपमा स्वीकृत नभएको अवस्थामा समेत मेसिनरी तथा औजार खरिदमा गत वर्षसम्म रू.१ अर्ब ९५ करोड ९० लाख ८ हजार खर्च भएकोमा यो वर्ष रू.८६ करोड १६ लाख २३ हजारसमेत २०७९।८० सम्म रू.२ अर्ब ८२ करोड ६ लाख ३१ हजार खर्च भएको छ। साथै रू.३० अर्ब १९ करोड ९३ लाख ६९ हजारको कार्य हुन बाँकी रहेको देखिन्छ। यद्यपि खरिद भएको मेसिन/उपकरणको उपयोग नहुँदा खर्चको प्रभावकारिता देखिएको छैन।

२७. **अधुरा आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्ने तथा आवश्यकतानुसार कार्यान्वयन टोली गठन गर्नुपर्ने व्यवस्था छ। केन्द्रले यो वर्षसम्म न्यून भोल्टेज प्रणालीको स्तरोन्नति, अन्तःशुल्क टिकट छपाइ, वेभ अफसेट मेसिन खरिद, बहुउद्देश्यीय भवन लगायतका ७ कार्यको लागि रू.१ अर्ब ५१ करोड ८७ लाख २६ हजारको ठेक्का व्यवस्था गरेकोमा रू.८६करोड १६लाख २३ हजार खर्च भई रू.६५ करोड ७१ लाख ३ हजारको कार्य बाँकी रहेको छ। निर्माण तथा खरिद कार्य सम्पन्न नहुँदा योजनाहरू अधुरा अवस्थामा रहेका छन्।

२८. **उपकरणको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने उल्लेख छ। सुरक्षण मुद्रण केन्द्रको लागि यो वर्षसम्म जेनेरेटर खरिदमा रू.४८ करोड ७० लाख ६२ हजार, न्यून भोल्टेज प्रणालीमा रू.१५ करोड ७० लाख २ हजार, अन्तःशुल्क टिकट छपाइमा रू.६ करोड ८४ लाख ४६ हजार, इन्धन ट्याङ्की निर्माणमा रू.१८ करोड ७७ लाख ४६ हजार, गाडी खरिदमा रू.३ करोड २ लाख ६० हजार, कम्प्युटर प्लटर खरिदमा रू.२ करोड ४३ लाख ५७ हजार, हाई सेक्युरिटी डिजिटल प्रिन्टर प्रोडक्सन सिस्टम २ सेट, डाय कटिङ्ग मेसिन १, स्टोरेज ५, सर्भर २ को रू.७२ करोड ९० लाख ७० हजार, भवन निर्माण र कम्पाउण्डवाल निर्माणमा रू.४६ करोड ६० लाख ७४ हजार, प्याकेजिङ मेसिनमा रू.१९ करोड ७९ लाख, मूल भवनमा एयर कन्डिसन जडान कार्यमा रू.१ करोड ६९ लाख, वेभ अफसेट मेसिनमा रू.३४ करोड २३ लाख समेत रू.२ अर्ब ७० करोड ७१ लाख १७ हजार खर्च भएको छ। केन्द्रले भवनलगायतका निर्माण कार्य सम्पन्न नहुँदै मेसिन, उपकरण, सवारी साधन खरिद गरेको देखियो। मेसिन, उपकरण, औजार, उपयोगको सुनिश्चित गरी खरिद गर्नुपर्दछ।

२९. **जनशक्ति व्यवस्थापन -** सुरक्षण मुद्रण सञ्चालन गर्न कार्य प्रकृतिअनुरूप आवश्यक जनशक्ति दक्षता तथा कार्यबोझ विश्लेषणसहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गराउनुपर्नेमा केन्द्रले त्यसअनुरूप सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। केन्द्रमा यो वर्ष अधिकृत स्तरका ८ र सहायक स्तरका ३४ समेत ४२ पद अस्थायी दरबन्दी स्वीकृत भएकोमा पदपूर्ति भएको छैन। केन्द्रले आवश्यक जनशक्तिको व्यवस्थापन गरी छापाखाना सञ्चालनमा ल्याउनुपर्दछ।

३०. **अन्तःशुल्क टिकट छपाइ -** सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ बमोजिम सुरक्षण मुद्रण विकास समिति गठन भई सुरक्षण मुद्रणसम्बन्धी कार्य गर्न आन्तरिक राजस्व विभागबाट २०७९।५।२७ मा ४३ करोड ३२ लाख थान अन्तःशुल्क टिकट छपाइ तथा आपूर्ति गर्न केन्द्रलाई प्रारम्भिक कार्यादेश दिएकोमा केन्द्रले सञ्चालन-छपाइ-सेवा र आपूर्ति मोडेलमा बोलपत्रमार्फत खरिद कार्य गरी छपाइका लागि आवश्यक सामानहरू आपूर्ति गर्नुपर्ने र ११० दिनभित्र १ हजार थान अन्तःशुल्क टिकट नमुनाको रूपमा केन्द्रमा पेस गर्नुपर्ने प्रावधान सहित २०७९।०९।२८ मा एक आपूर्तकसँग रू.३८ करोड ६७ लाख १८ हजारको सम्झौता भएको छ। आन्तरिक राजस्व विभागले सम्झौतामा उल्लिखित शर्तका अतिरिक्त थप शर्त राखेकाले छपाइ कार्य हुन सकेको छैन। छपाइका लागि खरिद गरिएका कागज तथा मसी लामो समयसम्म राख्दा ओसका कारण बिग्रने अवस्था छ। साथै आपूर्तकलाई दिएको पेस्की रू.६ करोड ८४ लाख ४६ हजार जोखिममा परेको छ।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

सूचना प्रविधिको विकासका लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्याङ्क सङ्कलन गरी सूचना बैङ्कको रूपमा काम गर्ने, सरकारी कार्यालयको कम्प्युटर अभिलेखीकरण र सोको विकास एवं विस्तारमा सहयोग पुऱ्याउने र सूचना प्रविधिसम्बन्धी नीति र योजनाको विस्तार गर्ने लगायतका कार्य केन्द्रबाट हुँदै आएको छ।

३१. **सूचना प्रविधि नीति -** केन्द्रले दिगो, भरपर्दो र गुणस्तरीय सेवा प्रवाहको लागि सूचना प्रविधिसम्बन्धी सुरक्षा नीति, हार्डवेयर तथा सफ्टवेयर नीति, डाटाको गोपनीयता सम्बन्धी नीति, ब्याकअप नीति, पहुँच नीति, परिवर्तन व्यवस्थापन नीति, तेस्रो पक्ष उपयोग नीति तथा कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्नेमा उल्लिखित नीति तथा कार्यविधि तर्जुमा गरेको देखिएन। डाटा केन्द्र सञ्चालनको लागि पहुँचसम्बन्धी नीति नहुँदा सुरक्षा तथा गोपनीयता भङ्ग हुन सक्ने जोखिम रहेको साथै सेवा प्रवाहको निरन्तरतासम्बन्धी नीतिको अभावमा भविष्यमा गर्नुपर्ने कामको योजना तयार हुन नसकेको स्थिति छ। केन्द्रले प्रणाली व्यवस्थापनको लागि आवश्यक नीतिहरू तर्जुमा एवं स्वीकृत गराई लागु गर्नुपर्दछ।

३२. **गुणस्तर परीक्षण र स्तर निर्धारण** - केन्द्रले प्रदान गर्ने सेवाको अन्तर्राष्ट्रिय मापदण्डअनुसार परीक्षण गराई गुणस्तर निर्धारण गरेको हुनुपर्दछ। एकीकृत डाटा केन्द्र र डिजाष्टर रिकभरी केन्द्रले सञ्चालन प्रक्रिया र गुणस्तर सम्बन्धमा राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त स्वतन्त्र निकायबाट मान्यता प्राप्त नगरेको साथै टेलिकम्युनिकेसन्स इण्डष्ट्री एसोसिएसनबाट स्तर निर्धारण प्रमाणपत्र लिएको पाइएन। डाटा सेन्टरको पूर्वाधार वातावरण, सुरक्षा, पहुँच, प्रकोप व्यवस्थापन आदि दृष्टिकोणले प्राविधिक रूपमा सुरक्षित र सेवाको गुणस्तर अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहेको सम्बन्धमा आश्वस्त हुने अवस्था छैन। मान्यता प्राप्त स्वतन्त्र निकायबाट सरकारी एकीकृत डाटा केन्द्र र सोअन्तर्गत सञ्चालित डिजाष्टर रिकभरी केन्द्रको गुणस्तर परीक्षण गराई स्तर निर्धारणको प्रमाणपत्र लिने र मापदण्डहरूको पालना सम्बन्धमा आन्तरिक तथा बाह्य परीक्षण गराई सेवाको गुणस्तर कायम गर्नुपर्दछ।

३३. **इन्टरप्राइज ई-मेल सेवा -** सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५ को बुँदा नं. ३ मा प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नेम सहितको सरकारी ई-मेल व्यवस्था गर्नुपर्ने र सरकारी कामको लागि अनिवार्य रूपमा सरकारी ई-मेल

प्रयोग गर्नुपर्ने उल्लेख छ। सोही निर्देशिकाबमोजिम केन्द्रले यो वर्षसम्म २० हजार लाइसेन्स खरिद गरेकोमा प्रति लाइसेन्स रू.९ हजार ९०४ र सो को नवीकरण गर्दा प्रति लाइसेन्स रू.३ हजार १२२ खर्च भएको छ। यो वर्षसम्म ई-मेल बनाउनेको संख्या १९ हजार ९८७ रहेकोमा सोमध्ये १७ हजार ७७८ सक्रिय र २ हजार २०९ ईमेल खाता निस्क्रिय रहेका छन्। केन्द्रले खरिद गरेका २ हजार २०९ ई-मेल प्रयोग नहुँदा ई-मेल लाइसेन्स खरिद तथा नवीकरणबापत खर्च भएको रू.२ करोड ८७ लाख ७६ हजार खर्चको उपयोगविहीन देखिएको छ। निजामती किताबखानाको सूचना प्रणालीसँग आवद्धता स्थापित गरी सेवामा नरहेका कर्मचारी तथा निश्चित अवधिसम्म प्रयोगमा नआएका ई-मेल हटाउने संयन्त्र बनाई ई-मेल खाताहरूलाई नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ। यस्तो गुणस्तर सञ्चालन सरलीकरणमा समेत ध्यान पुऱ्याउनुपर्दछ।

३४. **कनेक्टिभिटी** - डाटा केन्द्र, प्रयोगकर्ता, डिजाष्टर रिकभरी केन्द्र तथा आम सरोकारवाला पक्षहरूबीच भरपर्दो सम्बन्ध स्थापित हुने गरी वैकल्पिक व्यवस्थासहितको भरपर्दो कनेक्टिभिटीको प्रबन्ध गर्नुपर्दछ। केन्द्रले ४६ सरकारी निकायलाई वितरण गरी कनेक्टिभिटीको लागि नेपाल टेलिकमबाट सिंहदरबार केन्द्रमा १.५ देखि २ जी.बी.पी.एस. सम्म गतिको इन्टरनेट सेवा वार्षिक रू.४ करोड २३ लाख ९४ हजार भुक्तानी गरी डाटा केन्द्र साथै वैकल्पिक व्यवस्थाको लागि निजी सेवाप्रदायकबाट १ जी.बी.पी.एस.को वार्षिक रू.१ करोड ५१ लाख २० हजार भुक्तानी भएको छ। इन्टरनेट सेवाको कटअफ र गतिको उतार चढावलाई कम गर्ने र गुणस्तर प्रभावकारी भए नभएको सम्बन्धमा अनुगमन गरेको देखिएन। सरकारी निकाय एवं अन्य सरोकारवालालाई उपलब्ध ब्याण्डविथ, माग र आपूर्तिको अनुपात मिलान हुने गरी कनेक्टिभिटीको व्यवस्था गर्नुपर्दछ।

३५. **उपकरणको उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोगको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्षसम्म केन्द्रले ६ प्रकारका ५३ थान सर्भर खरिदमा रू.५९ करोड ६६ लाख ५३ हजार खर्च गरेको छ। ती सर्भरको २२ हजार ८४८ जी.बी. च्याम र ७ लाख ८६ हजार ७१३ जी.बी. स्टोरेज क्षमता रहेकोमा सरकारी निकायमा १ हजार ९६ भर्चुअल सर्भर उपलब्ध गराएकोमा १७ हजार १५६ जी.बी. च्याम र ५ लाख २ हजार ५३२ जी.बी. स्टोरेजको मात्र उपयोग भै ५ हजार ६९२ जी.बी. च्याम र २ लाख ८४ हजार १८१ जी.बी. स्टोरेज क्षमताको उपयोग हुन सकेको छैन। एप्लिकेशन सर्भर डाटाबेस वा स्टोरेजमा समेत निर्भर हुने हुँदा उपकरणहरूको स्तरोन्नति वा विस्थापित गर्दा आवश्यकताको पहिचान गरी खरिद कार्य गर्नुपर्दछ।

३६. **कोलोकेसन सेवा** - केन्द्रले यो वर्षसम्म विभिन्न ७७ सरकारी निकायलाई सूचना प्रविधि प्रणालीसँग नेटवर्किङ्गबाट आबद्ध गरी सूचना भण्डारण, वेब एप्लिकेसन, वेब होस्टिङ्ग, ई-मेल आदि सेवा सञ्चालनको लागि विद्युत आपूर्ति, नेटवर्किङ्ग, इन्टरनेट, जनशक्ति आदि सुविधाहरू भएको भौतिक तथा विद्युतीय सुरक्षा सहितको सर्भर तथा यन्त्र उपकरण जडान गर्ने पूर्वाधार उपलब्ध गराउँदै आएको छ। केन्द्रले सेवा लिने निकायसँग सम्झौतासमेत नगरेकोले डाटा सेन्टरमा पहुँच, आचारसंहिता, यन्त्र उपकरणको ह्याण्डलिङ्ग, सुरक्षा, गोपनीयता जस्ता जोखिम रहेका छन्। कोलोकेसन सेवा सम्बन्धमा कानुनी व्यवस्था गरी निकायहरूलाई सम्झौताको आधारमा सेवा उपलब्ध गराउनुपर्दछ।

सङ्गठित संस्था, अन्य संस्था तथा समिति

नेपाल टेलिभिजन (२०७८।७९)

सञ्चार क्षेत्रमा टेलिभिजनको माध्यमबाट सूचना प्रवाह गर्ने, श्रव्य दृश्य माध्यममार्फत स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिक तथा नेपाली भाषा प्रेमीहरूलाई जनचेतनामूलक सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्ने एवं विकासका लागि सञ्चार गर्ने उद्देश्यले सञ्चार संस्था ऐन, २०२८ अन्तर्गत २०४१ सालमा यस संस्थाको स्थापना भएको हो। संस्थाको कुल शेयर लगानीमा नेपाल सरकारको शतप्रतिशत स्वामित्व रहेको छ। संस्थामा २५५ जना कर्मचारी कार्यरत रहेका छन्।

३७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा** - संस्थाको २०७९ आषाढ मसान्तमा शेयर पुँजी रू.३ अर्ब ७५ करोड १२ लाख, सञ्चित नोक्सान रू.२ अर्ब ६ करोड ३ लाख, जगेडा तथा अन्य कोष रू.१ लाख, नेपाल सरकारबाट प्राप्त दीर्घकालीन ऋण रू.३८ करोड र चालु दायित्व रू.१० करोड ३ लाख रहेको देखिन्छ। स्थिर सम्पत्ति रू.८१ करोड १३ लाख र चालु सम्पत्ति रू.१ अर्ब ९३ करोड ७१ लाखसमेत सम्पत्ति रू.२ अर्ब ७४ करोड ८४ लाख रहेको छ। यो वर्ष संस्थाको आम्दानी रू.६० करोड ७१ लाख रहेको छ। गत वर्षसम्मको सञ्चित नोक्सानी रू.१ अर्ब ९३ करोड ४० लाख रहेकोमा यो वर्ष रू.१२ करोड ६३ लाख थप भई हालसम्मको सञ्चित नोक्सानी रू.२ अर्ब ६ करोड ३ लाख पुगेको छ।

३८. **सञ्चालक समिति** - सञ्चार संस्थान ऐन, २०२८ बमोजिम दर्ता भई सञ्चालनमा रहेको नेपाल टेलिभिजनमा सोही ऐनको दफा १० बमोजिम सञ्चालक समितिमा संस्थानको महाप्रबन्धक, गैरसरकारी शेयर होल्डरहरूमध्येबाट साधारण सभाबाट निर्वाचित १, सरकारी शेयरबापत नेपाल सरकारले मनोनयन गरेको १, संस्थानको कार्यक्षेत्रसँग सम्बन्धित क्षेत्रमा ख्यातिप्राप्त व्यक्तिमध्येबाट नेपाल सरकारले मनोनयन गरेको १ र संस्थानमा काम गर्ने शेयर होल्डर कर्मचारीमध्येबाट निर्वाचित १ गरी ५ सदस्यीय सञ्चालक समिति रहने व्यवस्था छ। तर नेपाल टेलिभिजनको हालको सञ्चालक समितिमा नेपाल सरकारबाट मनोनित कार्यकारी अध्यक्ष, नेपाल सरकारबाट मनोनीत महाप्रबन्धक, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तर्फबाट मनोनीत सदस्य १, स्वतन्त्र विज्ञ सदस्य १ र नेपाल टेलिभिजनको तर्फबाट मनोनीत सदस्य १ गरी ५ सदस्यीय सञ्चालक समिति रहेको पाइयो । उल्लिखित ऐनको प्रावधान विपरीत सञ्चालक समिति गठन भएको देखिन्छ ।

३९. **बैङ्क मौज्दात** - टेलिभिजनको वर्षान्तको बैङ्क मौज्दात रू.१ अर्ब ३९ करोड ३ लाख रहेकोमा चल्ती तथा मुद्दती निक्षेप रू.२५ करोड २९ लाख र कल डिपोजिट रू.१ अर्ब १३ करोड ७४ लाख रहेको छ । उक्त निक्षेपमा उपदान कोषबापत नागरिक लगानी कोषमा जम्मा गरिएको रू.४१ करोड ६८ लाखसमेत समावेश छ ।

४०. **चुक्ता पुँजी** - संस्थाको अधिकृत तथा जारी एवं लिन मञ्जुर गरेको शेयर पुँजी १ करोड ५० लाख कित्ता साधारण शेयर प्रति कित्ता रू.१०० का दरले रू.१ अर्ब ५० करोड रहेको छ। वासलातबमोजिम संस्थाले रू.२ अर्ब २५ करोड १२ लाख अधिकृत तथा जारी पुँजीभन्दा बढी शेयर पुँजीबापत रकम प्राप्त गरेको र सो रकमलाई अग्रिम शेयर लगानी देखाएको छ।

४१. **दीर्घकालीन ऋण** - संस्थाले वर्षान्तसम्म ऋणको साँवा रू.३८ करोड एवं सोको ब्याज रू.१ करोड ९७ लाख तिर्नुपर्ने दायित्व अन्तर्गत रहेकोमा सम्झौताअनुसार नेपाल सरकारलाई बुझाउनुपर्ने किस्ता र ब्याज बुझाएको छैन। संस्थाले भू-उपग्रहमार्फत ५ च्यानलको प्रसारण, १९ भू-सतही केन्द्रको क्षमता स्तरोन्नति र भू-उपग्रहमार्फत प्रसारण गर्दा लागेको भाडा भुक्तानी गर्ने प्रयोजनको लागि यो वर्ष नेपाल सरकारबाट रू.१५ करोड ऋण प्राप्त गरेकोमा ऋण सम्झौताको शर्त विपरीत अडियो भिडियो उपकरण खरिदलगायत अन्य प्रयोजनको लागि रू.८ करोड ४१ लाख खर्च गरेको र एक बाणिज्य बैङ्कमा रू.२ करोड ७७ लाख जम्मा गरेको छ। ऋणको उपयोग शर्तबमोजिम गर्ने गरी नेपाल सरकारलाई बुझाउनुपर्ने किस्ता र ब्याज दाखिला गर्नुपर्दछ।

४२. **वित्तीय प्रतिवेदनमान -** नेपाल वित्तीय प्रतिवेदनमान-१ को परिच्छेद-२१ बमोजिम प्रथम पटक नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्दा कम्तिमा ३ वर्षको वित्तीय स्थितिको विवरण, २ वर्षको नाफा नोक्सानको विवरण, नगद प्रवाह विवरण, साधारण शेयरमा भएको परिवर्तन र लेखासम्बन्धी प्रमुख नीति तथा अनुसूचीहरू तयार गर्नुपर्दछ। तर संस्थाबाट पेस भएका वित्तीय विवरणहरू उक्त नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गरिएका छैनन्। वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

४३. **बक्यौता असुली** - संस्थाको यो वर्षसम्म लिनुपर्ने बाँकी रू.३७ करोड ३८ लाख रहेको छ। सो रकममध्ये रू.१३ करोड ५० लाख विगत धेरै वर्षदेखि संस्थाले प्राप्त गर्न बाँकी देखाउँदै आएको छ। बक्यौता असुल गर्न संस्थाले आवश्यक लक्ष्य निर्धारण गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

४४. **कर्मचारी र अन्य पेस्की** - संस्थाको कर्मचारी पेस्की रू.६३ लाख र अन्य पेस्की रू.३ करोड ७६ लाख फर्स्यौंट हुन बाँकी रहेको छ। सोमध्ये कर्मचारी पेस्की रू.५ लाख र अन्य पेस्की रू.१ करोड ५३ लाख गत वर्षदेखि नै फर्स्यौंट नभई बाँकी रहेको छ। संस्थाले पुराना पेस्की फर्स्यौंट नगरी थप पेस्की दिने गरेको छ। नियमानुसार पेस्की फर्स्यौंट गर्नुपर्दछ।

४५. **भू-उपग्रह भाडा** - संस्थाले आफ्ना ५ च्यानललाई भू-सतही प्रसारण गर्नको लागि १ विदेशी कम्पनीसँग सम्झौता गरी भू-उपग्रह भाडामा लिई ट्रान्सपोडर सर्भिस शुल्क भुक्तानी गर्ने गरेको छ। उक्त सम्झौता १० सेप्टेम्बर २०११ मा समाप्त भएकोमा सम्झौताको छैठौं संशोधन गरी सोही कम्पनीसँग पटक पटक म्याद थप गरी कारोबार गर्दै आएको छ। यस वर्षभरि नै सोही आपूर्तकबाट सेवा प्राप्त गरेकोमा २०७८।४।१८ देखि २०७८।११।२६ सम्म ७ महिनाको मात्र भू-उपग्रह भाडा रू.४ करोड ८० लाख खर्च लेखेको छ। नियमानुसार बोलपत्र माग गरी भू-उपग्रह सेवा प्रदायक छनोट गरी सेवा प्राप्त गर्ने र सेवा प्राप्त गरेको अवधिको खर्च लेखाङ्कन गर्नुपर्दछ।

४६. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्थाले वार्षिक कुल आम्दानीको २ प्रतिशत वा वार्षिक कुल नाफाको १० प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम नेपाल सरकारलाई प्रसारण शुल्कबापत बुझाउने व्यवस्था छ। यो वर्ष संस्थाको कुल सञ्चालन आय रू.५० करोड ५ लाख रहेकोमा सोको २ प्रतिशतले हुने रू.१ करोड प्रसारण शुल्क सरकारलाई बुझाएको नदेखिएकोले बुझाउनुपर्दछ।

४७. **कार्यक्रम अनुदान** - नेपाल सरकारबाट संस्थालाई यो वर्ष समावेशी प्रसारण, डिजिटल नेपाल प्रसारण, पहुँच वृद्धि र डिजिटाइजेशन शीर्षकअन्तर्गत स्वीकृत कार्ययोजनामा तोकिएका क्रियाकलापमा मात्र खर्च गर्ने र वर्षको अन्त्यमा बाँकी रकम फिर्ता गर्ने गरी रू.५ करोड ४२ लाख प्राप्त भएको छ। संस्थाले तोकिएका क्रियाकलापमा मात्र खर्च गर्नुपर्नेमा दैनिक कार्य सञ्चालन खर्चमा रू.५ करोड ३ लाख खर्च गरेको छ। यसरी उद्देश्य विपरीत खर्च गरिँदा स्वीकृत बजेट तथा कार्यक्रमको अपेक्षाअनुसार नतिजा प्राप्त हुन नसकेकोले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

४८. **आन्तरिक नियन्त्रण** - संस्थाले मूल्य अभिवृद्धि कर विवरण र वित्तीय विवरणबीच बिक्रीमा देखिएको फरक रू.१ करोड ४७ लाखको हिसाब भिडान विवरण तयार नगरेको, सस्पेन्स एकाउण्टमा २०७१।७२ देखि रू.१ करोड ४३ लाख जिम्मेवारी सारेको, ब्याज आम्दानी रू.१६ लाख बैङ्क मौज्दातमा नदेखिएको, कर्मचारी कल्याण कोष व्यवस्थामा रू.४ करोड १३ लाख देखाएकोमा सोको पुष्ट्याई हुन नसकेको, उपदान कोष व्यवस्था रू.५२ करोड ६१ लाख रहेकोमा वित्तीय विवरणमा रू.१० करोड ९३ लाखले घटी लेखाङ्कन गरेको लगायतका अवस्थाले संस्थाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ। अतः यसमा सुधार हुनुपर्दछ।

नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रूपमा २०५४ मा यस प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणको यो वर्षको खुद नाफा रू.२ अर्ब ८९ करोड ९३ लाखसहित यस वर्षसम्मको सञ्चित नाफा रू.११ अर्ब ८३ करोड ८१ लाख रहेको छ। यो वर्षको लेखापरीक्षणबाट दूरसञ्चार सेवाको अनुमतिपत्र नवीकरणबापतको राजस्व असुल हुनुपर्ने बेहोरा औँल्याइएपछि एक टेलिकम कम्पनीबाट २०८१।१।२५ मा रू.१९ अर्ब ८१ करोड १० लाख असुल भएको छ।

४९. **लगानी** – ग्रामीण दूरसञ्चार विकास कोष लगानी कार्यविधि, २०७९ को दफा ३ मा लगानीको क्षेत्र तथा स्रोत परिचालनको सीमा सम्बन्धमा उल्लेख छ। ग्रामीण दूरसञ्चार कोषतर्फ कल डिपोजिट खातामा वर्षान्तमा रू.९ अर्ब ४५ करोड १४ लाख ८७ हजार मौज्दात रहेकोमा रू.६ अर्ब ४० करोड मात्र लगानी भएको र रू.३ अर्ब ५ करोड १४ लाख ८७ हजार सोही खातामा मौज्दात रहेको देखिन्छ। सो रकमको ब्याजदर २.५ प्रतिशत देखि ३.०४ प्रतिशतसम्म रहेको छ। उक्त रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्दछ।

५०. **युनिफाइड लाइसेन्स दस्तुर** - दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ मा आधारभूत टेलिफोन सेवाको नवीकरण दस्तुरसम्बन्धी व्यवस्थाअनुसार अनुमतिपत्र प्राप्त गरेपछि दश वर्षको निमित्त सेवा प्रदायकले अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त प्रावधानअन्तर्गत अनुमतिपत्र लिएका २ सेवा प्रदायकले २०७९।८० सम्म दाखिला गर्नुपर्ने अनुमति दस्तुरको किस्ता रू.८ अर्ब ४० करोड दाखिला गरेका छैनन्। उक्त शुल्क असुल गर्नुपर्दछ।

५१. **ग्रामीण दूरसञ्चार दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने साथै तोकिएबमोजिम दस्तुर जम्मा नगरेमा वा नपुग देखिएमा सो रकममा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने उल्लेख छ। प्राधिकरणको निर्णयानुसार अनुमति प्राप्त १३ दूरसञ्चार सेवा प्रदायकलको २०७८।७९ को वार्षिक आय रू.१ अर्ब ७१ करोड ९१ लाख ५३ हजारको २ प्रतिशतले हुने शुल्क रू.३ करोड ४३ लाख ८३ हजार र जरिबाना रू.४१ लाख २५ हजारसमेत रू.३ करोड ८५ लाख ८ हजार उक्त कोषमा दाखिला गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

५२. **छुट दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा शुल्क, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउने उल्लेख छ। यो वर्ष १२ सेवा प्रदायक संस्थाले मर्मत र सपोर्ट चार्जलगायत बाहेकको आय रकममा मात्र दस्तुर बुझाएको देखियो। उल्लिखित आयमा गणना गर्न छुट भएको रू.६ अर्ब ६८ करोड ९१ लाख १३ हजारको २ प्रतिशतले हुने दस्तुर रू.१३ करोड ३७ लाख ८२ हजार र जरिबाना रू.२ करोड २५ लाख ६९ हजार समेत रू.१५ करोड ६३ लाख ५१ हजार असुल गरी ग्रामीण दूरसञ्चार कोषमा दाखिला गर्नुपर्दछ।

५३. **आय-व्यय विवरण -** दूरसञ्चार नियमावली, २०५४ को नियम ३३ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आय-व्ययको लेखापरीक्षण गराई प्राधिकरणसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्षसम्म १२५ सेवा प्रदायकलाई दूरसञ्चार सेवासम्बन्धी अनुमतिपत्र जारी गरेकोमा ३४ सेवा प्रदायकले नियमावलीमा भएको व्यवस्थाअनुरूप वार्षिक आय-व्ययको विवरण तथा सेवा शुल्कसमेत दाखिला गरेका छैनन्। सेवा प्रदायकले अनुमति पत्रमा उल्लिखित शर्तहरूको पालना नगरी दूरसञ्चार सेवा सञ्चालन गरेकोले दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजिम त्यस्तो सेवा प्रदायकलाई रू.५ लाखसम्म जरिबाना गरी कारबाही समेत गर्नुपर्दछ।

५४. **टेरामोक्स परियोजना –** प्राधिकरणले मोबाइल, टेलिफोन तथा इन्टरनेट सेवा प्रदायकको क्रियाकलापलाई अनुगमन नियमन तथा उपभोक्ताको हकहितको संरक्षणका लागि सेवा प्रदायकको कल ट्राफिक डिटेललाई मापन तथा अनुगमन गर्ने प्रणाली टेलिकम्यूनिकेशन ट्राफिक म्यानेजमेन्ट एण्ड एन्टी फर्ड सिस्टम(टेरामोक्स) खरिद कार्यको लागि एक परामर्शदातासे तयार गरेको अमेरिकी डलर ३ करोड २३ लाख ९० हजारको लागत अनुमानको आधारमा २०७४।६।२० मा खरिद प्रक्रिया अघि बढाएको देखियो। आशय पत्रमा ७० अङ्कभन्दा बढी प्राप्त गर्ने ४ परामर्शदाताको सूची तयार गरी प्रस्ताव माग गरेकोमा आशय पत्रमा उत्तीर्णाङ्क ७० कायम गर्दा प्रतिस्पर्धा सीमित भएको जनाई २०७६।१।२९ मा खरिद प्रक्रिया रद्द गरेको देखियो। खरिद प्रक्रिया रद्द गरेको विषय उत्प्रेषणको आदेशद्वारा बदर गरी बोलपत्र आह्वान भए बमोजिमको कानुनी प्रक्रिया पूरा गरी खरिद

प्रक्रिया सम्पन्न गराउनू भनी सर्वोच्च अदालतबाट २०७८।१।१४ मा परमादेश जारी भएको छ। प्राधिकरणको आवश्यकताबमोजिमको नवीनतम प्रविधिको टेरामोक्स प्राप्त गर्न तयार भएको प्राविधिक प्रस्तावमा परामर्शदाता सहमत भई ६ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी २०७८।१०।२४ मा अमेरिकी डलर २ करोड ३७ लाख ७० हजारको खरिद सम्झौता भएकोमा तोकिएको समयमा कार्यसम्पन्न नभएकोले १६ अप्रिल २०२४ सम्म म्याद थप भएको देखिन्छ। परामर्शदातालाई यो वर्ष रू.१ अर्ब १० करोड ६७ लाख ७ हजार भुक्तानी भएको छ। सार्वजनिक खरिदमा विधि र प्रक्रियाको पालना गर्नुपर्दछ।

५५. **मर्मत सम्भार शुल्क** - दूरसञ्चार नियमावली, २०५४ को नियम १५ मा ग्राहकलाई उपलब्ध गराएको दूरसञ्चार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरूप निःशुल्क मर्मत सम्भार गर्नुपर्ने तर दूरसञ्चार सेवा अन्तर्गत फिक्स्ड वायर ब्रोडब्याण्ड सेवा प्रदान गरेबापत लाग्ने महशुलमा बढीमा ५० प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्ने उल्लेख छ। नेपालमा यस्तो ब्रोडब्याण्ड सुविधा उपलब्ध गराउने इन्टरनेट सेवा प्रदायकहरू करिब १०० रहेकोमा नेपाल टेलिकमले ग्राहकबाट लिने ब्रोडब्याण्ड सेवाको ५० प्रतिशत मात्र मर्मत सम्भार शुल्क उठाएकोमा अन्य सेवाप्रदायकले शतप्रतिशत थप गरी संकलन गर्ने गरेकाले इन्टरनेट प्रयोगकर्ताहरूलाई अनावश्यक व्ययभार परेको छ। नियमावलीमा तोकिएभन्दा फरक एवं बढी मर्मत सम्भार शुल्क उठाएको सम्बन्धमा प्राधिकरणले अनुगमन गरेको छैन। नियमावलीले तोकेभन्दा फरक मर्मत सम्भार शुल्क लिएका सेवाप्रदायकहरूको कारोबारको यथार्थता यकिन गरी इन्टरनेट सेवाको मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५६. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली** - मोबाइल डिभाइस सुरक्षित गर्न, अवैध मोबाइल आयातमा नियन्त्रण गर्न प्राइमरी साइट कन्टेनर र सोभित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेण्ट सर्वर स्विच ऱ्याकलगायतका मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, सप्लाई, इन्स्टलेसन, कमिसनिङ्ग र अपरेसनसमेतको कार्य गर्न एक अन्तर्राष्ट्रिय परामर्शदाता उपक्रमसँग २०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सहायता गर्ने गरी २०७६।३।१९ मा अमेरिकी डलर ७० लाख ६६ हजार ८८८ को सम्झौता भएकोमा हालसम्म अमेरिकी डलर १६ लाख ६८ हजार ६५ भुक्तानी भएको छ। तोकिएको अवधिभित्र काम सम्पन्न नभई पटक-पटक गरी २०८०।१२।४ सम्मको म्याद तोकिएकोमा उक्त अवधिभित्र पनि सम्झौता अनुसारको हार्डवेयर खरिद तथा जडान कार्य सम्पन्न भएको छैन। यसरी पटक पटक म्याद थप गर्दा पनि आपूर्तकको ढिलाइका कारणबाट तोकिएको अवधिभित्र काम सम्पन्न नगरेकोले प्रचलित कानुन र सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्तिसहित कारबाही प्रक्रिया अघि बढाउनुपर्दछ।

५७. **अनुगमन** - नेपाल दूरसञ्चार प्राधिकरण (निरीक्षण तथा जाँचबुझसम्बन्धी कार्यविधि) विनियमावली, २०६८ बमोजिम आधारभूत दूरसञ्चार सेवा, मोबाइल सेवा, अतिरिक्त दूरसञ्चार सेवा, ग्रामीण दूरसञ्चार सेवा तथा अन्य दूरसञ्चार सेवाको सेवा प्रदायकले सञ्चालन गरेको सेवा वा गुणस्तरको अनुगमन गरी दूरसञ्चार सेवालाई नियमित र व्यवस्थित गर्नुपर्ने उल्लेख छ। यो वर्षसम्म दूरसञ्चार सेवाको अनुमति प्राप्त २५२ संस्थामध्ये प्राधिकरणले ३१ सेवा प्रदायक संस्थाको मात्र अनुगमन गरेको छ। नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी र प्राधिकरणलाई बुझाउनुपर्ने सेवा शुल्क नबुझाएको, सेवा प्रदायकले प्रदान गरेको सेवा प्राधिकरणले तोकेबमोजिम नरहेको, ग्राहकसँग गरिने सम्झौताका शर्त र सेवा शुल्क

सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन नगरेको, ग्राहकले आफूले चाहेको बखत आफैंले पासवर्ड परिवर्तन गर्न सक्ने व्यवस्था नभएको, आफ्नो वार्षिक आय-व्यय विवरण प्राधिकरणमा नबुझाएको तथा इन्टरनेटमार्फत वर्ल्डवाइड वेबमा लिखित सामग्री राख्दा पालना गर्नुपर्ने शर्त पूरा नगरेकोले दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) बमोजिम रू.५ लाखसम्म जरिबाना गरी कारबाही गर्नुपर्ने बेहोरा अनुगमन प्रतिवेदनमा उल्लेख भए तापनि कारबाही गरेको पाइएन। दूरसञ्चार सेवा प्रदायक संस्थाको नियमित अनुगमन गरी सेवाको गुणस्तर मापन गर्नुपर्दछ।

५८. **कोष परिचालन -** ग्रामीण दूरसञ्चार विकास कोषको सुरु मौज्दात रू.८ अर्ब १५ करोड १४ लाख र यो वर्षको आम्दानी रू.२ अर्ब ३३ करोड ३३ लाखसमेत रू.१० अर्ब ४८ करोड ४७ लाखमध्ये रू.२८ करोड ३० लाख खर्च भई रू.१० अर्ब २० करोड १७ लाख मौज्दात रहेको छ। उक्त कोषबाट अप्टिकल फाइबर बिछ्याउन र लक्षित समूहसम्म निःशुल्क इन्टरनेट सेवा पुऱ्याउनेसमेत २ परियोजनाको लागि प्राधिकरणले यो वर्षसम्म विभिन्न सेवाप्रदायकसँग २३ प्याकेजमा रू.१५ अर्ब ६४ करोड २० लाख ९७ हजारको सम्झौता गरेको देखिन्छ। सेवाप्रदायकहरूलाई यो वर्षसम्म रू.७ अर्ब ७३ करोड ५१ लाख भुक्तानी भएकोमा सूचना महामार्गको ३ वटा प्याकेजबाहेक २० वटा प्याकेजको कार्य सम्पन्न भएको छ। बाँकी ३ वटा प्याकेजको कार्यसम्पन्न भएको छैन।

५९. **अप्टिकल फाइबर -** प्राधिकरणले ग्रामीण दूरसञ्चार कोषको परिचालन गरी मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम, नगरपालिका, उत्तरदक्षिण जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउन र राष्ट्रिय सूचना महामार्ग निर्माणसम्बन्धी कार्यलाई ३ खण्डमा विभाजन गरेको छ। कोशी, मधेश र बागमती प्रदेशको एक खण्ड, गण्डकी र लुम्बिनी प्रदेशको एक खण्ड र कर्णाली एवं सुदूरपश्चिम प्रदेशको एक खण्डसमेत ३ खण्डको लागि २ सेवा प्रदायक संस्थासँग रू.८ अर्ब ९ करोड ५६ लाख ५९ हजारको सम्झौता भएको छ। खरिद सम्झौताअनुसार उक्त कार्य २ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा निर्माण कार्य सम्पन्न भएको छैन।

५९.१ मध्यपहाडी लोकमार्गअन्तर्गत पाँचथर जिल्लाको चियो भन्ज्याङ्गदेखि गोरखाको आरुघाटसम्म एवं कोशी, मधेश र बागमती प्रदेशको केही भागको २ हजार १७९ किलोमिटर लम्बाइ र राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण गर्न एक सेवा प्रदायक संस्थाले ५ निर्माण व्यवसायीसँग २०७३।६।१२ मा रू.३ अर्ब ७ करोड ७५ लाख ५९ हजारको सम्झौता गरेको र उक्त संस्थालाई मोबिलाइजेसन पेस्की रू.६१ करोड ५५ लाख १२ हजार उपलब्ध गराएको छ। हालसम्म १ हजार ३८३ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको र ६४३ किलोमिटर खण्डमा क्षेत्र परिवर्तन गर्नुपर्ने जनाएको छ। साथै माइक्रोवेभको स्थान टुङ्गो लगाएको समेत देखिएन। बागमती प्रदेशअन्तर्गतको ठेक्का प्याकेजमा कार्य प्रगति शून्य देखिएकोले सो बाहेक अन्य निर्माण कार्यको २०८०।१।५ सम्म म्याद थप गरेको देखिन्छ। सम्झौता अनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

५९.२ गोरखा जिल्लाको आरुघाटदेखि गण्डकी प्रदेश र लुम्बिनी प्रदेश खण्डमा २ हजार १६० किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण गर्न एक सेवा प्रदायक संस्थासँग रू.२ अर्ब १ करोडको कार्य २ वर्षभित्र सम्पन्न गर्ने गरी २०७४।१।२५ मा सम्झौता भएको छ। उक्त सेवा प्रदायकले निर्माण कार्य नगरी प्रगति शून्य रहेकोले प्राधिकरणले म्याद थप नगर्ने निर्णय गरेकोमा उक्त निर्णय बदर गर्न

सेवा प्रदायकले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको देखिन्छ। रिट निवेदनको टुङ्गो नलागेसम्म म्याद थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भई मुद्दा अदालतमा विचाराधीन रहेको छ। निजको कार्यसम्पादन जमानत रू.१० करोड ५ लाख र मोबिलाइजेसन पेस्की जमानत रू.४० करोड २० लाखको म्याद २०७६।५।१४ मा समाप्त भइसकेकोले उक्त रकम जोखिममा परेको छ।

५९.३ कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म १ हजार ९९२ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यका लागि २०७६।९।१८ मा एक सेवा प्रदायक संस्थासँग रू.३ अर्ब ८१ लाखको सम्झौता भएको देखिन्छ। सम्झौताअनुसार २ वर्ष भित्र उक्त कार्य सम्पन्न गर्नुपर्नेमा ए.डी.एस.एस. ३०९ किलोमिटर कार्य सम्पन्न भएको, डी.डब्लू.डी.एम. प्रणाली २६ मध्ये २३ सम्पन्न भएको, माइक्रोवेभ २१ स्थानमा जडान गर्नुपर्नेमा जडान नभएको र ४६ मध्ये ७ स्थानमा राउटर जडान हुन बाँकी रहेको प्रगति विवरण पेस भएको छ। सम्झौता अनुसार तोकिएको समयावधिमा कार्य सम्पन्न गराउनुपर्दछ।

६०. **ब्रोडब्याण्ड इन्टरनेट सेवा -** ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी ७४ जिल्लाका ७०८ स्थानीय तह, ५ हजार ९३३ वडा कार्यालय, ५ हजार ३१८ माध्यमिक विद्यालय, ४ हजार २४९ स्वास्थ्य संस्थासमेत १६ हजार २०८ संस्थामा इन्टरनेट सेवा उपलब्ध गराएको छ। २०७२ सालको भूकम्पबाट अति प्रभावित ८ जिल्ला (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानीय तह, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्थासमेत ४ हजार २५१ संस्थामा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गर्न ७३ स्थानीय तहसँग समझदारी भएकोमा २ हजार १८२ संस्थामा मात्र कार्य सम्पन्न भएको, आधारभूत विद्यालयमा इन्टरनेट सेवा ६५६ स्थानीय तहमा जडान गर्ने कार्क्रममध्ये ३३४ सँग समझदारी भई हालसम्म ३ हजार ३५० संस्थामा इन्टरनेट सेवा जडान भएको प्रगति विवरणमा उल्लेख छ।

ब्रोडब्याण्ड नीति, २०७१ ले सन् २०२० सम्म सबै स्थानीय तह, सरकारी अस्पताल र कम्तीमा ८० प्रतिशत स्वास्थ्य चौकीमा ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने लक्ष्य राखेकोमा हालसम्मको प्रगति अवस्था खुल्ने विवरण पेस भएन। सेवा प्रदायक संस्थासँग भएको सम्झौता अनुसार ४१ जिल्लामा ५१२ के.बी.पी.एस. र ३३ जिल्लामा १ एम.बी.पी.एस. गतिको इन्टरनेट सेवा २ वर्षसम्म निःशुल्क उपलब्ध गराए तापनि अनुगमन प्रतिवेदनमा इन्टरनेटको गति कम भएको बेहोरा औँल्याएकोमा सेवा प्रवाहमा असर परेको छ। ग्रामीण समुदायको आवश्यकताको आधारमा समयमा नै भरपर्दो एवं सुरक्षित ब्रोडब्याण्ड पूर्वाधार तथा सेवाको विकास एवं विस्तार गर्नुपर्दछ।

६१. **जग्गा खरिद –** नेपाल दूरसञ्चार प्राधिकरणको लागि जग्गा खरिद गर्न यो वर्ष रू.२ अर्ब ६४ करोड खर्च लेखी दायित्वमा राखेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार रेडियो प्रसार सेवा विकास समितिको नाममा रहेको ललितपुर महानगरपालिका वडा नं. १५ खुमलटार स्थित ८३ नम्बर कित्तामा रहेको ४१ रोपनी ४ आना जग्गा प्रति आना रू.४० लाखका दरले नेपाल दूरसञ्चार प्राधिकरणको नाममा स्वामित्व हस्तान्तरण गरी लिने प्रक्रिया अगाडि बढेकोमा उल्लिखित जग्गाको स्वामित्व हस्तान्तरण भएको छैन।

६२. **वितरणमुखी खर्च** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले सरकारी रकम खर्च गर्नुपर्ने उल्लेख छ। प्राधिकरणले अन्य सेवा प्रदायकले प्रदान गरेको सेवालाई स्वचालित, भरपर्दो र विश्वसनीय बनाउने कार्य गर्नुपर्नेमा विभिन्न गैरसरकारी संस्था, निजी संस्थाको कार्यक्रम प्रायोजन गरेको, विभिन्न जिल्लामा कम्प्युटर तथा मोबाइल मर्मत सम्बन्धी तालिम दिएको, विभिन्न निजी संस्थाहरूले सम्पादन गरेको कार्यमा सुसूचित गरेको उल्लेख गरी ९० सेवाप्रदायकलाई रू.४ करोड २१ लाख ७९ हजार भुक्तानी दिएको छ। यसैगरी विज्ञापनबापत ४१६ सेवाप्रदायकलाई रू.२ करोड ३४ लाख ३८ हजार भुक्तानी भएको छ। ती कारोबारहरूमा खर्च गर्ने आधार र मापदण्ड नबनाएको, पटके रूपमा निश्चित वर्ग र क्षेत्रलाई मात्र फाइदा पुग्ने गरी रकम खर्च गरेको र प्रतिस्पर्धा बेगर खर्च गरेको अवस्था छ। यस प्रकारको कार्य पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

६३. **भू-उपग्रह प्रक्षेपण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (३) बमोजिमको पेस भएको रनिङ बिल वा अन्य कुनै बिल बीजक र कागजात सम्बन्धित अधिकारीले ३० (तीस) दिनभित्र स्वीकृत गरी खरिद सम्झौताअनुसार भुक्तानी गर्नुपर्ने उल्लेख छ। भू–उपग्रह प्रक्षेपणको सम्भाव्यता अध्ययनका लागि २०७९।३।२० मा एक विदेशी कम्पनीसँग ४ वर्षको सम्झौता अवधि रहने गरी अमेरिकी डलर १४ लाख ७० हजारमा सम्झौता भएको छ। सम्झौतामा डिजाइन, कन्ट्रयाक्टिङ्ग, म्यानुफ्याक्चरिङ्ग, लास लन्चिङ्ग र सञ्चालनको कार्य सम्झौता भएको मितिले १८० दिनभित्र सम्पन्न गर्ने व्यवस्था रहेकोमा ती कार्य नहुँदा तोकिएको समयमा लक्ष्य हासिल हुने देखिँदैन।

६४. **सम्पत्ति व्यवस्थापन** - दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी नीति, २०७३ मा प्रत्येक वर्षको निमित्त सेवा प्रदायकले आधारभूत टेलिफोन सेवाको नवीकरण अनुमतिपत्र प्राप्त गरेको वर्षदेखि नै तोकिएको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ। अनुमतिपत्रको नवीकरणको लागि कुल रू.२० अर्ब १३ करोड २७ लाख ५० हजार दाखिला गरेपश्चात् मात्र नवीकरण गरिने उल्लेख छ। एक दूरसञ्चार सेवा प्रदायक कम्पनीले किस्ताबन्दीअनुसारको दशौं किस्तासम्मको रू.६ अर्ब २५ करोड दाखिला गर्न बाँकी रहेको छ। उक्त कम्पनीको अन्तिम किस्ताबापत रू.१३ अर्ब १३ करोड दाखिला नगरेकोले दूरसञ्चार ऐन, २०५३ को दफा २५(५) बमोजिम २०८०।१।२ मा अनुमतिपत्र स्वतः रद्द भएको छ।

अनुमतिपत्र बहालमा नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्था नियमावली, २०७९ को नियम ३७ अनुसार सम्पत्तिको मूल्य निर्धारण गर्न विभिन्न मितिमा सूचना जारी भई नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा २५ अनुसार प्राधिकरणबाट दूरसञ्चार सेवाको अनुमति प्राप्त गरी स्वतः खारेज भएका दूरसञ्चार सेवा प्रदायकहरूको सम्पत्ति व्यवस्थापन गर्न विभिन्न व्यक्ति तथा निकायबाट प्राप्त निवेदनको मूल्याङ्कन गर्न मूल्याङ्कन समिति गठन भई सो समितिबाट मूल्याङ्कन गरी सिफारिस एवं प्रतिवेदन पेस भएको देखियो। मूल्य निर्धारण समितिका लागि मूल्याङ्कन समितिबाट सिफारिससहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नुपर्ने व्यवस्था भएअनुसार उक्त सिफारिससहितको प्रतिवेदन आवश्यक निर्णयका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेस गरेको छ। दूरसञ्चार ऐन, २०५३ को दफा ३३ अनुसार पूर्वाधार निर्माण र सञ्चालनको अवधि समाप्त हुने अवस्थामा रहेका सेवा प्रदायकहरूको व्यावसायिक क्रियाकलापको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा १ वैशाख २०६१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई कम्पनीले दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ। कम्पनीमा नेपाल सरकारको ९१.५० प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत एवं सर्वसाधारणको ८.४७ प्रतिशत शेयर स्वामित्व रहेको छ। कम्पनीमा नेपाल सरकारले नियुक्त गरेको अध्यक्ष, नेपाल टेलिकम, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, सर्वसाधारण शेयरधनी र कर्मचारी प्रतिनिधि रहने गरी सञ्चालक समिति गठन गरिने व्यवस्था छ। कम्पनीमा ३ हजार ८७५ जना कर्मचारी कार्यरत रहेका छन्। कम्पनीअन्तर्गत ७ प्रादेशिक निर्देशनालय र १६२ ग्राहक सेवा केन्द्र सञ्चालनमा रहेका छन्।

६५. **वित्तीय अवस्था विश्लेषण -** कम्पनीको शेयर पुँजी रू.१८ अर्ब र जगेडा कोष रू.७५ अर्ब ९४ करोड ५० लाखसमेत कुल पुँजी रू.९३ अर्ब ९४ करोड ५० लाख रहेको छ। चालु दायित्व तथा व्यवस्था रू.३९ अर्ब ८४ करोड रहेको छ। कम्पनीको कुल आम्दानी गत वर्ष रू.४४ अर्ब ३७ करोड रहेकोमा यो वर्ष ०.११ प्रतिशतले वृद्धि भई रू.४४ अर्ब ४२ करोड पुगेको छ। कम्पनीको नाफा गत वर्ष रू.८ अर्ब ४७ करोड ७ लाख रहेकोमा यो वर्ष ६.५० प्रतिशतले न्यून भई रू.७ अर्ब ९२ करोड १ लाख रहेको छ। कम्पनीको नगद तथा बैङ्क मौज्दात, मुद्दती निक्षेप तथा बण्डहरूमा लगानी २०७९ आषाढ मसान्तमा रू.७४ अर्ब ८७ करोड मौज्दात रहेकोमा २०८० आषाढ मसान्तमा रू.७५ अर्ब ९१ करोड रहेको छ।

६६. **अनुपात विश्लेषण -** कम्पनीको मुख्य वित्तीय सूचकाङ्क देहायअनुसार रहेको छः

क्र.सं.	अनुपात	एकाइ	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
१	खुद नाफा	अर्ब	९.७६	९.१७	७.१२	८.४७	७.९२
२	इक्विटीमा लाभ	प्रतिशत	१०.६२	१०.५४	७.९५	८.८९	८.४३
३	चालु अनुपात	अनुपात	३.०४	२.०१	१.६६	१.६०	१.६५
४	प्रतिशेयर आम्दानी	रू.	६५.०५	६१.१५	४७.५३	४७.०६	४४.००
५	शेयर मूल्य आम्दानी अनुपात	अनुपात	१०.६५	१३.००	२७.६४	१८.६८	२०.६१
६	कर्मचारी सङ्ख्या	सङ्ख्या	४,१७९	४,०८२	३,९५७	३,८१८	३,८७५
७	खुद नाफा अनुपात	प्रतिशत	२२.२६	२१.२६	१६.८९	१९.०९	१७.८३

उल्लिखित तालिकाअनुसार खुद नाफा, इक्विटिमा लाभ, प्रतिशेयर आम्दानी र खुद नाफा अनुपात अघिल्लो वर्षभन्दा घटेको देखिएकोले प्रभावकारी कार्ययोजनासहित कम्पनीको वित्तीय अवस्थामा सुधार गर्नुपर्दछ।

६७. **आम्दानी -** कम्पनीको गत वर्षको तुलनामा यस वर्ष कुल आम्दानीमा ह्रास आए तापनि प्रति प्रयोगकर्ता औसत आम्दानी वृद्धि भएको छ। प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको सङ्ख्या बढ्दै गएकोले ग्राहकलाई तीव्र गतिको डाटा सेवा उपलब्ध गराउन अन्य सेवा प्रदायकसँग प्रतिस्पर्धा गर्नुपरेको छ। कम्पनीले फोरजी/एल.टी.ई. र एफ.टी.टी.एच. सेवा विस्तार गरेका कारण प्रति ग्राहक आम्दानी बढेको देखिन्छ। कम्पनीले प्रदान गरेको विभिन्न सेवाका प्रति ग्राहक आम्दानी निम्नानुसार रहेको छः

क्र.सं.	सेवा	२०७९।८० को कुल आम्दानी (रू. हजारमा)	कुल ग्राहक सङ्ख्या	औसत प्रति ग्राहक आम्दानी (रू.)		थप/(घट) प्रतिशत
				२०७९।८०	२०७८।७९	
१.	वाइम्याक्स	१४	-	-	५२४.८६	-
२.	जी.एस.एम.	२८,२७,५१,३४	२,०३,९४,९५३	१,३८६.३८	१,३६३.८६	१.६५
३.	सी.डी.एम.ए.	२,१८,४८	१,३६,५७३	१५९.९७	१४१.७९	१२.८२
४.	ए.डी.एस.एल्	१८,२५,१२	४३,८५४	४,१६१.८२	४,३१६.९२	(३.५९)
५.	एफ.टी.टी.एच.	१,५७,१०,५७	२,४८,३८५	६,३२५.०९	२९२६.७७	११६.११

यस वर्ष फोरजी/एलटीई सेवाको विस्तार गर्दै लगेको अवस्थामा समेत कम्पनीले ए.डी.एस.एल. सेवाको आम्दानी तथा ग्राहक सङ्ख्यामा अपेक्षाकृत वृद्धि गर्न सकेको छैन। टेलिकमको सो सेवाबाट प्राप्त हुने औसत प्रति ग्राहक आम्दानी न्यून मात्रामा मात्र वृद्धि भएको छ। कम्पनीले नयाँ प्रविधिको प्रयोग र समयमै योजना कार्यान्वयन गरेर ग्राहकको मागअनुसारको सेवा विस्तार गरी आम्दानी वृद्धि गर्नुपर्ने देखिन्छ।

६८. **एक्च्युरियल मूल्याङ्कन** - कम्पनीको यो वर्ष रू.२ अर्ब ८२ करोडको एक्च्युरियल नोक्सानी रहेकोमा २०७२।७३ देखिको कुल नोक्सानी रू.१२ अर्ब २७ करोड रहेको छ। कम्पनीले पहिचान गरेको एक्च्युयरियल नोक्सानको सम्भावित प्रभावलाई विचार नगरी कर्मचारीहरूलाई बोनस र प्रोत्साहन वितरण गरेको छ। कम्पनीको घट्दोक्रममा रहेको लाभको प्रवृत्तिलाई विचार गरी सेवानिवृत्त सुविधा भुक्तानीको लागि दायित्वको सम्भावित जोखिम न्यून गर्न कम्पनीले एक स्वायत्त अवकाश कोष स्थापना गरी सेवानिवृत्त सुविधा भुक्तानीसँग सम्बन्धित सबै दायित्व हस्तान्तरण गर्नुपर्दछ।

६९. **फाइब जी प्रविधिको कार्यान्वयन** - विश्वका विभिन्न देशले फाइब जी प्रविधिमा आधारित मोबाइल सेवा शुरू गर्न थालिसकेका छन्। कम्पनीले यो वर्ष फाइब जी प्रविधिको उपयोगिता परीक्षण गर्नको लागि रू.१ करोड ८४ लाख ३८ हजार खर्च गरे तापनि फाइब जी कार्यान्वयनको आवश्यकताको मूल्याङ्कनमा प्रभावकारी प्रगति गर्न सकेको छैन। प्रविधिमा आएको परिवर्तन, प्रतिस्पर्धाको अवस्था, फाइब जी प्रविधि कार्यान्वयनको ढिलाइबाट भविष्यमा आउन सक्ने चुनौती र राजस्व प्राप्तिमा पर्न सक्ने प्रभावसमेतलाई ध्यान दिई कम्पनीले प्रविधिको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७०. **फोर जी एल.टी.ई. परियोजना** - यस परियोजना सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७०.१ कम्पनीले आफ्नो व्यवसायलाई सुदृढ र विस्तार गर्न राष्ट्रव्यापी रूपमा फोरजी एल.टी.ई. नेटवर्कमा निश्चित समय तथा गुणस्तरको अधीनमा रही लगानी गरेको छ। सोअन्तर्गत कोर, रेडियो एक्सेस नेटवर्क प्रथम तथा दोस्रो संरचनाको लागि रू.१९ अर्ब ६८ करोड (भन्सार र कर बाहेक) को खरिद सम्झौता भएको छ। सम्झौताअनुसार आयोजना २०७६ माघ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०७८ चैत्र मसान्तसम्म म्याद थप भए तापनि सम्पन्न नभएको एवं म्याद थप समेत भएको छैन। कम्पनीले २०८० आषाढ मसान्तसम्ममा रेडियो एक्सेस नेटवर्क प्रथम तथा दोस्रोसँग सम्बन्धित रू.१५ अर्ब ५ करोड पुँजीकरण गरेको छ। परियोजना सम्पन्न हुन ढिलाइ भएकोमा लगाउनुपर्ने क्षतिपूर्ति रकमको परिमाण निर्धारण गरेको छैन र बिक्रेतालाई शुल्क पनि लगाएको छैन। ठेक्का अवधि सकिएपछि कुनै निर्णय नगरी सोही बिक्रेतालाई निरन्तरता दिएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

७०.२ एल.टी.ई. नेटवर्कअन्तर्गत २०७९।८० मा ४ हजार १८६ साइटमध्ये रू.१५ अर्ब ५ करोडको ४ हजार (९५.५६ प्रतिशत) साईट निर्माण र पुँजीकरण भएको छ। प्रत्येक साइटमा सेवा र सामग्री लागतको मूल्य प्रमाणित गर्न पर्याप्त र उपयुक्त प्रमाणहरू उपलब्ध हुन नसकेकोले संस्थाको समग्र वित्तीय विवरणमा असर गरेको छ।

७१. **फाइबर टु दि होम सेवा -** यो वर्षको बजेट वक्तव्यमा ६० हजार नयाँ एफ.टी.टी.एच. वितरण गर्ने लक्ष्य राखिएकोमा १८ हजार ९९२ (३१.६५ प्रतिशत) मात्र वितरण भएको छ। फाइबर टु दि होम सेवा विस्तारमा अपेक्षित प्रगति नहुँदा ग्राहकको बढ्दो माग रहेको प्याकेज सेवा (भ्वाइस सेवा र आई.पी.टी.भी.) विस्तारको अवसरलाई समेत उपयोग गर्न सकेको छैन। जसबाट आय वृद्धि, ग्राहकको टिकाउ र सेवाको भावी विस्तारलगायतका कार्ययोजनामा प्रभाव परेको देखिन्छ। त्यस्तै पी.एस.टी.एन. र ए.डी.एस.एल. बाट फाइबर टु दि होम सेवामा २ लाख ४० हजार ग्राहकहरूको रूपान्तरण गर्ने लक्ष्य रहेकोमा ८७ हजार १९५ (३६.३३ प्रतिशत) ग्राहक आबद्ध भएका छन्। पी.एस.टी.एन. र ए.डी.एस.एल. को परम्परागत प्रयोगलाई प्रतिस्थापन गर्दै बजारमा नयाँ र अद्यावधिक गरिएको फाइबर टु दी होम सेवालाई व्यावसायिक/रणनीतिक योजना अवलम्बन गरी कार्य गर्नुपर्दछ।

७२. **सेवाको व्यवस्थापन र गुणस्तर -** उचित सञ्चालन तथा गुणस्तरीय सेवाको लागि व्यवस्थित सेवाले दूरसञ्चार क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। व्यवस्थित सेवाको लागि कम्पनीले गत वर्ष रू. ६१ करोड ३० लाख र यो वर्ष रू.४२ करोड ७० लाख खर्च गरेको छ। कम्पनीमा रहेको पूर्वाधार उपकरणको उचित र समय सापेक्ष व्यवस्थापन गर्न एक विदेशी सेवा प्रदायकलाई दिएको कार्यादेशअनुसारको मर्मत कार्य समयमा नहुँदा विभिन्न सेवा अवरूद्ध भए तापनि सम्झौताको व्यवस्थाअनुसार दैनिक ३०० देखि ५०० अमेरिकी डलर जरिबाना नलिएको साथै सम्झौताअनुसार पर्याप्त कामदारहरू नराखेको, मर्मतको लागि आवश्यक औजार/उपकरण पर्याप्त नभएको जस्ता समस्या रहेको देखिन्छ। सेवाको गुणस्तर सुनिश्चित गर्न सेवा प्रदायकद्वारा पेस गरिएको मुख्य कार्यसम्पादन सूचक विश्लेषण गरी सेवा अवरूद्ध भएको अवधिको भुक्तानी कट्टा गर्ने र ग्राहक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्दछ।

७३. **कन्भरजेन्ट रियल टाइम बिलिङ -** कम्पनीले आफ्नो आम्दानीको हिसाब गर्न, बिल जारी गर्न र रेकर्ड राख्न हाल वारेन्टी अवधिअन्तर्गत रहेको कन्भरजेन्ट रियल टाइम बिलिङको प्रयोग गर्दै आएको छ। उक्त सफ्टवेयरको सञ्चालनको लागि विद्युत कर्मचारीहरूलाई बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म परिचालन गरिएको कम्पनीले जनाएको छ। यो वर्ष कन्भरजेन्ट रियल टाइम बिलिङ प्रणाली सफल रूपमा सञ्चालन हुन नसकेकोले करिब रू.५२ लाख ६७ हजार राजस्व गुमेको छ। ६ महिना अघिसम्मको ब्याकअप डाटा पुनः प्राप्त गर्न नसकिएका कारण यथार्थ बिलिङ सुनिश्चित गर्न सकेको छैन। संस्थाले भविष्यमा हुने नोक्सानीलाई न्यूनीकरण गर्न प्रणालीको प्रभावकारिता सुनिश्चितता गर्नुपर्दछ।

७४. **बिलिङ सफ्ट्वेयर -** बिलिङ सफ्ट्वेयर स्तरोन्नति कार्यबापत हालसम्म अमेरिकी डलर ५७ लाख ९२ हजार खर्च भएकोव देखिन्छ। सोसम्बन्धी ठेक्का फाइल पेस नभएकोले सोको लागत अनुमान,

सम्झौता प्रक्रिया, सम्झौता रकम, सम्झौता पालना स्थिति, भुक्तानीका शर्तलगायतका पक्षमा विश्लेषण गर्न सकिएन।

७५. **सोझै खरिद -** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावलीको विनियम ११८ अनुसार प्रबन्ध निर्देशकले रू.१५ करोडसम्मको सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको छ। कम्पनीले यो वर्ष कुल १ लाख ८१ हजार एम.बी.पी.एस. इन्टरनेट ब्यान्डविथको प्रति महिना प्रति एम.बी.पी.एस. अमेरिकी डलर ५.८५ का दरले हुने रू.१ अर्ब ५८ करोड ८५ लाखको खरिद गरेको छ। उक्त खरिदमध्ये कम्पनीले इन्टरनेट ब्यान्डविथ आपूर्ति गर्न ३ विदेशी कम्पनीबाट ४ पटक गरी वर्षभरिमा रू.४० करोड २३ लाख १२ हजारको विनियमावलीले तोकेको सीमाभन्दा बढीको सोझै खरिद गरेको छ। कम्पनीले २०८०।८१ मा सोही प्रकारको इन्टरनेट प्रति महिना प्रति एम.बी.पी.एस. अमेरिकी डलर १.९४ ले खरिद गरेको देखिँदा अन्तर्राष्ट्रिय बजारमा इन्टरनेट ब्यान्डविथको मूल्य घट्दै गएको देखिन्छ। कम्पनीले समयमा ठेक्का व्यवस्थापन र बजार विश्लेषण गरी प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्नेमा साविकको टेण्डर दरमा नबढ्ने गरी विनियमावलीले तोकेभन्दा बढीको सोझै खरिद गरेको देखियो। खरिद कार्यलाई कानुनसम्मत, प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

७६. **अपलेखन -** कुनै सम्पत्तिको बेचबिखन वा प्रयोगबाट थप आर्थिक लाभ लिन नसक्ने अवस्था रहेमा त्यस्तो सम्पत्तिलाई आफ्नो वित्तीय विवरणबाट अपलेखन गर्नुपर्दछ। कम्पनीले गत वर्ष रू.१९ करोड ६५ लाख र यस वर्ष रू.१२ करोड १० लाख सम्पत्तिको निःसर्ग गरेको भए तापनि ती सम्पत्तिहरूलाई कम्पनीको लेखाबाट अपलेखन गरेको छैन।

७७. **निर्माणाधीन सम्पत्ति -** बिक्रेताहरूसँगको खरिद सम्झौताको शर्तअनुसार कम्पनीको नाममा आयात गरिएका रू.१ अर्ब १४ करोड ४९ लाख मूल्यका उपकरण पुँजीगत निर्माणाधीन सम्पत्तिमा समावेश गरेको छ। त्यस्ता उपकरण तथा मौज्दातहरू स्थापना वा निर्माण सम्पन्न भई हस्तान्तरण नभएसम्म आपूर्तिकर्ताको अधीनमा रहने, जोखिम पनि निजमै निहित हुने, अस्तित्व, स्थिति र मूल्य सुनिश्चित नहुने भएकोले जडान हुन बाँकी सामग्रीहरू पुँजीकरण गरेको उचित देखिएन।

लामो समयदेखि भौतिक तथा वित्तीय प्रगति नभएका परियोजनाहरू निर्माणाधीन सम्पत्तिमा समावेश गरिएको छ। उक्त परियोजनाहरू विभिन्न पक्षबाट प्रभावित भएकाले त्यस्ता साइटको भौतिक अस्तित्व नदेखिएको तथा सम्पन्न भइसकेका र प्रयोगमा ल्याइएका परियोजनालाई अझै निर्माणाधीन सम्पत्तिअन्तर्गत देखाउँदै आएको छ। व्यवस्थापनले त्यस्ता परियोजनालाई निर्माणाधीन सम्पत्तिबाट अपलेखन गर्नुपर्ने र त्यस्ता परियोजनाको आवश्यक प्रमाण कागजातको आधारमा मात्र पुँजीकरण गर्नुपर्दछ।

७८. **कर्मचारी ऋण -** कम्पनीको यस वर्षको अन्त्यमा कर्मचारी ऋण रू.३ अर्ब ७९ करोड ३९ लाख ८१ हजार रहेको छ। कम्पनीले प्रत्येक कर्मचारीलाई प्रदान गरेको ऋणको छुट्टाछुट्टै मूल्याङ्कन गर्नुपर्नेमा सबैको एकमुष्ट मूल्याङ्कन गर्ने गरेको छ। कम्पनीले कर्मचारीलाई प्रदान गरेको ऋणमा वार्षिक ७ प्रतिशतका दरले ब्याज लिएको पाइयो।

७९. **आसामी -** कम्पनीको यस वर्षको अन्त्यमा रहेको आसामी रू.२ अर्ब ८ करोडमध्ये ७३ प्रतिशतभन्दा बढी रकम एक वर्षभन्दा बढी समयदेखि लिन बाँकी रहेको देखिन्छ। इन्टरनेट सेवा प्रदायक तथा केबल अपरेटरलाई पोलहरू सशुल्क प्रयोग गर्न दिएकोमा सोको अभिलेख नराखेको र कतिपय पोल

प्रयोग सम्बन्धी बहाल सम्झौताको म्याद समाप्त भए तापनि नवीकरण भएको छैन। त्यस्तै पी.एस.टी.एन. असामीतर्फ पुरानो रू.२८ करोड ७४ लाख ६८ हजार र नयाँ रू.५८ करोड ८७ लाख ७५ हजार विगत धेरै वर्षदेखि आसामीमा देखिएकोमा कम्पनीले नेपाल दूरसञ्चार प्राधिकरणमार्फत आवश्यक कारवाही गरी सो रकम असूल गर्नुपर्दछ।

८०. **अप्टिकल डिस्ट्रिब्युसन इन्स्टलेसन -** फाइबर टु दि होम सेवामा अप्टिकल डिस्ट्रिब्युसन नेटवर्क स्थापना, परीक्षण र हस्तान्तरण कार्यको लागि २९ मे २०१८ मा एक निर्माण व्यवसायीसँग रू.१ करोड ५४ लाख ८८ हजारको सम्झौता गरेको छ। सम्झौतामा निर्माण व्यवसायीले २ समूहमा कार्यसम्पन्न गर्ने उल्लेख छ। समूह 'क' मा ६० वटा फाइबर डिस्ट्रिब्युशन क्याबिनेट ९० दिनभित्र रू.८० लाख ११ हजार लागतमा स्थापना गर्नुपर्नेमा उपकरणको अभावले गर्दा ३६ वटा मात्र फाइबर डिस्ट्रिब्युसन क्याबिनेटमा परिमार्जन गरेको छ। उक्त ३६ वटा फाइबर डिस्ट्रिब्युसन क्याबिनेट स्थापना पनि समयसीमाभित्र सम्पन्न नगरी ३ वर्ष ६ महिना १९ दिनमा सम्पन्न भएको छ। त्यस्तै समूह 'ख' मा ५६ वटा फाइबर डिस्ट्रिब्युसन क्याबिनेट रू.७४ लाख ४६ हजार लागतमा स्थापना गर्नुपर्ने उल्लेख छ। सम्झौता मितिको ६ महिनाभित्र खरिद आदेश जारी गर्नुपर्नेमा हालसम्म जारी भएको छैन। निर्माण व्यवसायीको ढिलाइले कम्पनीको रू.५७ करोड ९८ लाख ४१ हजारको आय गुमेको छ। सम्झौताको शर्तबमोजिम कार्यसम्पन्न हुनुपर्दछ।

विज्ञापन बोर्ड

वस्तु वा सेवाको बजार प्रवर्धन, बिक्री, वितरण गर्न वा त्यस्तो वस्तु वा सेवाको प्रचार-प्रसारको लागि गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्ने कार्य गर्दै आएको छ।

८१. **सरकारी विज्ञापन -** विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ को दफा २१ मा बोर्डमार्फत विज्ञापन वितरण गर्न नेपाल सरकारले छुट्याएको कुल बजेटको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने तथा दफा २२ मा सरकारी निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण गर्दा बोर्डमार्फत गरी सोको खर्च बोर्डमार्फत गर्नुपर्ने उल्लेख छ। यो वर्ष लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गरेबापत बोर्डमार्फत रू.११ करोड ४३ लाख ४६ हजार र जिल्ला हुलाक कार्यालयमार्फत रू.१९ करोड ३ लाख १३ हजार भुक्तानी भएको देखिन्छ। जिल्ला हुलाक कार्यालयसमेत अन्य सरकारी निकायले सरकारी विज्ञापन प्रकाशन र प्रसारणबापत भुक्तानी गरेको रकममा ३ प्रतिशत रकम कट्टा गरी बोर्डमा पठाउने गरेको पाइएन। सरकारी विज्ञापन एकद्वार प्रणालीद्वारा गराई सोको भुक्तानीमा ऐनको व्यवस्थाबमोजिम ३ प्रतिशत रकम कट्टा गरी बोर्डको कोषमा जम्मा गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँट र वितरण नगरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, लाइसेन्स दस्तुर, अनुमतिपत्र शुल्क दाखिला नभएको, मध्यपहाडी लोकमार्ग हुँदै जिल्ला सदरमुकाम जोड्ने ब्याकबोन परियोजनाको प्याकेज-२ आरुघाटदेखि पश्चिम गण्डकी र लुम्बिनी प्रदेशको

जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ओछ्याउने कार्यको एक सेवा प्रदायकबाट कार्यसम्पादन जमानत र पेस्की जमानत जफत गरी असुल नगरेको बेहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

- **बेरुजु स्थिति** – यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६६ निकायमा रू.३ अर्ब १२ करोड ४४ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.१ लाख ९७ हजार फर्स्यौट गरेकोले रू.३ अर्ब १२ करोड ४२ लाख ६३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - सङ्गठित संस्था तथा अन्य संस्थातर्फ रू.२१ अर्ब ४७ करोड १७ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.१९ अर्ब ८१ करोड १० लाख फर्स्यौट गरेकोले रू.१ अर्ब ६६ करोड ७ लाख ४६ हजार बाँकी रहेको छ। सोमध्ये रू.३८ लाख ११ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानुन र मापदण्ड, राष्ट्रियस्तरका प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, निवारणात्मकसम्बन्धी नीति, कानुन, मापदण्ड र स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यवसायिक, पेशागत सङ्घ संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड बनाउने, राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमनमार्फत दक्ष स्वास्थ्यकर्मीको उत्पादन गर्ने, नर्सिङ होम स्थापना तथा सञ्चालन, कानुन, मापदण्ड र नियमन, औषधि, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, आयुर्वेदिक, युनानी होमियोप्याथिक र प्राकृतिक चिकित्सा, स्वास्थ्य उपचार बीमा तथा सामाजिक सुरक्षा, जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, जनसङ्ख्या, बसाइँसराइ, परिवार नियोजन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सन्धि, सम्झौतालगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी तथा सङ्गठित संस्थासमेत ४६ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रू.२७ अर्ब ८७ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
२६३३५३	३७९३	१६५८	९९२३	२७८७२७

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई गृह, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, शहरी विकास मन्त्रालय र प्रदेश एवं स्थानीय तहअन्तर्गतका निकायबाट भएको खर्च रू.१३ अर्ब ५७ करोड २१ लाख समावेश छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गतबाट खर्च भएको रू.१ करोड समावेश छ।

२. **सङ्गठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष २९ संस्थाको रू.९५ अर्ब ६३ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको २०७७।७८ को रू.५ अर्ब ८ करोड ९७ लाख, राष्ट्रिय ट्रमा सेन्टरको २०७७।७८ र २०७८।७९ को रू.३ अर्ब १८ करोड ६५ लाख र सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र २०७८।७९ को रू.४ अर्ब ५१ करोड ९ लाखको बक्यौता लेखापरीक्षण गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति विषयको कार्यमूलक लेखापरीक्षण र स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

४. **नीति कार्यान्वयन** - राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने उल्लेख छ। निःशुल्क औषधि उपलब्ध गराउने नीति पूर्णरूपमा कार्यान्वयन नभएको, स्वास्थ्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना गरेको भए तापनि जनसङ्ख्याको अनुपातमा स्वास्थ्यकर्मीको सेवा नपुगेको, आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गर्नुपर्ने नीति

कार्यान्वयन हुन नसकेको, स्वास्थ्य सेवालाई जनसङ्ख्या, भूगोल र सङ्घीय संरचनाअनुरूप दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्ने नीति रहे तापनि दक्ष जनशक्तिको अभाव र छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक जनशक्तिलाई पूर्णरूपमा परिचालन गर्नसकेको छैन। स्वास्थ्य सेवामा लगानीअनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकताअनुसारको आधुनिक उपकरणको अभाव हुनु, उपलब्ध उपकरण सञ्चालन नहुनु, सर्ने तथा नसर्ने रोग, कुपोषण तथा विपद्जन्य स्वास्थ्य समस्या विद्यमान रहेकोले नीति कार्यान्वयन प्रभावकारी हुनुपर्दछ।

५. **पन्ध्रौं योजनाको प्रगति -** पन्ध्रौं योजनामा स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रका लागि तोकिएका सूचकमध्ये प्राप्त विवरणअनुसार प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

क्र. सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०७९/८०	
				लक्ष्य	प्रगति
१	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	जना	२३९	१२५	१५१
२	५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	३९	२६	३३
३	नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	२१	१५	२८
४	किशोर अवस्थाको प्रजनन् दर (१९ वर्षमुनि)	प्रतिशत	१३	८	१४
५	स्वास्थ्य बीमामा आबद्ध भएको जनसङ्ख्या	प्रतिशत	७	६०	२३
६	प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला	प्रतिशत	५०	६५	४४
७	तोकिएबमोजिमका सबै खोप पाउने बालबालिका	प्रतिशत	७०	९५	८४
८	औलो रोगबाट संक्रमित व्यक्ति (इन्डोजेनस संक्रमण मात्र)	सङ्ख्या	-	२५	३६
९	क्षयरोग लाग्ने दर	प्रतिलाख जनसङ्ख्या	-	६७	१२६

उल्लिखित तालिकाअनुसार मातृ मृत्युदर, पाँच वर्षमुनिका बाल मृत्युदर, नवजात शिशु मृत्युदर, किशोर अवस्थाको प्रजनन् दर लगायतका सूचकमा लक्ष्यअनुसार प्रगति भएको छैन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएका लक्ष्य हासिल गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यका सूचक सबै उमेर समूहका व्यक्तिको स्वास्थ्य जीवन सुनिश्चित गरी संवृद्ध जीवन प्रवर्धन गर्न सन् २०२२ सम्म मातृ मृत्यु अनुपात प्रतिलाख ११६ भन्दा कम गर्ने उल्लेख भएकोमा यो वर्षसम्म १५१ रहेको, नवजात शिशु मृत्यु प्रतिहजार जीवित जन्ममा १६ र ५ वर्षमुनिको बाल मृत्यु प्रतिहजार जीवित जन्ममा २७ मा सीमित गर्ने लक्ष्य भएकोमा क्रमशः २१ र ३३ रहेको छ। क्षयरोग प्रतिलाख जनसङ्ख्यामा ६७ मा झार्ने लक्ष्य रहेकोमा १२६ पुगेको छ। यस्तै पोषणसम्बन्धी लक्ष्यमा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपन दरलाई सन् २०३० सम्ममा १५ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा सन् २०२२ मा २५ प्रतिशतमा मात्र सीमित रहेको, प्रजनन् उमेरका महिलाहरूमा हुने रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने उल्लेख भएकोमा ३४ प्रतिशतमा सीमित रहेको, पाँच वर्षमुनिका बालबालिकामा हुने रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा उल्लेखनीय प्रगति नभएको विवरण प्राप्त भएको छ। दिगो विकास र पोषणको लक्ष्य प्राप्तिको लागि स्पष्ट कार्ययोजना र सोको कार्यान्वयन गर्न सबै तहका स्वास्थ्य निकायबीच समन्वय, नियमित मूल्याङ्कन तथा प्रभावकारी नियमन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०७९।८० मा यो वर्ष ६५५ स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालको निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा ५९२ को विस्तृत परियोजना प्रतिवेदन तयार भएको, सोमध्ये ४१३ निर्माणाधीन अवस्थामा रहेको र २७ अस्पताल निर्माण सम्पन्न भएको, थप २०

केन्द्रीय र प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन नभएको, स्वास्थ्य पर्यटन प्रवर्धन गर्न लुम्बिनी प्रदेशको राजापुरमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत र मधेश प्रदेशको सप्तरीमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमार्फत सुपर स्पेसिलिटी सेवासहितको स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल स्थापना गर्ने कार्य अगाडि बढाउने उल्लेख भएकोमा सो कार्य नभएको, रुपन्देहीको सैनामैना, नवलपरासी पूर्वको देवचुली, कैलालीको लम्की, कर्णाली करिडोरको राकम र धादिङको बेल्खुमा ट्रमा सेन्टर स्थापना गरिने उल्लेख भएकोमा जग्गा प्राप्तिको प्रक्रिया नै टुङ्गो लागेको देखिएन।

त्यसै गरी ४० वर्ष माथिका नागरिकहरूको लागि स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा वर्षमा एक पटक नसर्ने रोगहरूको निःशुल्क स्क्रिनिङ्ग सेवा सञ्चालन गर्ने उल्लेख भएकोमा सोको लागि बजेट व्यवस्था नभएको कारण कार्यान्वयन हुन नसकेको मन्त्रालयले जनाएको छ। शैक्षिक शत्र सुरु हुनु अघि सार्वजनिक विद्यालयका सबै विद्यार्थीको निःशुल्क स्वास्थ्य जाँच गर्ने उल्लेख भएकोमा २३४ विद्यालयका ४० हजार विद्यार्थीलाई मात्र निःशुल्क स्वास्थ्य जाँच गरेको र शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रत्येक प्रदेशमा एक एक वटा पुनर्स्थापना केन्द्र स्थापना गर्ने उल्लेख भएकोमा सो कार्य नभएको उल्लेख छ। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८. **केन्द्रीय वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृत मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसारको वित्तीय विवरण तयार गरी पेस गरेकोमा उक्त वित्तीय विवरणमा बजेटरी निकायतर्फ उपशीर्षक र कार्यालयगत आय-व्यय विवरण संलग्न नभएको, मन्त्रालय मातहत गैरबजेटरी निकाय २९ रहेकोमा २८ को आय-व्यय विवरण संलग्न गरेको छ।

उक्त वित्तीय विवरणमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट पेस भएको विवरणअनुसार यो वर्षको आन्तरिक आय रू.७२ करोड ६५ लाख ६४ हजार रहेकोमा रू.६५ करोड ९४ लाख ४२ हजार उल्लेख भएको, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुदानसहित कुल आम्दानी रू.२ अर्ब ४१ करोड ६३ लाख ५७ हजार रहेकोमा सोको अतिरिक्त बेरुजु र अन्य प्राप्ति भनी रू.१ अर्ब ७० करोड १ लाख १४ हजार उल्लेख गरेको छ। मन्त्रालयले मातहतका निकायसमेतको यथार्थ अवस्था देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

९. **वित्तीय हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २२ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानुनबमोजिम अर्थ मन्त्रालयको हुने व्यवस्था छ। मन्त्रालयको स्वीकृत बजेटमा एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रममा गैरआवासीय भवन निर्माणको लागि रू.८ अर्ब २८ करोड ५५ लाख ७८ हजार बजेट विनियोजन भएकोमा मन्त्रालयले रू.३ अर्ब ७२ करोड ८१ लाख ८७ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.१४ अर्ब ५२ करोड ३८ लाख विनियोजन भएकोमा रू.६ अर्ब ८८ करोड ११ लाख २४ हजार रकमान्तर गरी स्थानीय तहमा पठाएको छ। स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने रकम अर्थ मन्त्रालयमार्फत सिधै निकासा गर्ने व्यवस्था हुनुपर्दछ।

१०. **बजेट अबण्डा -** अर्थ मन्त्रालयको २०७९।८० को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको दफा २(क) मा कुनै निकायमा एकभन्दा बढी एकाइबाट खर्च गर्ने गरी एकमुष्ट रकम विनियोजन भएमा २०७९ असोज मसान्तभित्र रकम बाडँफाँट गर्नुपर्ने उल्लेख छ। मन्त्रालयमा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको लागि विनियोजित बजेट रू.८ अर्ब २८ करोड ५५ लाख ७८ हजारबाट रू.७ अर्ब ६२ करोड ७५ लाख ४६ हजार रकमान्तर गरेकोमध्ये २०८० असार महिनामा मात्र रू.१९ करोड ४६ लाख २३ हजार रकमान्तर गरेको छ। यसै गरी स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा विनियोजित रू.१४ अर्ब ५२ करोड ३८ लाखबाट रू.१० अर्ब २२ करोड ७ लाख ७७ हजार रकमान्तर गरेकोमा २०८० असार महिनामा रू.१ अर्ब ५० करोड ८७ लाख ५४ हजार रकमान्तर गरेको छ। बजेटको ठूलो हिस्सा अबण्डा राखी सङ्घीय, प्रदेश तथा स्थानीय तहका कार्यालयको लागि रकमान्तर गरेको छ। उक्त रकम आर्थिक वर्षको अन्त्यमा कार्यक्रम सञ्चालन, मेसिन खरिद, अस्पताल भवन निर्माणको लागि रकमान्तर गरेको देखिन्छ। मार्गदर्शनमा तोकिएको अवधिभित्र बजेट बाँडफाँट गर्नुपर्दछ।

११. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले विश्व स्वास्थ्य सङ्गठनको सोझै भुक्तानी नगद अनुदान रू.१ करोड ७४ लाख ६५ हजार, स्वास्थ्य सेवा विभागले विश्व स्वास्थ्य सङ्गठनको सोझै भुक्तानी अनुदान रू.९ करोड ५९ लाख ५५ हजार, युनिसेफको रू.५ करोड ३९ लाख ३७ हजार, सेभ द चिल्ड्रेनको रू.२४ लाख ४७ हजार र युरोपियन युनियनको रू.३ करोड २६ लाख ३० हजार र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र विश्व स्वास्थ्य सङ्गठनको रू.५ करोड ३० लाख १६ हजारसमेत रू.२५ करोड ५४ लाख ५० हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा र तालिम कार्यक्रममा भुक्तानी गरेकोमा बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन। सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्दछ।

१२. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा विविध सहायताको विवरणअनुसार २०७९।८० मा हेल्थ सिष्टम स्ट्रेन्थनिङ, इमर्जेन्सी प्रि-प्रेडेन्स एण्ड रेस्पोन्सलगायत ४२ कार्यक्रमको लागि अमेरिकी डलर ८७ करोड ३६ लाख ५८ हजारको हुने रू.११ अर्ब ५१ करोड २० लाख प्राविधिक तथा विविध सहायता प्राप्त हुने उल्लेख छ। मन्त्रालयसँग प्राविधिक सहायता खर्चको विवरण माग गरिएकोमा उपलब्ध भएन। प्राविधिक सहायताको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

१३. **कर्मचारी काज -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ मा कुनै पनि कर्मचारीलाई एक वर्षमा ३० दिनभन्दा बढी काजमा नखटाइने उल्लेख छ। यसै गरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा १३ मा समायोजन भएका कर्मचारी बाटोको म्यादबाहेक २१ दिनभित्र समायोजन गरिएको प्रदेश वा स्थानीय तहको सेवामा अनिवार्य रूपमा हाजिर हुनुपर्ने उल्लेख छ। मन्त्रालय र अन्य निकायबाट प्राप्त विवरणअनुसार कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका ५१ जना कर्मचारी समायोजन भएको कार्यालयमा नखटाई मन्त्रालयले स्वास्थ्य सेवा विभागमा वर्षभरि नै काजमा राखी रू.३ करोड ५७ लाख ८३ हजार, तलब भत्ता भुक्तानी गरेको छ। यसै गरी प्रदेश र

स्थानीय तहमा दरबन्दी रहेका ९ जना र अन्य सङ्घीय कार्यालयमा दरबन्दी रहेकासमेत ८५ जनालाई मन्त्रालयले दरबन्दीबेगर चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा काजमा राखी प्रतिष्ठानले यो वर्ष रू.८ करोड ९४ लाख १६ हजार र २०७७।७८ मा रू.५ करोड ९३ लाख ८९ हजार तलब भत्ता भुक्तानी गरेको छ। प्रदेश र स्थानीय तहमा स्वास्थ्य सेवाका कर्मचारीको अभाव भई सेवा प्रवाहमा असर परेको अवस्थामा समायोजन भइसकेका कर्मचारीलाई विभाग र प्रतिष्ठानमा काजमा राखी तलब भत्ता भुक्तानी गर्नु नियमसम्मत देखिएन। नियम विपरीत कर्मचारी काजमा राख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१४. **मेडिकल अभिलेख -** जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ५९ मा स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीहरूको अभिलेख सुरक्षित राख्ने व्यवस्था मिलाउनु सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको कर्तव्य हुने उल्लेख छ। स्वास्थ्य मन्त्रालयअन्तर्गतका अस्पतालहरूले यस प्रकारको अभिलेख व्यवस्थित रूपमा राखेको पाइएन। अस्पतालले बिरामीको अभिलेख सफ्टवेयर प्रणालीमा राखी प्रत्येक बिरामीको हालसम्मको स्वास्थ्य अभिलेख देखिने इलेक्ट्रोनिक मेडिकल रिपोर्टिङ सिष्टम तयार गरी स्वास्थ्य सेवामा सुधार ल्याउनुपर्दछ।

१५. **इजाजतपत्र र सोको नवीकरण** - जनस्वास्थ्य नियमावली, २०७७ को नियम १२ मा कसैले पनि इजाजतपत्र नलिई निजी, गैरसरकारी, सहकारी वा गैरनाफामूलक समुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न र त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन नहुने उल्लेख छ। यस्तो इजाजतपत्र प्रत्येक ५ वर्षमा जारी गर्ने निकायबाट नवीकरण गराउनुपर्ने र स्वास्थ्य सेवा विभागबाट २०० शय्या माथिको जनरल अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल, बाल अस्पताल आदिको इजाजत दिने र नवीकरण गर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार दर्ता भएको, आशय पत्र लिएकासमेत २१ स्वास्थ्य संस्था रहेकोमध्ये ५० शय्याको इजाजत प्राप्त एक अस्पतालले २०७८ आषाढ मसान्तपछि नवीकरण गराएको छैन। नवीकरण नगराई स्वास्थ्य संस्था सञ्चालन गर्ने अस्पताललाई प्रचलित ऐन नियमबमोजिम कारबाही हुनुपर्दछ। यो वर्ष विभागले १७ स्वास्थ्य संस्थाको अनुगमन गरी तयार गरेको प्रतिवेदनमा अधिकांश स्वास्थ्य संस्थामा कुल शय्याको १० प्रतिशत शय्या निःशुल्क उपचारको लागि नछुट्याएको, संक्रमणयुक्त फोहरलाई निर्मलीकरण गरी उचित व्यवस्थापन नगरेको, बहिरङ्ग विभागमा चिकित्सकको नाम र पद देखिने बोर्डको व्यवस्थापन नगरेको, २५ शय्या सञ्चालनको लागि अनुमाति लिएकोमा ५० शय्या सञ्चालन गरेको, भवन विभागबाट भवन सम्पन्न स्वीकृति नलिएको जस्ता बेहोरा उल्लेख छ। उल्लिखित बेहोराहरू सुधार गर्न अनुगमन समितिले दिएका सुझावहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१६. **औषधि वितरणको अनुगमन –** स्वास्थ्य नीति, २०७६ अनुसार सरकारले नागरिकको लागि अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउने उल्लेख छ।नागरिकलाई निःशुल्क उपलब्ध गराउनुपर्ने औषधि तथा खोपको अभाव हुन नदिन सरकारी स्वास्थ्य संस्थाको स्तर तथा औषधिको उपयोगअनुसार औषधिको औसत मौज्दात परिमाण र आकस्मिक माग विन्दु तोकेको छ। नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा अन्तर्गत ९८ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने उल्लेख छ। हाल सरकारी अस्पताल २०१, प्राथमिक स्वास्थ्य केन्द्र १८९ र हेल्थपोष्ट ३ हजार ७९४ समेत ४ हजार १८४ स्वास्थ्य संस्था रहेका र ती संस्थामार्फत नेपाल सरकारले स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको र निःशुल्क उपलब्ध

गराउने औषधिसमेत यिनै स्वास्थ्य संस्थामार्फत वितरण हुने गरेको छ। निःशुल्क वितरण गरिने औषधिहरू प्रदेश, स्थानीय तह र सङ्घीय तीनवटै सरकारमार्फत खरिद गरी वितरण हुने गरेको छ।

स्वास्थ्य सेवा विभागले प्रयोगमा ल्याएको सफ्टवेयरमार्फत परीक्षण गर्दा निःशुल्क वितरण हुने औषधिमध्ये केही औषधिको स्वास्थ्य संस्थामा रहेको मौज्दात निरीक्षण गर्दा २६४ संस्थामा सिटामोल, ३५३ संस्थामा अल्बेण्डाजोल, ७१६ संस्थामा भिटामिन ए क्यापसुल, ७२१ संस्थामा एमोक्सोसिलिन, ५३४ संस्थामा नाभी मलम र ३८० संस्थामा जीवनजलको मौज्दात शून्य रहेको पाइयो। अत्यावश्यक औषधिसमेत स्वास्थ्य संस्थामा मौज्दात नहुँदा निःशुल्क औषधि वितरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन भएको देखिएन। सरकारको नीति कार्यान्वयन गर्न अत्यावश्यक औषधि नियमित रूपमा आपूर्ति हुने व्यवस्था गरी सोको अनुगमन हुनुपर्दछ।

१७. **अध्ययन बिदा -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३८(२) अनुसार अध्ययन बिदामा जाने चिकित्सकले सम्झौताअनुसार काम नगरेमा अध्ययन गर्दा लाग्ने पूर्ण शुल्कको दोब्बर रकम जरिबाना असुल गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत एक चिकित्सकको पिरियोडन्टिस् विषयमा एमडी अध्ययन गर्न अध्ययन बिदा स्वीकृत गरेकोमा सम्झौतामा उल्लिखित शर्त अनुसार १ वर्ष सुगम र १ वर्ष दुर्गम स्थानमा सेवा नगरी राजीनामा पेस गरेकोले कबुलियतनामाअनुसार शुल्क रकमको दोब्बर रू.४७ लाख ६४ हजार असुल गर्नुपर्दछ।

१८. **उपकरणको प्रयोग -** स्वास्थ्य सेवा विभागले बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई उपलब्ध गराएको रू.१ करोड ३० लाख मूल्यको ७ थान हेमोडाइलासिस मेसिन, कोशी अस्पतालमा उपलब्ध गराएको रू.२१ लाख १० हजारको १० थान बाइपाप मेसिन र रू.७४ लाख ८२ हजारको २ थान भेन्टिलेटर मेसिन, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा हस्तान्तरण भएको रू.१० करोड ६९ लाख १ हजारको ४५ थान भेन्टिलेटर सहितका उपकरण प्रयोगमा ल्याइएका छैनन्। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले २०७९ सालमा खरिद गरेको रू.१ करोड ४८ लाख ८४ हजारको अर्थोस्कोपी मेसिन र ओ.टी. टेबुललगायतका उपकरणसमेत प्रयोगमा आएको छैन। स्वास्थ्य सेवा विभागले अस्पतालहरूको मागबेगर नै उपकरण खरिद गरी अस्पतालहरूलाई हस्तान्तरण गर्ने, मूल्य नखुलाउने, वारेन्टी ग्यारेन्टीका कागजातहरू हस्तान्तरण नगर्नेलगायतका समस्याहरू देखिएका छन्। मन्त्रालयले गत विगत वर्षदेखि विभिन्न अस्पतालमा रहेका र यो वर्ष खरिद भएका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरेको छैन। मेसिन उपकरणको अतिरिक्त आइसोलेसन सेन्टर तथा क्वारेन्टाइनमा रहेका सामग्रीको एकीकृत लगत राखी सोको प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

१९. **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९(३) मा निशर्त बाहेकका अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेमा नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यो वर्ष भवन निर्माणलगायत शीर्षकमा सशर्त अनुदान दिएको रकमबाट खर्च नभई बाँकी रहेको रू.८ करोड १५ लाख ८२ हजार, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई बायोकेमेष्ट्री एनालाइजर खरिद गर्न दिएको रकमबाट बचत रहेको रू.४० लाख २३ हजार र नेपाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा २०७७।७८ मा कोभिड-१९ नियन्त्रणको लागि उपलब्ध गराएको रकम खर्च नभई बाँकी रहेको रू.५ करोड ४१ लाख ३३ हजारसमेत रू.१३ करोड ९७ लाख ३८ हजार सङ्घीय सञ्चित

कोषमा फिर्ता गरेको छैन। उक्त रकम सम्बन्धित निकायबाट फिर्ता लिई सङ्घीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई मन्त्रालयले एम.सी.एच. भवन निर्माण गर्न २०७२।७३ देखि उपलब्ध गराएको सशर्त अनुदानमध्ये यो वर्षसम्म खर्च नभएको रू.४२ करोड १६ लाख ८१ हजार, एम.आर.आई. मेसिन खरिद गर्न दिएको रू.३१ करोड र अंकोलोजी भवन निर्माण गर्न दिएको रू.२१ करोड ६७ लाख समेत खर्च भएको नदेखिएकोले यस सम्बन्धमा मन्त्रालयले अनुगमन गरी खर्च नभएको रकम फिर्ता लिई सङ्घीय सञ्चित कोष दाखिला हुनुपर्दछ।

२०. **भाडा बक्यौता** - सरकारी निकायबाट पसल कबल, क्यान्टिन र भवन तथा जग्गाहरू भाडामा लिने व्यक्ति तथा संस्थाबाट सम्झौताबमोजिम तोकिएको म्यादभित्र भाडा असुल हुनुपर्दछ। यो वर्षसम्म बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले रू.१ करोड ६१ लाख ८३ हजार, कोशी अस्पतालले रू.८७ लाख ५४ हजार र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले रू.३ करोड १६ लाख ८४ हजारसमेत रू.५ करोड ६६ लाख २१ हजार भाडा असुल गरेका छैनन्। सम्झौताको शर्तअनुसार जरिबानासहित सरकारी बाँकी सरह असुल हुनुपर्दछ।

२१. **राजस्व छुट सिफारिस** - स्वास्थ्य संस्थाले पैठारी गर्ने स्वास्थ्य उपकरण, अक्सिजन जेनेरेटर, भेन्टिलेटर, हेमोडायलासिस मेसिन, इकोकार्डियोग्राफी मेसिनको लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयले यो वर्ष रू.२७ करोड ४३ लाख ३९ हजार मूल्यका १४१ थान एम्बुलेन्स र १७१ थान स्वास्थ्य उपकरण पैठारीमा भन्सार छुटको लागि सिफारिस गरेको छ। राजस्व छुट दिई पैठारी भएका मेसिन उपकरण र सवारीसाधन लक्षित वर्ग समूहको हितमा प्रयोग भए नभएको, राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाको सेवा शुल्कमा फरक रहे नरहेको मन्त्रालयले अनुगमन गरेको छैन। राजस्व छुट पाउने स्वास्थ्य संस्थाको अनुगमन गर्ने र राजस्व छुटमा पैठारी भएका उपकरण तथा स्वास्थ्य सामग्रीको उपयोग गरी सेवा प्रवाह गर्दा सेवाग्राहीले तिर्नुपर्ने शुल्कमा समेत सहुलियत हुने व्यवस्था हुनुपर्दछ।

स्वास्थ्य सेवा विभाग

देशभर स्वास्थ्य सेवा प्रवाह उपर पहुँच तथा उपयोगमा अभिवृद्धि गर्ने, सामुदायिक स्वास्थ्य बीमा, शहरी तथा वातावरणीय स्वास्थ्य कार्यक्रमको कार्यान्वयन गर्ने र प्राथमिक स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमको योजना, अनुगमन तथा मूल्याङ्कन गर्ने, केन्द्रीय अस्पताल, प्रतिष्ठानहरूको स्थापना सञ्चालन र नियमन, अस्पताल तथा स्वास्थ्य संस्थाको अनुगमनलगायतका कार्य गर्ने उद्देश्यले स्वास्थ्य सेवा विभागको स्थापना भएको हो। विभागमा व्यवस्थापन, नर्सिङ तथा सामाजिक सुरक्षा, उपचारात्मक सेवा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण र परिवार कल्याणसमेत ५ महाशाखा रहेका छन्।

२२. **कार्य विवरण** - विभागले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी कार्य विवरणमा उल्लेख नभएको रू.२४ करोड ५४ लाखको उपकरण खरिद गरी स्वास्थ्य संस्थाहरूमा वितरण गरेको, करिब ४०० वटा तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रम सञ्चालन गरी रू.५० करोड २७ लाख खर्च गरेको, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने स्वास्थ्यसँग सम्बन्धित रू.८ करोड १२ लाखका विभिन्न फारामसमेत विभागबाट छपाइ गरी जिल्ला स्वास्थ्य कार्यालयमा वितरण गरेको छ। देश सङ्घीयतामा गइसकेको

सन्दर्भमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले स्वास्थ्य क्षेत्रमा सम्पादन गर्ने कामको स्पष्ट कार्य विवरण र कार्यक्षेत्र निर्धारण हुनुपर्ने देखिएको छ। स्वास्थ्य क्षेत्रमा आइपर्ने समस्याहरूको नीतिगत समाधान, स्वास्थ्य संस्थाहरूको सञ्चालनको सन्दर्भमा नियमन, अनुगमन, आपतकालीन समस्या समाधानजस्ता नीतिगत र नियामक निकायको भूमिकामा यो विभाग केन्द्रित हुनुपर्ने र कार्यान्वयन तहका कामहरू सम्बन्धित निकायमा हस्तान्तरण गर्नुपर्ने देखिएको छ।

२३. **खोप कोष** - खोप ऐन, २०७२ को दफा २१ ले खोप कार्यक्रमको विकास गर्न खोप कोषको व्यवस्था गरेको छ। विभागले छुट्टै खोप कोष स्थापना नगरी कार्यसञ्चालन कोषमा उक्त रकम जम्मा गरेको देखिन्छ। खोप कोषको लागि यो वर्ष रू.१० करोडसमेत रू.३७ करोड ५७ लाख ८७ हजार कार्यसञ्चालन कोषमा जम्मा भएकोमा हालसम्म पनि सो कोषबाट खोप खरिदलगायतका कार्यहरू भएको देखिएन।

२४. **खोपको उपयोग** – खोप ऐन, २०७२ को दफा १४ मा खोपको भण्डारण, उपयोग, ढुवानी तथा वितरण लगायत व्यवस्थापन मापदण्ड बनाई खोपको प्रभावकारी उपयोग गर्नुपर्ने उल्लेख छ। विभागले बालबालिकाहरूलाई निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको खोप सम्भव भएसम्म खेर नजाने गरी लगाउने व्यवस्था गर्नुपर्दछ। विभागले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष खोप लगाएको सङ्ख्या र खेर गएको खोपको विवरण देहायअनुसार छः

क्र. सं.	खोपको नाम	खोप लगाएको सङ्ख्या	खर्च भएको खोप (डोज)	खेर गएको खोप (डोज)	खेर गएको प्रतिशत	प्रति खोप औसत मूल्य	खेर गएको खोपको रकम (रू.हजारमा)
१	बी.सी.जी.	५२६७९१	२५५५०७२	२०२८२८१	७९.४	३२८	६६५२७६
२	पेन्टा/डी.पी.टी. (पहिलो, दोस्रो, तेस्रो)	१५३९१०६	१९५२७६९	४१३६६३	२१.२	११२२	४६४१३०
३	दादुरा (पहिलो, दोस्रो)	९८८४५२	१८६९१४४	८८०६९२	४७.१	८१८	७२०४०६
४	पोलियो (पहिलो, दोस्रो, तेस्रो)	१५४४०४६	१९७०११६	४२६०७०	२१.६	३६९	१५७२२०
५	जे.ई.भ्याक्सिन	४९०९९३	८५५४९९	३६४५०६	४२.६	४६२	१६८४०२
६	टी.डी. (पहिलो, दोस्रो)	७१०२११	१०९२१९१	३८१९८०	३५.०	१४५	५५३८७
	जम्मा	**५७९९५९९**	**१०२९४७९१**	**४४९५१९२**	**४३.७**		**२२३०८२१**

खोपको आवश्यकता निर्धारण र उपयोग व्यवस्थापन प्रभावकारी नभएका कारण ५७ लाख ९९ हजार जनालाई खोप लगाउँदा औसतमा ४३.७ प्रतिशत खोप खेर गएको देखिन्छ। जसको मूल्य रू.२ अर्ब २३ करोड ८ लाख २१ हजार हुन आउँछ। खोपको खरिद, भण्डारण, ढुवानी, उपयोग तथा वितरण, समग्र खोपको मौज्दात अवस्था, आगामी वर्ष दातृ निकायबाट प्राप्त हुने खोप सङ्ख्या तथा खोपको आवश्यकताको अध्ययन विश्लेषण गरी खोप योजना बनाएको देखिएन। खोप कार्यक्रम मितव्ययी र व्यवस्थित रूपमा सञ्चालन गर्न खोप मापदण्डअनुसारको योजना बनाई सो अनुरूप कार्यक्रम सञ्चालन हुनुपर्दछ।

२५. **खोप अनुदान** - खोप ऐन, २०७२ को दफा १४ मा खोपको भण्डारण, उपयोग, ढुवानी तथा वितरण लगायत व्यवस्थापन मापदण्ड बनाई खोपको प्रभावकारी उपयोग गर्नुपर्ने उल्लेख छ। विभागले चीन सरकारबाट अनुदानमा प्राप्त गरेको रू.१ अर्ब ५६ करोड ६८ लाख मूल्यको २० लाख भायल खोप प्रयोग नै नगरी खेर गएको छ। वस्तुगत अनुदानको वास्तविक अनुमान, आवश्यकता विश्लेषण, त्यसको भण्डारण तथा उपयोग गर्ने गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

२६. **म्याद गुज्रेका औषधि** - विभागले आपूर्तिकर्ताबाट खरिद गरेको औषधि तथा औषधिजन्य सामग्रीको म्याद समाप्त भएमा वा हुने अवस्था भएमा औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्दछ। विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष रू.६ करोड ५२ लाख १ हजार मूल्यका विभिन्न ५७ प्रकारका औषधि र औषधिजन्य सामग्रीको म्याद समाप्त भएकोमा तीमध्ये विभागले खरिद गरेका रू.५ करोड ४२ लाख ५३ हजार र अनुदानबाट प्राप्त भएको रू.१ करोड ९ लाख ४९ हजारको रहेको छ। सोमध्ये पनि कोभिड-१९ को समयमा खरिद गरेका सामग्री उल्लेख्य मात्रामा रहेका छन्। खरिद गरिएका औषधि म्याद सकिनु अगावै आपूर्तकबाट प्रतिस्थापन नगरेको र उपयोगसमेत नगरी म्याद समाप्त भएको छ। आवश्यकताको पहिचान गरी सामान खरिद गर्ने र म्याद गुज्रेका औषधिहरू समयमै प्रतिस्थापन गर्नुपर्दछ।

२७. **दरबन्दी बेगर नियुक्ति** - जनस्वास्थ्य नियमावली, २०५५ को नियम ११ मा स्वीकृत दरबन्दी बाहेकको पदमा करारमा नियुक्ति नगरिने उल्लेख छ। विभागमा राजपत्राङ्कित तृतीय श्रेणीको २ बायोमेडिकल इन्जिनियरको दरबन्दी रहेकोमा स्थायी पदपूर्तिसमेत भएकोमा सोही पदमा विभागले २०७९ श्रावणदेखि पौषसम्म ४ जना, माघ र फाल्गुण महिनामा ३ जना र चैत्रदेखि असारसम्म २ जना बायोमेडिकल इन्जिनीयरलाई करारमा राखी परामर्श सेवा शीर्षकबाट तलब भत्ता भुक्तानी गरेको छ। यसको अलावा मेडिकल अधिकृत १, फार्मेसी अधिकृत २, जनस्वास्थ्य अधिकृत १ र नर्सिङ अधिकृत १ समेतलाई वर्षभरि नै करारमा राखेको छ। स्वीकृत दरबन्दीबेगर विभिन्न कार्यक्रममा समावेश गरी यो वर्ष दरबन्दीबेगरका कर्मचारीलाई विभागले रू.४२ लाख ६६ हजार तलब, भत्ता भुक्तानी गरेको छ। स्वीकृत दरबन्दीबेगर कार्यक्रम खर्चमा बजेट व्यवस्था गरी करारमा कर्मचारी नियुक्त गर्ने परिपाटी नियन्त्रण हुनुपर्दछ।

२८. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा ३ मा कुनै बासिन्दा व्यक्तिले ठेक्का वा करार अन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। विभागले अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट मालसामान खरिद गर्दा आपूर्तिकर्तासँग भएको खरिद सम्झौतामा कर कट्टी सम्बन्धमा नेपालको कर कानुन लागु हुने उल्लेख छ। विभागले भ्याक्सिनलगायतका सामान खरिद गरी विदेशी आपूर्तिकर्तालाई प्रतीतपत्रमार्फत भुक्तानी गरी पेस्की फस्यौंट गर्दा उक्त ऐन तथा खरिद सम्झौताको व्यवस्थाअनुसार कर कट्टी गरेको पाइएन। विभिन्न ११ आपूर्तकसँग कर कट्टी गर्न छुट भएको रू.५ करोड ५३ लाख ५७ हजार असुल गरी सङ्घीय सञ्चित दाखिला हुनुपर्दछ।

२९. **आइरन चक्की खरिद तथा मौज्दात व्यवस्थापन** - विभागले यो वर्ष २१ करोड ३५ लाख आइरन चक्की खरिद गरी रू.१८ करोड ७० लाख ५० हजार खर्च लेखेको छ। गत विगत वर्ष आइरन चक्की खरिद गर्न प्रदेश र स्थानीय तहलाई बजेट विनियोजन गरेको र यो वर्षसमेत प्रदेश र स्थानीय तहबाटै खरिद गर्ने गरी बजेट विनियोजन भएकोमा सचिवस्तरीय निर्णयअनुसार आइरन चक्की विभागले खरिद गरेको छ। खरिद भएका आइरन चक्कीमध्ये २०८० फाल्गुण मसान्तसम्म विभाग, पथलैया मेडिकल स्टोर र सातवटा प्रदेश आपूर्ति केन्द्रमा ६ करोड १५ लाख ७३ हजार (२८.८४ प्रतिशत) चक्की मौज्दात देखिन्छ।

स्वास्थ्य सेवा विभागले औषधिको अभिलेख राख्न प्रयोग गरेको सफ्टवेयरअनुसार २०८० पौष मसान्तमा ३४० स्वास्थ्य संस्थासँग आइरन चक्कीको मौज्दात शून्य रहेको पाइयो। लेखापरीक्षणको क्रममा परीक्षण गर्दा परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, कोशी अस्पताल र बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यो वर्ष विभाग र प्रदेश आपूर्ति केन्द्रबाट कुनै

पनि आइरन चक्की उपलब्ध भएको छैन। खरिद गरिएको आइरन चक्की लाभग्राहीले सुलभ तरिकाले प्राप्त गर्न सक्ने गरी वितरणको व्यवस्था मिलाउनुपर्दछ।

३०. **फाराम छपाइ** - विभागले यो वर्ष तातो आलु खेल, रिङ खेलको सेट, असल र खराब व्यवहार, घरमा राख्ने ऐना लगायतका विभिन्न फाराम तथा सामग्रीहरू २०८० असार मसान्तमा छपाइ गरी रू.८ करोड १२ लाख ५४ हजार खर्च गरेको छ। ती सामग्रीहरूमध्ये रू.२ करोड १६ लाख १० हजार मूल्यका फारमहरू विभागमा मौज्दात रहेको छ। आवश्यकताको पहिचान नगरी फारामहरू छपाइ गर्ने र मागबेगर नै स्वास्थ्य संस्थाहरूमा पठाउने कार्यमा नियन्त्रण गरी यस्तो कार्य प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्दछ।

३१. **कार्यक्रम खर्च** - स्वास्थ्य सेवा विभागले यो वर्ष खर्च गरेको रू.३ अर्ब १५ करोड ५१ लाख ८४ हजारमध्ये तालिम, गोष्ठी र सेमिनार जस्ता करिब ४०० वटा क्रियाकलाप समावेश गरी कार्यक्रम खर्च शीर्षकमा मात्र रू.५० करोड २७ लाख १ हजार खर्च भएको छ। यस्ता कार्यक्रम सङ्घीय तथा प्रदेश तालिम केन्द्र, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा विभाग आफैंले सञ्चालन गरेको छ। तालिम कार्यक्रमहरू सञ्चालन हुनुभन्दा निकै अगाडि पेस्की दिने, समयमा पेस्की फर्स्यौंट नगर्ने, विभिन्न होटल तथा आपूर्तकलाई नगदमा भुक्तानी गर्ने, विभागले सवारीसाधन उपलब्ध गराएका कर्मचारीलाईसमेत यातायात खर्च भुक्तानी गर्ने गरेको, एउटै कर्मचारीलाई पटक पटक पेस्की दिएको जस्ता बेहोरा देखिएका छन्। यस प्रकारको तालिम कार्यक्रममा पुनरावलोकन हुनुपर्दछ।

३२. **सह वित्तीयकरण** – मन्त्रालय र गाभी फण्ड लगायतको सह-वित्तीय व्यवस्थाअन्तर्गत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधि तथा भ्याक्सिन युनिसेफमार्फत खरिद गरी विभागले युनिसेफलाई भुक्तानी दिने गरेको छ। सोअनुसार यो वर्ष रू.१० करोड ३१ लाख ७६ हजार युनिसेफलाई पेस्की भुक्तानी गरेकोमा रू.७ करोड १५ लाख ८६ हजार को खोप प्राप्त भई फर्स्यौंट भएको र रू.३ करोड १५ लाख ९० हजार पेस्की फर्स्यौंट गर्न बाँकी रहेको छ। बजेट प्रणालीबाट हुने खरिद दातृ निकायमार्फत गराउने र दातृ निकायले उपलब्ध गराएको खर्चको विवरणको आधारमा मात्र पेस्की फर्स्यौंट गर्ने कार्य मनासिब देखिएन।

औषधि व्यवस्था विभाग

औषधि उत्पादन, बिक्री-वितरण, निकासी-पैठारी तथा सञ्चयको व्यवस्थापन एवं नियन्त्रण गर्न औषधि ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रमा गुणस्तरीय औषधि उपलब्ध गराउने औषधि उपयोग सम्बन्धमा प्रचार प्रसार गर्ने, औषधि उद्योगको स्थापना गर्ने, औषधि आयात निर्यातको सिफारिस एवं औषधि उद्योग र बिक्रेताको निरीक्षण गर्नेलगायतका कार्य रहेका छन्।

३३. **अनुगमन** - औषधि ऐन, २०३५ र नियमावली, २०३८ मा अनुज्ञापत्र दिने, नवीकरण गर्ने तथा नियमित रूपमा औषधि पसलको अनुगमन गर्नुपर्ने र अनुगमनबाट देखिएका कमी कमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, मुद्दा चलाउनेलगायतका नियमनसम्बन्धी कार्य गर्ने व्यवस्था छ। विभागले यो वर्षसम्म दर्ता भएका ३३ हजार ४७४ औषधि बिक्रेता र १५८ स्वदेशी उद्योग तथा १८५ औषधि आयातकर्तामध्ये ३ हजार ४५५ औषधि बिक्रेता (१०.३२ प्रतिशत) र ७८ स्वदेशी उद्योगको अनुगमन तथा निरीक्षण गरेको छ। यसका अतिरिक्त ५५६ औषधिको नमूना परीक्षण, २६ उद्योगको प्रयोगशाला परीक्षण तथा १२७

औषधि आयात गर्ने फर्मको अनुगमन गरेको देखिन्छ। अनुगमनबाट देखिएका बेहोराका आधारमा १८१ औषधि बिक्रेतालाई निलम्बन गरेको, ७९ उपर मुद्दा दायर गरेको र २ उद्योगको उत्पादन बन्द गराएको विवरण प्राप्त भएको छ। फर्म दर्ता सङ्ख्याको तुलनामा न्यून सङ्ख्यामा अनुगमन भएकोले अनुगमन कार्य प्रभावकारी रूपले सञ्चालन गर्नुपर्दछ।

३४. **नवीकरण** - औषधि ऐन, २०३५ को दफा ११ मा औषधि बिक्री वितरणको लागि दर्ता भएका व्यवसायीले तोकिएको दस्तुर तिरी प्रत्येक वर्षको लागि नवीकरण गर्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार देशभर औषधि बिक्रीको लागि अनुमति लिएका २९ हजार २७७ व्यवसायीमध्ये १८ हजार ३३३ ले मात्र नवीकरण गराएका छन्। विभागले अनुगमन गरी नवीकरण बेगर व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

३५. **नियमन** - औषधि दर्ता नियमावली, २०३८ को नियम ११ तथा औषधि उत्पादन कुशल अभ्यास संहिता, २०७२ को दफा ७७ मा प्रत्येक उत्पादकले संहिताबमोजिम औषधि उत्पादन तथा कुशल अभ्याससम्बन्धी व्यवस्था कायम गरी सोको प्रमाणीकरणका लागि विभाग समक्ष निवेदन दिनुपर्ने तथा संहिताबमोजिमको औषधि उत्पादन कुशल अभ्यास कायम गरेर मात्र उत्पादन कार्य प्रारम्भ गर्नुपर्ने व्यवस्था छ। यस वर्षसम्म डब्लु.एच.ओ.र राष्ट्रिय जी.एम.पी. (कुशल उत्पादन अभ्यास) प्राप्त गर्ने औषधि उत्पादकको सङ्ख्या ४८ रहेको छ। उल्लिखित व्यवस्थाअनुसार विभागबाट जी.एम.पी.प्राप्त गर्न बाँकी औषधि उद्योगलाई तोकिएअनुसार प्रमाणीकरण गर्न नियमनको कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

नेपालको राष्ट्रिय मौलिक चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट आयुर्वेद, योग, स्वस्थ जीवनशैली जस्ता आयुर्वेद स्वास्थ्यसँग सम्बन्धित सेवाहरू सञ्चालन, कार्यान्वयन, सुपरिवेक्षण, निरीक्षणको कार्य गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

३६. **सङ्गठन संरचना** - साविकमा यस विभागको सङ्गठन संरचनाअन्तर्गत रहेका सिंहदरबार वैद्यखाना, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, केन्द्रीय आयुर्वेद चिकित्सालय, पशुपति होमियो चिकित्सालय तथा युनानी अस्पताल, आयुर्वेद चिकित्सा परिषद्समेतका निकायहरू हाल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहत रहेका छन्। साविकका क्षेत्रीय आयुर्वेद चिकित्सालयहरू, आयुर्वेद अस्पतालहरू र आयुर्वेद स्वास्थ्य केन्द्रहरू प्रदेश तहमा र आयुर्वेद औषधालयहरू स्थानीय तहलाई हस्तान्तरण भएकोले नयाँ सङ्गठन संरचनाअनुसार विभाग मातहत कुनै पनि कार्यालय रहेको देखिँदैन। यस विभागको स्वीकृत दरबन्दी ३१ रहेकोमा पदपूर्ति २३ भई ८ पद रिक्त रहेको छ। सङ्घीय संरचनाबमोजिम विभाग मातहत कुनै कार्यालय नरहेको अवस्थामा विभागको संगठनात्मक संरचनामा पुनरावलोकन हुनुपर्दछ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

३७. **सेवाप्रवाह** – केन्द्रलाई यो वर्ष रू.७३ करोड २२ लाख ४१ हजार बजेट विनियोजन भएकोमा रू.६२ करोड ८९ लाख १४ हजार खर्च भएको छ। केन्द्रको ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्रियाकलाप	२०७७।७८	२०७८।७९	२०७९।८०
क्षयरोगी पहिचान सङ्ख्या	२८५८९	३७७७१	३७४४५
क्षयरोगबाट मृत्यु	९००	१०२२	११२३
बाल क्षयरोगी पहिचान	१९०२	३२९७	३००७
उपचार प्राप्त गर्ने	२७२३१	२८४१९	३७५४३
निको भएका क्षयरोगी	२४८२६	२६००६	३४६९२

गत वर्षको तुलनामा क्षयरोगबाट मृत्यु हुनेको सङ्ख्या ९.८८ प्रतिशतले वृद्धि भएको देखिएको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी सम्भावित क्षयरोग संक्रमितलाई उपचारको दायरामा ल्याई क्षयरोग मुक्त नेपाल निर्माणमा प्रभावकारी नतिजा हासिल गर्नुपर्दछ।

३८. **भवनको उपयोग -** यस केन्द्रको मातहत रहने गरी छाती रोग तथा क्षयरोग अस्पताल सञ्चालन गर्न रू.३५ करोड ९२ लाख ६२ हजारमा अस्पताल भवन निर्माण गरी केन्द्रलाई २०७९।४।२९ मा हस्तान्तरण भएको छ। भवन निर्माण सम्पन्न भएको १८ महिनाभन्दा बढी समय व्यतीत भइसक्दा पनि अस्पताल सञ्चालनको लागि आवश्यक अन्य काम हुन नसकी भवन प्रयोगविहीन अवस्थामा रहेको छ। आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गरी भवनको उपयोग हुनुपर्दछ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई देशभित्र रहेका सार्वजनिक र निजी स्वास्थ्य प्रयोगशालाका जनस्वास्थ्य तथा चिकित्सकीय निदानसम्बन्धी सेवाहरूको संगठनात्मक र प्रशासनिक जिम्मेवारी प्रदान गरेको छ। यस प्रयोगशालाबाट नियमित परीक्षण सेवा, कोभिड-१९ परीक्षण सेवा, ए तथा बी वर्गको प्रयोगशाला दर्ता, नवीकरण, स्तरोन्नति तथा प्रयोगशालाको वर्ग परिवर्तन, रक्त सञ्चार सेवा केन्द्र दर्ता, नवीकरण तथा वर्ग परिवर्तन, नेशनल एक्सटरनल क्वालिटी एसेसमेण्ट सिस्टम सञ्चालन, एलो फिभर भ्याक्सिन र एण्टीमाइक्रोबायल रेसिष्टेन्स इन्फ्लुएन्जा, जापानिज इन्सेफ्लाइटिस, मिजल्स तथा रुबेला सर्भिलेन्ससम्बन्धी परीक्षण कार्यहरू हुँदै आएको छ।

३९. **प्रयोगशाला सेवा -** यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई आधुनिक एवं सुविधा सम्पन्न बनाई सबै प्रकारका विशिष्टीकृत परीक्षण सरल र सहज रूपमा हुने व्यवस्था मिलाइने उल्लेख छ। गत वर्ष प्रयोगशालाले १ लाख ९६ हजार ३९२ सेवाग्राहीको ४ लाख ५० हजार ३५२ प्रयोगशाला नमूना परीक्षण गरेकोमा यो वर्ष २ लाख १९ हजार ५५७ सेवाग्राहीको ५ लाख ९४ हजार ३४४ प्रयोगशाला नमूना परीक्षण गरेको छ। प्रयोगशालामा गत वर्षको तुलनामा ३२ प्रतिशतले परीक्षण सेवा बढेको छ।

परीक्षण सेवा विस्तारका लागि यस प्रयोगशालाले नरदेवी आयुर्वेद चिकित्सालय र केन्द्रीय कारागार अस्पतालसँग प्रयोगशाला नमूना परीक्षण सम्बन्धी सम्झौता गरेको छ। सार्वजनिक एवं आकस्मिक बिदामा प्रयोगशाला बन्द हुने र आइतबारदेखि बिहिबारसम्म नमुना सङ्कलन समय बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म र शुक्रबार बिहान ८ बजेदेखि अपरान्ह १२ बजेसम्म तोकिएकोले प्रयोगशालाबाट २४ सै घण्टा सेवा प्रवाह हुनसकेको छैन। प्रयोगशालाको लागि स्वीकृत दरबन्दी ६४ रहेकोमा प्रमुख कन्सल्टेण्ट माइक्रो बायोलोजिष्ट, मेडिकल टेक्नोलोजिष्ट, ल्याब टेक्निसियनलगायतका १३ पद रिक्त रहेको छ। सबै प्रकारका विशिष्टीकृत परीक्षणका लागि आवश्यक पर्ने दक्ष जनशक्ति एवं

मेसिन उपकरणको कमी रहेकोले जनशक्ति र मेसिन उपकरणको व्यवस्थापन गरी सेवाग्राहीलाई सुलभ ढङ्गले सेवा प्रदान गर्नुपर्दछ।

४०. **अनुगमन -** स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले 'ए' र 'बी' समूहमा वर्गीकृत प्रयोगशालाहरूको नियमित अनुगमन एवं सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। हाल 'ए' समूहका १६ र 'बी' समूहका ७३ समेत ८९ प्रयोगशाला सञ्चालनमा रहेकोमा कार्यालयले यो वर्षमा 'ए' समूहका ७ र 'बी' समूहका २४ प्रयोगशालाको अनुगमन गरी 'ए' समूहका ७ प्रयोगशालालाई 'बी' समूहमा घटुवा गरेको छ। अनुमति प्राप्त प्रयोगशालाहरूको सेवा र गुणस्तरमा सुधार गर्न अनुगमन निरीक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

एच.आई.भी. एड्स तथा यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न, चिकित्सा सेवा, शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकलाई पर्नसक्ने दूरगामी अवसरमा कमी ल्याउने उद्देश्यले २०५२ मा केन्द्रको स्थापना भएको हो।

४१. **सेवाप्रवाह** - केन्द्रको ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्रियाकलाप	२०७७।७८	२०७८।७९	२०७९।८०
जम्मा ए.आर.टी.मा आबद्ध एच.आई.भी.संक्रमित	२०८८३	२२७३५	२४२३७
संक्रमितमध्ये ए.आर.टी.मा आबद्ध पुरुष	१०१४४	१११३५	१२०३८
संक्रमितमध्ये ए.आर.टी.मा आबद्ध महिला	९२९२	१००२५	१०७५७
संक्रमितमध्ये ए.आर.टी.मा आबद्ध बालबालिका	११७०	११८३	१००३
संक्रमितमध्ये ए.आर.टी.मा आबद्ध तेस्रोलिङ्गी	३६२	३८७	४३९
नयाँ एच.आई.भी.संक्रमित	७५४	६८०	४८८
एच.आई.भी.का कारण मृत्यु हुनेको सङ्ख्या	६३६	५१०	३४४

एड्स रोगी गत वर्षसम्म २२ हजार ७३५ भएकोमा यस वर्षसम्म २४ हजार २३७ पुगेको र मृत्यु हुनेको सङ्ख्या क्रमशः गत वर्ष ५१० र यो वर्ष ३४४ रहेको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित एड्स रोग संक्रमितलाई उपचारको दायरामा ल्याई एड्स रोग मुक्त नेपाल निर्माणमा प्रभावकारी नतिजा हासिल गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति

नेपालको संविधानमा हरेक नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने र कुनै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने उल्लेख छ। नेपालले नागरिकको स्वास्थ्य उपचारमा भइरहेको व्यक्तिगत खर्चलाई मितव्ययी तथा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न २०७१ मा सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन भई स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेकोमा हाल स्वास्थ्य बीमा ऐन, २०७४ बमोजिम स्वास्थ्य बीमा बोर्ड गठन भई स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन भइरहेको छ। स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच कायम गर्न, सबै स्थानीय तहबाट सर्वसुलभ रूपमा

गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन, अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउन स्वास्थ्य बीमाको महत्त्वपूर्ण भूमिका रहेको छ। स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा देहायबमोजिम छन्:

४२. **सङ्गठन तथा व्यवस्थापन -** स्वाथ्य बीमा ऐन, २०७४ को दफा २६ मा बोर्डमा आवश्यक सङ्ख्यामा कर्मचारी रहने तथा बोर्डमा रहने कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिएबमोजिम हुने उल्लेख छ। बोर्ड स्थापना भएको ८ वर्ष व्यतीत हुँदासमेत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने, कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली जारी गर्ने तथा आवश्यक कर्मचारी भर्ना गर्ने लगायतका कार्य भएको छैन। मन्त्रालयले प्रत्येक आर्थिक वर्षको लागि अस्थायी दरबन्दी स्वीकृत गरी निजामती सेवाबाट काज सरुवा तथा सेवा करारमार्फत पदपूर्ति हुँदै आएको छ। बोर्डको सेवा प्रवाह प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन तथा कर्मचारीको व्यवस्थापन हुनुपर्दछ।

४३. **आवधिक तथा रणनीतीक योजना -** स्वास्थ्य बीमाको काम कारबाहीलाई व्यवस्थापन गर्न स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १३ बमोजिम बोर्डको गठन गरेको र दफा १५(१)(क) बोर्डले स्वास्थ्य बीमा सम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने व्यवस्था रहेको छ। बोर्डले सालबसाली बजेट तथा कार्यक्रम स्वीकृत गर्ने गरेकोमा हालसम्म पनि स्वास्थ्य बीमा सम्बन्धी गुरुयोजना, दीर्घकालीन र अल्पकालीन योजना एवं रणनीतिक योजना तर्जुमा गरेको देखिएन। स्वास्थ्य बीमासँग सम्बन्धित पक्षहरूको समन्वय र सहकार्यमा आवश्यक योजना र रणनीति तय गरी आगामी दिनका लागि मार्गचित्र बनाउनुपर्ने देखिन्छ।

४४. **स्वास्थ्य बीमामा सहभागिता -** स्वास्थ्य बीमा ऐन, २०७४ मा स्वास्थ्य बीमा कार्यक्रममा सबै नेपालीको अनिवार्य आबद्धता हुने उल्लेख छ। राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ को कार्यान्वयन गर्न सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिको गठन आदेश, २०७१ जारी भई २०७२।७३ देखि ३ जिल्लाबाट शुरु भएको यस कार्यक्रम ७५ जिल्लाका ७५१ पालिकामा विस्तार भए तापनि बीमित परिवार र व्यक्तिहरूको सङ्ख्या अपेक्षाकृत रूपमा वृद्धि हुन सकेको छैन। बीमा कार्यक्रममा सहभागिता सम्बन्धमा देखिएका अन्य बेहोरा देहायबमोजिम छन्:

४४.१. बोर्डको २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा स्वास्थ्य बीमामा आबद्ध घर परिवार कुल परिवार सङ्ख्याको ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०८० आषाढमसान्तसम्म सो सङ्ख्या १६ लाख ४७ हजार (२४.७०) प्रतिशत रहको छ।त्यसैगरी कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजारको तुलनामा सक्रिय बीमितको सङ्ख्या ४७ लाख २४ हजार ७३२ (१६.२० प्रतिशत) रहेको छ। नेपाल सरकारको पन्ध्रौं योजना अवधिमा ६० प्रतिशत जनसङ्ख्यालाई स्वास्थ्य बीमामा आबद्ध गर्ने लक्ष्य रहेकोमा उक्त योजनाको बाँकी अवधिमा लक्ष्यबमोजिम प्रगति हासिल हुने सम्भावना देखिन्छ। बीमा कार्यक्रमको प्रचार-प्रसार तथा जनचेतनाको विस्तार र सेवाको प्रभावकारितामार्फत सहभागी परिवार सङ्ख्याको दायरा विस्तार गर्नुपर्दछ।

४४.२. कार्यक्रमको सहभागितालाई प्रादेशिक रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा कुल जनसङ्ख्या २४ लाख ६६ हजार ४२७ मध्ये ६ लाख ६६ हजार ८१३ (२७.०४ प्रतिशत) बीमित

रहेका छन् भने मधेश प्रदेशमा कुल जनसङ्ख्या ६१ लाख १६ हजारमध्ये ३ लाख १२ हजार ७५२ (५.११ प्रतिशत) मात्र बीमित रहेको देखिन्छ। त्यस्तै कोशी, बागमती, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा क्रमशः २६.६९, १८.०६, १३.५१, १५.८३ र १३.२८ प्रतिशत सक्रिय बीमित रहेका छन्। तुलनात्मक रूपमा बीमा सहभागिता न्यून रहेको प्रदेशहरूमा बीमा साक्षरता अभियान सञ्चालन गरी सेवा विस्तार गर्नुपर्दछ।

४४.३. हाल स्वास्थ्य बीमामा सक्रिय रूपमा आबद्ध ४७ लाख २४ हजार ७३२ बीमितमध्ये महिला २४ लाख ३२ हजार ५९७ (५१.४८ प्रतिशत) तथा पुरुष २२ लाख ९१ हजार ८७८ (४८.५० प्रतिशत) र अन्य ६५० (०.०२ प्रतिशत) आबद्ध भएकोले महिला सहभागिता बढी रहेको देखिन्छ। आबद्धमध्ये २०७९।८० मा १७ लाख ८५ हजार ८३२ (३७.८० प्रतिशत) ले सेवा उपभोग गरेकोमा सोमध्ये १० लाख ५ हजार (कुल बीमित महिलामध्ये ४१.३१ प्रतिशत) महिलाले सेवा उपभोग गरेका छन्। त्यस्तै ७ लाख ८० हजार पुरूषले सेवा उपभोग गरेकोमा कुल पुरुष बीमितमध्ये ३४.०६ प्रतिशतले स्वास्थ्य बीमाबाट सेवा लिएको स्वास्थ्य बीमा बोर्डको तथ्याङ्कबाट देखिन्छ। सुविधा थैली तथा प्याकेजमा महिला लक्षित सेवाहरूको अलग प्याकेज बनाई गुणस्तरीय र लैङ्गिकमैत्री सेवा प्रवाहको लागि सेवा प्रदायकलाई उत्प्रेरित गर्न तथा महिलाहरू उच्च जोखिममा रहने रोगहरूको स्क्रिनिङ्ग र सोसम्बन्धी औषधि समेत प्याकेजमा समावेश गर्नेतर्फ बोर्डले ध्यान दिनुपर्दछ ।

४४.४. स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ८ मा स्वास्थ्य बीमा कार्यक्रममा क्रियाशील भएको १ वर्ष पुगेपछि नवीकरण गर्नुपर्ने प्रावधान छ। विगत पाँच वर्षमा बीमितको नवीकरण स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	बीमित सङ्ख्या		जम्मा बीमित सङ्ख्या	नवीकरण प्रतिशत
	नयाँ	नवीकरण		
२०७५।७६	१००३८३२	८०९६१५	१८१३४४७	४४.६५
२०७६।७७	९४१०१७	१३७१८९०	२३१२९०७	५९.३१
२०७७।७८	१३८०७७५	२१११४३४	३४९२२०९	६०.४६
२०७८।७९	१३७७१७३	२९५२२०८	४३२९३८१	६८.१९
२०७९।८०	११२४२४५	३६००४८७	४७२४७३२	७६.२१

उल्लिखित तालिकाअनुसार नवीकरण गर्ने बीमितको सङ्ख्या २०७५।७६ मा ४४.६५ प्रतिशत रहेकोमा २०७९।८० मा कुल बीमितमध्ये ३६ लाख ४८७ (७६.२१ प्रतिशत) ले नवीकरण गरेको र स्वतः नवीकरण हुने लक्षित समूहको सङ्ख्या १२ लाख ७३ हजार ३१७ मात्र रहेको छ। बीमितको ऐच्छिक नवीकरणलाई प्रोत्साहन दिने गरी छुटको सुविधालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सेवाको गुणस्तरमा सुधार गर्नुपर्दछ।

४५. **लक्षित समूह स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७४ को नियम १६ मा लक्षित समूहका अति अशक्त, अपाङ्गता, क्षयरोग, एच.आई.भी सङ्क्रमित, कुष्ठरोगी, ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविका तथा अति गरिब परिचयपत्र प्राप्त घर परिवारलाई स्वास्थ्य बीमाको योगदान रकम नेपाल सरकार, प्रदेश सरकार र स्थानीयतहले बेहोर्ने व्यवस्था छ। यो वर्ष १४ लाख ९० हजार ६४९ व्यक्ति बीमामा आबद्ध भएका छन्। लक्षित समूहमा आबद्धमध्ये सबैभन्दा बढी ज्येष्ठ नागरिक ८ लाख ४६ हजार ३३१ (५६.७७ प्रतिशत) रहेका छन्। त्यसै गरी गरिब परिचयपत्र प्राप्त परिवारको बीमित

सङ्ख्या ३ लाख ८८ हजार ७०२ (२६.०८ प्रतिशत) रहेको छ भने बाँकी अन्य समूहमा पर्ने बीमित रहेका छन्। लक्षित समूहमा आबद्ध जनसङ्ख्यामध्ये ज्येष्ठ नागरिक बढी रहेकोले ज्येष्ठ नागरिकको लागि सुविधा थैलीमा अलग्गै प्याकेज तोक्ने तथा ७० वर्ष माथिको उमेर समूहमा हुने स्वास्थ्य जटिलताका आधारमा दिने सेवा, सुविधा र औषधिको सम्बन्धमा विशेष मापदण्ड बनाई सहज सेवा आपूर्तिको व्यवस्था गर्नुपर्दछ।

त्यसै गरी लक्षित समूहका व्यक्तिको बीमालेख जारी हुँदा परिचयपत्र नम्बर लेख्ने गरे तापनि परिचय यकिन हुने प्रमाणित कागजात स्वास्थ्य बीमा सूचना प्रणालीमा संलग्न नरहेको, बीमा परिचयपत्रमा बीमितको पहिचान खुल्ने फोटो टाँस्ने व्यवस्था नरहेको, एक पटक प्रणालीमा दर्ता भएको लक्षित समूहको पोलिसी प्रणालीबाट स्वतः नवीकरण हुने व्यवस्था गरिएको कारण लक्षित समूहमा रहेका मृत्यु भएका बीमितको बीमालेखसमेत स्वतः नवीकरण हुने हुँदा वास्तविक बीमितको तथ्याङ्क यकिन नहुने र बीमालेखको दुरूपयोग हुन सक्ने देखिएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको व्यक्तिगत घटना दर्ता प्रणालीसँग आबद्ध गरी तथ्याङ्क सत्यापन गर्नुपर्दछ ।

४६. **सुविधा थैलीअन्तर्गतका सेवा उपयोग -** स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमामा आबद्ध हुने बीमितले प्राप्त गर्न सक्ने सुविधा र थैली तथा सोको दररेट, २०७४ जारी गरेको छ। सेवा सुविधाको थैलीमा स्वास्थ्य सेवा विभागअन्तर्गतबाट सञ्चालित कार्यक्रममार्फत निःशुल्क प्राप्त हुने निदानात्मक परीक्षण सेवा, सोअन्तर्गत रेडियोलोजी तथा अन्य परीक्षण सेवा, स्वास्थ्य बीमा बोर्डबाट उपलब्ध हुने उपचारात्मक सेवा, कार्डियाकसम्बन्धी सेवा, क्यान्सरसम्बन्धी सेवा, शल्यक्रिया सेवा, एलोप्याथिक औषधिको निर्धारित सूचीमा सूचीकृत १ हजार १०८ औषधि, आयुर्वेदिक औषधिको निर्धारित सूचीमा सूचीकृत २५ औषधि, ४३ सर्जिकल सामान रहेका छन्। उक्त सुविधा थैलीमा सूचीकृत सेवा तथा औषधिको मूल्य २०७४ देखि पुनरावलोकन भएको छैन। यस प्रकारका सेवाहरूमा समयसापेक्ष परिवर्तन नगरेका कारण औषधिको बजार मूल्य र सुविधामा तोकेको मूल्य फरक हुँदा सेवा प्रदायकले गर्ने दाबीमा समस्या हुने, बीमितलाई कम मूल्यमा औषधि बिक्री गरे पनि तोकेकै दरअनुसारको मूल्यमा बीमा दाबी गर्नुपर्ने लगायतका समस्या देखिएका छन्। बजार सर्वेक्षण तथा सन्दर्भ मूल्य लिएर समयसापेक्ष रूपमा सुविधाको थैलीलाई परिमार्जन तथा विस्तार गर्दै सेवाको दररेटलाई समेत अद्यावधिक गर्नुपर्दछ।

४७. **सेवा प्रदायक संस्था -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ९ मा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न चाहने सेवा प्रदायकले बोर्डसँग सम्झौता गर्नुपर्ने, सम्झौताबमोजिमको सेवा बीमितलाई उपलब्ध गराउनुपर्ने र सम्झौता अवधि पाँच वर्षको हुने व्यवस्था छ। हाल ३४६ स्थानीय तहमा ४४२ सेवा प्रदायक सूचीकृत रहेको र ४०७ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रमको सेवा प्रदायक संस्था नरहेको अवस्था छ। बीमा कार्यक्रम ७५१ स्थानीय तहमा लागु भएपनि सेवा लिने प्रथम सेवा विन्दुहरू नजिकको दूरीमा नहुँदा सेवा प्रदायकले सजिलै सेवा लिन नसक्ने, सेवा प्रदायक संस्थाहरूमा अनावश्यक चाप हुने, सेवा प्रदायक सूचीकृत नभएका पालिकाको कार्यक्रममा आबद्धता कम रहेको देखिन्छ। पालिकामा रहेका आधारभूत अस्पतालहरूलाई प्रथम सेवा विन्दु कायम गरी सेवा प्रदायकहरूको सूची विस्तार गर्ने र भौगोलिक रूपमा नक्साङ्कन गरी सेवा प्रदायक संस्था नभएका क्षेत्रमा नयाँ सेवा प्रदायक दर्ता गर्ने कार्यलाई प्राथमिकता दिने व्यवस्था मिलाउनुपर्दछ।

त्यसै गरी २०७९।८० को बजेट तथा कार्यक्रममा स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लाभग्राहीहरूलाई सामुदायिक तथा सरकारी अस्पतालहरूबाट मात्र उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाउने उल्लेख छ। हाल स्वास्थ्य बीमामा आबद्ध ४४२ सेवा प्रदायक संस्थामध्ये सबैभन्दा धेरै ३८१ संस्था सरकारी रहेका छन् भने निजी ४१, आँखा अस्पताल २६ र सामुदायिक अस्पताल ७ ले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भई सेवा दिदै आएका छन्। सम्झौताको म्याद समाप्त भएका निजी अस्पतालहरूको २०७९।८० देखि नवीकरण भएको छैन। स्वास्थ्य बीमा कार्यक्रममा सूचीकृत स्वास्थ्य संस्थाको अभावमा सहज रूपमा सेवा प्रवाह हुन नसकेको अवस्थामा निजी अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नहुने घोषणा गरेकोले सोको विकल्पमा सामुदायिक तथा सरकारी अस्पतालहरूको पूर्वाधार विस्तार र पालिकास्तरीय अस्पतालहरूको स्तरोन्नतितर्फ सरोकारवालाहरूले ध्यान दिनुपर्दछ ।

४८. **दाबी परीक्षण र नमुना छनोट -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१(२) मा सेवा प्रदायकले बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत दाबी गरेको रकमको मूल्याङ्कन बोर्डले गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी बीमा दाबी समीक्षा तथा मूल्याङ्कन कार्यविधि, २०७८ को बुँदा नं. ४(च) अनुसार प्रथम सेवा विन्दुको हकमा रू.५ सयसम्मको दाबी बीमा व्यवस्थापन सूचना प्रणालीबाट स्वतः स्वीकृत हुने, सरकारी सेवा प्रदायकको हकमा रू.५०० देखि रू.५ हजारसम्मको र निजी सेवा प्रदायकको हकमा रू.३ हजारसम्मको दाबी रकममध्येबाट १० प्रतिशत नमुना छनोट गरी परीक्षण गर्ने व्यवस्था छ। सोभन्दा माथिको दाबी पूर्ण परीक्षण गरी शोधभर्ना भुक्तानी दिने उल्लेख छ।

बोर्डले २०७९।८० मा सेवाप्रदायक स्वास्थ्य संस्थाहरूबाट निम्नानुसार ६५ लाख २८ हजार २९८ सङ्ख्याको दाबीबाट रू.१३ अर्ब ८४ करोड ३ लाख ५३ हजार दाबी प्राप्त गरेमध्ये परीक्षणपश्चात् रू.१३ अर्ब १२ करोड ५५ लाख ५७ हजार शोधभर्ना भुक्तानी गरेको छ। कुल भुक्तानीमा स्वतः स्वीकृत रकम ३.०२ प्रतिशत, नमुना छनोट गरी परीक्षण पश्चात भुक्तानी रकम ४६.५५ प्रतिशत र पूर्ण परीक्षणपश्चात् भुक्तानी रकम ५०.४३ प्रतिशत रहेको छ।

(रू. हजारमा)

विवरण	दाबी सङ्ख्या	दाबी रकम	दाबी भुक्तानी	प्रतिशत
स्वः परीक्षण	१५७०४७९	३९७४८७	३९६८८३	३.०२
आंशिक परीक्षण	४२३८६१८	६४६२३७७	६१०९६६०	४६.५५
पूर्ण परीक्षण	७१९२०१	६९८०४८९	६६१९०१४	५०.४३
जम्मा	**६५२८२९८**	**१३८४०३५३**	**१३१२५५५७**	**१००.००**

नमुना छनोटमार्फत परीक्षण गरेको दाबीमध्ये ५.४५ प्रतिशत र पूर्ण परीक्षणमार्फत परीक्षण गरेको दाबी रकममध्ये ५.१७ प्रतिशत अस्वीकृत भएको र समग्रमा कुल दाबी रकमको परीक्षणपश्चात् भुक्तानी रकम ५.१६ प्रतिशतले घटेको छ। तसर्थ दाबीमा देखिने त्रुटिका आधारमा नमुना छनोटको दायरा बढाई दाबी परीक्षण तथा भुक्तानीलाई यर्थाथपरक तथा विश्वसनीय बनाउनुपर्दछ ।

४९. **दाबी रद्द -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ११ मा बोर्डले सेवा प्रदायकबाट प्रदान भएको सेवा बापत भुक्तानी गर्ने र सोही ऐनको दफा १२(ङ) मा झुट्टा कागजात तथा विवरण बनाई भुक्तानी माग गरेमा सेवा प्रदायकसँगको सम्झौता रद्द गर्न सकिने व्यवस्था छ। त्यसै गरी दफा ३२ मा कुनै सेवा प्रदायकले ऐन वा नियम विपरीत काम गरेमा बोर्डले त्यस्तो सेवा प्रदायकलाई पाँच लाख रुपैयाँसम्म

जरिबाना गर्ने व्यवस्था छ। बोर्डबाट प्राप्त विवरणअनुसार २०७५।७६ मा रू.७ करोड ५ लाख १४ हजार, २०७६।७७ मा रू.७ करोड ९२ लाख ४४ हजार, २०७७।७८ मा रू.२७ करोड ३९ लाख ८८ हजार, २०७८।७९ मा रू.३१ करोड १३ लाख ७२ हजार दाबी रद्द भएको छ। त्यसै गरी २०७९।८० मा ३६५ सेवा प्रदायकको ५० हजार ८४६ दाबी सङ्ख्याको रू.२२ करोड १० लाख ९९ हजार दाबी रकम रद्द गरेको देखिन्छ। गलत प्रतिवेदन र झुट्टा विवरणसहित दाबी गर्ने सेवा प्रदायकको दाबीलाई पुनरावलोकन गरी दाबी अस्वीकार गर्नुका अतिरिक्त कानुनबमोजिम कारबाहीसमेत गर्नुपर्दछ।

५०. **प्रिमियम सङ्कलन र दाबी भुक्तानी -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ७ मा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम, सहभुक्तानी तथा भुक्तानी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने उल्लेख छ। स्वास्थ्य बीमा नियमावलीको, २०७५ को नियम १५ मा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम अनुसूची १ मा पाँच जनासम्मको परिवारको लागि वार्षिक ३ हजार ५०० रुपैयाँ र सोभन्दा बढी थप प्रत्येक व्यक्तिको लागि वार्षिक ७०० रुपैयाँ तोकेको छ। बीमित सङ्ख्या र प्रिमियम सङ्कलन बढ्दै गए पनि दाबी भुक्तानीमा सङ्कलित प्रिमियमको योगदान घट्दै गएको छ। बोर्डबाट प्राप्त विवरणअनुसार २०७८।७९ मा लक्षित समूह बाहेक सःशुल्कतर्फको प्रिमियम सङ्कलन रू.२ अर्ब ३३ करोड ६ लाख रहेकोमा दाबी भुक्तानी रू.८ अर्ब ९ करोड ४० लाख रहेको र २०७९।८० मा प्रिमियम सङ्कलन रू.२ अर्ब ४८ करोड ४३ लाख रहेकोमा दाबी भुक्तानी रू.१० अर्ब ४४ करोड ६० लाख रहेको छ। यसरी दाबी भुक्तानीमा सङ्कलित प्रिमियम योगदान गत वर्ष २८.८० प्रतिशत रहेकोमा यो वर्ष २३.७८ प्रतिशत रहेको छ। सरकारी अनुदानबाट मात्रै यस्तो बृहत् आधार भएको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दा दिगोपना सम्बन्धमा प्रश्न उठ्ने गरेको, विगतमा सेवाग्राहीबाट सह-भुक्तानीको व्यवस्था नभएकोले बीमितले आवश्यक नपर्ने सेवासमेत लिने प्रवृत्ति रहेको देखिन्छ। तसर्थ बीमितको दायरा विस्तारसँगै बीमा शुल्कमा पुनरावलोकन, सह-भुक्तानीको माध्यमबाट स्रोतको विविधीकरण हुनुपर्दछ।

५१. **कार्यक्रममा दोहोरोपना -** स्वास्थ्य बीमा नीति, २०७१ मा नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य वित्त रणनीतिले विभिन्न लगानी संयन्त्रबीचमा अन्तरसम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था गरेको छ। नेपाल सरकारले सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा, आमा सुरक्षा, महिलाको आङ् खसेको निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएको छ। बिरामीलाई सबै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आर्युवेदिक औषधालयबाट ९८ प्रकारका औषधि निःशुल्क उपलव्ध गराउँदै आएको छ। मुटु, मृगौला, क्यान्सरलगायत ८ प्रकारका कडा रोग लागेका विपन्न नागरिकलाई तोकिएका अस्पतालबाट रू.१ लाखसम्मको निःशुल्क उपचारको व्यवस्था गरेको छ भने नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध परिवारलाई रू.१ लाखसम्म उपचार सेवा उपलव्ध गराउँदै आएको छ। सामाजिक सुरक्षा कोषले योगदानकर्ताको दम्पतीलाई रू.१ लाख रुपैयाँसम्म र घातक रोगको लागि बढीमा दश लाखसम्मको स्वास्थ्य उपचार सेवा उपलब्ध गराएको छ। त्यसै गरी कर्मचारी सञ्चय कोषमा आबद्ध सञ्चयकर्ताको दम्पतीलाई अस्पतालमा भर्ना भई उपचार गराएकोमा रू.१ लाखसम्मको उपचार सुविधा उपलब्ध रहेको छ।

यसरी सरकारले सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्ने लक्ष्य लिएको सन्दर्भमा विभिन्न निकायबाट एकै प्रकारको स्वास्थ्य उपचार सम्बन्धी सुविधाहरू उपलव्ध गराएको देखिँदा स्रोत साधनको सदुपयोग हुने गरी समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५२. **अनुगमन मूल्याङ्कन -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ३० मा सेवाको गुणस्तर अनुगमन तथा औषधिको मूल्य निर्धारणको लागि उपसमिति गठन गर्न सक्ने व्यवस्था छ। त्यसैगरी स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन मूल्याङ्कन गर्न बोर्डमा अनुगमन तथा मूल्याङ्कन शाखाको व्यवस्था रहेको छ। सो शाखाले वार्षिक कार्ययोजना बनाएर नियमित अनुगमन नगरेता पनि गुनासो प्राप्त भएका केही जिल्लामा र नियमित अनुगमनमा विभिन्न तहको नेतृत्वमा प्रदेश तथा जिल्ला कार्यालयहरूको अनुगमन भएको देखिन्छ। अस्पतालहरूको भौतिक पूर्वाधार, सरसफाइ, यात्रु विश्राम कक्ष व्यवस्थित नरहेको, अस्पतालको आफ्नै फार्मेसी नरहेको, प्रयोगशाला परीक्षणसम्बन्धी सुविधाहरू पर्याप्त नरहेको, अलग्गै सामाजिक सेवा एकाइ स्थापना गरी सहजीकरण नगरेको, आफूले लिएको सेवा र खर्च भएको रकमको सम्बन्धमा सहजै जानकारी लिन सकिने अवस्था नरहेको, सेवा प्रदायकले अनावश्यक र महङ्गा औषधिहरू सिफारीस गर्ने गरेको लगायतका गुनासो बीमितहरूबाट आउने गरेकोमा बोर्डद्वारा नियमित तथा छड्के अनुगमन नहुँदा सेवा प्रभावकारी हुन सकेको छैन। बोर्डले सेवा प्रदायक संस्था र सम्पादित सेवा प्रवाहको अनुगमन कार्यलाई प्राथमिकतामा राखेर सेवाग्राहीका गुनासो सम्बोधन गर्नुपर्दछ ।

५३. **सर्वेक्षण नतिजा -** लेखापरीक्षणको क्रममा स्वास्थ्य बीमा कार्यान्वयन सम्बन्धमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका सेवाप्रदायक अस्पताल ८, प्राथमिक स्वास्थ्य केन्द्र ५ समेत १३ सेवा प्रदायकबाट बीमा सेवा लिएका १४५ सेवाग्राहीसँग स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित सेवा प्रवाह, सुशासन र स्वास्थ्य पूर्वाधार सम्बन्धमा लिखित प्रश्नावलीमार्फत सर्वेक्षण गरिएकोमा देखिएका बेहोरा देहायबमोजिम छन्:

५३.१. सर्वेक्षणमा सेवाग्राहीहरूले उपचार गर्दा प्रेषणमा उल्लिखित रोगको मात्रै उपचार गर्न मिल्ने या अन्य कुनै नयाँ चेकजाँच गर्न सकिने स्पष्ट जानकारी नरहेको, बीमा कार्ड भए तापनि प्रेषण (रिफर) नभएकाले आफ्नै खर्चमा उपचार गर्नुपरेको, दीर्घ रोगीहरूका लागि चिकित्सकले सिफारिस गरेको परिमाण र अवधि पुग्ने औषधि उपलब्ध नहुने, सबै औषधि बीमाबाट नपाइएको, प्रायः सस्तो औषधिहरूमात्र बीमाबाट प्राप्त हुने, महङ्गो औषधि आफैले किन्नुपर्ने लगायतका गुनासो उल्लेख गरेका छन। त्यसै गरी सुझावहरूमा सेवा प्रवाह छिटो र छरितो हुनुपर्ने, बीमामार्फत सेवा लिनेलाई प्राथमिकता दिनुपर्ने, टिकट र टोकनको व्यवस्थापनमा सुधार हुनुपर्ने, बीमितलाई डिजिटल भौतिक कार्ड वितरण हुनुपर्ने, काठमाडौं बाहिरबाट उपचार गर्न आएकालाई प्रेषण लिन फिर्ता गइरहनुपर्ने बाध्यतालाई समाधान गर्नुपर्ने, नेपालभरी नै बीमा कार्डले जुनसुकै अस्पतालमा गएर पनि स्वास्थ्य बीमाको उपचार गर्न पाउनुपर्ने सुझावहरू दिएका छन्।

५३.२. लाभग्राहीहरूले प्राप्त गर्ने सेवा, सुविधा सम्बन्धमा प्रथम सेवा विन्दु तथा प्रेषण गरिएका बिरामीको उपचार गर्ने अस्पतालहरूले दिएको जवाफमा स्वास्थ्य बीमाको लागि प्रथम सेवा विन्दुमा प्रयोगशाला सुविधा र दक्ष जनशक्तिको अभाव भएकोले प्रारम्भिक उपचार सेवाको लागि पनि सुविधायुक्त अस्पतालमा प्रेषण गर्ने गरेको, प्रथम सेवा विन्दुहरूमा पूर्णरूपले फार्मेसी सञ्चालनमा नरहेको, बिलिङ्ग गर्ने अनलाइन प्रणाली नरहेको, सूचीकृत औषधिहरू उपलब्ध नभएको, प्रेषणमा लेखिएको भन्दा थप उपचार गर्नुपर्ने अवस्थामा

भएको खर्च दावी तथा शोधभर्नामा समस्या रहेको, प्याकेज सिस्टमले गर्दा सोमा समावेश नभएको उपचार तथा परीक्षणमा कठिनाइ रहेको लगायतका समस्या देखिएको उल्लेख गरेका छन्।

उल्लिखित समस्या समाधान गर्न बोर्डले सेवा प्रदायक अस्पतालहरूमा कार्यरत जनशक्तिको लागी स्वास्थ्य बीमासम्बन्धी तालिमहरू दिने, गुनासो सुनुवाइमा ध्यान दिने, स्वास्थ्य बीमासम्बन्धी समस्या समाधानमा सहजीकरण गर्ने, बीमा सचेतनाका कार्यक्रम सञ्चालन गर्नेलगायतका सुझाव रहेका छन्।

वातावरणीय लेखापरीक्षण

स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन

सरकारी तथा निजी स्तरका अस्पताल, नर्सिङ्गहोम लगायतका स्वास्थ्य संस्थाहरूको संख्यात्मक वृद्धिसँगै अस्पतालजन्य फोहर पनि वृद्धि भएको छ। फोहर वर्गीकरणसँगै व्यवस्थापनको विधि, पद्धति र प्रक्रिया पनि फरक फरक हुने हुँदा यसको व्यस्थापनमा विषेश सावधानी अपनाउनुपर्ने हुन्छ। नेपाल सरकारले फोहरको उचित व्यवस्थापनका लागि फोहर व्यवस्थापनसम्बन्धी राष्ट्रिय स्वास्थ्य नीति, २०७६, फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९, वातावरण संरक्षण ऐन, २०७६ लगायतका निर्देशिका, मार्गदर्शन, मापदण्ड तयार गरी लागु गरेको छ। यसको सुव्यवस्थापन र प्रभावकारिता अभिवृद्धि गर्न वातावरणीय लेखापरीक्षण गर्दा देखिएका बेहोरा देहायबमोजिम छन्:

५४. **फोहरको अभिलेख** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ५.२.२ मा अस्पतालबाट प्रतिदिन उत्पादन हुने फोहरको प्रकृतिअनुसार अभिलेख राख्नुपर्ने व्यवस्था छ। सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले दैनिक रूपमा फोहरको अभिलेख नराखेको, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले २०७९।८० को पौष महिनामा अभिलेख राख्न सुरु गरेको जनाए तापनि दैनिक रूपमा नराखेको, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले २०७७।७८, २०७८।७९ र २०७९।८० मा जोखिमरहित फोहरको परिमाण गणना गरे तापनि जोखिमयुक्त र तरल फोहरको अभिलेख राख्ने नगरेको, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल र भक्तपुर क्यान्सर अस्पतालले दैनिक रूपमा फोहरको अभिलेख राखेका छैनन्। लेखापरीक्षणको लागि नमुना छनोट गरिएका ६ वटै अस्पतालले फोहरको व्यवस्थित अभिलेख राखेको देखिएन। फोहरको व्यवस्थित अभिलेख नहुँदा फोहरको प्रकृति एवं परिमाणको जानकारी नहुने र यस्ता प्रारम्भिक एवं महत्वपूर्ण तथ्याङ्कको अभावमा फोहर व्यवस्थापन योजना यथार्थपरक नहुने भएकोले मापदण्डबमोजिम फोहरको प्रकृतिअनुसार दैनिक अभिलेख व्यवस्थित गर्नुपर्दछ।

५५. **फोहर व्यवस्थापन समिति गठन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ५.२.१ मा फोहर व्यवस्थापन गर्न अस्पताल प्रमुखको संयोजकत्वमा एक समिति गठन हुनुपर्ने र समितिको संयोजक फोहर व्यवस्थापनका विषयमा जवाफदेही हुनुपर्ने उल्लेख छ। वातावरणीय लेखापरीक्षणको लागि नमुना छनोट गरिएका अस्पतालहरूबाट प्राप्त विवरण अनुसार सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले कार्यकारी निर्देशकको संयोजकत्वमा ९ सदस्यीय समिति गठन गरेको, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले निर्देशकको संयोजकत्वमा ६ सदस्यीय

समिति गठन गरेको, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले नर्सिङ्ग प्रमुखलाई जिम्मेवारी तोकेको, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समिति गठन नभई इन्फेक्सन तथा प्रिभेन्सन नियन्त्रण एकाइलाई जिम्मेवारी तोकेको, भक्तपुर क्यान्सर अस्पतालमा प्रशासन शाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको र निजामती कर्मचारी अस्पतालमा हाउस किपिङ्ग शाखाले नै फोहर व्यवस्थापनको काम गरेको देखियो। ती अस्पतालहरूमा मापदण्डबमोजिम समिति गठन नहुँदा विभागीय समस्याहरू उजागर नहुन सक्ने, निर्णय कार्यान्वयनमा एकरूपता र अपनत्व नहुने तथा समग्र फोहर व्यवस्थापन प्रणाली नै प्रभावकारी नहुने जोखिमसमेत रहन्छ। तसर्थ तोकिएका पदाधिकारी समावेश गरी समिति गठन गर्नेतर्फ अस्पतालहरूको ध्यान जानुपर्दछ।

५६. **फोहर व्यवस्थापन योजना तर्जुमा -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को ५.२.३ मा अस्पतालले फोहरको सुरक्षित, दिगो र प्रभावकारी व्यवस्थापनको लागि विस्तृत योजना तर्जुमा गरी लागु गर्नुपर्ने व्यवस्था छ। वातावरणीय लेखापरीक्षणको लागि नमुना छनोट गरिएका ६ अस्पतालले स्वास्थ्य सेवाजन्य फोहरको सुरक्षित, दिगो र प्रभावकारी व्यवस्थापनको लागि विस्तृत योजना तयार गरी लागु गरेका छैनन्। विस्तृत योजना नहुँदा फोहर व्यवस्थापनको पूर्वाधार विकास, निकायगत समन्वय एवं सहकार्य, सङ्कलन, भण्डारण, आधुनिक प्रविधियुक्त पूर्वाधारको स्तरोन्नति, दक्ष जनशक्ति पहिचान एवं प्रशिक्षणलगायत फोहर सङ्कलन, भण्डारण, प्रशोधन र विसर्जनका प्रकियाहरू विधि, पद्धति र मापदण्डमा तोकेअनुरूप सञ्चालन नहुन नसकी फोहर व्यवस्थापन दिगो र प्रभावकारितामा असर पर्ने देखिन्छ। अस्पतालले तोकिएबमोजिमको योजना तयार गर्ने र नियामक निकायहरूले समेत यसको नियमित अनुगमन गरी मापदण्ड कार्यान्वयन सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ।

५७. **स्थानीय तहको भूमिका -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ५.१.३ मा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनमा स्थानीय तहको भूमिका सम्बन्धमा उल्लेख छ। यसका लगि स्थानीय तहमा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन गर्नुपर्ने, फोहरको विद्यमान स्थितिको लेखाजोखा गर्नुपर्ने, रणनीतिक योजना तयार गर्नुपर्ने, फोहर व्यवस्थापन सूचना प्रणाली तयार गर्नुपर्ने र स्वास्थ्य सेवाजन्य फोहरको अनुगमन गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार काठमाडौं महानगरपालिकाले स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन नगरेको, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि विद्यमान स्थितिको लेखाजोखा भइरहेको, रणनीतिक योजना तयार भइरहेको, सूचना प्रणाली तयार नभएको, २०७८।७९ र २०८०।८१ मा क्रमशः ३१ र ५० अस्पतालको फोहर व्यवस्थापनको अनुगमन गरेको जनाएको छ। तसर्थ स्थानीय तहहरूले स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि उक्त मापदण्डले तोकेबमोजिमको कार्ययोजना बनाई नियमित अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

५८. **तालिम एवं क्षमता अभिवृद्धि कार्यक्रम -** फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ अन्तर्गत रणनीतिको बुँदा नं. ९.८ मा फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने व्यवस्था रहेको छ।प्राप्त विवरणअनुसार सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले २०७५।७६ र २०७६।७७ मा नर्सिङ्ग शाखा र फोहर व्यवस्थापनमा संलग्न कर्मचारीलाई तालिम दिएकोमा तत्पश्चात २०७७।७८, २०७८।७९ र २०७९।८० मा अभिमुखीकरण कार्यक्रम मात्र सञ्चालन गरेको छ। केन्द्रले सोको व्यवस्थित अभिलेख र तालिमको प्रभावकारिता मूल्याङ्कन एवं आवश्यकता पहिचानसमेत गरेको छैन। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले २०७५।७६, २०७६।७७,

२०७७।७८ र २०७८।७९ मा १६८ सरसफाइकर्मीलाई तालिम दिएको र २०७९।८० मा हिक्याफ, जी.आई.जी., व्यवस्थापन एकाइबाट ३ नर्सिङ्ग कर्मचारी र सरसफाइकर्मीलाई तालिम दिएको जनाए तापनि सोको व्यवस्थित अभिलेख राखेको पाइएन। परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले २०७२ सालमा सोसम्बन्धी सामान्य तालिम प्रदान गरे तापनि सो पश्चात् हालसम्म कुनै तालिम सञ्चालन नभएको जनाएको छ। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले २०७९।८० मा हिक्याफले २ दिवसीय नर्सिङ्ग र हाउसकिपिङ्गका कर्मचारीलाई हेल्थ केयर व्यवस्थापन प्रणाली र स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनसम्बन्धी तालिम दिएको भए तापनि नियमित नभएको र यस अघि कुनै पनि तालिम सञ्चालन नभएको अस्पतालले जनाएको छ।

यसै गरी भक्तपुर क्यान्सर अस्पतालले २०७९।८० मा स्वास्थ्य सेवा विभागबाट सञ्चालित फोहर व्यवस्थापनसम्बन्धी तालिममा एक जना कर्मचारी सहभागी भएको जनाएको छ। निजामती कर्मचारी अस्पतालले औपचारिक ढङ्गबाट तालिम कार्यक्रम सञ्चालन नभएको जनाएको छ। उल्लिखित अस्पतालहरूमा नियमित रूपमा तालिम कार्यक्रम सञ्चालन हुन नसकेको र तालिमको प्रभावकारिता मूल्याङ्कनसमेत भएको पाइएन। तसर्थ नियमित तालिम दिने र फोहर व्यवस्थापनमा संलग्न श्रमिक एवं कर्मचारीलाई सम्भावित जोखिमको बारेमा जानकारी दिने गरी कार्यक्रम सञ्चालन गर्ने साथै सोको प्रभावकारिताको समेत मूल्याङ्कन गर्नुपर्दछ।

५९. **पेसागत सुरक्षा -** फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ अनुसार फोहरमैला व्यवस्थापनमा संलग्न कर्मचारी तथा कामदारको पेसागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड तयार गरी मापदण्डबमोजिमको प्रक्रिया पूरा गरी फोहरमैला व्यवस्थापनमा संलग्न कर्मचारीको पेसागत सुरक्षा र स्वास्थ्यको उचित प्रबन्ध हुनुपर्दछ। नमुना छनोट गरिएका ६ अस्पतालले पेशागत स्वास्थ्यसम्बन्धी मापदण्ड तयार गरी लागु गरेका छैनन्। स्थलगत अवलोकनका क्रममा निजामती कर्मचारी अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठनमा फोहर व्यवस्थापनमा संलग्न कर्मचारीहरू मास्क, ग्लोब्स, आँखाको सुरक्षालगायतका पूर्ण सेट पीपीई नलगाई काम गरिरहेको पाइयो। पूर्ण सेट पीपीई नलगाई काममा खटिँदा कामदारको स्वास्थ्यमा प्रतिकूल असर पर्न गई स्वास्थ्यसम्बन्धी समस्या आउन सक्ने जोखिम रहेको छ।

सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले २०७५।७६ देखि २०७९।८० सम्म ५ वर्षमा ८४८ कर्मचारीलाई हेपाटाइटिस-बी र टीटी खोप लगाएको, वीर अस्पतालले २०७९।८० मा १३ जनालाई हेपाटाइटिस-बी र टीटी खोप लगाएको, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट २०७९।८० मा १६८ जनालाई हेपाटाइटिस-बीको खोप लगाएको, भक्तपुर क्यान्सर अस्पतालले २०७६।७७ र २०७७।७८ मा हेपाटाइटिस-बीको खोप ३२ जनालाई ३ डोज लगाएको, निजामती कर्मचारी अस्पतालले २०७५।७६ देखि २०७९।८० सम्म २१ जनालाई हेपाटाइटिस-बी र टीटी खोप लगाएको विवरण प्राप्त भएको छ भने परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालबाट खोपसम्बन्धी विवरण प्राप्त हुन आएन। अस्पतालहरूले गत विगतमा कर्मचारीलाई लगाएको खोपको अभिलेख व्यवस्थित गरेको देखिएन। फोहर व्यवस्थापनमा संलग्न कर्मचारीलाई निःशुल्क उपचारको आवश्यक प्रबन्ध हुनुपर्ने निजामती कर्मचारी अस्पतालले जनाएको छ। सुरक्षा तथा स्वास्थ्य मापदण्ड तयार गरी उनीहरूलाई सचेत गराउने, सम्भावित जोखिम न्यूनीकरणका लागि बुट, पञ्जा, पीपीईको प्रयोग तथा आवश्यक मात्रामा खोपहरूको सुनिश्चितता हुनुपर्दछ।

६०. **फोहर उत्पादन न्यूनीकरण -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ६.१ मा अस्पतालबाट निष्काशन हुन फोहरको उचित व्यवस्थापनका लागि यसको स्रोतमै उत्पादन न्यूनीकरण, पुनः प्रयोग गर्न सकिने उपकरण एवं मालसामानको प्रयोगमा जोड, कम विषाक्त वस्तुको प्रयोग, प्रतिस्थापन पद्धतिको प्रयोग, प्रकियागत सुधार गर्नुपर्ने उल्लेख छ। छनोट भएका अस्पतालहरूले उत्पादित फोहरमध्ये केही बिक्री वितरण र केहीको कम्पोष्ट गर्ने गरेको भए तापनि फोहर उत्पादनमा कमी ल्याउन वैकल्पिक विधि, पद्धति एवं कार्य प्रकियाको अवलम्बन गरेका छैनन्। स्रोतमै न्यून उत्पादन गर्ने विधि, पद्धति एवं कार्य प्रक्रिया अपनाउनुपर्दछ।

६१. **फोहर पानीको व्यवस्थापन -** वातावरण संरक्षण नियमावली, २०७७ को नियम १५ अनुसार वन तथा वातावरण मन्त्रालयले २०७६।४।२० मा अस्पतालबाट निष्काशन हुने फोहर पानीको मापदण्ड सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गरेको छ। सो मापदण्डमा अस्पतालबाट निष्काशित फोहर पानी प्रशोधन नगरी भूमिगत पानीको स्रोतलाई प्रदूषित गराउने गरी जमिनभित्र पठाउन नपाउने उल्लेख छ। सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले फोहर पानीलाई प्रशोधन गरी बगैंचा एवं सरसफाइका लागि प्रयोगमा ल्याएको जनाए तापनि प्रयोगशाला परीक्षण नगरेकोले तोकेको मापदण्डबमोजिम नै रहेको यकिन गर्ने आधार छैन। त्यसै गरी अन्य ५ अस्पतालले फोहर पानी, अपरेसन थिएटरबाट निष्कने रगत र अन्य तरल फोहरहरू प्रशोधन नगरी ढलमा मिसाउने गरेको जनाएको छ। अस्पतालको अपरेसन वार्डलगायत अन्य वार्डबाट निस्कने फोहर संक्रमणयुक्त हुने र उपयुक्त विधिबाट प्रशोधन नगरी सोझै सार्वजनिक ढलमा मिसाउँदा संक्रमणका कारण महामारी फैलिन सक्ने, जलचर प्राणीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव परी लोप हुन सक्ने र वातावरणसमेत दुर्गन्धित हुने जोखिम भएकोले तोकिएको मापदण्ड पूरा गरी अस्पतालजन्य फोहर पानीको व्यवस्थापन गर्नुपर्दछ।

६२. **फोहर प्रशोधन/निर्मलीकरण -** फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ६(५) मा स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालाई प्रशोधन तथा निर्मलीकरण गरे पश्चात् उक्त फोहरमैलालाई स्थानीय निकायले सम्बन्धित स्वास्थ्य संस्थासँग सेवा शुल्क लिई विसर्जन गर्न सक्ने र उपनियम (६) मा स्वास्थ्य संस्थाजन्य संक्रमित फोहर पूर्णरूपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराई प्रमाणित गराउनुपर्ने व्यवस्था छ। अस्पतालहरूबाट प्राप्त विवरणअनुसार सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले क्लोरिन सोलुसन, अटोक्लेभ र श्रेडिङ्गका माध्यमबाट निर्मलीकरण गर्ने गरेको जनाए तापनि फोहर पूर्णरूपमा जोखिमरहित भएको सुनिश्चित हुन अटोक्लेभ मेसिनले सङ्केत नदेखाउने र यसका लागि टेप, बायोलोजिकल इण्डिकेटर, केमिकल इण्डिकेटरको प्रयोग गर्ने गरेको जनाएको छ। परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पतालले अटोक्लेभ प्रयोग गर्ने गरेको जनाएको छ। नमुना छनोट गरिएका अस्पतालमा प्रयोगमा ल्याएको अटोक्लेभले फोहर प्रशोधन निर्मलीकरणसम्बन्धी सङ्केत नदेखाउने र उपयुक्त मापदण्डको अभावमा टेपलाई इण्डिकेटरको रूपमा लिँदा फोहर पूर्णरूपमा निर्मलीकरण भएको सम्बन्धमा आश्वस्त हुने स्थिति हुँदैन। अतः उपयुक्त पद्धतिका माध्यमबाट फोहर पूर्णरूपमा निर्मलीकरण भएको आश्वस्त हुने व्यवस्था गर्नुपर्दछ।

६३. **फोहरको भण्डारण -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ६.२.६ मा फोहरको उपयुक्त भण्डार हुनुपर्ने व्यवस्था छ। जोखिमरहित र

जोखिमयुक्त फोहर छुट्टै स्थानमा भण्डारणको व्यवस्था हुनुपर्ने, क्रस भेन्टिलेसन भएको हुनुपर्ने, भण्डारमा रहेको फोहरको उपयुक्त अभिलेख राख्नुपर्ने, बिरामी वार्ड, प्रयोगशाला तथा सार्वजनिक पहुँचभन्दा टाढा हुनुपर्ने, ताल्चा लगाई सुरक्षित ढङ्गबाट राख्नुपर्ने, घाम पानी हावाहुरीबाट सुरक्षित हुनुपर्ने, विज्ञको सुझावअनुसार तोकिएको स्थानमा हुनुपर्ने, पानी तथा बिजुलीको उचित प्रबन्ध हुनुपर्ने र फोहर सङ्कलन गर्ने साधनको सहज पहुँच भएको हुनुपर्ने उल्लेख छ। अस्पतालहरूको स्थलगत अवलोकनका क्रममा भक्तपुर क्यान्सर अस्पताल, प्रसूति गृह र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठनमा भण्डारण स्थल पर्याप्त नभएको, फोहर भण्डारण स्थल मापदण्डबमोजिम नरहेको, खुल्ला स्थानमा फोहर वर्गीकरण गर्ने गरेको पाइयो। अन्य ३ अस्पतालमा फोहर भण्डारका लागि भवनको व्यवस्था भए तापनि मापदण्डबमोजिम भएको पाइएन। अतः निर्धारित मापदण्डको पालना गरी भण्डारण तथा वर्गीकरणका लागि स्थल व्यवस्थापन, जोखिमरहित र जोखिमयुक्त फोहरलाई फरक फरक स्थानमा भण्डारण, फोहरको सुरक्षित ढुवानीको व्यवस्थालगायतका वैज्ञानिक, दिगो एवं सुरक्षित तवरबाट फोहर व्यवस्थापन गर्नुपर्दछ।

६४. **फोहरको अन्तिम व्यवस्थापन -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ६.५ मा फोहरको अन्तिम विसर्जन सुरक्षित ढङ्गबाट गर्ने र जलाउने कार्यलाई न्यूनीकरण गर्नुपर्ने उल्लेख छ। अस्पतालहरूबाट प्राप्त विवरणअनुसार सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले कुहिने फोहरलाई खाल्डोमा जम्मा गरी कम्पोष्ट मल तयार गर्ने गरेकोमा अस्पताल परिसर दुर्गन्धित हुने गरेको, एम्पुल भाएलहरू सिमेन्टले ढलान गरिएको पिटमा खसाल्ने गरेको, वार्डबाट सङ्कलित फोहरमा पूर्णरूपमा लेबल नलगाएको, सिरिन्ज, आईभी सेट, गज, ग्लोब्स, डिस्पोजेबल गाउनलगायतका जोखिमयुक्त फोहरलाई अटोक्लेभमा प्रशोधन गरे पश्चात् निजी कम्पनीमार्फत अन्तिम विसर्जन गर्ने गरेको पाइयो। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) बाट प्राप्त विवरणअनुसार जोखिमरहित कुहिने फोहरलाई एक प्राइभेट कम्पनीमार्फत ल्याण्डफिल साइटमा फाल्ने गरेको, नकुहिने फोहरहरू सिसा र प्लाष्टिकका बोतलहरू बिक्री गर्ने गरेको, प्याथोलोजिकल फोहरहरू ट्रमा सेन्टरको प्लासिन्टापिटमा व्यवस्थापन गर्ने गरिएको, संक्रमणयुक्त फोहरलाई अटोक्लेभमा प्रशोधन गरे पश्चात् बिक्री गर्ने र बिक्री नहुने फोहरलाई भण्डारण गर्ने गरेको, डायपर, डिस्पोजेबल गाउन जस्ता फोहर एक निजी कम्पनीले लैजाने गरेको छ। परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले प्रयोगशाला परीक्षणका लागि सङ्कलन गरिएका नमुना परीक्षण पश्चात् भाँडोसहित जंगलमा खाडल खनेर पुर्ने गरेको, संक्रमण नहुने प्लाष्टिकजन्य फोहर बिक्री गर्ने गरेको, डायपर, डिस्पोजेबल गाउन आदि निर्मलीकरण पश्चात् महानगरपालिकाले लैजाने गरेको, स्थान अभावका कारण फोहर भण्डारणमा कठिनाइ भएको र प्लासिन्टापिट अस्पताल भवन नजिकै हुँदा दुर्गन्ध फैलिने गरेको जनाएको छ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले संक्रमण नहुने प्लाष्टिकजन्य फोहर बिक्री गर्ने गरेको, प्लासिन्टापिट अस्पताल भवन नजिकै भएका कारण दुर्गन्ध फैलिने गरेको र जोखिमयुक्त फोहरलाई निर्मलीकरण गरेपश्चात् अन्य फोहरसँगै एक निजी कम्पनीमार्फत अन्तिम विसर्जन गरेको जनाएको छ। भक्तपुर क्यान्सर अस्पतालले जोखिमयुक्त फोहरलाई निर्मलीकरण गरेपश्चात् अरु फोहरसँगै नगरपालिकाले लैजाने गरेको, नकुहिने फोहर र सङ्कलित नमुनाहरू निर्मलीकरण पश्चात् एक निजी कम्पनीले लिई इन्सिनेटरमा जलाउने गरेको जनाएको छ। त्यसै गरी निजामती कर्मचारी अस्पतालले कपास, गज, प्लासिन्टा, निडिल, भायल, ल्याब परीक्षणका लागि झिकिएका नमुनालगायतका फोहरलाई बायोमेडिकल फोहर प्रशोधन प्रणालीमार्फत निर्मलीकरण गर्ने गरे पश्चात् निस्कने पदार्थ भण्डारण स्थलको अभाव रहेको,

प्लाष्टिकजन्य फोहर निर्मलीकरण पश्चात् बिक्री गर्ने गरेको, अन्य फोहर महानगरपालिकामार्फत ल्याण्डफिल साइटमा पठाउने गरेको जनाएको छ। फोहर भण्डारणका लागि उपयुक्त स्थलको व्यवस्थापन गर्ने, जलाउने कार्यलाई पूर्णतया निरुत्साहित गर्ने, जोखिमरहित र जोखिमयुक्त फोहरलाई फरक फरक स्थानमा भण्डारण गर्नुपर्ने, सुरक्षित ढुवानीको व्यवस्था गर्नुपर्नेलगायतका वैज्ञानिक, दिगो एवं सुरक्षित तवरबाट फोहर विसर्जन गर्नुपर्दछ।

६५. **फोहर व्यवस्थापनका लागि नागरिक शिक्षा -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ११ मा फोहर व्यवस्थापनका सम्बन्धमा सर्वसाधारण, बिरामी र आगन्तुकहरूलाई जनचेतना अभिवृद्धिका लागि नियमित शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था छ। वातावरणीय लेखापरीक्षणका लागि नमुना छनोट गरिएका ६ अस्पतालबाट प्राप्त विवरणअनुसार बिरामी एवं आगन्तुकहरूलाई नर्सिङ्ग कर्मचारीहरूले फोहरको प्रारम्भिक व्यवस्थापनका बारेमा मौखिक बताउने गरे तापनि औपचारिक ढङ्गबाट यस्ता कार्यक्रम सञ्चालन नभएको जनाएको छ। अस्पतालहरूले समेटेको क्षेत्र तथा समुदाय र विद्यालयस्तरमा समेत कार्यक्रमहरू सञ्चालन गरी जनचेतना अभिवृद्धि गर्नुपर्दछ ।

६६. **अनुगमन तथा मूल्याङ्कन -** स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ६.६ मा आधारभूत र अनुपालनको अनुगमन फोहर व्यवस्थापन समितिले तोकेको व्यक्तिले र प्रभाव अनुगमन तथा मूल्याङ्कन तेस्रो पक्षबाट गर्नुपर्ने व्यवस्था छ। अस्पतालहरूबाट प्राप्त विवरणअनुसार सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले २०७५।७६ र २०७६।७७ मा गरी २ पटक कार्यकारी निर्देशक, प्रशासन प्रमुख र नर्सिङ्ग निर्देशक रहेको टोलीबाट आधारभूत अनुगमन गरेको भए तापनि परिपालना र प्रभावको अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले नियमित अनुगमन गर्ने गरेको जनाए तापनि सोको व्यवस्थित अभिलेख राखेको छैन। त्यसै गरी प्रसूति गृह, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पतालले हालसम्म अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन। उक्त मापदण्डमा तोकेबमोजिम अनुगमन तथा मूल्याङ्कन नहुँदा फोहर व्यवस्थापनसँग सम्बन्धित प्रचलित मापदण्डको परिपालना गरी फोहर व्यवस्थापन भएको सुनिश्चत नहुने र फोहर व्वयस्थापन प्रणाली प्रभावकारी भए/नभएको समेत यकिन गर्न सकिने आधार छैन। अनुगमन तथा मूल्याङ्कनलाई नियमित एवं व्यवस्थित गर्नुपर्दछ।

सङ्गठित संस्था, समिति र अन्य संस्था

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.१ अर्ब ४१ करोड ८ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.१ अर्ब ९८ करोड २२ लाखसमेत रू.३ अर्ब ३९ करोड ३० लाखमध्ये रू.३ अर्ब १३ करोड ६५ लाख खर्च भई रू.२५ करोड ६५ लाख मौज्दात रहेको छ। हाल प्रतिष्ठानमा चिकित्सा विज्ञानका विभिन्न विषयमा अध्ययन अध्यापनको अतिरिक्त ९६० शय्याबाट उपचार हुँदै आएको छ।

६७. **सेवा प्रवाह** - प्रतिष्ठानबाट उपलब्ध विवरण अनुसार प्रतिष्ठानको विगत ५ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क.सं.	सेवाको विवरण	आर्थिक वर्ष				
		२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
१	बहिरङ्ग बिरामी सङ्ख्या	३७८२४९	२९८४३४	१८६३८७	३७९८५४	५२४६५१
२	अन्तरङ्ग बिरामी सङ्ख्या	१३१५९	१०९४०	८६२६	१५६०१	१८५२७
३	आकस्मिक सेवा	४४५३५	३८५१०	२३१८२	३७३५९	४२३०६
	जम्मा	**४३५९४३**	**३४७८८४**	**२१८१९५**	**४३२८१४**	**५८५४८४**
४	बिरामी मृत्युदर (प्रतिशत)	३.०९	३.९०	५.९१	६.३८	५.३०
५	हेमोडाइलासिस सेवा	९१३९	११२४३	१३८४२	१७२०७	१८३४८
६	बेड अकुपेन्सी दर (प्रतिशत)	६४.२०	५४	४४.२०	४८.२०	६६.२०

प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार पछिल्ला वर्षहरूमा बिरामीको चाप उच्च रहेको छ। यो अस्पताल सेवा सुविधा सम्पन्न रेफरल अस्पतालको रूपमा रहेको भए तापनि बिरामीले शल्यक्रियाको लागि १ हप्तादेखि ३ महिनासम्म, क्यान्सर तथा अन्यको उपचारको लागि ६ हप्ता, ट्युमर म्यालेन्सी २ हप्ता, स्कृन कमनवार्ट १ हप्ता, इण्डोस्कोपी ३ हप्ता र युरोलोजी कस्मेटिक सर्जरी १ वर्षसम्म कुर्नुपर्ने अवस्था विद्यमान छ। चिकित्सकबाट लेखिएको औषधि फार्मेसीमा उपलब्ध हुन नसकी बिरामीले बाहिरबाट खरिद गर्नुपरेको लगायतका समस्या रहेका छन्। उक्त समस्या समाधान गरी गुणस्तरीय सेवा प्रदान गर्न प्रतिष्ठानले ध्यान दिनुपर्दछ।

६८. **बजेट व्यवस्था** - सार्वजनिक खरिद नियमवाली, २०६४ नियम ६(१) अन्तर्गत सार्वजनिक निकायले आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। प्रतिष्ठानले वार्षिक बजेटले तोकेको सीमाभन्दा बढी रकमको सामान खरिद गरेको कारण २०७८।७९ को भुक्तानी दिन बाँकी रू.६ करोड ७९ लाख यो वर्ष भुक्तानी भएको र यो वर्ष खरिद गरेको सामानको रू.१७ करोड ७५ लाख ३० हजार आगामी वर्ष भुक्तानी दिनेगरी दायित्व सिर्जना गरेको छ। यसरी बजेटको सुनिश्चिता बेगर दायित्व सिर्जना गर्दा आगामी वर्षको कार्यक्रममा समेत असर पर्ने भएकोले बजेटको व्यवस्थाविना दायित्व सिर्जना गर्नु हुँदैन।

६९. **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन नियमबमोजिम सम्झौतामा तोकिएको व्यवस्थाको पालना हुनुपर्दछ। प्रतिष्ठानले अस्पताल हातामा २४ सै घण्टा बैङ्कको काउन्टर सञ्चालन गर्न र ए.टी.एम. सेवा सञ्चालन गर्न तोकिएको क्षेत्रको नापजाँच गरी प्रति वर्गफिट मासिक रू.२८० का दरले हुने रकम अस्पताललाई बुझाउने गरी २०७६।२।१३ मा ५ वर्षको लागि एक बैङ्कसँग सम्झौता भएअनुसार बैङ्कले बहाल कर कटाई मासिक रू.४५ हजारले भाडा बुझाएको छ। उक्त सम्झौतामा भाडा रकमको अलावा प्रतिष्ठानका कर्मचारीलाई लकर सेवा उपलब्ध गराउँदा वार्षिक शुल्कमा पचास प्रतिशत छुट दिने, अस्पतालका उत्कृष्ट कर्मचारीलाई वार्षिक रू.५० हजार पुरस्कार दिने, कर्मचारीलाई तलबी खातामा ५ प्रतिशत व्याज दिने, कर्मचारीहरूको रू.१५ लाखको दुर्घटना बीमा गर्ने, अस्पतालमा उपचार गर्न आउने गरिब असहाय तथा बेवारिसे बिरामीहरूको उपचारको लागि अस्पतालको सिफारिसको आधारमा वार्षिक रू.१२ लाख उपलब्ध गराउने, अस्पताललाई आवश्यक पर्ने मेडिकल उपकरण, फर्निचर खरिद गर्न वार्षिक रू.२० लाख उपलब्ध गराउने र प्रतीक्षालयमा बिरामी बस्नको लागि कुर्सी तथा टेलिभिजन खरिद गर्न वार्षिक रू.१ लाख उपलब्ध गराउने उल्लेख छ। सो बमोजिम बैङ्कले

प्रतिष्ठानलाई वार्षिक रू.३३ लाख ५० हजारका दरले ४ वर्षको रू.१ करोड ३४ लाख बुझाउनुपर्नेमा बुझाएको नदेखिएकोले सो रकम बैङ्कबाट असुल हुनुपर्दछ।

७०. **मेसिन मर्मत सम्झौता –** एक आपूर्तकसँग एम.आर.आई.मेसिन खरिद गर्न भएको सम्झौतामा मेसिन जडान भएको मितिदेखि १ वर्षसम्म ग्यारेन्टी कायम रहने र थप २ वर्षको लागि पूर्ण सर्भिस वारेन्टी कायम रहने उल्लेख छ। अस्पतालमा उक्त मेसिन २०७२।१०।२७ मा जडान भएकोले ३ वर्षसम्म वारेन्टी अवधि कायम रहने र चौथौ वर्षदेखिको मात्र मर्मत खर्च भुक्तानी गर्नुपर्ने हुन्छ। तर प्रतिष्ठानले दोस्रो वर्षदेखि नै लागु हुने गरी मर्मत सम्झौता गरी वारेन्टी अवधि कायम रहेको २ वर्षको लागि समेत मर्मत खर्च अमेरिकी डलर १ लाख १२ हजार ७५० को हुने रू.१ करोड ४१ लाख ४२ हजार भुक्तानी भएको देखिन्छ। यसरी वारेन्टी अवधिको मर्मत खर्च सम्बन्धित कम्पनीबाट असुल हुनुपर्दछ।

७१. **दरबन्दीबेगर नियुक्ति** – चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको कर्मचारी सेवाका शर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ४० मा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएमा एक वर्षभन्दा बढीको लागि नियुक्ति गर्न नपाउने उल्लेख छ। त्यस्तै नियम ४१ मा पद बेगर कुनै पनि व्यक्तिलाई नियुक्ति गरेमा निज सेवामा रहँदा पाएको तलब, भत्तालगायतका अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले मेडिकल अफिसरदेखि डार्करुम असिष्टेन्टसम्म ४३ जनालाई दरबन्दीबेगर एक वर्षभन्दा बढी अवधिको लागि करारमा भर्ना गरी रू.२ करोड ७५ लाख ७१ हजार तलब, भत्ता खर्च गरेको देखिन्छ। दरबन्दीबेगर कर्मचारी नियुक्ति गरी तलब भत्ता खर्च लेखेको अनियमित देखिएको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

७२. **भत्ता -** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउने मापदण्ड, २०७८ को दफा ३(२) मा सरकारी कोषबाट वितरण गरिने सबै प्रकारका भत्ता तथा सुविधाहरू दोहोरो पर्नेगरी वितरण नगरिने र बुँदा ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, जोखिम भत्ता, विशेष भत्ता र खाजा खानालगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ। प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार यो वर्ष हेजार्ड भत्ता १३८ जनालाई रू.१ करोड ६१ लाख ६३ हजार, ऐनेस्थेसिया भत्ता १७ जनालाई रू.७३ लाख २१ हजार, सेवा विस्तार भत्ता सबै जनालाई रू.१५ करोड ९६ लाख ६४ हजार र अध्यापन भत्ता १८५ जनालाई रू.८ करोड ६ लाख ८३ हजारसमेत रू.२६ करोड ३८ लाख ३१ हजार भत्ता उपलब्ध गराएको छ। यसै गरी २०७७।७८ मा यस प्रकारको भत्ताबापत रू.३० करोड ९९ लाख ९१ हजार भुक्तानी गरेको छ।

एकै कर्मचारीलाई ४ किसिमका भत्ता उपलब्ध गराएको, कार्यालय समय ८.३० देखि ४.३० सम्म कायम गरेर तलब स्केलको ५० प्रतिशतसम्म भत्ता भुक्तानी दिने व्यवस्था गरी प्रतिष्ठानका सबै कर्मचारीलाई सेवा विस्तार भत्ता भुक्तानी दिएको देखिन्छ। साथै प्रत्येक कर्मचारीहरूको व्यक्तिगत हाजिरी विवरण परिक्षण गरी भत्ताको भुक्तानी हुनुपर्नेमा सबै कर्मचारीको व्यक्तिगत हाजिरी परीक्षण तथा जाँच भएको गरेको समेत देखिएन। कार्यसम्पादन मापन गर्ने सूचक तथा मापदण्ड निर्धारण नगरी कार्यालय समयमा हाजिर गरेको आधारमा मात्र भत्ता दिनु उचित देखिएन। भत्ता वितरण प्रणालीमा मितव्ययिता र प्रभावकारिता अभिवृद्धि गर्न दोहोरो नपर्ने गरी भत्ता दिन आवश्यक भएमा कार्यसम्पादन सूचक निर्धारण गरी भत्ता दिने व्यवस्था हुनुपर्दछ।

७३. **पारिश्रमिक कर -** आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीको आय भन्नाले ज्याला, तलब, बिदा बापतको रकम, अतिरिक्त समय काम गरेको रकम, शुल्क, कमिसन, पुरस्कार, बोनस र अन्य सुविधा

बापतको रकम सम्झनुपर्ने उल्लेख छ। सोही ऐनको दफा ८७ को अनुसूची-१ मा पारिश्रमिक करयोग्य कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानमा कार्यरत चिकित्सकहरूको वार्षिक आय गणना गर्दा अध्यापन भत्ताको रकम आयमा समावेश नगरी एकमुष्ट रूपमा श्रावणदेखि कार्तिकसम्मको भुक्तानीमा १ प्रतिशत र मार्गदिखि फाल्गुणसम्मको भुक्तानीमा १० प्रतिशत मात्र कर कट्टा गरेको छ। वार्षिक आय गणना गर्दा ती चिकित्सकहरूको कर ३० प्रतिशतसम्म लाग्ने देखिएकोले १८८ कर्मचारीबाट घटी कर कट्टी भएकोले रू.१ करोड ८० लाख ५० हजार असुल गर्नुपर्दछ।

७४. **बोलपत्र जमानत** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ मा कुनै बोलपत्रदाता निर्धारित समयावधिभित्र खरिद सम्झौता गर्न नआएमा वा खरिद कार्यमा सहभागी भई सम्झौता नगरेमा उक्त बोलपत्रदाताले राखेको बोलपत्र जमानत रकम जफत गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले फार्मेसीको औषधि खरिद गर्न बोलपत्र आह्वान गरेकोमा चार बोलपत्रदाताको बोलपत्र स्वीकृत भए तापनि सम्झौता गर्न आएको नदेखिएकोले ती बोलपत्रदाताले पेस गरेको बैङ्क जमानत रू.२० लाख जफत गरी राजस्व दाखिला हुनुपर्दछ।

७५. **म्याद गुज्रेका औषधि –** फार्मेसीलाई आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानको लागि भएको बोलपत्रको सम्झौताको बुँदा नं.१६ र १७ मा निकट भविष्यमा म्याद गुज्रिने तथा म्याद गुज्रेको मालसामानहरू सम्बन्धित आपूर्तकलाई फिर्ता गर्न सकिने प्रावधान रहेको छ। उक्त मालसामान सम्बन्धित आपूर्तकले फिर्ता लगी म्याद रहेको औषधि तथा सर्जिकल सामान आपूर्ति गर्नुपर्ने वा सो बराबरको रकम भुक्तानीबाट कट्टा गर्न सकिने उल्लेख छ। प्रतिष्ठानको फार्मेसी शाखाले उपलब्ध गराएको विवरणअनुसार २१ आपूर्तकबाट खरिद गरिएको रू.१ करोड ७३ लाख ३० हजारको औषधि तथा औषधिजन्य वस्तुको म्याद गुज्रेको भए पनि फिर्ता भएको छैन। सम्झौता अनुसार फिर्ता नभएको सम्बन्धमा आपूर्तकको धरौटी, कार्यसम्पादन जमानत तथा उक्त सप्लायर्सले पाउने अन्य भुक्तानीबाट कट्टा गरी असुल गर्नुपर्दछ।

७६. **बढी भुक्तानी** – प्रतिष्ठानले औषधि खरिद गर्दा सम्झौताको दरमा खरिद गर्नुपर्दछ। फार्मेसीको लागि आवश्यक औषधि तथा सर्जिकल मालसामानहरू खरिद गर्दा बोलपत्र कबोल गर्ने आपूर्तकसँग भएको सम्झौताको दरमा मात्र खरिद गर्नुपर्नेमा सम्झौता भएको तथा कबोल गरेको दरभन्दा फरक पर्नेगरी मालसामान खरिद गरेको हुँदा बढी भुक्तानी भएको रू.३६ लाख २३ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ।

७७. **सम्झौता परिमाणभन्दा बढी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (३)(ग) मा मालसामान वा अन्य सेवाको भेरिएसन गर्दा ऐनको दफा ५(क) को उपदफा २ बमोजिम लागत अनुमानमा प्रभाव परे नपरेको लगायतको विषयहरू ध्यान दिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानले १३ आपूर्तकसँग यो वर्ष र विगत वर्षको सम्झौतामा रू.७ करोड ९५ लाख ७५ हजारको खरिद सम्झौता गरेकोमा पटक पटक म्याद थप गरी रू.२९ करोड ९२ लाख ३३ हजारको मात्र सामान खरिद गरेको छ। यसरी खरिद गर्दा आपूर्तकले बोलपत्र पेस गर्दा लागत अनुमानको तुलनामा अधिक दर कबोल गरेका सामान बढी खरिद गर्ने र लागत अनुमानको तुलनामा कम दर कबोल गरेका सामान कम परिमाणमा खरिद गर्ने गरेबाट ९ ठेक्कामा प्रतिष्ठानलाई रू.४ करोड ३२ लाख ६६ हजार थप व्ययभार परेको छ। अतः प्रतिष्ठानले सार्वजनिक खरिदमा प्रतिस्पर्धा तथा मितव्ययितालाई सुनिश्चित गर्नुपर्दछ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (२०७७।७८)

७८. **आइसोलेसन खर्च -** कोभिड-१९ संक्रमित तथा कन्ट्याक्ट ट्रेसिङ्गमा परेका कर्मचारीहरूलाई क्वारेन्टाइनमा राख्नको लागि प्रतिष्ठानले दुई होटलसँग सम्झौता गरी कर्मचारीहरूलाई खाने बस्ने व्यवस्थाको लागि रू.२ करोड ४४ लाख ४५ हजार भुक्तानी गरेको छ। आइसोलेशनमा बसेका सबै कर्मचारीको विवरण उपलब्ध भएन। साथै विद्युतीय हाजिर प्रणालीमा समेत रकम बुझिलिने कर्मचारीहरूको क्वारेन्टाइन बसेको बिदा उल्लेख भएको नदेखिएको हुँदा होटलका बिल बमोजिमका कर्मचारी सोही अवधि होटलमा बसेको भनी आश्वस्त हुने अवस्था रहेन। तसर्थ प्रशासन शाखाबाट कर्मचारीको अद्यावधिक अभिलेख तयार गरी दोहोरो तथा बढी सङ्ख्यामा खर्च नभएको यकिन हुनुपर्दछ।

७९. **औषधि खरिद** - चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका शर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ को नियम ९५ मा कर्मचारीले सेवा अवधिभरमा अधिकृत तहको कर्मचारीलाई १२ महिनाको तलब बराबर, सहायक तहको कर्मचारी भए २१ महिना बराबरको खाइपाई आएको तलब रकम औषधि उपचार खर्च बापत पाउने व्यवस्था छ। प्रतिष्ठानले ती सुविधाहरू यथावत नै राखी अधिकृतस्तरका कर्मचारीलाई एक महिनाको र सहायकस्तरका कर्मचारीलाई १.५ महिनाको तलब बराबरको रकम बोर्डको निर्णय अनुसार विगतदेखि नै उपलब्ध गराउँदै आएको छ। यो वर्ष ८९२ कर्मचारीलाई औषधि खरिद खर्चबापत रू.३ करोड ४ लाख ९७ हजार भुक्तानी गरेको छ। औषधि खरिद खर्चबापत सुविधा लिए तापनि औषधि खरिदका बिल भर्पाईसहितका प्रमाण पेस भएको छैन। कर्मचारीहरूले अवकाशपछि पाउने औषधि उपचार रकमबाट कट्टा हुने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्दछ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्न बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार यस प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ। प्रतिष्ठानमा अध्ययन अध्यापनको अलावा ९३४ शय्याबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएको छ। प्रतिष्ठानले यो वर्ष नेपाल सरकारको अनुदान रू.४८ करोड ५ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.३ अर्ब ६ करोड ५५ लाख रहेकोमा रू.२ अर्ब ९२ करोंड ५३ लाख खर्च गरेको छ।

८०. **सेवा प्रवाह -** प्रतिष्ठानले बिरामीको उपचारको लागि बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक लगायतका सेवा प्रदान गर्दै आएको छ। गत वर्ष ५ लाख ९४ हजार १४३ र यो वर्ष ६ लाख ४६ हजार ४१५ जनाको उपचार गरेको छ। त्यस्तै गत वर्ष ४८ बिरामीको रेफरको सङ्ख्या रहेकोमा यो वर्ष ५२ पुगेको छ। बिरामीको अस्पताल बसाई दिन औसतमा ३.८ रहेको छ। प्रतिष्ठानमा विगतमा खरिद भएको एम.आर.आई. मेसिन-३ वर्षदेखि चालु अवस्थामा रहेको छैन। अर्को मेसिन खरिद गर्न मन्त्रालयले विगत वर्ष रू.३१ करोड निकासा गरे पनि मेसिन खरिद नगर्दा एम.आर.आई.गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनु परेको, परिवार तथा मातृ शिशु उपचार कक्ष भवन साँघुरो रहेको, निर्माणाधीन भवन तयार हुन नसकेको, अंकोलोजी भवन निर्माण गर्न २०७४।७५ मा नेपाल सरकारले रू.२१ करोड ६७ लाख निकासा दिए पनि भवन निर्माण नभएको, विगतमा तयार गरेको अक्सिजन प्लाण्ट सञ्चालन हुन नसकेको, प्रतिष्ठानको सङ्गठन तथा

व्यवस्थापन सर्वेक्षण हुन नसकेको लगायतका कारण सेवा प्रवाहमा समस्या रहेको छ। सेवा प्रवाहमा देखिएका समस्या समाधान गरी नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ।

८१. **बजेट स्वीकृति -** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ७ मा सह-कुलपतिको अध्यक्षतामा सञ्चालक परिषद् गठन हुने, उक्त परिषद्को बैठक कम्तीमा वर्षको २ पटक बस्ने र परिषद्ले प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्नेलगायतका कार्य गर्ने उल्लेख भए तापनि २०७७।४।३० पछि बैठक बसेको छैन। परिषद्को स्वीकृति बेगर कार्यकारिणी समितिको निर्णयबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी खर्च गरेको छ। कार्यकारिणी समितिलाई प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने अधिकार रहेको छैन। कानुनी व्यवस्थाअनुसार बजेट तथा कार्यक्रम स्वीकृत नगरी यो वर्ष प्रशासनिक खर्च रू.२ अर्ब ७५ करोड ४६ लाख र पुँजीगत खर्च रू.१७ करोड ७ लाखसमेत रू.२ अर्ब ९२ करोड ५३ लाख खर्च गरेको नियमसम्मत देखिएन। कानुनी व्यवस्थाबमोजिम सञ्चालक परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृत गराई खर्च लेख्नुपर्दछ।

८२. **पदाधिकारी पेस्की –** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.८ मा प्रतिष्ठानको कामको लागि पदाधिकारी, शिक्षक, कर्मचारी तथा अन्य व्यक्ति वा संस्थालाई पेस्की दिनु परेमा आवश्यक पर्ने रकम मात्र पेस्की दिने, काम सम्पन्न भएको १५ देखि ३५ दिनभित्र फर्स्यौंट गर्नुपर्ने र समयमा फर्स्यौंट नगरेमा म्याद नाघेको पेस्की बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले व्याज लिने र पेस्की फर्स्यौंट नगर्नेलाई उपकुलपतिले सेवा शर्त बमोजिम विभागीय कारबाही गर्नसक्ने व्यवस्था छ। प्रतिष्ठानका उपकुलपतिसमेत ३ पदाधिकारीलाई प्रयोजनसमेत नखुलाई दिएको पेस्की रू.६५ लाख ९६ हजार फर्स्यौंट गर्न बाँकी रहेकोले व्याजसमेत गणना गरी असुल गर्नुपर्दछ।

८३. **भवन निर्माण -** प्रतिष्ठानले ४०० शय्याको मातृ शिशु अस्पताल भवन ३ वर्षभित्र निर्माण गर्न निर्माण व्यवसायीसँग २०७३।३।२८ मा रू.२ अर्ब १७ करोड ९८ लाख १३ हजारको सम्झौता गरेको छ। यो वर्ष रू.१४ करोड ३० लाख ७९ हजारसमेत २०७९।८० सम्म मूल्य समायोजनसमेत मूल्य अभिवृद्धी करबाहेक रू.१ अर्ब ३६ करोड ७६ लाख भुक्तानी भएको छ। सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८३.१. ठेक्का सम्झौताको विशेष शर्तमा मूल्य समायोजन गर्दा पेस्की रकम कटाई गणना गर्ने उल्लेख छ। यो वर्ष भवन निर्माण कामको १९ औंदेखि २४ औं रनिङ बिलसम्मको मूल्य समायोजन रू.२ करोड ७६ लाख ८५ हजार भुक्तानी गरेकोमा रू.७ करोड ९३ लाख ५३ हजार पेस्की फर्स्यौंट भएको छ। प्रतिष्ठानले निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेसन पेस्की रू.३२ करोड ६९ लाख प्रथम, दोस्रो र तेस्रो रनिङ बिलबाट कट्टा गरेको छ। सम्बन्धित रनिङ बिलमा पेस्की कट्टा गरेको रकम घटाई सो रनिङ बिलको मूल्य समायोजन गणना गर्नुपर्नेमा सो नगरी प्रथमदेखि तेस्रो रनिङ बिलको रकमबाट पूरै पेस्की घटाई मूल्य समायोजन गणना गरेका कारण निर्माण व्यवसायीलाई रू.८३ लाख ६० हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

८३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले थप गर्नसक्ने व्यवस्था छ। प्रतिष्ठानले उक्त भवन निर्माण कार्य २०७६।३।२७ भित्र सम्पन्न गर्नुपर्नेमा तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नभएपछि उपकुलपतिले कार्यकारिणी समितिबाट अनुमोदन गराउने गरी पटक पटक गरी २०७९।१।३० सम्मका लागि म्याद थप गर्दा २०७८।४।८

देखि २०७९।१।३१ सम्मको अवधिको म्याद थप गरेको देखिएन। यसरी बीचको १० महिना खाली राखी पछिल्लो अवधिको म्याद थप गर्ने कानुनी व्यवस्था छैन। उक्त म्यादमा समेत काम सम्पन्न नगरी निर्माण व्यवसायीले २०८०।३।२५ मा पुनः म्याद थपको लागि निवेदन दिएको छ। उपकुलपतिबाट अधिकार बेगर कार्यकारिणी समितिबाट पछि अनुमोदन गर्ने गरी म्याद थप गरेको सम्बन्धमा समेत कार्यकारिणी समितिले आवश्यक निर्णय गर्नुपर्दछ। सार्वजनिक खरिद ऐन, नियमबमोजिम खरिद सम्झौताको म्याद थप हुनुपर्दछ।

८३.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई पेस्की दिँदा बैङ्क जमानत लिनुपर्ने र तोकिएको समयमा पेस्की फर्स्यौट हुन नसकेमा पेस्की जमानतको म्यादसमेत थप गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले निर्माण व्यवसायीलाई दिएको पेस्कीमध्ये यस वर्षसम्म रू.१५ करोड ५१ लाख ४७ हजार बाँकी रहेको देखिन्छ। उक्त पेस्कीको लागि निर्माण व्यवसायीले पेस गरेको बैङ्क जमानतको म्याद २०८०।५।२५ मा समाप्त भएकोले उक्त पेस्की रकम जोखिममा परेको छ। यस सम्बन्धमा कानुनबमोजिम कारबाही अघि बढाइनुपर्दछ।

८४. **पेस्की जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेस्की दिँदा बैङ्क जमानत लिई पेस्की दिनुपर्ने, पेस्की रकम ३० प्रतिशत भुक्तानी भएपछि कट्टा गर्न सुरु गरी ८० प्रतिशत समयावधि समाप्त हुँदा कट्टा गरिसक्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले फार्मेसी भवन निर्माण गर्न निर्माण व्यवसायीलाई दिएको पेस्कीमध्ये यो वर्षसम्म रू.८८ लाख ९९ हजार बाँकी रहेको छ। उक्त पेस्कीको बैङ्क जमानतको म्याद समाप्त भएकोले पेस्की रकम जोखिममा परेको छ। सो निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई सम्झौताको ८० प्रतिशत समयावधि समाप्त भइसकेको अवस्थामा समेत सम्झौताअनुसार पेस्की कट्टी नगरेकोमा कानुनबमोजिम कारबाही अघि बढाइनुपर्दछ।

८५. **सम्झौताभन्दा बढी भुक्तानी** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा सार्वजनिक निकायले खरिद कार्य सम्झौतामा उल्लिखित शर्तअनुसार गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठान परिसर सरसफाइको लागि एक फर्मसँग भएको सम्झौतामा अस्पताल र आवास क्षेत्र वरिपरि खाली ठाउँ, आवास गृह, कार्यालय र भवनहरू भएको क्षेत्र, सडक, पेटी, नाला, खुला चौर, खेलमैदान, स्विमिङ पुल, चिल्ड्रेन पार्क र त्यस वरपरको क्षेत्र दैनिक सरसफाइ गर्ने, सङ्कलन भएका फोहर डम्पिङ साइटसम्म पुऱ्याउने, कुहिने र नकुहिने फोहरको वर्गीकरण गर्ने, वातावरण प्रदूषण नहुने गरी फोहर फाल्ने, पुर्ने, जलाउनेबाहेक भविष्यमा कुनै पनि थप संरचना निर्माण भएमा थप भएको संरचनाको सरसफाइसमेत गर्नुपर्ने र थप जनशक्ति तथा सरसफाइ सामग्रीको लागि अतिरिक्त रकम उपलब्ध नहुने उल्लेख छ। तर प्रतिष्ठानले अस्पताल परिसरमा रहेको भवन तथा दन्त चिकित्सा भवनमा रहेको ट्वाइलेट र कोरिडोर सरसफाइ गर्न पुनः सोही फर्मसँग अर्को सम्झौता गरी ३६ जनाको लागि थप मासिक रू.९ लाख २८ हजारका दरले यो वर्ष रू.१ करोड ११ लाख ९ हजार भुक्तानी गरेको छ। उक्त कार्यसमेत सुरु सम्झौताभित्रकै काम भएकोले थप भुक्तानी दिन मिल्ने देखिएन। सुरु सम्झौता विपरीत भुक्तानी दिएको उक्त रकम असुल हुनुपर्दछ।

८६. **थप व्ययभार –** प्रतिष्ठानको सुरक्षाको लागि दैनिक १३२ सुरक्षाकर्मी खटाउने गरी एक फर्मसँग सम्झौता भएको छ। सम्झौतामा संरचना थपिएमा जनशक्ति थप्ने र सोको लागत प्रतिष्ठानले बेहोर्ने उल्लेख छैन। प्रतिष्ठानको कार्य समितिको निर्णयअनुसार कोरोनाको लागि स्थापना भएको क्वारेन्टाइनमा आवश्यक पर्ने ३२ सुरक्षाकर्मी थप गरी उक्त फर्मलाई भुक्तानी दिँदै आएको देखिन्छ। कोभिड महामारी

२०७८ भाद्रदेखि कमी भई क्वारेन्टाइन समेत सञ्चालन नरहेको अवस्थामा समेत थप सुरक्षाकर्मीहरूको लागि यो वर्ष समेत भुक्तानी दिएको छ। ती सुरक्षाकर्मीहरूको लागि २०७७ फाल्गुणदेखि २०८० आषाढसम्म भुक्तानी दिएको रू.१ करोड ४१ लाख ७२ हजारमध्ये क्वारेन्टाइन सञ्चालनमा नरहेको अवधि २०७८ भाद्रदेखि २०८० आषाढसम्मको लागि रू.१ करोड १० लाख ७८ हजार भुक्तानी गर्दा प्रतिष्ठानलाई थप व्ययभार पर्न गएको छ। थप व्ययभार पर्ने गरी भुक्तानी गर्नेलाई जिम्मेवार बनाई अनावश्यक जनशक्ति हटाउनुपर्दछ।

८७. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौताको शर्त बमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौताअनुसारको सामान आपूर्ति नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ। यो वर्ष १५ फर्मले सम्झौता अवधिमा तोकिएको मालसामान आपूर्ति नगरेको कारण प्रतिष्ठानले पूर्वनिर्धारित क्षतिपूर्ति रू.६१ लाख ३६ हजार कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रू.२ लाख ३९ हजार मात्र कट्टा गरेकोले नपुग रू.५८ लाख ९७ हजार सम्बन्धित फर्मबाट असुल हुनुपर्दछ।

८८. **म्याद गुज्रेका औषधि –** फार्मेसीलाई आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानको लागि भएको खरिद सम्झौताहरूमा आपूर्तकबाट खरिद भएको औषधिको म्याद गुज्रेमा, टुटेफुटे वा अधिक मौज्दात रहेमा उक्त औषधि आपूर्तकबाट प्रतिस्थापन गर्नुपर्ने व्यवस्था छ। फार्मेसीबाट प्राप्त विवरणअनुसार गत विगत वर्ष आपूर्तकबाट खरिद गरिएको रू.१ करोड ३ लाख ४३ हजार बराबरको औषधिको २०८० आषाढ मसान्तसम्म म्याद समाप्त भए तापनि फिर्ता भएको छैन। सम्झौता अनुसार फिर्ता नभएका औषधिहरू सम्बन्धमा प्रतिष्ठानले आपूर्तकको कार्यसम्पादन जमानत तथा उक्त आपूर्तकले पाउने भुक्तानीबाट कट्टा गरी असुल गर्नुपर्दछ।

८९. **खरिद फिर्ता –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११६ तथा आपूर्तकसँग भएको खरिद सम्झौतामा आपूर्ति गरिएका मालसामानहरू फिर्ता भएको वा सम्झौताअनुसार सामान बदली नगरेमा मालसामान बराबरको रकम उक्त फर्मको धरौटी, बैङ्क जमानत तथा फर्मले पाउने अन्य भुक्तानीबाट कट्टा गर्नुपर्ने उल्लेख छ। एक फर्मास्युटिकल्सले विगत आर्थिक वर्षमा आपूर्ति गरेको रू.२१ लाख ११ हजार बराबरको औषधि तथा सर्जिकल सामानहरू म्याद गुज्रेको हुँदा सम्झौताअनुसार फिर्ता लगे तापनि उक्त मालसामानको सट्टामा म्याद रहेको औषधि आपूर्ति गरेको छैन। उक्त मूल्य बराबरको रकम निजको धरौटी तथा अन्य भुक्तानीबाट कट्टा गरी असुल गर्नुपर्दछ।

९०. **भेन्टिलेटर खरिद -** प्रतिष्ठानको निर्माणाधीन मातृ शिशु भवनमा आई.सी.यू.सेटअपको लागि हाई इन्ड भेन्टिलेटर खरिद गर्न २०७८।७९ मा नेपाल सरकारले रू.१० करोड उपलब्ध गराएकोमा प्रतिष्ठानले रू.८ करोड ८० लाख ४० हजारको लागत अनुमान २०७९।३।२७ मा स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग २०७९।५।२८ मा रू.८ करोड ७३ लाखको सम्झौता गरेको छ। सम्झौतामा खरिद आदेश दिएको ९० दिनभित्र सामान आपूर्ति गर्ने उल्लेख छ। आपूर्तकलाई यो वर्ष रू.८ करोड ४० लाख पेस्की भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९०.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) मा कुनै बोलपत्र आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द हुने व्यवस्था छ।यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने

व्यवस्था छ। प्रतिष्ठानले भेण्टिलेटर जडान गर्ने भवनको निर्माण कार्य सम्पन्न नभएको अवस्थामा भेन्टिलेटर आपूर्तिको लागि बोलपत्र आव्हान गरेको छ। सोको लागि २ बोलपत्र पेस भएकोमा दुवै बोलपत्रदाताको सञ्चालक एकै व्यक्ति रहेको र एकै व्यक्तिले दुई वटा फर्मको प्रतिनिधित्व गरेको देखिन्छ। यस सम्बन्धमा बोलपत्र मूल्याङ्कन समितिले मिलेमतो भए नभएको छानबिन नगरी लागत अनुमानको तुलनामा ०.८४ प्रतिशत घटीको बोलपत्र स्वीकृत गर्न सिफारिस गरेबमोजिम नै बोलपत्र स्वीकृत भएको छ। प्रतिष्ठानको बायोमेडिकल इन्जिनियरिङ शाखाले स्पेसिफिकेसनबमोजिमकै सामान आपूर्ति भएको उल्लेख गरी प्रतिवेदन दिएको छ। आपूर्तकसँगको सम्झौताको विशेष शर्तमा आपूर्तिकर्तालाई पेस्की नदिइने र प्राविधिकबाट गुणस्तरीय सामान प्राप्त भई सामान जडान गरेको प्रतिवेदन दिएपछि शतप्रतिशत भुक्तानी दिने उल्लेख छ। आपूर्ति भएको भेन्टिलेटर जडान नभएका कारण ४० प्रतिशत बराबरको बैङ्क ग्यारेन्टी लिई ९० प्रतिशत पेस्की भुक्तानी दिने उपकुलपतिस्तरबाट निर्णय भएको छ। तत्पश्चात् प्रतिष्ठानले राष्ट्रिय वाणिज्य बैङ्कले जारी गरेको २०८०।८।१९ सम्म म्याद भएको रू.३ करोड ९४ लाख ६० हजारको बैङ्क जमानत लिई २०७९।८।१५ मा रू.८ करोड ४० लाख पेस्की भुक्तानी दिएको छ।

९०.२. उक्त खरिद कार्य सम्बन्धमा छानबिन गर्न प्रतिष्ठानले २०८०।४।२४ मा एक प्राध्यापकको संयोजकत्वमा छानबिन समिति गठन गरेको देखिन्छ। उक्त समितिले दिएको प्रतिवेदनमा आपूर्तकले बोलपत्र साथ पेस गरेको एजेन्सी प्रमाण पत्रको आधिकारिकता सम्बन्धमा उत्पादक कम्पनीसँग इमेलमार्फत जानकारी माग गर्दा आपूर्तक सन् २०१८ देखि हालसम्मको लागि कम्पनीको आधिकारिक प्रतिनिधि नभएको बेहोरा उल्लेख गरेकोले निजले पेस गरेको आधिकारिकताको पत्र, निजले उपलब्ध गराउने स्पेयर पार्टस र वारेन्टी/ग्यारेन्टीको प्रमाण पत्र शंकास्पद देखिएको उल्लेख छ। सोही प्रतिवेदनलाई आधार मानी प्रतिष्ठानले आपूर्तकलाई एजेन्सी प्रमाणपत्रको आधिकारिकता पेस गर्न पत्राचार गरेकोमा निजले पेस गर्नसकेको देखिएन। छानबिन समितिको प्रतिवेदनको आधारमा निजले पेस गरेको बैङ्क जमानत जफत र कालोसूचीमा राख्न रजिष्ट्रार, रेक्टर र उपकुलपतिबाट २०८०।५।४ मा निर्णय गरी राष्ट्रिय वाणिज्य बैङ्कलाई निजले पेस गरेको कार्यसम्पादन जमानत रू.४९ लाख ३२ हजार र पेस्की भुक्तानी जमानत रू.३ करोड ९४ लाख ६० हजार जफत गरी प्रतिष्ठानलाई उपलब्ध गराई दिन पत्राचार गरेकोमा आपूर्तकले उक्त आदेशको विरुद्ध उच्च अदालत पाटनमा निवेदन गरेकोमा अदालतले २०८०।११।३० मा प्रतिष्ठानको २०८०।५।४ को निर्णय बदर गरी कानुनबमोजिम पुनः निर्णय गर्न आदेश जारी गरेको छ।

उक्त उपकरण जडान गर्ने भवनको निर्माण कार्य यस वर्ष सम्पन्न हुने अवस्था नरहेको स्थितिमा खरिद प्रक्रिया अगाडि बढाउने जिम्मेवार व्यक्ति, बोलपत्र मूल्याङ्कनको चरणमा परीक्षण गर्नुपर्ने कागजातहरूको आधिकारिकताको परीक्षण नगर्ने र मिलेमतोको परीक्षण नगर्ने बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारीहरू, सामान प्राप्त भएपछि प्याकिङ लिष्टसमेत नहेरी सामान बुझ्ने तथा स्पेसिफिकेसनबमोजिमकै सामान रहेको भनी प्रतिवेदन गर्ने कर्मचारी, सम्झौताअनुसार सामान जडान तथा प्राविधिक परीक्षणसमेत नगरी ४० प्रतिशत जमानत लिई ९० प्रतिशत भुक्तानीको लागि आदेश दिने पदाधिकारीलाई जिम्मेवार बनाई गलत विवरणसहित बोलपत्र पेस गर्ने आपूर्तिकर्तालाई सार्वजनिक खरिद ऐन, नियम र खरिद सम्झौताबमोजिम कारबाही हुनुपर्दछ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.२५ करोड ७९ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.२ अर्ब ६८ करोड ५१ लाख रहेकोमा रू.२ अर्ब ४४ करोड २२ लाख खर्च भएको देखिन्छ।

९१. **सेवा प्रवाह -** प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार ६५० शय्यामा सञ्चालित अस्पतालमा गत वर्ष ३ लाख ८२ हजार ६६० र यो वर्ष ४ लाख ४० हजार ७२६ बिरामीले सेवा प्राप्त गरेका छन्। प्रतिष्ठानले यो वर्ष ७ हजार २८१ जटिल शल्यक्रियासहित १२ हजार ४८३ शल्यक्रिया सम्पन्न गरेको छ। प्रतिष्ठानमा यो वर्ष ९०८ विद्यार्थी अध्ययनरत रहेकोमा हालसम्म १ हजार ६४८ ले स्नातक र स्नातकोत्तर उपाधि प्राप्त गरेका छन्। अस्पतालमा दैनिक औसत १ हजार २०० सम्म बिरामीको चाप रहेको, बिरामी परीक्षण गर्न ३ देखि ६ घण्टा प्रतीक्षा गर्नुपर्ने, अस्पतालमा दूरबिनको सहायताले गर्ने शल्यक्रियाको लागि २ महिना, यूरो सर्जरी गर्न ४ हप्ता, नाक कानको शल्यक्रिया गर्न १२ हप्ता, नयाँ हेमोडाइलासिस सेवाको लागि ४-५ महिना, ईण्डोस्कोपी गर्न १ हप्ता समय प्रतीक्षा गर्नुपर्ने अवस्था छ। अस्पतालमा मेसिन उपकरणको अभावका कारण किड्नी ट्रान्सप्लान्ट, मुटुको जटिल अप्रेशन र विशेषज्ञ डाक्टरबाट उपचार गरिने ट्रमासम्बन्धी उपचार सेवा, डेन्टल इम्प्लान्ट सेवा, थोरासिक उपचार सेवा, कार्डियाक भास्कुलर सेवालगायतका सेवाहरू उपलब्ध हुनसकेको देखिएन। अस्पतालको सेवालाई प्रभावकारी बनाई बढी समय प्रतीक्षा गर्नुपर्ने अवस्थाको अन्त हुनुपर्दछ।

९२. **इम्पलाण्ट खरिद -** प्रतिष्ठानले स्वास्थ्य सेवा सुलभ रूपमा उपलब्ध गराउन अस्पतालमा आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्री, ल्याब सामग्री र स्वास्थ्यसम्बन्धी उपकरणहरू खरिद गरी स्वास्थ्य सेवा सञ्चालन गरेको भए तापनि अर्थोपेडिक सर्जरीमा प्रयोग हुने अत्यावश्यक स-साना उपकरण/सामग्री (इम्पलाण्ट) अस्पतालको फर्मेसीले खरिद नगरेका कारण सर्जरीमा नभई नहुने त्यस्ता सामग्रीहरू बिरामीले अस्पताल परिसर बाहिर गई खरिद गर्नुपर्ने अवस्था देखियो। यो वर्ष अस्पतालले १ हजार ७३४ अर्थोसर्जरी गरेको छ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

पिछडिएका क्षेत्रमा सहज रूपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याई सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वाथ्य सेवा उपलब्ध गराउने तथा स्वास्थ्यतर्फका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्व, परिवार नियोजनलगायतका सेवा प्रदान गर्ने उद्देश्यले दाङको घोराहीमा प्रतिष्ठानको स्थापना भएको छ। प्रतिष्ठानले यो वर्ष नर्सिङतर्फ १६ र वि.एस.सी.मा २० विद्यार्थीको पठनपाठन सुरुवात गरेको छ। प्रतिष्ठानको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.२२ करोड ३५ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.४४ करोड ७२ लाखसमेत रू.६७ करोड ७ लाखमध्ये रू.६३ करोड २१ लाख खर्च भई रू.३ करोड ८६ लाख मौज्दात रहेको छ।

९३. **सेवा प्रवाह** - प्रतिष्ठानले मुख्यतः बहिरङ्ग, आकस्मिक अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा प्रदान गर्दै आएको छ। प्रतिष्ठानले गत वर्ष बहिरङ्ग र आकस्मिक सेवा १ लाख २ हजार ९१२ लाई पुऱ्याएकोमा यो वर्ष उक्त संख्या १ लाख ७४ हजार ८८० पुगेको छ। प्राप्त तथ्याङ्कअनुसार गत वर्षको तुलनामा सेवा लिने बिरामीको सङ्ख्या बढेको भए तापनि प्रतिष्ठानमा आवश्यक चिकित्सकको अभाव, जटिल बिरामीको लागि भेन्टिलेटर, कार्डियो तथा न्युरो सेवा सुरु नभएकोले सर्वसाधारणलाई प्रदान गर्ने सेवा थप प्रभावकारी हुनसकेको देखिएन। आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

९४. **सघन उपचार सेवा -** बिरामीलाई सम्पूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउनु प्रतिष्ठानको उद्देश्य रहेको छ। यो प्रतिष्ठान लुम्बिनी प्रदेशमा रहेका जिल्लाको प्रेषण अस्पतालको रूपमा रहेकोले सघन उपचार गर्नुपर्ने बिरामीको सङ्ख्या बढ्दै गएको देखिन्छ। तर प्रतिष्ठानमा हाल १० शय्या क्षमताको आई.सी.यू., २५ शय्या क्षमताको एच.डी.यू., १५ शय्याको एन.आई.सी.यू. र पी.आई.सी.यू.सञ्चालनमा रहेका छन्। प्रतिष्ठानले २०७९।८० मा १३९ बिरामीलाई सघन उपचारको आवश्यकता रहेकोमा न्यून क्षमताका कारण सघन उपचार सेवा दिन नसकेको जनाएको छ। विशेषज्ञ तथा अन्य मेसिनरीको अभावका कारण अन्यत्र रेफर हुने प्रक्रिया अन्त्य गरी प्रभावकारी सेवा प्रवाह गर्नुपर्दछ।

९५. **कर दाखिला -** आयकर ऐन, २०५८ को दफा ९० मा कार्यालयले भुक्तानी गर्दाको बखत कट्टी गरेको कर रकम प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र कर दाखिला गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानले भुक्तानी गर्दाको बखत कट्टी गरेको कर रकम सम्बन्धित कर कार्यालयमा नबुझाई आर्थिक वर्षको अन्त्यसम्म पनि रू.७१ लाख ६२ हजार अस्पतालको खातामा मौज्दात राखेकोले उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ।

९६. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पच्चिस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने उल्लेख छ। प्रतिष्ठानले यो वर्ष रू.१७ करोड १३ लाख १७ हजारको औषधि खरिद गरेकोमध्ये रू.१० करोड ६६ लाख ८ हजारको बोलपत्रको माध्यमबाट र रू.६ करोड ४७ लाख ९ हजारको पटक-पटक गरी सोझै खरिद गरेको छ। नियमावलीको व्यवस्थाअनुसार प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

कर्णाली प्रदेशका दुर्गम जिल्लाका बिरामीहरूलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा तथा अन्य स्नातक तहका कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको छ। प्रतिष्ठानको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.४९ करोड ६० लाख र आन्तरिक आय रू.२७ करोड ८२ लाख भएकोमा ७७ करोड २२ खर्च गरेको छ।

९७. **मूल्य समायोजन भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुनेगरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने व्यवस्था छ। प्रतिष्ठानले कर्मचारी आवास, शैक्षिक भवन तथा विज्ञान ब्लक निमार्णका लागि एक निर्माण व्यवसायीसँग रू.७६ करोड ४६ लाखको सम्झौता गरी यो वर्षसम्म रू.२७ करोड १७ लाख भुक्तानी गरेको छ। निर्माण

कार्यबाहेकका बीमा, कम्प्युटर खरिद, सवारीसाधन, फर्निचरलगायतमा समेत मूल्य समायोजन भुक्तानी गरेको छ। सम्झौताअनुसार श्रम, सामग्री र उपकरणवाहेक पी.एस. आइटम समेतमा मूल्य समायोजन भुक्तानी गर्नाले रू.१४ लाख ८१ हजार बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

शुक्रराज ट्रपिकल सरुवा रोग अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नेपाल सरकारको नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग क्षेत्र र समुदायका नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले अस्पतालको स्थापना भएको हो। अस्पतालको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.३२ करोड २५ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय २० करोड ६९ लाखसमेत रू.५२ करोड ९४ लाखमध्ये रू.४९ करोड ८५ लाख खर्च भई रू.३ करोड ९ लाख मौज्दात रहेको छ।

९८. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायताबापतको रकमलाई बजेटमा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ। अस्पताल र दुई विश्वविद्यालयबीच अध्ययन तथा विकास अनुसन्धानका लागि भएको सम्झौताअनुसार यस वर्षसम्म रू.९१ लाख ८३ हजार प्राप्त गरेकोमा उक्त रकम बजेटमा समावेश नगरी विकास समिति र कार्यसञ्चालन कोष खातामा राखी रू.७८ लाख ९३ हजार खर्च गरेको छ। अस्पतालले तालुक मन्त्रालयसँग समन्वय गरी वैदेशिक सहायताबापतको रकमलाई बजेटमा समावेश गरी खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९९. **औषधि खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (३)(ग) मा मालसामान वा अन्य सेवाको भेरिएसन गर्दा ऐनको दफा ५(क) को उपदफा २ बमोजिम लागत अनुमानमा प्रभाव परे नपरेको लगायतका विषयहरू ध्यान दिनुपर्ने व्यवस्था छ। अस्पतालले २०७८।७९ मा रू.४४ लाख १० हजारको लागत अनुमान तयार गरी ७३ प्रकारको औषधि खरिद गर्न एक आपूर्तकसँग रू.२६ लाख १६ हजारको सम्झौता गरी औषधि खरिद गरेको छ।

उक्त सम्झौतामा सम्झौता अवधि समाप्त भएपछि पनि नयाँ ठेक्का प्रक्रिया नसकिएको अवस्थामा आपूर्तिकर्ताले अस्पताललाई सम्झौताको दरमा थप औषधि उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। अस्पतालले २०७९।८० को लागि औषधि खरिद गर्न २०७९।६।१३ मा सूचना प्रकाशन गरे तापनि २०७८।७९ को सम्झौताअनुसारकै दररेटमा सोही आपूर्तकबाट यो वर्ष रू.२ करोड ७ लाख ४० हजार (खरिद सम्झौताभन्दा ६९२ प्रतिशत बढी) को औषधि खरिद गरेको छ। यो वर्ष खरिद भएका थप औषधिमध्ये लागत अनुमानको दरभन्दा बढी दर कवोल भएका औषधि अधिक खरिद गरेका कारण अस्पताललाई रू.१ करोड ४० लाख ४१ हजार थप व्ययभार परेको देखिन्छ। खरिद गरिने औषधिको परिमाण र लागत अनुमान अनुसार प्रतिस्पर्धा हुने हुँदा कम परिमाण र मूल्यको औषधि खरिद गर्न प्रस्ताव माग गर्ने तर भेरियशन स्वीकृत नगरी सम्झौताको तुलनामा करिब ८ गुणा बढी रकमको औषधि खरिद गर्नु उचित देखिएन। सार्वजनिक खरिद ऐन, नियमावलीबमोजिम स्वच्छ प्रतिस्पर्धा हुनेगरी प्रत्येक वर्ष बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

भक्तपुर क्यान्सर अस्पताल

नेपाल सरकारले क्यान्सर रोगको रोकथाम, निदान, उपचार र प्यालिएटिभ सेवाको लागि उच्चस्तरीय तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने समेतको कार्यका लागि भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ बमोजिम यस अस्पतालको स्थापना भएको हो। यो वर्ष नेपाल सरकारको अनुदान रू.२७ करोड १९ लाख र आन्तरिक आय रू.३३ करोड ५ लाख रहेकोमा रू.६८ करोड ५७ लाख खर्च गरेको छ।

१००. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार गतवर्ष ८० हजार ४४ लाई बहिरङ्ग सेवा र ७ हजार ६७३ लाई अन्तरङ्ग सेवा उपलब्ध गराएकोमा यो वर्ष क्रमशः ८२ हजार ९२४ र ७ हजार ५६१ जनालाई सेवा उपलब्ध गराएको छ। गत वर्षसम्म अन्यत्र प्रेषण गर्ने बिरामी सङ्ख्या ३५ रहेकोमा यो वर्ष ९५ पुगेको छ। अस्पतालमा स्रोत र साधनको व्यवस्था गरी प्रभावकारी सेवा उपलब्ध गराउनुपर्दछ।

१०१. **कानुन निर्माण** - भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ मा समितिले आवश्यक नियम तथा विनियम, कार्यविधि, कर्मचारीको नियुक्ति, पारिश्रमिक सुविधा तथा सेवाका शर्तसम्बन्धी व्यवस्था, समितिको कोष सञ्चालनसम्बन्धी व्यवस्था, आन्तरिक नियन्त्रण प्रणालीलगायतका विनियम तथा कार्यविधि स्वीकृत गरी गराई कार्यान्वयनमा ल्याउन सक्ने प्रावधान रहेकोमा विनियम तथा कार्यविधि नबनाई समितिबाट पटक पटक निर्णय गरी अस्पताल सञ्चालन गरेको छ। आवश्यक नियम तथा विनियम र कार्यविधि तर्जुमा गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१०२. **सम्पत्ति** - अस्पताल विकास समिति गठन आदेश, २०७७ को दफा २१ मा साविकको भक्तपुर क्यान्सर अस्पतालको प्रयोगमा रहेका स्वास्थ्यसम्बन्धी उपकरण, मेसिनरी, औजार, फर्निचर, सवारीसाधन तथा सम्पूर्ण चल सम्पत्ति समितिमा सर्ने उल्लेख छ। गठन आदेश २०७७।९।६ मा जारी भएकोमा उक्त मितिमा अस्पतालको स्वामित्वमा रहेका समग्र सम्पत्तिको मूल्यसहित अभिलेख तयार गरी समितिको स्वामित्वमा ल्याई अभिलेख अद्यावधिक गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

१०३. **कर्मचारी व्यवस्थापन** – अस्पताल गठन आदेश, २०७७ को दफा ११ मा अस्पताल सञ्चालन तथा समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहने तथा त्यस्ता कर्मचारीको पद र सङ्ख्या अर्थ मन्त्रालयको सहमतिमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वीकृति लिई समितिले निर्धारण गरेबमोजिम हुने, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नगराई कुनै पनि पदमा कर्मचारी भर्ना गर्न नपाउने व्यवस्था छ। अस्पतालमा कार्यरत कर्मचारीहरूलाई समितिले करारमा नियुक्त गर्नसक्ने व्यवस्था भएकोमा मन्त्रालयबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत नगराई समितिको बैठकबाट निर्णय गरी आवश्यक सङ्ख्यामा रिक्त दरबन्दी अनुसार कर्मचारी राख्ने सम्बन्धमा एक पदपूर्ति समिति गठन गरी कर्मचारी छनोटको सामान्य प्रक्रिया पुरा गरी अस्पतालमा प्यालिएटिभ केयर, फिजिसियन, मेडिकल अफिसर, रजिष्ट्रार, फार्मेसी सहायक, प्याथोलोजिष्ट, चिकित्सकलगायतका ४१ कर्मचारीलाई करारमा नियुक्त गरेको छ। गठन आदेशबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

राष्ट्रिय ट्रमा सेन्टर

आकस्मिक घटना, दुर्घटना, प्राकृतिक प्रकोप, कुटपिट, चोटपटक आदिबाट घाइते भएका व्यक्ति तथा ट्रमासम्बन्धी रोगबाट पीडित बिरामीहरूलाई प्रभावकारी एवं गुणस्तरीय स्वास्थ्य सेवा, ट्रमासम्बन्धी उपचारको क्षेत्रमा आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले २०७१ मा सेन्टरको स्थापना भएको हो। शय्या सङ्ख्या २०० रहेको अस्पतालले अर्थोपेडिक्स, न्युरो, बर्न ल्पास्ट सी.टी.भी.एस.र पोस्ट अपरेशनसमेत ४ वार्डको २०० शय्याबाट सेवा प्रवाह गर्दै आएको छ। सेन्टरको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.६१ करोड २३ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.५३ करोड १४ लाखसमेत रू.१ अर्ब १४ करोड ३७ लाखमध्ये रू.१ अर्ब ११ करोड ७९ लाख खर्च भई रू.२ करोड ५८ लाख मौज्दात रहेको छ।

१०४. **सेवा प्रवाह -** सेन्टरबाट प्राप्त विवरणअनुसार गत वर्ष ७१ हजार ३१० लाई बहिरङ्ग सेवा, १८ हजार ४८५ लाई आकस्मिक सेवा र ५ हजार ३२९ लाई शल्यक्रियालगायतका सेवा उपलब्ध गराएकोमा यो वर्ष क्रमशः ८२ हजार ९७८, १७ हजार ४४९ र ६ हजार ९०६ बिरामीले सेवा प्राप्त गरेका छन्। सेन्टरबाट सेवा लिने बिरामीको सङ्ख्यामा वृद्धि भएअनुसार भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको व्यवस्था गरी प्रभावकारी सेवा उपलब्ध गराउनुपर्दछ।

१०५. **मेसिन उपकरण** - अस्पतालको सेवा चुस्त दुरुस्त हुन आवश्यक मात्रामा मेसिन उपकरण हुनुका साथै उपलब्ध भएका मेसिन उपकरण सञ्चालन हुनुपर्दछ। सेन्टरमा मुटु रोगको उपचारमा उपयोग हुने रू.४ करोड ७३ लाखको क्याथल्याब मेसिन दक्ष जनशक्तिको अभावमा २०६९ सालदेखि उपयोगविहीन रहेको देखिन्छ। स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक मेसिन उपकरण र सोअनुसारको जनशक्ति व्यवस्थापन हुनुपर्दछ।

१०६. **उपचार खर्च** - निजामती सेवा नियमावली, २०५० को नियम ९४ तथा स्वाथ्य सेवा नियमावली, २०५५ को नियम ९१ मा कर्मचारीले पाएको उपचार खर्चको अभिलेख निजामती किताबखानामा पठाउनुपर्ने उल्लेख छ। सेन्टरले २०७७।७८, २०७८।७९ र २०७९।८० मा अधिकृतस्तरका कर्मचारीलाई सुरु स्केलको एक महिना र सहायकस्तरका कर्मचारीलाई सुरु स्केलको डेढ महिनाको तलब बराबर हुने औषधि उपचार क्रमशः रू.७० लाख ३१ हजार, रू.७८ लाख १६ हजार र रू.८१ लाख १२ हजारसमेत रू.२ करोड २९ लाख ५९ हजार अस्पतालको आन्तरिक आम्दानीबाट भुक्तानी दिएकोमा सोको अभिलेख निजामती किताबखानामा पठाएको छैन। उपचार खर्चको अभिलेख निजामती किताबखानामा पठाउनुपर्ने बेहोरा विगत वर्षमा समेत औँल्याइए तापनि स्थिति यथावत छ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुर

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले २०६९।१।११ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ अन्तर्गत केन्द्रको स्थापना भएको हो। केन्द्रले २०६९।७।२७ देखि हेमोडायलासिस सेवाबाट सेवाको सुरुवात गरेको हो। केन्द्रको वित्तीय विवरणअनुसार नेपाल सरकारको अनुदान रू.३२ करोड र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.६८ करोड ११ लाखसमेत रू.१ अर्ब ११ लाखमध्ये रू.६८ करोड ९ लाख खर्च भई रू.३२ करोड २ लाख मौज्दात रहेको छ।

१०७. **सेवा प्रवाह** - केन्द्रबाट प्राप्त विवरणअनुसार गत वर्ष ४७ हजार ४७ लाई बहिरङ्ग र २ हजार १०६ अन्तरङ्ग सेवा उपलब्ध गराएकोमा यो वर्ष क्रमशः ५५ हजार ५४६ र १ हजार ९८४ रहेको छ। यसै गरी गत वर्ष मृगौला १६० र कलेजो ३ जनाको प्रत्यारोपण भएकोमा यो वर्ष उक्त सङ्ख्या क्रमशः १८६ र २ रहेको छ। बहिरङ्ग सेवा लिने, डायलासिस गर्ने र मृगौला प्रत्यारोपण गर्नेको सङ्ख्यामा प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ। स्थापनाकालदेखि मृगौला प्रत्यारोपण गर्दै आएको केन्द्रले हालसम्म जीवित दाताबाट मृगौला १ हजार १९७ र मस्तिष्क मृत्युबाट १० समेत १ हजार २०७ र कलेजो जीवित दाताबाट १७ र मस्तिष्क मृत्युबाट ३ समेत २० प्रत्यारोपण गरेको छ।

केन्द्रले यस वर्ष २९ हजार ८१५ पटक बिरामीको डायलासिस गरेको छ। केन्द्रमा ८६ डायलासिस मेसिन रहेकोमा ६१ मात्र चालु अवस्थामा रहेको छ। दैनिक ११० बिरामीले डायलासिस गराउँदै आएका छन्। डायलासिसका लागि करिब ७०० बिरामी प्रतीक्षारत रहेको र बिरामीले सेवा लिन ६ महिना देखि एक वर्षसम्म पालो पर्खिनुपर्ने अवस्था रहेकोले केन्द्रको भौतिक पूर्वाधारको विकास र आवश्यक जनशक्ति एवं डायलासिस मेसिन व्यवस्था गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१०८. **मेसिन उपकरण** - केन्द्रबाट प्रदान गरिने सेवा प्रभावकारी हुन अस्पतालको लागि आवश्यक उपकरणको प्रयोग अस्पतालमा हुनुपर्दछ। मुटु उपचारमा प्रयोग हुने क्याथल्याब मेसिन मर्मत गर्नुपर्ने अवस्थामा रहेको छ। त्यस्तै मुटुको शल्यक्रियामा प्रयोग हुने रू.२ करोड ६९ लाख ईसिएमओ हर्टलङ्ग मेसिन जनशक्तिको अभावमा प्रयोगविहीन अवस्थामा रहेको छ। आवश्यक जनशक्तिको व्यवस्था गरी मेसिन सञ्चालनमा ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१०९. **अस्पताल भवन** - केन्द्रको आफ्नै भवन नभएकोले भक्तपुर अस्पतालले उपलब्ध गराएको भवनबाट सेवा सञ्चालन गर्दै आएको छ। अस्पतालले हाल १०० शय्याबाट सेवा प्रवाह गरिरहेको छ। नेपाल सरकारबाट ३० वर्षको लागि लिजमा प्राप्त चाँगुनारायण नगरपालिका वार्ड नं ३ झौखेल, भक्तपुरमा रहेको ३१ रोपनी ७ आना जग्गामा यो वर्ष कम्पाउण्ड वाल निर्माणका लागि रू.२८ लाख र अस्पताल भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदनको लागि रू.१ करोडसमेत रू.१ करोड २८ लाख बजेट व्यवस्था भएकोमा सो कार्य हुनसकेको छैन।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले यो अस्पताल २०१६ सालमा स्थापना भएको हो। अस्पतालले ५१५ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ। अस्पतालले प्रसूति सेवासँगै परिवार नियोजन, पाठेघर खस्ने समस्या, क्यान्सर स्क्रिनिङ, बच्चाको खोप तथा स्याहार कार्यक्रम, सामान्य औषधि उपचारदेखि आई.सी.यू., एन.आई.सी.यू., रेडियोलोजीलगायतका सेवा सञ्चालनमा गर्दै आएको छ। अस्पतालको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकार अनुदान रू.५३ करोड ९३ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.१ अर्ब १२ करोड २६ लाखसमेत रू.१ अर्ब ६६ करोड १९ लाखमध्ये रू.१ अर्ब ११ करोड ६३ लाख खर्च भई रू.५४ करोड ५६ लाख मौज्दात रहेको छ।

११०. **जनशक्ति** - अस्पतालको स्वीकृत दरबन्दी ६४८ मध्ये ५६० पदपूर्ति भई ११ औं तहको गाइनोक्लोजिष्ट १ र मेट्रोन १, अस्पताल प्रशासक १, प्रमुख पेडियाट्रिसियन १, कन्सलट्यान्ट प्याथोलोजिष्ट १ र मेडिकल अधिकृत १ लगायत सेवामा प्रत्यक्ष संलग्न हुनुपर्ने ८८ पद रिक्त रहेको छ।

१११. **सेवा प्रवाह** - यो वर्ष अस्पतालले बहिरङ्ग र अन्तरङ्गसमेत २ लाख १५ हजार ७५ लाई सेवा प्रदान गरेकोमध्ये ३३ हजार ९७३ ले प्रसूति सेवा प्राप्त गरी ९ हजार ८२१ को शल्यक्रिया भएको छ। जीवित जन्म भएको २४ हजार ६७२ मध्ये ३ केशमा मातृ मृत्यु भएको अस्पतालले जनाएको छ।

११२. **सामान्य प्रसूति तथा सिजरिन** - विश्व स्वास्थ्य सङ्गठनको अध्ययनले शल्यक्रियाबाट प्रसूति गराउँदा मातृशिशुको मृत्युदरमा १० प्रतिशतसम्म कमी ल्याउन सकिने भए तापनि सोभन्दा बढी मातृशिशुको मृत्युदरमा कमी ल्याउनेसँग सम्बन्धित नभएको र १० देखि १५ प्रतिशतको दरलाई आईडल दर हुने देखाएको छ। त्यसैगरी उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्ने बेहोरासमेत औँल्याएको छ। अस्पतालले उपलब्ध गराएको तथ्याङ्क अनुसार उक्त विधिबाट प्रसूति सेवा उपलब्ध गराएको तीन वर्षको स्थिति देहायअनुसार छ:

विवरण	२०७७।७८	प्रतिशत	२०७८।७९	प्रतिशत	२०७९।८०	प्रतिशत
जम्मा प्रसूति सेवा	२२०१४	१००	२४३६९	१००	२४६७२	१००
सामान्य प्रसूति सेवा	११५०१	५२.२४	१२३७९	५०.७९	१२१९३	४९.४२
असामान्य प्रसूति सेवा	१०५१३	४७.७६	११९९०	४९.२०	१२४७९	५०.५८
लोयर सेक्सन सिजरिन सेक्सन	८१०८	३६.८३	९११८	३७.४१	९८२१	३९.८०

उल्लिखित तथ्याङ्कबाट २०७८।७९ मा भन्दा २०७९।८० मा सामान्य रूपमा प्रसूति हुनेको सङ्ख्या १.२४ प्रतिशत र असामान्य प्रसूति सेवा लिनेको सङ्ख्या ४.०८ प्रतिशतले बढेको देखिन्छ। त्यसै गरी सिजरिनबाट प्रसूति सेवा लिनेको सङ्ख्या २०७८।७९ मा ९ हजार ११८ रहेकोमा २०७९।८० मा ९ हजार ८२१ पुगेको देखिन्छ।

११३. **आई.भी.एफ.सेवा** - अस्पतालले २०६९ सालबाट आई.भी.एफ. (टेष्ट टयुब बेबी) सेवा सञ्चालन गर्दै आएकोमा दक्ष विशेषज्ञ भौतिक संरचनाको अभाव लगायतका कारणबाट यो सेवा बन्द रहेको थियो। गत वर्षदेखि उक्त सेवा पुनः सुचारु गरी २८ जनालाई सेवा दिएको छ। अस्पतालको अहिलेको संरचना र जनशक्तिबाट ५० जनासम्मलाई सेवा दिन सकिने अवस्था रहेको देखिन्छ। अस्पतालबाट यो सेवा लिँदा रू.२ लाखसम्म शुल्क लाग्ने र निजी क्षेत्रबाट सेवा दिँदा रू.५ लाखदेखि रू.७ लाखसम्म शुल्क लाग्ने देखिएको छ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले २०१३ सालमा स्थापना भएको अस्पताल नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।११।३ को निर्णयअनुसार विशिष्टीकृत विशेषज्ञसहित सङ्घीय अस्पतालमा स्तरोन्नति भएको छ। अस्पतालले मुख्यतः बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, विभिन्न शल्य चिकित्सा, ए.आर.टी., पी.एम.टी.सी.टी, सुरक्षित मातृत्व तथा परिवार नियोजन लगायतका विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ। अस्पतालको वित्तीय विरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रू.६८ करोड ३३ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.१ अर्ब ९३ करोड ५१ लाखसमेत रू.२ अर्ब ६१ करोड ८४ लाखमध्ये रू.१ अर्ब ९० करोड ४८ लाख खर्च भई रू.७१ करोड ३६ लाख मौज्दात रहेको छ।

११४. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार गत वर्ष २ लाख ५१ हजार २२८ बहिरङ्ग र ३७ हजार ४३ अन्तरङ्ग बिरामीको उपचार गरेकोमा यो वर्ष उक्त सङ्ख्या वृद्धि भई बहिरङ्गतर्फ ३ लाख २९ हजार ९६४ र अन्तरङ्गतर्फ २९ हजार ७९५ रहेको छ। दक्ष जनशक्ति र भौतिक पूर्वाधारको

कमीका कारण पत्थरी, हर्निया, ट्यूमर लगायतको शल्यक्रियामा कम्तीमा ३ महिना पर्खिनुपर्ने अवस्था छ। अस्पतालमा एम.आर.आई.मेसिन, क्याथल्याव मेसिन नभएको कारण बिरामीलाई अन्यत्र रेफर गर्नुपर्ने अवस्था रहेको छ।

११५. **जग्गा लिज -** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने र लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको चालू वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकम मूल्याङ्कनको एक प्रतिशत हुने गरी तोकेको छ। अस्पतालले वार्षिक रू.९ लाख लिने गरी २०५४।४।२४ मा ४९ वर्षका लागि ९ बिघा जग्गा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको एक कलेजलाई लिजमा दिएको देखियो। मालपोत कार्यालय, चितवनको २०७९।८० को लागि स्वीकृत गरेको न्यूनतम मूल्याङ्कन अनुसार उक्त स्थानको जग्गा प्रतिकठ्ठा रू.७० लाख रहेकोले कुल न्यूनतम मूल्याङ्कन रू.१ अर्ब २६ करोड हुने देखिएको छ। सो मूल्यको १ प्रतिशतले हुने रू.१ करोड २६ लाख लिज शुल्क प्राप्त हुनुपर्ने देखिन्छ। तर अस्पतालले रू.९ लाख मात्र लिज रकम लिने गरी सम्झौता गरेकोले अस्पतालको वार्षिक आयमा रू.१ करोड १७ लाख नोक्सानी पर्न गएको छ। यस सम्बन्धमा सम्बन्धित निकायबाट सम्झौता पुनरावलोकन हुनुपर्दछ।

११६. **जग्गा भाडा -** नेपाल सरकारको २०५३।३।१४ को निर्णयअनुसार अस्पतालले एक मेडिकल कलेजलाई जग्गा प्रयोग गर्न दिएअनुसार सो कलेजसँग भएको सम्झौतामा कलेजले भरतपुर अस्पताललाई मासिक रू.१ लाखका दरले वार्षिक रू.१२ लाख दिने र प्रत्येक वर्ष उक्त रकमको १० प्रतिशतका दरले थप शुल्क लाग्ने उल्लेख छ। कलेजले २०५४।५५ देखि प्रतिमहिना रू.१ लाखमा १० प्रतिशत थप गरी मासिक रू.१ लाख २० हजारले वार्षिक रू.१२ लाखमात्र बुझाउँदै आएको छ। प्रत्येक वर्ष १० प्रतिशतको वृद्धि दरले शुल्क वृद्धि हुँदै जाँदा २०७९।८० मा वार्षिक रू.१ करोड ४३ लाख २ हजार बुझाउनुपर्नेमा रू.४३ लाख २० हजार मात्र बुझाएको छ। मेडिकल कलेजबाट प्राप्त हुन बाँकी रू.९९ करोड ८२ लाख असुल हुनुपर्दछ।

कान्ति बाल अस्पताल

बाल स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान केन्द्रको रूपमा संस्थागत विकास गर्ने उद्देश्यले २०१९ मा स्थापित यो अस्पताल बाल बालिकासम्बन्धी उपचार सेवा प्रदान गर्न ३५२ शय्यासहित केन्द्रीय बाल अस्पतालको रूपमा सञ्चालन हुँदै आएको छ। अस्पतालको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रू.३६ करोड २९ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.४८ करोड ३८ लाखसमेत रू.८४ करोड ६७ लाखमध्ये रू.७३ करोड ३६ लाख खर्च भई रू.११ करोड ३१ लाख मौज्दात रहेको छ।

११७. **सेवा प्रवाह** - अस्पतालले यो वर्ष १ लाख ९९ हजार २५६ बाल बालिकालाई स्वास्थ्य सेवा प्रदान गरेको छ। आइतबारदेखि शुक्रबारसम्म बिहान ८ बजेदेखि १ बजेसम्म ओ.पी.डी. टिकट वितरण गरी बहिरङ्ग सेवा लिन आउने बिरामीको बिहान १० बजेदेखि परीक्षण कार्य सुरु हुने गरे पनि चिकित्सकको सेवा लिन कम्तीमा २ देखि ३ घण्टासम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ।

त्यस्तै हाइड्रोसिलको शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्ष, सामान्य शल्यक्रिया गर्न ३ महिनादेखि १ वर्ष, जटिल शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्षसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ। अस्पतालमा ३

शल्य चिकित्सा कक्ष रहेकोमा २ चालू अवस्थामा छन्। अस्पतालमा ३३ शय्याको आई.सी.यू. र ३० शय्याको सर्जिकल वार्ड भए तापनि आई.सी.यू.सेवा आवश्यक पर्ने बिरामीलाई शय्या अभावका कारण अन्यत्र प्रेषण गर्नुपर्ने अवस्था छ।

११८. **जनशक्ति व्यवस्थापन -** अस्पताल विकास समितितर्फ चिकित्सक, नर्स, पारामेडिक्स र अन्यसमेत २९६ जनाको दरबन्दी स्वीकृत भएकोमा स्थायीतर्फ १३५ कार्यरत रहेको र रिक्त दरबन्दीमा सेवा करार तथा ज्यालादारीबाट कार्य सञ्चालन गरेको छ। नेपाल सरकारतर्फ ७५ चिकित्सक, ९६ नर्स र अन्यसमेत ९३ को दरबन्दी रहेकोमा चिकित्सक ६६, नर्स ६५ समेत १७० कार्यरत रही चिकित्सक ९, नर्स ३१ समेत ९४ रिक्त रहेको छ। अस्पतालमा १४ वर्षमुनिका बालबालिकाहरूको मुटु रोगको उपचार गर्ने कार्डियो सेवा सञ्चालन गरे तापनि छुट्टै कार्डियो युनिट र मुटु रोग विशेषज्ञको पदपूर्ति हुन सकेको छैन। अस्पतालमा ईको, क्याथल्याब र सी.सी.यू.नभएका कारण अस्पतालमा मुटुको एन्जियोप्लाष्ट, एन्जियोग्राफीलगायतका सेवा उपलब्ध छैनन्।

कोशी अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्वलगायत विशिष्टीकृत सेवा प्रदान गर्दै आएको छ। अस्पतालले ३५० शय्याको स्वीकृति प्राप्त गरे तापनि हाल २७७ शय्याबाट उपचार हुँदै आएको छ। अस्पतालको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रू.३६ करोड ६६ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.६१ करोड २४ लाखसमेत रू.९७ करोड ९० लाखमध्ये रू.९२ करोड १५ लाख खर्च भई रू.५ करोड ७५ लाख मौज्दात रहेको छ।

११९. **सम्पत्तिको संरक्षण -** कोशी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ मा अस्पताल विकास समितिको काम कर्तव्यमा अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने उल्लेख छ। अस्पतालको स्वामित्वमा रहेको विराटनगर महानगरपालिका वडा नं.७ को ६ कित्ताको ५ बिघा ९ कट्ठा जग्गा रहेको विवरण प्राप्त भएको छ। उक्त जग्गामध्ये अस्पतालको दक्षिणतर्फ गणेश मन्दिर व्यवस्थापन समिति, क्षयरोग निवारण संस्था र एक पुस्तकालयले उपयोग गरेको देखियो। उक्त जग्गामा मन्दिर व्यवस्थापन समिति, क्षयरोग निवारण संस्था र पुस्तकालयको कार्यालय सञ्चालन गर्नुको साथै करिब २० सटर भाडामा समेत लगाएको देखियो। ती सटर तथा जग्गा उपयोग गरेबापत अस्पताललाई कुनै आम्दानी प्राप्त भएको देखिएन। अस्पतालको जग्गा अतिक्रमण गरी अन्य संस्थाहरूले भाडा आय-आर्जन गर्दा समेत अस्पताल विकास समितले कुनै कारबाही गरेको छैन। अतिक्रमण भएको सम्पत्तिको संरक्षण गरी अस्पतालको जग्गामा निर्माण भएको सटरको भाडा असुल हुनुपर्दछ।

१२०. **ज्यालादारी कर्मचारी** – कोशी अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा अस्पतालको कामको निमित्त तत्काल स्थायी पदपूर्तिबाट नियुक्त नगरेमा सेवाको काममा गम्भीर असर पर्ने भएमा मेडिकल सुपरिण्टेण्डेण्टले सो पदका लागि तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मका लागि नियुक्त गरी काम लगाउनसक्ने व्यवस्था छ। त्यस्तै उक्त नियुक्त कर्मचारीलाई एक महिनाभन्दा बढी अवधि काममा लगाउनुपर्ने अवस्थामा विकास समितिको स्वीकृति लिनुपर्ने उल्लेख छ। त्यसरी नियुक्त भएको कर्मचारीहरूलाई ६ महिनाभन्दा बढी अवधिको निमित्त ज्यालादारीमा नियुक्त

नगरिने व्यवस्था छ। अस्पतालको लागि स्वीकृत भएका दरबन्दीमा स्थायी तथा करारबाट सबै पदपूर्ति भएको अवस्थामा अस्पताललले विकास समितितर्फ दरबन्दी बाहेकका पदमा ५८ नियमित ज्यालादारी कर्मचारी नियुक्त गरी यो वर्ष रू.१ करोड १२ लाख ९५ हजार खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्ति गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

१२१. **दोहोरो भत्ता** – प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ मा प्रयोगशालामा कार्यरत कर्मचारीलाई सुरु तलब स्केलको २५ प्रतिशत जोखिम भत्ता प्रत्येक महिना भुक्तानी गर्नुपर्ने व्यवस्था छ। अस्पताल विकास समितिले नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट यस अस्पतालको प्याथोलोजी, रेडियोलोजी तथा सी.टी.स्क्यान लगायतमा कार्यरत कर्मचारीहरूलाई तलबको २५ प्रतिशत भत्ता तलबमा नै समावेश गरी २०७९ फाल्गुणदेखि भुक्तानी दिँदै आएको देखिन्छ। नेपाल सरकारबाट जोखिम भत्ता प्राप्त गरेकोमा पुनः प्रतिष्ठानबाट अस्पतालको प्रयोगशालाबाट प्राप्त हुने आम्दानीको ७.५ प्रतिशतले हुने रकम भत्ता दिने निर्णय गरी रू.८८ लाख २१ हजार भत्ता भुक्तानी गरेको छ। एउटै कामको लागि नेपाल सरकारबाट भत्ता प्राप्त गरेकोमा पुनः समितिको निर्णयअनुसार आन्तरिक आयबाट समेत भत्ता भुक्तानी दिएको औचित्यपूर्ण देखिएन। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र

उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रूपमा स्वदेशमै उपलब्ध गराई मुटुरोगीहरूलाई जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोगसम्बन्धी उच्चस्तरीय दक्ष जनशक्ति तयार गर्ने मूल उद्देश्य लिई सहिद गंगालाल श्रेष्ठको नाममा २०५२ सालमा काठमाडौंको बाँसबारीमा यस केन्द्रको स्थापना भएको हो। सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले मुटु रोगको रोकथाम, निदान, उपचार तथा हृदय रोगीहरूको पुनःस्थापनाको लागि उच्चस्तरीय विशेषज्ञ सेवा प्रदान गर्नुको साथै मुटुरोग तथा हृदय शल्यक्रियाको कार्य गर्दैआएको छ। केन्द्रको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रू.५४ करोड २९ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.५ अर्ब ३२ करोड ३ लाखसमेत रू.५ अर्ब ८६ करोड ३२ लाखमध्ये रू.२ अर्ब ४७ करोड ५३ लाख खर्च भई रू.३ अर्ब ३८ करोड ७९ लाख मौज्दात रहेको छ।

१२२. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार गत वर्ष १ लाख ७१ हजार ५७५ र यो वर्ष १ लाख ९१ हजार ४२८ को उपचार गरेको छ। प्रत्येक वर्ष मुटुरोगीको वृद्धि भइरहेको सन्दर्भमा आवश्यक स्रोत साधनको व्यवस्था गरी सेवा प्रवाह गर्नुपर्दछ।

१२३. **दरबन्दी तथा पदपूर्ति -** स्वीकृत दरबन्दीअनुसार कर्मचारीको व्यवस्थापन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ। केन्द्रबाट उपलब्ध विवरणअनुसार सर्जरी, एनेस्थेसियोलोजी, कार्डियोलोजी, पेडियाट्रिक लगायतका विभागमा विभिन्न पदका ६९१ दरबन्दी स्वीकृत भएकोमा २३२ स्थायी र ३४७ करारसमेत ५९७ पदपूर्ति भई कन्सल्ट्यान्ट कार्डियाक सर्जन, कार्डियाक सर्जन, एनेस्थेसियोलोजिष्ट, वरिष्ठ कन्सल्ट्यान्ट कार्डियोलोजिष्ट, कन्सल्ट्यान्ट कार्डियोलोजिष्ट, कन्सल्ट्यान्ट पेडियाट्रिक कार्डियोलोजिष्ट, प्रशासन प्रमुख, लेखा उपप्रमुख, वरिष्ठ प्रशासकीय अधिकृतलगायतका ११२ पद रिक्त रहेको छ। दरबन्दीअनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर पर्न जाने भएकोले दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१२४. **गत वर्षको भुक्तानी -** सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र आर्थिक कार्यविधि नियमावली, २०७८ को नियम (९) मा खर्च गर्दा चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने, तर विशेष कारण एवं परिस्थितिवश

बढी खर्च गर्नुपर्ने भएमा कार्यकारी निर्देशकले भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आगामी वर्ष भुक्तानी दिनसक्ने व्यवस्था छ। केन्द्रले गत वर्षको भुक्तानी दिन बाँकी ६२ आपूर्तकलाई रू.८ करोड २३ लाख १ हजार भुक्तानी गरेकोमा तोकिएको ढाँचामा भुक्तानी बाँकीको विवरण तयार गरेको पाइएन। खर्च गर्ने कार्यमा संलग्न पदाधिकारीबाटै गत वर्षको भुक्तानी बाँकी विवरण स्वीकृत गरेको छ। यस्ता कार्यमा आन्तरिक नियन्त्रण कायम हुने गरी कार्य गर्नुपर्दछ।

सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र (२०७८।७९)

१२५. **विस्तारित सेवा** - केन्द्रमा गत वर्ष विस्तारित स्वास्थ्य सेवाबाट रू.५ करोड ५९ लाख प्राप्त भएकोमध्ये चिकित्सक, नर्स तथा अन्य कर्मचारीलाई वितरण पश्चात रू.३ करोड ११ लाख केन्द्रको आम्दानी भएकोमा यो वर्ष रू.१४ करोड ३२ लाख प्राप्त भई वितरण पश्चात् रू.७ करोड ५६ लाख केन्द्रको आम्दानी देखाएको छ। गत वर्षको तुलनामा आम्दानी बढेको देखिए तापनि विस्तारित स्वास्थ्य सेवाको दस्तुर सामान्य सेवाको भन्दा बढी रहेको अवस्थामा केन्द्रलाई प्राप्त हुने आम्दानीको अनुपात समेत पुनरावलोकन गर्नुपर्दछ।

१२६. **सेवा प्रवाह** - केन्द्रको कुल २५० शय्या सञ्चालन स्वीकृत भएकोमा केन्द्रले २८ शय्या थप गरी २७८ शय्या सञ्चालनमा ल्याएको छ। यो वर्ष १ लाख ७१ हजार ५७५ जनालाई सेवा दिएको केन्द्रले १५ वर्ष मुनिका बालबालिका ७४० र ७५ वर्ष माथिका ज्येष्ठ नागरिक ६७० जना मुटु रोगीलाई निःशुल्क उपचार सेवा प्रदान गरेको छ। केन्द्रले यस वर्ष कुल २ लाख ३ हजार ४२ जना बिरामीले आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग सेवा लिएको देखिन्छ। बाथ मुटुरोगीहरूको निःशुल्क भल्भरिङ्ग तथा शल्यक्रिया ५४८, साँघुरिएको भल्व खोल्ने निःशुल्क उपचार ३३९, स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत ७ हजार ४२५ र विपन्न नागरिक उपचार अन्तर्गत ३ हजार १२२ जना बिरामीलाई उपचार सेवा प्रदान गरेको छ। मुटु रोगी सम्बन्धमा अध्ययन अनुसन्धान कार्यलाई समेत महत्त्व दिई सेवा प्रवाह गर्नुपर्दछ।

१२७. **बाल मुटु रोगको उपचार** - यो वर्ष अस्पताले ५ हजार ४३६ बिरामीको कोरोनरी एन्जियोग्राफी, बाल मुटु रोग उपचारमा ओ.पी.डी.तर्फ ११ हजार ५७९, मुटुको प्वाल टाल्ने उपचारमा ४०५ तथा मुटुको शल्यक्रिया १ हजार ५३०, क्याथल्याबबाट ११ हजार ४६७ जना, ५३२ जना बिरामीलाई पेसमेकर राखेको, २ हजार १७९ जना हृदयघात भएर आएका बिरामीको एन्जिओप्लास्ट, ३१३ जना बिरामीहरूको मुटुको असामान्य चालको उपचार गरेको, १८ हजार ५४० जना बिरामीलाई इमर्जेन्सीबाट सेवा प्रदान गरेको र १२ हजार ९२७ जना बिरामीले अन्तरङ्ग सेवा उपलब्ध गराएको देखिन्छ। बाल मुटुरोगी बिरामीको अधिक चाप तथा जन्मजात मुटु रोगी बालबालिकाको वृद्धि भएकोले हाल केन्द्रको बाल मुटुरोगीको लागि १२ शय्या मात्र सञ्चालनमा ल्याए पनि उक्त शय्या सङ्ख्या पर्याप्त रहेको देखिएन। आवश्यक मात्रामा बाल शय्याको व्यवस्था गरी बाल मुटुरोगीको उपचार गर्नुपर्दछ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन

क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वाथ्य सेवा प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन राष्ट्रिय प्रेषण अस्पतालको रूपमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत यस अस्पतालको स्थापना भएको हो। अस्पतालको वित्तीय विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रू.३९ करोड ७६ लाख र गत वर्षको जिम्मेवारीसहित आन्तरिक आय रू.२

अर्ब ५० करोड २२ लाखसमेत रू.२ अर्ब ८९ करोड ९८ लाखमध्ये रू.२ अर्ब ३५ करोड ४९ लाख खर्च भई रू.५४ करोड ४९ लाख मौज्दात रहेको छ।

१२८. **सेवा प्रवाह -** अस्पतालबाट प्राप्त विवरणअनुसार गत वर्ष १ लाख ५७ हजार ६४४ बहिरङ्ग, ९ हजार ८५६ अन्तरङ्ग, ४ हजार १६६ जटिल शल्यक्रिया, ४७ हजार २१९ रेडियोथेरापी, १९ हजार ६४० केमोथेरापी, एवं ६ हजार ५३५ नयाँ क्यान्सर बिरामी पहिचान गरी सेवा उपलब्ध गराएकोमा यो वर्ष उक्त सङ्ख्या क्रमशः १ लाख ६५ हजार ५११, १० हजार ९५५, ४ हजार ६६०, ४३ हजार ६४८, २५ हजार १७४, १६ हजार ४८० पुगेको छ। गत वर्षको तुलनामा बहिरङ्ग सेवा, बिरामी भर्ना, प्रयोगशाला र रेडियोलोजी सेवा लिने सेवाग्राहीको सङ्ख्या बढे तापनि रेडियोथेरापी, सर्जरी र नयाँ क्यान्सर बिरामी सङ्ख्या घटेको छ। यो वर्ष अस्पतालबाट १ हजार ९३६ जनाले ४३ हजार ४६८ पटक विकीरणको प्रयोगबाट क्यान्सर रोगको उपचार गरिने सेवा प्राप्त गरेको देखिन्छ। उक्त सेवा लिन दैनिक औसतमा २५० जनाभन्दा बढी बिरामी आउने भए तापनि ४ मेसिनबाट रेडियोथेरापी गर्दा ४५ दिनसम्म प्रतीक्षा गर्नुपर्ने अस्पतालले जानकारी गराएको छ। अस्पतालबाट प्राप्त जानकारीअनुसार क्यान्सर रोगको लागि अति आवश्यक पेट सिटी स्क्यान, बोनम्यारो ट्रान्सप्लान्ट र मेमोग्राफी मेसिन नहुँदा सेवाग्राहीले जटिल प्रकृतिको रोगको उपचार पाउन नसकेको उल्लेख छ।

१२९. **मेसिन उपकरणको प्रयोग -** अस्पतालबाट खरिद गरिएका मेसिनहरू उचित प्रयोगमा ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। अस्पतालले रक्त क्यान्सरको चरण पत्ता लगाउने मेसिन रू.१ करोड १८ लाख ६५ हजारमा २०७९ चैत्रमा खरिद गरेकोमा मेसिन सञ्चालनको लागि दक्ष जनशक्तिको अभाव भई प्रयोगविहीन अवस्थामा छ। आवश्यक जनशक्तिको व्यवस्थापनसहित मेसिनको प्रयोग गरी बिरामीको उपचार गर्नुपर्दछ।

१३०. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९ को उपदफा ३ मा कुनै बासिन्दा व्यक्तिले ठेक्का वा करार अन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। अस्पतालले क्यान्सर रोगको उपचार गर्ने मेसिन/उपकरण खरिदबापत एक विदेशी आपूर्तकलाई रू.२८ करोड ९६ लाख ५४ हजार भुक्तानी गर्दा सोबमोजिम कर कट्टी गरेको देखिएन। अतः ऐनको उक्त व्यवस्थाबमोजिम ५ प्रतिशतले हुने कर रू.१ करोड ४४ लाख ८३ हजार असुल गरी सञ्चितकोष दाखिला हुनुपर्दछ।

१३१. **आवास सुविधा** - बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी आर्थिक प्रशासन नियमावली, २०६६ को नियम १०१(२) बमोजिम आवास सुविधा उपयोग गर्ने कर्मचारीले उपभोग गरेको आवासको भौतिक सुविधाको आधारमा निजको सुरु तलबको ३ देखि ५ प्रतिशतका दरले हुने रकम अस्पतालको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। अस्पताल हाताभित्र कर्मचारीले उपभोग गरेको आवास सुविधाबापतको रकम असुल नगरेकोले आवास सुविधा उपभोग गर्ने २३५ कर्मचारीबाट यो वर्ष रू.८२ लाख ५ हजार असुल गरी आवासको मर्मत सम्भार गर्नुपर्दछ।

१३२. **भवन संरचना -** अस्पतालमा बोनम्यारो युनिट स्थापनाको लागि एक विदेशीदाताको टोलीले सहयोग गर्न ईच्छा देखाएको र त्यसको लागि भवनको पूर्वाधार आवश्यक भएकोले अस्पतालको हाताभित्र रहेको २०० बेड इन्प्यासेन्ट ब्लकको कौशीमा स्टील स्ट्रक्चरसहितको कोठा निर्माणका लागि बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग १२ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी २०७९।११।११ मा रू.१ करोड ८३ लाख ८४ हजारको सम्झौता भएको छ। निर्माण व्यवसायीलाई यो वर्ष रू.८९ लाख ३८ हजार भुक्तानी भएको छ। दाताको टोलीले निर्माणाधीन भवनको निरीक्षण गरी यस्तो पूर्वाधारमा

बोनम्यारो ट्रान्सप्लान्ट युनिट स्थापना हुन नसक्ने जानकारी गराएपश्चात् पूर्वाधार निर्माणको कार्य स्थगित भएको छ। सो युनिट स्थापना गर्न आवश्यक पर्ने पूर्वाधार संरचनाको पर्याप्त अध्ययन विश्लेषण नगरी तला थप गर्ने कार्य गरेको कारण उक्त लगानी खेर जाने स्थिति देखिएको छ। सम्भाव्यता अध्ययन नगरी भवन निर्माण सुरु गर्ने कार्यलाई निरुत्साहित गरिनुपर्दछ।

सिंहदरबार वैद्यखाना विकास समिति

प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्दै प्रभावकारी र गुणस्तरयुक्त, शास्त्रीय तथा बाइपेटेन्ट विधिद्वारा औषधि निर्माण गर्ने, उचित मूल्यमा गुणस्तरयुक्त आयुर्वेदिक औषधिको उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा बिक्री वितरण र प्रचार प्रसार गर्ने, देशभित्र उपलब्ध हुने तथा अन्य औषधिको वैज्ञानिक अनुसन्धानात्मक परीक्षण गरी स्तरीय आयुर्वेद औषधिहरूको आपूर्तिद्वारा चिकित्सा सेवालाई सुलभ एवं व्यापक बनाउने लगायतका उद्देश्यले सिंहदरबार वैद्यखाना विकास समिति गठन आदेश, २०५१ अनुसार यो समिति स्थापना भई सञ्चालन हुँदै आएको छ। गत वर्षको जिम्मेवारी, नेपाल सरकारबाट प्राप्त अनुदान रू.१ करोड ३२ लाख ७१ हजारसमेत यस वर्षको कुल आय रू.१४ करोड ५७ लाख ४४ हजारमध्ये रू.३ करोड ५२ लाख १२ हजार खर्च भई रू.११ करोड ५ लाख ३२ हजार मौज्दात रहेको छ।

१३३. **जनशक्ति व्यवस्थापन** - सिंहदरबार वैद्यखाना विकास समिति गठन आदेश, २०७७ मा वैद्यखानाको औषधि निर्माण क्षमतामा अभिवृद्धि गरी विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्ड अनुरूप औषधि उत्पादन गरी स्वदेश तथा विदेशमा बिक्री वितरण गर्ने गराउने उल्लेख छ। समितिले कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार समेतलाई ध्यानमा राखी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी यकिन गरेको छैन। समितितर्फ अधिकृत आठौंसहित ४१ र नेपाल सरकारतर्फ स्थायी दरबन्दीका पदमा कार्यकारी निर्देशकसहित ३ जना पदपूर्ति भएको देखिन्छ। समितिबाट यस वर्ष १७० प्रकारका ५३ हजार ७८१ किलोग्राम औषधि उत्पादन गर्ने लक्ष्य रहेकोमा ९ हजार २०४ किलोग्राम मात्र उत्पादन भएको देखिएकोले वार्षिक लक्ष्यको तुलनामा १७.११ प्रतिशत मात्र प्रगति भएको छ। औषधि उत्पादन गर्ने जनशक्ति पदपूर्ति भए तापनि समितिले लक्ष्यअनुसार कार्य गरेको छैन। उपलब्ध जनशक्तिको उपयोग गरी लक्ष्य र क्षमताबमोजिम समितिले औषधि उत्पादन गर्नुपर्दछ।

१३४. **भवन उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षण प्रभावकारी रूपमा गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट २०७७।१२।२५ मा ६ हजार २०२ वर्गमिटर क्षेत्रफलमा रू.१० करोड ७२ लाख ७१ हजारमा निर्मित भवन हस्तान्तरण भएकोमा प्रयोगविहीन अवस्थामा रहेको छ। निर्माण भएको भवन प्रयोगमा ल्याउनुपर्दछ।

१३५. **घर भाडा** - समितिको कम्पाउण्डभित्र रहेको एक भवन जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, तनहुँलाई २०७५ देखि प्रतिमहिना रू.४० हजार र सुरक्षा गार्ड तथा पानी बिजुलीको रकम लिने गरी घरभाडा उपलब्ध गराएकोमा २०७६ श्रवणदेखि २०८० आषाढ मसान्तसम्मको घरभाडा र सुरक्षा गार्डसमेतको रू.२४ लाख उठ्न बाँकी रहेको छ। उक्त रकम सम्झौताअनुसार असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्ड अनुसार मेडिकल अडिट नगराएको, केन्द्रीय आर्थिक विवरण यथार्थपरक नभएको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, कोनाल्ट तथा सिटी सेमुलेटर मेसिन यो वर्ष पनि जडान एवं सेवा सञ्चालन नगरेको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका बेहोरा औँल्याइएकोमा उल्लिखित बेहोराहरूमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १७ निकायमा रू.२१ करोड ५१ लाख ४५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रू.१ करोड २१ लाख ९६ हजार फर्स्यौट गरेकोले रू.२० करोड २९ लाख ४९ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रू.२ करोड ३२ लाख ९६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित, अन्य संस्था र समिति २९ तर्फ रू.३ अर्ब ५५ करोड ८५ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १० निकायले रू.१६ करोड ८७ लाख ४१ हजार फर्स्यौट गरेकोले रू.३ अर्ब ३८ करोड ९७ लाख ५९ हजार बाँकी रहेको छ। सोमध्ये रू.४३ करोड ८३ लाख १५ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गर्ने नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा आयोगले कार्य गरिरहेको छ।

१. **सरकारी कार्यालय -** राष्ट्रिय योजना आयोग र मातहतसमेत ३५ सरकारी कार्यालयको निम्नानुसार रू.८७ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७६२१	१९	३१	१०३३	८७०४

उल्लिखित लेखापरीक्षण रकममा अर्थ मन्त्रालयमा विनियोजन भई आयोगले खर्च गरेको रू.६८ लाख २० हजार समावेश छ।

२. **योजनाको चौथो वर्षको उपलब्धि -** पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा चौथो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७९।८० को लक्ष्य	२०७९।८० को उपलब्धि
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत)	६.८	९.६	१.८६
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	२.७
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१३.२	०.५६
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.०	२.३३
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	७.७४
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१४५६	१४१०
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	१८.७	११.२	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६१८	०.६०१
९.	अपेक्षित आयु (जन्म हुँदाको वर्ष)	६९.७	७२.०	७०.५
१०.	खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत)	८९	९८.०	९७.०
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९८.०	८९.०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	४१३३	३०८४.१
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९५.०
१४.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६५.९	७७	८५

स्रोतः पन्ध्रौं योजना नतिजा खाका, मध्यमकालीन खर्च संरचना, जीवनस्तर सर्वेक्षण, आर्थिक सर्वेक्षण,, नेपाल राष्ट्र बैङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशन।

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि, उद्योग र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६, ५.८, १३.२ र १०.० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः १.८६, २.७, ०.५६ र २.३३ प्रतिशत रहेको छ। विद्युत उत्पादन जडित क्षमता ४ हजार १३३ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ३ हजार ८४ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार सङ्ख्या १०० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९५ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसङ्ख्या ११.२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २०.२७ प्रतिशत रहेको देखिन्छ। पन्ध्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको कार्यक्रम विषयगत मन्त्रालयहरूबाट सम्पादन हुने हुँदा योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३. **राष्ट्रिय विकास समस्या समाधान समिति -** विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नको लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी सर्वोच्च संयन्त्रको रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। यस आर्थिक वर्षमा समितिको ५० औं बैठक बसेको छ। सो बैठकले अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापन, जग्गा प्राप्ति एवं वातावरणीय प्रभाव मूल्याङ्कन, शिक्षक समायोजन, बेरुजु फस्यौंट, वैदेशिक रोजगारीमा जाने कामदारको स्वस्थ्य परीक्षण सेवाको गुणस्तरीयता, एम्बुलेन्स सेवाहरूलाई राष्ट्रिय प्रणालीमा आबद्धता, सहकारी संस्थाहरूको नियमन गर्न प्रभावकारी नियामक निकायको गठन, तीनै तहका सरकारका लागि खर्चको मापदण्ड निर्माणलगायतका २३ बुँदे निर्णयहरू गरेको छ। उल्लिखित निर्णयहरू कार्यान्वयनको लागि विषयगत मन्त्रालयहरूमा पठाएकोमा ती निर्णयहरूको प्रभावकारी रूपमा कार्यान्वयन नभएकोले ५१ औं बैठकमा पनि उल्लिखित केही समस्या दोहोऱ्याइएको छ। समितिले दिएको निर्देशन र निर्णयको कार्यान्वयन तालिका बनाई कार्यान्वयन स्थितिको नियमित अनुगमन गरी पृष्ठपोषण तयार गर्नुपर्दछ।

४. **नयाँ नेपाल निर्माण कोष -** नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८ बमोजिम स्थापना गरिएको नयाँ नेपाल निर्माण कोष सञ्चालन नभई विगत वर्षदेखि नै बैङ्कमा रू.१ करोड १८ लाख ४७ हजार निष्क्रिय रहेको छ। आयोगले २०७५।३।२० मा कोष पुनरावलोकन हुनुपर्ने र मौज्दात रकम सङ्घीय सञ्चित कोषमा जम्मा गर्ने गरी कोष खारेज गर्नुपर्ने विषयमा दिएको सुझाव कार्यान्वयन हुनुपर्दछ।

५. **प्राथमिकता प्राप्त आयोजना -** यो वर्ष राष्ट्रिय गौरव र पहिलो प्राथमिकतामा रहेका २६८ आयोजनामध्ये वार्षिक ८० प्रतिशतभन्दा बढी प्रगति हुने १२९, ५० देखि ७९ प्रतिशतसम्म प्रगति हुने ७२, ५० प्रतिशतभन्दा कम प्रगति हुने ३८ र प्रगति स्थिति नखुलेका २९ आयोजना रहेका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका १३, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका ९, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका ३ लगायत ३८ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। त्यस्तै अर्थ मन्त्रालयका ८, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका ६, शहरी विकास मन्त्रालयको ५ लगायत २९ आयोजनाले प्रगति स्थिति खुलाएका छैनन्। प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयन अवस्था, प्रगति हुन नसकेको क्रियाकलापको कारण जस्ता विषयमा प्रभावकारी अनुगमन/मूल्याङ्कन हुनुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ र ७ मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने उल्लेख छ। सो प्रयोजनका लागि आयोगका उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने र सो समितिले आवधिक योजनामा प्रक्षेपित लगानी

तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोतको अनुमान गर्नुपर्ने व्यवस्था छ। आवधिक योजनाका लक्ष्यहरूलाई प्रत्येक वर्षको बजेट तथा कार्यक्रममा तादात्म्यता मिलाउन यो व्यवस्था लागु भए तापनि बहुवर्षीय योजनाको स्वीकृति दिइएको योजना, बजेट तथा कार्यक्रममा प्रभावकारी समन्वय नभई दिँदा र त्रिवर्षीय स्रोत अनुमान यथार्थपरक नहुँदा मध्यमकालीन खर्च संरचनाले अपेक्षित नतिजा दिएको छैन। आयोगको वार्षिक प्रतिवेदनअनुसार २०७८।७९ को वास्तविक उपलब्धि र २०७९।८० को मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा अनुमानित उपलब्धिको समष्टिगत आर्थिक खाका निम्नानुसार रहेको छः

क्र.सं.	सूचक/लक्ष्य	एकाई	२०७८।७९ उपलब्धि	२०७९।८० को लक्ष्य	२०७९।८० को उपलब्धि
१.	वार्षिक आर्थिक वृद्धि दर (उपभोक्ता मूल्य)	प्रतिशत	५.५	५.२६	१.८६
	(क) कृषि	प्रतिशत	२.३	२.३	२.७०
	(ख) गैरकृषि	प्रतिशत	६.९	६.९	१.९२
	(ग) उद्योग	प्रतिशत	१०.३	१०.३	०.५६
	(घ) सेवा	प्रतिशत	५.९	५.९	२.३३
२.	मुद्रास्फिति दर	प्रतिशत	७	७.०	७.७४
३.	भुक्तानी सन्तुलन	रू. अर्ब	-२००	५०	१००
४.	प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	१३८१	१४०७	१४१०
५.	आर्थिक जोखिम सूचकाङ्क	सूचकाङ्क	२४	२४.७	२४.७
६.	मानव सम्पत्ति सूचकाङ्क	सूचकाङ्क	७६	७४.९	७४.९

स्रोतः *राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन,२०७८।७९, मध्यमकालीन खर्च संरचना,२०७९।८०,* आर्थिक सर्वेक्षण २०७९।८० र नेपाल *राष्ट्र बैङ्क।*

उल्लिखित लक्ष्यहरू मूलतः पन्ध्रौं योजनामा उल्लिखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा निर्धारण भएको छ। आर्थिक वर्ष सम्पन्न भएको ८ महिना व्यतीत हुँदासमेत यथार्थ उपलब्धि समीक्षा विवरण आयोगबाट तर्जुमा हुन नसकी अनुमानित उपलब्धि हासिलको सूचकमात्र तर्जुमा गरेको छ। यो वर्ष लक्ष्यको तुलनामा प्रगति न्यून रहेको देखिँदा योजना अवधिको अन्त्यसम्म तोकिएको लक्ष्य हासिल गर्न कठिन हुने अवस्था छ। तीन तहका सरकारमार्फत सञ्चालन हुने विकास आयोजना बाँडफाँट सम्बन्धी मापदण्ड, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजनामा आवश्यक बजेटको सुनिश्चितता गर्दै तोकिएको लक्ष्य हासिल गर्ने गरी विकास कार्यक्रमको तर्जुमा गर्नुपर्दछ।

७. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा सङ्घ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण, योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैङ्क रहने उल्लेख भएअनुसार आयोगले राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार गरेको छ। सो प्रणालीमा २०७९।८० सम्म विभिन्न मन्त्रालय, आयोग तथा संवैधानिक अङ्गसमेत २३ निकायका राष्ट्रिय गौरवका आयोजनाहरू र रूपान्तरणकारी आयोजनाहरूसमेत कुल ६ हजार ९९२ आयोजना सूचीकृत भएको देखिन्छ। सूचीकृतमध्ये चालु आयोजना ५ हजार ४८४ र भविष्यमा कार्यान्वयन हुने आयोजना १ हजार ५०७

रहेका छन्। सो आयोजना मध्ये १ हजार आयोजना पहिचान चरणमा र ५०७ आयोजना मूल्याङ्कन तथा छनोट तथा प्राथमिकीकरण चरणमा रहेको देखिन्छ।

देशको समग्र आर्थिक विकासको लागि सञ्चालन गरिने आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट र प्राथमिकीकरण प्रक्रिया प्रभावकारी बनाउनुपर्ने, मार्गदर्शन बमोजिम आर्थिक तथा वित्तीय रूपले सम्भाव्य आयोजना दोहोरो नपर्ने गरी छनोट गर्ने र छनोट भएका आयोजना समयमै सम्पन्न गर्नुपर्दछ। आयोजना बैङ्कमा समावेश नभएका आयोजनामा स्रोत व्यवस्था नगर्ने विषयमा आयोग र सम्बन्धित विषयगत मन्त्रालयले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था मिलाई आयोजना बैङ्क सञ्चालनसम्बन्धी कार्यविधि बनाउनुपर्दछ।

८. **राष्ट्रिय गौरवका आयोजना -** योजना आयोगले राष्ट्रिय गौरवका विभिन्न २४ आयोजनाको २०७९।८० को संशोधित मध्यमकालीन बजेट अनुमान र लगानीको अद्यावधिक विवरण तयार गरेको छैन। कार्यान्वयनमा ल्याइएका २४ आयोजनामध्ये सम्पन्न भएका आयोजना २, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने आयोजना ४, ५० देखि ८० प्रतिशत हासिल गर्ने आयोजना ५ रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ रहेका छन्। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल अपेक्षाअनुरूप सञ्चालनमा आउन सकेका छैनन्। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना, महाकाली सिँचाइ आयोजना, सुनकोशी मरिण डाइभर्सन आयोजना, काठमाडौँ-तराई/मधेश द्रुतमार्ग आयोजना, सिक्टा सिँचाइ आयोजना, उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना, रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) लगायतका आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ। अन्य आयोजनाको भौतिक तथा वित्तीय प्रगति हेर्दा तोकिएको अवधिमा आयोजना सम्पन्न हुने देखिँदैन। समयमा आयोजना सम्पन्न नहुँदा एवं सम्पन्न भएका आयोजनाहरूको व्यवसायिक योजनाअनुसार सञ्चालन नहुँदा समयमा प्रतिफल प्राप्त नभएको, आयोजना सम्पन्न हुन लामो अवधि लागेको कारणले सुरु लागतमा वृद्धि समेत भएको देखियो। आयोजनामा समय र लागत वृद्धि नहुने गरी तोकिएको समयमा सम्पन्न गर्न प्रभावकारी संयन्त्रको व्यवस्था गरी राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाउँदै आयोगका तर्फबाट प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्दछ।

९. **रूपान्तरणकारी आयोजना –** पन्ध्रौं योजनाले लिएका राष्ट्रिय तथा विषय/क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल हुने गरी पहिचान र छनोट गरिएका रूपान्तरणकारी आयोजनाहरूमध्ये आर्थिक क्षेत्रका ५, सामाजिक क्षेत्रका ४, पूर्वाधार क्षेत्रका ७ र लोकतन्त्र र सुशासन क्षेत्र १ समेत १७ आयोजना रहेका छन्। विभिन्न १७ आयोजनामध्ये शिक्षा क्षेत्रको सार्वजनिक विद्यालय सबलीकरण आयोजना र प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम कार्यक्रमको समष्टिगत भौतिक प्रगति क्रमशः ८९ र ८८ प्रतिशत, गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेँशी-रसुवागढी सडक आयोजनाको ७४ प्रतिशत रहेको छ। साथै शहरी करिडोर आयोजना, जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन कार्यक्रम र राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमको भौतिक प्रगति क्रमशः ६०.५८, ८९ र ५०.७ प्रतिशत रहेको छ। राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रम अन्तर्गतको पश्चिम सेती ४०० के.भी. प्रसारण लाइन आयोजना खण्ड र प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको २०७९।८०

सम्मको समष्टिगत भौतिक प्रगति क्रमश: शून्य र १ प्रतिशत रहेको छ। उल्लिखित ६ आयोजना बाहेक सबै आयोजनाहरूको प्रगति ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरूको हालसम्मको कार्यान्वयन अवस्था खुल्ने गरी मध्यावधि समीक्षा भएको छैन। साथै अधिकांश कार्यक्रमहरूको हालसम्मको खर्च र सोको वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुल्ने विवरणसमेत तयार गरेको छैन। आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई प्रभावकारी बनाउन आयोगले अनुगमन तथा प्रगति समीक्षा गरी समयमा नै सम्पन्न गरेर नतिजा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०. **दिगो विकासको लक्ष्य** - राष्ट्रिय गरिबी घटाउने, भोकमरी शून्य गर्ने, गुणस्तरिय स्वास्थ्य शिक्षा लगायत विभिन्न १७ क्षेत्रमा तोकेबमोजिमको लक्ष्य हासिल गर्नेगरी सन् २०१६ देखि कार्यान्वयनमा आएको दिगो विकास लक्ष्यको सन् २०२२ सम्मको प्रगति मूल्याङ्कनको अध्ययन गर्न आयोगले परामर्शदाता नियुक्ति गरे पनि अन्तिम मूल्याङ्कन प्रतिवेदन प्राप्त नभएकोले हालसम्मको प्रगति अवस्था जानकारी हुन सकेन।

दिगो विकास लक्ष्यको स्थिति र मार्गचित्र एवं विभिन्न आवश्यकताको आकलन प्रतिवेदन तथा वित्तीय रणनीतिअनुसार दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि नेपाललाई वार्षिक औसत रू.२० खर्ब २४ अर्ब आवश्यक पर्नेमा वार्षिक औसत रू.५ खर्ब ८४ अर्ब नपुग हुने तथ्याङ्क आयोगले प्रकाशन गरेको छ। नपुग स्रोत सरकारकातर्फबाट रू.२.१८ खर्ब र निजी क्षेत्रबाट रू.३.६६ खर्ब थप स्रोत जुटाउनुपर्ने स्रोत आकलन प्रतिवेदनवाट देखिएको छ। तसर्थ, आयोगले सन् २०२२ सम्मको प्रगति समीक्षा गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न र बाँकी अवधिमा सबै सूचक तथा गन्तव्यअनुसार लक्ष्य प्राप्त गर्न तीनवटै तहका सरकार र सरोकारवालाको सामूहिक प्रयत्नमा सामन्जस्यता कायम गरी मजबुत सार्वजनिक वित्तीय व्यवस्थापनमार्फत पर्याप्त स्रोत सिर्जना गरी सोको कुशल विनियोजन एवं प्रभावकारी उपयोग गर्ने र आवश्यक पर्ने नीति, कार्यक्रम र कार्यन्वयन योग्य संयन्त्र निर्माण गरेर कार्य योजनाअनुसार काम गर्ने गरी समन्वयात्मक व्यवस्था मिलाउन आयोगको भूमिकालाई थप प्रभावकारी बनाउनुपर्दछ।

११. **विकासशील राष्ट्रमा स्तरोन्नति** - प्रतिव्यक्ति आय, मानव सम्पत्ति र आर्थिक तथा वातावरणीय सूचकाङ्कमध्ये पछिल्ला दुई सूचकाङ्क नेपालले पूरा गरेकोले संयुक्त राष्ट्रसङ्घले सन् २०२१ मा ५ वर्षको तयारी अवधि दिई २४ नोभेम्बर २०२६ देखि अतिकम विकसित मुलुकको सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने निर्णय गरेको छ। स्तरोन्नति पश्चात नेपाललाई अन्तर्राष्ट्रिय व्यापार तथा वैदेशिक सहायतालगायतका क्षेत्रमा अति कम विकसित मुलुकलाई प्राप्त हुने विशेष सुविधा एवं सहुलियतहरू प्राप्त नहुने देखिन्छ। तसर्थ वैदेशिक सहायता, अन्तर्राष्ट्रिय व्यापार सहजीकरण, क्षमता विकास आदिमा पर्न सक्ने प्रभाव र सोको न्यूनीकरणका सम्बन्धमा क्षेत्रगतरूपमा अध्ययन/विश्लेषण गरी सहज पूर्व तयारीको रणनीतिक कार्ययोजना तय गर्नुपर्दछ।

१२. **समपूरक र विशेष अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समपूरक तथा विशेष अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधिले अनुदान उपलब्ध गराउने क्षेत्र र रकमको सीमाको सम्बन्धमा व्यवस्था गरेको छ। समपूरक र विशेष अनुदानतर्फ विद्युतीय प्रणालीमा यस वर्ष प्रदेशतर्फ

११८ नयाँ र ६७ क्रमागतसमेत १८५ आयोजना र स्थानीयतर्फ ३ हजार १८८ नयाँ र ३४३ क्रमागतसमेत ३ हजार ५३१ आयोजनाका प्रस्ताव प्राप्त भएकोमा प्रदेशतर्फ ८२ नयाँ र ६७ क्रमागतसमेत १४९ आयोजनाको लागि रू.१० अर्ब ८६ करोड र स्थानीयतर्फ १ हजार २८६ नयाँ र ३३३ क्रमागत आयोजनाको लागि रू.१६ अर्ब ४१ करोड सिफारिस गरेको देखिन्छ।

प्रदेश र स्थानीय तहले आफूले पहिचान गरी आफ्नो क्षेत्रमा सञ्चालन गर्ने आयोजनाहरूको लागि सङ्घीय समपूरक अनुदानको लागि प्राप्त भएको आयोजना र कार्यक्रम प्रस्तावको अनुपातमा बजेट सीमा न्यून देखिएको र बहुवर्षीय आयोजनाका कारण दोस्रो र तेस्रो वर्षको लागि पनि ठूलो रकम दायित्व सिर्जना हुन गई पछिल्ला वर्षहरूमा क्रमागत आयोजनालाई मात्र अनुदान उपलब्ध गराउनसमेत गाह्रो पर्ने देखिन्छ। तसर्थ सुरु गरिएका आयोजनालाई निर्धारित समयमा सम्पन्न गर्न क्रमागत आयोजनालाई अनुदान रकम उपलब्ध गराउनुका अतिरिक्त क्रमागत आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकास रकम र वित्तीय तथा भौतिक प्रगतिसम्बन्धी विवरण अनिवार्यरूपमा आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गर्न लगाउनुपर्ने देखिन्छ। प्रदेश तथा स्थानीय तहले यो वर्ष ३ हजार ३०६ नयाँ आयोजना प्रस्ताव गरेको मध्ये १ हजार ३६८ आयोजनामात्र अनुदान प्राप्तिका लागि छनोट भएको छ। छनोट नभएका १ हजार ९३८ आयोजनाको विस्तृत आयोजना प्रतिवेदनको लागि भएको खर्च उपयोगविहीन भएको छ। पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनबाट योजना माग गराउनुपर्नेमा आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) को आधारमा ५ वटासम्म आयोजनाको लागि डीपीआर तयार गर्नुपर्ने गरी बनाइएको नीति नै प्रभावकारी देखिएन।

राष्ट्रिय तथ्याङ्क कार्यालय

१३. **जनगणना २०७८ को नतिजा -** कार्यालयले जनगणना, २०७८ को अन्तिम नतिजा २०७९ चैत्र १० गते सार्वजनिक गरेको छ। जनगणनाको कार्य २०७७।७८ मा भएकोमा अन्तिम नतिजा प्रकाशन गर्न करिब ३ वर्ष लागेको छ। यस अवधिमा जनगणना कार्यमा रू.२ अर्ब ६५ करोड ३८ लाख ४२ हजार खर्च भई गणना लागत प्रति व्यक्ति रू.९१ रहेको छ। यस्तो खर्चमा मितव्ययिता ल्याउनुपर्दछ। अन्तिम नतिजाअनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। जसमध्ये पुरुषको हिस्सा ४८.८७ प्रतिशत र महिलाको हिस्सा ५१.१३ प्रतिशत छ। जनगणना अवधिको वार्षिक औसत जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत रहेको देखिन्छ। जनगणनाअनुसार कुल जनसङ्ख्याको ६१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन्। हाल १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसङ्ख्या क्रमशः २७.८३ प्रतिशत र १०.२१ प्रतिशत रहेको छ। प्रकाशित तथ्याङ्कअनुसार घरपरिवारको सङ्ख्या ६६ लाख ६६ हजार ९३७ र प्रति परिवार सदस्य सङ्ख्या औसत ४.३७ जना रहेको छ। भौगोलिक क्षेत्रअनुसार हेर्दा २०७८ मा प्रति परिवार हिमाली क्षेत्रमा ४.३३ जना, पहाडमा ३.९९ जना र तराई क्षेत्रमा ४.७३ जना सदस्य रहेका छन्। परिवारको आकार रौतहट जिल्लामा सबैभन्दा बढी (५.९४) र गोरखा र दोलखा जिल्लामा सबैभन्दा कम (३.४९) रहेको छ।

जनसाङ्ख्यिक विवरण, आवधिक योजना एवं क्षेत्रगत योजना र नीतिहरूमा जनगणनाको तथ्याङ्कको उपयोग हुनुपर्दछ। तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतीकरणलाई अन्तराष्ट्रियस्तरको बनाई

तथ्याङ्क सङ्कलनको वैधता र विश्वसनीयता अभिवृद्धि गर्नुपर्दछ। साथै आवधिक योजना एवं क्षेत्रगत योजना र नीतिहरू जनसांख्यिक लाभको पूर्ण उपयोग हुने गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१४. **नेपाल जीवनस्तर सर्वेक्षण -** कार्यालयले गरेको नेपाल जीवनस्तर सर्वेक्षण २०७९।८० अनुसार २०.२७ प्रतिशत अर्थात् कुल ५९ लाख ६० हजार जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ। गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०६६।६७ मा २५.१६ प्रतिशत रहेको थियो। सरकारले पन्ध्रौं योजनाको अन्त्यमा गरिबीको रेखामुनिको जनसङ्ख्या एकल अङ्कमा झार्ने लक्ष्य लिएकोमा उक्त लक्ष्य हासिल हुन सकेको छैन। गरिबी मापनमा दैनिक नेपाली रुपैयाँ २०० खर्च गर्न नसक्ने जनतालाई गरिबीको रेखामुनि राखिएको छ। क्षेत्रगत रूपमा हेर्दा यो दर शहरी क्षेत्रमा १८.३४ र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत रहेको, प्रदेशगत रूपमा सुदूरपश्चिममा ३४.१६ प्रतिशत रहेको तथ्याङ्कले क्षेत्रगत रूपमा गरिबीको विषमता बढ्दै गएको अवस्था छ। वस्तुको मूल्यवृद्धि, मुद्राको अवमूल्यनलगायतका कारणले औसत उपभोग्य मूल्य औसतमा प्रतिव्यक्ति २०६६।६७ मा रू.७५ हजार ९०० रहेकोमा २०७९।८० मा रू.१ लाख २६ हजार अर्थात् ६६ प्रतिशत बढेको अवस्था छ। उपभोग खर्च, सार्वजनिक सेवाको पहुँच, पूर्वाधारजन्य विकासजस्ता पक्षमा ध्यान दिएर गरिबीको रेखामुनिको जनसङ्ख्याको दर घटाउने विषयमा निर्मित नीति र सोलाई सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गरे तापनि अपेक्षित नतिजा प्राप्त हुन सकेको छैन।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा सोझै खरिद, परामर्श सेवातर्फको खर्चको उपादेयता, नयाँ नेपाल निर्माण कोष खारेजी, अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारिता सम्बन्धमा सुझाव दिइएकोमा सोबमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु स्थिति -** सरकारी कार्यालयतर्फ १९ निकायमा रू.३५ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.१० लाख ३१ हजार फर्स्यौंट गरेकोले रू.२५ लाख ५७ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

खण्ड

२

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ। संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, प्रदेश स्वास्थ्य शिक्षा लगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। त्यस्तै अनुसूची-७ र ९ मा उल्लेखित साझा विषयमा सङ्घ र स्थानीय तहसँग समन्वय गरी कार्य गर्नुपर्ने व्यवस्था छ।

संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। यसै गरी धारा ६० मा राजस्व सङ्कलन र बाँडफाँटसम्बन्धी व्यवस्था छ। उक्त संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार गठन भई सञ्चालन हुँदै आएका छन्।

संविधानको धारा २९४ मा महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा लेखापरीक्षण गरी अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ। उक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०७९।८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतलाई लेखापरीक्षण कार्यतालिकाको जानकारी गराइएको थियो । आर्थिक कारोबारको लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली अन्तर्गत सूचना प्रविधिमा आधारित लेखापरीक्षण विधि तथा स्थलगत रूपमा सम्पन्न गरिएको छ। जारी लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची-४ मा उल्लेख भएबमोजिम ७ प्रदेश रहने व्यवस्था छ। प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१.	क्षेत्रफल	वर्ग कि.मि.	१४७५१६	२५९०५	९६६१	२०३००	२१५०४	२२२८८	२७९८४	१९८७४
२.	जिल्ला	संख्या	७७	१४	८	१३	११	१२	१०	९
३.	सङ्घीय निर्वाचन क्षेत्र	संख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
४.	प्रादेशिक निर्वाचन क्षेत्र	संख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
५.	गाउँपालिका	संख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
६.	नगरपालिका	संख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
७.	उपमहानगरपालिका	संख्या	११	२	३	१	०	४	०	१
८.	महानगरपालिका	संख्या	६	१	१	३	१	०	०	०
९.	जनसंख्या (२०७८)	हजारमा	२९१६४	४९६१	६११५	६११७	२४६६	५१२२	१६८८	२६९५

३. **प्रदेशको कार्य सञ्चालन -** संविधानमा प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित हुने साथै संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहने व्यवस्था छ। त्यसै गरी भाग १४ मा प्रदेशको व्यवस्थापिकासम्बन्धी व्यवस्था र भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि अन्तर्गत प्रदेशसभाको व्यवस्थापकीय अधिकार, प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने, पारित गर्ने, फिर्ता लिने एवं विधेयक प्रमाणीकरण सम्बन्धी कार्यविधि उल्लेख छ।

४. **प्रदेश आर्थिक कार्यप्रणाली -** संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणालीअन्तर्गत कानुनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने, प्रदेश सञ्चित कोष, उक्त कोषबाट व्यय र उक्त कोषमाथि व्ययभार हुने रकम, राजस्व र व्ययको अनुमान, प्रदेश विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च एवं प्रदेश आकस्मिक कोषसम्बन्धी व्यवस्था छ। त्यसै गरी प्रदेश ऐनबमोजिम विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी अन्य व्यवस्था प्रदेश ऐनबमोजिम हुने उल्लेख छ।

५. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०७९।८० मा गत वर्षको जिम्मेवारी रू.८४ अर्ब ८७ करोड ५७ लाख २१ हजार सहित रू.२ खर्ब ६० अर्ब १० करोड ४५ लाख ८८ हजार आम्दानी रहेकोमा रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार (७८.६९ प्रतिशत) खर्च गरी रू.५५ अर्ब ४३ करोड ४९ लाख ६२ हजार बाँकी रहेको छ। उक्त खर्चमध्ये कोशी प्रदेशमा रू.३० अर्ब ७५ करोड ७७ लाख ८२ हजार, मधेश प्रदेशमा रू.२६ अर्ब ८६ करोड ९८ लाख ७० हजार, बागमती प्रदेशमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार, गण्डकी प्रदेशमा रू.२३ अर्ब ६१ करोड ४८ लाख ८३ हजार, लुम्बिनी प्रदेशमा रू.३० अर्ब २४ करोड ४१ लाख ५५ हजार, कर्णाली प्रदेशमा रू.२२ अर्ब २५ करोड ७८ लाख ७३ हजार र सुदूरपश्चिम प्रदेशमा रू.२४ अर्ब ६ करोड ३० लाख ९५ हजारसमेत रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार खर्च भएको छ।

६. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रू.१० करोड ९४ लाख ९४ हजार र बागमती प्रदेशको रू.४५ करोड १० लाख ९१ हजार समेत रू.५६ करोड ५ लाख ८५ हजार ऐनको प्रावधान बमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त बाँडफाँट हुन बाँकी रकम बाँडफाँट हुनुपर्दछ।

७. **सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार २७० (बक्यौता समेत) कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रू.३ खर्ब २३ अर्ब ३४ करोड ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

८. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहतका ११८ अन्य संस्था तथा समितिको बक्यौतासमेत रू.३६ अर्ब ९ करोड ७७ लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

९. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानुनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार कोशी प्रदेशअन्तर्गत ५ जिल्ला अस्पताललगायत ९ निकायको र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

१०. **पेस्की बाँकी** - प्रचलित कानुनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माण तर्फको कार्य परिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फर्स्यौंट गरिसक्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको चालु वर्षको रू.२ अर्ब ४१ करोड २ लाख १७ हजार र विगतदेखि २०८० आषाढसम्म फर्स्यौंट हुन बाँकी रू.७ अर्ब ७७ करोड ४४ लाख ३० हजार समेत पेस्की रू.१० अर्ब १८ करोड ४६ लाख ४७ हजार रहेको छ।

११. **असुली -** प्रदेश सरकार मातहतका निकायबाट गत विगत वर्षको बेरुजु सम्परीक्षणको क्रममा रू.२१ करोड ३३ लाख ७३ हजार, चालु वर्षको लेखापरीक्षणको क्रममा रू.११ करोड ९ लाख ३० हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.६ करोड ५७ लाख ४७ हजारसमेत रू.३९ करोड ५० हजार असुल भएको छ।

नीति तर्जुमा, कानुन निर्माण र कार्यान्वयन

१२. **नीति तर्जुमा र कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ र २०७८ मा मन्त्रालयगत रूपमा नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। प्रदेश मन्त्रालयहरूले कार्य विभाजन नियमावलीमा उल्लिखित प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता, राजस्व चुहावट नियन्त्रण, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन, भूमि व्यवस्थापन, भू-उपयोग, ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तार, लगानी प्रवर्धन, राष्ट्रिय जलस्रोत, प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, सुकुम्बासी, दलित सम्बन्धी, रोजगारी प्रवर्धन लगायतका प्रादेशिक नीति तर्जुमा गर्न बाँकी रहेको देखिन्छ। समयमै उक्त नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **कानुन निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने, साझा अधिकार संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०७९।८० सम्म आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट कानुन निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिई देहायबमोजिम ५१० कानुन प्रदेश सभाबाट पारित गरी लागु भएको र १५ वटा कानुन निर्माणको चरणमा रहेको देखिन्छः

प्रदेश	कानुन पारित भएको संख्या	प्रदेश सभामा पेस भई पारित हुन बाँकी संख्या
कोशी	७२	४
मधेश	९७	०

बागमती	७७	४
गण्डकी	६१	१
लुम्बिनी	७६	३
कर्णाली	५६	३
सुदूरपश्चिम	७१	०
जम्मा	**५१०**	**१५**

सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१४. **निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सुशासन तथा योजना, सामाजिक विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण लगायतका समिति गठन भएका छन्। यसरी गठन भएका समितिबाट विभिन्न निर्णय तथा निर्देशनहरू भएकोमा कार्यान्वयन अवस्थाको अनुगमन गरेका छैनन्। समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

स्रोतको प्राप्ति र बाँडफाँट

१५. **वित्त हस्तान्तरण** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रू. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	७८७९३९४	६८३८८२५	६७५०७३४	७९२७९००	७४७३९८७	७५९२६९६	७८८१५६३	५२३४५०९९
सशर्त	५४९२२०९	७०३९५१५	५३८९१९३	३४५५३०६	५३५३४६३	३४०२२३७	४८९५३४८	३५०२७२७१
समपूरक	५५६०७७	५८५००१	४१८१६९	४७८७५२	३८०८३३	३२५९६५	७६५०००	३५०९७९७
विशेष	३३२६९०	३६७५९४	४०८५८९	६३५८४९	२३९०३८	४०३०९३	७९७८००	३१८४६५३
जम्मा	**१४२६०३७०**	**१४८३०९३५**	**१२९६६६८५**	**१२४९७८०७**	**१३४४७३२१**	**११७२३९९१**	**१४३३९७११**	**९४०६६८२०**
राजस्व बाँडफाँट	९१५०३९६	८५६०५७८	१०२४२७७९	६९९३८१७	९०८५५३९	६५१८७७९	७७०३९००	५४२५५७८८
कुल जम्मा	**२३४१०७६६**	**२३३९१५१३**	**२३२०९४६४**	**१९४९१६२४**	**२२५३२८६०**	**१८२४२७७०**	**२२०४३६११**	**१४८३२२६०८**

महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई प्रदान गरिएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानमा रू.९९ अर्ब ६६ करोड निकासा भएकोमा ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको एकीकृत वित्तीय विवरणअनुसार रू.९४ अर्ब ६ करोड मात्र रकम प्राप्त भएको देखिएकोले फरक रकम रू.५ अर्ब ६० करोडको हिसाब मिलान गर्नुपर्दछ।

१६. **राजस्व अनुमान र प्राप्ति** - सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०७९।८० मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजु समेत रू.१ खर्ब २८ अर्ब ५२ करोड ९८ लाख २९ हजार प्रक्षेपण गरेकोमा रू.९४ अर्ब ४३ करोड ४६ लाख ८३ हजार (७३.४७ प्रतिशत)

प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली देहायबमोजिम रहेको देखिन्छ:

(रू. हजारमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१६८६६९४०	१२९६६७३६	७६.८८
मधेश	१६१४४५५९	१३६७०१७६	८४.६७
बागमती	३४२५०५४१	२७३९७५००	७९.९९
गण्डकी	१४६५५८००	९८७७४३५	६७.४०
लुम्बिनी	२०१५९३००	१४०५०७०८	६९.७०
कर्णाली	९६६२४३४	७०९०३९०	७३.३८
सुदूरपश्चिम	१६७९०२५५	९३८१७३८	५५.८८
जम्मा	**१२८५२९८२९**	**९४४३४६८३**	**७३.४७**

प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएको राजस्वको आधार विस्तार गर्दै आन्तरिक स्रोत परिचालन अभिवृद्धि गर्नुपर्दछ।

१७. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ बमोजिम प्रदेश सरकार मातहतका निकायले विभिन्न भुक्तानीमा स्रोतमा कट्टा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कोशी प्रदेशका २८ निकायले रू.२३ लाख ५ हजार, मधेश प्रदेशका ८ निकायले रू.१३ लाख १२ हजार, बागमती प्रदेशका ५१ निकायले रू.२ लाख ९७ हजार, गण्डकी प्रदेशका ८ निकायले रू.१७ लाख २ हजार, लुम्बिनी प्रदेशका ३१ निकायले रू.१५ लाख २६ हजार, कर्णालीका २४ निकायले रू.१५ लाख ७१ हजार र सुदूरपश्चिमका १८ निकायले रू.४१ लाख ४३ हजार समेत रू.१ करोड ५ लाख ५५ हजार अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्ने देखिएको छ।

बजेट अनुमान र खर्च

१८. **मध्यमकालीन खर्च संरचना -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनहरूमा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयहरूले आम्दानी र खर्च प्रक्षेपण गरे तापनि कार्यक्रमको लागत र समय खुलाई प्राथमिकीकरण गरेको पाइएन। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा गर्दा दिगो विकासका सूचकसँग समन्वय हुने गरी तयार गर्नुपर्दछ।

१९. **स्रोत अनुमान र खर्च सीमा** - प्रदेशगत आर्थिक कार्यविधि ऐन बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्तावित बजेटको पुष्ट्याइँका लागि प्रस्तावित योजना, कार्यक्रमलगायतका विवरण संलग्न गरी दिगो विकास लक्ष्यसँग आबद्धसमेत गर्नुपर्ने व्यवस्था छ । सबै प्रदेश सरकारबाट संसदमा प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयन पक्ष कमजोर रहेको, कार्यक्रम तथा आयोजना पटक-पटक संशोधन गरेको, अपेक्षित प्रगति हासिल नभएको, लागत र प्रतिफलबीच समन्वय नरहेको, कार्यक्रम कार्यान्वयन गर्न नसकी बजेट समर्पण गरेको लगायतका बेहोरा देखिएको छ । प्रस्तावित बजेट यथार्थपरक नहुँदा बजेट विनियोजन दक्षता न्यून रहेको छ । स्रोत अनुमान निर्धारण गर्दा दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य

तथा आवधिक योजनाअनुसार बजेटको मार्गदर्शन र सीमा यथार्थपरक बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२०. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७९।८० को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रू. हजारमा)

प्रदेश	वार्षिक बजेट	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३९९२७५४४	१२६४५२३३	१८११२५४९	०	३०७५७७८२	७७.०३
मधेश	४७०२५०५२	१०६७०३३९	१६१९९५३१	०	२६८६९८७०	५७.१४
बागमती	७०९३९२९१	१७९८२४०२	२८२७९५६८	६०००००	४६८६१९६८	६६.०६
गण्डकी	३५९०९०००	८३५३५२२	१५२६१३६१	०	२३६१४८८३	६५.७६
लुम्बिनी	४२७८९४४२	१२५०७५८७	१७७३६५६९	०	३०२४४१५५	७०.६८
कर्णाली	३२६१६१६४	९४८१३२५	१२७७६५४८	०	२२२५७८७३	६८.२४
सुदूरपश्चिम	३६८३३८६४	८२४८५७९	१५८१४५१६	०	२४०६३०९५	६५.३३
जम्मा	**३०६०४०३५७**	**७९८८८९८७**	**१२४१८०६४२**	**६००००**	**२०४६६९६२६**	**६६.८८**

प्रदेशको औसत खर्च ६६.८८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७७.०३ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५७.१४ प्रतिशत रहेको छ । कार्यान्वयनयोग्य कार्यक्रम र खर्च सिर्जना गर्ने आधार स्पष्ट नहुँदा खर्च न्यून देखिएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ।

२१. **अबण्डा बजेट** - प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने व्यवस्था भए तापनि यो वर्ष सात प्रदेशका आर्थिक मामिला मन्त्रालयले रू.१८ अर्ब ७२ करोड ६० लाख ७० हजार बजेट अर्थ विविध शीर्षकमा अबण्डा राखी एकमुष्ट बजेट स्वीकृत गरी आवश्यकताअनुसार विभिन्न कार्यक्रम बनाई बजेट बाँडफाँट एवं निकासा दिएको देखियो। अबण्डा बजेट राखी आर्थिक वर्षको अन्त्यमा बाँडफाँट गर्नु बजेट सिद्धान्त विपरीत देखिँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

२२. **रकमान्तर -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रू.३ खर्ब ६ अर्ब ४ करोड ३ लाख ५७ हजार रहेकोमा रू.६४ अर्ब ७२ करोड ६२ लाख ४३ हजार रकमान्तर गरेको पाइयो । सोमध्ये २०८० आषाढ महिनामा मात्र कोशी प्रदेशले रू.२ अर्ब ६१ करोड ५१ लाख ८१ हजार, मधेश प्रदेशले रू.५३ करोड ६१ लाख ६२ हजार, बागमती प्रदेशले रू.३ अर्ब १६ करोड ९६ लाख ६७ हजार, गण्डकी प्रदेशले रू.२ अर्ब ४ करोड २२ लाख ८५ हजार, लुम्बिनी प्रदेशले रू.२ अर्ब ३६ करोड ९३ लाख, कर्णाली प्रदेशले रू.३२ करोड ९१ लाख ११ हजार र सुदूरपश्चिमले रु. २ अर्ब ५२ करोड १७ लाख २८ हजार रकमान्तर गरेका छन् । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२३. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०७९।८० को कुल खर्च रू.२ खर्ब ४ अर्ब ६६ करोड ९६ लाख २६ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रू.१ खर्ब १२ अर्ब ६० करोड ३३ लाख १ हजार खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रू.लाखमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	३०७५७७८२	१६४७९४१२	५३.५८
मधेश	२६८६९८७०	१६०२२५५७	५९.६३
बागमती	४६८६१९६८	३००६८६९९	६४.१६
गण्डकी	२३६१४८८३	१३३२०१७५	५६.४१
लुम्बिनी	३०२४४१५५	१६७९६८३३	५५.५४
कर्णाली	२२२५७८७३	१०५३३८८७	४७.३३
सुदूरपश्चिम	२४०६३०९५	९३८१७३८	३८.९९
जम्मा	**२०४६६९६२६**	**११२६०३३०१**	**५३.६६**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ४८.०६ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम सुदूरपश्चिम प्रदेशको ३८.९९ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ६४.१६ प्रतिशत खर्च रहेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

२४. **सङ्घीय कार्यालयलाई निकासा** - सङ्घ र प्रदेश सरकारको कार्य विभाजन नियमावलीअनुसार आ-आफ्नो कार्यक्षेत्रअनुसार कार्य सञ्चालन र व्यवस्थापनका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था छ। प्रदेश सरकारबाट स्वीकृत भएको बजेट सोही उद्देश्यअनुरूप खर्च गर्नुपर्नेमा सङ्घीय मन्त्रालय तथा निकायको कार्यक्षेत्रभित्र पर्ने कार्यमा प्रदेश मन्त्रालयहरूमार्फत ३५६ सङ्घीय निकायहरूलाई रू.१ अर्ब ७७ करोड ४७ लाख ५८ हजार निकासा दिएका छन्। कार्यक्षेत्रभित्रको कार्यसञ्चालन र व्यवस्थापन गरी बजेट उपयोग गर्नुपर्ने देखिन्छ।

संगठन संरचना

२५. **संरचना हेरफेर -** अधिकार सम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ हुनुपर्ने सिफारिस गरेकोमा प्रदेश सभाको पहिलो निर्वाचन पश्चात् गठन भएका प्रदेश सरकारले प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ जारी गरेकोमा सो नियमावलीमा पटक पटक संशोधन गरेर मन्त्रालय र मन्त्रालयले सम्पादन गर्ने कार्य हेरफेर गरेको देखियो ।

प्रदेश	पटक	मन्त्रालय सङ्ख्या हेरफेर सङ्ख्या				
		प्रथम	दोस्रो	तेस्रो	चौथो	पाँचौ
कोशी	२	१३	९	-	-	-
मधेश	३	७	११	१२	-	-
बागमती	३	७	१४	११	-	-

प्रदेश	पटक	मन्त्रालय सङ्ख्या हेरफेर सङ्ख्या				
		प्रथम	दोस्रो	तेस्रो	चौथो	पाँचौ
गण्डकी	२	११	७	-	-	-
लुम्बिनी	५	९	१३	१०	११	१२
कर्णाली	३	८	७	८	-	-
सुदूरपश्चिम	१	७	-	-	-	-

मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार, कार्यसम्पादन र एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहितामा समेत समस्या देखिएका छन् ।

२६. **संगठन र कर्मचारी व्यवस्थापन** - नेपालको संविधानको धारा ३०२ मा प्रदेश सरकारी सेवाहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था छ। प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकारअन्तर्गतका १ हजार २८२ निकायको लागि २६ हजार ३४१ दरबन्दी स्वीकृत भएकोमा १५ हजार २८२ पदपूर्ति भई ११ हजार ०५९ पद रिक्त रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण निम्नानुसार छः

प्रदेश	मन्त्रालय र निकाय संख्या	कुल दरबन्दी संख्या	पदपूर्ति संख्या	रिक्त संख्या
कोशी	१९८	३९८४	१७७९	२२०५
मधेश	१४९	४११९	३००१	१११८
बागमती	२०६	४२७२	२८१४	१४५८
गण्डकी	२१६	३३०२	१४८५	१८१७
लुम्बिनी	१९८	४५८७	२५१०	२०७७
कर्णाली	१५५	२९२९	२०८५	८४४
सुदूरपश्चिम	१६०	३१४८	१६०८	१५४०
जम्मा	**१२८२**	**२६३४१**	**१५२८२**	**११०५९**

स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२७. **दोहोरो संरचना** - संविधानको अनुसूची-६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरू स्थानीय तहमा हस्तान्तरण भएकोमा प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, सामाजिक विकासलगायतका कार्यालय स्थापना भएको देखिन्छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रमको लागिसमेत प्रदेश एवं सङ्घीय सरकारको कार्यालय स्थापना भएबाट एकै प्रकारका काम विभिन्न निकायबाट कार्यान्वयन गर्दा काममा दोहोरोपन एवं प्रशासनिक खर्चमा वृद्धि भएको देखिएको छ। तीनै तहका सरकारको स्पष्ट नीति तथा कार्यक्रममा समन्वय हुनुपर्ने बेहोरा गत विगतको प्रतिवेदनमा औँल्याइए तापनि स्थितिमा सुधार नभएकोले अन्तरनिकाय समन्वय गरी संरचना स्थापनमा पुनर्विचार गर्नुपर्दछ।

विविध

२८. **एकीकृत केन्द्रीय प्रगति** - प्रदेश आर्थिक कार्यविधि ऐनहरूमा मन्त्रालयले मातहत कार्यालयहरूबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामूहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। यसरी समीक्षा गर्दा प्रगति कम हुनुको कारण र सोको जिम्मेवार

व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ। प्रदेश मन्त्रालयहरूले उक्त व्यवस्थाअनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेका कारण समग्र खर्च र उपलब्धिको अवस्था मूल्याङ्कन गर्न सकिएन। ऐनको व्यवस्थाबमोजिम एकीकृत केन्द्रीय प्रगति विवरण तयार गरी समीक्षा गर्नुपर्दछ।

२९. **दिगो विकास लक्ष्य** - प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दिगो विकास लक्ष्यसँग सम्बन्धित रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रियस्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, स्थानीय तहका विकासका क्रियाकलापहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दिगो विकासका सूचकहरूलाई समाहित गराई सोको आधारमा सञ्चालित आयोजना तथा कार्यक्रमको उपलब्धी मापन गर्ने कार्य गर्नुपर्नेमा कतिपय प्रदेशले त्यस्ता कार्यक्रम सुरु गरेका छैनन्। प्रदेश नीति तथा योजना आयोगमार्फत सङ्घीय सरकार एवं राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दिगो विकास लक्ष्यका सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ।

३०. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐनहरूमा वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने बेहोरा उल्लेख छ। उक्त ऐनहरूमा योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने जिम्मेवारी निकाय प्रमुख र विभागीय मन्त्रीको हुने, बेरुजु फर्स्यौट गर्ने गराउने उत्तरदायित्व कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृतको हुने, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र विनियोजित बजेट लक्षित उद्देश्यअनुरूप खर्च गर्न नसकेमा सोको जिम्मेवारी निकाय प्रमुख, विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख भएकोमा सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन। ऐनको व्यवस्थाअनुरूप जिम्मेवारी र जवाफदेहिता वहन गरी आर्थिक अनुशासन कायम गराउनुपर्दछ।

लेखापरीक्षण बेरुजु

३१. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७९।८० को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रू. हजारमा)

प्रदेश	ले.प. गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	१९८	५२७८७१३४	१३१७६१०	१२४११८७	२.५०	२.३७
मधेश	१४९	४७९५२१३२	१८५४२४२	१४०५६७४	३.८७	२.९३
बागमती	२२०	८४२२८२०२	९६४९१४	७७९५६७	१.१५	०.९३
गण्डकी	२१५	४११७५४९६	८०१६८२	६७७५७९	१.९५	१.६५
लुम्बिनी	२८९	५७९१५९२९	११२६३४५	९४४२५०	१.९५	१.६०
कर्णाली	१५५	३७३३६८९७	९६७७५२	७०१५३९	२.५९	१.८८
सुदुर पश्चिम	१६१	३९४३९८९९	३७६३९१	२३१३७१	०.९५	०.५९
जम्मा	**१३८७**	**३६०८३५६८९**	**७४०८९३६**	**५९८११६७**	**२.०५**	**१.६६**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.८७ प्रतिशत र सबैभन्दा कम बेरुजु सुदूरपश्चिम प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

३२. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.२७ अर्ब ९५ लाख १८ हजार रहेकोमा सम्परीक्षणबाट रू.२ अर्ब ९६ करोड ७० लाख १ हजार फर्स्यौट तथा समायोजनबाट रू.५ करोड ८० लाख ६७ हजार थप भई रू.२४ अर्ब १० करोड ५ लाख ८४ हजार बाँकी रहेको र यो वर्ष रू.७ अर्ब ४० करोड ८९ लाख ३६ हजार थप भई अद्यावधिक बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेको छ। सो रकममा रू.८ अर्ब ३९ करोड ६१ लाख ७७ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. हजारमा)

प्रद	गत सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी	यो वर्षको थप	छैटौं प्रतिवेदन सम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	४९६३३९४	-	७००५९७	४२६२७९७	१३१७६१०	५५८०४०७	८३३७९६
मधेश	६७६१८८९	३३८	३०५६११	६४५६६१६	१८५४२४२	८३१०८५८	२६९१६५०
बागमती	३३५०२५०	-	३४६०३	३३१५६४७	९६४९१४	४२८०५६१	९९४७५२
गण्डकी	२१४४४७०	३७३७०	२९७९८०	१८८३८६०	८०१६८२	२६८५५४२	७३३७२९
लुम्बिनी	३०५८१७५	१८८	१६३७३९	२८९४६२४	११२६३४५	४०२०९६९	१७७७३८५
कर्णाली	४३३९३८०	२०१७१	१३७९०४९	२९८०५०२	९६७७५२	३९४८२५४	७९१८२०
सुदूरपश्चिम	२३९१९६०	-	८५४२२	२३०६५३८	३७६३९१	२६८२९२९	५७३०४५
जम्मा	**२७००९५१८**	**५८०६७**	**२९६७००१**	**२४१००५८४**	**७४०८९३६**	**३१५०९५२०**	**८३९६१७७**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ ।

खण्ड

३

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहहरूबाट सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माणका क्रियाकलाप सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

संवैधानिक र कानुनी व्यवस्था

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये कोशी प्रदेशमा १३७, मधेश प्रदेशमा १३६, वागमती प्रदेशमा ११९, गण्डकी प्रदेशमा ८५, लुम्बिनी प्रदेशमा १०९, कर्णाली प्रदेशमा ७९ र सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक-सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयले ५२ नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्थानीय तहहरूले स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बन्धित कानुन बनाउन बाँकी देखिन्छ। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन। प्रभावकारी कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा विगतका प्रतिवेदनहरूमा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - राजस्व सङ्कलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। आर्थिक कारोबार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **प्रदेशसँगको अन्तरसम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यका लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ ।

वित्तीय अवस्था

७. **समग्र आय-व्यय** - महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वार्षिक वित्तीय विवरणअनुसार यो वर्ष ७५३ स्थानीय तहले संघ र प्रदेशबाट हस्तान्तरित अनुदान रू.३ खर्ब १९ अर्ब २३ करोड २८ लाख, संघ र प्रदेश सरकारको राजस्व बाँडफाँटबाट रू.८३ अर्ब ५ करोड १५ लाख, आन्तरिक आय रू.२७ अर्ब ८५ करोड २० लाख र गत वर्षको मौज्दात रू.१ खर्ब २ अर्ब ३२ करोड ५८ लाखसमेत रू.५ खर्ब ३२ अर्ब ४६ करोड २१ लाख आय प्राप्त गरेको देखिन्छ। प्राप्त आयमध्ये रू.४ खर्ब ५३ अर्ब ८१ करोड ७७ लाख खर्च भई रू.७८ अर्ब ६४ करोड ४४ लाख बचत रहेको देखिन्छ। यससम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

७.१. महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरणमा सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ खर्ब २१ अर्ब ३६ करोड ७ लाख तथा सुदूरपश्चिम प्रदेशबाहेकका प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रू.१ अर्ब १६ करोड ३५ लाख र स्थानीय तहको कोष तथा अन्य खाताहरूको रकम समग्र आय-व्यय विवरणमा समावेश गरेका छैनन्। सबै कारोबारलाई समेटेर एकीकृत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

७.२. यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको देहायअनुसार कुल रू.६ खर्ब ७१ अर्ब ९४ करोड १२ लाख आम्दानीमध्ये रू.५ खर्ब ७७ अर्ब ८० करोड २ लाख (८५.९९ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रू.२ खर्ब ९९ अर्ब ५० करोड ६३ लाख (५१.८३ प्रतिशत), पुँजीगत खर्च रू.१ खर्ब ७० अर्ब ७३ करोड १० लाख (२९.५५ प्रतिशत) र वित्तीय व्यवस्था तथा अन्यतर्फ रू.१ खर्ब ७ अर्ब ५६ करोड २९ लाख (१८.६२ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७४६ स्थानीय तहको कुल आन्तरिक आय रू.३३ अर्ब ६७ करोड २७ लाख, संघ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रू.७९ अर्ब १३ करोड ३ लाख, गत वर्षको मौज्दात रू.१ खर्ब १२ अर्ब ६९ करोड ९६ लाखसमेत आन्तरिक स्रोततर्फ रू.२ खर्ब २५ अर्ब ५० करोड २६ लाख प्राप्त भएको छ।

(रू.लाखमा)

क्र.सं.	प्रदेश	स्थानीय तह सङ्ख्या	आय							व्यय				मौज्दात बाँकी
			गतवर्षको जिम्मेवारी	संघ अनुदान	प्रदेश अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय/कोष समेत	जम्मा आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	कोशी	१३६	१४००६६	५७८०६१	५००४१	१२६९५९	४१५१९	१८५६८३	११२२३२९	५३३१९३	२८६७२२	१९८६३७	१०१८५५२	१०३७७७
२	मधेश	१३२	१८७०७४	४८६२६५	३४८२४	१११९१८२	३२६३७	२२७६९५	१०८७६७६	४५२१०३	२५४२१६	२३१४४४	९३७७६३	१४९९१३
३	बागमती	११९	४२६२४३	५२७२९६	७७५२१	२१२४६४	१७०९०४	१८६९५३	१६०१३८१	५९८३४४	४४७१५७	१७७२९३	१२२२७९४	३७८५८७
४	गण्डकी	८५	११३५९३	३५६३६२	२१८३२	७३६६६	३६३३९	१०८३७३	७१०१६६	३४६१८९	१८९२०७	८९७२६	६२५१२२	८५०४५
५	लुम्बिनी	१०९	१३५९०३	५०४४८७	४५८३३	१२४१८९	३४८४८	१८८३००	१०३३५६१	४७६१०१	२५९५३९	१८३५०८	९१९१४८	११४४१२
६	कर्णाली	७७	५०४९२	२८४२१७	४३२०६	५८१२२	६५७४	७८१६१	५२०७७२	२६५४६५	१३१२९५	७४९२६	४७१६८६	४९०८६
७	सुदूरपश्चिम	८८	७३६२५	३३८९९२	१२८६८	७६७२१	१३९०६	१२७४१५	६४३५२७	३२३६६८	१३९१७४	१२००९५	५८२९३७	६०५९०
जम्मा		**७४६**	**११२६९९६**	**३०७५६८०**	**२८६१२५**	**७९१३०३**	**३३६७२७**	**११०२५८०**	**६७१९४१२**	**२९९५०६३**	**१७०७३१०**	**१०७५६२९**	**५७७८००२**	**९४१४१०**

कुल खर्चमध्ये २९.५५ प्रतिशत मात्र पुँजीगत खर्च रहेकोमा चालु खर्च आन्तरिक आय र राजस्व बाँडफाँट तुलनामा १.३२ गुणा रहेको छ। यस स्थितिले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुनसकेको छैन।

८. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष ३०७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्।

९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १८४ स्थानीय तहले रू.२ अर्ब १५ करोड ५३ लाख ५२ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन्।

१०. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी महालेखापरीक्षकबाट स्वीकृत फाराम नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यो वर्ष ९० स्थानीय तहले यस्तो विवरण तयार गरेका छैनन्। उक्त स्थानीय तहहरूमा स्रेस्ताले देखाएको भन्दा बैङ्कमा रू.३ अर्ब ९० करोड ३ लाख ७४ हजार घटी मौज्दात रहेको देखिएको छ।

११. **सार्वजनिक सम्पत्ति व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २५० स्थानीय तहले

जिन्सी निरीक्षण गराएका छैनन्। त्यसै गरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रूपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म १३९ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरी जिन्सी व्यवस्थापन गरेका छैनन्।

योजना तर्जुमा, बजेट तथा कार्यक्रम

१२. **आवधिक योजना तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा अधिकांश स्थानीय तहले आवधिक योजना तयार गरेका छैनन्। आवधिक योजना तयार गर्ने स्थानीय तहहरूले पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **वार्षिक योजना तथा बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ। ऐनमा आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ। सो समितिले ऐनको दफा ६७ बमोजिम आगामी वर्षको बजेट, कार्यक्रम, सीमा, छनोट लगायतको प्रक्रियालाई सभामा पेस गरी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षण गरिएका सबै स्थानीय तहले तद्अनुसार गरेको देखिएन। त्यस्तै यो वर्ष ५० स्थानीय तहले २०७९।३।१० भित्र बजेट पेस नगरेको र ४८ स्थानीय तहले आषाढ मसान्तसम्म पनि २०७९।८० को बजेट पेस तथा पारित गरेको देखिएन।

१४. **स्रोतको अनुमान तथा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको अनुमान कार्यपालिकाबाट स्वीकृत गरी प्रत्येक वर्षको आषाढ १० भित्र सभामा पेस गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ। यो वर्ष संघ तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक स्रोततर्फको बजेट तथा कार्यक्रम तयार गर्दा बेग्लाबेग्लै स्रोतगत खर्च देखिने गरी बजेट तयार गरेको देखिएन। स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेट बाँडफाँट गर्नुपर्दछ ।

१५. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च बेहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहहरूले सोबमोजिम मध्यमकालीन खर्च

संरचना तयार गर्न बाँकी रहेको देखियो। ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

१६. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ७९ स्थानीय तहले उक्त व्यवस्था प्रतिकूल हुने गरी रू.३ अर्ब ३० करोड २४ लाख ८२ हजार रकमान्तर गरेका छन्।

१७. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २९१ स्थानीय तहले रू.७ अर्ब ४४ करोड २३ लाख ९८ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुनेलगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. **अन्य कोषहरू** - सरकारी कारोबार निर्देशिका २०७६ ले नेपाल सरकारले तोकेअनुसारको मात्र कोष/खाताहरू राख्न पाउने व्यवस्था गरेको छ। यो वर्ष ६ स्थानीय तहले उक्त निर्देशिकामा उल्लेख भएको भन्दा बाहेकका कल्याणकारी कोष, समिति लगायतको खातामा रू.२ करोड २५ लाख २१ हजार जम्मा गरेको देखिएको छ।

१९. **गत वर्षको दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर २८० स्थानीय तहले गत वर्षको दायित्वअन्तर्गत रू.७ अर्ब ३३ करोड ५२ लाख ३६ हजार खर्च गरेका छन्।

२०. **दाखिला गर्न बाँकी कर** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गर्नुपर्दछ। यो वर्ष १५८ स्थानीय तहको वित्तीय विवरणअनुसार विभिन्न भुक्तानीमा कट्टी गरेको कर रू.१६ करोड ९९ हजार सम्बन्धित राजस्व खातामा दाखिला गरेका छैनन्।

आन्तरिक स्रोततर्फ

२१. **नगद बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारी कार्यालयमा सङ्कलन भएको नगद सोही दिन वा सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ८२ स्थानीय तहले वडाबाट असुल गरेको रू.१ करोड ९९ लाख ८५ हजार र ९९ स्थानीय तहले पालिका केन्द्रबाट असुल गरेको रू.७ करोड ६१ लाख ६० हजारसमेत रू.९ करोड ६१ लाख ४५ हजार बैङ्क दाखिला गरेका छैनन्।

२२. **उठ्न बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापन सम्बन्धी व्यवस्था छ। यो वर्ष ९० स्थानीय तहले व्यवस्थापन गरेका आय ठेक्काबाट सम्झौताअनुसार रू.३० करोड ३७ लाख ७ हजार असुल गर्न बाँकी रहेको छ।

२३. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्रअन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष ८३ स्थानीय तहबाट रू.७२ करोड ३ लाख ७३ हजार असुल गर्न बाँकी रहेकोमा सो रकमसहित असुल गर्न बाँकी बक्यौता रकमको लगत अद्यावधिक गरेका छैनन्।

२४. **राजस्व छुट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुट सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले प्रदेश कानुनबाट स्थानीय तहले राजस्व छुट दिन पाउने देखिँदैन। यो वर्ष ११ स्थानीय तहले आय ठेक्का सम्झौतामा कार्यपालिकाबाट निर्णय गरी रू.५२ लाख ७८ हजार राजस्व छुट दिएका छन्।

कर कट्टी तथा दाखिला

२५. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ३०० स्थानीय तहले विभिन्न भुक्तानीमा रू.५ करोड २९ लाख ८ हजार अग्रिम कर कट्टी गरेको देखिएन।

२६. **कर बीजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रीतपूर्वकको कर बीजकबेगर सामान खरिद गरी १२० स्थानीय तहले रू.५ करोड १८ लाख १ हजार खर्च लेखेका छन्। त्यस्तै २२२ स्थानीय तहले मूल्य अभिवृद्धि करमा नन्-फाइलर रहेकालाई रू.२९ करोड ३० लाख ४३ हजार भुक्तानी गरेका छन्।

२७. **मूल्य अभिवृद्धि कर**- स्थानीय तहहरूले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ८६ स्थानीय तहले रू.८ करोड ३९ लाख ६ हजार असुल गरेका छैनन्। उक्त कर रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्दछ। त्यस्तै मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी रकम सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा यो वर्ष १६६ स्थानीय तहले ठेक्का वा करारको भुक्तानीमा कट्टी गर्नुपर्ने मूल्य अभिवृद्धि कर रू.७ करोड ८१ लाख २८ हजार कट्टा नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएका छन्।

अनुदान प्राप्ति तथा फिर्ता

२८. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रू.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७५।७६	८५२८७९	१२५३४२७	२२७७०	३८५७३	२१६७६४९
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२

आर्थिक वर्ष	समानीकरण अनुदान	सशर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
प्रदेश सरकारबाट प्राप्त					
२०७५।७६	४४२०१	७९९४३	९४४७	१८६२३	१५२२१४
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३

उल्लिखित अनुदान सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२८.१. उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा संघ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा सशर्त अनुदानको अंश बढ्दै गएको छ।

२८.२. संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शनबमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुने गरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२८.३. यो वर्ष संघ सरकारबाट प्राप्त अनुदानमध्ये १०२ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१ अर्ब २५ करोड ४४ लाख ५४ हजार तथा शर्त विपरीत खर्च गरेको ९० स्थानीय तहको रू.४० करोड ८५ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ५७ स्थानीय तहको रू.१५ करोड ७४ लाख ८४ हजारसमेत रू.१ अर्ब ८२ करोड ४ लाख ६४ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

२८.४. यो वर्ष प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये ४३ स्थानीय तहले खर्च नभई बचत रहेको रू.१४ करोड ५ लाख ५३ हजार तथा शर्त विपरीत खर्च गरेको ४९ स्थानीय तहको रू.९ करोड ८४ लाख ३२ हजार र साझेदारी अंश नपुग भएको ५० स्थानीय तहको रू.१२ करोड २९ लाख ९९ हजारसमेत रू.३६ करोड १९ लाख ८४ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

पदाधिकारी सुविधा

२९. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिएबमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष ७ स्थानीय तहले कानुनमा व्यवस्था नभएको चाडपर्व खर्च रू.१२ लाख ६६ हजार, १७ स्थानीय तहले पोशाक सुविधामा रू.११ लाख ५ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी ९९ स्थानीय तहले रू.३ करोड ४२ लाख २९ हजार यातायात खर्च, ९६ स्थानीय तहले बैठक भत्ता बापत रू.२ करोड ४९ लाख ५८ हजार, १२७ स्थानीय तहले भ्रमण तथा अनुगमन खर्चबापत रू.५ करोड ९८ लाख ७२ हजार, ११६ स्थानीय तहले इन्धन, मोबाइल, सवारीसाधन, अतिथि सत्कारलगायतमा रू.६ करोड ३८ लाख ९६ हजारसमेत रू.१८ करोड ५३ लाख २६ हजार बढी भुक्तानी दिएका छन्।

३०. **स्वकीय सचिव र सल्लाहकार खर्च** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सोअनुसार मापदण्ड बनाएको देखिएन। यो

वर्ष १७१ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी रू.९ करोड १५ लाख २ हजार पारिश्रमिक खर्च लेखेका छन्।

३१. **सामान फिर्ता -** कार्यालयबाट भरपाई गरी लिएको जिन्सी तथा नगदी सोही कार्यालयमा फिर्ता गर्नुपर्नेमा यो वर्ष १४ स्थानीय तहका प्रमुखसहितका पदाधिकारी, सदस्य र स्थानीय तहमा कार्यरत कर्मचारीहरूले रू.१ करोड १७ लाख ४१ हजारको मोबाइल, ल्यापटपलगायतका मालसामान पालिकामा फिर्ता गरेका छैनन्।

प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन

३२. **आयोगको परामर्श** - प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन जारी भएको छ। उक्त ऐनमा स्थानीय तहबाट निवृत्तभरण पाउने पदमा नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको सङ्गठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। आयोगको परामर्श बेगर १७ स्थानीय तहले कर्मचारीको स्तरवृद्धि गरी ती कर्मचारीलाई यो वर्ष रू.२ करोड २२ हजार थप रकम भुक्तानी दिएका छन्।

त्यसै गरी ४५५ स्थानीय तहबाट प्राप्त विवरणअनुसार कुल दरबन्दी ४० हजार २१० मध्ये २६ हजार ४१० मात्र पदपूर्ति भई १३ हजार ८०० पद रिक्त रहेकोमा ३९ स्थानीय तहले ७३८ पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा लेखी पठाएका छन्।

३३. **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। यो वर्ष ४२४ स्थानीय तहले विभिन्न कर्मचारी करारमा राखी तलब भत्तामा रू.६ अर्ब ९२ करोड ७५ लाख २१ हजार खर्च लेखेका छन्। त्यसै गरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ। यो वर्ष २२९ स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी कर्मचारी करारमा नियुक्ति गरी रू.१ अर्ब ५३ करोड १२ लाख १८ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन।

३४. **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १४९ स्थानीय तहले अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रू.८६ करोड ११ लाख ४८ हजार ट्रान्सफर गरेकोमा कोष सञ्चालनसम्बन्धी कानुनको व्यवस्था भएको छैन।

३५. **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। यो वर्ष २२८ स्थानीय तहले स्पष्ट कानुनी आधार एवं मापदण्डबेगर आन्तरिक स्रोतको विश्लेषणसमेत नगरी कर्मचारी प्रोत्साहन भत्तामा रू.९५ करोड ८३ लाख ६ हजार खर्च गरेका छन्।

खरिद व्यवस्थापन

३६. **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बुँदा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा उल्लिखित आयोजना प्राथमिकीकरणका आधारहरू उल्लेख भएको तथा सोहीबमोजिम आयोजनामा लगानी गरी आवधिक योजनासँग सामजस्यता गर्नुपर्ने उल्लेख छ। यो वर्ष ५८६ स्थानीय तहले रू.५ लाख मुनिका १४ हजार ४९१ (६८.३७ प्रतिशत), रू.५ देखि २० लाखसम्मका ३९ हजार ६७७ (२३.६९ प्रतिशत) र रू.२० लाख माथिका १३ हजार २८२ (७.९३ प्रतिशत) समेत १ लाख ६७ हजार ४५० योजना तर्जुमा गरी रू.१ खर्ब ३१ अर्ब ३० करोड ९३ लाख खर्च गरेको देखिन्छ।

३७. **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार काबु बाहिरको परिस्थितिले बाहेक तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १३५ स्थानीय तहले योजनामा सम्झौता अनुसारको समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीबाट लिनुपर्ने रू.१२ करोड ९ लाख २० हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेको देखिएन।

३८. **मूल्य समायोजन भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्ने व्यवस्था छ। यो वर्ष ६६ स्थानीय तहले खरिद सम्झौता विपरित हुने गरी रू.१४ करोड ६३ लाख ९४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्।

३९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र २० लाखभन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६२५ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधि खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गरी रू.७ अर्ब २२ करोड ५६ लाख ४२ हजार खर्च लेखेका छन्।

४०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा लिने व्यवस्था छ। यो वर्ष ३१२ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रू.१ अर्ब ६ करोड १५ लाख १९ हजार खर्च गरेका छन्।

प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका अधिकांश अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत भएको देखिएन।

४१. **सफ्टवेयर -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष १९३ स्थानीय तहले सूचना प्रविधि विभागबाट स्वीकृति नलिई रू.१८ करोड ६० लाख ६ हजारको सफ्टवेयर खरिद तथा जडान गरेकोमा २९ स्थानीय तहले रू.३ करोड ७३ लाख ५२ हजारको सफ्टवेयर प्रयोगमा ल्याएको देखिएन।

४२. **सवारीसाधन खरिद तथा मर्मत** - यो वर्ष ७५ स्थानीय तहले रू.३ अर्ब ६६ करोड ७१ लाख २० हजारको चारपाङग्रे सवारीसाधन र १३० स्थानीय तहले रू.२० करोड ७२ लाख ३८ हजारको दुइपाङग्रे सवारीसाधनसमेत रू.३ अर्ब ८७ करोड ४३ लाख ५८ हजारको सवारीसाधन खरिद गरेका छन्। साथै २६४ स्थानीय तहले सवारीसाधन मर्मतमा रू.७३ करोड ६७ लाख ९ हजार र ३२७ स्थानीय तहले इन्धनमा रू.१ अर्ब ५६ करोड ६९ लाख ८ हजारसमेत रू.२ अर्ब ३० करोड ३६ लाख १७ हजार खर्च गरेका छन्।

उपभोक्ता समितिमार्फत कार्य

४३. **जटिल संरचना निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेसिन, औजार उपकरणहरू आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ। यो वर्ष ३०२ स्थानीय तहले जटिल प्राविधिक पक्ष समावेश भएका ३ हजार ३१४ निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रू.२ अर्ब ९९ करोड ४८ लाख ४८ हजार खर्च लेखेका छन्। उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव नहुने, सुरु लगानीको लागि स्रोत साधनको न्यूनता हुने एवं भारी उपकरणको उपलब्धता नहुने अवस्थामा समेत जटिल संरचना निर्माणको कार्य गरेको देखियो।

४४. **उपभोक्ताको योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्झौताअनुसारको जनसहभागिताको अंश कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। यो वर्ष १२९ स्थानीय तहले १ हजार २४५ योजनामा सम्झौताबमोजिम कट्टी गर्नुपर्ने रू.२२ करोड ६८ लाख ७३ हजार उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी गरेका छन्।

४५. **निर्माण व्यवसायीको संलग्नता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ। यो वर्ष १२२ स्थानीय तहले १ हजार १७३ योजना उपभोक्ता समितिबाट सञ्चालन हुने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल बीजक पेस गरी रू.७० करोड ९ लाख ९ हजार भुक्तानी गरेको देखियो।

४६. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २२२ स्थानीय तहले

सार्वजनिक निर्माणसम्बन्धी तोकिएको नर्म्सभन्दा बढी लागत अनुमान स्वीकृत गरी २ हजार ४५ योजनाका उपभोक्ता समितिलाई रू.२३ करोड ३८ लाख ४७ हजार बढी भुक्तानी दिएको तथा ३१६ स्थानीय तहले २ हजार १६४ योजनाका उपभोक्ता समितिलाई नापजाँचलगायतबाट कार्य परिमाण फरक पारी रू.३४ करोड १९ लाख ४३ हजारसमेत रू.५७ करोड ५७ लाख ९० हजार बढी भुक्तानी दिएको छ।

विद्यालय शिक्षा कार्यक्रम

४७. **विद्यालय पूर्वाधार** - कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबार तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाइलगायतको कार्य गर्न विद्यालय छनोट गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेको छ। यो वर्ष १३२ स्थानीय तहले सामुदायिक विद्यालयलाई पूर्वाधार विकासका लागि रू.१ अर्ब १२ करोड २४ लाख ४७ हजार निकासा गरेकोमा विद्यालयबाट निर्माण कार्य सम्पन्न नभएको जनाई २४ स्थानीय तहले विद्यालयको बैङ्क खातामा रहेको रू.३२ करोड ७८ लाख ८९ हजार रोक्का राखेका छन्। साथै यो वर्ष १०३ स्थानीय तहले विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा नमुना विद्यालय अनुदानतर्फ रू.६१ करोड ४५ लाख ७० हजार निकासा दिएकोमा खर्चका बिल, भरपाईसहित कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन।

४८. **विद्यालय प्रयोगशाला** - आईसीटी तथा कम्प्युटर प्रयोगशालालगायत स्थापनाको लागि निकासा दिएको रकमबाट उक्त कार्य भएको देखिने बिल भरपाईसहित पालिकाबाट अनुगमन हुनुपर्दछ। यो वर्ष १५८ स्थानीय तहले आईसीटी तथा कम्प्युटर प्रयोगशाला स्थापनाको लागि रू.२८ करोड ३० लाख ९७ हजार निकासा दिएकोमा सोको कार्यान्वयन स्थिति सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन।

४९. **शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष १६२ स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता बेहोरेका शिक्षकको तलब भत्ताको लागि पालिका स्रोतबाट रू.१ अर्ब ३१ करोड ९९ लाख १ हजार निकासा गरेका छन्। आवश्यक पूर्वाधारबेगर नै प्राविधिकधारको विषय समावेश गरेकोमा सम्बन्धित विषयका शिक्षकको उचित व्यवस्था नगरेको, नियुक्ति गरिएका शिक्षकको तलब भत्ता सशर्त अनुदानबाट निकासा गरेकोसमेत देखिन्छ।

५०. **बढी तलब निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएअनुसार शिक्षा विकास तथा समन्वय एकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब भत्ता निकासा गरेको देखिएको छ। यो वर्ष १३१ स्थानीय तहले शिक्षक तलबमा रू.३ करोड ९७ लाख ६ हजार बढी निकासा गरेका छन्।

५१. **पाठ्यपुस्तक र छात्रवृत्ति रकम बढी निकासा** - यो वर्ष १२९ स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएभन्दा पाठ्यपुस्तकमा रू.३ करोड ३९ लाख ८३ हजार र १०१ स्थानीय तहले छात्रवृत्तिमा रू.२ करोड ४७ लाख ६२ हजारसमेत रू.५ करोड ८७ लाख ४५ हजार बढी निकासा दिएका छन्।

५२. **दिवा खाजा** - कार्यक्रम कार्यन्वयन पुस्तिकामा विद्यार्थीको हाजिरीको आधारमा दिवा खाजाको रकम खर्च लेख्ने व्यवस्था छ। यो वर्ष १४५ स्थानीय तहले विद्यार्थी हाजिरीको प्रमाणित अभिलेखबेगर दिवा खाजामा रू.५४ करोड ४३ लाख ९९ हजार खर्च लेखेका छन्।

५३. **स्यानिटरी प्याड** - यो वर्ष १४७ स्थानीय तहले रू.१७ करोड ६९ हजारको स्यानिटरी प्याड खरिद गरी खर्च लेखेकोमा उक्त प्याडहरू भण्डारमा मौज्दात रहेको देखिन्छ।

सामाजिक सुरक्षा कार्यक्रम

५४. **बजेट निकासा** - नेपाल सरकारले ज्येष्ठ नागरिक, बिधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजातिसमेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। यो वर्ष सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत नेपाल सरकारले सबै स्थानीय तहलाई रू.१ खर्ब ८ अर्ब २६ करोड ७३ लाख ५७ हजार निकासा गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५४.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा सबै स्थानीय तहले लाभग्राहीको लगत अद्यावधिक गरी बैङ्कमार्फत भत्ता वितरण गर्ने, नियमित रूपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गरी लाभग्राहीको विवरण अद्यावधिक गर्ने व्यवस्था छ। स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश नगरी भत्ता वितरण गरेका छन्। यो वर्ष सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीमा अन्य कारण जनाई लाभग्राहीको लगत कट्टा गरेकोमा विगतमा ती लाभग्राहीलाई भुक्तानी भएको रकम यकिन गरी असुल गरेको छैन।

५४.२. यस वर्ष १९३ स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई दुई वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुने गरी र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रू.५ करोड ७८ लाख ८३ हजार बढी खर्च गरेका छन्।

५४.३. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा बचत खाता सञ्चालन गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरूमध्ये निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह ११६ ले पालिकाबाट छुट्टै खाता खोली बैङ्कमा ग्राहकको विवरण अद्यावधिक नगर्ने लाभग्राहीको निष्क्रिय मौज्दात र वितरण पश्चात् बैङ्कमा बचत रहेको रकमसमेत रू.१२ करोड ४९ लाख २८ हजार बैङ्कबाट फिर्ता प्राप्त गरेका छैनन्।

५४.४. यो वर्ष १२ स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसारको सामाजिक सुरक्षा भत्ताको अतिरिक्त पालिकाबाट थप गरी रू.६ करोड ३ लाख ८० हजार भत्ता वितरण गरेका छन्।

सेवा प्रवाह

५५. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ। स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको अवस्था छ। गाउँ/नगर सभाबाट धेरै सङ्ख्यामा स-साना टुक्रे योजना पारित हुने, पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको

रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, कानुनअनुसार खरिद प्रक्रिया अबलम्बन नहुने, दिगो योजना नबनाउनेलगायतका समस्या रहेका छन्। स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

५६. **सार्वजनिक सुनुवाइ एवं सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) मा हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ। अधिकांश स्थानीय तहमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाको आय-व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नगरेकोले पारदर्शिता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन। ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

पर्यावरण

५७. **वातावरणीय व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। स्थानीय तहको क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोके पनि यो वर्ष विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण कार्यमा आवश्यकताअनुसार बजेट विनियोजन एवं कार्यक्रम कार्यान्वयन नगरेको, वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको, ढल निर्माणको एकीकृत बहुवर्षीय योजना तर्जुमा अवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५८. **फोहरमैला वर्गीकरण** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोहीअनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्पादन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्टलगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।

५९. **डम्पिङ साइट** - फोहरमैला व्यवस्थापन गर्ने जिम्मेवारीअनुसार आफ्नो क्षेत्रबाट उत्पादन हुने फोहरमैला व्यवस्थापनको लागि विसर्जन स्थलको व्यवस्था गर्नुपर्नेमा अधिकांश स्थानीय तहले यस्तो स्थलको उपयुक्त व्यवस्था नगरी वनजङ्गल, नदीकिनारा, सडकलगायतका स्थानमा फोहरमैला डम्पिङ गर्ने गरेका छन्। फोहरमैला विसर्जन स्थल भएका स्थानीय तहहरूमा सोको उचित व्यवस्थापनमा समस्या देखिएकोले सुधार गर्नुपर्दछ।

अन्य बेहोरा

६०. **चालु प्रकृतिको खर्च** - पुँजीगत निर्माणमा सहयोग नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा विनियोजन गरी चालु प्रकृतिका कार्यमा १०९ स्थानीय तहले रू.४५ करोड ३३ लाख २६ हजार खर्च गरेका छन्। पुँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

त्यसै गरी यो वर्ष २४९ स्थानीय तहले स्वास्थ्य बीमा शुल्क, विद्युत महशुल भुक्तानी, ह्याण्ड पम्प, साडी, कम्बललगायत सामान वितरण गरी रू.७७ करोड ७४ लाख ६४ हजार खर्च गरेका छन्। यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

६१. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्च गर्दा मितव्ययिता अवलम्बन गर्नुपर्नेमा ४४० स्थानीय तहले रू.१ अर्ब ७६ करोड ३२ लाख २३ हजार खर्च गरेका छन्। त्यसैगरी २३३ स्थानीय तहले खाजा, खानामा रू.५९ करोड ७५ लाख ८७ हजार तथा १०२ स्थानीय तहले सभा सञ्चालनमा रू.१३ करोड २६ लाख ३१ हजारसमेत रू.७३ करोड २ लाख १८ हजार खर्च गरेका छन्।

६२. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यो वर्ष ५२३ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रू.१ अर्ब १५ करोड ८८ लाख २४ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये २९४ स्थानीय तहले सहायता वितरण कार्यविधिसमेत तयार नगरी रू.६३ करोड ४१ लाख ६२ हजार आर्थिक सहायता वितरण गरेका छन्।

६३. **नाफामूलक संस्थालाई अनुदान**- नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिँदैन। यस वर्ष १७१ स्थानीय तहले नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई रू.२६ करोड १ लाख ३५ हजार अनुदान दिएका छन। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई दिएको अनुदान नियमसम्मत देखिएन।

लेखापरीक्षण, बेरुजु फर्स्यौट तथा सम्परीक्षण

६४. **लेखापरीक्षण रकम र बेरूजु** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४६ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरूजु स्थिति यस प्रकार छः

(रू. लाखमा)

क्र.सं.	प्रदेश	लेखापरीक्षण गरिएका स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
१	कोशी	१३६	२०००८१५	५०७९८	२५९०	२.५४	२.४१
२	मधेश	१३२	१८३८३६६	९११५७	१०४१५	४.९६	४.३९
३	बागमती	११९	२३९७९३३	३९२५६	४८१५	१.६४	१.४४
४	गण्डकी	८५	१२२१६९५	२४२१२	१३९५	१.९८	१.८७
५	लुम्बिनी	१०९	१८१६८०५	४४८९३	२५५४	२.४७	२.३३

क्र.सं.	प्रदेश	लेखापरीक्षण गरिएका स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
६	कर्णाली	७७	९४१९६७	३४५५०	३६७५	३.६७	३.२८
७	सुदूरपश्चिम	८८	११५२८३८	२३४८७	२७०४	२.०४	१.८
जम्मा		**७४६**	**११३७०४१९**	**३०८३५३**	**२८१४८**	**२.७१**	**२.४६**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशका स्थानीय तहमा ४.९६ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशका स्थानीय तहमा १.६४ प्रतिशत बेरूजु देखिएको छ।

६५. **पालिकागत बेरूजु -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४६ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरूजु स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
महानगरपालिका	६	६६३९३५	१७४५७	३२६१	२.६३	२.१४
उपमहानगरपालिका	११	४७१६०१	१५०२०	१६१२	३.१८	२.८४
नगरपालिका	२७३	५१३१७५८	१३९४५८	१२८६८	२.७२	२.४७
गाउँपालिका	४५६	५१०३१२५	१३६४१७	१०४०७	२.६७	२.४७
जम्मा	**७४६**	**११३७०४१९**	**३०८३५४**	**२८१४८**	**२.७१**	**२.४६**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी उप महानगरपालिकाहरूमा ३.१८ प्रतिशत र सबैभन्दा कम महानगरपालिकामा २.६३ प्रतिशत बेरूजु देखिएको छ।

६६. **बक्यौता लेखापरीक्षण र बेरुजु -** विगत वर्षको बक्यौता रहेका २४ मध्ये यो वर्ष देहायअनुसार २ स्थानीय तहको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
नगरपालिका	१	१५३०७	१३९६	२०	९.१२	८.९९
गाउँपालिका	१	६१८८	४०२	६०	६.५०	५.५३
जम्मा	**२**	**२१४९५**	**१७९८**	**८०**	**८.३६**	**७.९९**

६७. **लेखापरीक्षण अङ्क** - यो वर्ष ७५३ स्थानीय तहमध्ये ७४६ स्थानीय तहको रू.११ खर्ब ३७ अर्ब ४ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ २ स्थानीय तहको आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ को रू.२ अर्ब १४ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नियमित र बक्यौतासमेत यो वर्ष रू.११ खर्ब ३९ अर्ब १९ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेशगत स्थानीय तहको लेखापरीक्षणसम्बन्धी विस्तृत विवरण अनुसूची-२१ मा छ।

६८. **बेरुजु** - यो वर्ष ७४६ स्थानीय तहको रू. ११ खर्ब ३७ अर्ब ४ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रू.३५ अर्ब ६६ करोड ६३ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.४ अर्ब ८३ करोड ९ लाख फर्स्यौंट गरेकोले रू.३० अर्ब ८३ करोड ५४ लाख फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रू.४ अर्ब ९ करोड १८ लाख, नियमित गर्नुपर्ने रू.२३ अर्ब ९२ करोड ८८ लाख र म्याद नाघेको पेस्की रू.२ अर्ब ८१ करोड ४८ लाख बाँकी छ। त्यसै गरी २ स्थानीय तहको २०७७।७८ र २०७८।७९ को रू.२ अर्ब १४ करोड ९५ लाखको लेखापरीक्षणबाट रू.१७ करोड ९८ लाख बेरूजु देखिएको छ।

गत वर्षको प्रतिवेदनमा बजेट व्यवस्थापन, आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क हिसाब मिलान नगरेको, अग्रिम कर कट्टा नगरेको, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, जिन्सी व्यवस्थापन, कर बीजक, खरिद व्यवस्थापनलगायतका बेहोराहरू औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। उल्लिखित बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

६९. **बेरूजु फर्स्यौंट तथा अनुगमन** - गत वर्षसम्मको कुल बेरूजु रू.१ खर्ब ७२ अर्ब ६० करोड ५३ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.१० अर्ब १६ करोड २२ लाख फर्स्यौंट भई बाँकी रहेको रू.१ खर्ब ६२ अर्ब ४४ करोड ३१ लाखमा यो वर्ष ७४६ स्थानीय तहको रू.३० अर्ब ८३ करोड ५४ लाख र २ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रू.१७ करोड ९८ लाखसमेत रू.१ खर्ब ९३ अर्ब ४५ करोड ८३ लाख बेरूजु फर्स्यौंट गर्न बाँकी रहेको छ। यससम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

६९.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरूजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

६९.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। यसरी गठन हुने लेखा समितिको प्रमुख जिम्मेवारी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल हुनुपर्नेमा समितिको कार्यक्षेत्र र जिम्मेवारी सम्बन्धमा स्पष्ट नगरेकोले लेखा समिति गठन भई बेरूजु फर्स्यौंट र कार्यपालिकालाई निर्देशन दिने कार्य गरी आर्थिक अनुशासन पालनामा प्रभावकारिता आउनसकेको छैन।

६९.३. लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजु फर्स्यौंटको सम्बन्धमा उल्लेख भए तापनि स्थानीय तहहरूले यससम्बन्धी कार्यविधि सहितको कानुन नबनाएका कारण अनियमित बेरूजु फर्स्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ। कतिपय स्थानीय तहहरूले लेखा समितिमा छलफल गराई सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराई सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ। सभाले के-कस्ता बेरूजु नियमित गर्न सक्ने भन्ने सम्बन्धमा समेत स्पष्ट नभएकोले कानुनमा व्यवस्था नभएका सुविधा भुक्तानी भई असुल गर्नुपर्ने गरी औंल्याइएका, कानुन विपरीत राजस्व छुट दिएका बेरूजुसमेत नियमित गरी सम्परीक्षणको लागि पठाउने गरेका छन्।

स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरूजु फर्स्यौंटको विधि र प्रकृयासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरूजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

७०. **बेरूजु असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरूजु फर्स्यौंट गर्ने, गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणको क्रममा बढी भुक्तानी गरेको, अग्रिम कर कट्टी नगरेको, सङ्घीय सञ्चित कोष दाखिला नगरेको लगायतका बेहोरा औंल्याइएपछि ४०६ स्थानीय तहले रू.८१ करोड ५६ लाख ४८ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ३७५ स्थानीय तहले रू.४७ करोड ३४ लाख ४५ हजारसमेत रू.१ अर्ब २८ करोड ९० लाख ९३ हजार असुली गरेका छन्। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा १२६ स्थानीय तहबाट रू.१४ करोड ८० लाख ६० हजार असुल भएकोमा यो वर्ष कुल रू.१ अर्ब ४३ करोड ७१ लाख ५३ हजार असुल भएको छ।

७१. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

७१.१. यो वर्ष झापाको मेचीनगर नगरपालिका, सप्तरीको विष्णुपुर गाउँपालिका, सिराहाको बरियारपट्टी गाउँपालिका, सर्लाहीको कविलासी नगरपालिका, बाराको सिम्रौनगढ नगरपालिका, हुम्लाको चंखेली गाउँपालिका र अदानचुली गाउँपालिकाले २०७९।८० को लेखापरीक्षण गराएका छैनन्।

७१.२. गत वर्ष मधेश प्रदेशका कमला नगरपालिका, धनुषा, छिन्नमस्ता गाउँपालिका, सप्तरी र धनौजी गाउँपालिका, धनुषाले २०७८।७९ को लेखापरीक्षण गराएका छैनन्।

७१.३. सर्लाहीका ब्रम्हपुरी र बलरा गाउँपालिका, महोत्तरीको सम्सी र रामगोपलपुर गाउँपालिका, पर्साको धोबिनी गाउँपालिका र धनुषाको औरही गाउँपालिकाले यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

७१.४. सर्लाहीको धनकौल गाउँपालिका, पर्साको पकाहामैनपुर गाउँपालिका, रौतहटको कटहरिया र गढीमाई नगरपालिकाले २०७६।७७ को बक्यौता लेखापरीक्षण यो वर्षसमेत गराएका छैनन्।

७१.५. धनुषाको जनकपुरधाम उप-महानगरपालिका, सर्लाहीको कविलासी नगरपालिका र बसबरिया गाउँपालिका, पर्साको ठोरी गाउँपालिका र रामेछापको लिखु तामाकोशी गाउँपालिकासमेत ५ स्थानीय तहको २०७५।७६ को बक्यौता रहेकोमा ती स्थानीय तहले यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

७१.६. सर्लाहीको बलरा नगरपालिका र महोत्तरीको सम्सी गाउँपालिकाले २०७४।७५ मा स्रेस्ता पेस नगरेको कारण लेखापरीक्षण बक्यौता रहन गएकोमा हालसम्म लेखापरीक्षण गराएका छैनन्।

७१.७. महोत्तरीको गौशाला र लोहारपट्टी नगरपालिका तथा पिपरा र सम्सी गाउँपालिकाले २०७३।७४ को यो वर्ष पनि लेखापरीक्षण गराएका छैनन्।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी ५ हजार ६०५ निकायको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब ७३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७९।८० को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएकोमा ३५ दिनभित्र रू.३२ अर्ब १३ करोड ४२ लाख फर्स्यौंट गरेकोले देहायबमोजिम रू.९५ अर्ब ६० करोड २१ लाख फर्स्यौंट हुन बाँकी रहेको छः

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौंट		यस वर्षको फर्स्यौंट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०२३७	५२२१०३	१५८०	५६७४१	३८६५७	४६५३६२
प्रदेश सरकारी कार्यालयहरू	२०३८५	७१७८५	८५४	६०९६	१९५३१	६५६८९
स्थानीय तह	१३१९६१	३६११५१	११०१६	५०९९९	१२०९४५	३१०१५२
अन्य संस्था समिति (प्रदेश समेत)	१५९४८	३२२३२४	५१४	२०७५०६	१५४३४	११४८१८
जम्मा	**२०८५३१**	**१२७७३६३**	**१३९६४**	**३२१३४२**	**१९४५६७**	**९५६०२१**

त्यस्तै यो वर्ष छनौट गरिएका ९ विषयको कार्यमूलक लेखापरीक्षण, २ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन जारी गरिएको छ। संस्थान, समिति तथा अन्य संस्थातर्फ ३१० संस्थाको बक्यौतासमेत ६३० आय वर्षको लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। यस वर्ष सङ्घीय कार्यालयतर्फ ५ र स्थानीय तहतर्फ ७ समेत १२ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीय कार्यालयतर्फ १२, प्रदेश कार्यालयतर्फ २ र स्थानीय तहतर्फ २ समेत १६ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा र दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। साथै दफा ३८(४) मा फर्स्यौंट तथा फरफारक भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। जिम्मेवार निकायहरूले बेरुजुको यथार्थ विवरण सहित लगत तथा अभिलेख अद्यावधिक नगरेको कारण बेरुजु फर्स्यौंट एवं सम्परीक्षणको कार्यसमेत प्रभावित भएको छ। बेरुजुको अद्यावधिक लगत, अभिलेख, फर्स्यौंट तथा सम्परीक्षण कार्यलाई कानुन बमोजिम व्यवस्थित गर्नुपर्दछ।

३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण

गराउनुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	२९६१३२९	-	-	२९६१३२९	४६५३६२	३४२६६९१
प्रदेश सरकारी कार्यालयहरू	२४३७८०	-२८	२४७५७	२१८९९५	६५६८९	२८४६८४
स्थानीय तह	१७२६०५३	-	१०१६२२	१६२४४३१	३१०१५२	१९३४५८३
अन्य संस्था समिति (प्रदेश समेत)	९४२२३१	-११	४३५७	९३७८६३	११४८१८	१०५२६८१
जम्मा	**५८७३३९३**	**-३९**	**१३०७३६**	**५७४२६१८**	**९५६०२१**	**६६९८६३९**

३.१. महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन २०७९ सम्म बाँकी रहेको कुल बेरुजु रू.५ खर्ब ८७ अर्ब ३३ करोड ९३ लाखमध्ये यो वर्ष समायोजन रू.३९ लाख तथा फर्स्यौंट र सम्परीक्षणसमेत रू.१३ अर्ब ७ करोड ३६ लाख (२.२२ प्रतिशत) भएकोमा यो वर्ष रू.९५ अर्ब ६० करोड २१ लाख थप भई रू.६ खर्ब ६९ अर्ब ८६ करोड ३९ लाख अद्यावधिक बेरुजु बाँकी रहेको छ।

३.२. नेपाल सरकारको २०६९।६।११ को निर्णयानुसार कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा आर्थिक वर्ष २०५९।६० सम्मको हस्तान्तरित बेरुजु रू.५ अर्ब २४ करोड ७२ लाख २४ हजारमध्ये सरकारी कार्यालयतर्फ नियमित, असुल तथा मिनाहा गरी रू.१ अर्ब ८७ करोड ५८ लाख ७९ हजार फर्स्यौंट भई लगत कट्टा भएको देखिन्छ।

४. **स्थानीय तहको बेरुजु फर्स्यौंट व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले स्थानीय तहको लेखापरीक्षण गरी जारी गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको सभामा प्रतिपक्षको अभ्यास नहुने हुँदा लेखा समिति प्रभावकारी नहुने र खर्चमा प्रभाव पार्ने निर्णयहरूमा कार्यकारीको प्रभाव देखिने भएकोले बेरुजु फर्स्यौंट सम्बन्धमा स्वार्थ बाझिएको अवस्था छ। वित्तीय पारदर्शिता एवं जवाफदेहिताको लागि सम्बन्धित ऐनहरूमा आवश्यक पुनरावलोकन गरी स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन माथि छलफल एवं अनुगमन गर्ने स्वतन्त्र र प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

५. **प्रतिवेदन कार्यान्वयन कार्य योजना -** लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकतानुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूको समयमै कार्यान्वयन नहुँदा एकै प्रकृतिका व्यहोरा दोहोरिने गरेका छन्। जिम्मेवार पदाधिकारीहरूले कार्य योजना तयार गरी लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

६. **बेरुजु फर्स्यौंटमा भएको प्रयास -** नेपाल सरकारका मन्त्रालय र निकायका लेखाउत्तरदायी अधिकृत तथा सार्वजनिक संस्थानका प्रमुखसँग कार्यालयको वार्षिक लेखापरीक्षण योजना र कार्यक्रम तथा विगत वर्षका

प्रतिवेदन सम्बन्धमा नेपाल सरकारका मुख्य सचिव, संघ एवं प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृतहरू र स्थानीय तहको पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ। ती छलफल कार्यक्रमहरूमा बेरुजु हुनाका कारण, बेरुजु न्यूनीकरण गर्ने उपाय र लेखापरीक्षणबाट देखिएका व्यहोरालाई समयमै प्रतिक्रिया, प्रमाण र पुष्ट्याँइका आधारमा फर्स्यौंट गर्ने कार्यलाई कर्मचारी वृत्ति विकाससँग आबद्ध गर्न नीतिगत तथा कानुनी प्रबन्ध गर्नुपर्ने विषयमा छलफल भएको छ। सो अनुसार नीतिगत र कानुनी व्यवस्था गर्नुपर्दछ ।

७. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा रू.१ अर्ब २६ करोड २५ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.७१ करोड ८० लाख तथा विगतको बेरुजु फर्स्यौंट गर्दा रु.१९ करोड ६८ लाख गरी बजेटरी निकायतर्फ रू.२ अर्ब १७ करोड ७३ लाख र गैरबजेटरी निकायतर्फ रू.१९ अर्ब ९९ करोड ४० लाखसमेत रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ। विगतमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझावअनुसार यो वर्ष एफपीओ जारी गरी प्राप्त रकमबाट लाभांशबापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायमा शुल्क र ब्याज मिनाहासम्बन्धी बेरुजुबाट रू.७ अर्ब ८५ करोड ६ लाख र बैङ्क तथा वित्तीय संस्थाहरूको मर्जर तथा एक्विजिसनको लाभमा लाग्ने करमा शुल्क र ब्याज मिनाहा नहुने सम्बन्धी व्यवस्थाबाट रू.५ अर्ब ३७ करोड १ लाखसमेत रू.१३ अर्ब २२ करोड ७ लाख राजस्व असुल भएको छ । सो बाहेक विभिन्न भन्सार तथा कर सम्बन्धमा दिइएको सुझावहरू कार्यान्वयन भएका कारण सङ्घीय सञ्चित कोषमा राजस्व प्राप्त भएको छ । विभिन्न विषयमा नीतिगत तथा कानुनी सुधारका लागि दिइएका सुझावहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

८. **पेस्की -** यो वर्ष संघ, प्रदेश र स्थानीय तहसमेतको म्याद नाघेको कुल पेस्की रू.६ अर्ब ३४ करोड ४१ लाखसमेत संघतर्फ रू.२ अर्ब ९ करोड ७२ लाख, प्रदेशतर्फ रू.१ अर्ब ४२ करोड ४१ लाख र स्थानीय तहतर्फ रू.२ अर्ब ८२ करोड १८ लाख रहेको छ । सोको विवरण अनुसूची-१५ मा रहेको छ। महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणअनुसार सङ्घीय र प्रादेशिक कार्यालय तथा स्थानीय तहहरूमा रू.५६ अर्ब ९१ करोड ७८ लाख पेस्की बाँकी देखिन्छ। सोकी विवरण अनुसूची-१७ मा रहेको छ। म्याद नाघेको र ननाघेको पेस्कीको अद्यावधिक विवरण तयार नगरेका कारण सोको विश्लेषण गर्न सकिएन। पेस्की बाँकी रकम वित्तीय व्यवस्थापन सूचना प्रणालीसँग भिडान नभएको, पेस्की हिसाब राख्न महालेखापरीक्षकद्वारा तोकिएको फाराम अद्यावधिक नगरेको, कार्यालयहरूले विगत वर्षमा बाँकी पेस्की फर्स्यौंट गर्दा छुट्टै अभिलेख राखी सम्परीक्षण नगराएको, खर्च नहुने अवस्थामा समेत पेस्की दिएको, समयमा पेस्की फर्स्यौंट नगरेको लगायतका बेहोरा देखिएकोले पेस्की प्रवाह, सोको अभिलेख, फर्स्यौंट र बाँकी सम्बन्धमा सुधार गर्न जरुरी देखिएको छ ।

९. **वार्षिक प्रतिवेदन, छलफल र सम्परीक्षण -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था रहेको छ । यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ ।

९.१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्थाअनुरूप महालेखापरीक्षकको साठिऔं वार्षिक प्रतिवेदन, २०७९ चैत्र ३० गते राष्ट्रपतिज्यूसमक्ष पेस भएकोमा उक्त प्रतिवेदनमा औंल्याइएका बेहोराउपर सार्वजनिक लेखा समितिमा सामान्य छलफल भई विस्तृत छलफलका लागि समिति अन्तर्गतको उप-समितिमा छलफल जारी रहेकोले सो सम्बन्धमा सार्वजनिक लेखा समितिबाट कुनै निर्देशन प्राप्त भएको छैन । महालेखापरीक्षकबाट वार्षिक प्रतिवेदन पेस भए लगत्तै सङ्घीय संसदमा समयमै छलफल र कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ।

९.२. सबै प्रदेशका प्रमुखसमक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९।१२।३० मा पेस भएकोमा सम्बन्धित प्रदेशका मुख्यमन्त्रीहरूबाट उक्त प्रतिवेदन कोशी प्रदेश सभामा २०८०।२।२३, बागमती प्रदेश सभामा २०८०।३।१४, मधेश प्रदेश सभामा २०८०।२।५, गण्डकी प्रदेश सभामा २०८०।६।११ र कर्णाली प्रदेश सभामा २०८०।१।१४ मा पेस भएको छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशका सभामा उक्त प्रतिवेदन हालसम्म पेस भएको जानकारी प्राप्त भएको छैन।

महालेखापरीक्षकले वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्था रहेकोले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्द्धनमा सहयोग पुग्ने हुँदा तत्कालै सञ्चालन हुने प्रदेश सभामा प्रतिवेदन प्रस्तुत गरी यथासमयमा छलफल हुने व्यवस्था गरिनुपर्दछ।

९.३. सङ्घीय संसदको निर्वाचन सम्पन्न भई २०८०।२।२ मा सार्वजनिक लेखा समितिको गठन भएको र बेरुजु छलफलको लागि २०८०।५।३१ मा उपसमितिहरू गठन भएका छन् । उपसमिति र समितिले गरेको निर्णयसहितको वार्षिक प्रतिवेदन सङ्घीय संसदमा पेस नभएकोले हालको सार्वजनिक लेखा समितिबाट भएको निर्णय कार्यान्वयन हुन बाँकी छ ।

९.४. प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा सार्वजनिक लेखा र महालेखापरीक्षकको वार्षिक प्रतिवेदन तोकिएको छ। नियमावलीको नियम १७५ (४) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले हालसम्म ६० वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा केही प्रतिवेदनमा छलफल टुङ्गिन बाँकी रहेको छ । छलफल भएका बेरुजु सम्बन्धमा दिएका निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले निर्णय कार्यान्वयन अवस्थाको अभिलेख राखि प्रभावकारी अनुगमन गर्नुपर्ने देखिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्वन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनुपर्ने, सो शब्दले सम्परीक्षण कार्यलाईसमेत जनाउने उल्लेख भएको, दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन र जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) मा लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको बेरुजु ७ दिनभित्र तथा दफा ४१(३) मा प्रतिनिधि

सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजुको लगतबाट हटाउनु पर्ने विषय ३० दिनभित्र हटाई सो को जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट स्थापनाकालदेखि नै कानुनबमोजिम सम्परीक्षण हुँदै आएकोमा सार्वजनिक लेखा समितिको २०७९।३।१७ को निर्देशन अनुसार बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगन भएकोले सार्वजनिक लेखा समितिसँग छलफल गरी विषयवस्तुको टुङ्गो लगाउनु पर्ने एवं माथि उल्लिखित दुई कानुनमा सामाजस्यता ल्याउनु पर्ने देखिएको छ । उल्लिखित विषयमा टुङ्गो नलागेकोले यो वर्ष सङ्घीय मन्त्रालय र मातहतका २० कार्यालयले रू.३९ करोड १४ लाख ८९ हजार बेरुजु फर्स्यौंट गरी पेस गरेकोमा सम्परीक्षण एवं लगत कट्टा गर्ने कार्य बाँकी रहेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ का केही प्रावधान लेखापरीक्षण ऐन, २०७५ का प्रावधानसँग एक अर्कामा बाझिएकोले दुई ऐनबीच तादात्म्यता कायम हुने गरी परिमार्जन गरी लेखापरीक्षण, सम्परीक्षण तथा बेरुजु फर्स्यौंट कार्यमा तदारुकता ल्याउनुपर्दछ।

परिच्छेद

५

भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्धन गरी सीमित स्रोत साधनको समुचित परिचालन मार्फत अपेक्षित उपलब्धि हासिल गर्नु आजको आवश्यकता हो। लेखापरीक्षणको क्रममा अनुभूत गरिएका, प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका विषयलाई समेटी शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सुशासनलगायतका देहायबमोजिम आठ शीर्षकमा सुझावहरू प्रस्तुत गरिएको छ;

शासकीय प्रबन्ध

१. कानुन तर्जुमा र कार्यान्वयन

१.१. संविधानको कार्यान्वयनका लागि आवश्यक केही कानुन बन्न बाँकी रहेकाले समन्वयात्मक रूपमा कानुन तर्जुमा गर्नुपर्दछ। मौजुदा कानुनमा समयानुकूल संशोधन तथा परिमार्जन गर्नुपर्दछ। साझा अधिकार सूचीका कानुन तर्जुमा गर्दा सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्दछ।

१.२. तीन तहबीचको अधिकार क्षेत्रको कार्यविस्तृतीकरण सम्बन्धमा थप स्पष्टता गरी सोको कार्यान्वयन हुनुपर्दछ।

१.३. तीन तहबीच स्रोत बाँडफाँटका लागि थप समन्वय, सहकार्य र साझेदारी हुनुपर्दछ। समन्वय परिषद्हरूको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ।

१.४. न्यायिक तथा अर्धन्यायिक निकायबाट भएका फैसला एवं नीतिगत निर्णयहरूको कार्यान्वयनमा शीघ्रता ल्याउनुपर्दछ। संसदीय समितिहरूले दिएका निर्देशनको अभिलेख राखी पालना तथा कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

१.५. निर्मित कानुनहरूको प्रारूप, ढाँचा र प्रत्यायोजित अधिकारमा एकरूपता कायम गर्नुपर्दछ।

१.६. संवैधानिक निकायहरूलाई वित्तीय तथा प्रशासनिक स्वायत्तता दिई संवैधानिक भूमिकालाई थप प्रभावकारी बनाउनुपर्दछ। यी निकायहरूले दिएका निर्देशन तथा सुझावहरूको कार्यान्वयन हुनुपर्दछ।

१.७. नेपाल पक्ष भएका सन्धि सम्झौताको पालना तथा कूटनीतिक सम्बन्धलाई मजबुत बनाउनुपर्दछ।

१.८. राजनीति र प्रशासनबीच स्पष्ट जिम्मेवारीसहितको अन्तरसम्बन्ध कायम हुनुपर्दछ।

२. सङ्घीयता कार्यान्वयन

२.१. सङ्घ, प्रदेश र स्थानीय तहबीच विषयगत कार्यक्रम सञ्चालनमा दोहोरोपना नहुने गरी सङ्गठन संरचना निर्माण गर्नुपर्दछ।

२.२. प्राकृतिक स्रोतको दिगो उपयोगमार्फत लाभ प्राप्त गर्न अन्तरतह समन्वय र साझेदारी गर्नुका साथै प्राप्त हुने लाभको वितरणलाई समन्यायिक, सन्तुलित र पारदर्शी बनाउनुपर्दछ।

२.३. सङ्घ र प्रदेशबाट हस्तान्तरण हुने सशर्त अनुदानलाई उपलब्धि तथा लक्ष्य किटान गरी एकमुष्टरूपमा दिने व्यवस्था गर्नुपर्दछ। सशर्त अनुदानको हिस्सालाई कम गर्दै अन्य वित्तीय हस्तान्तरणलाई समसामयिक बनाउनुपर्दछ।

२.४. तीन वटै तहको आन्तरिक स्रोत र खर्चबीचको वित्तीय अन्तर न्यून गर्न सम्बन्धित तहको राजस्वको दायरा विस्तार गर्नुपर्दछ।

२.५. सङ्घीय सरकारको सञ्चित कोष ऋणात्मक भई वित्तीय हस्तान्तरणको लागि समेत ऋण लिनुपर्ने अवस्था रहेको तर प्रदेश तथा स्थानीय तहमा स्रोत उपयोग नभई मौज्दात रहेको देखिएकोले यसको व्यवस्थापनको लागि उपयुक्त विधि छनौट गरिनुपर्दछ।

२.६. प्रदेश मन्त्रालयको सङ्ख्या र सङ्गठन संरचनामा पटक पटक थप घट हुँदा खर्चमा वृद्धि हुनुका साथै जिम्मेवारी र जवाफदेहितामा समेत असर परेकोले यसमा सुधार हुनुपर्दछ।

२.७. प्रदेश लोकसेवा आयोगहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाई प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति समयमा नै व्यवस्थापन गर्नुपर्दछ।

३. नियमन व्यवस्था

३.१. औषधि, कृषिजन्य, खाद्य पदार्थ लगायतका अत्यावश्यक वस्तुहरूको उपलब्धता, गुणस्तर र मूल्यका सम्बन्धमा जनगुनासो समेत रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ।

३.२. वित्तीय, सहकारी, वाणिज्य, धितोपत्र, विद्युत, हवाई, शिक्षा, स्वास्थ्य, दूरसञ्चारलगायतका सेवालाई गुणस्तरीय, पहुँचयोग्य एवं समयसापेक्ष बनाउन नियमनकारी निकायको भूमिका थप प्रभावकारी बनाउनुपर्दछ।

३.३. सहकारी संस्थाहरूको बचत सङ्कलन तथा ऋण लगानीको कारोबार र गैरसरकारी संस्थाहरूको कार्यसम्पादन अवस्थाबारे नियमित अनुगमन गरी उद्देश्यअनुरूप कार्य गरेको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

३.४. वस्तु तथा सेवाको आपूर्तिमा हुने ढिलाइ, संरचनाको न्यून गुणस्तर, सेवाप्रवाहमा हुने ढिलासुस्ती र कार्यसम्पादनमा हुने त्रुटिमा सम्बन्धितलाई जवाफदेही बनाउनुपर्दछ।

अर्थतन्त्र

४. दिगो एवं आत्मनिर्भर अर्थतन्त्र

४.१. आवधिक योजना तथा बजेटमार्फत निर्धारित लक्ष्यअनुरूप आर्थिक वृद्धिदर हुने गरी कार्यसम्पादन गर्नुपर्दछ। अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी सोमा लगानी वृद्धि गर्नुपर्दछ।

४.२. आयात प्रतिस्थान एवं निर्यात प्रवर्धन गर्न, स्थानीय सीप र स्रोतको उपयोग गरी रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने पर्यटन, जलविद्युत, खानी, जडीबुटी, सूचना प्रविधिलगायतका तुलनात्मक लाभ हुने क्षेत्रमा लगानी गरी राष्ट्रिय स्रोत साधनको अधिकतम परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४.३. सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँगको सहकार्यमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नतिशील बनाउनुपर्दछ।

४.४. वित्तीय स्रोत परिचालन, व्याजदर, आर्थिक क्रियाकलापमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न निजी क्षेत्र तथा सरोकारवालाको सहभागितामा वित्तीय तथा मौद्रिक नीति तय गर्नुपर्दछ।

४.५. अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई नियमन गरी राष्ट्रिय लेखामा समेट्नुपर्दछ।

४.६. उन्नत बीउबिजन, सिँचाइ, रासायनिक मल, बाली तथा पशुबीमा र नवीन प्रविधिलाई सरोकारवालासमक्ष पुऱ्याई कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनुपर्दछ।

४.७. लगानीमैत्री वातावरण सिर्जना गरेर व्यापार विविधीकरण, आन्तरिक उत्पादन अभिवृद्धि, निजी क्षेत्रको व्यावसायिक एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने व्यवस्था गर्नुपर्दछ।

४.८. विप्रेषण औपचारिक माध्यमबाट भित्र्याई उत्पादनमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

४.९. प्राकृतिक स्रोतको दिगोपनालाई मध्यनजर गरी सोको उपयोग गर्नुपर्दछ। प्राकृतिक स्रोतको उपयोगमा सम्बद्ध पक्षहरूबीच समन्वय र सहकार्य गर्नुपर्दछ।

५. राजस्व परिचालन

५.१. सामाजिक सञ्जाल, भर्चुअल मिटिङ्ग प्लेटफर्म, विद्युतीय व्यापार तथा भुक्तानी लगायतका नवीनतम तरिकाबाट हुने डिजिटल कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ।

५.२. विभिन्न वस्तु तथा सेवामा दिएको राजस्व छुटको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। यस्तो छुटलाई विनियोजन बजेटबाट व्यवस्थापन गर्नुपर्दछ।

५.३. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन राष्ट्रिय हार्मोनाइजेसन कोड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

५.४. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरी परीक्षणको दायरा विस्तार गर्नुपर्दछ।

५.५. राजस्व चुहावट नियन्त्रण गर्न बजार अनुगमन र मौज्दात परीक्षणको मात्रा बढाउनुपर्दछ। विद्युतीय विलिङको विस्तार गरी सोको नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ।

५.६. तुलनात्मक लाभ प्राप्त हुने तथा लगानी आउन सक्ने सम्भाव्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गरी वैदेशिक प्रत्यक्ष लगानी बढाउनुपर्दछ।

५.७. आयातमा आधारित राजस्वको हिस्सा अधिक रहेकोले सोलाई प्रतिस्थापन गर्न आन्तरिक उत्पादनमा जोड दिनेगरी नीति तय गर्नुपर्दछ।

५.८. गैरकर राजस्व असुलीलाई लागत प्रभावी बनाई सोको दरमा समयानुकूल पुनरावलोकन गर्नुपर्दछ।

५.९. नियामक निकायले सङ्कलन गर्ने स्रोतको पुनरावलोकन गरी निश्चित रकम सञ्चितकोषमा दाखिला गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्दछ।

५.१०. राजस्व प्रशासनसँग सम्बन्धित सबै विद्युतीय सूचना प्रणालीहरूको अन्तर आबद्धता कायम गरी आर्थिक प्रशासन सबल बनाउनुपर्दछ। राजस्व प्रशासनको क्षमता अभिवृद्धि गर्नुपर्दछ।

६. विकास सहायता

६.१. राष्ट्रिय हित र प्राथमिकताका आधारमा विकास सहायता लिई सबै प्रकारका सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्दछ।

६.२. आयोजनाहरू समयमा सम्पन्न नहुँदा समय र लागत थप हुनुका साथै लाभप्राप्तिमा ढिलाइ भएको देखिएकोले आयोजनाहरू निर्धारित समयभित्र नै सम्पन्न गर्ने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

६.३. विकास सहायता प्राप्तिको सुनिश्चितता पश्चात् मात्र बजेटमा वैदेशिक स्रोतको रकम विनियोजन गर्नुपर्दछ।

६.४. प्रदेश तथा स्थानीय तहले खर्च गरेका विकास सहायताको सङ्घीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना लिने व्यवस्था मिलाउनुपर्दछ।

७. उद्योग तथा व्यापार

७.१. वैदेशिक लगानी भित्र्याउने र अन्तर्राष्ट्रिय तथा बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा आकर्षित गर्ने वातावरण तयार गर्नुपर्दछ।

७.२. औद्योगिक उत्पादन र आत्मनिर्भर अर्थतन्त्र विकासका लागि नागरिकलाई प्राविधियुक्त सीपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्नुपर्दछ।

७.३. आयात प्रतिस्थापन र निर्यात प्रवर्धन हुने, उच्च मूल्य अभिवृद्धि हुने, स्थानीय उत्पादनको लागि परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु साना उद्योगको लागि वित्तीय उत्प्रेरणासहितको उत्पादन वृद्धिमा जोड दिने नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७.४. लगानी वातावरणको लागि औद्योगिक व्यवसाय नीति, ऐन र नियमावली, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी कानुन, उपभोक्ता हित संरक्षण कानुन, विदेशी विनिमय नियमित गर्ने ऐन, वित्तीय संस्था तथा बैङ्कसम्बन्धी कानुन, सार्वजनिक निजी साझेदारीसम्बन्धी कानुन, सालबसाली आर्थिक ऐन र वन तथा वातावरणसम्बन्धी कानुनलगायतका कानुनको समय सापेक्ष रूपमा संशोधन तथा पुनरावलोकन हुनुपर्दछ।

७.५. बैङ्क तथा वित्तीय संस्थाहरूमा गैरबैंकिङ्ग सम्पत्ति बढिरहेकोले मुनाफामा समेत प्रभाव पर्न गई कर राजस्वमा समेत असर परेकोले संस्थागत सुशासन र अनुगमनको दायरा बढाउनुपर्दछ।

७.६. निकासीमूलक उद्योगलाई प्रोत्साहन गर्न विशेष आर्थिक क्षेत्रको सहज सञ्चालन गरी उद्योग स्थापना र सञ्चालन हुने वातावरण तयार गर्नुपर्दछ।

८. संस्थान व्यवस्थापन

८.१. सार्वजनिक संस्थानहरूमध्ये राज्यको प्राथमिकताको आधारमा पूर्ण, अधिकांश र आंशिक स्वामित्व तथा नियन्त्रणमा रहनुपर्ने सस्थानहरू तय गरी सञ्चालन गर्नुपर्दछ।

८.२. सार्वजनिक संस्थान आम नागरिकको हित वा व्यावसायिक प्रयोजनका लागि सञ्चालन गर्ने हो, यकिन गरी सञ्चालन गर्नुपर्दछ।

८.३. संस्थान सञ्चालन गर्दा व्यावसायिक सञ्चालकको छनोटमा पारदर्शी मापदण्ड तयार गर्नुपर्दछ।

८.४. सार्वजनिक संस्थानको प्रमुख कार्यकारी नियुक्ति गर्दा वस्तुपरक कार्यसम्पादन करार गरी सो मूल्याङ्कनको आधारमा स्थायित्व दिनुपर्दछ।

८.५. संस्थानमा भएको शेयर तथा ऋण लगानीको वास्तविक हिसाब राख्नुपर्ने, सोको प्रतिफलको सुनिश्चित हुनपर्ने, यसले रोजगारी, राष्ट्रिय उत्पादन र राजस्वमा पुऱ्याएको योगदान समेतको विश्लेषण गर्नुपर्ने देखिन्छ।

८.६. निजीकरण गरिएका संस्थानहरूको सम्झौताबमोजिम भए नभएको यकिन गर्ने, हिसाब फरफारक भए नभएको विश्लेषण गर्ने र नभएकोमा सम्झौताको प्रावधानबमोजिम कारबाही गर्नुपर्दछ।

८.७. आर्थिक कारोबारको लेखापरीक्षण नियमित रूपमा गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन नगर्दा केही सार्वजनिक संस्थानले समयमा लेखापरीक्षण गराएका छैनन् भने केही संस्थानहरूको लेखापरीक्षण वर्षौंदेखि बक्यौता रहेको छ। त्यस्ता संस्थानलाई कारबाहीका लागि कानुनी व्यवस्था गर्नुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

९. सार्वजनिक वित्त

९.१. राजस्व प्रक्षेपण तथा खर्च व्यवस्थाको आकलन गर्दा वैज्ञानिक र वस्तुपरक परक बनाई बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्दछ।

९.२. बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने एवं खर्च गर्ने परिपाटी उपर नियन्त्रण गरी त्रैमासिक सन्तुलन कायम हुने गरी बजेट कार्यान्वयन गर्नुपर्दछ। रकमान्तरको सीमा लागु नहुने अनुदान सङ्ख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान सङ्ख्यामा सार्ने प्रवृतिलाई वाञ्छित सीमाभित्र राख्नु आवश्यक देखिन्छ।

९.३. सबै तहका सरकारले राष्ट्रिय बजेट प्रणाली बाहिर कानुनी व्यवस्था नगरी खडा गरेका विभिन्न प्रकारका कोष खारेज गर्नुपर्दछ।

९.४. पूर्व तयारी नभएका आयोजनामा बजेट विनियोजन गरेर खरिद प्रक्रिया अगाडी बढाउने र सो को कार्यान्वयन नहुने अबस्थाको अन्त्य गर्नुपर्दछ। भुक्तानी बाँकी राखी अर्को वर्षमा दायित्व सार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।

९.५. तीनै तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको बीचमा स्पष्ट सीमा रेखा तय गर्नुपर्दछ।

९.६. सामाजिक सुरक्षा भत्ता, निवृत्तभरण रकम, योगदानमा आधारित पेन्सन योजना कार्यन्वयनबाट पर्ने थप आर्थिक भार, सम्झौता तथा कानुनी निर्णयबाट सिर्जित दायित्वको पहिचान एवं विश्लेषण गर्नुपर्दछ।

९.७. दीर्घकालीन नीति, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता ल्याउनुपर्दछ। बढी प्रतिफल प्राप्त हुने वा तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रमको विश्लेषण गरी क्षेत्रगत समानताको आधारमा बजेट विनियोजन गर्नुपर्दछ।

९.८. कर भार र कर भुक्तानी लागत विश्लेषण गरी शुल्क तथा कर एकै बिन्दुबाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्दछ। कर सङ्कलन केन्द्रहरू पुनरावलोकन गरी राजस्व रकम विभाज्य कोषमार्फत बाँडफाँट हुने व्यवस्था गर्नुपर्दछ।

९.९. तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाई प्रदेश र स्थानीय तहहरू सङ्घीय अनुदानमा निर्भर रहने विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

१०. सार्वजनिक ऋण व्यवस्थापन

१०.१. सार्वजनिक ऋणको प्राप्ति, उपयोग, प्रशोचन क्षमता तथा शर्त लगायतका विषयहरूको विश्लेषण गरेर मात्र सार्वजनिक ऋण लिनुपर्दछ।

१०.२. सार्वजनिक संस्थानहरूको व्यावसायिक कुशलता वृद्धि गरी सरकारले दिएको ऋणको समयमा नै साँवा तथा ब्याज प्राप्ति गर्ने व्यवस्था गर्नुपर्दछ।

१०.३. सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउन नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक ऋणको भार र लागत घटाउनुपर्दछ।

१०.४. सरकारका कोष, बोर्ड, परिषद्, समिति तथा संस्थामा रहेको मौज्दात परिचालन गर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी ऋणमाथिको निर्भरता न्यूनीकरण गर्नुपर्दछ।

१०.५. विदेशी विनिमय दर जोखिम कम हुने उपायहरू पहिचान गरी यस्तो विनिमय दरका ऋण परिचालनमा परेको विनिमय नोक्सानीलाई न्यूनीकरण गर्नुपर्दछ।

१०.६. चालु प्रकृतिको खर्चमा सार्वजनिक ऋण प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ। सार्वजनिक ऋणलाई पुँजी निर्माण तथा उत्पादनसँग आबद्ध गर्नुपर्दछ।

११. अनुदान

११.१. अनुदान वितरण गर्दा नतिजामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। अनुदानलाई बीउपुँजीको रूपमा रुपान्तरण गर्ने र निश्चित समयपछि फिर्ता लिने नीति अवलम्बन गर्नुपर्दछ।

११.२. तीनै तहका सरकार तथा अन्य सार्वजनिक निकायले प्रदान गर्ने अनुदानलाई पारदर्शी बनाउन अनुदान प्राप्त गर्ने व्यक्ति र अनुदानबाट गरिने कार्य सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

११.३. लाभग्राही छनोट दोहोरोपना नहुने गरी प्रणाली विकास गर्ने तथा लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने गरी मापदण्ड तथा विधि तय गर्नुपर्दछ।

११.४. अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आएको विषयमा मूल्याङ्कन गर्नुपर्दछ। अनुदान तथा सहायता लक्षित वर्गमा पुगेको सुनिश्चित हुनुपर्दछ।

११.५. पुँजीगत प्रकृतिको अनुदान दिंदा लाभग्राहीले समेत निश्चित हिस्सा व्यहोर्ने सुनिश्चितता गर्नुपर्दछ। अनुदानको शर्तबमोजिम तोकिएको कार्य नगरेमा उक्त अनुदानबाट सिर्जित सम्पत्ति सरकारी स्वामित्वमा आउने व्यवस्था हुनुपर्दछ।

१२. लेखाङ्कन तथा प्रतिवेदन

१२.१. तीनै तहका सबै सरकारी निकायले नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम तोकिएको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ। राज्यका तीनै तहका सरकार र सरकार अन्तर्गतका सबै बजेटरी तथा गैरबजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

१२.२. नगदमा आधारित लेखाप्रणालीले सबै वित्तीय कारोबारलाई समेटी समग्र आर्थिक अवस्था र वित्तीय कार्य सम्पादनलाई प्रस्तुत र चित्रण गर्न नसक्ने भएकोले यसमा सुधार गरी प्रोदभावी आधारको लेखा प्रणालीमा रूपान्तरण गर्नेतर्फ आवश्यक कार्य गर्नुपर्दछ। लेखासँग सम्बन्धित कागजातसमेत सूचना प्रणालीमा अपलोड गरी कागजरहित लेखाप्रणालीको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।

१२.३. वित्तीय हस्तान्तरणअन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि सम्बन्धित सरकारको सञ्चित कोषमा मौज्दात रहने एवं कतिपय अवस्थामा अर्को वर्ष फिर्ता प्राप्त हुने भएकाले राजस्व र खर्च रकम यथार्थपरक बनाउन दोहोरो लेखाङ्कन नहुने व्यवस्था गर्नुपर्दछ।

१२.४. सबै सरकारी सम्पत्ति तथा जायजेथा र दायित्वको विवरण एकीकृत गरी लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। बहुवर्षीय आयोजनाबाट वा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिबद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ।

१२.५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमका लागि खडा गरिएका विभाज्य कोषमा जम्मा हुने रकम तोकिएकै समयमा बाँडफाँट गर्नुपर्दछ।

१२.६. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन तीन तहकै सरकारबीच एकरूपता कायम गर्न आधुनिक सूचना प्रविधि/प्रणालीको अवलम्बन गरी एकीकृत वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ। लेखाका आधारभूत वित्तीय विवरण स्वचालित रूपमा सो प्रणालीबाट तयार हुने व्यवस्था गर्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयलगायतका निकायले वित्तीय विवरण प्रकाशन गर्दा महालेखापरीक्षकको रायसहितको लेखापरीक्षण प्रतिवेदन र प्रमाणित वित्तीय विवरणहरू संलग्न गरी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ।

१२.७. सार्वजनिक वित्तको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१३. आन्तरिक नियन्त्रण र लेखापरीक्षण

१३.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको सबै तहका सरकार मातहतका कार्यालयले आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक नियन्त्रण दिग्दर्शन तयार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ।

१३.२. विश्वविद्यालय, समिति, बोर्ड, सङ्गठित संस्थालगायत सार्वजनिक संस्थामा अनिर्वाय रूपमा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्न कानुनी र संरचनागत सुधार गर्नुपर्दछ।

१३.३. सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसङ्घको महासभाले पारित गरेका प्रस्तावहरूले सम्बोधन गरेबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक स्वतन्त्रता कायम गर्न आवश्यक कानुन तथा स्रोत साधनको व्यवस्था गर्नुपर्दछ।

१३.४. कार्यस्थलमै गई भौतिक कागजात जाँच गर्ने अवस्थामा सुधार गर्दै सम्बन्धित निकायको सूचना प्रविधिमा पहुँच स्थापना गरेर दूरलेखापरीक्षण गरिने व्यवस्था गरिनुपर्दछ।

१३.५. लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षणमा पेशागत विशेषज्ञहरूको संलग्नता बढाउने तथा लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको क्षमता विकास एवं भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्ने देखिन्छ।

१३.६. लेखापरीक्षण प्रतिवेदनहरू यथासमयमै सबै तहको सम्बन्धित व्यवस्थापकीय अङ्गमा पेस गर्ने र छलफल हुने व्यवस्था गर्नुपर्दछ।

१३.७. लेखापरीक्षण ऐन, २०७५ को दफा २(घ) बमोजिम लेखापरीक्षणले सम्परीक्षण कार्यलाई पनि समेटेको छ। त्यसै गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्टिय संस्थाले तयार गरेका सिद्धान्त, मानदण्ड तथा मार्गदर्शन एंव सो आधारमा महालेखापरीक्षक कार्यालयले तयार गरेका मानदण्ड तथा मार्गदर्शनमा समेत सम्परीक्षणलाई लेखापरीक्षणकै एक अभिन्न अङ्गको रूपमा व्यवस्था तथा अवलम्बन गरिएको छ। यद्यपि सम्परीक्षण सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएका केही व्यवस्थाले अन्यौल सिर्जना गरेकोले कानुनमा सुधार गरी स्पष्ट गरिनुपर्दछ।

१३.८. लेखापरीक्षण प्रतिवेदनलाई व्यवस्थित गर्न कानुनमा समसामयिक सुधार गर्नुपर्दछ।

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

१४. खरिद तथा प्राप्ति

१४.१. सार्वजनिक सम्पत्ति प्राप्ति तथा खरिद गर्ने स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता हासिल गरी सीमित स्रोत र साधनको उच्चतम उपयोग गर्नुपर्दछ।

१४.२. सार्वजनिक सम्पत्तिको प्राप्ति गर्दा खरिद योजना तयार गरी खरिद गर्नुपर्दछ। खरिद प्रक्रिया पारदर्शी, प्रतिष्पर्धी, मितव्ययी, कुशल र व्यवस्थित हुनुपर्दछ।

१४.३. प्रयोगको सुनिश्चितता गरेरमात्र जिन्सी सामग्री एवं यन्त्र उपकरण तथा औजार खरिद गर्नुपर्दछ।

१४.४. सार्वजनिक सम्पत्तिको एकिकृत अभिलेख राख्नुपर्दछ। वस्तुगत सहायताका रूपमा प्राप्त जिन्सी सामग्रीको समेत अनिवार्य रूपमा जिन्सी अभिलेख राख्ने व्यवस्था गर्नुपर्ने र आयोजना तथा कार्यक्रम समाप्तिपश्चात हस्तान्तरण भएका जिन्सी सामग्रीहरू प्राप्त गर्ने निकायले अभिलेख राखि समुचित उपयोग गर्नुपर्दछ।

१४.५. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार नगरी नयाँ खरिद गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ।

१४.६. सार्वजनिक रूपमा निर्माण हुने भौतिक पूर्वाधारहरूको गुणस्तरको प्रत्याभूति हुनुपर्दछ। यसका लागि गुणस्तर आश्वस्तता योजना बमोजिम अनिवार्य रूपमा निर्माण सामग्रीको परीक्षण, निर्माण प्रक्रियाको अनुगमन तथा प्रयोगशाला परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

१५. संरक्षण र उपयोग

१५.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी, सार्वजनिक निकाय, धार्मिक तथा शैक्षिक संस्थाको स्वामित्वमा रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नुपर्दछ। अधिग्रहण गरिएका जग्गाको उद्देश्यबमोजिम संरक्षण र उपयोग गर्नुपर्दछ।

१५.२. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने गरी व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ।

१५.३. सार्वजनिक सम्पत्ति लिजमा दिँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को परिपालना गर्नुपर्दछ।

१५.४. स्थानीय तहबाट हुने नदीजन्य तथा खानीजन्य पदार्थहरूको उत्खनन्, सङ्कलन तथा निकासी सम्बन्धी काम कारबाहीको अनुगमनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई नियन्त्रण गर्नुपर्दछ।

१५.५. सार्वजनिक सम्पत्तिमध्ये सवारीसाधन, उपकरण, भवनलगायतका साधनहरू कुनै निकायमा अधिक रहने र कुनै निकायमा अपुग रहेको वर्तमान अवस्थालाई पुनरावलोकन गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउनुपर्दछ। मापदण्ड तोकेर मात्र सवारी साधनको प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१५.६. सरकारी कार्यालयहरूमा प्रयोगविहीन अवस्थामा रहेका र सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा रहेका सवारीसाधनहरूको समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

१५.७. नेपालका कला, संस्कृति, प्रविधि, उत्पादन लगायतको संरक्षण तथा व्यवस्थापन गर्न बौद्धिक सम्पत्तिको दर्ता तथा नियमनलाई थप प्रभावकारी बनाउनु पर्दछ।

१५.८. उपयोग नहुने अवस्थामा रहेका सम्पत्ति, म्याद नाघेका विषादी, रसायन, धातु लगायतका जिन्सीको निःसर्ग वा नष्ट गर्दा वातावरणीय पक्षलाई समेत विचार गर्नुपर्दछ। सोको खरिद गर्दा प्रयोग पश्चातको नष्ट गर्ने विधिबारे स्पष्टता गर्नुपर्दछ।

१६. अभिलेख

१६.१. सबै निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सम्पत्तिको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने गर्नुपर्दछ। सो प्रणाली लागु हुनु पूर्व म्यानुअल रूपमा रहेको जिन्सी अभिलेखलाई प्रणालीमा अनिवार्य रूपमा अपलोड गराउनुपर्दछ। उक्त प्रणालीमा सार्वजनिक जग्गा, भवन, सम्पदालगायतका सार्वजनिक सम्पत्ति र वस्तुगत सहायताका रूपमा प्राप्त सम्पत्ति समेत अनिवार्य रूपमा प्रविष्टि गर्ने व्यवस्था गर्नुपर्दछ।

१६.२. सरकारी तथा सार्वजनिक जग्गाहरूको अभिलेख एकीकृत रूपमा राखी अनधिकृत उपभोग तथा अतिक्रमण रोक्नुपर्दछ।

१६.३. महत्त्वपूर्ण सम्पत्तिहरूको सुरक्षा तथा अभिलेखको लागि तिनीहरूको डिजिटाइजेसन तथा माइक्रो फिल्म स्क्यानिङ गरी उचित संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्दछ।

१६.४. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ।

१६.५. सार्वजनिक निकायद्वारा निर्मित संरचना भवन, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाई जी.पी.एस. अभिलेख देखिने व्यवस्था मिलाउनुपर्दछ।

विकास व्यवस्थापन

१७. दिगो विकास लक्ष्य

१७.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आवधिक योजनामा समावेश गरी सोअनुसार सबै नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

१७.२. सार्वजनिक निकायहरूको क्रियाकलाप सम्पादन गर्न सहयोग पुग्ने गरी एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्नुपर्दछ।

१७.३. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायतका पक्षहरूको भूमिकालाई प्रभावकारी बनाउन सबै पक्षको स्वामित्व र अपनत्व कायम हुने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ।

१७.४. आवधिक योजनासँग लक्ष्य, राष्ट्रिय क्षमता र प्राथमिकता विश्लेषण गरेर दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्रोतको आकलन गर्नुपर्दछ।

१८. आयोजना व्यवस्थापन

१८.१. बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने देखिन्छ। लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ। आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था लागु गर्नुपर्दछ।

१८.२. आयोजनाको छनोट र बजेट विनियोजन गर्दा आवश्यकता, प्राथमिकता तथा भौगोलिक सन्तुलन कायम हुने व्यवस्था मिलाउनुपर्दछ।

१८.३. ड्रइङ्ग डिजाइन र विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्ने, आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा भेरिएसन, समय र मूल्य वृद्धिलगायतले प्रतिफल प्राप्तिमा ढिलाइ हुने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८.४. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ। यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको कानुनी व्यवस्थासहित कार्यान्वयनमा ल्याउनुपर्दछ।

१८.५. एकै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना अन्तरसम्बन्धित रहेकाले सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१८.६. निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकतासमेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ।

१९. सार्वजनिक खरिद व्यवस्थापन

१९.१. सार्वजनिक खरिद ऐनअनुसार कानुनबमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा ऐनको व्यवस्थाबमोजिमको कार्यविधि अवलम्बन गर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्नुपर्दछ।

१९.२. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ।

१९.३. बोलपत्रदाताको योग्यताको आधार र स्पेसिफिकेसन तयार गर्दा निश्चित निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल नहुने गरी तयार गर्नुपर्दछ।

१९.४. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१९.५. खरिदका नवीनतम विधिहरू जस्तै; सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण, इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट (ईपीसी) र सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गरी कानुन तर्जुमा गर्नुपर्दछ।

१९.६. जटिल प्रविधि, उपकरणको प्रयोग गर्नुपर्ने कामसमेत उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र जटिल प्रकृतिको काम र सामान खरिदसमेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर नियन्त्रण गर्नुपर्दछ।

१९.७. उपभोक्ता समितिहरूबाट निर्माण हुने पूर्वाधारको त्रुटि सच्याउने अवधि तोकि सो अवधिभित्र भएको त्रुटि सुधारको लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाउन कानुनी व्यवस्था गर्नुपर्दछ।

१९.८. स्वदेशी वा विदेशी फर्मसँग संयुक्त उपक्रम गरी निर्माण कार्य गर्नको लागि छनोट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सोसम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ।

१९.९. सार्वजनिक निकायले खरिद कार्य गर्दा विद्युतीय प्रणालीबाट बोलपत्र पेस गर्ने व्यवस्था अनिवार्य रूपमा लागु गरिनुपर्दछ।

सूचना प्रविधि

२०. सूचना प्रविधिको प्रयोग

२०.१. विद्युतीय कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन कानुनी व्यवस्थामा सुधार गर्नुपर्दछ।

२०.२. अनलाइन व्यापार, ई-पेमेन्ट लगायतका विद्युतीय कारोबारलाई नियमन र व्यवस्थापन गर्न उपयुक्त कानुनी व्यवस्था गर्नुपर्दछ।

२०.३. सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान, डिजाइन, विकास, खरिद सञ्चालन तथा मर्मत सुधार सम्बन्धमा पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरेर स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२०.४. एकै प्रकारको कामको लागि निकायगतरूपमा सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा पुनरावलोकन गरी अन्तरनिकाय समन्वय कायम गरी खरिद गरेर सम्बन्धित निकायलाई पहुँच प्रदान गर्नुपर्दछ।

२०.५. सरकारी निकायहरूले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्यमा सुधार गरी सरकारी एकीकृत डाटा सेन्टरबाट सेवा लिने व्यवस्था गरिनुपर्दछ।

२०.६. सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरूपमा प्रणाली परीक्षण गरी सूचना प्रविधिको विश्वसनीयता अभिवृद्धि गर्नुपर्दछ।

२०.७. सूचना प्रविधिमा आएका नवीन अवधारणाहरू कृत्रिम बौद्धिकता (एआई), मेसिन लर्निङ्गलगायतका प्रविधि र यसबाट लागतमा पर्ने चाप र सक्षमता वृद्धिबारे अध्ययन गरी प्रयोग गर्नुपर्दछ।

२०.८. प्रणालीको आधिकारिक निकायमा दर्ता तथा नवीकरणको व्यवस्था मिलाई भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेष्ट (भीएपीटी) लगायतका परीक्षण गरेर मापदण्ड पूरा भएपछि मात्र प्रयोगमा ल्याउनुपर्दछ।

२१. सुरक्षा र व्यवस्थापन

२१.१. सार्वजनिक निकायले प्रयोग गरेका सूचना प्रविधि प्रणालीलाई रूपान्तरण तथा अद्यावधिक गर्दा साबिकको डाटा संरक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ।

२१.२. सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्ग गर्दा डाटाको सुरक्षा र गोपनीयतामा ध्यान दिनुपर्दछ।

२१.३. सूचना प्रविधि प्रणालीमा रहेका डाटाको दिगो व्यवस्थापनको लागि सूचनाको सुरक्षा र गोप्यता कायम राख्ने र प्रणालीको व्याकअप प्रणाली र प्राकृतिक प्रकोपबाट हुने क्षतिको पुनर्स्थापना तथा आकस्मिक सञ्चालन योजना तयार गर्नुपर्दछ।

२१.४. सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने र प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकासमार्फत सम्पूर्ण प्रणालीहरूलाई स्थानीयकरण गर्नुपर्दछ।

२१.५. सार्वजनिक निकायहरूले विकास गरेका वेबसाइट र मोबाइल एप्लिकेसनमा एकरूपता कायम गरी विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण हुने सूचनाहरू नियमित रूपमा अद्यावधिक गर्नुपर्दछ।

२१.६. सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गरी नियमन गर्नुपर्दछ।

२१.७. सार्वजनिक निकायले प्रणालीमा अद्यावधिक गरेको सूचनालाई आवश्यकता अनुसार अन्तर आबद्धता गरी उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सार्वजनिक प्रशासन

२२. मानव संसाधन व्यवस्थापन

२२.१. बजारको माग बमोजिमको जनशक्ति उत्पादन गर्न तालिम केन्द्र, व्यावसायिक तालिम प्रतिष्ठान र विश्वविद्यालयहरूले आवश्यक विश्लेषण गरेर सो अनुरूपको जनशक्ति तयार गर्नुपर्दछ।

२२.२. स्थानीय र सार्वजनिक प्रशासनको मागलाई आंकलन गरी मानव संसाधन योजना तयार गर्नुपर्दछ।

२२.३. सङ्घीय निजामती सेवा ऐन र प्रदेश तथा स्थानीय तहमा जनशक्ति परिचालनसम्बन्धी कानुन तत्काल तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने र विद्यमान कानुनमा समयानुकूल संशोधन र परिमार्जन गर्नुपर्दछ।

२२.४. प्रदेश र स्थानीय तहमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति समयमा हुन नसक्दा सेवा प्रवाहमा असर परेको छ। भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था, भुक्तानी क्षमतासमेतलाई विचार गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ।

२२.५. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापना गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र वित्तीय अनुशासन पालना एवं नेतृत्व क्षमता मूल्याङ्कन गरी जिम्मेवारी दिने तथा सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्दछ।

२२.६. बहुसीपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२२.७. निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति समयानुकूल हुने गरी परिमार्जन गरी कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक खरिद, राजस्व प्रशासन, लेखा, लेखापरीक्षणमा काम गर्ने लगायत सबै राष्ट्रसेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि निश्चित अवधिपश्चात् न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

२२.८. सार्वजनिक संस्थान, आयोग, बोर्ड तथा प्रतिष्ठानको जनशक्ति आवश्यकता निर्धारण गरी दरबन्दी स्वीकृत गरिनुका साथै सोअनुसार भर्ना, पदस्थापन र वृत्ति विकासलाई पारदर्शी र वैज्ञानिक बनाउनुपर्दछ।

२२.९. छरितो र प्रविधियुक्त संरचना तयार गरी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आबद्ध गर्दै कार्यकुशलता तथा उत्पादकत्व वृद्धि गर्नुपर्दछ।

२२.१०. सेवाप्रवेश तालिम, सेवाकालीन तालिम, विषयगतलगायतका तालिम तथा अभिमुखीकरण कार्यक्रममार्फत नैतिक आचारणमा सकारात्मक परिवर्तन गराउन नैतिक पूर्वाधार विकासमा जोड दिनुपर्दछ।

२२.११. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्दछ।

२३. सार्वजनिक सेवा प्रवाह

२३.१. सेवा प्रवाहको समय, दुरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सेवा प्रवाहमा संलग्न निकायहरूको सेवालाई विद्युतीय प्रणालीमा आबद्ध गराई एकल सेवा विन्दुबाट कागजरहित सेवा प्रवाह गर्ने व्यवस्था गर्नुपर्दछ।

२३.२. निजी तथा व्यावसायिक क्षेत्रबाट प्रवाह गर्न सकिने सेवा यकिन गरी यस्तो सेवा ती क्षेत्रबाट सञ्चालन गर्ने प्रबन्ध मिलाई सरकारी क्षेत्रबाट सोको नियमन गर्नुपर्दछ।

२३.३. निजी, सामुदायिक र गैरसरकारी क्षेत्रले सेवा प्रवाहमा अवलम्बन गरेका उदाहरणीय कार्य पद्धति, नवीनतम विधि र तरिकालाई सार्वजनिक निकायमा भित्र्याउने तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गर्नुपर्दछ।

२३.४. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन, गुनासो सुनुवाइको व्यवस्था र हेल्पडेस्क प्रणालीलगायत उपयुक्त सेवा प्रवाह विधि कार्यान्वयनमा ल्याउनुपर्दछ।

२३.५. सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय माध्यमको प्रयोग, गुनासो सुनुवाइ, प्रभावकारी अनुगमन गरी संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राहीप्रति उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ।

२३.६. सङ्घ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

२३.७. सेवा प्रवाहको प्रभावकारिता वृद्धिका लागि नागरिक सचेतना वृद्धि गर्नुपर्ने र पृष्ठपोषणको विधि अवलम्बन गर्नुपर्दछ।

२३.८. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्ने देखिन्छ।

२३.९. कुनै निर्णय गर्दा कानुनी वा प्राविधिक प्रश्नको विषयमा कुनै कानुनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्ने कानुनी व्यवस्था छ। सो आधारमा निर्णय गर्दा राय दिने अधिकारी वा निकाय, प्रक्रिया, राय दिने र रायबमोजिम निर्णय गर्ने अधिकारीको जिम्मेवारी यकिन गर्नुपर्ने र यस्तो रायको पुनरावलोकन गर्ने निकायसमेत यकिन हुनुपर्दछ।

सुशासन

२४. भ्रष्टाचार नियन्त्रण र सुशासन

२४.१. पदीय आचरण निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृति ,सदाचारिता ,नैतिकता ,अवलम्बन गर्नुपर्दछ।

२४.२. भ्रष्टाचारजन्य कार्यहरू हुने प्रमुख जोखिम क्षेत्रहरूवारे सूची तयार गरी त्यस्ता क्षेत्रहरूलाई विशेष निगरानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२४.३. नेतृत्वको पदमा जिम्मेवारी ग्रहण गर्नुपूर्व सम्बन्धित पदले सम्पादन गर्ने कार्यहरू र त्यस्तो पद ग्रहण गर्ने व्यक्ति संलग्न रहेको पेशा व्यवसाय र निजको पृष्ठभूमिबीच स्वार्थ नबाझिने कुरा सुनिश्चित गरी औपचारिकरूपमा नैतिक आचारसंहिताको घोषणा गर्न लगाई सोको अभिलेख गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.४. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति सामाजिक र सांस्कृतिक रूपमै बहिस्करण गर्न जनचेतनायुक्त कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२४.५. शंकास्पद तथा आपराधिक क्रियाकलाप र वित्तीय कारोवारसंग सम्बन्धित सूचनासम्बन्धी नियमन तथा कार्यान्वयन गर्ने निकायबीच आदानप्रदान गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.६. सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना कायम गर्न विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधिमार्फत सेवा प्रवाह गर्नुपर्दछ।

२५. जवाफदेहिता र निष्ठा प्रवर्धन

२५.१. अनियमितता, ढिलासुस्ती, व्यक्तिगत सम्बन्ध र अधिकारको दुरूपयोगलाई नियन्त्रण गरी नैतिक पूर्वाधार निर्माण गर्न विद्यालयस्तरकै पाठयक्रममा नैतिक शिक्षाका विषय समावेश गर्नुपर्दछ।

२५.२. निष्ठा प्रवर्धन र उदाहरणीय कार्य सम्पादन गर्दै आर्थिक अनुशासन, सदाचारयुक्त संस्कृतिको विकास गर्न उत्प्रेरणा, सकारात्मक सोच र कार्यप्रति समर्पण, तटस्थ र निःस्वार्थ सेवाभावका साथ कार्य सम्पादन गर्ने कार्य वातावरण सिर्जना गर्नुपर्दछ।

२५.३. पेशागत व्यावसायिकतासकारात्मक सोच र उपलब्धिलाई कार्यजिम्मेवारीको अंग बनाउनु ,पर्दछ।

२५.४. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागु गर्नुपर्दछ।

२५.५. पृष्ठपोषण र सूचकमा आधारित कार्य संस्कार विकास गर्ने, कानुनले नै गोप्य राख्नुपर्ने बाहेक बाँकी कार्यमा पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति गराउनुपर्दछ।

२५.६. सामाजिक तथा सार्वजनिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्भेलगायतका सामाजिक जवाफदेहिताका औजारको प्रयोग गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ।

२६. वित्तीय अनुशासन

२६.१. वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध गराउने, लेखासँग सम्बन्धित कागजात र सूचना उपलब्ध गराउने, तोकिएको ढाँचामा लेखा राख्ने र लेखापरीक्षण गराउने, लेखापरीक्षणबाट देखिएको कैफियत तथा सुझाव कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

२६.२. स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोतसमेतको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्न तथा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्न सूचक निर्धारण गरी निकायगत वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

२६.३. सरकारी निकायको आर्थिक कारोबार गर्दा देखिएका अनियमितता र बेरुजुको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुख र जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनुपर्दछ।

२६.४. आर्थिक अनुशासन पालना तथा बेरुजु फर्स्यौटलाई कार्यसम्पादन र वृत्ति विकासका पक्षहरूसँग जोडिनुपर्दछ।

परिच्छेद

६

कार्यालय गतिविधि

परिच्छेद-६

कार्यालय गतिविधि

संङ्गठनात्मक क्षमता र पेशागत सक्षमता

१. **स्वीकृत दरबन्दी र पदपूर्ति -** नेपालको संविधान र प्रचलित कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १३० लेखापरीक्षण अधीक्षक र अन्य कर्मचारीसहित कार्यालयको स्वीकृत दरबन्दी ६४३ रहेको छ। यो वर्ष उपमहालेखापरीक्षक १, नायब महालेखापरीक्षक ५, निर्देशक २२, लेखापरीक्षण अधिकारी १७, लेखापरीक्षण अधीक्षक २७ र लेखापरीक्षण निरीक्षक ५ समेत ७७ जना कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवा प्रक्रियाबाट पदपूर्ति भएको छ।

२. **वार्षिकोत्सव समारोह -** महालेखापरीक्षकको कार्यालयको ६५ औँ वार्षिकोत्सव २०८०।३।१५ मा प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। उक्त समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

३. **पुरस्कार -** वार्षिकोत्सव कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत ९ जना कर्मचारीलाई सम्माननीय सभामुखबाट पुरस्कृत गरिएको थियो।

४. **क्षमता विकास -** कार्यालयका कर्मचारीको ज्ञान, सीप र क्षमतामा निरन्तर बढोत्तरीका लागि यो वर्ष विभिन्न ३३ कार्यक्रममा १ हजार ६० कर्मचारीले स्वदेशी र विभिन्न २१ कार्यक्रममा ८९ कर्मचारीले वैदेशिक तालिम एवं क्षमता विकाससम्बन्धी भर्चुअल तथा भौतिक माध्यमबाट सहभागिता जनाएका छन्।

५. **लेखा ढाँचा र फाराम संशोधन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्नको लागि महालेखा नियन्त्रक कार्यालयबाट नयाँ परिमार्जनसहित १८४ लेखा फाराममा संशोधन गरी स्वीकृतिका लागि पेस भएकोमा कार्यबाहक महालेखापरीक्षकबाट मिति २०८०।५।१६ मा स्वीकृत गरिएको थियो ।

६. **महालेखापरीक्षकबाट पदभार ग्रहण -** नेपालको संविधानको धारा २४० को उपधारा (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट बाह्रौँ महालेखापरीक्षकको रुपमा ६ वैशाख २०८१ मा नियुक्त हुनुभएका माननीय महालेखापरीक्षक श्री तोयम रायाले सोही दिन पदभार ग्रहण गर्नुभएको छ।

आन्तरिक सुशासन र वित्तीय व्यवस्थापन

७. **वित्तीय स्थिति र कार्यक्रम -** यस कार्यालयको २०७९।८० मा सञ्चित कोषमाथि हुने व्ययभारतर्फ रू.२७ लाख २७ हजार खर्च भएको छ। सञ्चित कोषबाट व्यय हुने चालुतर्फ रू.५१ करोड ७ लाख ७४ हजार र पुँजीगततर्फ रू.७७ लाख ४८ हजारसमेत रू.५१ करोड ८५ लाख २२ हजार खर्च भएको छ। त्यसै गरी एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा) तर्फ परामर्श सेवा, मेसिन उपकरण एवं फर्निचर खरिद तथा क्षमता विकास कार्यक्रमलगायतमा रू.६ करोड ८५ लाख ८६ हजारसमेत रू.५८ करोड ७१ लाख ८ हजार खर्च भएको छ।

८. **आचारसंहिताको पालना -** कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संस्थाबाट जारी आचारसंहितालाई अनुसरण गर्दै लेखापरीक्षकको आचारसंहिता कार्यान्वयनमा रहेको छ। सोअनुसार लेखापरीक्षण टोलीमा संलग्न हुने कर्मचारीले लेखापरीक्षण पूर्व नै नैतिक आचारसंहिताको घोषणा गरी उक्त आचारसंहिताको प्रभावकारी रूपमा पालना गर्नुपर्ने व्यवस्था छ। आचारसंहिता पालना भए नभएको अनुगमन गर्न अनुगमन समिति रहेको छ।

९. **अभिलेख व्यवस्थापन -** आर्थिक वर्ष २०६७।६८ देखि २०७६।७७ सम्मका लेखापरीक्षण प्रतिवेदनहरु नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणालीमा प्रविष्टि गरिएको छ भने २०६०।६१ देखि २०६६।६७ सम्मका लेखापरीक्षण प्रतिवेदनहरु उक्त प्रणालीमा प्रविष्टि गर्ने कार्य भैरहेको छ ।

लेखापरीक्षण गुणस्तर र प्रभाव अभिवृद्धि

१०. **वार्षिक लेखापरीक्षण योजना -** सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य निकायको लेखापरीक्षणका लागि २०७९।८० को कारोबारको लेखापरीक्षण गर्न वार्षिक लेखापरीक्षण योजना, २०८० श्रावणमा स्वीकृत गरी लेखापरीक्षण सम्पन्न गरिएको थियो। वार्षिक लेखापरीक्षण योजनामा अघिल्ला वर्षहरूका वार्षिक लेखापरीक्षण योजना कार्यान्वयनको स्थिति, जोखिम पक्षको विश्लेषण सम्बन्धमा सम्माननीय राष्ट्रपति, सङ्घीय संसद, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, सङ्घीय सांसद, प्रदेश प्रमुख, प्रदेश सभा, सार्वजनिक लेखासमितिका सदस्यहरू, सङ्घीय सरकारका पदाधिकारीहरू, प्रदेश सरकारका पदाधिकारीहरू, लेखापरीक्षण सल्लाहकार समिति, प्राविधिक विशेषज्ञ, सम्बन्धित क्षेत्रका सरोकारवालाहरूसँग लेखापरीक्षणका विविध पक्षबारे छलफल गरी प्राप्त सुझावसमेत समावेश गरिएको थियो। यसबाट निकाय वा कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा तथा लेखापरीक्षण कार्यान्वयनमा सहजता भई लेखापरीक्षण कार्यसम्पन्न गर्न सहयोग पुगेको छ।

कार्यालयले लेखापरीक्षण कार्यको प्रारम्भ गर्नु पूर्व कुनै आर्थिक वर्षको लागि तर्जुमा गरेको लेखापरीक्षण नीति, योजना तथा कार्यक्रमका सम्वन्धमा सम्बन्धित सरोकारवाला निकाय तथा पदाधिकारीहरूलाई जानकारी प्रदान गर्दै आएको छ। सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष कार्यवाहक महालेखापरीक्षकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबीच महालेखापरीक्षकको २०७९।८० को लेखापरीक्षणका लागि स्वीकृत वार्षिक लेखापरीक्षण योजना, नीति तथा कार्यतालिका सम्बन्धमा जानकारी गराउनुभएको थियो।

११. **लेखापरीक्षण व्यवस्थापन** - नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत जोखिम विश्लेषण गरी यो वर्ष ५ हजार ६०५ निकाय/कार्यालयहरूको लेखापरीक्षण गरिएको थियो । उच्च जोखिममा रहेका निकायको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा र न्यून जोखिममा रहेका निकाय सम्बन्धित निकायले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अपलोड गरेको विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा भौतिक उपस्थिति नभई दूर लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ । यो वर्ष कार्यतालिकाबमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न ४६ जिल्लामा एकल तथा संयुक्त र बाँकी ३२ जिल्लामा विभागगत टोली खटाइएको थियो।

१२. **अभिमुखीकरण** - वार्षिक लेखापरीक्षण योजना, २०८० अनुसार लेखापरीक्षणको पहिलो चरणअन्तर्गत ४६ जिल्लाका एकल तथा संयुक्त लेखापरीक्षण र निर्देशनालयगत लेखापरीक्षण डोरमा खटिने टोली प्रमुखहरू सहितलाई अभिमुखीकरण कार्यक्रममा सरिक गराईएको थियो। उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले सहभागीहरूलाई यो वर्षको लेखापरीक्षण कार्यतालिका तथा त्यसका विविध आयामका सम्बन्धमा निर्देशन प्रदान गर्नुभएको थियो। उप-महालेखापरीक्षकहरू र नायब महालेखापरीक्षकहरूबाट उक्त कार्यक्रममा लेखापरीक्षण योजनाका अतिरिक्त नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यसञ्चालन अवस्था, पूर्वाधार क्षेत्र, अर्थ-राजस्व, भन्सार, स्थानीय तह, प्रशासनिक तथा सुरक्षा र सामाजिक सेवासँग सम्बन्धित विगत तथा पछिल्लो समयमा देखापरेका चासो र सरोकारका विषयमा महानिर्देशनालयगत अभिमुखीकरण गरिएको थियो। लेखापरीक्षणका क्रममा लेखापरीक्षण योजनाबमोजिम काम गर्न र पेशागत आचरण तथा व्यवहारको पालना गरेको सबै पक्षबाट अनुभूति हुने गरी लेखापरीक्षण सञ्चालन गर्न निर्देशन दिईएको थियो।

१३. **समिति गठन** - कार्यालयले गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गरी वित्तीय अनुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्धनमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको सन्दर्भमा लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमन तथा मूल्याङ्कनका क्रियाकलापहरूलाई सुव्यवस्थित तथा प्रभावकारी बनाउन संस्थागत तथा संरचनागत प्रबन्ध गर्दै आएको छ। उल्लिखित पक्षलाई ध्यान दिई यो वर्ष कार्यालयले १० समिति गठन गरी कार्यसम्पादन व्यवस्थित गरेको छ।

१४. **लेखापरीक्षणमा नागरिक सहभागिता** - सहभागितात्मक लेखापरीक्षण निर्देशिका, २०७९ ले लेखापरीक्षण कार्यमा नागरिक संलग्नताको माध्यमबाट पारदर्शिता अभिवृद्धि गरी प्रतिवेदनको विश्वसनीयता बढाउन नागरिक समाज संस्थाको सहभागिताको ढाँचा निर्धारण गरेको छ। कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरेको छ। यो वर्ष तराई मधेश समृद्धि कार्यक्रम, राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम, विपद् व्यवस्थापनमा सेण्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था र स्वास्थ्य बीमा कार्यक्रमसमेत ४ विषयमा नागरिक समाज संस्थालाई सहभागी गराई लेखापरीक्षण कार्य गरिएको छ।

१५. **आर्थिक सङ्केत, वर्गीकरण र व्याख्यामा संशोधन** - नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा अलग अलग सञ्चित कोषको व्यवस्था गर्दै लेखाको ढाँचा सङ्घीय कानुनअनुसार महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम सङ्घीय सञ्चित कोषको सञ्चालन गर्ने तथा तीनवटै तहका सरकारको कारोबारको लेखाङ्कन, प्रतिवेदनका

अतिरिक्त एकीकृत वित्तीय विवरण तयार गर्ने गराउने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ। सोअनुसार महालेखा नियन्त्रक कार्यालयले आर्थिक सङ्केत, वर्गीकरण तथा व्याख्या, २०७४ लाई तेस्रो पटक संशोधन गरी स्वीकृतिका लागि महालेखापरीक्षकसमक्ष पेस गरेकोमा उक्त संशोधन कार्यवाहक महालेखापरीक्षकबाट २०८०।२।३० मा स्वीकृत भएको छ।

१६. **सार्वजनिक लेखा समितिमा छलफल** - सङ्घीय संसद, सार्वजनिक लेखा समितिको आमन्त्रणमा २०८०।६।९ मा सार्वजनिक लेखा समितिका माननीय सभापति र समितिका माननीय सदस्यहरूको उपस्थितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति प्रतिवेदन तयारी प्रक्रियालगायतका विषयमा छलफल सम्पन्न भएको छ। उक्त कार्यक्रममा कार्यवाहक महालेखापरीक्षक लगायत अन्य उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो। सो कार्यक्रममा कार्यवाहक महालेखापरीक्षकले महालेखापरीक्षकको साठिऔँ वार्षिक प्रतिवेदनमा उल्लिखित लेखापरीक्षणसम्बन्धी विवरण, बेरुजुको अवस्था, मुख्य बेरुजु र मन्त्रालयगत बेरुजु स्थिति प्रतिवेदन कार्यान्वयन अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। सो अवसरमा माननीय सदस्यहरूले लेखापरीक्षण प्रक्रिया, लेखापरीक्षणको विश्वसनीयता तथा गुणस्तर, बेरुजुमा एकरूपता, बेरुजु फर्स्यौंट तथा सम्परीक्षणमा महालेखापरीक्षकको कार्यालय, सम्बन्धित निकाय एवं सार्वजनिक लेखा समितिको कार्य जिम्मेवारी, लेखापरीक्षकको आचारसंहिता पालनालगायतका पक्षमा धारणा तथा जिज्ञासा राख्नुभएको थियो। कार्यवाहक महालेखापरीक्षकले प्राप्त जिज्ञासाहरू सम्बन्धमा स्पष्ट पार्नुहुँदै लेखापरीक्षण विधि, पद्धति, मानदण्ड, प्रतिवेदनको प्रभावजस्ता पक्षमा जानकारी गराउनुभएको थियो। साथै २०८०।६।२४ मा भएको बेरुजु फर्स्यौंट र सम्परीक्षण एवं वित्तीय अनुशासनसम्बन्धी छलफलमा महालेखापरीक्षक, सरकार र सार्वजनिक लेखा समितिको कार्यक्षेत्रको बारेमा चर्चा गर्दै वित्तीय अनुशासन कायम गर्न सबै पक्षले जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने धारणा व्यक्त भएको थियो।

१७. **अन्तरक्रिया कार्यक्रम** - कार्यवाहक महालेखापरीक्षकलगायत उप-महालेखापरीक्षक र नायब महालेखापरीक्षकहरूसँग २०८०।९।६ मा महालेखापरीक्षकको कार्यालय, अनामनगरमा उच्चस्तरीय कर प्रणाली सुधार सुझाव समितिका अध्यक्ष र सदस्यलगायतका टोलीबाट कर प्रणाली सुधार सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा समितिका अध्यक्षले वर्तमान कर प्रणालीमा सुधार आवश्यक रहेको र व्यावहारिक सुझावबाट कर प्रणालीमा सुधार भई राजस्व व्यवस्थापन प्रभावकारी हुने धारणा राख्नुभएको थियो। सो अवसरमा कार्यवाहक महालेखापरीक्षकले करको दर र दायरा विस्तार, सूचनाको स्रोत अभिलेख, पारदर्शिता, जवाफदेहिता चुहावट नियन्त्रणजस्ता पक्षमा ध्यान दिँदै सङ्कलित करको उपयोग एवं सेवा प्रवाहमा प्रभावकारिता ल्याउने गरी समितिले सुझाव दिनुपर्ने धारणा राख्नुभएको थियो। साथै उहाँले महालेखापरीक्षकको कार्यालयबाट उच्चस्तरीय कर सुधार सुझाव समितिलाई सदैव सहयोग रहने प्रतिबद्धतासमेत जनाउनु भएको थियो।

१८. **विभिन्न संस्थामा प्रतिनिधित्व** - सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) सचिवालय, नेपाल लेखामान बोर्ड तथा लेखापरीक्षणमान बोर्डसमेतमा कार्यालयको तर्फबाट नायब महालेखापरीक्षकको प्रतिनिधित्व रहेको छ। साथै यो वर्ष विशेष अदालतमा विषय विशेषज्ञ माग भएबमोजिम सोको लागि प्रतिनिधित्व तथा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सहभागिता, नेपाल सार्वजनिक क्षेत्र लेखामानको सचिवालय र नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थालगायतमा समेत कार्यालयका प्रतिनिधि पठाइएको थियो।

१९. **गुणस्तर आश्वस्तता पुनरावलोकन** - कार्यालयले लागु गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार सार्वजनिक लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणमा अनुसरण भएको सुनिश्चित गर्न प्रतिवेदन जारी गर्नुपूर्व र पश्चात् सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलाप सम्पादन हुँदै आएका छन्। वार्षिक लेखापरीक्षण योजनाबमोजिम सबै सरकारी कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकनको लागि लेखापरीक्षण टोलीका प्रमुख (निर्देशक) हरूको नेतृत्वमा वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ४९ र कार्यमूलक लेखापरीक्षणतर्फ १ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। जसमा नैतिक आचरण र स्वतन्त्रताको मूल्याङ्कन, जिम्मेवारी अभिलेखीकरण, लेखापरीक्षण योजना र कार्यक्रम, लेखापरीक्षण क्रियाकलापको अभिलेखीकरण, सारभूत तहको निर्धारण, निकायको कार्य प्रवाह, लेखापरीक्षण प्रतिवेदन, गुणस्तर नियन्त्रण कार्यविधिलगायतका विषयमा प्रतिवेदनमा देखिएका बेहोरासहित सुधारका लागि सुझाव औंल्याइएको छ।

वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि

२०. **वार्षिक प्रतिवेदन** - नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन २०७९।१२।३० मा पेस गरिएको थियो। त्यस्तै नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन सम्बन्धित प्रदेश प्रमुखसमक्ष वैशाखको पहिलो हप्तामा उपलब्ध गराइएको थियो। साथै लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तह ७५३ मध्ये ७४९ र बक्यौता २ समेत ७५१ को अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गरिएको थियो।

२१. **दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को लेखापरीक्षण** - नेपाल सरकार परराष्ट्र मन्त्रालयको अनुरोधमा सार्क सचिवालय तथा यसअन्तर्गतका नेपाल, बंगलादेश, श्रीलङ्का र पाकिस्तानमा रहेका क्षेत्रीय केन्द्रहरूको लेखापरीक्षण गर्न यस वर्ष कार्यालयका दुई जना निर्देशकलाई खटाइएको थियो। हाल सार्कको लेखापरीक्षण नेपाल र पाकिस्तानका सर्वोच्च लेखापरीक्षण संस्थाले संयुक्त रूपमा गर्ने गरेका छन्।

सरोकारवालासँगको सम्बन्ध र सञ्चार

२२. **लेखापरीक्षण प्रवेश बैठक** - वार्षिक लेखापरीक्षण योजना, २०८० बमोजिम वार्षिक लेखापरीक्षण नीति, योजना र कार्यक्रमका सम्बन्धमा जानकारी प्रदान गर्न नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखाउत्तरदायी अधिकृतहरूसँग छलफल कार्यक्रमको आयोजना गरिएको थियो। विगत वर्षका वार्षिक प्रतिवेदनहरूको अध्ययन गर्दा अनियमित बेरुजुको हिस्सा ठूलो रहने गरेको सन्दर्भमा आवश्यक प्रमाण तथा कागजात पुऱ्याएर कानुनबमोजिम कामकारबाही गर्नुपर्नेमा जोड दिइएको थियो। कार्यक्रममा वर्षेनी बेरुजुको अङ्क बढ्दै जाँदा सार्वजनिक निकाय तथा जिम्मेवार पदाधिकारीप्रति सर्वसाधारण नागरिक र सम्बद्ध सरोकारवालामा सकारात्मक सन्देश प्रवाह हुन नसकेको सम्बन्धमा सबैले आत्मसात गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। उक्त कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरूलाई वार्षिक प्रतिवेदनको कार्यान्वयनलाई प्राथमिकता दिन र वित्तीय अनुशासन कायम गर्ने व्यहोरा जानकारी गराईएको थियो ।

